नेपाल मानवअधिकार वर्ष पुस्तक २०००

यस वर्षको उल्लेख्य:
आमनिर्वाचन २०५६

मानवअधिकार वर्ष पुस्तक २०००

(०५५ पुस १७ गतेदेखि ०५६ पुस १६ गतेसम्म अर्थात् सन् १९९९ भरिका घटनाहरूको संकलन)

संयोजक
किरण माली

सम्पादन
कृष्ण गौतम
रघुनाथ लामिछाने
प्रकाश ज्ञवाली

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार
पोष्ट बक्स २७२६, काठमाडौं, नेपाल
फोन नं. २७००७७०, २७८७७०
फ्याक्स नं. २७०५५१
e-mail: insec@mos.com.np
Web-site: www.hri.ca/partners/insec

मानवअधिकार वर्ष पुस्तक २०००

प्रकाशन मिति
०५६ चैत २७ गते

संख्या
दुई हजार प्रति

प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

Resource Centre
INSEC

सर्वाधिकार
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामाग्री इन्सेकको अनुमति
लिएर श्रोत उल्लेख गरी पुनर्मुद्रण गर्न सकिनेछ।)

आई.एस.बी.एन. ९९९३३-२६-०१-१

आवरण
महेन्द्र श्रेष्ठ
आइडियल डिजाइनर्स, बुटवल
फोन नं. ०७१-४४८१७

टाइप सेटिङ
गोविन्द त्रिपाठी
गीता माली

मूल्य
रू. २००/-

मुद्रक
इन्द्रेणी अफसेट प्रेस
बागबजार, फोन नं. २२५९५४

विषय सूची

		पृष्ठ संख्या
भूमिका		
परिच्छेदहरु		
परिच्छेद १	(भाग १) नेपालमा मानवअधिकार र निर्वाचन	१
	(भाग २) नेपालमा आमनिर्वाचन ०५६ र त्यसअघिको अवस्था	२१
परिच्छेद २	विश्वव्यापीकरण, प्रत्यक्ष वैदेशिक लगानी तथा नेपालको अर्थव्यवस्था र समाज	३७
परिच्छेद ३	राज्य र मानवअधिकार	
	३.१ न्यायपालिका	५३
	३.२ कार्यपालिका	६९
	३.३ व्यवस्थापिका	८५
परिच्छेद ४	अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेज र नेपालको अवस्था	१०३
परिच्छेद ५	मानवअधिकार स्थितिको समग्र मूल्यांकन १९९९	१११
अनुसूचीहरु		
अनुसूची १	सन् १९९९ र मानवअधिकार उल्लंघनका तथ्यहरू	
	१. पूर्वाञ्चल	१२५
	२. मध्यमाञ्चल	१६९
	३. पश्चिमाञ्चल	२३५
	४. मध्यपश्चिमाञ्चल	२७७
	५. सुदूर पश्चिमाञ्चल	३३३

अनुसूची २	मानवअधिकार उल्लंघन तथ्यांक १९९९	३५३
अनुसूची ३	सन् १९९९ को मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीका धारणाहरू	३८१
अनुसूची ४	सन् १९९९ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रका धारणाहरू	३९५
अनुसूची ५	क्रिया / प्रतिक्रिया	४०३
अनुसूची ६	वर्ष पुस्तक २००० तयारीका क्रममा संलग्न व्यक्तिहरू	४२१
अनुसूची ७	सन् १९९९ मा राज्यद्वारा पीडित भएकाहरूको संख्या (नक्शामा)	४२३

जिल्लागत विषय सूची

१. पूर्वाञ्चल

१.१ झापा १२५
१.२ इलाम १३०
१.३ पाँचथर १३४
१.४ ताप्लेजुङ १३५
१.५ मोरङ १३७
१.६ सुनसरी १४१
१.७ धनकुटा १४४
१.८ तेह्रथुम १४७
१.९ भोजपुर १४८
१.१० संखुवासभा १५०
१.११ सप्तरी १५२
१.१२ सिराहा १५५
१.१३ उदयपुर १५८
१.१४ खोटाङ १६३
१.१५ ओखलढुङ्गा १६५
१.१६ सोलुखुम्बु १६८

२. मध्यमाञ्चल

२.१ धनुषा १७१
२.२ महोत्तरी १७३
२.३ सर्लाही १७५
२.४ सिन्धुली १७८
२.५ रामेछाप १८४
२.६ दोलखा १८८
२.७ रौतहट १९०
२.८ बारा १९३
२.९ पर्सा १९६
२.१० चितवन १९९
२.११ मकवानपुर २०२
२.१२ ललितपुर २०५
२.१३ काभ्रे २०८
२.१४ भक्तपुर २१२
२.१५ काठमाडौं २१५
२.१६ धादिङ २२३
२.१७ सिन्धुपाल्चोक २२६
२.१८ नुवाकोट २३०
२.१९ रसुवा २३३

३. पश्चिमाञ्चल

३.१ तनहुँ २३७
३.२ गोरखा २४०
३.३ लमजुङ २४३
३.४ स्याङ्जा २४६
३.५ कास्की २४८
३.६ मनाङ २५१
३.७ नवलपरासी २५२
३.८ रूपन्देही २५५
३.९ पाल्पा २५८
३.१० कपिलवस्तु २६१
३.११ अर्घाखाँची २६५
३.१२ गुल्मी २६७
३.१३ बाग्लुङ २६९
३.१४ पर्वत २७२
३.१५ म्याग्दी २७३
३.१६ मुस्ताङ २७५

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ २७९
४.२ प्युठान २८३
४.३ रोल्पा २८५
४.४ सल्यान २९४
४.५ रूकुम २९७
४.६ बाँके ३०३
४.७ बर्दिया ३०६
४.८ सुर्खेत ३११
४.९ जाजरकोट ३१३
४.१० दैलेख ३१८
४.११ डोल्पा ३२१
४.१२ जुम्ला ३२३
४.१३ कालिकोट ३२६
४.१४ मुगु ३३०
४.१५ हुम्ला ३३१

५. सुदूरपश्चिमाञ्चल

५.१ कैलाली ३३५
५.२ अछाम ३३९
५.३ डोटी ३४१
५.४ बाजुरा ३४२
५.५ बझाङ ३४४
५.६ कञ्चनपुर ३४५
५.७ डडेलधुरा ३४७
५.८ बैतडी ३४९
५.९ दार्चुला ३५०

अरूको मानवअधिकार उल्लंघनमा चासो देखाए मात्र आफ्नो अधिकारको रक्षा गर्न सकिन्छ ।

हामी मानवअधिकार वर्ष पुस्तकलाई मानवअधिकार उल्लंघनका सूचनाहरूको प्रमाणिक दस्तावेज वनाउन क्रियाशील छौं। तपाईंहरुलाई वर्ष पुस्तकमा अझ पनि कुनै सूचना छुटेको जस्तो लागेमा हामीलाई सूचित गरी सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं। हामीले सबै पक्षबाट मानवअधिकार उल्लंघनसम्बन्धी जानकारीको अपेक्षा गरेका छौं। घटनाहरूको संकलनका लागि पचहत्तरै जिल्लामा हाम्रा जिल्ला प्रतिनिधिहरू क्रियाशील हुनुहुन्छ। मानवअधिकार उल्लंघनसम्बन्धी जानकारी लिखित वा मौखिकरूपमा हामीलाई उपलब्ध गराई सहयोग गरिदिनुभए हाम्रो अभियान अझ सशक्त बन्न सक्नेछ। याद गर्नुपर्ने कुरा हो - अरूको मानवअधिकार उल्लंघनमा चासो देखाउन सकियो भने मात्र आफ्नो मानवअधिकारको पनि रक्षा गर्न सकिन्छ।

हाम्रा ठेगानाहरु :

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
केन्द्रीय कार्यालय
कलंकी, स्युचाटार
फोन नं. २७०७७०, २७८७७०
फ्याक्स नं. २७०५५१
पोष्ट बक्स नं. २७२६, काठमाडौं

पूर्वाञ्चल क्षेत्रीय कार्यालय
जनपथटोल, विराटनगर
फोन नं. २८५२१, २७१६४

मध्यमाञ्चल क्षेत्रीय कार्यालय
कलंकी, काठमाडौं
फोन नं. २७४४२७

पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
नागढुंगा, पोखरा
फोन नं. २६५१२

मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय
सुर्खेत रोड, नेपालगञ्ज
फोन नं. २१९६५, २२०६८

सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय
हसनपुर, कैलाली
फोन नं. २३२४४

भूमिका

*मानवअधिकार वर्ष पुस्तक*को आठौं श्रृंखलाको रूपमा यो पुस्तक प्रकाशन गर्न पाउँदा हामीलाई हर्ष लाग्नु स्वभाविकै हो. यसले मानवअधिकार तथा सामाजिक न्यायको आन्दोलनमा कोशे ढुंगाको रूपमा आफ्नो भूमिका निर्वाह गर्दै आएको हामीले ठानेका छौं। यस श्रृंखला प्रस्तुत गर्ने क्रममा सर्वप्रथम नेपालको प्रजातान्त्रिक आन्दोलनका योद्धा एवं पूर्व प्रधानमन्त्री श्रद्धेय मनमोहन अधिकारीको यसै वर्ष भएको देहावसानप्रति दुःख व्यक्त गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। उहाँले *मानवअधिकार वर्ष पुस्तक* १९९५ को विमोचन गर्नु भएको थियो।

हामीले सधैं भन्ने गरेका छौं – "मानवअधिकारको रक्षा र विकासको लागि स्वयं जनता नै जागरूक हुनु पर्दछ र जनता नै मानवअधिकार आन्दोलनमा संगठित रूपले सहभागी हुनु पर्दछ।" जनताको त्यस किसिमको आन्दोलनमा हामीले पनि एउटा सहजकर्ताको भूमिका निर्वाह गर्ने प्रयासको रूपमा सन् १९९२ देखि *मानवअधिकार वर्ष पुस्तक*का श्रृंखलाहरू प्रकाशित गर्दै आएका छौं। यसवीचमा विभिन्न प्रवुद्ध वर्गहरू तथा आधारभूत जनताको तहवाट आएका महत्वपूर्ण सुझाव, सल्लाह, प्रतिक्रिया तथा आलोचनाहरूलाई आत्मसात गर्दै वर्ष पुस्तकलाई अझ परिस्कृत गर्दै लाने दिशामा हामी सदैव अग्रसर छौं।

नेपालमा प्रजातन्त्रको पुनर्स्थापनाको एक दशक व्यतित भयो। आन्दोलनको प्रमुख सफलताको रूपमा लिइएको जनतामा निहित सार्वभौम अधिकारको प्रतिनिधिमूलक संस्था प्रतिनिधि सभाको तेश्रो निर्वाचन पनि यसै वर्ष सम्पन्न भयो। तसर्थ हामीले यस वर्षको प्रमुख सवालको रूपमा "आम निर्वाचन ०५६" लाई समावेश गरेका छौं। त्यसैगरी आर्थिक, सामाजिक अधिकारको क्षेत्रमा भएको अन्तर्राष्ट्रिय लगानी र प्रतिफलमा विश्वव्यापीकरणले पारेको प्रभावका वारेमा पनि चर्चा गरेका छौं। नेपालले हालसम्म मानवअधिकारसम्वन्धी १६ वटा दस्तावेजहरूमा सम्मिलन जनाइसकेको छ। तर, त्यस्ता दस्तावेजहरूलाई व्यवहारमा कति लागू गरिएको छ भन्नेवारेमा पनि संक्षिप्त चर्चा गरेका छौं।

यसवाहेक राज्य संचालनका प्रमुख निकाय र मानवअधिकारको सवालमा तिनले गरेका सकारात्मक प्रयास तथा नकारात्मक असरहरूको वारेमा विगत वर्षहरूमा झैं न्यायपालिका, व्यवस्थापिका र कार्यपालिका शीर्षकमा परिच्छेदहरू समावेश गरेका छौं। यस क्रममा यस वर्ष हामीले न्यायपालिकाका निकायहरूमा सुगम तथा निष्पक्ष न्यायको अवस्थाका वारेमा विभिन्न १० वटा जिल्ला अदालत तथा ५ वटा पुनरावेदन अदालतमा अध्ययन गरी तत्सम्वन्धी विश्लेषण प्रस्तुत गर्ने जमर्को गरेका छौं।

समग्रमा भन्नुपर्दा यस वर्ष मानवअधिकारको स्थिति निराशाजनक नै रह्यो। खासगरी ०५२ सालदेखि नेकपा (माओवादी) द्वारा संचालित "जनयुद्ध" र त्यसको नियन्त्रणका नाममा प्रहरी प्रशासनवाट गरिएका हत्या, स्वेच्छाचारी गिरफ्तारी, यातना र आतंकका घटनाहरूमा वृद्धि भएको छ। यस वर्ष पनि यस्ता घटनामा कमी आएन। वरू, राज्यस्तरवाटै नागरिकलाई वेपत्ता पार्ने श्रृंखला अत्यधिक रूपमा वढ्यो। मानवअधिकार उल्लंघनका घटनाहरू वढ्दै गएकाले जनताले नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेको प्रजातन्त्र र मानवअधिकारको मान्यतालाई व्यवहारमा अनुभूति गर्न सकेनन्। मानवअधिकारसम्वन्धी १६ वटा सन्धि/अभिसन्धिहरूको पक्ष राष्ट्र भएको वर्तमान अवस्थामा राज्यले तिनको वहालीका निम्ति प्रयास गर्नुको सट्टा हनन गर्नेतर्फ नै अगाडि देखिएको छ।

माओवादी समस्या समाधानका निम्ति यसवीचमा परिवर्तन भएका हरेक सरकारहरूले ठोस कदम चाल्ने घोषणा गरे तापनि यो समस्या अद्यापि कायमै छ। अझ यस वर्षको उत्तरार्धतिर आएर माओवादी र प्रहरी प्रशासन दुवैतर्फवाट भएका हत्या, यातना र वेपत्ताका घटनाहरूमा तीव्रता आयो। सरकारले माओवादी समस्या समाधान

गर्नका लागि उच्चस्तरीय समिति गठन गरेको कुरालाई भने मानवअधिकारको क्षेत्रमा कार्यरत सबैले सकारात्मक रूपमा लिएका छन्। माओवादी "जनयुद्ध" को समाधान हत्या, हिंसाको माध्यमबाट नभई शान्तिपूर्ण रूपमा वार्ताको माध्यमबाट हुन्छ र हुनु पर्दछ भन्ने हाम्रो मान्यता रहेको छ। यसै मान्यताका आधारमा सरकारले त्यसको निम्ति आवश्यक वातावरणको सिर्जना गर्नुपर्ने र माओवादीहरूले पनि समस्याको शान्तिपूर्ण समाधानका लागि अग्रसर हुनुपर्ने आग्रह हामीले पनि दोऱ्याउँदै आएका छौं।

प्रजातन्त्र पुनर्वहालीपश्चात् मानवअधिकारको पक्षमा राज्यस्तरबाट भएका प्रयासहरू औंलामा गन्न सकिने मात्रामा छन्। तीमध्ये महत्वपूर्ण मानिएका मानवअधिकार आयोग ऐन २०५३ र यातनाको क्षतिपूर्ति ऐन २०५३ हालसम्म कार्यान्वियन हुन सकेका छैनन्। ३ वर्ष बितिसक्दा पनि मानवअधिकार आयोग गठन गर्नमा भएको ढिलाईले सरकारहरू मानवअधिकारको सवालमा गंभीर हुन नसकेको प्रमाणित भएको छ, यद्यपि यो अवधिमा पटक पटक सरकारहरू परिवर्तन भए र तिनले आयोग गठन गर्ने कुरा दोहोऱ्याउँदै आए। त्यतिमात्र हैन, स्पष्ट शब्दमा सर्वोच्च अदालतले यथाशीघ्र आयोग गठन गर्न आदेश दिइसकेको पनि ९ महिना बितिसकेको छ तर आयोग बन्ने कुरा सरकारको ओठेभक्ति साबित हुनुबाहेक अन्य प्रगति भएन। त्यसैगरी यातना पीडितहरूले क्षतिपूर्ति पाउने कुरा पनि कानूनमा उल्लेख गरिए पनि व्यवहारमा लागू हुन सकेको छैन। देशमा क्रियाशील मानवअधिकार संस्थाहरूले मानवअधिकार आयोग गठन हुनुपर्ने, यातनाको क्षतिपूर्ति ऐनको कार्यान्वियन हुनुपर्ने, हत्या आतंक बन्द गरिनुपर्ने जस्ता सवालहरूमा सडक आन्दोलन मात्र होइन, रिले तथा आमरण अनसन नै बस्नुपर्ने बाध्यता सिर्जना भयो।

वर्ष पुस्तकको आठौं श्रृंखलासम्म आइपुग्दा मानवअधिकारका विभिन्न पक्षहरूलाई अध्ययन अनुसन्धान गर्ने आधिकारिक दस्तावेज बन्दै गएको हामीले महसूस गरेका छौं। विगत वर्षहरूमा जस्तै यस वर्ष पनि देशका ७५ वटै जिल्लामा भएका मानवअधिकार उल्लंघनका घटनाहरूलाई तथ्यांकसहित समावेश गरेका छौं। *मानवअधिकार वर्ष पुस्तक*लाई "अपराध संग्रह" को रूपमा नभई साँच्चिकै मानवअधिकार हनन र रक्षासम्बन्धी घटनाहरूको संग्रहका रूपमा विकसित गर्नुपर्ने विभिन्न विद्वत वर्गहरूको सुझावबमोजिम जिल्लाका घटनाहरूको विवरण प्रस्तुतिमा केही परिवर्तन गरेका छौं। विगत वर्षहरूमा उल्लेख गरिँदै आएको व्यक्तिगत कारणबाट भएका हत्याका घटनाहरूलाई तथ्यांकमा मात्र समावेश गरेका छौं। तर, त्यस्ता घटनाहरूमध्ये पनि उल्लेख्य रहेका घटनाहरूलाई भने उदाहरणको रूपमा समावेश गरेका छौं। त्यसैगरी महिला अधिकारका सम्बन्धमा विगत वर्षहरूमा विभिन्न उपशीर्षकहरूमा विभक्त गरिएकोमा यस वर्षदेखि "महिला अधिकार" शीर्षक अन्तर्गत राखी किनबेच र बलात्कारबाहेकका घटनाहरूलाई पनि संख्यामा उल्लेख गरेका छौं। त्यस्ता खालका घटनाहरू स्वयं पीडित पक्षले नै प्रकाशमा ल्याउन नचाहने भएकाले त्यस्ता घटना कम सार्वजनिक हुन्छन्। तैपनि केही उल्लेख्य घटनाहरू भने समावेश गरेका छौं।

सन् १९९९ मा देशको मानवअधिकार स्थितिका बारेमा आ-आफ्नो धारणा उपलब्ध गराउन देशका प्रमुख राजनीतिक पार्टीहरू तथा सरकारी निकायहरूलाई हामीले अनुरोध गरेका थियौं। तद्अनुरूप नेपाली काँग्रेस, नेकपा (एमाले), नेकपा (मसाल), संयुक्त जनमोर्चा नेपाल र राष्ट्रिय जनआन्दोलन संयोजन समिति तथा श्री ५ को सरकार मन्त्री परिषद सचिवालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, कानून तथा न्याय मन्त्रालय, श्रम मन्त्रालय, प्रतिनिधि सभा परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समिति र नेपाल प्रहरीले उपलब्ध गराएको धारणा वर्ष पुस्तकमा समावेश गरेका छौं। तर पत्राचार गरिए पनि राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा (माले), नेपाल मजदूर किसान पार्टी, नेपाल सद्भावना पार्टी तथा राष्ट्रिय सभा सामाजिक न्याय समितिले वर्ष पुस्तक तयारीको अन्तिम चरणसम्म पनि धारणा उपलब्ध नगराएकाले समावेश गर्न सकेनौं।

हामीले *मानवअधिकार वर्ष पुस्तक*को अंग्रेजी संस्करण पनि प्रकाशित गर्दै आएका छौं। यसबाहेक यसै वर्षदेखि वर्ष पुस्तकलाई "सिडी रोम" मा पनि प्रकाशित गर्ने प्रयासको थालनी गरेका छौं। अंग्रेजी संस्करणमा जिल्लाका घटनाहरूलाई यस वर्ष संश्लेषणात्मक रूपमा समावेश गरेका छौं। पुस्तकको अन्तर्राष्ट्रिय स्तरलाई कायम राख्नका लागि यसै वर्षदेखि "आइएसबीएन" पनि समावेश गरेका छौं। वर्ष पुस्तकका परिच्छेद लेखनमा स्वदेशका विद्वानहरूलाई समावेश गराउँदै आएकोमा यस वर्ष विदेशी विद्वानलाई पनि संलग्न गराएका छौं। उहाँहरूले उल्लेख गरेका कतिपय तर्क र विचारहरू हाम्रो सहमतिभन्दा केही भिन्न पनि हुन सक्छन्।

अन्त्यमा, मानवअधिकार वर्ष पुस्तक २००० को प्रकाशनमा खट्नुहुने मानवअधिकार वर्ष पुस्तक तथा प्रलेख शाखाका साथै केन्द्र तथा क्षेत्रका अन्य साथीहरू, परिच्छेद तथा अनुसूची लेखनमा संलग्न प्रबुद्ध लेखक मित्रहरू, वर्ष पुस्तकको आधारस्तम्भको रूपमा जिल्ला जिल्लामा क्रियाशील जिल्ला प्रतिनिधिहरूलगायत् यस कार्यमा प्रत्यक्ष/परोक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण मित्रहरूमा सहृदय धन्यवाद दिन चाहन्छु। यसैगरी वर्ष पुस्तक प्रकाशनको लागि आर्थिक सहयोग गर्ने नोराड, डानिडा, इको, इजेडइलगायत् अन्य संघ संस्थाहरूप्रति हामी कृतज्ञ छौं। विगत वर्षहरूमा झैं यस आठौं श्रृंखलाका कमी कमजोरीहरूलाई पनि औंल्याई सुझाव, आलोचना र प्रतिक्रिया उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु। तपाईंहरूका सुझाव, आलोचना र प्रतिक्रियाहरूले आगामी दिनमा वर्ष पुस्तकलाई अझ परिमार्जित र परिस्कृत गराउनका लागि मार्गदर्शनको रूपमा हामीलाई प्रेरित गरिरहने छन्।

०५६ चैत २७ गते

सुशील प्याकुरेल
अध्यक्ष
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

परिच्छेद १ । भाग १

नेपालमा मानवअधिकार र निर्वाचन

आधुनिकतातर्फ अभिमुख हिमाली राज्यको निर्वाचन–
प्रजातन्त्रीकरण प्रक्रियाबारे एक अध्ययन

आनन्द आदित्य

आयु र साक्षरताको औसत मात्रा सुव्यवस्थित बन्दीगृहमा निकै बढी हुनसक्छ।
आधारभूत भौतिक आवश्यकताको परिपूर्ति चिडियाखानामा पनि भएको हुनसक्छ।
पाउल स्ट्रिटेन

१.१ नेपाली परिदृश्यमा विद्यमान समस्याहरू

केही वर्षपहिले जिल्लाव्यापी भोकमरीका कारणबाट नेपालको उत्तर-पश्चिमी जिल्ला हुम्लामा सयौंको ज्यान गएको थियो। त्यस्तै तराईको कुनै एक गाउँमा छोरीलाई खुवाउन नसकेको हुँदा कुनै एक बाबुले नै आफ्नी छोरीलाई झुण्ड्याएको कुरा प्रकाशमा आएको थियो। विगत कैयौं वर्षदेखि संयुक्त राष्ट्र संघको सहयोगमा विस्तृत परियोजना लागू गरिएको पश्चिम नेपालको राप्ती अञ्चल हाल "जनयुद्ध" को क्षेत्रका रूपमा विकसित भएको छ र यसका सिलसिलामा करीब १ हजारभन्दा बढी मानिसको मृत्यु भइसकेको छ। वर्तमान नेपालमा हुँदै गरेका यस प्रकारका हत्याका घटनाहरूबाट मानिसले बाँच्न पाउने नैसर्गिक अधिकार अर्थात् मानवअधिकारको पवित्र भावना एक विडम्बनाका रूपमा परिणत हुँदै गएको छ। यस प्रकारको प्रतिकूल स्थिति वर्तमान नेपालमा दिनानुदिन बढ्दो छ। २५ हजार जति कमैयाहरू बँधुवा मजदूर हुन बाध्य बनाइएका छन्, अछूतहरूले छुँदा दण्डित हुनुपरेको छ, बालकहरू बन्दी बनेका छन्, वादीहरू सामाजिक रूपमा जातिविहीन बनाइएका छन्, महिलाहरूलाई जबर्जस्ती वेश्या बनाइएको छ, बच्चाहरू कुपोषणबाट ग्रस्त छन्, मातृ मृत्यु दर बढ्दो स्थितिमा छ र विवाहित वधुहरू दाइजोका कारणबाट मारिएका छन्। यी सबैले एकै दुर्नियति भोग्नु परिरहेको छ। चाहे रोग, सांस्कृतिक अस्थिरता, शारीरिक दुर्बलता वा कुनै सामाजिक वञ्चनाका कारणबाट हुने असामयिक मृत्यु होस् मानिसहरू मानवअधिकारको उल्लंघनका शिकार भएका छन्।

समय-समयमा भएका सर्वेक्षणहरूले इंगित गरेका छन्, राजनीतिक दलहरूप्रति चारैतिर चर्को असन्तुष्टि देखापरेको छ। एक अध्ययनले ८० प्रतिशत व्यक्तिहरूका लागि राजनीतिक दल तथा राजनीतिक नेताहरूबाट प्रजातन्त्रलाई खतरा भएको प्रतिक्रिया देखाएको छ। नेपाली समाजमा रहेको यस प्रकारका नैराश्य र दुर्नियतिहरू छापामा प्रशस्त देखापर्न थालेका छन्। दुई वर्षपहिले प्रकाशित **नेपाल मानव विकास प्रतिवेदन**मा राज्यका तुलनामा जनताको संवैधानिक स्थितिलाई दिइएको जोड निकै नै उल्लेखनीय पक्ष भएको कुरालाई विशेष प्राप्तिका रूपमा लिइएको थियो। नेपालको नयाँ संविधानले अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी विभिन्न महासन्धिहरूमा गरिएको अनुमोदनलाई प्रत्याभूति दिएको छ र यसले मानवअधिकारलाई सबल तुल्याउनाका साथै सर्वप्रथम जनताहरूलाई सार्वभौम सत्तासम्पन्न तुल्याएको पनि छ। जुलाई १९९७ भन्दा अघिका छ वर्षमा दातृसंस्थाहरूले प्रजातन्त्रको सुदृढीकरणका लागि ३ करोड बीस लाख डलर खर्च गरिसकेको कुरा प्रकाशमा आएको छ। नेपालका आम जनताका लागि यी सब राजनीतिक परिदृश्यहरू विद्यमान छन्। यसका साथै जनताको आफ्नो जीवननिर्वाहको अवस्थाप्रतिको असन्तुष्टि, सरकारको कार्यशैलीप्रति जनताहरूको निराशा तथा समग्र राष्ट्रिय परिस्थितिप्रतिको आशाहीनता अझ गिर्दो अवस्थामा जाँदैछ। राजनीतिक भ्रष्टाचार, पैसाका लागि सांसदहरूको क्रयविक्रय तथा अपहरण, विदेश यात्रा, नक्कली औषधी बिल, रातो पासपोर्टको किनबेच आदि घटनाहरूले राजनीतिक उत्तरदायित्वहीनताको स्थितिलाई संकेत गरेका छन्। राजनीतिक दमनका सन्दर्भमा भन्ने हो भने पञ्चायती व्यवस्थाका विरुद्धमा रहेका त्यस समयका नेताहरूबाट प्रजातन्त्रको पुनःस्थापना भएपछिका ३३ महिनामा ३० वर्षे पञ्चायत कालमा भन्दा बढी राजनीतिक कार्यकर्ताहरूको हत्या भएको छ भन्नुपर्ने स्थिति आएको छ। यो यस्तो कटुसत्य हो जसले हाल नेपालको ग्रामीण क्षेत्रमा भएको आम हिंसालाई संकेत गर्दछ। पहिलेका व्यवस्थाका मानवअधिकारको उल्लंघन गर्नेहरूलाई त्यसै छोडिएको मात्र नभई उनीहरूमध्ये कतिपय शक्तिशाली पदहरूमा आसीनसमेत भएका छन्। चुनावी अपराधहरू पनि त्यसै छोडिएका छन्। अर्को एक नयाँ प्रतिवेदनअनुसार दण्डहिनता नियन्त्रणविहीन भएको छ। प्रजातन्त्रीकरणको यस अन्तर्विरोधको व्याख्या कसरी गर्ने ? के यी समग्र घटनाहरूले असफल प्रजातन्त्रको लक्षणलाई जाहेर गर्दछन् ? वा यसमा कुनै अर्को उपाय पनि छ ?

अनुवाद (साभार) : डा. देवी प्रसाद गौतम

१.२ उद्देश्य तथा अध्ययनको रूपरेखा

यस लेखमा प्रजातन्त्रीकरण र विकासका बीचको दूरीको व्याख्याको सन्दर्भमा नेपालको प्रजातान्त्रिक व्यवस्थामा मानवअधिकारको के भूमिका रहेको छ तथा समग्र विकास-प्रक्रियामा यसले कस्तो प्रभाव पारेको छ भन्ने कुरालाई हेरिएको छ। चुनावी गतिविधिहरूबारे केही अध्ययन भए पनि चुनावी प्रक्रियामा मानवअधिकारको उल्लंघनबारेका अध्ययनहरू लगभग छुँदै नछोइएको विषय बनेका छन्। यस सन्दर्भमा कुन कुरा आश्चर्यजनक छ भने दण्डहीनताको प्रकाशित नयाँ अध्ययन प्रतिवेदनले यस विषयमा एकपटक पनि चर्चा गरेको पाइएन र चुनावी अपराधहरू दोहोरिँदै छन्। परम्परागत रूपमा आफूले पाएको शक्तिलाई आफूसित नै राखिराख्ने उद्देश्यअनुसार चुनावी अपराधहरूले ठूलो भूमिका खेल्ने गर्दछन्। शक्तिका लागि पटक-पटक राजनीतिक अपराध गर्ने मात्र नभएर शक्तिमा आफूलाई टिकाइराख्नका लागि पुरानो शक्तिका साथै गैरप्रजातान्त्रिक मूल्य तथा मान्यता, अभ्यास र संस्कृतिलाई एकीकृत गरी राजनीतिक अपराध गर्ने प्रवृत्ति हावी भएको पाइन्छ।

मानवअधिकारको विश्लेषण, परिभाषा तथा व्याख्या एकभन्दा बढी कोणबाट गर्न सकिन्छ। यस लेखमा ती समग्र आधारमा व्याख्या-विश्लेषण नगरी चुनावी आधारबाट मात्र विश्लेषण गर्ने प्रयास गरिएको छ। यसको अर्थ अरू पक्ष कम महत्वका छन् भन्ने होइन, मानवअधिकारको जगका रूपमा रहेको प्रजातन्त्रीकरण-प्रक्रियामा निर्वाचन केन्द्रीय विषय हो। कसैले यसो पनि भनेको पाइन्छ : "यदि निर्वाचन साँच्चै नै निष्पक्ष तथा धाँधलीरहित भयो भने त्यस व्यवस्थामा समग्र मानवअधिकारको सम्मान हुन्छ।" यसरी निर्वाचन समग्र मानवअधिकारको संश्लेषण र प्रजातन्त्रको चुरोका रूपमा रहेको हुन्छ। यसो भन्दा वर्तमान सन्दर्भमा यस विषयले निम्नलिखित जिज्ञासा उत्पन्न गराउँदछः

- अन्तर्राष्ट्रिय महासन्धिहरूमा पारित गरिएका विभिन्न घोषणाहरूका सापेक्षतामा हेर्दा नेपाल अधिराज्यको संविधानले आधारभूत मानवअधिकारमाथि केकस्तो प्रत्याभूति प्रदान गरेको छ ?
- नेपालको बहुदलीय निर्वाचनको समग्र प्रभाव के कस्तो परेको छ ?
- मानवअधिकारको वर्तमान अवस्था के निर्वाचनको प्रजातान्त्रिकीकरणप्रति अनुकूल छ ?
- के मानवअधिकारलाई निर्वाचनका परिप्रेक्ष्यमा पनि हेरिएको छ ?
- के मानवअधिकारबारे कुनै ठोस माध्यम अँगालिएको छ वा विभिन्न निर्वाचित सरकारहरूले कुनै सकारात्मक कार्यको प्रारम्भ गरेका छन् ? मानवअधिकारबारेमा जनसमुदायबाट उठेका मागहरूप्रति के उनीहरू सजग भएका छन् ?
- नेपालमा मानवअधिकारको हननको प्रवृत्ति केकस्तो छ?
- यस प्रकारको अधिकारलाई संस्थागत गर्ने कार्यका लागि नेपालको क्षमता कत्तिको अनुकूल रहिआएको छ ?

यस समस्याबारे प्रस्तुत गरिसकेपछि यस लेखमा नेपाली राज्यको प्रकृति तथा मानवअधिकारको पृष्ठभूमिका रूपमा यसका मुख्य विशेषता र क्षमतामाथि छलफल गरिएको छ। जनमागको बढ्दो मुख्य विषय-क्षेत्रहरू जातीय अधिकार तथा निर्वाचन सुधार भएकाले यस सन्दर्भमा आत्मनिर्णयको अधिकार विवादास्पद नभए तापनि एक गम्भीर विषय हो तर यो समकालीन नेपालका अन्य सवालहरूमध्ये कम चर्चा भएको विषय पनि हो। यसैले यसमा जातीयता, निर्वाचन परिचालन तथा निर्वाचन सुधारबारे अपेक्षाकृत रूपमा विस्तारका साथ चर्चा गरिएको छ। यसमा नेपाली परिप्रेक्ष्यमा मानवअधिकारसम्बन्धी समस्याका विभिन्न आयामहरू र विकासको स्थितिका साथै राष्ट्रिय परिदृश्यमा लिइएका नीतिगत परिवर्तनहरूलाई समेत समेट्ने प्रयास गरिएको छ। मानवअधिकार तथा निर्वाचनका सन्दर्भमा आम मताधिकारको रूपरेखाका विपरीत यसमा प्रजातन्त्रीकरणको सवाललाई यसका सम्भाव्यता तथा अवरोध, प्राप्ति तथा अप्राप्तिहरूको सन्दर्भमा व्याख्या गरिएको छ। अन्तमा निर्वाचनको प्रजातन्त्रीकरणका उपायहरूबारे केही सुझावहरू दिइएका छन्।

२.१ लेखमा प्रयोग गरिएको प्रविधि र स्रोत

यस लेखमा छलफल गरिएका कतिपय सन्दर्भहरू यसभन्दा अघि यस लेखकले गरेका अध्ययनको भागसितसम्बद्ध छन्। **प्रजातन्त्र र विकेन्द्रीकरण** पोल्सान-एफर्डएस १९९६, पृ. ६९-९३ मा प्रकाशित "प्रजातान्त्रिक मुलुकमा उदीयमान जातीयता र चुनावी संलग्नता : नेपालमा नागरिक राष्ट्रवादसम्बन्धी परिदृश्यको खोजी" शीर्षकको लेखबाट जातिगत परिचालनबारे, **दक्षिण एशियामा प्रजातन्त्र र सशक्तीकरण** नेसाक, १९९५, पृ. ९६-११४ मा प्रकाशित "नेपालमा निर्वाचनको पुनः संरचना : गलत प्रतिनिधित्वको अनुमोदनसम्बन्धी विषय" शीर्षकको लेखबाट निर्वाचन सुधारबारे, **नेपाली राजनीतिशास्त्र र राजनीति** १९९६, पृ. ३९-४८ मा प्रकाशित "बहुध्रुवीय निर्वाचन क्षेत्रमा मतको परिवर्तन : नेपालमा स्थायी व्यवस्थाको अध्ययन तथा दिगो सुशासनको रणनीति" शीर्षकको लेखबाट स्थायी व्यवस्थाको स्वरूपबारे, र **दक्षिण एशियामा चुनावसम्बन्धी प्रक्रियाको तुलनात्मक अध्ययन** नेसाक, १९९५ पृ. २०३ बाट चुनावसम्बन्धी मुद्दाहरूलाई लिइएको छ। हालै प्रकाशित यू. एस. डिपार्टमेन्ट अफ स्टेटको १९९९ को मानवअधिकारबारेको वार्षिक प्रतिवेदनमा तथ्यांक विभागबाट प्रकाशित तथ्यांकको उपयोग गरिएको पनि छ। नेपालको राजनीतिक स्वतन्त्रता परिसूचकको मूल्यांकनका सन्दर्भमा राजनीतिक स्वतन्त्रता विवरणिकाको

व्याख्याका लागि महबुल उल हकद्वारा तयार पारिएको **मानव विकासमाथिको प्रतिबिम्बन** १९९९ बाट राजनीतिक स्वतन्त्रा विवरणिकालाई आधार मानिएको छ।

सबै तालिकाहरूको विस्तृत रूपमा व्याख्या गर्दा प्रशस्त ठाउँ ओगट्ने हुँदा सकेसम्म यस लेखमा मुख्य मुख्य विशेषता र सन्दर्भहरूलाई छलफलका लागि विशेष जोड दिई प्रस्तुत गरिएको छ।

शैक्षिक प्रतिशत र विकास स्तरको हिसावले विचार गर्दा नेपाली जनमानसमा राष्ट्का विभिन्न विषयवस्तुहरूका बारेमा पर्याप्त सचेतनता आइनसक्नु स्वाभाविक देखिन्छ तर सर्भेक्षणहरूको मूल्यांकन गर्दा समाजका केही भागमा यस्ता विषयमा प्रशस्त चेतना आउन लागेको जस्तो पनि देखिन्छ। तलको तालिका १ बाट यो स्पष्ट हुन जान्छ।

तालिका १ : राजनीतिक सवालमा जनभावना

विषयक्षेत्र	सवाल/विचार	सहमति %	सर्वेक्षण गर्ने संस्था
१. मानवअधिकार	१.१ प्रजातन्त्रको सबैभन्दा ठूलो उपलब्धि : व्यक्तिगत स्वतन्त्रता	२८	नोस्क
	१.२ अभिव्यक्ति स्वतन्त्रताप्रति सजगता नभएको जनसंख्या %	६०	IIDS सञ्चार
	१.३ सरकारका गतिविधिमाथि आलोचना गर्ने अधिकार निकै नै उपलब्धिपूर्ण छ	५१	सर्च
	१.४ सूचनाको अधिकार निकै नै उपलब्धिपूर्ण छ	४७	सर्च
	१.५ सरकारी नीतिमाथि सहभागी हुन पाउने अधिकार	३७	सर्च
	१.६ १९९० पछि मानवअधिकारले सकारात्मक परिणाम ल्याएको छ	३६	नेफास
	१.७ १९९० पछि वाक् स्वतन्त्रताको प्राप्ति	७७	नेफास
	१.८ विकास प्रक्रियामा प्रजातन्त्र र मानवअधिकारको उच्च वा मध्यमस्तरको प्रभाव	६९	नेफास
	१.९ नागरिक र राजनीतिक दलहरू मानवअधिकारको विकासमा सक्रिय रूपमा लागेका छन्	४७	नेफास
	१.१० मानवअधिकार तथा संविधानले मानवअधिकारवादी संस्था तथा तथा अधिकारलाई निम्न रूपमा मात्र विकास गरेका छन् ।	३९	नेफास
२. निर्वाचन	१.११ निर्वाचनले सरकारलाई जनताहरूप्रति ध्यान दिन बाध्य तुल्याएको छ	५७	पोल्सान
	१.१२ निर्वाचनका सन्दर्भमा स्थानीय प्रशासन तटस्थ रहन सकेको छैन	२२	IIDS निर्वाचन
	१.१२ निर्वाचन प्रक्रियामा रेडियो तथा टेलिभिजनको तटस्थता अनिश्चित	४०	IIDS निर्वाचन
	१.१३ निर्वाचन निष्पक्ष तथा धाँधलीरहित हुन नै सक्दैन	३३	IIDS निर्वाचन
	१.१४ १९९२ को स्थानीय निर्वाचनमा जनताको मताधिकारमाथि हस्तक्षेप गर्ने कार्य भयो	६	ड्रेफ्डेन
	१.१५ १९९२ को स्थानीय निर्वाचनमा धाँधली भयो	१६	ड्रेफ्डेन
	१.१६ निर्वाचनहरू निष्पक्ष तथा धाँधलीरहित हुन सकेका छैनन्	४२	सर्च
३. महिला	१.१७ महिलाहरूलाई पैतृक सम्पत्तिमा समान अधिकार प्रदान गर्नुपर्दछ भन्ने प्रस्ताव उपयुक्त छ	६२	पोल्सान
	१.१८ स्थानीय सरकारमा महिलाहरूको प्रतिनिधित्व ज्यादै कम छ	६६	नोस्क
	१.१९ महिलाहरूविरुद्ध भेदभाव अविलम्ब अन्त्य हुनुपर्ने छ	६९	नोस्क
	१.२० महिला सशक्तीकरण	९१	सर्च
	१.२१ राजनीतिमा महिलाहरूको सहभागिता	५४	नेफास
४. जातीयता तथा भाषा	१.२२ स्थानीय निर्वाचनमा जातीय समूहहरूको कम प्रतिनिधित्व भएको छ	४३	नोस्क
	१.२३ जातीय तथा आदिवासी समूहको सबलीकरण वा सशक्तीकरण	३६	सर्च
	१.२४ बहुभाषिक नीति हुनुपर्ने	२४	नेफास
५. सुविधाविहीन समूह	१.२५ स्थानीय निर्वाचनमा सुविधाविहीन समूहको प्रतिनिधित्वमा कमी	६१	नोस्क
	१.२६ अछूतहरूको सशक्तीकरण तथा सवलीकरण	६०	सर्च
६. धर्म	१.२७ नेपाललाई हिन्दू अधिराज्यका रूपमा रहिरहनु पर्छ भन्ने प्रस्ताव उपयुक्त तथा महत्वपूर्ण छ	६३	पोल्सान
७. सञ्चार तथा प्रकाशन	१.२८ सञ्चार सुविधाबाट वञ्चित जनसमुदाय	४९	IIDS सञ्चार
	१.२९ जनताको प्रतिशत (सार्वजनिक अभिव्यक्तिको निर्माणका लागि व्यक्तिगत भूमिकाको अभाव)	४९	IIDS सञ्चार

राजनीतिक सवालमा जनभावना

विषयक्षेत्र	सवाल विचार	सहमति %	सर्वेक्षण गर्ने संस्था
८. राजनीतिक दल	१.३० जनताहरू के चाहन्छन् भन्ने कुराको निधोका लागि एकभन्दा बढी राजनीतिक दलको आवश्यकता छ	७१	पोल्सान
	१.३१ राजनीतिक दलप्रतिको असन्तुष्टि	५१	नोस्क
९ जीवनपद्धति, प्रजातन्त्र र विकास	१.३२ हालको प्रजातन्त्रमा भन्दा पहिलेको व्यवस्थामा जीवन राम्रो थियो	५३	नोस्क
	१.३३ पहिलेभन्दा अहिले जनताहरू राजनीतिक रूपमा सक्रिय भएका छन्	६३	सर्च
	१.३४ पहिलेभन्दा अहिले जनताहरूले आफ्ना विचार खुलस्त रूपमा व्यक्त गर्न पाएको महसुस गरेका छन्	७३	नोस्क
	१.३५ भावी पिँढीका लागि प्रजातन्त्रबाट उपलब्धि पाउने अपेक्षा गरेका छन्	५६	सर्च
	१.३६ अहिले जनताहरू सशक्त भएका छन्	७२	नेफास
	१.३७ विकासको सुधारात्मक पद्धतिलाई प्राथमिकता दिनुपर्छ	६२	नेफास
	१.३८ राष्ट्रले राम्रो गरिरहेको छ वा ठीकै छ	६९	Hinal-ORG-Marg
	१.३९ प्रजातन्त्रलाई राजनीतिक पार्टी तथा नेताहरूबाट खतरा छ	८०	Hinal-ORG-Marg
१० (सरकार) बारेको धारणा	१.४० उच्च तहको सरकारी निकायमा बस्नेहरूले आफ्नो भूमिका राम्ररी निर्वाह गरेको छैनन् ।	६४	पोल्सान
	१.४१ कतिपय मञ्चहरूमा राजनीतिक भ्रष्टाचार प्रत्यक्ष रूपमा नै देखिएको छ।	२२	प्रो-पब्लिक
	१.४२ विपन्न वा सामान्य जनसमूहप्रति राजनीतिक संस्था र निर्वाचित व्यक्तिहरू जवाफदेही छन्	५५	प्रो-पब्लिक
	१.४३ विपन्न वा सामान्य जनसमूहप्रति सार्वजनिक संस्था र व्यक्तिहरू जवाफदेही छन्	४६	प्रो-पब्लिक
	१.४४ १९९० पछि भ्रष्टाचारमा वृद्धि हुँदैछ ।	८८	नेफास
	१.४५ १९९० पछि असुरक्षा, हिंसा-अपराधमा वृद्धि हुँदैछ ।	६५	
	१.४६ १९९० पछि नियम-कानूनमा सुव्यवस्था बिग्रेको वा निकै नै खतम भइसकेको छ ।	६८	
	१.४७ नयाँ प्रजातान्त्रिक व्यवस्थामा सुरक्षा व्यवस्था कमजोर छ वा सुरक्षा नै छैन	२९	IIDS Media
	१.४८ सरकारको प्रभावहीनता अकर्मण्यताले विकासमा अवरोध ल्याएको छ।	१९	नेफास
	१.४९ सरकारी कर्मचारीहरूले अहिलेभन्दा पहिले राम्रो काम गरेका थिए ।	५०	नेफास

स्रोत : पोल्सान : बोरे समेत, परिशिष्ट
आइआईडीएस निर्वाचन : आइआईडीएस, १९९७, तालिका १२
इफडेन : तालिका २.१०
नोस्क : सारांश :
आइआईडीएस सञ्चार : आम सञ्चार प्रजातान्त्रिकीकरण, तालिका १४
सर्च : सारांश
प्रो-पब्लिक : तालिका १०, २२, ३८
नेफास : दाहालसमेत, १९९९ अनुसूची तालिका ७, ४३-४५, ४७, ५०, ५१, ५७, ५९, ६०, ६३

२.२ नेपालमा जातिगत परिचालनको प्रवृत्ति

नेपालको जातिगत बसोबासको नक्सा हेर्ने हो भने विभिन्न जिल्लामा निकै फराकिलो रूपमा विभिन्न जातीय समुदायको बसोबास भएको पाउँछौं। ११ वटा जातीय समुदाय विशिष्ट भौगोलिक क्षेत्रमा मुख्य रूपमा रहेको भए तापनि कुनै पनि जातीय समुदाय संख्यागत रूपमा कुनै पनि भौगोलिक क्षेत्रमा निरपेक्ष बहुमतका रूपमा नरहेको स्थिति हामीकहाँ विद्यमान छ। जिल्लागत रूपमा हेर्ने हो भने केवल पाँचवटा जिल्लामा मात्र निरपेक्ष रूपमा खास कुनै जातीय समुदायको बहुसंख्यक उपस्थिति पाइन्छ र तीमध्ये चारवटा परम्परागत रूपमा जातीय समुदायअन्तर्गत रहेका छन्। जिल्लास्तरमा क्षेत्री (६०-६५%) बाहेक अन्य कुनै जातीय समुदायको दरिलो बहुमत रहेको छैन र अन्य तीन जातीय समुदाय (मुस्ताङमा गुरुङ, काठमाडौंमा नेवार र रसुवामा तामाङ) पनि एकभन्दा बढी जिल्लामा

बहुमतका रूपमा रहेका छैनन्। यसरी गुरुङ, तामाङ, नेवार यादव र लिम्बूवाहेक अन्य क्षेत्रगत वितरणका आधारमा छरिएर रहेका छन्। यसरी जातीय बसोबासको वास्तविकता के देखिन्छ भने राष्ट्रिय परिप्रेक्ष्यमा निकै नै कम संख्यामा रहेको भए तापनि आ-आफ्नो ठाउँमा बहुसंख्यक रूपमा हुने पनि समुदाय छन्, तर त्यस्ता समुदायहरू केही मात्रामा मात्र रहेका छन्।

नेपालको जातिगत परिचालन सम्मिलनमुखी तथा विभाजनमुखी दुवै छ। नेपालमा विभक्त स्थितिमा रहेको परिचालित जातीय समुदायको संख्याले अविभक्त स्थितिमा रहेको परिचालित जातीय संख्यालाई उछिन्न खोजेको देखिन्छ (नेपालीकरणको मात्रा/तहलाई औपचारिक रूपमा ५०% मा लिइएको छ तापनि यसले जातीय समुदायको शक्ति लगभग समान रूपमा रहेको कुरालाई बुझाउँछ)। यस परिप्रेक्ष्यमा सहसामाजिक (कन्सोसियसनल) निर्वाचनजस्तो सबल प्रणालीलाई क्रियाशील तुल्याइएन भने राष्ट्रको आधाजसो संख्याका रूपमा रहेका जातीय समुदाय विभाजनमुखी स्थितिमा रहेको हालको जातिगत परिचालन समूहसित पूरै ढल्किन बेर छैन। यसै गरी विभक्त स्थितिमा रहेको हालको जातिगत समूहको यस किसिमको परिचालनले सम्मिलनको तहलाई नाघ्यो भने यसबाट जातीय आन्दोलनको सम्भाव्यता अझ बढ्ने देखिन्छ। (यहाँ लगभग समग्र राष्ट्रको आधाजसो जनसंख्या पर्दछ) अर्थात् परिचालित विभिन्न समूहको तहसित सम्बन्धित छ। यसरी भोलिको नेपालमा हुने जातीय आन्दोलनको स्थितिलाई समय क्रममा यी दुई समूहहरूको वृद्धि दरले निर्धारित गर्दछ।

कैयन् परिसूचकहरूले जनताहरू निष्क्रिय रूपमा नबस्ने कुरालाई संकेत गरेका छन्। विगत तीनवटा आमनिर्वाचनमा मुलुकका पिछडिएका दुर्गम भेगका १५ जिल्लाहरूका निर्वाचन क्षेत्रमा वामपन्थीहरूको लगातार विजय निश्चय नै एक काकताली होइन। परिचालित जातीय समूहसितको अन्तर्क्रियाका अतिरिक्त जातीय परिचालनको अवस्था अन्य दुई पक्षमा पनि भर पर्दछ। ती दुई पक्षहरू हुन् : (क) राष्ट्रिय नीति आम जनसमुदायको क्षमताको परिचालन गर्नका लागि कतिको अन्तर्निवेशी तथा अनुकूल प्रकृतिको छ र (ख) आगामी दिनमा राज्यले सम्मिलनमुखी, एकतामुखी, विखण्डनमुखी वा सहसामाजिकतामुखी केकस्तो राजनीतिक पद्धतिलाई अङ्गीकार गर्दछ। वास्तवमा भविष्यमा जातीय स्थितिको निर्धारणमा माथि चर्चा गरिएका तीन तत्त्व अर्थात् सहअस्तित्व, नियन्त्रण, असहज शान्ति वा संकट नै निर्णायक हुने देखिन्छन्।

जातीय परिचालनका सन्दर्भमा वर्तमान प्रजातान्त्रिक व्यवस्थाले नेपालमा जातीय भावनाको सृजना गराउँछ वा गराउँदैन भन्ने प्रश्न पनि सान्दर्भिक नै हुन आउँछ। प्रजातन्त्रीकरणको प्रक्रियाले आत्मनिर्णयसम्बन्धी जातीय अधिकारमाथि कतिको प्रभाव पार्दछ? कस्तो प्रजातान्त्रिक वातावरणले यस प्रकारका अन्तर्द्वन्द्वलाई चर्काउने काम गर्न सक्छ र कस्तो वातावरणले अन्तर्द्वन्द्वलाई सजिलैसित समाधान गर्दछ भन्ने विषयमा रोन दे नेभर्सले १२ वटा मापकहरूलाई प्रस्तुत गरेका छन्। नेपालको वर्तमान परिवेशले कुन कुरामा सुझाव प्रदान गरेको छ भने सम्पूर्ण १२ वटा मापकहरूमध्ये केवल तीनवटा मापकहरूले मात्र सकारात्मक नतिजा प्रस्तुत गरेका छन् - बहुजातीय विविधतासम्बन्धमा संवैधानिक अङ्गीकार (मापक १), सामान्यस्तरको मात्र जातीय तनाव (मापक २) हुन त यो पनि तत्कालै बढ्न सक्छ) तथा पञ्चायत व्यवस्थाको विरुद्धमा सबै नभए तापनि जातीय नेताहरूबाट नेतृत्व गरिएका मुख्य जातीय समूहहरूका बहुसंख्यकहरूको सहभागिता (मापक ३)।

जातीय समुदायहरू विभिन्न भौगोलिक परिवेशमा छरिएर बसेको नेपालको विशिष्ट अवस्थाले क्षेत्रीय स्तरमा जातीय परिचालनमुखी प्रवृत्तिलाई कम गर्न सक्छ। तर यस किसिमको स्थिति भविष्यमा राष्ट्रले लिने लचिलो तथा उदार नीतिमा भर पर्दछ।

२.३ नेपालमा मानवअधिकार : अवधारणात्मक सर्वेक्षण

नेपाली जनताका लागि मानवअधिकारको सवाल सापेक्षित रूपमा नयाँ घटनाका रूपमा देखापरेको छ। नेपालमा सन् १९९१ र १९९४ का बीचमा थुप्रै सर्वेक्षणहरू सम्पन्न भइसकेका छन् तर तीमध्ये कुनै पनि सर्वेक्षणले मानवअधिकारको विषयलाई एक मुद्दाका रूपमा प्रस्तुत गरेन। नेफासद्वारा तीनवटा शहरमा गरिएको सन् १९९६ को सर्वेक्षणले मात्र यस मुद्दालाई उद्देश्यमूलक नमुना सर्वेक्षणका लागि प्रश्नावलीको एक अङ्गका रूपमा लिएको थियो। उत्तरदाताहरूले व्यक्तिगत जीवनका साथै राष्ट्रिय जीवनमै पनि मानवअधिकारको यस सवालले सकारात्मक प्रभाव पारेको अभिमत व्यक्त गरेका थिए। बहुसंख्यक (५२%) स्वीकार गर्न असमर्थ भए र (२८%) ले यसको नकारात्मक प्रभाव भएको अनुभव व्यक्त गरे (जम्मा १०७ व्यक्तिहरू)। यसमा आश्चर्य लाग्दो तथ्य के रहेको छ भने बहुदलीय निर्वाचन राष्ट्रको प्रमुख मुद्दा बनेको समयमा वि.सं. ०५६ को आमनिर्वाचनमा सहभागी भएका केवल दुईवटा राजनीतिक दल नेपाली कांग्रेस र नेकपा_एमालेले मात्र निर्वाचनका सिलसिलामा मानवअधिकारमाथि जोड दिएका थिए।

बाह्य मुलुकहरूमा मानवअधिकारको सवाल "व्यक्तिगत दुर्व्यवहार तथा विरोधी अभियानबाट प्रजातन्त्र तथा राष्ट्रिय स्वाधीनताको संघर्षका रूपमा रूपान्तरित भएको" पाइएको छ। यसमा केवल परम्परागत मानवअधिकारवादी संघसंस्थाहरूको मात्र भूमिका रहेको छैन, गैरसरकारी संघसंस्थाहरूले पनि आफ्नो कार्यक्षेत्रलाई मानवअधिकारसम्म विस्तार गरिसकेका छन्। सन् १९९२ को शुरूमा श्रीलंकाको **कानून तथा सामाजिक कल्याण सर्वेक्षण**मा टिप्पणी गरिएको थियो -"अफ्रिका, एशिया र ल्याटिन अमेरिका महाद्वीपहरूमा मानवअधिकारबारे सक्रिय रूपमा लागिपरेका संघसंस्थाहरू स्थानीय, राष्ट्रिय तथा क्षेत्रीय स्तरमा बढिरहेको छन्।" विकाससम्बन्धी संघसंस्थाहरू समेतले

तालिका २ : मानवअधिकार र प्रजातान्त्रीकरणको सन्दर्भमा नेपालमा भएका विशिष्ट घटनावली

१९२० मर्के पर्व, सती प्रथाको अन्त्य
१९२५ दासप्रथाको अन्त्य
१९३१ प्रचण्ड गोर्खा परिषद्
१९३७ नागरिक अधिकार समिति
१९४० चार जनाको शहादत (प्रजा परिषद् अभियान)
१९४७ जयतु संस्कृतम् आन्दोलन, नेपाल संवैधानिक कानून, नगरपालिका चुनाव
१९४८ मौलिक अधिकार ऐन
१९४९ अन्तरिम सरकार ऐन
१९५० राणाहरूको पारिवारिक शासनविरुद्ध जनआन्दोलन
१९५१ जनप्रतिनिधि ऐन, आन्तरिम संविधान, महिला मताधिकार, पहिलो निर्वाचन आयोग गठन, जनसुरक्षा ऐनद्वारा तीन वर्षसम्म विनापुर्पक्ष थुनामा राख्ने प्रावधान
१९५२ प्रतिनिधि सभामा महिलाहरूको नियुक्ति
१९५३ नेपालको पहिलो निर्वाचन (नगरपालिकाका १९ स्थानमा राजनीतिक दलहरूद्वारा उम्मेदवारी, ५३% मतदान
१९५६ नागरिक अधिकार ऐन
१९५८ नेपाल अधिराज्यको संविधान
१९५९ प्रथम आम-निर्वाचन
१९६१ दलीय व्यवस्थालाई राजद्रोहका रूपमा स्वीकार, पञ्चायत व्यवस्थाको प्रारम्भ
१९६२ नेपालको संविधानको घोषणा, राजनीतिक दलमाथिको प्रतिबन्ध (जनवरी ५), राजद्रोह कानूनद्वारा विचारको स्वतन्त्रतामा प्रतिबन्ध
१९६३ दासत्वबारेको अन्तर्राष्ट्रिय सम्मेलन (सेप्टेम्बर १९२६) र दासत्व मुक्तिबारेको पूरक सम्मेलन एवं दासहरूको किनबेचविरुद्धको घोषणाको अनुमोदन (जनवरी ७), नयाँ नागरिक ऐनद्वारा छुवाछूतको अन्त्य (अगस्त १७)
१९६५ श्रम ऐन
१९६६ संविधानको पहिलो संशोधनद्वारा संस्थागत रूपमा चुनाव आयोग स्थापित, महिलाहरूको राजनीतिक अधिकारबारेको अन्तर्राष्ट्रिय सम्मेलन (२० अक्टुम्बर १९५२) (अनुमोदित)
१९६७ पञ्चायती व्यवस्थालाई प्रजातान्त्रिक व्यवस्थाका रूपमा घोषणा, औपचारिक रूपमा दलविहीनताको स्वीकार
१९६९ जातिहत्याबारे अन्तर्राष्ट्रिय सम्मेलन (९ डिसेम्बर १९४८) (अनुमोदित), पहिलोपल्ट मानवअधिकार दिवसको अवलोकनका लागि पाँच सदस्यीय समिति निर्माण
१९७१ थापाको उदय (मई १७), जातीय विभेदविरुद्ध अन्तर्राष्ट्रिय सम्मेलन (डिसेम्बर २१, १९६५), (अनुमोदित)
१९७२ नयाँ सञ्चार योजना, टेलिप्रिन्टर सेवा, राष्ट्रिय विकास परिषद्
१९७४ ओखलढुङ्गा काण्ड
१९७५ संविधानको दोस्रो संशोधनद्वारा गाउँफर्कका माध्यमबाट राजनीतिक गतिविधिमा नियन्त्रण
१९७६ राष्ट्रिय पञ्चायत सदस्यको चुनाव पद्धतिसम्बन्धी ऐनद्वारा राष्ट्रिय पञ्चायतको अप्रत्यक्ष चुनावको परिपाटी
१९७७ अख्तियार दुरुपयोग निवारण आयोगको गठन, जातीय विभेदबारे अन्तर्राष्ट्रिय सम्मेलन (३० नोभेम्बर १९७३) (अनुमोदित)
१९७९ जनमत संग्रहका लागि चुनाव आयोगको गठन
१९८० पञ्चायत-विरोधी आन्दोलन, संविधानको तेस्रो संशोधनबाट राष्ट्रिय पञ्चायतमा प्रत्यक्ष निर्वाचनको व्यवस्था
१९८१ प्रत्यक्ष निर्वाचन पद्धतिअनुसार राष्ट्रिय पञ्चायतको चुनाव
१९८२ विकेन्द्रीकरण ऐन
१९८३ राष्ट्रिय पञ्चायतमा पहिलोपल्ट अविश्वास प्रस्ताव
१९८४ मानवअधिकार संरक्षण मञ्चको गठन (२८ जूलाई), आधारभूत आवश्यकता कार्यक्रम, नेपाल पत्रकार महासंघ
१९८५ सत्याग्रह आन्दोलन, बम काण्ड, (जुनमा) राज्य विरुद्ध अपराध ऐन, (अगस्त) नेपाल टेलिभिजनको स्थापना
१९८६ आम निर्वाचन, पहिलोपल्ट चुनाव पर्यवेक्षण
१९८७ अगस्त १९८५ मा राज्यविरुद्ध अपराधसम्बन्धी ऐनअन्तर्गत जुन महिनामा भएको तथाकथित अपराधसम्बन्धी चार व्यक्तिमाथिको अभियोगमा मृत्यु दण्डको प्रयास, प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्चलगायत मानवअधिकारवादी संघसंस्थाहरूद्वारा विरोध प्रदर्शनका साथै नेपाली मूलका भारतीय नागरिकहरूलाई दबाउने कार्यको विरोध
१९८८ १६ जना तिब्बती भिक्षुहरूको गिरफ्तारी र चिनियाँ अधिकारीहरूसमक्ष सुपुर्दगी
१९८९ खेलकूदसम्बन्धी जातीय विभेदबारे अन्तर्राष्ट्रिय सम्मेलन (१० डिसेम्बर १९८५) (अनुमोदित) (१ मार्च), सर्वोच्च अदालतले हिन्दू धर्म परिवर्तन गरेको अभियोगमा तीन व्यक्तिलाई ६ वर्षसम्म सजाय, अन्य दुई जना क्रिश्चियनहरूमाथि कारबाही, पुलिसद्वारा भक्तपुरमा प्रार्थनामा संलग्न ५२ जना क्रिश्चियनहरूको गिरफ्तारी, "मानवअधिकारबारे जन मोर्चा" भुटानका नेता टेकनाथ रिजालको गिरफ्तारी र भुटान सरकारलाई सुपुर्दगी (१५ नोभेम्बर),
१९९० बहुदलीय व्यवस्थाको प्राप्तिका लागि आन्दोलन, सर्वप्रथम पेशागत समूह (पेशागत एकता समूह) द्वारा मानवअधिकारको उल्लंघनविरुद्ध विरोध, २० मार्चमा सामूहिक गिरफ्तारी, ६ अप्रिलमा ५० जनाभन्दा बढी व्यक्ति शहिद, मानवअधिकारको हनन तथा धनजनको क्षतिका साथै १९९० को आन्दोलनमा भएका घटना र आफ्नो प्राण आहुति गर्ने व्यक्तिहरूबारे अध्ययनका लागि मल्लिक आयोगको गठन, सर्वोच्च अदालतका अर्का न्यायाधीश हिरण्येश्वरमान प्रधानको एक व्यक्ति आयोग र पछि सूर्यबहादुर शाक्यको अध्यक्षतामा आयोगको गठन

(जुलाई), बाल अधिकारबारे अन्तर्राष्ट्रिय सम्मेलन (२० नोभेम्बर) (अनुमोदित), नयाँ संविधान (नोभेम्बर ९)

१९९१ जनप्रतिनिधि निर्वाचन ऐन, निर्वाचन अपराध तथा दण्डसम्बन्धी ऐनद्वारा निर्वाचनसम्बन्धी अपराधको छानबीन, निर्वाचनलाई न्यायिकता प्रदान, आम निर्वाचनसम्बन्धी विधिविधान प्रकाशित (अप्रिल ७), नेकपा एमालेको जन्म, महिला भेदभाव विरूद्धको अन्तर्राष्ट्रिय सम्मेलन (१८ डिसेम्बर १९७९), (अनुमोदित) (२२ अप्रिल), १४ मईमा दोस्रो बहुदलीय आम निर्वाचन (१२ मई) चारवटा अन्तर्राष्ट्रिय सम्मेलनको अनुमोदन (अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकारबारेको स्वयंसेवी १६ डिसेम्बर १९६६ र यातना, अमानवीय व्यवहार तथा दण्डसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन १९४९, नेपाल निजामती कर्मचारी संघका हजारौं व्यक्तिहरूद्वारा शान्तिपूर्ण रूपमा हप्ताव्यापी सरकारी कार्यालयमा भ्रष्टाचार, घुसखोरी तथा कमिशनतन्त्रका विरूद्ध धर्ना

१९९२ प्रहरी निरीक्षकको हत्यामा ५०० भन्दा बढी व्यक्तिहरू पक्राउ (१५ जनवरी), कतिपयलाई पटकौं यातना, ९ जनाको मृत्यु, नेपाल बन्दका सिलसिलामा काठमाडौंको भीडलाई नियन्त्रण गर्दा ७१ जनालाई चोटपटक (अप्रिल ६) बाल-अधिकार कानून तथा श्रम संगठन कानून पारित

१९९३ अपाङ्गहरूलाई विभिन्न सेवा उपलब्ध गराउनका लागि अगस्तभित्रमा विधेयक पारित, मई १६ मा मदन भण्डारी र जीवराज आश्रितको रहस्यमय मृत्युका विरूद्धमा विशाल जनसमूहको प्रदर्शन

१९९४ मानवअधिकार, प्रजातन्त्र, निर्वाचन तथा सामुदायिक नेतृत्वका बारेमा विभिन्न क्रियाकलापको सञ्चालनका लागि मानवअधिकार संस्थाको स्थापना, नागरिक ऐन १९९५ (एघारौं संशोधन) पारित, महिलामाथिको हिंसाविरोधी प्रावधानका साथै राज्यद्वारा दिइने दण्डको खारेजी, रेडियो नेपालबाट पाँचै क्षेत्रमा प्रसारण प्रारम्भ, (अप्रिल २), संयुक्त राष्ट्र संघीय सामाजिक तथा आर्थिक समितिसँग सम्बन्धित मानवअधिकार आयोगमा तीन वर्षका लागि नेपाल निर्वाचित, नेपाल रेडियोबाट क्षेत्रीय भाषाहरूका समाचार प्रारम्भ (अगस्त १७), मध्यावधि निर्वाचन (नोभेम्बर)

१९९५ महिला मन्त्रालयको गठन, दासको किनबेच तथा वेश्यावृत्तिसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (१९४९), (अनुमोदित)

१९९६ मानवअधिकार आयोग विधेयक, यातना क्षतिपूर्ति विधेयक, नेकपा (माओवादी) द्वारा जनयुद्धको घोषणा (फेब्रुअरी १३), सरकारले माओवादीहरूलाई पक्रनका लागि प्रयोग गरेको नागरिक सुरक्षा कानून १९९० अवैध भएको विषयबारे सर्वोच्च अदालतको फैसला, नौ-सदस्यीय सर्वपक्षीय मानवअधिकार संरक्षण सुझाव कार्यदलको गठन, स्थानीय निर्वाचनमा भएका अनियमितताहरूबारे छानबीन गर्नका लागि सरकार तथा प्रतिपक्षी सबैका तर्फबाट संसद्मा सर्वपक्षीय संसदीय समितिको गठन

१९९७ पूर्ण कानूनका रूपमा मानवअधिकार आयोग ऐन, आतंकवादविरोधी कानून पारित गराउने सरकारी प्रयास विफल, स्थानीय चुनावमा कम्तीमा २० % महिला (लगभग ३ हजार ६ सय) गाविसका पदहरूमा (प्रत्येक वार्डमा एकजना महिला) निर्वाचित वा मनोनित हुनु पर्ने प्रावधान

१९९८ सरकारबाट माओवादी गतिविधिको नियन्त्रणका लागि "किलो सेरा टू" कारबाही प्रारम्भ (मई), राज्यद्वारा दिइने दण्डविरूद्धको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी स्वयंसेवी प्रोटोकलबारेको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन (१५ डिसेम्बर, १९८९) (अनुमोदित) (४ जुन)

१९९९ स्थानीय स्वायत्त-शासन ऐन पारित, चौथो आम चुनाव दुई चरणमा (मई ३ र १७)

आफ्नो संस्थाअन्तर्गत मानवअधिकार विभागहरूको स्थापना गरेको कुरा जानकारीमा आएको छ।

नेपालमा मानवअधिकारको बारेमा सचेतताको लामो इतिहास नभए पनि यस शताब्दीभित्र भएका घटनाहरूको अवलोकन गर्दा यसको लागि प्रशस्त संघर्ष भएको देखिन्छ। तालिका २ ले यसको पुष्टि गर्दछ।

यसरी, मानवअधिकारमाथिको सचेततामा आधारित अन्तर्राष्ट्रिय सुरक्षासम्बन्धी अवधारणा दिनानुदिन बढ्दो क्रममा छ। हिजोआज मानवअधिकारको सवाल दातृसंस्थाहरूको शर्तको महत्वपूर्ण अङ्ग बनेको मात्र छैन, श्री ५ को सरकारले समेत सन्धि ऐन पारित गरिसकेको छ। नेपाल थुप्रै अन्तर्राष्ट्रिय मानवअधिकार सम्मेलन, घोषणापत्र प्रोटोकल आदिमा हस्ताक्षरकर्ता राष्ट्रहरूमध्येका एक राष्ट्र भएकाले नेपालका कानूनी पूर्वाधारहरूअन्तर्गत मानवअधिकारका यी आधार तथा मान्यताहरू लागू गर्न सकिने खालका छन्। यसमा अन्तर्विरोधहरू भएका स्थितिमा अन्तर्राष्ट्रिय आधारहरू नै वैध हुन्छन्। तालिका ३ बाट यो कुरा प्रष्ट हुन जान्छ।

सैद्धान्तिक आधारका रूपमा मानिएका **प्रजातन्त्रीकरण विवरणिका, मानवअधिकार मापांक, राजनीतिक स्वतन्त्रता विवरणिका तथा मानव विकास विवरणिका** जस्ता चार परिसूचकहरूका आधारमा ७२ वटा राष्ट्रहरूको तुलनात्मक अध्ययनबाट यी चार विवरणिकाका बीचमा घनिष्टतम सम्बन्ध रहिआएको कुरो देखिएको छ। अन्य एक अध्ययनबाट पनि परिष्कृत शासन-व्यवस्थाबाट नै राष्ट्रको विकास सम्भव छ। तालिका ४ बाट नेपालको स्थिति तुलनात्मकरूपमा स्वतन्त्रताका सम्बन्धमा त्यति तल देखिँदैन जुन उत्साहवर्धक छ।

तालिका ३ : मानवअधिकारबारे तुलनात्मक तालिका

(कोष्ठभित्र दिइएका अंगहरूले विभिन्न धाराहरूलाई बुझाएका छन्)

आधारभूत अधिकार नेपाल अधिराज्यको संविधान १९९०	मानवअधिकारबारे विश्वव्यापी घोषणा १९४८	नागरिक तथा राजनीतिक अधिकारबारे सम्मिलन
समानताको हक (११) नागरिक अधिकार ऐन धर्म, वर्ण, लिंग, जात, जाति वा वैचारिक आस्थाका आधारमा भेदभाव नगरिने हक (दफा ११, उपदफा ३) बाँच्न पाउने तथा वैयक्तिक स्वतन्त्रताको हक (दफा १२) विचार अभिव्यक्तिको स्वतन्त्रता विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता अधिराज्यभर आवत-जावत र बसोबास गर्ने स्वतन्त्रता संघ र संस्था खोल्ने स्वतन्त्रता **फौजदारी न्यायसम्बन्धी हक** (१४) कानून विरुद्धको हक यातना विरुद्धको हक यातना विरुद्ध क्षतिपूर्तिको हक निर्धारित समयाभित्र बन्दीलाई अधिकारीसमक्ष उपस्थित नगराई थुनामा राख्न नपाउने हक **निवारक नजरबन्द विरुद्धको हक** (१५) नागरिक अधिकार ऐन कसैले कानून विपरीत वा बदनियतपूर्वक नजरबन्द राखेमा नजरबन्द रहेको व्यक्तिले क्षतिपूर्ति पाउने हक कानूनद्वारा गोप्य राख्नु पर्ने विषयबाहेकका अन्य सार्वजनिक महत्वका विषयको सूचना माग्ने र पाउने हक (१६) छापाखाना र पत्रपत्रिकासम्बन्धी हक (१३) **सम्पत्तिको हक** (१७) **धर्मसम्बन्धी हक** (१९) **शोषण विरुद्धको हक** (२०) मानिसलाई बेचबिखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा निजको इच्छाविपरीत कुनै किसिमको काममा लगाउन, नाबालकलाई कल कारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने हक **देशनिकाला विरुद्धको हक** (२१) **गोपनीयताको हक** (२२) प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्बर्द्धनका साथै आ-आफ्ना बालबालिकाहरूलाई प्राथमिक तहसम्म आ-आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउने हक (१८) **संवैधानिक उपचारको हक** मौलिक हकमाथि बन्देज लगाइका स्थितिमा संविधानको धारा ८८ मा लेखिएको तरिकाअनुसार दफा (२३) को प्रयोग गरी सर्वोच्च अदालतमा कारवाही चलाउन पाउने हक	सबै मानवका लागि स्वतन्त्रता र समान मर्यादा (१) समान रूपमा कानूनद्वारा संरक्षण (७) जाति, वर्ण, लिंग, धर्म, विचारधारा, पुर्ख्यौली, सम्पत्ति, जन्मस्थान आदिमा आधारित भेदभावको अन्त्य (२) जीवन, मुक्ति र सुरक्षाको हक (३) विचार र अभिव्यक्तिको स्वतन्त्रता (१९) संगठन तथा सभासम्मेलन गर्ने स्वतन्त्रता (२०) यातनाबाट मुक्ति (५) कानूनी दृष्टिमा व्यक्तिका रूपमा मान्यता प्राप्त गर्ने अधिकार (६) दक्ष न्यायालयबाट प्रभावकारी उपचार प्राप्त गर्न पाउने अधिकार (८) स्वतन्त्र न्यायालयबाट सुनुवाइ हुन पाउने अधिकार (१०) सार्वजनिक पूर्पक्षमा अपराध प्रमाणित नहुन्जेलसम्म निर्दोष स्वीकारिनु पर्ने अधिकार (११) गैरकानूनीरूपमा थुन्न नपाइने स्वतन्त्रता (९) सूचनाको खोजी गर्ने, प्राप्त गर्ने वा प्रवाहित गर्ने अधिकार (१९) सम्पत्ति आर्जन गर्न पाउने अधिकार (१७) विचार, स्वविवेक र धर्ममा स्वतन्त्रता (१८) दासत्वबाट मुक्त हुने हक (४) घर, परिवार तथा यस्तै स्थलमा गोपनीयता राख्न पाउने हक (१२) सांस्कृतिक जीवनमा सहभागी बन्न पाउने हक तथा प्रतिलिपि अधिकारको संरक्षण (२७) आफ्नो मुलुक छोड्न पाउने तथा पछि फर्कन पाउने हक (१३) **राजनीतिक शरण सम्बन्धी हक** (१४) **नागरिकतासम्बन्धी हक** (१५) परिवार, विवाह तथा समान दाम्पत्य जीवनसम्बन्धी हक (१६) समान रूपमा सरकार तथा सार्वजनिक सेवामा सहभागी हुन पाउने हक (२१) सामाजिक सुरक्षासम्बन्धी हक (२२) कामसम्बन्धी अधिकार तथा समान काममा समान तलब पाउने अधिकार र मजदुर संगठनमा संलग्न हुन पाउने अधिकार (२३) उपयुक्त घण्टा मात्र काम गर्नु पर्ने तथा बिदामा पनि तलब पाउने अधिकार (२४) व्यक्ति तथा परिवारले खाद्यान्न, आवास, लत्ताकपडा, औषधोपचार तथा सामाजिक सुरक्षाजस्ता जीविकाका न्यूनतम स्तरअनुसार बाँच्न पाउने हक (२५) **शिक्षासम्बन्धी हक** (२६) उपर्युक्त अधिकारहरू प्रदान गर्ने सामाजिक तथा अन्तर्राष्ट्रिय व्यवस्थालाई आत्मसात् गर्न पाउने हक (२८) यस घोषणामा समावेश गरिएका अधिकारहरूको विनाशका लागि कुनै पनि राज्य वा व्यक्तिले यस घोषणालाई प्रयोग गर्ने छैनन् (३०)	कानूनका दृष्टिमा सबै समान हुने हक (२६) भेदभावबाट स्वतन्त्रता (३) जीविकोपार्जनसम्बन्धी हक (६), व्यक्तिगत स्वतन्त्रता र सुरक्षा (९) शान्तिपूर्ण भेला हुने (२१) तथा संगठित हुने हक (२२) स्वतन्त्रतासाथ घुमफिर गर्न पाउने (१२) **कानून विरुद्धको हक** यातना विरुद्धको हक (७) निर्धारित समयभित्र बन्दीलाई अधिकारीसमक्ष उपस्थित नगराई थुनामा राख्न नपाउने हक (९) कैदीले मानवीय व्यवहार प्राप्त गर्न पाउने हक (१०) निष्पक्ष तथा समयमै न्याय प्राप्त गर्न पाउने हक (१४) स्वतन्त्र, निष्पक्ष तथा दक्ष न्यायालय वा न्यायाधिकारीबाट सुनुवाइ हुन पाउने हक (१४) विना कारण थुन्न नपाउने हक (९) क्षतिपूर्तिसम्बन्धी हक **बदनियतपूर्वक व्यवहारका विरुद्ध प्रतिबन्ध** (२०) विचार, स्वविवेक तथा धर्मसम्बन्धी स्वतन्त्रताको हक (१८) दासत्व विरुद्धको हक (८) गोपनीयताको हक (१७) जातीय, भाषिक तथा धार्मिक संघसंस्था गठन गर्ने अधिकार (२७) परिवारसम्बन्धी हक (२३) निष्पक्ष तथा धाँधलीरहित निर्वाचनसम्बन्धी हक (२५) संकटकालीन स्थितिको घोषणाबारे समयमै जानकारी प्राप्त गर्ने हक (४)

२.४ मानवअधिकार सुदृढीकरणको औचित्य

मानवअधिकारको औचित्यलाई परिभाषित गर्ने सैद्धान्तिक आधार निम्नलिखित चारवटा छन् :

राज्यको जवाफदेही सिद्धान्त (Doctrine of State Accountability) : मानवअधिकारको आधारभूत महत्व तथा मानवअधिकारसित प्रजातन्त्र, विकास, राष्ट्रिय सुरक्षालगायत अन्यायका विरूद्ध न्यायका साथै मानवअधिकारका मुख्य प्रकार (राजनीतिक अधिकार एवं आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार) रूपमा सम्बद्ध रहने हुनाले प्रत्येक राष्ट्लाई आफ्ना नागरिकहरूप्रतिको रेखदेख र सुरक्षाप्रति जवाफदेही हुन जान्छ।

राज्यको उत्तरदायित्वसम्बन्धी संज्ञापन (Doctrine of State Responsibility) : राज्य नागरिक तथा राजनीतिक मानवअधिकारको उन्नयनका लागि उत्तरदायी हुने मात्र होइन, सामाजिक, आर्थिक तथा सांस्कृतिक जस्ता सकारात्मक मानवअधिकारका साथै विकाससम्बन्धी अधिकारका निम्ति पनि उत्तरदायी हुन्छ।

प्रवृत्तिगत संज्ञापन (Propensity Proposition) : राजनीतिक व्यवस्थामा मानवअधिकारसम्बन्धी मूल्य तथा मान्यताहरू संस्थागत विकासको अभावका स्थितिमा राज्यका निकाय तथा व्यक्तिहरूबाट हनन हुने नैसर्गिक प्रवृत्ति देखिन्छ। यस्तो प्रवृत्ति नेपालजस्तो विकासोन्मुख मुलुकमा भएको पटक-पटक देखिन्छ।

अप्राप्यता संज्ञापन (Inavailability Proposition) : प्रायजसो विकासोन्मुख मुलुकमा विभिन्न कारणबाट अधिकांश मानवअधिकार प्रभावहीन तथा निष्क्रिय रहेको पाइन्छ। नेपाल यसको अपवादका रूपमा रहेको छैन।

यी संज्ञापनहरूमध्येको पहिलो र दोस्रो संज्ञापनले राज्यलाई उत्तरदायित्वपूर्ण रूपमा मानवअधिकारको हनन रोक्न र अरू कार्य गर्न अभिप्रेरित गराउँछ भने तेस्रो र चौथो संज्ञापनले यसका निवारणात्मक तथा प्रारम्भिक भूमिकामाथि प्रकाश पार्दछन्।

२.५ अधिकारको तेस्रो पुस्ता- तीन फरक आयामहरू

मानवअधिकारका तीन भिन्न पुस्ताहरू मानिएका छन् : (क) नागरिक-राजनीतिक अधिकार, (ख) सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकार र (ग) विकास तथा समुदायसम्बन्धी अधिकार। मानवअधिकारका तीन पुस्तामध्ये पहिलो पुस्ता अर्थात् नागरिक-राजनीतिक अधिकार उच्चतर हुन्छ भन्ने पनि गरिन्छ, जुन सरकार निर्माणका लागि हुने निर्वाचन र सुशासन, कार्यसम्बन्धी व्यवस्थामा निर्भर रहन्छ तर सामाजिक तथा आर्थिक अधिकारहरू स्वतन्त्र निर्वाचनमा निर्भर हुँदैनन् बरू आर्थिक स्रोतमा निर्भर गर्दछन्। अदालतबाट प्राप्त हुने नागरिक अधिकार र निर्वाचन प्रक्रियाबाट प्राप्त हुने राजनीतिक

तालिका ४ : स्वतन्त्रता मापांक, राजनीतिक स्वतन्त्रता अनुक्रमणिका, मानवअधिकार उल्लंघन र एशियाका १० मुलुकहरुमा मानवअधिकारको प्राप्तिको स्थिति

	क				ख					ग	घ
	राजनीतिक अधिकार	नागरिक मुक्ति	संयुक्त मापांक	स्वतन्त्रता मापांक	राजनीतिक सहभागिता	न्यायिक नियम	अभिव्यक्ति स्वतन्त्रता	अविभेद अवस्था	राजनीतिक स्वतन्त्रता विवरणिका	कुल मानवअधिकार उल्लंघन १९९९	अन्तर्राष्ट्रिय मानवअधिकार माध्यमको प्राप्तिसम्बन्धी विवरणिका
अफगानिस्तान	७	७	७	अस्व	१०	१५	१०	२५	१५	५	६
बंगालादेश	२	४	३	दस्व	८०	६६	७०	६०	.६९	४	५
भुटान	७	७	७	अस्व						३	२
चीन	७	७	७	अस्व	१०	५०	२०	७२	३८	३	६
भारत	२	४	३	दस्व	९०	७१	७०	५५	७१.५	४	६
माल्दिभ्स	६	६	६	अस्व						२	४
म्यानमार	७	७	७	अस्व	१०	१३	१०	६५	२४.५	४	४
नेपाल	३	४	३.५	दस्व	४५	६४	६०	६०	५७.३	२	७
पाकिस्तान	४	५	४.५	दस्व	८०	५२	८०	४५	६४.३	३	४
श्रीलंका	३	४	३.५	दस्व	९०	१३	६०	७०	५८.३	४	७

स्रोत : १ : *Freedom in the world*, A. Karatnycky (सम्पा.), Table of Independent Countries; Comparative Measures of Freedom, पृ. ६००-६०२. दस्व= दलगत स्वतन्त्रता, अस्व= दलगत अस्वतन्त्रतास मापन : ७ न्यूनतम, १ उच्चतमरूपमा स्वतन्त्रताको प्राप्ति

स्रोत : २ : *Reflections on Human Development*, Mahbub ul Huq, Annex ५.१ Political Freedom Index of 100 Nations, १९९४; मापन : ० न्यूनतम, १०० उच्चतमरूपमा स्वतन्त्रताको प्राप्ति

स्रोत : ३ *Global Trends: The World Almanac of Development and Peace*, Ingomar Hauchler and Paul M. Kennedy (सम्पा.), Table 5; Carleton-Stohl Political Terror मापन : १ न्यूनतम उल्लङ्घन, १ उच्चतम उल्लङ्घन

स्रोत : ४ : *Human Development Report* १९९९, Table 29; मापन : १ न्यूनतम प्राप्ति, ८ उच्चतम प्राप्ति; प्राप्तिलाई मापांकन, accession, स्वीकृति, जनाउ वा succession, मापांकन कुनै एक वा एकभन्दा बढी आठवटा अन्तर्राष्ट्रिय मानवाधिकार सूचक *instrument* द्वारा परिभाषित गरिएअनुसार

अधिकारका बीचमा हुनसक्ने सम्भावित अन्तर्द्वन्द्वले आधारभूत महत्व राख्दछ। निर्वाचित बहुमतको मताधिकार र अल्पमतको न्यायोचित अधिकारका बीचको तनाव बहसको मुद्दा बन्दै गएको छ। अल्पमत तथा बहुमतका बीचको यो अन्तर्द्वन्द्वले थप अन्तर्विरोधलाई तत्कालै निम्त्याउँछ।

अधिकारको तेस्रो पुस्ता अर्थात् विकासको अधिकार एवं समुदायको आत्मनिर्णयसम्बन्धी अधिकार अन्ततः अन्तर्समावेशी तथा समष्टिगत प्रकृतिका छन्।

२.६ मानवअधिकारको हनन : प्रकारगत वर्गीकरण

मानवअधिकारको हननको सन्दर्भमा राज्य नै लक्षित हुने गर्दछ र धेरै मानवअधिकारको हनन भएका कतिपय अपराधमूलक घटनाहरूमा प्रायः जसो राज्य नै संलग्न भएको पाइएको पनि छ। तर राज्यका अतिरिक्त मानवअधिकारको हननमा जिम्मेवार रहिआएका अन्य कैयन् पक्षहरू पनि छन्।

मानवअधिकारका तीन भिन्न पुस्ताका सम्बन्धमा हुने अधिकारको हननलाई गुणात्मक रूपमा नै विभेद गर्न पनि सकिन्छ। तर नेपालको प्रजातान्त्रिक प्रक्रियाको समग्र विकासमा यिनीहरूको स्वरूप र यिनीहरूका बीचमा हुन सक्ने प्रभावजन्य निष्कर्षबारे विस्तृत रूपमा छलफल नगरिकन यस प्रकारको मानवअधिकारको हनन हुनसक्ने सामाजिक तथा राजनीतिक अवस्थालाई सामान्य रूपमा लिनु बढी सान्दर्भिक होला। यसरी हेर्दा नेपालमा हुने मानवअधिकारको हनन निम्न किसिमका छन् :

१. **राज्यमा आधारित अधिकारको हनन** : संसारभरमै सरकारलाई मानवअधिकारको सम्भाव्य हननकर्ता मानिएको छ।

२. **संस्थागतरुपमा अधिकारको हनन** : शक्तिसित सम्बन्धित भएका, गोप्य रूपमा कार्य गर्ने, संस्थागत आधिकारिकता प्राप्त गरेका वा यस्तो आधिकारिताको प्रभाव पार्न सक्ने कतिपय निकाय जस्तै सेना, प्रहरी तथा यस्तै अन्य अङ्गहरूले संस्थागत अधिकारको हनन गर्ने गर्दछन्। यस सन्दर्भमा विभिन्न प्रकारका हातहतियारहरूको उत्पादन, विकास र संग्रह गर्ने स्वार्थका साथै हरेक राष्ट्रको सैनिकले प्रयोग गर्ने साधनहरूको उत्पादन गर्ने जटिल संयन्त्र नै मानवअधिकारको हननको प्रमुख सम्भाव्य स्रोतका रूपमा देखिएका छन्। बहुराष्ट्रिय तथा बहुक्षेत्रीय युद्ध तथा सैनिक कारबाहीबारेको गोप्य सम्बन्धबाट मानवअधिकारहरूको उल्लंघन पनि भएका छन्।

३. **परम्पराजन्य अधिकार, समुदायबाट हुने अधिकारको हनन**: संस्कृतिको जगका रूपमा रहेका परम्परा र रितिथितिद्वारा स्वीकार गरिएका तथा वैध मानिएका, कुनै न कुनै रूपमा धार्मिक परम्परामा अडेका रूढिहरू (जातमा आधारित भेदभावलाई सबैभन्दा प्रचलित उदाहरण मान्न सकिन्छ)

४. **संगठित तहबाट हुने हनन** : पेशेवार जमात वा अपराधमा संलग्न समूहहरू।

५. **पारिवारिक तहबाट हुने हनन** : पारिवारिक तहबाट हुने मानवअधिकारको हनन त्यहाँ हुन्छ जहाँ सहअपराध, सम्मति र मुलाहिजा जस्ता विषयहरू रहेका हुन्छन् र यिनीहरूले विभिन्न प्रकारका अधिकारहरूको हननमा बेग्लाबेग्लै वा एकैसाथ काम गर्दछन्। यीमध्ये सबैभन्दा प्रचलित मानवअधिकारको हननहरूमा महिलाहरू (दाइजोको कारणबाट हुने मृत्यु), केटाकेटीहरू तथा नोकर-चाकरलाई दिइने यातनाहरू उल्लेखनीय छन्।

६. **वैयक्तिक तहबाट हुने हनन** : व्यक्तिद्वारा हुन सक्ने घोर अपराधहरू परिस्थिति तथा मनोरचनाबाट घटित भएका हुन्छन्। स्पष्टतः व्यक्तिको स्थापित ओहदा जति जति माथि हुन्छ त्यति नै उसका महत्वाकांक्षा र शक्ति पनि बृहत्तर हुँदै जान्छन् र मानवअधिकारको हननको प्रवृत्ति पनि त्यत्तिकै मात्रामा बढ्दै जान्छ। यसरी महत्वाकांक्षाका कारणले हिंसाको प्रदर्शन हुन्छ र त्यस्तो प्रवृत्तिलाई नियन्त्रणका लागि उच्च तहको व्यवस्था अपेक्षित पनि हुन्छ। संयुक्त राष्ट्र संघ वा सार्कजस्ता क्षेत्रीय स्तरका अन्तर्राष्ट्रिय संस्थाहरू, राज्य, राष्ट्र एवं सामुदायिक एकता समूह तथा गैरसरकारी संघसंस्थाहरूले कतिपय तल्लो तहमा हुने गरेका विभिन्न खालका अधिकारको हननलाई प्रभावकारी रूपमा रोक्न सक्छन्।

२.७ नेपालमा मानवअधिकारको हनन

हुन त लामो समयसम्म मानवअधिकारको हननसम्बन्धी तथ्यांक प्राप्त गर्न सकिएन तैपनि नब्बेको दशक (१९९२-१९९९) तिर संकलन गरिएका मानवअधिकारको हननसम्बन्धी सूचनाहरूतर्फ दृष्टि दिँदा मानवअधिकार हननको पद्धति के कस्तो रहेको छ भन्ने कुरा बुझ्न सकिन्छ। तालिका १ बाट प्राप्त तथ्यांकलाई (फिगर) १ (क, ख, ग, घ) मा परिणत गरिएको छ। यसरी हेर्दा देखापर्ने केही निष्कर्षहरू निम्नानुसार छन् :

१. यी वर्षहरूमा मानवअधिकारको हननको मात्रा बढ्दो स्थितिमा छ;
२. राज्य र राज्यइतर अन्य क्षेत्रबाट भएका मानवअधिकारको हननका बीचको दूरी निकै फराकिलो छ (चित्र १ क);
३. सामान्यतया पीडितहरूको समग्र संख्याले बढ्दो प्रवृत्तिलाई देखाएको छ;
४. राज्यबाट हुने हत्यासम्बन्धी घटनाहरूको समानुपातिक आवृत्तिभन्दा राज्यइतर अन्य क्षेत्रबाट भएका हत्यासम्बन्धी घटनाहरूको समानुपातिक आवृत्ति निकै बढी छ (तालिका ५) जसबाट समग्रतामा राज्य तथा राज्यइतर क्षेत्रबाट भएका घटनाहरूको समग्र आवृत्ति मिल्दोजुल्दो देखिन्छ (टिप्पणी : हुन त राज्यइतर क्षेत्रबाट भएका घटनाहरू दोहोरिने जेजस्तो अनुपात छ त्यसले राज्यबाट भएका घटनाहरूको आवृत्तिको अनुपातलाई नाघेको छ तापनि *राज्यबाट भएका घटनासम्बन्धी अनुपात राज्यइतर क्षेत्रबाट*

हुन त पछिल्ला घटनाहरूमा राज्यद्वारा भए-गरेका हत्यासम्बन्धी वास्तविक संख्या निकै बढी छ तापनि राज्यइतर क्षेत्रबाट भएको उल्लंघनका घटनाहरूले राज्यबाट भएका घटनाहरूलाई उछिन्ने कुरा भने उल्लेखनीय छ। यसबाट के कुरा स्पष्ट हुन्छ भने माओवादीहरूझैं जनताहरू संगठित नभएसम्म आम रूपमा निर्णायक किसिमको हिंसालाई थोपर्न सक्ने योग्यता सीमित रूपमा मात्र हुन सक्ने देखिन्छ।

२.८ १९९० भन्दा पहिलेको मानवअधिकारको अवस्था

संगठित किसिमले प्रतिस्पर्धात्मक रूपमा राजनीतिक दलहरूको निर्माणमा प्रतिबन्ध लागेको हुनाले पञ्चायती निर्वाचन विकल्पविहीन निर्वाचन थियो। आफ्नो अधिकारको निरन्तरतताका लागि शासकहरू निर्वाचन सञ्चालनमा सकारात्मक जनसमर्थन जुटाउन चाहन्थे। यस प्रकारको समर्थन सहज रूपमा आएको हो वा शक्तिबाट आएको हो भन्ने विषयमा उनीहरूले ज्यादै थोरै मात्र चासो लिन्थे। यस प्रकारको परिस्थितिमा छनोट गर्ने काम रिचार्ड रोजले भनेझैं "स्थापित राजनीतिक व्यवस्थाभित्र शासकलाई परिवर्तन गर्ने नभई उल्टै स्थापित अधिकारीहरूलाई नै भरथेग गर्ने वा त्यसैको नक्कल गर्ने" हुन्थ्यो। नागरिक सुरक्षा कानून, राज्य अपराध सम्बन्धी कानून तथा संघ संस्थासम्बन्धी कानूनहरूको प्रयोग व्यवस्थाको आलोचना गर्ने नागरिकहरूका विरूद्ध हुने गर्थ्यो। एम्नेष्टी इन्टरनेशनलको १९८७ को प्रतिवेदनले मानवअधिकारको हननका कतिपय पक्षमाथि प्रकाश पारेको छ जुन त्यस बेला ज्यादै सामान्य थिए। त्यस बेलाका घटनाले तत्कालीन न्यायिक प्रक्रियालाई निर्धारण गर्दछ (कर्ण हयोंजूको हत्याको घटना स्थलमा अध्ययन-अनुसन्धान गर्नका लागि २२ दिन लाग्यो)। यस सम्बन्धमा ऋषिकेश शाहले के टिप्पणी गरेका छन् भने राजनीतिक तथा मानवअधिकारवादीहरूले असुरक्षितताको संसारमा रहनुपर्‍यो। तिनताकका राजनीतिक आन्दोलन तथा भएका घटनाहरूका तुलनामा भने निकै नै बढी छन् *किनभने राज्यले जनसमूहमाथि पार्न सक्ने असर भने तुलनात्मक रूपमा निकै नै बढी हुन्छ।* जनता संगठित नभएसम्म राज्यबाट चालिएका जुनसुकै कदमले जनसंख्याको ठूलो भागलाई प्रभावित पार्न सक्छ।

५. गिरफ्तारी तथा यातनाका सन्दर्भमा हुने प्रताडनाको अनुपात स्पष्ट देखिंदैन;
६. राज्यइतर क्षेत्रबाट भएका हननका घटनाको आवृत्ति (**चित्र १**) तथा हत्यासम्बन्धी संख्या (**चित्र १** ग) का अतिरिक्त १९९५ मा नेकपा एमालेको नौमहिने शासन कालमा हननसम्बन्धी घटनाको आवृत्तिको रेखा तल झरेको छ। यो दृश्य निकै नै चाखलाग्दो देखिन्छ र यसलाई फरक फरक कोणबाट व्याख्या गर्नु सम्भव छ - जनप्रदर्शनमा शक्तिको प्रयोगलाई नियन्त्रण गर्न सक्ने एमाले सरकारको क्षमताका साथै क्रान्तिकारी आन्दोलनको अभाव ("जनयुद्ध" यसको एक वर्षपछि अर्थात् १९९६ मा प्रारम्भ गरिएको थियो)। आफैंमा एक संगठित राजनीतिक शक्तिका रूपमा रहेको र विरोधमा खुला प्रदर्शन गर्न पनि सक्षम नेकपा एमाले स्वयं सरकारमा थियो।
७. अन्तमा उल्लंघनसम्बन्धी निम्नलिखित सूचकहरू पनि उल्लेख्य छन् :
   - क. **गिरफ्तारीको अनुपात** = ३६.८% (आधारभूत रूपमै बृहत्तर)
   - ख. **राज्य : राज्यइतर क्षेत्रबाट भएको उल्लंघन अनुपात** = २३:१००
   - ग. **हत्याको अनुपात** (हत्या गरिएकाहरूको कुल संख्या ÷ अधिकारको हननबाट पीडितहरूको कुल संख्या) = ६.३%
   - घ. **राज्य : राज्यइतर क्षेत्रबाट भएको हत्याको अनुपात** =१.३:१००

तालिका ५ : नेपालमा मानवअधिकारको हननसम्बन्धी तथ्यांक

	जम्मा				हत्या				गिरफ्तारी र यातना	
	अधिकारको हनन			पीडितहरूको	अधिकारको हनन			पीडितहरूको	राज्यद्वारा	पीडितहरूको
वर्ष	राज्यद्वारा	अन्यद्वारा	जम्मा	संख्या	राज्यद्वारा	अन्यद्वारा	जम्मा	संख्या	हनन	संख्या
१९९२	११४	१७९	२९३	१,०५४	१४	७३	८७	१२२	७०	४८७
१९९३	३२९	५२३	८५२	४,४९३	३५	२२७	२६२	३०३	२२८	३,१७०
१९९४	२४७	६४४	८९१	४,२१५	६	२९४	३००	३३३	२०२	३,०९१
१९९५	१५३	९२४	१०७७	२,२८६	९	२६२	२७१	३९०	१०७	८०२
१९९६	४३८	१,१७५	१६१३	४,३४३	३८	३८२	४२०	४६०	२२५	२,४६३
१९९७	४४९	१,९३९	२३८८	६,२३८	२४	३६२	३८६	४१९	२८१	१,५६८
१९९८	१,०२०	१,९६३	२९८३	७,६३६	१७८	४२९	६०७	८२६	५७७	२,६६५
१९९९	७८३	२,२४०	३०२३	४,९१५	१४९	५२०	६६९	८८२	४१२	१,१२९
जम्मा	३,५३३	९,५८७	१३,१२०	३५,१८०	४५३	२,६४९	३,१०२	३,७३५	२,११२	१५,३७५

स्रोत : मानवअधिकार वर्ष पुस्तक १९९६ र इन्सेक प्रतिवेदन १९९९

चित्र १ : मानवअधिकार उल्लंघनको प्रवृत्ति (१९९२-१९९९)



(क) मानवअधिकार उल्लंघन संख्या

(ख) जम्मा पीडित संख्या

(ग) हत्या गरिएकाहरुको संख्या

(घ) गिरफ्तारी र यातनाका पीडित संख्या

विरोधहरू र सडक आन्दोलनहरूमा थुप्रैले जीवन गुमाउनु पऱ्यो उदाहरणार्थ भक्तपुर (फेब्रुअरी १७, १९६२), झापा (मई १७, १९७१), जदुकोहा (सेप्टेम्बर १७, १९७२), ओखलढुङ्गा (डिसेम्बर १९७२), सुखानी (मार्च ४, १९७३), छिन्ताङ (अक्टोबर, १९७९), पिस्कर (जनवरी १९, १९८४), सुरजपुरा (मार्च ३, १९८४) तथा देउमाई आदि।

३.१ नेपालमा मानवअधिकारको संस्थागत विकास

नेपालमा मानवअधिकारको संस्कृतिलाई संस्थागत रूपमा विकास गर्ने अवधारणा एक्कासी आएको हो, जसको विकास गर्ने त्यतिसारो अवसर उपलब्ध हुन पनि सकेको छैन। तैपनि यस विचारलाई मूर्त रूप दिन र नागरिक चेतना सामान्य अवस्थामा रहेको नेपालको सामाजिक परिवेशमा यसलाई अधिकारमा आधारित व्यवस्थाका रूपमा संस्थागत तहमा स्थापित गर्ने काम भने निकै नै कठिन बन्दै गएको छ। समग्र जनसंख्याको दश भागको छ भाग जनता निरक्षर छन् र अभिव्यक्ति-स्वतन्त्रताको हकका बारेमा पनि पूरै अनभिज्ञ रहेका छन्। यसै गरी सत्तरी प्रतिशतभन्दा बढी जनता गरीबीको रेखामुनि रहेका छन्। यसमा मानवअधिकारलाई एक राष्ट्रिय समस्याका रूपमा अहिलेसम्म पनि अनुभूत गर्ने विषयमा देखापरेको असफलता नै अझ व्यवधानको रूपमा देखिएको छ। यो कुरो पोल्सानले गरेको १९९१ को निर्वाचनभन्दा पहिलेको सर्वेक्षणले देखाएको छ। यसपछिका चार वर्षहरूमा यस विषयमाथि व्यापक रूपमा उत्साह उत्पन्न भएको छ र यसलाई निकै सजिलोसित उन्नत अवस्थामा लैजाने विषयमा हाम्रा आकांक्षा तथा उमङ्गहरू पनि अझ उच्चतर बन्दै गएका छन्। नेपालमा मानवअधिकारलाई हरेक व्यक्तिले भकुन्डोलाई जस्तै गरी उफारेर माथि माथि हान्ने गरेको देखिन्छ तर यो भकुन्डो कुन दिशातिर हानिएको छ, उनीहरूलाई बेलाबेलामा अत्तोपत्तो नभएको जस्तो देखिएको छ।

नेपालमा मानवअधिकारको समस्या जटिलरूपमा रहेको छ। मानवअधिकारको सुरक्षाको अनौपचारिक माध्यमहरू नेपाली समाजका अन्य शक्ति केन्द्रका तुलनामा निकै नै कमजोर भएकाले यो समस्या अझ जटिल हुन गएको हो।

विगत तीन दशकपहिले बनेका नेपालको मुलुकी ऐनलगायत् अन्य कतिपय ऐनका थुप्रै प्रावधानहरू जसरी कागजमा मात्रै थन्किए, त्यही रूपमा यदि मानवअधिकारसम्बन्धी विभिन्न कानून, सम्झौता तथा प्रतिबद्धताहरू नथन्किई दिगो रूपमा क्रियाशील हुनका लागि यसको रूपरेखा, यसबारेको अनुभव र समाजशास्त्रीय अनुसन्धानबाट निस्केको निष्कर्षमा आधारित हुनु पर्दछ। समग्रतामा, यसको जग अवधारणात्मक रूपमै दरिलो हुनुपर्दछ। यो स्पष्ट सैद्धान्तिक रूपरेखामा, ठोस रूपमा अडेको हुनुपर्दछ र यसका लागि दृढ रणनीतिको तर्जुमा पनि गरिनु पर्दछ।

आधारभूत रूपमा नेपालमा मानवअधिकारसित सम्बद्ध सवाललाई निम्नानुसार मोटामोटी तीन विषयमा राख्न सकिन्छः

- त्यस्तो विषय जसमा आधारभूत रूपमा कसैको पनि असहमति हुँदैन
- त्यस्तो विषय जसले सामान्य विवादलाई निम्त्याउन सक्छ र जसबारे बहुसंख्यक विचारहरूलाई आधार मानेर वा यस्तै अन्य माध्यमहरू अपनाएर समाधान निकाल्न सकिन्छ।
- त्यस्तो विषय जसबारे थुप्रै बहसहरू हुन सक्छन् र जसको पूर्वानुमानित भविष्य नै विवादास्पद रूपमा रहन सक्छ। उदाहरणका रूपमा "समुदायको आत्मनिर्णयसम्बन्धी अधिकार" लाई लिन सकिन्छ। यसअन्तर्गत मानवअधिकारको निश्चित परिभाषा तथा त्यसको सार्वभौम स्वीकार्यता अन्य दुई सवालहरू पनि पर्दछन्।

३.२ निर्वाचन मध्यस्थताको औचित्य

यदि "बहुजातीय तथा बहुभाषिक समाजमा अन्तर्द्वन्द्वको व्यवस्थापनले मुख्य महत्व राख्दछ" भने नेपालको सन्दर्भमा पनि यस प्रकारको अन्तर्द्वन्द्वको समुचित व्यवस्थापन स्वतः आवश्यक हुन्छ। हामीकहाँ यस प्रकारको अन्तर्द्वन्द्वको व्यवस्थापन प्रकृति अस्थिर किसिमको छ। यसैले विद्यमान परिस्थितिमा यस भेगका लागि हुनु पर्ने जातीय रणनीतिको प्रकृति तथा यस विषयको विशिष्ट विशेषताले भविष्यमा अझ बढी अस्थिरता ल्याउन सक्ने देखिन्छ।" यस सन्दर्भमा निर्वाचनसम्बन्धी मध्यस्थताले ठूलो महत्व राख्न सक्ने कुरा स्पष्ट छ।

नेपालको वर्तमान निर्वाचन व्यवस्थापनसम्बन्धी मुख्य समस्याको सृजना नै भारतीय निर्वाचन प्रणालीको अन्धानुकरणबाट भएको देखिन्छ। बहुरूपात्मक सामाजिक बनोटका कारणबाट स्वयं भारतमा नै यो व्यवस्था ब्रिटिश पद्धतिको बीजारोपणको आदर्श स्थल बन्न सकेको छैन। एलेक्सी टाकवीलद्वारा प्रतिपादित "बहुसंख्यकहरूबाट सम्पन्न हुन सक्ने सफल शासन प्रणालीका तीन आधारहरू" मध्ये एकै आधारलाई पनि नेपाल तथा भारत दुवै देशका वर्तमान राजनीतिक व्यवस्थाले पूर्ति गर्न सक्दैनन्। यी दुवै देशमा न त उच्च स्तरको एकात्मक रूपको समाज छ न त बहुसंख्यक जनताहरूमा बहुमतको सिद्धान्तप्रतिको आधारभूत प्रजातान्त्रिक सचेतता नै देखिन्छ। वास्तवमा देशका एकतिहाइ मतदाताहरू बहुमतको सिद्धान्त तथा समानुपातिक प्रतिनिधित्व पद्धतिबीचको हुने फरकलाई छुट्याउन सक्दैनन् (यसबारेको वास्तविक संख्या यसभन्दा बढी हुनसक्छ) यस प्रकारको परिस्थितिमा तेस्रो अवस्थाको प्राप्तिको सम्भावना त अझ कता हो कता टाढाको विषय हुन जान्छ : निकट भविष्यमै अल्पसंख्यकहरू बहुसंख्यकका रूपमा विकसित हुन सक्ने स्थिति पनि देखिँदैन। दुवै देशमा विगत तीन दशकमा भएका मतदानको प्रवृत्तिले प्रचलित (पपुलर) मतको बाँडफाँडमा सन्तुलित रूपमा केही मात्र तलमाथिको स्थितिलाई देखाएका छन्। यसले के बुझाउँछ भने भविष्यको चुनावको झुकाउ बहुमतमुखी प्रवृत्तितर्फ भन्दा पनि बहुपक्षीय प्रवृत्तितर्फ रहेको छ। यस प्रवृत्तिले सामाञ्जस्यपूर्ण गठबन्धनको पद्धतितर्फ नै सक्रिय रूपमा संकेत गरेको छ।

यहाँ राज्यको विभक्त/खण्डीकृत बहुजातीय तहगत सम्बन्धमा आधारभूत संज्ञापन (proposition) **बहुमतले शासन गर्ने प्रजातान्त्रिक व्यवस्थाले** सहमति तथा अनुमोदन सृजना गर्न सक्दैन जुन कुरा अपेक्षित प्रतिनिधित्वपूर्ण प्रजातान्त्रिक व्यवस्थाले भने गर्न सक्छ। बहुमतले शासन गर्ने व्यवस्थाका ठाउँमा उपयुक्त अन्तर्मिश्रित बहुमतले शासन गर्ने व्यवस्था तथा समानुपातिक प्रतिनिधि व्यवस्थाले गठबन्धनका विरूद्धमा उठ्ने गम्भीर समस्याको समाधानका लागि एकल संक्रमणीय मतको पूर्वाधारको सृजना गर्न सक्छ। बहुमतले शासन गर्ने व्यवस्थाको मुख्य खतरा के हो भने यसमा "सरकारमा बहुमतमा रहेका तर राष्ट्रिय स्तरको संख्यामा हेर्दा भने अल्पसंख्यकका रूपमा रहेका व्यक्तिहरूले" -शासन गर्ने अवस्था सृजित हुन्छ। समानुपातिक प्रतिनिधित्वको सिद्धान्तमा राजनीतिक दलमा विभाजन हुन सक्ने गम्भीर खतरा पनि रहन सक्छ तर यसलाई राजनीतिक दलहरूले प्राप्त गरेको मतको सापेक्षित उच्चतम मात्राका आधारमा उनीहरूले प्रतिनिधित्व गर्ने परिपाटीबाट समाधान गर्न सकिन्छ। यसले राजनीतिक दलहरूमा हुने विभाजनलाई निस्तेज तुल्याउँछ र द्विदलीय प्रणालीको विकासतर्फ अभिप्रेरित गर्दछ। सन्तुलन प्रक्रियाका लागि अर्को विकल्प पनि हुनसक्छ। बहुसंख्यक तथा समानुपातिक व्यवस्थाको समन्वयबाट पनि यो कुरो सम्भव छ। यसबारे जर्मन सदनले दुवै व्यवस्थामा सिटको बराबरी बाँडफाँड गरिने व्यवस्था प्रस्तावित गरेको छ। संवैधानिक निकायको प्रतिनिधित्वमा यस प्रकारको अन्तर्मिश्रणले दुवै व्यवस्थाका कमी-कमजोरीहरूलाई कम गर्दछन्।

निर्वाचन क्षेत्रको निर्धारणले पनि विभिन्न जातीय समूहहरूको सापेक्षित शक्तिमा मुख्य भूमिका खेल्दछ। यसरी

नेपालको वर्तमान निर्वाचन व्यवस्थामा क्षेत्रनिर्धारण पक्षवारे पनि सावधानीपूर्वक विचार गरिनु पर्दछ। तर यो पक्ष कुनै न कुनै रूपमा उपेक्षित विषयमध्येको एक बनेको छ। राज्यभित्र मिश्रित रूपमा रहेको जातीय समुदायलाई निर्वाचन परिवेशमा समायोजन गर्नुपर्ने आवश्यकताका साथ उच्च तहदेखि जिविस तथा गाविस सम्मका विभिन्न निकायसम्ममा सम्बन्धित क्षेत्रका अधिकांश समस्याहरूलाई कम गर्नका लागि लामो समयसम्म बिस्तार बिस्तार तर प्रभावकारी रूपमा विकास, प्रतिनिधित्व, तथा वर्तमान निर्वाचन कार्यप्रतिको विकेन्द्रीकरणलाई कायमै रहन दिनु पर्दछ । यो कार्य मतदाता नामावली तयारका लागि प्रभावकारी संयन्त्रको कार्यान्वयन तथा संस्थागत विकास र स्थानीय तहमा सुरक्षा र जातीय अन्तर्द्वन्द्वको व्यवस्थापनबाट गर्न सकिन्छ।

"विभिन्न संस्कृतिका विविधताहरू स्पष्ट रूपमा देखिने बहुलवादी मुलुकहरूमा सारभूत रूपमा प्रजातान्त्रिक आदर्शको परिपालन कम मात्रामा देखापरेको" हुनाले नेपालको समकालीन राष्ट्रिय यथार्थताले बहुसामाजिक विशेषता र अल्पसंख्यक मतको प्रतिनिधित्वसमेतको संयुक्त सहमेलबाट सरकारको निर्माण हुने सहसामाजिक प्रजातन्त्रको अपेक्षा गरेको छ। यस सन्दर्भमा मलेसियालाई सफल उदाहरणका रूपमा लिन सकिन्छ।

३.३ निर्वाचनको प्रजातन्त्रीकरण : यसले के गर्छ ?

निर्वाचनको प्रजातन्त्रीकरणले मानवअधिकारमा आधारित व्यवस्थाको विकास गर्दछ भन्ने कुरा स्वयंसिद्ध तथ्य हो। यसले वास्तविक अर्थमै परिणाममा विविधता ल्याइदिन्छ र व्यवस्थाको दिगोपनाका लागि यस्ता विविधताहरू आ-आफ्नै ढंगमा कार्यान्वित हुने पनि गर्दछन्। अन्ततः यस्ता कार्यहरूमध्ये स्पष्ट रूपमै देखिने एउटा कार्य हो - निर्वाचित नेतृत्वमा शक्तिको नियन्त्रण र सन्तुलनको प्रक्रियालाई संस्थागत तुल्याउने र नियन्त्रित सरकारको निर्माण। अर्को पक्ष चाहिँ शक्तिशाली सञ्चार-माध्यम, नागरिक शक्ति तथा खुला एवं प्रजातान्त्रिक राजनीतिक प्रक्रियामार्फत् नागरिक समाजको विकासलाई अभिवृद्धि गर्नु हो। यसरी राजनीतिक दलहरूका बीचको चुनावी प्रतिस्पर्धाले सरकारी नीतिमाथिको खुला आलोचनालाई सम्भव तुल्याउने मात्र नभएर प्रजातान्त्रिक व्यवस्थाको आधारभूत विशेषतासमेत प्रदान गर्दछ। बहुदलीय प्रजातान्त्रिक व्यवस्थाले स्वभावैले वैकल्पिक विचारहरूलाई दृढ रूपमा आत्मसात् गर्दछ। कानूनी राज्यको स्थापना, सरकारी तथा सरकारद्वारा नियन्त्रित सञ्चार-माध्यमको निजीकरण, प्रभावकारी रूपमा सेना तथा प्रहरीहरूका बीचमा समन्वय र नियन्त्रण, स्वतन्त्र न्यायालयको विकास, पूर्ण स्वतन्त्रताको प्राप्ति र मानवअधिकारमाथिको सम्मान आदि सबै संसदीय प्रजातन्त्रमा सम्भव हुन सक्छन्। यसका साथै प्रजातान्त्रिक निर्वाचनहरूले स्थिर रूपमा राष्ट्रिय सामञ्जस्य कायम गर्ने कार्यमा पनि राम्रो योगदान दिएका देखिएका छन्। निर्वाचनको प्रजातन्त्रीकरणले व्यक्तिको उच्च अभिलाषालाई नियन्त्रित पनि गर्दछ। यो निर्वाचनको प्रजातन्त्रीकरण प्रक्रिया हो। खुला परिवेशमा रहेको (बहुदलीय) संसदीय प्रजातन्त्रमा बन्द राजनीतिक व्यवस्थाका तुलनामा भ्रष्टाचारलाई राम्ररी पर्दाफास गर्न सकिन्छ र यसलाई नियन्त्रण गर्न पनि सकिन्छ। खुला निर्वाचन प्रणालीका अभावमा कुनै एक वा बहुसंख्यक रूपमा रहेको कुनै समुदायको आधिपत्य बढ्न सक्ने सम्भावना हुन्छ तर बहुसंख्यक जाति तथा जनजातिहरू भएको समाजमा पनि खुला निर्वाचन प्रतिस्पर्धाको सम्भावनाले गर्दा बहुसंख्यक रूपमा रहेको समूहद्वारा एकांकी नियन्त्रणको सम्भावना पनि हराउँछ। अल्पसंख्यक वा बहुसंख्यक जेसुकै भए तापनि उनीहरूका बीचमा सहकार्य र गठबन्धनको सम्भावना सँधै रहिरहेको हुन्छ। हालसम्म यस किसिमको प्रवृत्ति देखिएको हुनाले संसदीय प्रजातन्त्र क्रमशः नागरिक अधिकारका सन्दर्भमा अझ विकसित र विस्तारित हुँदै गएको छ।

निर्वाचन प्रणालीको प्रजातन्त्रीकरणका साथै राजनीतिक निकायका अन्य अङ्गहरूको प्रजातन्त्रीकरणमा दिइने दबाबका धेरै उपायहरूबारे विचारविमर्श गर्न सकिन्छ तर मानवअधिकारमा आधारित पद्धतिको जोड दिने सन्दर्भमा भने निम्नलिखित आधारहरू नै मुख्य रूपमा सान्दर्भिक हुने देखिन्छन् :

- सामाजिक कार्यकर्ता, राजनेता र अन्य समुदायका प्रभावशाली तथा आधिकारिकता-प्राप्त व्यक्तिहरू, जनसमुदायहरू आदिद्वारा खेलिएको व्यक्तिगत भूमिका
- सामाजिक संघसंस्थाहरू, जस्तै : गैरसरकारी संघसंस्था, सामुदायिक संघसंस्थाहरू, मानवअधिकारवादी संघसंस्थाहरू तथा पेशागत संघसंस्थाहरू
- राजनीतिक दलहरू
- सरकारको कार्यकारी निकाय
- पुनरावेदन तथा जिल्ला तहका अदालतका साथै सर्वोच्च अदालत
- संविधानअन्तर्गत आयोगको गठन, निर्वाचन आयोग, मानवअधिकार आयोग, निर्वाचन अदालत, महालेखा परीक्षक तथा महान्यायाधिवक्ताको कार्यालय
- स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका निरीक्षण, मूल्यांकन र अनुगमन गर्ने समूहहरू
- दातृसंस्थाहरू, विदेशी नियोगहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरू, मानवअधिकार समर्थक सरकारहरू र तिनका नेपाली सहयात्रीहरूसित अन्तर्क्रिया गर्ने अङ्गहरू तथा प्रतिनिधिहरू जसको मानवअधिकार तथा प्रजातन्त्रबारेको शर्त र दबावले संसद् र यसका समितिहरू क्रियाशील हुन सक्छन्
- भौगोलिक क्षेत्रमा आधारित संस्थाहरू जस्तै सार्क तथा यसका अन्य निकायहरू
- संयुक्त राष्ट्र संघ र यसका अन्य अङ्गहरूको सक्रियता

४. निश्कर्ष

नेपालमा मानवअधिकार तथा अधिकारमुखी राजनीतिको विकासका लागि गरिएको यस छलफलको सारांश निम्नानुसार छ :

नेपाली राज्य-व्यवस्थाको लक्षण खुला र उदारतामुखी प्रकृतिको रहेको छ र यसको व्यवस्थापन क्षमता कमजोर खालको देखिएको छ तापनि मानवअधिकारको संस्थागत विकासका लागि यसका सकारात्मक सम्भावनाहरू पनि रहेका देखिन्छन्।

मानवअधिकारको संस्थागत विकासका लागि निर्वाचनको प्रजातन्त्रीकरण सबैभन्दा पहिलो पूर्वाधारका रूपमा रहेको देखिन्छ।

नेपाली समाजका विभिन्न जातिगत समूह तथा सुविधाविहीन जनसमुदायका अपेक्षाहरू बढिरहेका छन् र तिनको परिपूर्तिका लागि आम रूपमा सामाजिक परिचालन पनि अग्रगतिमा बढिरहेको छ। यस परिप्रेक्ष्यमा, अग्रगतिमा बढिरहेको सामाजिक परिचालनको यस प्रवृत्तिले निर्वाचनको सुधारसम्बन्धी शक्तिशाली कार्यक्रम (प्याकेज) लाई ग्रहण गर्नुपर्ने आवश्यकतातर्फ संकेत गरेको छ।

आम जनताको बढ्दो असन्तुष्टिको निराकरणका साथै विखण्डनकारी प्रवृत्तिको प्रतिकारका लागि मानवअधिकार तथा निर्वाचनको प्रजातन्त्रीकरणसँग सम्बन्धित सुशिक्षण एवम् सचेतना, सबलीकरण, अधिकारसम्पन्नता तथा सशक्तीकरण जस्ता चार आयामका रणनीतिक कार्यक्रम (प्याकेज) हरू आवश्यक देखिन्छन्। विनादण्ड दोषी व्यक्तिले पाउने छुटकाराको बढ्दो क्रम तथा सरकारको अकर्मण्यता एवम् गम्भीर विषयमाथि गरिने अल्याङ् टल्याङको प्रवृत्ति सम्भाव्य दीर्घकालीन रणनीतिको विकास तथा कार्यान्वयनबाट समाधान हुन सक्ने देखिन्छ।

अधिकारबाट वञ्चित नेपाली नागरिकहरूको संख्या निकै ठूलो रहेको छ र आफ्ना अधिकारमाथि उनीहरूको पहुँच हुन सकेको छैन। यस परिप्रेक्ष्यमा आम रूपमा मानवअधिकारबारे नागरिक शिक्षा तथा चुनावी प्रजातन्त्रबारेका कार्यक्रमहरूको सञ्चालन गरी उनीहरूको पहुँचको विकास गरिनु पर्दछ।

राज्य, समुदायका प्रतिनिधि, बाहिरी संघसंस्थाहरू, स्थानीय, राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय तहमा कार्यरत स्वदेशी तथा विदेशी मानवअधिकारवादी संघसंस्थाहरू जस्ता मुख्य सरोकार वर्गका बीचमा सम्भव भएसम्मका तहमा साझेदारी तथा सहकार्यलाई मूर्त रूप दिनुपर्दछ।

देशभित्रका प्रायः जसो मानवअधिकारवादी संस्थाहरू ध्रुवीकृत भइसकेका हुनाले मानवअधिकार तथा निर्वाचनको प्रजातन्त्रीकरणलाई अघि बढाउन तथा यी विषयबारेको प्रगतिको निरन्तर अनुगमन गर्नका लागि संयुक्त राष्ट्र संघ मानवअधिकार आयोग तथा मानवअधिकारसम्बन्धी डेनिस केन्द्र जस्ता बाहिरी निकायसित दिगो रूपमा समन्वय गरी राष्ट्रिय स्तरमा **जनमञ्च**को स्थापनाको गर्ने प्रक्रियालाई अघि बढाउनुपर्दछ।

यस प्रकारको जनमञ्चको भूमिका विभिन्न क्षेत्रको अभिलेखीकरण, अनुसन्धान, सुशिक्षण तथा मूल्यांकनका साथै अनुभवका आधारमा भएका प्रगतिका सूचकहरूको विकास तथा सूचनासम्बन्धी आधार स्थलको स्थापना हुन सक्छ।

कुनै पनि नीति-निर्णयको कार्यान्वयनका सन्दर्भमा नेपाली समाजको निर्धारण गर्ने भू-धरातल तथा भौगोलिक परिवेशदेखि लिएर विभिन्न जाति तथा जनजाति, जनताहरूका विविध सांस्कृतिक विशेषता तथा सामाजिक तथा सांस्कृतिक आयामका अनेकन् क्षेत्रका बहुपक्षीय विविधताहरूका आधारभूत महत्वबारे ख्याल गरिनुपर्दछ।

संयुक्त राष्ट्र संघ तथा विभिन्न दातृसंस्थाहरूले मानवअधिकारसम्बन्धी विषयको विकासका लागि स्थानीय, राष्ट्रिय तथा क्षेत्रीय स्तरका साझेदार संघसंस्थाहरूलाई समन्वय गरी उनीहरूसित घनिष्ट रूपमा सहकार्य सञ्चालन गर्नुपर्दछ।

हाल व्यवहारमा हिन्दू धर्मको सामाजिक जडताबारे चर्चा चल्ने गरेको देखिन्छ। हिन्दू धर्ममा भएको भाग्यवादी तथा रूढिवादी पक्षतिर जोड दिने प्रवृत्ति हिन्दू दर्शनले सार्वभौम जीवन पद्धतिलाई अँगालेको कुरालाई बिर्सन खोज्नु हो। संविधानको धारा ४ (१) मा रहेको हिन्दू शब्दको प्रयोग आंशिक रूपमा संकीर्ण व्याख्याबाट यो भएको हुनसक्छ। हुनत के भन्न कठीन छ भने यस्ता द्वयर्थकता संविधानको मस्यौदा तयार पार्नेहरूबाट जानी जानी भएको हो वा होइन। यसमा कुन कुरा महत्वपूर्ण छ भने हिन्दू धर्म यस देशको धर्मका रूपमा नै रहेको छ। जसरी क्रिश्चियन धर्म तथा हुकुमी शासनका बीचमा गहिरो अन्तरसम्बन्ध रहेको छ भन्नु तर्कयुक्त हुँदैन। (ल्याटिन अमेरिका, सेन्ट्रल अमेरिका, इबेरियन, पूर्वमध्य यूरोपका साथै ग्रीक क्रिश्चियन धर्म व्यवस्था हिजोसम्म फासिष्ट, सर्वसत्तावादी, वा दलविरोधी हुकुमी शासन व्यवस्था वा निरंकुश व्यवस्थाका रूपमा रहेका थिए।) हिन्दू धर्मको व्याख्या जडवादी र भाग्यवादी रूपमा नै गर्नु पनि यसै गरी सतही दृष्टिकोण हुन जान्छ। वास्तवमा ए. करेन्निकीले हिन्दू धर्म र प्रजातन्त्रका विषयमा दरिलो अन्तरसम्बन्ध रहेको कुरा औंल्याएका छन् र भन्दछन् : विभिन्न धार्मिक तथा अन्य सांस्कृतिक परम्पराको स्वयंलाई परिवर्तित गर्न सक्ने क्षमतालाई अवमूल्यन गरी हेर्नु गल्ती हुने छ।

हजारौं वर्ष पहिले यस महाद्वीपमा घोषणा गरिएको थियो : "सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः"। हज्जारौं वर्षपहिलेको यस श्लोकमा केवल सामान्य खालको इच्छासहितको घोषणाभन्दा पनि वृहत्तर भावाभिव्यक्ति अन्तर्निहित भएको थियो। उनीहरू संसारका प्रत्येक मानवको सार्वभौम मानवअधिकारबारे घोषणा गरिरहेका थिए। यो घोषणा केवल आरोग्य र प्रसन्नताका लागि मात्र थिएन, सत्यान्वेषण तथा अन्तर्दृष्टिकोणका साथै दुःख तथा दर्दबाट मुक्त हुने नैसर्गिक अधिकारका लागि पनि थियो। यो

प्राचीन उद्घोष नै आज आएर सार्वभौम मानवीय कल्याण तथा प्रयत्नका साथै सबै प्रकारका सन्त्रास तथा वञ्चनाविरूद्धको समग्र ऐतिहासिक संघर्ष र मानवताको सार्वकालिक उत्कट अभिलाषा देखिएको छ : असामयिक तथा कलिलै समयमा मृत्यु, निवारण गर्न सकिने रोग, अपाङ्गता तथा सामाजिक भेदभाव आदि। माथिका यी प्राचीनतम सुन्दर चार हरफहरूमा मानवीयताको अपार सौन्दर्य अन्तर्निहित छ। यी हरफहरूमा मानव महिमा मानवताका रूपमा प्रतिबिम्बित हुन सक्छ र यस्तो मानव गरिमा नै मानवतासम्बन्धी समग्र विचार तथा आदर्शको पैतृक सम्पत्तिको एक भागका रूपमा रहेको हुन्छ भन्ने कुरो अन्तर्निहित छ। के यी अभिव्यक्तिहरू फ्रान्समा भएको सन् १७८९ को स्वतन्त्राको घोषणामा अभिव्यक्त उत्कट अभिलाषाकै पुनरावृत्ति होइनन्? के यी अभिव्यक्तिहरू मानवअधिकारका पक्षमा भएका समग्र घोषणाहरू नै दोहोरिएका हुन् भन्न सकिँदैन? यदि दुःख र पीडाबाट मुक्ति एवं आनन्द नै मानवअधिकारको मुख्य सार हो भने निश्चय नै "सर्वजन हिताय" तथा "सर्वजन सुखाय" को गरिमा एक उच्चतम घोषणा थियो किनभने यो बहुजन हिताय बहुजन सुखायको तुलनामा माथिल्लो धरातलमा रहेको थियो।

सन्दर्भ सूची :

खनाल, कृष्ण र कृष्ण हाछेथु, १९९९, आमनिर्वाचन ०५६ : संसद र सरकारका चुनौतीहरू, काठमाण्डौ : नेपाल एशियाली अध्ययन केन्द्र.

गौतम, गजेश, १९९८, "मानवअधिकारवादीको आँखामा नेपालमा मानवअधिकारको स्थिति", ह्युरन वार्षिक पत्रिका, १९९८.

दुङ्गाना, शम्भु र अन्य, १९९२, प्रजातन्त्रमा पुनः प्रवेश (काठमाण्डौ : चुप प्रतिष्ठान).

दहाल, काशीराज, १९९८, मानवअधिकार आयोगको औचित्य र चुनौती, ह्युरन वार्षिक पत्रिका १९९८, संख्या ४, पृष्ठ ९-१४.

नियोक, १९९९, आमनिर्वाचन, २०५६ : निर्वाचन पर्यवेक्षण.

प्याकुरेल, सुशील, १९९८, "मानवअधिकारको विकासमा मानवअधिकार संस्थाहरूको भूमिका", ह्युरन वार्षिक पत्रिका, १९९८, संख्या ४.

शर्मा, सुधिन्द्र र पवन कु. सेन, १९९९, "आमनिर्वाचन २०५६ को मत सर्भेक्षणः मतदाताहरूको दृष्टिमा राजनीति, राजनीतिक दल र राजनीतिज्ञहरू (ललितपुर).

सिल्वाल-गिरी, भारती, १९९८, निर्वाचनमा महिला सहभागिता र राजनीतिक सशक्तिकरण (डील-एफ.ई.एस).

सिंह, विजय कु., १९९८, "मानवअधिकार र नेपाल कानून", ह्युरन वार्षिक पत्रिका, १९९८, संख्या ४

हाछेथु, कृष्ण, १९९९, आमनिर्वाचन २०५६ : संसद र सरकारका चुनौतीहरू (काठमाण्डौ : सिनास).

REFERENCES

Aditya, Anand, 1996. 'Emerging Ethnicity and Electoral Intervention in a Democratizing State: An Inquiry into the Prospects of Civil Nationalism in Nepal', in *Democracy and Decentralization. A Policy Perspective on Nepal from POLSAN Seminar*, Ganga B. Thapa (ed.), POLSAN-FES, pp. 69-93.

Aditya, Anand, 1995. 'Restructuring Elections in Nepal: A Case of the Missrepresented Mandate,' in *Democracy and Empowerment in South Asia: Paper Proceedings of the Fourth South Asia Dialogue*, Devendra R. Panday and Anand Aditya (eds.) (Kathmandu: NESAC), pp. 96-114.

Aditya, Anand, 1997. 'Does a New Human rights Regime in Nepal Require a New Mass-Media Approach? Evidence from the Human Rights-Media Interface', HURON Annual Publication, 1997, Nov. 3 (Kathmandu: HURON, 10 Dec. 1997), pp. 29-31.

Almond, Gabriel A., G. Bingham Powell, jr., 1966. *Comparative Politics: A Developmental Approach*, N.D.: Amerind (Indian ed. 1972) 'The Capabilities of Political Systems, ch. VIII, pp. 190-212.

ANFREL. 1999. *Furthering Democracy in Nepal: A Report on ANFREL 1999 Observation Mission in Nepal.*

Belbase, Lekh N., Bharat M. Shrarma, 1998. *A Study on Good Governance: An Opinion Survey Report* (Kathmandu: Pro Public, 1998).

Bhagat, Anjana Kaw, 1996. *Elections and Electoral Reforms in India* (Delhi: Vikas).

Bhattachan, Krishna B., 1997. 'People Community-Based Development Strategy in Nepal' in *Developmental Practices in Nepal,* ed. Krishna B. Bhattachan and Chaitanya Mishra, Kathmandu: TU, Central Dept. of Sociology and Anthropology), pp. 117-118.

Bhattarai, Binod, Mohan Mainali, Jogendra Ghimire, Akhilesh Upadyay, *Impunity in Nepal*: An exploratory study (Kathmandu).

Bhattarai, Kalyan Dev, 1998. 'Our Micrable Failure', HURON Annual Publication, 1998-No. 4, pp. 97-100.

Borre, Ole, Sushil R. Pandey, Chitra K. Tiwari, 1994. *Nepalese Political Behaviour* (New Delhi: Sterling).

Chintan, Gopal Sivakoti, 1998. 'The Role of Civil Society in Democratization : Human Rights Perspective,' in Ananda Shrestha, 1998, pp. 59-78.

Dahal, Dev Raj, 1999 'Reforms in the Electoral Process of Nepal,' in *Comparative Electoral Processes in South Asia,*' eds., Devendra R. Panday, Anand Aditya, and Dev Raj Dahal (Kathmandu: NESAC), pp. 55-76.

Dahal, Dev Raj, 1997. *Challenge to Good Governance in Nepal,* submitted to IDEA, Stockholm.

Dahal, Madan K., Keshav P. Acharya, Dev Raj Dahal, 1999. *Development Challenges for Nepal* (Kathmandu: NEFAS-FINNIDA), 'Human Rights Situation in Nepal.' pp. 169-177.
Derbyshire, J. Denis, Ian Derbyshire, 1989. *Political Systems of the World* (New Delhi: Allied Publishers).
Dhungel, Surya P. S., Bipin Adhikari, B. P. Bhandari, Chris Murgatroyed, 1998. *Commentary on the Nepali Constitution* (Kathmandu: Delf), pp. 583, 695.
DREFDEN, 1992. Report on the Study & Research on the Local Elections in Nepal 1992 (Kathmandu: Development Research for a Democratic Nepal).
Election Commission, 1998. *Electoral Process in Nepal* (Kathmandu).
Finer, Herman, 1961. *The Theory and Practice of Modern Government* (Delhi: Surjeet Publications), Indian Reprint, 1977, p. 162.
Gurung, Harka, 1998. *Nepal: Social Demography and Expressions* (Kathmandu: New ERA), p. 141.
Haq, Mahbub ul, 1999. *Reflections on Human Development* (Delhi: Oxford UP), Ch. 5: 'The Design of a Political Freedom Index', pp. 67-75.
Human Rights World Watch Report 1999, pp. XIII-XXI.
HURON, 1991. *Human Rights Organizations of Nepal: Past, Present and Future* (Kathmndu: HURON).
HURON, 1993. HURON's Position on Human Rights and Democracy (Kathmandu: HURON, 1993).
HURON, 1997, 'Observation Report of Local Elections, 1997' in HURON Annual Publication, 1997, No. 3, (pp. 15-17).
IIDS, 1993. *The Second Parliamentary Election. A Study of the Emerging Democratic Process in Nepal* (Kathmandu: IIDS).
INSEC, 1994. Election Reform Recommendation Committee, 1994 Report (Kathmandu: INSEC, 1994).
International Idea, 1997. *Consolidating Democracy in Nepal: Assessment Mission Report* (Stockholm: ID EA, 1997).
JIOG, 1999. Summary of Observations for Nepali National Election 2056 (1999) (Kathmandu: UNEAS, 1999).
Karatnycky, A. ed., 1998. *Freedom in the World* 1997-1998 (N. Brunswick: Transaction Publishers).
Kaufmann, Daniel, Aaart Kraay, and Pablo Zuidom Lobation, 1999. *Governance Matters*, World Bank.
Kurian, G.T., 1984. *The New Book of World Rankings* (Macmillan).
Le Duc, Lawrence, 1996. "Elections and Democratic Governance" in *Elections and Voting in Global Perspective*, eds., Lawrence LeDuc, Rechard G Niemi and P. Norris (London: Sage Publications).
Lijphart, Arend, 1997. "Back to democratic basic: who really practices majority rule?" in *Democracy's Victory and Crisis*, Nobel Symposium, No. 93, ed. Axel Hadenius (Cambridge: Cambridge University Press).
Lipset, S. M., ed.-in-chief, 1995. *The Encyclopedia of Democracy* (Congressional Quarterly Inc., Washington, D.C.), Vol. 2: M.F. Plattner on Human Rights, pp. 577-578.
Maharjan, Pancha N., 1998. *Local Elections in Nepal*, 1997 (Kathmandu CNAS).
Maskay, Bishwa Keshar, 1998. *Non-Governmental Organizations in Development: Search for a New Vision,* Kathmandu: Centre for Development and governance, p. 96.
National Election Observation Committee (NEOC), 2048 BS, 1991. Election Observation Report: General Elections 1991, (Kathmandu: NEOC).
National Endowment for Democracy, 1987. *The Challenge of Democracy* (Washington).
Nepal Opinion Survey Center (NOSC), 1993. *Political Opinion Survey of Kathmandu Valley, 1993* (Kathmandu).
Nepal South Asia Centre, 1998. (NESAC), *Nepal Human Development Report,* (Kathmandu: NESAC).
Nepali, Gopal Singh, 1999. 'The Untouchables in Nepal: Problems and Prospects,' Paper presented at National Seminar on 'Democracy and the Dalits: Problems of Untouchability in Nepal,' organized by CES (Centre for Economic and Technical Studies) in cooperation with FES, June 4 –5, 1999.
Ofosu-Amaah, Raj Soopramanim, Kishor Uprety, 1999. *Combating Corruption*, Washington: IBRD/World Bank, p. 26.
Panday, Devendra Raj and Anand Aditya, eds., 1995. *Democracy and Empowerment in South Asia: Papers and Proceedings of the Fourth South Asia Dialogue* (Kathmandu: Nepal South Asia Centre).
Panday, Devendra Raj, 1999. *Nepal's Failed Development: Reflections on the Missions and the Maladies* (Kathmandu: Nepal South Asia Centre), pp. 105-107; 233-237.
Panday, Devendra R., Anand Aditya, and Dev Raj Dahal, 1999. *Comparative Electoral Processes in South Asia (Kathmandu: NESAC).*
Pro Public, 1999. *Strategic Review of the Performances of the Commission on Investigation of Abuse of Authority and the Office of the Auditor General* (Kathmandu).
Rehman, I.A., 1994. "South Asian Perspective on Human Rights and Environment," *in South Asia: Vision and Perspective* (Lahore: South Asia Regional Dialogue.
Rose, Richard, 1978. "Is Choice Enough? Elections and Political Authority," in *Elections without Choice*, ed. Guy Hermet, Richard Rise and Alam Rouquie) (London: The Macmillan Press Ltd.).
SEARCH, 1994. *Public Political Opinion Survey in Nepal* (Kathmandu).
Shaha, Rishikesh, 1995. *Human Rights and Parliamentary Procedures in Nepal* (Kathmandu: DREFDEN, 1995).
Sharma, Jan, 1998. *Democracy without Roots* (Delhi: Book Faith India).
Shrestha, Aditya Man, 1999. *Bleeding Mountains of Nepal*, Kathmandu: Ekta Book, pp. 39-52.
Shrestha, Ananda, ed., 1998. *The Role of Civil Society and Democratization in Nepal,* (Kathmandu: NEFAS-FES).
Shrestha, Kapil, 1998. Minority Rights Perspective in HURON Annual Journal 1981, No. 4, pp. 93-96.
Shrestha, Nanda R., 1998. *In the Name of Development: A Reflection on Nepal* (Kathmandu: Educational Enterprises (P) Ltd).

Shrestha, Tulsi Narayan, "Local Governance and Decentralization Programs," in *Decentralization and Good Governance in Nepal*, ed. Ganga B. Thapa.

Soon, Park Heung, 1999. Role of Human Rights in Improving Human Rights in Korea, in *Korea Focus* Nov.-Dec. 1999, Vol. 7, No. 6, pp. 34-45.

Thapa, Ganga B.,1999. "Democracy in Transition," in *Decentralization and Good Governance in Nepal* (Kathmandu: POLSAN-FES), pp. 1-22.

UN, 1999. *Nepal: Common Country Assessment* (Kathmandu).

UNDP, 1999. *Nepal National Elections 2056 (1999): The Coordination of Electoral Observers: Final Report* (Kathmandu, 1999).

Upadhyay, Kedar Nath, 1998. (Interview by Bijay K. Singh) in *HURON Annual Journal*, 1998, No. 4, pp. 45-48.

Uprety, Prem R., Chandra B. Budhathoki, 1999. *Political Instability in Nepal: Impact on Nepali Democracy* (Kathmandu: TU).

Weiner, Myron, 1960. "The Politics of South Asia," in *The Politics of the Development Areas*, eds. Gabriel A. Almond, James S. Coleman (New Jersey: Princeton University Press).

परिच्छेद १ (भाग २)

नेपालमा आमनिर्वाचन ०५६ र त्यसअधिको अवस्था

कार्ल-हाईन्ज क्रेमर

१. राजनीतिक व्यवस्था

नेपाल अधिराज्यको संविधान २०४७ नै नेपालको राजनीतिक प्रणालीको आधार हो। ०४६ सालको आन्दोलन संयुक्तरूपमा संचालन गर्ने शक्ति नेपाली कांग्रेस र वामपन्थी दलहरू तथा राजाको त्रिपक्षीय सहभागितामा यस संविधानको निर्माण गरिएको थियो। त्यसबेलाको प्रमुख परिवर्तन भनेको एकदलीय शासन प्रणालीको अन्त्य तथा बहुदलीय व्यवस्थाको स्थापना नै हो। अर्को महत्वपूर्ण परिवर्तन भनेको राजसत्तासँग सम्बन्धित छ। राजा संवैधानिक बन्न पुगे, जसलाई हरेक क्रियाकलापमा प्रजातान्त्रिक पद्धतिद्वारा निर्वाचित सरकारको अग्रिम सिफारिसको आवश्यकता पर्ने स्थिति भयो।

अहिलेको संविधानकै प्रस्तावनाको सबभन्दा महत्वपूर्ण विशेषता भनेको जनचाहनामाथि विशेष जोड दिइनु नै हो। देशको सार्वभौम शक्ति जनतामा निहीत भएको छ। संविधान तयार गर्दा सम्भव भएसम्म जनसहभागिता जुटाइएको थियो। बालिग मताधिकार, संसदीय प्रणालीको सरकार, संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातान्त्रिक परिपाटीलाई संविधानले प्रमुख आधारशीलाको रूपमा महत्व दिएको छ। सम्पूर्ण नेपाली नागरिकका लागि स्वतन्त्रता तथा समानताको आधारमा स्वतन्त्र एवं सक्षम न्याय प्रणालीद्वारा प्रत्याभूत गरिएको कानूनी राज्यको अवधारणा एउटा जिउँदो सत्यको रूपमा रहिरहने छ।

सामाजिक विकासका लागि अवरोधका रूपमा देखा परेको संविधानको प्रमुख विशेषता भनेको अधिराज्यको परिभाषामा नै पुरातनवादीहरूलाई दिइएको छुट रहेको छ, जुन यसप्रकार छ :

> "नेपाल एक बहुजातीय, बहुभाषिक, प्रजातान्त्रिक, स्वतन्त्र, अविभाज्य, सार्वभौम सत्ता सम्पन्न, हिन्दू तथा संवैधानिक राजतन्त्रात्मक राष्ट्र हो" (धारा ४)।

बहुजातीय, बहुभाषिक तथा प्रजातान्त्रिक भन्ने शब्दहरू नयाँ तथा विशेष शब्दहरू हुन्, जसलाई जनआन्दोलनको बेलामा र संविधान निर्माणको बेलामा पनि विशेष प्राथमिकता दिइएको थियो। तर धर्म निरपेक्ष राज्यको अवधारणालाई संविधान निर्माताहरूले अस्वीकार गरे, जसको व्यापक माग वामपन्थी पार्टीहरू तथा विभिन्न गैर हिन्दू समुदायहरूले गरेका थिए। आर्थिक, सामाजिक एवं राजनीतिकरूपले प्रभावशाली माथिल्लो जातका हिन्दूहरूलाई दिइएको यो छुटलाई अरू सबै आधारभूत अधिकार भन्दा माथिल्लो स्थान दिँदै प्रारम्भिक भागमा नै राखिएको छ। यसरी शुरूमै राज्यलाई हिन्दू अधिराज्य घोषित गरिसकेपछि धारा ११ ले सबै नागरिकहरूलाई समानताको प्रत्याभूति दिएको छ भन्नुको के अर्थ रहन्छ? यसको तात्पर्य केवल हिन्दू धर्म मात्र हैन, हिन्दू सामाजिक संरचना, हिन्दू मान्यता तथा अवधारणा, हिन्दू सोचाई तथा जीवन शैली र हिन्दू राजनीति तथा हरेक किसिमका प्रभावहरू राज्य तथा समाजका लागि मान्नैपर्ने जस्तो हुन्छ।

संविधानको धारा ६ लाई पनि समालोचकहरूले त्यस्तै किसिमले हेरेका छन्। यस धाराले प्रभावशाली माथिल्लो जातिका हिन्दूहरूको मातृभाषा "नेपाली" लाई आधिकारिक राष्ट्र भाषा र सरकारी कामकाजको भाषाको रूपमा परिभाषित गरेको छ। अरू सबै देशवासीहरूको मातृभाषालाई "राष्ट्रिय भाषा" को नाम दिइएको छ। यी सबै राष्ट्रिय भाषाहरूको संरक्षण तथा संवर्द्धन सरकारी स्तरबाट गरिने छ (धारा २६) भनिए तापनि हालसम्म कुनै उल्लेख्य काम भएको छैन। आलोचकहरूको दावा छ कि भाषासम्बन्धी यस्तो नीतिले अरू राष्ट्रिय भाषा बोल्ने जनतालाई नेपाली भाषालाई मातृभाषाको रूपमा प्रयोग गर्नेहरूसँग प्रतियोगितामा उत्रिने मौका दिँदैन, अर्थात् यसले राजनीतिक प्रशासनिक तथा सामाजिक अधिकारमा विभेद खडा गरेको छ।

न्यायपालिका तथा कार्यपालिकासम्बन्धी व्यवस्थाहरू पश्चिमी प्रजातान्त्रिक व्यवस्थासँग धेरै समान छन्। राजाको शक्ति औपचारिकतामा मात्र निहीत छ। व्यवस्थापिकामा दुई सदनात्मक व्यवस्था रहेको छ, जसमध्ये प्रतिनिधिसभामा जनताद्वारा प्रत्यक्ष निर्वाचनको माध्यमबाट निर्वाचित २०५ सदस्यहरू रहन्छन् भने राष्ट्रिय सभामा ६० सदस्यहरू रहन्छन्। संसदमा बहुमत प्राप्त पार्टीको नेतालाई राजाले प्रधानमन्त्रीमा नियुक्त गर्नुपर्ने प्रावधान छ। अरू मन्त्रीहरूचाहिँ प्रधानमन्त्रीको सिफारिसमा राजाद्वारा नियुक्त हुन्छन्। यसरी मन्त्रीपरिषद् राजाप्रति नभएर प्रतिनिधिसभाप्रति उत्तरदायी हुन्छ।

संविधानको भाग १७ (धारा ११२-११४) ले धेरै वर्षअघिदेखि प्रतिबन्धित रहेका राजनीतिक पार्टीहरूको गठन तथा मान्यताका लागि आधारभूत नियमहरू तय गरेको छ। यसरी निर्माण हुने पार्टीहरूले प्रजातान्त्रिक नियमअनुसार संगठन

गर्नुपर्दछ। पार्टीका अधिकारीहरू कमसेकम ५ वर्षमा एक पटक निर्वाचित हुनुपर्दछ तथा प्रतिनिधिसभाको निर्वाचनमा कमसेकम पाँच प्रतिशत महिला उम्मेदवार खडा गर्नुपर्ने प्रावधान रहेको छ। धारा ११३ (३) ले निर्वाचन आयोगलाई धर्म, समुदाय, जाति, वर्ग वा क्षेत्रीय आधारमा निर्मित पार्टीहरूलाई रोक लगाउने अधिकार प्रदान गरेको छ। जुन यस प्रकार छ :

निर्वाचन आयोगले कुनै पनि राजनीतिक संगठन वा पार्टी, जसमा कुनै नेपाली नागरिकलाई धर्म, जाति, समुदाय, भाषा वा लिंग वा यीमध्ये कुनै कुराको आधारमा सदस्यता लिन रोक लगाउँदछ अथवा नाम, उद्देश्य, चिन्ह वा झण्डाले यस्तो धार्मिक, साम्प्रदायिकता झल्काउँछ र देशलाई टुक्राउने अभिप्राय झल्कन्छ भने त्यस्तो पार्टीलाई दर्ता गर्ने वा वैधानिकता दिने छैन।

व्यवस्थाका विभिन्न कमी-कमजोरीका बावजुद पनि ०४६ सालको परिवर्तनले विभिन्न खाले नागरिक समाजको विकासका लागि चाहिने वातावरणको सिर्जना गरेको छ। राजनीतिक शक्ति राजाको हातबाट जननिर्वाचित प्रतिनिधिहरूमा हस्तान्तरित भएको छ। आज देशमा सामाजिक परिवर्तन तथा प्रजातन्त्रको कार्यान्वयनका लागि निर्वाचित राजनीतिज्ञहरू तथा तिनका पार्टीहरू उत्तरदायी बनेका छन्। ०४६ को आन्दोलनपश्चात्को दुई वर्षभित्रै तीनवटा पार्टीहरू राजनीतिक मैदानमा उत्रिए भने अरू पार्टीहरूले आफ्नो प्रभाव तथा महत्व गुमाउँदै गए। ती तीन अग्रिम पार्टीहरूमा नेपाली कांग्रेस, नेकपा (एमाले) तथा पूर्व पंचहरू वा निर्दलीय पंचायती व्यवस्थाका नेताहरूको पार्टी राष्ट्रिय प्रजातन्त्र पार्टी पर्दछन्।

२. राजनीतिक शक्तिहरू

धार्मिक, सामाजिक तथा सांस्कृतिक विभेद एवं गरिबीले जकडिएको समाज र त्यसका जनता आफ्नो भाग्य तथा भविष्य निर्माणका लागि विशेष प्रकारको राजनीतिक प्रतिनिधित्वको अपेक्षा गरिहेका छन्। यस किसिमको आशामा रहेका जनतालाई ०४८ सालको आम निर्वाचनपश्चात् सत्तासिन पार्टी नेपाली कांग्रेसले ठूलो निराशा मात्र दियो। तसर्थ ०५१ सालको मध्यावधी निर्वाचनमा जनताले यो पार्टीलाई सरकार बाहिर पुऱ्याइदिएका थिए। नेपाली कांग्रेस पार्टी अहिले केवल दक्षिणपन्थीहरूले टाउको उठाएका कारणले मात्र पतनोन्मुख भएको होइन, आफ्नै पार्टीभित्र जरा गाडेर रहेको अन्तरकलहका कारण पनि ढलमलाइरहेको छ। प्रजातन्त्र पुनर्स्थापनापछि पार्टीका वरिष्ठ नेताहरू गिरिजाप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई तथा गणेशमान सिंह ०४८ को निर्वाचनदेखि नै एक आपसमा कलह बढाउन अर्थात् सार्वजनिकरूपमै एक अर्काविरूद्ध हिलो छ्याप्न व्यस्त रहे। ०४८ को आमनिर्वाचनमा तत्कालीन अन्तरिम प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले चुनाव हार्नुभयो र गिरिजाप्रसाद कोइरालाका लागि मार्ग प्रशस्त भयो। त्यसको केही वर्षपछि सिंहले पार्टी नै छोड्नुपऱ्यो, भट्टराईले नेपाली कांग्रेसको सभापतिको पद कोइरालालाई हस्तान्तरण गर्नुभयो। मध्यावधी निर्वाचनपश्चात् संसदीय दलको नेतृत्व युवा पुस्तामा हस्तान्तरण भई नेता बनाइएका शेरबहादुर देउवाको नेतृत्वले पनि नराम्रो असफलताको सामना गर्नुपऱ्यो। डेढ वर्षसम्म देउवाको प्रधानमन्त्रीत्वमा रहेको संयुक्त सरकार झिनो बहुमतले मात्र चलेको थियो। राजनीतिक अपराधीकरण, भ्रष्टाचार, नातावाद, अख्तियारीको दुरूपयोग आदिका कारण नेपालको शिशु प्रजातन्त्रका लागि यो सरकार अफाप सिद्ध भयो।

हाल आएर सबै राजनीतिक पार्टीहरूले पार्टी-पार्टीबीचको प्रजातान्त्रिक व्यवहारको कार्यान्वयनमा समस्या भोगिरहेका छन्। तीन प्रमुख पार्टीहरूप्रति मात्र विश्लेषण केन्द्रित गर्ने हो भने नेपाली कांग्रेस र राप्रपाले आफ्नो सभापतिको निर्वाचन प्रजातान्त्रिक तवरले गर्दछन् र तिनीहरूलाई प्रचुर शक्ति प्रदान गर्दछन्। पार्टीको वैचारिक दृष्टिकोणको उत्तरदायित्व सम्हाल्ने व्यक्तिहरू जस्तैः केन्द्रीय समितिका सदस्यहरू, निर्वाचित नभई पार्टी सभापतिको व्यक्तिगत निर्णयद्वारा मनोनित हुन्छन्। भट्टराईले यस्तो मनोनयनलाई पनि पार्टीभित्रको आन्तरिक द्वन्द्वका कारण महिनौंसम्म ढिलाई गर्नुपऱ्यो। केवल नेकपा (एमाले) मा मात्र केन्द्रीय सदस्यहरू पनि प्रत्यक्ष निर्वाचनको माध्यमले राष्ट्रिय महाधिवेशनद्वारा निर्वाचित हुन्छन् र सोही महाधिवेशनप्रति यो केन्द्रीय समिति उत्तरदायी रहन्छ। नेतृत्व सम्हाल्ने यस्ता अग्रिम पार्टीहरूको संरचनामै यस्तो अप्रजातान्त्रिक परिपाटी रहेका कारण पनि समाजका सबै पक्ष तथा तहको समान एवं व्यापक सहभागिता ज्यादै कठिन भएको छ। स्थापित भइसकेका धनाढ्यहरू, जो सबैजसो पार्टीहरूमा प्रभुत्व जमाउन सफल रहेका छन्, उनीहरूले नै समाजका अन्य समुदायको सहभागिता हुन नदिने निर्णय गर्दछन्। जस्तै- चुनावको लागि पार्टीका उम्मेदवार मनोनयन गर्ने काममा। यसले गर्दा ती समुदायहरू जो प्रजातन्त्र प्राप्तिभन्दा अघि पनि उपेक्षित रहेका थिए, तिनै समुदाय फेरि पनि उपेक्षित हुन पुगेका छन्।

यसरी जनसंख्याको ठूलो हिस्साको भविष्य अझै सकारात्मक नभएका कारण नेतृत्वमा रहेका यी पार्टीहरूको प्रभुत्व विस्तारै क्षीण हुँदै गइरहेको छ। यसको ज्वलन्त उदाहरण नेपाली कांग्रेस पार्टीको नियतिमा प्रतिविम्बित भएको छ। ०४८ मा पूर्ण बहुमत ल्याएर ०४९ को स्थानीय निर्वाचनमा ६० प्रतिशत मत प्राप्त गर्न सफल नेपाली कांग्रेस पार्टीमा हाल अपुरणीय खडेरी देखा परेको छ। ०५१ को मध्यावधी निर्वाचनमा नेपाली कांग्रेसले प्रतिनिधिसभामा आफ्नो बहुमत भएकै बेलामा पनि नराम्रो हार खानुपरेको थियो। ०५४ फागुनमा नेकपा (एमाले) को विखण्डनले फेरि नेपाली कांग्रेस संसदमा सबभन्दा बलियो पार्टी बन्न पुग्यो। गिरिजाप्रसाद कोइराला दोस्रो पटक प्रधानमन्त्री हुन पुग्नुभयो। त्यसपछि नेकपा (एमाले) बाट टुक्रिएर बनेको नेकपा (माले) सँगको मिलिजुली सरकार र अन्तमा फेरि नेकपा (एमाले) र नेपाल सद्भावना पार्टीसमेतको मिलिजुली सरकारमा समेत कोइराला नै प्रधानमन्त्री बन्नुभयो। जब ०५६ को निर्वाचन नजिक आयो, कोइरालाले आफ्नै

पार्टीभित्रका विरोधी नेता कृष्णप्रसाद भट्टराई, जसले तीन वटा चुनाव हारिसक्नुभएको थियो, उहाँलाई नै देशको भावी प्रधानमन्त्रीको रूपमा अघि सार्नुभयो। यसले गर्दा पार्टी एकनामा बल पुग्ने आशा गरिएको थियो तर युवा पुस्ताका नेताहरूले भने यसप्रति आफ्नो असहमति जनाइसकेका थिए।

पुराना पंचहरूको प्रभुत्व रहेको राष्ट्रिय प्रजातन्त्र पार्टीको स्थिति देउवा सरकारमा सहभागी हुनुभन्दा अघि देखि नै सबल हुँदै आएको थियो। यद्यपि देउवा सरकारको पतनमा पूर्णरूपले राप्रपा जिम्मेवार थियो। राप्रपा पनि नेपाली कांग्रेस जस्तै लोकेन्द्रबहादुर चन्द तथा सूर्यबहादुर थापाको नेतृत्वमा दुई पक्षमा विभक्त थियो। यी दुवैले मध्यावधी निर्वाचनपश्चात् मिलिजुली सरकारको नेतृत्व गरिसकेका थिए। पहिले लोकेन्द्रबहादुर चन्द राप्रपा तथा नेकपा (एमाले) का विखण्डनवादी वामदेव गौतमको जोडले गठित मिलिजुली सरकारको प्रधानमन्त्री बने। त्यसैगरी यसको ६ महिनामा नै चन्दका आफ्नै पक्षका सांसद तथा सभापति सूर्यबहादुर थापाद्वारा सो मिलिजुली सरकारलाई ढाल्ने काम भयो। त्यसपछि सूर्यबहादुर थापा आफैं राप्रपा, नेपाली कांग्रेस तथा सद्भावना पार्टीको गठबन्धनले प्रधानमन्त्री बने। फेरि चन्दद्वारा राप्रपा (चन्द) पार्टीलाई पुनर्जीवित बनाइ उक्त सरकारलाई पनि ढाल्ने काम भयो।

नेपाली कांग्रेसको नकारात्मक प्रवृत्तिको फाइदा नेकपा (एमाले) लाई हुन पुग्यो। यस कुरामा धेरै तर्कहरू दिन सकिन्छ। एक त नेपालको जनसंख्या व्यापक गरिबीको अवस्थामा रहेको छ। गिरिजाप्रसाद कोइरालाको पहिलो शासनकालमा नै नेपाली कांग्रेस समाजको गरीब एवं पिछडिएका जनताको प्रतिनिधित्व गर्ने पार्टी नरहेको प्रमाणित भइसकेको थियो। यसले गर्दा नेकपा (एमाले) का नीतिहरू गरीबमुखी भएको हुँदा यो स्थान लिन ऊ सफल भयो। ०५१ को मध्यावधी निर्वाचनमा एमालेको सफलताले नै यो कुराको पुष्टि गरेको छ। मनमोहन अधिकारीको नौ महिने अल्पमतको सरकारले नै ग्रामीण जनताको हितका लागि यतिधेरै कार्यक्रमहरू अघि सार्यो कि नेपाली कांग्रेसले यो सरकारलाई हटाउनु सिवाय अर्को विकल्प नै देखेन, नत्र भने सम्भावित मध्यावधि चुनावमा उसले हार ब्यानुपर्ने निश्चित थियो। नेकपा (एमाले) र राप्रपा जस्तो दक्षिणपन्थीबीचको असामन्जस्यपूर्ण गठबन्धनले पनि यो पार्टीविरुद्ध जनतामा त्यति नराम्रो प्रभाव परेन, जसका कारण ०५४ को स्थानीय निर्वाचनमा हासिल गरेको लोकप्रियता कायमै गर्न सफल भयो।

तर विस्तारै नेकपा (एमाले) को राजनीति पनि झनझन् सत्ता प्राप्तिको मोहले निर्देशित हुन थाल्यो। यसको ज्वलन्त उदाहरण राप्रपाका नेतालाई प्रधानमन्त्री बनाएर आफू सत्तामा जानुलाई लिन सकिन्छ। त्यस्तै अर्को उदाहरण पार्टीभित्रको संघर्ष, जसलाई चर्काएर बामदेव गौतम र चन्द्रप्रकाश मैनालीले पार्टीलाई नै टुक्राए। निश्चय पनि यो पार्टीभित्र अझै तीव्र वामपन्थी धार र उदारवादी (सोसियल डेमोक्र्याट जस्तो) बीचको एकीकरणको समस्या अझै छ। तसर्थ यो भन्न सकिन्छ कि नेपाली कांग्रेस र राप्रपा जस्तै नेकपा (एमाले) पनि आन्तरिक द्वन्द्व, विरोध तथा शक्ति संघर्षबाट पीडित छ। नेतृत्वमा रहेका सबै पार्टीहरूमा रहेका यस्ता विकृतिका कारण उग्र वामपन्थी एवं संसदीय व्यवस्था विरोधी शक्तिको गतिविधिलाई बढावा मिलेको छ। हालैका दिनहरूमा देखिएको माओवादीहरूको जनयुद्ध भनिने क्रियाकलापको बढ्दो प्रभावलाई पनि यसै सन्दर्भअन्तर्गतको विशेष उदाहरण मान्न सकिन्छ।

३. निर्वाचन पद्धति

नेपालमा विश्वव्यापी सिद्धान्तको आधारमा समानताको हक तथा प्रत्यक्ष गोप्य निर्वाचन प्रणाली लागू गरिएको छ। हरेक नेपाली नागरिक जो १८ वर्ष पुगेको छ र कुनै एक निर्वाचन क्षेत्रको स्थायी बासिन्दा छ भने सो निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार उसले प्राप्त गर्दछ। हरेक नागरिक, जसको जुन निर्वाचन क्षेत्रको नामावलीमा नाम उल्लेख छ, उसले त्यसै निर्वाचन क्षेत्रमा मात्र मतदान गर्न पाउँछ तर मतदान अनिवार्यचाहिँ छैन।

यही मतदाता नामावली नै नेपालको निर्वाचन पद्धतिमा विवादको विषय भएको छ। धेरैजसो नामावलीहरूमा कतै नाम छुटेको छ भने कतै नपर्नु पर्ने नामहरू थपिएका छन्। मतदाता परिचयपत्रको प्रचलन भरखरै मात्र परीक्षणका रूपमा शुरू गरिएको छ, जुन भविष्यका चुनावहरूलाई निष्पक्ष र धाँधलीरहित बनाउन लाभदायक सिद्ध हुनेछ।

नेपाली संसदको एउटा सदन, प्रतिनिधि सभामा २०५ सदस्यहरू बालिग मताधिकारको आधारमा ५ वर्षका लागि प्रत्यक्ष निर्वाचनद्वारा निर्वाचित हुन्छन्। यदि कुनै निर्वाचित सांसदको मृत्यु भएमा वा एकभन्दा बढी निर्वाचन क्षेत्रबाट निर्वाचित भएमा उपनिर्वाचन हुने गर्दछ। ०५४ मा निर्वाचित पदाधिकारीहरूद्वारा दल परिवर्तन गर्ने कार्य भएकाले दल परिवर्तनसम्बन्धी कानून पारित भयो। उक्त कानूनमा संसदीय दलको विखण्डनलाई कम्तीमा ४० प्रतिशत सदस्यको समर्थन चाहिने अन्यथा दल त्याग गर्ने सांसदहरूले संसदको हैसियत पनि गुमाउनुपर्ने व्यवस्था भयो।

राष्ट्रिय सभा एउटा स्थायी संसद हो। यसका सदस्यहरूको पदावधि ६ वर्षको हुन्छ र हरेक दुई वर्षमा एक तिहाई सदस्यहरूको पदावधि समाप्त हुन्छ। कम्तिमा ३ जना महिला सदस्यहरूसहित ३५ जना सदस्यहरूको निर्वाचन प्रतिनिधि सभा सदस्यहरूबाट एकल संक्रमणीय मतदान प्रणालीद्वारा हुन्छ। १५ जना सदस्यहरूचाहिँ हरेक ५ वटा निर्वाचन क्षेत्रबाट ३/३ जना गरी स्थानीय इकाईका प्रमुख, उपप्रमुख तथा जिल्ला विकास समितिका सभापति, उपसभापतिहरूको समूहद्वारा निर्वाचित हुन्छन्। बाँकी १० जना सदस्यहरूचाहिँ राजाद्वारा विभिन्न क्षेत्रका ख्याति प्राप्त व्यक्तिहरूमध्येबाट मनोनित गरिन्छन्।

उम्मेदवारहरू नेपाली नागरिक हुनुका साथै प्रतिनिधि सभा सदस्यका लागि २५ वर्ष र राष्ट्रिय सभा सदस्यका लागि ३५

वर्षको उमेर पूरा गरेको, कुनै कानूनद्वारा अयोग्य घोषित नभएको तथा कुनै सरकारी कोषद्वारा वेतन प्राप्त गर्ने पदीय दायित्व नभएको हुनुपर्ने प्रावधान छ। कुनै पनि व्यक्ति एकै पटक दुवै सदनको सदस्य हुन पाउँदैन। मानसिक रोगी वा दिमागी सन्तुलन ठीक नभएको तथा ऋण तिर्न नसकी कंगाल घोषित भएका व्यक्तिहरू पनि उम्मेदवार हुन पाउँदैनन्। उम्मेदवारहरू स्वतन्त्र वा कुनै पार्टीद्वारा मनोनीत हुन सक्दछन्।

हरेक उम्मेदवारहरूलाई एउटा चुनाव चिन्ह प्रदान गरिन्छ, दक्षिण एशियाका देशहरूमा निरक्षरहरूको संख्या बढी भएकाले यस्ता चिन्हरू प्रदान गरिन्छ। मतदाताहरूलाई दिइने मतपत्रमा केवल चुनाव चिन्हहरू मात्र हुन्छन्। उम्मेदवारहरूको नाम उल्लेख हुँदैन। निर्वाचन आयोगले अघिल्लो चुनावमा खसेको मतको कम्तिमा ३ प्रतिशत मत प्राप्त गर्ने तथा कम्तिमा ५ प्रतिशत महिला उम्मेदवारहरू उठाउन सफल पार्टीका उम्मेदवारहरूका लागि निश्चित मत चिन्हहरू निर्धारित गरेको छ। यी निर्धारित चिन्हहरू एउटा पनि पार्टीले कुनै उम्मेदवार उठाउन नसकेमा पनि अर्को पार्टीलाई प्रदान गरिँदैन। यसरी सुनिश्चित नगरिएका चिन्हहरू नयाँ राजनीतिक पार्टीहरू तथा अघिल्लो प्रतिनिधि सभा निर्वाचनमा खसेको मतको ३ प्रतिशत मत प्राप्त नगर्ने पार्टीहरूलाई प्रदान गरिन्छ। यी चिन्हहरू जुन निर्वाचन क्षेत्रमा कुनै पार्टीका उम्मेदवार खडा भएका छैनन्, त्यसै निर्वाचन क्षेत्रमा मात्र स्वतन्त्र उम्मेदवारहरूलाई प्रदान गर्न सकिन्छ। त्यसैगरी निर्वाचन आयोगले स्वतन्त्र उम्मेदवारहरूका लागि बेग्लै स्वतन्त्र चिन्हहरूको समूह निश्चित गरेको छ।

प्रतिनिधि सभाका सदस्यहरू एक सदस्य - एक क्षेत्रका आधारमा बहुदलीय प्रणालीद्वारा निर्वाचित हुन्छन्। नेपाल अधिराज्यको संविधानको धारा ४५ ले यस्ता निर्वाचन क्षेत्रको संख्या २०५ तोकेको छ। जनघनत्व ज्यादै कम भएका कारण १३ वटा जिल्लाहरूबाट एक/एक जना मात्र प्रतिनिधि सभा सदस्यहरू निर्वाचित हुन्छन्। अन्य जिल्लाहरूमा यो संख्या जनसंख्याको चाप हेरेर दुईदेखि सातसम्म तोकिएको छ। निर्वाचन क्षेत्रको सीमा निर्धारण गर्ने काम निर्वाचन आयोगले गर्दछ। यसरी निर्धारित निर्वाचन क्षेत्रको सीमा हरेक दश वर्षमा हुने राष्ट्रिय जनगणनाको बेलासम्म मात्र कायम हुन्छ।

संवैधानिक परिषद्को सिफारिसमा राजाद्वारा हरेक ६ वर्षका लागि निर्वाचन आयुक्तको नियुक्ति हुन्छ। निज आयुक्तद्वारा चुनावहरू संचालित, निर्देशित गरिनुका साथै निरीक्षण एवं नियन्त्रणसमेत गरिन्छ। संविधानको धारा ११७ द्वारा गठित संवैधानिक परिषद्मा प्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दलका नेता संलग्न रहन्छन्। प्रमुख निर्वाचन आयुक्त तथा निर्वाचन आयुक्तहरू कुनै पनि राजनीतिक दलका सदस्य हुनुहुँदैन।

०४३ को निर्वाचनमा प्रथम पल्ट सुरूवात् गरिएको निर्वाचन पर्यवेक्षणको प्रक्रिया ०४८, ०५१ तथा ०५६ को निर्वाचनमा समेत प्रभावकारी रह्यो। यी सबै निर्वाचनहरूको पर्यवेक्षणमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू संलग्न रहेका थिए।

४. आमनिर्वाचन ०५६

४.१ निर्वाचनअगाडिको राजनीतिक स्थिति

०५१ को मध्यावधी निर्वाचनपछि देशमा राजनीतिक शक्तिको एउटा खडेरी नै देखा पर्‍यो। संसदमा कुनै पार्टीको बहुमत रहेन र विजयी पार्टीहरूमध्ये कसैले पनि मिलिजुली सरकारका लागि आवश्यक प्रक्रिया पूरा गर्न सकेनन्। फलस्वरूप कुनै पनि सरकारले एक वर्षभन्दा बढीको कार्यकाल पूरा गर्न सकेनन्। तेस्रो शक्तिको रूपमा विकसित अधिनायकवादीहरूको दल राप्रपाले शक्तिको सन्तुलनद्वारा केही समयका लागि आफ्ना सबैजसो सांसदहरूलाई सरकारको कुनै न कुनै पदमा आसीन बनाउन सफल भयो। ०५४ चैतमा जब गिरिजाप्रसाद कोइराला दोस्रो पटक प्रधानमन्त्री बन्नुभयो, त्यसपछि उक्त पार्टीको लोकप्रियता कम भयो। नेकपा (एमाले) को विखण्डनपश्चात् फेरि नेपाली कांग्रेस सबैभन्दा शक्तिशाली दलको रूपमा स्थापित हुन पुग्यो।

केही समयपश्चात् नेकपा (एमाले) द्वारा सरकार बाहिरै रहेर समर्थन गरिएको नेपाली कांग्रेसको अल्पमतको सरकार बन्यो। कोइरालाद्वारा नेतृत्व गरिएको यो सरकारलाई नेकपा (माले) ले औपचारिकरूपमा समर्थन गर्‍यो। यो मिलिजुली सरकार शुरूदेखि नै संकटमा पर्दै आएको थियो। नेकपा (माले) का महासचिव वामदेव गौतमलाई आफ्नो वामपन्थी आचरणको छिट्टै सम्झना त्यतिखेर भयो, जतिखेर प्रधानमन्त्री कोइरालाले माओवादी क्रियाकलापलाई दबाउन शक्तिको भरपुर प्रयोग गरे। यस कार्यपछि वामदेव सरकारसँग क्रमशः टाढा हुँदै जान थाले र सरकारलाई एकपछि अर्को चेतावनी दिँदै गए। अर्कोतिर प्रधानमन्त्री कोइराला भने आफ्नो मिलिजुली सरकारमा सामेल दलसँग मात्रै छलफल नगरी विपक्षी दल नेकपा (एमाले) सँग पनि सम्पर्क बढाउन थाले।

जब २५ मंसिर ०५५ मा कोइरालाद्वारा ०५५ चैत महिनामा संसदीय निर्वाचन गर्ने घोषणा भयो, त्यसपछि उक्त मिलिजुली सरकार भंग हुन पुग्यो। नेकपा (माले) का सबै मन्त्रीहरूले संयुक्त राजिनामा दिए। कोइरालाले राजासमक्ष संसद भंग गर्ने तथा नयाँ निर्वाचन गराउने सुझावसमेत राजिनामा पेश गर्नुभयो। ०५१ पश्चात् राजालाई यो कदम चाल्न प्रधानमन्त्रीद्वारा सिफारिस गरिएको यो चौथो पटक थियो। जब ०५१ मा गिरिजाप्रसाद कोइरालाले पहिलो पटक यस्तो सिफारिस गर्नुभएको थियो, त्यतिबेलै नेकपा (एमाले) ले उक्त सिफारिसको विरूद्ध दिएको निवेदन सर्वोच्च अदालतले खारेज गरेको थियो। सोही सर्वोच्च अदालतले विपक्षी दल नेपाली कांग्रेसले दिएको त्यस्तै निवेदनलाई स्वीकार गरेको थियो भने प्रधानमन्त्री मनमोहन अधिकारीले ०५२ मा संसद विघटनका साथै निर्वाचनका लागि गरेको सिफारिसलाई चाहिँ बदर गरेको थियो।

सर्वोच्च अदालतको यस्तो विवादास्पद निर्णयले गर्दा नेपाल अधिराज्यको संविधानको धारा ५३ (४) को विश्लेषणमा विरोधाभाष सिर्जना भयो। त्यसैले गर्दा फेरि अर्को पटक ०५५ मा राजाद्वारा त्यस्तो सिफारिसमाथि निर्णय दिन सर्वोच्च अदालतको राय मागियो र अदालतले यसमा संसद विघटन गर्नुको साटो अर्को सम्भावनालाई प्राथमिकता दियो। यसरी राजालाई निर्णय गर्न समस्या परेन र ८ पुस ०५५ मा नयाँ मिलिजुली सरकारको गठन भयो। जबकि त्यस विशेष सदनले संसद विघटनको निर्णय दिन सक्थ्यो। त्यसपछि फेरि गिरिजाप्रसाद कोइराला नै नेपाली कांग्रेस, नेकपा (एमाले) तथा सद्भावना पार्टी सम्मिलित मिलिजुली सरकारको प्रधानमन्त्री बन्नुभयो।

नेपाली कांग्रेस तथा नेकपा (एमाले) ले छिट्टै निर्वाचन गराउन चाहेका थिए। तर धेरै आलोचकहरूले निष्पक्ष तथा स्वतन्त्र निर्वाचनका लागि सर्वदलीय सरकारको आवश्यकता महसुस गरे। यसभन्दा अघि सरकारमा रहेका पार्टीहरूले प्रशासनिक तथा राजनीतिक संयन्त्रहरूलाई आफ्नै इच्छाअनुरूप संचालन गर्दै आएका थिए। त्यसै कारण नेपाली कांग्रेसले ०४९ को स्थानीय निर्वाचनमा ठूलो संख्यामा विजय हासिल गरेको थियो। त्यसैगरी ०५४ मा नेकपा (एमाले) ले लोकेन्द्रबहादुर चन्दको शासनकालमा आफू सरकारमा संलग्न रहँदा त्यस्तै सफलता हासिल गरेको थियो। तर अर्कोतिर ०५१ को मध्यावधी निर्वाचनमा भने नेपाली कांग्रेसले निर्वाचन अवधिसम्म कोइराला सरकार रहिरहँदा पनि त्यस्तो सफलता प्राप्त गर्न सकेन। यसबाट के प्रष्ट हुन्छ भने सरकारमा रहेको पार्टीको हस्तक्षेपका कारण मात्र सफलता सम्भव छैन। बरू नेपालीहरूको निर्वाचनप्रतिको बढ्दो राजनीतिक चेतनाले भने परिणाममा फरक पार्न सक्छ। चुनाव परिणाम हेर्दा यस्तो लाग्छ, नेपाली जनताले नयाँ प्रजातान्त्रिक परिपाटीको महत्वलाई धेरैजसो नेताहरूले भन्दा बढी बुझेका छन्।

प्रधानमन्त्री कोइरालाले नेकपा (एमाले) को सर्वदलीय सरकार गठन गर्ने प्रस्ताव स्वीकार गर्नुलाई आश्चर्यजनकरूपमा लिइएको थियो। नेपाली कांग्रेसको गुटबाहेकका शक्तिसँग मिलेर फेरि पनि मिलिजुली सरकार संचालन गर्नुपर्ने सम्भावनाले गर्दा यो प्रस्ताव स्वीकार गरेको हुनसक्छ। शुरुदेखि नै कुन कुन पार्टीलाई लिएर सर्वदलीय सरकार बनाउने भन्ने कुरामा नेपाली कांग्रेस र नेकपा (एमाले) मा फरक धारणा रहेको थियो। जबकि कोइरालाले कुनै पनि पार्टीलाई बाहिर राख्न चाहेनन् भने नेकपा (एमाले) ले चाहिँ नेकपा (माले) को सहभागितालाई ठाडै अस्वीकार गऱ्यो। एमालेले नेकपा (माले) लाई संसदीय दलको रूपमा स्वीकार्न चाहेन, किनभने त्यस दलका सदस्यहरू निर्वाचनबाट आएका नभई नेकपा (एमाले) बाटै छुट्टिएर गएका थिए। यस विवादको अर्को परिणाम भनेको राप्रपा (चन्द) लाई पनि स्वीकार्न सम्भव भएन, किनभने राप्रपा (चन्द) पनि भर्खरै फुटेर बनेको दल थियो।

यो विवाद तब मात्रै टुंगियो, जब नेकपा (माले) तथा दुबै राप्रपाले सरकारमा बस्न अस्वीकार गरे। यी सबै दलहरूका लागि निर्वाचन छिट्टै हुनु फाइदाजनक थिएन। त्यसैले ०५६ को कात्तिकभन्दा अगाडि चुनाव नगर्न अनुरोध गरे।

नयाँ मिलिजुली सरकारले काम शुरू गर्नासाथै नेपाली कांग्रेस तथा नेकपा (एमाले) ले छिट्टै प्रचार प्रसारलाई आन्दोलनकै रूपमा शुरू गरिहाले। तर सरकारका लागि अझै सदनमा विश्वासको मत लिने काम बाँकी नै थियो। संसद संचालनको अवधि पनि तोकिएको थिएन। प्रतिनिधि सभाका सभामुख रामचन्द्र पौडेललगायत्का धेरै नेताहरूले धेरै मस्यौदाहरूमा छलफल गर्न बाँकी रहेका कारण देखाई संसद पूरा समय संचालन गर्ने माग गरे। पुस ३०, ०५५ का दिन सरकारले सदनमा विश्वासको मत सहजै प्राप्त गऱ्यो। त्यसपछि प्रधानमन्त्री कोइरालाले संसद भंग गरी चुनावको मिति तोक्न राजसमक्ष निवेदन दिनुभयो।

०५६ को संसदीय निर्वाचनका लागि वैशाख २० गतेको मिति तोकियो। निर्वाचन आयोगले तयारीका लागि केही समय माग गरेका कारण निर्वाचन मिति अलि पछि तोकिएको थियो। प्रमुख निर्वाचन आयुक्त विष्णुप्रताप शाहले निर्वाचन क्षेत्रहरूलाई सामान्य, सम्वेदनशील तथा धेरै सम्वेदनशील गरी विभाजन गर्ने सरकारी सुझावको आलोचना गर्नुभयो र निर्वाचन संचालन गराउने काम निर्वाचन आयोगको भएको सरकारलाई स्मरण गराउनुभयो। तर पनि सुरक्षाको प्रश्न निकै गम्भीर भएका कारण निर्वाचन आयोगले उक्त निर्वाचनलाई दुई चरणमा वैशाख २० र जेठ ३ गते गराउने निर्णय गऱ्यो।

प्रधानमन्त्री कोइरालाले आफ्नो पार्टीभित्र छलफल नै नगरी चुनावको घोषणा हुनासाथ कृष्णप्रसाद भट्टराईलाई भावी प्रधानमन्त्रीको उम्मेदवारको रूपमा अघि सार्नुभयो। तर ०४८ सालदेखि नेपाली काँग्रेसभित्र कायम रहँदै आएको अन्तरविरोध पूर्णरूपमा सेलाएन। विशेषगरी पार्टीका युवा नेताहरू असन्तुष्ट थिए किनभने उनीहरूले पार्टीको प्रमुख नेतृत्व तहमा नै नयाँ जोस जाँगरसहितको परिवर्तनको अपेक्षा गरेका थिए। यसरी भावी प्रधानमन्त्रीका रूपमा भट्टराईको मनोनयन पार्टीभित्रको आलोचनाको कारण मात्र भएको थिएन, यो त चुनावअघिको कोइरालाको कूटनीति थियो। यो तथ्य नेकपा (एमाले) सँगको गठबन्धन तथा विश्वासको मत लिएपश्चात् तुरुन्तै गरिएको संसद विघटन आदि कुराहरूबाट पनि पुष्टिएको थियो।

नेपाली कांग्रेसको तुलनामा नेकपा (एमाले) पार्टी धेरै शान्त देखिएको थियो। छिट्टै भएको निर्वाचनलाई पनि सामान्यरूपमा स्वीकारेकै थियो भने मनमोहन अधिकारीलाई तेस्रो पटक प्रमुख नेताको रूपमा मनोनयन गर्दा पनि यस पार्टीभित्र कुनै विमति देखा परेन। मनमोहन अधिकारी नेपाली राजनीतिमा "मिस्टर क्लीन" अर्थात् स्वच्छ छवि भएका व्यक्तिका रूपमा चिनिनुका साथै उनलाई उनका राजनीतिक प्रतिद्वन्द्वीहरूले पनि आदर सम्मान गर्दथे। नेकपा (एमाले) ले उपनिर्वाचन तथा स्थानीय निर्वाचनमा हासिल गरेको सफलताको आधारमा यस पटक पनि

गर्ने अनुमान गरेको थियो तर पर्यवेक्षकहरूका धारणाअनुसार एमालेले बहुमत प्राप्त गर्ने सम्भावना भने पहिल्यै देखिएको थिएन। यस्तो अनिश्चितताको प्रमुख कारण नेकपा (माले) को प्रादुर्भाव नै थियो। वामदेव गौतम तथा चन्द्रप्रकाश मैनालीद्वारा ०५४ मा गरिएको पार्टी विभाजनद्वारा वाम पार्टीहरूको विजयको सम्भावना धेरै कम देखिएको थियो। बाहिरी पर्यवेक्षकहरूका लागि यो पार्टी विभाजनको औचित्य स्पष्ट थिएन। वामदेव गौतम तथा चन्द्रप्रकाश मैनाली दुवैले दावा गर्दछन् कि उनीहरूको नयाँ पार्टीले कम्युनिष्ट आदर्शलाई धोका दिएको छैन। तर विभिन्न साना कम्युनिष्ट पार्टीहरूले भने नेकपा (एमाले) तथा नेकपा (माले) लाई आफूभन्दा फरक ठानिरहेका छन्। लोकेन्द्रबहादुर चन्दको गठबन्धनमा सरकारमा रहँदा वामदेवद्वारा माओवादी कार्यकर्ताविरुद्ध गरिएको दमनका कारण विशेषगरी उनलाई साना पार्टीहरूले सहयोगीका रूपमा विश्वास गर्न सकेनन्। नेकपा (माले) पनि नेपाली कांग्रेस तथा नेकपा (एमाले) जत्तिकै आशावादी थियो, तर आशाविपरित मालेले ०५४ सालमा विभिन्न कारणले स्थगित भएका स्थानीय निकायको निर्वाचन तथा आमनिर्वाचन दुवैमा नचिताएको पराजयको सामना गर्नुपर्‍यो।

निर्वाचन कसले जित्छ भनेर अनुमान गर्नु वास्तवमै सजिलो थिएन। आठ वर्षसम्मको बहुदलीय व्यवस्थापछि पनि पुराना टाउके नेताहरू जो भ्रष्टाचार, नातावाद, कृपावाद तथा अख्तियार दुरूपयोगमा लागेका थिए, तिनले फेरि अवसर पाउँदैमा गर्ने गर्लान् भनेर विश्वास गर्ने वातावरण बनेको थिएन। प्रजातन्त्र भनेको मनबाट शुरु हुनुपर्छ तर धेरै राजनीतिक नेताहरूमा सुझबुझ तथा इच्छाशक्ति थिएन। सरसर्ति हेर्दा पार्टीहरूभित्र रहेको यस्तो अप्रजातान्त्रिक संरचना नै व्यापक जनसहभागिताको बाधकको रूपमा देखा परेको छ। उदाहरणका लागि पार्टी उम्मेदवारको चयन स्थानीय तहका कार्यकर्ताहरूबाट नभई केन्द्रमा रहेका नेताहरूबाट हुने गर्दछ। २०५ वटै निर्वाचन क्षेत्रमा तिनीहरू आफ्ना समर्थक वा आफूले मन पराएकाहरूलाई मात्र पार्टी उमेदवारका रूपमा मनोनयन गर्ने बानी परेका छन्। यो प्रथा त्यति बेलासम्म परिवर्तन हुँदैन, जबसम्म उनीहरू आफैले आफ्नो शक्तिका लागि दावा गर्न पाउने अधिकार एवं राष्ट्रिय तथा विदेशी सहायताको सम्पत्तिमाथिको उनीहरूको अधिकारमा रोक लगाइँदैन।

४.२ पार्टी र तिनका कार्यक्रमहरु

निर्वाचन प्रचारको क्रममा बाहिरी र आन्तरिक सुरक्षासँग सम्बन्धित दुईवटा सवालहरूले अहम् भूमिका खेलेको पाइयो। ती थिए- भारतसँगको सम्बन्ध र माओवादी जनयुद्ध। नेपालका राजनीतिक नेताहरू, त्यसमा पनि विशेषगरी वामपन्थी नेताहरूका लागि नेपाल र भारतबीचको सम्बन्धको विषय सधैं उच्च महत्वको सवाल बनेको छ। वि.सं. २०५६ को आमनिर्वाचनको क्रममा अत्यन्त धेरै बहसको विषय बनेका केही सवालहरू हुन् : नेपालको प्राकृतिक स्रोतको प्रयोग र बेचबिखन, नेपाल र भारतबीच सम्पन्न भएको सन् १९५० को सन्धिको पुनरावलोकन, भारतद्वारा नेपालको कालापानीमा रहेको भू-भागमाथि गरिएको हस्तक्षेप, भारतीय श्रमशक्तिको नेपालभित्र बढेको प्रवाह, भुटानी शरणार्थी समस्याको समाधानका लागि भारतको सहभागिता इत्यादि।

वि.सं. ०४८-०५१ मा कोइराला सरकारको पालामा नै प्राकृतिक स्रोतको बेचबिखनसम्बन्धी विवाद शुरु भइसकेको थियो। त्यसबेला प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संसदको दुई तिहाइ बहुमतको अनुमति नलिइकन भारतसँग महाकाली नदीमा टनकपुर परियोजनासम्बन्धी सम्झौता सम्पन्न गर्ने प्रयास गर्नुभयो। नेकपा (एमाले) को अल्पमतको सरकार रहेको समयमा र त्यसपछि विशेषतः देउवा सरकारको समयमा उक्त टनकपुर परियोजनासँग महाकाली नदीसँग सम्बन्धित अन्य धेरै परियोजनाहरूलाई एकिकृत गर्ने प्रयास भयो। नेकपा (एमाले) ले महाकाली सन्धिको समर्थन गरेपछि उक्त सन्धि पारित भयो। तर यस विषयलाई लिएर उक्त पार्टीको केन्द्रीय कमिटीभित्र धेरै ठूलो विवाद उत्पन्न भयो। जुन विरोधको नेतृत्व वामदेव गौतमबाट भयो। त्यसपछि यो विषय उहाँबाट अगुवाई गरिएको एमाले पार्टीको विघटनको सैद्धान्तिक आधारहरूमध्येको एउटा बुँदा बन्न पुग्यो।

सन् १९५० को सन्धि तत्कालीन राणा सरकार र भारतको नेहरू सरकारका बीचमा ३१ जुलाई १९५० मा सम्पन्न भएको थियो। उक्त समयमा नेपालको राणा सरकारले विपक्षी राजनीतिक शक्तिहरू नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी तथा अन्य प्रजातान्त्रिक शक्तिहरूको विरोधको सामना गरिरहेको थियो। यी शक्तिहरूमध्ये धेरै भारतीय भूमिमा रहेर संघर्ष गरिरहेका थिए। त्यसैले आफ्नो सत्ता स्वार्थका लागि तत्कालीन राणा सरकारले नेपालको राष्ट्रिय हित विपरितका शर्तहरूको समर्थन गर्न पुगेको थियो। दुवै राष्ट्रका जनतालाई अर्को राष्ट्रमा गई काम गर्न पाउने अधिकारको स्थापना भएकाले दुई देशबीचको सीमा बन्धनलाई असम्भव पारिदियो। यसका कारणले नेपालको तराई भाग र काठमाडौं उपत्यकामा भारतीय नागरिकहरूको निर्बाध प्रवेशलाई सहज तुल्याइयो। यस सन्धिको अर्को नकारात्मक विशेषता के पनि रह्यो भने यसले नेपाललाई भारतको सुरक्षा छाताभित्र पार्ने काम गर्‍यो।

भारतले सन् १९६० को दशकमै नेपाली भूमि कालापानीमा आफ्नो सैनिक क्याम्प खडा गरेको विषय केही वर्ष पहिलेदेखि चर्चाको विषय बनेको छ। भारतीय पक्षको दावीअनुसार उक्त भू-भाग नेपाल होइन, भारतभित्रै पर्दछ। तसर्थ भारतले नेपालद्वारा प्रस्तुत गरिएको नक्शालाई स्वीकार गरेको छैन। यस विषयलाई लिएर विशेषगरी वामपन्थी राजनीतिक पार्टीहरू र तिनका विद्यार्थी संगठनहरूले नै सबैभन्दा बढी कडा शब्दमा विरोध जनाइरहेका छन्।

०४७ मा कृष्णप्रसाद भट्टराईको नेतृत्वमा रहेको अन्तरिम सरकारको समयमा भुटानी शरणार्थी समस्याको शुरुवात् भयो। नेपालमा भएको प्रजातान्त्रिक परिवर्तनपछि छिमेकी राष्ट्र

भूटानमा पनि प्रजातान्त्रीकरणको आवाज उठ्न थाल्नु स्वभाविकै थियो। भूटानमा यस किसिमको विचारका समर्थकहरू विशेषतः दक्षिणी भागमा बस्ने नेपाली मूलका मानिसहरू थिए। भूटानको निरंकुश व्यवस्था नेपालको पहिलेको पंचायती व्यवस्थासँग धेरै कुरामा समान थियो। त्यसैले उसले आफूमाथि खतरा आइपर्ने सम्भावना देख्यो। त्यसपछि भूटानले आफ्नो भूमिबाट नेपाली मूलका मानिसहरूको सफाई गर्ने अभियान थालनी गऱ्यो। यो अभियान सन् १९८० को मध्यदेखि लागू भएको आमूल परिवर्तनकारी कानूनी परिवर्तनहरूमा आधारित थियो। भूटानबाट धपाइएका १ लाख मानिसहरू नेपाली नागरिक वा भूटानका नागरिक जेसुकै भए पनि तिनीहरूले भारतमा बस्न पाउने अधिकार रहन्छ किनभने भारतको नेपाल र भूटानसँगका अलग अलग पारस्परिक सम्झौताहरूअनुसार यो अधिकार सुरक्षित छ। तर भूटानले उनीहरूलाई भारतीय भूमिबाट समेत टाढा नेपालसम्म लखेटी पठायो र उक्त समस्या नेपाल र भूटानबीचको द्विपक्षीय समस्या मात्र रहेको भनाई अघि साऱ्यो। अन्तरिम प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले उक्त समस्यालाई निर्वाचित सरकारले समाधान गर्नेछ भनेर शरणार्थीहरूलाई नेपाल पस्न अनुमति प्रदान गर्नुभयो। त्यस समयपछि नेपाल र भूटानबीच मध्यस्थताका धेरै प्रयास भए, तर कुनै सफलता हासिल हुन सकेन। यो विवाद भारतीय पक्षको सहभागितामा मात्र समाधान हुन सक्छ, तर भारतीय सरकारले यस कुरालाई इन्कार गरिरहेको छ।

भारतको सम्बन्धमा उठ्ने सवालका अतिरिक्त माओवादीहरूद्वारा नेतृत्व गरिएको तथाकथित जनयुद्धको विषय आमनिर्वाचन ०५६ को प्रचारको क्रममा बढ्ता महत्वको सवाल बन्न पुग्यो। ०५२ मा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले तत्कालीन देउवा सरकारसमक्ष ४० सूत्रीय मागहरू प्रस्तुत गरेको थियो। उक्त मागहरूभित्र सामाजिक-आर्थिक परिवर्तनका अतिरिक्त कैयौं क्रान्तिकारी कदमहरूको आकांक्षा राखिएको थियो। जब सरकारले ती मागको वास्ता गरेन, माओवादीहरूले ०५२ फागुन महिनादेखि पश्चिम नेपालका पिछडिएका चार वटा जिल्ला (रूकुम, रोल्पा, जाजरकोट र सल्यान) बाट आफ्नो युद्धको शुरूवात् गरे। जसको मुख्य निशाना विशेषगरी नेपाली कांग्रेसका कार्यकर्ताहरू भए। आज यस युद्धबाट देशका ७५ जिल्लामध्ये आधाभन्दा बढी जिल्लाहरू प्रभावित भएका छन्। यस युद्धबाट १ हजार २ सय जनाभन्दा बढीको ज्यान गएको छ। जसमध्ये सबैभन्दा बढ्ता मानिसहरू सुरक्षाकर्मीहरूका हातबाट मारिएका छन्।

धेरै जिल्लाहरूमा नेकपा (माओवादी) ले ०५४ को स्थानीय निर्वाचन सफलतापूर्वक बहिस्कार गरेको थियो र यस्तो बहिस्कार ०५६ को आमनिर्वाचनमा पनि त्यसैगरी सफल हुन सक्ने अनुमान गरिएको थियो। माओवादीहरूले पाएको सफलता केवल डर-त्रासको कारणले मात्र भएको होइन कि सरकारद्वारा विकास कार्यमा बेवास्ता गरिएका ठाउँहरूमा बसोबास गर्ने स्थानीय सर्वसाधारण जनताको समेत उनीहरूमाथि समर्थन रहेकाले पनि भएको हो। यो कुरा विशेषतः पिछडिएका जनजातिका सम्बन्धमा लागू भएको पाइन्छ। पश्चिम पहाडी जिल्लाहरू जहाँ मगर जातिको बसोबास छ, ती ठाउँहरूमा यो कुरा देख्न सकिन्छ। नेकपा (माओवादी) को नेतृत्व तहमा रहेका व्यक्तिहरू उच्च हिन्दू जातिका मानिसहरू बढी छन्। तर स्थानीय तहका कार्यकर्ताहरूचाहिँ मगर समुदायका बढी छन्। मगर जातिकै कार्यकर्ताहरू सुरक्षाकर्मीहरूद्वारा बढी मारिएका छन्। अन्यायपूर्वक मारिएका घटना वा प्रहरीद्वारा निर्दोष व्यक्तिको हत्या भएका अनेकौं तथ्यहरू पाइएका छन्। के माओवादीहरूको जस्तो हिंसात्मक बाटो नै अन्तिम उपाय हो त? माओवादी आन्दोलनको बाटोबाट अन्य देशहरूमा पनि गरीब जनताको आर्थिक समृद्धि त भएको होला तर त्यसका साथै व्यक्तिगत स्वतन्त्रता भने हनन भएकै हुन्छ। तसर्थ, जनताले मत दिउँ कसरी दिने? केका लागि दिने? नदिउँ कसरी नदिने? के मतदान बहिस्कार गरेर समस्या सुल्झिन्छ त?

आमनिर्वाचन ०५६ मा "हिमाल मार्ग" नामक एक निजी संस्थाले गरेको एक मत सर्वेक्षणबाट मिश्रित प्रतिक्रिया पाइयो। उक्त सर्वेक्षणले पत्ता लगाएका मुख्य मुख्य कुराहरूलाई एमाले समर्थित पत्रिकाहरूले कुनै खास अंशलाई महत्व दिएर छापे। नेकपा (माले) समर्थित छापाहरूले त उक्त सर्वेक्षणलाई विदेशी शक्तिद्वारा संचालित भनी आरोप लगाउनसमेत पछि परेनन् भने नेपाली कांग्रेस समर्थित छापाहरूको प्रतिक्रिया पनि त्यस्तै कडा थियो। स्वतन्त्र व्यक्तिहरूले पनि उक्त सर्भेमा रहेका त्रुटिहरू औंल्याए। उक्त सर्भेक्षणले देखाएअनुसार बढ्दो मूल्य र बेरोजगारी नै नेपाली मतदाताहरूका मुख्य सरोकारका विषयहरू हुन्। यसरी सर्भे गरिएका ७८.४१ व्यक्तिहरूमध्ये लगभग २८ प्रतिशतले बढ्दो मूल्य वृद्धिलाई आफ्नो सबैभन्दा ठूलो समस्याको रूपमा बताए भने १८ प्रतिशतले बेरोजगारी समस्यालाई सबैभन्दा ठूलो बताए। झण्डै २९ प्रतिशतले आफू बसेको क्षेत्रमा विकासका कार्यहरूको प्रगति नभएकोमा चिन्ता प्रकट गरे। ७ प्रतिशतले मात्र भ्रष्टाचारलाई प्रमुख समस्याको रूपमा देख्न पुगे भने भूटानी शरणार्थी, माओवादी आतंक र प्रदूषण जस्ता समस्याहरूलाई प्रमुख ठान्ने व्यक्तिहरू २ प्रतिशत भन्दा बढी हुन सकेनन्। प्रजातान्त्रिक परिपाटीमाथि कहाँबाट खतरा छ त भनी राखिएको प्रश्नमा झण्डै ८० प्रतिशत व्यक्तिले राजनीतिक नेता र तिनका क्रियाकलापबाट यस्तो खतरा भएको विचार प्रकट गरे। १० प्रतिशतभन्दा बढीले यस्तो खतरा माओवादीबाट भएको देखे भने ३ प्रतिशत भन्दा कमले यस्तो खतरा वैदेशिक शक्ति र दरबारपरस्त शक्तिहरूबाट भएको विचार व्यक्त गरे।

४.३ निर्वाचनको संचालन

. दुई चरणमा मतदान कार्य भएको पहिलो पटक यो आमनिर्वाचन थियो। जम्मा २०५ निर्वाचन क्षेत्रमध्ये ९३ वटा क्षेत्रमा ०५६ वैशाख २० गते र ११२ वटामा जेठ ३ गते मतदान गर्ने निर्णय निर्वाचन आयोगले गऱ्यो। काठमाडौंको १ र ३ नं.

तालिका १ : निर्वाचित उम्मेद्वारहरु

पार्टीहरु	परिणाम २०५६	एमाले र राप्रपा अविभाजित	एमाले अविभाजित	राप्रपा अविभाजित	परिणाम २०५१	परिणाम २०४८
नेपाली काँग्रेस	११०	६५	६७	१०७	८३	११०
एमाले	६७	११६	११८	७१	८८	६९
राप्रपा	११	१४	९	१६	२०	४
सद्भावना	५	३	४	४	३	६
राष्ट्रिय जनमोर्चा	५	५	५	५		
नेमकिपा	१	१	१	१	४	२
संयुक्त जनमोर्चा	१	१	१	१		९
अन्य					७	५
जम्मा	२००	२०५	२०५	२०५	२०५	२०५

क्षेत्रहरू, पाल्पा क्षेत्र नं. ३, सिरहा क्षेत्र नं. ५, सुनसरी जिल्लाको एउटा क्षेत्रमा मतदानको कार्यलाई मनमोहन अधिकारीलगायत् अन्य तीन जना उम्मेदवारहरुको मृत्युका कारणले तोकिएको दिनमा चुनाव गरी पछि गर्नुपरेको थियो। राजनीतिक पार्टी र नेताहरूले निर्वाचन आयोगको यसरी दुई चरणमा निर्वाचन गराउने निर्णयप्रति मिश्रित प्रतिक्रिया व्यक्त गरेको पाइयो। धेरैले यस्तो निर्णयलाई सत्तासीन पार्टीहरू नेपाली कांग्रेस र नेकपा (एमाले) को निर्वाचनलाई आफ्नो पक्षमा पार्ने कुटिल चालवाजी भनी आलोचना पनि गरे।

यी सबै कुराका बावजुद पनि निर्वाचन आयोगको उक्त कदम सफल भयो। धेरै अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुले निर्वाचनलाई शान्तिपूर्ण र निष्पक्ष भनी प्रतिक्रिया पनि जनाए। ०५१ को निर्वाचनका घटनाहरूको तुलनामा धेरै कम हिंसात्मक घटनाहरू भएको पाइयो। तर अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुको राय कतिपय राष्ट्रिय पर्यवेक्षकहरुसँग मिल्दोजुल्दो भएको पाइएन। राष्ट्रिय पर्यवेक्षण समूहहरूले तर्क प्रस्तुत गरे कि नेपालमा बाहिरबाट आएका पर्यवेक्षकहरुसँग घटनाहरूको पछाडि रहेका कुराहरू पहिचान गर्न सक्ने अन्तरदृष्टिको कमी थियो। पहिलो चरणको मतदान सकिएको लगत्तै पछि विपक्षी पार्टीका प्रतिनिधिहरूले व्यापक धाँधली भएको र निर्वाचनलाई शक्तिको भरमा प्रभावित पार्न खोजिएको आरोप लगाए। शुरूमा ६० प्रतिशत भन्दा कम मतदानले मात्र चुनावमा सहभागिता देखाएको कुरा गरियो। अन्तमा यो तथ्यांक बढेर ६५ देखि ७९ प्रतिशतसम्म पुगेको पाइयो, जुन झण्डै ०५१ को तथ्यांकसँग मिल्दोजुल्दो छ।

झण्डै १ करोड ३५ लाखको संख्यामा रहेका मतदाताहरू मतदान अधिकार प्राप्त थिए। उनीहरुको मत ३९ वटा पार्टीका र स्वतन्त्रसमेत गरी १ हजार ६ सय ५ जना उम्मेदवारहरुमा विभाजित थियो। उम्मेद्वारीको सबैभन्दा ठूलो संख्या नेपाली कांग्रेसको थियो, जसबाट २ सय ५ वटै क्षेत्रमा उम्मेदवारहरू खडा भएका थिए भने त्यसपछिको दोस्रो ठूलो संख्याको उम्मेदवारी नेकपा (माले) बाट परेको थियो, जसका १ सय ९७ जना उम्मेदवारहरू आ-आफ्नो निर्वाचन क्षेत्रमा खडा थिए। त्यसैगरी राप्रपाबाट १ सय ९५, नेकपा (एमाले) बाट १ सय ९५ र राप्रपा (चन्द) बाट १ सय ८४ निर्वाचन क्षेत्रमा उम्मेदवारहरू चुनाव लडेका थिए। संविधानले ५ प्रतिशत सिटमा महिला उम्मेद्वार हुनुपर्ने व्यवस्था गरेकोमा कुनै पनि पार्टीबाट सो ५ प्रतिशत भन्दा बढी महिला उम्मेदवारहरू खडा हुन सकेका थिएनन्। यद्यपि धेरै पार्टीले महिलाहरूलाई अधिक संख्यामा उम्मेदवारी दिलाउने घोषणा गरेका थिए। यो स्थिति विगतका स्थितिहरू भन्दा खासै भिन्न हुन सकेन।

अनुमान, सर्वेक्षणले नेपाली कांग्रेस र नेकपा (एमाले) कै बीचमा प्रमुख प्रतिद्वन्द्विता हुने कुरा बताएको थियो। नेकपा (माले) र राप्रपा (चन्द) को वास्तविक सामर्थ्यताका बारेमा ठोस अनुमान गर्न गाह्रो भएको थियो। अर्को विचारणीय कुरा थियो- निर्वाचनको केही समय अगाडि मात्र नेकपा (एमाले) का अध्यक्ष तथा भूतपूर्व प्रधानमन्त्री मनमोहन अधिकारीको निधनबाट उत्पन्न परिस्थिति। मत सर्वेक्षणले बताएअनुसार अधिकारी नेपालमा भएका राजनीतिक व्यक्तिहरुमध्ये प्रधानमन्त्री बन्नका लागि सबैभन्दा उपयुक्त व्यक्ति हुनुहुन्थ्यो। माथि उल्लेखित "हिमाल मार्ग" को मत सर्वेक्षणले यस्तो नतिजा देखाएको थियो। ३२.२ प्रतिशत सहभागीले नेपाली कांग्रेसलाई मत दिने प्रतिक्रिया जनाएका थिए। ३१.९ प्रतिशतले नेकपा (एमाले) लाई, ७ प्रतिशतले राप्रपालाई तथा ३.९ प्रतिशतले एमालेबाट छुट्टिएर गएको नेकपा (माले) लाई भोट दिने विचार व्यक्त गरेका थिए। झण्डै १५ प्रतिशत मतदाताहरूले कुन पक्षलाई दिने हो भनी निर्णय नगरिसकेको कुरा बताएका थिए। त्यसैगरी कुन व्यक्तिलाई तपाई देशको प्रधानमन्त्री भएको हेर्न चाहनुहुन्छ त भनी गरिएको प्रश्न उपर प्रतिक्रिया दिने क्रममा ३१ प्रतिशतले मनमोहन अधिकारीलाई, १३.९ प्रतिशतले कृष्णप्रसाद भट्टराईलाई, १४.३ प्रतिशतले गिरिजाप्रसाद कोइरालालाई, ५.६ प्रतिशतले सूर्यबहादुर थापालाई, ३ प्रतिशतभन्दा कमले शेरबहादुर देउवा, वामदेव गौतम र लोकेन्द्रबहादुर चन्दलाई र २ प्रतिशतभन्दा कमले माधवकुमार नेपाल, रामचन्द्र पौडेल र शैलजा आचार्यलाई आगामी प्रधानमन्त्रीको रूपमा बढी रूचाएको पाइएको थियो।

झण्डै एक वर्ष पहिलेको मत सर्भेक्षणले त्यस बेला चुनाव भएको भए नेकपा (एमाले) को चुनावी विजयको स्पष्ट संकेत

दिइसकेको थियो। तर जब वामदेव गौतम र चन्द्रप्रकाश मैनालीहरूले उक्त पार्टीलाई ०५४ फागुनमा टुक्र्याई नेकपा (माले) को जन्म गराए, एमालेका लगभग आधा सांसदहरू टुक्रिएर गएको नेकपा (माले) तर्फ प्रवेश गरे। जसमा धेरै हस्तीहरू थिए, जस्तैः साहना प्रधान, राधाकृष्ण मैनाली, पद्मरत्न तुलाधर आदि। एमाले र माले दुवै पार्टीले चुनावमा विजय प्राप्त गर्ने तीव्र आकांक्षाका साथ आफ्ना गतिविधि अघि बढाएका थिए।

अनिश्चितता सिर्जना गर्ने अर्को जिम्मेवार तत्व थियो- एमालेको विभाजन भए जस्तै गरी राप्रपामा भएको विभाजन। ०४८ को आमनिर्वाचनपछि सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्द पार्टीका समूहहरूबीच एकता स्थापित भएको थियो। जब यी नेताहरूले ठूलो राजनीतिक शक्ति हात पार्नका लागि दक्षिणपन्थी शक्तिहरूबीच एकता हुनुपर्ने आवश्यकता महसुस गरे तब यो एकता कायम भएको थियो। तर जब चन्दले उक्त पार्टी टुक्र्याई छुट्टै पार्टी बनाउनुभयो, झण्डै राप्रपाका आधा सांसदहरूले राप्रपा (चन्द) गठन गर्नका लागि सहयोग गरे। दुवै राप्रपाहरू ०४८ को चुनावमा राप्रपा (थापा) र राप्रपा (चन्द) भएर धेरै निर्वाचन क्षेत्रहरूमा आपसी प्रतिस्पर्धामा उत्रिएका थिए। त्यसबेला यी पार्टीहरूले १२ प्रतिशत भन्दा बढी मत हासिल गरेर पनि केवल सदनमा ४ स्थान मात्र प्राप्त गरेका थिए। नेपाली कांग्रेसले दुवै राप्रपाको भन्दा केवल तीन गुणा मात्र बढी मत ल्याएको थियो तर सदनमा संसद संख्या भने उनीहरूको भन्दा २७ गुणा भन्दा बढी थियो।

४.४ परिणामको विश्लेषण

आमनिर्वाचन ०५६ को परिणामसम्बन्धी सबै पूर्व अनुमानहरू चुनावको परिणाम बाहिर आइसकेपछि अन्त्य भए। परिणामले त्रिशंकु संसद बनाएन। धेरैलाई यस्तो हुने हो कि भन्ने डर थियो। यसको सट्टा चुनावबाट नेपाली कांग्रेसको पक्षमा स्पष्ट बहुमत (२०५ मध्ये १११ सिट) हासिल भयो। कृष्णप्रसाद भट्टराईले पहिलो पटक चुनाव जित्नुभयो। त्यसैले उहाँ नयाँ प्रधानमन्त्री हुनु स्वभाविक थियो।

नतिजाअनुसार नेकपा (एमाले) ७१ सिटका साथ संसदमा सबल प्रतिपक्षी दलको रूपमा स्थापित भयो। यसबाट नेपाल दुई पार्टी प्रणालीको दिशातर्फ अघि बढ्न खोजेको हो कि भनी विचार गर्नुपर्ने स्थिति देखियो। सूर्यबहादुर थापाले नेतृत्व गरेको राप्रपाले ११ सिटमा चुनाव जिती विगतको तुलनामा ठूलो धक्का खानुपर्‍यो।

छुट्टिएर गठन भएका दुई राजनीतिक दलहरू नेकपा (माले) र राप्रपा (चन्द) ले पाएको मत बिर्सन नसकिने छ। साह्रै ठूलो संख्यामा उम्मेदवारहरू खडा गरी चुनाव लड्दा पनि यिनीहरूका एउटै पनि उम्मेदवारलाई जनताले पत्याएनन्। यसबाट पार्टी विभाजन गर्ने विभाजनकारीमाथि ठूलो जनकारबाही भएको भन्ने निष्कर्ष निस्कन्छ। यो कुरा विशेषतः नेकपा (माले) का सम्बन्धमा अझ सान्दर्भिक छ, जुन पार्टीका हस्तीहरू सहाना प्रधान, चन्द्रप्रकाश मैनाली, वामदेव गौतम, राधाकृष्ण मैनाली, पद्मरत्न तुलाधर इत्यादिले उनीहरूका प्रतिस्पर्धीभन्दा भारी मतको अन्तरले यस चुनावमा पराजित हुनुपर्‍यो।

धेरैवटा स-साना पार्टीहरूले पाएको नतिजा त्यति ठूलो महत्वको छैन। यस पटक स्वतन्त्र उम्मेदवारहरूको पनि कुनै उल्लेखनीय भूमिका रहेन। नेपाल सद्भावना पार्टीले ३ सिटबाट ५ सिट पुर्‍याई सिट संख्या त बढायो तर नेकपा (एमाले) र राप्रपा विभाजन भएको कारणले मात्र नेपाल सद्भावना पार्टीको यो सुधार देखिएको थियो। नेपाल मजदूर किसान पार्टी ०५१ मा ४ सिट जितेकोमा यसपटक केवल एक सिटमा सीमित रहन पुग्यो। यसका नेता नारायणमान बिजुक्छे मात्र जनअनुमोदन प्राप्त गर्न सफल हुनुभयो।

वामपन्थी दल संयुक्त जनमोर्चा, नेपाल पुनः संसदमा प्रवेश गरेको छ। नेकपा (एमाले) र नेकपा (माले) दुवैको प्रतिस्पर्धा सामना गर्नु नपरेको निर्वाचन क्षेत्रमा त्यस दलका नेता लीलामणि पोखरेलले विजय हासिल गर्नुभएको छ। ०४८ को

तालिका ३ : आमनिर्वाचन २०५६ मा महिला-पुरुष सहभागिता

	नेपाली कांँग्रेस	नेकपा एमाले	नेकपा माले	राप्रपा थापा	राप्रपा चन्द	सद्भावना	राजमो	संजमो	नेमकिपा	जम्मा
उम्मेद्वार	२०५	१९५	१९७	१९६	१८४	६८	५३	४०	४१	२२३५
पुरुष	१९०	१८४	१८६	१८१	१७१	६२	४९	३७	३८	२०९७
महिला	१५	११	११	१५	१३	६	४	३	३	१३८
महिला %	७.३२	५.६४	५.५८	७.६९	७.०७	८.८२	७.५५	७.५०	७.३२	६.१७
निर्वाचित	११०	७०	०	११	०	५	५	१	१	२०३
निर्वाचित पुरुष	१०५	६५		९		५	५	१	१	१९१
निर्वाचित महिला	५	५		२						१२
महिला निर्वाचित %	४.५५	७.१४		१८.१८		०.००	०.००	०.००	०.००	५.९१

आमचुनावपछि संयुक्त जनमोर्चा नेपाल ९ सिटसहित संसदमा तेस्रो स्थानमा थियो। ०५१ को चुनावमा यस दलबाट छुट्टिई बाबुराम भट्टराईको नेतृत्वमा एक समूह नेकपा (माओवादी) तर्फ प्रवेश गरेपछि यस दलले निर्वाचनमा पराजय भोग्नुपरेको थियो।

तालिका २ : निर्वाचन परिणाम २०५६

पार्टी	उम्मेद्वार	स्थान	मत	स्थान %	मत %
नेपाली काँग्रेस	२०५	१११	३२१४७८६	५४.१५	३७.१७
नेकपा (एमाले)	१९५	७१	२७३४५६८	३४.६३	३१.६१
राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा)	१९५	११	९०२३२८	५.३७	१०.४३
नेपाल कम्युनिष्ट पार्टी (माले)	१९७	०	५६७७६०	०.००	६.५६
राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द)	१८४	०	२९५८१२	०.००	३.४२
नेपाल सद्भावना पार्टी	६८	५	२७८४३५	२.४४	३.२२
राष्ट्रिय जनमोर्चा नेपाल	५३	५	१२१४२६	२.४४	१.४०
राष्ट्रिय जनमुक्ति पार्टी	१३०	०	९४८६०	०.००	१.१०
संयुक्त जनमोर्चा नेपाल	४०	१	७४६६९	०.४९	०.८६
नेपाल मजदुर किसान पार्टी	४१	१	४८६८५	०.४९	०.५६
नेपाल जनता दल	२४	०	११७४८	०.००	०.१४
जनमुक्ति पार्टी नेपाल	२६	०	९६१६	०.००	०.११
नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी)	२८	०	८१०१	०.००	०.०९
नेपाल दलित श्रमिक मोर्चा	२२	०	६८५२	०.००	०.०८
हरियाली नेपाल पार्टी	४५	०	६४२०	०.००	०.०७
नेपाल कम्युनिष्ट पार्टी (संयुक्त)	१९	०	५१११	०.००	०.०६
नेपाल जनता पार्टी राष्ट्रिय समृद्धिवाद	१५	०	४९२७	०.००	०.०६
राष्ट्रिय जनता परिषद	३९	०	३७९९	०.००	०.०४
जन काँग्रेस	१२	०	१९९२	०.००	०.०२
शिवसेना नेपाल	२५	०	१७५६	०.००	०.०२
नेपाल सोसियलिष्ट पार्टी	६	०	९५०	०.००	०.०१
बहुजन समाज पार्टी	३	०	८३५	०.००	०.०१
नेपाल प्रजा परिषद	८	०	८१७	०.००	०.०१
संयुक्त प्रजातन्त्र पार्टी	२	०	२९७	०.००	०.००
नेपाल समाजवादी पार्टी (मालेमा)	३	०	१९०	०.००	०.००
सेभ द नेशन मुभमेन्ट	३	०	१७०	०.००	०.००
प्रगतिशील उद्योग तत्व नेपाल	१	०	१५५	०.००	०.००
नेपाल जनभावना पार्टी	१	०	१२०	०.००	०.००
राष्ट्रवादी जनता पार्टी	२	०	१०५	०.००	०.००
सोसियलिष्ट डेमोक्राटिक पार्टी	३	०	९७	०.००	०.००
समाजवादी गरिब पार्टी	२	०	८६	०.००	०.००
नेपाल जनहीत पार्टी	१	०	६८	०.००	०.००
नेपाल सुरक्षा पार्टी	१	०	५६	०.००	०.००
नेपाल राष्ट्रवादी दल	१	०	५५	०.००	०.००
मेची महाकाली समन्वय दल	१	०	३५	०.००	०.००
प्रजातान्त्रीक नेपाली जनता पार्टी	१	०	१८	०.००	०.००
प्रजातन्त्र सगरमाथा दल	१	०	११	०.००	०.००
लिबरल डेमोक्राटिक पार्टी	१	०	१०	०.००	०.००
नेपाल राष्ट्रिय एकता पार्टी	१	०	८	०.००	०.००
स्वतन्त्र	६३३	०	२५१९३०	०.००	२.९१
जम्मा	१६०५	२०५	८६४९६६४	१००.००	१००.००

यसपटक संसदमा राष्ट्रिय जनमोर्चा नयाँ दलको रूपमा उपस्थित भएको छ, जसले पश्चिमी नेपालका ५ वटा निर्वाचन क्षेत्रहरूमा नेकपा (एमाले) सँगको तालमेलबाट विजय हासिल गर्न सकेको छ। यसअघि ०५१ को चुनावबाट यसका दुई जना प्रतिनिधिहरूले स्वतन्त्र उम्मेदवारको रूपमा विजय हासिल गरेका थिए।

नेकपा (माले) र राप्रपा (चन्द) का सबै पुराना सांसदहरू पराजित भएका हुनाले पनि संसदमा निर्वाचित नयाँ अनुहारहरू धेरै छन्। यसका अतिरिक्त अन्य पार्टीबाट आएका सांसदहरू पनि केही नयाँ छन्। विशेषगरी उनीहरूको भ्रष्ट क्रियाकलापका कारणले धेरै पुराना सांसदहरू पुनः निर्वाचित भएर आउन नसक्ने स्थिति देखियो।

नेपाली कांग्रेसको पक्षमा भारी बहुमत प्राप्त हुनुको केवल एउटै कारण छ- जनताको स्पष्ट बहुमत प्राप्त सरकार हुनुपर्ने चाहना। यदि नेपाली कांग्रेसका नेताहरू र केही छापाहरूमा व्यक्त विचारहरूलाई हेर्ने हो भने यो निष्कर्ष निस्कन्छ। तर चुनाव परिणामको राम्रो विश्लेषणले अर्कै कुरा देखाउँछ। संख्याका आधारमा ०५१ मा नेकपा (एमाले) पहिलो पटक संसदको सबैभन्दा ठूलो दलको रूपमा स्थापित भएको थियो। नेपालमा बहुदलीय आधारमा एक क्षेत्र एक प्रतिनिधिको व्यवस्थाअनुसार हुने चुनावमा आधारित भएर निर्वाचन भएकाले यस्तो भएको हो। मत संख्याका आधारमा हेर्ने हो भनेचाहिँ ०४८ मा जस्तै ०५१ मा पनि नेपाली कांग्रेस नै

अग्रस्थानमा थियो, जुन कुरा यसपालीकै तथ्यांकले पनि देखाउँछ - यदि यस पार्टीको भोट र नेकपा (एमाले)को भोटलाई तुलना गरेको खण्डमा। तर हाल नेकपा (एमाले) र माले दुवैको भोट संख्यालाई नेपाली कांग्रेसको भोटसँग तुलना गरी हेरेको खण्डमा चाहिँ नेकपा (एमाले) एकीकृत रहिरहेको भए यसले स्पष्टतः नेपाली कांग्रेसको भन्दा बढी मत पाउन सक्ने संकेत देखियो।

यसभन्दा अझ बढी, प्रत्येक निर्वाचन क्षेत्रको संख्यालाई दाजेर हेर्ने हो भने त ०५६ को आमनिर्वाचनको परिणामलाई नेकपा (एमाले) को विभाजनले निर्णायकरूपमा प्रभावित गरेको देखिन्छ। ४२ भन्दा बढी निर्वाचन क्षेत्रमा नेपाली कांग्रेसले आफ्ना उम्मेदवारहरूको आफ्नै बर्कतले होइन कि नेकपा (माले) र एमालेको आपसी प्रतिस्पर्धाका कारणले अग्रस्थान ओगट्न पुग्यो। यसरी वामदेव गौतम र उहाँका सहयोगीले नेकपा (एमाले) को विभाजन नगरेको भए मत संख्या र सिट संख्या दुवैको हिसावले एमाले नै ०५६ को आमनिर्वाचनमा स्पष्ट बहुमत प्राप्त गर्ने पार्टी बन्ने थियो।

राप्रपाको विभाजन कम महत्वपूर्ण भएको छ। ०५१ को तुलनामा यसपटक राप्रपाका दुवै घटक राप्रपा र राप्रपा (चन्द) लाई मिलाएर पनि साह्रै ठूलो संख्यामा भोट घटेको देखिन्छ। झण्डै झण्डै राप्रपा (चन्द) मतको हिसावले सखाप भएको देखिन्छ। सुदूरपश्चिम नेपालका केही निर्वाचन क्षेत्रबाहेक अन्य ठाउँमा यस पार्टीले पाएको मत साह्रै न्यून छ। नेकपा (एमाले) र राप्रपाको विभाजन नभएको भए राप्रपाका सांसदको संख्या ११ देखि १४ सम्म पुग्न सक्ने देखिन्छ।

४.५ राजनीतिक परिणाम

एमालेको विभाजन तथा नेपाली कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाको चुनावअगाडिको चलाखीपूर्ण काम/कारवाहीका कारणले गर्दा नेपालले चार वर्षभन्दा बढीको राजनीतिक अस्थिरता सकेर एउटा स्पष्ट सत्ता प्राप्त गर्न सक्यो। अधिकारी सरकारको अवसानपछि नेपालले अनुभव गरेको "राजनीति" का स्थानमा अब चुनाव परिणाम घोषणा भएपछि एउटा नयाँ आशा पलायो। जसबाट देशले प्रजातान्त्रीकरणको कार्य सम्पन्न गर्न सक्ने अपेक्षा गरियो। यस आशाले अझ बढ्ता पृष्ठपोषण पाउने सम्भावना नयाँ जोश र जाँगर लिएर संसदमा प्रवेश गरेका माननीयहरू धेरै संख्यामा भएका हुनाले पनि बढ्ता भएको हो। यी नयाँ माननीयहरूले विगतका सांसदहरूभन्दा आफूलाई फरक र भ्रष्टाचाररहित एवं स्वार्थरहित साबित गर्नुपर्ने सवाल त छँदैछ।

०४८ र ०५१ मा निर्वाचित सांसदहरूले आशा गरिएअनुसारका धेरैजसो कामहरू पूरा गर्न सकेनन्। यी सांसदहरूको कार्यकालमा सधैं नै राजनीतिक व्यक्तिहरूको आचरण र व्यवहार ज्यादै तल्लो स्तरको देख्न पर्‍यो। सन् १९९० को दशकको शुरूका वर्षहरूमा प्रजातान्त्रिक अभ्यासका लागि जनताको समानताका बारेमा अनेकन् प्रश्नहरू उठेका थिए। धेरै मानिसहरूले पश्चिमी शैलीको प्रजातन्त्र नेपालका लागि उपयुक्त नभएको तर्क पनि गरेका थिए। विगत वर्षहरूमा भएका सत्ता समीकरणका कारणले सिर्जेका अन्योलका क्षणमा राजालाई प्रजातान्त्रिक अभ्यासमाथि हस्तक्षेप गर्न लगाउने मनसायका आवाजहरूसमेत उठे।

देशका समस्याहरूको समाधानका लागि यस किसिमको पुनरुत्थानवादी सोचाइ सकारात्मक हुन सक्छ भन्ने कुरामा विश्वास गर्न गाह्रो पर्छ। प्रजातन्त्र प्राप्तिपछिका तीनवटा संसदीय निर्वाचन र दुईवटा स्थानीय चुनावपछि जनताले पर्याप्त मात्रामा प्रजातन्त्रका नियमहरू बुझेको कुरा पुष्टि भएको छ। जनता असफल भएको छैन, बरु भ्रष्ट र स्वार्थी तत्व एवं त्यस्तो चरित्रका राजनीतिक व्यक्तिहरू असफल छन्। यस्ता भ्रष्ट राजनीतिज्ञहरूले विगतका वर्षहरूमा बारम्बार अवसरहरू गुमाएका पनि छन्।

प्रजातन्त्र भनेको अन्य कुराहरू भन्दा बढ्ता समाजका हरेक क्षेत्रहरूमा व्यापक सहभागिता र समानता हो। ०४६ पछि सामाजिक क्षेत्रमा साह्रै कम परिवर्तन भएको छ। संविधानले राजनीतिक पार्टीहरूका हातमा यस्तो परिवर्तनको जिम्मेवारी छाडेको छ। उनीहरूलाई समाजमा प्रजातन्त्रको अभ्यास स्थापित गराउन र प्रजातान्त्रिक परिपाटी लागू गराउनका लागि भूमिका खेल्ने जिम्मेवारी सुम्पिएको छ। नेपालका राजनीतिक पार्टीहरू अझै पनि शताब्दियौंदेखि राज्य संचालनको जिम्मा लिई बसेका टाठाबाठा मानिसहरूबाट नियन्त्रित छन्। देखावटीरूपमा उनीहरू आधुनिक प्रजातन्त्रका अनुयायी होलान् तर उनीहरूको विचार र व्यवहारलाई राम्ररी मूल्यांकन गर्ने हो भने उनीहरू नेपालको परम्परागतरूपमा रहेको अति नियन्त्रित कार्यशैली र विचारबाट ग्रस्त भएका पाइन्छन्। यस्तो खालको विचार र कार्यशैली कहिल्यै पनि समानता र आम सहभागिताको गुणभित्र पर्दैन।

यस कुराको एउटा विशिष्ट उदाहरण हो- महिलाको समाजमा स्थान र सहभागिता। ०४६ पछि तीनवटा आमनिर्वाचन भइसके तर कुनै पनि राजनीतिक पार्टीले संविधानले गरेको ५ प्रतिशत महिला उठाउनुपर्ने बाध्यात्मक अवस्थाभन्दा माथि उठी सोभन्दा बढीको संख्यामा महिलाहरूलाई उम्मेद्वारी दिलाउने प्रयास गरेनन्। महिला सांसदको प्रतिशत ज्यादै न्यून छ। पछिल्लो आमचुनावबाट १२ जना महिलाहरू मात्र प्रतिनिधिसभामा निर्वाचित हुन सकेका छन्। तसर्थ यसरी परम्परागत चिन्तनले ग्रस्त भएका पुरुषहरूको बाहुल्य रहेको यस संसदले महिलालाई बढ्ता अधिकार दिलाउने र महिला-पुरुषको बीचमा समानता स्थापित गराउने दिशामा विधेयकहरू तयार गर्ने र पारित गर्ने कुरामा शंका गर्ने प्रशस्त ठाउँ छ। यस्ता पनि सांसद छन्, जो महिलाहरूको कानूनी, सामाजिक र आर्थिक समानताको खुलेरै विरोध गरिरहेका छन्।

जनजातिहरू, दलित वर्गहरू र पीछडिएका समुदायहरूको सहभागिताको कुरालाई पनि यसै सन्दर्भमा बुझ्न सकिन्छ। नेपाली कांग्रेस र नेकपा (एमाले) दुवै पार्टीहरूमा अधिक

संख्यामा बाहुन जातिको बाहुल्य छ। ०५६ मा निर्वाचित सांसदमा झण्डै ४० प्रतिशत बाहुन जातिका छन्। (स्मरणीय के छ भने ०४८ को जनगणनाअनुसार जम्मा बाहुन जातिका मानिसको संख्या नेपालमा १२.६ प्रतिशत छ) बाँकी अंश क्षेत्री वा नेवार जातिले ओगटेका छन्। पिछडिएका जनजातिको संख्या लगभग ४० प्रतिशत छ तर यसको तुलनामा उनीहरूको संसदमा प्रतिनिधित्व ज्यादै नै न्यून छ।

प्रजातन्त्रलाई सही अर्थमा प्रयोगमा ल्याउन र समृद्ध समाजको निर्माणका लागि यी सबै असमानताहरूको अन्त्य गरिनु जरुरी छ। सुप्रसिद्ध पत्रिका "स्पटलाइट" ले आफ्नो २१ मई १९९९ को अंकमा लेखेको छ- पार्टी राजनीतिज्ञहरूले आफ्नो सफलता प्रमाणित गरिसकेका छन्, किनकि मुस्लिम समुदाय वा जनजातिको बहुल मतदान संख्या भएको निर्वाचन क्षेत्रमा समेत उच्च हिन्दू जातिका मानिसहरू राजनीतिक नेताले चुनाव जितेका छन्। नेपालमा मुस्लिम समुदायको बाहुल्य भएका क्षेत्रहरू छैनन्। यस कुरालाई छाडेर अन्य जनजातिको बाहुल्य भएका क्षेत्रमा उक्त जनजातिकै व्यक्तिको मनोनयन पार्टीहरूले गर्न सक्थे। तर यस्ता निर्वाचन क्षेत्रहरूमा समेत पार्टीहरूले किन बाहुन वा क्षेत्री जातिकै मनोनयन गर्न पुगे? यो अचम्म लाग्दो कुरा छ। जबसम्म सम्बन्धित निर्वाचन क्षेत्रकै पार्टी एकाईलाई आफ्नो क्षेत्रको उम्मेदवार निर्णय गर्ने पूर्ण अधिकार हुँदैन, तबसम्म यो स्थितिमा परिवर्तन आउनु प्रायः सम्भव छैन। यस सम्बन्धमा सचेतनता अभियानलाई अघि बढाउनुमा नेपाली आमसंचार माध्यमको पनि दोष छ, किनकि तिनले सामाजिक, राजनीतिक महत्वका यस्ता कुरामाथि कमै महत्व दिएका छन्।

तसर्थ राजनीतिक पार्टीका तर्फबाट निर्वाचित नयाँ प्रतिनिधिले यस सम्बन्धमा नयाँ सोचाइ विकास गर्नु वाञ्छनीय छ। जसबाट उनीहरू यस्ता सामाजिक, राजनीतिक प्रश्नहरूमा र सामाजिक, आर्थिक परिवर्तनका दिशामा अझ बढी खुलस्त हुन सकून्। शक्तिको बाँडफाँडबाट यस्ता परिवर्तनहरूलाई सहज तुल्याउनुपर्दछ। यदि नेपाली कांग्रेस र नेकपा (एमाले) दुवै पार्टीहरू आफूले निर्वाचनमा घोषणापत्रमार्फत् गरेका प्रतिज्ञाहरूको पालनामा विचलित भएनन् भने समस्याहरूको समाधान गर्न धेरै गाह्रो पर्दैन। तर समस्या यो हो- विगतमा राजनीतिक पार्टी र तिनका नेताहरूले आफ्ना सैद्धान्तिक मान्यता र चुनावी घोषणापत्रलाई आफू शक्तिमा पुग्नासाथ बिर्सेका छन्।

सन्दर्भ सूची

इलेक्सन कमिशन (१९९८)	इलेक्टोरल प्रोसेस इन नेपाल, काठमाडौं : इलेक्शन कमिशन
क्रेमर, कार्ल हेन्ज	(प्रकाशित हुन बाँकी) "नेपाल" डिटर नोहलन र साथीहरूद्वारा सम्पादित इलेक्सन्स इन एशिया। अक्सफोर्ड युनिभर्सिटी प्रेस
डे चेन, मेरी (१९९८)	"ब्ल्याक लज एण्ड द लिमिटेड राइट्स अफ द पिपल इन पोस्ट जनआन्दोलन नेपाल : द क्याम्पेन अगेन्स्ट द प्रपोज्ड एण्टी टेररिस्ट एक्ट अफ २०५४ वि.सं." हिमालय रिसर्च बुलेटिन, १८, २, ४१-६७
दहाल, देवराज (१९९९)	रिफर्मस् इन द "इलेक्टोरल प्रोसेस अफ नेपाल", देवेन्द्रराज पाण्डे, आनन्द आदित्य र देवराज दाहालद्वारा सम्पादित कम्परेटिभ इलेक्टोरल प्रोसेस इन साउथ एसिया नामक पुस्तकमा (पृ. ५५-७६) काठमाडौं : नेपाल दक्षिण एशिया केन्द्र (EESAC)
खनाल, कृष्ण र कृष्ण हाछेथु (१९९९)	आमनिर्वाचन २०५६ : संसद र सरकारका चुनौतीहरू, काठमाडौं : नेपाल एशियाली अध्ययन केन्द्र
नेकपा एमाले (१९९९)	चुनाव घोषणापत्र २०५६
नेकपा माले (१९९९)	चुनाव घोषणापत्र २०५६
नेपाल सद्भावना पार्टी (१९९९)	चुनाव घोषणापत्र २०५६, प्रतियोगिता मंच, नेपालसम्बन्धी वार्षिक अंक ०५६, पृ.१०१-१०२
नेपाली कांग्रेस (१९९९)	नेपाली कांग्रेसको घोषणापत्र : आमनिर्वाचन २०५६
राप्रपा (१९९९)	चुनाव घोषणापत्र २०५६
राप्रपा चन्द (१९९९)	चुनाव घोषणापत्र २०५६, प्रतियोगिता मंच, नेपालसम्बन्धी वार्षिक अंक ०५६, पृ. ९७-१००
व्हेल्पटन, जोन (१९९९)	"नाइन् इयर्स अनः द इलेक्सन एण्ड नेपालिज पोलिटिक्स सिन्स द नाइन्टिन नाइन्टी जनआन्दोलन" युरोपियन बुलेटिन अफ हिमालयन रिसर्च, १७ : १-३९

परिच्छेद २

विश्वव्यापीकरण, प्रत्यक्ष वैदेशिक लगानी तथा नेपालको अर्थव्यवस्था र समाज

- डा. युवराज खतिवडा

१. विश्वव्यापीकरणको प्रक्रिया

२१ औं शताब्दीको विश्वव्यापीकरण आर्थिक एकीकरणको प्रक्रिया मात्र नभई विश्वभरीको बढ्दो साँस्कृतिक, राजनीतिक, सञ्चार तथा वातावरणीय अन्तरसम्बन्धको प्रक्रिया हो। पूँजी, प्रविधि, श्रम तथा वस्तुहरूको बृहत् स्तरमा हुने प्रवाहले अन्तर्राष्ट्रिय श्रम विभाजन तथा एकीकृत विश्व बजारको निर्माण गरी विश्वव्यापीकरणको प्रक्रियालाई अनायसै अगाडि बढाएको छ। यस प्रक्रियाले सञ्चार प्रविधिको क्षेत्रमा, विकासको परम्परागत समाजवादी ढाँचाको पतनतर्फ र बहिर्मुखी *(outward)* आर्थिक नीतिहरू लागू गर्न चाहने मुलुकहरूमा क्षेत्रगत व्यापारिक खेमाको निर्माणबाट उत्पन्न केही अड्चनहरू तथा एशियाली तथा ल्याटिन अमेरिकी मुलुकहरूको हालैको वित्तीय संकटको बाबजूद पनि द्रुतगतिले क्रान्तिकारी परिवर्तन ल्याइरहेको छ। वास्तवमा विश्वव्यापीकरण भनिने खुलापन, उदारीकरण तथा निजीकरणलाई संसारका सबैजसो मुलुकहरूले विकासको जनप्रिय थेगोको रूपमा कुनै न कुनै स्वरूप, गति र क्रमिकतामा अपनाउँदै आएका छन्। विश्वव्यापीकरणको एउटा महत्वपूर्ण अंग पूँजीको प्रवाहलाई पनि त्यसैअनुरूप उदारीकरण गर्दै ल्याइएको छ।

विश्वव्यापीकरण र पूँजीको उदारीकरणले साधनको उच्चतम सदुपयोगिता, पूँजी र वित्तीय साधनको उपलब्धता तथा उपभोक्ताको अधिकतम कल्याण गर्ने जस्ता अनेकौं अवसरहरू प्रदान गर्ने मात्र नभै यसले आर्थिक विकासको निम्ति आवश्यक ज्ञान तथा प्रविधि सिक्ने अवसरसमेत प्रदान गर्न सक्छ भन्ने कुरामा कुनै सन्देह छैन। विकासशील मुलुकहरूमा हुने पूँजीको कमीलाई आन्तरिक बचतले मात्र पूरा गर्न सक्दैन। त्यस्तै, ती मुलुकहरू ज्ञान तथा प्रविधिको विकास गर्न स्वयं सक्षम हुँदैनन्, न त अरू मुलुकहरूले पहिल्यै विकास गरिसकेको त्यस्तो ज्ञान तथा प्रविधिको निम्ति छुट्टै प्रयास गर्नु बुद्धिमानी हुन्छ। अरूले त्यस्तो ज्ञान तथा प्रविधिको विकास गरिसकेको भए त्यसलाई अपनाउँदा नै समयको बचत र मुलुकको निम्ति बढी मितव्ययी पनि हुन्छ। यी अवसरहरूलाई गुम्न नदिन बाह्य संसारसँग व्यापारका शर्त, लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धमा खुलापन आवश्यक हुन्छ। त्यसकारण वैदेशिक लगानीले पूँजीका साथसाथै ज्ञान एवं प्रविधि र निकासी गर्ने बजार पनि भित्र्याउँछ।

उदारीकरण, खुलापन र निजीकरणसँगै यातायात तथा सञ्चार सेवाको लागतमा ह्रास हुन थालेकाले वित्तीय प्रवाह तथा बढ्दो वैदेशिक लगानीको तीव्र विश्वव्यापीकरणलाई योगदान पुऱ्याएको छ। सञ्चारको लागत धेरै तल झरेको छ। ५० वर्षअघि प्रतिमिनेट ६० अमेरिकी डलर पर्ने लामो दूरीको महँगो टेलिफोन कल अहिले प्रतिमिनेट ६० सेन्टभन्दा बढी पर्दैन। विगत पचास वर्षमा सामुद्रिक भाडा आधा जति झरेको छ भने हवाई सेवा शुल्क एक चौथाईमा झरेको छ। सञ्चार र यातायातको क्षेत्रमा भएको सुधारले भौगोलिक दूरीलाई करिब सन्दर्भहीन बनाएको छ। खास गरेर इन्टरनेट, इमेल जस्ता विद्युतीय सञ्चार माध्यमहरूमा आएको क्रान्तिकारी परिवर्तन तथा चौबीसै घण्टा खुला रहने रेडियो र टेलिभिजन कार्यक्रमहरूले गर्दा सूचनाको पहुँचमा आश्चर्यजनक सुविधा पुग्न गएको छ। त्यसो भएता पनि यसले उत्पादनका साधनहरूलाई एकीकृतरूपमा बजारमा ल्याउन सकेको छैन। उदाहरणको निम्ति उत्पादनको एउटा मुख्य साधन श्रम अझै गतिशील हुनसकेको छैन। वास्तवमा श्रम बजार ज्यादै विखण्डनको अवस्थामा छ र बसाई सराइसम्बन्धी संकीर्ण नीतिहरू, भाषा, संस्कृति र श्रमको अन्तर्राष्ट्रिय गतिशीलताका अरू कठिनाइहरूले गर्दा श्रम बजार एकीकृत हुने कुनै संकेत देखा पर्दैन। वस्तुहरूको बजारमा हुने आजको कठोर प्रतिस्पर्धाले गर्दा न्यून लागत उत्पादन नीतिले पूँजी बचत हुने मुलुकहरूबाट श्रम बचत हुने मुलुकहरूमा पूँजीको गतिशीलतालाई तीव्र पारेको छ।

पूँजी कारोबारको उदारीकरणले वित्तीय सेवाहरूको व्यवस्थामा विशिष्टीकरण ल्याई कार्यदक्षतामा सुधार ल्याउँछ, वित्तीय उद्योगहरूमा विदेशी प्रतिस्पर्धाको प्रवेश हुन्छ, अन्वेषणलाई प्रोत्साहन दिन्छ र उत्पादकत्वमा सुधार ल्याउँछ भनिन्छ। पूँजीको उदारीकरणले मुलुकलाई अन्तर्राष्ट्रिय वित्तीय बजारमा प्रवेश दिलाई लाभ उठाउन तथा व्यापारिक संस्थाहरूलाई विदेशमा आफ्नो क्रियाकलापहरू विस्तार गर्न प्रोत्साहन दिने र नयाँ प्रविधि अपनाउन तथा व्यवस्थापकीय सीप विकास गर्न मद्दत गर्ने आशा गर्न सकिन्छ। अझ महत्वपूर्ण कुरा के हो भने पूँजी कारोबारको स्वतन्त्रताले प्रत्यक्ष वैदेशिक लगानीलाई प्रोत्साहन दिन्छ भनिन्छ, जुन हाम्रो जस्तो अर्थव्यवस्थाको निम्ति महत्वपूर्ण मानिन्छ, जहाँ आन्तरिक साधनको परिचालनको अवस्था न्यूनतम मात्र छ र वैदेशिक ऋणले निकट भविष्यमा ऋण चुक्ता गर्न समस्या पर्ने अवस्थालाई देखाइसकेको छ। प्रत्यक्ष वैदेशिक लगानी थुप्रै नीतिगत तथा संरचनागत कारकहरूद्वारा निर्देशित भएता पनि पूँजी प्रवाहको खुलापनले विदेशी विनिमयको रूपमा विदेशी पूँजी भित्र्याउन महत्वपूर्ण उपलब्धि हुनसक्ने संकेत देखाउँछ।

जे भएता पनि पूँजी कारोबारको खुलापनबाट मुलुकलाई हुने फाइदाहरू अकाट्य भने छैनन्। खास गरेर त्यस्तो नीतिगत अग्रसरताबाट फाइदा लिने केही विकसित मुलुकहरू बाहेक बजार अर्थव्यवस्थातर्फ उन्मुख मुलुकहरूलाई सफलता र असफलता दुवैको अनुभव छ। ल्याटिन अमेरिकाली अनुभवबाट के कुरा स्पष्ट हुन्छ भने सन् १९८० को दशकको प्रारम्भमा पूँजी प्रवाह खुला गर्ने तिनको प्रयास निहित उद्देश्य पूरा गर्न सफल भएको थिएन। दक्षिण-पूर्वी एशिया, कोरिया, रूस तथा धेरैजसो ल्याटिन अमेरिकाली मुलुकहरूको हालैको अनुभवले के देखाएको छ भने पूर्ण वित्तीय उदारीकरण र पूँजी प्रवाहको खुलापनले ल्याएका समस्याहरू, त्यस्तो नीति सिफारिश गरिएका बखतमा अनुमान गरिएभन्दा बढी जटिल र गम्भीर हुन्छन्। सामान्य अनुमान विपरीत, कुनै मुलुक अर्थव्यवस्थाका

अर्थमा भने समस्या बढी जटिल हुनजान्छ। तर अल्पकालीन पूँजीको प्रवाह नै मुख्यतः त्यस्तो आकस्मिक वित्तीय संकटको कारण हो भन्ने तथ्य बुझ्दाचाहिँ मुलुकको विकासको निम्ति प्रत्यक्ष वैदेशिक लगानीको योगदानलाई स्वीकार गर्नुपर्ने हुन्छ।

विश्वव्यापीकरण र उदारीकरणले वस्तु, सेवा र पूँजीको बजार विस्तार गरी आर्थिक विकासलाई अगाडि बढाउँछ भनिन्छ। वास्तवमा, व्यापार र लगानीको खुलापनले व्यापारिक वस्तु र सेवासँगै वैदेशिक पूँजी, ज्ञान र प्रविधि ग्रहण गर्नसक्ने अवसरहरूको सिर्जना गरेको छ, फलस्वरूप यस्तो खुलापनबाट धेरै मुलुकहरूले आर्थिक विकासको उच्च दर हासिल गर्न सकेका छन्। व्यवहारिक अनुभवले आर्थिक विकास र खुलापनका बीचमा सकारात्मक सम्बन्ध देखाएको छ। अन्तर्राष्ट्रिय व्यापार खुला गरी वैदेशिक पूँजी भित्र्याउने मुलुकले छिटो विकास गर्नसक्छ भन्ने कुरा देखिएको छ र यो कुरा ज्यादै सीमित आन्तरिक बजार भएको सानो र पूँजीको कमी भएको मुलुकका निम्ति बढी उपयुक्त हुन्छ। निकासीमूलक उद्योगहरूमा प्रत्यक्ष लगानी गर्न पूँजीको प्रवाह बढाएर पनि अन्तर्राष्ट्रिय व्यापारको विकासमा जोड दिइएको छ। वास्तवमा लगानीले सामान्यतया आफूसँगै प्रविधि पनि ल्याउँछ, व्यापार, लगानी र प्रविधि हस्तान्तरणका बीचमा बलियो अन्तरसम्बन्ध हुन्छ।

औद्योगिक तथा विदेशी विनिमयको क्षेत्रमा आएको विश्वव्यापी उदारीकरण, औद्योगिक मुलुकहरूमा देखिएको बढ्दो पूँजीको बचत र उत्पादनका साधनहरूको आयमा विभिन्न मुलुकहरूमा हुने भिन्नताले पूँजीको प्रवाहलाई गति दिएको छ। संक्षेपमा, वित्तीय जालो (network) तथा सञ्चार प्रविधिको विकासका कारण पनि आज पूँजीको विश्वव्यापीकरण भएको छ। तर विश्वव्यापीकरणले व्यापार, उद्योग र वित्तको क्षेत्रमा जोखिम र अनिश्चिततालाई पनि भित्र्याएको छ। एशियाली मुलुकहरूमा र केही युरोपेली तथा ल्याटिन अमेरिकाली मुलुकहरूमा समेत फैलिएको हालैको वित्तीय संकटले यसलाई स्पष्ट पारेको छ। अझ विश्वव्यापीकरण तथा प्रतिस्पर्धात्मक फाइदाको निम्ति हुने विश्वव्यापी उत्पादन सम्बन्ध वातावरण संरक्षणको निम्ति अहितकर हुने गरेका छन्, किनकि अधिकतम मुनाफा आर्जन गर्न चाहने निजी क्षेत्र, खास गरेर बहुराष्ट्रिय संस्थानहरूले वातावरणीय संरक्षणको निम्ति हुने लागततर्फ अर्थात् पर्यावरणीय मूल्य ह्रास (जसलाई आर्थिक मूल्यह्रास, *"eco-dumping"* पनि भनिन्छ) लाई ध्यान नदिई नाजायज तरिकाले प्रतिस्पर्धात्मक फाइदाहरूलाई उपयोगमा ल्याउँछन्। त्यस बाहेक, सामाजिक क्षेत्रमा पनि सम्भावित जोखिमहरू हुन्छन्, जस्तो सस्तो पैठारीले अन्तर्राष्ट्रिय प्रतिस्पर्धालाई कमजोर तुल्याउँछ, जसलाई सामाजिक मूल्यह्रास *(social dumping)* को उदाहरणमा लिन सकिन्छ। कामदारहरूको अधिकारको निम्ति अन्तर्राष्ट्रियस्तरबाट मान्यता प्राप्त नियमहरूको उल्लंघन गरी यस्तो प्रकारको पैठारी गरिन्छ।

Resource Centre

विश्व व्यापार संगठन (WTO) को स्थापना वस्तु, सेवा र पूँजीको विश्वव्यापीकरण गर्ने तर न्यून-लागतको प्रविधि हस्तान्तरण तथा श्रमको गतिशीलतालाई सुरक्षित गर्नका निम्ति भएको एउटा विशेष संस्थागत व्यवस्था भएता पनि यसले विकासशील मुलुकहरूका निम्ति अनेकौं चुनौतीहरूको सिर्जना गरेको छ। जस्तो कि पूँजी बचत गर्ने मुलुकहरू आफ्नो पूँजीको बजार विस्तार गर्न सफल भएका छन्, तर श्रम बचत हुने मुलुकहरू श्रमको बजार विस्तार गर्न समर्थ हुन सकेका छैनन्। त्यसैले स्वतन्त्र व्यापारको अर्थ पूँजी बचत हुने मुलुकहरूका लागि व्यापकरूपमा स्वतन्त्रता र शक्ति विस्तार गर्ने र बहुराष्ट्रिय संस्थाहरूले श्रम बचत हुने मुलुकहरूमा नयाँ प्रतिस्पर्धीहरूका साथ सम्भावित न्यून जोखिममा व्यापार र लगानी बढाउने अवसरको रूपमा लिइएको छ, जसका प्राविधिक विकासका सम्भावनाहरूलाई बौद्धिक सम्पत्ति व्यवस्था *(intellectual property provisions)* द्वारा नियन्त्रण गरिएको छ। अर्थात् पूँजीको बलमा प्राविधिक विशिष्टता प्राप्त गरिसकेका मुलुकहरूले आफ्नो प्रविधीको उपयोगमा एकाधिकार पाउने अधिकारको ग्यारेन्टी "बौद्धिक सम्पत्तीको अधिकार" अन्तर्गत गरिसकिएको छ।

२. नेपाली अर्थव्यवस्थाको विश्वव्यापीकरण

सन् १९८० को दशकदेखि विश्व अर्थव्यवस्थामा द्रुत गतिले उदारीकरण र विश्वव्यापीकरणको विस्तार भएपछि धेरैजसो नियन्त्रित अर्थव्यवस्था अपनाउने मुलुकहरू, खास गरेर सानो आन्तरिक बजार भएका स-साना मुलुकहरूले बढी खुला र उदार आर्थिक नीतिहरू अपनाउन थाले र उल्लेखनीयरूपमा निकासी बढाई उच्च आर्थिक वृद्धिदर हासिल गरे। दक्षिण-पूर्वी एशियाली मुलुकहरूले प्राप्त गरेको उपलब्धिबाट उत्साहित भई नेपालले पनि आफ्नो अर्थव्यवस्थामा १९८० को दशकको मध्यदेखि उदारीकरणको प्रक्रिया शुरू गरी विश्व अर्थव्यवस्थासँग एकीकृतरूपमा अगाडि बढ्ने प्रयास गर्‍यो। यस प्रक्रियामा भन्सार शुल्क लाग्ने र नलाग्ने सबै प्रकारका व्यवधानहरू हटाई पैठारीलाई उदारीकरण गरियो। १९९० को शुरूमा विदेशी विनिमयको क्षेत्र उदारीकरण गरी चालू खातामा नेपाली रूपैयाँको पूर्ण परिवर्त्यता कायम गरियो। परिवर्त्य विदेशी मुद्रासँगको विनिमय दर बजार शक्तिसँग समायोजन हुने गरी स्वतन्त्र छाडियो। औद्योगिक इजाजत प्रणाली हटाइयो र केही सेवा क्षेत्रहरूलाई छाडेर प्रायः सबै क्षेत्रमा वैदेशिक लगानी आमन्त्रण गरियो। वित्तीय प्रणालीमा निजी र विदेशी बैंकहरूको प्रवेश खुला गरियो। भन्सार दरमा अत्यधिक कटौती गरियो। बिक्री कर र अन्तःशुल्कका दर तथा सीमा दुवै घटाइयो र करको संरचनालाई एकीकृतरूपमा लागू गर्न मूल्य अभिवृद्धि कर लागू गरियो। व्यक्तिगत र संस्थागत आयकरका दरहरू घटाई दक्षिण एशियाली स्तरअनुरूप कायम गरियो। अनुदान प्रणाली बन्द गरियो र निर्देशित मूल्यहरू खुला छाडी मूल्य नियन्त्रणलाई हटाइयो। सार्वजनिक संस्थानहरूको निजीकरण

शुरू गरियो र विदेशी लगानीकर्ताका लागि शेयर बजार आंशिकरूपमा खुला छाडियो। नेपालले छिटै दक्षिण एशियाली स्वतन्त्र व्यापार व्यवस्था (SAFTA) मा प्रवेश लिने र विश्व व्यापार संगठन (WTO) को सदस्यताका निम्ति पनि आफ्नो प्रयास अघि बढाएको छ।

उपरोक्त उपायहरू अवलम्बन गर्दागर्दै पनि अर्थव्यवस्थामा असंगठित, ग्रामीण तथा कृषिक्षेत्रको बाहुल्यताको कारणले नेपालको अर्थव्यवस्था अहिलेसम्म विश्व अर्थव्यवस्थासँग पूर्णतः एकीकृत हुनसकेको छैन। कुल जनसंख्याको असी प्रतिशतभन्दा बढी मानिसहरूलाई रोजगारी दिने र जीवनयापन गराउने कृषि क्षेत्र निर्वाहको स्तरमा छ। अर्थव्यवस्थाको करिब ९० प्रतिशत अंश असंगठित क्षेत्रभित्र पर्दछ। धेरैजसो क्रियाकलापहरू अमौद्रिकृत रहेको अर्थव्यवस्थाका स्थापित क्षेत्रहरूसँग एकीकृत नभएका कारणले मुलुकमा विशिष्टीकरण र व्यापारीकरण आउन सकेको छैन। अझ अविकसित वित्तीय बजार, पूँजीको नियन्त्रण र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय व्यापारिक खेमाहरूसँगको अत्यन्त सानो व्यापारिक सम्बन्धको कारणले गर्दा विश्व अर्थव्यवस्थासँग नेपाली अर्थव्यवस्था सीमित परिमाणमा मात्र एकीकृत हुनसकेको छ। जे भएता पनि, खुला बजार र वित्तीय प्रवाह, श्रमको खुला आवागमन र मुद्राको स्वतन्त्र परिवर्तनीयताले नेपाललाई व्यावहारिकरूपमा भारततर्फ खुला पारेको छ।

सन् १९९० को दशकमा भएको नेपाली अर्थव्यवस्थाको उदारीकरण र विश्वव्यापीकरणले मुलुकको विकासमा त्यति मद्दत पुऱ्याएको छैन। आर्थिक विकासको हिसाबले नेपाल एक दशक अगाडिको जस्तै प्रतिव्यक्ति आय करिब यु.एस.डलर २०० भन्दा केही बढी हुने विश्वका सबैभन्दा कम विकसित मुलुकहरूभित्र पर्दछ। मुलुकको करिब आधा जनसंख्या ज्यादै गरीब र अशिक्षाको अवस्थामा छ। ८० प्रतिशतभन्दा बढी जनसंख्या कृषिबाट जीवनयापन गर्दछ, तर कृषि आय मुलुकको कुल राष्ट्रिय आयको ४० प्रतिशत मात्र छ। मुलुकको झण्डै आधा श्रमशक्ति या त अल्प रोजगार वा पूर्ण बेरोजगारको अवस्थामा छ। बढ्दो पूँजी प्रधान उत्पादन र शहरी इलाकाको सेवा क्षेत्रमा केन्द्रित भएको आय वृद्धिका कारण विगत वर्षहरूमा गरीब र बेरोजगार मानिसहरूको संख्या बढ्दै गएको छ।

उपयुक्त योजना, अठोट, जिम्मेवारी, सरकारको इमान्दार प्रयास र विकासका क्रियाकलापहरूमा जनसहभागिताको अभावका कारणले चालीस वर्षको योजनाबद्ध विकास प्रयास जनताको जीवनस्तर उकास्न थोरै मात्र सफल हुनसकेको छ। यस प्रक्रियामा मुलुकले रू. २ खर्बको विदेशी ऋण र रू. ४८ अर्बको आन्तरिक ऋण थुपारी कर्जा भुक्तानीको बोझ बढाउँदै लगेको छ। एक दशकमा चारगुना वृद्धि भएको कर्जाको बोझले नीति निर्माताहरूलाई ऋण संकटबाट मुक्त हुन विदेशी ऋणको विकल्पको खोजी गर्न बाध्य पारेको छ र यसै कारण, हतास भई नेपालले वैदेशिक लगानीको निम्ति आमन्त्रण गरिरहेको र लगानीका सबै नीतिहरू लगानीकर्ताको हितअनुरूप निर्माण गरिरहेको छ।

विदेशी पूँजी आमन्त्रण गर्ने प्रयासस्वरूप, सन् १९९० मा भएको बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनरागमनपछि निर्वाचित सरकारले खुला, उदार र निजी क्षेत्रको नेतृत्व भएको अर्थव्यवस्थालाई अंगीकार गरेको छ। त्यसपछि व्यापार, लगानी, विदेशी विनिमय, वित्तीय तथा औद्योगिक क्षेत्रहरू खुला गरिएको, इजाजतपत्रको बन्देज हटाइएको र निजीकरण गरिएको छ। विश्वव्यापी लहरमा नेपाली अर्थव्यवस्थालाई खुल्ला गरिएपश्चात् आन्तरिक वस्तुहरूको निम्ति बजार विस्तार हुनुका साथै वैदेशिक ऋणको निम्ति बढी सहज परिस्थिति सिर्जना भएको छ। मुलुकको निकासी पाँच गुना बढ्दा सरकारको विदेशी ऋणको परिमाण पनि त्यही अनुपातमा बढ्यो। १९९० मा राष्ट्रिय आयको ३७ प्रतिशतभन्दा तल रहेको विदेशी ऋण १९९८ मा ५६ प्रतिशत पुग्यो। ऋण दायित्व उकालो लाग्नुको आंशिक कारणमा वार्षिक औषत १५ प्रतिशतका दरले नेपाली रूपैयाँको अवमूल्यन हुनु पनि हो। अवमूल्यनको नीति निकासी प्रवर्द्धनको उपकरणको रूपमा अर्थव्यवस्थाको बहिर्मुखी सोचअनुरूप गलत तरिकाले प्रयोग गरिएको थियो।

यद्यपि आर्थिक उदारीकरणले ल्याएको सुखमय अनुभूतिले केही वर्षसम्म अर्थव्यवस्थाको सन्तोषजनक उपलब्धि देखायो, तर सफलता भनिएको यो अवस्था तुरुन्तै समाप्त भयो। हतारमा गरिएको उदारीकरण र विश्वव्यापीकरणका नीतिहरूको अनुपयुक्त क्रमिकताको परिणामस्वरूप औद्योगिक क्रियाकलापहरूमा शिथिलता आयो, आर्थिक विकासको दर न्यून रह्यो र आय वितरणको अवस्था झन् खराब हुनपुग्यो। आर्थिक विकासको दर जति हासिल गरियो, त्यो पनि मुख्यतया गैरकृषि क्षेत्रबाट हासिल भएको हो, जसले जनसंख्याको सानो अंश मात्र ओगट्छ। असी प्रतिशत जनसंख्याको जीवनयापन गराउने कृषि क्षेत्रको विकासको दर जनसंख्याको वृद्धिदरभन्दा कम देखियो। कृषिमा आश्रित परिवारको प्रतिव्यक्ति आय अझ घट्यो र ग्रामीण क्षेत्रमा गरीबी झन् तीव्र भयो। फलस्वरूप, औद्योगिक उत्पादनको आन्तरिक मागमा ह्रास आई औद्योगिक विस्तारमा अवरोध उत्पन्न भयो। अझ पूर्वी एशियाली संकटको मनोवैज्ञानिक त्रासले औद्योगिक लगानीका क्रियाकलापहरूमा शिथिलता ल्यायो र अर्थव्यवस्थालाई साँच्चिकै मन्दीतर्फ डोऱ्यायो।

आर्थिक कठिनाई र सामाजिक चेतनाको अभावमा वेश्यावृत्ति, बालश्रम र कामको खोजीमा विदेशिने प्रवृत्तिले प्रोत्साहन पाएको छ। मुलुकमा एक लाखभन्दा बढी भूटानी शरणार्थीहरूको उपस्थितिले यस स्थितिलाई झन् चर्काएको छ। मुलुकभित्र सिर्जना गरिएका सीमित कामहरू पनि विदेशी श्रमले कब्जा गरेको छ, शरणार्थीहरूले समेत यस्ता कामहरू कब्जा गरेका छन् र सामाजिक द्वन्द्व सिर्जना गरी नेपाली जनताको जीवन कठिन बनाएका छन्। सुशासनको निम्ति संस्थागत जग मजबूत बन्न सकेको छैन। भ्रष्टाचारको आतंकले राजनेता र

प्रशासकहरूलाई चुर्लुम्म डुबाई नेपालमा लगानी गर्न विदेशी लगानीकर्ताहरूलाई पनि निरूत्साहित पारेको छ। पारदर्शिताको अभाव र सर्वसाधारणको जानकारीको निम्ति कुनै व्यवस्था नगरी निर्णयकर्ताहरूलाई सामान्य जवाफदेहीसाथ स्वेच्छाले निर्णय गर्नसक्ने शक्ति प्रदान गर्नाले विकास प्रशासन र विदेशी पूँजी (विदेशी सहयोग अथवा लगानीको परिचालन) समेतलाई विकृत पारेको छ।

३. हामीले कस्तो पाठ सिक्यौं ?

तथ्यहरूले के देखाएका छन् भने आर्थिक वृद्धिको आधार फराकिलो नहुन्जेल, कामको सिर्जना नगरून्जेल र गरीवी नघटाउन्जेल आर्थिक वृद्धिदरले चौतर्फी विकासतर्फ इंगित गर्दछ भन्न सकिँदैन। यद्यपि आर्थिक वृद्धिले केही मुलुकहरूमा थुप्रै कामको सिर्जना गरेको छ भने अरू मुलुकहरूमा यसले कामका अवसरहरूलाई खुम्च्याएको पनि छ। उत्पादन बढाउने क्रममा बढी जटिल उत्पादन प्रक्रिया अपनाउँदा श्रमलाई पूँजीले प्रतिस्थापना गर्ने गरेका उदाहरण छन्। उच्च आर्थिक विकास भएका सबै मुलुकहरू आर्थिक वृद्धिदरको अनुपातमा गरीबी घटाउन समर्थ हुनसकेका छैनन्, तर मध्यमस्तरीय आर्थिक वृद्धिदर हासिल गर्ने केही मुलुकहरू चाहिँ उल्लेखनीयरूपले गरीबी घटाउन समर्थ भएका छन्। आर्थिक वृद्धिदर झण्डै समान रहेता पनि दक्षिण कोरिया र चीनले विगत दुई दशकभित्र यस क्षेत्रका अरू मुलुकहरूले भन्दा द्रुतगतिले गरीबी घटाउन सकेका छन्। धेरै मुलुकहरू उच्च आर्थिक वृद्धिदर हासिल गर्न प्राकृतिक स्रोतहरू बढी उपयोगमा ल्याई पर्यावरणीय पतनतर्फ उन्मुख भएका छन्। यसले जीवनयापन प्रणाली र गरीबी निवारणमा ती मुलुकहरूलाई पछाडि धकेलेको छ।

नेपालमा नियन्त्रित अर्थव्यवस्थावाट वजार केन्द्रित विकास नीतिहरूतर्फ सर्ने प्रक्रियाले बजारमा आधारित अर्थतन्त्रको सिर्जना नगरी विद्यमान संस्थाहरूलाई चाहिँ भत्काएको छ। विकास नीतिमा आएको खोक्रोपनले तीव्र मन्दी *(stagnation)* मात्र नल्याई आर्थिक नीतिसम्बन्धी मामलामा ठूलो द्विविधा पनि ल्याएको छ। ठूलो उत्साहका साथ आर्थिक उदारीकरण, निजीकरण र विश्वव्यापीकरणका नीतिहरू लागू गर्ने मुलुकहरू अहिले पछि हट्दैछन्। अत्यन्त उत्साहका साथ मूल्य अभिवृद्धि कर लागू गर्ने सरकार कर लागू गर्ने कुरासँग सम्बद्ध भ्रमको कारणले अहिले आफैं द्विविधामा परेको छ। निजीकरण गरिएका थुप्रै सार्वजनिक संस्थानहरूले वाञ्छित परिणाम दिन नसकेको र महालेखा परीक्षकको प्रतिवेदनले समेत निजीकरण गरिएका संस्थानहरूको सम्पत्तिको उपयुक्त मूल्यांकन नभएको भनी उल्लेख गरेकाले सरकारलाई निजीकरणमाथि पुनर्विचार गर्न वाध्य पारेको छ। निजीकरण गरिएका संस्थानहरू वाञ्छित परिणाम दिन नसकी असफल भएपछि यसले निजीकरणलाई वृहत् आर्थिक उद्देश्यहरू पूरा गर्ने साधनभन्दा साध्यको रूपमा हेर्नेहरूका आँखा खोलिदिएको छ।

विश्वव्यापी अनुभवले के देखाएको छ भने उच्च आर्थिक विकास आवश्यक भएता पनि यो नै गरीबी घटाउने र रोजगारीको सिर्जना गर्ने पूर्ण शर्त होइन। आर्थिक वृद्धि स्वतः तल्लो तहसम्म लाभ पुग्नेगरी जाने कुरा होइन, यसलाई हासिल गर्न संस्थागत प्रयासको खाँचो पर्दछ भन्ने कुरामा अहिले सबै सहमत छन्। यदि चीन, भियतनाम र अझ भारतको अनुभवलाई हेर्ने हो भने लक्षित उच्च आर्थिक वृद्धिदरका लागि चाहिने वृहत् लगानीको आवश्यकतालाई विदेशी लगानीबाट पूरा गर्न सकिन्छ भन्ने देखिएको छ। अर्को कुरा के पनि देखिएको छ भने आन्तरिक उद्योग-धन्दाहरूलाई विश्व प्रतिस्पर्धामा उभिन पर्याप्त समय नदिई अर्थव्यवस्थालाई अचानक खुला छोड्ने, सुधार र उदारीकरणको अनुचित क्रमिकता कायम गर्ने तथा सुरक्षाको आवश्यक प्रवन्ध नगरी समाजका कमजोर वर्गलाई स्वतन्त्र वजार शक्तितर्फ धकेल्ने जस्ता कार्यहरूले गम्भीर आर्थिक र सामाजिक अस्तव्यस्ततालाई निम्त्याउँछ। त्यसवाहेक, सरकारको निजी क्षेत्रका क्रियाकलापहरूलाई जबर्जस्ती प्रोत्साहन दिने, प्रवर्द्धन गर्ने र अनुगमन गर्ने भूमिका र बजार नै नभएका अवस्थामा बजारमा आधारित नीतिहरूलाई लागू गर्ने प्रक्रियाले अर्थव्यवस्थालाई विकासको मन्द गतितर्फ डोऱ्याउँछ र मुलुकलाई उथलपुथल र अर्थहीन आन्तरिक र वाह्य हलचलतर्फ अगाडि बढाउँछ। यीनै कारणले भ्रष्टाचार, लापरवाही र गैरजिम्मेवार प्रशासन-तन्त्रको सञ्जाल पनि निर्माण गर्दछ।

विश्वव्यापीकरणले श्रम बजारमार्फत् गरीबीमाथि सकारात्मक अथवा नकारात्मक प्रभाव पार्न सक्छ। विस्तारित रोजगारीका अवसरहरू र औद्योगिक क्रियाकलापमा विदेशी पूँजी र प्रविधिको प्रवेशबाट विकसित श्रमको उत्पादकत्ववाट सकारात्मक उपलब्धिहरू हासिल गर्न सकिन्छ। तर नेपालमा के भएको छ भने धेरै आन्तरिक उद्योगहरू र श्रमलाई वेकम्मा पारी सस्तो पैठारीवाट आन्तरिक उत्पादनको प्रतिस्थापन गरिएको छ। खास गरेर स्वदेशी घरेलु तथा साना उद्योगका उत्पादनहरूले वजार अर्थव्यवस्थावाट गम्भीर चुनौतीको सामना गर्नुपरेको छ र त्यस्ता उद्योगहरू वन्द भई धेरै मानिसहरू स्वदेशी पेशावाट विस्थापित भएका छन्। त्यसको विपरीत बहुराष्ट्रिय उद्योगहरू धेरै पूँजी प्रधान हुने भएकाले तिनले धेरै कम परिमाणमा मात्र रोजगारी सिर्जना गरेका छन्। प्राविधिक शिप नेपाली श्रमिकमा नभएको वहानामा मध्यम स्तरका कामदारहरू पनि विदेशवाट ल्याइएको छ।

यदि पूर्वी एशिया, दक्षिण एशिया, चीन, रूस र अरू केही ल्याटिन अमेरिकी मुलुकहरूको अनुभवलाई लिने हो भने उदारीकरणका नीतिहरूलाई, विद्यमान संस्था र क्रियाकलापहरूमा उदारीकरणसँगै आउने सम्भावित प्रतिकूल हलचलको सामना गर्नसक्ने क्षमताको विकास गरी, क्रमशः लागू गर्नु उचित हुन्छ। उदारीकरणको झटपटे नीति प्रायः असफल हुन्छ किनभने यसले बजारमा आधारित कुनै पनि संस्था र सुरक्षाको व्यवस्था नगरी सम्पूर्ण विद्यमान संस्थाहरू र

सुरक्षा पंक्तिहरू भत्काएर कमजोर र सशंकित वर्गलाई वजारशक्तिको भाग्यतर्फ धकेल्छ। तर उदारीकरण भन्ने शब्द विश्वव्यापी विकास नाराको वास्तविकता हुँदै आएको पनि महसुस गरिएको छ र उदार आर्थिक नीतिहरू हामीले अपनाइ आएको बहुदलीय राजनीतिक प्रणालीका अंगझैं मानिन्छन्। त्यसकारण दक्षता, नयाँ प्रविधिको प्रयोग, पूँजीको आन्तरिक प्रवाह र वजारको विस्तारका दृष्टिले उदारीकरण र विश्वव्यापीकरणको क्रमिक प्रक्रिया सबैभन्दा उत्तम विकल्प हुन्छ। तर त्यसले स्वदेशी उद्यमी, स्वदेशी औद्योगिक आधार, आन्तरिक बचत र विद्यमान सामाजिक सुरक्षाको प्रवन्धलाई विस्थापित गर्नेपर्छ भन्नेचाहिँ होइन। बरू विस्थापित हुन नदिनका लागि आन्तरिक क्षमताको विकास र सुदृढीकरणको लक्ष्यसाथ गरिएको विश्वव्यापीकरण मात्र सफल हुन सक्छ भन्ने कुरा अनेकन अनुभवहरूले सिद्ध गरेको छ।

४. हामीसँग कस्ता नीतिगत विकल्पहरु छन् ?

माथिका सीमाहरूका आधारमा नीतिगत विकल्प भनेको वृहत् आधार, रोजगारीको सघनता र वितरणको स्वःस्फूर्त क्षमताको विकास गरी सम्भाव्य आर्थिक वृद्धिदर हासिल गर्नु हो। भूमि सुधार, बहुउद्देश्यीय प्रयोगका निम्ति पानीको स्रोतको उपयोग, पर्यटन र कृषिमा आधारित उद्योगहरूको विकास, भौतिक पूर्वाधारहरूको विस्तार र मानव संशाधनमा आधारित सेवाहरूका निम्ति अग्रसरतासहित कृषिमा परिवर्तनबाट मात्र यो सफलता सम्भव छ। सुशासनको प्रत्याभूतिका साथै मजबूत र राजनीतिक दृष्टिमा तटस्थ विकास प्रशासन पनि महत्वपूर्ण हुन्छ। तर निकट भविष्यमा गर्नुपर्ने अझ महत्वपूर्ण काम भनेको मुलुकका पिछडिएका केही क्षेत्रहरूमा जनताले सामना गर्नुपरेका कठिनाइहरूप्रति ध्यान दिनु र उनीहरूलाई राजनीतिक र आर्थिक विकासको प्रक्रियाको मूल प्रवाहमा ल्याउनु हो।

हामीमध्ये केहीका विचारमा विश्वव्यापीकरणले मुलुकलाई अवसरहरू विस्तार गर्न मद्दत पुऱ्याएको छ र यसले धनी र गरीब मुलुकका कामदारहरूलाई समानरूपले फाइदा पुऱ्याएको छ, त्यसकारण हामी के सोच्छौं भने यसलाई रोक्नु भनेको आर्थिक र प्राविधिक विकासक्रमलाई रोक्नु हो, जसबाट समयको गतिलाई रोक्नु भन्ने बुझिन्छ। तर हामीले बुझ्नैपर्ने कुरा के पनि हो भने विश्वव्यापीकरण औद्योगिक विश्व र खास गरेर बहुराष्ट्रिय संस्थाहरूको आफ्नो हित संरक्षण गर्ने र नयाँ स्वरूपको आर्थिक-व्यावसायिक उपनिवेश फैलाउने साझा नीति हो। हामीहरूमध्ये धेरैका निम्ति विश्वव्यापीकरण भनेको गरीबी बढाउने र कामदारहरूको जीवनस्तर खस्काउने, मुलुकभित्र र मुलुकहरूका बीच पनि धनी र गरीबका बीचको खाडल झन् चौडा पार्ने र श्रम बजारमा अहित हुने गरी पूँजीलाई अन्तर्राष्ट्रियकरण गर्ने एउटा उपाय हो। सामान्य मूल्यांकनले समेत के देखाउँछ भने विश्वव्यापीकरण भनेको अधिकतम व्यवसायिक मुनाफा कमाउन सक्ने उपायको खोजी गर्न विश्व अर्थव्यवस्थालाई पुनर्संरचना गर्ने प्रक्रिया हो। स्पष्टतः पुनर्संरचना प्रक्रियाको नेतृत्व बहुराष्ट्रिय संस्थाहरू, औद्योगिक मुलुकका सरकारहरू तथा अन्तरराष्ट्रिय वित्तीय संस्थाहरूले अक्सर आफ्नै हितका निम्ति गरेका छन्।

विश्वव्यापीकरणले हाम्रो जस्तो सानो विकासोन्मुख मुलुकहरूका निम्ति अनेकौं चुनौतीहरू ल्याएको छ। यसले मुलुकहरूको राज्यसत्ताको नीति अख्तियार गर्ने सम्प्रभुत्वलाई कमजोर तुल्याएको छ, विकासका नीतिहरू विश्वव्यापी आर्थिक वातावरणबाट ज्यादै प्रभावित छन्। वास्तवमा धेरै मुलुकका आर्थिक नीतिहरू वाशिंगटनमा तयार हुन्छन् र कार्यान्वियनको निम्ति ती नीतिहरू त्यहाँबाट पैठारी गरिन्छन्। विश्वव्यापीकरणले अवसरहरूको मात्र सिर्जना नगरी जोखिम र अनिश्चितताको सिर्जना पनि गरेको छ। हालै एशियाका धेरै मुलुकहरू, युरोपका केही मुलुक र ल्याटिन अमेरिकी मुलुकहरूमा फैलिएको वित्तीय संकटले यसलाई स्पष्ट पारिसकेको छ। त्यस्तो संक्रमणको प्रभावबाट आउने आर्थिक उतार-चढावलाई मुलुकका आ-आफ्नै नीतिगत प्रयासले ठीक पार्न कठिन हुने कुरा प्रमाणित भैसकेको छ। सम्पन्न विश्वबाट निसृत र निर्देशित समस्याको समाधान पनि त्यही केन्द्रको भरोसामा गर्नुपर्ने भएकाले पराश्रीत कारवाही एवं चिन्तनको संस्कृति तथा बाध्यताको परिस्थितीको निर्माण भएको छ।

उरूग्वे राउण्ड तथा उदारीकरण र संरक्षणवादलाई एकैसाथ अँगालेको हालको विश्व व्यापार संगठन पनि विचारणीय छ। बहुसंख्यक मुलुकहरूलाई फाइदा हुने क्षेत्रहरूमा उदारीकरण गर्ने र प्रविधि तथा बौद्धिक सम्पत्ति अधिकारको क्षेत्रमा संरक्षणलाई विशेष जोड दिने उरूग्वे राउण्डको निष्कर्षले असमानताको पक्षलाई उजागर पारेको छ। विडम्वनाको कुरा के छ भने केही विकासोन्मुख मुलुकहरूद्वारा प्रस्ताविक श्रम सेवाको उदारीकरण विकसित मुलुकहरूका लागि स्वीकारयोग्य भएन। परिणामस्वरूप, बहुराष्ट्रिय संस्थाहरूका लागि उरूग्वे राउण्ड बढी फाइदाजनक भएको छ। यथार्थमा, स्वतन्त्र व्यापारलाई विश्वका धेरैजसो मुलुकहरूमा व्यापार तथा लगानी गर्न बहुराष्ट्रिय संस्थाहरूका निम्ति व्यापकरूपमा विस्तार गरिएको स्वतन्त्रता र शक्ति भन्ने अर्थमा बुझ्ने गरिएको छ। अहिले एउटा समान धारणा के रहेको छ भने विश्वव्यापीकरणले विजेता र पराजितहरूको सिर्जना गरी सरकार-सरकार, क्षेत्र-क्षेत्र र सामाजिक समूहहरूका बीचमा नयाँ सीमारेखा खिचेको छ। विभिन्न क्षेत्रहरूमध्ये विकासोन्मुख मुलुकहरूका बीच स्वाधीनता आवश्यकता पर्ने यो एउटा क्षेत्र हो। यस्ता क्षेत्रहरूको पहिचान गर्न सकेमा हाम्रा साझा समस्या र चुनौतीहरू पत्ता लगाई तिनको समाधानका निम्ति सामूहिकरूपमा काम गर्न निश्चय नै हामीलाई मद्दत पुग्नेछ।

उरूग्वे राउण्डको स्थापना सबै क्षेत्रहरूको उदारीकरणका निम्ति भएको थियो भन्नु ठूलो भूल हो। बहुसंख्यक मानिसहरूलाई फाइदा हुने क्षेत्रहरूमा उदारीकरण गर्ने र प्रविधि तथा बौद्धिक सम्पत्ति अधिकारको क्षेत्रमा संरक्षणलाई विशेष जोड दिने उरूग्वे राउण्डको निष्कर्ष असमानताको मुख्य पक्ष

हो। विडम्वनाको कुरा के छ भने श्रम सेवाको उदारीकरण (केही विकासोन्मुख मुलुकहरूद्वारा प्रस्तावित) विकसित मुलुकहरूका लागि स्वीकारयोग्य भएन। उरुग्वे राउण्डअन्तर्गतको सम्पूर्ण उदारीकरण प्रक्रिया बहुराष्ट्रिय संस्थाहरूको निम्ति बढी हितकर भएको छ। यथार्थमा स्वतन्त्र व्यापारलाई विश्वका धेरैजसो मुलुकहरूमा व्यापार तथा लगानी गर्न बहुराष्ट्रिय संस्थाहरूका निम्ति व्यापकरूपमा विस्तार गरिएको स्वतन्त्रता र शक्ति भन्ने अर्थमा बुझ्ने गरिएको छ। त्यसैअनुरूप एकातिर सरकारले संचालनमा अंकुश लगाउन नसकोस भनी व्यापकरूपमा सरकारको शक्ति घटाएको छ भने त्यसका साथसाथै अर्कोतिर ती व्यापारिक संस्थाहरूलाई सम्भावित प्रतिस्पर्धावाट उन्मुक्त राखिएको छ र नयाँ प्रतिस्पर्धीको प्राविधिक विकासको सम्भावनालाई हाल व्यापारसँग सम्बन्धित बौद्धिक सम्पत्ति अधिकारका प्रावधानहरूमा बौद्धिक सम्पत्तिका व्यवस्थाहरूद्वारा कटौती गरिएको छ।

वस्तु र सेवाको व्यापारमा बढिरहेको स्वतन्त्रताले मुलुकहरूका बीचमा घनिष्ट वित्तीय सम्बन्ध बढाउने आशा राख्न सकिन्छ। फलस्वरूप, यस्तो स्वतन्त्रताले वाह्य मुलुकहरूसँग वित्तीय र पूँजीगत प्रवाहको उदारीकरण बढ्न सक्छ। यस्तो उदारीकरण धेरै अघिदेखि अन्तर्राष्ट्रिय अर्थव्यवस्थाको विशेषता नै हुने गरेको छ र यो प्रगतिशील आर्थिक एकीकरणको अवधितर्फ अग्रसर भएको छ। परिणामस्वरूप, यस्तो उदारीकरण विश्वव्यापीकरण भनिने माथिल्लोस्तरतर्फ सरेको छ। वाह्य उदारीकरणको अनुभवले आन्तरिक खुलापनलाई खोतलेको छ भने आन्तरिक खुलापनले वढी वाह्य खुलापन ल्याएको छ। अन्तर्राष्ट्रिय अर्थव्यवस्थामा विकास भएका शक्तिहरूले पूँजीको प्रवाहलाई उदारीकरण गर्ने निर्णय गर्नका लागि सरकारलाई वाध्य पारेको छ। त्यसैअनुसार यस्ता शक्तिहरूले राष्ट्रिय अर्थतन्त्रका बीचको सम्पर्कलाई साँघुरो बनाएका छन्। विश्व व्यापार संगठनको रूपमा जन्मेको नयाँ व्यापारिक व्यवस्थाले यसलाई अगाडि ल्याएको हो। फलस्वरूप, विश्व अर्थव्यवस्था आफ्नो सबै जोखिम र अवसरहरूलाई साथमा लिई विश्वव्यापीकरणको युगमा प्रवेश गरेको छ।

५. विदेशी पूँजीको भूमिका

विगत चालीस वर्षदेखि वैदेशिक सहायता मुलुकको विकासको प्रमुख कारकतत्व रहेको छ। सरकारको विकास बजेटको दुई-तिहाईभन्दा बढी रकम दाता राष्ट्रको सहयोगबाट प्राप्त हुन्छ। नेपालले विगत ५० वर्षमा प्राप्त गरेको कुल वैदेशिक सहायताको रकम ५ अर्व यु.एस. डलर पुगिसकेको छ, जसमध्ये झण्डै ६० प्रतिशत ऋणको रूपमा प्राप्त भएको छ। वर्तमान विनिमय दरको हिसावले मुलुकले तिर्न बाँकी वैदेशिक ऋण ३ अर्व यु.एस. डलर पुगिसकेको छ। वाह्य कर्जाको निरन्तरताले थुप्रिएको वैदेशिक ऋणको बोझ बढ्दो छ। हालको अवस्थामा ऋणको किस्ता तिर्न मात्र मुलुकको शिक्षा र स्वास्थ्य क्षेत्रको निम्ति छुट्याएको वार्षिक बजेटको करिब एक-तिहाई अथवा कुल बजेटको १५ प्रतिशत रकम रित्तिन्छ।

परनिर्भरताको विकास, दाता राष्ट्रको सहयोगमा सञ्चालित परियोजनाहरूको न्यून उत्पादकत्व र सहयोगको सम्झौताको अवस्थादेखि नै पलाएर परियोजना कार्यान्वयनको अवस्थासम्म पुगेको भ्रष्टाचारले लगातार विदेशी सहयोगमा निर्भर हुनेबारे पुनर्विचार गर्न हामीलाई मात्र वाध्य नतुल्याई दाताहरूलाई समेत सहयोगको नीतिमा मूल्यांकन गर्न घच्घच्याएको छ। यसै सन्दर्भमा मुलुकप्रति दाताहरूको डगमगाएको विश्वासमा सुधार ल्याई मुलुकको आर्थिक विकासका निम्ति आगामी केही समयका लागि तिनको क्रमिक सहयोग जुटाउनु ज्यादै जरुरी भएको छ। अर्कोतिर सार्वजनिक श्रोतहरूको चुहावट र सरकारी क्रियाकलापहरूमा हुने भ्रष्टाचारले कर तिर्नुपर्ने औचित्यबारे प्रश्न उठाएको छ। त्यसकारण सर्वसाधारणलाई निःसंकोच कर तिर्ने बानी बसाली सरकारको राजस्व वृद्धि गरी विकासका क्रियाकलापहरू सञ्चालन गर्न उनीहरूबाट संकलन गरिएको कर रकम उनीहरूकै कल्याण खातिर खर्च गरिंनछ भनी विश्वास दिलाउनु आवश्यक भएको छ।

६. प्रत्यक्ष विदेशी लगानी : हलचल ल्याउने कारकहरु

प्रत्यक्ष वैदेशिक लगानी (FDI) त्यस्ता मुलुकहरूमा आवश्यक देखिएको छ, जहाँ एकैचोटी दुइटा घाटा अथवा अन्तरहरू हुन्छन्, बचत-लगानीको अन्तर र विदेशी विनिमय अन्तर। FDI पूँजी लगानी र विदेशी विनिमयको आवश्यकता पूरा गर्ने प्रमुख स्रोत मानिन्छ। त्यसबाहेक यसलाई सहयोग पाउने मुलुकका प्राविधिक स्तरहरू, कार्यदक्षताको स्तर र प्रतिस्पर्धात्मक क्षमता माथि उठाउने साधनको रूपमा पनि लिइन्छ। त्यसको कारण के हो भने प्रत्यक्ष वैदेशिक लगानीले प्रविधि, व्यवस्थापन र संगठनात्मक क्षमता जस्ता पूरक सम्पत्तिहरू पनि आफूसँगै ल्याउँछ। यसले स्थानीय सहायक उद्योगहरूको प्रविधिमा विकास गरी तिनको प्रतिस्पर्धात्मक क्षमतामा सुधार ल्याउन मद्दत पुऱ्याउँछ। त्यसको अतिरिक्त, कार्यदक्षताको स्तर बढाएर, उत्पादन लागत घटाएर, उत्पादनको गुणस्तरमा सुधार ल्याएर र निकासी बजारसँग सम्पर्क बढाएर प्रत्यक्ष विदेशी लगानीले निकासी प्रवर्द्धन गर्ने पनि विश्वास लिइन्छ। तर फाइदाको मात्रा मुख्यतया मुलुकको प्रविधि हस्तान्तरण ग्रहण गर्नसक्ने क्षमता र औद्योगिक पुनर्संरचनामा निर्भर हुन्छ।

कुनै कम्पनीले प्रत्यक्ष वैदेशिक लगानीको खोजी गर्नु त्यतिखेर ठीक हुन्छ, जब कुनै खास बजारमा सेवा पुऱ्याइरहेका अरू कम्पनीहरूका अगाडि स्वामित्वको कारणले त्यस्तो कम्पनी फाइदाको स्थितिमा हुन्छ अथवा यदि श्रम वा प्राकृतिक स्रोतहरू जस्ता उत्पादनका साधनको कारणबाट त्यो फाइदा लिन सक्ने अवस्थामा हुन्छ। त्यसकारण प्रत्यक्ष वैदेशिक लगानीको आधार प्राविधिक र अरू ज्ञानको

हस्तान्तरणमा लाग्ने कारोवार लागत *(Transaction Cost)* र वजारको अपूर्णतामा निर्भर हुन्छ। पूर्ण प्रतिस्पर्धाको वजार, जहाँ उत्पादनका साधनहरू तथा उत्पादनहरू पूर्णतः गतिशील हुन्छन् र कारोवार लागत पनि वढी नलाग्ने हुन्छ, प्रत्यक्ष वैदेशिक लगानीको आवश्यकता हराएर जान्छ।

विश्वव्यापीरूपमा पूँजीको प्रवाह वढ्नुका धेरै कारणहरू छन्। आपूर्तिको दृष्टिवाट हेर्दा यसमा निम्न कुराहरू आउँछन्: (i) लगानीको मागभन्दा वचत वढी हुनु, (ii) वाह्य क्षेत्रको कारोवारमा चालू खाताको वचत, (iii) संस्थागत करका उच्च दरहरू, (iv) उच्चतम अवस्थामा पुगेको आन्तरिक वजार, (v) उच्च वातावरणीय र श्रमका स्तरहरू र (vi) आन्तरिक श्रमको अभाव र उच्च ज्यालादर। त्यसको विपरीत पूँजीको प्रवाहको माग पक्षलाई निम्न कारकहरूले प्रभाव पारेका हुन्छन्: (i) उच्च वचत-लगानी र चालू खाताको घाटा (ii) राजकीय ऋणको वढ्दो परिमाण, (iii) उपयोगमा ल्याउन नसकेका स्रोतहरू, खास गरेर प्राकृतिक स्रोतहरूको उपलव्धता, (iv) न्यून वातावरणीय तथा श्रमका स्तरहरू, (v) श्रमको अधिकता र न्यून ज्यालादर, (vi) उदार औद्योगिक, वित्तीय, राजस्व र वैदेशिक विनिमय नीतिहरू, (vii) उदार श्रम कानूनहरू र ट्रेड यूनियनको कमजोर क्षमता र (vii) कार्यमूलक (functional) प्रशासन।

लगानीकर्ताको दृष्टिकोणमा आकर्षक प्रोत्साहन नै लगानीको अन्यावश्यक आधार हो। यसवाहेक लगानीकर्ताहरूले राजनीतिक स्थायित्व, सरकारी नीतिमा स्थिरता, पूर्वाधारका पर्याप्त सुविधाहरू, राष्ट्रियकरण नगर्ने प्रत्याभूति, राम्रो कानूनी वातावरण, श्रमको प्रतिस्पर्धात्मक लागत, पर्याप्त प्राकृतिक स्रोतहरू, निकासी वजारसँगको निकटता र संयुक्त पूँजी लगानीको निम्ति उपयुक्त स्थानीय साझेदारको उपलव्धता जस्ता अरू कारकहरूलाई पनि ध्यान दिने गर्दछन्। लगानीकर्ताको निम्ति सवैभन्दा महत्वपूर्ण कारक लगानी गर्नुपर्ने मुलुकको पारदर्शी, स्थीर र दृढ वैदेशिक नीति हो। उनीहरू यातायात तथा सञ्चार, दक्ष मानवीय संसाधन, राम्रा र लचकदार श्रम नीतिहरू, वजार र ज्यालासम्वन्धी अनुशासन जस्ता भौतिक पूर्वाधारहरूको आशा पनि राख्दछन्। उनीहरू सहायक उद्योगहरू *(support industries)* को विकास, विदेशी र स्थानीय फर्महरूप्रति समान व्यवहार, लगानीका क्षेत्रहरूमा सम्भावित लगानीकर्ताहरूलाई सूचनाको राम्रो व्यवस्था., सुविधा, प्रोत्साहन र दक्षताको उपलव्धता, न्यूनतम प्रशासनिक हस्तक्षेप र नियम-कानून, पारदर्शिताको विकास र प्रत्यक्ष वैदेशिक लगानीसँग सम्वन्धित नियमहरूको स्थिरता पनि चाहन्छन्।

वैदेशिक पूँजी आकर्षण गर्नका लागि नीतिगत, संस्थागत र कानूनी वातावरणको अतिरिक्त पूँजीको प्रवाहलाई विश्लेषण गर्ने थुप्रै गुणात्मक कारकहरूको मूल्यांकन हुनु जरूरी छ। त्यस्ता मुलुकहरू जहाँ श्रम कानून उल्लंघन गर्न सकिन्छ, जहाँ ट्रेड यूनियनको शक्तिलाई अप्रत्यक्ष तरिकाले पन्छाउन सकिन्छ, जहाँ वातावरणीय स्तरहरू र प्रदूषण नियन्त्रणका नियमहरू कमजोर छन् वा जहाँ त्यस्ता नियम कार्यान्वयन गराउने पक्षहरूलाई "प्रोत्साहन" दिएर सजिलै उल्लंघन गर्न सकिन्छ, जहाँ मानिसहरू वातावरणीय ह्रासप्रति त्यति सचेत छैनन् र वातावरणका दृष्टिकोणले "फोहोरी" उद्योगहरू स्थापना गर्न कुनै चुनौतीको सामना गर्नुपर्ने अवस्था छैन, जहाँ प्रशासनलाई घूस र अन्य प्रोत्साहन दिएर आफ्नो पक्षमा ल्याउन सकिन्छ र विभिन्न खाले व्यक्तिगत लालसा देखाएर अथवा वित्तीय आकर्षण देखाएर राजनीतिक नेताहरूलाई लगानीकर्ताको पक्षमा निर्णय लिन प्रभाव पार्न सकिन्छ, त्यस्ता विकासोन्मुख देशमा औद्योगिक विश्ववाट पूँजीको प्रवाह वढी हुन्छ।

हालका वर्षहरूमा विश्वव्यापी पूँजीको प्रवाह विदेशी सहायतावाट प्रत्यक्ष लगानी वा अन्य निजी पूँजी प्रवाहमा रूपान्तरित भइरहेको छ। सन् १९९८ मा करिव ६४० अर्व यु.एस. डलर प्रत्यक्ष वैदेशिक लगानीको रूपमा प्रवाहित भएको छ। तर विभिन्न उपमहाद्वीप, क्षेत्र र मुलुकहरूका वीच पूँजीको प्रवाह एकसमान छैन। १९९८ को कुल प्रत्यक्ष लगानीमध्ये करिव २६ प्रतिशत विकासशील मुलुकहरूमा गएको थियो। एशियाली मुलुकहरूले १९९५ को २० प्रतिशतको तुलनामा यस वर्ष कुल प्रवाहको १३ प्रतिशत प्राप्त गरे। एशियाली मुलुकहरूमा प्रवाह भएको कुल प्रत्यक्ष वैदेशिक लगानीमध्ये सन् १९९८ मा चीनले मात्र ५५ प्रतिशत प्राप्त गऱ्यो भने सम्पूर्ण सार्क मुलुकहरूले ५ प्रतिशत प्राप्त गरे। यो अंक सन् १९९५ को अंश ८ प्रतिशतभन्दा धेरै तल छ।

धेरैजसो दक्षिण एशियाली मुलुकहरूले लगानीका क्षेत्रमा पर्याप्त सुधार र उदारीकरण लागू गरेका छन्। यस्ता सुधारहरूलाई वैदेशिक लगानी भित्रिने र वाहिर जाने दुवैरूपमा हेर्न सकिन्छ। परिणामस्वरूप, सन् १९९० को दशकमा प्रत्यक्ष वैदेशिक लगानीले दक्षिण एशियामा उचाइ लिन शुरू गरेको हो। १९८०-८५ को तुलनामा सन् १९९८ मा प्रत्यक्ष वैदेशिक लगानीको प्रवाह २० गुनाले अर्थात् १७.९ करोड अमेरिकी डलरवाट ३.४ अर्व डलर पुग्यो भने विश्वव्यापी कुल प्रत्येक्ष वैदेशिक लगानीमा १३ गुना मात्र वृद्धि भएको छ। परिणामस्वरूप, विश्वव्यापी प्रत्यक्ष वैदेशिक लगानीमा दक्षिण एशियाको अंश क्रमशः ०.३ प्रतिशतवाट सन् १९९७ मा १ प्रतिशतभन्दा वढी पुग्यो।

विश्वव्यापी प्रतिस्पर्धात्मक दवावले हाँकेको राष्ट्रिय अर्थव्यवस्थाहरूको नजिकिँदै गएको एकीकरण, आर्थिक उदारीकरण र लगानीका नयाँ क्षेत्रहरूको खुलापनको परिणामस्वरूप हालका वर्षहरूमा वैदेशिक लगानीको प्रवाह वढ्दै गएको छ। त्यसको अतिरिक्त धेरै मुलुकहरूमा वैदेशिक लगानी, खास गरेर प्रत्यक्ष वैदेशिक लगानी वाह्य पूँजीको प्रमुख स्रोत भएको छ, जुन मुलुकहरू अहिले प्रत्यक्ष वैदेशिक लगानी स्वीकार गर्न वढी समर्थ भएका छन् भन्ने कुरा तिनको लगानी नीतिमा भएका परिवर्तनले देखाएका छन्।

७. प्रत्यक्ष विदेशी लगानीको संरचना र विकास

नेपालले वैदेशिक लगानीलाई नेपाली लगानीकर्ताहरूसँगको संयुक्त सहभागितामा अथवा १०० प्रतिशत विदेशी स्वामित्वका संस्थाहरूलाई प्रोत्साहन दिएको छ। वैदेशिक लगानी खुला गरिएका विस्तृत क्षेत्रहरूमा औद्योगिक उत्पादनका उद्योग, इन्धनमा आधारित उद्योग, पर्यटन उद्योग, खानीमा आधारित उद्योग, कृषिमा आधारित उद्योग र सेवा उद्योगहरू पर्दछन्। तर घरेलु उद्योग, व्यक्तिगत सेवाका व्यवसायहरू (जस्तै हजामी, केश श्रृंगार, सिलाई, चालक तालिम आदि), हात-हतियार र सुरक्षाका उद्योगहरू, रेडियोजनित पदार्थसँग सम्बन्धित उद्योगहरू, रियल इस्टेट व्यवसाय, सेक्युरिटी प्रिन्टिङ, मुद्रा र टकमरी व्यवसाय, खुद्रा व्यवसाय, ट्राभल एजेन्सी, ट्रेकिङ एजेन्सी, सुर्ती, अल्कोहल (९० प्रतिशतभन्दा वढी निकासी गर्ने उद्योग बाहेक) र व्यवस्थापन, लेखा, इन्जिनियरिङ तथा कानूनी सेवाहरू जस्ता परामर्श सेवाहरू नेपाली नागरिकहरूका लागि मात्र सुरक्षित राखिएका छन्।

१९८० को दशकको मध्यदेखि अपनाइएको खुला र उदार नीतिका साथ विनिमय दर, उद्योग, व्यापार तथा वित्तका क्षेत्रहरूमा विभिन्न सुधारका उपायहरू अवलम्बन गरिएका थिए। १९९० को दशकपछि मात्र औपचारिक नीतिगत संयन्त्रद्वारा प्रत्यक्ष वैदेशिक लगानीलाई प्रोत्साहन दिन शुरू गरियो। सरकारले १९९२ मा नयाँ औद्योगिक नीति तथा वैदेशिक लगानी नीति ल्यायो र वैदेशिक लगानीसम्बन्धी नीतिमा समसामयिक सुधार पनि ल्यायो। यसका साथै वैदेशिक लगानी र प्रविधि हस्तान्तरण ऐन (FITA) को तर्जुमा भयो, वैदेशिक लगानी र एकद्वार नीति तथा व्यापार, परिवहन, सञ्चार र विद्युत्सँग सम्वन्धित नयाँ नीतिहरूसमेत लागू भई नेपालमा वैदेशिक लगानीलाई आकर्षण दिने अनुकूल वातावरण सिर्जना भयो।

उदार आर्थिक नीतिहरू लागू गरेपछि विदेशी लगानीकर्ताहरू संयुक्त पूँजी लगानीमा खास गरेर बैंकिङ, जलविद्युत् विकास र पर्यटनका क्षेत्रहरुमा सहभागी हुन आकर्षित भए। फलस्वरूप, दस वर्षको अवधिमा संयुक्त पूँजी लगानीको निम्ति स्वीकृति पाएका उद्योगहरूको संख्या करिब दस गुना वढेको छ। यी उद्योगहरूको कुल परियोजना लागत ९१.१ करोड अमेरिकी डलरमा कुल स्थिर पूँजी लगानी ७९ करोड अमेरिकी डलर पुग्यो। कुल परियोजना लागतमा वैदेशिक लगानीको अंश २२.७ प्रतिशत अर्थात् २०.७ करोड अमेरिकी डलर रहेको छ। प्रत्यक्ष वैदेशिक लगानीअन्तर्गतका उद्योगहरूले करिव ७३ हजार रोजगारीका अवसरहरू सिर्जना गरेको अनुमान छ र दस वर्षअघि उपलब्ध ११ हजार रोजगारीको स्तरको तुलनामा यो अंक झण्डै सात गुना बढी छ। हालै वहुराष्ट्रिय कम्पनीहरू जलविद्युत्, दूरसञ्चार, बीमा र वैंकिङका क्षेत्रहरुमा मुलुकमा प्रवेश गरिरहेका छन्।

अहिले मुलुकमा निकासी, पर्यटन, जलविद्युत् र पूर्वाधार निर्माणसँग सम्वद्ध क्षेत्रहरूमा वढी जोड दिई विविध प्रकारका आर्थिक क्रियाकलापहरू सञ्चालन गर्ने ठूला र मध्यमस्तरका उद्योगहरूलाई १०० प्रतिशतसम्म प्रत्यक्ष वैदेशिक लगानीको स्वीकृति दिइएको छ। लगानीको प्रतिफल मुलुकबाट बाहिर लैजाने प्रक्रियालाई पूर्ण उदार बनाइएको छ। नेपालले आफ्नो कानूनी व्यवस्थाका आधारमा उद्योगहरूको राष्ट्रियकरण नहुनेबारे यथेष्ट प्रत्याभूति दिन्छ। त्यसबाहेक, वैदेशिक लगानी र प्रविधि हस्तान्तरण ऐन (FITA) मा संशोधन ल्याई सम्झौतामा समावेश गरिएको दफाबमोजिम आपसी छलफलद्वारा छिनोफानो *(arbitration)* गर्ने अथवा अन्तर्राष्ट्रिय व्यापारिक कानूनको निम्ति संयुक्त राष्ट्रसंघीय आयोग (UNCITRAL) को विद्यमान नियमअनुसार छिनोफानो गर्ने व्यवस्था गरिएको छ।

छिमेकी तथा ठूलो व्यापारिक सम्वन्ध भएको मुलुकका कारण भारतबाट नेपालमा हुने प्रत्यक्ष लगानी सबैभन्दा धेरै छ। विदेशी लगानीमा स्थापित उद्योगको संख्या ३४.६ प्रतिशत (१६९ वटा) र कुल लगानी रकमको ३५ प्रतिशत (रू ४.५ अर्व) भारतबाट आएको छ। लगानीको दृष्टिकोणले संयुक्त राज्य अमेरिका (१८ प्रतिशत) दोस्रो, ब्रिटिश भर्जिनिया आइल्याण्ड (७.७ प्रतिशत) तेस्रो, नर्वे (६.७ प्रतिशत) चौथो र त्यसपछि जापान (५.७ प्रतिशत) रहेका छन्। संयुक्त लगानीका उद्योगहरूमा ६० प्रतिशत पूँजी सहभागिता, २५ प्रतिशत प्राविधिक सहयोग र बाँकी १५ प्रतिशत अन्य सहभागितामा छन्।

यसबाहेक विदेशी लगानीको निम्ति अनुकूल वातावरण सिर्जना गर्न आर्थिक, वित्तीय, औद्योगिक, व्यापारिक र श्रम नीतिमा सुधारका उपायहरू पनि अवलम्बन गरिएका छन्। साँच्चै भनौं भने विदेशी लगानीका उद्योगहरूले आयकर, अन्तःशुल्क, विक्री कर र भन्सारका विविधखाले प्रोत्साहन र सुविधाहरू उपभोग गरेका छन्। भन्सारका दरहरू दक्षिण एशियाली स्तरअनुरूप घटाइएका छन् र संस्थागत करका दरहरू पनि प्रत्यक्ष वैदेशिक लगानी आमन्त्रण गर्ने अरू एशियाली मुलुकहरूको हाराहारीमा कायम राखिएको छ। त्यसको अतिरिक्त, सार्वजनिक संस्थानहरूको निजीकरणले प्रत्यक्ष वैदेशिक लगानीको निम्ति नयाँ बाटो खोलेको छ। अहिलेसम्म १६ वटा सार्वजनिक संस्थानहरू निजीकरण गरिसकिएको छ र अझ वढी संख्यामा संस्थानहरू निजीकरणको प्रक्रियामा छन्।

औद्योगिक व्यवसाय ऐनअन्तर्गतका सम्पूर्ण सुविधा र छूटहरू एउटै छानामुनि उपलब्ध गराउने उद्देश्यले श्री ५ को सरकारले एउटा समिति "एकद्वार समिति (One Window Committee)" को गठन गरेको छ। इजाजतपत्र, सुविधा र पानीको आपूर्ति, विद्युत् र दूरसञ्चारको सुविधा, मेशिनरी, कच्चा पदार्थ तथा पार्टपूर्जाहरूको पैठारी, पैठारी इजाजतपत्रको निष्काशन, वैदेशिक मुद्रा उपलब्ध गराउनेलगायत्का प्रशासनिक सेवाहरू र अरू सुविधाहरू त्यस समितिमार्फत् उद्योगहरूलाई उपलब्ध गराउन उद्योग विभाग जिम्मेवार निकायको रूपमा रहेको छ। यो समितिका काम कारवाही भद्दा, अपारदर्शी र

केन्द्रीयकरण गरिएको प्रणालीद्वारा संचालित छ। यथार्थमा हुने गरेको घोषित नीतिसँग अमिल्दो व्यवहारको यो ज्वलन्त उदाहरण हो।

स्थिर राजनीतिक प्रणालीमा प्रजातन्त्रको सुदृढीकरण, औद्योगिक र व्यापारिक नीतिहरूको उदारीकरण, विदेशी विनिमय प्रणालीको खुलापन, पैठारीमा शुल्कगत र गैह्र शुल्कगत छूट, कर सहुलियतहरू, निकासी सहुलियतहरू र बढ्दो अन्तरक्षेत्रीय र क्षेत्रगत बजारहरूले नेपालमा वैदेशिक लगानीको प्रवाहका उच्च अवसरहरू प्रदान गरेका छन्। विदेशी विनिमय सञ्चितिको निर्माण, बलियो निकासी व्यापार, मन्दगतिको मूल्य वृद्धि र भारतीय रूपैयाँसँगको स्थिर विनिमय दरले नेपाली मुद्राको विनिमय दरको स्थिरतालाई सुनिश्चित तुल्याएको छ। यस्तो अनुकूल समष्टिगत आर्थिक वातावरणबाट मुलुकमा बढी प्रत्यक्ष वैदेशिक लगानी आकर्षण हुनसक्ने आशा राख्न सकिन्छ।

८. प्रत्यक्ष विदेशी लगानीको प्रभाव

८.१ विश्वव्यापी अनुभव

विदेशी लगानीले विकासोन्मुख मुलुकहरूमा मानवीय विकासलाई हुर्काउन र अघि बढाउन मद्दत पुऱ्याउँछ भनिन्छ। तर अध्ययनले प्रत्यक्ष वैदेशिक लगानी, आर्थिक वृद्धि र मानवीय विकासका बीचमा कुनै स्वाभाविक सम्बन्ध स्थापित भएको देखाउँदैन। ठूलो परिमाणको प्रत्यक्ष विदेशी लगानी उपयोग गरेर चीन, कोरिया र मलेशिया जस्ता एशियाली मुलुकहरूले आर्थिक विकासमा मात्र नभै मानवीय विकासमा पनि ठूलो फाइदा उठाए। तर भारत र भियतनाम जस्ता मुलुकहरूले प्रत्यक्ष वैदेशिक लगानीको सानो रकम उपयोगमा ल्याए पनि त्यत्तिकै उपलब्धि हासिल गरे भने इण्डोनेशिया, रूस र रोमानिया जस्ता मुलुकहरूले निकै ठूलो प्रत्यक्ष विदेशी लगानी उपयोगमा ल्याए पनि खासै प्रगति गर्नसकेको देखिँदैन।

व्यावहारिक अनुभवले विदेशी लगानीबाट विभिन्न फाइदाहरू प्राप्त हुनसक्ने देखाएको छ। **पहिलो**, प्रत्यक्ष विदेशी लगानी बाह्य पूँजीको प्रमुख स्रोत हो। प्रत्यक्ष वैदेशिक लगानीको प्रवाहलाई पूँजी निर्माणको काममा लगाइएन भने यसले शोधनान्तर स्थिति ठीक पार्न वित्तीय स्रोतको काम गर्छ। राष्ट्रिय संस्था र उद्योगहरूको निजीकरण र विदेशी सहभागीहरूको संलग्नता विदेशी पूँजी भित्रिने केही उदाहरणहरू हुन्। **दोस्रो**, प्रत्यक्ष विदेशी लगानीले नयाँ प्रविधि भित्र्याउँछ। प्रविधिका मालिकहरूले केही मात्रामा व्यवस्थापन र नियन्त्रण आफूसँग राख्न पाए भने यस्तो प्रविधि साझेदारलाई उपलब्ध गराउन बढी इच्छुक हुन्छन्। त्यसको अतिरिक्त, यसले व्यवस्थापन गर्ने प्रविधि उपलब्ध गराउँछ। प्रत्यक्ष वैदेशिक लगानीले नयाँ ज्ञान र उद्यमशीलता भित्र्याउँछ, जुन वस्तु र सेवाहरूको अन्तरराष्ट्रिय विनिमयका महत्वपूर्ण फाइदाहरूमध्ये केही हुन्। यसले दक्षतापूर्वक स्वदेशी स्रोतहरूको उपयोग गर्न र प्रतिडकाई मूल्य अभिवृद्धि बढी प्राप्त गर्न मद्दत पुऱ्याउँछ।

तेस्रो, प्रत्यक्ष वैदेशिक लगानीले बजार खोज्ने दक्षता बढाउँछ र पूँजीको प्रवाहमार्फत् बजार सम्पर्क पनि बढ्छ। धेरै विदेशी लगानीकर्ताहरू आफ्नो स्थापित बजारसहित अर्को मुलुकमा लगानी गर्न आउँछन् र अन्तर्राष्ट्रिय बजारमा तिनीहरूको बढी अनुभव हुन्छ। स्थानीय साझेदारले विदेशी साझेदारलाई स्थानीय र सम्भवतः क्षेत्रीय बजार पनि उपलब्ध गराउनसक्ने हुँदा प्रत्यक्ष वैदेशिक लगानीले बजारको सम्पर्क उपलब्ध गराउँछ। **चौथो**, र अझ महत्वपूर्ण कुरा के हो भने प्रत्यक्ष वैदेशिक लगानीले आर्थिक वृद्धिदर बढाउँछ। प्रत्यक्ष वैदेशिक लगानीले आन्तरिक स्रोतको परिचालन गरेर अतिरिक्त आर्थिक क्रियाकलापहरू बढाई रोजगारीको सिर्जना गर्दछ। विकसित भइसकेका बजारको सन्दर्भमा प्रत्यक्ष वैदेशिक लगानीले मुलुकको आर्थिक रूपान्तरण र पुनर्संरचनालाई अगाडि बढाउँछ। पूर्वी एशिया, खास गरेर हङकङ, कोरियाली गणतन्त्र, ताइपेयी र चीनमा प्रत्यक्ष वैदेशिक लगानीले पूँजीको स्रोत र प्रविधि र व्यवस्थापकीय सीपको आपूर्तिकर्ताको रूपमा ठूलो भूमिका निभाएको छ।

धेरै मुलुकहरूको आर्थिक विकासमा प्रत्यक्ष वैदेशिक लगानीको प्रभाव उल्लेखनीय रहेको छ। खुलाद्वार नीतिअन्तर्गत प्रत्यक्ष विदेशी लगानीको स्वागत गरेर चीनले आर्थिक रूपान्तरणमा शक्ति थपेको छ। अहिले सबैभन्दा उच्च रहेको प्रत्यक्ष वैदेशिक लगानीले चीनमा कारखानाहरू निर्माण गरेको छ, कामहरू सिर्जना गरेको छ, चीनलाई अन्तर्राष्ट्रिय बजारसँग जोडेको छ र महत्वपूर्ण प्रविधि हस्तान्तरणमा नेतृत्व प्रदान गरेको छ। यसले निकासीलाई पनि निकै माथि उठाएको छ, जुन एक दशकभन्दा अघिदेखि प्रतिवर्ष करीब २० प्रतिशतका दरले बढ्दै गएको छ।

सिसन (SEACEN) मुलुकहरूको अनुभवले के देखाउँछ भने वैदेशिक लगानीको उपस्थितिले यस क्षेत्रको आर्थिक विकासमा खास गरेर औद्योगिक क्षेत्रमा योगदान पुऱ्याएको छ। अर्थव्यवस्थालाई कृषि वस्तु निकासीमा पूर्णतः निर्भर रहेको अवस्थाबाट औद्योगिक वस्तुहरू निर्यात गर्ने अर्थव्यवस्थामा बदल्न गरेका सघन प्रयत्नहरूले सकारात्मक परिणाम देखाएका छन्। सिसन मुलुकहरूमा औद्योगिक वस्तुहरूको निकासी रकममा ठूलो विस्तार भएको छ। प्रत्यक्ष वैदेशिक लगानीले औद्योगिकीकरणको प्रक्रियामा खेलेको महत्वपूर्ण भूमिकाको अतिरिक्त यसले आर्थिक विकास, रोजगारी र निकासीमा सकारात्मक प्रभाव पारेको छ।

एशियाका धेरैजसो विकासशील मुलुकहरूको अध्ययनबाट के जानकारी हुन्छ भने विदेशी लगानीले पूँजी निर्माणको निम्ति उपलब्ध साधनहरू बढाएर तथा लगानीको कुशलतामा वृद्धि गरेर दुई प्रकारले आर्थिक विकासमा योगदान पुऱ्याएको हुन्छ। तर विदेशी पूँजीको अतिरिक्त, निकासी वृद्धि, श्रमशक्ति र आन्तरिक बचतको वृद्धिले पनि एशियाली क्षेत्रको विकासमा सकारात्मक योगदान पुऱ्याएको छ। विकासोन्मुख मुलुकहरूका

लागि सहयोगका आधारमा सञ्चालन हुने उत्तरी मुलुकहरूले सिफारिश गरेको आत्मनिर्भरताको अवधारणाभन्दा वैदेशिक निजी लगानी र निकासी वृद्धि बढी महत्वपूर्ण पाइएका छन्। विदेशी पूँजी अथवा निकासीभन्दा श्रमशक्ति र आन्तरिक बचत दरको वृद्धि पनि बढी महत्वपूर्ण पाइएका छन्। यस्ता अध्ययनका गम्भीर नीतिगत प्रभावहरू हुन्छन्, तर सबैभन्दा महत्वपूर्ण कुरा के हो भने यदि कुनै मुलुकले द्रुतगतिले आर्थिक विकास गर्न चाहन्छ भने त्यसले श्रमशक्तिको उत्पादकत्व र आन्तरिक स्रोतको परिचालन बढाउन आफ्ना प्रयासहरू केन्द्रित गर्नुपर्दछ। यस्ता कामहरूको छनोटमा कठिनाई उत्पन्न हुनसक्छ र कठोर नीतिगत उपायहरू अवलम्बन गर्नुपर्ने हुनसक्छ। तर विदेशी पूँजीले उच्च र द्रुतगतिको आर्थिक विकासको निम्ति अनिवार्यरूपमा समाधानको बाटो दिँदैन भन्ने तथ्य हामीले बिर्सनुहुँदैन, त्यसो भएता पनि मुलुकहरूले त्यस्ता क्षेत्रहरूमा विदेशी पूँजी स्वीकार गर्नुपर्दछ, जहाँ आन्तरिक साधनहरूले पर्याप्त विकल्प दिन सक्दैनन्।

विकासोन्मुख मुलुकहरूको आर्थिक विकासमा विदेशी पूँजीको प्रभाव र व्यापारसँग विभिन्न प्रकारका विदेशी पूँजीको सापेक्षित महत्वको विषय विवादास्पद छ। विदेशी पूँजीको उपयोगका विभिन्न फाइदा र अवसरहरूका बावजूद पनि अनेकौं बेफाइदाहरू पनि छन्। **पहिलो**, विदेशी लगानीले स्वदेशी निजी संस्थाहरूलाई मैदानबाट हटाउने सम्भावना छ र प्रतिस्पर्धात्मक विदेशी संस्थाहरूको उपस्थितिले गर्दा त्यस्ता संस्थालाई प्रोत्साहन दिने र दबाब पनि कम हुने सम्भावना छ। विदेशी लगानीलाई दिइएका कर र भन्सार छुटहरू तथा अरू सहुलियतहरू त्यस्तो लगानी स्वीकार गर्ने मुलुकलाई कुनै बखत धेरै खर्चिलो साबित हुनसक्छ र लगानीकर्तालाई त्यस्ता सुविधा प्रदान गरेका कारणले विदेशी लगानीको विरुद्धमा नै प्रतिकूल भावना बढेर गएमा यसले क्रमिकरूपमा नराम्रो रूप लिन सक्दछ।

दोस्रो, यदि अर्थव्यवस्थामा वित्तीय र व्यापारिक विकृतिहरू विद्यमान रहेमा विदेशी लगानी, खास गरेर प्रत्यक्ष वैदेशिक लगानीले आफूले योगदान दिनेभन्दा बढी मुलुकबाट लिएर जान्छ। उदाहरणका निम्ति भियतनामका संयुक्त पूँजी लगानी गरिएका धेरै पैठारी प्रतिस्थापन उद्योगहरूका लागि लागू गरिएको सुरक्षणको मात्राले आर्थिक विकृति ल्याएको छ। केही अध्ययनहरूबाट भने एकीकृत मुद्रा क्षेत्रमा लगानी, बचत र पैठारीसँग प्रत्यक्ष वैदेशिक लगानीको सकारात्मक सम्बन्ध पाइएको छ।

तेस्रो, विदेशी लगानीले आफ्ना जोखिमहरू पन्छाउँदै जाने पनि पाइएको छ। वार्षिक मुनाफा, लाभांश, रोयल्टी तथा शुल्कहरू समयको क्रममा वृद्धि हुँदै जाने हुँदा लामो अवधिमा विदेशी लगानीले लगानी स्वीकार गर्ने अर्थव्यवस्थालाई पूँजीगत पतन *(de-capitalize)* गराउन सक्दछ। प्रत्यक्ष वैदेशिक लगानीको खुद वित्तीय योगदान नकारात्मक रहेको मलेशियाको अनुभवले के सुझाव दिन्छ भने आर्थिक वृद्धि र रोजगारीको रूपमा भएको फाइदा भुक्तानी सन्तुलनमाथिको दीर्घकालीन वित्तीय लागतभन्दा बढी हुनुपर्दछ।

चौथो, विदेशी लगानीले केही मुलुकहरूमा महत्वपूर्ण भूमिका खेलेता पनि ती मुलुकहरूको आर्थिक विकासको कारक तत्व यो मात्र होइन। उदाहरणका निम्ति सन् १९६५ देखि १९९० सम्मको २५ वर्षको अवधिमा सिंगापुरको आर्थिक विकासमा विदेशी लगानीले महत्वपूर्ण भूमिका खेलेको छ। तर विश्लेषणले के देखाउँछ भने सिंगापुरको द्रुतगतिको आर्थिक विकासका कारक तत्वहरूमा विदेशी लगानीका साथसाथै समष्टिगत आर्थिक स्थायित्व, भुक्तानी सन्तुलनको प्रभावकारी व्यवस्थापन, बहिर्मुखी व्यापार प्रणाली, पूर्वाधार विकास र शिक्षामा ठूलो लगानी, बचतको उच्च दर र निश्चित राजनीतिक र नीतिगत वातावरण नै प्रमुख थिए।

नेपालको आर्थिक विकासमा प्रत्यक्ष वैदेशिक लगानी (FDI) को भूमिकाको मूल्यांकन गर्ने बेला आइसकेको छैन। त्यसको कारण के हो भने मुलुकको कुल लगानीमा प्रत्यक्ष वैदेशिक लगानीको अंश ज्यादै न्यून छ, यो अनुपात २ प्रतिशतभन्दा कम रहेको औपचारिक तथ्यांकले देखाउँछ। नेपालमा प्रत्यक्ष वैदेशिक लगानी भर्खरै प्रारम्भ भएको गतिविधि हो र त्यस्तो लगानीको प्रभाव हेर्न हामीले अझ केही समय पर्खनुपर्दछ। तर, राजनीतिक नेताहरू आफ्नो निर्णयको क्रममा विभिन्न खाले बहुराष्ट्रिय कम्पनीहरूको प्रभावमा परेर प्रत्यक्ष वैदेशिक लगानीको मूल्यांकन गर्न अघि सर्ने गरेकाले राजनीतिक स्तरबाट प्रत्यक्ष वैदेशिक लगानीको तत्काल प्रभाव पनि हेर्ने गरिएको छ। राजनीतिक आर्थिक दृष्टिकोणले यो निरन्तर अनुगमन र विश्लेषण गरिरहनुपर्ने विषय पनि हो।

८.२ प्रत्यक्ष विदेशी लगानी र मानवीय विकास

मानवीय विकासमा प्रत्यक्ष वैदेशिक लगानीको प्रभावको मूल्यांकन दुई प्रकारले गर्न सकिन्छः (i) बृहत्तररूपमा आर्थिक क्षेत्रहरूलाई समाहित गरी उच्च आर्थिक विकास गराउन प्रत्यक्ष वैदेशिक लगानी सफल भएको छ वा छैन र (ii) यसले सामाजिक क्षेत्रका विकास कार्यक्रमहरूलाई सहयोग पुऱ्याउन रोजगारीका राम्रा अवसरहरू सिर्जना गरेको तथा सरकारी राजस्वको फराकिलो आधार तयार गरेको छ वा छैन। लाभ हुने र सम्मानसाथ गर्न सकिने काम सामाजिक सुरक्षा र मानवीय विकासका प्रभावकारी साधन हुन्। यसै सन्दर्भमा वैदेशिक लगानीसँग मानवीय विकासलाई जोड्न लगानीको रोजगारी बढाउने क्षमता, काम गर्ने ठाउँको सुरक्षा, कामको सुरक्षा, ज्यालाको स्तर र ज्यालादर वृद्धिको सम्भावना तथा औषधी सुविधा, मातृशिशु स्याहार र वृद्ध भत्ता जस्ता अरू प्रोत्साहनका विषयहरूमा अध्ययन गर्नु आवश्यक हुन्छ। मानवीय विकास, आयस्तर र आयको वितरण तथा ज्ञान र जनताको दीर्घायुमा निर्भर हुन्छ। जबसम्म मानिसको दिमाग डर र भोकको त्रास, रोग, असक्षमता र अज्ञानताबाट उन्मुक्त हुँदैन मनोवैज्ञानिक सन्तुष्टि र सुखलाई उच्चतम पार्ने काम प्रायः असम्भव हुन्छ।

गुणस्तरयुक्त जीवन र मानवीय विकासको यो आधारभूत आवश्यकता हो। विदेशी लगानीबाट रोजगारी दिँदा यी आधारभूत आवश्यकताहरू पूरा भए/नभएको हामीले हेर्नु जरूरी हुन्छ।

मानवीय विकासको अवधारणा सामाजिक सुरक्षामा आधारित छ। त्यसकारण खास गरेर नेपाल जस्ता विकासोन्मुख मुलुकहरूमा जहाँ उत्पादनशील श्रोतहरूको वितरण, क्षमताको उपयोग, सुन्दर भविष्य तथा राम्रो जीवनयापनको अवसरमा तीव्र असमानता छ, सामाजिक सुरक्षाका कार्यक्रमहरू आर्थिक विकासका कार्यक्रमहरू सँगसँगै अगाडि बढ्नुपर्दछ। विदेशी लगानीबाट प्राप्त हुने आर्थिक विकासबाट प्राप्त हुने फाइदाहरू मानवीय विकासतर्फ रूपान्तरण गर्न यो अत्यावश्यक हुन्छ। यद्यपि वैदेशिक लगानीबाट रोजगारी सिर्जना हुँदा काम गर्नसक्नेहरूलाई यो नै सामाजिक सुरक्षाको आधार बन्नसक्छ, तर रोजगारीको गुणस्तर कायम गर्न कामको सुरक्षा, स्वस्थ काम गर्ने वातावरण, काम गर्ने ठाउँमा पर्याप्त सुरक्षा व्यवस्थाहरू, शारीरिक हानि-नोक्सानीको बीमा, बिमारी बीमा तथा वृद्धावस्थाको निवृत्तिभरण जस्ता उपायहरूको अवलम्बन गर्नु आवश्यक हुन्छ। काम गर्नेहरूको व्यवसायिक कौशलमा वृद्धि गर्दै स्वदेशी श्रमको क्षमता अभिवृद्धि गरियो कि गरिएन भन्ने सवाल मानव संसाधन विकास मार्फत् सामाजिक आर्थिक विकाससँग प्रत्यक्ष गाँसिने सवाल हो।

प्रजातान्त्रिक मुलुकमा नागरिकहरूको बाँच्न पाउने, हुर्कने, विकसित हुने तथा आफ्नो क्षमताको उपयोग गर्न पाउने हक हुन्छ। त्यसका निम्ति राज्यले या त पर्याप्त कामका अवसरहरू सिर्जना गर्न सक्नुपर्दछ या नागरिकहरूलाई सामाजिक सुरक्षाको बल प्रदान गर्न सक्नुपर्दछ। यसै सन्दर्भमा विदेशी लगानी आमन्त्रण गर्नुको मुख्य कारण कामका फाइदाजनक अवसरहरूको सिर्जना गर्ने हुनुपर्दछ। तर हामीले के कुरा पनि महसुस गर्नुपर्दछ भने नेपालमा प्रत्यक्ष विदेशी लगानीको प्रवाह हुनुका प्रमुख कारणहरूमध्ये श्रमशक्तिको आपूर्ति अधिक रहेको असंगठित श्रम बजार पनि एक हो र यो श्रमशक्ति गरीबीको उपभोगको स्तरमा पुग्न पनि अपर्याप्त हुने ज्यालादरमा काम गर्न चाहन्छ। शोषणयुक्त श्रम सम्बन्धका प्वालहरू नटाली कामका अवसरहरू मात्र सिर्जना गरेर श्रम कल्याणको प्रवर्द्धन हुन सक्दैन। संक्षेपमा नेपालमा प्रत्यक्ष वैदेशिक लगानी र मानवीय विकासका बीच स्वतः कुनै सकारात्मक अन्तरसम्बन्धको विकास भएको पाईदैन।

८.३ प्रत्यक्ष विदेशी लगानी र श्रम

विगत तीन दशकमा प्रत्यक्ष विदेशी लगानी र व्यापारको वातावरणमा नाटकीय परिवर्तन आएको छ। वस्तु, सेवा, पूँजी, पेशागत तथा कुशल कामदारहरूको आवत-जावत तथा फर्म सञ्चालन गर्न पाउने बन्देजसँग सम्बन्धित प्राविधिक र नीतिगत कठिनाइहरूमा हुँदै गएको कटौतीले पनि यस परिवर्तनमा योगदान पुऱ्याएको छ। धेरै स्थानीय उद्योगहरू अहिले बहुराष्ट्रिय संस्था भैसकेका छन्। त्यसको परिणाम के भएको छ भने प्रतिस्पर्धात्मक लाभको अंश सानो हुँदै गएको छ। लागतमा कहीं सानो परिवर्तन भएमा मुलुकको प्रतिस्पर्धात्मक क्षमतामा गम्भीररूपले प्रभाव पर्न सक्छ। श्रम बजारमा हुने बढ्दो दवावले यस तथ्यलाई प्रतिविम्बित गरेको छ। औद्योगिक मुलुकहरूमा स्थानीय उत्पादनलाई सस्तो पैठारीले प्रतिस्थापन गरेको हुँदा बेरोजगारी बढ्दो छ। विकासोन्मुख मुलुकहरूमा धेरै न्यून ज्याला दर र तल्लो स्तरको श्रमको उपयोगबाट उत्पादन हुने हुँदा यी मुलुकहरूको अदक्ष श्रमको तुलनात्मक लाभको कारणले यसो भएको हो। त्यसकारण विकासोन्मुख मुलुकहरू, पूँजीको उदारीकरण भएझैं श्रमको गतिशीलताको उदारीकरण किन हुनसकेको छैन भनी चासो लिइरहेका छन् र उनीहरू विश्व व्यापार संगठन (WTO) को श्रमको स्तर कायम राख्ने एउटा दफा समावेश गर्ने कुराको विरूद्धमा छन्। अहिले एउटा आधारभूत प्रश्न उठेको छ : के मानव अधिकार र श्रमको स्तर भनेका मनोरञ्जनका वस्तुहरू हुन् अथवा के तिनलाई आदर गर्नाले विकासमा मद्दत पुग्दछ र श्रमका केही निर्धारित स्तरहरूले प्रत्येक मुलुकले पालन गर्नुपर्ने आधारभूत मानव अधिकार उल्लेख गर्ने गरेका हुँदा धेरै मानिसहरू मानव अधिकारको क्षेत्रलाई कुनै न कुनै श्रमको स्तरसँग दाँज्ने गर्दछन्।

विश्वव्यापीकरणले स्वदेशी संगठित उद्योगहरूको रोजगारीको बीस प्रतिशत भन्दा पनि कम रोजगारी सिर्जना गर्ने औद्योगिक क्रियाकलापहरूमा एकलौटी व्यापारी अथवा संयुक्त पूँजी लगानीकर्ताको रूपमा बहुराष्ट्रिय कम्पनीहरूको प्रवेशलाई प्रोत्साहन दिएको छ। निजीकरण र कर्मचारी कटौती गर्ने प्रक्रियामा सरकारले हजारौं कामदारहरूलाई अवकाश दिएको छ। संरचनागत समायोजन कार्यक्रम लागू गर्दा स्वदेशी उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमतामा विकास गर्न निजी क्षेत्रमा ज्यालादर बढाउन नदिने अभिप्रायले सरकारी क्षेत्रमा धेरै लामो समयसम्म ज्याला रकमको निकासा रोकिएको थियो। यसप्रकार राष्ट्रिय आयमा कामदारको हिस्सामा ह्रास ल्याई गरीबीलाई तीव्र पारिएको थियो।

विश्वव्यापीकरणले श्रम बजारमा सकारात्मक तथा नकारात्मक दुवै प्रभावहरू पार्न सक्छ। रोजगारीका अवसरहरू बढाएर तथा औद्योगिक क्रियाकलापहरूमा विदेशी पूँजी र प्रविधिको प्रवेशबाट श्रमको उत्पादकत्वमा विकास गरी सकारात्मक प्रभावहरू हासिल गर्न सकिन्छ। अर्कोतिर श्रम पनि विश्वव्यापीकरणसँगै बढी गतिशील हुन खोज्ने हुँदा तुलनात्मकरूपमा कम दक्षता भएका श्रमिकहरूले काम गुमाउने खतरा पनि रहन्छ। त्यसबाहेक सस्तो पैठारीबाट हुने स्वदेशी वस्तुहरूको प्रतिस्थापनले धेरै आन्तरिक उद्योगहरू र श्रमलाई बेकम्मा बनाइदिन्छ। साँचो अर्थमा स्वदेशी घरेलु तथा साना उद्योगहरूबाट उत्पादित वस्तुहरूले अर्थव्यवस्थाको खुलापनबाट गम्भीर चुनौतीको सामना गर्नुपर्दछ र धेरै मानिसहरूलाई आफ्नो

स्वदेशी पेशाबाट विस्थापित गराई यस्ता उद्योग-धन्दाहरू प्रायः हराउँदै जान्छन्।

मागको तुलनामा श्रमको बढ्दो आपूर्ति, बढ्दो बेरोजगारी र अल्प रोजगारी, महिला श्रमिकविरुद्धको विभेद, बालश्रमको शोषण, कमैया प्रथा, अत्यन्त न्यून (वास्तविकरूपमा ओह्रालो लागेको) ज्यालादर, असंगठित क्षेत्र र स्वरोजगारीमा रहेको श्रमको उच्च अनुपात, धेरैजसो श्रमिकहरूमा शिक्षा र दक्षताको अभाव र कामदारहरूको निम्ति सामाजिक सुरक्षाको कमजोर व्यवस्था नेपाली श्रम बजारका विशेषताहरू हुन्। प्रतिवर्ष मुलुकमा अनुमानित १ लाख ५० हजारको मात्र थप रोजगारी सिर्जना हुन्छ, तर श्रमशक्ति भने प्रत्येक वर्ष ३ लाखका दरले बढ्दै गएको छ। बेरोजगारीको दर करिब ५ प्रतिशत रहेता पनि बेरोजगारको संख्या भने ४७ प्रतिशत पुगिसकेको छ। कुल जनशक्तिको ७८ प्रतिशत स्वरोजगारमा लागेका छन् भने बाँकी २२ प्रतिशत मात्र ज्यालाका कामदारहरू छन्। महिलाको निम्ति स्वरोजगारको अनुपात अझ बढी (८६ प्रतिशत) छ। धेरैजसो कामदारहरू असंगठित क्षेत्रमा कार्यरत् र स्वरोजगारमा रहेका हुँदा श्रम बजारमा विश्वव्यापीकरण र वैदेशिक लगानीको प्रभाव सीमित छ।

जे भएता पनि विश्वव्यापीकरणको प्रक्रियाले नेपालको श्रम बजारलाई निम्न प्रभाव पारेको छ। **पहिलो**, विश्वव्यापीकरणले बहुराष्ट्रिय कम्पनीहरूलाई एकलौटी व्यवसायी अथवा संयुक्त पूँजी लगानीकर्ताको रूपमा औद्योगिक क्रियाकलापहरूमा प्रवेश हुन प्रोत्साहन दिएको छ। तर वैदेशिक पूँजी लगानीमा रोजगारीको सघनता भने धेरै न्यून देखिएको छ- प्रति ५ लाख रूपैयाँको लगानीमा १ जना मात्र, जबकि संगठित स्वदेशी उद्योगहरूमा प्रति ९० हजार रूपैयाँको लगानीमा त्यति नै रोजगारी छ। वैदेशिक लगानी पूँजी प्रधान भएको हुँदा यसले सीमितरूपमा रोजगारी सिर्जना गरेको छ। वैदेशिक लगानीका केही उद्योगहरू ३१ लाख रूपैयाँको स्थिर पूँजी लगानीमा १ रोजगारी सिर्जना गर्न सफल भएका छन् भने १० हजार रूपैयाँभन्दा कम लगानीको एउटा घरेलु उद्योगले नै १ रोजगारीको सिर्जना गर्न सक्दछ।

दोस्रो, धेरै अगाडिदेखि स्वदेशी उद्योगहरूलाई दिएको उच्चस्तरीय सरकारी संरक्षणलाई विश्वव्यापीकरणको प्रक्रियाले अचानक ध्वस्त पारेको र तिनीहरूको आन्तरिक बजारको प्रतिस्पर्धात्मक क्षमतालाई समाप्त पारेको छ। फलस्वरूप, धेरै आयात-प्रतिस्थापक उद्योगहरू, खास गरेर घरेलु तथा साना उद्योगहरू निस्क्रिय भएका छन् र यस क्षेत्रमा संलग्न धेरै मानिसहरूले आफ्नो पेशा गुमाउनुपरेको छ। प्रविधि हस्तान्तरणको नाराले पनि अदक्ष नेपाली श्रमशक्तिलाई बेकम्मा बनाई विदेशी श्रमको उपयोगलाई प्रोत्साहन दिएको छ।

तेस्रो, वैदेशिक लगानी बढाउन निजीकरणलाई प्रमुख नीतिगत उपकरणको रूपमा लिइएको छ। अहिलेसम्म ४ हजार कामदारहरूको पेशालाई अलपत्र पारेर करिब १८ वटा उद्योगहरूको निजीकरण भैसकेको छ। निजीकरणको प्रक्रियामा प्रथम दुई चरणमा ८ संस्थाहरू निजीकरण गर्दा करिब १२ सय कामदारहरूले अवकास पाइसकेका छन्। एउटै जूट कारखाना निजीकरण गर्दा १ हजार कामदारहरूले अवकास पाएका आधारमा निजीकरणको तेस्रो चरणमा अझ बढी कामदारहरूले अवकास पाउने अनुमान छ। निजीकरण गर्नुभन्दा पहिले र पछाडि अनेकौं श्रम अशान्ति *(labour unrest)* हुने गरेका छन्।

चौथो, बहिर्मुखी आर्थिक नीति अपनाउनका निम्ति सरकारी क्षेत्रलाई खुम्च्याइएको छ। सरकारले पनि ४ हजारभन्दा बढी निजामती कर्मचारीहरूलाई अवकास दिएको छ। त्यसबाहेक सार्वजनिक संस्थानका कर्मचारीहरूको संख्यामा कटौती गर्न ल्याइएको सुनौलो हातेमालो नीति *(golden hand-shake policy)* बाट सयौं कर्मचारीहरूले बिना कुनै उपलब्धि जागिरबाट हात धुनुपरेको छ। त्यसका अतिरिक्त, संरचनागत समायोजन कार्यक्रम लागू गर्दा अवमूल्यनबाट फाइदा लिनसक्ने गरी स्वदेशी उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता बढाउने उद्देश्यले निजी क्षेत्रमा ज्यालादर बढ्न नदिन धेरै समयसम्म सरकारी क्षेत्रमा कामदारहरूको ज्याला रोक्का गरिएको थियो। परिणामस्वरूप, सरकारी तथा निजी क्षेत्रको वास्तविक ज्यालादर विगत एक दशकमा झन् खस्क्यो। वास्तवमा औद्योगिक र व्यावसायिक क्रियाकलाप सञ्चालन गर्नेहरू अन्वेषण गरी उत्पादकत्व बढाउनुभन्दा श्रमको ज्याला घटाएर बजारमा प्रतिस्पर्धा गर्न चाहन्छन्।

पाँचौं, बहुराष्ट्रिय कम्पनीहरूले पनि श्रमिकहरू करार, उपकरार, दैनिक ज्यालादारी अथवा अस्थाईरूपमा भर्ना लिएर, विदेशी श्रमिकहरूलाई नियुक्ति दिएर, अनुदार ज्यालादर अपनाएर र करारका आधारमा आफैं उत्पादन गरेर श्रमिकहरूको शोषण गरेको पाइएको छ। नेपालको श्रम बजारमा जाली करार *(bogus contract)* का उदाहरणहरू बढ्दा छन्। करारमा लिइने हुँदा विदेशी श्रमिकहरूले पनि प्रोत्साहन पाएका छन्, उनीहरूलाई कामबाट हटाउन सजिलो हुन्छ र उनीहरूबाट संघ खोल्ने र श्रम अशान्ति हुने जोखिम पनि हुँदैन।

छैटौं, विश्वव्यापीकरणको प्रक्रियाले विद्यमान श्रम कानूनहरू र ट्रेड युनियनहरूको संघर्षशील शक्तिलाई दबाव दिएको छ। विदेशी लगानीकर्ताहरू, बहुपक्षीय संस्थाहरूको मुखुण्डो भिरेर भए पनि श्रम कानूनमा बढी लचिलोपन ल्याई आफूखुशी कर्मचारी नियुक्ति र बर्खास्त गर्ने अधिकार सुनिश्चित गर्न सम्बन्धित अधिकारीहरूलाई जोड दिइरहेका छन्। यसले संस्थाको विकासको निम्ति र आफ्नोसमेत हित संरक्षण गर्न ट्रेड युनियनले निभाउन सक्ने सिर्जनात्मक भूमिकालाई नजरअन्दाज गर्नसक्छ।

नेपालको श्रम कानून र श्रम नीति, कामदारहरूलाई संविधानद्वारा प्रदत्त ट्रेड युनियन खोल्न पाउने अधिकारअनुरूप विकास भएका छन्। तिनमा श्रमिकहरूलाई कामबाट अकस्मात निष्काशन गर्न नपाउने गरी सुरक्षाका व्यवस्थाहरू पनि गरिएका छन्। लगानीकर्ताहरू, कर्मचारी नियुक्ति गर्ने र बर्खास्त गर्ने स्वतन्त्रता आफूलाई दिनुपर्ने माग गरिरहेका छन्। श्रमिकहरूको

संघ खोल्न पाउने अधिकारको विरूद्धमा पनि अभिव्यक्तिहरू बढ्न थालेका छन्। लगानीकर्ताहरूका विचारमा श्रम कानून र नीतिहरू उद्यमीहरूको विरूद्धमा र श्रमिकहरूको पक्षमा रहेका छन्। उनीहरू यसलाई नेपालमा वैदेशिक पूँजीको प्रवाह कम हुनुका कारणहरूमध्ये एक ठान्दछन्। वित्तीय संस्थाहरू आफ्नो उपलब्धि कमजोर हुनुमा ट्रेड युनियनहरूलाई दोष दिइरहेका छन्। यसप्रकार, आफ्नो स्वविवेकमा श्रमिकलाई बर्खास्त गर्ने सुनिश्चितताको अधिकार नियुक्तिकर्तालाई दिन बढी उदार श्रम कानूनको निम्ति दबाव बढ्दै गएको छ।

तर ज्यालादर निर्धारण गर्ने वैज्ञानिक तरिका नभएको, ज्यालाका दरहरू उत्पादकत्वसँग नजोडिएको, कामका अवस्थाहरू सुरक्षित र स्वास्थ्यवर्द्धक नभएको र सामाजिक सुरक्षाको व्यवस्था पनि नभएको हुँदा लगानीकर्तालाई खुशी पार्न श्रम कानूनलाई बढी लचकदार बनाउनु जोखिमपूर्ण हुन्छ। यस सम्बन्धमा औपचारिक *(formal)* तथा कृषि जस्ता केही अनौपचारिक क्षेत्रहरूमा न्यूनतम ज्यालादर निर्धारण गर्ने शुरूवात् निश्चय नै एक प्रकारको सुरक्षा हो।

८.४ प्रत्यक्ष विदेशी लगानी र मानव अधिकार आन्दोलन

विभिन्न कारणहरूले गर्दा प्रत्यक्ष वैदेशिक लगानी मानव अधिकार आन्दोलनसँग चासोको विषय भएको छ। **पहिलो**, श्रम बजार, औद्योगिक सम्बन्ध, ट्रेड युनियनका क्रियाकलापहरू र संगठनमा आबद्ध हुने प्रक्रिया *(unionization)* समेतमा मानव अधिकारसँग प्रत्यक्ष वैदेशिक लगानीको महत्वपूर्ण सम्बन्ध हुन्छ। रोजगारदाताको हितअनुकूलको श्रम कानून लागू गर्ने दबाव बढ्दै गएको छ र त्यस्तो दबाबलाई सरकारले पनि सघाएको छ। बहुराष्ट्रिय संस्थाहरूले श्रम बजारमा रोजगारी दिने र कामदारहरूलाई बर्खास्त गर्नसक्ने हक खोज्ने, निकासी प्रवर्द्धन गर्ने वा अत्यावश्यक सेवाहरूको आपूर्ति गर्ने निहुँमा संघ-संगठन खोल्न रोक लगाउने, श्रमसम्बन्धी करार तथा उपकरारलाई प्रोत्साहन दिने, कारखाना बन्द गर्ने धम्की दिने र काममा विदेशी श्रमिक लगाउने जस्ता केही क्रियाकलापहरू सञ्चालन गरेका छन्। यसले मुलुकको संविधानमा समेत व्यवस्था भएको संगठित हुन पाउने आधारभूत मानव अधिकारको हनन भएको छ। यस्तो व्यवहारको शुरूवात् वित्तीय संस्थाहरूबाट नै भएको छ, जहाँ संगठनमा आबद्ध हुने प्रक्रियालाई दबाउन संयुक्त लगानीका वित्तीय संस्थाहरू सफल भएका छन्। केही उत्पादनशील उद्योगहरूले विदेशी श्रमिकहरूलाई काममा लगाएर र नेपाली श्रमिकहरूलाई अस्थाईरूपमा भर्ना गरेर यस व्यवहारको अनुकरण गरेका छन्।

दोस्रो, बहुराष्ट्रिय कम्पनीहरूले वैदेशिक पूँजी लगानीअन्तर्गत रसायन, कागत, प्लाष्टिक तथा फर्टिलाइजर जस्ता धेरैजसो "फोहोर" उद्योगहरू गरीब मुलुकहरूमा स्थापना गरेका छन्। हामीले भारतको युनियन कार्बाइड कारखानामा ग्यास चुहिएर फैलिएको आकस्मिक संकटलाई बिर्सेका छैनौं। अरू विकासोन्मुख मुलुकहरूमा पनि त्यस्तै घटनाहरू भएका छन्। त्यसबाहेक वातावरणसम्बन्धी कानून कमजोर भएका अथवा त्यस्तो कानून लागू हुन नसकेका मुलुकहरूमा कारखाना स्थापना गर्न बहुराष्ट्रिय कम्पनीहरू उत्साहित भएका छन्। त्यसकारण वातावरणसँग सम्बद्ध लागतलाई पन्छाएर स्थानीय मानिसहरूलाई सस्तोमा वस्तुहरू बेच्न उनीहरू सफल भएका छन्। उनीहरू प्राकृतिक स्रोतहरूमा आधारित उद्योगहरू खोल्न पनि रूचाउँछन्, क्षणिक लाभको निम्ति दीगो विकासका सम्भावनाहरूलाई समाप्त पारी स्थानीय मानिसहरूलाई जोखिमपूर्ण वातावरणतर्फ धकेल्छन्। यसै कारणले गर्दा मार्बल र म्याग्नेसाइटका कारखानाहरू, वनमा आधारित उद्योगहरू र वृहत् जलविद्युत् परियोजनाहरू नेपालमा विवादमा परेका छन्। त्यस्ता उद्योगहरूले वातावरणविद्हरू र मानव अधिकारवादीहरूको ठूलो विरोधको सामना गर्नुपरेको छ।

अन्तमा, बहुराष्ट्रिय कम्पनीहरू कुनै न कुनै राजनीतिक दलका पछि लागेर त्यसलाई चुनावमा जिताउन, सत्तामा टिकाइराख्न अथवा सत्तामा पुऱ्याउन वित्तीय र अरू सहयोग पुऱ्याएर राजनीतिक परिदृश्यमा देखापरेका छन्। जनताको मताधिकारलाई पैसाले किन्न सकिने गरीब मुलुकहरूमा यस्ता कम्पनीहरूले कुनै पनि राजनीतिक दललाई चुनाव जिताउन निर्णायक भूमिका खेल्न सक्छन्। यस्तो स्थिति प्रजातान्त्रिक प्रक्रिया, स्वशासन र जनताको सशक्तिकरणको प्रक्रिया विपरित देखिएको छ। खास गरेर राजनीतिक दलहरू नै प्रजातान्त्रिक नभएका अवस्थामा वित्तीय कारोवारमा पारदर्शिता हुँदैन र त्यस्ता दलहरूलाई जनताको लोकप्रिय समर्थन पनि हुँदैन। बहुराष्ट्रिय कम्पनीहरूको वित्तीय सहयोगका भरमा सत्तामा आउन सफल भएका दलहरूले सरकार चलाउन गर्ने नीतिगत निर्णयहरू त्यस्ता कम्पनीहरूबाट प्रभावित हुन्छन्। संयुक्त दलहरूको संसद *(hung parliament)* रहेका अवस्थामा यस्ता गतिविधिहरू अझ बढी हुन्छन्। नेपाल यस्ता प्रवृत्तिहरूबाट अलग रहन सकेको छैन। स्थानीय पूँजी र उद्यमलाई हानि पुऱ्याएर बारम्बार विदेशी कम्पनीहरूको पक्षमा निर्णयहरू गर्ने गरेको आरोप सरकारलाई लाग्ने गरेको छ।

९. निष्कर्ष

विश्वव्यापीकरण र विदेशी पूँजीको आप्रवाहले गरीबी निवारणमा मद्दत पुऱ्याउन सकेको छ कि छैन भन्ने प्रश्नको जवाफ प्रायः नकारात्मक पाइन्छ। आर्थिक वृद्धिदरको अंक उल्लेखनीय रहेका मुलुकहरूमा पनि बहुसंख्यक मानिसहरूले शायदै विश्वव्यापीकरणबाट अहिलेसम्म कुनै फाइदा लिन सकेका छन्। धेरैजसो गरीब मानिसहरू अझै पनि गरीब नै रहेका छन्। अहिले एउटा समान धारणा के छ भने विश्वव्यापीकरणले सरकार-सरकारबीच, क्षेत्र-क्षेत्रबीच र सामाजिक समूहहरूका बीचमा विजेता र पराजित पक्षको सिर्जना गरी विभाजनको नयाँ रेखा खिच्दछ। अर्को साझा दृष्टिकोण के हो भने एशियाले विजय प्राप्त गर्दैछ र अफ्रिकाले हार्दैछ, यद्यपि एशियाको गम्भीर वित्तीय संकटले त्यस तथ्यलाई

अर्धसत्य सावित गरेको छ। गरीबी निवारणमा केही सफलता प्राप्त गरेका "जादूमय मुलुकहरू" मा पनि आयको असमानतालाई घटाउन विश्वव्यापीकरण असफल भएको छ।

आर्थिक वृद्धिदरको वितरण जस्तोसुकै भएता पनि न्यून आर्थिक वृद्धिदरले नेपालमा व्यापक गरीबीको समस्यालाई समाधान गर्न सक्दैन भन्नेबारे पनि नीति निर्माताहरूको प्रायः समान धारणा रहेको पाइन्छ। उच्च आर्थिक वृद्धिदर हासिल गर्ने हो भने आर्थिक उदारीकरण, आर्थिक क्रियाकलापमा बहिर्मुखी केन्द्रीयकरण *(outward orientation)* र विश्वव्यापीकरणको मूल प्रवाहमा संलग्नता हुनुपर्ने अनिवार्यतामा पनि प्रायः सबै सहमत रहेको पाइन्छ। हालका विद्यमान नीतिगत चुनौतीहरू र नीतिगत भिन्नताहरू पनि के हुन् भने विकासको प्रक्रियालाई कसरी स्वतः समानताको दृष्टिकोणबाट अगाडि लैजाने? जसको फलस्वरूप गरीबीको समस्या, आय र सम्पत्तिको पुनर्वितरण तथा मानवीय विकासका समस्याहरूलाई विकास प्रक्रिया सँगसँगै समाधान गर्न सकियोस्।

नेपालले अपनाएका उदार आर्थिक नीतिहरूले आर्थिक विकासको दरलाई माथि उठाउन केही योगदान पुऱ्याएको छ। तर गरीबी घटाउने र रोजगारीको सिर्जना गर्ने काममा त्यस्तो योगदान स्पष्टरूपमा देखिएको छैन। सन् १९८५ मा रहेको गरीबीको रेखामुनिको ४२ प्रतिशत जनसंख्याको अनुपात १९९६ मा पनि त्यत्ति नै रहेको छ, गरीबहरूको संख्या अझ बढ्दै गएको छ। यद्यपि यस अवधिमा बेरोजगारी ५ प्रतिशतभन्दा कम रहेको छ, अल्प रोजगारीको अनुपात कुल कार्यशक्तिको ४७ प्रतिशतभन्दा बढी रहेको छ। एक दशकभन्दा अगाडिको अवस्थामा खासै कुनै सुधार आएको देखिँदैन। यसको कारण के हो भने गैह्र कृषि क्षेत्रबाट हासिल भएको उच्च वृद्धिदरले कामको सिर्जना गर्नेतर्फ बढी योगदान दिन सकेन र विकासको जोड ठूलो असंगठित क्षेत्र विकासको प्रक्रियामा समाहित नभई स-साना संगठित क्षेत्रबाट भएको थियो।

राज्यले श्रम बजारमा केही हस्तक्षेप नगरून्जेलसम्म प्रत्येक नेपालीले काम गर्ने अधिकार पाउनुपर्छ भन्ने संविधानको मर्म पूरा हुन सम्भव छैन। विश्वव्यापीकरणले प्रविधिको उच्चतम समन्वय गरी साधनहरूको उच्चतम उपयोग गर्न मद्दत पुऱ्याउँछ, जुन श्रमप्रधान नै हुन्छ भन्न नसकिने हुँदा यसले बढी कामको सिर्जना गर्ने सुनिश्चितता प्रदान गर्दैन। जबसम्म राज्यको प्रयासबाट काम गर्ने अधिकारलाई सुरक्षित राख्न सकिँदैन, कुनै पनि अरू सामाजिक सुरक्षाका उपायहरूले श्रमिकहरूलाई संरक्षण दिएर मानिसहरूलाई गरीबीबाट माथि उकास्न सकिँदैन। हामीले के कुरा बिर्सनुहुँदैन भने होशियारीपूर्वक क्षेत्रीय पुँजीवादलाई समुन्नत बनाउन विश्वव्यापी संस्थाहरू श्रम र पुँजीको सम्बन्धमा धमिरा लगाएर वर्ग संघर्षका लप्काहरू उराल्न सफल भएका छन्। लागत कटौती अथवा सामान्यीकरण *(rationalization)* अथवा बहुराष्ट्रिय संस्थाहरूको प्रतिस्पर्धात्मक धार हासिल गर्न श्रम बढ्दोरूपमा शिकार हुँदै गएको छ, फलस्वरूप माथिल्लो स्तर र तल्लो स्तरका दुवैखाले श्रमिकहरूले कामहरू गुमाउनुपरेको छ। त्यसकारण हामी सबै मानवीय कल्याणका निम्ति काम गर्नेहरूले विश्वव्यापी संस्थाहरूले "दासप्रथाको बाटोमा निर्ममतापूर्वक बुल्डोजर चलाउने" छैनन् भन्ने कुरामा सचेत हुनु जरूरी छ।

विश्वव्यापीकरणको प्रतिस्पर्धामा स्वदेशी उद्यमलाई सबल बनाउने कुरामा र विश्वव्यापीकरणको नाममा कमजोर सरकारी नियन्त्रण प्रणालीको दुरूपयोग हुन नदिनेतर्फ सरकार चनाखो हुनैपर्छ। सरकार सार्वभौम जनताले नियुक्त गरेको शाश्वत नियामक संस्था हो। सहमतिका आधारमा नियमहरू बनाउने र ति नियमहरूको पालना भएको/नभएको विषयमा वस्तुगत एवं स्थलगत निरीक्षणद्वारा आफ्ना तर्कहरू स्थापित गर्न सक्ने सरकारलाई नै प्रजातान्त्रिक र सबल सरकार मानिन्छ। स्वदेशी उद्योगहरू विश्वव्यापीकरणको यो बेलामा विश्व व्यापार संगठन (WTO) सँग स्वयं प्रस्तुत हुन सक्ने वा आफ्ना संगठित हितका लागि स्वयं लड्न सक्ने स्थितिमा छैनन्। हाम्रो आन्तरिक क्षमता सस्तो श्रम त हो तर तालिम र ज्ञानको अभावमा त्यसको उत्पादकत्व न्यून छ। हाम्रो बिजुली विश्वको महँगो बिजुली मध्येमा परिसक्यो। बन्दरगाहदेखि उत्पादन थलोसम्मको ढुवानीमा सरदर १४ प्रतिशत अतिरिक्त खर्च थपिने गरेको छ। नयाँ शहस्राब्दीमा हाम्रा मौलिक - कृषि, वन, जडिबुटी, खानी, परम्परागत सीप, पर्यटन आदि क्षेत्र मात्र तुलनात्मक लाभका आधुनिक उत्पादन/प्रशोधनका क्षेत्र हुन सक्छन्। तिनको संरक्षण, पेटेन्ट राइट र तिनको विकासमा स्वदेशी नेतृत्व स्थापित गर्न नसक्ने हो भने विश्वव्यापीकरणले हामीलाई विश्व आर्थिक उपनिवेशको दास बनाउने खतरा विद्यमान छ।

परिच्छेद ३

राज्य र मानवअधिकार

३.१ न्यायपालिका

- सुरेन्द्र भण्डारी

भूमिका

यस वर्ष मानवअधिकार र न्यायपालिकाका बारेमा अध्ययन गर्दा मानवअधिकार आयोग गठनसम्बन्धी निर्णय र यातना क्षतिपूर्तिका सम्बन्धमा भएका अदालती निर्णयलाई प्राथमिकता दिइएको छ। जसअनुसार अध्ययन मूलरूपमा जिल्ला अदालत र पुनरावेदन अदालतको मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा के/कस्तो भूमिका रहेको छ? त्यस्तो भूमिकालाई न्यायाधीशहरूले के कुनरूपमा महसूस गरेका छन्? के/कस्तो अनुभव संगालेका छन् र के/कस्ता सुधारको अपेक्षा गरेका छन्? भन्ने प्रश्नहरूमा केन्द्रित रहेको छ।

यस क्रममा पाटन, नेपालगंज, महेन्द्रनगर, विराटनगर र बाग्लुङ गरी पाँच वटा पुनरावेदन अदालतहरूमा तोकिएका विषयमा अध्ययन गरियो। हाल देशमा जम्मा १६ वटा पुनरावेदन अदालतहरू रहेका छन। त्यसैगरी देशका पचहत्तर वटा जिल्ला अदालतहरूमध्ये १२ वटालाई अध्ययनका लागि छनौट गरिएको थियो। यसक्रममा काठमाडौं, रामेछाप, झापा, इलाम, कैलाली, कंचनपुर, पर्सा, सिन्धुली, सप्तरी, कास्की, पर्वत र बाग्लुङ जिल्ला अदालतमा अध्ययन गरिएको थियो।

अध्ययन प्रकृयालाई सहज, सरल र व्यवस्थित बनाउन मानवअधिकारलाई नागरिक र राजनीतिक अधिकार एवं आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारअन्तर्गत लैंगिक अधिकार, बाल अधिकार, सामाजिक अधिकार, सांस्कृतिक अधिकार, फौजदारी न्यायसम्बन्धी अधिकार अनि वृद्ध/वृद्धाको अधिकारमा विभक्त गरिएको थियो। जसअनुसार जीवनको अधिकार र यससँग सम्बन्धित अधिकारहरू, दासत्व, बाँधाश्रम, इच्छा विरूद्धको काम र सम्बन्धित अधिकार, शोषणविरूद्धको अधिकार, बौद्धिक स्वतन्त्रता, कानूनी सहायता, छिटो, सुलभ र सरल न्याय एवं मुद्दाका पक्षमाथि गरिने व्यवहार जस्ता विषयहरूमा अध्ययन गरिएको थियो। विवाहबाट सिर्जित अधिकार, कानून र अदालत, नागरिकतासम्बन्धी अधिकार, चेलीबेटी बेचबिखन, यौन हतोत्साहन, दुर्व्यवहार, जवरजस्ती करणी एवं यौन व्यापार, घरेलु हिंसा, गर्भपतन, गोपनीयताको अधिकार, देउकी र यस्तै अन्य व्यवहारका सम्बन्धमा पनि अध्ययन गरिएको थियो।

वर्ष पुस्तकको अध्ययन क्षेत्रभित्र घरेलु एवं औद्योगिक बालश्रम, बाल यौन दुराचार, छुवाछूतविरूद्धको अधिकार, अमानवीय व्यवहार र यातनाविरूद्धको अधिकार, शिक्षासम्बन्धी अधिकार, भेदभाव जस्ता विषयहरू पनि परेका छन्। त्यसैगरी विचार, विवेक र धर्म सम्बन्धी अधिकारलगायत् गैरकानूनी थुना, यातना र क्षतिपूर्ति, आफूविरूद्ध साक्षी बन्न नपर्ने अधिकार, दोहोरो खतरा विरूद्धको अधिकारका सम्बन्धमा पनि अध्ययन गरिएको थियो।

उल्लेखित शीर्षकहरू अन्तर्गत न्यायिक दृष्टिकोण एवं अनुभव जान्नका लागि माथि उल्लेखित विभिन्न जिल्ला एवं पुनरावेदन अदालतका न्यायाधीशहरूसँग विभिन्न समस्याहरूउपर छलफल गरियो। यद्यपि निम्न लिखित प्रश्नहरूउपर विशेष ध्यान केन्द्रित गरिएको थियो।

(क) मानवअधिकारसँग सम्बन्धित विषयहरूका विवाद अदालतमा कत्तिको आउने गर्दछन् ?

(ख) उल्लेखित विषयवस्तुका विवाद आउँदैनन् भने किन आउँदैनन् र आउँछन् भने के/कस्ता विवादहरू आएका छन् ?

(ग) मानवअधिकारका विवादलाई कसरी निरूपण गरिन्छ र के/कस्तो प्रक्रिया अवलम्बन गरिन्छ ?

(घ) मानवअधिकारको संरक्षणमा जिल्ला अदालत र पुरावेदन अदालतको के/कस्तो भूमिका रहेको छ ?

(ङ) मानवअधिकारको संरक्षणका लागि के/कस्तो कानूनी व्यवस्था अपेक्षित हुन्छ ?

(च) जिल्ला अदालत र पुनरावेदन अदालतलाई कानूनद्वारा प्रदत्त क्षेत्राधिकार मानवअधिकारको संरक्षणका दृष्टिकोणले पर्याप्त छ/छैन ?

(छ) सम्बन्धित अदालतको क्षेत्राधिकारभित्र मानवअधिकारको अवस्था कस्तो छ ?

(ज) अदालतबाहेक अन्य सरकारी निकायको भूमिका कस्तो रहेको छ ?

(झ) मानवअधिकारबारेमा न्यायाधीश, कानून व्यवसायी र प्रहरीहरूलाई प्रशिक्षणको आवश्यकता छ/छैन्?

यस किसिमको अध्ययनमा तथ्यांकभन्दा तर्क र अनुभवको स्थान महत्वपूर्ण हुने भएकाले सोही आधारमा विश्लेषण गरिएको छ।

मानवअधिकार र न्यायिक दृष्टिकोण

मानवअधिकारको सवाललाई न्यायाधीशहरूले सम्वेदनशील विषयको रूपमा महसूस गरेको पाइयो। यद्यपि धेरैजसो मानवअधिकारका सवालहरू जिल्ला अदालत र पुनरावेदन अदालतको अधिकार क्षेत्रभित्र नपर्ने भएकाले मानवअधिकारको संरक्षणमा सर्वोच्च अदालतको भूमिका नै अहम् महत्वको हुने विचार न्यायधीशहरूको रहेको पाइएको छ। नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ मा मौलिक अधिकारको रूपमा मानवअधिकारको व्यवस्था गरी त्यस्ता अधिकारको उल्लंघन भएमा वा आघात पुगेमा संविधानको धारा ८८ अन्तरगत सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रअन्तरगत उपचार पाउने व्यवस्था गरिएको छ।

सर्वोच्च अदालतको अधिकार क्षेत्रलाई सामान्यतया दुई खण्डमा विभक्त गर्ने गरिन्छ। एक किसिमको अधिकार क्षेत्रलाई साधारण अधिकार क्षेत्र भनिन्छ। जसअन्तर्गत पुनरावेदन अदालतबाट भएका निर्णयउपर पुनरावेदन सुन्ने, साधक जाँच्ने, मुद्दा दोहोऱ्याउने र पुनरावलोकन गर्ने गरिन्छ। दोस्रो किसिमको अधिकार क्षेत्रलाई असाधारण अधिकार क्षेत्र भनिन्छ। जसअन्तर्गत विशेषाधिकार सम्पन्न रिट निवेदनहरू सुन्ने गरिन्छ। यस्ता रिट निवेदनहरूमा बन्दी प्रत्यक्षीकरण, उत्प्रेरण,

परमादेश, अधिकारपृच्छा र प्रतिषेध पर्दछन्। रिट निवेदनको प्रयोग मौलिक हक अर्थात् मानवअधिकारको संरक्षण गर्न, अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि प्रयोग गर्ने गरिन्छ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८ मा भएको व्यवस्था निम्नबमोजिम छ।

सर्वोच्च अदालतको अधिकार क्षेत्र

१) यस संविधानद्वारा प्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाइएकाले वा अन्य कुनै कारणले कुनै कानून यो संविधानसँग बाभिएको हुँदा सो कानून वा त्यसको कुनै भाग बदर घोषित गरिपाउँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्नेछ र सोअनुसार कुनै कानून संविधानसित बाभिएको देखिएमा सो कानूनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ।

२) यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ। सो प्रयोजनका लागि पूर्णरूपमा न्याय गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत् जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ।

तर,

(क) अधिकार क्षेत्रको अभाव भएको वा सेनासम्बन्धी अपराधबाहेक अन्य कुनै अपराधमा गैरसैनिकउपर कारवाही चलाएको वा गैरसैनिकलाई सजाय गरेको अवस्थामा बाहेक सैनिक अदालतको कारबाही वा निर्णयमा यस उपधाराअन्तर्गत सर्वोच्च अदालतले हस्तक्षेप गर्ने छैन।

(ख) अधिकार क्षेत्रको अभाव भएकोमा बाहेक संसदले चलाएको विशेषाधिकारको कारवाही र तत्सम्बन्धमा तोकेको सजायमा यस उपधाराअन्तर्गत सर्वोच्च अदालतले हस्तक्षेप गर्ने छैन।

३) सर्वोच्च अदालतलाई कानूनमा व्यवस्था भएबमोजिम शुरू मुद्दा र पुनरावेदन सुन्न अधिकार हुनेछ।

४) सर्वोच्च अदालतले कानूनद्वारा तोकिएको अवस्था र शर्तमा आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्न सक्नेछ।

५) श्री ५ बाट यो संविधान वा अन्य कुनै कानूनको व्याख्यासम्बन्धी कुनै जटिल कानूनी प्रश्नमा सर्वोच्च अदालतको राय बुझ्न चाहिवक्सेमा सो प्रश्नउपर विचार गरी सर्वोच्च अदालतले श्री ५ को समक्ष आफ्नो रायसहितको प्रतिवेदन चढाउनुपर्छ।

६) सर्वोच्च अदालतको अन्य अधिकार तथा कार्यविधि कानूनद्वारा तोकिएबमोजिम हुनेछ।

धारा ८८, सर्वोच्च अदालको अधिकार क्षेत्र

हाम्रो कानूनी संरचनामा मानवअधिकारको विषयलाई जिल्ला अदालत र पुनरावेदन अदालतबाट निरूपण गराउन पाउने यथोचित व्यवस्थाको अभाव एकातिर देखिएको छ भने अर्कोतिर मानवअधिकारको उल्लंघनका धेरैजसो घटनाहरू ग्रामीण क्षेत्रमा हुने गर्दछन् र ग्रामीण क्षेत्रका मानिसहरू सर्वोच्च अदालतसमक्ष आएर आफ्नो अधिकार स्थापना गराउन विविध कारणहरूले गर्दा असक्षम रहेका छन्। त्यसरी नै मानवअधिकार उल्लंघनका धेरैजसो घटनाहरू न्यायिक निकायभन्दा अर्धन्यायिक निकायमा पुग्ने गर्दछन् वा अर्धन्यायिक निकायको निर्णयमा चित्त नबुझेमा पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने व्यवस्था न्याय प्रशासन ऐन २०४८ को दफा ८ मा गरिएको छ। तथापि मानवअधिकार उल्लंघनका समस्याहरू या त सम्बन्धित निकायमा आउने नै गर्दैनन्, आए पनि धेरै नगण्य समस्याहरूउपर मात्रै पुनरावेदन गर्ने गरिन्छ। त्यसैले मानवअधिकारको संरक्षण गर्न, सम्वर्द्धन गर्न र छिटो छरितो एवं सुलभरूपमा न्याय प्रदान गर्नका लागि कानूनी संरचना मात्रै पर्याप्त हुँदैन, बरू सामाजिक चेतना, जागरूकता र गरीब समुदायका मानिसहरूको मानवअधिकार उल्लंघन भएको खण्डमा सोको न्यायिक उपचारको प्रक्रियामा सहयोग गर्ने संघ/संस्था एवं कानून व्यवसायीको भूमिका महत्वपूर्ण हुने विचार न्यायाधीशहरूको रहेको पाइन्छ।

त्यसरी नै मानवअधिकारको उल्लंघनका सम्बन्धमा उजुरी सुन्ने र छानबिन गर्ने सरोकारको निकाय "मानवअधिकार आयोग" नै हो। राष्ट्रिय मानवअधिकार आयोगको गठनपश्चात् मानवअधिकारको उल्लंघनका विषयमा छानबिन गर्ने, अनुसन्धान गर्ने र निर्णय गर्ने कार्य मानवअधिकार आयोगले गर्ने भएकाले तत्पश्चात् मानवअधिकारको संरक्षणमा सकारात्मक प्रगति हुने विश्वास न्यायाधीशहरूको रहेको पाइए तापनि कतिपय न्यायाधीशहरूले मानवअधिकार आयोग काठमाडौंमा मात्रै सीमित भएमा वा शहरी क्षेत्रमा मात्रै सीमित भएमा सो निकाय एक औपचारिक निकाय मात्रै हुन सक्ने शंका र डर व्यक्त गरेको पाइन्छ। यदि मानवअधिकार आयोग गठन भएपछि सो आयोगले मानवअधिकार आयोग ऐनको दफा ११(६) अन्तरगत देशव्यापीरूपमा आफ्ना अधिनस्थ समिति र

उपसमिति गठन गरी त्यस्ता समिति र उपसमितिलाई प्रत्येक जिल्लामा स्थायीरूपमा काम गर्न सक्ने हैसियत एवं वातावरण दिन सकेको खण्डमा मानवअधिकारको संरक्षणमा एक ठूलो कदम हुने विश्वाससमेत गरिएको छ। तर, हालसम्म पनि अर्थात् मानवअधिकार आयोग ऐन २०५३ बनेको ३ वर्ष बितिसक्दा पनि मानवअधिकार आयोगको स्थापना हुन नसकेको कुराप्रति न्यायाधीशहरूले समेत ज्यादै ठूलो चिन्ता व्यक्त गरेको पाइन्छ।

यसका साथै कतिपय अवस्थामा माओवादीका नाममा गिरफ्तार गरी अरू नै बनावटी वा प्रमाणहीन अपराध गरेको अभियोग लगाई अभियुक्तलाई अदालतसमक्ष पेश गर्ने प्रवृत्ति सरकारी मुद्दाको अनुसन्धान, तहकिकात र दायरी गर्ने निकाय अर्थात् प्रहरी र सरकारी वकिलमा देखिएको र प्रमाणका आधारमा पुर्पक्षका लागि थुनामा बस्नु नपर्ने गरी अदालतले आदेश दिए तापनि प्रहरीले तत्काले त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्नेसमेतका घटनाहरू हुने गरेका र यस्ता घटनाले मानवअधिकारप्रति अदालतले देखाएको सम्वेदनशीलतालाई कमजोर तुल्याएको अनुभूतिसमेत कतिपय न्यायाधीशहरूमा रहेको पाइयो।

मानवअधिकार ज्यादै वृहत् र विस्तृत विषय छ। प्रत्येक घटनामा मानवअधिकार सन्निहित छ भनेर बुझ्न र व्याख्या गर्न सकिने गुञ्जायससमेत रहन्छ। तर, जिल्ला अदालत र पुनरावेदन अदालतले मुद्दा मामिलाको गेहमा प्रत्येक विषयलाई तन्काएर वा खुम्च्याएर मानवअधिकारसँग जोड्न सक्दैन। या त कानूनले नै मानवअधिकारको विषयवस्तु निर्धारण गर्नुपर्ने हुन्छ या त सर्वोच्च अदालतले व्याख्याको क्रममा नजिर स्थापना गरेर मानवअधिकारका विषयवस्तु निर्धारण गर्नुपर्ने हुन्छ। हालसम्म कुनै पनि कानूनले मानवअधिकारको विषयवस्तु स्पष्टसँग निर्धारण नगरेको र सर्वोच्च अदालतबाट समेत मानवअधिकारको विषयवस्तु निर्धारण गरेर व्याख्या नगरेको कारणले जिल्ला एवं पुनरावेदन अदालतहरूलाई आफूसमक्ष विवादित कानूनी प्रश्नलाई मानवअधिकारको प्रश्नसँग गाँसेर हेर्न अप्ठ्यारो रहेको वास्तविकता न्यायाधीशहरूले औंल्याएको पाइन्छ।

यस कुरालाई पुष्टि गर्न विभिन्न उदाहरणहरू दिन सकिन्छ। जस्तो कि घरेलु हिंसामा मूलतः महिलाहरू नै पीडित हुने गरेका छन्। घरेलु हिंसाको घटना विवादरहितरूपमा मानवअधिकारको विषयवस्तु हो। तर, प्रथमतः पीडित महिलाहरू आफ्नै पति, सासू-ससुरा वा परिवारका अन्य सदस्यहरूका विरुद्धमा उजुरी लिएर सम्बन्धित निकायमा जाने कार्य विरलै गर्दछन्। यदि कानूनी कारवाहीमा उत्रे भने पनि कुटपिटअन्तर्गत मुद्दा चलाउनुपर्दछ। कुटपिट व्यक्तिवादी फौजदारी मुद्दा हो र अदालतले प्रमाणका आधारमा निर्णय दिनुपर्ने हुन्छ। मानवअधिकारको घटना भनेर अदालत सम्वेदनशील भए पनि अदालतले पीडित महिलालाई विशेष राहत र संरक्षण दिन सक्दैन। अदालत मुद्दाका दुवै पक्षप्रति समान र निष्पक्ष हुने गर्दछ। तसर्थ मानवअधिकारका विषयवस्तुसँग सम्बन्धित मुद्दाहरूका सम्बन्धमा विशेष प्रक्रिया अवलम्बन गर्न पाउने कानून र क्षेत्राधिकार जिल्ला अदालत वा पुनरावेदन अदालतलाई हाल नभएको कारणले अरू सामान्य मुद्दाहरूमा अवलम्बन गरिने कानूनी प्रक्रिया र न्यायिक मन नै मानवअधिकारका विषयमा पनि प्रयोग भएको छ। जसले गर्दा हाल मानवअधिकारसँग सम्बन्धित मुद्दाहरूको कुनै विशेष कानूनी व्यवस्था र विशेष न्यायिक निरूपणको गुञ्जायस रहेको छैन।

विकट भौगोलिक एवं सामाजिक बनौट भएको हाम्रो जस्तो देशमा गैरकानूनी थुनाका विरुद्धमा उपचार प्राप्त गर्न या त पुनरावेदन अदालत या त सर्वोच्च अदालतमै पुग्नुपर्ने अवस्था छ। पुनरावेदन अदालत र सर्वोच्च अदालतमा पुग्ने कुरा खर्च र समयका किसिमले प्रायःजसो नेपालीहरूका लागि सम्भव छैन। जिल्ला अदालतमा पुग्न र न्याय माग्न खर्च एवं समयका दृष्टिकोणले पनि सरल छ तर वर्तमान कानूनी व्यवस्थामा जिल्ला अदालतलाई बन्दी प्रत्यक्षीकरणको निवेदनउपर सुनवाई गर्ने अधिकार क्षेत्र छैन। यसै अभावका कारणले पनि कतिपय मानिसहरू कतिपय अवस्थामा आफ्नो वैयक्तिक स्वतन्त्रा गुमाउन बाध्य भएको विचार न्यायाधीशहरूबाट व्यक्त भएको पाइन्छ। केवल एक दुई जनाबाहेक अरू सबै न्यायाधीशहरू जिल्ला अदालतलाई बन्दी प्रत्यक्षीकरणको निवेदन सुन्न पाउने अधिकार क्षेत्र प्रदान भएमा मानवअधिकारको संरक्षणमा जिल्ला अदालतको भूमिकामा वृद्धि हुने विश्वास राख्नुहुन्छ भने एक दुई जना न्यायाधीशहरू यस किसिमको अधिकार क्षेत्र जिल्ला अदालतहरूलाई दिइएको खण्डमा जिल्लास्तरीय अर्धन्यायिक निकायसँग जिल्ला अदालतको तनाव सुरू हुने आशंका व्यक्त गर्नुहुन्छ।

यसरी नै बहुसंख्यक न्यायाधीशहरू बन्दी प्रत्यक्षीकरण सँगसँगै उत्प्रेषण, परमादेश र निषेधाज्ञा जस्ता निवेदनहरूउपर सुनवाई गर्ने क्षेत्राधिकार जिल्ला अदालतलाई हुनुपर्ने विचार राख्नुहुन्छ। उक्त अधिकारहरू भएमा मात्रै जिल्ला अदालतले मानवअधिकारको संरक्षणमा योगदान पुऱ्याउन सक्ने देखिन्छ। त्यसरी नै हाल न्याय प्रशासन ऐन २०४८ को दफा ८ ले पुनरावेदन अदालतलाई बन्दी प्रत्यक्षीकरण, परमादेश र निषेधाज्ञा जस्ता निवेदनहरू उपर सुनवाई गर्ने अधिकार क्षेत्र दिए तापनि उत्प्रेषणको निवेदनपत्र सुनवाई गर्ने अधिकार क्षेत्र नभएकाले परमादेशको क्षेत्राधिकार अपूर्ण भएको र प्रभावकारी नभएको विचार न्यायाधीशहरूको रहेको पाइन्छ।

मानवअधिकारका सम्बन्धमा न्यायाधीश एवं कानून व्यवसायीमा राम्रो ज्ञान र सूचना भएमा मानवअधिकारको संरक्षणमा त्यसको सकारात्मक प्रभाव पर्ने भएकाले यस सम्बन्धमा अध्ययन सामग्री, सूचना सामग्री र प्रविधि, प्रशिक्षण आदि कुरा भएमा त्यसको परिणाम उत्पादनमूलक हुन सक्छ।

के कस्ता कुरालाई मानवअधिकार मान्नुपर्ने भन्नेबारेमा सम्बन्धित कानूनमा व्यवस्था भएमा राम्रो हुने र मानवअधिकार आयोग ऐन २०५३ ले समेत "मानवअधिकार" को स्पष्ट

व्याख्या नगरेका कारणले अरू बढी अप्ठ्यारो भएको विचार पनि कतिपय न्यायाधीशहरूको पाइयो। मानवअधिकार आयोग ऐनको दफा २ (च) ले "मानवअधिकार" को परिभाषा गरेको छ तर यो परिभाषा ज्यादै व्यापक भएकाले स्पष्टरूपमा वर्गीकृत गर्न अप्ठ्यारो पर्दछ। जस्तो कि व्यक्तिको जीवन वा मर्यादासँग सम्बन्धित अधिकारलाई मानवअधिकारको रूपमा व्याख्या गरिएको छ तर जीवन सम्बन्धी अधिकार भन्नाले के कस्ता अधिकारलाई बुझाउँछ भन्नेबारेमा सुस्पष्टता छैन। यस्तो सुस्पष्ट नभएको विषयमा या त सर्वोच्च अदालतले व्याख्या गरेर स्पष्ट बनाउनुपर्ने हुन्छ, या त कानूनमा संशोधन गरेर नै स्पष्ट बनाउनुपर्ने हुन्छ।

अदालतमा मानवअधिकारसम्बन्धी मुद्दाहरु

जिल्ला अदालतमा देवानी एवं फौजदारी गरी दुई वर्गमा मुद्दाहरू दायर हुने गर्दछन्। देवानी मुद्दाहरू पनि सरकारवादी र व्यक्तिवादी गरी दुई वर्गमा विभाजित गरी दायर हुने गर्दछन्। त्यसरी नै फौजदारी मुद्दाहरू पनि सरकारवादी र व्यक्तिवादी गरी दुई वर्गमा विभाजन गरी दायर हुने गर्दछन्। संक्षिप्त कार्यविधि ऐनअन्तरगत दायर हुने मुद्दाहरूको छुट्टै दायरी दर्ता हुने गर्दछ। पुनरावेदन अदालतमा उक्त किसिमका मुद्दाको दायरीसँगसँगै निवेदनपत्रको रूपमा बन्दी प्रत्यक्षीकरण, परमादेश र निषेधाज्ञा जस्ता मुद्दाहरू दायर हुने गर्दछन्। मानवअधिकारसँग सम्बन्धित मुद्दा भनेर पहिचान गरी तिनको छुट्टै दायरी दर्ता पनि हुँदैन र विशेष प्रक्रिया अवलम्बन गरिने गुञ्जायससमेत रहँदैन। देवानी मुद्दा, फौजदारी मुद्दा एवं रिट निवेदनको सन्दर्भमा मानवअधिकारका विषयवस्तु सन्निहित छन्/छैनन् भनेर हेर्नुपर्ने हुन्छ।

मानवअधिकार आयोग ऐन, २०५३ को दफा ९.२ (घ) मा भएको व्यवस्थालाई र मानवअधिकारको विषयवस्तुको गम्भीरता र सम्वेदनशीलतालाई मध्यनजर गर्दा मानवअधिकारको विषयवस्तु सन्निहित भएका मुद्दाहरूलाई पहिचान गर्ने र तिनको अलग दायरी दर्तासमेत राख्नुपर्ने व्यवस्था अदालतमा भएमा उपयुक्त हुन्छ। मानवअधिकार आयोग ऐन, २०५३ को दफा ९.२ (घ) मा भएको व्यवस्था निम्नबमोजिम छ :

"मानवअधिकारको अतिक्रमणको अदालत समक्ष दावी समाविष्ट भएको विचाराधीन कारवाहीका सम्बन्धमा सम्बन्धित अदालतको अनुमतिबाट छानबिन गर्ने।"

यसबाट पनि के स्पष्ट हुन्छ भने अदालतसमक्ष विचाराधीन रहेका मुद्दाहरूमध्ये के/कस्ता मुद्दाहरूमा मानवअधिकारको अतिक्रमणको प्रश्न सम्बन्धित रहेको छ भनी वर्गीकृत गर्नुपर्ने हुन्छ। तर, पनि यस अध्ययनका क्रममा कुनै पनि अदालतमा यस किसिमको अभिलेख भएको पाइएन। बरू के/कस्ता विषयलाई मानवअधिकारको सूचीभित्र राख्ने भन्ने बारेमा ठोस कानूनी मापदण्ड नभएका कारणले केवल मानवअधिकारको विश्वव्यापी मान्यता र सिद्धान्तका आधारमा मात्रै न्यायाधीशहरूले कुनै विवादमा उठेको कुनै प्रश्नलाई मानवअधिकारको प्रश्न भनी आत्मबोध गर्नुपर्ने अवस्था रहेको छ।

मानवअधिकारको विषयभित्र सामान्यतया नेपाल अधिराज्यको संविधान २०४७, प्रचलित नेपाल कानून र नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा निहित अधिकारहरू पर्दछन्। नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ मा उल्लेखित अधिकारहरूको उल्लंघन भएको खण्डमा माथि नै चर्चा गरिएमुताविक सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रभित्र प्रवेश गर्नुपर्दछ। मानवअधिकारसँग सम्बन्धित अन्य प्रचलित कानूनमा मुलुकी ऐन, २०२० का विभिन्न महल र प्रावधानदेखि लिएर नागरिक अधिकार ऐन, २०१२ एवं यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ र यिनमा भएका व्यवस्थाहरूलाई लिन सकिन्छ। यी विविध कानूनमा भएका विविध अधिकारको प्रचलनका लागि कतिपय अवस्थामा जिल्ला अदालत र कतिपय अवस्थामा पुनरावेदन अदालतमा मुद्दा दायर गर्नुपर्ने हुन्छ। यद्यपि हाल प्रचलित नेपाल कानूनहरूमध्ये कुन-कुन कानूनमा मानवअधिकारसँग सम्बन्धित अधिकारहरूको के/कस्तोरूपमा व्यवस्था भएको छ भन्ने अध्ययनसमेतको अभाव भएकाले पनि मानवअधिकारसँग सम्बन्धित कानूनी प्रश्नहरूलाई ठोसरूपमा पहिचान गर्न अप्ठ्यारो परिरहेको अनुभव धेरैजसो न्यायाधीशहरूमा रहेको पाइयो।

त्यसरी नै नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा निहित अधिकारलाई मानवअधिकार आयोग ऐनको दफा २ (च) ले मानवअधिकारको रूपमा परिभाषित गरेको छ। सन्धि ऐन २०४७ को दफा ९ अन्तर्गत व्यवस्थापिकाबाट अनुमोदित भएका अन्तर्राष्ट्रिय सम्झौताहरू नेपाली कानून सरह लागू हुने भएबाट मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू जसमा नेपाल पक्ष छ र संसदबाट अनुमोदित पनि छन् भने त्यस्ता सम्झौताबाट सिर्जित अधिकारसमेत अन्य प्रचलित कानूनले प्रदान गरेका अधिकार सरह लागू हुने सन्धि ऐन, २०४७ को दफा ९ को व्यवस्थाअनुरूप त्यस्ता अधिकारको सुनवाई गर्ने अधिकार क्षेत्र अदालतलाई स्पष्टरूपमा नतोकिएको कारणले कार्यान्वयन हुन नसकिरहेको धारणा न्यायाधीशहरूमा रहेको पाइयो। कानूनले स्पष्टरूपमा अधिकार क्षेत्र नतोकेसम्म अदालतले त्यस्तो विषयउपर सुनवाई गर्दैन भन्ने सामान्य कानूनी सिद्धान्त छ।

अन्तर्राष्ट्रिय सन्धि, सम्झौता आदिद्वारा प्राप्त मानवअधिकारको उल्लंघन विषयमा मानवअधिकार आयोगले छानबिन, अनुसन्धान र सुनवाई गर्न सक्ने हो वा होइन भन्ने प्रश्न पनि अझै अनुत्तरित नै छ। एकातिर यस्तो अवस्था छ भने अर्कोतिर मानवअधिकार आयोग ऐन, २०५३ को दफा ९.२ (छ) मा भएको व्यवस्थाअनुसार मानवअधिकार आयोगले अन्तर्राष्ट्रिय सन्धि सम्झौताबाट सिर्जित मानवअधिकारको

आफैं कार्यान्वयन गर्ने नभई केवल सोको प्रभावकारी कार्यान्वयनका लागि श्री ५ को सरकारलाई आवश्यक र उपयुक्त सुझाव दिनेसम्म देखिन्छ। उक्त दफा ९.२ (छ) यसप्रकार छ :

"मानवअधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा दस्तावेजहरूको अध्ययन गरी श्री ५ को सरकारलाई सम्बन्धित व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक र उपयुक्त सुझाव दिने।"

यस्तो अवस्थामा अन्तर्राष्ट्रिय सन्धि सम्झौताबाट प्राप्त मानवअधिकारको प्रचलनका लागि दावी लिएर अदालतमा जान पाउने र त्यस्ता विषयमा सुनवाई गर्न पाउने अदालतको अधिकार क्षेत्र कानूनद्वारा स्पष्टरूपमा तोकिनुपर्ने आवश्यकता रहेको छ।

मानवअधिकारको संरक्षणमा अदालतहरुको भूमिका

मानवअधिकारको संरक्षणमा जिल्ला अदालत र पुनरावेदन अदालतको अहम् एवं महत्वपूर्ण भूमिका रहने कुरा स्वभाविक छ। यद्यपि माथि नै चर्चा गरिएझैं जिल्ला अदालत मानवअधिकारसम्बन्धी मुद्दामा प्रत्यक्षरूपमा संलग्न हुन नसक्ने वर्तमान कानूनी संरचनाका कारण मानवअधिकारको संरक्षणमा जिल्ला अदालतहरूको भूमिका अपेक्षितरूपमा प्रभावकारी नभएको विचार न्यायमूर्तिहरूको रहेको पाइन्छ। हाल जिल्ला अदालतले मानवअधिकारसँग प्रत्यक्ष वा परोक्ष सम्बन्ध राख्ने मुद्दाहरूको रूपमा थुनछेक, नाताकायम, मानाचामल, बहुविवाह, बालविवाह, यौन दुराचार, जीऊ मास्ने/बेच्ने आदि मुद्दाहरू हेरेको पाइन्छ। गैरकानूनी थुना र यातनाविरूद्ध क्षतिपूर्तिको उजुरी ज्यादै कम अदालतहरूमा मात्रै पर्ने गरेको पाइयो। जस्तो कि काठमाडौं र सप्तरी जिल्ला अदालतमा यस किसिमका केही मुद्दा परेको पाइन्छ। थुनछेकका क्रममा जब सरकारवादी हुने फौजदारी मुद्दा सरकारी अभियोगकर्ताले अदालतसमक्ष प्रस्तुत गर्दछन्, तब अभियुक्तलाई थुनामा राखेर कारबाही गर्ने हो वा तारेख वा धरौटीमा राखेर कारवाही गरिने भन्ने प्रश्नउपर अदालतले विचार गर्दछ। जसलाई थुनछेक भनिन्छ। यस थुनछेकका क्रममा अभियुक्तलाई कानूनबमोजिम थुनामा राख्नुपर्ने अवस्था छ/छैन भनेर विचार गरिन्छ। वैयक्तिक स्वतन्त्रताका दृष्टिकोणले यो चरणलाई वहुतै महत्वपूर्ण चरण मानिन्छ। अदालत यस्तो अवस्थामा सम्वेदनशील वन्दछ तर यो चरणमा न्यायाधीशलाई विवादमा पुऱ्याउने हाम्रो सामाजिक परिवेशले आफूहरूलाई अप्ठ्यारोमा पारेको विचार न्यायाधीशहरूले व्यक्त गरेको पाइन्छ। थुनछेकका क्रममा कसैलाई अदालतले तारेख वा धरौटमा छोडेमा न्यायाधीशले घूस खाएको आरोप लाग्ने र थुनामा राखेमा मानवअधिकार र वैयक्तिक स्वतन्त्रतालाई कुण्ठित गरेको आरोप लाग्ने परिवेश ज्यादै अनुत्तरदायी रहेको गुनासो पनि न्यायाधीशहरूको रहेको पाइन्छ। यस्तो आरोप र गुनासोको निदान जति जति अदालत र न्यायाधीशहरूले जनआस्था आर्जन गर्दछन् र न्यायलाई तर्क र प्रमाणमा आधारित बनाउँछन्, त्यति त्यति नै हुने गर्दछ। न्यायपालिकाप्रति गिर्दो जनआस्थालाई पुनर्स्थापना नगर्ने हो भने यो समस्या अरू जटिल बन्न सक्ने देखिन्छ।

कतिपय न्यायाधीशहरूले थुनछेकको क्रममा आफूले तारेख वा धरौटीमा छोडेका व्यक्तिलाई प्रहरीले गिरफ्तार गर्न खोज्दासमेत प्रहरीको विरूद्धमा नागरिकको अधिकार रक्षा गर्न साथ दिएको पाइयो। यस्तो घटना रामेछाप जिल्ला अदालतका जिल्ला न्यायाधीश तेजबहादुर कार्कीले बाँके जिल्ला अदालतमा हुँदा भएको भनी उल्लेख गर्नुभएको छ। जुन यसप्रकार छ :

नेपालगन्जमा माओवादी भनेर एक जना महिला र एक जना पुरूष विद्यार्थीलाई प्रहरीले गिरफ्तार गरेकोमा अदालतमा प्रस्तुत गर्दा डकैती गरेको भनी डाँकाको अभियोग लगाएको र सबुतको रूपमा मुकुण्डो लगाएर डकैती गरेको भनी एउटा पछ्यौरा प्रस्तुत गरेको थुनछेकको क्रममा थुनामा राखी कारबाही (पुर्पक्ष) गर्नका लागि प्रमाण अपर्याप्त भएको आधारमा निज जिल्ला न्यायाधीश तेजबहादुर कार्कीले अभियुक्तहरूलाई तारेखमा छाडेकोमा निज अभियुक्तहरू अदालतको हाताबाहिर निस्कनासाथ गिरफ्तार गर्नका लागि अदालतको द्वार र हाता प्रहरीले घेराउ गरेको जानकारी नेपालगन्ज जिल्ला अदालतको वारले न्यायाधीशलाई दिएपछि निजले अभियुक्तहरूलाई अदालतको हाताभित्रै आश्रय दिई रातभर अदालतभित्रै बस्ने व्यवस्थासमेत गरी निजहरूको वैयक्तिक स्वतन्त्रता संरक्षण गरेको पाइयो।

यस घटनाबाट के बुझिन्छ भने मानवअधिकारको संरक्षण मानवअधिकारप्रति न्यायाधीशको ज्ञान, सुझ-बुझ र सम्वेदनशीलताको हैसियतमा समेत निर्भर गर्दोरहेछ। त्यसैले मानवअधिकारको संरक्षणमा न्यायपालिकाको भूमिकामा अभिवृद्धि गर्नका लागि न्यायाधीशहरूलाई उच्च शिक्षाको अवसर दिनुपर्ने, तालिम र प्रशिक्षण दिनुपर्ने एवं सूचना र अध्ययन सामग्री उपलब्ध गराउनुपर्ने आवश्यकता देखिन्छ।

एकजना न्यायाधीशका अनुसार जिल्ला अदालतको न्यायाधीशले थुनछेकको क्रममा पुर्पक्षका लागि थुनामा बस्नु नपर्ने गरी अभियुक्तलाई तारेखमा छाडेपछि एकपटक नवलपरासी जिल्ला अदालतमा प्रहरीले नै ढुंगा हान्न लगाएको थियो। मानवअधिकारको संरक्षणमा ज्यादै ठूलो जिम्मेवारी लिएको प्रहरी निकायबाट यस्तो अप्रिय हुनु स्वभाविक मान्न सकिन्न।

वास्तवमा मानवअधिकारको संरक्षणमा जिल्ला अदालतको भन्दा पुनरावेदन अदालतको भूमिका अहम् महत्वको हुनुपछाडि कानूनतः पुनरावेदन अदालतलाई वन्दी प्रत्यक्षीकरण, परमादेश र निषेधाज्ञा जस्ता निवेदनहरूको सुनवाई गर्न पाउने अधिकार हुनु नै हो।

यद्यपि यस किसिमको अधिकार क्षेत्रको प्रयोग ज्यादै कम भएको पाइन्छ। बाग्लुङ पुनरावेदन अदालतमा एक वर्षमा केवल ३ वटा बन्दी प्रत्यक्षीकरण, १ निषेधाज्ञा र १ परमादेशको निवेदनपत्र परेको पाइन्छ। त्यसरी नै पुनरावेदन अदालत

विराटनगरमा ०५५/१२/३० देखि ०५६/५/२६ सम्मको अवधिमा केवल १४ वटा मात्रै बन्दी प्रत्यक्षीकरणका निवेदनपत्र दर्ता भएका, त्यसमध्ये १२ वटा निवेदनपत्र खारेज भएका र २ वटामा निवेदनपत्र जारी भएको पाइयो। जारी भएका निवेदनमध्ये एउटामा त सर्च वारेण्टसमेत जारी भएको पाइयो। त्यस्तै सो अवधिमा ५१ वटा निषेधाज्ञाका निवेदनपत्रहरू दर्ता भएको र त्यसमध्ये धेरैमा आफ्नो वैयक्तिक स्वतन्त्रता उपर आँच पुग्ने आशंका भएकाले त्यस्तो कार्य रोकिपाउने माग भएकोमा धेरै कम मात्रै निषेधाज्ञाका निवेदनहरू जारी भएको पाइन्छ।

यसरी नै पुनरावेदन अदालत पाटनमा ०५५/०५६ सम्मको मुद्दा लगतमा जम्मा मुद्दा संख्या ४ हजार ३३ भएकोमा बन्दी प्रत्यक्षीकरणका निवेदनपत्रहरू जम्मा १४ वटा मात्रै रहेको पाइयो। कुल मुद्दाको संख्यामा यो ज्यादै नगण्य र न्यून रहेको स्पष्टै छ। त्यस्तै पुनरावेदन अदालत बाँकेमा ०५५/०५६ मा बन्दी प्रत्यक्षीकरणका जम्मा ८ वटा निवेदनहरू मात्रै परेकोमा ५ वटामा निर्णय भएको र ३ वटा निर्णय हुन बाँकी रहेको पाइयो। त्यस्तै निषेधाज्ञा र परमादेशका १ सय ५ वटा निवेदन परेकोमा केवल २१ वटामा मात्रै निर्णय भई ६४ वटामा निर्णय हुन बाँकी रहेको पाइयो। पुनरावेदन अदालत कंचनपुरमा भने ०५५/०५६ मा बन्दी प्रत्यक्षीकरण निवेदनहरू ज्यादै न्यून रहेको पाइयो। यस अवधिमा केवल ५ वटा निवेदनपत्र मात्रै बन्दी प्रत्यक्षीकरणका निवेदनपत्र परेको पाइयो।

उपयुक्त तथ्यांकले दुई वटा अनुमान गर्न सकिन्छ। प्रथमतः समाजमा मानवअधिकारको उल्लंघनका घटनाहरू ज्यादै कम हुने गर्दछन् या द्वितीयतः मानवअधिकार उल्लंघनका घटनाहरू हुने भए पनि अदालत समक्ष आउन सक्दैनन्। उक्त दुई अनुमानमध्ये कुन अनुमान बेशी तार्किक र वस्तुसंगत छ भनी न्यायाधीशहरूसँग प्रश्न गर्दा निम्न विचार एवं प्रतिक्रिया पाइयो-

मानवअधिकार उल्लंघनका घटना नभएका होइनन्। समाजमा घरेलु हिंसादेखि लिएर गैरकानूनी थुना एवं यातना जस्ता समस्याहरू प्रशस्तै छन् तर त्यस्ता घटनालाई लिएर अदालतसमक्ष न्याय माग्न नागरिकहरू आउन सक्ने परिवेश अझै सिर्जना भइसकेको छैन। यसका पछाडि धेरै कारणहरू रहेका हुन सक्छन्। त्यसमध्ये निम्न कारणहरू सहजै महसूस गर्न सकिन्छ।

(१) समाजमा मानवअधिकारको ज्ञान र आफ्नो अधिकारप्रतिको सचेतनतामा अझै पनि कमी रहनु,
(२) प्रहरी र प्रशासनका डरले तिनबाट भएका मानवअधिकारको उल्लंघनको विषयलाई अदालतसमक्ष ल्याउन नसक्नु,
(३) घरेलु हिंसा जस्ता विषय अदालतमा ल्याउँदा झन् बेशी घरेलु हिंसा र तनाव हुने डरले सहेर बस्नुपर्ने पारिवारिक एवं सामाजिक अवस्था हुनु,
(४) रोजी रोटीको समस्या भएका गरीब र असहाय व्यक्तिहरूका लागि हातमुख जोड्नुपर्ने प्रमुख समस्या भएकाले मानवअधिकारको उल्लंघनमा उपचार खोज्न सक्ने हैसियत र सामर्थ्य नहुनु,
(५) गरीब र असहाय मानिसलाई मानवअधिकारको उल्लंघनविरूद्ध उपचार खोज्न सहयोग गर्ने संघ, संस्था निकाय र कानून व्यवसायीमा कम तत्परता हुनु,
(६) अदालतप्रतिको विश्वास र आस्थामा विभिन्न कारणले कमी आउनु र
(७) मानवअधिकारको उल्लंघनविरूद्ध जिल्ला अदालतबाटै उपचार पाउन सक्ने कानूनी व्यवस्था नहुनु।

छिटो न्याय र मानवअधिकार

न्याय छिटो, छरितो र सरलरुपमा प्रदान गरिनु स्वयम् आफैंमा मानवअधिकारको एक महत्वपूर्ण पक्ष रहेको कुरामा प्रायशः सबै न्यायाधीशहरूमा सहमति रहेको पाइयो। यद्यपि तथ्यांकलाई हेर्दा मुलुकी ऐन अदालती बन्दोवस्तको १४ नं. अन्तरगत मुद्दा निर्णय गर्नुपर्ने गरी तोकिएको समयावधिभित्र धेरै कम मुद्दाहरू मात्रै निर्णय भएको पाइयो। उक्त १४ नं. को व्यवस्था निम्नबमोजिम छ :

(१) शुरू मुद्दा फैसला गर्दा प्रतिवादी परेको वा पर्ने अवस्था पुगेको मितिबाट एक वर्षभित्र फैसला गर्नुपर्ने।
(२) पुनरावेदन फैसला गर्दा सुरू मिसिल प्राप्त भएको मितिबाट छ महिनाभित्र फैसला गर्नुपर्छ।
(३) बुझ्नुपर्ने प्रमाण बुझिसकेपछि माथि लेखिएबमोजिम फैसला गर्ने म्याद बाँकी भए पनि मुद्दा फैसला गर्नलाई पैंतीस दिनभन्दा ढिला गर्न हुँदैन।

कानूनमा यस्तो व्यवस्था भए तापनि केही अदालतको तथ्यांकलाई हेर्दा के पाइन्छ भने उक्त कानूनी प्रावधान मुताबिक मुद्दा मामिलामा फैसला भएको छैन। जस्तो कि ०५५/०५६ मा काठमाडौं जिल्ला अदालतमा जम्मा मुद्दा संख्या ५ हजार ५ सय ७९ रहेकोमा केवल ५ सय ५९ मुद्दा मात्रै निर्णित भएका छन्। यसरी हेर्दा जम्मा मुद्दा संख्याको केवल १० प्रतिशत मुद्दा मात्रै छिनिएका छन् र बाँकी ९० प्रतिशत मुद्दाहरू अनिर्णित अवस्थामा छन्। त्यस्तै पुनरावेदन अदालत पाटनमा ०५५/०५६ मा जम्मा ४ हजार ३३ मुद्दा रहेकोमा केवल ७ सय ६६ मुद्दा मात्रै निर्णय भएको र ३ हजार २ सय ६७ मुद्दा निर्णय हुन बाँकी रहेको देखिन्छ। अर्थात् कुल मुद्दाको करिब १९ प्रतिशत मुद्दाहरू निर्णय भएका र बाँकी ८१ प्रतिशत मुद्दाहरू अनिर्णित अवस्थामा रहेका छन्। अरू अदालतहरूमा पनि करिब करिब यस्तै तथ्यांक रहेको पाइएको छ।

यसरी मुद्दा निर्णय हुन ढिलासुस्ती हुँदा मुद्दाका पक्षलाई हैरानी, समयको खर्च, आर्थिक भार आदि मात्रै पर्ने नभई अदालतप्रतिको विश्वास र आस्थामा नै प्रश्नचिन्ह उठ्न थाल्दछ। यसबाट नागरिकहरूको छिटो र सरल न्याय पाउने अधिकार मात्रै पराजित हुने नभई मानवअधिकारसमेत कुण्ठित बन्न पुग्दछ। कानूनमा एउटा भनाई छ : ढिलो न्याय दिनु भनेको न्याय नदिनु सरह नै हो। यो कथन हाल चरितार्थ

अवस्थामा रहेको छ। यसो हुनुमा के न्यायाधीशहरू र न्यायपालिका मात्रै जिम्मेवार छन् त ? भन्ने प्रश्न स्वभाविकरूपमा उठ्ने गर्दछ। यस सम्वन्धमा न्यायाधीशहरूको विचार बुझ्न खोज्दा यसरी ढिलाई हुनुका धेरै कारणहरूमध्ये एक प्रमुख कारणको रूपमा कानून व्यवसायीहरूसमेत रहेको पाइयो। कानून व्यवसायीले पटक पटक मुद्दा हटाउने कार्य गर्नाले पनि मुद्दा निर्णय हुन ढिलो भएको एक वास्तविक तथ्य हो। तर, यो मात्रै एउटै र निर्णायक कारण होइन। स्वयम् न्यायाधीशहरूले चाहेको खण्डमा निर्णय हुनबाट कुनै पनि कुराले अड्चन गर्न सक्दैन। तसर्थ समयमा मुद्दामा निर्णय दिनका लागि न्यायिक प्रतिवद्धताको खाँचो रहेको छ।

अदालतमा भौतिक पूर्वाधार, मानव स्रोत विकास र मानवअधिकार

मानवअधिकारको संरक्षणमा अदालतको भूमिकालाई प्रभावकारी बनाउनका लागि अदालतको भौतिक पूर्वाधारमा समेत सुधार गर्नुपर्ने आवश्यकता रहेको कुरा न्यायाधीशहरूद्वारा औंल्याइएको पाइयो। संचारको वर्तमान युगमा मानवअधिकारको संरक्षणमा देश विदेशमा भएका विकासको जानकारी न्यायाधीशहरूले प्राप्त गर्न सक्ने अवस्था हुनु नितान्त आवश्यक ठानिएको छ। मानवअधिकारसँग सम्वन्धित एउटा मात्रै पनि पुस्तक नहुने अदालतहरू पनि छन् भने प्रायःजसो अदालतहरूमा मानवअधिकारसम्वन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूसम्वन्धी दस्तावेज नै उपलव्ध छैन। तसर्थ सर्वप्रथमतः मानवअधिकारसम्वन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरूका दस्तावेज, पुस्तक विदेशी अदालतका निर्णय र राष्ट्रियस्तरमा प्रकाशित पुस्तक एवं पत्रपत्रिका आदि नियमितरूपमा उपलव्ध होस् भन्ने आकांक्षा न्यायाधीशहरूमा रहेको छ।

धेरैजसो न्यायाधीशहरूले मानवअधिकार र न्यायपालिकाको बारेमा राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरको सूचना र ज्ञान दिने वुलेटिन वा पत्रिका उपलव्ध हुन सकेमा यस सन्दर्भमा ज्यादै उपयोगी साबित हुने विचारसमेत व्यक्त गर्नुभएको छ।

उक्त अध्ययन सामग्रीका अलावा न्यायाधीश एवं अदालतका कर्मचारीहरूसमेतलाई प्रशिक्षण एवं तालिम दिन सकिएको खण्डमा मानवअधिकारको संरक्षणमा उनीहरूको भूमिका अपेक्षितरूपमा वृद्धि हुने विश्वाससमेत पाइएको छ।

यससँगसँगै अदालतको रेकर्डिङ प्रणालीलाई वैज्ञानिक र सरल बनाउनुपर्ने, मानवअधिकारसँग सम्वन्धित मुद्दाहरूको पहिचान गरी तिनको अलग्गै अभिलेख राख्ने व्यवस्था हुनुपर्ने, बाल अदालत र पारिवारिक अदालत जस्ता अदालत वा वेञ्च खडा गरिनुपर्ने, कानूनी सहायता परियोजनालाई जनस्तरसम्म पुऱ्याउनुपर्ने, जिल्ला जिल्लामा रहेका कानून व्यवसायीहरूसमेतलाई तालिम र प्रशिक्षण दिइनुपर्ने आवश्यकतातर्फ न्यायाधीशहरूले औंल्याउनुभएको पाइन्छ।

मानवअधिकार, अदालत र गैरसरकारी संस्था

अदालतले मानवअधिकारको संरक्षण त्यसवेला मात्रै गर्न सक्दछ, जब अदालतसमक्ष विवाद प्रस्तुत गरिन्छ। अदालतसमक्ष विवाद प्रस्तुत नभएसम्म अदालत स्वयम् आफैं अगाडि सरेर मानवअधिकारको रक्षा गर्न सक्दैन। मानवअधिकारको अतिक्रमण र उल्लंघनका घटना अदालतसमक्ष त्यसवेला मात्रै आउँछन्, जब जनसमुदायले मानवअधिकारका बारेमा जानकारी राख्दछ, सचेत वन्दछ र अधिकारको रक्षाका लागि उपचारको मार्ग अवलम्बन गर्न सरिक वन्दछ। जनसमुदायलाई यस कुराका लागि जागरूक र तयार गर्ने काम सरकारी एवं गैरसरकारी संस्थाहरूको हो। त्यसमा पनि प्रजातान्त्रिक र नागरिक समाजमा गैरसरकारी संस्थाहरूको भूमिका अहम् महत्वको हुने गर्दछ भन्ने विचार न्यायाधीशहरूमा रहेको पाइयो।

गैरसरकारी संस्थाले समाजमा मानवअधिकारसम्वन्धी जागरूकता सिर्जना गर्नुका साथै गरीव, असहाय र असक्षम समूह र तप्काका व्यक्तिहरूलाई उपचार खोज्नका लागि सहयोगसमेत गर्न सक्दछन्। त्यसरी नै मानवअधिकारको शिक्षा, प्रचार, प्रसार गर्नुका साथै प्रशिक्षण कार्यक्रमसमेतको संचालन गरी न्यायपालिकालाई सहयोग गर्न सक्दछन्। यसका अलावा अध्ययन सामग्री उपलव्ध गराएर एवं सूचना प्रदान गरेरसमेत न्यायपालिकालाई सहयोग गर्न सक्दछन् भन्ने सुझाव न्यायाधीशहरूको रहेको पाइन्छ।

मानवअधिकारका सम्वन्धमा भएका विभिन्न अध्ययन, अनुसन्धान र खोजहरू एवं सो सम्वन्धमा तयार गरिएका विभिन्न प्रतिवेदनहरू वा सोमा भएका सूचनाहरू अदालतसमक्ष प्रसारित गरेर वा प्रदान गरेर पनि न्यायपालिकालाई सक्षम र सुदृढ वनाउनका लागि गैरसरकारी संघ/संस्था र अदालतका वीचमा आपसी सहयोग आदान-प्रदान हुन सक्ने वातावरण सिर्जना हुने हो भने मानवअधिकारको संरक्षणमा सकारात्मक योगदान पुग्न सक्ने विश्वास न्यायाधीशहरूमा रहेको पाइन्छ।

यातनावापत क्षतिपूर्ति र मानवअधिकार

अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिए वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरेवापत क्षतिपूर्ति दिने सम्वन्धमा व्यवस्था गर्न २०५३ सालमा यातनासम्वन्धी क्षतिपूर्ति ऐन निर्मित भई मिति २०५३ पुस ३ देखि लागू भए तापनि क्षतिपूर्ति सम्वन्धमा अदालतमा वहुतै कम मात्रै मुद्दा परेको पाइन्छ।

यसरी ज्यादै कम मुद्दा पर्नुपछाडिको कारण बारे जिज्ञासा राख्दा एकातिर प्रशासनिक डरले पनि पीडित पक्षहरू क्षतिपूर्तिका लागि जिल्ला अदालतसमक्ष उजुरी दिन हिच्किचाउँछन् भने अर्कोतिर थुनामा रहँदा आफूलाई शारिरीक वा मानसिक यातना दिए वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरेको

प्रमाण पुऱ्याउन कठिन हुने भएकाले समेत क्षतिपूर्तिका लागि ज्यादै कम मुद्दा परेको पाइन्छ भन्ने धारणा न्यायाधीशहरूको रहेको पाइन्छ।

त्यसरी नै यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ का केही प्रावधानहरू पनि स्वयम् आफैंमा पीडित पक्षलाई उपचारका लागि हतोत्साहित गर्ने किसिमका छन्। उदाहरणका लागि उक्त ऐनको ३ (२) लाई लिन सकिन्छ। जसअनुसार थुनामा रहेको व्यक्तिको शारिरीक र मानसिक अवस्थाका बारेमा सरकारी चिकित्सक वा सरकारी चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी स्वयम् आफैंले जाँच गरी गराई अभिलेख खडा गर्नुपर्ने अवस्था छ। थुनामा रहेको व्यक्तिले आफूले रोजेको निजी चिकित्सकद्वारा परीक्षण गराउन पाउने व्यवस्था गरिएको छैन। तसर्थ सरकारी चिकित्सक वा थुनामा राख्ने सम्बन्धित अधिकारीको अभिलेखले पीडित पक्षको पीडालाई अभिलेख गर्ने कुरामा शंका गर्ने प्रशस्त ठाउँ रहन्छ। तसर्थ अन्ततः यसै अभिलेखलाई अदालतले प्रमाणमा लिनुपर्ने हुन्छ र पीडित पक्षले प्रमाण पुऱ्याउन नसक्ने भएको कारणले गर्दा ऐनको दफा ६ (२) अन्तर्गत उल्टै जरिवाना तिर्नुपर्ने अवस्थासमेत उत्पन्न हुन सक्दछ। यस कारणले पनि क्षतिपूर्तिमा मुद्दाहरू अदालतसमक्ष ज्यादै नगण्यरूपमा पर्ने गरेको पाइन्छ।

उक्त दफा ३ (२) को व्यवस्था निम्नबमोजिम छ :

"कुनै पनि व्यक्तिलाई थुनामा राख्दा र छोड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैंले निजको शारीरिक स्थितिको जाँच गरी गराई सोको अभिलेख खडा गरी राख्नुपर्नेछ।"

त्यसरी नै उक्त ऐनको दफा ६ (२) निम्न बमोजिम छ। :

"उपदफा (१) बमोजिम कारवाही गर्दा बदनियत चिताई उजुरी दिएको ठहरिएमा जिल्ला अदालतले त्यस्तो उजुरी दिने व्यक्तिलाई पाँच हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।"

यातनाबाट पीडित व्यक्तिको प्रतिरक्षा सरकारी वकिलबाट गराउनुपर्नेमा यातना दिने व्यक्तिको प्रतिरक्षा सरकारी वकिलद्वारा गराउने प्रावधान उक्त ऐनमा राखिनु पनि स्वयम् आफैंमा राज्यले पीडित पक्षप्रति सहानुभूति नराखेर पीडा दिने कर्मचारीप्रति सहानुभूती राखेजस्तो प्रतीत हुन आउँछ। पीडित व्यक्तिले निजी कानून व्यवसायी मुकरर गर्नुपर्ने हुन्छ र कानून व्यवसायीको दस्तुर तिर्नुपर्ने हुन्छ जबकि पीडा दिने व्यक्तिले भने सरकारी वकिलद्वारा प्रतिरक्षा गराउन पाउँदछ। ऐनको दफा १० को यस किसिमको व्यवस्था पनि मानवअधिकारका दृष्टिकोणले एवं न्यायका दृष्टिकोणले समेत उपयुक्त देखिँदैन।

हाल काठमाडौं जिल्ला अदालतमा यातना क्षतिपूर्ति सम्बन्धमा ८ वटा मुद्दाहरू परेकामा त्यसमध्ये एउटा मुद्दा निर्णय भएको छ। *नेत्रप्रसाद मिश्र* वि. *प्र. नि. शिवजी श्रेष्ठ*समेत भएको मुद्दा काठमाडौं जिल्ला अदालनबाट मिति ०५६/३/२४ गतेका दिन निर्णय भएको छ। यातना क्षतिपूर्ति सम्बन्धमा यो अध्ययन गरेका दिनसम्ममा काठमाडौं जिल्ला अदालतमा दर्ता भएका मुद्दाहरूको सूची निम्नबमोजिम छ :

	निवेदक	**विपक्षी**	**दर्ता मिति**
१)	केदारनाथ मिश्र	शिवजी श्रेष्ठ	०५४/४/६
२)	सन्ध्या श्रेष्ठ	अपुवभर र अन्य	०५४/१०/१०
३)	शम्शेर राई	वडा प्रहरी कार्यालय, सिंहदरवारसमेत	०५५/७/२५
४)	नेत्रकुमार शाह	वडा प्रहरी कार्यालय, दरवारमार्ग	०५५/१२/१९
५)	पि. के पहाडी	वडा प्रहरी कार्यालय, दरवारमार्ग	०५५/१२/१९
६)	शिवलाल श्रेष्ठ	भैरव थापासमेत	०५५/११/१९
७)	उर्मिला श्रेष्ठ	भरतजीसमेत	०५६/२/२७
८)	पार्वती ठकुर	धर्मराज भूषालसमेत	०५६/६/१४

यसका अलावा काठमाडौंभन्दा बाहिरका जिल्लामा यातना क्षतिपूर्तिसम्बन्धी मुद्दाहरू पर्ने सवाल शून्य प्रायः छ भन्दा पनि अतिशयोक्ति हुँदैन। सप्तरी जिल्ला अदालतमा यस सम्बन्धमा २ वटा मुद्दा परेको पाइएको छ। जुन मुद्दाको संक्षिप्त तथ्य र अवस्था निम्नबमोजिम रहेको छ :

- सप्तरी जिल्ला अदालतमा पनि कुनै व्यक्ति मेरो यो मानवअधिकार हनन भयो भनेर दावी गरी अदालतमा नआएको र
- यातना तथा क्षतिपूर्ति सम्बन्धमा यस जिल्ला अदालतमा २ वटा मुद्दा विचाराधीन अवस्थामा रहेका :
  १) बेचन सदा भन्ने व्यक्ति पक्ष रहेको क्षतिपूर्ति मात्र दावी गरिएको मुद्दामा निजलाई जिल्ला प्रशासन कार्यालयको इजलासभित्रै चोट नदेखिने गरी कुटपिट गरिएको विषयमा उक्त निवेदन गएको। यसमा २ वटा पेशी चढिसकेको तर साक्षी बकाउनेसम्म पनि आदेश अदालतबाट हुन नसकेको।
  २) राजेन्द्रदेव (कर्मचारी) भन्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीको इजलासमा नै कार्यालय समयमा भ्रष्टाचार गरेको भनी कुटपिट गरिएको। यसमा पुनरावेदन अदालत राजविराजको आदेशले घाउ जाँच गराइएको त्यस मुद्दामा क्षतिपूर्ति दिने वा नदिने भन्ने सम्बन्धमा भ्रष्टाचार मुद्दा अन्तिम टुंगो नलाग्नेसम्म मुलतवी रहेको।

काठमाडौं जिल्ला अदालतबाट यातना क्षतिपूर्ति सम्बन्धमा निर्णय भएको *केदारनाथ मिश्र* विरूद्ध *प्रहरी निरीक्षक शिवजी श्रेष्ठ*समेत भएको मुद्दाको तथ्य र निर्णय निम्नबमोजिम छ :

विपक्षीमध्येका प्रहरी निरीक्षक शिवजी श्रेष्ठले मिति २०५४/३/२२ का दिन विन्दु राना भन्ने व्यक्तिको उजुरीका सम्बन्धमा केही कुरा बुझ्नु छ भनी वडा प्रहरी कार्यालय महाराजगन्जमा लगी विपक्षीमध्येका दुर्गा कुँवरसमेतले मलाई

कुटपिट गरेको, अन्य प्रहरीलाई आदेश दिई मेरो विभिन्न अंगमा प्रहार गरी देब्रे कानको जाली फुटाई कान सुन्न नसक्ने गरी बेकम्मा बनाइदिएका र दाहिने कानमा चोट पुर्‍याइ स्मरणशक्ति कम गरी विनापूर्जी थुनामा राखी ज्यान मार्ने धम्की दिई डर त्रास देखाई शारिरीक र मानसिक यातना दिई अन्याय गरेका। मबाट कुनै कसुर नभएको र विन्दु राणाबीचको लेनदेन सम्बन्धमा विन्दु राणाको एकतर्फी कुरा सुनी यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ को दफा ३ (१) को अवज्ञा गरी अन्याय गरेकाले उक्त ऐनको दफा ४ र ८ बमोजिम विपक्षी श्री ५ को सरकारबाट रू १,००,०००/- क्षतिपूर्ति दिलाई विपक्षी प्रहरी निरीक्षक शिवजी श्रेष्ठ र श्री दुर्गा कुँवरलाई सोही ऐनको दफा ७ बमोजिम हदैसम्मको विभागीय कारवाहीसमेत गराइपाउँ भन्नेसमेत व्यहोराको फिराद दावी।

यसमा निवेदकलाई यस कार्यालयबाट कुनै प्रकारको कागज नगराइएको/नगरिएको, निजलाई पक्राउ गर्नु भन्ने आदेश कहीं कतैबाट नआएको/नगरिएको र निजलाई पक्राउ गर्न हालसम्म यस कार्यालयबाट कुनै प्रहरी कर्मचारीहरू नपठाइएको। निवेदनमा उल्लेख गरिएको प्रहरी कार्यालयमा लगी धाकधम्की देखाइ कुटपिट गरी थुनामा राखी तर्साउने कार्य कोही कतैबाट नभएको र लेनदेन जस्तो देवानी मुद्दामा प्रहरी कार्यालयबाट निवेदित व्यहोरामा लेखिए जस्तो क्रियाकलाप कहीं नभएको, जालसाँजी कुराहरू रची कपोकल्पित हुँदै नभएको व्यहोरा लेखी यस कार्यालयसमेतलाई विपक्षी बनाई यातनावापत क्षतिपूर्ति दिलाइपाउँ भनी दिएको निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी वडा प्रहरी कार्यालय महाराजगन्जको लिखित जवाफ।

यसमा मसमेतलाई विपक्षी बनाई दिनुभएको निवेदनमा यस वडा प्रहरी कार्यालय महाराजगन्जको प्रहरी निरीक्षक शिवजी श्रेष्ठबाट निज केदारनाथ मिश्रलाई थुन्ने, धम्काउने, कागज गराउने र कुटपिट गर्ने जस्ता कुनै पनि कार्य गरिएको छैन। निजलाई मैले नचिनेको, पक्राउ गर्ने कुनै आदेश पनि नदिएको र थुनामा राखिएको एवं यातना दिइएको पनि छैन, निजलाई कुटपिट गरी कानको जालीसमेत फुटाएको र तर्साई कागज गराएको भन्ने व्यहोरा मलगायत् यस कार्यालयमा कार्यरत् प्रहरी कर्मचारीद्वारा नगरिएको साथै लेनदेन जस्तो देवानी मुद्दामा म प्रहरी निरीक्षकबाट कुनै कुरा गर्न नमिल्ने स्पष्ट भएबाट निवेदकले लगाएको आरोप झुटा एवं कपोकल्पित भएको हुँदा खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी प्रहरी निरीक्षक शिवजी श्रेष्ठको लिखित जवाफ।

यसमा निवेदक केदारनाथ मिश्रलाई वडा प्रहरी कार्यालय महाराजगन्जमा ल्याई थुन्ने, धम्काउने, कागज गराउने र कुटपीट गर्ने जस्ता केही कार्य गरिएको छैन, मैले निजलाई नचिनेको, म प्रहरी प्रधान कार्यालयको प्रहरी निरीक्षक उक्त वडा प्रहरी कार्यालयमा गई निवेदकले उल्लेख गरेको जस्तो कुनै कार्य नगरको, अन्यत्र कार्यालयमा गई निवेदकलाई कानको जालीसमेत फुट्ने गरी कुटपिट गरी तर्साइ कागज गराएको भन्ने व्यहोरा मबाट भएको वा गरेको छैन। उक्त दिन म आफ्नो कार्यालयमा हाजिर रहेको, वडा प्रहरी कार्यालय महाराजगन्जमा जानुपर्ने केही काम पनि नभएको र गएको पनि छैन। लेनदेन मुद्दामा म प्रहरी निरीक्षकबाट कुनै कुरा गर्नसमेत नमिल्ने स्पष्ट हुँदा उक्त झुटा आरोप खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रहरी निरीक्षक दुर्गा कुँवरको लिखित जवाफ।

२०५४/३/२२ गते शिवजी श्रेष्ठसमेतले महाराजगन्जमा लक्ष्मी नारायणको घरमा केदारनाथ मिश्रलाई कुटपिट गरेको हो। मैले डाम देखेको हो। दुर्गा कुँवरले पनि चौकीमा लगी कुटेको भन्ने सुनेको हो। देब्रे कानको जाली फुटेकाले वादी केदारनाथले क्षतिपूर्ति पाउनुपर्ने हो भन्नेसमेत व्यहोराको वादीको साक्षी मेनुका मिश्रको वकपत्र

अदालतको ठहर

प्रहरी निरीक्षक शिवजी श्रेष्ठले ०५४/३/२२ का दिन विहान ७ बजे मेरो डेरामा आई श्रीमती विन्दु राना भन्ने व्यक्तिको उजुरीको सम्बन्धमा केही कुरा बुझ्नुछ भनी वडा प्रहरी कार्यालय महाराजगन्जमा लगी निज विपक्षीमध्येका दुर्गा कुँवरसमेतले मलाई कुटपिट गरी अन्य थाहा नभएका प्रहरी जवानसमेतलाई आदेश दिई मेरो शरीरको विभिन्न अंगमा प्रहार गरी देब्रे कानको जाली फुटाई कान सुन्न नसक्ने गरी चोट पुर्‍याएको, कुनै पूर्जी विना १ घण्टासम्म थुनेको हुँदा यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ को दफा ३ (१) को वर्खिलाप शारिरीक एवम् मानसिक यातना दिई अन्याय गरेकाले यो उजुर गरेको छु। सोही ऐनको दफा ४ र ८ बमोजिम कारवाही गरी क्षतिपूर्ति दिलाई भराई पाउँ भन्ने दावी गरी नालिश दिएकोमा प्रतिवादीहरूले प्रतिवाद गर्दा निजलाई पक्राउ गरी यातना दिएको भन्नेसमेतका सबै कुरा झुटा हुन्, चिने/जानेकोसमेत नहुँदा झुटा दावीबाट फुर्सद पाउँ भन्ने जिकिर भएको प्रस्तुत मुद्दामा वादीले फिरादसाथ पेश गरेको त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालले वादीलाई जाँच गरेको २३ असार २०५४ को फाराममा Physical assault one day back भन्ने उल्लेख भएको देखिन्छ। यस अदालतको आदेशअनुसारको परीक्षण गर्न त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा पठाउँदा Normal भन्नेसमेतको प्रतिवेदन प्राप्त भएकोसमेत देखियो। वडा प्रहरी कार्यालय महाराजगन्जको मिति २०५५/८/२० च. नं. ६२५ को पत्रबाट वादीले भनेजस्तो श्रीमती विन्दु रानाले यी वादीविरूद्ध निवेदन दिएको भन्ने कुरा पुष्टिसमेत भएको पाइयो।

प्रतिवादीहरूले आफ्नो इन्कारी लिखित जवाफमा कुनै सबुद प्रमाण नखुलाएको वादीले साक्षी राखी वकपत्र गराएको वादीको साक्षी मेनुका मिश्रले गरेको वकपत्रबाट प्र. शिवजी श्रेष्ठसमेतले कुटपिट गरेको भनी वकपत्र गरेकोसमेत देखिन आएको प्रस्तुत मुद्दामा २२ गते असारको घटना वादीले देखाएकोमा सोही २३ गते डाक्टरी परीक्षण हुँदा Physical assault one day back भएको पुष्टि हुन आएको, विन्दु रानाको

निवेदन परेको भन्ने पनि देखिएको र यी प्रतिवादीहरूविरुद्ध वादीले झुटा उजुर गर्नुपर्ने कारण परिबन्ध केही नरहेकाले प्रतिवादीहरूको इन्कारी जिकिर प्रमाणित गर्ने कुनै प्रमाणसमेत नदिएकोसमेतका आधार प्रमाणहरूबाट यी प्रतिवादी सरकारी कर्मचारीहरूले वादीलाई विनापुर्जी कब्जा गरी शारिरीक यातना दिएको भन्ने कुरा नै प्रमाणित हुन आएबाट वादीलाई यो निर्णय अन्तिम भएपछि सोही यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३ को दफा ७ बमोजिम सम्बन्धित विभागीय प्रमुखमा लेखी पठाउने र पीडित पक्षको पीडालाई विचार गरी सोही ऐनको दफा ६ बमोजिम रु. २०००/- श्री ५ को सरकारबाट क्षतिपूर्ति भराईदिने ठहर्छ।

यसरी यस मुद्दामा ज्यादै कम मूल्य अर्थात् रू. दुई हजार (२,०००/-) को क्षतिपूर्ति दिलाइएको भए तापनि यातना र क्षतिपूर्ति ऐनलाई व्यवहारमा क्रियान्वयन गराउनका लागि काठमाडौं जिल्ला अदालतले खेलेको भूमिका अहम् महत्वको रहेको छ। यस फैसलाको महत्वलाई निम्नरूपमा उल्लेख गर्न सकिन्छ।

(१) यातना र क्षतिपूर्तिसम्बन्धी उजुरी प्रमाणित गर्ने कार्य आफैंमा कठिन कार्य हो। यद्यपि काठमाडौं जिल्ला अदालतले प्रहरी थुनाबाट छुटेपछि पीडित व्यक्तिले गराएको घाउ जाँचलाई प्रमाणको रूपमा ग्रहण गरेको छ। यो आफैंमा सकारात्मक र महत्वपूर्ण छ।

(२) त्यस्तै अदालत स्वयम् आफैंले पनि पीडित व्यक्तिको शारिरीक परीक्षण गराएको छ। ऐनको दफा ५ (३) को गतिभन्दा अदालत अगाडि बढेर प्रमाण संकलनका लागि एवं मानवअधिकारको सवालमा सम्वेदनशील देखिएको छ। जब कि दफा ५ (३) अन्तरगत अदालतले पीडित पक्ष थुनामा रहेको अवस्थामा मात्रै शारिरीक वा मानसिक यातना जाँचबुझ गर्न आदेश दिन सक्ने व्यवस्था गरिएको छ।

(३) क्षतिपूर्तिको रकम कम भए पनि यस निर्णयले गैरकानूनीरूपमा थुनामा राख्ने र यातना दिने अधिकारी वा व्यक्तिहरूलाई सावधान तुल्याउने कार्य गरेको छ।

यसबाहेक अन्य केही मुद्दाहरू र तिनमा रहेको तथ्य निम्नबमोजिम रहेको छ :

पार्वती ठाकुरविरूद्ध धर्मराज भूषालसमेत भएको यातना क्षतिपूर्ति मुद्दामा निवेदिकाको श्रीमान् अनिरूद्रप्रसाद ठाकुरलाई अपहरणकारीहरूले अपहरण गरी लगेका। अपहरणकारीहरू राजनीतिक शक्ति सम्पन्न व्यक्तिहरू रहेका र आफूले अनिरूद्रलाई अपहरण गरी यातना दिई सताएपछि पुनः प्रहरी समक्ष बुझाएका र तत्पश्चात् राजनीतिज्ञहरूको इशारा एवं दबावमा प्रहरीद्वारा निजलाई यातना दिइएको। अपहरणकारीले पीडित पक्षलाई लेनदेनको विषयलाई ठगीको विषय बनाई उजुरी दिई प्रहरीमार्फत् पिट्ने, पिटाउने, पानीमा टाउको चोबल्ने, यस विषयमा अन्यत्र उजुर गरेमा वा मुद्दा दिएमा जेलमा सडाउने जस्ता धम्कीहरूसमेत दिई निर्मम र अमानवीय यातना दिएको।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४(४), यातना तथा क्षतिपूर्ति ऐन २०५३ को दफा ३ विपरितको काम गरी यातना दिएकाले पीडित पक्षले आफ्नो शारिरीक एवं मानसिक अवस्थासमेत जाँच गरी क्षतिपूर्ति पाउन काठमाडौं जिल्ला अदालतमा उजुरी दिएकोमा यस अध्ययन भएसम्मको अवधिमा प्रहरीद्वारा प्रतिउत्तर पत्र नदिइएको, बरू उल्टै शारीरिक र मानसिक यातनाको परीक्षणको प्रतिवेदन प्राप्त नभएको भनी अदालतलाई जानकारी दिइएको। प्रहरीले पीडित पक्षलाई थुनामा राख्दा राख्नुपर्ने अभिलेखसमेत तयार नगरिएको र अदालतले शारीरिक परीक्षणका लागि दिएको आदेशलाई पनि डाक्टरको प्रतिवेदन प्राप्त नभएको भनी ढिलाई गरी अदालतलाई आवश्यकरूपमा सहयोगसमेत नगरेको पाइएको छ।

यस सम्बन्धमा सन्ध्या श्रेष्ठविरूद्ध अपुवभरसमेतको मुद्दामा सन्ध्या श्रेष्ठले बाल अधिकार सरोकार केन्द्र(सीवीन) का तर्फबाट उजुरी दिइएको घटना उल्लेखनीय छ। घटना विवरण अनुसार पीडित बालिका वर्ष १४ की अप्सनालाई प्रतिवादी अपुवभरले घरमा काम गर्न राखेकोमा उनलाई बालबालिका ऐन, २०४८ ले निर्धाण गरेको कानूनी हैसियत र अवस्थाभन्दा निर्ममरूपमा व्यवहार गरेको, लामो समयसम्म धेरै घण्टा काममा लगाएको, उचितरूपमा खान लाउन नदिएको, समयमा सुत्न, बस्न, घरबाट बाहिर निस्कन, डुल्नसमेत नदिएको, शारिरीक क्षमताभन्दा बढी काम गर्न लगाएको, झ्यालबाट धकेली घाऊ हुने गरी लडाएको, अन्य किसिमले समेत शारिरीक यातना दिने गरेको, काम गरेबापत तलब वा पारिश्रमिक समेत नदिने गरेको पाइयो ।

यी यावत् कारणले गर्दा निज पीडित पक्ष अप्सनालाई शारिरीक एवं मानसिक दुवै किसिमको यातना र पीडा भएको भनी क्षतिपूर्तिको दावी गरी काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको थियो ।

प्रतिउत्तर पत्र प्रस्तुत गर्दा विपक्षी अपुवभरले निज पीडित भनिएकी अप्सनाको तर्फबाट उजुर गर्ने हकदैया सीवीन र सीवीनसँग सम्बन्धित सन्ध्या श्रेष्ठसँग नभएको, पीडित भनिएकी अप्सना बालिका होइनन्, यसर्थ उनको सम्बन्धमा बालबालिका ऐन, २०४८ आकर्षित हुँदैन। अप्सनालाई मैले घरमा काम लगाएबापत तलब दिइरहेको छु र कुनै पनि किसिमले कुटपिट गर्ने वा यातना दिने काम गरेको छैन उनको शरीरमा भएका घाउ चोट कुटाईबाट भएका होइनन्, आफैं भएका हुन भन्ने व्यहोरा उल्लेख भएको थियो।

यो मुद्दाको निर्णय भएको छैन। यद्यपि यसबाट के अनुमान गर्न सकिन्छ भने घरेलु हिंसाका घटनाहरूलाई अदालतसमक्ष ल्याउने काम गैरसरकारी संस्था वा अन्य निकायले गर्ने र सोसम्बन्धी हकदैया उनीहरूलाई प्रदान गरिने हो भने हाम्रो समाजमा लुकेर रहेका अपराधहरू र मानवअधिकार उल्लंघनका घटना अदालतसमक्ष आउने र पीडित पक्षले क्षतिपूर्ति पाउने अवस्था सिर्जना हुन सक्दछ।

मानवअधिकार आयोग

०५३ पुष २४ गते नै मानवअधिकार आयोग ऐन बनी सोही मितिबाट ऐन लागू भए तापनि मानवअधिकार आयोग गठन नभएपछि मानवअधिकार आयोग गठन गरिपाउन सर्वोच्च अदालतमा रिट निवेदन परेको थियो। सो रिट निवेदन उपर ०५६ असार २९ गते सर्वोच्च अदालतले मानवअधिकार आयोग गठन गर्नका लागि आदेश जारी गरेको छ। सो आदेश ज्यादै महत्वपूर्ण भएको हुनाले त्यसको पूर्ण अंश नै परिशिष्टमा समावेश गरिएको छ।

हुन त अदालतले मानवअधिकार आयोग गठन गर्नका लागि प्रधानमन्त्रीलाई आदेश दिइसकेको ८ महिना भइसक्दा पनि अझै मानवअधिकार आयोग गठन भएको छैन। तथापि मानवअधिकारवादी संघ/संस्थालगायत् नागरिक समाजसमेतको दबाब र अनुरोधमा छिट्टै मानवअधिकार आयोग गठन हुने सम्भावना रहेको छ।

निष्कर्ष

मानवअधिकारको संरक्षणमा विभिन्न क्षेत्र तथा न्यायिक निकायहरूको भूमिका अभिवृद्धि गर्नका लागि भविष्यमा निम्न लिखित कार्यहरू गरिनुपर्ने देखिन्छ :

१) जिल्ला अदालतलाई बन्दी प्रत्यक्षीकरणको परमादेश, उत्प्रेषण र निषेधाज्ञा जस्ता निवेदनउपर सुनवाई गर्ने अधिकार क्षेत्र दिनुपर्ने,

२) पुनरावेदन अदालतलाई उत्प्रेषणको अधिकार क्षेत्र दिनुपर्ने,

३) मानवअधिकारसँग सम्बन्धित विषयमा मुद्दाहरूको पहिचान गर्नका लागि कानूनले नै स्पष्टरूपमा सीमांकन एवं वर्गीकरण गर्नुपर्ने,

४) मानवअधिकारका मुद्दाहरूमा अपनाउनुपर्ने कार्यविधिको बारेमा समेत विशेष र स्पष्ट व्यवस्था हुनुपर्ने,

५) जनसाधारणलाई मानवअधिकारप्रति जागृत तुल्याउन र मानवअधिकारको उल्लंघन वा अतिक्रमण भएमा सोको उपचारमा सहयोग गर्नका लागि सरकारी एवं गैरसरकारी संघ/संस्थाहरू एवं कानून व्यवसायीहरू जनमानससमक्ष पुग्नुपर्ने,

६) कानूनी सहायता कार्यक्रम जनस्तरसम्म पुऱ्याउनुपर्ने र गरीब एवं असहाय तप्काका मानिसहरूलाई उपचार खोज्न सहयोग गर्नुपर्ने,

७) अदालतमा सूचना प्रविधिको विकास गर्नुपर्ने,

८) अदालतको भौतिक पूर्वाधारमा सुधार हुनुपर्ने,

९) मानवअधिकारसम्बन्धी दस्तावेज, पुस्तक एवं पत्रपत्रिकाहरू अदालतमा उपलब्ध हुनुपर्ने,

१०) न्यायाधीश, कानून व्यवसायी र अदालतका कर्मचारीहरूलाई मानवअधिकार शिक्षा एवं तालिम दिनुपर्ने,

११) प्रहरीले कसैलाई पनि जबर्जस्ती वयान नगराओस् भन्नकालागि प्रहरीलाई मानवअधिकारप्रति सचेत र सम्वदेनशील तुल्याउनुपर्ने,

१२) मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजले प्रदान गरेका अधिकारहरू सन्धि ऐन २०४७ को दफा ९(१) अन्तर्गत नेपाल कानून सरह लागू हुने भएपछि त्यस्ता अधिकारको प्रचलनका लागि कानूनले स्पष्ट व्यवस्था र अधिकार क्षेत्रसमेत निर्धारण गर्नुपर्ने,

१३) मानवअधिकारको बारेमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा खासैगरी न्यायिक क्षेत्रमा देखापरेका नयाँ नयाँ विकास र प्रगतिसम्बन्धी सूचना र जानकारी दिने दस्तावेज वा पत्रिका नियमितरूपमा अदालतहरूमा उपलब्ध हुनुपर्ने,

१४) विभिन्न सरकारी एवं गैरसरकारी क्षेत्रबाट मानवअधिकारका बारेमा भएका अध्ययन एवं अनुसन्धानका प्रतिवेदनहरू अदालतलाई पनि उपलब्ध गराउनुपर्ने,

१५) मानवअधिकार आयोग गठन हुनपर्ने,

१६) हाल प्रचलित नेपाल कानूनमा रहेका विभिन्न व्यवस्था र प्रावधानहरूमध्ये कुन कुन ऐनमा मानवअधिकारसम्बन्धी के/कस्ता प्रावधानहरू वा व्यवस्थाहरू रहेका छन् भनी पहिचान गर्ने र तिनको पर्याप्तता एवं अपर्याप्तताका बारेमा अध्ययन हुनुपर्ने एवं

१७) समाजमा मानवअधिकार चेतना र संस्कृतिको विकासका निम्ति मानवअधिकार शिक्षालाई विद्यालय एवं विश्वविद्यालय स्तरको पाठ्यक्रममा समावेश गर्नुपर्ने।

परिशिष्ट

श्री सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री भैरवप्रसाद लम्साल
माननीय न्यायाधीश श्री गोपालप्रसाद खत्री
आदेश

संवत् २०५५ सालको रि. नं. ३३७५

विषय : परमादेशलगायत् जो चाहिने आज्ञा-आदेश वा पूर्जी जारी गरिपाऊँ ।

जिल्ला इलाम, इलाम नगरपालिका वडा नं. ८ घर भै हाल का. जि. कामनपा वडा नं. ४ वालुवाटार बस्ने अधिवक्ता रवीन्द्र भट्टराई १

जिल्ला संखुवासभा, चैनपुर गाविस वडा नं. ८ घर भै हाल का. जि. कामनपा वडा ३१ डिल्लीबजार बस्ने अधिवक्ता हेमांग शर्मा १

विरुद्ध

मानवअधिकार आयोग ऐन, २०५३ को दफा ४(२) बमोजिमको सिफारिश समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्रीको कार्यालय सिंहदरवार, काठमाडौं ... १

मानवअधिकार आयोग ऐन, २०५३ को दफा ४(२) बमोजिमको सिफारिश समिति १

श्री ५ को सरकारका मुख्य सचिव, मन्त्री परिषद् सचिवालय सिंहदरवार, काठमाडौं ... १

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ तथा धारा ८८ (२) अनुसार यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदनसहितको संक्षिप्त व्यहोरा एवम् ठहर यस प्रकार छ :-

हामी निवेदकहरू नेपाली नागरिकका साथै मानवअधिकारको क्षेत्रमा कार्य गर्ने मानवअधिकारवादी कार्यकर्ता एवम् कानून व्यवसायीसमेत भएको हुनाले मानव हक अधिकारको प्रचलन गराउन, त्यससम्बन्धी भएका संवैधानिक र कानूनी व्यवस्थाहरूमा भए/घटेका घटनातर्फ हाम्रो सरोकार रहनु र त्यस्ता संवैधानिक र कानूनी व्यवस्थाहरूलाई कार्यात्मक रूप दिन/दिलाउन, मानवअधिकारको रक्षा गर्ने/गराउने कुराको सरोकार हामीमा समेत निहित भएको एवम् यो विषय हामी निवेदकहरूसँग प्रत्यक्ष र अर्थपूर्ण सम्बन्ध राख्ने विषय हो। मानवअधिकार भन्ने विषय विश्वव्यापी प्रकृतिको हुने र प्रचलित नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनाअनुसार संविधान, कानून र संवैधानिक निकाय र आम जनताबीचको सम्बन्ध सेतुको रूपमा रहेको मानवअधिकारको संरक्षण, सम्वर्द्धन गर्ने उल्लंघन रोकथाम जस्तो कुरा स्वतः सार्वजनिक महत्वको विषय भएकाले त्यस्तो कुरामा जीवित कानूनलाई निष्क्रिय पार्ने कदमविरुद्ध अदालतबाट निरूपण गराउन् र जीवित कानूनलाई सक्रिय गराई तत्सम्बन्धी कानूनी निकाय मूर्त, जीवन्त, जागृत र क्रियाशील पारी प्रचलन गराउनुबाहेक विकल्प नभएको हुँदा सम्मानित अदालतको शरणमा आएका हौं। नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनाको मर्म र भावनालाई संविधानकै धारा ११६(१) ले असंशोधनीयरूपमा स्थापित गरेकाले प्रत्येक नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित राख्नमा राज्य व्यवस्था सदा सक्रिय रहनुपर्ने साथै कानूनी राज्यको अवधारणा साकार पार्न क्रियाशील रहनुपर्ने कुरा पनि निर्विवाद छ। संविधानको धारा ११ देखि २३ सम्म रहेका व्यक्ति वा नागरिकका मौलिक हक अहरणीयरूपमा सुनिश्चित गरिएका छन्। यसका साथै नागरिक अधिकार ऐन २०१२, यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३, मानवअधिकार आयोग ऐन २०५३ जस्ता मूलभूत र प्रचलित अन्य नेपाल कानूनले मानवअधिकारको सुरक्षा गर्ने व्यवस्था गरेका छन्। नेपाल राज्य पक्ष भएर संयुक्त राष्ट्रसंघीय विभिन्न महासन्धिमा हस्ताक्षर सम्मिलन वा अनुमोदन गरी ती महासन्धिहरूमार्फत् पनि विभिन्न अधिकारको व्यवस्था र सुरक्षाको प्रत्याभूति भएको छ। नेपाल सन्धि ऐन, २०४७ को दफा ९ अनुसार ती व्यवस्थाहरू नेपाली कानून सरह लागू हुने र उक्त सन्धिसँग नेपाल कानून बाझिएमा बाझिएको हदसम्म सन्धिको व्यवस्था कायम रहने भन्ने व्यवस्थाले प्रत्येक नेपाली नागरिकले यी अधिकारको अविच्छिन्न र निर्बाध उपभोग गर्न पाउने कुरा छर्लंगै छ। मानवअधिकार आयोग ऐन २०५३ को दफा २ (च) ले मानवअधिकारको परिभाषा गर्दै "मानवअधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान र अन्य प्रचलित कानूनद्वारा प्रदत्त गरिएको अधिकार तथा नेपाल पक्ष भएको मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा निहित अधिकार सम्झनुपर्छ" भनी माथि उल्लेखित कुरालाई कानूनीढंगले स्थापित गरेको छ। मानवअधिकार आयोग ऐन, २०५३ को प्रस्तावनामा "संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदत्त मानवअधिकारको प्रभावकारी कार्यान्वियन एवम् संरक्षण र सम्वर्द्धन गर्ने सम्बन्धमा स्वतन्त्र र स्वायत्त राष्ट्रिय मानवअधिकार आयोगको स्थापना गर्न वाञ्छनीय भएको भन्ने उल्लेख छ। ऐनको दफा १ को उपदफा २ मा "यो ऐन तुरून्त प्रारम्भ हुनेछ" भनी लेखिएको उक्त ऐन मिति २०५३/९/२४ गतेको नेपाल राजपत्रमा प्रकाशित भएको मितिदेखि नै लागू भै झण्डै दुई वर्ष समय व्यतीत भए पनि सो ऐनको कार्यान्वियन नगरी ऐनलाई निष्क्रिय पार्ने काम विपक्षीबाट भएको छ। उक्त मानवअधिकार आयोग ऐन, २०५३ को दफा ३ मा आयोगको गठन र दफा ४ मा अध्यक्ष र सदस्यको नियुक्तिसम्बन्धी व्यवस्था रहेको छ। उक्त दफा ४ को उपदफा १ मा "श्री ५ बाट उपदफा २ बमोजिम गठित सिफारिश समितिको सिफारिशमा आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गरिबक्सनेछ" भन्ने व्यवस्था रहेको छ भने सोही दफाको उपदफा (२) मा आयोगका सदस्यहरूको सिफारिश गर्न प्रधानमन्त्री अध्यक्ष, प्रधान न्यायाधीश सदस्य, प्रतिनिधिसभामा विपक्षी दलका नेता सदस्यसमेत जम्मा ३ जना रहने गरी सिफारिश समिति हुने व्यवस्था रहेको छ, उपदफा (३) मा समितिको कार्यव्यवस्था र उपदफा (४) मा समितिको बैठकको सम्बन्धमा व्यवस्था गर्ने जिम्मेवारी विपक्षी नं. ३ लाई भएको उल्लेख छ। उक्त मानवअधिकार आयोग ऐन, २०५३ ले वर्तमान अवस्थामा नागरिकका हक, अधिकार सुरक्षित गर्न विभिन्न व्यवस्था गरेको छ, उक्त ऐनको दफा ९ मा आयोगको काम र

कर्तव्यअन्तर्गत उपदफा (१) मा मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्नु आयोगको प्रमुख कर्तव्य हुनेछ भनी कर्तव्य किटान गरिएको छ, उपदफा (२) मा उपदफा (१) मा उल्लेखित कर्तव्य पूरा गर्न आयोगले देहायका कार्यहरू गर्न सक्नेछ भन्ने उल्लेख गरी खण्ड (क) देखि (ड) सम्म आयोगले मानवअधिकारसम्बन्धी कार्य गर्ने कार्यविधिसम्बन्धी व्यवस्था गरेको छ, साथै उक्त दफाको उपदफा (३) मा मानवअधिकार सम्बन्धमा नेपालले प्रतिवेदन पठाउनुपर्ने दायित्व भएको विषयमा श्री ५ को सरकारले आयोगको राय लिई पठाउनुपर्ने व्यवस्था छ, दफा १० मा केही निश्चित क्षेत्रका सीमित क्षेत्राधिकारबाहेक अन्य सबै आयोगको क्षेत्राधिकारभित्र पर्ने व्यवस्था रहेको छ। यसका साथै दफा ११ ले आयोगको जाँचबुझसम्बन्धी अधिकारअन्तरगत उपदफा (१) देखि (७) सम्म व्यक्ति वा नागरिकका हक अधिकारलाई संरक्षित गर्न अयोगलाई हुने अधिकार र त्यसको कार्यविधिको समेत व्यवस्था गरेको छ। दफा १२ मा मानवअधिकारको उल्लंघनसम्बन्धी उजुरी र कारवाही र दफा १३ मा आयोगको निर्णयको कार्यान्वयनको प्रक्रिया जस्ता व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासम्बन्धी मौलिक हक संवैधानिक कानूनी हकलाई कार्यात्मक रूप दिने जस्ता धेरै महत्वपूर्ण व्यवस्था प्रस्तुत मानवअधिकार आयोग ऐन २०५३ ले गरेको छ।

माथि उल्लेख गरेबमोजिमको अधिकार प्राप्त मानवअधिकार आयोगको सम्बन्ध ऐनको दफा १ (२) मा तुरून्त प्रारम्भ हुनेछ भनी उल्लेख गरेको भए पनि उक्त ऐनको दफा ४(२) बमोजिमको विपक्षी नं. २ ले श्री ५ समक्ष आयोग गठन गर्न सिफारिस नगरून्जेल अथवा दफा ३ अनुसारको मानवअधिकार आयोग गठन गर्न सिफरिश नभइन्जेलसम्म ऐनका दफाहरू क्रियाशील नहुने हुँदा, विपक्षीहरू नं. १, २ र ३ ले उक्त कार्य नगरेका कारणले व्यक्ति वा नागरिकहरूलाई आफ्ना हक अधिकारबाट कुण्ठित अवस्थामा मात्र नपारी ऐनलाई नै निस्प्रयोजित पार्ने कार्य भएको छ। अतः उक्त मानवअधिकार आयोग ऐन २०५३ का व्यवस्था एवम् तिनको गम्भीर्यलाई ध्यान राखी व्यक्ति वा नागरिकहरूको मौलिक हक, संवैधानिक हक, कानूनी हक संरक्षण एवम् पुनर्स्थापना गर्नका लागि तुरून्त मानवअधिकार आयोग गठन गर्ने प्रक्रिया प्रारम्भ गरी मानवअधिकार आयोग गठन गराई क्रियाशील गराउनू भनी विपक्षीहरूको नाममा परमादेशलगायत् जो चाहिने उपयुक्त आदेश जारी गरिपाऊँ भन्नेसमेत व्यहोराको रिट निवेदन।

यसमा विपक्षीहरूबाट लिखित जवाफ मगाई आएपछि वा अवधि नाघेपछि नियमानुसार गरी पेश गर्नु भन्नेसमेत व्यहोराको यस अदालत एक न्यायाधीशको इजलासबाट मिति २०५५/९/३ मा भएको आदेश।

संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदत्त मानवअधिकारको प्रभावकारी कार्यान्वयन एवम् संरक्षण र सम्वर्द्धन गर्ने सम्बन्धमा स्वतन्त्र र स्वायत्त राष्ट्रिय मानवअधिकार आयोग गठन गर्ने उद्देश्यबाट प्रेरित भई उक्त मानवअधिकार आयोग ऐन २०५३ जारी भएको हो। उक्त ऐनबमोजिम राष्ट्रिय मानवअधिकार आयोग गठन गर्ने कुरामा श्री ५ को सरकार सदैव सचेत र सजग रहिआएको व्यहोरा सम्मानित अदालत समक्ष निवेदन गर्न चाहन्छु। हाल प्रतिनिधिसभाको विघटन भै सरकारको संवैधानिक स्थिति काम चलाउसम्मको रहेको र विपक्षी दलका नेताको अनुपस्थितिका कारण आयोगका सदस्यहरूको नियुक्ति सिफारिश गर्ने सिफारिश समितिको वैठक वस्न सक्ने अवस्थासमेत नहुँदा तत्काल आयोग गठन हुन सक्ने नरहे तापनि आमनिर्वाचनपश्चात् उपयुक्त समयमा ऐनबमोजिम आयोग गठन हुने नै हुँदा रिट निवेदन खारेजभागी छ भन्नेसमेत व्यहोराको सिफारिश समितिका अध्यक्ष तथा प्रधानमन्त्री, सिफारिश समिति र श्री ५ को सरकारका मुख्य सावितका तर्फबाट प्रस्तुत एकै मिलानका छुट्टाछुट्टै लिखित जवाफ।

नियमबमोजिम पेशी सूचीमा चढी यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकतर्फबाट बहस गर्न उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री रवीन्द्र भट्टराईले नेपाल अधिराज्यको संविधानको प्रस्तावनामा आधारभूत मानवअधिकारको सुरक्षा गर्ने कटिवद्धता व्यक्त गरेको पाइन्छ। त्यस्तै नेपाल अधिराज्यको संविधानको धारा ११६(१) मा संविधानको प्रस्तावनाको भावना प्रतिकूल नहुने गरी मात्र संविधान संशोधन गर्न सकिने व्यवस्था गरिएको छ। उक्त संवैधानिक व्यवस्थाबाट संविधान निर्माताले मानवअधिकारसम्बन्धी महत्वपूर्ण कुरामा कति सजगता राखेका रहेछन् भन्ने कुरा प्रष्ट हुन्छ। मानवअधिकार आयोग ऐन, २०५३ लागू भएको आज दुई वर्ष व्यतीत भइसक्यो। सो ऐनबाट नेपाली नागरिकहरूले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएको अधिकार एवम् नेपाल पक्ष भएको मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा निहित अधिकारसमेतबाट संरक्षित हुन पाएका छैनन्। मानवअधिकार ऐनले प्रदान गरेका अधिकारहरू हामीले उपभोग गर्न पाउनुपर्छ, विधायिकाले जनतालाई प्रदान गरेको हक अधिकार देशमा शासन गर्ने वर्गले अप्रत्यक्षरूपबाट निष्क्रिय पार्न मिल्दैन। यो एक जनचासोको विषय हो, यसलाई सार्वजनिक सरोकारको विषय पनि भनिन्छ। यस्तो विषयमा निवदेकको रिट निवेदन दिने हकदैया छैन भन्न मिल्दैन। यस्तो विषयमा जोसुकैले पनि रिट निवदेन दिन सक्दछ। प्रस्तुत रिट निवेदनको लिखित जवाफमा आयोग गठन गर्ने कुरामा विपक्षीहरू सजग र सचेत रहेको कुरा उल्लेख गरे तापनि लामो समयसम्म आयोग गठन नगर्नु कानून विपरित कुरा हो। लिखित जवाफमा काम चलाउ सरकार भएको कारणबाट तत्काल आयोग गठन गर्न नसकिने कुरा औंल्याएको छ। तर, दुई वर्षसम्म पनि सरकारले आयोग गठन नगरेको कुरामा लिखित जवाफ मौन छ, प्रधानमन्त्री जस्तो गहन दायित्व बोकेका जिम्मेवार पदमा रहेका व्यक्तिले सानातिना कारण देखाई आफ्नो दायित्वबाट पन्छन खोज्नु राम्रो कुरा होइन। यस कुरामा सरकार सजग र सचेत छैन। उपयुक्त समयमा आयोग गठन गरिनेछ भनी लिखित जवाफमा लेखिए तापनि उपयुक्त समय कहिले हो सो कुरा अनिश्चित नै रहेको छ। मानवअधिकार जस्ता सम्वदेनशील कुरामा सम्मानित अदालतले सजगता अपनाउने पर्छ, अन्यथा विधायिकाबाट नेपाली जनतालाई प्रदान गरिएको हक अधिकार कानूनमा मात्रै सीमित रहन्छ भन्ने र विपक्ष सिफारिश समितिका पदेन अध्यक्ष तथा प्रधानमन्त्रीसमेतका तर्फबाट बहस गर्न उपस्थित हुनुभएका विद्वान् नायब महान्यायाधिवक्ता बलराम केसीले रिट निवदेकलाई प्रस्तुत रिट निवेदन दिने हकदैया छैन, यो विषय सार्वजनिक चासोको विषय पनि होइन, उपयुक्त समयमा आयोग गठन गर्ने प्रतिबद्धता जाहेर भइसकेको

छ, निर्वाचित सरकार गठन भएपछि आयोग गठन हुनेछ, मानवअधिकार आयोग संसदको उपज हो, त्यस्तो आयोग गठन गर्ने सम्बन्धमा रिटबाट सुनुवाई हुन सक्दैन, आयोग गठन गर्ने कुरा संविधानमा उल्लेख भएको पनि छैन, तसर्थ रिट निवेदन खारेज होस् भन्नेसमेत व्यहोराको बहस जिकिर प्रस्तुत गर्नुभयो।

प्रस्तुत रिट निवेदनमा पक्ष विपक्षतर्फबाट बहस गर्न उपस्थित हुनुभएका विद्वान् कानूनी व्यवसायीहरूले गर्नुभएको बहस जिकिर सुनी निवेदनसहितका कागजातहरूको अध्ययन गरी हेर्दा निवेदकको मागबमोजिम आदेश जारी हुनुपर्ने हो या होइन भन्ने प्रश्नको सम्बन्धमा विचार गर्नुपर्ने देखियो।

मुख्यरूपमा निवेदकहरूको मागलाई संक्षिप्तकरण गर्दा मानवअधिकार आयोग ऐन, २०५३ मिति २०५३/९/२४ मा लाग भएपश्चात् हालसम्म पनि राष्ट्रिय मानवअधिकार आयोगको स्थापना र गठन हुन नसकेको र मानवअधिकार आयोग ऐन, २०५३ नै निस्क्रिय हुन पुगेको हुनाले ऐनको दफा ४(२) अनुसार सिफारिश समितिको बैठक बोलाई आयोग गठन गराई सो ऐन क्रियाशील गराइपाऊँ भन्ने नै मुख्य निवेदन जिकिर देखिन्छ।

राष्ट्रिय मानवअधिकार आयोग गठन गर्ने कुरामा श्री ५ को सरकार सदैव सचेत र सजग रहिआएको छ, प्रतिनिधिसभाको विघटनको कारणबाट काम चलाउ सरकार भै विपक्ष दलको नेतासमेत अनुपस्थित रहेको हुँदा सिफारिश समितिको बैठक बस्न सक्ने अवस्था नरहेको र आगामी निर्वाचनपश्चात् उपयुक्त समयमा ऐनबमोजिमको आयोग गठन हुने हुँदा रिट निवेदनको औचित्य नभएको हुनाले रिट जारी हुनुपर्ने होइन, खारेज होस् भन्ने विपक्षीतर्फको लिखित जवाफ रहेछ। मानवअधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएको मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा निहित अधिकार सम्झनुपर्छ भनी मानवअधिकार आयोग ऐन, २०५३ को दफा २(च) ले परिभाषित गरिएको छ। सोही ऐनको दफा ३(१) ले राष्ट्रिय मानवअधिकार आयोगको स्थापना र गठनको व्यवस्था गरेको देखिन्छ। त्यस्तो ऐनको दफा ४(१) मा श्री ५ बाट सिफारिश समितिको सिफारिशमा आयोगको अध्यक्ष र सदस्यहरूको नियुक्ति गरिबक्सने व्यवस्थाका साथै सोही दफाको उपदफा (२) मा सिफारिश समितिमा प्रधानमन्त्री अध्यक्ष र प्रधानन्यायाधीश र प्रतिनिधिसभाको विपक्षी दलको नेता सदस्य रहने कानूनी व्यवस्था भएको पाइन्छ। सिफारिश समितिको बैठकका सम्बन्धमा आवश्यक व्यवस्था गर्ने जिम्मेवारी श्री ५ को सरकारको मुख्य सचिवको हुनेछ भनी ऐनको दफा ४(४) मा उल्लेख भएको छ।

मानवअधिकार आयोग ऐन, २०५३ मा आयोगको काम कर्तव्यमा मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्नु आयोगको कर्तव्य हुने भनी तोकिएको छ। नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनाबाट समेत सो कुरालाई आत्मसात गरेको पाइन्छ। मानवअधिकार आयोग ऐन, २०५३ अन्तरगत आयोग गठन भएमा यसले मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्न निश्चय पनि एउटा ठूलो भूमिका निर्वाह गर्दछ। प्रस्तुत रिट निवेदनमा सिफारिश समितिका अध्यक्षको लिखित जवाफमा समेत आयोग गठन गर्ने कुरामा श्री ५ को सरकार सदैव सचेत र सजग रहेको व्यहोरा उल्लेख छ। यसबाट मानवअधिकार आयोग ऐन क्रियाशील हुनुपर्छ भन्ने कुरा दुवै पक्षबीच मुख मिलेकै पाइन्छ। तर, आज दुई वर्षभन्दा बढी समय व्यतीत हुँदा पनि ऐन किन क्रियाशील हुन सकेन भन्ने कुरामा कुनै प्रकाश पारिएको वा तत्सम्बन्धमा कुनै खण्डन गरिएको देखिँदैन। आम निर्वाचनपश्चात् उपयुक्त समयमा ऐनबमोजिमको आयोग गठन हुने भनी विपक्षीतर्फबाट प्रतिवाद गरेको देखिन्छ। तर, आमनिर्वाचन भै नयाँ सरकारको गठन भएको दुई महिना बितिसक्दा पनि आयोग गठन हुन सकेको छैन। लिखित जवाफमा उपयुक्त समयमा ऐनबमोजिम आयोग गठन हुने भनी उल्लेख भएको छ, तर उपयुक्त समय भनेको कति समय हो ? सोको कुनै निश्चित अवधि तोकिएको छैन। वास्तवमा मानवअधिकारको कुरा एक सम्वेदनशील कुरा हो, सो कुरालाई कसैले पनि इन्कार गर्न मिल्दैन। तसर्थ यस्तो सम्वेदनशील कुरा गाँसिएको आयोगलाई लामो समयसम्म सजीवता नदिई निस्क्रिय राखिछाड्दा निश्चय पनि विधायिकाको मनसाय विपरित हुन जान्छ। आयोग गठन नभएसम्म आयोगले गर्ने भनिएका कार्यहरू अरू निकायहरूले गर्न सक्ने गरी ऐनमा व्यवस्था भएको पनि देखिँदैन। दुई वर्षभन्दा अगाडि प्रारम्भ हुने गरी जारी भएको ऐन आजसम्म क्रियाशील नहुनुलाई स्वभाविक भन्न सकिँदैन। मानवअधिकारको सम्वर्द्धन र संरक्षणका कुरा जनचासोको कुरा हो। यो सार्वजनिक चासोको कुरा होइन भन्ने विद्वान् नायव महान्यायाधिवक्ताको बहस जिकिरसँग पनि सहमत हुन सकिएन।

अतः उपयुक्त कारण र आधारबाट दुई वर्षअगाडि नै मानवअधिकार जस्तो महत्वपूर्ण ऐन लागू भइसकेको र सो ऐनलाई विना कारण अनन्त कालसम्म निस्क्रिय गराइराख्नु उपयुक्त नहुने हुनाले मानवअधिकार आयोग ऐन, २०५३ को दफा ३ अनुसार राष्ट्रिय मानवअधिकार आयोग गठन गर्ने गराउने सम्बन्धमा जे जो कार्य गर्नुपर्छ, सो कार्य पूरा गरी निवेदकको मागबमोजिम राष्ट्रिय मानवअधिकार आयोग गठन गर्नु/गराउनू भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। विपक्षीहरूको जानकारीका लागि यो आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमार्फत् पठाई मिसिल नियमानुसार गरी बुझाइदिनू।

न्यायाधीश

उपयुक्त रायमा म सहमत छु।

न्यायाधीश

इति संवत् २०५६ साल असार २९ गते रोज ३ शुभम् .....

परिच्छेद ३

राज्य र मानवअधिकार

३.२ कार्यपालिका

- लेखनाथ भण्डारी

बनावट

सार्वभौमसत्ता जनतामा निहित भएको मुलुक नेपालको कार्यकारी अधिकार श्री ५ र मन्त्री परिषद्मा रहेको छ। संवैधानिक राजतन्त्रात्मक प्रणाली अन्तरगत श्री ५ बाट संविधानमा उल्लेख भएकोअनुसार मन्त्री परिषद्को स्वीकृति, परामर्श र सिफारिसमा काम हुने गर्दछ।

श्री ५ को सरकार वा कार्यकारी अधिकार प्राप्त निकायका रूपमा रहेको कार्यपालिका अर्थात् मन्त्री परिषद्मा श्री ५ बाट संविधानअनुसार नियुक्त प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री, सहायक मन्त्रीहरू हुन्छन्। देश र जनताको शान्ति, सुव्यवस्था तथा आर्थिक विकासको पक्षमा सबै जनताबाट निर्वाचित प्रतिनिधिहरूको केन्द्रीय निकाय भनेकै मन्त्री परिषद् हो।

देश र जनताको शान्ति, सुव्यवस्था, जनताको आर्थिक विकास तथा राष्ट्रको विकासका लागि आवश्यक हुने प्रशासनसमेतको व्यवस्था गर्ने यस उच्च निकायको प्रमुख प्रधानमन्त्री हुने गर्दछ। प्रतिनिधि सभामा बहुमत प्राप्त दलको नेता श्री ५ बाट प्रधानमन्त्रीको रूपमा नियुक्त हुन्छ भने प्रधानमन्त्रीकै सिफारिसमा श्री ५ बाट मन्त्री परिषद्का अन्य सदस्य (मन्त्री) हरूको नियुक्ति गरिन्छ। त्यस प्रकार गठित निकाय सरकार र श्री ५ बाट देशको कार्यकारी अधिकारहरू संयुक्तरूपमा प्रयोग गर्ने क्रममा मन्त्री परिषद्ले गरेका निर्णयलाई श्री ५ बाट वैधानिकता दिने काम हुन्छ।

देशको प्रमुख नीति निर्माताका रूपमा, मन्त्री परिषद्को निर्माता वा विधानकर्ताको रूपमा, प्रमुख आर्थिक नियन्त्रकको रूपमा सरकार प्रमुखका हैसियतले प्रधानमन्त्री नै रहने गर्छ। देशकै कार्यकारी प्रमुखका रूपमा मुलुकको प्रमुख प्रशासक, प्रमुख विधायक, प्रमुख न्यायकर्ता, प्रशासनिक नेता, मन्त्री परिषद्को नेता, संसदीय दलको नेता, संसदको नेताको रूपमा प्रधानमन्त्री वा प्रधानमन्त्रीको नेतृत्वमा प्राप्त कार्यकारी अधिकार प्राप्त निकायहरू रहेका हुन्छन्। त्यसरी नै सरकारलाई समर्थन प्राप्त गर्न सुविधाहरू उपलब्ध गराउने निर्णयहरू गर्नु र अपराधीलाई क्षमादान वा मुद्दा फिर्ता गर्ने वा मुद्दा नचलाउने जस्ता केही न्याय प्रशासनका अधिकारको प्रयोग पनि यसले गर्दछ।

संसदीय व्यवस्थामा मन्त्री परिषद्का सदस्यहरूले देशको शासन संचालनसम्बन्धी नीति निर्माण प्रक्रिया तथा मन्त्रालयहरूको आन्तरिक प्रशासन व्यवस्थापन सम्बन्धमा अन्तिम निर्णय लिन्छन्। विभिन्न मामिलामा राष्ट्रिय नीति निर्धारण गर्नु, देशको शासन व्यवस्थाको सामान्य निर्देशन, संचालन र नियन्त्रण गर्नु, मन्त्रालयहरूबीचका क्रियाकलापहरूको समन्वय गर्नु, अन्य संवैधानिक निकायहरूको निर्णयहरूको कार्यान्वयन गर्नु, प्रशासनको कार्य सम्पादनको मूल्यांकन गर्नु आदि काम श्री ५ को सरकारका प्रमुख जिम्मेवारीहरू हुन्। त्यसैगरी संविधानमा व्यवस्था भएअनुसारका अन्य केही औपचारिक कार्यहरू पनि मन्त्री परिषद्ले श्री ५ मा जाहेर गर्ने गर्दछ। श्री ५ बाट ती सिफारिसहरू अनुमोदन गरिन्छन्।

मन्त्री परिषद्ले श्री ५ मा जाहेर गर्ने कार्यहरूमा देशको शासन व्यवस्था सम्बन्धमा भएका निर्णयहरू, संसदमा पेश गर्ने विधेयकहरू, श्री ५ बाट निर्देशन भएका मन्त्री परिषद्को निर्णयसम्बन्धी अन्य कुराहरू, देशको शान्ति सुव्यवस्था र समसामयिक राजनीतिक, सामाजिक, प्रशासन एवं परराष्ट्र मामिलासम्बन्धी जानकारी आदि हुन्।

सरकारले देशले ऋण उठाउने र नियमअनुसारको ऋणको प्रत्याभूति दिने, राजस्व रकम सर्वसंचित कोषमा जम्मा गर्ने, वार्षिक आयव्ययको अनुमान संसदमा पेश गर्ने कामलाई प्राथमिकता दिने गर्दछ। त्यस बाहेक निजामती सेवा वा अन्य सेवा सम्बन्धी पदाधिकारीहरूको नियुक्ति, सरूवा, बढुवाका कारवाही, न्याय प्रशासनको कार्यसम्पादनमा सहयोग, निर्वाचन आयोगलाई निर्वाचनसम्बन्धी कार्यमा सहयोग तथा देशको प्रशासनलाई नियमानुसार संचालन गर्न आवश्यक पर्ने विभिन्न सरकारी सेवाहरू संगठित गर्ने जस्ता कार्यहरू पनि मन्त्री परिषद्का दायित्वहरू हुन्। कानूनको अगाडि सबैमा समानताको सिद्धान्त अंगाली कानूनको कार्यान्वयन गराउनु, कानूनको उल्लंघन गर्ने सबैलाई प्रचलित कानूनको व्यवस्थाअनुसार कारवाही गराउनु पनि यसैका प्राथमिक जिम्मेवारीहरूभित्र पर्छन्।

हाम्रो देशको राज्य संचालनको वर्तमान प्रणालीअनुसार सरकारका कार्यकारी अधिकार कार्यान्वयन गर्ने दुई तह छन्। राजनीतिक तहमा प्रधानमन्त्रीको नेतृत्वमा रहेको मन्त्री परिषद्ले नीति निर्णयको तहमा काम गर्दछ भने गैर राजनीतिक तहमा सरकारको नीति निर्णयलाई कार्यान्वयन गर्ने स्थायी कार्यकारी समूहको रूपमा उच्च तहका निजामती कर्मचारीहरूको नेतृत्वमा संगठित निजामती सेवा रहेको हुन्छ।

सन् १९९९ को स्वरुप

यो वर्षको शुरूवात आमनिर्वाचन ०५६ को पूर्वसन्ध्या वा पृष्ठभूमिबाट भएपछि श्री ५ को सरकारको गतिविधि र उत्तरदायित्व पनि आमनिर्वाचन ०५६ सम्पन्न गराउने विषयमा बढी केन्द्रित हुनु स्वभाविक हो।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले ०५५ पुस ३० गते श्री ५ मा आमनिर्वाचनको घोषणा गर्दै प्रतिनिधिसभाको विघटनको सिफारिस गर्नुभयो। प्रधानमन्त्रीले नेपाल अधिराज्यको संविधान ०४७ को धारा ५३ उपधारा (४) बमोजिम गरेको सो सिफारिस श्री ५ बाट सोही दिन अनुमोदन भयो। यही घटनाक्रमबाट आमनिर्वाचन ०५६ को प्रक्रिया थालनी भएको छ। ०५५ पुस ३० गते प्रतिनिधिसभामा प्रधानमन्त्री कोइरालाले तत्कालीन सरकारलाई विश्वासको मत दिन राख्नुभएको प्रस्तावको पक्षमा १३६ र विपक्षमा ४० मत पर्‍यो। प्रधानमन्त्री कोइरालाले सदनबाट आफ्नो नेतृत्वमा रहेको सरकारले विश्वासको मत

प्राप्त गरेपछि ०५५ पुस ६ गते नेकपा (एमाले) सँग मिलेर चुनावी सरकार गठन गर्ने शर्तमा आफ्नो पदवाट राजिनामा पनि दिनुभयो। प्रधानमन्त्रीको सो राजिनामा श्री ५ वाट सोही दिन स्वीकृत भयो। र, ०५५ पुस ८ गते नेपाली कांग्रेस, नेकपा (एमाले) र नेपाल सद्भावना पार्टी सम्मिलित चुनावी संयुक्त सरकारको प्रतिनिधित्व गर्दै नेपाली कांग्रेसका पार्टी सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा पुनः नयाँ सरकार गठन भयो। सो सरकारको लागि ०५५ पुस ९ गते ११ सदस्यीय मन्त्री मण्डलको घोषणा भयो।

यही संयुक्त सरकारले ०५६ वैशाख २० र जेठ ३ गते दुई चरणमा गरी आमनिर्वाचन सम्पन्न गऱ्यो। यस आमनिर्वाचनमा नेपाली कांग्रेसले १११ स्थानमा विजयी हासिल गऱ्यो भने सरकारमा सम्मिलित अर्को पार्टी नेकपा (एमाले) प्रमुख प्रतिपक्षको रूपमा रह्यो। नेपाली कांग्रेसले वहुमत प्राप्त पार्टीका रूपमा ०५६ जेठ १३ गते कृष्णप्रसाद भट्टराईको नेतृत्वमा १६ सदस्यीय मन्त्रीपरिषद गठन गऱ्यो। यो वर्ष मुख्य रूपमा आमनिर्वाचन सम्पन्न गर्न नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा गठित संयुक्त सरकार र आमनिर्वाचनपछि प्रतिनिधिसभामा वहुमत प्राप्त नेपाली कांग्रेसको संसदीय दलका नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा रहेको मन्त्री परिषद्ले देशको कार्यकारी अधिकार प्रयोग गरे।

प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा गठन गरिएको मन्त्री परिषद्मा ०५६ जेठ १७ गते पुनः श्री ५ वाट प्रधानमन्त्री भट्टराईकै नेतृत्व र सिफारिसमा हेरफेर, थप र कार्य विभाजन गरियो। विस्तारित मन्त्री मण्डलमा १८ मन्त्री, ८ राज्यमन्त्री र ५ सहायक मन्त्री रहेका थिए।

सन् १९९९ का गतिविधिहरु

सरकारले गर्ने सवै निर्णयहरू आम नागरिक र देशको हितको पक्षमा तथा पारदर्शी हुनुपर्दछ। तर पनि कतिपय सरकारले गर्ने निर्णयहरू आम जनताको हितभन्दा पनि केही सीमित वा सरकारमा आफ्नो पहुँच पुऱ्याउन सक्ने प्रभावशाली पक्षको हितमा हुने गरेको पाइन्छ।

सन् १९९९ मा जापानले नेपाललाई उपलव्ध गराएको रू. ५५ करोड ७७ लाख बरावरको खाद्यान्न सहयोगमा भएका गतिविधिहरूलाई त्यसको उदाहरणको रूपमा लिन सकिन्छ। नेपाललाई जापानले खाद्यान्न उपलव्ध गराउने सम्वन्धमा सन् १९९८ अप्रिलमा सम्झौता भएको थियो। सो सम्झौता अनुसारको खद्यान्न सन् १९९९ को जनवरी १४ का दिन तीन महिनाभित्र अष्ट्रेलियाबाट आयात गर्ने सम्वन्धमा एक टेण्डर स्वीकृत भयो। सो स्वीकृति प्राप्त कम्पनीले नेपाल भित्र्याएको २४ हजार ३ सय मेट्रिक टन अष्ट्रेलियन गहुँ कलकत्तामा ल्याएर प्याकिङ गर्दा रू. डेढ करोड बरावरको महंगो मूल्य नेपालले खाद्य संस्थानमार्फत् घाटा बेहोर्नुपरेको थियो। संस्थानले सो गहुँ प्रति मे. टन रू. ८ सय ५० मा वेच्ने निर्णय गरेको थियो। तर सो गहुँमध्ये १० हजार मे.टन रू. ७ सय ७५ प्रति मे.टनका दरले साल्ट ट्रेडिङलाई बेच्नु भनी श्री ५ को सरकारले ०५६ वैशाख २ गते खाद्य संस्थानलाई निर्देशन दिएको थियो। आपूर्ति मन्त्रालय तथा खाद्य संस्थानलाई विशेष दवाव दिई श्री ५ को सरकारले रू. ७ सय ७५ प्रति मे.टनमा साल्ट ट्रेडिङलाई उपलब्ध गराएको सोही गहुँ सरकारले ढुवानी खर्च सहुलियत दिई खाद्य संस्थानमार्फत् देशका विभिन्न पहाडी जिल्लामा उपलब्ध गराउने क्रममा रू. १ हजार ४ सय ३० देखि रू. १ हजार ६ सयसम्ममा बेचेको थियो।

सरकारको यस रवैयाले मित्र राष्ट्रले नेपाली जनतालाई उपलब्ध गराएको सहयोगमा करिब ४ करोड बरावरको रकमको हेरफेर भएको थियो भने नेपाली नागरिकले सुलभरूपमा प्राप्त गर्नुपर्ने सो खाद्यान्न निक्कै महंगो हुन पुगेको थियो। एक समाचारअनुसार हुम्लामा पुऱ्याइएको सोही गहुँमा कोइला, सिमेण्ट आदि समेत फेला परेको थियो।

सरकारले त्यस्तै अन्य केहि निर्णयहरू पनि यसै वर्ष गरेको थियो। आमनिर्वाचन २०५६ को कार्यक्रम सार्वजनिक भइसकेपछि तथा निर्वाचन आचारसंहिता लागू भइसकेपछि गरेका ति निर्णयहरू अन्ततः निर्वाचन आयोगको आदेशमा वदर गरिएको थियो। त्यस बाहेकका अन्य केहि निर्णयहरूप्रति अदालत, महालेखा, अख्तियार, सार्वजनिक लेखा समिति लगायतका निकायहरूले पनि आपत्ति जनाएका थिए।

सरकारले गर्ने सबै निर्णयहरू देश र जनताका लागि समान चासोका विषय नहुन सक्छन्। तर पनि सरकारले आफ्ना सवै कामहरू पारदर्शी गर्नुपर्नेमा त्यस्तो गरेको भने पाइन्न।

सन् १९९९ लाई श्री ५ को सरकारले अन्तर्राष्ट्रिय वृद्ध वर्षका रूपमा मनाउने निर्णय गरेको थियो। त्यसका लागि सरकारद्वारा यो वर्ष प्रवेशसँगै महिला तथा समाज कल्याण मन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय मूल समिति गठन गरिएको थियो भने ७५ वटै जिल्लामा जिल्ला विकास समितिका सभापतिहरूको अध्यक्षतामा अन्तर्राष्ट्रिय वृद्ध वर्ष जिल्ला समितिको गठन गरेको घोषणा गरेको थियो।

जलस्रोत मन्त्रालयको ०५५ पुस १७ गतेको एक बैठकले पंचेश्वर बहुउद्देश्यीय आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गर्ने सम्वन्धमा प्राविधिक पक्षहरूलाई समेत हालसम्म भए/गरेका प्रगतिको पुनरावलोकन गर्ने निर्णय गरेको थियो। डिपिआर तयार गर्ने सम्बन्धमा भएका प्रयासहरूमा देखिएका समस्याहरूलाई राजनीतिक स्तरमा पहल गरी यथाशीघ्र समाधान गर्नुपर्ने, डिपिआर सम्वन्धमा नेपालले सम्पन्न गर्नुपर्ने अध्ययन/अनुसन्धान तथा सर्वेक्षण जस्ता कार्यक्रम बजेटको अभावमा गर्न नसकिने हुँदा त्यस्ता अत्यावश्यक कार्यहरू तत्काल शुरू गर्नका लागि जलस्रोत मन्त्रालयको कुनै पनि वचत रकमवाट पछि हिसाव मिलाउने गरी तत्काललाई रू. १ करोड ५० लाख निकाशा दिने व्यवस्था मिलाउने र डिपिआर तयार गर्ने सम्बन्धमा हालसम्म भए/गरेका प्रयासहरूको अद्यावधिक विस्तृत विवरण संचार माध्यमहरूलाई उपलब्ध गराउने निर्णय गरेको थियो।

किसानलाई सहुलियत प्रदान गर्न र मोहीले कमाएको जग्गा रैतान नम्बरीमा परिणत गरी मोहीहरूलाई जग्गाधनी बनाउन प्रोत्साहन गर्ने नीतिअनुरूप बक्यौता कुतमा ७५ प्रतिशत मिनाहा दिई बाँकी रकम असूल गर्ने निर्णय पनि सरकारले यसै वर्ष गऱ्यो। ०५५ पुस १८ गते जारी गरेको सार्वजनिक सूचना अनुसार देशभरिमा गुठीको जग्गा कति छ ? नापी कति दर्ता छ भन्ने विवरण तयार गर्ने सम्बन्धमा पनि सम्बन्धित निकायहरूलाई निर्देशन दिएको थियो।

स्थानीय निकायलाई अधिकार सम्पन्न गर्दै लैजाने नीति अनुरूप ०५६ वैशाख ६ गतेदेखि श्री ५ को सरकारले स्थानीय स्वायत्त शासन ऐन लागू गरेको थियो। त्यस ऐनले पनि स्थानीय निकायको अपेक्षालाई समेट्न नसकेको गुनासो उठिरहेकै अवस्थामा ०५६ पुस १९ गते श्री ५ को सरकारले स्थानीय स्वायत्त शासन नियमावली (आर्थिक) समेत घोषणा गऱ्यो। तर यो नियमावली ऐनको विरूद्ध रहेको तथा ऐनको मर्म र आशयलाई पुरै लत्याएको आरोप जिल्ला विकास महासंघले लगाएको छ। यस नियमावलीले स्थानीय निकायहरूमा निर्वाचित पदाधिकारीहरूको पारिश्रमिक सम्बन्धी व्यवस्था पनि गरेको छ।

सरकारले खेलकूदको क्षेत्रलाई विकास गर्न र खेलाडीलाई प्रोत्साहित गर्ने नीतिअनुरूप यसै वर्ष विभिन्न अन्तर्राष्ट्रिय खेलहरूमा पुरस्कार पाउने खेलाडीलाई सरकारको तर्फबाट थप पुरस्कारको व्यवस्था गर्ने निर्णय गऱ्यो। जसअनुसार ओलम्पिक खेलमा स्वर्ण पदक पाउनेलाई रू. ८ लाख, रजत पदक पाउनेलाई रू. ६ लाख र काँस्य पदक पाउनेलाई ४ लाख रूपैयाँ दिने भएको छ। त्यस्तै एशियाली खेलकूदमा क्रमशः ४ लाख, ३ लाख र डेढ लाख रूपैयाँ तथा दक्षिण एशियाली खेलकूदमा पनि क्रमशः डेढ लाख, १ लाख र ५० हजार रूपैयाँ सरकारले उपलब्ध गराउने भएको छ।

नेपाल-भारतबीच भएका सन्धि-सम्झौताहरूको नवीकरण तथा थप परिभाषा आदि गर्ने जस्ता काम पनि सरकारले गर्ने गरेको छ। यसैक्रममा यो वर्ष नेपाल-भारतबीच पारवहन सन्धि नवीकरण भयो। ०५५ पुस २१ गते श्री ५ को सरकार र भारत सरकारबीचको ७ वर्षीय पारवहन सन्धि नवीकरणमा नेपालको तर्फबाट वाणिज्य मन्त्री पूर्णबहादुर खड्काले र भारतको तर्फबाट भारतका वाणिज्य मन्त्री रामकृष्ण हेगडेले हस्ताक्षर गर्नुभयो। हरेक ७-७ वर्षमा नवीकरण गरिने सो सन्धि आगामी सन् २००६ सम्म कायम रहनेछ।

सरकारले विद्युतीय संचार माध्यमहरूमा रहेको नियन्त्रणलाई फुक्का गर्दै लगेको छ। त्यस क्रममा नेपाल टेलिभिजनमा पनि निजी क्षेत्रबाट प्रशारण शुरू गरिएको छ भने एफ.एम. रेडियो सेवा राजधानी र अन्य क्षेत्रमा पनि शुरू गरिएको छ।

सरकारले समय-समयमा आफ्नो कार्यकारी अधिकारको अधिनमा रही मन्त्रीपरिषद्स्तरीय निर्णयहरूबाट र मन्त्रीस्तरीय निर्णयहरूबाट विभिन्न नीति निर्माणहरू गर्ने गर्दछ। त्यस क्रममा विभिन्न सरकारी निकायका प्रमुखहरूको नियुक्ति आदि पनि पर्दछन्। सरकारले गर्ने त्यस्ता कतिपय निर्णयहरू सरकार प्रमुखका रूपमा रहने प्रधानमन्त्री वा मन्त्री परिषद्को सिफारिसमा श्री ५ बाट पनि घोषणा हुने गर्दछ। त्यस्ता घोषणाहरू संविधानअनुसार तोकिएबमोजिम हुने गर्छ।

देशका विभिन्न क्षेत्रका समस्याहरूका सम्बन्धमा सुझाव तथा राहतका लागि पनि सरकारले विभिन्न कार्यहरू गर्ने गर्दछ। त्यस्ता कार्यहरूमा विभिन्न दैवी विपत्ति पीडितहरूलाई राहत, क्षतिपूर्ति आदि हुन्छन्। देशको सुकुम्बासी समस्या समाधान गर्न विभिन्न जिल्लामा कार्यरत् सुकुम्बासी समितिहरू भंग गरेकोमा पुनः केन्द्रीय समितिसमेत गठन गरी जिल्ला समितिहरू गठन गर्ने काम जारी राखेको छ। सरकारले यो समस्या समाधानका लागि प्रत्येक जिल्लामा एक कार्य सम्पादन समिति पनि गठन गरेको थियो।

जनताको स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउनबाट जोगाउने उद्देश्यले सरकारले यसै वर्ष विद्युतीय संचार माध्यमहरूमा सूर्ती र मदिराजन्य विज्ञापनमा रोक लगायो। उक्त निर्णय श्री ५ को सरकारले ०५५ फागुन ७ गतेदेखि लागू हुने गरी गरेको थियो। सरकारको यो निर्णयलाई जनउत्तरदायी कार्यका रूपमा गणना गरिएको छ।

श्री ५ को सरकारले ०५५ माघ १ गते दुर्गम क्षेत्र विकास समिति गठन आदेश ०३३ को दफा (३) उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी विभिन्न ६ वटा जिल्लाका मनोनित सदस्यहरूको हेरफेर गरेको थियो।

श्री ५ को सरकारले नेपाल अधिराज्यको संविधान २०४७ को भावना र मर्मअनुसार नेपाल अधिराज्यभित्र बसोबास गर्ने विभिन्न जनजातिको आर्थिक, सामाजिक एवं सांस्कृतिक विकास गराउने उद्देश्यले ०५४ सालमा स्थापना भएको राष्ट्रिय जनजाति विकास समिति (गठन) आदेश ०५४ बमोजिम जनजातिहरूको अनुसूची ०५६ वैशाख १० गते स्वीकृत गरेको थियो। उक्त अनुसूचीमा हाल ६१ जनजातिहरू समावेश गरिएका छन्।

श्री ५ को सरकारको निर्णयबमोजिम स्वीकृत भएका जनजातिहरूको अनुसूचिमा किसान, कुमाल, कुसवाडिया, कुसुण्डा, गनगाई, गुरूङ, चितमन, चेपाग, छन्त्याल, छैरोतन, जिरेल, झाँगड, ठिनतन, डोल्पो, ताङ्बे, ताजपुरिया, तामाङ, तोप्केगोला, थकाली र थामी जनजाति परेका छन्। त्यसै गरि थारू, थुदम, दनुवार, दराई, दुरा, धानुक, धिमाल, पहारी, नेवार, फि, वनकरिया, बरामो, बोटे, बगाउले, व्यासी, भूजेल/घर्ती, भोटे, मगर, मनाङ्गे र माझी जनजाति पनि सो अनुसूचीमा सम्मिलित छन्। सो अनुसूचीमा मार्फाली, मुगाली, मेचे, राई, राउटे, रजी, राजवंशी (कोच), लार्के, लिम्बू, लेप्चा, ल्होमा, ल्होमी, शेर्पा, सतार/सन्याल, सियार, सुनुवार, सुरेल, स्यांगतान, हायू, होलुङ र ध्यात्मो जनजातिहरू पनि रहेका छन्।

श्री ५ को सरकारले ०५६ वैशाख १३ गते पूर्व प्रधानमन्त्री स्व. मनमोहन अधिकारीको अन्त्येष्टी राजकीय सम्मानका

साथ गर्ने निर्णय गरेको थियो। स्व. अधिकारीको निधनपश्चात् श्री ५ को सरकारले वैशाख १३ गते देखि ३ दिनसम्म अधिराज्य भरका सरकारी कार्यालयहरू, विदेशस्थित शाही नेपाली राजदूतावासहरू र नियोगहरूमा राष्ट्रिय झण्डा आधा झुकाउने र ०५६ वैशाख १४ गते सार्वजनिक बिदा दिने निर्णय गरेको थियो। त्यस्तै वैशाख १४ र १५ गतेका दिन परराष्ट्र मन्त्रालय र विदेश स्थित शाही नेपाली राजदूतावास एवं नियोगहरूमा शोक पुस्तिका राख्ने व्यवस्था पनि गरेको थियो। सरकारले रेडियो नेपाल र नेपाल टेलिभिजनबाट स्व. अधिकारीको शव यात्राको प्रत्यक्ष प्रशारण गर्ने निर्णय पनि गरेको थियो।

श्री ५ बाट ०५६ जेठ १७ गते नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को उपधारा (१) बमोजिम ०५६ साल असार ६ गते संसदको सोह्रौं अधिवेशन आह्वान गरिएको थियो।

श्री ५ को सरकार मन्त्री परिषद्को ०५६ जेठ २७ गतेको निर्णय अनुसार नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक देवीप्रसाद बाँस्तोलालाई अवकाश दिई सोही पदमा सोही मितिदेखि लागू हुने गरी डा. भोला चालिसेलाई बढीमा दुई वर्षका लागि नियुक्त गरिएको थियो। यस निर्णयका सम्बन्धमा निक्कै विवाद सार्वजनिक भएको थियो। अवकाश दिइएका पूर्व निर्देशक बाँस्तोलाले सरकारको निर्णय अनुसार विद्युत महसुल नतिर्ने ग्राहकहरूको लाइन काट्ने क्रममा तत्कालीन जलस्रोत मन्त्रीको निवासको लाइन समेत काटिए पछि उक्त कारवाही गरिएको थियो भन्ने चर्चा व्याप्त रह्यो।

श्री ५ को सरकारले १८ वटा दुर्गम जिल्लाका तोकिएका सार्वजनिक विद्यालयहरूमा कक्षा १ देखि ५ कक्षासम्ममा अध्ययन गर्ने सम्पूर्ण छात्र-छात्राहरूलाई शैक्षिक सत्र ०५६/५७ देखि कुपन प्रथाको आधारमा निशुल्क पाठ्यपुस्तक वितरण गर्ने व्यवस्था गरेको घोषणा गर्‍यो। त्यस्तै आगामी शैक्षिक सत्रदेखि देशभरिकै सार्वजनिक विद्यालयहरूमा कक्षा १ देखि ३ सम्म अध्ययन गर्ने छात्रछात्रा तथा ४ र ५ कक्षामा अध्ययन गर्ने छात्राहरूलाई सोही आधारमा निशुल्क पाठ्यपुस्तक उपलब्ध गराइने भएको छ। सरकारले यस कार्यलाई आर्थिक वर्ष ०५६/५७ को बजेटमा पनि थप व्यवस्थित गर्ने जनाएको छ।

सरकारले देशका विभिन्न जिल्लाहरूमा रहेका गैरसरकारी संस्थाहरूको नविकरण गर्ने काममा यस वर्ष बाधा अवरोध खडा गर्‍यो। धेरै जिल्लाका जिल्ला प्रशासन कार्यालयहरूले विगतमा दर्ता भई नियमानुसार प्रक्रिया पुर्‍याएर नविकरणका लागि निवेदन दिएका संस्थाहरूको समेत दर्ता नविकरण गर्न नमानेपछि गैरसरकारी संस्था महासंघले त्यस कार्यको विरोध गर्दै सरकारको ध्यानाकर्षण गरेको थियो। उक्त समस्या काठमाडौंमा दर्ता भएका संस्थाहरूलाई पनि परेको थियो। तर ०५५ फागुन ६ गते गृह मन्त्रालयले कुनै पनि जिल्ला प्रशासन कार्यालयहरूले सरकारी संस्थाहरू नविकरण गर्ने कार्यमा पक्षपातपूर्ण व्यवहार नगरेको जनाएको थियो।

गत वर्ष नै सम्पन्न गर्नुपर्ने जिल्ला विकास समितिको निर्वाचन माओवादी "जनयुद्ध" प्रभावित जिल्लाहरूमा सम्पन्न हुन सकेको थिएन। त्यसरी स्थगित भएका रूकुम, रोल्पा, सल्यान र जाजरकोट जिल्लाको जिल्ला विकास समितिको निर्वाचन ०५५ माघ ३ गते सम्पन्न भयो।

यस वर्षको अन्त्यतिर काठमाडौं-दिल्ली उडानमा रहेको इण्डियन एयरलाइन्सको एयर बस आईसी ८१४ अपहरण भयो। ०५६ पुस ९ गते काठमाडौंबाट दिल्ली जान उडेको सो विमान अपहरणकारीहरूले ११ जना विमान चालक दल तथा १ सय ७८ यात्रुसहित दुबई हुँदै अफगानिस्तानको कान्दाहार विमानस्थलसम्म पुर्‍याएका थिए। अपहरित विमानलाई ८ दिनपछि मुक्त गरिएको थियो। यस घटनाका सम्बन्धमा छानवीन गर्न गठित समितिले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा व्यवस्थामा कहीं न कहीं त्रुटि भएको कुरा आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ। यस घटनापछि भारतले नेपालको विमान स्थलको सुरक्षा व्यवस्थालाई कमजोर मान्दै पूर्ण सुरक्षित भएको विस्वस्त प्रमाण नभएसम्मका लागि नेपालका लागि आफ्नो हवाई सेवा बन्द गरेको छ। यस घटनाले नेपालको पर्यटन क्षेत्रमा ठूलो हानी पुर्‍याएको छ।

सरकारले गर्ने कामका प्रकृतिहरू फरक फरक हुन्छन्। देशको शान्ति सुरक्षा सरकारको प्रमुख दायित्व हो। प्रथम प्राथमिक उत्तरदायित्वहरू, विशेष कार्यक्रमहरू र नियमित कार्यक्रमहरू सरकारले सम्पन्न गर्छ। यो वर्ष सरकारले केही कार्यक्रमहरूलाई आफ्ना उपलब्धिका रूपमा लिएको थियो। ती उपलब्धीहरूमा काठमाडौंबाट डिजेल टेम्पो हटाउने निर्णय, वरिष्ठताका आधारमा सचिवहरूको नियुक्ति, निजामती सेवा नियमावलीको संशोधन, कर्मचारीलाई ग्रेड मिलान र रू. तीन सय भत्ता थप, अघिल्लो बजेटको खर्च विवरण पेश गर्ने परम्पराको थालनी, सेनाको महंगो विमान किन्ने योजनाको स्थगन र भ्याटको कार्यान्वयन आदिलाई लिइएको छ।

बजेट र कार्यक्रम

श्री ५ बाट ०५६ असार १७ गते संसदको सोह्रौं अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्दै श्री ५ को सरकारको विकास प्रयास, योजना र कार्यक्रमको सम्बन्धमा उल्लेख भयो। श्री ५ को सरकारको नीति र कार्यक्रमका रूपमा लिइने श्री ५ को उक्त सम्बोधनमा गरिबी निवारण, जनताको आयवृद्धि, रोजगारी बढाउने तथा आर्थिक एवं सामाजिक क्षेत्रमा व्याप्त भेदभाव र असमानता हटाउने विभिन्न नीति र कार्यक्रमहरू कार्यान्वयन गर्न श्री ५ को सरकार प्रतिवद्ध छ भन्ने कुरामा जोड दिइएको थियो।

श्री ५ बाट प्रस्तुत श्री ५ को सरकारको नीति र कार्यक्रममा राजनीतिक स्थिरता, सुशासन, सचेत नागरिक समाज र शान्तिपूर्ण प्रजातान्त्रिक अभ्यासद्वारा नेपाललाई आगामी शताब्दीको प्रथम चरणमा नै समुन्नत र समतामूलक राष्ट्रको रूपमा विकसित गर्ने दिशामा नयाँ जनादेश प्राप्त सरकारले अझ बढी बलियो आधारशीला तयार गर्ने कुरा पनि उल्लेख थियो।

सोही सम्बोधनमा देशका उत्पीडित, दलित, आदिवासी, जनजाति तथा महिलाहरूको हक-हित सम्वर्द्धन गर्न र जीवनस्तर उठाउन विकास निर्णयहरूमा उनीहरूको सहभागिताको लागि ठोस नीति र कार्यक्रम लागू गरिनुका साथै देशमा विद्यमान सुकुम्बासी समस्या र कमैयाहरूको समस्या समाधान गर्न श्री ५ को सरकारले समयवद्ध कार्यक्रम ल्याउने कुरामा पनि जोड दिइएको थियो। श्री ५ बाट भ्रष्टाचार निवारण गर्ने निकायहरूको भूमिकालाई स्वच्छ र प्रभावकारी पार्नुका साथै त्यस सम्बन्धी विद्यमान ऐन, नियम र कार्यविधिमा समसामयिक सुधार थालिने कुरा उल्लेख भएको थियो।

जलस्रोतको विकास राष्ट्रिय समृद्धिको आधार भन्ने मान्यता अन्तरगत रही श्री ५ को सरकारले यस क्षेत्रको समष्टिगत विकासका लागि राष्ट्रिय सहमतिका आधारमा एक राष्ट्रिय नीति तर्जुमा गर्ने र जलविद्युत आयोजनाहरूको विकासमा आन्तरिक तथा बाह्य नीजि पूँजी लगानी आकर्षण गर्न विद्यमान नीति र कानूनमा समसामयिक सुधार गरिने विधेयक संसदमा प्रस्तुत गरिनेछ भन्ने कुरा पनि श्री ५ को सम्बोधनमा उल्लेख थियो।

तर श्री ५ को सरकारको उक्त नीति तथा कार्यक्रममा देशको आर्थिक तथा सामाजिक समस्या समाधान गर्ने कुनै ठोस कार्यक्रम आउन नसकेको, गरिबी निवारणलाई केवल नारामा मात्र सीमित गरिएको तथा रोजगारमूलक उद्योग स्थापना सम्बन्धी कुनै कार्यक्रम आउन नसकेको, सुकुम्वासी, कमैया, नागरिकता, कालापानी, महाकाली आयोजना जस्ता राष्ट्रिय महत्वका विषयमा स्पष्ट नभएको जस्ता आरोपहरू प्रतिपक्षहरूले लगाएका थिए।

यस वर्षको बाढी पहिरो लगायत्का प्राकृतिक प्रकोपमा परी दिवंगत भएका मृतकका परिवारहरूलाई प्रति मृतक रू. १० हजार आर्थिक सहायता उपलब्ध गराउने निर्देशन श्री ५ को सरकारले सम्बन्धित प्रमुख जिल्ला अधिकारीहरूलाई दिएको थियो।

अर्थमन्त्री महेश आचार्यले ०५६ असार २७ गते संसदको दुवै सदनको संयुक्त बैठकमा आर्थिक वर्ष ०५६/५७ को लागि रू. ७७ अर्ब, २३ करोड, ८२ लाख, ३६ हजारको अनुमानित आयव्यय प्रस्तुत गर्नुभयो।

प्रस्तुत बजेटमा साधारणतर्फ रू. ३५ अर्ब ३८ करोड ६३ लाख ३२ हजार र विकासतर्फ रू. ४१ अर्ब ८५ करोड १८ लाख ९४ हजार रहेको छ। राजस्वको वर्तमान स्रोतबाट रू. ४१ अर्ब ५८ करोड ८६ लाख ८० हजार संकलन गर्ने लक्ष्य राखिएको र परिवर्तन तथा प्रशासनिक सुधारबाट २९ करोड ३० लाख ६७ हजार संकलन गरिने पनि अर्थमन्त्रीले बजेट भाषणमा जानकारी गराउनुभयो। सोही बजेटमा वैदेशिक सहायताबाट रू. ८ अर्ब ६५ करोड ५३ लाख ५७ हजार प्राप्त गर्ने लक्ष्य राखिएको थियो।

त्यसैगरी न्यून पूर्ति गर्ने स्रोतहरूमा वैदेशिक ऋणतर्फ द्विपक्षीय र बहुपक्षीय गरी रू. १८ अर्ब ५६ करोड ४१ लाख ४ हजार र आन्तरिक ऋणतर्फ बैंकिङ क्षेत्र र गैर बैंकिङ क्षेत्रबाट गरी रू. १ अर्ब ५० करोड परिचालन गर्ने लक्ष्य राखिएको थियो।

सरकारले प्रस्तुत गरेको सो बजेटमा आगामी आर्थिक वर्षदेखि "गरीवसँग विश्वेश्वर" नामक एउटा राष्ट्रव्यापी गरिबी निवारण कार्यक्रम थालनी गर्ने कुरामा विशेष जोड दिइएको थियो। सो कार्यक्रम अन्तरगत पहिलो वर्ष प्रत्येक निर्वाचन क्षेत्रबाट १०० अति विपन्न परिवार पहिचान गरी २० हजार ५०० परिवारलाई आफ्नो घर आय आर्जनका लागि काम वा पशुधन, केटाकेटीका निम्ति शिक्षा र स्वास्थ्य सुविधा एकीकृत रूपमा उपलब्ध गराउन सक्ने बनाउन ५ प्रतिशत व्याजमा प्रत्येक विपन्न परिवारलाई क्रमिक रूपमा रू. ३० हजार ऋण सुविधा उपलब्ध गराउने र आगामी ५ वर्ष भित्र त्यस कार्यक्रमबाट देशभरिका २ लाख विपन्न परिवारलाई गरिबीको दुश्चक्रबाट मुक्ति दिलाइने लक्ष्य रहेको छ।

सरकारले आगामी आर्थिक वर्ष गरिबी निवारणको कार्यक्रममा स्रोत साधन र संस्थागत क्षमताको विकास गर्न "गरिबी निवारण कोष" स्थापना गरी साना सडक, कुलो जस्ता उत्पादन वृद्धिका परिपुरक पूर्वाधारहरूको निर्माणका साथै सहकारी मार्फत् बजार व्यवस्था, प्रशिक्षण कार्यक्रमहरू र लघु कर्जाको लागि यस कोषको साधन उपयोग गरी छरिएका गरिबी निवारणका कार्यक्रमहरूलाई यसै कोष मार्फत् एकीकृत र समन्वित गरिने कार्यक्रम ल्याएको छ। सरकारले बजेट वक्तव्य मार्फत् ल्याएका अन्य कार्यक्रमहरूमा गत वर्ष विशेष क्षेत्र विकास कार्यक्रम मुलुकका २५ जिल्लामा लागू गरिएको विषयलाई उपलब्धिपूर्ण ठान्दै गरीब किसानको हित प्रवर्द्धन गर्न आगामी वर्षदेखि साना किसान तथा सहकारी बैंकको स्थापना, कृषि विकास बैंकले लिएका सुधार कार्यक्रमलाई निरन्तरता दिइने, सहकारीको माध्यमबाट लाभ लिइने, बाली बिमाको कार्य प्रारम्भ गर्ने, पशुधन कार्यक्रमलाई गाउँघरसम्म पुर्‍याउने, कृषकलाई पूर्व सहकारी तथा व्यवसायिक तालिम दिइने, सुकुम्बासी समस्या समाधानमा कार्य क्षेत्र किटान गरिने नीति र कार्यक्रम रहेको कुरा सार्वजनिक गरेको थियो।

सरकारले निम्न आय भएका व्यक्ति तथा परिवारलाई रू. ५० हजार र रू. १० हजारसम्मको आयकर नलाग्ने, तत्कालीन उपायका लागि लगाइएको १० प्रतिशत अतिरिक्त कर घटाई ५ प्रतिशत गरिएको र साना करदाताका लागि कायम रहेको रू. ७ लाख कारोबारको सीमालाई वृद्धि गरी रू. ८ लाख गरेको थियो। सरकारले यसै वर्षदेखि ७५ वर्ष नाघेका वृद्ध, विधवा र असाहयलाई दिइँदै आएको मासिक रू. १ सयलाई अन्तर्राष्ट्रिय वृद्ध वर्षको सम्मान गर्दै रू. १ सय ५० उपलब्ध गराउने घोषणा गर्‍यो।

माओवादी जनयुद्ध नियन्त्रण गर्ने उद्देश्यले सरकारले यसै वर्षदेखि हिंसा र हत्या आतंकको गलत बाटो त्यागेर संविधान र कानूनसम्मत ढंगले सामान्य र शान्तिपूर्ण जीवनमा फर्किन चाहने, हतियार सहित आत्म समर्पण गर्ने व्यक्तिहरूलाई जीवन यापन गर्न आर्थिक सहयोग र संरक्षण कार्यका लागि "गणेशमान

सिंह शान्ति अभियान" अन्तरगत पुनर्स्थापना कार्यक्रम शुरू गऱ्यो।

सरकारले आर्थिक अवस्था कमजोर भएका र सामाजिक दृष्टिले पिछडिएका समुदायका २ लाख २५ हजार छात्राहरूलाई आगामी पाँच वर्षभित्र छात्रवृत्ति प्रदान गर्ने लक्ष्य हासिल गर्न यसै वर्षदेखि उपयुक्त कार्यक्रम संचालन गर्ने कुरा जनाएको थियो। त्यस्तै पिछडिएका जनजाति, दलित वर्ग र अपाङ्गहरूलाई उच्च शिक्षाको अवसर प्रदान गर्न छात्रवृत्तिको व्यवस्था गरिने तथा समाज कल्याण परिषद्‌द्वारा स्वरोजगार सृजना गर्ने उद्देश्यले अन्धा, बहिरा र शारीरिक अपाङ्गहरूका लागि विना धितो प्रतिव्यक्ति रू. २० हजारसम्मको लघु कर्जा प्रदान गर्ने कार्यक्रमलाई अघि बढाइने कुरा पनि यसै वर्षदेखि प्रारम्भ गरिने जनायो। त्यस्तै यसै वर्षदेखि सरकारले १८ हजार युवा युवतीहरूलाई स्वरोजगार सृजना हुने व्यवसायिक प्रशिक्षण दिनका लागि २ महिना स्वरोजगार खोजी भत्ता समेत उपलब्ध गराइ उत्पादनशिल काममा लाग्न प्रेरित गर्ने तथा प्रशिक्षण प्राप्त युवा युवतीहरूलाई आफ्नो व्यवसाय गर्न बैंकबाट सहुलियत रूपमा कर्जा समेत दिने व्यवस्था गरिने कार्यक्रम लागू गर्ने जनायो।

सरकारले यो वर्ष एक जना राष्ट्रिय विभुतिको घोषणा गऱ्यो। ०५६ मंसिर २ गतेको मन्त्री परिषद्‌को बैठकले नेपाल संवत्‌का प्रणेता भनेर चिनिने शंखधर शाक्यलाई राष्ट्रिय विभूति घोषणा गरेको हो। सरकारको यो घोषणाले उचित औचित्य र पुष्टि गर्न नसकेको टिप्पणी गरियो।

सरकारले कमैया प्रथालाई अन्त्य गर्ने उद्देश्यले यसै आर्थिक वर्षमा कमैया ऋण मोचन कोषको स्थापना गरी रू. ५ करोड जम्मा गर्ने र त्यसबाट कमैयाको ऋण तिरिदिने नीति अघि साऱ्यो। सरकारको यस नीतिले कमैया मुक्ति संभव नभई वर्षौं देखि उचित ज्याला विना काम गर्दै आएका शोषित कृषि मजदुरहरूको ऋणको वैधानिकता हुने र जमिन्दारहरू नै लाभान्वित हुने भनी सर्वत्रबाट विरोध आएपछि सरकारले उक्त कार्यक्रम लागू गर्न नसकी वैकल्पिक उपायहरू खोज्न थालेको छ। सरकारको यस कार्यक्रमलाई प्रतिनिधि सभा सार्वजनिक लेखा समितिले पनि अव्यवहारिक भएकाले त्यसको विकल्प खोज्न निर्देशन दिएको थियो।

कमैया मुक्तिको अर्को अभियान कमैया वृत्ति विकास कार्यक्रम भने अहिले पनि चालु अवस्थामा नै छ। कमैयाहरूलाई आयमूलक व्यवसायिक तालिम उपलब्ध गराई रोजगार दिलाउने सो कार्यक्रमबाट तालिम प्राप्त २१ जनाले रू. १ लाख १४ हजार बराबरको ऋण तिरेको कुरा भूमिसुधार कार्यालय, बर्दियाका दण्डपाणी पौडेलले केही पहिले मात्र बताउनु भएको छ। उहाँको यो कथनले पनि कमैयाहरूको नाममा जमिन्दारहरूले लगाएको ऋणको वैधानिकता दिएको छ भने श्रमिकहरूले आफ्नो न्युनतम पारिश्रमिक समेत जमिन्दारलाई नै बुझाउनु परेको छ।

आमनिर्वाचन ०५६

निष्पक्ष, धाँधली रहित र स्वतन्त्र रूपमा आम निर्वाचन सम्पन्न गराउने प्रतिबद्धता जाहेर गर्दै गठन भएको नेपाली कांग्रेस र नेकपा (एमाले) सम्मिलित सरकारले दुई चरणमा निर्वाचन सम्पन्न गऱ्यो। तर पनि निर्वाचन अपेक्षाअनुसार वा प्रतिबद्धता जनाइएअनुसार भने सम्पन्न हुन सकेन। निर्वाचनलाई दुई चरणमा सम्पन्न गर्ने निर्णयप्रति तत्कालीन अवस्थामा सरकारमा रहेको पार्टीद्वारा नै विरोध भएको थियो। निर्वाचनका दिन मात्र १५ जना भन्दा बढी व्यक्ति निर्वाचनकै निहुँमा मारिए भने विभिन्न बुथहरू कब्जा गरिएको थियो। त्यसरी अनियमितता भएका कारण निर्वाचन आयोगले ७० भन्दा बढी मतदान केन्द्रमा पुनः मतदान गरायो। निर्वाचनकै क्रममा नेकपा (माओवादी) जनयुद्धको बहानामा पनि केही व्यक्तिहरू मारिएका थिए भने ठूलो संख्यामा सर्वसाधारण नागरिकहरू घाइते भएका थिए। निर्वाचनका क्रममा सरकारले पूर्ण शान्ति सुरक्षा प्रदान नगर्न नसकेका जिल्लाहरूमा सुनसरी, सिराहा, धनुषा, महोत्तरी, रौतहट, बारा, पर्सा, धादिङ, दाङ, कंचनपुर आदि थिए। निर्वाचनकै दिन सिराहामा नेकपा (एमाले) का सांसद वीरबहादुर लामा, धादिङमा एमालेकै उम्मेदवार एकबहादुर राना मगर र कंचनपुरमा पूर्वमन्त्री तथा नेकपा (माले) का उम्मेदवार भोजराज जोशी घाइते भएका थिए।

महोत्तरी जिल्लामा पर्सा देवाड र गैंडा भेडपुर गाविसमा निर्वाचनमा महिलाहरूले भाग लिन नपाउने पुरानो प्रचलन यस वर्ष पनि पूर्ण रूपमा तोडिएन। त्यहाँका महिलाहरूले आफ्नो मताधिकार रक्षा गरी पाउँ भनी प्रमुख जिल्ला अधिकारी देखि प्रधानमन्त्री समेतलाई निवेदन दिएका थिए। प्रधानमन्त्रीले त्यहाँका महिलाहरूलाई मतदान गर्ने अवसरबाट बंचित हुन नदिने कुरा पनि गर्नु भएको थियो तर अन्ततः त्यहाँका अधिकांश महिलाहरू महिला भएकै कारण मतदानबाट वञ्चित गराइए। पर्सा देवाड गाविसका १ हजार ३ सय जति महिला मतदाताहरूमध्ये ३ सयले मात्र मतदानमा भाग लिन पाएका थिए भने गैंडा भेडपुरमा पनि १ हजार ४ सयजति महिला मतदाता मध्ये १२ जनाले मात्र मतदानमा भाग लिन सके। पर्सा देवाड गाविसमा महिलाहरूले मतदानमा भाग लिन थालेपछि उत्पन्न विवाद नियन्त्रण गर्न प्रहरीले हवाई फायर समेत गऱ्यो भने केही समय मतदान पनि स्थगित गरिएको थियो।

निर्वाचन घोषणा भइसकेपछि तथा निर्वाचन आचार संहिता लागू भइसकेपछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले ०५५ माघ १० गते राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय भवनको उद्‌घाटन गर्नुभयो। सो सम्बन्धी समाचार सरकारी संचार माध्यमहरूमा प्रशारण भइसकेपछि सो कार्य निर्वाचन आचारसंहिता विपरित भएकाले आइन्दा आचार संहिता विपरित त्यस्तो उद्‌घाटन कार्य कसैबाट पनि हुन नदिन व्यवस्था गर्नका लागि समेत श्री ५ को सरकारलाई निर्वाचन आयोगले ध्यानाकर्षित गराएको थियो।

आमनिर्वाचन सम्पन्न गर्न श्री ५ महाराजाधिराज सरकारबाट संवैधानिक परिषद्को सिफारिसमा नेपाल अधिराज्यको संविधान ०४७ बमोजिम निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त पदमा विष्णुप्रताप शाहलाई ०५६ वैशाख १४ गतेदेखि पुनः नियुक्त गरियो। त्यसअघि पनि उहाँ प्रमुख निर्वाचन आयुक्त नै रहनुभएको थियो। केन्द्र तथा जिल्ला स्तरमा निर्वाचन प्रयोजनका लागि आवश्यक पर्ने कर्मचारीहरूको विभिन्न निकायहरूसँग समन्वय गरी व्यवस्थापनसम्बन्धी काम मिलाउन सरकारले ०५५ माघ १७ गते "निर्वाचन कर्मचारी व्यवस्थापन सेल" को गठन गरेको थियो। त्यस्तै गरी आमनिर्वाचनको सन्दर्भमा संचालित हुने विभिन्न गतिविधिहरूको अनुगमन गर्न, निर्वाचन व्यवस्थापनका सन्दर्भमा आवश्यक समन्वयात्मक कार्य सम्पादन गर्न गृह सचिवको संयोजकत्वमा ०५५ माघ ११ गते सरकारले महानिर्वाचन केन्द्रीय अनुगमन समिति पनि गठन गऱ्यो।

यस आम निर्वाचनमा नेपाली कांग्रेसले बहुमत ल्याई सरकार बनाउन त सफल भयो। तर निर्वाचनमा व्यापक धाँधली गरेर निर्वाचनमा बहुमत ल्याउन सफल भएको आरोप चुनावी सरकारमा संलग्न नेकपा (एमाले) लगायत्का अन्य पार्टीहरूले पनि लगाएका थिए। निर्वाचनमा भएको धाँधली आदिको सम्बन्धमा छानबिन गरिनुपर्छ भन्ने माग प्रतिपक्षी दलहरूबाट चर्को रूपमा उठेपछि संसदमा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरूबीच सहमति भई विगतका चुनावहरूको मूल्यांकन र अनुभवबाट आगामी निर्वाचनलाई कसरी व्यवस्थित, स्वतन्त्र, निष्पक्ष र धाँधली रहित गर्ने भन्ने विषयलाई लिएर प्रधानमन्त्रीको संयोजकत्वमा एक सर्वदलीय समिति गठन भएपछि संसदमा उत्पन्न विवाद साम्य भएको थियो।

श्री ५ को सरकारले अधिराज्यका विभिन्न जिल्लामा आगलागीमा परी ध्वस्त भएका घरहरू निर्माण गर्न त्यस्ता आगलागीपीडित घर परिवारहरूलाई राहतस्वरूप जिल्ला दैवी प्रकोप उद्धार समितिको सिफारिसमा ४ फिटसम्म गोलाईका काठ नियमानुसारको रोयल्टी लिई उपलब्ध गराउँदै आएकोमा सो आकारको काठले मात्र आगलागी पीडितहरूको आवश्यकता र माग पूर्ति हुन नसक्ने देखिएकाले हालको आवश्यकताअनुसार ६ फिट गोलार्द्धसम्मका काठहरू टि.सि.एन.ले उक्त संस्थान कार्यरत् जिल्लाहरूमा संस्थानमा मौज्दात रहेको काठमध्येबाट उपलब्ध गराउनुपर्ने थियो।

श्री ५ को सरकारले ०५५ फागुन २४ गते गरेको उक्त निर्णयअनुसार आपूर्ति मन्त्रालयले संस्थानमा सो काठ नभएमा जिल्ला वन कार्यालयले टिसिएनलाई उपलब्ध गराउने, टिसिएन नभएको जिल्लामा जिल्ला वन कार्यालयले नै उपलब्ध गराउने भनी निर्णय गरेको कुरा ०५६ चैत १६ गते सार्वजनिक गरेको थियो।

तर मन्त्री परिषद्ले ०५५ फागुन २४ गते गरेको सो निर्णयअनुसार टिसिएनसँग मौज्दात रहेको काठको मूल्य तोक्ने निर्णयलाई निर्वाचन आयोगले आमनिर्वाचन सम्पन्न नभएसम्म कार्यान्वयन नगर्न आपूर्ति मन्त्रालय र मन्त्री परिषद् सचिवालयलाई ०५६ वैशाख ८ गते निर्देशन दिएको थियो।

सरकारले गरेका जनजीवनसँग प्रत्यक्ष सरोकार राख्नेबाहेकका अन्य कतिपय निर्णयहरू पनि निर्वाचन आचारसंहिता विपरित गरेको भनी निर्वाचन आयोगले बदर गर्ने आदेश दिएको थियो। त्यसै क्रममा श्री ५ को सरकारले निर्वाचन आचारसंहिता लागू भइसकेपछि विराटनगर जूट मिल्सको संचालक समितिको संचालकमा दिलिप धाडेवलाई नियुक्त गरेकोमा निर्वाचन आयोगले निर्वाचन आचारसंहिता २०५३ विपरित मन्त्रीस्तरीय निर्णयमा नियुक्त गरेको देखिएको हुँदा निर्वाचन आयोग ऐन ०४० को दफा २४ ख को उपदफा (२) बमोजिम उक्त निर्णय बदर गर्ने निर्णय ०५६ वैशाख ८ गते गरेको थियो।

आमनिर्वाचनका सन्दर्भमा सरकारले निर्वाचन आचारसंहितालाई उल्लंघन गर्दै करीब २ सय वटा विभिन्न काम-कारवाहीहरू गरेको थियो। त्यस्ता गतिविधिहरूमा कर्मचारी सरूवा, नियुक्ति, बढुवा, उद्घाटन, सरकारी साधन स्रोतको दुरूपयोग आदि रहेका थिए।

माओवादी जनयुद्ध

यो वर्ष पनि सरकारले आम नागरिकको जीउ धनको सुरक्षाको पूर्ण ग्यारेन्टी गर्न नसकेको मात्र होइन, जनयुद्ध नियन्त्रण गर्ने निहुँमा राज्यसत्ताबाट नै कतिपय मानवअधिकार उल्लंघनका घटनाहरू भए। गृह मन्त्रालयले उपलब्ध गराएको पछिल्लो सार्वजनिक सूचनाअनुसार (०५६ असार ६ गतेदेखि ०५६ फागुन १३ गतेसम्म) यो सामाग्री तयार गर्दासम्म प्रहरीको गोलीबाट १ सय ५८ जना व्यक्तिको ज्यान गएको थियो। गृहमन्त्री पूर्णबहादुर खड्काले प्रतिनिधि सभाको बैठकलाई बताउनु भएअनुसार उक्त समयमा "आतंककारीको आक्रमणबाट २८ स्थानीय व्यक्ति र प्रहरी सुरक्षा कर्मीहरूसँगको दोहोरो भिडन्तमा १ सय ५८ आतंककारी समेत २ सय ३९ व्यक्तिको मृत्यु" भएको थियो।

नेकपा माओवादी "जनयुद्ध" को शुरूवात (०५२ फागुन १ गते) देखि सोही अवधिसम्म "आतंककारीहरू" को आक्रमणबाट १ सय ८७ जना स्थानीय व्यक्ति तथा १ सय ४४ जना प्रहरी सुरक्षाकर्मी, प्रहरी सुरक्षाकर्मीहरूसँगको दोहोरो भिडन्तमा १ सय ७४ जना आतंककारी र स्थानीय व्यक्तिहरूसँगको मुठभेडमा दुईजना आतंककारीहरू समेत गरी जम्मा १ हजार २ सय ७ जनाको मृत्यु भएको कुरा पनि गृहमन्त्रीले बताउनुभएको थियो।

गृह मन्त्रीकै अनुसार जनयुद्धको क्रममा "आतंककारी" क्रियाकलापको सन्दर्भमा कारवाहीको सिलसिलामा हालसम्ममा ५ हजार ३ सय ७४ जना व्यक्तिलाई पक्राउ गरिएकोमा छानबिन पश्चात् ३ हजार ७ सय ७८ जनालाई छोडिएको र १ हजार ५ सय ९६ जनालाई कारवाही चलाइएको थियो। त्यसै क्रममा प्रहरी सुरक्षाकर्मीहरूले भरूवा बन्दूक १ हजार ४ सय ३२ नाल,

बाह्र बोरको बन्दुक ४० नाल, स्थानीय स्तरमा निर्माण गरिएको पेस्तोल १ सय १७ थान, ३ सय ३ गईफल १२ नाल, रिभल्भर ७ नं. ३, गृनेट २५ थान, हाते बम ४ सय ५३ थान, पाइप बम ९५ थान, सकेट बम १ सय ८७ थान, प्रेसर कुकर बम २२ थान, जिलेटिन ४ सय ३ के.जी. आदि बरामद गरेका थिए। गृहमन्त्रीले आतंककारीहरूको क्रियाकलापबाट हालसम्म करीब रू. १ करोड भन्दा बढीको धनमाल क्षति भइसकेको उल्लेख गर्दै देशका विभिन्न भागमा भएका हत्या, हिंसाका घटनाहरू सार्वजनिक गर्नुभएको थियो।

यसैवर्ष माओवादी "जनयुद्ध" का नाममा सरकारले विभिन्न घटनामा गैरकानूनी ढंगले नागरिकहरूलाई गिरफ्तार गरेको, थुनामा राखेको र यातना दिएको कुरा पीडित पक्षले बताएका छन् भने विभिन्न मानवअधिकार संस्थाहरूले पनि सरकारले त्यस्ता विभिन्न घटनाहरूमा मानवअधिकारको हनन गरेको र कानूनको उल्लंघन गरेको आरोप लगाएका छन्। माओवादी "जनयुद्ध" प्रभावित क्षेत्रहरूमा भएका केही घटनाहरूको स्थलगत पर्यवेक्षण गरेर फर्केपछि मानवअधिकार संस्था र कार्यकर्ताहरूले सरकारमाथि उक्त आरोप लगाएका थिए। त्यसरी नै अन्तर्राष्ट्रिय मानवअधिकार संस्था एमनेष्टी इन्टरनेशनलले पनि नेपाल सरकारले त्यस्ना कतिपय घटनाहरूमा मानवअधिकारको हनन र कानूनको ठाडो उल्लंघन गरेको बताएको थियो।

आमनिर्वाचन २०५६ का लागि रूकुम जिल्ला क्षेत्र नं. २ नेकपा (एमाले) का उम्मेदवार यदु गौतमलाई ०५५ फागुन २१ गते माओवादीले हत्या गरे। आम निर्वाचनका उम्मेदवारकै हत्या हुनुले सरकारले शान्ति सुरक्षाको प्रत्याभूति दिन नसकेको आम धारणा पाइएको थियो। यस अघि रूकुम जिल्लाका पूर्व जिविस सभापति तथा नेपाली काँग्रेसका जिल्ला नेता हरिभक्त वलीको पनि माओवादीद्वारा हत्या गरिएको थियो।

गोरखा जिल्लामा ०५६ भदौ २३ गते प्रहरीले नेकपा (माओवादी) का वैकल्पिक पोलिटव्युरो सदस्य सुरेश वाग्लेको हत्या गरे। उनलाई प्रहरीले दोहोरो भिडन्तमा मारिएको बताएता पनि माओवादी पक्षले भने उनलाई प्रहरीले आफ्नो कब्जामा लिइसकेपछि मारेको वा अघोषित ढंगले मृत्युदण्ड नै दिएको दावी गरेका छन्।

जनयुद्धको नियन्त्रण गर्ने क्रममा सरकारले अपनाएका नीति र कारवाहीहरूबाट नै मानवअधिकार उल्लंघन भएको विभिन्न क्षेत्रबाट प्रतिक्रियाहरू आउन थालेपछि यस वर्ष सरकारले समस्या समाधानका लागि एक उच्चस्तरीय आयोग गठन गरेको छ। पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाको संयोजकत्वमा गठन भएको सो आयोगले हालसम्म आफ्नो रिपोर्ट बुझाएको छैन। यसअघिका सरकारले गठन गरेका यस्ता समिति, कार्यदल वा आयोगहरूले यो समस्या समधान गर्न दिएका सुझावहरू कार्यान्वयन नगरी दमन नीति अपनाउँदै आएका थिए। तर यो आयोगले यस पटक माओवादीहरूसँग समेत वार्ता गर्ने विषयलाई पनि प्राथमिकता दिएर विभिन्न क्षेत्रबाट राय संकलन गरिरहेको छ।

मानवअधिकार

विगत वर्षहरूमा झैं यो वर्ष पनि मानवअधिकार आयोग गठनको विषय चर्चाका प्रमुख विषयहरूमध्ये एक रह्यो। संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदत्त मानवअधिकारको प्रभावकारी कार्यान्वयन एवं संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यले ०५३ पौष २४ गतेको नेपाल राजपत्रमा प्रकाशित भई तत्कालैदेखि प्रारम्भ हुनेछ भनिएको मानवअधिकार अयोग ऐन ०५३ को कार्यान्वयन यो वर्ष पनि सरकारले गर्न सकेन। सरकारले सो ऐनको कार्यान्वयन गर्न नसकेको मात्र होइन, आयोगको गठनको मागलाई लिएर मानवअधिकार कार्यकर्ताहरूले निकालेका विरोध जुलुस र धर्नामा ६ पटकसम्म सरकारले हस्तक्षेप गर्ने र दर्जनौं मानवअधिकार कार्यकर्तालाई गैर कानूनी रूपमा पक्राउ गरी हिरासतमा राखेको थियो।

मानवअधिकार आयोगको गठनकै मागलाई लिएर विभिन्न १२ वटा मानवअधिकार संस्थाहरूले २४ घण्टे रिले अनशन गरेका थिए भने मानवअधिकार तथा शान्ति समाजले आमरण अनशन पनि गऱ्यो। तर ती अनशनहरूलाई पनि सरकारले तत्काल मानवअधिकार आयोग गठन गर्ने आश्वासन दिएर रोकेको थियो।

ऐन बनिसकेको मानवअधिकार आयोग सरकारले स्वतः गठन गर्नु पर्नेमा तीन वर्ष बित्न लाग्दा पनि गठन नभएपछि मानवअधिकार कार्यकर्ता रवीन्द्र भट्टराई र हेमाङ्ग शर्माले आयोग गठन गर्नुपर्ने माग गर्दै सर्वोच्च अदालतमा एक निवेदन दिनुभएको थियो। सर्वोच्च अदालतले ०५६ असार २९ गते सो निवेदनका सम्बन्धमा फैसला सुनाउँदै यथाशिघ्र आयोग गठन गर्न सरकारलाई आदेश दिएको थियो। अदालतको आदेश आइसक्दा पनि प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले ०५६ साल साउन ३० गते प्रतिनिधि सभामा सांसदहरूको प्रश्नको उत्तर दिँदै अदालतको पूर्ण पाठ आउनु पर्ने कुरा बनाएर आलटाल गर्नु भएको थियो। तर प्रधानमन्त्रीले उक्त कुरा बताउनुभएकै भोलिपल्ट सर्वोच्च अदालतले उक्त आदेशको पूर्ण पाठ पठाएको थियो। सर्वोच्च अदालतको आदेशमा भनिएको थियो–"दुई वर्ष अगाडि नै मानवअधिकार जस्तो महत्वपूर्ण ऐन लागू भइसकेको र सो ऐनलाई विना कारण अनन्त कालसम्म निस्कृय गराई राख्नु उपयुक्त नहुने हुनाले मानवअधिकार आयोग गठन गर्ने गराउने सम्बन्धमा जे जो कार्य गर्नुपर्छ, सो पूरा गरी निवेदकको माग बमोजिम राष्ट्रिय मानवअधिकार आयोग गठन गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ।" ऐन बनिसकेको मानवअधिकार आयोग गठन गर्ने सम्बन्धमा त्यस पूर्व पनि विभिन्न सन्दर्भमा विभिन्न सरकारको नेतृत्व गर्ने प्रधानमन्त्रीहरूले पनि यथाशीघ्र आयोग गठन गर्ने मौखिक प्रतिवद्धता जनाइरहनुभएको थियो।

गत वर्षहरूमा पनि मानवअधिकार आयोग गठनको मागलाई पन्छाउन सरकारले विभिन्न बहानामा कहिले मानवअधिकार आयोग कार्यदल र कहिले अन्य समितिहरू पनि गठन गर्दै आइरहेको थियो। गत वर्ष पनि मानवअधिकारको विश्वव्यापी घोषणापत्रको ५० औं वर्ष उत्सव मनाउन गठित राष्ट्रिय समिति गठन गरी सोही वर्ष आयोग गठन गर्ने प्रतिबद्धता जनाइएको थियो भने यो वर्ष पूर्वाधार तयार गर्ने विषयलाई लिएर सरकारले ०५६ असोज १० गते मानवअधिकार आयोग कार्यदल गठन गरेको थियो।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता नागरिकले मौलिक हकको रूपमा नै संविधानबाट प्राप्त गरेका छन्। त्यस्ता नागरिकका मौलिक हक अधिकारको संरक्षण गर्ने दायित्व पनि सरकारको नै हो। तर समय-समयमा सरकारबाटै नागरिकका ती हकहरू कुण्ठित हुने गरेका पाइएको छ। राजधानीबाट प्रकाशित कतिपय अखबारहरू देशका अन्य विभिन्न जिल्लामा लैजान तथा वितरणमा प्रतिबन्ध लगाइएका अघोषित कार्यहरू सार्वजनिक हुँदासम्म सरकारले आफ्नो आधिकारिक प्रतिक्रिया व्यक्त गरेको पाइएको थिएन। तर ०५६ पुस २१ गते जनादेश साप्ताहिकको कार्यालयमा प्रहरीले छापा मार्‍यो। अखबारको कार्यालयमा रहेका कम्प्युटर तथा अन्य कागजात जफत गर्नुका साथै सो पत्रिकाका सल्लाहकार शक्ति लम्साल र व्यवस्थापक धनबहादुर मगरलाई पनि गिरफ्तार गर्‍यो। सोही दिन सोही घटनासँगै सो अखबार छापिने इन्द्रेणी प्रेसमा पनि प्रहरीले छापा मारी प्रेस मालिक ज्ञानेन्द्र मानन्धर लगायतका अन्य ५ जना कामदारलाई पनि पक्राउ गरी एक हप्तासम्म हिरासतमा राख्यो। सरकारले ०५६ वैशाख ६ गते जनादेश साप्ताहिकका सम्पादक कृष्ण सेनलाई गिरफ्तार गर्‍यो। सम्पादक सेनलाई केही सार्वजनिक अपराध तथा नियन्त्रण ऐनअन्तरगत लगाइएको मुद्दामा तीन पटकसम्म अदालतले सो थुना गैरकानूनी भएकाले रिहाई गर्ने आदेश दिंदासम्म पनि रिहाई गरिएको छैन। त्यसरी नै सरकारले पत्रकारबाहेकका अन्य नागरिकलाई पनि गैरकानूनी गिरफ्तारी गर्दै थुनामा राख्ने गर्दै आएको छ। अदालतले गैरकानूनी थुनामा राखिएको भनी किटान गरेको अन्य धेरै नागरिकलाई सरकारले मुक्त गरेको छैन। नागरिकको जीउ-धनको सुरक्षाको निश्चितता प्रदान गर्नुपर्ने दायित्व सरकारको हो। तर कतिपय अवस्थामा सरकारले सो दायित्व पूरा नगर्ने मात्र नभएर आफैं प्रत्यक्ष उल्लंघन गरेको पाइएको छ।

यसै वर्षभित्र राजधानीलगायत्का अन्य कतिपय जिल्लाबाट ७० जना भन्दा बढी व्यक्तिलाई सरकारले नियन्त्रणमा लिइसकेपछि उनीहरू प्रहरी कब्जामा रहेकै अवस्थाबाट बेपत्ता पारिएका छन्। त्यसरी बेपत्ता पारिएकाहरूमा अधिवक्ता राजेन्द्र ढकाल, पत्रकार मिलन नेपाली, नेपाल राष्ट्रिय शिक्षक संगठनका पूर्व महासचिव विष्णुपुकार श्रेष्ठ, मजदूर नेता दिनेश शर्मालगायत्का व्यक्तिहरू पनि छन्। यसै वर्ष माओवादीहरूले रूकुम जिल्ला महत गाविसस्थित प्रहरी चौकीबाट डिएसपी ठूले राई ०५६ असोज ५ गते अपहरण गरी ३ महिनासम्म बेपत्ता पारे। तीन महिनापछि उनलाई सकुशल रिहा गरेको कुरा माओवादीहरूले सार्वजनिक गरे।

प्रहरी कब्जामा बेपत्ता पारिएका नागरिकका सम्बन्धमा सर्वोच्च अदालतमा ०५६ जेठ १४ गते दिइएको बन्दी प्रत्यक्षीकरण रिटको कारण देखाउ आदेशमा जिल्ला प्रशासन कार्यालय काठमाडौंले ०५६ जेठ १७ गते एक लिखित जवाफमा ती व्यक्तिहरू कसैलाई पनि प्रहरीले पक्राउ नगरेको जनाएको थियो। सोही जवाफका आधारमा ०५६ असार २८ गते सर्वोच्च अदालतले त्यस सम्बन्धी सबै रिट खारेज गरिदिएको छ। तर पीडित व्यक्तिका आफन्तहरू आफ्ना परिवारका सदस्यहरूलाई प्रहरीले कब्जामा लिएपछि बेपत्ता पारिएको दावी गरिरहेका छन्।

देशको समसामयिक मानव अधिकारको स्थिति सन्तोषजनक नभएको तथा बेपत्ता पारिएका भनी सार्वजनिक भएका नागरिकका सम्बन्धमा यथार्थ जानकारी लिने उद्देश्यले ०५६ साउन २१ गते एक प्रतिनिधिमण्डल प्रधानमन्त्रीलाई भेट्न गएको थियो। प्रधानमन्त्रीले सो टोलीलाई अन्य कुराका अतिरिक्त बेपत्ता पारिएका भनिएका नागरिकहरूका सम्बन्धमा "दे आर अलरेडी किल्ड" भन्ने जवाफ दिनुभएको प्रतिनिधिमण्डलले एक वक्तव्य सार्वजनिक गर्दै जनाएको थियो।

उल्लेखित सन्दर्भबाट गुज्रिएको मानवअधिकार आयोगको गठन विषय तथा मानवअधिकार संरक्षणका सम्बन्धमा श्री ५ को सरकार सचेत रहेको कुरा श्री ५ को सरकार मन्त्री परिषद् सचिवालयले जनाएको छ। सचिवालयले जनाए अनुसार आयोग गठन गरेको तत्कालै आफ्नो काम प्रारम्भ गर्नुपर्ने हुनाले ०५६ असोज ६ गते श्री ५ को सरकारले एक कार्यदल गठन गरेको जनाएको छ। सचिवालयकै अनुसार सरकारले गठन गरेको सो कार्यदलले ०५६ मंसिर १ देखि कार्य शुरू गरी आयोगको संगठन, बजेट र नियमावलीहरू, दरबन्दी र ऐन बमोजिम आयोगद्वारा बनाइनु पर्ने नियमावलीहरूको मस्यौदाहरू तयार गरेको छ।

विगतका वर्षहरूमा सरकारले संविधानको भावना र मानवअधिकार विरोधी आतंककारी गतिविधि नियन्त्रणसम्बन्धी विधेयक ल्याउने प्रयास पटक पटक गरेको थियो। यस वर्ष पनि नेपाली काँग्रेस र नेकपा (माले) सम्मिलित सरकारले त्यो प्रयास दोहोर्‍यायो। तर, विभिन्न मानवअधिकार संघ, संस्था तथा राजनीतिक पार्टीहरूले उक्त प्रयासको विरोध गरेका कारण सो विधेयक संसदमा प्रस्तुत भएन।

भ्रष्टाचार नियन्त्रण

श्री ५ को सरकारका नीति र कार्यक्रममा हरेक वर्ष देशको शान्ति सुरक्षा, विकास र भ्रष्टाचार नियन्त्रण दोहोरिएका छन्। तर पनि देश र जनताले सो अनुभूति गर्न नसकेको कुरा तथ्यहरूले देखाएको छ।

एक अध्ययनमा जनाइएअनुसार सरकारी स्वामित्वको विभिन्न कार्यालयहरूमा प्रत्येक वर्ष ५ अरब रूपैयाँ अनियमितता हुने गरेको छ। गत आर्थिक वर्षमा सरकारी

स्वामित्वमा रहेका ६ हजार ९ सय १२ वटा कार्यालयहरूको लेखा विवरण मागिदा २ हजार ६ सय २२ वटाले मात्र त्यो विवरण देखाएका थिए भने बाँकी ४ हजार २ सय ८० सरकारी कार्यालयहरूले खर्च विवरणको लेखा राख्ने संवैधानिक निकायलाई कुनै विवरण दिएनन्।

सोही अध्ययनमा जनाइएअनुसार ०४८ देखि ०५५ सम्मको अवधिमा देशमा अनियमितता भएको रकम २१ अरब पुगेको छ। चालू आर्थिक वर्षसम्ममा सरकारी कार्यालयका कर्मचारीहरूले लिएको पेश्की रकम रू. ९ अरब पुगेको छ।

श्री ५ को सरकार र दातृ संस्थाहरूबीच सम्झौता हुँदाको रकम मध्ये २५ प्रतिशत मात्र तोकिएको क्षेत्रमा खर्च हुने र ७५ प्रतिशत रकम अनियमितता हुने गरेको तथ्यहरू सार्वजनिक भएका छन्। यसको उदाहरण स्वरूप सन् १९९९ डिसेम्बर २२ मा नेपाल र जापानी संस्था सेम्पो इन्टरनेशनलबीच नेपालमा प्राथमिक विद्यालय निर्माण परियोजनाका लागि उपलब्ध गराउने करिब ५२ करोड रकमलाई लिन सकिन्छ। यस सहयोगमा प्राप्त रकमबाट विद्यालय निर्माण सामाग्री खरिद गर्दा बजार मूल्यभन्दा तेब्बर बढी मूल्य तोकी सामान किनिएको र करिब ३८ करोड रकम अनियमितरूपमा खर्च भयो।

भ्रष्टाचारविरूद्ध सहकार्यमा संलग्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्था ट्रान्सपरेन्सी इन्टरनेशनलको नेपाल शाखाले भ्रष्टाचारसम्बन्धी गरेको एक सर्वेक्षणअनुसार नेपालमा सबैभन्दा बढी भ्रष्टाचार गर्ने सरकारका प्रतिनिधिहरू अर्थात् मन्त्रीहरू हुने गरेको जनाएको छ।

भ्रष्टाचार, कमिशन, अनियमितता रोक्नु सरकारको प्रमुख दायित्वहरूमध्ये एक हो। तर सरकारले त्यस्ता कुरा नियन्त्रण गर्न नसकेको मात्र होइन, सरकारकै संलग्नतामा त्यस्ता घटनाहरू भएका छन्। त्यस प्रकारका भ्रष्टाचारहरू विशेष गरी शाही नेपाली वायु सेवा निगमको जहाज किन्ने र भाडामा लिने विषयमा, माओवादी जनयुद्ध नियन्त्रण गर्ने निहुँमा छुट्याइएको विशेष बजेटमा, गृह मन्त्रालयले उपलब्ध गराउने आर्थिक सहायता र चन्दा वितरणमा, साफ खेलकुदमा, राजधानीको बीचमा मर्मत गरिएको पुतलीसडक कमलादी सडकमा तथा विदेशी दातृ संस्थाहरूले नेपाललाई उपलब्ध गराएका आर्थिक सहायता, अनुदान वा ऋणहरूमा हुने गरेको विभिन्न घटनाहरूले देखाए। एयरपोर्टमा हुने सुन तस्करी र न्यायालयमा हुने विविध अनियमितताका विषयको चर्चा पनि यो वर्ष अनुत्तरित नै रहे।

विगत ४ आर्थिक वर्षभित्र गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयबाट प्रचलित आर्थिक ऐन उल्लंघन हुने गरी हेलिकप्टर भाडामा लिएको विषयमा यस वर्ष प्रतिनिधिसभा सार्वजनिक लेखा समितिले सम्बन्धित निकायहरूसँग स्पष्टीकरण माग्यो। त्यसरी आर्थिक ऐन उल्लंघन हुने गरी हालसम्म रू. २५ करोड ८० लाख बराबरको रकम गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयले हेलिकप्टर कम्पनीहरूलाई बुझाइसकेकाले आइन्दा आर्थिक नियम उल्लंघन हुनेगरी त्यस्तो कार्य नगर्न र सरकारले नै सम्बन्धित निकायलाई आवश्यकताअनुसारको हेलिकप्टर किन्नेतर्फ वातावरण तयार गरिदिनु पर्ने र सम्बन्धित निकायले समेत सोको पहल गर्नुपर्ने समितिले सुझाव दिएको छ। समितिका अनुसार तीन वटा हेलिकप्टर किन्न पुग्ने रकम भाडामा खर्च भइसकेको छ।

सरकारी स्तरबाट हुने प्रत्यक्ष भ्रष्टाचारको एउटा नमूनाको रूपमा गृह मन्त्रालयले उपलब्ध गराउने आर्थिक सहायता र चन्दा वितरण हो। विगतमा यो कार्यमा अनियमितता भएको भनी प्रतिनिधि सभा सार्वजनिक लेखा समितिले एउटा निश्चित मापदण्ड बनाउन निर्देशन दिएको थियो। उक्त निर्देशनपछि सरकारले मापदण्ड त बनायो तर पनि सरकारले आफ्नो शैली परिवर्तन भने गरेन। गृह मन्त्रालयले संघसंस्थातर्फ रू. ५ हजारसम्म, व्यक्तिलाई उपचार औषधी खर्च बापत प्रेसकिप्सन अनुसार एक हजारसम्म दिने तथा असहाय वा बेखर्ची व्यक्तिलाई औचित्य हेरी रू. ५ सयसम्म दिने र दिनमा १० जना भन्दा बढीलाई सो सहयोग नगर्ने नीति बनाएको भएता पनि सरकारले एकै व्यक्तिलाई लाखौं लाखसम्म सो शीर्षकबाट रकम उपलब्ध गराउँदै आएको छ। त्यस्तो चन्दा सहायता लिनेहरूमा सांसद, पूर्व सांसद, मन्त्री र सरकारमा प्रतिनिधित्व गर्ने व्यक्तिहरूको नजिकका व्यक्तिहरू हुने गरेका छन्।

भ्रष्टाचारलाई पूर्ण निर्मूल पार्ने संकल्पलाई सरकारका प्राथमिक ४-५ वटा कदमहरूमध्ये एक बताउनु हुने प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको शासन अवधिको ६ महिनाभित्र प्रधानमन्त्री कोषबाट ११ करोड बराबरको रकम विभिन्न व्यक्तिहरूलाई वितरण गरियो। प्रधानमन्त्री कोषबाट सो रकम सहयोग पाउनेहरूमा पनि असहाय वा बेखर्ची नागरिक नभएर देशका विभिन्न निकायका जिम्मेवार व्यक्तिहरू थिए। तर प्रधानमन्त्रीको कार्यालयले ०५६ मंसिर ९ गते एक वक्तव्य प्रकाशित गर्दै ज्यादै अप्ठेरोमा परेकालाई मात्र आर्थिक सहायता गर्ने सरकारको नीति रहेको जनाएको थियो। तर प्रधानमन्त्री कोषबाट रकम उपलब्ध गर्नेहरूमा देशका सांसद, राजनीतिक व्यक्तिसमेत रहेको कुरा सार्वजनिक भएको थियो।

सरकारी संरक्षणमा शाही नेपाल वायु सेवा निगमलाई करिब ८ लाख डलरको क्षति पुग्ने गरी भएको चेज एयर काण्डलाई त्यत्तिकै ओझेलमा पारिएको छ। यस काण्डमा शानेवानिको लगानी रकम असूली हुन सकेन।

यस घटनामा तत्कालीन नेपाली कांग्रेस, नेकपा (माले) र नेपाल सद्भावना पार्टीको संयुक्त सरकारले शाही नेपाल वायु सेवा निगमले अमेरिकाको चेज एयर नामक कम्पनीसँग ६ महिनाका लागि बोइङ्ग ७५७ विमान भाडामा लिने सम्झौता गर्‍यो। त्यति ठूलो सम्झौता फ्याक्समार्फत् गरियो र ३ लाख डलर चेज एयरको नाममा र बाँकी ४ लाख ८३ हजार डलर हर्जोग ग्रेडाल्ड व्यक्तिको नाममा भुक्तानी गरियो। बैंक ग्यारेण्टी नलिई गरिएको यो सम्झौता र भुक्तानी अन्ततः रद्द भएकाले संस्थाले उक्त घाटा बेहोर्नुपर्‍यो। यससम्बन्धी छानबीन समितिको रिपोर्ट र अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा रहेको मुद्दाको किनारा र कारवाही कार्यान्वयन हुन सकेको छैन।

कूटनीतिक राहदानी दुरूपयोगका सम्बन्धमा सरकारले गठन गरेको छानविन समितिले ०५५ फागुन ६ गते गृहमन्त्रीलाई प्रतिवेदन बुझायो। सो प्रतिवेदन सरकारले सार्वजनिक गर्ने वा कारवाही नगरेता पनि आम निर्वाचन २०५६ मा केही व्यक्तिहरूले सो दुरूपयोग गरेको कारणहरूले विभिन्न राजनीतिक पार्टीबाट प्रतिनिधि सभा सदस्य पदको निर्वाचनमा उम्मेदवारबाट वंचित हुनु परेको कुराहरू सार्वजनिक भएका थिए। विशेष गरी कूटनीतिक राहदानी दुरूपयोग गर्नेहरूको छवि आम जनमानसमा धमिलिएको थियो। उक्त समितिले क्षेत्राधिकारको अभावमा व्यापक अनुसन्धान गरी दोषीहरू पत्ता लगाउन र अपराधको प्रकृति अनुसारकै सजाय दिलाउन सम्भव नभएपछि अधिकार सम्पन्न एक उच्चस्तरीय आयोग गठन गर्न सुझाव दिएको थियो। यसै राहदानीका सम्बन्धमा ०५६ पुस ७ गते गठित अर्को आयोगले आफ्नो ३१ पृष्ठ लामो प्रतिवेदनमा "हामीले पछिल्लो मितिसम्म जारी गरिएको रातो पासपोर्टको नक्कल प्रति लगायत्का कागजात माग्यौं तर परराष्ट्र मन्त्रालयले दिएन" भनी उल्लेख गरेको छ। तर यस समितिले पनि अघिल्लो समितिको भन्दा नयाँ र बढी सूचना प्राप्त गर्न नसकेको तथा परराष्ट्र मन्त्रालयले नै सहयोग नगरेको आयोगका सदस्यहरूको गुनासो छ।

सरकारले असूल एवं फस्र्यौट गर्न बाँकी बेरूजु ५५ अर्ब भन्दा बढी पुगेको छ। महालेखा परीक्षकको कार्यालयले यसै वर्ष संसदमा पेश गरेको प्रतिवेदनमा सो कुरा उल्लेख छ। प्रतिवेदनमा उल्लेख गरिएअनुसार सरकारी कार्यालय तथा सरकारको स्वामित्वमा रहेका संघसंस्था एवं समितिहरूसँग राष्ट्रले असूलउपर गर्नुपर्ने वा फस्र्यौट गर्नुपर्ने बक्यौतासहितको बेरूजु अंक ५५ अर्बभन्दा पनि बढी पुगेको छ। तर सामान्यतया बक्यौता र संगठित संघसंस्था एवं समितिको बेरूजुलाई मूल बेरूजुमा देखाइँदैन।

बक्यौता र अन्य बेरूजुबाहेक असुल फस्र्यौट गर्न बाँकी सरकारी बेरूजु वृद्धि भएर यस वर्ष २२ अर्ब ३६ करोड ४२ लाख ४५ हजार पुगेको छ। त्यस्तै अहिलेसम्म असूल फस्र्यौट गर्न बाँकी लेखापरीक्षण बक्यौता २ अर्ब ३ करोड २७ लाख ८७ हजार पुगेको छ भने राजस्व बक्यौता र सरकारले अन्य असूल गर्नुपर्ने रकम १८ अर्ब ६१ करोड ६० लाख ५५ हजार पुगेको छ। यस बाहेक सरकारको पूर्ण स्वामित्वमा रहेका संगठित संघसंस्था तथा समितिहरूको बेरूजु १२ अर्ब ९६ करोड २ लाख ८७ हजार पुगेको छ।

गतवर्ष सरकारी बेरूजु २० अर्ब ४७ करोड ८५ लाख १ हजार रहेकोमा यस वर्ष झण्डै २ अर्ब जति वृद्धि भई २२ अर्ब ३६ करोड ४२ लाख ४५ हजार पुगेको छ। गत आर्थिक वर्षमा विनियोजन राजस्व र धरौटीतर्फ जम्मा रू. ९३ अर्ब ५५ करोड १ लाख १९ हजार लेखापरिक्षण सम्पन्न भएकोमा रू. ६ अर्ब ८ करोड ५ लाख ५१ हजार रकम असूली फस्र्यौट गर्न बाँकी रहेको छ।

गत आर्थिक वर्षको लेखापरीक्षणबाट देखिएको ६ अर्ब ८ करोड ५ लाख ५१ हजार बेरूजुमध्ये असुल गर्नुपर्ने बेरूजु १ अर्ब ४१ करोड ५० लाख ३४ हजार रहेको छ। अनियमित भएको, हानि/नोक्सानी पारेको, प्रमाण कागजात पेश नभएको, राजस्वको लागत जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको नियमित गर्नुपर्ने बेरूजु २ अर्ब ४२ करोड ८० लाख ७८ हजार पुगेको पनि महालेखाले नै जनाएको छ।

घोषित नीतिविरोधी कार्यक्रम

हरेक निर्वाचन क्षेत्रमा एक सय जना गरीब किसानहरूलाई आर्थिक सहयोग दिनको लागि ल्याइएको "गरीबसँग विश्वेश्वर" कार्यक्रमको रकम पनि सरकारले लक्षित जनतालाई उपलब्ध गराउन सकेन। उक्त कार्यक्रमका लागि छुट्याइएको रू. १० करोडमध्ये रू. ४ करोड सरकारले केही व्यापारी र संस्थानहरूलाई उपलब्ध गराएर लक्षित नीतिको उल्लंघन गर्‍यो।

त्यसैगरी सरकारले देशमा बढ्दो बेरोजगारी समस्या समाधान गर्ने उद्देश्यले संचालित रोजगारमूलक प्रशिक्षण कार्यक्रमबाट पनि लक्षित उद्देश्यको विपरित रू. १ करोड अन्य पक्षलाई उपलब्ध गराउने निर्णय गर्‍यो। सरकारले मल खरिद गर्ने कुनै प्रकारको अनुदान कसैलाई नदिने आफ्नो त्यस पूर्वको निर्णयलाई समेत उल्लंघन गरी युरिया मल आयातको लागि अनुदानबापत रू. ५ करोड उपलब्ध गराउने निर्णय २०५६ फागुन १३ गते गरेको थियो। उक्त रकम कृषि सामाग्री संस्थान, गोल्छा अर्गनाइजेशन, लक्ष्मीबहादुर श्रेष्ठको एन.बी. इन्टरनेशनल र वीरगञ्जका व्यापारी चाचानको मनोज इन्टरप्राइजेजलाई सरकारले उपलब्ध गराएको छ।

यो वर्ष नेपाली कांग्रेसको जननिर्वाचित र बहुमत प्राप्त सरकारले आफ्नो कार्य प्रारम्भमै केही विवादास्पद तथा सुविधाभोगी निर्णय गर्‍यो। मन्त्रीहरूले लिने सुविधा आदिका सम्बन्धमा प्रश्न उठिरहेकै बेला गरिएको उक्त निर्णयले मन्त्री परिषद्का सदस्य तथा अन्य केही व्यक्तिलाई विभिन्न थप सुविधाहरू उपलब्ध गराउने भएको छ।

०५६ असार ३ गतेको मन्त्री परिषद्को निर्णय अनुसार निजी तथा भाडाको घरमा बस्ने हरेक मन्त्रीलाई (राज्य र सहायक समेत) रू. १ लाखसम्मको फर्निसिङ्ग सुविधा उपलब्ध गराउने भएको छ। यस अघि सो सुविधा त्यसको आधा अर्थात् रू. ५० हजार मात्र थियो।

त्यसैगरी सोही बैठकले भाडामा बस्ने मन्त्री, सभामुख, अध्यक्ष र विपक्षी दलका नेताहरूको घर भाडा सुविधा पनि बढाइएको छ। जसअनुसार मन्त्री र विपक्षी दलका नेताले रू. २० हजार मासिक घरभाडा, प्रतिनिधिसभाका सभामुख र राष्ट्रिय सभाका अध्यक्षले रू. २५ हजार, राज्यमन्त्री र सहायकमन्त्रीले क्रमशः रू. १५ हजार र १० हजार पाउनेछन्।

विगतमा मन्त्री, राज्यमन्त्री र सहायकमन्त्रीहरूले क्रमशः रू. १२ हजार, १० हजार र ९ हजार रूपैयाँ घर भाडास्वरूप पाउँथे। मन्त्रीहरूको बिजुली, पानीको सबै बील अर्थ मन्त्रालयले, एक

लाइन एस.टि.डि. सहितको टेलिफोनको सबै रकम (उठेजति) पनि सरकारले नै बुझाई दिनेछ। त्यस्तै मन्त्रीहरूलाई रू. ७ हजारसम्मको मोबाइल फोन पनि उपलब्ध गराउने निर्णय यसै वर्ष गऱ्यो। राजस्व कम खर्च गर्ने सरकारको नीति नियम विपरितका कार्यक्रमका रूपमा यी घटनालाई लिन सकिन्छ।

समितिमा सीमित कार्यक्रमहरु

श्री ५ को सरकारले देशमा उत्पन्न विभिन्न समस्याहरू नियन्त्रण गर्न र भविष्यमा त्यस्ता घटना दोहोरिन नदिने उद्देश्यले समस्या समाधान छानवीन समितिहरू, आयोगहरू वा कार्यदल आदि गठन गर्दै आएको छ। तर त्यस्ता समितिहरूले विशेषगरी समयमा सुझाव नै नदिने, दिएको सुझाव पनि पर्याप्त नहुने वा सुझाव दिएमा पनि सरकारले कार्यान्वयन नगर्ने भएकाले त्यस्ता समितिहरू सरकारले आफ्नो पक्षका केही व्यक्तिलाई पैसा दिने वैधानिक बाटोको रूपमा मात्र उपयोग गरेको देखिन्छ। यस वर्ष पनि सरकारले त्यस्ता केही समितिहरू गठन गऱ्यो भने विगत वर्षहरूमा गठन भएका केही समितिहरूले यो वर्ष सरकारलाई प्रतिवेदन पनि बुझाए। श्री ५ को सरकारसँग देशमा उत्पन्न कुनै पनि समस्या समाधान गर्ने क्षमता र कानूनी आधार हुँदाहुँदै त्यस्ता समितिहरू किन गठन हुन्छन् भन्ने प्रश्न पनि उठ्न थालेको छ।

यो वर्ष सरकारले जहाज दुर्घटनासम्बन्धी छुट्टाछुट्टै तीन वटा समितिहरू गठन गऱ्यो। त्यस्ता समितिहरूले रू. १५ लाखसम्म रकम खर्च गर्छन्। त्यस्तै भारतीय विमान अपहरण सम्बन्धी अर्को छानविन समिति पनि गठन भयो। माओवादी जनयुद्ध नियन्त्रण गर्ने उपाय पत्ता लगाउने विषयमा गठित समितिले रू. २० लाख भन्दा बढी खर्च गर्ने गरी बजेटको माग र निकासा भएको थियो। त्यस्तै सरकारले यसै वर्ष भ्रष्टाचार नियन्त्रण गर्ने विषयमा पनि एक समिति गठन गऱ्यो। यो समितिले पनि रू. ५ लाख बराबरको रकम निकासा शुरूमै गराएको थियो। दक्षिण एशियाली खेलकूद प्रतियोगिता सम्पन्न गर्न प्रधानमन्त्रीको अध्यक्षतामा साफ गेम मूल आयोजक समिति गठन भएको थियो। त्यसैगरी अन्य ८ वटा उपसमितिहरू पनि गठन भएका थिए। साफ गेम सम्पन्न भइसकेपछि सो समितिले अनियमित रूपमा करोडौं रूपैयाँ हिनामिना गरेको भन्ने विषयमा भने सरकारले वास्ता नै गरेन। खेलकूद मन्त्री विरूद्ध साफ गेममा भ्रष्टाचार गरेको आरोप सत्तारूढ दलका सांसदहरूले समेत लगाएका थिए।

यस वर्ष सरकारले गठन गरेका त्यस्ता समितिहरूमा सबैभन्दा बढी समिति आवास तथा भौतिक योजना र श्रम मन्त्रालय अन्तरगतका थिए। यस मन्त्रालयले विभिन्न १६ जिल्लामा नगर विकास समितिहरू, रोजगारसम्बन्धी समितिहरू गठन गरेको थियो। सरकारले स्वास्थ्य, विद्युत, वाणिज्य, खेलकुद तथा संस्कृति, राजस्व प्रशासन, शिक्षा, निर्वाचन, जहाज खरीद, निजामती सेवाका कर्मचारी, विशेष प्रहरी र राजस्व अनुसन्धान, वन पैदावर, बीउ विजन, यातायात व्यवसायी, संसदीय दल, गरीबसँग विश्वेश्वर, स्थानीय स्वायत्त शासन, राजस्व चुहावट जस्ता सवालमा दर्जनौं समितिहरू गठन गरेको थियो।

मूल्य वृद्धि

बहुमत प्राप्त नेपाली कांग्रेसको सरकारले यसै वर्ष दैनिक उपभोगका अत्यावश्यक विभिन्न वस्तुहरूमा ४० प्रतिशतसम्म मूल्य वृद्धि गऱ्यो। त्यस्तै रासायनिक मलमा पनि २१ प्रतिशत वृद्धि गरेको थियो। त्यसरी नै यसै वर्षको अन्तिमतिर आएर सरकारले पुनः डिजेलमा ४८ प्रतिशत, मट्टितेलमा २४ प्रतिशत र विद्युत महसुलमा ३० प्रतिशत मूल्य वृद्धि गऱ्यो। यही सरकारले यसै वर्ष खानेपानी र टेलिफोनको मूल्य वृद्धिसम्बन्धी पूर्वाधार तयार गरिसकेको तर घोषणा गर्न मात्र बाँकी रहेको चर्चा छ।

सरकारले विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय कारण देखाएर मूल्य वृद्धिको औचित्य पुष्टि गर्न खोज्यो। तर ३० प्रतिशत विद्युत महसुल उठाउन सकेको छैन। देशमा कूल उत्पादनको २३ प्रतिशत चुहावट हुने र त्यसबाट विद्युत प्राधीकरणलाई वार्षिक १ अरव ६४ करोड रूपैयाँ घाटा भइरहेको छ। चुहावट नियन्त्रण गर्न र श्री ५ को सरकारकै विभिन्न निकायहरूबाट महसुल उठाउन सके विद्युतमा महसुल वृद्धि नगरे पनि प्राधिकरणलाई वार्षिक करोडौं बराबरको नाफा पनि हुन सक्ने सम्बन्धित क्षेत्रका विज्ञहरूको दावी छ। अर्को एक अध्ययनमा जनाइएअनुसार प्राधिकरणले १६ अर्व र ८ करोड रूपैयाँ बराबरको बाँकी बक्यौता असूल उपर गर्न सकेको छैन।

बहुमत प्राप्त सरकारले आम जनतालाई राहत दिन्छ भन्ने आमधारणा विपरित भएका यी निर्णयका कारणले सरकारको सबै क्षेत्रबाट विरोध भयो। संसदमा प्रमुख प्रतिपक्षी दल र अन्य दलहरूले सदन र सडक दुवै आन्दोलन चलाए भने नेपाली कांग्रेसभित्रै पनि सरकारद्वारा घोषणा गरिएको मूल्य वृद्धिको विरोध गरियो। यी मूल्य वृद्धिहरू आम निर्वाचन ०५६ सम्पन्न भैसकेपछि र दशैंको मुखमा आएर भएका थिए।

निर्णय प्रक्रिया

देशको सबैभन्दा उच्च कार्यकारी अधिकारप्राप्त निकायका रूपमा रहेको कार्यपालिकाले गर्ने निर्णयहरूले देश र जनतामा दूरगामी प्रभाव र महत्व राख्दछन्। तर नेपालमा त्यस्ता निर्णयहरूलाई जनताको तहसम्म पुऱ्याएर निष्कर्षको रूपमा घोषणा गर्ने प्रक्रिया भने अपनाइँदैन। सरकारको कार्यप्रणाली आत्मकेन्द्रित हुने र यस निकायको सचिवालय पनि त्यही प्रवृत्तिको हुने गर्दछ।

सरकारको कार्यशैली र निर्णय प्रक्रियाका सम्बन्धमा श्री ५ को सरकार मन्त्री परिषद् सचिवालयका मुख्य सचिव तीर्थमान शाक्य भन्नुहुन्छ –"सचिवालय त एउटा औपचारिकता प्रदान गर्ने थलो मात्र हो। सरकारले गर्ने निर्णयहरू सम्बन्धित मन्त्रालय वा सरकारका सदस्यहरूमार्फत् आउँछन् र यहाँबाट त्यसलाई वैधानिकताको घोषणा गराएर लगेपछि ती निर्णयहरू सार्वजनिक

गर्छन्।" सचिव शाक्यले बताउनु भएअनुसार राज्यको प्रमुख अंगका रूपमा रहेको यो निकायले अर्थपूर्ण महत्व वा अस्तित्व राख्न र भूमिका निर्वाह गर्न सकेको पाईंदैन।

सरकारका कार्यशैली वा निर्णय प्रक्रियाका सम्बन्धमा पूर्वमन्त्री तथा प्रतिनिधि सभा सार्वजनिक लेखा समितिका सभापति सुवास नेम्वाङ भन्नुहुन्छ- "त्यस सम्बन्धमा कार्य सम्पादन नियमावली नै छ। त्यसैले केही निर्णयहरू त्यही नियमावलीले तोकेअनुसार नै हुन्छन्। त्यसैगरी अन्य केही निर्णयहरू मन्त्री परिषद्‌बाट पनि हुन्छन्। त्यस बाहेक मन्त्रालयहरूले आ-आफ्नै प्रक्रियाबाट पनि कतिपय निर्णयहरू गरेका हुन्छन्। ती सबै श्री ५ को सरकारको निर्णयको हैसियत राख्दछन्। तर कतिपय मन्त्रालयहरूले आफ्नै पहलमा गर्न सक्ने निर्णयहरूलाई बढी महत्व दिन र सामूहिक जवाफदेही बनाउन पनि मन्त्री परिषद्‌मार्फत् निर्णय गराउँछन्।" समितिका सभापति नेम्वाङ सरकारी निर्णयहरू जनस्तरको छलफलको विषय पनि हुने र छलफलमा पनि लगिनुपर्ने बताउनु हुन्छ। उहाँके अनुसार सरकारले गर्ने निर्णयका धेरै जसो विषयहरूमा त्यो प्रक्रिया अपनाइँदैन।

समितिका सभापति नेम्वाङ यो वर्ष समितिले सरकारका के कस्ता कामप्रति सरकारलाई सचेत गरायो त भन्ने प्रश्नमा भन्नुहुन्छ- "यो वर्ष सरकारले केही जिल्लाबाट खाद्य संस्थानका डिपो हटायो, कमैया ऋण मोचन कार्यक्रमका नाममा कमैयाको हित हुन नसक्ने कार्यक्रम ल्यायो, कोष तथा लेखा नियन्त्रण कार्यालयको प्रतिवेदनमा सरकारले कुनै कारवाही गर्न सकेन, शाही नेपाल वायु सेवा निगममा विभिन्न घोटाला काण्ड भए, महालेखा परिक्षकको प्रतिवेदन, अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रतिवेदन, माओवादी जनयुद्ध नियन्त्रणका लागि हेलिकप्टर भाडामा लिइएको विषयहरूका सम्बन्धमा समितिले चासो राखेको थियो। समितिले तिनै विषयहरूमा सरकारको ध्यानाकर्षण गराउने, सचेत गराउने र निर्देशन दिने काम गर्‍यो।"

मन्त्री परिषदले गरेका निर्णयहरूको घोषणा वा सार्वजनिक गर्नेकाम तत्काल गरिन्न। यो परम्परा जस्तै भएर आएको त्यसका सदस्यहरू बताउँछन्। सामन्यतया त्यस्ता निर्णयहरू २४ घण्टा पछि मात्र सार्वजनिक गरिन्छ। ति निर्णयहरूमा कुनै सदस्यको असहमति हुन सक्ने संभावना भए, सो अध्ययनको लागि उक्त समय उपलब्ध गराइएको हो। तर निर्णय भइसकेको विषयमा प्रायःजसो कसैले असहमति जनाएको पाईंदैन। त्यस्ता निर्णयहरूमा असहमति जनाउनु भनेको प्रधानमन्त्रीसँगको असहमतिको रूपमा लिइन्छ र असहमति जनाउने सदस्यले राजिनामा पनि दिन सक्छन्। आकस्मिक महत्व राख्ने विषयका निर्णयहरू भने तत्कालै सार्वजनिक हुन्छन्।

निष्कर्ष

यो वर्ष देशको उच्च कार्यकारी निकाय वा कार्यपालिकाले अपेक्षित गतिविधिहरू गर्न सकेको देखिएन। देशको समग्र स्थिति खस्कँदै र निराशाजनक हुँदै गइरहेको अवस्थामा आम नागरिकमा सन्तोष लिन सक्ने कुराहरू भएको महसुस हुन सकेन। आमनिर्वाचन ०५६ दुई चरणमा सम्पन्न गरेको विषयलाई छोडेर हेर्ने हो भने आर्थिक वर्ष ०५६/५७ को वार्षिक बजेटमा आएका केही नयाँ कार्यक्रमहरूलाई उल्लेख गर्न सकिन्छ। निर्वाचन जुनरूपमा सम्पन्न भयो, त्यसले पनि बहुदलीय प्रजातन्त्र र मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा केही थप प्रश्नहरू छोडेको कुरा निर्वाचन पर्यवेक्षक समितिहरूका प्रतिवेदनहरूले संकेत गरेका छन्। सरकारले ल्याएका नयाँ कार्यक्रमहरूले पनि आम जनभावनाको कदर र प्रतिनिधित्व गर्न मात्र नसकेका होइनन्, ती कार्यक्रम सरकारले सस्तो लोकप्रियताको लागि ल्याएको र घोषित उद्देश्यतर्फ केन्द्रित नभएको पाइयो। गरीबसँग विश्वेश्वर कार्यक्रम र स्वरोजगार कार्यक्रमलाई छुट्याइएको बजेटको दुरूपयोग त्यसका उदाहरणहरू हुन्। महिला जागृति कार्यक्रम, गणेशमान शान्ति अभियान र गरीबसँग विश्वेश्वर जस्ता कार्यक्रमले सरकारले केन्द्रीय स्तरमा आफूलाई राजनीतिक रक्षा गराउन खोजेको देखिएको छ। देशमा विद्यमान समस्याप्रति सरकारले प्राप्त गरेका जानकारीहरूका आधारमा तिनलाई नियन्त्रण गर्न हरेक वर्ष अनेक समिति, उपसमिति, दल, कार्यदल वा आयोगहरू गठन गरेर टार्ने गरेको घटना यो वर्ष पनि देखियो। रातो पासपोर्ट दुरूपयोग छानविन समितिको रिपोर्ट, भ्रष्टाचार नियन्त्रण सम्बन्धी र अन्य आयोगका रिपोर्टहरू त्यसका केही उदाहरणहरू हुन्। माओवादी जनयुद्ध नियन्त्रण गर्न सरकारले हेलिकप्टर भाडामा लिएर गरेको खर्चका सम्बन्धमा सरकारका प्रतिनिधिहरू गृह सचिव र प्रहरी महानिरीक्षकका टिप्पणीले पनि देशमा कानूनी राज्यको पालना वा कार्यान्वयन कम भएको महसुस भयो। प्रतिनिधि सभा सार्वजनिक लेखा समितिले उक्त घटनामा प्रचलित देशको आर्थिक ऐनको उल्लंघन किन भयो भन्ने जिज्ञासा राख्दा सरकारका वरिष्ठ प्रतिनिधिहरूबाट आफूहरू सम्बन्धित विषयका ज्ञाता नभएको उल्लेख गर्नु कानूनी राज्यमा कानून कार्यान्वयन गर्नेहरूको कानूनी राज्यको अवधारणालाई चुनौती पनि हो। एउटा सामान्य नागरिकले नजानेर कानून उल्लंघन गर्न पाउँदैन र गरेमा सजायँ हुन्छ भने सो घटनामा त्यस्तो हुन सकेन।

भ्रष्टाचार नियन्त्रण गर्ने सरकारको प्रतिबद्धता पटक-पटक दोहोरिएको भएता पनि देशमा भ्रष्टाचारका श्रृंखलाहरू एकपछि अर्को थपिँदै गएका छन्। कानूनको संरक्षण, कार्यान्वयन र निर्माण गर्ने निकायहरूको बेरूजु, अनियमितता त्यसका प्रत्यक्ष उदाहरणहरू हुन्।

मानवअधिकार संरक्षण, सम्बर्द्धन र अधिकार सम्पन्न मानवअधिकार आयोग गठनको विषयप्रति पनि यो वर्ष सरकारी दृष्टिकोण र व्यवहार यी विषयलाई पन्छाउने प्रयत्नमा बढी केन्द्रित भएको पाइयो। तीन वर्ष पहिले बनिसकेको मानवअधिकार आयोग ऐन कार्यान्वयन नहुनु, ऐनको कार्यान्वयन गर्न सरकारलाई शान्तिपूर्ण दवाब दिइने कार्यक्रममा

सरकारले गैरकानूनीरूपमा हस्तक्षेप गर्ने र अनेकौं पटक आयोग गठन गर्ने आश्वासन दिएर पनि आयोगचाहिं गठन नगरिनु सरकारको दुराशय झल्किएको छ। यस वर्ष आयोग गठन गर्ने प्रक्रियाको थालनीका रूपमा गठित कार्यदल र त्यसले सरकारलाई प्रतिवेदन बुझाइसकेको अवस्थामा केही आशा गर्न सकिन्छ तर विगतका व्यवहारबाट अझै विश्वस्त हुन सक्ने स्थिति भने छैन।

माओवादी जनयुद्धबाट देशमा उत्पन्न हत्या, हिंसा र अशान्तिले आम नागरिक दोहोरो मारमा परेको र नागरिकहरूको ज्यान लिने घटनामा कुनै कमी आएन। जनयुद्ध नियन्त्रणको निहुँमा सरकारले अपनाएका नीतिले स्वेच्छाचारी गिरफ्तारी, यातना, मुठभेडका नाममा गैरकानूनी हत्या र बेपत्ता पार्ने घटना भइरहेकै छन्। सरकारले पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाको अध्यक्षतामा गठन गरेको उच्चस्तरीय आयोगले यो समस्या समाधान गर्ने विषयमा गरेको पहल पनि विना एजेण्डा भएको प्रतिपक्षी राजनीतिक दलहरूको आरोप लागे जस्तै समस्याप्रतिको बहस गर्ने सामूहिक प्रयत्न जस्तो मात्र देखियो।

यो वर्ष सरकारले ठूलो संख्यामा रहेका कृषि मजदूरको न्युनतम ज्याला निर्धारण गर्ने घोषणा गरेर केही सकारात्मक कदमको थालनी त गऱ्यो। तर पटक पटक भएको मूल्य वृद्धि, मलवीउको आपूर्ति सुलभ नहुनु, कृषि उत्पादनको उचित मूल्य र बजारको अभाव रहनुले आम कृषकले राहत पाएको महसुस गर्न सकेनन् भने सरकारले विगतमा दुर्गम पहाडी जिल्लाहरूका जनतालाई उपलब्ध गराउँदै आएको खाद्यान्न आपूर्तिमा कटौती गरिनु अर्को जनहित विरोधी निर्णयका रूपमा देखा पऱ्यो। सरकारले यसै वर्ष नौ जिल्लाहरूबाट खाद्य संस्थानका डिपोहरू पनि हटाएको थियो।

पूर्वी नेपालमा रहेका भुटानी शरणार्थी समस्या र त्यसले उत्पन्न गरेका अन्य असरहरूको निकासा खोज्न यो वर्ष पनि सरकार असफल रह्यो। एक पछि अर्को वार्ता गर्ने मिति तोक्दै आएको विगतका सरकारका प्रवृत्ति नै यो वर्ष पनि दोहोरियो।

काठमाण्डौ उपत्यकाको वातावरण प्रदूषण नियन्त्रणका लागि सरकारले यो वर्ष केही सकारात्मक कार्यको थालनी गऱ्यो। डिजेलबाट संचालन हुने तिनपांग्रे सवारी साधनलाई उपत्यकाबाट हटाउने निर्णय त्यसको उदाहरण हो।

देशमा शान्ति सुरक्षाको स्थिति कमजोर छ भन्ने कुरा देशको राजधानीमा हुने गरेका विभिन्न चोरी, डकैती, तस्करी र हत्याका घटनाहरूले पनि देखाएका छन्। सुन तस्करी, डलर तस्करी, नक्कली भारूको विगविगी, बैंकमा पटक-पटक ठगी र अन्य केही डकैती र हत्याका घटनाहरू त्यसका केही उदाहरणहरू हुन। भारतीय विमान अपहरणलाई पनि त्यसै प्रकरणमा कम मान्न सकिन्न। देशमा सरकार छ र केही गरिरहेको छ भन्ने देखिनुको सट्टा देशमा सरकार हुन्छ र त्यो चलिरहन्छ भन्ने भन्दा धेरै यो वर्ष सरकारले आम नागरिकलाई महसूस हुन दिएन।

परिच्छेद ३

राज्य र मानवअधिकार

३.३ व्यवस्थापिका

- श्रीरामसिंह बस्नेत

राज्यका प्रमुख अंगहरूमध्ये व्यवस्थापिकालाई पहिलो र सर्वोपरी अंग मानिएको छ। शक्ति पृथकीकरणको सिद्धान्तअनुसार राज्य संचालनका सम्पूर्ण सिद्धान्त, नीति र वैधानिकता व्यवस्थापिकाबाट नै प्राप्त हुन्छन्। व्यवस्थापिकाको मुख्य काम कानून बनाउनु हो भने यसमा हुने मुख्य क्रियाकलाप जन प्रतिनिधिहरूको अभिव्यक्ति हो। व्यवस्थापिका अर्थात् संसदमा मुख्य क्रियाकलाप नै बोल्ने भएको हुनाले यसलाई Parliament भनिएको हो। किनकि फ्रान्सेली भाषामा Parle को अर्थ बोल्नु हुन्छ। त्यसकै आधारमा ल्याटिन भाषाको Parliamentum शब्द हुँदै अंग्रेजीमा Parliament भएको हो।

बीसौं शताब्दीसम्मको अनुभवमा संसदीय व्यवस्था नै सर्वोत्कृष्ट राज्य व्यवस्था ठहरिन गएको छ। यद्यपि यस व्यवस्थाका पनि आफ्नै किसिमका कतिपय कमी, कमजोरी र सीमितताहरू छन्। विश्वमा बहुदलीय संसदीय व्यवस्थाको लामो इतिहास भए पनि नेपालको लागि यो नयाँ अनुभव हो।

व्यवस्थित संसदीय व्यवस्थाको प्रादुर्भाव भएको बेलायतले संसदीय व्यवस्थाको जननी (Mother of Parliamentary System) बन्ने गौरव प्राप्त गरेको छ। बेलायतको संसदले महिलालाई पुरूष र पुरूषलाई महिला बनाउन बाहेक अरू जे पनि गर्न सक्छ भन्ने पुरानो भनाईबाट बेलायती संसदको शक्ति र महत्व स्पष्ट हुन्छ।

तेह्रौं शताब्दीमा बेलायतबाट प्रादुर्भाव भएको यो व्यवस्था बीसौं शताब्दीसम्म आइपुग्दा विश्वका धेरै राष्ट्रहरूमा लागू भइसकेको छ। संयुक्त राज्य अमेरिकाको Congress, जापानको Diet, फ्रान्सको National Assembly, चीनको National People's Congress, भारतको संसद आदि केही प्रमुख उदाहरण हुन्। यी सबै व्यवस्थापिकाले आ-आफ्नो देशका जनताको सर्वोच्च प्रतिनिधित्व गर्दछन् र देशको कानून र नीति बनाई कार्यपालिकालाई मार्गदर्शन गर्दछन्। संसदीय व्यवस्था भएका प्रत्येक मुलुकको कार्यपालिका संसदप्रति अनिवार्यरूपमा उत्तरदायी रहन्छ। संसदमा विश्वास गुमाउनासाथ कार्यपालिका भंग हुन्छ।

संसद र मानव अधिकार:

प्रत्येक नागरिकलाई अधिकार सम्पन्न गराउने र त्यस अधिकारको संरक्षण गर्ने/गराउने वैधानिक एवं शक्तिशाली सर्वोच्च निकाय संसद हो। सार्वभौमसत्ता सम्पन्न संसदमा नै सम्पूर्ण जनताको इच्छा, आकांक्षा र भावना मुखरित भएको हुन्छ। यति मात्र होइन, आम नागरिकले भोगिरहेका दुःख पीडाको प्रतिनिधित्व गरी आवाज उठाउने सर्वोपरी निकाय पनि संसद हो। त्यसैले मानव अधिकारको पनि मूल स्रोत संसद नै हो। प्रत्येक जनताले आफ्ना विभिन्न अधिकारका साथ आधारभूत मानव अधिकार पनि पाएका हुन्छन्। संसदद्वारा पारित नीति, नियम, कानून आदिकै माध्यमबाट जनताले मानव अधिकार उपभोग गर्न पाइरहेका हुन्छन् भने सरकार वा अरू कुनै पक्षबाट जनताको मानव अधिकारमाथि हस्तक्षेप वा उल्लंघन भएमा त्यसको विरूद्धमा प्रखर आवाज उठाउने सबैभन्दा प्रभावकारी र उच्च थलो पनि संसद नै हो। मानव अधिकारका प्रत्येक सवालमा सत्ता र प्रतिपक्ष सबैमाथि कडा निगरानी राखी प्रत्येक नागरिकको मानव अधिकार प्रत्याभूत गराउने दायित्व संसदको हो।

नेपालमा बहुदलीय संसदीय प्रणालीको आठ वर्ष:

वि.सं. २०४६ को अन्तिम चरणतिर शुरू भएको जनआन्दोलनको ऐतिहासिक सफलताबाट नेपालमा तीन दशकपछि बहुदलीय व्यवस्था पुनर्स्थापना भयो। त्यसै सफलताको ठोस परिणामको रूपमा आएको नेपाल अधिराज्यको संविधान २०४७ अनुरूप २०४८ सालमा बहुदलीय प्रतिनिधिसभाका लागि पहिलो आमनिर्वाचन सम्पन्न भयो। त्यसपछि २०५१ सालमा दोश्रो पटक र २०५६ सालमा तेश्रो पटक आमनिर्वाचन भए। यसरी २०४८ देखि २०५६ सम्मको आठ वर्षको अवधिमा नेपालमा तीन पटक संसद गठन भइसकेको छ। यो आठ वर्षको अवधि जनअपेक्षाअनुरूप उपलब्धिमूलक नभए पनि पूरै निराशाजनक भन्न सकिँदैन। बहुदलीय प्रजातन्त्रको यस प्रारम्भिक चरणमा मुलुकको सामाजिक तथा आर्थिक क्षेत्रमा ठोस उपलब्धि नदेखिए तापनि आमजनमानसमा राजनीतिक चेतनाको अभिवृद्धि र राजनीतिक दलहरूमा राजनीतिक क्रिया (सकारात्मक र नकारात्मक दुवै) को अभ्यास भने प्रसस्त भए।

मानव अधिकारको दृष्टिले हेर्ने हो भने यो आठ वर्षमा कुनै कोशे ढुंगा स्थापित नभए पनि गोरेटो कोर्ने कामसम्म भने भएको छ। संसदभित्र र बाहिर मानव अधिकारको पक्षमा प्रखररूपमा आवाज उठ्ने गरेको छ, साथै मानव अधिकार उल्लंघनका

आमनिर्वाचनबाट प्रतिनिधिसभामा पार्टी प्रतिनिधित्व

पार्टी	आम निर्वाचन २०४८	आम निर्वाचन २०५१	आम निर्वाचन २०५६
नेपाली कांग्रेस	११०+	८३	११३
नेकपा एमाले	६९–	८८	६९
संयुक्त जनमोर्चा नेपाल	९	०	१
नेपाल सद्भावना पार्टी	६	३	५
राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द)	३	२०	०
राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा)	१	एकीकृत	११
नेपाल मजदूर किसान पार्टी	२	४ --	१
नेकपा (प्रजातन्त्रवादी)	२	०	०
राष्ट्रिय जनमोर्चा	०	२	५
स्वतन्त्र	३	५	०
जम्मा	२०५	२०५	२०५

\+ *स्वतन्त्र सांसद ३ जनाको प्रवेश र उपनिर्वाचनबाट ११४ पुगेको।*

– *उपनिर्वाचनबाट एक सदस्य घटेको।*

-- *दुई सदस्य अन्य पार्टीमा गएको।*

घटनाहरूलाई कडा निन्दा गर्ने तथा मानव अधिकारप्रति सचेत र सजग रहने वातावरण सिर्जना भएको छ।

सन् १९९९ मा नेपालको संसदमा १५ औं अधिवेशन, १६ औं अधिवेशन र विशेष अधिवेशन गरी तीन अधिवेशन भए। यी अधिवेशनहरूमा भएका मुख्य कार्य र संसदमा उठेका मानव अधिकारसँग प्रत्यक्ष वा परोक्ष सम्बन्ध रहेका विषयहरू तथा त्यससम्बन्धी सांसदहरूका धारणालाई यहाँ समेट्ने प्रयास गरिएको छ।

१५ औं अधिवेशन र मानव अधिकार

प्रतिनिधिसभा

हिउँदे अधिवेशनको रूपमा २०५५ पौष २९ देखि शुरू भएको १५ औं अधिवेशन दुई दिनसम्म मात्र चालू रह्यो।

सरकार गठन भएको एक महिनाभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधानअनुरूप सो प्रयोजनका लागि यस पटकको हिउँदे अधिवेशन सामान्य समयभन्दा केहीअगावै शुरू भयो।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृत्व एवं नेकपा एमाले र नेपाल सद्भावना पार्टीका सहभागिता र समर्थनमा गठित नयाँ सरकारले विश्वासको मत लिन पौष १७ गते संसद सचिवालयमा प्रस्ताव दर्ता गरेको थियो।

पन्ध्रौं अधिवेशनको पहिलो बैठकमा प्रधानमन्त्री कोइरालाले आगामी आमनिर्वाचन निष्पक्ष, धाँधलीरहित र स्वतन्त्ररूपमा सम्पन्न गराउन सबै पक्षको सहयोगका लागि आह्वान गर्दै उहाँले निष्पक्ष र धाँधलीरहित निर्वाचन गर्ने सन्दर्भमा आफूले सबै पक्षसँग विचार-विमर्श गरेको र सबैले यस उद्देश्यलाई स्वीकार गरिसकेता पनि के कारणले हो अहिले सबैको सहयोग प्राप्त हुन सकेको छैन भन्नुभयो।

बैठकमा प्रमुख प्रतिपक्षी दलका नेता एवं नेपाल कम्युनिष्ट पार्टी (माले) का महासचिव बामदेव गौतमले मुलुकमा शान्ति सुरक्षाको स्थिति अत्यन्त दयनीय भएको र आतंकित वातावरण सिर्जना भएको विचार व्यक्त गर्दै जनादेश पत्रिकामाथि भएको कारबाही संविधान र कानूनविपरीत भएको उल्लेख गर्नुभयो।

सोही बैठकमा नेकपा (एमाले) का अध्यक्ष मनमोहन अधिकारीले देशमा आएको राजनीतिक विकृतिहरूको अन्त्यका लागि निर्धारित समयअगावै निर्वाचन गराउनु एकमात्र विकल्प भएकाले त्यही उद्देश्यका लागि गठित वर्तमान सरकारमा नेकपा (एमाले) सहभागी भएको बताउनुभयो।

उहाँले प्रधानमन्त्रीले संसद विघटन गर्ने अधिकारको हनन् भएदेखि देशले राजनीतिक निकास पाउन नसकेको, राजनीतिमा बढेको माफिया तन्त्र तथा संसद र सांसदमा बढेका विकृति निवारणका लागि छिटो निर्वाचन गराउनु एक मात्र विकल्प भएको चर्चा गर्नुभयो।

यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष सूर्यबहादुर थापाले आगामी निर्वाचन स्वतन्त्र, धाँधलीरहित र निष्पक्षरूपमा सम्पन्न गर्न प्रारूप र आधार तयार गरेपछि सबै पार्टी मिलेर सरकार बनाउने पूर्व सहमतिबेगर हठात् दुई पार्टीले सो प्रारूप नै तयार नगरी सरकारमा जानुले आगामी निर्वाचन स्वतन्त्ररूपले हुन्छ भन्ने कुरामा कसैको पनि विश्वास छैन भन्नुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) का नेता लोकेन्द्रबहादुर चन्दले वर्तमान परिस्थितिमा प्रजातन्त्रको मूल्य, मान्यताविरूद्ध सत्ता प्राप्ति र जसरी पनि चुनाव जित्ने परिपाटी कायम भएको छ, यसबाट भोलि प्रजातन्त्रको सुदृढीकरण गर्ने लक्ष्य प्राप्त हुन सक्दैन भन्नुभयो।

नेपाल मजदूर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे (रोहित) ले कालापानी, सीमा अतिक्रमण, भ्रष्टाचार, महंगी र माओवादी समस्या जस्ता गम्भीर विषयमा सरकारले अरू पार्टीहरूसँग गरेको सम्झौता पालन नगरेको साथै हाल प्रेस स्वतन्त्रतामा समेत हस्तक्षेप गरेको आरोप लगाउनुभयो।

सांसद नवराज सुवेदीले हालको विकृति र विसंगतिको जिम्मेवारी सत्तामा गएका सबै पक्षले लिनुपर्ने चर्चा गर्दै वर्तमान परिस्थितिमा संसदीय र बहुदलीय प्रणालीको आधारमा नै प्रतिबन्ध लगाउने कार्य भएकाले वर्तमान सरकारको स्वरूपमै चुनाव गराउनु भनेको आमचुनाव निष्पक्ष नहुनु हो भन्नुभयो।

प्रधानमन्त्री कोइरालाले पौष ३० गते प्रतिनिधिसभाको बैठकमा आफूप्रति प्रतिनिधिसभाको विश्वास छ भन्ने प्रस्ताव पेश गर्दै खासगरी दोश्रो प्रतिनिधिसभाको कार्यकालभर सांसदहरूको क्रियाकलाप र आचरण सार्वजनिकरूपमा कठोर आलोचनाको विषय बन्यो भन्दै आगामी आमनिर्वाचनको क्रममा ती सबै कमी/कमजोरीहरूलाई सुधार्ने वचनबद्धता र त्यसनिम्ति ठोस प्रयत्नको रूपरेखा नेपाली जनतासमक्ष प्रस्तुत गर्नुपर्ने बताउनुभयो।

राष्ट्रिय सहमति निर्वाचनका लागि मात्र होइन, त्यसपछि पनि आवश्यक हुनेछ भन्दै उहाँले हामी आफैं कानूनको परिधिभित्र बसेनौं भने कानूनी राज्यको स्थापना गर्न सक्ने छैनौं, त्यसैले संविधानबमोजिम मुलुकलाई चलाउन चाहने सबै राजनीतिक दल र अन्य पक्षलाई हत्या र हिंसालाई प्रोत्साहित नगर्न र संविधानको सीमाभन्दा बाहिर नजान आग्रह गर्नुभयो।

विश्वासको प्रस्तावमाथिको छलफलमा भाग लिंदै प्रमुख प्रतिपक्षी दलका नेता बामदेव गौतमले कालापानीलगायत् नेपालको एक इन्च भूमि पनि छोड्नुहुँदैन भन्ने मालेको स्पष्ट अडान रहेको बताउँदै कालापानीबाट भारतीय सैनिक हटाउने, १९५० को सन्धि, माओवादी समस्या, भ्रष्टाचार, मूल्य नियन्त्रणका सवालहरूमा सबै राजनीतिक दलहरूबीच सहमति कायम हुनु आवश्यक छ भन्नुभयो। प्रजातान्त्रिक मूल्य, मान्यताविपरीत फरक फरक राजनीतिक पृष्ठभूमि, सिद्धान्त र लक्ष भएका नेपाली कांग्रेस र एमाले कुन नीति, कार्यक्रम र सिद्धान्तको आधारमा सरकारमा सहभागी भएका छन् भन्ने प्रश्न गर्दै उहाँले यस्तो अवस्थामा नेकपा मालेले विश्वासको प्रस्तावको विपक्षमा मत दिने बताउनुभयो।

नेकपा एमालेका झलनाथ खनालले अहिलेको आवश्यकता नै राष्ट्रिय सरकार हो भन्दै आफूले नवयुग पत्रिकामा नेपाल

जस्तो सानो देशको हित र आकांक्षाहरूलाई भारत जस्तो ठूलो देशले उदार हृदयले हेरी सम्बन्ध विस्तार गर्नुपर्छ भन्ने आशयले लेखेको तर त्यसलाई बंग्याएर व्याख्या गरिएको बताउनुभयो।

राप्रपाका सूर्यबहादुर थापाले मौजुदा स्थितिमा निष्पक्ष निर्वाचन कुनै हालतमा हुन नसक्ने देखिएकाले विश्वासको मत लिने प्रस्तावको मतदानमा आफ्नो पार्टीले भाग नलिने निर्णय गरेको जानकारी दिनुभयो।

राप्रपा (चन्द) का पद्मसुन्दर लावतीले पनि निष्पक्ष निर्वाचन गराउने कुनै आधार तयार नभएकाले विश्वासको प्रस्तावको मतदानमा आफ्नो पार्टीले भाग नलिने जानकारी दिनुभयो।

नेपाल सद्भावना पार्टीका हृदयेश त्रिपाठीले चुनावबाहेक अर्को विकल्प नभएकाले आफ्नो पार्टीले विश्वासको प्रस्तावको पक्षमा मतदान गर्ने बताउनुभयो।

सांसद नारायणमान बिजुक्छेंले सरकारले ८५ प्रतिशत अर्थात् १ करोड ५० लाख किसानको मोहियानी हक खोसेको, सत्तामा टिक्न प्रहरी र प्रशासनलाई विभाजित गर्ने गलत काम गरेको, जनताको मौलिक र मानव अधिकार हनन् हुने काम गरेको आरोप लगाउँदै आफ्नो पार्टीले विश्वासको प्रस्तावको विपक्षमा मतदान गर्ने बताउनुभयो।

सांसद परी थापाले मुलुकमा प्रजातन्त्रको पुनस्थापनापछि बनेका सबै सरकारले राष्ट्र र जनताको प्रतिनिधित्व गर्नुको सट्टा गैर प्रजातान्त्रिक क्रियाकलापलाई बढावा दिएकाले तीनै पार्टीले नयाँ जनादेशको कुरा उठाई विश्वासको मत माग्नु अर्थहीन छ भन्नुभयो।

उक्त विश्वासको प्रस्तावमाथि मतदान हुँदा प्रस्तावको पक्षमा १३६ र विपक्षमा ४० मत परेको थियो।

श्री ५ महाराजाधिराजसमक्ष २०५५ पौष ३० गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को उपधारा (४) बमोजिम वर्तमान प्रतिनिधिसभा विघटन गरिबक्सन र प्रतिनिधिसभाका लागि निर्वाचन हुने दिन २०५६ वैशाख २० गतेका दिन तोकिबक्सन मन्त्री परिषद्को निर्णयसहित सिफारिस चढाउनुभयो।

सोही सिफारिसअनुरूप श्री ५ महाराजाधिराजबाट २०५६ माघ १ गते प्रतिनिधिसभा विघटन गरिबक्सी आमनिर्वाचनका लागि २०५६ वैशाख २० गते सोमबारको दिन तोकिबक्स्यो।

साथै मौसूफबाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा ३६ को उपधारा (७) बमोजिम अर्को मन्त्री परिषद् गठन नभएसम्म मौजुदा मन्त्री परिषद्लाई नै कार्य संचालन गरिरहने जिम्मेवारी तोकिबक्स्यो।

राष्ट्रिय सभा

पन्ध्रौं अधिवेशनको पहिलो दिन २०५५ पौष २९ गतेको बैठकमा शुभकामना मन्तव्य व्यक्त गर्दै राष्ट्रियसभामा विपक्षी दलका नेता नेकपा (माले) का मोहनचन्द्र अधिकारीले आफ्नो पार्टी निर्वाचनमा जान तयार छ, तर सरकारले निर्वाचन निष्पक्ष र धाँधलीरहितरूपमा सम्पन्न गर्ने प्रत्याभूति दिन सक्नुपर्दछ, एक बुथ, बीस युथ भन्ने प्रधानमन्त्रीको भनाईबाट निर्वाचन निष्पक्ष हुन्छ भन्ने कुरामा आशंका उत्पन्न गरेको बताउनुभयो। उहाँले माओवादी नियन्त्रणका नाममा राज्यबाट भइरहेको आतंक तुरुन्त बन्द हुनुपर्नेतर्फ पनि जोड दिनुभयो।

सत्तापक्ष (नेपाली कांग्रेस) का नेता हीरादत्त भट्टले आगामी चुनाव निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्ने शर्त पूरा गर्न यो सरकार सफल हुने धारणा व्यक्त गर्नुभयो।

नेकपा एमालेका सुवासचन्द्र नेम्वाङले हाल मुलुक र जनताले भोग्नुपरेका पीडा र अस्तव्यस्त अवस्थाबाट मुक्त पार्न पन्ध्रौं अधिवेशनले एउटा ठोस निष्कर्ष दिन सक्नुपर्ने बताउनुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीका डा. मोहम्मद मोहसिनले आगामी निर्वाचन निष्पक्ष र धाँधलीरहित ढंगले सम्पन्न हुन नसकेमा संसदीय निर्वाचन प्रक्रियामाथि ठूलो आघात पुग्ने धारणा व्यक्त गर्नुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) का अध्यक्ष राजेश्वर देवकोटाले दुई ठूला पार्टीहरूको मेलले स्वस्थ्य संसदीय परिपाटी विकसित हुन सक्दैन, यसबाट प्रजातान्त्रिक हक र मानव अधिकार हनन् हुने त्राश पैदा भएको छ भन्नुभयो।

सांसद रवीन्द्र चक्रवर्तीले निष्पक्ष र धाँधलीरहित चुनाव गर्ने यस सरकारको गहनतम् दायित्व पूरा गर्न यस सरकारलाई सफलता मिलोस् भन्ने कामना गर्नुभयो।

प्रतिनिधिसभा विघटन भई आमनिर्वाचनको मितिसमेत तोकिसकिएको हुँदा यो पन्ध्रौं अधिवेशनमा राष्ट्रिय सभाको बैठक पूर्णरूपमा चल्न सकेन। तसर्थ २०५५ माघ ४ गते राष्ट्रिय सभाको बैठक समापन गरियो।

समापन बैठकमा मन्तव्य व्यक्त गर्दै राष्ट्रिय सभाका अध्यक्ष बेनीबहादुर कार्कीले संसदीय व्यवस्थालाई सुदृढ बनाउन आगामी निर्वाचनबाट एकमना सरकार बन्ने स्थिति हुनुपर्छ,, अहिलेकै जस्तो त्रिशुंक संसद गठन हुने स्थिति आएमा यी मुलुकको लागि ठूलो दुर्भाग्य हुनेछ भन्नुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) का चन्दा शाहले नेपाली जनताको दायनीय अवस्था, मानव अधिकारको बिग्रंदो स्थिति र महंगीले घेरेको अहिलेको अवस्थामा सरकारले निष्पक्ष निर्वाचनका लागि कस्तो प्रत्याभूति दिन्छ, त्यसलाई प्रत्येक नेपालीले चासोका साथ प्रतीक्षा गरिरहेको चर्चा गर्नुभयो।

नेकपा एमालेका माधवकुमार नेपालले आमनिर्वाचनको घोषणाले देशमा व्याप्त अन्यौल र अनिश्चितता अन्त्य भएको विचार व्यक्त गर्दै नेकपा एमाले आफ्नो नौ महिने शासन अवधिमा उल्लेखनीय कार्यहरू गरेकाले सरकार बनाउने हक र दावीका साथ जनसमक्ष गएको बताउनुभयो।

नेपाली कांग्रेसका महादेवप्रसाद यादवले सर्वदलीय सरकारको गठनले स्वतन्त्र र निष्पक्ष चुनावको प्रत्याभूति गर्न सक्दछ भन्ने तर्क प्रति आफ्नो विश्वास नरहेको बताउँदै सरकारमा सामेल रहेका र नरहेका राजनीतिक दलहरूले

निर्वाचन आयोगको आचारसंहिता पूर्ण पालना गरेमात्र त्यो सम्भव हुन्छ भन्नुभयो।

मानव अधिकारसँग सम्बन्धित प्रतिवेदन, विधेयक, प्रस्ताव आदि

यस १५ औं अधिवेशनमा प्रतिनिधिसभा र राष्ट्रिय सभाका वैठकमा मानव अधिकारसँग सम्बन्धित प्रतिवेदन, विधेयक वा प्रस्ताव आदि प्रस्तुत भएनन्। यद्यपि वैठकको पहिलो दिन अर्थात् पौष २९ गते प्रतिनिधिसभामा परराष्ट्र सम्वन्ध तथा मानव अधिकार समितिका सभापति हिरण्यलाल श्रेष्ठले परराष्ट्र सम्वन्ध तथा मानव अधिकार समितिको प्रतिवेदन २०५५ पेश गर्नुभयो।

उक्त प्रतिवेदनमा मुख्यतः भूतपूर्व ब्रिटिश गोरखा सैनिकहरूका समस्याबारे, भूटानी शरणार्थीका सम्बन्धमा समितिले गरेको भूटान भ्रमणबारे र काँकडभित्ता-फूलबारी-बंगलाबन्द पारवहन सम्बन्धमा उल्लेख गरिएको छ।

यसका अतिरिक्त प्रतिवेदनमा मानव अधिकार वर्षका गतिविधिमा समिति शीर्षकअन्तर्गत अन्तर्राष्ट्रिय मानव अधिकार वर्ष १९९८ को सन्दर्भमा आयोजना भएको नेपालभित्रका सबैजसो प्रमुख कार्यक्रमहरूमा समितिको प्रतिनिधित्व भएको, बेइजिङमा भएको अन्तर्राष्ट्रिय मानव अधिकारबारेको गोष्ठीमा समेत समितिका सभापतिबाट प्रतिनिधित्व भएको, समितिमा मानव अधिकारको विविध पक्षमा बेलाबखत विस्तृत छलफल हुनुका साथै प्रधानमन्त्रीसमक्ष समितिको बैठकमा मानव अधिकार आयोग अविलम्व गठन गरिनुपर्ने सुझाव समितिद्वारा प्रस्तुत गरिएको व्यहोरा उल्लेख छ।

साथै सोही दिनको बैठकमा राजस्व चुहावट छानबिनसम्बन्धी संसदीय संयुक्त समितिका सभापति परी थापाले पनि सो समितिको प्रतिवेदन-२०५५ पेश गर्नुभयो।

आमनिर्वाचनको पूर्वसन्ध्यामा बसेको र अत्यन्त अल्प समयको अधिवेशन भएको हुँदा यो १५ औं अधिवेशनमा प्रतिनिधिसभा र राष्ट्रिय सभाको बैठकमा मानव अधिकारका साथै अन्य कतिपय विषयहरूले स्थान पाउन सकेनन्। यो अधिवेशन पूर्णतया आगामी आमनिर्वाचनमै केन्द्रित रहृयो।

> **संसदमा रगत मुछिएको लुगा**
>
> नेकपा एमालेका सांसद वीरबहादुर लामाले असार १० गते प्रतिनिधिसभाको बैठकमा सिराहामा असार ९ गते भएको निर्वाचनमा नेपाली कांग्रेसका तर्फबाट व्यापक धाँधली र सांघातिक हमला भएको र त्यसमा आफूसमेत गम्भीर घाइते हुन पुगेको बताउनुभयो।
>
> उहाँले आफ्नो टाउकोमा लागेको चोट देखाउनुका साथै रगतै रगत लागेको आफ्नो सर्ट सभामुखको टेबुलमा लगेर राखिदिनुभयो। सभामुख तारानाथ रानाभाटले उक्त सर्ट लगेर बुझाइदिन आदेश दिनुभयो। मर्यादापालक सभामुखको आसन अगाडि गएर झिक्न नमिल्ने भएता पनि सभामुखको पुनः आदेशमा मर्यादापालकले निहुरिएर उक्त सर्ट सभामुखको टेबलबाट झिके।

१६ औं अधिवेशन

प्रतिनिधिसभा

तेश्रो प्रतिनिधिसभाका लागि २०५६ वैशाख २० गते र जेठ ३ गते गरी दुई चरणमा आमनिर्वाचन सम्पन्न भयो। निर्वाचनको परिणामअनुसार नेपाली कांग्रेसले ११०, नेकपा एमालले ७०, राष्ट्रिय प्रजातन्त्र पार्टीले ११, नेपाल सद्भावना पार्टीले ५, राष्ट्रिय जनमोर्चाले ५, नेपाल मजदूर किसान पार्टीले १ र संयुक्त जनमोर्चा नेपालले १ स्थान हाँसिल गऱ्यो।

अधिराज्यका २०५ मध्ये उम्मेदवारको मृत्यु भएको कारण सिरहा-५ र सुनसरी-३ मा निर्वाचन हुन बाँकी रहृयो भने नेपाली कांग्रेसका गिरिजाप्रसाद कोइराला, नेकपा (एमाले) का माधवकुमार नेपाल तथा खड्गप्रसाद ओली दुई-दुई निर्वाचन क्षेत्रबाट निर्वाचित हुनुभएकाले १६ औं अधिवेशन शुरू हुँदा प्रतिनिधिसभामा जम्मा २०० जना मात्र सदस्यहरू थिए।

तेश्रो प्रतिनिधिसभाको पहिलो बैठक अर्थात् संसदको १६ औं अधिवेशन २०५६ असार ६ गते शुरू भई नवनिर्वाचित प्रतिनिधिसभाका जेष्ठ सदस्यका हैसियतले प्रतिनिधिसभाको पहिलो बैठकको अध्यक्षता गर्दै गिरिजाप्रसाद कोइरालाले संसदप्रति जनताको विश्वास र आस्थालाई बढाउँदै लैजाने जिम्मेवारी हामी सांसदहरूकै हो, हाम्रा क्रियाकलाप र व्यवहारले नै जनताको नजरमा संसदको मूल्यांकनको आधार बन्दछन् भन्दै सांसदहरूको आचरण शुद्ध हुनुपर्नेतर्फ जोड दिनुभयो।

नवनिर्वाचित प्रतिनिधिसभाको सभामुख पदमा नेपाली कांग्रेसका तारानाथ रानाभाट २०५६ असार ९ गते निर्विरोध निर्वाचित हुनुभयो।

सभामुख पदमा निर्वाचित भइसकेपछि प्रतिनिधिसभाको बैठकलाई सम्बोधन गर्दै उहाँले आफूले सभामुखका हैसियतले आग्रहरहित भई निष्पक्ष ढंगले सबै सांसदहरूको विश्वास र समर्थनको सम्मान गर्दै कर्तव्य पालनामा लागिरहने प्रतिज्ञा गर्नुभयो।

उहाँले सत्तापक्षलाई कुना पार्न विरोधका लागि विरोध मात्र गर्नु प्रतिपक्षको धर्म होइन, यसैगरी बहुमतको गणित अल्पमतलाई पेल्ने सत्तापक्षको बुल्डोजर पनि होइन भन्नुभयो।

सभामुख रानाभाटले अधिनायकवादी शासनको अन्त्य गरी प्रजातान्त्रिक राज्य व्यवस्थाअन्तर्गत जनताको शासन स्थापना गर्न जीवन समर्पित गर्ने नेताहरू विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह, सुवर्ण शम्शेर, पुष्पलाल, मनमोहन अधिकारी जस्ता नेताहरू र देशमा प्रजातन्त्र र मानव अधिकारको प्रत्याभूतिका लागि अनेकौं यातना, दुःख कष्ट सहने हजारौं नेपालीहरूप्रति अभिवादन चढाउँछु भन्नुभयो।

प्रतिनिधिसभाको असार १० गते बसेको बैठकमा असार ९ गते सिराहा जिल्ला निर्वाचन क्षेत्र नं. ५ को प्रतिनिधिसभा सदस्य पदको निर्वाचनबारे करीब डेढ घण्टा छलफल र विवाद चल्यो।

बैठकको कारवाही शुरू हुनासाथ नेकपा एमालेका राजेन्द्रप्रसाद पाण्डे, प्रदीप नेपाल र सुभाषचन्द्र नेम्वाङ र संयुक्त जनमोर्चाका लीलामणि पोखरेललगायत्का सांसदहरूले उक्त निर्वाचनमा नेपाली कांग्रेसका तर्फबाट व्यापक अशान्ति भएको र एमाले सांसद वीरबहादुर लामामाथि आक्रमण गरिएको, सांसद महेन्द्र रायलाई संसद चलिरहेको अवस्थामा गिरफ्तार गरिएको भनी कडा विरोध जनाउनुभयो।

प्रतिपक्षी सांसदहरूले उक्त विषयमा श्री ५ को सरकारको जवाफ मागेपछि संसदीय व्यवस्था मन्त्री ओमकारप्रसाद श्रेष्ठले सिराहा क्षेत्र नं. ३ मा सम्पन्न आमनिर्वाचनको क्रममा कुनै पनि सांसद प्रहरी हिरासतमा नभएको तर भेडियाखोला र भुलके मतदान केन्द्रमा केही व्यक्तिहरूबीच कुटपिट भई गोलीसमेत चलेकाले केही व्यक्ति घाइते भएको जानकारी दिनुभयो। सभामुख रानाभाटले उक्त घटनाबारे विस्तृत छानबिन गरी अर्को बैठकमा जानकारी गराउन श्री ५ को सरकारलाई निर्देशन दिनुभयो।

असार १५ गते सम्पन्न प्रतिनिधिसभाको उपसभामुख पदको निर्वाचनमा नेपाली कांग्रेसका श्रीमती चित्रलेखा यादव निर्विरोध निर्वाचित हुनुभयो।

निर्वाचित भएपछि उपसभामुख श्रीमती यदावले प्रतिनिधिसभाले जुन विश्वासका साथ आफूलाई उक्त पदमा निर्विरोध निर्वाचित गरेको छ, त्यो विश्वास कायम राख्न आफू सदा प्रयत्नशील रहने प्रण गर्नुभयो।

विशेष समयमा मानव अधिकार

प्रतिनिधिसभाको बैठकमा सांसदहरूले सभामुखसँग विशेष समय लिएर विभिन्न विषयमा सदन र सरकारको ध्यानाकर्षण गराउने परिपाटीअनुसार १६ औं अधिवेशनमा मानव अधिकारसँग प्रत्यक्ष र परोक्ष सम्बन्ध राख्ने विषयहरूमा सांसदहरूले उठाएका आवाजबारे यहाँ संक्षिप्त विवरण प्रस्तुत गरिएको छ।

नेकपा एमालेका प्रमुख सचेतक भरतमोहन अधिकारीले केही दिनदेखिको अविरल वर्षाका कारण विभिन्न जिल्लामा जनधनको ठूलो क्षति भएको, मोरङ जिल्लाको वकरा खोलाको तटबन्ध भत्किनाले उर्लावारी, राजघाट, गोविन्दपुर र मधुमल्ला बजारमा ठूलो क्षति भएको, तर सरकारले कुनै ध्यान नदिएकाले सयौं परिवारको विचल्ली भइरहेको बताउँदै तत्काल युद्धस्तरमा राहत पुऱ्याउन माग गर्नुभयो।

संयुक्त जनमोर्चाका लीलामणि पोखरेलले सिन्धुली जिल्लाका अनेक गा.वि.स.हरूमा भोकमरीले जनता जंगलको गिठ्ठा र फूलेका बाँसका गेडालाई रोटी बनाएर खाइरहेका छन्, त्यहाँ तत्काल राहतको व्यवस्था गरियोस, साथै जेठ २ गतेदेखि १० गतेसम्ममा सार्वजनिक स्थानबाट गिरफ्तार गरिएका दण्डमणि न्यौपानेलगायत्का १० व्यक्तिको विषयमा तत्काल जानकारी दिइयोस् भन्ने माग गर्नुभयो।

नेपाली कांग्रेसका बलदेव शर्मा मजगैयाले दाङको घोराहीमा मल किन्न लाम लागेका दर्जनौं किसानमाथि प्रहरीले निर्ममतापूर्वक लाठी प्रहार गरी घाइते तुल्याएकोतर्फ ध्यानाकर्षण गराउनुभयो।

नेकपा एमालेका गोरखबहादुर बोगटीले हुम्ला जिल्लामा खाद्यान्न अभावले विकराल समस्या ल्याएको, जिल्लामा पुगेको केही खाद्यन्न पनि सर्वसाधारण जनताले पाउन नसकी भोकभोकै मर्नुपर्ने स्थिति आएको बताउनुभयो।

नेपाली कांग्रेसका शिवप्रसाद हुमागाईंले काभ्रेपलाञ्चोकको च्यामुन गा.वि.स.मा असार १८ गते अज्ञात आतंककारीहरूको गोलीबाट स्थानीय बासिन्दा गोविन्द तिमिल्सिनाको हत्या भएको जानकारी दिनुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीका गोविन्दविक्रम शाहले जाजरकोटबासी सबैलाई प्रहरी र प्रशासनले माओवादी सम्झेर धरपकड गरी अनेक दुःख दिने गरेको, जेठ ३ गतेदेखि असार १९ गतेसम्ममा जितपुर गा.वि.स. मात्र ६ जना माओवादी मारिएको बताउँदै त्यहाँको स्थिति अत्यन्त भयावह रहेको उल्लेख गर्नुभयो।

नेपाली कांग्रेसका रामनाथ अधिकारीले धादिङ जिल्लाका जनता अनिकाल र बाढी पहिरोको दोहोरो मारमा परिरहेकाले उनीहरूको जीवन रक्षा गर्न सरकारले तुरुन्त कदम चालोस् भन्नुभयो।

नेपाली कांग्रेसका एन.पी. साउदले महाकाली अञ्चल अस्पतालमा नक्कली औषधीका कारण स्थानीय जनता पीडित भइरहेको बताउनुभयो।

सांसद चित्रबहादुर के.सी.ले चितवनका दण्डपाणी न्यौपानेलगायत्का केही व्यक्तिलाई प्रशासनले पक्राउ गरी बेपत्ता पारेकोमा उनीहरूबारे सरकारले तुरुन्त जानकारी देओस् भन्नुभयो।

नेकपा एमालेका गंगाप्रसाद नेपालले सिन्धुली जिल्लामा शान्ति, सुरक्षाको स्थिति अत्यन्त नाजुक भएको बताउनुभयो।

नेपाल सद्भावना पार्टीका मृगेन्द्रकुमार सिंह यादवले सप्तरी जिल्लामा प्रमुख जिल्ला अधिकारीले दिनमा दुई तीन जनालाई मात्र नागरिकता प्रमाणपत्र दिने गरेकाले धेरैलाई ठूलो असुविधा भइरहेको बताउनुभयो।

नेकपा एमालेका राजेन्द्रप्रसाद पाण्डेले मुस्ताङ-पोखरा सम्पर्क मञ्चका सदस्य तथा नेकपा एमालेका कार्यकर्ता सत्यनारायण शेरचनलाई नेपाली कांग्रेसका सांसदले आफ्नो कोठामा बोलाएर कुटपिट गरेको बताउनुभयो।

नेकपा एमालेका विरोध खतिवडाले मकवानपुर जिल्लाको हाँडीखोलामा केही व्यक्तिद्वारा गरिएको गोली प्रहारबाट दीपक लामाको मृत्यु र अन्य तीन जना सख्त घाइते भएको बताउनुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीका पशुपतिशम्शेर जबराले असार २६ गते ओखलढुंगामा राप्रपाका सदस्य धीरबहादुर कार्कीको अज्ञात

व्यक्तिहरूद्वारा हत्या भएको बताउँदै दोषीमाथि कारवाहीको माग गर्नुभयो।

नेपाली कांग्रेसका होमनाथ दाहालले पनि सो हत्याको निन्दा गर्दै मृतकका परिवारलाई राहत रकम दिन सरकारसँग माग गर्नुभयो।

नेपाली कांग्रेसका हृदयराम थानीले सुर्खेतमा माओवादी र प्रहरीको भिडन्तमा एक प्रहरी र केही माओवादीको मृत्यु भएको जानकारी दिनुभयो।

नेकपा एमालेका प्रदीपकुमार ज्ञवालीले हिन्दू साप्ताहिकका सम्पादकमाथि भएको धरपकडतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो।

नेपाली कांग्रेसका हरिभक्त अधिकारीले लमजुङ जिल्लाको गिलुङ र टक्सार गा.वि.स.मा राजनीतिक आस्थाको आधारमा मानिसहरूलाई सामाजिक बहिष्कार एवं दण्ड जरिवाना गर्ने तथा खानेपानीको पाइपसमेत बन्द गरी अमानवीय व्यवहार गर्ने गरिएकाले सम्बन्धित पार्टीहरूलाई ध्यान दिन आग्रह गर्नुभयो।

नेकपा एमालेका रत्नप्रसाद शर्मा न्यौपानेले जाजरकोट जिल्लास्थित दह गा.वि.स.का धेरै परिवारका गरी १६१ जना माओवादी आतंकका कारण आफ्नो ज्यान जोगाउन घरबार छोडी सुर्खेत आई खेलकूद विकास समितिको कभर्ड हलमा शरणार्थीका रूपमा आइबसेको जानकारी दिँदै उनीहरूको सुरक्षा र राहतका लागि माग गर्नुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीका बुद्धिमान तामाङले देशको २५ जिल्लामा शान्ति सुरक्षा अस्तव्यस्त भएको र माओवादी भनी प्रहरीले दण्डपाणी न्यौपाने, विकास शर्मा, पासाङ लामा, श्रीराम घिमिरेलगायत्का व्यक्तिहरूलाई पक्राउ गरी बेपत्ता पारेको आरोप लगाउनुभयो।

नेकपा एमालेका सुवासचन्द्र नेम्वाङले अहिले पनि मुलुकमा प्रहरीले हिरासतमा यातना दिने, बेपत्ता पार्ने, झुठा मुद्दामा फसाउने जस्ता अमानवीय कार्य भइरहेको तर अझसम्म मानव अधिकार आयोग गठन हुन नसकेकोतर्फ ध्यानाकर्षण गराउनुभयो।

नेकपा एमालेका प्रेमबहादुर सिंहले माओवादी प्रभावित जिल्लाका हजारौं बासिन्दाहरू माओवादी र प्रहरीको दोहोरो दमनमा परी आफ्नो थलो छोडेर देशका विभिन्न भागमा र भारतमा समेत विस्थापित हुने क्रम बढ्न थालेकाले सरकारको तुरुन्त ध्यान जान आवश्यक छ भन्नुभयो।

नेपाली कांग्रेसका रामबहादुर विष्टले सुदूर-पश्चिमाञ्चल र मध्य-पश्चिमाञ्चलका पहाडी र हिमाली जिल्लाका खाद्यान्न संकटतर्फ सरकारले चासो नदेखाएको गुनासो गर्नुभयो।

नेकपा एमालेका रघुजी पन्तले कुल जनसंख्याको ५ प्रतिशत ओगटेका अन्ध अपांगहरूलाई आर्थिकरूपमा सक्षम बनाई मानवोचित जीवनयापन गराउन राज्यले के सोचेको छ ? भन्ने प्रश्न गर्नुभयो। साथै उहाँले पाल्पा जिल्ला अदालतले स्थानीय पत्रकार जगदीश भट्टराईलाई न्यायपालिका भ्रष्ट भयो भन्ने समाचार सम्प्रेषण गरेको कारण दर्शाइ सजाय गर्ने फैसला गर्नु निन्दनीय भएको बताउनुभयो।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका नेता माधवकुमार नेपालले माओवादीका नाममा सरकारले एमाले कार्यकर्ताहरूलाई दुःख दिने गरेको र माओवादीका कारण स्थानीय बासिन्दाहरू आफ्नो जन्मथलो छोडी आफ्नै देशमा शरणार्थी हुन बाध्य भइरहेको चर्चा गर्नुभयो।

नेपाली कांग्रेसका श्रीमती काशी पौडेलले माओवादी समस्या हल गर्न एक सर्वदलीय समिति गठन गरी पूर्ण प्रतिबद्धतासँग अघि बढ्नुपर्ने र मानवता विरोधी कार्यमा संलग्न व्यक्तिहरूलाई कडा सजाय दिनुपर्ने विचार राख्नुभयो।

नेपाली कांग्रेसका श्रीमती सावित्री बोगटी (पाठक) ले माओवादी समस्या निराकरण गर्न विशेष अनुसन्धान गरी शान्ति सुरक्षाको प्रत्याभूति गराउनुपर्ने बताउनुभयो।

सोही दलका खेमराज भट्ट मायालुले बादी जातिले यौन व्यवसाय गरेर अमानवीय ढंगले जीवन व्यतीत गरिरहेको, नेपालका १० जिल्लामा रहेका उनीहरूको संख्या ७ हजार ८२ जति रहेको बताउँदै उनीहरूलाई मानवोचित जीवनयापन गराउन सरकारले निर्व्याजी ऋण दिई कार्यक्रम संचालन गरोस् भन्नुभयो।

नेकपा एमालेका राजेन्द्र पाण्डेले नेपाल नाई संघका महासचिव अनिरुद्धप्रसाद ठाकुरलाई सादा पोशाकमा आएका प्रहरीहरूले पेस्तोल देखाई ५० हजार रूपैयाँ नदिए मार्ने धम्की दिएको र निज ठाकुरले स्रोहखुट्ट प्रहरी चौकीमा उजुरी गर्न जाँदा उजुर नगर्न प्रहरीले नै दवाव दिएको र आफूलाई धम्की दिने प्रहरीहरू त्यही चौकीमै गफ गरिरहेको देखेको भन्ने जानकारी निज पीडितले नेकपा एमाले पार्टीलाई दिएको बताउनुभयो।

नेकपा एमालेका सुवासचन्द्र नेम्वाङले मानव अधिकार आयोग गठन गर्न प्रधानमन्त्रीले सर्वोच्च अदालतको परमादेशको पूर्ण पाठको प्रतीक्षा भइरहेको बताउनु भएता पनि आयोग गठन गर्न सो पूर्ण पाठ आवश्यक नपर्ने भनी न्याय क्षेत्रबाट पत्रपत्रिकामार्फत् जवाफ आइसकेकाले यसै अधिवेशनभित्र पारदर्शी ढंगले उक्त आयोग गठन गरियोस् भन्ने माग गर्नुभयो। उहाँले भदौ ९ गते बिहान १०.३० बजेतिर मानव अधिकारवादी कार्यकर्ताहरूलाई सिंहदरबारअगाडि प्रहरीले लछार पछार गरी गिरफ्तार गरेको भनी सो घटनाको निन्दा गर्नुभयो।

नेकपा एमालेका श्रीमती अष्टलक्ष्मी शाक्य, सुशीला नेपाल र कुन्ता शर्माले वर्तमान सरकारले महिला अधिकारसम्बन्धी विधेयकलाई छलफलमा नल्याउने उद्देश्यले यो अधिवेशनको अन्त्यमा दर्ता गराएको आरोप लगाउँदै यसले नेपाली महिलाको अपमान भएको बताउनुभयो।

राप्रपाका रामचन्द्र राय र नेपाली कांग्रेसका मोहन बस्नेतले असोज ५ गते सिन्धुपाल्चोकको पिस्करमा आतंककारीहरूले देवीजंग पाण्डेलाई खुकुरी हानी हत्या गरेको बताउँदै शान्ति सुरक्षाको स्थितिप्रति गम्भीर चिन्ता व्यक्त गर्नुभयो।

नेकपा एमालेका गंगाप्रसाद नेपालले मानव अधिकार आयोग गठन गर्न सरकार गम्भीर नभएको बताउनुभयो।

शून्य समयमा मानव अधिकार

संसदको १६ औं अधिवेशनअन्तर्गत प्रतिनिधिसभाको बैठक असार ६ गतेदेखि प्रारम्भ भएपनि शून्य समयमा सांसदहरूले विभिन्न समसामयिक विषयहरूमा सरकार र सदनको ध्यानाकर्षण गराउने क्रम साउन ४ गतेदेखि मात्र शुरू भयो। यस अधिवेशनमा शून्य समयमा सांसदहरूले उठाएका विभिन्न प्रसंगहरूमध्ये मानव अधिकारका दृष्टिकोणले महत्वपूर्ण प्रसंगहरू यहाँ प्रस्तुत गरिएको छ।

नेकपा एमालेका शेरधन राईले भोजपुर जिल्लामा खाद्यान्न समस्या समाधान गर्न र जिल्ला कारागारका कैदीहरूलाई स्वच्छ खानेपानी उपलब्ध गराउन आग्रह गर्नुभयो।

सोही दलका सुवासचन्द्र नेम्वाङले बसोबासविहीन परिवारलाई व्यवस्थित बसोबास गराउन राष्ट्रिय आयोग गठन गर्न माग गर्नुभयो।

नेपाली कांग्रेसका हृदयराम थानीले सुर्खेतमा माओवादी आतंक बढेकामा गम्भीर चिन्ता व्यक्त गर्नुभयो।

सोही दलका केशरमान राेक्काले माओवादीका कारण विस्थापित जनतालाई सुरक्षित पुनर्स्थापनाको व्यवस्था गर्न माग गर्नुभयो।

राप्रपाका गोविन्दविक्रम शाहले जाजरकोटमा साँझ अघोषित कर्फ्यू लाग्ने गरेको र जनता आतंकित भइरहेको बताउनुभयो।

नेकपा एमालेका चक्रबहादुर शाहीले मुगुमा भोकमरीले जनता आक्रान्त भइरहेकाले खाद्यान्नको माग गर्नुभयो।

नेपाली कांग्रेसका लेखनाथ आचार्यले रोल्पामा असुरक्षा र खाद्यान्न अभावले गर्दा त्यहाँका बासिन्दाहरू विस्थापित भइरहेका छन् भन्नुभयो।

सोही दलका हरिलाल जोशीले गोरखामा माओवादीको बढ्दो आतंकप्रति चिन्ता व्यक्त गर्नुभयो।

यसैगरी सोही दलका होमनाथ दाहालले पनि ओखलढुंगामा माओवादीहरूले नेपाली कांग्रेसका कार्यकर्ताहरूको हत्या गर्ने, त्रसित पार्ने गरेको बताउनुभयो।

नेकपा एमालेका धर्नेन्द्र बस्नेतले भोजपुरमा खाद्यान्न अभावको ठूलो समस्या रहेको र जनता गिठ्ठा, भ्याकुर पनि खान नपाउने अवस्थामा पुगेको बताउनुभयो।

नेकपा एमालेकै चन्द्रबहादुर शाहीले मुगु जिल्लामा साउन ६ गते प्रमुख जिल्ला अधिकारीको आदेशमा हवाई फायर भएको र एमाले कार्यकर्ता तथा सर्वसाधारणलाई हिरासतमा लिइ यातना दिइएकाले यसबारे गृहमन्त्रीबाट जानकारी आउनुपर्ने माग गर्नुभयो।

सोही दलका चन्द्रमणि खनालले नवलपरासी जिल्लाको रूचन गा.वि.स.मा प्रहरीले गिरफ्तार गरी बेपत्ता पारेका तीन जना कुन अवस्थामा कहाँ छन्, त्यसको जानकारी दिइयोस् भन्नुभयो।

नेकपा एमालेकै श्रीमती तीर्था गौतमले रूकुम जिल्लामा शान्ति सुरक्षाको स्थिति बिग्री जनता असुरक्षित रहेकाले त्यहाँ स्थिति नियन्त्रण गर्न गृहमन्त्रीलाई आग्रह गर्नुभयो।

राप्रपाका नेत्रलाल श्रेष्ठले माओवादीका कारण विस्थापित निर्दोष जनताप्रति सरकार किन सम्वेदनशील छैन भनी प्रश्न गर्नुभयो।

नेकपा एमालेका कृष्णप्रसाद दाहालले खाद्यान्न अभावले गर्दा मकवानपुरमा गिठ्ठा भ्याकुर पनि सकिसकेकाले त्यहाँका जनतालाई बचाउन तुरून्त खाद्यान्न पठाइयोस् भन्नुभयो।

सांसद चित्रबहादुर के.सी.ले ओखलढुंगामा माओवादीहरूले राप्रपा कार्यकर्ताको हत्या गरे तर हत्यासँग सम्बन्ध नै नभएका निर्दोष व्यक्तिहरूलाई प्रहरीले पक्राउ गरी यातना दिइरहेको छ भन्नुभयो।

नेकपा एमालेका गंगाप्रसाद नेपालले सर्वोच्च अदालतले आदेश दिएको मानव अधिकार आयोग गठन गर्न सरकार किन उदासीन रहेको छ ? भन्ने प्रश्न उठाउनुभयो।

सांसद लीलामणि पोखरेलले सिन्धुलीका विभिन्न पाँच इलाकामा प्रहरीले स्थानीय जनतालाई पिट्ने, धम्क्याउने र यातना दिने काम गरिरहेका छन्, त्यसलाई तत्काल रोक्नुपर्‍यो भन्नुभयो। साथै उहाँले मानव अधिकार आयोग गठन गर्न र महिला अधिकार विधेयक ल्याउन माग गर्नुभयो।

नेपाली कांग्रेसका टंकप्रसाद शर्मा कँडेलले बागलुङ क्षेत्र नं. १ मा माओवादीहरूले स्थानीय व्यापारीहरूसँग जबरजस्ती चन्दा मागेको, नदिएमा गोली हानी मार्ने धम्की दिएकोतर्फ गृहमन्त्रीको ध्यान जाओस् भन्नुभयो।

सोही दलका टीलबहादुर लामाले रसुवाको लाङटाङ राष्ट्रिय निकुञ्जमा बलात्कारका घटना हुने गरेको र निकुञ्ज छेउछाउ साँझ ६ बजेपछि स्वतन्त्ररूपमा हिँडडुल गर्न नपाइने गरेकोतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो।

नेपाली कांग्रेसकै फरमुल्ला मंसुरले बारा जिल्लामा रहेका टेक्सटायल कारखानाहरू चार महिनादेखि बन्द हुँदा त्यहाँका एक हजार मजदूरहरू र तिनका परिवार बिचल्लीमा परिरहेको बताउनुभयो।

सोही दलका बेनुपराज प्रसाईंले चिया विकास निगमका दुई हजार मजदूर कर्मचारीले लामो समयदेखि तलब नपाएकोले उनीहरूको जीवन कष्टप्रद भइरहेको बताउनुभयो।

नेकपा एमालेकी श्रीमती अष्टलक्ष्मी शाक्यले हाम्रो समाजका घरेलु हिंसा र झै-झगडाका घटनाहरू बढिरहेकाले पारिवारिक इजलाशको व्यवस्था गर्न माग गर्नुभयो।

सोही दलका सुवासचन्द्र नेम्वाङले केही दिनअघि मानव अधिकारवादी समूहले प्रधानमन्त्रीलाई भेटी सरकारद्वारा विभिन्न समयमा गिरफ्तार गरिएका ४७ व्यक्तिहरूका बारेमा जानकारी माग्दा प्रधानमन्त्रीले ती व्यक्ति यसअघिकै सरकारका पालामा

मारिसकिएको जानकारी दिनुभयो, यसको वास्तविकता के हो ? छानबिन गरी सदनलाई जानकारी गराइयोस् भन्नुभयो।

सांसद हरि आचार्यले देशका कारागारहरूको अवस्था ज्यादै दयनीय भएको बताउँदै २०४७ सालमा गठित बद्रीराम भण्डारीको कारागार सुधार आयोगको प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने बताउनुभयो।

नेकपा एमालेका आनन्दप्रसाद पोखरेलले दोलखाका आले तामाङको हत्याबारे छानबिन गर्न उच्चस्तरीय आयोग गठन गरी दोषीलाई कडा सजाय दिइयोस् भन्ने माग गर्नुभयो।

नेपाली कांग्रेसका केशरमान रोक्काले रूकुममा माओवादीहरूले विभिन्न व्यक्तिहरूलाई अपहरण गरेकोतर्फ सरकारको तत्काल ध्यान जाओस् भन्नुभयो।

सोही दलका गोपाल राईले मानव अधिकार आयोग चाँडै गठन गर्न माग गर्नुभयो।

नेकपा एमालेका रघुजी पन्तले र सुभाष कर्माचार्यले आज भदौ ४ गते बिहान मानव अधिकार आयोगको तत्काल गठन तथा राज्यबाट बेपत्ता पारिएका नागरिकहरूको खोजी होस् भनी मानव अधिकारवादी कार्यकर्ताले शान्तिपूर्ण धर्ना दिइरहेको अवस्थामा प्रहरीले पक्राउ गरेकोमा विरोध जनाउँदै उक्त आयोग गठन नगरेर राज्यले कानून र संविधानको अवहेलना गरेको छ भन्नुभयो।

सोही दलका सुशीला नेपाल, श्रीमती विद्या भण्डारी, वसन्तकुमार नेम्वाङ, रत्नप्रसाद न्यौपाने र राजेन्द्रप्रकाश लोहनीले पक्राउ परेका मानव अधिकारवादी कार्यकर्ताहरूको तत्काल रिहाई र मानव अधिकार आयोग गठन गर्न जोडदार माग गर्नुभयो।

नेकपा एमालेकै ईश्वर पोखरेलले गत असार २८ गते भक्तपुर वडा नं. १४ बस्ने दयालक्ष्मी तुलसी हराएकोमा भोलिपल्ट उसको लास सैनिक व्यारेक नजिक भेटिको जानकारी दिँदै सोबारे निजका पतिले प्रहरीमा जाहेरी दिएको र ३० गते भक्तपुर अस्पतालमा लास पोस्टमार्टमका लागि बुझाइएकोमा उसले कुनै पनि ठाउँबाट कुनै जवाफ पाउन नसकी अन्यायमा परिरहेको बताउनुभयो।

नेपाली कांग्रेसका दिलबहादुर लामाले बाल यौन शोषण बढिरहेको र सडक बालबालिकाहरूलाई जम्मा गरी साँझ पर्यटक होटलहरूमा पठाउने दुष्प्रवृत्ति तुरुन्त नियन्त्रण गर्न आवश्यक भएको बताउनुभयो।

नेकपा एमालेका जगन्नाथ खतिवडा र गोकर्णराज विष्टले भदौ ९ गते मानव अधिकारवादीहरूलाई लछारपछार र गिरफ्तार गरिएकोमा विरोध जनाउँदै मानव अधिकार आयोग गठन गर्न माग गर्नुभयो।

सांसद चित्रबहादुर के.सी.ले भदौ २३ गते नेकपा माओवादीका वैकल्पिक पोलिटव्यूरो सदस्य सुरेश वाग्लेलाई निशस्त्र अवस्थामा प्रहरीले घेरा हाली मारेकोमा विरोध गर्नुभयो।

नेकपा एमालेका प्रकाश ज्वालाले सडक र सदनबाट मानव अधिकार आयोग गठन गर्न माग हुँदा पनि सरकारले ध्यान नदिएको आरोप लगाउँदै यसै अधिवेशनभित्र सो आयोग गठन गर्न माग गर्नुभयो।

सरकारको नीति तथा कार्यक्रममा मानव अधिकार

श्री ५ महाराजाधिराजबाट नेपालको संसदीय परम्पराअनुसार २०५६ असार १७ गते संसदको १६ औं अधिवेशनको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गरिबक्स्यो। उक्त सम्बोधनमा निहित आर्थिक वर्ष २०५६/५७ का लागि श्री ५ को सरकारको नीति तथा कार्यक्रममा नेपाली जनताको मानव अधिकारसँग सम्बन्धित मुख्य निम्न बुँदाहरू समावेश भएको पाइन्छः-

- सरकारको विकास प्रयास, योजना र कार्यक्रमको मूल उद्देश्य - गरिबी निवारण।
- वृद्ध, विधवा, असहाय र अपांगहरूको सामाजिक सुरक्षाको कार्यक्रम प्रभावकारी ढंगले कार्यान्वयन गरिने।
- उत्पीडित, दलित, आदिवासी, जनजाति तथा महिला वर्गको हक हित सम्वर्द्धन गर्न र जीवनस्तर उठाउन उनीहरूलाई निर्णय प्रक्रियामा सहभागी गराउने।
- सुकुम्बासी र कमैयाहरूको समस्या समाधान गर्न समयबद्ध कार्यक्रम ल्याउने।
- मानव विकास परिसूचकको आधारमा ज्यादै पछाडि परेका हिमाली तथा उच्च पहाडी जिल्लाहरूको समुचित विकास गर्न ती क्षेत्रमा स्वास्थ्य, शिक्षा, रोजगारी, जस्ता पूर्वाधारहरूलाई विशेष प्राथमिकता दिई कार्यान्वयन गरिने।
- जनधनको सुरक्षा गर्न तथा शान्ति सुव्यवस्थालाई सुदृढ वनाउन नीतिगत र प्रशासनिक कदम चालिने।
- बालश्रम निषेध गर्न, युवा शक्तिको विकास र परिचालन गर्न तथा महिला सशक्तिकरणमा जोड दिन कटिबद्ध रहने।

शाही सम्बोधनमा निहित श्री ५ को सरकारका नीति तथा कार्यक्रममाथि प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका तर्फबाट संसदीय दलका नेता माधवकुमार नेपाल, राप्रपाका पशुपतिशम्शेर जवरा, नेपाल सदभावना पार्टीका हृदयेश त्रिपाठी, राष्ट्रिय जनमोर्चाका चित्रबहादुर के.सी., संयुक्त जनमोर्चा नेपालका लीलामणि पोखरेल र नेपाल मजदूर किसान पार्टीका नारायणमान बिजुक्छेले आ-आफ्नो पार्टीको तर्फबाट बेग्लाबेग्लै संशोधन प्रस्ताव प्रस्तुत गर्नुभयो।

नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक गोपालमान श्रेष्ठले राख्नुभएको शाही सम्बोधनमाथिको धन्यवाद प्रस्ताव श्री ५ को सरकारको नीति तथा कार्यक्रममाथि सांसदहरूले छलफल गर्ने क्रम पूरा भएपछि असार २५ गते बहुमतबाट पारित भयो भने उक्त कार्यक्रममाथि विभिन्न दलहरूद्वारा प्रस्तुत संशोधन प्रस्तावहरू बहुमतबाटै अस्वीकृत भए।

आ.व. २०५६/५७ को बजेट र मानव अधिकार

अर्थमन्त्री महेश आचार्यले असार २७ गते संसदको दुवै सदनको संयुक्त बैठकमा आर्थिक वर्ष २०५६/५७ का लागि ७७

अर्ब, २३ करोड ८२ लाख २६ हजार रूपैयाँको अनुमानित आय-व्यय विवरण पेश गर्नुभयो।

प्रस्तुत बजेटमा साधारणतर्फ ३५ अर्ब ३८ करोड ६३ लाख ३२ हजार रूपैयाँ र विकासतर्फ ४१ अर्ब ८५ करोड १८ लाख ९४ हजार रूपैयाँ छुट्याइएको छ।

यस बजेटले नेपाली जनताको मानव अधिकार संरक्षणलाई ठोस प्राथमिकता दिएको स्पष्ट नदेखिएता पनि गरिबी निवारण, महिला सशक्तिकरण, रोजगारी सिर्जना, ग्रामीण विकास आदिलाई नै बजेटको मुख्य उद्देश्य भनिएको छ।

बजेटले हिंसा-हत्या र आतंकको गलत बाटो त्यागेर संविधान र कानूनसम्मत ढंगले सामान्य र शान्तिपूर्ण जीवनमा फर्किन चाहने र हतियारसहित आत्मसमर्पण गर्ने व्यक्तिहरूलाई जीवनयापन गर्न आर्थिक सहयोग र संरक्षण कार्यका लागि गणेशमान सिंह शान्ति अभियानअन्तर्गत पुनर्स्थापना कार्यक्रम घोषणा गरेको छ।

यसैगरी गरीबसँग विश्वेश्वर नामक नयाँ गरिबी निवारण कार्यक्रम प्रारम्भ गरी आ.व. २०५६/५७ मा कार्यक्रमको पहिलो वर्षमा प्रत्येक निर्वाचन क्षेत्रबाट १०० अति विपन्न परिवार पहिचान गरी कुल २० हजार ५०० परिवारलाई आफ्नो घर, आयआर्जनका लागि काम वा पशुधन, केटाकेटीका निम्ति शिक्षा र स्वास्थ्य सुविधा एकीकृतरूपमा उपलब्ध गराउन सक्ने बनाउन ५ प्रतिशत ब्याजमा प्रत्येक विपन्न परिवारलाई क्रमिकरूपमा ३० हजार रूपैयाँसम्म ऋण सुविधा उपलब्ध गराउने र आगामी ५ वर्षभित्र यस कार्यक्रमबाट देशका दुई लाख विपन्न परिवारलाई गरिबीको दुष्चक्रबाट मुक्ति दिलाउने महत्वाकांक्षी कार्यक्रम पनि प्रस्तुत बजेटले अघि सारेको छ।

सामाजिक क्षेत्रतर्फ ७५ वर्ष उमेर नाघेका वृद्ध, विधवा र असहायहरूलाई हाल दिइँदै आएको मासिक १०० रूपैयाँ भत्तामा अन्तर्राष्ट्रिय वृद्ध वर्षको सम्मान गर्दै ५० थपी १५० रूपैयाँ प्रदान गर्न बजेट व्यवस्था गरिएको छ।

त्यस्तै जनआन्दोलनका शहीदहरूका छोराछोरीहरूलाई निःशुल्क शिक्षा दिने सुविधा कायमै गरी छात्रवृत्तिको थप व्यवस्था गरिने उल्लेख गर्दै बजेटमा आर्थिक अवस्था कमजोर भएका र सामाजिक दृष्टिले पिछडिएका समुदायका २ लाख २५ हजार छात्राहरूलाई आगामी ५ वर्षभित्र छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गरिएको छ।

पिछडिएका क्षेत्र, जनजाति, दलित वर्ग र अपांगहरूलाई उच्च शिक्षाको अवसर प्रदान गर्न छात्रवृत्तिको व्यवस्था गरिने तथा समाज कल्याण परिषद्बाट स्वरोजगार सिर्जना गर्ने उद्देश्यले अन्धा, बहिरा र शारीरिक अपांगहरूका लागि विनाधितो प्रतिव्यक्ति २० हजार रूपैयाँसम्मको लघु ऋण प्रदान गरिने कार्यक्रम पनि बजेटमा उल्लेख छ।

देशका १८ हजार युवाहरूलाई स्वरोजगारका लागि सक्षम बनाउन राष्ट्रिय युवा प्रशिक्षण कार्यक्रम संचालन गर्न पनि बजेट छुट्याइएको छ।

बजेटमाथि भएको छलफलमा सत्तापक्षका सांसदहरूले बजेट निकै उत्साहजनक रहेको तर्क प्रस्तुत गरे भने प्रतिपक्षी सांसदहरूले बजेट देशको आवश्यकताअनुरूप नभएको बताएका थिए। सरकारले केन्द्रबाटै सञ्चालकहरू नियुक्त गरेर गरिबसंग "विश्वेश्वर र गणेशमानसिंह शान्ति अभियान" सञ्चालन गर्न खोज्नुको अर्थ राजनीतिक स्वार्थ प्रेरित हुनुका साथै स्थानीय निकायहरूको गरिमाप्रतिको अविश्वास पनि हो भनी प्रतिपक्ष सांसदहरूले बजेटले अघि सारेका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनप्रति आशंका उठाएका थिए।

विनियोजन विधेयकमा मानव अधिकार

प्रतिनिधिसभाको बैठकमा साउन ५ गतेदेखि श्री ५ को सरकारका विभिन्न मन्त्रालयहरूलाई विनियोजित बजेटसम्बन्धी विनियोजन विधेयकहरूमाथि क्रमैसँग छलफल भयो।

विभिन्न मन्त्रालय शीर्षकअन्तर्गत विनियोजन छलफलमा भाग लिने सांसदहरूले विशेषगरी गृह मन्त्रालय, महिला तथा समाज कल्याण मन्त्रालय र न्याय तथा कानून मन्त्रालयसम्बन्धी छलफलमा भाग लिँदा मानव अधिकारसँग प्रत्यक्ष वा परोक्ष सम्बन्ध राख्ने धारणाहरू व्यक्त गर्नुभएको पाइन्छ।

गृह मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिने सांसदहरूले मुख्यतः माओवादी आतंकको कारण शान्ति सुरक्षाको स्थिति अत्यन्त नाजुक हुन पुगेको, निमुखा जनता आतंककारी र प्रहरी दुवैको दमनमा परी पिल्सिरहेका, प्रहरी हिरासतमा रहेका व्यक्तिहरूसमेत सुरक्षित नरहेका र माओवादीका नामबाट अन्य तत्वहरूले समेत गाउँघरका सोझा जनतालाई दुःख दिइरहेको बताउनुभयो।

उहाँहरूले देशमा भ्रष्टाचार तीव्र गतिमा बढिरहेको, लाखौं जनता नागरिकताबाट वञ्चित रहेको, कारागारको अवस्था अत्यन्त दयनीय रहेको, प्रहरीहरूमा जनताको मानव अधिकार रक्षा गर्ने अवधारणाको ठूलो अभाव रहेको भनी चिन्ता व्यक्त गर्नुभयो।

यसैगरी महिला तथा समाज कल्याण मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिने सांसदहरूले महिलाहरूको सुरक्षा सुनिश्चित हुन नसकेको, वेश्यावृत्तिका लागि ललाइफकाई चेलीबेटी बेच्ने जघन्य अपराध नियन्त्रण हुनुको साटो झन् बढिरहेको, बलात्कारका घटना बढिरहेको, बालिकादेखि वृद्धसम्मको अस्मिता लुटिएको, सम्पत्तिमाथि महिलाहरूको हकसम्बन्धी विधेयकलाई बेवास्ता गरिएको, माओवादी प्रभावित क्षेत्रका महिलाहरूलाई प्रहरीले अमानवीय दुर्व्यवहार गरिरहेको, बालबालिका र वृद्धहरूको रक्षार्थ सरकारले कुनै ठोस कार्यक्रम नल्याएको, हजारौं बालबालिका शिक्षाको अवसरबाट अझै वञ्चित रहेको, बालबालिकाको औषधी उपचार महंगो भएको, बाल मृत्युदरमा उल्लेखनीय कटौती आउन नसकेको, महिला तथा बालबालिकासम्बन्धी गैरसरकारी संस्थाहरूबीच समन्वयको अभावले गर्दा लक्षित समूह लाभान्वित हुन नसकेको बताउनुभयो।

न्याय तथा कानून मन्त्रालयसम्बन्धी विनियोजन छलफलमा भाग लिने सांसदहरूले देशमा निमुखा र विपन्न वर्गका लागि न्याय ज्यादै महंगो र कठिन हुँदै गएको, कानूनी राज्यको अवधारणा सिद्धान्तमा मात्र सीमित रहेको, व्यवहारमा अनुभव गर्न नपाइएको, न्याय सम्पादन ज्यादै ढिलो हुँदा मर्का परिरहेको, कानूनी राज्यको अवधारणालाई साकार तुल्याउन समयको मागअनुसार आउनुपर्ने कतिपय नयाँ कानूनहरू आउन नसकेको, भएका कानूनहरूमा समयानुकूल परिमार्जन नभएको, बाल अदालत, पारिवारिक अदालत जस्ता अत्यावश्यक अदालतहरूको व्यवस्था अझसम्म हुन नसकेको, महिला हक हित र पैतृक सम्पत्तिमाथिको हकसम्बन्धी विधेयक नल्याइएको, असमान कानूनहरू खारेज नगरिएको मानव अधिकार, बाल अधिकार जस्ता अनेकौं विश्वव्यापी महत्वका महासन्धि, अभिसन्धिहरूमा नेपालले हस्ताक्षर गरे पनि स्वदेशमा त्यसअनुरूपको कानूनी व्यवस्था सुनिश्चित नगरिएको, पिछडिएका जनजाति र निरक्षर वर्गलाई न्याय दिलाउन देशको न्याय प्रणाली उनीहरूसम्म पुग्न नसकेको आदि धारणा व्यक्त गर्नुभयो।

जनधनको क्षति

प्रतिनिधिसभाको असोज ६ गतेको बैठकमा गृहमन्त्री पूर्णबहादुर खड्काले सार्वजनिक महत्वको विषयमा जानकारी दिँदै २०५६ जेठ १७ गते वर्तमान सरकार गठन भएदेखि अहिलेसम्ममा देशका विभिन्न भागमा आतंककारीहरूको आक्रमणबाट १६ जना प्रहरी र ११ जना स्थानीय व्यक्तिहरूको मृत्यु भएको तथा प्रहरीको कारबाहीमा परी ८१ जना आतंककारीहरू मारिएको जानकारी दिनुभयो।

गृहमन्त्रीले २०५२ साल फागुन १ गतेदेखि शुरू भएको कथित माओवादी जनयुद्धका कारण ८१ जना प्रहरी सुरक्षाकर्मी, १५८ जना निर्दोष सर्वसाधारण नागरिक, प्रहरी कारबाहीबाट ७०२ जना आतंककारी र स्थानीय बासिन्दाहरू र आतंककारीबीचको मुठभेडबाट एक जना आतंककारी गरी जम्मा ९४२ जनाको मृत्यु भइसकेको पनि जानकारी दिनुभयो। उक्त जनयुद्धका कारण नौं करोड रूपैयाँ मूल्य बराबरको भौतिक क्षति भएको पनि उहाँले बताउनुभयो।

यसअघि साउन १८ गतेको बैठकमा गृहमन्त्रीले यस वर्षायाममा विभिन्न जिल्लामा बाढी, पहिरो, चट्याङ, अविरल वर्षा आदि प्राकृतिक प्रकोपको कारण १०४ जनाको ज्यान गएको, ४६ जना सख्त घाइते भएका र २५ जना हराइरहेका साथै करोडौंको मूल्य बराबरको भौतिक सम्पत्ति क्षति भएको जानकारी दिनुभयो।

समापन मन्तव्यमा मानव अधिकारप्रतिको चासो

प्रतिनिधिसभा र राष्ट्रिय सभाको बैठकमा समापन मन्तव्य दिँदै प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले मानव अधिकार आयोग गठन गर्नेतर्फ प्रगति भइरहेको बताउनुभयो।

प्रतिनिधिसभाका सभामुख तारानाथ रानाभाटले समापन मन्तव्य दिँदै स्वतन्त्र वातावरण भएको रोग, भोक, भय र त्राशबाट मुक्त समाज निर्माण गरी तिनलाई राष्ट्र निर्माणको महान् यज्ञमा सरिक हुन पाउने स्थिति खडा गर्ने हाम्रो साझा कर्तव्यलाई अझ गम्भीर र गहन बनाउँदै प्रथमतः माओवादी आतंकबाट देशवासीको जीउ धन बचाउन एउटै आवाज एउटै कदम लिएर दृढ संकल्पका साथ अघि बढ्नुपर्ने आवश्यकतामाथि जोड दिनुभयो।

सत्तारूढ नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले हिंसा र हत्याको राजनीतिबाट राष्ट्रलाई मुक्त गर्न सबै राजनीतिक दल संयुक्तरूपमा अघि बढ्नुपर्ने बताउँदै अत्यन्त गम्भीर समस्या बनेको माओवादी समस्या समाधान गर्न कसरी अभियान संचालन गर्ने भन्नेबारे आफूले छिटै सबै दलका नेताहरूसँग कुराकानी गर्ने जानकारी दिनुभयो।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका संसदीय दलका उपनेता के.पी. शर्मा ओलीले यस अधिवेशनमा सरकारले जनसरोकारका कुनै पनि विधेयक नल्याएको भनी असन्तोष जनाउनुभयो।

राप्रपाका संसदीय दलका नेता सूर्यबहादुर थापाले यो अधिवेशन उपलब्धिविहीन भएको र सरकारले शान्ति सुरक्षा र जनता एवं राष्ट्रका गम्भीर समस्याहरूप्रति चासो नदेखाएको बताउनुभयो।

नेपाल सदभावना पार्टीका संसदीय दलका नेता बद्रीप्रसाद मण्डलले यस अधिवेशनमा जनताका जल्दाबल्दा समस्या समाधान हुन नसकेको बताउनुभयो।

संयुक्त जनमोर्चा नेपालका लीलामणि पोखरेलले सम्पत्तिमाथि महिलाको अधिकारसम्बन्धी विधेयक ल्याउन सरकार अग्रसर नभएको र मानव अधिकार आयोग गठन गर्नेबारे सरकारले वचनसम्म पनि दिन नसकेको बताउनुभयो।

सांसद चित्रबहादुर के.सी. ले यो अधिवेशनमा महंगी, भ्रष्टाचार, अशान्ति, असुरक्षा तीव्ररूपमा बढेको तर संसद र सरकारले त्यसको समाधानका लागि केही गर्न नसकेको जनाउनुभयो।

१६ औं अधिवेशनमा प्रतिनिधिसभा : एक झलक

२०५६ साल असार ६ गते प्रारम्भ भएको प्रतिनिधिसभाको बैठक असोज ८ गतेसम्म जम्मा ९८ दिन चालू रह्यो। यस अवधिमा बैठक चलेका ६८ दिनमा ७९ पटक बैठक बस्यो। बैठकमा कुल ३४३ घण्टा ४५ मिनेट समय व्यतीत भयो।

यस अधिवेशनका शाही सम्बोधनप्रति धन्यवादको प्रस्तावमाथि ६ वटा संशोधनहरू पेश गरिए। सभामा निर्णयार्थ प्रस्तुत गरिँदा ती सबै प्रस्तावहरू बहुमतद्वारा अस्वीकृत भएका थिए।

यसै अधिवेशनमा राजस्व चुहावटको छानबिनसम्बन्धी संसदीय संयुक्त समिति गठन गरियो र सो समितिले सभामा राजस्व चुहावटको छानबिनसम्बन्धी संयुक्त समितिको प्रतिवेदन

२०५६ पेश गर्‍यो। उक्त प्रतिवेदनप्रति दुवै सदनबाट सहमति जनाइयो।

संसदीय अनुगमन संयुक्त समिति, प्रतिनिधिसभा आचार समिति र प्रतिनिधिसभा कार्यव्यवस्था परामर्श समिति गठन गरिनुका साथै सभामा ९ वटा संसदीय समितिहरूका सदस्यहरूको नाम मनोनीत गर्न सभाले सहमति जनायो।

यस अधिवेशनकालमा प्रतिनिधिसभामा १६ वटा विधेयक प्रस्तुत गरिएकोमा ४ वटा पारित भएर बाँकी १२ वटा विधेयकहरूमध्ये राष्ट्रिय सभामा ७ वटा र सम्बन्धित समितिहरूमा ५ वटा विचाराधीन रहेका छन्।

यस अधिवेशनमा नेपाल अधिराज्यको संविधान २०४७ संशोधनसम्बन्धी गैरसरकारी विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत भएकोमा बैठकले सो प्रस्ताव अस्वीकृत गर्‍यो।

विनियोजन विधेयक २०५६ का विभिन्न १५ वटा शीर्षकहरूमाथि १७ वटा खर्च कटौती प्रस्ताव पेश भएकामा बैठकमा निर्णयार्थ प्रस्तुत गरिँदा ती सबै प्रस्तावहरू बहुमतबाट अस्वीकृत भए।

बैठकमा एउटा जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथि छलफल हुनुका साथै ८ वटा विषयमा सम्बन्धित मन्त्रीहरूको ध्यानाकर्षण गरियो।

यस अधिवेशनमा प्रमुख प्रतिपक्षी दलका तर्फबाट महंगीविरुद्ध एउटा स्थगन प्रस्ताव प्रस्तुत गरियो। सो प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिँदा बहुमतबाट अस्वीकृत भयो।

यस अधिवेशनमा सम्बन्धित मन्त्रीद्वारा सार्वजनिक महत्वका विभिन्न विषयमा १५ वटा वक्तव्य र ७ वटा सार्वजनिक महत्वको जानकारी दिइएको थियो।

बैठक अवरुद्ध :

यस अधिवेशनमा गत आमनिर्वाचनमा व्यापक धाँधली भएकाले त्यसबारे छानबिन गर्न संसदीय समिति बनाइयोस् भन्ने प्रतिपक्षीहरूको मागको कारण उत्पन्न तनाव र बजेट पुस्तिकामा भएका मुद्रण तथा अन्य त्रुटि एवं अपूर्णताका कारण पटक-पटक बैठक अवरुद्ध भए।

विनियोजन विधेयक २०५६ को विभिन्न शीर्षकमाथि साउन ४ गतेदेखि छलफल प्रारम्भ गर्ने भनी मिति तोकिएकोमा बजेट विनियोजनको रातो पुस्तिका बैठक शुरु हुनुभन्दा केही मिनेट अघिमात्र सांसदहरूले पाएकाले सो पुस्तिका राम्ररी अध्ययन नगरी छलफल गर्न तयार नभएकाले सो छलफल चल्न सकेन।

यसैगरी आर्थिक सर्वेक्षण २०५६ र राष्ट्रिय योजना आयोगको पुस्तिकामा दूरसंचारसम्बन्धीलगायत् विभिन्न विवरणहरूमा अन्तर देखिएकाले त्यसप्रति प्रतिपक्षी सांसदहरूले विरोध जनाउँदै बैठक अघि बढ्न दिएनन्। सरकारी विवरणहरूमा भएका विभिन्न त्रुटिहरूका कारण विभिन्न मन्त्रीहरूले सदनसमक्ष पटक-पटक माफी माग्ने काम पनि यस अधिवेशनमा भए।

भदौ ७ गतेको बैठकमा प्रमुख प्रतिपक्षी दलका सदस्यहरूले गत आमनिर्वाचनमा भएका अनियमितताबारे संसदीय छानबिन समिति गठन नगरी सदनको नियमित कारबाही अघि नबढाइयोस् भन्ने माग गर्दै रोष्ट्रम घेराउ गरे।

यस विषयलाई लिएर सत्तापक्ष र प्रतिपक्षबीच आपत्ति र नियमापत्तिको लामो क्रम चल्दा करिब ३ घण्टा सदनको नियमित कारबाही अवरुद्ध भयो। प्रमुख प्रतिपक्षी सांसदहरूले रोष्ट्रम घेर्ने र मर्यादापालकहरूले सांसदहरूलाई रोक्ने क्रममा भएको हानाथापमा रोष्ट्रमका दुई वटा माइकसमेत भाँचिन पुगे। उक्त छानबिन समिति गठन गर्नुपर्ने र नपर्ने विवादका कारण प्रतिनिधिसभाको नियमित कारबाही ९ दिनसम्म अवरुद्ध हुन पुग्यो।

प्रजातन्त्र पुनर्स्थापनापछि सम्पन्न निर्वाचनहरू र त्यस सम्बन्धमा भएका अध्ययन, सुझाव, प्रतिवेदनसमेतलाई ध्यानका राखी आगामी निर्वाचनहरूलाई अझै बढी शान्तिपूर्ण, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र पारदर्शी बनाउन विद्यमान ऐन, नियम र व्यवस्थापनमा के/कस्ता सुधारहरू गर्न आवश्यक छ भन्ने विषयमा अध्ययन र मूल्यांकन गरी ६ महिनाभित्र प्रतिनिधिसभासमक्ष प्रतिवेदन पेश गर्न प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा भदौ १६ गते एक उच्चस्तरीय समिति गठन भएपछि उक्त गतिरोध समाप्त भई बैठक सुचारूरूपले चल्यो। सो समितिको उपाध्यक्षमा सभामुख तारानाथ रानाभाट तथा सदस्यहरूमा राष्ट्रिय सभाका अध्यक्ष डा. मोहम्मद मोहसिन, प्रमुख प्रतिपक्ष दलका नेता माधवकुमार नेपाल, सत्तारूढ दल नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइराला, राप्रपा संसदीय दलका नेता सूर्यबहादुर थापा, नेपाल सद्‌भावना पार्टी संसदीय दलका नेता बद्रीनारायण मण्डल, नेपाल मजदुर किसान पार्टीका नारायणमान बिजुक्छे, संयुक्त जनमोर्चा नेपालका लिलामणि पोखरेल, राष्ट्रिय जनमोर्चाका चित्रबहादुर के.सी. र सदस्य-सचिवमा श्री ५ को सरकारका मुख्य सचिव रहनु भएको थियो।

राष्ट्रिय सभा :

संसदको १६ औं अधिवेशनअन्तर्गत राष्ट्रिय सभाको बैठक वि.सं. २०५६ असार ६ देखि असोज ८ गतेसम्म जारी रह्यो।

पहिलो दिनको बैठकको प्रारम्भमा सदस्यहरूलाई स्वागत गर्दै राष्ट्रिय सभाका अध्यक्ष बेनीबहादुर कार्कीले आमनिर्वाचनबाट देशमा गठित एकमना र स्थिर सरकारले विगतमा संसद त्रिशंकु रहेको अवस्थामा सदनभित्र र बाहिर उत्पन्न विकृति र विसंगतिको अन्त्य गराएको आशा व्यक्त गर्नुभयो।

राष्ट्रिय सभामा सत्ता पक्षका नेता हिरादत्त भट्टले वर्षायाममा कर्णाली र महाकालीमा बाढी आई त्यहाँका जनताले भोग्नुपर्ने संकटतर्फ ध्यान दिन आग्रह गर्नुभयो।

प्रमुख प्रतिपक्षी दलका नेता युवराज ज्ञवालीले आमनिर्वाचन बहुमत प्राप्त गरेको दल अरू पार्टीहरू भन्दा बहुदलीय व्यवस्था

र मुलुकको अग्रगतिका लागि गम्भीर बन्नै पर्दछ भन्नुभयो।

नेकपा मालेका जगतबहादुर बोगटीले सरकारले आतंक र अशान्ति अन्त्य गर्दै जनधनको सुरक्षालाई प्राथमिकता दिनुपर्ने बताउनुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीका डा. मोहम्मद मोहसिनले आमचुनावमा प्रहरीलाई कति बजेट दिइयो भन्ने प्रतिवेदन सदनमा प्रस्तुत गरिनुपर्ने माग गर्दै देशमा मानव अधिकार र शान्ति सुरक्षाको स्थिति भयावह भएको बताउनुभयो।

राप्रपा (चन्द) का राजेश्वर देवकोटाले राष्ट्र र राष्ट्रियताका विषयमा प्रतिपक्षलाई समेटेर अघि बढ्न सरकारलाई आग्रह गर्नुभयो।

मनोनीत सांसद रवीन्द्र चक्रवर्तीले शान्ति सुरक्षा, जनतालाई राहत, सुशासनको प्रत्याभूतितर्फ सरकारलाई ध्यान दिन आग्रह गर्नुभयो।

राष्ट्रिय सभाका अध्यक्ष बेनीबहादुर कार्कीलगायत् २३ जना सदस्यको कार्यकाल असार १२ गतेदेखि समाप्त भयो।

विशेष समयः

नेकपा मालेका केशवलाल श्रेष्ठले सरकारले नागरिकलाई जथाभावी गिरफ्तार गर्ने र बेपत्ता पार्ने गरेको आरोप लगाउँदै पासाङ लामा, कमला शर्मा, नवीन गौतम, विकास शर्मा, राजेन्द्र ढकाललगायत्का व्यक्तिहरू प्रहरीको पक्राउमा परेपछि बेपत्ता भएका छन्, उनीहरूको खोजी होस् भन्ने माग गर्नुभयो।

नेकपा एमालेका गोमा देवकोटाले सिन्धुली, धनुषा, सर्लाही र महोत्तरीका जनता भोकमरीले पीडित भएको बताउनुभयो।

सोही दलका अरविन्द ठाकुरले जनसंख्याको आधा भाग ओगटेका महिलाहरू सामाजिक र पारिवारिक उत्पीडनबाट पिल्सिरहेकाले उनीहरूको संरक्षणका लागि कडा कानून बनाइनुपर्ने विचार व्यक्त गर्नुभयो।

सोही दलका थममाया थापाले मुलुकभरी हत्या, आतंक व्याप्त भएकाले त्यसको नियन्त्रण गरिनु अत्यावश्यक भएको छ भन्नुभयो।

नेपाली कांग्रेसका तिलकप्रसाद न्यौपानेले जनधनको सुरक्षा गर्न सरकार सजग हुनुपर्ने बताउँदै कर्णाली अंचलमा खाद्यान्नको अभावले ठूलो संकट पैदा गरेको माओवादीका कारण विस्थापित परिवारहरूको बिचल्ली भइरहेको बताउनुभयो।

नेकपा एमालेका देवराज घिमिरेले झापाको गौरीगंज गा.वि.स.मा नेपाली कांग्रेसका कार्यकर्ताहरूले गत चुनावमा आफ्नो पक्षमा मतदान नगरेको निहुँमा चार जनालाई चोरीको झुटो अभियोग लगाई प्रहरीद्वारा यातना दिलाएको बताउनुभयो।

राप्रपाका चन्दा शाहले इलाममा चुनावी रिसइवीले नौ जनालाई झुटो आरोप लगाई थुनामा राखिएकोमा विरोध जनाउनुभयो।

नेकपा एमालेका काशीनाथ अधिकारीले मानव अधिकार आयोग ऐन २०५३ बनिसक्दा पनि सो आयोग गठन गर्न सरकारले ध्यान नदिएको र प्रस्तुत बजेटमा सो आयोगका लागि बजेट नछुट्याइएको भनी गुनासो गर्नुभयो।

सोही दलकी श्रीमती गौरा कोइरालाले विभिन्न ठाउँमा बालबालिकाहरूको यौनशोषण भइरहेको र कलकारखानामा बालबालिकालाई जोखिमपूर्ण काममा लगाउने गरिएको बताउँदै बालबालिकाहरूको संरक्षणतर्फ विशेष ध्यान दिन सरकारलाई आग्रह गर्नुभयो। उहाँले कारागारहरूको दयनीय अवस्थाप्रति ध्यान दिन, बन्दी र पागलहरूलाई एकै ठाउँमा राख्ने गलत परिपाटी बन्द गर्न, बन्दीहरूमाथिको यातना रोक्न पनि जोड दिनुभयो।

नेपाली कांग्रेसकी शिलुप्यारी कर्माचार्यले महिलाहरूलाई अधिकार सम्पन्न गराई उनीहरूको विकास गराउन राष्ट्रिय महिला आयोग गठन गरियोस् भन्ने माग गर्नुभयो।

सोही दलका विजुल विश्वकर्माले भदौ २४ गते काठमाडौं नयाँ बानेश्वर बस्ने छवि ओझाले आफ्नी कान्छी श्रीमती गिताञ्जली ओझालाई माइतीबाट रकम नल्याएको रिसमा हत्या गरी आफैं आत्महत्या गरेको भनी उम्किने उपाय गरेको पोस्टमार्टस गर्ने डाक्टरले स्पष्ट प्रतिवेदन नदिएको र लाशलाई हतार हतार दाहसंस्कार गरिएको, घटनाबारे माइती पक्षले उजुरी गर्न जाँदा हनुमानढोका प्रहरीले उजुरी दर्ता नगरेको बताउनुभयो।

राप्रपा (चन्द) का राजेश्वर देवकोटाले स्वेच्छाले धर्म पालना गर्न पाउने मानिसको अधिकारमाथि अतिक्रमण भई नेपालमा हाल प्रलोभन र जबर्जस्तीबाट धर्म परिवर्तन गराउने काम भइरहेकोतर्फ सरकारले ध्यान दिनुपर्‍यो भन्नुभयो।

नेकपा एमालेका देवेन्द्र घिमिरेले दलित, उत्पीडित र उपेक्षित जनजातिहरूको उत्थानका लागि ठोस कार्यक्रम ल्याउनुपर्ने र मुलुकी ऐनले निषेध गरेको छुवाछुत समाजमा अझै कायम रहेकाले त्यसलाई निर्मुल पार्न सरकार गम्भीर हुनुपर्छ भन्नुभयो।

नेपाली कांग्रेसका शुक्रराज शर्माले ५२ प्रतिशत जनसंख्या भएका महिला वर्ग अपहेलित अवस्थामा रहेकाले उनीहरूका लागि सरकारले विशेष पहल गर्नुपर्ने बताउनुभयो।

नेकपा एमालेकी शान्ता मानवीले महिला हकहितसम्बन्धी एउटा पनि विधेयक नल्याइएकोमा खेद प्रकट गर्नुभयो।

नेकपा एमालेका युवराज ज्ञवालीले मानव अधिकारसम्बन्धी आयोग बनाउन ऐन आइसके पनि आयोग गठन नभएकोमा गुनासो गर्नुभयो।

शून्य समय :

राप्रपाका बालाराम घर्तीमगरले माओवादी समस्याबाट विस्थापित परिवारलाई पुनर्स्थापन गर्न माग गर्नुभयो।

नेकपा एमालेका देवेन्द्र घिमिरेले मानव अधिकार आयोग छिटो गठन होस् भन्नुभयो।

नेपाली कांग्रेसका अमियकुमार यादव र शुक्रराज सयोकले सिरहा जिल्ला नेपाली कांग्रेस कार्यसमितिका सदस्य

धनिकलाल मण्डल र उहाँका छोरा महेश मण्डलको हत्या भएकोमा घोर भर्त्सना गर्नुभयो।

नेकपा एमालेका सुरेन्द्रप्रसाद पाण्डेले मानव अधिकार आयोग गठनबारे अध्यक्षबाट भएको रुलिङलाई सरकारले ध्यान दिनुपर्ने बताउनुभयो।

राष्ट्रिय सभाका अध्यक्ष डा. मोहम्मद मोहसिनले भदौ २८ गतेको बैठकमा सांसदहरूले मानव अधिकार आयोग गठनबारे बारम्बार माग गरिरहनुभएकाले सरकारले सो आयोग गठन गर्न तुरुन्त पहल गर्नुपर्ने भनी रुलिङ गर्नुभएको थियो।

नेपाली कांग्रेसका अरविन्द ठाकुरले तराई क्षेत्रका महिला वर्गमाथि घोर शोषण र अत्याचार भइरहेकाले महिला हक हितसम्बन्धी कानूनलाई प्रभावकारी ढंगले कार्यान्वयन गराउन स्थानीय निकायहरूलाई सक्रिय बनाउनुपर्ने बताउनुभयो।

राष्ट्रिय सभा : एक झलक

१६ औं अधिवेशनअन्तर्गत २०५६ असार ६ गते शुरू भएको राष्ट्रिय सभाको बैठक असोज ८ गतेसम्म चालू रह्यो। यस अवधिमा ३४ दिनमा ३७ पटक बैठक बस्यो। बैठकमा ८३ घण्टा ४३ मिनेट व्यतीत भयो।

यस अधिवेशनमा राष्ट्रिय सभाको रिक्त अध्यक्ष पदका लागि २०५६ साउन २७ गते भएको निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टीका डा.मोहम्मद मोहसिन निर्वाचित हुनुभयो।

यस अधिवेशनमा राष्ट्रिय सभामा उत्पत्ति भएको करारसम्बन्धी कानूनको व्यवस्था गर्न बनेको विधेयक २०५६ पारित भयो र प्रतिनिधिसभामा उत्पत्ति भएर आएका चार वटा अर्थ विधेयक टेबुल भयो। ती चारै वटा विधेयक सुझाव विना प्रतिनिधिसभामा फिर्ता पठाइयो।

यस अधिवेशनमा दुर्गम क्षेत्र समितिको प्रतिवेदन २०५६ र सरकारी आश्वासन समितिको प्रतिवेदन २०५६ राष्ट्रिय सभासमक्ष प्रस्तुत भयो। यसै अधिवेशनमा विभिन्न दुई विषयमा सम्बन्धित मन्त्रीहरूको ध्यानाकर्षण गरियो भने एउटा जरूरी सार्वजनिक महत्वको प्रस्तावमाथि छलफल भयो।

राष्ट्रिय सभा सामाजिक न्याय समिति

देशमा विद्यमान मानव अधिकारको स्थिति, शैक्षिक, सामाजिक तथा आर्थिक दृष्टिकोणले विपन्न एवं पिछडिएका महिला, दलित वर्ग, जनजाति तथा बालबालिकाहरूको हकहितको संरक्षण एवं सम्वर्द्धन, अपांग, असहाय, अशक्त व्यक्तिहरूको समुचित उत्थान तथा देशका विभिन्न जिल्लामा रहेका कारागारहरूको स्थिति र त्यहाँ रहेका बन्दीहरूको अवस्थामा सामाजिक न्याय सहज र सुलभरूपमा उपलब्ध भएको छ/छैन भन्ने विषयमा विस्तृत स्थलगत अध्ययन गरी राष्ट्रिय सभामार्फत् श्री ५ को सरकारलाई ध्यानाकर्षण गराउन राष्ट्रिय सभा सामाजिक न्याय समिति गठन गरियो।

राष्ट्रिय सभाका सदस्य जीवनप्रेम श्रेष्ठ सभापति रहनुभएको यस टोलीले काठमाडौं उपत्यका साथै अधिराज्यका विभिन्न स्थानमा रहेका वृद्धाश्रम, बालगृह, अपांग, असहाय केन्द्र, महिला आश्रय स्थल, कारागार आदिको स्थलगत निरीक्षण गरी त्यहाँको वस्तुस्थितिबारे जानकारी लियो।

विशेष अधिवेशन

श्री ५ महाराजाधिराजबाट आरूवान गरिबक्सेबमोजिम प्रतिनिधिसभाको विशेष अधिवेशन २०५६ मंसिर २८ गते संसद भवनमा शुरू भयो।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले यस अधिवेशनका लागि मंसिर २१ गते समावेदन चढाएको थियो। यो विशेष अधिवेशन २०५६ पुस ७ गतेसम्म चालू रह्यो।

अधिवेशनको प्रारम्भमा सभामुख तारानाथ रानाभाटले यो विशेष अधिवेशन विगतको भन्दा भिन्न प्रकृतिको भएको बताउँदै जनताका आधारभूत आवश्यकतासँग प्रत्यक्ष सरोकार राख्ने विषयमा सदनमा व्यापक छलफल गरी सहमतिको आधारमा एउटा टुंगोमा पुग्न सके यस्तै प्रकारका अन्य समस्याहरू पनि सहमतिको आधारमा समाधान हुने विश्वास व्यक्त गर्नुभयो।

विशेष अधिवेशन बोलाइनुको औचित्यबारे विषय प्रवेश मन्तव्य दिँदै प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका महासचिव एवं प्रमुख प्रतिपक्षी दलका नेता माधवकुमार नेपालले सरकारले विभिन्न वस्तुमा हाले गरेको मूल्य वृद्धि र महंगीबाट सिंगो मुलुक आक्रान्त भएको र आम नेपाली जनतालाई दैनिक जीवन यापन गर्न पनि कष्टप्रद भएको बताउनुभयो।

उहाँले २०४८ सालयता ६ वटा विशेष अधिवेशन सम्पन्न भइसकेको उल्लेख गर्दै यो अधिवेशन सरकार बनाउने, गिराउने वा सत्ता समीकरण जस्ता राजनीतिक विषयमा नभई नेपालको संसदीय इतिहासमा पहिलो पटक जनताका न्यूनतम आवश्यकतासम्बन्धी समस्यामा केन्द्रित रही बोलाइएकाले प्रधानमन्त्री र सम्पूर्ण संसद गम्भीर हुनुपर्नेतर्फ जोड दिनुभयो।

उहाँले रौतहटमा हाले सम्पन्न उपनिर्वाचनमा सत्तापक्षबाट प्रहरी प्रशासनको आडमा व्यापक धाँधली भएको बताउँदै बुथ कब्जा भएका एघार ठाउँमा पुनः मतदान गरिनुपर्ने माग राख्नुभयो।

उक्त संकल्प प्रस्तावमा संसदमा प्रतिनिधित्व गर्ने विभिन्न दलका तर्फबाट पनि छुट्टाछुट्टै संशोधन प्रस्ताव पेश गरिए।

नेपाली कांग्रेसका संसदीय दलका सचेतक टेकबहादुर चोखालले सो संकल्पमाथि आफ्नो दलको तर्फबाट संशोधन प्रस्ताव पेश गर्दै उक्त प्रस्तावमा व्यवस्थापन सुधार र राहत दिने कार्य थप हुनुपर्ने आवश्यकता औंल्याउनुका साथै नेपाली कांग्रेसको सरकार स्वयं पनि बाध्यतावश भएको वर्तमान मूल्य वृद्धि र जनतालाई परेका मारबाट दुःखी छ भन्नुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट संशोधन पेश गर्दै पशुपतिशम्शेर जबराले हाल मुलुकमा जनताले थेग्न नसक्ने गरी मूल्य वृद्धि भएको र भारतमा भन्दा बढी प्रतिशतले यहाँ मूल्य वृद्धि भएको बताउनुभयो।

नेपाल सद्भावना पार्टीका तर्फबाट संशोधन पेश गर्दै हृदयेश त्रिपाठीले विगतमा पारित भएका कुनै पनि संकल्प प्रस्ताव कार्यान्वयन नभएकाले यस संकल्प प्रस्तावको सन्दर्भमा मूल्य वृद्धि गर्ने निर्णयमाथि सरकारले पुनर्विचार गरी सात दिनभित्र उक्त निर्णय फिर्ता लिन समयावधि किटान गरेको बताउनुभयो।

राष्ट्रिय जनमोर्चाका तर्फबाट संशोधन पेश गर्दै नवराज सुवेदीले सरकार अन्तर्राष्ट्रिय वित्तवादको दास बन्दै गएकाले राष्ट्रिय अर्थतन्त्रको विकास हुन नसकेको र सरकारमा विपन्न जनतालाई राहत दिने कुनै सोच नभएको आरोप लगाउनुभयो।

सांसद लीलामणि पोखरेलले पनि संशोधन प्रस्तुत गर्दै सरकारले मूल्य वृद्धि गरेर जनताप्रतिको वचनवद्धताविपरीत काम गरेको बताउनुभयो।

उक्त संकल्प प्रस्ताव र त्यसमाथिको संशोधन प्रस्तावहरूमाथि २०५६ पुस ५ गते छलफल भयो।

छलफलमा सत्तापक्षका सांसदहरूले मूल्य वृद्धि सरकारको रहर होइन बाध्यता हो, अन्तर्राष्ट्रिय बजारको कारणले मूल्य वृद्धि भएको र जनतालाई सक्दो राहत दिन सरकारले विभिन्न प्रयास पनि गरिरहेको भन्ने तर्क प्रस्तुत गरे।

प्रतिपक्षका सांसदहरूले सरकारले आम जनताको दयनीय अवस्थाप्रति बेवास्ता गरेको, दैनिक आवश्यकताका आधारभूत वस्तुहरूमा पनि अत्यधिक मूल्य वृद्धि गरी जीवनयापन कष्टप्रद बनाइएको विदेशी संस्थाहरूको दबावमा परेर विद्युत्को महसुल बढाएको, गरिबी र महंगीको दोहोरो मारबाट पीडित निमुखा नेपाली जनतालाई राहत दिन सरकारसँग कुनै ठोस नीति, कार्यक्रम र सोच नभएको आरोप लगाए।

उक्त संकल्प प्रस्ताव सत्ता पक्ष नेपाली कांग्रेसद्वारा प्रस्तुत संशोधनसहित पुस ७ गतेको बैठकमा बहुमतबाट पारित भयो। अन्य दलबाट प्रस्तुत संशोधन बहुमतद्वारा अस्वीकृत भए।

प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले संकल्प प्रस्तावमाथि भएको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिँदै मूल्यमा अलिकति भए पनि कमी ल्याउने प्रयास गर्नेछु भन्नुभयो। संकल्प प्रस्ताव प्रस्तुतकर्ता प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका नेता माधव नेपालले प्रधानमन्त्रीको भनाईबाट आफू उत्साहित भएको बताउनुभयो। यसरी सौहार्द्रपूर्ण वातावरणमा विशेष अधिवेशन समापन भयो।

अन्तरव्यवस्थापिका संघमा मानव अधिकार

सभामुख तारानाथ रानाभाटले जर्मनीको बर्लिनमा २०५६ असोजको अन्तिम हप्तामा आयोजित अन्तरव्यवस्थापिका संघको १०२ औं सम्मेलनमा मानव अधिकारको संरक्षणप्रति जोड दिनुभयो।

नेपाली संसदीय प्रमण्डलका नेता रानाभाटले असोज २७ गते उक्त सम्मेलनको पूर्ण बैठकलाई सम्बोधन गर्दै प्रजातन्त्र पुनर्स्थापना भएको करिब एक दशकको अवधिमा नेपालमा तीन वटा आमनिर्वाचन सम्पन्न भएको चर्चा गर्नुका साथै जनसहभागिताको माध्यमबाट शोषणमुक्त समाज सिर्जना गर्ने र आधारभूत स्वतन्त्रता तथा मौलिक हकको प्रत्याभूत गराउने मूल लक्ष्य हासिल गर्न नेपालको प्रजातन्त्र क्रियाशील रहेको बताउनुभयो।

नेपाली समाज मूलरूपमा शान्तिपूर्ण र सहिष्णु रहिआएको तर यो उदार वातावरणको दुरूपयोग गर्दै माओवादका नाममा केही गैरसामाजिक तत्वहरूले शान्ति र सुरक्षामा बाधा पुऱ्याई समाजमा भय र आतंक फैलाउने कोसिस गरिरहेको उहाँले उल्लेख गर्नुभयो।

सभामुखले पाकिस्तानमा हाले भएको राजनीतिक घटना र जबर्जस्ती संसद विघटनप्रति चिन्ता व्यक्त गर्दै यद्यपि नेपाल अरू सार्वभौम राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने सिद्धान्तमा विश्वास राख्दछ तर नेपाली जनता विश्वको जुनसुकै भागमा प्रजातान्त्रिक प्रक्रिया र मानव अधिकारमाथि हुने आघातको विरूद्धमा दृढ भई उभिन्छन् भन्नुभयो।

निष्कर्ष एवं सुझाव

नेपालमा संसदीय व्यवस्थाको विकास क्रममा सन् १९९९ महत्वपूर्ण रहन गएको छ। किनभने विगत छ सात वर्षदेखि एक दलको स्पष्ट बहुमत नभएका कारण राजनीतिक अस्थिरता हुन गई सत्ता समीकरणका फोहरी खेलबाट प्रदूषित भएको हाम्रो संसदमा २०५६ को आमनिर्वाचनबाट त्यो प्रदूषण पखालियो। त्यसैगरी विगतमा जहिले पनि सरकार ढाल्ने कसरतको रूपमा बोलाइने गरेको संसदको विशेष अधिवेशन यस पटक त्यो परिपाटीबाट हटेर पहिलो पटक अत्यधिक मूल्य वृद्धिका कारण नेपाली जनताले भोग्नुपरेको समस्या जस्तो विशुद्ध जनचासोको विषयका लागि बोलाइयो। यस विशेष अधिवेशनलाई संसदका सबै दलले सकारात्मकरूपमा लिए, जसलाई एक राम्रो उपलब्धि मान्न सकिन्छ।

मानव अधिकारको दृष्टिले सन् १९९९ मा हाम्रो संसदीय अभ्यास उपलब्धिमूलक हुन सकेन। प्रतिनिधिसभा र राष्ट्रिय सभाका बैठकहरूमा शून्य समय, विशेष समय, विनियोजन शीर्षकमाथिको छलफल आदिमा सांसदहरूले मानव अधिकारसँग प्रत्यक्ष र परोक्ष सम्बन्ध राख्ने विभिन्न प्रसंगहरू उठाए। साथै मानव अधिकार आयोग गठनबारे सत्तापक्ष र प्रतिपक्ष दुवैबाट माग गरिएको, प्रधानमन्त्रीद्वारा प्रतिबद्धता व्यक्त भएको र सभामुख तथा अध्यक्षबाट पनि त्यसबारे गम्भीर चासो देखाइएको पाइन्छ। तर त्यति हुँदाहुँदै पनि सन् १९९९ को अन्तिम दिन वा नयाँ सहस्राब्दीको पूर्वसन्ध्यासम्म पनि मानव अधिकार आयोग गठन भएको घोषणा हुन नसक्नुले सन् १९९९ लाई मानव अधिकारको सन्दर्भमा ठोस उपलब्धिविहीन बनायो।

यस वर्ष हाम्रो संसदीय अभ्यास मूलरूपमा दुई विषय वस्तुमा नै केन्द्रित रहे भन्दा अत्युक्ति नहोला। ती विषय हुन- आमनिर्वाचन र माओवादी समस्या। संसदको १५ औं अधिवेशन आमनिर्वाचन २०५६ का लागि प्रतिनिधिसभा विघटन गरिने संघारमा पुगेको अवस्थामा बसेको र अत्यन्त अल्प

अवधिको हुनाले त्यस अधिवेशनमा आमनिर्वाचन वाहेक अरू विषयले खास महत्व नपाउनु स्वभाविकै थियो।

आमनिर्वाचन २०५६ सम्पन्न भइसकेपछि बसेको संसदको १६ औं अधिवेशनमा पनि आमनिर्वाचनको चर्चा मूल विषयको रूपमा रहयो। उक्त आमनिर्वाचनमा सत्तापक्षबाट व्यापक धाँधली भएको आरोप लगाई प्रतिपक्षबाट निर्वाचनको छानविनका लागि संयुक्त संसदीय समितिको माग र त्यसका कारण संसदमा उत्पन्न तनाव एवं लगातार नौ दिनसम्म बैठक अवरूद्ध तत्पश्चात् विगतका निर्वाचनहरूसमेतको छानबिन र अध्ययन गरी भविष्यमा हुने निर्वाचनलाई मर्यादित बनाउन प्रधानमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय सर्वदलीय समितिको गठन गरी गरिएको विवाद समाधान १६ औं अधिवेशनको सर्वाधिक महत्वपूर्ण घटना हो।

यसैगरी १६ औं अधिवेशन अवधिभर संसदमा सत्तापक्ष र प्रतिपक्ष दुवैबाट निरन्तर चासो र चिन्ता व्यक्त गरिएको विषय हो- माओवादी हिंसा। दुवै सभाका बैठकहरूमा बोल्ने सबै पक्षका सांसदहरूबाट शून्य समय, विशेष समयलगायत् अन्य कारबाहीमा भाग लिंदा माओवादी हिंसाप्रति अत्यन्त गम्भीर चिन्ता व्यक्त गरियो। गृहमन्त्रीबाट पटक-पटक संसद बैठकमा माओवादीहरूका कारण देशमा भइरहेको जनधनको क्षतिको आद्यावधिक जानकारी दिने काम भयो। तर यो अधिवेशनमा यस जटिल समस्याबारे सैद्धान्तिक र भावनात्मक अभिव्यक्ति व्यक्त गर्ने, एक पक्षले अर्को पक्षलाई सो समस्याको दोष लगाउनेबाहेक समस्यालाई समाधान गर्न ठोस उपाय पहिल्याउने काम भने हुन सकेन। सन् १९९९ मा माओवादी समस्या समाधान हुने दिशामा कुनै सामान्य संकेत वा लक्षणसम्म पनि देखिएन, बरू यो समस्या झन् उग्ररूपमा बढिरहेको आम जनताले महसुस गरे।

व्यवस्थापिकाको मूल कार्य विधेयक पारित गरी देशका लागि आवश्यक कानून बनाउनु हो। तर सन् १९९९ मा हाम्रो संसद यो मूल दायित्व निर्वाह गर्नमा पछि परेको देखिन्छ। १५ औं अधिवेशन ज्यादै छोटो भएको हुनाले त्यसमा विधेयकहरू प्रस्तुत हुन नसक्नु स्वभाविकै थियो भने विशेष अधिवेशन विधेयक प्रयोजनका लागि थिएन। तर आमनिर्वाचनबाट भरखर विजयी भएर आएका उत्साही सांसदहरू रहेको र एउटा पार्टीको स्पष्ट बहुमतबाट बनेको एकमना सरकार भएर पनि १६ औं अधिवेशनमा विधेयक पर्याप्त आउन सकेन। करिब तीन महिना चलेको अधिवेशनमा चार वटा मात्र विधेयक पारित हुनुलाई उत्साहजनक मान्न सकिँदैन।

विगतमा सांसदहरूको व्यक्तिगत र सामूहिक आचरणबारे धेरै अलोचना र टीका टिप्पणी भए तापनि यो नेश्रो संसदमा सांसदहरूको आचरण आलोचनाको विषय बनेन। यसलाई सकारात्मकरूपमा लिनुपर्दछ। संसद बैठकमा तनाव सिर्जना भई संसदको भौतिक सम्पत्ति केही क्षति भने हुन पुग्यो। बैठकहरूमा सांसदहरूको न्यून उपस्थिति, मन्त्रीहरूको अनुपस्थिति, आकस्मिक स्वरूपमा मात्र प्रधानमन्त्रीको उपस्थिति, सांसदहरूलाई बजेट पुस्तिका उचित समयमा उपलब्ध नगराइनु, उपलब्ध भएका कागजातहरूमा त्रुटि, अस्पष्ट र भ्रमपूर्ण कुराहरू पाइनु, शून्य समय र विशेष समयमा सांसदहरूले उठाएका विभिन्न महत्वपूर्ण समसामयिक विषयहरूमा सरकारको तर्फबाट अपेक्षित सरोकार नदेखाइनु, बैठकको छलफल गुणात्मक भन्दा संख्यात्मक हुनु आदि औंल्याउनैपर्ने कमी-कमजोरी हुन्। विगत अधिवेशनको तुलनामा १६ औं अधिवेशनका बैठकहरू पूर्व निर्धारित समयमा (बैठक अवरूद्ध भएको बेलामा बाहेक) शुरू गर्ने प्रयास हुनुलाई भने राम्रो पक्ष मान्न सकिन्छ।

मानव अधिकारका सन्दर्भमा हाम्रो संसद र सांसदहरूको भूमिकालाई बढी सक्रिय र रचनात्मक बनाउन केही ठोस प्रयास गर्नु आवश्यक देखिन्छ। सांसदहरूले मानव अधिकारसँग सम्वन्धित कुराहरू उठाउँदा र त्यसमा सरकारी पक्षबाट उत्तर दिइँदा ठोस कुराहरू आउनुभन्दा सतही कुराहरू आउने गरेको पाइन्छ।

त्यसैले हाम्रा सांसदहरूले अति पिछडिएका दुर्गम क्षेत्रका ज्यादै निरिह र निमुखा जनताको समेत प्रतिनिधित्व गर्नुपर्ने भएकाले सांसदहरू (दुवै सदनका) लाई मानव अधिकारको अवधारणा र यसको संरक्षणमा संसद र सांसदले खेल्न सक्ने भूमिकाबारे राम्रोसँग अवगत गराउनु आवश्यक देखिन्छ।

परराष्ट्र तथा मानव अधिकार समिति संसद विघटनसँगै स्वतः विघटन भएको र नयाँ संसद गठन भएपछि पनि संसदीय समितिहरू गठन हुन ढिलाई भएकाले सन् १९९९ मा उक्त समितिको खास सक्रियता देखिएन। परराष्ट्र तथा मानव अधिकार समिति विशेषगरी परराष्ट्रसम्बन्धी विषयमा केन्द्रित हुने गरेकाले मानव अधिकारका विषयमा समितिको समय र ध्यान कम गएको हो कि भन्ने महसुस भएको छ। अतः सम्भव छ भने मानव अधिकारका लागि बेग्लै संसदीय समिति गठन भएमा बढी प्रभावकारी हुने देखिन्छ।

समष्टिमा सन् १९९९ मा मानव अधिकारको सन्दर्भमा हाम्रो व्यवस्थापिकाले ठूलो उपलब्धि हासिल गर्न नसके पनि स्थिति पूरै निराशाजनक नरहेको तर माओवादी समस्या समाधान गरी निरिह र निर्दोष जनता, पृथक राजनीतिक विचार राख्ने माओवादीहरू र कर्तव्यपालनमा खटिएका प्रहरीहरू गरी तीनै पक्षको बाँच्न पाउने निर्विवाद नैसर्गिक मानवीय अधिकारको पूर्ण रक्षा गर्न तत्कालै गम्भीर कदम चालिहाल्नुपर्ने र शक्तिशाली मानव अधिकार आयोग गठन गर्न एक पल पनि ढिलासुस्ती गर्न नहुने सवैतर्फबाट महसुस भएको पाइन्छ।

परिच्छेद ८

अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेज र नेपालको अवस्था

- कृष्ण उपाध्याय

नेपालमा ०४६ सालको प्रजातन्त्र पुनर्स्थापनापश्चात्को दश वर्ष मानवअधिकार प्राप्तिको संघर्षमा व्यतीत भएको छ। उन्मुक्त प्रजातान्त्रिक वातावरण तथा राजनीतिक स्वतन्त्रताका कारण न्यायिक तथा अन्य संयन्त्रहरूको निर्माणमा धेरै सम्भावनाहरू देखा परेका छन्। यद्यपि, विभिन्न समयमा परिवर्तित सरकारहरूले मानवअधिकारसम्बन्धी कार्यहरूलाई फर्केर हेर्ने प्रयास खासै गरेनन्। तर गैरसरकारी क्षेत्र एवं जनस्तरबाट भने केही प्रयासहरू भएका छन्। तसर्थ हामी भन्न सक्छौं कि गत दश वर्षमा विभिन्न समयमा सत्ता सम्हाल्ने अवसर पाएका राजनीतिक दलमा भएको राजनीतिक प्रतिबद्धताको कमीले गर्दा अझै धेरै कार्यहरू सिद्ध हुन बाँकी नै छन्।

मानवअधिकारका क्षेत्रमा भएका उपलब्धि तथा असफलतालाई केलाउने प्रयासअनुरूप यो छोटो लेखले मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेजहरूको सैद्धान्तिक पक्षलाई न्यायिक संयन्त्रहरूमा कत्तिको अंगिकार गर्न सकिएको छ भनी हेर्ने जमर्को गरेको छ। अर्थात् अन्तर्राष्ट्रिय कानूनहरूको स्थानीकरण कसरी भएको छ भन्ने विषयमा छलफल गर्ने उद्देश्य राखिएको छ। सरकारी स्तरबाट मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूको अनुमोदन तथा हस्ताक्षरद्वारा व्यक्त प्रतिबद्धतालाई यथार्थको धरातलमा उतार्ने प्रयासका बारेमा छलफलको प्रारम्भ हुनेछ भन्ने मान्यता पनि राखिएको छ।

मानवअधिकारको कार्यान्वयनका लागि अत्यावश्यक संयन्त्रहरूको निर्माण तथा त्यसको सैद्धान्तिक पक्षको सम्मानका क्षेत्रमा भएका प्रयासहरूको अध्ययन गर्ने उद्देश्यअनुरूप मानवअधिकारको हननको वृद्धिमा मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनमा सरकारी पक्षको नैराश्यताका कारण देखा परेका परिणामलाई अध्ययन गरिनेछ।

नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता :
अन्तर्राष्ट्रिय दस्तावेजहरुको अनुमोदन

नेपालले १६ वटा मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूलाई अनुमोदन गरिसकेको छ। त्यस्तै मजदूर वर्गको हितका लागि अन्तर्राष्ट्रिय श्रम संगठनसम्बन्धी केही दस्तावेजहरूको पनि अनुमोदन गरेको छ। मानवअधिकार सम्बन्धी ६ वटा अन्तराष्ट्रिय दस्तावेजहरूको अनुमोदन ०४६ सालको प्रजातान्त्रिक पुनर्बहालीपश्चात् गरिएको हो। (तालिका नं. १)

यद्यपि नेपालले राष्ट्र तथा नागरिकहरूका हितका लागि अनि जरुरी मानवअधिकारसम्बन्धी केही दस्तावेजहरूको हालसम्म अनुमोदन गर्न सकेको छैन। जस्तैः जबर्जस्ती श्रमविरूद्धको अभिसन्धि १९५७, जबर्जस्ती श्रमसम्बन्धी अभिसन्धि १९३०, सांगठनिक सुरक्षा तथा संगठन गर्ने अधिकार विषयक अभिसन्धि १९४८, शिक्षा क्षेत्रमा भेदभावविरूद्धको युनेस्को अभिसन्धि १९६०, विवाह दर्ता, विवाहका लागि स्वीकृति तथा विवाहका लागि न्यूनतम उमेरसम्बन्धी अभिसन्धि १९६२।

अन्तर्राष्ट्रिय दस्तावेजहरुको स्थानीकरण

मानव गरिमाको संरक्षण तथा सम्बर्द्धन गर्नु नै वर्तमान नेपाल अधिराज्यको संविधान २०४७ को प्रमुख विशेषता रहेको छ। राज्यका विभिन्न संयन्त्रहरूद्वारा उपयोग गरिने शक्तिको एक मात्र स्रोत जनतालाई मानिएको छ। मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि संविधानद्वारा प्रदत्त आधारभूत सिद्धान्तहरू पार्टीगत संसदीय व्यवस्था, संवैधानिक राजतन्त्र, विधिको शासन तथा स्वतन्त्र एवं सक्षम न्याय व्यवस्थामा निहित छन्।

संविधान नै अन्तर्राष्ट्रिय कानूनहरूलाई स्थानीकरण गर्ने प्रमुख माध्यम हो। विभिन्न समयमा भएका परिवर्तित सरकारहरूले पनि यस प्रक्रियालाई न्यायिक संरचनाद्वारा देशका कानूनी प्रावधानहरूमा समाहित गराउँदै जाने प्रक्रिया अघि बढाएका छन्। नेपाल अधिराज्यको संविधानले आधारभूत अधिकारहरूको प्रत्याभूति दिएको छ। समानताको अधिकार, वैयक्तिक स्वतन्त्रताको अधिकार, वाक तथा प्रकाशन स्वतन्त्रताको अधिकार, अपराधसम्बन्धी न्यायिक व्यवहार, थुनामा रहँदा पाउनुपर्ने सुरक्षासम्बन्धी अधिकार, सूचनाको हक, सम्पत्ति राख्न पाउने अधिकार, शिक्षा तथा संस्कृतिसम्बन्धी अधिकार, धर्म तथा आस्थासम्बन्धी स्वतन्त्रता, शोषणविरूद्धको अधिकार, देश निकालाविरूद्धको अधिकार, व्यक्तिगत गोपनीयताको अधिकार तथा संवैधानिक उपचारसम्बन्धी अधिकारलाई नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेको छ।

यस्तै अन्य कानूनी प्रावधानहरूका साथै नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा व्यवस्था गरिएका विभिन्न अधिकारहरू जस्तैः बाँच्न पाउने अधिकार (धारा ६), वैयक्तिक सुरक्षाको अधिकार तथा जथाभावी पक्राउ पर्नुविरूद्धको अधिकार (धारा ९), निष्पक्ष छानबिनसम्बन्धी अधिकार विशेषगरी कानून समक्ष व्यक्तिको आदरसम्बन्धी अधिकार (धारा २६), निष्पक्ष अनुसन्धान तथा सुनुवाईसम्बन्धी अधिकार (धारा १४), कानूनी नजिरको पुनः कार्यान्वयनविरूद्धको अधिकार (धारा १५), सम्झौता पालनाको असफलताका कारण हुने थुनुवाईविरूद्धको अधिकार (धारा ११), थुनामा रहेका अभियुक्तहरूका सम्बन्धमा मृत्युदण्डविरूद्धको जस्तै अधिकार (धारा ६), यातनाविरूद्धको अधिकार (धारा ७) तथा बेग्लै रहेर उपचार गर्न पाउने अधिकार (धारा १०), बालबालिकाहरूलाई वयस्क बन्दीहरूबाट छुट्टै राख्ने तथा बन्दीहरूमाथि कानूनसम्मत मानवीय व्यवहारसम्बन्धी अधिकारहरूको प्रत्याभूति गरिएको छ। त्यसैगरी राजनीतिक सहभागितासम्बन्धी अधिकार (धारा २५), गोपनीयताको अधिकार (धारा १७), धार्मिक स्वतन्त्रताको अधिकार (धारा २२), आवत जावत गर्ने स्वतन्त्रता तथा बसोबाससम्बन्धी अधिकार (धारा १२) हरूको कानूनले प्रत्याभूति दिएको छ।

यद्यपि नागरिकहरूलाई यी सबै अधिकारहरूको पूर्ण उपभोगमा रोक लगाउने खालका कानूनी कमी-कमजोरीहरू

तालिका नं. १

सि.नं.	महासन्धि/प्रतिज्ञापत्रको नाम	पारित भएको मिति	नेपालले अनुमोदन/सम्मिलन गरेको मिति
१.	दासत्व महासन्धि	२५ सेप्टेम्बर, १९२६	७ जनवरी, १९६३ (स)
२.	२५ सेप्टेम्बर, १९२६ मा जेनेभामा हस्ताक्षर गरिएको दासत्व महासन्धिलाई संशोधन गर्ने प्रोटोकल पूरक महासन्धि	७ सेप्टेम्बर, १९५३	७ जनवरी, १९६३ (स)
३.	दासत्व, दास व्यापार र दासत्व समान संस्था र अभ्यासहरूको उन्मूलन सम्बन्धी पूरक महासन्धि	७ सेप्टेम्बर, १९५६	७ जनवरी, १९६३ (स)
४.	नारीको राजनीतिक अधिकार सम्बन्धी महासन्धि	२० डिसेम्बर, १९५२	२० अप्रिल, १९६६ (स)
५.	जाति हत्या अपराधको रोकथाम र सजाय सम्बन्धी महासन्धि	९ डिसेम्बर, १९४८	१७ जनवरी, १९६९ (स)
६.	सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि	२१ डिसेम्बर, १९६५	३० जनवरी, १९७१ (स)
७.	रंगभेद अपराधको दमन र दण्ड सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि	३० नोभेम्बर, १९७३	१२ जुलाई, १९७७ (स)
८.	खेलकूदमा रंगभेद विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि	१० डिसेम्बर, १९८५	१ मार्च, १९८९ (अ)
९.	बाल अधिकार सम्बन्धी महासन्धि	२० नोभेम्बर, १९८९	१४ सेप्टेम्बर, १९९० (अ)
१०.	महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि	१८ डिसेम्बर, १९७९	२२ अप्रिल, १९९१ (अ)
११.	आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र	१६ डिसेम्बर, १९६६	१४ मे, १९९१ (स)
१२.	नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र	१६ डिसेम्बर, १९६६	१४ मे, १९९१ (स)
१३.	नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकल	१६ डिसेम्बर, १९६६	१४ मे, १९९१ (स)
१४.	यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्ध महासन्धि	१० डिसेम्बर, १९८४	१४ मे, १९९१ (स)
१५.	जीउ मास्ने बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि	२ डिसेम्बर, १९४९	२७ डिसेम्बर, १९९५ (स)
१६.	मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दोस्रो स्वेच्छिक प्रोटोकल	१५ डिसेम्बर, १९८९	४ जून, १९९८ (स)

पनि नभएका होइनन्। पंचायती एकतन्त्री शासनका बेला निर्मित विभिन्न कानूनी प्रावधानहरू यस नयाँ संविधानको अवधारणा विपरित तथा एक आपसमा बाझिएको अवस्थामा तथा राज्यको अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रतिकूल पनि रहेका छन्। उदाहरणका लागि सैनिक कानून तथा राज्य विरोधी अपराधसम्बन्धी कानूनमा मृत्युदण्ड सम्बन्धी व्यवस्था रहिरहनु संवैधानिक अवधारणा तथा अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी कानूनी दस्तावेजहरूका भावनाविरूद्ध रहिरहेका छन्।

नयाँ संविधान लागू हुनुअगावै तथा त्यसपश्चात् पनि केही कानूनहरू संवैधानिक प्रावधानहरूसँग विरोधाभासपूर्ण रूपमा निर्माण गरिएका छन्। त्यस्ता कानूनहरूमा अत्यावश्यक वस्तुहरू सम्बन्धी ऐन, सरूवा रोगसम्बन्धी ऐन, हातहतियारसम्बन्धी ऐन, कालाबजारी तथा अन्य सामाजिक अपराध सजाय ऐन, जनगणना सम्बन्धी ऐन, खाद्य वस्तुसम्बन्धी ऐन, हातहतियार नियन्त्रण ऐन, नेपाल गुणस्तर नियन्त्रण ऐन, भूमि अधिग्रहण ऐन, सार्वजनिक अपराध ऐन, रेल यातायात ऐन, जन्म, मृत्यु तथा अन्य ठूला घटना दर्ता ऐन, सामाजिक सुधार ऐन तथा सार्वजनिक सुरक्षा ऐन रहेका छन्। त्यसबाहेक केही ऐनहरू यस्ता पनि छन्, जसले सरकारका कार्यकारी निकायहरूलाई न्यायसम्बन्धी अधिकार पनि प्रदान गरेका छन्। त्यस्ता कानूनहरूमा निर्यात आयात ऐन, मदिराजन्य पदार्थसम्बन्धी ऐन, आयकर ऐन तथा वनसम्बन्धी ऐनहरू पर्दछन्।

यस्ता अनुपयुक्त कानूनी प्रावधानहरूमा विशेषतः महिलाहरूको पैत्रिक सम्पत्तिमाथिको अधिकारसँग सम्बन्धित कानूनहरू संविधान प्रदत्त समानताको

अधिकार विपरित रहेका छन्। त्यसैगरी मुलुकी ऐन २०२० ले व्यवस्था गरेको छुवाछूतसम्बन्धी व्यवहारहरूमा प्रतिबन्ध लगाउन पनि कानूनमा उपचारात्मक पक्ष अपूर्ण रहेको पाइन्छ। यसरी राज्य अविभेदको सिद्धान्तको पालना गर्नमा पनि असफल रहेको देखिन्छ।

अन्तर्राष्ट्रिय दस्तावेजहरूद्वारा प्रदत्त अधिकारहरूको स्थानीकरणको विस्तृत अध्ययन गर्नका लागि संविधान तथा अन्य कानूनी प्रावधानहरूलाई पनि केलाउनुपर्ने हुन्छ। मानवअधिकार वर्ष पुस्तक १९९९ मा आर्थिक अधिकारको स्थानीकरणको पक्षमा भएका प्रयासहरूमाथि प्रकाश पारिएको थियो। जस्तै, संविधानको निर्देशक सिद्धान्त तथा राज्यका नीतिहरू तथा अन्य कानूनी प्रावधानहरूलगायत् संगठित क्षेत्रका श्रमसम्बन्धी कानूनहरूले पनि नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा उल्लेखित व्यक्तिको जीविकोपार्जनको अधिकार (धारा ६), उचित पारिश्रमिक तथा दासत्वविरूद्धको अधिकार (धारा ८), आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा उल्लेखित स्वतन्त्रतापूर्वक कामको खोजी वा छनौट गर्ने अधिकार (धारा ६), कामको लागि न्यायिक तथा उपयुक्त वातावरणको अधिकार (धारा ७), शान्तिपूर्ण हड्ताल गर्न पाउने अधिकार (धारा ८.१ घ) तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा उल्लेख गरिएको मजदूर संगठनहरू खोल्न तथा त्यस्ता संगठनहरुमा भाग लिन पाउने अधिकार (क्रमशः धारा ८ र धारा २२.१) प्रदान गरेका छन्। यद्यपि कानूनी प्रावधानमा रहेका अपूर्णताहरू भने सधैं नै सामाजिक संस्थाहरूका लागि गहन चासोका विषय रहन्छन्।

कानूनी अपूर्णताको कुरा गर्दा अनौपचारिक श्रम क्षेत्रलाई कानूनी दायराभित्र ल्याउनुपर्ने विषय टड्कारो रहेको छ। हालसालै कृषि श्रमिकका लागि न्यूनतम ज्याला तोकिएको छ। तथापि बाँधा श्रमको उन्मूलनका लागि बाँधा श्रमिकको परिभाषासहितको कानून निर्माण हुन बाँकी नै छ।

संवैधानिक, कानूनी तथा नीतिगत प्रावधानहरूमा सरकारी पक्षबाट मानवअधिकार क्षेत्रमा केही सुधारहरू अवश्य भएका छन्। तापनि आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा व्यवस्था गरिएको उचित जीवनस्तरसम्बन्धी अधिकार (धारा ११.१), उचित खाना खान पाउने अधिकार (धारा ११.२), उचित वासस्थानको अधिकार (धारा ११.१) तथा सामाजिक सुरक्षाको अधिकार (धारा ९) आदिका क्षेत्रमा भने कानूनी अपूर्णता नराम्ररी खट्किन्छ।

नेपालका कानूनी प्रावधानहरूमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा व्यवस्था गरिएको स्वास्थ्यसम्बन्धी अधिकार (धारा १२) देखिन्छ तापनि स्वास्थ सेवामा जनताको पहुँच भने सुनिश्चित छैन। सोही प्रतिज्ञापत्रमा व्यवस्था गरिएको परिवार, आमा तथा बच्चासम्बन्धी अधिकार (धारा १०) भने विभिन्न कानूनी प्रावधानहरूमा निहित छ। परिवारहरूको अधिकार (धारा १०.१) चाहिँ बालबालिकासम्बन्धी ऐन, मुलुकी ऐन, तथा आश्रित बालबालिकाहरूको सहायता, उपचार तथा शिक्षासम्बन्धी प्रावधानहरूमा झल्किन्छ। मातृत्वको अधिकार (धारा १०.१) तथा बालबालिकाहरूको अधिकार (धारा १०.३) बालबालिकासम्बन्धी ऐन २०४८ तथा अन्य संवैधानिक तथा कानूनी प्रावधानहरूद्वारा प्रत्याभूत गरिएका छन्।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा व्यवस्था गरिएको शिक्षासम्बन्धी अधिकार (धारा १३) लाई संविधान तथा अन्य कानूनहरूले प्रत्याभूत गरेका छन्। नेपालको कानूनले प्राथमिक शिक्षालाई निःशुल्क गराएको छ तर अनिवार्यचाहिँ हैन। श्रम ऐन तथा बालबालिकासम्बन्धी प्रावधानहरूले औद्योगिक क्षेत्र, विशेषगरी चिया बगानमा, जहाँ ५ देखि १४ वर्षभित्रका ५० भन्दा बढी केटाकेटीहरू रहेका हुन्छन् र १ किलोमिटरको दूरीमा कतै पनि प्राथमिक विद्यालय नरहेमा स्थापना गर्नुपर्ने बाध्यता गराएको छ। यो प्रावधान भनेको उक्त प्रतिज्ञापत्रको प्राथमिक शिक्षासम्बन्धी अधिकार (धारा १४) सित सम्बन्धित छ।

त्यसैगरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा व्यवस्था गरिएको अल्पसंख्यक समुदायहरूले आफ्नो संस्कृतिको उपभोग गर्न पाउने विषयक अधिकार (धारा २७) लाई नेपाल अधिराज्यको संविधान २०४७ को धारा १८ (१) ले प्रदान गरेको छ। उक्त धाराले नेपाल अधिराज्यभित्र बसोवास गर्ने समस्त समुदायलाई आफ्नो भाषा, लिपि तथा संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने अधिकार प्रदान गरेको छ। त्यसैगरी संविधानको धारा १९ ले हरेक व्यक्तिलाई आफ्नो धर्मको पालना, अभ्यास गर्न तथा परम्पराको संरक्षण गर्ने अधिकारसमेत प्रदान गरेको छ। यसै धाराको दफा २ ले हरेक धार्मिक सम्प्रदायलाई आफ्नो स्वतन्त्र अस्तित्व कायम राख्नु गुठी तथा धार्मिक स्थानको सुरक्षा तथा संरक्षण गर्न पाउने अधिकार प्रदान गरेको छ। यी प्रावधान भनेको प्रतिज्ञापत्रको अल्पसंख्यक समुदायले आफ्नो धर्मको अभ्यास गर्न पाउने अधिकार (धारा २७) को धारणा अनुरूप पर्दछन्।

सोही प्रतिज्ञापत्रको धारा २७ मा व्यवस्था गरिएको अल्पसंख्यक समुदायले आफ्नो भाषाको उपयोग गर्न पाउने अधिकार नेपाल अधिराज्यको संविधानको धारा १८ (२) ले प्रदान गरेको छ। यो प्रावधानअनुसार हरेकसमुदायले प्राथमिक तहसम्मको शिक्षाको लागि आफ्नै भाषामा विद्यालय संचालन गर्न पाउने अधिकार छ। यसका अतिरिक्त शिक्षा ऐन (पाँचौं संशोधन २०४९) ले प्राथमिक तहसम्मको शिक्षामा आफ्नै मातृभाषाको प्रयोग गर्न पाउने अधिकार प्रदान गरेको छ।

कार्यान्वयनका संयन्त्रहरु

संविधान आफैमा मानवअधिकारको एक संशोधन नहुने संयन्त्र हो। अझ यसले नयाँ संयन्त्रहरू निर्माणका लागि पूर्वाधारहरूको सृजना गर्दछ। मानवअधिकारका प्रावधानहरूको

कार्यान्वयनका लागि कानूनी संशोधनको अधिकारसहितको प्रभावकारी संयन्त्र निर्माणका लागि न्यायपालिकाले प्रमुख भूमिका खेल्न सक्दछ भने अदालतले चाहिँ सुरक्षात्मक उत्तरदायित्व पूरा गर्दछ। संवैधानिक परिषद्, न्याय परिषद्, सुरक्षा परिषद्, लोक सेवा आयोग, लेखा परीक्षकको कार्यालय, निर्वाचन आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता निकायहरू पनि छन्, जसले सन्तुलन तथा नियन्त्रणको भूमिका निर्वाह गर्दछन्।

विभिन्न कानूनहरूले पनि यस्ता संयन्त्रहरूको भूमिका निर्वाह गर्नुका साथै सामान्य वा विशेष प्रकारका मानवअधिकारहरूको संरक्षण प्रदान गर्दछन्। त्यस्ता निकायहरूमा मानवअधिकार आयोग, आदिवासी जनसरोकार आयोग, बाल सुधार गृह, बालगृहहरू, बाल अदालत आदि पर्दछन्। यद्यपि यीमध्ये धेरै संयन्त्रहरू भौतिकरूपमा व्यवस्थित छैनन्।

यस्ता कानूनी प्रावधानहरूद्वारा निर्मित यी निकायहरू सम्पूर्ण लक्षित समुदायको पहुँचभित्र पर्न सकेका छैनन्। तर यी संयन्त्रमा पहुँच सुगम भए पनि सेवाको प्रत्याभूति भने निश्चित रहेको पाइँदैन। तसर्थ सेवाको अभावले गर्दा जनताको अधिकार परिपूर्तिका लागि जटिलता रहेको छ।

देशमा अधिकारहरूको मूल्यांकन गर्ने संयन्त्रहरूको अभाव ठूलो मात्रामा खट्किएको छ। मूल्यांकन गर्ने निकायको अभाव तथा तिनको प्रभावकारिताको अभावका कारण शिक्षा, स्वास्थ्य उपचार, बालश्रम शोषणविरुद्ध सुरक्षा, महिलामाथिको हिंसाद्वारा पीडितहरूको सुरक्षा तथा छुवाछूतको भेदभावबाट पीडितहरूको सुरक्षा असम्भव भएको छ। यस क्षेत्रमा मानवअधिकारको हननको श्रृंखला कायम रहनमा यी तथ्यहरूले प्रभाव पारिरहेका छन्।

मानवअधिकार हननको श्रृंखला तथा वस्तुगत यथार्थ

सरकारका तर्फबाट विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूको अनुमोदन तथा ती कानूनहरूको स्थानीकरणद्वारा मानवअधिकारको सम्मान दर्शाइएको भए तापनि राजनीतिक इच्छाशक्तिको कमी तथा कमजोर एवं असक्षम संयन्त्रहरूका कारण मानवअधिकारको हनन देशमा क्रमिकरूपमा बढ्दै गइरहेको छ। विगत दश वर्षमा मानवअधिकारको हनन केही नगण्य क्षेत्रमा घटेको भएता पनि धेरै क्षेत्रहरूमा बढिरहेके छ। इन्सेकले मानवअधिकार वर्ष पुस्तकमार्फत् विभिन्न ९ क्षेत्रमा रहेको मानवअधिकार स्थितिको मूल्यांकन तथा अनुगमन गर्दै आइरहेको छ। यिनै तथ्यहरूको आधारमा मानवअधिकार हननको क्रमलाई अध्ययन गर्न सकिन्छ।

गैरकानूनी हत्या, थुनामा मृत्यु तथा यातनाका घटनाहरूको बढ्दो क्रमले भयावह स्थितिको सिर्जना गरेको छ। देशको शासन पद्दतिमा परिवर्तन हुँदा पनि शक्ति प्रयोग तथा चरित्रमा कुनै परिवर्तन देखा परेन। विरोधी राजनीतिक पक्षमाथि सधैं नै नकारात्मक व्यवहारहरू भइ नै रह्यो। नेपाली समाजमा मानवअधिकार हननको प्रकृति कस्तो रहेको छ भन्ने तथ्य मानवअधिकार वर्ष पुस्तक १९९२ देखि १९९९ को अध्ययनले छर्लंग पार्नेछन्। ती पुस्तकहरूलाई सरसर्ति अध्ययन गर्ने हो भने पीडितहरूको संख्यामा पनि निश्चितरूपमा वृद्धि भएको प्रष्ट हुन्छ।

विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप अन्तर्राष्ट्रिय कानूनहरूको अनुमोदन तथा राष्ट्रिय नियम, कानूनहरूको निर्माणका बावजुद पनि राज्यले देशका नागरिकहरूको अधिकारको निर्बाधरूपमा हनन गर्दै आइरहेको छ। माथिका तथ्यहरूले समाजमा मानवअधिकारको हननको गहनतालाई प्रष्ट्याउँछ भने तल दिइएका तथ्यांकहरूले एकपछि अर्को परिवर्तित सरकारहरूले आफ्नै नागरिकहरूमाथि कस्तो व्यवहार अपनाएको छ भन्ने कुरा प्रष्ट पार्दछ। गैरन्यायिक हत्याको श्रृंखला बढ्दो छ। यसले नागरिकको बाँच्न पाउने अधिकारप्रति सरकारको उदासिनता दर्शाउँछ। निष्पक्ष न्यायिक अनुसन्धानको प्रश्नलाई पनि जटिल बनाउँदछ। २०५१ साल (१९९४/९५) मा बाहेक अन्य सबै वर्षहरूमा राज्य पक्षबाट हुने हत्या बढी रहेको पाइन्छ। तालिका नं. २ लाई हेर्ने हो भने दुईवटा पक्षहरू उजागर हुन्छन्। पहिलो, १९९४ भन्दा अगाडि सरकारले विपक्षी दलहरूमाथि शक्तिको प्रयोग गरेको पाइन्छ। दोस्रो, १९९४/९५ पश्चात्को आँकडामा भएको वृद्धिले देशमा माओवादी गतिविधिविरुद्ध राज्यले चलाएको कारवाहीलाई प्रष्ट्याउँछ। सन् १९९८ पश्चात् यो संख्यामा व्यापक वृद्धि भएको छ। तसर्थ, अन्तर्राष्ट्रिय कानूनहरूको अनुमोदन तथा राष्ट्रिय कानून निर्माणले मात्र जनताले अधिकारको उपभोग गर्न पाउने अवस्थाको सिर्जना हुन सक्दैन।

तालिका नं. २



तेस्रो पक्षद्वारा गरिने मानव अधिकारको हननबाट नागरिकलाई सुरक्षा प्रदान गर्नु पनि राज्यको प्रमुख दायित्व हो। तल दिइएका तथ्यहरूले पनि महिलाहरूको वर्तमान दयनीय स्थिति रहनुमा कानूनी अपूर्णता तथा राज्यका सुरक्षात्मक संयन्त्रको असक्षमतालाई प्रष्ट पार्दछ। महिलामाथि हुने गरेका धेरैजसो हिंसाका घटनाहरू सार्वजनिक हुने गर्दैनन् किनभने सार्वजनिक जानकारीको कारण पीडितको अवस्थामा झन् प्रतिकूल प्रभाव पर्ने गर्दछ। प्राप्त सूचनाहरूले बलात्कारको घटनाहरूको संख्यामा वृद्धि भइरहेकै दर्शाएको छ। तर पनि प्राप्य सूचनाहरूले स्थितिको पूर्ण विवरण भने प्राप्त हुन सक्तैनन्।

तालिका नं. ३

बलात्कारको घटनामा पीडित भएकाहरुको संख्या



बलात्कारद्वारा पीडितहरूको संख्यामा १९९२ देखि १९९७ सम्म वृद्धि नै भएको छ। १९९६ मा यो संख्या सबैभन्दा बढी रहेको छ। राज्यपक्ष वा प्रहरी/प्रशासकहरूद्वारा बलात्कृत हुनेहरूको संख्या १९९८ मा सबभन्दा बढी रहेको छ। बलात्कार भनेको मानवअधिकार हननका श्रृंखलाको प्रारम्भ हो। महिलाहरू बलात्कृत भैसकेपछि या त समाजबाट बहिस्कृत हुन्छन् यदि हैन भने गर्भपतनको सहारा लिन पुग्दछन्। यदि उनीहरूले गर्भपतनको बाटो रोजे भने तिनीहरूलाई फेरि कानूनले दण्ड दिन्छ। यो कुरा बुझ्न जरूरी हुन्छ कि धेरैजसो बन्दी महिलाहरू गर्भपतनकै सिलसिलामा सजाय भोगिरहेका छन्। तिनीहरू आफ्नो कमजोर अवस्था अथवा अव्यवहारिक कानूनहरूको कारणले सजाय भोगिरहका छन्।

यसका अतिरिक्त महिलाहरूप्रति विभिन्न समूहहरूले हरेक दिन उनीहरूको नैसर्गिक अधिकारहरूको हनन गरिरहेका हुन्छन्। तथ्यांकहरूको अभावका कारण यस्ता अधिकारहरूको हननको पुष्टि गर्न तथा अध्ययन विश्लेषण गर्न कठिनाई भइरहेको हुन्छ। तथापि समाजका विभिन्न तहका व्यक्तिहरूमाथि प्रभाव पार्ने समस्याहरूको गहनताको अध्ययन असम्भवचाहिँ हुँदैन। कृषि क्षेत्रमा दलित समूह (जुन सम्पूर्ण जनसंख्याको २० प्रतिशत छ) तथा निश्चित समुदायहरू जुन निश्चित क्षेत्रमा मात्र कार्यरत् हुन्छन्, मुसहर समुदाय जो माटोसँग सम्बन्धित कार्यमा मात्र संलग्न हुन्छन्, तल्लो जाति भनिने वर्ग अर्थात् पेशागत समुदाय जसलाई घरायसी कार्यमा संलग्न गराइँदैन, यी समुदायहरू स्वरोजगारबाट पनि वञ्चित छन् किनभने तिनीहरू अन्य समुदायबाट सेवाका लागि पनि स्वीकार्य हुँदैनन्। यसले गर्दा उनीहरू आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा व्यवस्था गरिएको स्वतन्त्रतापूर्वक पेशा रोज्ने तथा काम गर्ने अधिकार (धारा ६) बाट पनि वञ्चित हुन पुग्दछन्। सरकारले यस्तो अधिकारको पनि रक्षा गर्न सकेको छैन।

त्यस्तै औद्योगिक क्षेत्रमा पनि श्रमसम्बन्धी अधिकारको कार्यान्वयन व्यापकरूपमा हुन नसकेको स्थिति छ। महिला तथा पुरूषहरूलाई समान कामका लागि समान ज्यालाको अधिकार पनि प्रायःजसो हनन भइरहेको अवस्था छ। कृषि तथा असंगठित क्षेत्रहरूमा पनि कामको न्यूनतम समय, काम शुरू गर्ने न्युनतम उमेर आदि कुराहरूलाई कानूनले समेटेको छैन। हालै घोषणा गरिएको न्युनतम ज्यालासम्बन्धी प्रावधानहरू पनि लागू भइरहेका छैनन्। असंगठित क्षेत्रमा काम गर्न उपयुक्त वातावरणको अधिकार (आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ७) तथा श्रमसम्बन्धी अधिकार (अन्तर्राष्ट्रिय श्रम संगठनका अभिसन्धिहरू अनुरूप) को पालना भइरहेको छैन। यी अधिकारहरूको रक्षाप्रतिको उदासिनताले पनि मानवअधिकार हननलाई बढावा दिन्छ।

नेपाल स्ट्यान्डर्ड सर्भेको जनगणना तथा योजना आयोगको तथ्यांकले पनि गरिबीको रेखामुनिको जनसंख्या ४२ प्रतिशत रहेको देखाउँछ। यस क्षेत्रमा पनि आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा व्यवस्था गरिएको निम्न आय हुनेहरूका लागि उचित जीवन निर्वाह गर्न पाउने अधिकार (धारा ११.१) का लागि स्थायी सुरक्षाको कुनै उपायहरू अवलम्वन गरेको पाइँदैन। सरकारका कार्यक्रमहरू सामान्य नागरिकहरूको जीवनस्तरमा वृद्धि गर्नेतर्फ लक्षित भएता पनि सबैस्वाले अधिकार स्थापनाका लागि भने छैनन्। पर्याप्त खानाको अधिकार (धारा ११.१) को क्षेत्रमा पनि उस्तै स्थिति छ। सरकारले आपतकालीन एवं प्राकृतिक प्रकोपको समयमा मात्र यी अधिकारहरूको रक्षा गर्ने नीति लिएको छ। प्राकृतिक प्रकोप राहत कानून (संशोधनसहित) ले यस्तो बेलामा

सुरक्षात्मक उपायहरू मात्र अवलम्बन गर्दछ। खाद्य ऐनको तेस्रो संशोधन २०४९ ले तेस्रो पक्षबाट हुने खानासम्बन्धी अधिकारको हननमा मात्र पौष्टिक स्तर एवं मात्रा तथा मिसावटबाट सुरक्षा प्रदान गरेको छ। तथापि भोकविरूद्धको अधिकार (धारा ११.२) सम्बन्धी सुरक्षाको परिपूर्ति गर्ने परम्परागत संयन्त्रलाई भने सरकारले हालसालै बन्द गरेको छ, जसले गर्दा खाना प्राप्तिको अधिकार हनन भएको छ।

परिवार, आमा र बालबच्चालगायत् परिवारहरूसम्बन्धी अधिकार (धारा १०.१), आमाको अधिकार (धारा १०.२) तथा बालबालिकाहरूको अधिकार (धारा १०.३) लाई सामान्यतया कानूनले सुरक्षा प्रदान गरेको छ। तर सेवाहरूको पर्याप्तता तथा सुगमताको प्रश्न भने अनुत्तरित नै रहेको छ। कमजोर कानून, कानूनी संयन्त्र तथा सुरक्षा प्रयासहरूले जोखिममा परेका आमा तथा बालबालिकाहरूको रक्षा गर्न सक्दैनन्।

जातीय प्रथाको विभेदद्वारा विखण्डित दलितहरूलाई सांस्कृतिक क्षेत्रको सहभागिताको अधिकारबाट वञ्चित पारिएको छ। उनीहरूलाई मन्दिरमा पूजा गर्न समेत दिइँदैन। सरकारी अधिकारीहरूले आफ्नै कानूनहरूको सम्मान गर्नुको सट्टा दलित समूहले मन्दिरमा पस्न नपाउने भनी लिखित आदेश दिएको पाइएको छ। गोरखा जिल्लास्थित गोरखकालीको मन्दिरमा केही बर्ष अगाडि यस्तै घटना भएको थियो। यसले सरकारले साँस्कृतिक अधिकारको रक्षा गर्न नसकेको प्रष्ट पार्दछ। सर्वोच्च अदालतले हालै गरेको निर्णयले भने दलित समुदायलाई काठमाडौंको पशुपतिनाथको मन्दिरमा पस्न पाउने अधिकार प्रदान गरेको छ। यस निर्णयले गर्दा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १५.१ मा व्यवस्था गरिएको व्यक्तिको आफ्नो संस्कृतिको रक्षा तथा सहभागितासम्बन्धी अधिकारको रक्षा भएको छ। तर यस विषयमा भएको अधिकार हनन रोक्ने संयन्त्र निर्माणका लागि नयाँ कानूनको आवश्यकता टड्कारो रहेको छ।

सोही प्रतिज्ञापत्रमा उल्लेखित शिक्षाको अधिकार (धारा १३), खासगरी प्राथमिक शिक्षासम्बन्धी अधिकार (धारा १४) भने प्राथमिक शिक्षा निशुल्क भएको तर अनिवार्य नभएको कारण नाजुक अवस्थामा रहेको छ। यद्यपि राज्यले "निशुल्क" शिक्षाको अधिकारको पनि सुरक्षा गर्न सकेको छैन। विभिन्न बहानामा प्राथमिक शिक्षाका लागिसमेत निश्चित रकम तिर्न बाध्य बनाइएको छ। ग्रामीण क्षेत्रका कमजोर आर्थिक अवस्था भएका जनता सरकारी उदासिनताको कारण यस्तो समस्या भोग्न बाध्य भएका छन्।

सरकारी प्रतिबद्धता तथा इच्छा शक्ति

नेपाल सरकारले विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूको अनुमोदन तथा विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरूमा सहभागिता, विभिन्न कार्ययोजनाहरूमा सहमति तथा प्रतिबद्धता दर्शाउँदै आएको भए तापनि तिनको कार्यान्वयनमा निकै कमी-कमजोरीहरू रहेका छन्। हालसम्म सरकारले मानवअधिकार आयोगको गठन गर्न सकेको छैन। यातनाको क्षतिपूर्ति ऐन पनि प्रभावकारी ढंगले कार्यान्वयन गरिएको छैन। त्यस्तै मानव अधिकार शिक्षासम्बन्धी राष्ट्रिय कार्ययोजना निर्माण गर्न सकिरहेको छैन भने अर्कोतिर समाजका पिछडिएका एवं निम्न आय भएका वर्गहरूको समानताको अधिकारको सम्मान गरेको छैन। सरकारले संवैधानिक प्रावधानअनुरूपको समानताको हकलाई पनि अवहेलना गर्दै पैत्रृक सम्पत्ति प्राप्तिको महिला-पुरूषबीचको विभेदलाई पनि निरन्तरता दिँदै आइरहेको छ। सरकारले जनताप्रतिको उत्तरदायित्व तथा पारदर्शितालाई पनि कायम राख्न सकिरहेको छैन। यसले गर्दा देशका जनतामा प्रजातान्त्रिक व्यवस्थाप्रति पूर्णरूपले विश्वस्त हुन सक्ने स्थिति उत्पन्न हुन सकेको छैन। सरकारी क्षेत्रमा भ्रष्टाचारको व्यापकताले गर्दा देशको परिस्थिति ज्यादै नाजुक बन्दै गइरहेको छ। तसर्थ मानवअधिकारको बहालीका लागि यी तथ्यहरूमाथि सरकारले ज्यादै गम्भीर भएर सोच्ने बेला आएको छ। पटक-पटक हुने चुनावले मात्र प्रजातन्त्र सफल हुँदैन। चुनाव निश्पक्ष तथा स्वतन्त्र हुनु पर्दछ र चुनावपश्चात् गठन हुने सरकारले जनभावनाको उचित प्रतिनिधित्व गर्नुपर्दछ।

यहाँ देशको निराशाजनक स्थितिलाई मात्र दर्शाउन खोजिएको होइन। यदि देशका संयन्त्रहरूलाई सुचारू एवं सुगम बनाउँदै जनताको पहुँचभित्र पुऱ्याउने प्रयास भएमा देशले हरेक क्षेत्रमा विकास गर्न सक्छ, ठूलो आशाको पुञ्ज देखा पर्नसक्छ। तसर्थ राज्यका संयन्त्रहरू केवल सुगम भएर मात्र पुग्दैन, तिनले सेवा पनि प्रदान गर्न सक्नुपर्छ। गाउँ नै गाउँले भरिएको हाम्रो देशमा अहिलेको खाँचो भनेको यही नै हो।

परिच्छेद ५

मानवअधिकार स्थितिको समग्र मूल्याङ्कन १९९९

- कुन्दन अर्याल

बितेका केही वर्षहरू झैं सन् १९९९ मा पनि नेपालमा नागरिक तथा राजनीतिक अधिकारहरूको व्यापक उल्लघंन भएको प्रष्टै देखियो। सुशासनको चर्चा जतिसुकै भए पनि सरकारद्वारा जनताको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको प्रत्याभूतिको दिशामा वर्षभरि नै उल्लेखनीय कदम चालिएको पाइएन। सुशासन र भ्रष्टाचार नियन्त्रणको कुरा वर्षभरि नै सरकारी र गैरसरकारी पक्षबाट जोडतोडका साथ उठ्यो। तर त्यस दिशामा उल्लेख गर्न लायकको काम भने हुन सकेन। खासगरी माओवादी हिंसाका कारण यस वर्ष पनि मानवअधिकारहरूमाथि ज्यादति भयो। त्यसै गरी माओवादीको "जनयुद्ध" लाई नियन्त्रण गर्ने नाममा भएको दमनका कारण मानवअधिकारहरूको व्यापक उल्लंघन भयो। यस वर्ष निर्वाचन बहिष्कार प्रचारका क्रममा माओवादीद्वारा एक जना उम्मेद्वारको समेत हत्या गरियो।

वर्षको शुरूवात कांग्रेस, एमाले र सद्भावना पार्टीबीच मध्यावधि निर्वाचन गराउने सहमतिबाट भयो। तर नयाँ निर्वाचनबाट बनेको सरकारले पनि देशमा सुशासनको दिशामा केही गर्न सकेन। चुनाव गराउनका निम्ति बनेको सरकारका घटकहरूबीच नै चुनाव सकिएपछि ठूलो मतभेद उत्पन्न भयो। नेपाली कांग्रेसले निर्वाचनमा व्यापक धाँधली गरेको कुरा एमालेलगायत्का प्रतिपक्षीहरूले जोडतोडका साथ उठाए। चुनावका क्रममा गैरराज्य पक्षबाट जनताको स्वतन्त्र-निष्पक्ष निर्वाचनमा भाग लिन पाउने अधिकारको २७ वटा घटनामा ४६ जना पुरुष र ८ जना महिला पीडित भए। कतिपय मतदान केन्द्रहरूमा भिन्न राजनीतिक पार्टीका समर्थकहरूलाई बीच बाटोमै रोकी जान नदिइएका घटनाहरू पनि जानकारीमा आए। राज्यबाट भएका त्यस प्रकृतिका २ वटा घटनामा १ जना पुरुष पीडित भए। निर्वाचन आयोगले तोकेका ठाउँहरूमा मतदान नगराई अन्यत्र मतदान गराउनाले ती ठाउँका मतदाताहरूले मतदान गर्न नपाएका घटनाहरू पनि प्रकाशमा आए। कांग्रेसको एकमना सरकारले पार्टीको चुनावी घोषणा पत्र बमोजिम काम गर्न नसकेको कुरा त्यही पार्टीबाट वर्षभरि नै खुबै उठ्यो।

यस वर्ष भएका प्रतिनिधि सभाका तीनवटै अधिवेशनमा मानवअधिकार आयोगको गठन गर्नुपर्ने कुरा उठ्यो। तर वर्षभरि नै मानवअधिकार आयोगको गठन हुन सकेन। माओवादी समस्याको अन्त्यका निम्ति खासगरी वाम प्रतिपक्षी र मानवअधिकार संस्थाहरूले वार्ताको पहल गर्न सरकारसँग आग्रह गरे। प्रतिपक्ष र मानवअधिकार संस्थाहरूको मागबमोजिम सरकारले उच्चस्तरीय समितिको गठन गर्‍यो। वर्षभरि समितिले माओवादी समस्याको समाधानको दिशामा ठोस समाधान पेश गर्न सकेन।

यस वर्षको एउटा उल्लेखनीय उपलब्धिका रूपमा माओवादी समस्याको शान्तिपूर्ण ढंगले वार्ताको माध्यमबाट समाधान गर्नुपर्ने कुरामा यस वर्ष सबै राजनीतिक पार्टीहरूबीच मतैक्य कायम भयो। माओवादीले दीर्घकालीन योजनालाई कायम राख्ने जानकारी दिए पनि वार्ताको प्रस्तावलाई भने स्वीकार गरे।

राज्यका तीन अंगहरुको भूमिका

वर्षको शुरूवातमै देशका दुई प्रमुख पार्टीहरूको सहमतिमा चुनावी सरकार बन्यो। आमनिर्वाचनको तयारीका सन्दर्भमा कर्मचारी सरुवा, बढुवा, नियुक्तिलगायत् उद्घाटन, सरकारी साधनहरूको दुरूपयोग आदि मामिलामा सरकारद्वारा निर्वाचन आचारसंहिताको उल्लंघन गरियो। चुनावमा पनि जनताको निष्पक्ष र स्वतन्त्र चुनावद्वारा आफ्ना प्रतिनिधि छान्ने अधिकारको पूर्णतः बहाल हुन सकेन। राष्ट्रिय अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुले कतिपय निर्वाचन क्षेत्रहरूमा भएका अनियमितताहरूलाई औंल्याए। राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) ले पनि त्यस सम्बन्धमा उल्लेख गरेको छ।

निर्वाचनपछि बनेको सरकारले अघि सारेको कार्यक्रम पनि नाराभन्दा माथि पुग्न नसकेको देखियो। ०५६ साल असार २७ गते प्रस्तुत आर्थिक वर्ष ०५६/५७ को बजेटमार्फत् अघि सारिएको गरीबसँग विश्वेश्वर, महिला रोजगारी कार्यक्रम र गणेशमान शान्ति अभियान आदि जनतालाई राहत प्रदान गर्नेभन्दा राजनीतिक उद्देश्यले प्रेरित भएको ठहर प्रतिपक्षहरूले गरे। सरकारले यस वर्ष ल्याएको कमैया ऋणमोचन कार्यक्रम कमैया समस्याको समाधानको दिशामा प्रभावकारी हुन नसकेको पाइयो। दुर्गम र खाद्यान्नको अभाव भएका केही जिल्लाबाट खाद्यान्न डिपोहरू हटाएर जनताको आर्थिक सामाजिक अधिकारमाथि ठाडो असर पारियो। ती ठाउँहरूबाट सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउने डिपोहरूलाई हटाएर सरकारले जनताको खाद्यान्नको अधिकारमाथि ठाडो आक्रमण गर्‍यो।

इन्सेकको पहलमा कतिपय गाविसहरूमा न्यूनतम ज्याला तोक्ने अभियान थालिएपश्चात् सरकारले यस वर्ष राष्ट्रव्यापीरूपमा कृषि मजदूरको न्यूनतम ज्याला तोक्यो। सरकारको त्यस निर्णयलाई सकारात्मकरूपमा ग्रहण गरियो। तर तोकिएको प्रतिदिन साठी रूपैयाँ न्यूनतम ज्याला कतिपय जिल्लामा कृषि मजदूरहरूले खाइपाइ आएको ज्यालाको तुलनामा कम रहेको छ।

०५६ असार १७ गते संसदमा प्रस्तुत गरिएको सरकारको नीति तथा कार्यक्रम गरिबी निवारणलाई मूल उद्देश्य भनियो। वृद्ध, विधवा, असहाय र अपाङ्गहरूको सामाजिक सुरक्षाको कार्यक्रम प्रभावकारी ढङ्गले कार्यान्वयन गरिने प्रतिबद्धता कार्यक्रममा व्यक्त गरिएको थियो। उत्पीडित, दलित, आदिवासी, जनजाति तथा महिला वर्गको हकहित सम्वर्द्धन गर्न र जीवनस्तर उठाउन उनीहरूलाई निर्णय प्रकृयामा सहभागी गराउने प्रतिबद्धता व्यक्त गरिएको थियो। सुकुम्बासी र कमैयाहरूको समस्या समाधान गर्न समयबद्ध कार्यक्रम ल्याउने प्रतिबद्धता व्यक्त गरेको थियो। मानव विकास परिसूचकको आधारमा ज्यादै पछाडि परेका हिमाल तथा उच्च पहाडी जिल्लाहरूको समुचित विकास गर्न ती क्षेत्रमा स्वास्थ्य, शिक्षा,

रोजगारी जस्ता पूर्वाधारहरूलाई विशेष प्राथमिकता दिइ कार्यान्वयन गरिने तथा बालश्रम निषेध गर्न, युवा शक्तिको विकास र परिचालन गर्न तथा महिला सशक्तिकरणमा जोड दिन कटिबद्ध रहने घोषणा सरकारले गरेको थियो। पश्चिम नेपालको कर्णाली अञ्चलका विभिन्न जिल्लाहरूमा यसै वर्ष फैलिएको भाइरल इन्फ्लुयन्जाको नियन्त्रणका निम्ति सरकारले समयमै उचित स्वास्थ्य सुरक्षाको व्यवस्था गरेन। जसले गर्दा धेरै मानिसको ज्यान गयो।

तर आर्थिक वर्ष ०५६/५७ को बजेटबाट अघि सारिएको रोजगार सिर्जना, गरीबसँग विश्वेश्वर, गणेशमान शान्ति अभियान विवादमा परे। सरकारले खासगरी गरीबसँग विश्वेश्वर र रोजगारी सम्बन्धी कार्यक्रमद्वारा विकेन्द्रीकरणको मर्ममाथि प्रहार गरेको कुरा जनाउँदै जिल्ला विकास समिति महासंघ, नगरपालिकाहरूको महासंघ र गाउँ विकास समितिहरूको महासंघले कडा विरोध जनाए।

यो वर्षको आमनिर्वाचनपछि बनेको संसदमा नेपालको इतिहासमै पहिलो पटक महंगीका बारेमा गम्भीरतापूर्वक छलफल भयो। प्रमुख प्रतिपक्ष एमालेको मागबमोजिम यो वर्ष महंगीका विषयमा छलफल गर्न विशेष अधिवेशन डाकियो। तत्काल महंगी घटाई जनतालाई राहत प्रदान गर्न एमालेले पेश गरेको संकल्प प्रस्ताव कांग्रेसको संशोधनसहित पारित भयो। तर उक्त प्रस्तावलाई सरकारले व्यवहारमा उतारेको देखिएन।

आमनिर्वाचनपछिको पहिलो बैठक कांग्रेसका विरूद्ध केन्द्रित रह्यो। कांग्रेसले चुनावमा धाँधली गर्‍यो भनेर प्रतिपक्षीहरूले जोडदार आवाज उठाए। त्यस अधिवेशनमा विभिन्न जिल्लाका भोकमरी समस्याका बारेमा प्रतिपक्षी सांसदहरूले आवाज उठाए। मानवअधिकार आयोगको गठन गर्नुपर्ने र शान्ति सुरक्षा कायम हुनुपर्ने कुरा जोडदाररूपमा उठ्यो।

चुनावअघि नेपाली कांग्रेसले शान्ति सुरक्षाको सवाललाई प्राथमिकताका साथ उठाउँदै भोट मागेको थियो। निर्वाचनपछि बनेको कांग्रेसको एकमना सरकारले पनि शान्ति सुरक्षाको कुरा खुब जोडतोडका साथ उठायो। तर सरकार शान्ति सुरक्षाको सवालमा असफल रह्यो। माओवादी र प्रहरीबीचको द्वन्द्वका कारण यो वर्ष पनि ठूलो परिमाणमा जनधनको क्षति भयो। आमनिर्वाचनका क्रममा मनाङ जिल्लामा नेपाली कांग्रेसका उम्मेदवारले विपक्षी उम्मेदवारहरूलाई उम्मेदवारी दर्ता गर्नबाट विमुख गरेको कुरा विपक्षीहरूले उठाए।

निर्वाचनपश्चात् भएको संसदीय अधिवेशनमा निर्वाचनका क्रममा भएको धाँधलीका विरूद्धमा निकै जोडतोडका साथ कुरा उठेपछि बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात्का सम्पूर्ण निर्वाचनहरूको अध्ययन गर्ने सहमति कायम भयो। प्रजातन्त्र पुनर्स्थापनापछि सम्पन्न निर्वाचनहरू र त्यस सम्बन्धमा भएका अध्ययन, सुझाव, प्रतिवेदनसमेतलाई ध्यानमा राखी आगामी निर्वाचनहरूलाई अझै बढी शान्तिपूर्ण, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र पारदर्शी बनाउन विद्यमान ऐन, नियम र व्यवस्थापनमा के-कस्ता सुधारहरू गर्न आवश्यक छ भन्ने विषयमा अध्ययन र मूल्यांकन गरी ६ महिनाभित्र प्रतिनिधि सभासमक्ष प्रतिवेदन पेश गर्न तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा उच्चस्तरीय समितिको गठन गरियो। समितिले प्रतिवेदन बुझाएको छैन।

नेपालको कानूनी संरचना अनुसार जिल्ला अदालतबाट मानवअधिकारसम्बन्धी विषय निरूपण हुन नसक्ने अवस्था विद्यमान रहेको छ। त्यही कारण उत्पन्न समस्याले यस वर्ष पनि तल्लो तहमा जनताले मानवअधिकार उल्लंघनविरूद्धको उपचारबाट वञ्चित हुनुपर्‍यो। कानूनतः पुनरावेदन अदालतलाई बन्दी प्रत्यक्षीकरण, परमादेश र निषेधाज्ञा जस्ता निवेदनहरूको सुनुवाई गर्ने अधिकार रहेको छ। तर वर्ष पुस्तकको अध्ययनका क्रममा त्यस्ता अधिकारहरूको प्रयोग भएको कमै मात्र पाइयो। छिटो छरितो एवं सर्वसुलभरूपमा न्याय उपलब्ध गराउन न्यायपालिकामा यस वर्ष केही सुधारका घोषणा गरियो। न्यायाधीशहरूका निम्ति आचारसंहिताको घोषणा पनि न्यायपालिकाको सुधारको दिशामा चालिएको कदमका रूपमा लिन सकिन्छ। तर वर्ष भरि नै न्यायपालिकामा सुलभ न्याय उपलब्ध गराउने दिशामा उल्लेखनीय काम भएको पाइँदैन। राजधानीमा रहेको सर्वोच्च अदालतसम्म धाएर आफ्नो अधिकार स्थापित गर्न ग्रामीण क्षेत्रका जनता असक्षम छन्। न्यायालयले मानवअधिकारका कतिपय सवालमा स्पष्ट व्याख्या गरिदिएको अवस्थामा जनताले आफ्ना अधिकारहरूबाट वञ्चित हुन नपर्ने देखिन्छ। तल्लो तहमा मानवअधिकार प्रदान गर्न हाम्रो न्याय व्यवस्था असफल भएकै कारण उत्पन्न अवस्थामा यस वर्ष पनि कुनै परिवर्तन भएन।

यस वर्ष नेपालमा मानवअधिकारको अवस्था कस्तो रह्यो भन्ने निष्कर्ष निकाल्न यसै पृष्ठभूमिमा केही मापदण्डहरूका आधारमा विश्लेषण गर्नुपर्ने हुन्छ।

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या/गोली

माओवादी जनयुद्धका नाममा एउटा पार्टीद्वारा सञ्चालित हिंसात्मक क्रियाकलाप र राज्यपक्षबाट त्यसको नियन्त्रणका नाममा गरिएको अन्धाधुन्ध दमनका कारण उत्पन्न समस्या यो वर्ष पनि नेपालीको बाँच्न पाउने अधिकारको हननका निम्ति सबभन्दा ठूलो कारणका रूपमा देखियो। सन् १९९९ मा प्रहरीद्वारा गोली चलाइएका कुल १ सय ४५ वटा घटनामा २ सय ४१ पुरूष र ४३ जना महिलाको ज्यान गयो। व्यक्तिगत वा संगठितरूपमा भएका तर राज्यको संलग्नता नरहेका जम्मा ५ सय २० वटा घटनामा ४ सय ४८ जना पुरूष र १ सय ४६ जना महिला मारिए। गैरराज्य पक्षबाट गोली चलाइएका कुल ६२ वटा घटनामा ९३ जना पुरूष र दुई जना महिलाको ज्यान गयो।

गएको वर्षको तुलनामा राज्यको बल प्रयोगको घटनामा मर्नेहरूको संख्या यसपटक उत्तिकै देखियो। गैरराज्य पक्षबाट गत वर्षको तुलनामा यस वर्ष हत्याका घटनामा कुनै कमी

आएको देखिँदैन। गत वर्ष अर्थात् सन् १९९८ मा राज्यको बल प्रयोगबाट भएको हत्याका १ सय ७८ वटा घटनामा ३ सय ११ जना पुरुष र ३९ जना महिला मारिएका थिए। गत वर्ष माओवादी गतिविधिमा संलग्न भएको आशंकामा मात्र ३ सय ३४ जना मारिएका थिए। गैरराज्य पक्षबाट गत वर्ष भएको ४ सय २९ वटा घटनामा ३ सय ७३ जना पुरुष र १०३ जना महिला मारिएका थिए। गत वर्ष माओवादीबाट प्रहरीसमेत गरी ७५ जना मारिएका थिए।

राज्यपक्षद्वारा हत्या गरिएकाहरुको संख्या



यस वर्ष बलात्कारपछिको हत्याका ६ वटा घटनामा ६ जना महिलाहरू मारिए। यो संख्या गत वर्षको भन्दा एउटाले बढी रहेको छ।

विभिन्न सभा, जुलुस, धर्ना आदि विरोध कार्यक्रममा राज्य पक्षबाट बल प्रयोग भएका कारण यस वर्ष पनि मौलिक अधिकारहरूको उल्लंघन भयो। गत वर्ष त्यस प्रकृतिका २७ वटा घटनाहरूमा २० जना पुरुष र ३ जना महिला घाइते भएका थिए। यस वर्ष गैरराज्य पक्षबाट गोली चलाइएका ३२ वटा घटनामा ४९ जना पुरुष र ४ जना महिला घाइते भए। प्रहरीद्वारा गोली चलाइएका ९ वटा घटनामा १५ जना पुरुष र एक जना महिलालाई घाइते बनाइएको थियो।

यस वर्ष माओवादीद्वारा थापिएको एम्बुसमा परी प्रहरीको मात्र होइन, सर्वसाधारणको समेत ज्यान गयो। यस वर्ष गैरराज्य पक्षबाट बम विष्फोटन गरिएका ३० वटा घटनामा २८ जना र एक जना महिलालाई घाइते बनाइयो। रोल्पामा माओवादीद्वारा विछ्याइएको एम्बुसमा परी एक बालक र एक बालिकाको घटनास्थलमै मृत्यु भयो।

जेल

जेलको सुधारका लागि ठोस कार्य नभए पनि यस वर्ष राष्ट्रिय सभा सामाजिक न्याय समितिले देशका विभिन्न जेलहरूको अनुगमन गर्‍यो। जेलमा विभिन्न मागहरू पूरा गराउनका निम्ति विभिन्न कार्यक्रमहरू पनि भए। जेलभित्रका ६ वटा घटनामा यस वर्ष २० जना बन्दीहरू पीडित भए।

गिरफ्तारी र यातना

यस वर्ष पनि गैरकानूनी थुनाका कैयन् घटनाहरू देखा परे। अदालतको आदेशको समेत उल्लंघन गरी प्रहरीले यस वर्ष पनि कतिपय मानिसलाई गिरफ्तार गर्‍यो। यो वर्ष पनि अदालतको आदेशमा रिहा भएका कतिपय व्यक्तिलाई प्रहरीले पुनः अदालत हाताबाटै पक्राउ गरिएको घटनासमेत प्रकाशमा आए। प्रहरीद्वारा गरिएको कुल ४ सय १२ वटा धरपकडका घटनामा १ हजार ३७ जना पुरुष र १०२ जना महिला पीडित भए। पक्राउ परेका सबैजसोलाई यातना दिइएको थियो। प्रहरीद्वारा दिइएका कठोर यातनाका २ वटा घटनामा यस वर्ष २ जनाको ज्यान गएको थियो।

नवलपरासी जिल्लामा एक जना ट्रकका खलासी सुकबहादुर तामाङलाई प्रहरीले हिरासतमा कुटपिट गरी यातना दिएको कारणले मृत्यु भयो।

बेपत्ता पारिने घटना

मानिसलाई बेपत्ता पारिने प्रवृत्ति नेपालमा मानवअधिकार उल्लंघनको एउटा ठूलो कारक रहिआएको छ। पञ्चायतकालमा र बहुदलीय व्यवस्थाको आगमनपछिका केही वर्षमा मूलतः राज्यद्वारा इतर राजनीतिक व्यक्तिहरूलाई राजनीतिक दमनका क्रममा बेपत्ता पार्ने गरिन्थ्यो। तर माओवादी "जनयुद्ध" को प्रारम्भ भएपछिका वर्षहरूमा प्रहरी-प्रशासन वा माओवादी इतरका व्यक्तिहरूको अपहरण गर्ने र उनीहरूलाई बेपत्ता पार्ने गरिएको देखिएको छ। राज्यले माओवादी हिंसाको नियन्त्रण गर्ने नाममा बेपत्ता पार्ने क्रमलाई अझ तेज बनाएको छ। वर्ष पुस्तकले प्रहरीद्वारा पक्राउ गरी हालसम्म कुनै जानकारीविना अज्ञात ठाउँमा बन्दी बनाइएका व्यक्तिहरूलाई पनि बेपत्ता पारिएका व्यक्तिहरूको सूचीमा राखेको छ। सादा पोशाकका प्रहरीद्वारा अपहरणकै शैलीमा पक्राउ गरी हालसम्म बेपत्ता पारिएका व्यक्तिहरूलाई पनि त्यसै सूचीमा राखिएको छ। माओवादी भएको आरोपमा विष्णुपुकार श्रेष्ठलाई कलंकी, काठमाडौंबाट सादा पोशाकका प्रहरीले निजी नम्बर प्लेटको गाडीमा राखी अज्ञात स्थलतर्फ लगेका थिए। उहाँका बारेमा प्रहरीले कुनै जानकारी दिएको छैन।

विगतका केही वर्षहरूको तुलनामा यस वर्ष बेपत्ता पारिने क्रम निकै बढेको छ। यस वर्ष राज्य पक्षको संलग्नतामा ४८ वटा घटनामा ६४ जना पुरुष र ९ जना महिला बेपत्ता पारिए। गैरराज्य पक्षद्वारा यस वर्ष ६ वटा घटनामा ६ जना बेपत्ता पारिए।

सन् १९९७ मा राज्य पक्षबाट बेपत्ता पारिएका जम्मा ७ वटा

राज्यपक्षद्वारा बेपत्ता पारिएकाहरुको संख्या



वा गैरराज्य पक्षबाट दिइएका ज्यानमार्ने धम्कीका कारण यस वर्ष पनि कतिपयले भयग्रस्त हुनुपर्‍यो। यस वर्ष राज्यपक्षको संलग्नता रहेका यस प्रकारका २५ वटा घटनामा ६० जना पुरुष र ८ जना महिला पीडित भए। गैरराज्य पक्षबाट भएका धम्कीका १ सय १५ वटा घटनामा १ सय ६३ जना पुरुष र १७ जना महिला पीडित भए।

घटना जानकारीमा आएका थिए। त्यस वर्षसम्म गैरराज्य पक्षबाट बेपत्ता पारिने क्रम शुरु भइसकेको थिएन। तर सन् १९९८ मा राज्यका तर्फबाट ४७ वटा घटनामा ५४ जना पुरुष र ९ जना महिला बेपत्ता पारिए। त्यस वर्ष माओवादीका तर्फबाट ११ वटा घटनामा १८ जना पुरुष र १ जना महिला बेपत्ता पारिए। माओवादीका तर्फबाट अपहरण गरी बेपत्ता पारिएकाहरुमध्ये कतिपयलाई सोही दिन, कतिलाई केही दिनपश्चात् भने केहीलाई केही महिनापश्चात् छोडिएका घटनाहरु पनि पाइए।

माओवादी जनयुद्ध शुरु भएपछि बेपत्ता पार्ने क्रम जस्तै अपहरणको क्रममा पनि निकै बढोत्तरी भएको छ। हुन त धनको लोभमा साहू-महाजनका सन्तानको अपहरण गरी फिरौती रकमको माग गर्ने घटना पनि नदेखिएका होइनन्। तर केही वर्ष यता मूलतः माओवादीले इतर राजनीतिक पक्ष वा प्रहरी-प्रशासकलाई अपहरण गरेको घटना नै प्रकाशमा आएका छन्। यस वर्ष गैरराज्य पक्षबाट भएका १० वटा अपहरणका घटनामा ८ जना पुरुष र ३ जना महिला पीडित भए।

कुटपिट ज्यानमार्ने धम्की/धम्की

शान्ति सुरक्षाको वहाली गर्ने निकायका अधिकारीहरुको प्रत्यक्ष वा परोक्ष संलग्नतामा भएका कुटपिटका ५७ वटा घटनामा गत वर्ष १ सय ५७ जना पुरुष र ३९ जना महिला पीडित भएका थिए। व्यक्तिगत रिसइवीका कारण वा संगठित समूहको योजनाअनुसार भएका कुटपिटका कुल ७ सय ८ वटा घटनामा गत वर्ष ८ सय २४ जना पुरुष र १ सय ३० जना महिला पीडित भएका थिए।

यस वर्ष त्यस्ता घटना र पीडितहरुको संख्यामा निकै वृद्धि भएको छ। प्रहरी-प्रशासनको संलग्नतामा यस वर्ष भएका ७५ वटा कुटपिटका घटनामा १ सय ९१ जना पुरुष र २० जना महिला पीडित भए। व्यक्तिगत रिसइवीका कारण वा संगठित समूहको योजनाअनुसार यस वर्ष भएका कुटपिटका कुल ७ सय ८६ वटा घटनामा ९ सय ९३ जना पुरुष र १ सय ३६ जना महिला पीडित भए।

राज्य पक्षको प्रत्यक्ष वा परोक्ष संलग्नतामा दिइएका धम्की

मौलिक अधिकार

अभिव्यक्ति स्वतन्त्रता, भेला हुने र संगठित हुने अधिकार

नेपाल अधिराज्यको संविधान ०४७ को धारा १६ मा प्रत्याभूत गरिएको सूचनाको हकलाई व्यवहारमा रूपान्तरण गर्न विधेयक बनाइयोस् भन्ने माग यस वर्ष पनि निकै उठ्यो। पत्रकारितासँग सम्बन्धित विभिन्न संघ-संस्थाहरुले यस विषयमा संसद र सरकारलाई झक्झक्याउ रहे। सबै राजनीतिक पार्टीका नेता कार्यकर्ताले सहमति जनाएको भए पनि वर्षभरि त्यस्तो विधेयक संसदमा प्रस्तुत हुन सकेन।

शान्तिपूर्वक भेला भएका मानिसहरुलाई तितरवितर पार्न प्रहरीले लाठीचार्ज गरेको पाँचवटा घटनामा २३ जना पुरुष घाइते भए। राज्य पक्षबाट यस वर्ष जनताको शान्तिपूर्वक भेला हुने अधिकारको उल्लंघन गरिएको ५ वटा घटनामा १८ जना पुरुष र १७ जना महिला पीडित भए। गैर राज्य पक्षबाट भएको त्यस प्रकारको २६ वटा घटनामा यस वर्ष ३० जना पुरुष र ९ जना महिला पीडित भए।

गैरराज्य पक्षबाट भएका राजनीतिक स्वतन्त्रताको उल्लंघनका ६ वटा घटनामा यस वर्ष ८ जना पुरुष र एक जना महिला पीडित भए।

भूमिहीन तथा सुकुम्बासी समस्या

यस वर्ष पनि भूमिहीन तथा सुकुम्बासीसम्बन्धी समस्याहरु देखा परे। राज्यपक्षकै संलग्नतामा भएका त्यस्ता ६ वटा घटनाहरुमा ४ जना पुरुष र ५ जना महिला पीडित भए। गैरराज्य पक्षबाट भएका त्यस्ता ३ वटा घटनामा ६ जना पुरुष पीडित भए। सिन्धुली जिल्ला, कमलाखोंज क्षेत्रका हर्पाही, टाडी, सिर्थौली, रतीवासलगायतका गाउँका सुकुम्बासी बस्तीहरुमा वन कार्यालय र प्रहरीद्वारा आगोसमेत लगाइयो।

महिला अधिकार

महिला किनवेच र बलात्कार

महिलाहरुलाई पैतृक सम्पत्तिमा समान अधिकार प्रदान गर्न कानून बनाउनुपर्ने कुरा केही वर्षयता नेपालमा निकै जोडतोडका साथ उठ्दै आएको छ। यस वर्ष पनि यो सवालमा खूबै

महिला किनबेच, बलात्कार तथा बलात्कार प्रयासका घटनामा पीडित हुनेहरुको संख्या



चर्चा-परिचर्चा भयो। तर संसदमा समेत निकै चर्चा-परिचर्चा भए पनि त्यस्तो विधेयक यस वर्ष पनि पारित हुन सकेन।

यस वर्ष बलात्कारको कुल १ सय ५० वटा घटनामा १ सय ५३ जना महिला र बालिका पीडित भए। यस वर्ष प्रहरी-प्रशासनको प्रत्यक्ष, अप्रत्यक्ष संलग्नतामा भएका ५ वटा बलात्कारका घटनामा ५ जना महिला पीडित भए। गत वर्ष १ सय ६० जना महिला तथा बालिका बलात्कृत भएका थिए। तीमध्ये २२ जना महिला प्रहरी-प्रशासनको प्रत्यक्ष वा परोक्ष संलग्नतामा भएका बलात्कारका शिकार भएका थिए। यस वर्ष दोलखा र रोल्पा जिल्लामा प्रहरी अनि धनकुटा जिल्लामा सैनिकसमेत बलात्कारमा संलग्न भएको घटना पनि प्रकाशमा आए।

सन् १९९९ मा मकवानपुर जिल्लामा आफ्नै विद्यालयका शिक्षकबाट समेत दुई जना छात्रा बलात्कारको शिकार भए। यस वर्ष अबोध बालिकाहरूले आफ्नै अभिभावकहरूबाट समेत बलात्कृत हुनुपरेको घटना पनि जानकारीमा आयो।

जारी, बहुविवाह र पारिवारिक हिंसा

यस वर्ष बहुविवाहका १ सय ५ वटा घटनामा १ सय ६ जना महिला पीडित हुनुपर्‍यो। त्यसैगरी पारिवारिक हिंसाका ४७ वटा घटनामा ४९ जना महिला पीडित भए। गत वर्ष पारिवारिक हिंसाका ४२ वटा घटनामा ४३ जना महिला पीडित भएका थिए।

देशको मध्यपश्चिमाञ्चल तथा सुदूरपश्चिम क्षेत्रमा यो वर्ष पनि जारी तिरेर अर्काकी पत्नी विवाह गर्ने चलन कायमै रहेको पाइयो। यस वर्ष पनि जारीका ८ वटा घटनामा ८ जना महिला र ८ जना पुरूषको जीवन प्रभावित भयो। जारी सम्बन्धी १७ वटा घटनामा गत वर्ष १७ जना पुरूष र १७ जना महिला पीडित भएका थिए।

गर्भपतन

यस वर्ष गर्भपतनका ५१ वटा घटनामा २२ जना महिला पीडित भए। तीमध्ये कतिपय गर्भपतन कुटपिटका कारण भएका थिए भने कतिपय अवस्थामा अवैध सम्पर्कबाट धारण गरिएका गर्भ पतन गराइएको थियो। गर्भपतनसम्बन्धी प्रष्ट कानूनी व्यवस्थाको अभावमा लुकिछिपी अदक्ष प्राविधिकबाट गर्भपतन गराउँदा कतिपय महिलाको मृत्युसमेत हुन पुग्यो। प्रहरीद्वारा भएको कुटपिटका २ घटनामा २ महिलाको गर्भपतन भयो।

महिला भएकै कारणले दिइने अन्य अमानवीय व्यवहार

खासगरी ग्रामीण तहमा रूढीवादी सोचका कारण महिलाहरू यस वर्ष पनि उत्पीडनका कतिपय परम्परागत शैलीहरूबाट प्रताडित भए। बोक्सीलाई तह लगाउने नाममा ६ वटा घटनामा ६ जना महिलाहरूलाई प्रताडित गरियो।

यस वर्ष महिला भएकै कारणबाट सिर्जित ४३ वटा घटनामा ४६ जना महिला गैरराज्य पक्षबाट पीडित भए। प्रहरीबाट त्यस्ता ८ वटा घटनामा १८ जना महिला पीडित भए। स्वीकृति वेगरको विवाह, छोरा नजन्मिएका कारण भएको कुटपिट तथा यौन दुर्व्यवहार जस्ता १९ वटा घटनामा गत वर्ष २० जना महिला पीडित भएका थिए।

बालअधिकार

यस वर्ष राज्य पक्षबाट भएका बालअधिकार उल्लंघनका ३४ वटा घटनामा ३६ जना पुरुष र १३ जना महिला पीडित भए। गत वर्ष बालअधिकार हननसम्बन्धी जघन्य अत्याचारका २८ वटा घटनामा १९ जना बालक र १७ जना बालिका पीडित भएका थिए। शहरी क्षेत्रमा सडक र बालगृहका बालबालिकाहरू यौन दुराचारको शिकार हुनुपरेको घटना पनि प्रकाशमा आए।

कास्की र पाल्पा जिल्लामा यस वर्ष सामान्य गल्ती गरेको अभियोगमा एक जना बालक र एउटी बालिकालाई शिक्षकहरूबाटै कठोर यातना दिइएको घटना समेत प्रकाशमा आए।

बालअधिकार महासन्धि र बालअधिकार ऐन २०४८ को मर्मलाई व्यवहारमा रूपान्तरण गर्ने सवालमा यस वर्ष पनि उल्लेखनीय काम भएको पाइएन।

आर्थिक अधिकार

गैरराज्य पक्षबाट जनताको आर्थिक अधिकारको उल्लंघन भएका १४ वटा घटनामा यस वर्ष ४१ जना पुरुष र ३४ जना महिला पीडित भए। जसअन्तर्गत कल कारखानामा व्यवस्थापन पक्षबाट पीडित भएका मजदुरहरूलाई उल्लेख गरिएको छ।

यस वर्ष पनि व्यक्तिगत रिसइबी, राजनीतिक पूर्वाग्रह आदि कारणले विभिन्न क्षेत्रमा कार्यरत् कर्मचारीहरूले पक्षपातको शिकार हुनु पऱ्यो। राज्यपक्षबाट भएका सुविधा कटौती आदिको त्यस्ता प्रकारका घटनाबाट ५ जना पुरुष प्रभावित भए। निजी क्षेत्रका कार्यालयहरूमा भएका त्यस प्रकारको ८ वटा घटनाबाट २५ जना पुरुष पीडित हुनुपऱ्यो।

दासत्व/कमैया/बाँधा/हलिया आदि

नेपालमा बाँधा श्रमको प्रष्ट परिभाषा र त्यसको उन्मूलनका लागि प्रभावकारी कानूनको आवश्यकताको कुरा यस वर्ष पनि निकै उठ्यो। तर त्यस्तो विधेयक यस वर्ष संसदमा प्रस्तुत भएन।

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूतसमेत

नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ मौलिक हक अन्तर्गत धारा ११ को उपधारा (४) मा छुवाछूतको व्यवहारलाई दण्डनीय अपराध मानिएको छ। मुलुकी ऐनको अदलको १० मा छुवाछूतको व्यवहार गर्नेलाई ३ हजार रूपैयाँ जरिवाना र १ वर्षसम्मको कैद हुन सक्ने प्रावधान रहेको छ। तर छुवाछूतको व्यवहार गर्नेलाई दण्ड दिलाउने प्रभावकारी कानूनको हामीकहाँ अझै अभाव देखिन्छ। जसले गर्दा छुवाछूतका व्यवहार गरिएका कैयन् घटनाहरू पटक-पटक प्रकाशमा आउने गरेको पाइन्छ।

यस वर्ष अमानवीय व्यवहारका कुल २५ वटा घटनाहरूमा २४ जना पुरुष र १० जना महिला पीडित भए। तीमध्ये एउटा घटनामा एउटी महिलामाथि अमानवीय व्यवहार गर्ने सवालमा प्रशासनको समेत संलग्नता रहेको पाइयो। परम्परागत रूढीग्रस्त मान्यताका कारण नेपालमा जातीय छुवाछूतको प्रथाले जरो गाडेको छ। यस वर्ष जातीय छुवाछूतका २० वटा घटनामा २० जना पुरुष र ८ जना महिला पीडित हुनुपऱ्यो। गत वर्ष अमानवीय व्यवहार र जातीय छुवाछूतका कुल ६० वटा घटनामा १ सय २० जना पुरुष र १ सय २१ जना महिला पीडित भएका थिए।

अतिरिक्त जानकारी

यस वर्ष १ सय २५ वटा बेवारिसे लास फेला परे भने १ हजार ३ सय १७ जनाले आत्महत्या गरे। आत्महत्या गर्नेहरूमा ६ सय १ जना पुरुष र ६ सय ३६ जना महिला थिए। चोरी/डकैतीका १ सय ९५ वटा घटना भएको जानकारीमा आयो भने दुर्घटना/विपत्तिका १ हजार १ सय ५० वटा घटनामा १ हजार ७ सय २१ पुरुष र ४ सय ३८ जना महिला पीडित भए।

सन् १९९९ मा देशको समग्र मानवअधिकार अभियान

यस वर्ष देशका मानवअधिकार संस्थाहरूले संयुक्तरूपमा मानवअधिकार आयोगको तत्काल गठन गरियोस् भन्ने मागलाई नै प्रमुखताका साथ उठाए। त्यसका लागि देशका मानवअधिकार संस्थाहरूले पटक पटक संयुक्त प्रदर्शन गरे। मानवअधिकार संस्थाहरूले शान्ति प्रकृयाको थालनी गरियोस् र मानवअधिकारहरूको बहाली गरियोस् भन्ने मागका साथ प्रदर्शनहरू गरे। इन्सेकले राज्यद्वारा बेपत्ता पारिएका नागरिकहरूका बारेमा जानकारी दिइयोस् भन्ने मागका साथ पञ्चायनकालदेखि बेपत्ता पारिएका मानिसहरूको नामावलीसमेत प्रकाशित गऱ्यो।

सन् १९९९ र
मानवअधिकार
उल्लंघनका तथ्यहरु

उल्लेख गर्नैपर्ने केही कुराहरू

- यो वर्ष पुस्तकमा सन् १९९९ भरिका अर्थात् ०५५ पुस १७ देखि ०५६ पुस १६ गतेसम्मका घटनाहरू समावेश गरिएका छन्।
- घटनाहरूको संकलनपश्चात् यथाशक्य विश्वसनीय घटनाहरू मात्रै वर्ष पुस्तकमा उल्लेख गरिएका छन्। केही घटनाहरूलाई विश्वसनीयताको अभावमा प्रकाशित गर्न सकिएन।
- मानवअधिकार उल्लंघनका घटनाहरूलाई प्रचारमा ल्याउने, त्यस्ता घटनाहरूबाट नागरिकहरूलाई सचेत गराउने, मानवअधिकार चेतनाको विकासमा सहयोग पुऱ्याउने, मानवअधिकारको स्थितिलाई सकारात्मक दिशातिर उन्मुख गराउने मनसाय वर्ष पुस्तकको हो। यस क्रममा उल्लेखित घटनाबाट कसैको निजी जीवन, मान–सम्मान र स्वाभिमानमा आघात पर्न गएको भए हामी दुःखका साथ क्षमा चाहन्छौं।
- वर्ष पुस्तक प्रकाशनको सिलसिलामा घटनाहरू संकलन गर्न ७५ वटै जिल्लामा प्रतिनिधिको व्यवस्था गरिएको छ। तर विविध कारणले जिल्लाहरूको प्रत्येक गाउँ र ठाउँमा पुगेर घटनाहरू संकलन गर्न सम्भव भएन। त्यसकारण सार्वजनिक जानकारीमा नआएका केही घटनाहरू हाम्रा लागि अज्ञात नै रहन पुगेका पनि हुन सक्छन्। तापनि विभिन्न सम्भाव्य माध्यमद्वारा हामीले भए जति घटनाहरूलाई सकेसम्म संकलन गर्ने र पुष्टि गराइ उल्लेख गर्ने प्रयत्न भने गरेका छौं।
- विभिन्न पत्रपत्रिकाहरू पनि वर्ष पुस्तकको सूचना स्रोतका आधारहरू मानिएका छन्। पत्रपत्रिकामा प्रकाशित सूचनाको आधारमा सम्बन्धित पक्ष वा निकायमा सम्पर्क गरी पुष्टि भएपछि मात्र घटनाहरूलाई समावेश गर्ने काम भएको छ।
- महिला बेचबिखन, पारिवारिक हिंसा, बलात्कार, गर्भपतन जस्ता महिलासँग सम्बन्धित सबै विषयलाई यस पटक महिला अधिकार विषयअन्तर्गत राखी बहुविवाह र गर्भपतन तथा पारिवारिक हिंसाका घटनाहरू तथ्यांकमा मात्र उल्लेख गरिएको छ। केही विशेष खालका घटना भने छुट्टै अक्षर (इटालिक) मा उल्लेख गरिएको छ।
- यस वर्ष पनि बलात्कार र किनबेचका प्रायः घटनाहरूमा पीडित महिलाहरूको नाम दिइएको छैन। पीडित महिलाहरूको सामाजिक एवं व्यक्तिगत जीवनमा कुनै समस्या नपरोस् भन्ने धारणाले नाम उल्लेख नगरिएको हो।
- यस पटक संगठित समूह र राज्यद्वारा गरिएका हत्याका घटनाहरूलाई मात्र हत्या/गोली शीर्षक अन्तरगत राखिएको छ। व्यक्तिगत कारणले भएका हत्याका केही विशेष खाले घटनाबाहेक अन्यलाई संख्यामा मात्र उल्लेख गरिएको छ। यस्ता घटना उल्लेख गर्दा तिनीहरूलाई अरूबाट पृथक देखाउन छुट्टै अक्षर (इटालिक) प्रयोग गरिएको छ।
- आत्महत्या, विपत्ति, दुर्घटना जस्ता मानवअधिकारसँग प्रत्यक्ष असम्बन्धित घटनाहरूलाई यस पटक तथ्यांकमा नजोडी छुट्टै रूपमा प्रस्तुत गरिएको छ।
- विभिन्न शिर्षकअन्तर्गतका विशेष खाले घटनाहरूलाई छुट्टै अक्षर (इटालिक) मा राखी प्रस्तुत गरिएका कारण "वर्ष पुस्तकभित्र यस्ता पनि घटना छन्" शिर्षक हटाइएको छ।
- जिल्लाको तथ्यांकमा यो पुस्तक प्रकाशित भइसक्दासम्म धेरै फेरबदल भइसकेको हुन सक्छ। यसमा प्रस्तुत तथ्यांकका आधारहरू भनेको सम्बन्धित जिल्ला प्रतिनिधिद्वारा जिल्लास्थित सम्बन्धित निकायबाट संकलित तथ्यांक नै हो। जिल्लाहरूका दश जोड दुई (१०+२) विद्यालयहरू र क्याम्पसहरूलाई छुट्टाछुट्टै संख्यामा खुलाएर प्रस्तुत गरिएको छ।
- स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाम पनि केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिन हामी सबैमा हार्दिक अनुरोध गर्दछौं।

तथ्यांकका अन्य आधारहरु

क. केन्द्रीय तथ्यांक विभागको वर्ष पुस्तक १९९३, १९९४, १९९५, १९९६ र १९९७

ख. नेपाल डिस्ट्रिक्ट प्रोफाइल, १९९९

ग. स्थानीय सामाजिक संघ, संस्था र व्यक्तिहरू

घ. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू

ङ. मानवअधिकार वर्ष पुस्तक १९९२, १९९३, १९९४, १९९५, १९९६, १९९७ र १९९९

च. विविध।



पूर्वाञ्चल

१.१ झापा
१.२ इलाम
१.३ पाँचथर
१.४ ताप्लेजुङ
१.५ मोरङ
१.६ सुनसरी
१.७ धनकुटा
१.८ तेह्रथुम
१.९ भोजपुर
१.१० संखुवासभा
१.११ सप्तरी
१.१२ सिराहा
१.१३ उदयपुर
१.१४ खोटाङ
१.१५ ओखलढुंगा
१.१६ सोलुखुम्बु

१.१ झापा

जनसंख्या	: ५९३७३७
साक्षरता प्रतिशत	: ५७.३
महिला साक्षरता प्रतिशत	: ४५.४
क्षेत्रफल (वर्ग कि.मी.)	: १६०६
गाविस/नपा संख्या	: ४७/३
निर्वाचन क्षेत्र	: ६
विद्यालय	: ६८४
क्याम्पस/उच्च मावि	: ७/२३
अस्पताल/स्वास्थ्य चौकी	: ५/५०
टेलिफोन लाइन	: ४५७६
मोटर सडक (कि.मी.)	: ४०८
प्रहरी कार्यालय संख्या	: ४३
हुलाक संख्या	: ५५

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या ⁄ गोली

दमक नपा-५ दुम्छेका ४० वर्षीय नयनकुमार राईलाई ०५६ वैशाख ३० गते अज्ञात व्यक्तिहरूले गोली हानी घाइते वनाए। पीडक माओवादी भएको शंका गरिएको छ।

चन्द्रगढी गाविस-३ का नेकपा (मसाल) का कार्यकर्ता २८ वर्षीय रूद्र तिम्सिनालाई ०५६ मंसिर २० गते शनिश्चरे गाविस-६ को सालवाडीस्थित न्यु गिरिबन्धु टि स्टेटमा माओवादीहरूले हत्या गरे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले १३ जनाको हत्या भयो। जसमा १० जना पुरूष र ३ जना महिला थिए। जसमध्ये-

खुदुनाबारी गाविस-६ डाँडागाउँका ६ वर्षीय राजेश बर्देवालाई ०५६ साउन ३० गते सोही ठाउँका छुमा परियारले घाँटी निमोठी हत्या गरिन्। राजेशको बाबुले पीडकलाई पैसा चोरेको दोष लगाएकाले पीडकले आवेशमा आई हत्या गरेकी थिइन्। पीडकलाई ०५६ भदौ २६ गतेदेखि पुर्पक्षका लागि थुनामा राखिएको छ।

चन्द्रगढी गाविस-६ मा होटल व्यवसाय गर्दै आएकी ३९ वर्षीय उमा सुवेदीलाई ०५६ पुस ३ गते आफ्नै पति ४८ वर्षीय वोधराज सुवेदीले शरीरमा आगो लगाइ हत्या गरे। पतिले सधैं मदिरा खाई दुःख दिने गरेकाले पत्नीले मर्छु भनी झोकमा जीउमा मट्टितेल खनाएकीमा पतिले "ल मर" भनी सलाइ कोरेर आगो लगाएका थिए। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

वि.सं. ०२२ मा निर्मित झापा जेल "ख" श्रेणीको हो। २ सय जना वन्दी क्षमता भएको यस जेलमा २ सय ७६ जना वन्दीहरू रहेका छन्। जसमध्ये २ सय ८ पुरूष र १५ महिला थुनुवाको रूपमा रहेका छन् भने ५० पुरूष र १ महिला बन्दीका रूपमा रहेका छन्। २ बालिका र १ वालक गरी ३ जना नाबालक रहेका छन्। जेलभित्र ७ वटा कोठा रहेका छन् भने एउटामा महिला र बाँकीमा पुरूष रहेका छन्। बन्दीहरू यो जेलमा खासै असुविधा नभएको बताउँछन्। १० वटा चर्पी, ३ वटा ट्युववेल, ८ वटा पानीका धारा रहेको यस जेलमा पुरूषका लागि ३८ र महिलाका लागि ५ थान पंखा रहेका छन्। बन्दीहरूलाई मुढा बुन्ने तालिम दिएपश्चात् राम्रा मुढा उत्पादन भए पनि वजारको अभाव रहेको गुनासो बन्दीहरूको रहेको छ। प्रौढ शिक्षाका साथै आध्यात्मिक शिक्षा पनि जेलभित्र शुरू गरिनुपर्ने धारणा बन्दीहरूको छ। एउटा पुस्तकालयको व्यवस्था भएको यस जेलमा इन्सेकले दिएको रेडियो पनि रहेको छ। महिला र पुरूषका लागि छुट्टाछुट्टै टिभीको व्यवस्था पनि यस जेलमा छ। हप्ताको सातै दिन बन्दीहरूलाई आफन्तसँग भेटघाट गर्न दिइन्छ।

झापा कारागारमा थुनुवा जीवन बिताइरहेका ४७ वर्षीय लक्ष्मीप्रसाद अधिकारीले कपाल र दारी काट्न नमानेका कारण सफाइ नाइके डम्बर श्रेष्ठ र उनीबीच ०५६ जेठ ८ गते झगडा हुँदा कारागार अशान्त भयो। पछि दुवैलाई मिलाइएको थियो।

गिरफ्तारी र यातना

महारानी झोडा गाविस-७ का ४६ वर्षीय पृथ्वी कार्कीलाई माओवादीको आरोपमा ०५५ चैत २२ गते ग्लोबल एजुकेसन एकेडेमीमा पढाइरहेका बेला प्रहरीले गिरफ्तार गरेकोमा ०५५ चैत ३० गते रिहा गरियो।

सतासीधाम गाविस-६ का इन्द्रबहादुर थापालाई माओवादीको आरोपमा ०५६ असार २५ गते प्रहरीले डाँका मुद्दा लगाएर गिरफ्तार गरे। सोही मिति र आरोपमा तोपगाछी गाविस-७ र ८ का सुदेश मण्डल र विक्रम अधिकारीलाई पनि गिरफ्तार गरिएको थियो। उनीहरूलाई १ महिनासम्म कसैलाई भेट्न नदिई हत्कडी लगाएर राखी त्यसपछि रिहा गरियो।

अनारमनी गाविस-३ विर्तामोड देवीवस्तीका ३० वर्षीय विष्णु चौधरीलाई ०५६ साउन १८ गते प्रहरीले विनापुर्जी गिरफ्तार गरे। मानवअधिकारकर्मीहरूले किन थुनेको भनी बुझ्न जाँदा एक प्रहरी नायब निरिक्षकले तपाईंलाई केको खोजी भनेर फर्काए। पीडितलाई थुनामा राखिएको छ।

माओवादीद्वारा हत्या गरिएका रुद्र तिम्सिना



जिल्ला कारागार शाखा चन्द्रगढी झापाको अग्रभाग

जिल्ला प्रहरी कार्यालयमा विभिन्न अपराधअन्तर्गत राखिएका ४ जना अज्ञात व्यक्तिहरूलाई ०५६ साउन २५ गते नाँगै पारेर हातखुट्टा बाँधी रगत छादुन्जेलसम्म कुटपिट गरी यातना दिए। प्रहरीले कसैलाई पनि भेट्न नदिएकाले उनीहरू को हुन् भन्ने थाहा हुन सकेन।

भद्रपुर नपा-१५ का ५७ वर्षीय प्रेमबहादुर तामाङ र सोही ठाउँमा चिया पसल गर्ने ५५ वर्षीय तुलसा तामाङलाई ०५६ असोज ९ गते सामान्य चोरीका कारण प्रहरीले गिरफ्तार गरेकामा नाँगै बनाइ पानी खनाउने, कुटपिट गर्ने जस्ता यातना दिए। पीडितलाई स्थानीय जनप्रतिनिधिको रोहबरमा रिहा गरियो।

शान्तिनगर गाविस-१ का २० वर्षीय मानवहादुर सुब्बा, २७ वर्षीय हरिवहादुर विश्वकर्मा, २८ वर्षीय डम्वरवहादुर राई, ३६ वर्षीय कृष्णवहादुर थापा, २३ वर्षीय खगेन्द्र बिष्ट, २६ वर्षीय भीमा शिवाकोटी र २६ वर्षीय जीवन पौडेललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५६ असोज १९ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूसँग जनही २८ हजार रूपैयाँ धरौटी मागिएकोमा दिन नसकेकाले ०५६ कात्तिक १४ गतेदेखि थुनामा राखिएको छ।

लखनपुर गाविस-८ रंगपुरकी ११ वर्षीय शोभा सेढाईलाई ०५६ मंसिर २२ गते इलाका प्रहरी कार्यालय काँकडभित्ताका प्रहरी दिनेश अधिकारीले विना कसुर यातना दिई सख्त घाइते बनाए।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

शनिश्चरे गाविस-६ मा भक्तप्रसाद लिम्बू, लीलाधर परियार र कुमार सुब्बालाई ०५५ माघ २५ गते ज्याली अवरूद्ध गरेको आरोपमा बुधबारे-९ का टंकप्रसाद वाग्लेलगायत्का व्यक्तिहरूले कुटपिट गरे। उक्त विवाद सर्वपक्षीय बैठकद्वारा मिलाइयो।

मेचीनगर नपा-१ का ४० वर्षीय सज्जनकुमार गोयललाई ०५६ वैशाख ७ गते शान्तिनगर गाविस-१ का विकास क्षेत्रीले गोर्खा नेशनल लिवरेशन आर्मीको लेटरप्याडमा माग भएको ५ लाख रूपैयाँ नदिएका कारण धम्क्याई ३ लाख ५० हजार रूपैयाँ लुट्ने उद्देश्यले कुटपिट गरे। पीडकलाई २४ हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

सुरूंगा गाविस-५ का नेपालवाणी साप्ताहिक तथा राससका प्रतिनिधि ३० वर्षीय युवराज पौडेललाई ०५६ असार ६ गते चारपाने गाविस-१ का ५० वर्षीय गोपाल बस्नेतले आफ्नो विरूद्धमा समाचार छापेको भनी कुटपिट गरे।

पाँचगाछी गाविस-५ किच्चकडाँगीका चन्द्रदेव राजवंशी र इनालाल राजवंशीलाई ०५६ साउन ५ गते राति माओवादीहरूको ३०/३५ जनाको समूहले घरमा राखेको बन्दुक र पेस्तोल नदिए ज्यानमार्ने धम्की दिए। पीडकहरूले आफैं घर खानतलासी गरी माओवाद जिन्दावाद भन्दै बन्दूक लिएर गए।

दमक नपा-१० का ६५ वर्षीय चन्द्रप्रसाद पराजुलीलाई ०५६ साउन २६ गते पाँचगाछी गाविस-५ का दुर्गा चौलागाईंको नेतृत्वमा आएको एक समूहले दश हजार रूपैयाँ चन्दा माग्दै नदिए ज्यानमार्ने धम्की दिए। पीडकहरूले माओवादीको चिठी पनि ल्याएका थिए। दुर्गालाई २८ हजार रूपैयाँ धरौटी मागिएकोमा दिन नसकेकाले थुनामा राखिएको छ।

दमकस्थित आम्दा अस्पतालमा कार्यरत् डाक्टर शंकरप्रसाद हुजदारलाई ०५६ भदौ ३ गते उपचार गर्दा लापरबाही गरेको तथा आफूलाई परीक्षाको बेला निष्काशन गरेको आरोपमा दमक नपा-१३ का मनिक केसीले कुटपिट गरी घाइते बनाए। मनिक फरार छ। उक्त घटनामा संलग्न भएको आरोपमा उर्लावारी गाविस-१ का सानुबाबु सुब्बालाई प्रहरीले गिरफ्तार गरेकोमा २८ हजार रूपैयाँ धरौटी लिएर रिहा गरियो।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सुरूंगा गाविस-७ लालपानीका ४५ वर्षीय नरबहादुर बेघा र उनकी ४४ वर्षीय श्रीमती दिलमाया बेघालाई ०५६ जेठ ५ गते दीपक मैनालीलगायत्का व्यक्तिहरूले बेघाचोक नाम राखेको र जनमुक्ति पार्टीको झण्डा राखेको आरोपमा कुटपिट गरे। पीडक ६ जनालाई छानविनपश्चात् रिहा गरियो।

मेचीनगर नपा-३ धुलाबारीस्थित सांसद नरेन्द्रविक्रम नेम्वाङको घर ०५६ जेठ ७ गते एमाले कार्यकर्ताहरूले आफ्नो साइकल ज्यालीमा ढुङ्गामुढा गरेको आरोपमा घेरे। पछि दुवै पार्टीका कार्यकर्ता वसी विवाद मिलाइयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा यस वर्ष ६ सय थान मुद्दा दर्ता भएकोमा १ सय ११ फर्स्यौट भई ५ सय १३ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका देवानीतर्फ २ सय ९६ वटा मुद्दामा ३५ फर्स्यौट भई २ सय ६१ बाँकी रहे भने दुनियावादी साधारण फौजदारीअन्तर्गत ४० मुद्दा दर्ता भएकोमा १४ वटा फर्स्यौट भए। सरकारवादी फौजदारीअन्तर्गत १ सय ३९ मुद्दा दर्ता भएकोमा

२८ वटा मात्र फस्र्यौट भए। देवानीअन्तर्गत ३ वर्षअगाडिदेखि नछिनिएका मुद्दाहरू ९ वटा, २ वर्षसम्म नछिनिएका ३३ र १ वर्षसम्म नछिनिएका मुद्दा २ सय ४० वटा रहेका छन्। त्यसैगरी ६ महिनासम्म नछिनिएका ९९ थान रहेका छन्। त्यसैगरी दुनियावादी फौजदारीअन्तर्गत २ वर्षदेखिका १६, १ वर्षदेखिका ९३ र ६ महिनादेखिका ३१ वटा मुद्दा रहेका छन्। सरकारवादी फौजदारीअन्तर्गत २ वर्षदेखिको १, १ वर्षदेखिका २२ र ६ महिनादेखिका २३ थान मुद्दा रहेका छन्।

यस वर्ष जिल्ला प्रहरी कार्यालयमा ४ सय ३४ मुद्दा दर्ता भएकोमा २ सय ५ थान मात्र फस्र्यौट भए। जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराधका १ सय २४, हातहतियार १३, विष्फोटक पदार्थ २, कालोवजार १ मुद्दा दर्ता भए। जसमध्ये १२ थान मुद्दा फस्र्यौट भए। जिल्ला वन कार्यालयमा ९६ थान मुद्दा दर्ता भएकोमा कार्यालय प्रमुख निमित्त भएका कारण एउटै मुद्दा पनि किनारा लाग्न सकेन।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

आर्थिक वर्ष ०५५/५६ को तथ्यांकअनुसार भापामा ३३ हजार ४ सय ३२ अव्यवस्थित घर परिवारहरू रहेका छन् भने १६ हजार सुकुम्वासी रहेको सुकुम्वासी समस्या समाधान आयोगमा परेका निवेदनले देखाएको छ। यीमध्ये वास्तविक सुकुम्वासीको पहिचान गर्ने काम भने आयोगबाट हुन सकेको छैन। यस आर्थिक वर्षको अन्त्यसम्ममा यो जिल्लामा १ हजार ८ सय ५९ जनालाई जग्गाधनी प्रमाण पूर्जा वितरण गरिएको छ। सीमापारीवाट आएकाहरू, बाढीले घरखेत बगाएकाहरू र पहाडी इलाकाबाट बसाई सरेर आउनेहरू नै यस जिल्लामा सुकुम्वासीको रूपमा रहेका देखिएको छ। यसरी यस जिल्लामा आउनेहरू ऐलानी जग्गा तथा वन फँडानी गरेर बस्ने गरेको पाइन्छ र यो क्रम बढ्दो छ।

यस वर्ष यो जिल्लामा रहेका ६ हजार २ सय ६० जेष्ठ नागरिकमध्ये ५ हजार ५ सय ३० जनालाई वृद्ध भत्ता वितरण गरियो। यसतर्फ जम्मा १ करोड १ लाख ६८ हजार रकम निकासा हुनुपर्नेमा ९९ लाख ५४ हजार मात्र निकासा भयो। त्यसैगरी असहाय एवं विधवा गरी जम्मा ५ हजार ९ सय ८५ भएका यस जिल्लामा ४ हजार ९ सय ७२ जनाले मात्र यस्तो भत्ता पाए। यसतर्फ ७१ लाख ८२ हजार निकासा हुनुपर्नेमा ४९ लाख ६६ हजार ४ सय मात्र निकासा भयो। अशक्त भत्ता ५० जनाले पाए। जिल्ला शिक्षा कार्यालयअन्तर्गत १ हजार ४ सय दलित विद्यार्थीहरूले छात्रवृत्ति पाए।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१४	११	३	१४				
गोलीद्वारा घाइते/हवाई फायर	२	१		१				
गिरफ्तारी र यातना					७	१६	३	१९
कुटपिट	१६	१५	१	१६				
धम्की	३	३		३				
भेला र संगठित हुने अधिकार	२		२	२				
राजनीतिक स्वतन्त्रता	४	५	१	६				
महिला किनवेच	५		६	६				
वलात्कार	९		९	९				
बलात्कार प्रयास	४		६	६				
वहुविवाह	३		३	३				
गर्भपतन	४		१	१				
पारिवारिक हिंसा	३		३	३				
महिला भएकै कारण यातना	१		१	१				
वाल अधिकार	२	१	१	२				
आर्थिक अधिकार	१							
आतंक	१	२		२				
अमानवीय व्यवहार	१	१	१	२				
जम्मा	७५	३९	३८	७७	७	१६	३	१९
लाश फेला	१	१		१				
आत्महत्या	२४	१३	११	२४				
चोरी/डकैती	६	५	१	६				
दुर्घटनाहरू/विपत्तिहरू	६३	५५	८	६३				

महिला अधिकार

बाहुनडाँगी गाविस-५ गोलटारकी २२ वर्षीय ममता गिरीलाई ०५५ पुस २५ गते आफ्नै सासू ७० वर्षीय हरिमाया गिरीले भारतका मिरिकमा लगेर भारू ५ हजारमा विक्री गर्गिन्। पीडित त्यहाँबाट फर्कन सफल भइन् भने पीडकलाई २ सय रूपैयाँ धरौटीमा रिहा गरियो।

सनासीधाम गाविस-७ की २२ वर्षीय विमला फेम्बु लिम्बूलाई ०५५ मंसिरमा अरवमा जागिर खुवाइदिने बहानामा बम्बई लगी बेच्ने सोही गाविसका श्यामबहादुर वानियाँ, देवीमाया वानियाँ, धनमाया वानियाँ र कमला वानियाँलाई ०५५ चैत ९ गते प्रहरीले गिरफ्तार गरेकोमा थुनामा राखिएको छ।

गोलधापस्थित भुटानी शरणार्थी क्याम्पमा बस्ने १६ वर्षीय चन्द्रकला खरेललाई ०५६ साउन १० गते अनारमनी गाविस-३ बिर्तामोडमा बसी श्रृंगारका सामान बेच्दै आएका मनोहर मियाले मोटरसाइकलमा हालेर लिइ हिँडेकोमा बेपत्ता पारेका छन्। पीडकलाई ०५६ असोज ५ गते २० हजार रूपैयाँ धरौटी लिई रिहा गरिएको छ। पीडितको बारेमा केही थाहा हुन सकेको छैन।

अनारमनी गाविस-३ की १७ वर्षीय पदमा राजवंशी (विष्ट) लाई ०५६ साउन १४ गते भद्रपुर भानुचौकका रमेश तामाङले बम्बईमा लगी बिक्री गरेको पीडितका पति उमेश राजवंशीले

वनाएका छन्। प्रहरीले पीडकलाई गिरफ्तार गरेकोमा निर्दोष भनेर रिहा गरेको छ।

सिन्धुपाल्चोक जिल्ला महांकाल गाविस-८ मेदाम्सुकी १७ वर्षीय मैया विश्वकर्मालाई ०५६ साउन १९ गते वेच्ने उद्देश्यले लैजाँदै गर्दा माइती नेपालको सहयोगमा सोही गाविस-१ थिङछापका प्रेम लामालाई काकडभिट्टावाट प्रहरीले गिरफ्तार गरी कारवाही गरिरहेको छ।

पृथ्वीनगर गाविस-७ का १५ वर्षीय अञ्जना दाहाल र २० वर्षीय तारा तामाङलाई ०५६ साउन २३ गते सोही ठाउँकी २७ वर्षीय संगीता घिमिरेले काठमाडौंमा जागिर लगाइदिने वहानामा लगेर वेच्न लागेकोमा अञ्जना घर फर्कन सफल भइन् भने तारा अझै वेपत्ता छिन्। पीडकलाई ०५६ असोज १० गतेवाट पुर्पक्षका लागि थुनामा राखिएको छ।

चन्द्रगढी गाविस-३ की २५ वर्षीय एक लठेउरी महिलालाई ०५५ फागुन २९ गते सोही गाविसका निराशा राजवंशी र दिनेश राजवंशीले घरमै वलात्कार गरे। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

कोहवरा गाविस-८ की ८ वर्षीय एक वालिकालाई ०५५ फागुन ३० गते दमक-कोहवरा चल्ने ना.अ.ख ७४८५ नं. वसका खलासी कमल लावतीले पाँच रूपैयाँ दिई फकाएर वलात्कार गरे। अदालतले पीडकलाई ८ वर्ष कैद र भोगिआएको अंशको आधा भाग पीडितलाई उपलव्ध गराइदिने निर्णय गर्‍यो।

अनारमनी गाविस-८ की ५ वर्षीय एक वालिकालाई ०५५ चैत ११ गते सोही ठाउँका १४ वर्षीय सपन दत्तले वलात्कार गरे। पीडक र पीडितवीच गाउँमै मिलापत्र गराई होइन भन्ने वनाएर यो घटना समाधान गरियो।

पाठामारी गाविस-९ का ११ र १७ वर्षका दुई महिलालाई ०५६ जेठ १२ गते भद्रपुर नपा-२ का प्रदीप सरकारले खानेकुरामा लट्ठयाउने विष खुवाई वलात्कार गर्ने प्रयास गरे। पीडकलाई थुनामा राखिएको छ।

मेचीनगर नपा-१ खयरडाँगीकी ६ वर्षीय एक वालिकालाई ०५६ असार १२ गते सोही ठाउँका २० वर्षीय दिलवहादुर लामिछानेले वलात्कार गरे। पीडक फरार छ।

गोलधापस्थित भूटानी शरणार्थी क्याम्पकी १७ वर्षीय एक महिलालाई ०५६ साउन ११ गते चन्द्रगढी गाविस-१ कलवलगुडीका निर्मल थापाले वलात्कार गरी जागिर लगाइदिने वहानामा वेच्ने प्रयास गरे।

भद्रपुर नपा-१२ की १४ वर्षीय एक वालिकालाई ०५६ साउन २४ गते गरामनी गाविस-२ का ३० वर्षीय तारा कट्वालले घुम्न जाउँ भनी विर्तामोड लगेर वलात्कार गरे। पीडकलाई ५ हजार रूपैयाँ धरौटी लिएर रिहा गरियो।

पथरिया गाविस-९ की १२ वर्षीय एक वालिकालाई ०५६ भदौ ९ गते सोही गाविस-२ का १८ वर्षीय गोपाल तामाङले मिठाइ खान दिने लोभमा नसालु पदार्थ खुवाई वेहोस वनाएर वलात्कार गर्ने प्रयास गरे। पीडकलाई ०५६ भदौ ३२ गतेदेखि पुर्पक्षका लागि थुनामा राखिएको छ।

हल्दिवारी गाविस-७ कांशीवारीकी १४ वर्षीय एक वालिकालाई ०५६ भदौ १७ गते सोही ठाउँका १९ वर्षीय विकास भनिने पुष्प भट्टराईले वलात्कार गरे। पीडकलाई पुनरावेदन अदालत, इलामको आदेशवमोजिम ०५६ मंसिर १२ गते २५ हजार रूपैयाँ धरौटी लिएर रिहा गरियो।

राजगढ गाविस-२ की ३५ वर्षीय एक महिलालाई ०५६ असोज १ गते सोही ठाउँका ५१ वर्षीय दरपसिंह राजवंशीले सुतिरहेको ठाउँमा आई वलात्कार गर्ने प्रयास गरे। पीडकलाई ०५६ मंसिर १६ गते १७ हजार रूपैयाँ धरौटी लिई तारेखमा रिहा गरियो।

अनारमनी गाविस-३ विर्तामोडकी १४ वर्षीय एक महिलालाई ०५६ असोज १० गते भक्तपुर जिल्ला ताँथलीका २४ वर्षीय राजु थापा र वुधवारे गाविस-९ की २० वर्षीय लक्ष्मी सापकोटाले वेच्ने उद्देश्यले फकाइ काठमाडौं लगे। राजुले उनलाई वलात्कार पनि गरेको थियो। राजुलाई गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखिएको छ भने लक्ष्मीलाई ९ हजार रूपैयाँ धरौटी लिइ रिहा गरियो।

दमक नपा-५ की ५ वर्षीय एक वालिकालाई ०५६ असोज २३ गते सोही नपा-६ का १८ वर्षीय गंगा आचार्यले फकाएर वलात्कार गरे। पीडक फरार छ।

दमक नपा-५ वेलडाँगीकी १८ वर्षीय एक युवतीलाई ०५५ पुसमा होटलमा काम गरिरहेको अवस्थामा दमक नपा-५ का २३ वर्षीय युवराज अधिकारीले वलात्कार गर्ने प्रयास गरे। पीडितले आत्मरक्षा गर्ने क्रममा खुकुरी प्रहार गर्दा पीडकको हात नै छिनिएको थियो हात काटेवापत युवतीलाई १ सय रूपैयाँ जरिवाना गराई रिहा गरियो।

यस वर्ष यो जिल्लामा ३ जनाले वहुविवाह गरेको जानकारीमा आयो। पारिवारिक हिंसाका ३ घटनामा ३ महिला पीडित भए। ४ जनाले गर्भ पतन गराएको जानकारी प्राप्त भयो। जसमध्ये –

कोहवरा गाविस-१ वालुथानकी १९ वर्षीय भूमिका चेम्जोङलाई ०५६ साउन १५ गते आफ्नै पति २३ वर्षीय तेजविक्रम चेम्जोङले पारिवारिक विवाद हुँदा खुकुरी प्रहारी गरी दाहिने हात नै काटिदिए। पीडक फरार छ।

दमक नपा-१८ की १८ वर्षीय देवीमाया मिश्रलाई ०५५ फागुनमा सोही ठाउँका २१ वर्षीय टंकनाथ भण्डारीले अनुचित यौन सम्पर्क राखेपछि समाजले जिम्मा लगाउँदा उसले स्वीकारेन। पछि पीडितलाई १ लाख रूपैयाँ दिएर घरवाट निकालियो।

देहव्यापारमा लागेवापत विर्तामोडमा २१, दमकमा १७, काकडभित्तामा ४२, भद्रपुर र चन्द्रगढीमा ५६ जना महिलालाई फेला पारेको कुरा प्रहरीले जनायो। यो व्यापारमा लाग्नेहरूमा धेरै जना १६-१७ वर्ष उमेरका छन्। कोही पति मरेकाले, कोही गरिवीले र कोही वलात्कृत भएपछि समाजवाट अपहेलित भएका कारण यस पेशामा लाग्न वाध्य भएको देखिन्छ।

बालअधिकार (बालबालिकाउपरको अत्याचार)

शान्तिनगर गाविस-१ का १० वर्षीय जीवनकुमार विश्वकर्मालाई ०५६ जेठदेखि सोही ठाउँका ३६ वर्षीय रामकुमार श्रेष्ठले क्षमताभन्दा बढी काम लगाएर शोषण गरे। बाबुले लिएको ऋणको ब्याज तिर्न नसकेकाले उनले जीवनको दिदीलाई पनि शोषण गरेका थिए। पीडकउपर जिल्ला अदालतमा मुद्दा चलिरहेको छ।

दुवागढी गाविस-१ स्थित कृष्ण प्राविमा ३ कक्षामा पढ्ने ९ वर्षीय रवीन सुनुवारलाई ०५६ असोज १३ गते सोही विद्यालयका शिक्षक दीपक ढुंगानाले टाउकोमा लाठीले हानी घाइते नै बनाए। पीडकलाई कुनै कारबाही भएन।

यस जिल्लामा गाउँबाट आएर शहरका होटलहरूमा मजदूरी गर्ने बालबालिकाहरू प्रशस्तै छन्। यिनीहरूलाई महिनाको २ सयदेखि ४ सय रूपैयाँका भरमा काममा लगाइने गरिन्छ र उनीहरूले मागेको बेला पैसा सजिलै नदिने गुनासो पीडितहरू गर्छन्। १७-१८ घण्टा काम गर्ने यस्ता बालबालिका बिरामी भएका बेला उपचार कमैले मात्र पाउँछन् भने यिनीहरू शिक्षाको अवसरबाट पनि वञ्चित छन्। यस जिल्लामा अन्दाजी यस्ता बालबालिकाको संख्या २ हजार रहेको छ। २ सय जति बालबालिका प्लाष्टिक टिपेर हिँड्ने गर्दछन्।

आर्थिक अधिकार

न्यू गिरीबन्धु टि स्टेट बुट्टाबारीमा गत सालदेखि विभिन्न माग राखिरहेका मजदूरहरूले आफ्नो माग पूरा नभएका कारण ०५६ असार १३ र १४ गते हड्ताल गरे। केही माग पूरा गरिदिने सहमतिपश्चात् काममा नियमितता आएको छ।

भूटानी शरणार्थीहरूले आफ्नो शिविर आसपास आई काम गर्न नपाउने भए तापनि सस्तो पारिश्रमिकमा शिविर छेउछाउ आइ काम गर्दा आफूहरू अन्यायमा परेको भनी स्थानीय बेरोजगारहरू र शरणार्थीहरूबीच बेला बेलामा विवादहरू पर्दै आएका छन्। तर यसरी काम गर्नेहरूलाई रोक्ने तथा कारवाही गर्नेतर्फ कसैले चासो नदेखाएको आरोप पीडितहरूको छ।

मानवअधिकारसम्बन्धी अन्य सवालहरु

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूतसमेत

चन्द्रगढी गाविस-७ लेखनाथचोकका २१ वर्षीय प्रेम दाहालले भारतको अररियाकी रीता बिहारीसँग ०५६ वैशाख २७ गते अन्तरजातीय विवाह गरेका कारण बाबुआमा तथा समाजले उनीहरूलाई बहिष्कार गरिदिए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

बस संचालनको विषयलाई लिएर ०५६ असार ६ गते बिर्तामोड-काकडभिट्टा रूटका सम्पूर्ण बसहरू बन्द गरिए। मेची बस व्यवसायी संघले ८ वर्षको अवधि पार गरिसकेका रात्रिबसलाई दिवा सेवामा संचालन गरेको र भद्रपुर तथा काकडभिट्टाबाट असार १ गतेदेखि काठमाडौंका लागि संचालन गरेको दिवा बसलाई मेची यातायात संघ र कन्काई यातायात संघ बिर्तामोडले चल्न नदिएकाले उक्त विरोध कार्यक्रम गरिएको थियो।

राष्ट्रसंघीय शरणार्थीसम्बन्धी उच्चायोगको सहयोगमा शरणार्थीहरूलाई प्रदान गरिने राहत सामाग्रीमध्ये तरकारीको ठेक्का दिने प्रक्रियामा व्यापक धाँधली गरेको आरोपमा ०५६ असार २३ गतेदेखि स्थानीय निर्माण व्यवसायी एवं सप्लायर्सहरूले नेपाल रेडक्रस सोसाइटीको दमकमा रहेको शरणार्थी सहयोग परियोजनाको कार्यालयमा धर्ना दिए।

जिल्ला प्रहरी कार्यालयभित्र थुनिएका व्यक्तिहरूलाई साह्रै तल्लो स्तरको यातना दिइएको विरोधमा मानव अधिकार, वातावरण र विकास केन्द्र (हुरेड) तथा मानव अधिकार वर्ष पुस्तक प्रतिनिधिले ०५६ साउन २५ गते जिल्ला प्रहरी कार्यालयमा एक विरोधपत्र दिए।

अनारमनी गाविस-३ बिर्तामोडस्थित होटल इस्टर्न प्यालेसले ०५६ भदौ १५ गते वार्षिकोत्सव मनाइरहेको बेला इलाका प्रहरी कार्यालयका प्रहरीहरूले जाँड खाइ कुटपिट गर्ने तथा आतंक मच्चाउने कार्य गरेकोमा त्यसको भर्त्सना गर्दै होटल व्यवसायी संघ, झापाले एक ज्ञापनपत्रसहित विरोध प्रदर्शन गर्‍यो।

खुदुनाबारी शरणार्थी क्याम्प हट नं. ६५/६६ मा बस्ने नन्दमाया भट्टराईले ०५६ मंसिर १४ गते एक प्रेस वक्तव्य निकाली आफूलाई विनाकारण कुटपिट गर्ने शिविर इन्चार्ज गोपाल कोइरालालाई कारवाही गर्न माग गरिन्। पीडकलाई कारवाही भएको छैन।

अतिरिक्त जानकारीहरु

अनारमनी गाविस-३ स्थित एसबीआई बैंकमा ०५६ साउन २१ डाँका गर्ने उद्देश्यले आएको एक समूहले बैंकका कर्मचारीलाई आफ्नो नियन्त्रणमा लिन ५ राउण्ड हवाइ फायर गरे। २० लाख ७८ हजार रूपैयाँ डकैती गरेर भागेका डाँकाहरूलाई गिरफ्तार गर्ने क्रममा प्रहरीतर्फबाट २० राउण्ड र डाँकातर्फबाट ८ राउण्ड गोली प्रहार गरिएको थियो।

दमक नपा-१२ स्थित निलकण्ठ चलचित्र मन्दिरमा ०५६ असोज ६ गते राति एक अज्ञात समूहले पेट्रोल बम प्रहार गरी केही दर्शकलाई घाइते बनाई २ लाख रूपैयाँ बराबरको क्षति गराए। पीडकहरू माओवादी भएको आशंका गरिएको छ।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइबीका कारणले भएका कुटपिटका १२ वटा घटनामा ११ पुरूष र १ महिला पीडित भए। ट्राफिक दुर्घटनामा ३५ जना पीडित भए। डुबेर २ जनाको मृत्यु भयो। चट्याङबाट २ जना पीडित भए। आगलागीमा परेर २१ जना पीडित भए भने करेन्ट लागेर २ जनाको मृत्यु भयो। मिलको फित्ताले तानेर १ नाबालकको मृत्यु भयो। चोरी-डकैतीका ६ वटा घटना भए। १३ पुरूष र ११ महिलाले आत्महत्या गरे।

१.२ इलाम

जनसंख्या	: २२९२१४
साक्षरता प्रतिशत	: ५२.५
महिला साक्षरता प्रतिशत	: ३९.१
क्षेत्रफल (वर्ग कि.मी.)	: १७०३
गाविस/नपा संख्या	: ४८/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ३८३
क्याम्पस/उच्च मावि	: १/३
अस्पताल/स्वास्थ्य चौकी	: १/४७
टेलिफोन लाइन	: ५४३
मोटर सडक (कि.मी.)	: १६१
प्रहरी कार्यालय संख्या	: २८
हुलाक संख्या	: ५२

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

झापा जिल्ला सतासीधाम–७ का २१ वर्षीय सहरमान राईलाई ०५६ असोज १२ गते चुलाचुली गाविस–४ स्थित सेती पहिरो जंगलमा काठ काट्दै गरेको बेला आइतबारे रेन्जपोष्टका सशस्त्र वन रक्षकले गोली हानी हत्या गरे।

शान्तिपुर गाविस–३ चैनपुरका राप्रपाका कार्यकर्ता ५६ वर्षीय चन्द्रकान्त भट्टराईलाई ०५६ कात्तिक २४ गते राति आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले बाहिर ल्याई धारिलो हतियार प्रहार गरी हत्या गरे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ८ वटा घटनामा ४ महिला सहित ९ जनाको हत्या भयो।

साङरूम्बा गाविस–९ का २५ वर्षीय ज्ञानबहादुर कटुवाललाई ०५५ माघ ५ गते आफ्नै भाइ २२ वर्षीय राजकुमार कटुवालले आफ्नी प्रेमिकालाई विवाह गर्न आँटेको झोकमा खुकुरी प्रहार गरी हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

लक्ष्मीपुर गाविस–६ की ६० वर्षीय मनमाया तामाङलाई ०५५ माघ १५ गते दिउसो आफ्नै भदा ३० वर्षीय मणिकुमार तामाङले काठ ताछ्ने बसिला प्रहार गरी हत्या गरे। मणिको छोरा जन्मदासाथ मरेको र फुपू बोक्सी भएकाले बोक्सी लागेर मारी भन्ने आरोपमा मणिले हत्या गरेको थियो।

इलाम नपा–२ मा डेरा लिई बस्ने नेपाल बैंक लिमिटेडका पियन ३४ वर्षीय ज्ञानबहादुर सुब्बालाई ०५५ फागुन ११ गते राति सुतिरहेको बेला आफ्नै पत्नी ३९ वर्षीय कुमारी देवानले बन्चरो प्रहार गरी हत्या गरिन्। पीडकले हत्यापछि प्रहरीसमक्ष आत्मसमर्पण गरिन्।

माओवादीद्वारा हत्या गरिएका चन्द्रकान्त भट्टराई

जेल र बन्दीहरु

"ग" श्रेणीको इलाम जेलको बन्दी क्षमता ५० पुरूष र ५ महिला गरी ५५ जनाको हो। यस जेलमा ४८ पुरूष र ६ महिला गरी ५४ जना रहेका छन्। यसबाहेक १ नाबालक पनि यस जेलमा आश्रितको रूपमा रहेका छन्। बन्दीहरूमध्ये २३ पुरूष र ५ महिला गरी २८ जना कैद नतोकिएका छन् भने २४ पुरूष र १ महिला गरी २५ जना सजाय तोकिएका छन्। यस जेलमा मानव अधिकार मंचले गत वर्षदेखि पुस्तकालयको व्यवस्था गरिदिएको छ। जिविसको सौजन्यमा प्रकाश स्मृति दिवसको अवसर पारेर एक थान टीभी मानव अधिकार मंचले जेललाई उपलब्ध गराएको छ। महिला वार्डको ढोका कुनै पनि समयमा ढलेर दुर्घटना हुनसक्ने सम्भावना छ। ४५ सालको भूकम्पले चर्किएको भागको अहिलेसम्म मर्मत गरिएको छैन। पुरूष वार्डमा ३ वटा चर्पी छ। त्यसमध्ये २ वटा चर्पीबाट फोहोर पास नभएका कारण बस्नै नसक्ने गरी ढोकासम्म फोहोर आइसकेको छ। होचो पेटी र ढलको उचित व्यवस्थापनको अभावले कोठाहरूमा पानी पस्ने गरेको छ। अहेवको व्यवस्था भए पनि स्वास्थ्य व्यवस्था अपुग भएको धारणा बन्दीहरूको छ। प्रायः बन्दीहरूलाई दम, खोकी, टाउको दुख्ने जस्ता रोगले सताएको पाइन्छ।

इलाम कारागार शाखाका हवल्दार ३८ वर्षीय चन्द्रकान्त घिमिरेलाई ०५५ माघ ४ गते साँझ ६ बजे कारागारभित्र बन्दीहरूको गणना गर्न जाँदा बन्दीहरू छेतेन शेर्पा, अर्जुन अधिकारी, पूर्ण श्रेष्ठलगायत्का बन्दीहरूले मुखमा बोराले छोपी कुटपिट गरे। कुटपिट गरेको अभियोगमा बन्दी नाइके दिलनाथ काफ्ले, पूर्ण श्रेष्ठ, गणेश सुब्बालगायत्का बन्दीहरूलाई हत्कडीसहित साँघुरो कोठामा अनुसन्धानका लागि भनी थुनियो। ७ दिनपछि छेतेन, अर्जुन, स्याम र पूर्णलाई झापा जेलमा सारियो भने अन्य बन्दीलाई सजाय दिइयो।

गिरफ्तारी र यातना

पंचकन्या गाविस–८ का ३० वर्षीय हस्तबहादुर राईलाई ०५६ भदौ २८ गते प्रहरीमाथि हातपात गरेको आरोपमा गिरफ्तार गरेर निर्मम यातना दियो। उनलाई तीन दिनसम्म यातना दिएर पंचकन्या चौकीले जिल्ला प्रहरी कार्यालयमा पठाएपछि त्यहाँ पनि यातना दिइएको थियो। उनलाई पिट्दा तीन वटा लठ्ठी भाँचिएको थियो भने पाखुरामा गहिरो चोट लागेको थियो।

शान्तिपुर गाविस-३ का चन्द्रकान्तको हत्याको अनुसन्धानको क्रममा गिरफ्तार परेकी झापा बुधबारेकी ३८ वर्षीय चिजमाया तामाङलाई ०५६ कात्तिक २९ गतेदेखि प्रहरीले नङमा पिन रोप्ने, शरीरमा डण्डा वर्साउने, चिसो सिमेन्टमा सुताएर रोलले शरीरमा पेल्ने जस्ता यातना दिए। सिभिक्ट, विराटनगरले पीडितको स्वास्थ्य जाँच गर्दा यातनाका कारण उनी मानसिक बिरामी भएको जानकारी दिएको छ। यसअघि उनका पति ३५ वर्षीय पदमबहादुरलाई पनि चर्को यातना दिइएको थियो, जसका कारण उनी २ दिनसम्म अचेत भएर लडेका थिए। यातनाका कारण उनको मानसिक स्थिति नै बिग्रन पुगेको थियो। यही अभियोगमा प्रहरीद्वारा विभिन्न स्थानबाट कात्तिक २५ गतेदेखि मंसिर ३ गतेसम्म ६ नं. वडाध्यक्ष खड्गबहादुर राई, १५ वर्षीय बलबहादुर खुलाललगायतका ३५ जनालाई गिरफ्तार गरी हिरासतमा राखेर यातना दिइएको थियो।

झापा जिल्ला शान्तिपुर गाविस-२ घर भई इलाम नपा-८ धोबीधारा डेरा गरी बस्ने बोधराज दाहाललाई ०५६ मंसिर २९ गते राति १० बजे प्रहरीले कोठाबाटै गिरफ्तार गरी पत्रपत्रिका, पुस्तक, फोटो आदि जफत गरे। त्यही दिन १२ बजे राति इलाम नपा-६ तिल्केनी डेरामा बस्ने कन्याम ४ र ७ का विद्यार्थीहरू क्रमशः यदुनाथ पौडेल र अर्जुन राईलाई पनि गिरफ्तार गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

पंचकन्या गाविस-२ स्थित आइतबारे बजारकी २१ वर्षीय ववित लामा र १३ वर्षीय दीक्षा लामालाई ०५५ फागुन १ गते प्रहरी चौकीमा ट्यांकीको पानी लिन जाँदा प्रहरी जवान प्रमोद शाहले बन्दूक तेर्स्याइ मार्ने धम्की दिए। पीडकलाई विभागीय कारबाही गरिने जानकारी उक्त चौकीबाट दिइएको छ।

नयाँबजार गाविस-९ मा आयोजित जनसांस्कृतिक मंचको कार्यक्रममा गएका नेपाली कांग्रेसका कार्यकर्ता ३० वर्षीय चन्द्रबहादुर कठेत र महेश आचार्यलाई ०५६ वैशाख २९ गते आयोजक समर्थकहरूले कुटपिट गरे। त्यसपछि दोहोरो भिडन्त भएकोमा पछि दुवै पक्षबीच मिलापत्र भयो।

लक्ष्मीपुर गाविस-८ का ३० वर्षीय गणेश समाल, सूर्य समाल र टीकाराम भट्टराईलाई ०५६ जेठ ६ गते दोहोरो भिडन्त हुँदा एमालेका कार्यकर्ताहरूले कुटपिट गरे। पीडकहरूविरूद्ध सार्वजनिक मुद्दा दर्ता गरिएको छ।

शान्तिडाँडा गाविस-१ फुटुकका २६ वर्षीय ठाकुरप्रसाद आचार्य र उनकै भतिजा १८ वर्षीय ठाकुर आचार्यलाई राजनीतिक विवादका कारण ०५६ जेठ २७ गते ३० वर्षीय गोविन्द सुवेदी, प्रेम तामाङ, संजीव बोहोरालगायत् ५-७ जनाले कुटपिट गरी घाइते बनाए। पीडकहरूमाथि कुनै कारबाही भएन।

पंचकन्या गाविसस्थित प्रहरी चौकीका प्रहरी कुमार श्रेष्ठलाई ०५६ भदौ २८ गते सोही गाविसका ३० वर्षीय हस्तबहादुर राईले कुटपिट गरी पोशाक च्यातिदिए। पीडकलाई प्रहरीले गिरफ्तार गरी ३ दिनसम्म सख्त यातना दिई रिहा गरे।

बाँझो गाविस-५ चिसापानी पंचमी बजारका पूर्णराम राई, शान्तिप्रसाद राई र जयप्रसाद राईलाई भिन्न राजनीतिक विचार राखेका कारण ०५६ कात्तिक १४ गते कुरूम्बा गाविस-५, पाँचथरका देउप्रकाश राई, रवि गाविस-७ पाँचथरका वसन्त राई, विवेक राई, सिद्धे राईलगायत्का व्यक्तिहरूले कुटपिट गरी घाइते बनाए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

वरबोटे गाविस-४ की ३२ वर्षीय रीतादेवी दियालीले ०५६ जेठ ३ गते सम्पन्न भएको निर्वाचनमा मतदान गर्न पाइनन्। त्यस्तै वरबोटे माविस्थित मतदान केन्द्रमा ७६ वर्षीय रामबहादुर गुरूङको नाममा १९ वर्षीय रामबहादुर गुरूङले मतदान गरे।

अनेरास्ववियु (क्रान्तिकारी) ले म.र.ब. क्याम्पसमा ०५६ पुस १२ गते प्रथम जिल्ला अधिवेशनको उद्घाटन कार्यक्रम संचालन गर्दासाथ दंगा प्रहरी विना इजाजत क्याम्पसको प्रांगणमा प्रवेश गरी कार्यक्रम बिथोले। सम्पूर्ण विद्यार्थीलाई क्याम्पस परिसरबाहिर धपाएर प्रहरीले क्याम्पस आफ्नो नियन्त्रणमा लिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला अदालत गरी २ वटा अदालत छन्। यो वर्ष पुनरावेदन अदालतमा ९ सय ७६ थान मुद्दा दर्ता भए भने गत वर्षको जिम्मेवारी सरेका ६ सय ५७ थान विभिन्न मुद्दा गरी जम्मा १ हजार ६ सय ३३ थान मुद्दामध्ये ८ सय ८३ थान मुद्दा फर्स्योंट भए। २ वर्षदेखि छिनिन नसकेको मुद्दाको संख्या यस अदालतमा ५ रहेको छ। जिल्ला अदालतमा ५ सय १४ थान अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका मुद्दाहरू छन्। यस अदालतमा यस वर्ष फौजदारी ५७, दुनियावादी फौजदारी २ सय ११ र देवानी १ सय ६३ गरी ४ सय ३१ थान मुद्दा दर्ता भए। यस वर्ष ४ सय ६४ थान मुद्दा फर्स्योंट भए। २ वर्षदेखि छिनिन बाँकी मुद्दा यस अदालतमा ४१ थान छन्।

आफ्नै पत्नीद्वारा धन्चटो प्रहार गरी हत्या गरिएका ज्ञानबहादुर सुब्बा

धार्मिक स्वतन्त्रता

गोर्खे गाविस-३ वागिनका ३० वर्षीय ठाकुरसिंह लिम्बूलाई ०५६ वैशाख ३ गते फेदङ्वा (लिम्बूको पुरोहित) को छोरा भएर क्रिश्चियन धर्म लिएर पाश्चर भई गाउँमा क्रिश्चियन

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	९	५	४	९				
गोलीद्वारा हत्या					१	१		१
गिरफ्तारी र यातना					५	६	१	७
लाठीचार्ज					१	२		२
कुटपिट	१६	२३	१	२४				
धम्की					१		२	२
स्वतन्त्र र निष्पक्ष चुनाव	२	१	१	२				
सरूवा/घटुवा/पक्षपात आदि	१	२		२	१	१		१
धार्मिक स्वतन्त्रता	१	१		१				
महिला किनबेच	४		४	४				
बलात्कार	६		६	६				
बहुविवाह	१		१	१				
पारिवारिक हिंसा	१		१	१				
गर्भपतन	१							
जातीय छुवाछूत	२		१	१				
जम्मा	४४	३२	१९	५१	९	१०	३	१३
लाश फेला	१		१	१				
आत्महत्या	३७	२५	१२	३७				
चोरी/डकैती	९	९		९				
दुर्घटनाहरू/विपत्तिहरू	२३	१९	५	२४				

धर्म प्रचार गरेको आरोप लगाई लिम्बू समाजबाट बहिष्कार गरियो।

सरुवा, घटुवा र पक्षपात आदि

यस जिल्लामा सरूवा भई आएका डिएसपी केदारप्रसाद साउदलाई जिल्लामा आएको ५ महिनामा र डिएसपी केशव बस्नेतलाई २३ दिनपछि सरूवा गरियो। ०५५ पुस २९ गते गएका डिएसपी यादव अधिकारीलाई ६ महिनामा सरूवा गरियो। प्रहरी नियमावली २०४९ को ३० को उपनियम (१) मा कुनै पनि प्रहरी कर्मचारीलाई साधारणतया पदस्थापना गरिएको एक वर्ष नपुग्दै सरूवा गरिने छैन भनी उल्लेख गरिएको छ।

मंगलवारे गाविसका शिक्षक सोम लुंगेली, पुवामजुवाका गंगाबहादुर राई, नयाँ बजारका सोम राना, सुलुवुङका ढालकुमार खतिवडा, साकफाराका मोतिकुमार राई र इभाङका कृष्ण बस्नेतलाई ०५६ भदौ ७ गते जिल्ला शिक्षा कार्यालयले राजनीतिक आस्थाको आधारमा पदबाट घटुवा गर्‍यो।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा सुकुम्वासी समस्या समाधान आयोग गठन नभएकाले यस सम्बन्धमा केही जानकारी हुन सकेन। यस जिल्लामा यस वर्ष २ हजार ५ सय ८८ जेष्ठ नागरिक, २ हजार ४ सय ८७ असहाय, विधवा र ४९ जना अशक्तलाई भत्ता वितरण गरियो। मानव अधिकार दिवसको अवसरमा यस जिल्लामा दलितमध्येबाट एसएलसीमा सर्वप्रथम हुने एक जना दलित छात्रलाई १ हजार रूपैयाँ छात्रवृत्तिस्वरूप मानव अधिकार मंचले प्रदान गर्‍यो।

महिला अधिकार

बाँफो गाविस-६ की २४ वर्षीय भागीमाया राईलाई ०५३ वैशाख २७ गते सोही गाविसका ५० वर्षीय इन्द्रबहादुर राईले बेहोस पार्ने औषधी खुवाइ बनारसको वेश्यालयमा बिक्री गरेकामा पीडित ०५५ माघ २८ गते नेपाल फर्केर आई प्रहरीमा उजुरी गरिन्। पीडक थुनामा रहेको छ।

चुलाचुली गाविस-६ की १७ वर्षीय एक महिलालाई ०५६ भदौ १८ गते आफ्नै काका २२ वर्षीय देवीप्रसाद तामाङले सिलगुडीको वेश्यालयमा ४० हजार भारूमा बिक्री गरे। त्यसको ६ दिनपछि देवीले आफ्नै २२ वर्षीय भाउजूलाई पनि सोही ठाउँमा २५ हजार भारूमा बिक्री गरे। पीडित चर्पीको पर्खालबाट भागेर आएपछि प्रहरीको सहयोगमा अर्की पीडितलाई पनि छुटाइयो। पीडितलाई मानव अधिकार मंचले सहयोग गरिरहेको छ भने पीडक फरार छ।

पशुपतिनगर गाविस-३ की १७ वर्षीय मुना कार्कीलाई ०५५ कात्तिक ९ गते इलाम नपा-४ का २३ वर्षीय कमल मोते र फिक्कल गाविस-५ मालुमका १७ वर्षीय सरस्वती भण्डारीले भारतको सिलगुडीस्थित वेश्यालयमा भारू ५० हजारमा बिक्री गरेकामा पीडितलाई माइती नेपाल र इलाका प्रहरी कार्यालय काकडभित्ताको सहयोगमा ०५५ माघ १३ गते नेपाल ल्याइयो। अर्का पीडक आकाश राईलाई पनि गिरफ्तार गरिएको थियो। कमललाई १० वर्ष कैद तोकियो भने अन्यलाई सफाइ दिइयो।

जितपुर गाविस-९ मादेबुङकी ३१ वर्षीय एक महिलालाई ०५६ मंसिर २ गते छिमेकी २२ वर्षीय सेवन्त कट्टेल र इलाम नपा-४ गोलाखर्कका ३० वर्षीय प्रकाश मोते (दमाई) ले भारतको सिलगुडीमा लगेर ५० हजार भारूमा बिक्री गरे। भागेर आउन सफल भएपछि उनले जाहेरी दिएकी छिन्। पीडक फरार छ।

सोयाक गाविस-२ की १४ वर्षीय एक बालिकालाई ०५५ माघ १८ गते सोही ठाउँका २२ वर्षीय सन्तोष एक्तेनले बलात्कार गरे।

नामसालिङ गाविस-९ लब्सिबोटकी १८ वर्षीय एक युवतीलाई ०५५ माघ १८ गते राति घरमा सुतिरहेको वेला आफ्नै छिमेकी ३२ वर्षीय प्रेमबहादुर लिम्बूले बलात्कार गरे। पीडकलाई प्रमाण नपुगेको भनी कुनै कारवाही भएन।

साङरूम्बा गाविस-८ की १३ वर्षीय एक बालिकालाई ०५६ वैशाख १७ गते पुवाखोला जलविद्युत् आयोजनाको इन्टेकमा

काम गर्ने सुनसरी जिल्ला महेन्द्रनगरका २२ वर्षीय राजेश नेपालीले विषादि प्रयोग गरेको चकलेट खुवाई बलात्कार गरे। पीडक पुर्पक्षका लागि थुनामा छ।

कन्याम गाविस-५ की ७ वर्षीय एक बालिकालाई ०५६ जेठ ८ गते छिमेकी १४ वर्षीय फणेन्द्र भट्टराईले बलात्कार गरे। पीडकलाई कारबाही नगरी रिहा गरियो।

महमाई गाविस-१ की २५ वर्षीय एक महिलालाई ०५६ कात्तिक ४ गते गाई चराइरहेको बेला सोही ठाउँका २४ वर्षीय मनकुमार गिरी (राजन) ले बलात्कार गरे। पीडक फरार छ।

चिसापानी गाविस-२ की १० वर्षीय एक महिलालाई ०५६ पुस ८ गते सोही गाविस-१ का २८ वर्षीय शरणकुमार पौडेलले सोक्तिम चिया बगानमा बलात्कार गरे। पीडक फरार छ।

यस वर्ष यो जिल्लामा १ जनाले बहुविवाह गरेको जानकारीमा आयो। पारिवारिक हिंसामा एक महिला पीडित भए। एक महिलाले गर्भपतन गराइन्।

इलाम नपा-८ पिपलबोटेकी कमला भट्टराईको ०५६ वैशाख ९ गते आफ्नै पति २२ वर्षीय अर्जुन भट्टराईले गहना र लुगाफाटो खोसे। दाइजोबापत ३ मुरी बीउ जाने खेत र ५ तोला सुन नल्याएका कारण उनलाई घरमा बस्न नदिने धम्की पीडकले दिँदै आएका थिए।

बालअधिकार (बालबालिकाउपरको अत्याचार)

इलाम नपाको राजमार्ग तथा बजारमा कालोपत्र गर्ने कार्यमा साङरूम्बा गाविस-२ का १२ वर्षीय कृष्ण तामाङ, सप्तरी जिल्ला ब्रह्मजियाका १० वर्षीय सुरेन मण्डल, १२ वर्षीय फरेवी सादा, १२ वर्षीय विमल सादा, १२ वर्षीय काडी सादा र १२ वर्षीय विमल चौधरीलगायत्का बालमजदूरहरू काम गरिरहेका भेटिन्छन्। यी बालमजदूरहरू बिहान ८ बजेदेखि गिटी बोक्ने, ढल खन्ने, अलकत्रा बोक्ने, ढुंगा बोक्ने जस्ता जोखिमपूर्ण काममा लागिरहेका देखिन्छन्।

मानवअधिकारसम्बन्धी अन्य सवालहरु

अन्य अमानवीय व्यवहार/जातीय छुवाछुतसमेत

शान्तिपुर गाविस-३ का ३० वर्षीय पदम गजमेरलाई सार्वजनिक पानी ट्यांकी छोएको आरोपमा ०५६ जेठ ३० गते सोही ठाउँका प्रेम लाप्चा, गोमा लाप्चा, दीपक लाप्चालगायत् ६ जनाले कुटपिट गरे। पीडितले जिल्ला अदालतमा जाहेरी दिए।

चुलाचुली गाविस-२ स्थित राधाकृष्ण मन्दिरमा अछुत भनिनेहरूलाई जान नदिइएपछि ०५६ मंसिर ३ गते मानव अधिकार मंच इलाम र नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजको संयुक्त आयोजनामा मन्दिर प्रवेश कार्यक्रम सम्पन्न भयो। १५ दिन जति मन्दिरमा उनीहरूलाई प्रवेश गर्न दिइए पनि पुनः प्रतिबन्ध लगाइयो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

आर्थिक वर्ष ०५६।५७ को बजेटमा साना चिया किसानले उत्पादन गरेको चिया विदेश (भारतको दार्जिलिङ) निकासी गर्दा लाग्ने दस्तुर सम्बन्धमा श्री ५ को सरकारले गरेको निर्णयका सम्बन्धमा उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा जिल्ला अध्यक्ष हिमालय कर्माचार्यले ०५६ साउन ५ गते प्रेस विज्ञप्ति जारी गरी विरोध गर्नुभयो।

जिविससँगको ठेक्कासम्बन्धी विषयलाई लिएर ज्ञानीराम श्रेष्ठलगायत्का व्यक्तिहरू ०५६ साउन १२ गते जिल्ला सभापतिको कक्षमा आमरण अनसन बसे। १५ गते सम्बन्धित पक्षबीच सम्झौता भएपछि अनसन तोडियो।

सामाजिक न्याय तथा नागरिक अधिकार संरक्षण मंच नेपाल, इलामले छुवाछुत प्रथाको विरोधमा एक हुन आह्वान गर्दै ०५६ मंसिर १५ गते एक विज्ञप्ति प्रकाशित गऱ्यो।

पेट्रोलियम पदार्थ, विद्युत्, मलखाद आदिमा अत्यधिक वृद्धि, शैक्षिक सत्र शुरू भएको ४ महिना बितिसक्दा पनि पाठ्यपुस्तक उपलब्ध नभएको, पाठ्यपुस्तक वितरण प्रणाली अव्यवहारिक भएको, आस्थाको आधारमा शिक्षकमाथि पक्षपातपूर्ण व्यवहार भएको जस्ता कार्यमाथि चिन्ता व्यक्त गर्दै ०५६ पुस १० गते नेपाल राष्ट्रिय शिक्षक संगठन इलामले एक अपील प्रकाशित गऱ्यो।

शान्तिपूर्णरूपमा भेला भई अनेरास्ववियु (क्रान्तिकारी) ले ०५६ पुस १२ गते प्रथम जिल्ला सम्मेलनको उद्घाटन कार्यक्रम शुरू गरेकोमा शुरू गर्दासाथ प्रहरीले हस्तक्षेप गरी कार्यक्रम गर्न नदिएको र लाठीचार्जसमेत गरेको विरोधमा पुस १३ गते मानव अधिकार मंच, इलामले एक विज्ञप्ति निकालेर उक्त कार्यको भर्त्सना गऱ्यो। यस कार्यको विरोध गर्दै अनेरास्ववियु, नेविसंघ, युवा कानून व्यवसायीहरूले पनि विज्ञप्ति प्रकाशित गरे।

अतिरिक्त जानकारीहरु

श्रीअन्तु गाविस-२ गैरीभञ्ज्याङका ४३ वर्षीय गोविन्द ठकुरीलाई ०५६ साउन १० गते देनछिरिङ लेप्चा, ज्ञानु लेप्चा, टेक गहते र जयबहादुर मोहतेले आरनमा सुतिरहेको बेला गुप्तांगमा मट्टितेल खनाएर आगो लगाई मार्ने प्रयास गरे। ज्ञानु फरार छ, देनलाई थुनामा राखिएको छ भने भने अन्यलाई तारेखमा रिहा गरियो।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कुटपिटका ११ वटा घटनामा १४ पुरूष र एक महिला पीडित भए। २३ पुरूष र ११ महिलाले झुण्डिएर आत्महत्या गरे। २ पुरूष र १ महिलाले विष सेवन गरी आत्महत्या गरे। दुर्घटनामा १९ पुरूष र ५ महिलाको मृत्यु भयो। १ बेवारिसे महिलाको लास फेला पऱ्यो। चोरीका ९ घटना दर्ता भए। आगलागीका कारण ४ करोड ३ लाख रूपैयाँ जति क्षति भयो।

१.३ पाँचथर

जनसंख्या	: १७५२०६
साक्षरता प्रतिशत	: ४४.५
महिला साक्षरता प्रतिशत	: २६.८
क्षेत्रफल (वर्ग कि.मी.)	: १२४१
गाविस/नपा संख्या	: ४१/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३२०
क्याम्पस/उच्च मावि	: १/२
अस्पताल/स्वास्थ्य चौकी	: १/४८
टेलिफोन लाइन	: १७५
मोटर सडक (कि.मी.)	: ९१
प्रहरी कार्यालय संख्या	: १८
हुलाक संख्या	: ४६

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

स्यावरूम्बा गाविस-१ का ३५ वर्षीय लक्ष्मीप्रसाद सम्बाहाम्फेको लास ०५६ वैशाख ३० गते यासोक गाविस-३ काफ्लेपानी भन्ने ठाउँमा फेला पऱ्यो। नेकपा (माले) ले उक्त हत्या एमाले कार्यकर्ताले गराएको आरोप लगायो। हत्यामा संलग्न भएको आरोपमा गणेश खतिवडालगायत् ७ जनालाई गिरफ्तार गरी मुद्दा चलाइएकोमा ६ जनालाई धरौटी लिई रिहा गरियो भने गणेशलाई पुनरावेदन अदालतले विना धरौटी छाइने आदेश दियो।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ३ घटनामा ३ जना पुरूष र १ जना महिलाको को हत्या भयो।

जेल र बन्दीहरु

यस जिल्लामा रहेको जेल "च" श्रेणीको हो। २५ जना बन्दी क्षमता भएको यस जेलमा थुनुवा १६ र बन्दी १७ जना रहेका छन्। त्यसमध्ये एक जना महिला यस जेलमा रहेकी छिन्। जीर्ण अवस्थाको यस जेलका बन्दीहरू मुढा र टोपी बनाउने काम गर्छन् तर यसका लागि बजारको व्यवस्था नभएका कारण यो लाभप्रद् हुन नसकेको धारणा उनीहरूको छ। जेलभित्र प्रौढ शिक्षाको व्यवस्था हुनुपर्ने, ब्याडमिन्टन दिइनुपर्ने, चिठीपत्र सेन्सर गरिन नहुने जस्ता मागहरू बन्दीहरूको रहेको छ। जेलर केदारजंग पाण्डे यस जेलका बन्दीहरूका लागि पर्याप्त खानेपानीको व्यवस्था नभएको बताउँदै सीपमूलक कामहरू वढाउन पाए राम्रो हुने धारणा व्यक्त गर्नुहुन्छ। जेलभित्रको दक्षिण बुर्जा ढल्न लागेकाले यसको मर्मत तत्काल गर्नुपर्ने आवश्यकता देखिएको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

शिवा गाविस-२ का ३६ वर्षीय चन्द्र तुम्व्रोकलाई ०५६ असार १ गते दिनको ३ वजे दुनिया बजारमा सोही गाविसका ३६ वर्षीय लालु तुम्ब्रोकले राजनीतिक रिसइवीका कारण धारिलो हतियारले प्रहार तथा कुटपिट गरे। पीडितलाई उपचार खर्च दिने शर्तमा पछि मिलापत्र भयो।

लिम्वा गाविस-१ की ३६ वर्षीय सीतादेवी गौतमलाई ०५६ भदौ २ गते सोही गाविस-१ की ३१ वर्षीय तारादेवी राईले प्रधानाध्यापक नेत्रप्रसाद भट्टराईसँग विद्यालयसम्वन्धी विषयलाई लिएर कुराकानी भइरहेको अवस्थामा कुटपिट गरिन्। पीडकलाई कारवाही भएन।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

अमरपुर गाविस-६ का २८ वर्षीय लक्ष्मी हेमया र ३० वर्षीय हेलेन खत्रीलाई पार्टीप्रति असन्तुष्ट भएको आरोपमा ०५६ वैशाख १५ गते भालुचोकमा नेपाली कांग्रेसको आमसभा सुन्न बसेको अवस्थामा सोही गाविसका मदन लिङ्देललगायत्का व्यक्तिहरूले कुटपिट गरे।

रानीटार गाविस-२ का २१ वर्षीय पूर्णकुमारी नेउपानेसहित ६ जनालाई ०५६ जेठ ३ गते पण्डित तोयानाथ खतिवडाले मतदान गर्नबाट वञ्चित गराए। पीडितहरू किरिया बसेकोमा भोट हाल्न गए आफू किरिया गराउन नआउने धम्की दिएर पण्डितले उनीहरूलाई मताधिकारबाट वञ्चित गराए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा फौज्दारी २ सय ७१ थान मुद्दा दर्ता भएकोमा ४९ थान फर्स्यौट हुन सके, सरकारवादी फौज्दारी ४५ थान दर्ता भएकोमा ५ थान मात्र फर्स्यौट हुन सक्यो भने दुनियावादी १ सय ६५ थान मुद्दा दर्ता भएकोमा ४३ थान मात्र फर्स्यौट हुन सक्यो। यस अदालतमा दुई वर्षदेखि छिनिन नसकेका मुद्दाको संख्या ७१ रहेको छ। त्यसैगरी १ वर्षसम्म नछिनिएका मुद्दाको संख्या १ सय २८ रहेको छ।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

गत वर्ष यस जिल्लामा रहेको सुकुम्बासी समस्या समाधान आयोगमा १ हजार १ सय १८ जनाले आफूहरू सुकुम्बासी भएका कारण जमिन पाउँ भनी निवेदन दिएका थिए तर अहिले आयोग नभएकाले यससम्बन्धी कुनै पनि कार्य अघि बढ्न

कुटपिटबाट घाइते हेलेन खत्री र भोट दिनबाट वञ्चित पूर्णकुमारी नेउपाने

सकेको छैन। ६ महिनाको मात्र वृद्ध भत्ता वितरण गरिएको र अरू मन्त्रालयबाटै निकासा नभएकाले वितरण गर्न नसकिएको जिविसले वतायो।

महिला अधिकार

यस वर्ष यो जिल्लामा पारिवारिक हिंसाको एउटा घटनामा एक महिला पीडित भएको जानकारीमा आयो।

बालअधिकार (बालबालिकाउपरको अत्याचार)

सिद्धिन गाविस–८ की १५ वर्षीय लीला केरूङलाई ०५६ असार १ गते राति नेत्रबहादुर थाम्सुहाङलगायत्का ६ जनाले फकाइ बालविवाह गराइदिए। पीडितका बाबुले बालविवाह मुद्दा दर्ता गराएका छन्।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	३	१	४				
कुटपिट	१९	२०	४	२४				
धम्की	२	३		३				
भेला र संगठित हुन अधिकार	२		२	२				
स्वतन्त्र र निष्पक्ष चुनाव			३	३				
सरूवा/घटुवा/पक्षपात आदि	१	३		३				
पारिवारिक हिंसा			१	१				
बाल अधिकार	१		१	१				
जम्मा	२९	२९	१२	४१				
लाश फेला	२	२		२				
आत्महत्या	१५	१२	३	१५				
चोरी/डकैती	१	१		१				
दुर्घटनाहरू/विपत्तिहरू	२०	२१	७	२८				

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

यासोक गाविस–३ काफ्लेपानी भन्ने ठाउँमा ०५६ वैशाख ३० गते स्याबरूम्बा गाविस–१ का लक्ष्मीप्रसाद सम्बाहाम्फेको लास फेला परेकोमा लक्ष्मीलाई नेकपा (एमाले) ले हत्या गरेको भनी नेकपा (माले) ले एक विज्ञप्ति प्रकाशित गर्‍यो।

अतिरिक्त जानकारीहरु

नागी गाविस–८ की २९ वर्षीय रेणुका आचार्यलाई उनकै पतिले कुटपिट गरेका कारण ०५६ कात्तिक १५ गते झुण्डिएर आत्महत्या गरिन्। प्रहरीले पीडितका पति ३५ वर्षीय सीताराम आचार्यलाई गिरफ्तार गरे।

यस वर्ष यो जिल्लामा १२ पुरूष र ३ महिलाले आत्महत्या गरे। २ पुरूषको भवितव्यमा परेर मृत्यु भयो। ९ वटा सडक दुर्घटनामा ९ पुरुष र १ महिला पीडित भए। ७ जना पुरुष र ४ महिलाको लडेर मृत्यु भयो। ३ पुरूष र २ महिला डुबेर मरे। १७ वटा व्यक्तिगत कुटपिटका घटना जानकारीमा आएकामा त्यसबाट १९ पुरूष र ३ महिला पीडित भए। २ पुरूषको लास फेला पर्‍यो भने चोरीको १ घटना भएको जानकारीमा आए।

१.४ ताप्लेजुङ

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ३ वटा घटनामा ३ जना पुरूषको हत्या भयो भने एकजना गोलीद्वारा घाइते भए।

सिकैचा गाविस–४ का ३० वर्षीय इन्द्रबहादुर लक्सम्बालाई नालाको पानी बन्द गरिदिएको आरोपमा ०५५ फागुन २५ गते सोही ठाउँका अमृत लक्सम्बाले गोली हानी हत्या गरे भने पीडितका बाबु ६० वर्षीय रामबहादुर लक्सम्बालाई गोली हानी घाइते बनाए। पीडकलाई थुनामा राखिएको छ।

जेल र बन्दीहरु

"ख" श्रेणीको ताप्लेजुङ जेलमा १ जना कैद नतोकिएकी महिलासहित २१ जना बन्दी रहेका छन्। यस जेलमा स्वास्थ्य सहायकबाट उपचार गराउने व्यवस्था छ। साँघुरो जेलमा महिला र पुरुष एकै ठाउँमा रहनुपर्ने र आफूले कुनै पुरुषसँग बोलेमा नराम्रो दोष पाउने गरेको गुनासो महिलाको रहेको छ। जेलभित्र रेडियो, टेलिभिजन जस्ता साधन बन्दीहरूले देख्नसमेत पाएका छैनन्। साताको दुई दिनमात्र आफन्तसँग भेटघाट गर्न दिइन्छ। जेलभित्र बन्दीहरूले ढाका टोपी बुन्ने गरे पनि यसका लागि कच्चा पदार्थ पाउन सहज नभएको गुनासो बन्दीहरूको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

नाङखोल्याङ गाविस–७ का कमल खतिवडा र सूर्य राईलाई राजनीतिक रिसइवीका कारण ०५५ फागुन २४ गते सोही ठाउँका पोष्टबहादुर थलङ, निर्मल खिम्दिङलगायत्का व्यक्तिहरूले कुटपिट गरी घाइते बनाए।

लिङ्तेप गाविसका उपाध्यक्ष २९ वर्षीय मानबहादुर लवाललाई गाविसको रकम हिनामिना गरेको आरोपमा ०५६ भाद्र २३ गते अमृत लर्वा, गणेश लर्वा र मोति हाङगामले खुकुरी प्रहार गरी मरणासन्न तुल्याए। पीडकहरूविरूद्ध ज्यानमार्ने उद्योगअन्तर्गत मुद्दा चलाइएको छ। अमृत गिरफ्तार गरियो भने अन्य पीडक फरार छन्।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

थिङ्लाबु गाविस-१ मा आफ्ना कार्यकर्ता भेटघाट गर्न गएका राप्रपा उम्मेदवार विष्णु मादेनलाई ०५६ वैशाख १ गते नेपाली कांग्रेस, राजमो र एमालेका कार्यकर्ताले हातहतियारसहित लखेटेर कार्यक्रम नै गर्न दिएनन्।

सान्थाक्रा गाविस-४ का मनबहादुर केदेम र गोवा लिम्बूलाई ०५६ जेठ ३ गते सोही गाविसका वीरहाँङ चंबाङ, शेखर नाल्कलगायत्का व्यक्तिहरूले मतदान केन्द्रबाट लखेटी खुकुरी प्रहार गरे। एजेन्ट बसेका पीडितहरूलाई धपाएपछि उनीहरूले एकलौटीरूपमा मतदान गरेका थिए।

खोक्लिङ गाविस-६ स्थित मोति माविमा गाउँ परिषद्का लागि भेला भएका डिल्ली प्रसाईंलगायत्का व्यक्तिहरूलाई ०५६ असोज ६ गते दिलेन्द्र वस्नेत, अमृत लिम्बूलगायत्का व्यक्तिहरूले आक्रमण गरी कार्यक्रम हुन दिएनन्। पीडकहरूविरुद्ध सार्वजनिक मुद्दा दायर गरिएको छ।



जनसंख्या	: १२००५३
साक्षरता प्रतिशत	: ४६.९
महिला साक्षरता प्रतिशत	: ३२.५
क्षेत्रफल (वर्ग कि.मी.)	: ३६४६
गाविस/नपा संख्या	: ५०/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: २४४
क्याम्पस/उच्च मावि	: १/३
अस्पताल/स्वास्थ्य चौकी	: १/५१
टेलिफोन लाइन	: १३४
मोटर सडक (कि.मी.)	: २४
प्रहरी कार्यालय संख्या	: १०
हुलाक संख्या	: ५१

सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँस्थित जिल्ला अदालतमा २ सय ७२ थान देवानी, फौज्दारी र सरकारवादी फौज्दारी मुद्दा रहेका छन्। जसमध्ये देवानी मुद्दा १ सय १७ थान रहेकामा ४ थान फैसला भए भने फौज्दारी १ सय ५९ थान रहेकामा २५ थान मात्र फर्स्यौट हुन सक्यो। समयमै मुद्दा फैसला नभएका कारण धेरै दुःख खप्नुपरेको गुनासो पीडितहरूको छ।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	२		२				
गोलीद्वारा हत्या	१	१		१				
कुटपिट	३९	३६	१०	४६				
धम्की	२	२	२	४				
भेला र संगठित हुने अधिकार	४	५		५				
बलात्कार	२		२	२				
बलात्कार प्रयास	२		३	३				
बहुविवाह	१		१	१				
पारिवारिक हिंसा	१		१	१				
जम्मा	५४	४६	१९	६५				
आत्महत्या	७	२	५	७				
दुर्घटनाहरू/विपत्तिहरू	३	४		४				

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा ४ सय ४१ परिवारले आफू भूमिहीन भएकाले जमिन पाउँ भनी निवेदन दिएका छन्। यो वर्ष कम रकम निकासा भएकाले वृद्धहरूलाई केही महिनाको मात्र भत्ता वितरण गरियो। मृत्यु भइसकेकाहरूको नाममा समेत भत्ता निकालेर हिनामिना गरिने गरेको चर्चा छ। प्रौढ शिक्षामा अनियमितता भएको सम्बन्धितहरूले बताएका छन्।

महिला अधिकार

हाङदेवा गाविस-४ का २४ र २२ वर्षीय दुई महिलालाई ०५५ फागुन २१ गते सोही ठाउँका २७ वर्षीय सविन दाहाल र २५ वर्षीय सन्तोष दाहालले बलात्कार गर्ने प्रयास गरे। पीडकहरूलाई जिल्ला अदालतको आदेशमा ५ हजार रुपैयाँ जरिवाना गरी रिहा गरियो।

फुङलिङ गाविस-५ की २५ वर्षीय देवीमाया लिम्बूलाई ०५५ चैत १६ गते मोरङ जिल्ला डाइनिया गाविस-४ घर भई दूरसंचार कार्यालयका प्रमुख रहेका श्रीप्रसाद राजवंशीले बलात्कार गरे। पीडकलाई ३ दिन थुनामा राखी रिहा गरियो।

ढुंगेसाँघु गाविस-२ की १६ वर्षीय एक युवतीलाई ०५६ जेठ १९ गते सोही ठाउँका १९ वर्षीय रणेन्द्र बनेमले घरमै गई बलात्कार गरे। पीडकलाई प्रहरीले एक रात हिरासतमा राखेर रिहा गरे।

फुङलिङ गाविस-५ मा पसल गरी बस्ने २१ वर्षीय एक महिलालाई ०५६ असार १ गते २५ वर्षीय दिलबहादुर लिम्बूले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई थुनामा राखिएको छ।

यस वर्ष यो जिल्लामा एक जनाले बहुविवाह गरेको जानकारीमा आयो, पारिवारिक हिंसाको एक घटनामा एक महिला पीडित भइन्।

अतिरिक्त जानकारीहरु

यस वर्ष २ पुरूष र ५ महिला गरी ७ जनाले आत्महत्या गरे। ३ पुरुषको जलेर र २ जनालाई खोलाले बगाएर मृत्यु भयो। १ जनाको भीरबाट लडेका कारण मृत्यु भयो। व्यक्तिगत कारणले भएका कुटपिटका ३७ वटा घटनामा १० महिला र ३३ पुरुष पीडित भए।

१.५ मोरङ



जनसंख्या	: ६७४८२३
साक्षरता प्रतिशत	: ४७.८
महिला साक्षरता प्रतिशत	: ३५.२
क्षेत्रफल (वर्ग कि.मी.)	: १८५५
गाविस/नपा संख्या	: ६५/१
निर्वाचन क्षेत्र	: ७
विद्यालय	: ६१६
क्याम्पस/उच्च मावि	: १३/१६
अस्पताल/स्वास्थ्य चौकी	: ४/६६
टेलिफोन लाइन	: ९१३५
मोटर सडक (कि.मी.)	: ६०९
प्रहरी कार्यालय संख्या	: ७१
हुलाक संख्या	: ६९

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ९ वटा घटनामा १० जनाको हत्या भयो। जसमध्ये ४ जना महिला थिए। जसमध्ये –

इटहरा गाविस-१ का ४३ वर्षीय देवेन्द्र सार्कीलाई ०५५ माघ ८ गते सोही ठाउँका २९ वर्षीय भक्तबहादुर सार्कीले घरायसी विवाद हुँदा बन्चरो प्रहार गरी हत्या गरे। पीडकलाई गाउँलेहरूले कुटपिट गरी प्रहरीमा बुझाएकोमा उपचार गर्दागर्दै मृत्यु भयो।

वेलबारी गाविस-४ की ३० वर्षीय रमा तिम्सिनालाई ०५५ फागुन २१ गते केराबारी गाविसस्थित देवीझोडा नजिकको चारकोसे झाडीमा घाँस दाउरा लिन गएका बेला केही अज्ञात व्यक्तिले सामूहिक बलात्कार गरी हत्या गरे। पीडकहरू फरार छन्।

सुनसरी जिल्ला पानमारा गाविस-२ घर भई विराटनगर नपा-२ पोखरियामा बस्ने ३५ वर्षीय यमुना घिमिरेलाई ०५६ असार २७ गते आफ्नै पति युवराज घिमिरेले कुटपिट गरेकोमा उपचार गर्दागर्दै साउन ४ गते मृत्यु भयो। पीडकलाई प्रहरीले गिरफ्तार गरी कारागारमा राखेको छ।

जेल र बन्दीहरु

२ सय ५० जना बन्दी क्षमता भएको मोरङ जेलमा ४ सय १२ जना रहेका छन् । तीमध्ये १२ जना महिला र २ सय १९ पुरूष थुनुवा र १८ महिला र १ सय ७३ पुरूष कैद तोकिएका छन्। ३० जना महिला बन्दी रहेका छन्। महिला बन्दीका दुई नाबालक र दुई नाबालिका रहेका छन्। मोरङ र सुनसरीका अभियुक्तहरू राखिने यस जेलमा आस्थाका आधारमा थुनिएका ५ जना रहेका छन्। तीमध्ये १ महिलासहित ४ जनालाई राज्यविरूद्धको अपराधअन्तर्गतको मुद्दामा र एक जनालाई हातहतियार खरखजनाअन्तर्गत मुद्दा लगाई थुनामा राखिएको छ। तीन जनालाई दुई वर्षअघिदेखि कैद नतोकी पुर्पक्षमा राखिएको छ। जेलको भौतिक अवस्था जीर्ण छ। महिला बन्दी गृहको बस्ने ठाउँ वर्षायाममा पानी पसी सुत्नै नहुने स्थिति हुन्छ। पुरूष बन्दी गृहमा चामल राख्ने गोदाम नभएकाले बन्दी भेटघाट कक्षमा खात लगाएर राख्ने गरिएको छ। दीर्घरोगीदेखि सामान्य रोगीसमेतलाई एकै ठाउँमा राखिने गरिएकाले रोग सर्ने गुनासो बन्दीहरूको रहेको छ। औषधी उपचारको व्यवस्था पर्याप्त नभएको, गुणस्तरको कपडा नपाएको, चामल स्तरीय नभएको गुनासो बन्दीहरूको छ। सीपमूलक तालिम दिई सामान उत्पादन गर्न लगाउनुपर्नेमा बन्दीहरू आफैंले आफ्नै पहलमा बुनेका मुढा तथा टोपीको बिक्री वितरणमा समेत जेल प्रशासनले सहयोग नपुर्‍याइदिएको गुनासो गर्छन् ।

यस जेलका ४ सय १५ जना बन्दीहरूले औषधी व्यवस्था, पुस्तकालय जस्ता विभिन्न मागहरू राखी ०५५ माघ १७ देखि २९ गतेसम्म कालो झण्डा र पुतला झुण्ड्याई नारा जुलुस गरे।

त्यसैगरी राम श्रेष्ठ, अशोक सापकोटा, राजेश अग्रवाल, सुरेन्द्र यादवलगायत्का २० जना पुरूष बन्दीहरूले ०५५ फागुन १ गतेदेखि ९ गतेसम्म विभिन्न २६ सूत्रीय माग राखी आमरण अनसन गरे।

गिरफ्तारी र यातना

वयरवन गाविस-७ घर भई विराटनगर उपमनपा-६ बस्ने २५ वर्षीय विद्यार्थी राजेश थापालाई माओवादीको आरोपमा ०५५ फागुन ७ गते राति प्रहरीले गिरफ्तार गरी बेपत्ता पारेकोमा ०५६ वैशाखदेखि सप्तरी कारागारमा राज्यविरूद्धको अपराध मुद्दा लगाई राखेको छ।

महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसमा अध्ययनरत अनेरास्ववियु नगर कमिटीका अध्यक्ष २५ वर्षीय सागर थापा, सदस्यद्वय रमेश भट्टराई तथा राजेन्द्र कार्कीलाई ०५६ भाद्र २८ गते वरगाछी चोकमा कुराकानी गरेर बसेको अवस्थामा हो-हल्ला गरेको आरोपमा प्रहरीले गिरफ्तार गरी एक दिन थुनेर रिहा गरे।

उर्लाबारी गाविस-३ का २० वर्षीय गोविन्द सुवेदीलाई ०५६ असोज २ गते डाइस खेलाएको आरोपमा प्रहरीले गिरफ्तार गरी कुटपिट गर्दा दाहिने हात नै भाँचियो।

प्रहरीले कुटपिट गरी हात नै भाँचिदिएका गोविन्द सुवेदी

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

इन्द्रपुर गाविस-७ का ३५ वर्षीय अमृत बजगाईं र ३६ वर्षीय तुलसा खवासलाई राजनीतिक विवादका कारण ०५५ फागुन १५ गते लेटाङ गाविसका ईश्वरी कोइराला, शिव थापालगायत्का ८-१० जनाले कुटपिट गरे। प्रहरीले

उल्टै पीडित तुलसालाई गिरफ्तार गरेकोमा अर्को दिन रिहा गरियो।

जिल्ला विकास समितिका उपसभापति टुलुराम राजवंशीलाई ०५६ जेठ १४ गते जिविस सदस्य सत्यनारायण चौधरी, हात्तीमुढा गाविसका अध्यक्ष निर्मल तामाङलगायत् १०-१२ जनाको समूहले सद्भावना पार्टीसँग मिलेर एमालेलाई हराएको आरोपमा कुटपिट गरे।

विराटनगर नपा-१७ स्थित साह उद्योग (प्रा.) लि. का महाप्रबन्धक ४५ वर्षीय सज्जनकुमार डालमियालाई ०५६ मदौ ११ गते सोही उद्योगका ४० वर्षीय छेदिलाल कामत र ३५ वर्षीय राजकुमार सार्कीले सुविधा वृद्धि नगरेको आरोपमा आक्रमण गरी घाइते बनाए।

विराटनगर-१४ स्थित चिरफार अर्धसाप्ताहिक पत्रिकाका प्रकाशक भेषराज लोहनी, कार्यकारी सम्पादक खगेन्द्र भण्डारी, प्रधान सम्पादक अखण्ड भण्डारी र सम्पादन सहयोगी टुवल सापकोटालाई ०५६ भाद्र १३ गते होटल मुनकी प्रोपाइटर उर्मिला प्रधानले समाचार प्रकाशित गरेको विषयलाई लिएर करिब १ सय जनाको हुल ल्याइ घेराउ गरेर मार्ने धम्की दिइन्। दुवै पक्षबीच प्रहरी कार्यालयमा मौखिक मिलाप भएको थियो।

विराटनगर नपा-१६ का प्रतिनिधिसभाका सांसद लालबाबु पण्डित र अधिवक्ता चुडामणि आचार्यलाई ०५६ मंसिर ८ गते चुनावी कार्यक्रममा भाग लिन गइरहेको बेला महादेव गाविसमा टुलुराम राजवंशी, कृष्णदेव यादवतलगायत्का व्यक्तिहरूले कुटपिट गरे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जाँत गाविस-८ की ९६ वर्षीय जानुकादेवी खड्कालाई ०५६ जेठ ५ गते आफ्नै छोरा लैनबहादुर खड्का र २२ वर्षीय नातिनी बुद्धमायाले आफूहरूले भनेको चुनाव चिन्हमा मत नहालेको भनी घरबाट निकाले।

टंकी सिनवारी गाविस-७ का ३५ वर्षीय गरीबलाल माझी, ३८ वर्षीय पृथ्वीलाल सरदार र ३३ वर्षीय कुमार सरदारलाई ०५६ जेठ ६ गते नेपाली कांग्रेसका उम्मेदवार हरिनारायण चौधरीका भाइ २२ वर्षीय निलकुमार चौधरी र भतिजा राजकुमार चौधरीले आफ्नो दाजुलाई भोट नहालेको भनी कुटपिट गरे।

इटहरा गाविस-७ का २९ वर्षीय मोहनकुमार गौतमलाई ०५६ जेठ ६ गते उर्लाबारी गाविस-२ का सनम पालुङले आमनिर्वाचनमा स्वतन्त्र सांसद उम्मेदवार पशुपति घिमिरेको मतगणना प्रतिनिधि भएको भनी कुटपिट गरेर दुई वटा दाँत नै झारिदिए। पीडकलाई कुनै कारबाही भएन।

पोखरिया गाविसका उपाध्यक्ष वैधनाथ ऋषिदेवलाई ०५६ मंसिर २३ गते हुने क्षेत्र नं. १ को संसदीय उपनिर्वाचनमा नेकपा (एमाले) को पक्षमा चुनाव प्रचार गर्न हिंडेको अवस्थामा ०५६ मंसिर २० गते नेपाली कांग्रेसका उम्मेदवार आमोद उपाध्यायका छोरा राजीव उपाध्यायको नेतृत्वमा आँपगाछी गाविस-१ का ३५ वर्षीय रामनारायण मण्डल, विमल पोखरेल र ज्ञानबहादुर पोखरेल तथा सोही गाविस-४ का ३२ वर्षीय विजयकुमार मण्डलले अपहरण गरी ०५६ मंसिर २४ गतेमात्र छाडिदिए। पीडकहरूलाई कारबाही भएन।

धार्मिक स्वतन्त्रता

शनिश्चरे गाविस-१ स्थित शरणार्थी शिविरका ८ वर्षीय बालक विष्णुभक्त मैनालीलाई ०५६ असार ५ गते सोही ठाउँका ४० वर्षीय खडानन्द धमलाले हिन्दूको घरमा क्रिश्चियन पसेकाले घर अपवित्र भयो भनी ३० रूपैयाँ र तीन माना चामल जरिवाना तिराए।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	७	५	३	८				
गोलीद्वारा हत्या	१	१		१				
बलात्कारपछि हत्या	१		१	१				
गोलीद्वारा घाइते/हवाई फायर					१			
जेल					२	२०		२०
गिरफ्तारी र यातना					३	५		५
कुटपिट	१२	१४	२	१६				
धम्की	२	५		५	१	१		१
भेला र संगठित हुने अधिकार	२	२		२				
भोक हडताल	५	२९	५	३४				
राजनीतिक स्वतन्त्रता	१	१		१				
धार्मिक स्वतन्त्रता	१	१		१				
भूमिहीन/सुकुम्बासी समस्या					२	५		५
महिला किनबेच	५		१६	१६				
बलात्कार	८		९	९				
बलात्कार प्रयास	३		३	३				
गर्भपतन	२							
आर्थिक अधिकार	१	३	१	४				
अमानवीय व्यवहार	२	२	१	३				
जम्मा	५३	६३	४१	१०४	९	३१		३१
लाश फेला	२	२		२				
आत्महत्या	११	१०	१	११				
दुर्घटनाहरू/विपत्तिहरू	१२	१२	५	१७				

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा एउटा पुनरावेदन र एउटा जिल्ला गरी दुई वटा अदालत रहेका छन्। पुनरावेदन अदालतले मोरङ र सुनसरी गरी दुई जिल्लाको मुद्दा हेर्ने गर्छ। यस वर्ष यहाँको पुनरावेदन अदालतमा २ हजार ३ सय ७४ थान मुद्दा दर्ता भएकामा ७ सय ३३ थान फर्स्यौट भए भने १ हजार ६ सय ४१ थान फर्स्यौट भएनन्। तीमध्ये देवानीतर्फ १ हजार ६ सय २२, सरकारवादी फौजदारी ३ सय ६३ र दुनियावादी फौजदारीतर्फ ३ सय ९० थान मुद्दा दर्ता गरिएका थिए। दुई वर्षअघि वा सोभन्दा अघिदेखि नछिनिएका ३४, एक वर्षदेखि नछिनिएका १ सय २७ र ६ महिनादेखि नछिनिएका सरकारवादी फौजदारी मुद्दा ९२ थान रहेका छन् भने दुई वर्षदेखि नछिनिएका ४६, एक वर्षदेखि नछिनिएका १ सय २४ र ६ महिनादेखि नछिनिएका ६ थान दुनियावादी फौजदारी मुद्दा रहेका छन्। त्यस्तै एक वर्षअघिदेखि २ र ६ महिनाअघिदेखि नछिनिएका ७७ थान ठाडो देवानी मुद्दा छन्।

जिल्ला अदालतमा दुनियावादी देवानी १ सय २ सय १२, सरकारवादी फौजदारीतर्फ २ सय ४४ र दुनियावादी फौजदारीतर्फ ५ सय ५१ थान गरी २ हजार ७ मुद्दा दर्ता भएकोमा ४ सय ४७ थान मात्र फर्स्यौट हुन सके। यस अदालतमा दुई वर्षदेखि नछिनिएका मुद्दाको संख्या २ सय ३१ थान रहेको छ।

सुनसरी जिल्ला सत्तरझोडा गाविस-३ का ३१ वर्षीय जीननारायण साह तेलीलाई ०५६ भदौ १३ गते पुनरावेदन अदालत विराटनगरले चोरी मुद्दामा सफाई दिने फैसला गर्‍यो तर ०५६ मंसिर ७ गते सुनसरी जिल्ला अदालतले चलानी नं. २३७६ को पत्रले पुनः थुनामा राख्ने आदेश दियो।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

रंगेली गाविसका विभिन्न स्थानमा रहेका सुकुम्बासीहरूको ३० वटा टहरा रंगेली इलाका प्रहरी कार्यालयले भत्काइदियो। त्यसरी भत्काउँदा भएको दुईपक्षीय भिडन्तमा प्रहरीलाई ढुंगा हानेको आरोपमा ०५५ फागुन ११ गते गाविस अध्यक्ष विजय शर्मा, इलाका सदस्य शंकर साहलगायत्का व्यक्तिहरूलाई प्रहरीले गिरफ्तार गरी फागुन २७ गते सार्वजनिक अपराधअन्तर्गतको मुद्दा लगाएर साधारण तारेखमा रिहा गरे।

इन्द्रपुर गाविस-५ स्थित ऐलानी जग्गामा बसेका ३५ वर्षीय हरि विश्वकर्मा, ४० वर्षीय तिलक विश्वकर्मालगायत् ५ जना सुकुम्बासीलाई ०५६ भाद्र ९ गते स्थानीय सदिक मियाले उक्त जग्गा छोडाउन कुटपिट गरेकामा उल्टै पीडितहरूलाई नै प्रहरीले गिरफ्तार गरी दुई दिनसम्म थुनामा राख्यो।

महिला अधिकार

इन्द्रपुर गाविस-१ की ४० वर्षीय सुश्री दिलमाया दाहाललाई ०५५ माघ १४ गते सोही ठाउँका ५५ वर्षीय पदमबहादुर पौड्यालले विवाह गर्छु भनी फुक्याएर विक्री गर्ने उद्देश्यले रक्सौल पुर्‍याएकोमा दिलमाया भागेर घर आइन्। पीडकलाई प्रहरीले गिरफ्तार गरे।

खोटाङ जिल्ला दिक्तेल गाविस-१ का १७ वर्षीय नविना राई, १८ वर्षीय सविता राई र १९ वर्षीय पवित्रा राईलाई ०५६ वैशाख २५ गते सोही ठाउँका २० वर्षीय कुली राई, २२ वर्षीय देवीमाया राई र १६ वर्षीय कृष्णकला राईले विक्री गर्ने उद्देश्यले बम्बई लान लाग्दा विराटनगर उमनपा-२२ भन्सारमा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई माइती नेपालमार्फत् आफन्तको जिम्मा लगाइयो भने पीडकहरू थुनामा छन्।

खोटाङ जिल्ला खोटाङ गाविस-३ र ६ का १७ र १९ वर्षीय दुई महिला, दिक्तेलका १६ र २० वर्षीय दुई महिला तथा नूनथलाकी २२ वर्षीय एक महिलालाई ०५६ मंसिर ११ गते बम्बैस्थित वेश्यालयकी ४२ वर्षीय लक्ष्मी राईले विक्री गर्ने उद्देश्यले भारततर्फ लैजाँदै गर्दा विराटनगर उमनपास्थित रानी भन्सारबाट प्रहरीले फेला पारे। पीडकलाई भने फेला पार्न सकेनन्।

गोविन्दपुर गाविस-९ की २२ वर्षीय शर्मिला राजवंशीलाई ०५४ मंसिर १२ गते विराटनगर उमनपा-११ का जोन्द्र मुखिया र उनकै पत्नी अनितादेवी मुखियाले भारतको बम्बै लगेर भारू ३० हजारमा बेचेकोमा ०५६ असार १२ गते पीडित नेपाल आइ प्रहरीमा उजुरी गरिन्। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरी थुनामा राखेको छ।

धनकुटा जिल्ला गोलाखादी गाविस-५ तथा सीमखोला-३ र २ का १६, १८, १९, १७, २० र २६ वर्षीय महिलाहरूलाई ०५६ मंसिर २४ गते गोलाखादी गाविसकी ४८ वर्षीय पवित्रा विश्वकर्माले विक्री गर्ने उद्देश्यले भारततर्फ लैजाँदै गर्दा माइती नेपालको सहयोगमा विराटनगर उमनपास्थित रानी भन्सारबाट प्रहरीले गिरफ्तार गरे। पीडकलाई थुनामा राखिएको छ।

पथरी गाविस-८ की २५ वर्षीय एक महिलालाई ०५५ माघ १७ गते सोही गाविसका हुलाकी ३० वर्षीय दुर्गा दंगालले साँझ बत्ती माग्ने निहुँमा बलात्कार गर्ने प्रयास गरे। पीडितले दाउराले हानेपछि घाइते भएको पीडकलाई प्रहरीले गिरफ्तार गरे।

वयरवन गाविस-८ की २५ वर्षीय एक महिलालाई ०५५ माघ १७ गते पथरी गाविस-१ का २८ वर्षीय विजय लिम्बू र ३० वर्षीय चाउरे लिम्बूले बलात्कार गर्ने प्रयास गरे। पीडकहरू प्रहरी गिरफ्तारीमा परेका छन्।

विराटनगर उमनपा-२१ की ६ वर्षीय एक बालिकालाई ०५६ जेठ २१ गते सोही ठाउँका २४ वर्षीय गोपाल तामाङले आँप खान दिन्छु भनेर लगी बलात्कार गरे। पीडक फरार छ।

गोविन्दपुर गाविस-५ की २ वर्षीय एक बालिकालाई ०५६ असार १ गते सोही गाविस-९ का १६ वर्षीय डम्बर श्रेष्ठले मकैबारीमा लगेर बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा सामान्य तारेखमा छाडिएको छ।

डाँगीहाट गाविस-८ की २० वर्षीय एक युवतीलाई ०५६ असार ३ गतेदेखि आफ्नै फुपूको छोरा २२ वर्षीय बाबुराम

राष्ट्रिय वाणिज्य बैंकले ज्यादति गरेको भनी आमरण अनसनमा बसेका रुद्रबहादुर हुमागाईं (बीचमा)

थापाले बलात्कार गर्दै आएकोमा पीडितको उजुरीले पीडकलाई हाडनाता करणीअन्तर्गत थुनामा राखिएको छ।

विराटनगर उमनपा-१८ की १५ वर्षीय एक महिलालाई ०५६ असार ३० गते भारतको जोगबनीबाट रिक्सामा चढी घरतर्फ आइरहेको बेला सोही ठाउँका २२ वर्षीय मनोज पासवान, २१ वर्षीय भोटेला मिया, २३ वर्षीय विशाल साह, २० वर्षीय राधे साह, २४ वर्षीय लक्ष्मी साहलगायत्का ११ जनाले अपहरण गरी साउन २ गतेसम्म बलात्कार गरे। पीडकहरूलाई थुनामा राखिएको छ।

उर्लाबारी गाविस-४ की १३ वर्षीय एक बालिकालाई ०५६ असार ३२ गते जंगलमा घाँस काटेर फर्कदै गर्दा सोही ठाउँका २० वर्षीय पदमबहादुर लिम्बू र दमक नपा-१७ का २२ वर्षीय देउकुमार लिम्बू तथा अर्को एक अज्ञात व्यक्तिले बलात्कार गरे। पीडकहरूलाई थुनामा राखिएको छ।

इन्द्रपुर गाविस-३ हरैचामोडकी १३ वर्षीय एक बालिकालाई ०५६ साउन ४ गते राति सुतिरहेको बेला आफ्नै बाबु ४१ वर्षीय सूर्यबहादुर कार्कीले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

राजघाट गाविस-६ की ५० वर्षीय एक महिलालाई ०५६ साउन २९ गते घरमा सुतिरहेका बेला सोही ठाउँका २७ वर्षीय हेमकुमार लिम्बूले छुरा देखाइ बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

वयरवन गाविस-८ का क्रमशः ४० र २० वर्षीय आमा-छोरीलाई ०५६ असोज २२ गते जंगलको बाटोबाट आइरहेको बेला सोही गाविस-९ का २२ वर्षीय नवीन राई, २२ वर्षीय कुमार राई र २५ वर्षीय उमेश दाहालले बलात्कार गरे। पीडकहरूलाई सामान्य धरौटीमा रिहा गरियो।

यस जिल्लामा यो वर्ष गर्भपतनको २ वटा घटना जानकारीमा आए।

आर्थिक अधिकार

विराटनगर उमनपा-१९ स्थित विराटनगर जूट मिलका ३२ वर्षीय ध्रुव रोक्का, ३५ वर्षीय मणिराज राई, प्रेमराज श्रेष्ठ, रेणु बुढाथोकीलगायत्का मजदूर कर्मचारीलाई ०५६ मंसिरदेखि पुस १५ गतेसम्म मिल संचालक समितिका अध्यक्ष मनोज उपाध्यायले आवश्यक नभएको भनी आस्थाका आधारमा अवकाश दिई ती ठाउँमा नयाँ मानिस भर्ना गरे।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

उर्लाबारी क्याम्पसका २५ वर्षीय नारायण ढकाल, २२ वर्षीय महेन्द्र अधिकारी, २३ वर्षीय सुश्री कमला दाहाललगायत्का व्यक्तिहरू स्ववियुको निर्वाचन गराइनुपर्ने माग राख्दै ०५५ फागुन २१ गते बिहान क्याम्पस हातामा आमरण अनसन बसे। माग पूरा हुने आश्वासन पाएपछि उक्त कार्यक्रम बन्द गरिएको थियो।

विराटनगर उमनपा-३ का सांसद उम्मेदवार ३५ वर्षीय हरि कोइराला आमनिर्वाचनमा नेकपा (एमाले), नेपाली कांग्रेस र राप्रपाले निर्वाचन आचारसंहिता उल्लंघन गरेको भनी ०५६ वैशाख १ गतेदेखि ६ गतेसम्म आमरण अनसन बसे। सर्वदलीय बैठकपछि अनसन तोडिएको थियो।

रंगेली गाविस-२ का सांसद उम्मेदवार ४५ वर्षीय सुरेशचन्द्र गोयल विभिन्न पार्टीहरूले आमनिर्वाचन ०५६ को आचारसंहिता नमानेको भन्दै ०५६ वैशाख ५ देखि ७ गतेसम्म निर्वाचन कार्यालयअगाडि अनसन बसे। उल्लंघन भएको भए त्यसलाई सुधार्ने निर्णय भएपछि अनसन तोडिएको थियो।

विराटनगर उमनपा-५ का ५० वर्षीय रूद्रबहादुर हुमागाईं राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय बरगाछीले सम्झौता अनुरूपको कार्य नगरेको भन्दै ०५६ वैशाख २३ गतेदेखि जेठ ६ गतेसम्म बैंक परिसरमा आमरण अनसन बसे। बैंकले उनको माग पूरा गर्ने आश्वासन दिएपछि अनसन तोडेका थिए।

विराटनगर जूट मिलका ४५ वर्षीय रघुनाथ साह, ३९ वर्षीय मो शहिद, ३७ वर्षीय धमानन्द संजेललगायत्का ११ जना ०५६ असार २३ गतेदेखि पाकेको तलब भत्ता दिनुपर्ने, मिल संचालन गर्नुपर्ने जस्ता माग राखी आमरण अनसन बसे। अर्थ मन्त्रालयले रकम पठाएपछि उक्त अनसन तोडिएको थियो।

महेन्द्र मोरङ बहुमुखी क्याम्पसका प्रमुख उपेन्द्रकुमार कोइराला र सहायक प्रमुख गोविन्द भण्डारीलाई ०५६ साउन १४ गते शुल्क वृद्धि गरेको विरोधमा स्वतन्त्र विद्यार्थी युनियनका सभापति उपेन्द्र गच्छदारको नेतृत्वमा चार दिनसम्म कार्यालय कोठामै तालाबन्द गरी थुने। ४ दिनपछि वार्ताद्वारा समस्या टुंगिएको थियो।

साह उद्योग प्रालिका महाप्रबन्धक सज्जनकुमार डालमियालाई छेदिलाल कामत र राजकुमार सार्कीले कुटपिट गरेको घटनाप्रति आपत्ति जनाउँदै ०५६ भाद्र १४ गते उद्योग संगठन मोरङले एक विज्ञप्ति प्रकाशित गर्‍यो।

मुन होटलकी प्रोपाइटर उर्मिला प्रधानद्वारा चिरफार पत्रिकाको कार्यालयमा घेराउ गरी पत्रकारहरूमाथि धम्की दिइएको विरोधमा नेपाल पत्रकार महासंघ र प्रगतिशील पत्रकार समूह मोरङले ०५६ भाद्र १५ गते छुट्टाछुट्टै विज्ञप्ति प्रकाशित गरे।

अतिरिक्त जानकारीहरु

मिर्गौलिया गाविस-६ को सलकपुरमा स्थानीय स्वास्थ्य केन्द्रमा दादुरा रोगविरूद्धको खोप दिइएका ११/११ महिनाका मनिषा अधिकारी र विशाल दाहाल तथा ९ महिनाकी रचना दाहालको असार ४ र ५ गते मृत्यु भयो।

यस जिल्लामा यो वर्ष २ पुरूषको लास फेला पर्‍यो। ५ महिला र १२ पुरुष गरी १७ जना दुर्घटनामा परी पीडित भए। एक महिलासहित ११ जनाले आत्महत्या गरेको जानकारीमा आयो। व्यक्तिगत रिसइबीका कारणले भएका कुटपिटका ८ वटा घटना जानकारीमा आयो।

१.६ सुनसरी



जनसंख्या	: ४६३४८१
साक्षरता प्रतिशत	: ४३.५
महिला साक्षरता प्रतिशत	: २९.८
क्षेत्रफल (वर्ग कि.मी.)	: १२५७
गाविस/नपा संख्या	: ४९/३
निर्वाचन क्षेत्र	: ५
विद्यालय	: ३५८
क्याम्पस/उच्च मावि	: ६/८
अस्पताल/स्वास्थ्य चौकी	: ३/४९
टेलिफोन लाइन	: ७४५०
मोटर सडक (कि.मी.)	: ३१३
प्रहरी कार्यालय संख्या	: ४०
हुलाक संख्या	: ५५

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

चिमडी गाविसका ३७ वर्षीय रविलाल चौधरीलाई ट्याक्टरले मान्छे किचेको सम्बन्धमा कुरा गर्न गाउँलेसँग मिलेर ०५६ जेठ २१ गते प्रहरी कार्यालयमा गएको अवस्थामा सो कार्यालयको कम्पाउण्डभित्रै प्रहरीले गोली हानी हत्या गरे।

यस जिल्लामा यो वर्ष व्यक्तिगत कारणले भएका १४ वटा घटनामा १७ जनाको हत्या भयो। जसमध्ये ६ जना महिला थिए।

पकली गाविस-५ मा डेरा गरी बस्ने भारत तरथुंगाकी २५ वर्षीय रेखा मण्डललाई ०५५ फागुन १४ गते आफ्नै पति ३२ वर्षीय किसन मण्डलले शरीरमा मट्टितेल खन्याई आगो लगाएर हत्या गरे। पीडकलाई गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

धरान नपा-१० की ३७ वर्षीय श्रीमाया लिम्बूलाई ०५५ चैत २ गते आफ्नै पति ५१ वर्षीय दलबहादुर सुब्बाले परपुरूषसँग लागेको शंका गरी खुकुरी प्रहार गरी हत्या गरे। पीडकलाई थुनामा राखिएको छ।

नरसिंह गाविस-६ की २१ वर्षीय मीनादेवी यादवलाई ०५६ वैशाख २० गते आफ्नै पति मटन यादव र आफ्नै घरका परिवारहरू गोचरण यादव, भुराई यादव, हरिलाल यादव र हरिमोहन यादवले दाइजो कम ल्याएको निहुँमा हत्या गरे। पीडकहरू फरार छन्।

महेन्द्रनगर गाविस-५ का ६० वर्षीय मनबहादुर राई तथा उनकै छोराहरू ४५ वर्षीय टंकप्रसाद राई र १३ वर्षीय लाखमान राईलाई ०५६ पुस ५ गते राति उनकै परिवारका गर्जमान राईले हत्या गरे। पीडक फरार रहेकै बेला पुस १६ गते जंगलको एक रूखमा झुण्डिएर आत्महत्या गरे।

गिरफ्तारी र यातना

इटहरि नपा-५ की धनकुमारी विश्वकर्मालाई ०५५ पुस १९ गते प्रहरीले हिरासतमा पिनले नङमा घोच्ने जस्ता कडा यातना दिए। त्यसपछि इटहरि बजार ३ दिनसम्म तनावग्रस्त बन्यो। राजनीतिक पार्टी, प्रशासन र नगरपालिकाको आपसी छलफलपछि पीडितलाई औषधोपचार र पीडकलाई विभागीय कारबाही गरिने सहमतिपश्चात् स्थिति शान्त भएको थियो।

भोजपुर जिल्ला याकु गाविस-५ का टेकबहादुर ढकाललाई माओवादी गतिविधिमा संलग्न भई विष्फोटक पदार्थ विष्फोट गराएको आरोपमा ०५५ पुस १९ गते इटहरि नपाबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई धरौटीमा रिहा गरिएको छ।

इटहरि नपाबाट राजन दाहाल, तिलकबहादुर भुजेलगायत्का ९ जनालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५५ माघ १ गते प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई इ.प्र.का. इटहरिको सरकारी कागजातमा आगो लगाएको आरोप लगाइएको छ। पीडितहरूमध्ये शम्भु परियार र राजु राई धरौटी राख्न नसकेकाले थुनामा छन् भने अरू धरौटीमा रिहा भएका छन्।

धरान नपाका २३ वर्षीय नवीन गिरी र २२ वर्षीय अनिल सुब्बालाई माओवादीको आशंकामा ०५५ माघ ४ गते प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई अदालतको आदेशअनुसार जनही २८ हजार रूपैयाँ धरौटी लिइ रिहा गरियो।

इनरूवा नपा-३ का राजु गौतम, सोही नपा-९ का जीवनाथ घिमिरे र मधुवन गाविस-८ का गोपाल नेपाललाई माओवादीको आरोपमा ०५५ फागुन ४ गते प्रहरीले गिरफ्तार गरेकोमा जनही २८ हजार रूपैयाँ धरौटीमा रिहा गरिएको छ।

इनरूवा नपाबाट भूमिदल राई, इन्द्रबहादुर राई, टेकबहादुर राई र निरज तामाङलाई माओवादी गतिविधिमा संलग्न भई इनरूवास्थित जिल्ला प्रशासन कार्यालयमा बम विष्फोट गराएको आरोपमा ०५५ फागुन ४ गते प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई जनही २८ हजार रूपैयाँ माग गरिएकोमा भूमिदल धरौटी राखेर छुटे भने अन्यलाई थुनामा राखियो।

गस्तीमा गएका बेला कुटपिट गरिएका प्रहरी हवल्दार बलबहादुर थापा

दुहवी गाविस-७ बस्ने गोल्छा अर्गनाइजेसनका मजदूर सोमनाथ पहाडीलाई माओवादीको आरोपमा ०५५ फागुन ११ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा यातना दिए। पीडित २८ हजार रूपैयाँ धरौटी राखेर रिहा भएका छन्।

दुहवी गाविस-५ का २२ वर्षीय विष्णु सिग्देल र भोजपुर जिल्ला चम्पे गाविसका २६ वर्षीय नारायण सापकोटालाई माओवादीको आरोपमा ०५६ वैशाख ६ गते प्रहरीले गिरफ्तार गरे। जनही २० हजार रूपैयाँ धरौटी मागिएकोमा नारायण उक्त धरौटी राख्न नसकेकाले थुनामा रहेका छन्।

तनमुना गाविसका ४० वर्षीय त्रिचन्द्र साहलाई ०५६ जेठ १५ गते इलाका प्रहरी कार्यालय दुहबीका इन्स्पेक्टरले विना कारण कार्यालयमा बोलाई सख्त यातना दिएकाले मुख सुन्निएको थियो भने दिनभरि खान पनि दिइएन। पीडितलाई त्यसै दिन छाडियो।

तनमुना गाविस-५ की पंखावती साहलाई ०५६ जेठ १७ गते प्रहरीले विना कारण गिरफ्तार गरी कडा शारीरिक यातना दिएर सोही दिन रिहा गरे।

प्रकाशपुर गाविस-७ का महेन्द्र माझी, भीमबहादुर माझी र शिवचरण माझीलाई ०५६ असार ७ गते चोरीको केसमा प्रहरीले गिरफ्तार गरी कडा यातना दिए। उक्त कार्यको व्यापक विरोध भएपछि प्रहरीले माफी मागी क्षतिपूर्ति दिने कबुल गरे। पीडितलाई एक सातापछि रिहा गरियो।

प्रकाशपुर गाविस-५ का सीताराम कविरथ, विजय कविरथ र निभाइ चन्द्रवंशीलाई ०५६ साउन ३ गते उदयपुर जिल्ला तपेश्वरी गाविसस्थित प्रहरी चौकीका प्रहरीहरूले पाइप चोरेको अभियोगमा गिरफ्तार गरी ३ दिनसम्म कडा शारीरिक यातना दिए।

धरान नपा-४ का ६० वर्षीय शेरबहादुर राई, उनकै छोरा २२ वर्षीय दीपक राई, १८ वर्षीय विद्यार्थी रामकुमार राई र स्थानीय राजनीतिक कार्यकर्ता खगेन्द्र श्रेष्ठलाई सोही ठाउँकी श्यामा रेग्मीको घरमा बम विष्फोट गराएको घटनासँग जोडेर ०५६ साउन १७ गते प्रहरीद्वारा गिरफ्तार गरिएकोमा सख्त यातना दिइ ३ दिनपछि रिहा गरियो। उक्त बम विस्फोटन खम्बुवान मुक्ति मोर्चाले गराएको थियो ।

महेन्द्रनगर गाविस-५ का ३५ वर्षीय गोविन्द थापालाई पानीमा बगेर आएको काठ लिएकोमा चोरेको भनी इलाका वन कार्यालयका वनपालेहरूले कडा शारीरिक यातना दिए। यसको विरूद्ध स्थानीय जनताले ०५६ भदौ १ गते वन कार्यालय नै घेराउ गरेका थिए। पीडितको उपचार वन कार्यालयले गरिदियो।

इनरूवा नपा-९ का विद्यार्थीहरू १८ वर्षीय नवीन निरौला र १९ वर्षीय गुलावचन्द चौधरीलाई ०५६ असोज १७ गते माओवादी पोष्टर टाँसेको आरोपमा प्रहरीले गिरफ्तार गरी एक हप्तापछि रिहा गरे।

धरान नपा भानुचोकबाट २९ वर्षीय गगन पुरीलगायत्का ५ जनालाई ०५६ मंसिर १३ गते राष्ट्रिय गान जलाउने कार्यक्रममा लागेबापत प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई सार्वजनिक मुद्दा लगाएर एक सातापछि तारेखमा रिहा गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

इटहरि इलाका प्रहरी कार्यालयका असई २५ वर्षीय कमलप्रसाद गौतमलाई ०५६ वैशाख ५ गते इटहरि नपा-१ का २० वर्षीय आलोक सुब्बा, हाँसपोसा गाविस-२ का १७ वर्षीय प्रदीप गुरूङ र धरान नपा-१० का २० वर्षीय भूपाल लिम्बूले गस्ती गएका बेला कुटपिट गरे। पीडकहरू धरौटीमा रिहा भएका छन्।

पकलीस्थित इलाका प्रहरी कार्यालयका प्रहरी हवल्दार बलबहादुर थापालाई ०५६ जेठ ११ गते राति गस्तीमा गएका बेला सोही ठाउँका ३८ वर्षीय कुमारी राई, उनका छोरा १६ वर्षीय उमेश राई र उनकै भतिजो २३ वर्षीय राजवीर राईले कुटपिट गरी सख्त घाइते बनाए। राजनीतिक दबाबका कारण पीडकहरूमाथि कुनै कारबाही भएन।

मौलिक अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यहाँको जिल्ला अदालतमा ९ सय ७३ थान देवानी, १ सय ९८ थान सरकारवादी फौजदारी र ४ सय ८७ दुनियावादी मुद्दा परे। विगतदेखि जिम्मेवारी सरिआएका र यस वर्ष दर्ता भएकासमेत जम्मा १ हजार ९ सय ७१ थान मुद्दा फर्स्यौट भए।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

दशौं वर्षअगाडिदेखि कोशी कटानमा परी विस्थापित भएका घर-परिवार सयौंको संख्यामा रहेका छन्। महेन्द्रनगर र प्रकाशपुर गाविसका ऐलानी पर्तीमा बसोबास गरिरहे पनि उनीहरूलाई सरकारले पुनर्बासको व्यवस्था गर्न सकेको छैन। धरान, इटहरि, इनरूवा जस्ता नगरपालिकाका साथै ४७ वटा गाविसमा धेरथोररूपमा सुकुम्बासी रहेका छन्। यस जिल्लामा

सुकुम्बासी समस्या समाधान आयोग गठन भई काम गर्दै रहेको अवस्थामा विवाद उत्पन्न भएपछि काम नै हुन सकेन। अहिले आयोगको कार्यालय नै बन्द रहेको छ। यस जिल्लामा जेष्ठ, असहाय, विधवा र अपांग गरी ६ हजार ८ सय ६२ जना रहेको तथ्यांक जिविसबाट प्राप्त भएको छ। दिनुपर्ने जति रकम निकासा नभएका कारण सबैलाई जेष्ठ, असहाय भत्ता वितरण गर्न नसकिएको पनि जिविस सभापति अरविन्द मेहताले बताउनुभएको छ। सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत यस पटक ३० लाख २३ हजार ६ सय ५० रूपैयाँ प्राप्त भएकोमा ३० लाख १५ रूपैयाँ सम्बन्धित गाविसहरूमा निकासा भइसकेको छ।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१४	११	६	१७				
गोलीद्वारा हत्या					१	१		१
बम प्रहारबाट घाइते	१	१		१				
गिरफ्तारी र यातना					१६	४०	३	४३
कुटपिट	३०	३३	३	३६				
धम्की	३	३	१	४	१	१		१
भेला र संगठित हुने अधिकार	२	१		१				
स्वतन्त्र र निष्पक्ष चुनाव	२	२		२				
महिला किनबेच	४		४	४				
बलात्कार	१२		१२	१२				
पारिवारिक हिंसा	१		१	१				
बहुविवाह	६		६	६				
महिला भएकै दिइने यातना	२		२	२				
गर्भपतन	१		१	१				
बाल अधिकार	१	१		१				
जम्मा	७९	५२	३६	८८	१८	४२	३	४५
लाश फेला	१		१	१				
आत्महत्या	४०	२०	२०	४०				
चोरी/डकैती	२	२		२				
दुर्घटनाहरू/विपत्तिहरू	१०	६	४	१०				

महिला अधिकार

धरान नपा-८ की ३० वर्षीय भनी तामाङलाई ०५५ फागुन ५ गते सोही नपा-१३ की २० वर्षीय निशा तामाङ र ३५ वर्षीय शान्ति श्रेष्ठले बिक्री गर्न लाग्दा प्रहरीले गिरफ्तार गऱ्यो। निशा २ हजार ५ सय रूपैयाँ धरौटी राखी रिहा भएकी छिन् भने शान्तिलाई साधारण तारेखमा रिहा गरियो।

धरान नपा-१५ बाभ्फगराकी १५ वर्षीय एक बालिकालाई ०५५ फागुन १९ गते सोही नपाकी २३ वर्षीय रूपा तामाङले भारतको सिलगुढीमा लगेर बेच्न लाग्दै गर्दा प्रहरीले गिरफ्तार गरे। पीडकलाई थुनामा राखिएको छ।

धरान नपा-३ की १७ वर्षीय एक महिलालाई ०५६ वैशाख ६ गते विराटनगर उमनपा-१२ का ३१ वर्षीय विजय शर्माले बिक्री गर्ने उद्देश्यले भारत लाँदा प्रहरीले गिरफ्तार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

झापा जिल्ला सुरूंगा-५ की १८ वर्षीय मुना भुजेललाई ०५६ भदौ १५ गते काठमाडौंमा गलैंचा मजदूरी गर्ने ४८ वर्षीय राजकुमार चौधरी, उनकी पत्नी २८ वर्षीय देवीमाया कार्की र उदयपुर जिल्लाका श्याम पौडेलले बिक्री गर्ने उद्देश्यले भारततर्फ लैजाँदै गर्दा भन्टाबारीस्थित प्रहरी चौकीले गिरफ्तार गऱ्यो। पीडकहरूलाई गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

पूर्व कुसाहा गाविस-८ की ७ वर्षीय एक बालिकालाई ०५५ माघ १८ गते सोही ठाउँका १७ वर्षीय मुस्तम मियाले बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

पूर्व कुशाहा गाविस-८ की ७ वर्षीय एक बालिकालाई ०५५ माघ १९ गते सोही ठाउँका १८ वर्षीय मोहम्मद मुस्ताकले बोकेर केही पर खेतमा लगी बलात्कार गरे। पीडकलाई स्थानीय व्यक्तिहरूले समाती प्रहरीमा बुझाएकोमा थुनामा राखिएको छ।

इटहरि नपा-२ की २३ वर्षीय एक महिलालाई ०५५ माघ २५ गते हाँसपोसा गाविसका २२ वर्षीय मनोज लिम्बू र २० वर्षीय उद्धव वनलगायत्का ४/५ जनाले उनका पतिलाई कुटपिट गरी हात बाँधिदिएर बलात्कार गर्ने प्रयास गरे। पीडकहरूलाई तारेखमा रिहा गरियो।

धरान नपा-९ की ६ वर्षीय एक बालिकालाई ०५५ चैत २० गते सोही नपाका १३ वर्षीय मुन्ना मिया र १४ वर्षीय अगवर मियाले बलात्कार गरे। पीडकहरूलाई अदालतको आदेशमा साधारण तारेखमा रिहा गरिएको छ।

हरिनगरा गाविस-७ की ३ वर्षीय एक बालिकालाई ०५६ वैशाख ५ गते गौतमपुर गाविस-४ का २० वर्षीय विनोदकुमार भगतले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

बक्लौरी गाविस-३ की १२ वर्षीय एक बालिकालाई ०५६ जेठ ६ गते सोही ठाउँका २२ वर्षीय नन्दकुमार झाले बलात्कार गरे। पीडक फरार छ।

इटहरि नपा-७ की ४ वर्षीय एक बालिकालाई ०५६ जेठ १४ गते आफ्नै छिमेकी १७ वर्षीय प्रदीप चौधरीले बलात्कार गरे। बालिका रक्ताम्य भएर रूँदै गरेपछि पीडक भाग्न लाग्दा स्थानीय वासिन्दाले समातेर प्रहरीमा बुझाएका थिए। पीडक थुनामा छ।

भरौल गाविस-५ की १२ वर्षीय एक बालिकालाई ०५६ जेठ १६ गते जंगलमा च्याउ टिप्न गएको अवस्थामा सोही ठाउँका

२३ वर्षीय नवीन राईले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

खनार गाविस-५ की १४ वर्षीय एक बालिकालाई ०५६ भदौ १२ गते सोही ठाउँका कर्मुल मिया, हविबुल मिया, नाजो मिया र मुर्तुभा मियाले सामूहिक बलात्कार गरे। पीडकहरूलाई गिरफ्तार गरी थुनामा राखिएको छ।

इटहरी नपा-५ मा मागेर हिँड्ने अन्दाजी ४५ वर्षीय लाटी महिलालाई ०५६ भदौ २१ गते सोही ठाउँका ३५ वर्षीय राजकुमार मगरले बलात्कार गरे। पीडक फरार छ।

धरान नपा-१५ की ५ वर्षीय एक बालिकालाई ०५६ कात्तिक ५ गते सोही ठाउँका १४ वर्षीय अनिल भुजेलले बलात्कार गरे। अनिललाई प्रहरीले गिरफ्तार गरेकोमा ०५६ कात्तिक १९ गते जिल्ला अदालतले नाबालक भएका कारण साधारण तारेखमा छाड्ने आदेश दियो।

वराहक्षेत्र गाविस-६ की ४ वर्षीय एक बालिकालाई ०५६ पुस ३ गते सोही ठाउँका १८ वर्षीय दिलिप भुजेलले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

यस वर्ष यस जिल्लामा ६ जनाले बहुविवाह गरेको जानकारीमा आयो। पारिवारिक हिंसाका १ घटनामा १ महिला पीडित भइन्। गर्भ पतनको एउटा घटना जानकारीमा आयो। जसमध्ये-

पकली गाविस-९ की २९ वर्षीय फूलकुमारी चौधरीलाई ०५६ साउन २९ गते ससुरालीले दिएको जग्गा बेच्न नदिएको भनी आफ्नै पति ३९ वर्षीय गोविन्द चौधरी, सासू र ससुरा सबै मिलेर कुटपिट गरे। दुवै पक्षबीच मिलापत्र भएको छ।

आर्थिक अधिकार

रिजाल तासी इण्डष्ट्रिज प्रालिलाई अदालतले त्यहाँ कार्यरत् मजदूरहरूलाई स्थायी गर्न आदेश दिँदा पनि अहिलेसम्म नगरेको भनी त्यहाँका मजदूरहरूले बारम्बार आन्दोलन गर्दै आएका छन्। श्रम कार्यालय, विराटनगरले ०५६ जेठ १३ गते निर्णय कार्यान्वयन गर्न भनी पत्रद्वारा ताकेता गरे पनि अझै पनि निर्णय कार्यान्वयन भएको छैन। उल्टै आन्दोलन गरेको आरोपमा ४ जनालाई जागिरबाटै निकालियो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

०५६ जेठ ३ गते सम्पन्न भएको आमनिर्वाचनमा सुनसरीको क्षेत्र नं. ४ र ५ मा धाँधली भएको भनी नेकपा (एमाले) सुनसरीले जेठ ७ गते पत्रकार सम्मेलनको आयोजना गरी विरोध जनायो।

अतिरिक्त जानकारीहरु

यस वर्ष यस जिल्लामा ४० जनाले आत्महत्या गरे। आत्महत्या गर्नेमा २० जना महिला र २० जना पुरूष रहेका छन्। ३ जनाको दुर्घटनामा परेर मृत्यु भयो। पानीमा डुबेर ५ जना मरे र २ जनाको करेन्ट लागेर मृत्यु भयो। यस वर्ष व्यक्तिगत रिसइवीका कारणले भएका कुटपिटका २८ घटनामा ३१ पुरूष र ३ महिला पीडित भए।

१.७ धनकुटा

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ४ घटनामा १ महिला र ३ पुरूषको हत्या भयो। त्यसरी हत्या हुनेहरूमा ३ जना नवजात शिशु पनि थिए। जसमध्ये-

धनकुटा नपा-३ का २१ वर्षीय रणबहादुर बस्नेतलाई ०५६ भदौ १८ गते सोही ठाउँका १७ वर्षीय डम्बरबहादुर राई र १६ वर्षीय महेन्द्र राईले हत्या गरे। पीडकहरू पीडितकहाँ चोरी गर्नको लागि घरभित्र पसी हत्या गरेका थिए। पीडकहरूलाई पुर्पक्षका लागी थुनामा राखिएको छ।

जेल र बन्दीहरु

धनकुटा जेल वि.स. ०४५ सालको भूकम्पले ध्वस्त भएपछि पहिले जिल्ला अदालत रहेको एउटा कोठा कार्यालयको प्रशासन र अर्को एक कोठा जेलको रूपमा प्रयोग भइरहेको छ। घ श्रेणीको यस जेलमा बन्दी १५ जना र थुनुवा २ जना गरी १७ जना रहेका छन्। ३५ जना क्षमता भएको यस जेलमा महिला बन्दी रहेका छैनन्। राजनीतिक बन्दी, विद्यार्थी नेता तथा मानसिक असन्तुलन भएका व्यक्तिसमेत सबै एउटै कोठामा बस्नुपर्दा बसाई साह्रै कष्टकर भएको गुनासो बन्दीहरूको छ। जेलमा घाम ताप्न नपाउँदा चिसोले जीउ सुन्निने र चिलाउने रोगले धेरै बन्दी पीडित बनेका छन्। बन्दीहरूले टोपी र मुढा प्रशस्त बुने पनि बजार नपाएको गुनासो उनीहरूको छ। एउटा सानो पुस्तकालय रहेको यस जेलमा पत्रिकाको व्यवस्था भने छैन। ३ वटा धारा र ३ वटा चर्पी रहेको यस जेलमा मासिकरूपमा स्वास्थ्य परीक्षण गर्ने व्यवस्था छ।

०५६ मंसिर १ गते धनकुटा जेलका बन्दीहरूले विभिन्न माग राखी जेलभित्र कार्यक्रमको आयोजना गरे भने जेलरसमक्ष मागपत्र बुझाए।

गिरफ्तारी र यातना

सुनसरी जिल्ला इटहरि नपा-४ सृजनाचोकका २३ वर्षीय ओमप्रकाश ढकाललाई माओवादी भएको आशंकामा ०५५

फागुन २ गते धनकुटा नपा-१ हिले बजारबाट प्रहरीले गिरफ्तार गरी हत्कडीसमेत लगाएर यातना दिए।

खोटाङ जिल्ला जाल्पा गाविस-१ का ३८ वर्षीय सुरेन्द्रप्रसाद भट्टराईलाई ०५६ भदौ २२ गते मुढेबास गाविसका अध्यक्षको घरबाट प्रहरीले अनुसन्धानको नाममा विना पूर्जी विना कारण गिरफ्तार गरी यातना दिए। पीडितलाई ४८ घण्टा हिरासतमा रास्वेर रिहा गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

धनकुटा नपा-३ का मानप्रकाश खड्कालाई ०५६ साउन ७ गते ट्राफिक प्रहरी हवल्दार अविराम योगीले कुटपिट गरे। पीडकले सबैका सामु माफी मागेपछि उक्त घटना सामसुम भएको थियो।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

अ.ने.रा.स्व.वि.यू. (छैटौं) का केन्द्रीय अध्यक्ष २८ वर्षीय कृष्ण अधिकारी र धनकुटा जिल्ला कमिटी सदस्य २३ वर्षीय मातृका राईलाई राष्ट्रिय गान जलाएको आरोपमा ०५६ असोज २० गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ०५६ पुस १६ गते छाडियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा जिल्ला र पुनरावेदन गरी दुई वटा अदालत रहेका छन्। पुनरावेदन अदालतमा ३ वर्षदेखि नछिनिएका मुद्दाहरूमा देवानीतर्फ ३ र दुनियावादी फौज्दारी १ गरी ४ थान मुद्दा रहेका छन्। त्यसैगरी २ वर्षदेखि छिनिन नसकेका विभिन्न शीर्षकका गरी ९६ थान मुद्दा रहेका छन्। एंक वर्षदेखि नछिनिएका मुद्दाहरू १३० थान रहेका छन् भने ६ महिनादेखि नछिनिएका मुद्दाको संख्या १४५ थान रहेका छन्। जिल्ला अदालततर्फ ३ वर्ष नाघेको मुद्दा एउटा पनि छैन भने २ वर्षदेखि छिनिन नसकेका मुद्दाको संख्या ९ रहेका छन्। १ वर्षदेखि छिनिन नसकेका मुद्दा यस अदालतमा ३७ थान रहेका छन्।

मालपोत कार्यालयमा २६१ थान मुद्दामध्ये १२० थान मुद्दा फर्स्यौट भयो। यस कार्यालयमा वि.स. ०३५ साल देखि छिनिन नसकेका मुद्दा पनि रहेका छन्। वन कार्यालयमा ०४६ सालदेखि दर्ता भएका ४ थान मुद्दामध्ये कुनै पनि फर्स्यौट हुन सकेका छैनन्।



जनसंख्या	: १४६३८६
साक्षरता प्रतिशत	: ४९
महिला साक्षरता प्रतिशत	: ३३.५
क्षेत्रफल (वर्ग कि.मी.)	: ८९१
गाविस/नपा संख्या	: ३५/1
निर्वाचन क्षेत्र	: २
विद्यालय	: २७०
क्याम्पस/उच्च मावि	: ४/३
अस्पताल/स्वास्थ्य चौकी	: १/३७
टेलिफोन लाइन	: ७८९
मोटर सडक (कि.मी.)	: ९९
प्रहरी कार्यालय संख्या	: २३
हुलाक संख्या	: ३७

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा गठित सुकुम्बासी आयोग विघटन भइसकेको छ भने नयाँ गठन हुन सकेको छैन। पुरानो आयोगले पनि खासै केही समस्या समाधान गर्न सकेको छैन। यस जिल्लामा जेष्ठ नागरिक, विधवा र अशक्त गरी ३ हजार ५ सय ७८ जना रहेका छन्। जेष्ठ नागरिक, अशक्तहरूलाई ६ महिनाको मात्र भत्ता वितरण गरिएको छ।

महिला अधिकार

धनकुटा नपा-६ की १८ वर्षीय सुश्री अनिता खड्गीलाई ०५६ साउन १७ गते मोरङ जिल्लाको केराउन गाविस-५ की १८ वर्षीय साबु भन्ने सञ्चिता रूचालले केटाको रूप धारण गरी विवाह गर्ने बहाना बनाई बेच्ने मनसायले लगिरहँदा प्रहरीले गिरफ्तार गरे। प्रहरीले सामान्य केस भनी पीडकलाई छाडिदिएको गुनासो पीडित पक्षको छ।

राजारानी गाविस-८ की ४ वर्षीय एक बालिकालाई ०५५ पुस २१ गते मोरङ जिल्ला केराबारी गाविस-८ मुगु घर भई मामाघरमा बस्दै आएका १८ वर्षीय दुर्गा लिम्बूले बलात्कार गर्ने प्रयास गरे। त्यसपछि पीडक त्यहाँबाट फरार भयो।

राजारानी गाविस-६ कटुवाल गाउँकी ४ वर्षीय एक बालिकालाई ०५५ चैत ४ गते सोही ठाउँका १५ वर्षीय सुदिन्द्र यास्वाले बलात्कार गर्ने उद्देश्यले यौन दुर्व्यवहार गरे। प्रहरीले पीडकलाई गिरफ्तार गरेकोमा दुवै पक्षबीच स्थानीयस्तरमा मिलापत्र गरिएपछि रिहा गरियो।

धनकुटा नपा-१ हिलेकी १४ वर्षीय एक बालिकालाई ०५६ असार २६ गते कास्की जिल्ला पोखरा घर भई सैनिक क्याम्प हिलेमा कार्यरत् सैनिक कृष्णप्रसाद रेग्मीले बलात्कार गरे। पीडकले आमासँगै रहेकी बालिकालाई जवर्जस्ती बोकेर लगी बलात्कार गरेका थिए। पीडकलाई सैनिक कानूनअन्तर्गत कारबाही भई सेवाबाट बर्खास्त गरियो।

यस वर्ष यो जिल्लामा एक जनाले बहुविवाह गरेको जानकारीमा आयो।

हात्तीखर्क गाविस-९ का ४२ वर्षीय तोर्णबहादुर कार्कीले घरमा पत्नी हुँदाहुँदै आफ्नै छोरीकी १५ वर्षीय मितिनीसँग ०५६ वैशाख २१ गते बिहे गरे। ३ छोरा र १ छोरी तथा पत्नीलाई छाडेर उनी कान्छी पत्निसँग बसेका छन्।

केटाको रूप धारण गरी केटीलाई विवाह गर्ने निहुँमा बेच्न प्रयास गर्ने सञ्चिता रूचाल

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	४	३	१	४				
गिरफ्तारी र यातना					२	२		२
कुटपिट	९	९	१	१०	१	१		१
भेला र संगठित हुने अधिकार					१	२		२
बलात्कार					१		१	१
बलात्कार प्रयास	२		२	२				
बहुविवाह	१		१	१				
आतंक	१	३		३				
अमानवीय व्यवहार	२	३	१	४				
जातीय छुवाछूत	१		१	१				
जम्मा	२०	१८	७	२५	५	५	१	६
आत्महत्या	१४	६	८	१४				
दुर्घटनाहरू/विपत्तिहरू	९	७	२	९				

बालअधिकार (बालबालिकाउपरको अत्याचार)

धनकुटा नपा-५ तल्लो कोप्चेस्थित तुलसी मेहर मेमोरियल इंग्लिस स्कूलका कक्षा ५ मा पढ्ने विद्यार्थी पेशल वाग्लेलाई ०५६ जेठ १२ गते सोही विद्यालयका शिक्षक हरराम सिंहले आफूलाई व्यंग्य गरेको आरोपमा कुटपिट गरी सख्त घाइते बनाए। पीडकलाई सबै मिली माफी मगाइएको थियो।

मानवअधिकारसम्बन्धी अन्य सवालहरु

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूतसमेत

नेपाल दलित संघका जिल्ला सचिव हरिकुमार दियालीलाई ०५६ वैशाख २ गते कृषि विकास बैंकका कर्मचारी डिल्लीराम घिमिरेले तल्लो जात भनी कार्यालयको सार्वजनिक धारामा पानी खानबाट वञ्चित गरी गाली बेइज्जतिसमेत गरे। आइन्दा यस्तो नगर्ने भन्ने समझदारी भएपछि उक्त घटना सामसुम भएको थियो।

मूर्तिढुंगा गाविस-६ का मानबहादुर भण्डारी, मनबहादुर भण्डारी र सिद्धबहादुर भण्डारीलाई ०५६ कात्तिक ३ गते स्थानीय गाउँलेले आमाको किरिया बस्न नदिई गाउँबाटै लखेटे। सिद्धबहादुरले आफ्नै बहिनीसँग यौन सम्बन्ध राखेको आरोपमा उनीहरूलाई त्यस्तो व्यवहार गरिएको थियो। पीडकहरूमध्ये टंकबहादुर भण्डारी, चित्रबहादुर भण्डारी, पूर्णबहादुर भण्डारीसहितका व्यक्तिहरूलाई कात्तिक २० देखि मंसिर ७ गतेसम्म थुनामा राखी ५-५ हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

सार्वजनिक धारामा पानी खानबाट वञ्चित हरिकुमार दियाली

धनकुटा-३ स्थित कचिडेकी १६ वर्षीय पूर्णकुमारी कोइरालालाई ०५६ भदौ २७ गतेदेखि उनकै आमा सीता कोइराला, वावु भूषण कोइराला तथा धामी हुसेन रगले पागलपनको उपचार गर्न भनी तुरूङमा हालेर यातना दिए। स्थानीय गाउँलेहरूले थाहा पाएर दबाब दिएपछि उनलाई ०५६ मंसिर २ गते तुरूङबाट झिकिएको थियो।

अतिरिक्त जानकारीहरु

यस जिल्लामा यस वर्ष सवारी दुर्घटनाका ३ घटना भए। एक प्रहरीले ड्युटीमै रहेको बेला आफैंलाई गोली हानी आत्महत्या गरे। यसबाहेक ८ महिला र ५ पुरूषले आत्महत्या गरे। पौडी खेल्ने क्रममा २ जनाको डुबेर मृत्यु भयो। पहिरोमा परेर ३ जनाको मृत्यु भयो। व्यक्तिगत रिसइवीका कारण भएका कुटपिटका ९ घटनामा ९ पुरूष र १ महिला पीडित भए।

पागलपनको उपचार गर्न भनी तुरुङमा हालेर यातना दिइएकी पूर्णकुमारी कोइराला



आमाको किरिया बस्न नदिई लखेटिएकाहरु

१.८ तेह्रथुम

जनसंख्या	: १०२८७०
साक्षरता प्रतिशत	: ५४.६
महिला साक्षरता प्रतिशत	: ३७.८
क्षेत्रफल (वर्ग कि.मी.)	: ६७९
गाविस/नपा संख्या	: ३२/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २०५
क्याम्पस/उच्च मावि	: २/७
अस्पताल/स्वास्थ्य चौकी	: १/३२
टेलिफोन लाइन	: २२८
मोटर सडक (कि.मी.)	: २६
प्रहरी कार्यालय संख्या	: १३
हुलाक संख्या	: ३४

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ३ वटा घटनामा ४ जनाको हत्या भयो। जसमा २ महिला र एक ४ वर्षे बालक पनि रहेका छन्।

जलजले गाविस-४ का ४५ वर्षीय शरणबहादुर खापुङ र उनकै पत्नी ३६ वर्षीय धनमाया खापुङलाई साँध सिमानामा रहेको घाँससम्बन्धी विवादका कारण ०५५ माघ १८ गते सोही ठाउँका सम्बर खापुङले भाला प्रहार गरी हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

"च" श्रेणीको तेह्रथुम जेल ३ रोपनी ११ आना ३ पैसा जमिनमा फैलिएको छ। यस जेलमा पुरूषका लागि घुमफिर गर्ने व्यवस्था छ भने महिला बन्दीहरू यस सुविधाबाट वञ्चित छन्। सरसफाईका हिसावले राम्रो रहेको यस जेलमा खानेपानीका लागि २ वटा धारा जडान गरिएका छन्। यस जेलमा कैद नतोकिएका थुनुवाहरूमा ३ महिलासहित १० जना रहेका छन्। ३० जनाको क्षमता भएको यस जेलमा ३३ जना रहे पनि उनीहरूको खासै असन्तुष्टि रहेको पाइन्न। दैनिक ७०० ग्राम चामल र १५ रूपैयाँ पाउने यहाँका बन्दीहरू त्यतिले आफ्नो पेट नभरिने गुनासो गर्छन्। रेडियो र टीभी नभएको यस जेलमा ढाका कपडा बुनेर केही बन्दीहरू थप आम्दानी गर्ने गर्छन्। जेलर दशरथ रूम्जाली जेल प्रशासनले गर्न सक्ने बन्दीहरूको कुनै माग पूरा गर्न बाँकी नराखेको बताउनुहुन्छ। पानी परेको बेला ढाका बुन्ने काम बन्द गर्नुपर्ने बाध्यता भएकाले यसका लागि ठाउँ उपलब्ध हुनुपर्ने माग बन्दीहरूको छ।

गिरफ्तारी र यातना

मोरङ जिल्ला केराउन गाविस-९ का ३३ वर्षीय तुलसी सुवेदीलाई ०५६ जेठ १२ गते आफ्नो मान्छे भेट्न ओख्रे गाविसमा गएको अवस्थामा प्रहरीले विना पूर्जी गिरफ्तार गरी भोलिपल्ट कागज गराइ रिहा गरे।

फाक्चामारा गाविसका वीरबहादुर सिन्चुरीलाई ०५६ कात्तिक ६ गते कुटपिटको झगडाका कारण प्रहरीले गिरफ्तार गरेकोमा सख्त यातना दिए। झगडा हुँदा वीरबहादुरले नै कुटाइ खाएकोमा उल्टै प्रहरीले उनीसँग जवर्जस्ती २ हजार रूपैयाँ लिएर कसैलाई यो कुरा भनेमा फेरि चौकीमा ल्याई यातना दिने धम्कीसमेत दिए।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जिरिखिम्ति गाविसका स्वयं सिजागू, नारायणप्रसाद आचार्यलगायत्का १४ जनालाई ०५६ वैशाख २० गते वसन्तपुरको क्षेत्रीय चुनावी सभामा सहभागी भई फर्किरहेका बेला सोही गाविस-९ स्थित सिस्ने खोलामा राजनीतिक प्रतिशोधका कारण विश्वनाथ गौतम, नारायणप्रसाद भट्टराईलगायत्का व्यक्तिहरूले आक्रमण गरी ज्यानमार्ने धम्की दिए।

वसन्तपुर गाविस-४ मा नेकपा (माले) का प्रेमकुमार भण्डारी, मनकुमार गौतम, हेम पौडेललगायत्का व्यक्तिहरूलाई राजनीतिक प्रतिशोधका कारण ०५६ वैशाख २० गते म्याङलुङबाट वसन्तपुरतर्फ आइरहेका बेला नेकपा (एमाले) का कार्यकर्ताहरूले आक्रमण गरे।

जिरिखिम्ति गाविस-८ का नेपाली कांग्रेसका कार्यकर्ता २८ वर्षीय लाक्षिरी शेर्पालाई ०५६ वैशाख २८ गते नेकपा (माले) का जिल्ला सदस्य कालीबहादुर सिंजागू, गाविस उपाध्यक्ष रेन्जीलाक्पा शेर्पा, पासाङ शेर्पालगायत्का २०/२५ जनाले कुटपिट गरी घाइते बनाए। पीडितलाई उपचारका लागि अस्पताल लगियो भने पीडकहरूलाई प्रहरीले गिरफ्तार गरी मिलापत्र गराए।

मौलिक अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा ३ वर्षदेखि छिनिन नसकेका मुद्दाहरू रहेका छैनन्। २ वर्षदेखि छिनिन नसकेका मुद्दाको संख्या ४ रहेको छ। जसमा देवानी २ र फौजदारी २ थान रहेका छन्। एक वर्षदेखि छिनिन बाँकी मुद्दाको संख्या भने १३ थान रहेको छ। ६ महिनादेखि छिनिन नसकेका मुद्दा यस अदालतमा ९२ थान रहेका छन्। ६ महिना पुगेका मुद्दामा फौजदारी २२,

भाला प्रहारबाट हत्या गरिएकी धनमाया खापुङ

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	२	२	४				
गिरफ्तारी र यातना					२	२		२
कुटपिट	६	५	२	७				
धम्की	३	१८	१	१९				
भेला र संगठित हुने अधिकार	१	१		१				
बलात्कार	१		१	१				
बलात्कार प्रयास	१		२	२				
बहुविवाह	२		२	२				
पारिवारिक हिंसा	१		१	१				
जम्मा	१८	२६	११	३७	२	२		२
लाश फेला	२	२		२				
आत्महत्या	१	१		१				
दुर्घटनाहरू/विपत्तिहरू	९	१८	२	२०				

सरकारवादी ६, देवानी ६४ थान रहेका छन्। यसैगरी ३ महिना पुगेका मुद्दाको संख्या ३ छ भने ३ महिना पनि नपुगेका १० थान मुद्दा रहेका छन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा करिब ८ सय सुकुम्बासी रहेको अनुमान गरिएको छ। वास्तविक तथ्यांक कतैबाट पनि उपलब्ध हुन सकेको छैन।

महिला अधिकार

म्याङलुङ गाविस-३ की १४ वर्षीय र १६ वर्षीय दुई युवतीलाई ०५५ पुस २० गते पिप्ले गाविस-३ का १८ वर्षीय हेमसागर कोइराला र सोही गाविस-६ का १५ वर्षीय हर्कबहादुर बुढाथोकीले बलात्कार गर्ने प्रयास गरे। जिल्ला प्रहरी कार्यालयमा उजुरी हालिएकोमा दुवै पक्षबीच मिलापत्र भएको छ।

शशिबु गाविस-४ की एक १२ वर्षीय बालिकालाई ०५५ फागुन २१ गते सोही गाविसका २० वर्षीय तारा घिमिरेले बलात्कार गरे। पीडित पक्षबाट उजुरी परेको छ भने पीडक फरार छ।

यस वर्ष यो जिल्लामा २ जनाले बहुविवाह गरेको जानकारीमा आयो। पारिवारिक हिंसाको एक घटनामा एक महिला पीडित भइन्।

मानवअधिकारसम्बन्धी अन्य सवालहरु
(दासत्व, कमैया, बाँधा, हलिया आदि)

यो जिल्लाभर करिब ९५ जना हली छन्। साह्रै न्युन आम्दानी हुने यी हलीहरू जोत्ने, खन्ने काममा व्यस्त रहन्छन्। तोकिएको पारिश्रमिक पाए पनि पारिश्रमिक पर्याप्त नभएको तर बाध्यताका कारण हली बस्नुपरेको उनीहरू बताउँछन्।

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइवीबाट भएका कुटपिट तथा ज्यानमार्ने धम्कीका ६ वटा घटनामा ५ पुरूष र ३ महिला गरी ८ जना पीडित भए। एक पुरूषले आत्महत्या गरे। रूखबाट लडेर १, रूखले किचेर १, ढुंगाले च्यापेर १ र भिरबाट लडेर १ जनाको मृत्यु भयो। आगलागीका दुई घटनामा १ जनाको मृत्यु भयो। २ पुरूषको लास फेला पऱ्यो।

१.९ भोजपुर

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या : गोली

झुल्के गाविस-४ की ४२ वर्षीय सावित्री निमिल्सिनालाई ०५५ पुस ३० गते बेलुका आफ्नै घरको पिंढीमा छिमेकीसँग गफ गरिरहेको अवस्थामा अज्ञात व्यक्तिहरूले गोली हानी घाइते बनाए। पीडकहरू माओवादी भएको आशंका गरिएको छ।

वास्तिम गाविस-४ की १८ वर्षीय अनीता प्रधानलाई ०५६ साउन ३० गते गस्तीमा गएका प्रहरी हवल्दारले लिएको बन्दूक पड्किएर गोली लाग्दा सख्त घाइते भइन्। पीडितको उपचार सरकारी श्रोतबाट गरियो। पीडकलाई निलम्बन गरिएकोमा फुकुवा भइसकेको छ।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ६ घटनामा ६ जनाको हत्या भयो। जसमध्ये एक महिला र एक १० वर्षीय बालिका थिए। तीमध्ये-

बासीखोरा गाविस-३ का ५७ वर्षीय नरबहादुर राईलाई ०५६ कात्तिक २० गते आफ्नै छोरा २९ वर्षीय अम्बरबहादुर राईले मदिरा सेवन गरी घरमा कुटपिट गरी हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

“घ” श्रेणीको भोजपुर जेलको बन्दी क्षमता २५ जनाको हो। यहाँ ३६ पुरूष र २ महिला गरी ३८ जना बन्दीहरू रहेका छन्। यसबाहेक १ जना आश्रित नाबालक पनि रहेको छ। जेलमा बन्दीहरूका लागि ४ वटा चर्पीहरू रहेका छन्। खानेपानीका लागि महिला र पुरूषतर्फ १/१ वटा धाराहरू रहेका छन्।

पुरूषहरूलाई सुत्नका लागि माटाको ढिस्को उठाएर ओच्छ्यान बनाइएको छ। बन्दीहरूले जेलभित्र टोपी बुन्ने काम गर्दछन्। मनोरञ्जनका लागि क्यारेमबोर्ड, चेस र बन्दीहरूले आफ्नै श्रोतबाट किनेको एउटा टिभी छ।

जनसंख्या	: १९८७८४
साक्षरता प्रतिशत	: ४२.७
महिला साक्षरता प्रतिशत	: २७.३
क्षेत्रफल (वर्ग कि.मी.)	: १५०७
गाविस/नपा संख्या	: ६३/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: २८८
क्याम्पस/उच्च मावि	: १/२
अस्पताल/स्वास्थ्य चौकी	: १/६३
टेलिफोन लाइन	: २०१
मोटर सडक (कि.मी.)	: ०
प्रहरी कार्यालय संख्या	: १७
हुलाक संख्या	: ६३

गिरफ्तारी र यातना

स्वोटाङ जिल्ला स्विदिमा गाविस-२ का ३५ वर्षीय हर्कबहादुर दर्जीलाई माओवादीको आरोपमा ०५५ माघ १३ गते जन्ती गइरहेको अवस्थामा प्रहरीले लेखर्क गाविसबाट गिरफ्तार गरी भोजपुरमा १५ दिन राखी रिहा गरे।

लेखर्क गाविस-४ का २३ वर्षीय बाबुराम शाक्यलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५५ माघ १५ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई ४ दिनसम्म हिरासतमा राखी रिहा गरियो।

साङपाङ गाविस-२ का २९ वर्षीय राजनविक्रम राईलाई माओवादी भएको आरोपमा ०५६ जेठ ३१ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई हातहतियार, ज्यान मुद्दामा थुनामा राखिएको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

लेखर्क गाविस-४ का ६८ वर्षीय आँस्वीराम राईलाई ०५५ पुस २३ गते ८-१० जनाको समूहले माओवादी हौं भनी विभिन्न धम्की दिएर हात बाँधी बन्दूक खोसेर लगे।

धोदलेखानी गाविस-५ का ५५ वर्षीय हर्कबहादुर राईलाई ०५५ पुस २८ गते बेलुका घरमा बसिरहेको अवस्थामा २०-२५ जनाको समूहले अनुहारमा पेस्तोल तेर्स्याएर धम्की दिई घरमा भएको तरबार लिएर हिंडे। पीडकहरू माओवादी भएको आशंका गरिएको छ।

केउरेनीपानी गाविस-६ का २० वर्षीय रमेश पौडेल र मूलपानी गाविस-८ का २२ वर्षीय रामबहादुर तामाङलाई ०५६ वैशाख १५ गते स्वतन्त्र उम्मेदवार मुकुन्दबहादुर बस्नेतको चुनावी प्रचारका लागि हिंडेका बेला झ्याउपोखरी बजारमा देउराली गाविस-४ का ३५ वर्षीय तेजेन्द्र कार्कीलगायत्का व्यक्तिहरूले कुटपिट गरी बेहोस बनाए। पीडितहरूलाई काठमाडौंमा उपचार गरियो।

च्याङ्ग्रे गाविस-६ का गाविस अध्यक्ष ४६ वर्षीय डिकबहादुर राईलाई गाविसको काम राम्रोसँग नगरेको आरोपमा ०५६ वैशाख २४ गते गाविस प्रांगणमा सोही गाविस-७ का ४५ वर्षीय गोकर्ण राईले छुरी प्रहार गरी घाइते बनाए। पीडकलाई कुनै कारबाही भएन।

याङ्गपाङ्ग गाविस-४ का ३४ वर्षीय वीरेन्द्र खत्रीलाई राजनीतिक प्रतिशोधका कारण ०५६ जेठ १ गते चुनाव प्रचारमा हिंडिरहेको अवस्थामा चरम्बी गाविसका विक्रम राई, राजकुमार राईसमेतका व्यक्तिहरूको समूहले छुरी प्रहार गरी घाइते बनाए। पीडकहरूलाई कुनै कारबाही भएन।

प्याउली गाविस-३ का १६ वर्षीय फूलमाया राई र सोही ठाउँका १८ वर्षीय रूपमाया राईलाई ०५६ जेठ ८ गते चरम्बी गाविस-१ का महेशकुमार विश्वकर्मा र माधवराज मगरले आफूले भनेको पार्टीलाई मत नदिएको आरोपमा कुटपिट गरे।

ठूलो दुम्मा गाविस-२ का २९ वर्षीय मानजंग राई र ४४ वर्षीय चन्द्रबहादुर राईलाई ०५६ कात्तिक १० गते सोही ठाउँका ४१ वर्षीय इमानसिंह राईलगायत्का १५ जनाको समूहले जनमुक्ति पार्टीमा नलागे ज्यानमार्ने, दशैंमा टीका लगाएमा निधारसमेत ताछिदिने धम्की दिए।

याकू गाविस-७ का गाविस अध्यक्ष ४० वर्षीय तेजबहादुर सञ्जेललाई ०५६ मंसिर २६ गते सोही ठाउँका २८ वर्षीय टीकाराज रसाइलीसहित ६-७ जनाको समूहले लाठी प्रहार गरी सख्त घाइते बनाए।

मौलिक अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको अदालतमा ३ वर्षभन्दा अगाडिको दुनियावादी देवानी १ तथा २ वर्षभन्दा अगाडिका दुनियावादी देवानी २ र दुनियावादी फौजदारी १ थान मुद्दा रहेका छन्। त्यसैगरी १ वर्षभन्दा अगाडिदेखि नछिनिएका मुद्दाहरूमा दुनियावादी देवानी ७४, दुनियावादी फौजदारी ६७ र सरकारवादी फौजदारी ९ थान रहेका छन्। यसरी सरकारवादी फौजदारी ९, दुनियावादी देवानी ७७ र दुनियावादी फौजदारी ६८ गरी कुल १ सय ५४ थान मुद्दाहरू रहेका छन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

गत वर्ष सुकुम्बासी समस्या समाधान आयोगले ३५ जना सुकुम्बासीहरूलाई जग्गा प्रदान गरेको थियो तर अझै पनि उल्लेख्य मात्रामा घरबारविहीन जनता छन्। उनीहरूको तथ्यांक भने छैन। यस वर्ष २ हजार १ सय १२ जनालाई वृद्ध भत्ता दिइयो। त्यसैगरी २ हजार ४ सय ९० जनालाई असहाय, विधवा भत्ता वितरण गरियो। ३८ जनालाई अपांग भत्ता दिइयो। जिल्ला शिक्षा कार्यालयबाट आर्थिक वर्ष ०५६/५७ मा १ सय

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	६	४	२	६				
गोलीद्वारा घाइते	१		१	१	१		१	१
गिरफ्तारी र यातना					३	३		३
कुटपिट	६	७	२	९				
धम्की	३	४		४				
बलात्कार	१		१	१				
बलात्कार प्रयास	१		१	१				
बहुविवाह	१		१	१				
पारिवारिक हिंसा	१		१	१				
गर्भपतन	२		१	१				
अमानवीय व्यवहार	१	१		१				
जम्मा	२३	१६	१०	२६	४	३	१	४
आत्महत्या	२१	१६	५	२१				
चोरी/डकैती	१							
दुर्घटनाहरू/विपत्तिहरू	१४	१३	१	१४				

८८ जना विद्यार्थीहरूलाई स्थानीय छात्रवृत्ति दिइयो। त्यसैगरी प्रावि छात्रवृत्ति ५ सय २४ जनालाई र दलित तथा उत्पीडित छात्रवृत्ति ८ सय ७६ जनालाई दिइयो। गरीब तथा जेहेन्दार छात्रवृत्ति ३० जनालाई वितरण गरियो। यस जिल्लामा वृद्धाश्रम र अनाथालयहरू छैनन्।

महिला अधिकार

धोदलेखानी गाविस–८ की २८ वर्षीय एक विवाहित महिलालाई ०५६ वैशाख २२ गते कुटुञ्जे माविका प्रधानाध्यापक गोपाल थापाले पानी लिन गएको बेला बलात्कार गरे। पीडित र देख्ने एक महिलालाई पीडकले ५/५ हजार रूपैयाँ दिएर घटना सामसुम पारे।

चरम्बी गाविस–६ की २५ वर्षीय एक महिलालाई ०५६ कात्तिक २२ गते सोही ठाउँका ३४ वर्षीय महाप्रसाद पराजुलीले बलात्कार गर्ने प्रयास गरे। पीडकले याकू प्रहरी चौकीमा गई मिलापत्र गरे।

यस वर्ष यो जिल्लामा एक जनाले बहुविवाह गरेको जानकारीमा आयो। पारिवारिक हिंसाको एक घटनामा एक महिला आफ्नै पतिद्वारा पीडित भइन्। एक जनाले गर्भ पतन गराइन् भने एक जनाको सामूहिक कुटाइका कारण गर्भ पतन भयो। जसमध्ये –

टक्सार गाविस बस्ने भोजपुर क्याम्पसका सहप्राध्यापक ४१ वर्षीय गोविन्द अधिकारीले घरमा पत्नी र २ छोराछोरी हुँदाहुँदै ०५६ जेठ १० गते नागी गाविस–६ की सोही क्याम्पसमा अध्ययनरत् २१ वर्षीय कला दाहालसँग दोस्रो विवाह गरे।

आर्थिक अधिकार

गाउँघरमा खेताला, ज्यामीहरू लगाउँदा महिला र पुरूषको ज्यालामा भेदभाव गरिन्छ। पुरूषलाई १ दिनको ५० रूपैयाँ दिइयो भने महिलालाई २५ रूपैयाँ मात्र दिइन्छ।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

चम्पे गाविस–८ का ६५ वर्षीय कर्णबहादुर विश्वकर्मालाई ०५५ फागुन २९ गते सोही गाविस–६ का मानबहादुर मगरका दुई छोराहरू अन्तरे र जन्तरेले विवाहमा टीका छोइदिएको भनी मरणासन्न हुने गरी कुटपिट गरे। पीडितलाई भोजपुर अस्पतालमा उपचार गरियो भने पीडकहरूलाई कुनै कारबाही भएन।

अतिरिक्त जानकारीहरु

यस वर्ष यस जिल्लामा ५ जना महिला र १६ जना पुरूषले आत्महत्या गरे। विपत्तिबाट ९ जनाको मृत्यु भयो। ५ वटा दुर्घटनामा १ महिलासहित ५ जना पीडित भए।

१.१० संखुवासभा

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ३ घटनामा ३ पुरूषको हत्या भयो।

जेल र बन्दीहरु

खाँदबारीमा रहेको यस जिल्लाको जेलको क्षमता २५ जनाको हो। यहाँ कैद नतोकिएका ७ पुरूष र २ महिला गरी ९ जना तथा कैद तोकिएका २८ पुरूष र ५ महिला गरी ३३ जना बन्दीहरू रहेका छन्। यसरी कुल ३५ जना पुरुष र ७ जना महिला गरी ४२ जना बन्दीहरू रहेका छन्। जेलमा महिला र पुरूष बन्दी कक्षहरू बेग्लाबेग्लै रहेका छन्। बन्दीहरूका लागि जेलमा टोपी बुन्ने व्यवस्था छ। टेलिफोन, टिभी, पत्रपत्रिकाहरूको सुविधा छ। तर, मुद्दाको छिनोफानो गर्न निकै ठूलो समस्या रहेको, जेल र अदालतको दूरी निकै टाढा भएकाले बन्दीहरूलाई तारेखमा लान/ल्याउन निकै समस्या भएको देखिन्छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

आँखीभुइँ गाविस-९ मूलगाउँमा शिक्षकहरू इन्द्र गिरी र रघुनाथ गिरी तथा सोही वडाका अध्यक्ष गोविन्दप्रसाद अधिकारीलाई ०५६ जेठ १ गते माधव कार्की, जयराम जिमीलगायत्का व्यक्तिहरूले कुटपिट गरी मरणासन्न पारे। पीडकहरूलाई कुनै पनि कारबाही भएन।

वाना गाविस-२ का वडाध्यक्ष ४५ वर्षीय डम्बरबहादुर श्रेष्ठलाई ०५६ जेठ ३ गते जलजला गाविसको बैठकमा भाग लिन गइरहेको बेला जलजला गाविसका वीरबहादुर राई, रामकुमार राईलगायत्का २५ जनाले कुटपिट गरे। पीडकहरूविरूद्ध मुद्दा दायर गरिएको छ।

जिल्ला प्रहरी कार्यालयका मनोजकुमार कार्कीलाई ०५६ जेठ ९ गते खाँदबारी नपा-१ पोखरीबजारमा प्रहरी गेटमा आफ्नो डिउटीमा बसिरहेको अवस्थामा केटी जिस्क्याएको आरोपमा सोही नपा-१ का रोशन रोका, विक्रम शाक्य, सञ्जीव श्रेष्ठलगायत्का व्यक्तिहरूले टुँडिखेलमा लगी सख्त घाइते हुनेगरी कुटपिट गरे। पीडितले आफूलाई अनाहकमा कुटपिट गरिएको बताए।



जनसंख्या	: १४१९०३
साक्षरता प्रतिशत	: ४८.१
महिला साक्षरता प्रतिशत	: ३२.१
क्षेत्रफल (वर्ग कि.मी.)	: ३४८०
गाविस/नपा संख्या	: ३३/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३४७
क्याम्पस/उच्च मावि	: ३/०
अस्पताल/स्वास्थ्य चौकी	: १/४१
टेलिफोन लाइन	: ३१२
मोटर सडक (कि.मी.)	: १४
प्रहरी कार्यालय संख्या	: २१
हुलाक संख्या	: ३८

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लाका ३३ गाविसहरूमा वृद्ध, असहाय र विधवा गरी ३ हजार ७ सय ७७ जना रहेका छन्। चेपुवा, वाना, शिशुवाखोला, स्याबुन, सिद्धकाली, मादी मूलखर्क आदि गाविसहरूबाट विगत वर्षको फाँटवारी नबुझाएकाले अनिश्चित-कालका लागि रोक्का गरिएको छ।

यस जिल्लाका ९८९ जनाले जग्गा पाउन निवेदन दिएका छन्। सुकुम्बासी आयोग गठन भए पनि काम शुरू भएको छैन। काम छिट्टै थाल्ने आयोगका अध्यक्ष शंकर कँडेलले बताउनु भएको छ।

महिला अधिकार

खाँदबारी नपा-१३ की ५४ वर्षीय एक महिलालाई ०५५ माघ २९ गते सोही ठाउँका ४१ वर्षीय शिक्षक रामजी दाहालले बलात्कार गर्ने प्रयास गरे।

खाँदबारी नपा-५ की १३ वर्षीय एक बालिकालाई ०५५ फागुन २२ गते सोही ठाउँका हेले राई, मानबहादुर राई, सन्तोष राई र महेन्द्र राईले बलात्कार गर्ने प्रयास गरे। महेन्द्र र मानबहादुर तारेखमा रिहा भए भने बाँकीलाई २ हजार रूपैयाँ धरौटी लिई रिहा गरियो।

वाना गाविस-१ गुफाटारकी २२ वर्षीय एक महिलालाई ०५६ वैशाख ७ गते सोही गाविस-६ का ३० वर्षीय गंगाबहादुर राईले जवर्जस्ती आफ्नो घरमा ३ दिनसम्म राखी बलात्कार गरे। पीडक फरार छ।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

चेपुवा मतदान केन्द्रमा ०५६ जेठ ३ गते मतदान भइसकेपछि नेकपा (एमाले) र नेकाँका कार्यकर्ताहरूबीच झडप भएका कारण मतपेटिकाहरू हेलिकोप्टरद्वारा मतदान अधिकृतको कार्यालयमा ल्याइयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा यस वर्ष १६९ थान मुद्दा दर्ता भएकामा ४० थान फर्स्यौट भए। पुराना मुद्दाहरू ६१४ थानमध्ये २४३ थान मात्र फर्स्यौट हुन सके।

सरुवा, घटुवा र पक्षपात आदि

खाँदबारी नपा-६ माल्टाका हेमराज राईलाई ०५५ चैत २ गते जिल्ला प्रशासन कार्यालयले जिल्ला हुलाक कार्यालयमा सरूवा गरेकोमा उक्त हुलाकले हाजिर गराएन। पीडितलाई जिल्ला प्रशासन कार्यालयमा हाजिर गराइएको छ।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३		३				
बम प्रहार	२							
कुटपिट	१६	११	६	१७				
भेला र संगठित हुने अधिकार	२	२		२				
सरूवा/घटुवा/पक्षपात आदि					१	१		१
बलात्कार	२		२	२				
बलात्कार प्रयास	३		३	३				
बहुविवाह	२		२	२				
पारिवारिक हिंसा	१		१	१				
जम्मा	३१	१६	१४	३०	१	१		१
लाश फेला	४	३	१	४				
आत्महत्या	१२	७	५	१२				
चोरी/डकैती	४	४		४				
दुर्घटनाहरू/विपत्तिहरू	२०	३५	७	४२				

मादी राम्वेनी-५ की एक ५ वर्षीय बालिकालाई ०५६ असोज २१ गते सोही गाविस-९ का १८ वर्षीय रूद्रबहादुर दर्जीले विद्यालय जाँदै गर्दा चकलेट दिई फकाएर बलात्कार गरे। पीडकलाई ५ सय रूपैयाँ धरौटी तारेखमा रिहा गरिएको छ।

बानेश्वर गाविस-९ की १६ वर्षीय एक युवतीलाई ०५६ कात्तिक १० गते सोही ठाउँका २३ वर्षीय पुण्यबहादुर अधिकारीले बलात्कार गर्ने प्रयास गर्दा नमानेकाले खुकुरी प्रहार गरी घाइते बनाए। पीडकलाई २ दिनसम्म हिरासतमा राखी रिहा गरियो।

यस वर्ष यो जिल्लामा २ जनाले बहुविवाह गरेको जानकारीमा आयो। पारिवारिक हिंसाको १ घटनामा १ महिला पीडित भइन्।

आँखीभुइँ गाविस-७ की २६ वर्षीय फूलमाया कार्कीलाई ०५६ असोज १७ गते आफ्नै पति ३२ वर्षीय भीमबहादुर कार्कीले धारिलो हतियार देखाइ कुटपिट गरे। शारीरिकरूपमा अशक्त पीडितलाई काम नगरेको कारण जनाइ जहिले पनि कुटपिट गर्ने गरेको पीडितको गुनासो छ।

शीतपाटी गाविस-३ स्थित जनता माविका शिक्षक ४३ वर्षीय सूर्यनारायण यादवले घरमा तीन छोराछोरी र पत्नी हुँदाहुँदै सोही विद्यालयकी शिक्षिका ३३ वर्षीय शान्ति चापागाईंसँग दोस्रो विवाह गरे। ०५६ कात्तिक ८ गते शान्तिबाट बच्चा जन्मिएपछि उनीहरूबीचको अवैध सम्बन्ध सार्वजनिक भएको थियो।

अतिरिक्त जानकारीहरु

खराङ गाविसस्थित प्रहरी चौकीमा ०५६ असोज ६ गते राति केही अज्ञात व्यक्तिहरूले विष्फोटक पदार्थ प्रहार गरे। चौकीको पर्खाल सामान्यरूपमा भत्कियो।

खाँदबारी नपा-१ को पोखरीबजारका लक्ष्मण श्रेष्ठको घरमा ०५६ असोज १८ गते केही अज्ञात व्यक्तिहरूले विष्फोटक पदार्थ बिष्फोट गराए।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइबीका कारणले भएका कुटपिटका १३ वटा घटनामा ७ जना पुरूष र ६ जना महिला पीडित भए। आगलागीको एउटा घटनामा ६ जना पुरूष र ५ जना महिलाको मृत्यु भयो। पहिरोले पुरिएर ५ जना पुरूषको मृत्यु भयो। ७ पुरुष र ५ महिलाले आत्महत्या गरे।

१.११ सप्तरी



जनसंख्या	: ४६५६६८
साक्षरता प्रतिशत	: ३४.६
महिला साक्षरता प्रतिशत	: १७.८
क्षेत्रफल (वर्ग कि.मी.)	: १३६३
गाविस/नपा संख्या	: ११४/१
निर्वाचन क्षेत्र	: ५
विद्यालय	: ३१५
क्याम्पस/उच्च मावि	: १/५
अस्पताल/स्वास्थ्य चौकी	: १/११८
टेलिफोन लाइन	: १३३९
मोटर सडक (कि.मी.)	: ३३०
प्रहरी कार्यालय संख्या	: ४२
हुलाक संख्या	: ११६

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

फकिरा गाविसका ३८ वर्षीय नसिर मिया, अब्दुल रजाक र लाल महमद ०५६ जेठ ३ गते सोही गाविसस्थित मतदान केन्द्रमा भइरहेको निर्वाचनमा प्रहरीले चलाएको गोली लागी घाइते भए।

नकटी रायपुर गाविस-८ का ५५ वर्षीय मदिना खातुनलाई ०५६ असोज १२ गते खेतमा काम गरिरहेको अवस्थामा सैनिकले चलाएको गोली लागी खुट्टाबाट छेडेर गयो। पीडितको उपचार धरान अस्पतालमा भयो।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ११ घटनामा ११ जनाको हत्या भयो। २ वटा हत्या गरिएको लास कोशी टप्पु वन्यजन्तु आरक्षभित्र फेला परेको थियो। हत्या हुनेहरूमध्ये ३ जना महिला तथा एकजना ५ दिनको शिशु पनि थिए। अर्को एक घटनामा डाँकाहरूले प्रहार गरेको गोली लागी ५ जना घाइने भए।

हरिहरपुर गाविस-६ की ४५ वर्षीय फूलेश्वरीदेवी यादवलाई ०५६ वैशाख ३ गते घरायसी झगडा हुँदा अरूसँग लागेको आरोपमा उनकै पति ४५ वर्षीय महेन्द्र यादवले घाँटी थिचेर हत्या गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखेको छ।

जेल र बन्दीहरु

१ सय २५ जना बन्दी क्षमता भएको यस जिल्लाको जेल "ग" श्रेणीको हो। यहाँ कैद फैसला नभएका ३३ र कैद फैसला भएका ३८ जना गरी कुल ७१ जना बन्दीहरू रहेका छन्। बन्दीहरूमध्ये ८ जना महिला छन्। बन्दीहरूका लागि ओढ्ने ओछ्याउने कपडाहरू जेलमा जाने बित्तिकै दिइनुपर्ने, जेलमा तयार गरिएका सामानको बजार व्यवस्था तथा सीपमूलक तालिमको व्यवस्था गरिनुपर्ने, पत्रपत्रिका नियमित हुनुपर्ने माग बन्दीहरूको छ। जेलको भौतिक अवस्था जीर्ण भएकाले सम्भावित दुर्घटनालाई रोक्न जेल पुनःनिर्माण गरिनुपर्ने धारणा जेलर होमनाथ खत्रीको छ।

गिरफ्तारी र यातना

कटैया गाविस-१ का ३७ वर्षीय मिठु माझीलाई ०५५ फागुन २७ गते झगडामा घाइते भएका एक बिरामीलाई हेर्न अस्पतालमा गएको बेला प्रहरीले बयान दिनका लागि भनी बिना पुर्जी गिरफ्तार गरे। पीडितलाई ३ दिनसम्म हिरासतमा राखी सार्वजनिक मुद्दा लगाइएको छ।

वनौली गाविसका रौदी सरदारलाई ०५५ चैत ३ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा राखेको अवस्थामा पिशाव फेर्न जान्छु भन्दा "तँ चोरलाई किन पिशाव फेर्नुपर्‍यो" भन्दै जिल्ला प्रहरी कार्यालयका प्रहरी जवानहरू रामविलास यादव र धुरण यादवले कुटपिट गरे। त्यसको विरोध गर्दै पीडित र हिरासतमा बसेकाहरूले सिदा बहिष्कार गरेपछि पीडकहरूले माफी मागे।

पिप्रापश्चिम गाविस-२ का अर्जुन पौडेल, ३५ वर्षीय विष्णु पौडेल, ४० वर्षीय रमा भट्टराई, ३० वर्षीय लालबहादुर दाहाललगायत्का १० जनालाई माओवादी भएको आरोपमा ०५५ चैत २२ गते राति सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई भोलिपल्ट र पर्सिपल्ट गरी रिहा गरियो।

भुतही गाविस-९ का नेकपा (एमाले) जिल्ला कमिटी सदस्य नागेश्वर यादवलाई ०५५ चैत २८ गते प्रहरीले विना कारण गिरफ्तार गरी १० दिनसम्म थुनामा राखेर रिहा गरे।

दौलतपुर गाविस-५ का ४८ वर्षीय रविलाल चौधरीलाई माओवादी भएको आरोपमा ०५६ जेठ १० गते प्रहरीले गिरफ्तार गरे। उनलाई ७१ घन्टासम्म थुनामा राखी यातना पनि दिइएको थियो।

सिराहा जिल्ला सिप्रोन गाविस-९ विसनपुर घर भई राजविराज नपा बस्ने २३ वर्षीय कामेश्वर यादवलाई माओवादीको आरोपमा ०५६ असोज १८ गते प्रहरीले गिरफ्तार गरी दुई दिनपछि रिहा गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

डाठा गाविस-२ का ३६ वर्षीय जुगेश्वर साहलाई ०५५ चैत ५ गते सोही गाविसका अध्यक्ष ३२ वर्षीय तारणीप्रसाद तिवारीलगायत्का व्यक्तिहरूले अघिल्लो दिन भएको गाउँ परिषद्को बैठकमा बहुमत पुर्‍याउन नदिएको आरोपमा कुटपिट गरे। पीडकविरूद्ध मुद्दा दायर भएको छ।

पिप्रापूर्व गाविस-९ का वैजनाथ मुखिया, बौवालाल मुखिया, रामप्रसाद मुखियालगायत्का १८ जनालाई ०५५ चैत ६ गते कोशी टप्पु वन्यजन्तु आरक्षका गुल्मपतिको अनुमतिले आरक्षभित्र माछा मार्न गएका बेला सेनाको गस्ती टोलीले गिरफ्तार गरी क्याम्पभित्र लगेर लाठी र संगिनले कुटपिट गरी यातना दिए।

फसेठ गाविस-४ का ५६ वर्षीय गाविस उपाध्यक्ष सरयुग यादव र सोही गाविस-८ का नारायण यादवलाई ०५५ चैत १२ गते गाविस अध्यक्ष सत्यनारायण यादव, सोही गाविस-८ का वालेश्वर यादवलगायत्का व्यक्तिहरूले गाउँ परिषद्मा बहुमत पुर्‍याउन नसकेको झोकमा माइन्युट लेख्दालेख्दै कुटपिट गरे। पीडितहरूले प्रहरीसमक्ष उजुरी दिए पनि पीडकमाथि कारबाही गरिएन।

राजविराजस्थित म.वि.ब. क्याम्पसका स्ववियु सदस्य धनानन्द यादवलाई ०५५ चैत २० गते स्ववियु सचिव श्याम अग्रवालले नेम प्लेटले हिर्काउँदा टाउको फुटी घाइते भए। यसै विषयलाई लिएर फेरि पनि भिडन्त भएको थियो।

कारागारभित्र बन्दीहरू कपडा बुन्दै

लाहजरा गाविस-४ का मुगालाल मण्डल, हिरालाल मण्डल, महितालो मण्डल र चन्द्रवतीकुमारी मण्डललाई राजनीतिक प्रतिशोधका कारण ०५६ वैशाख १२ गते सोही ठाउँका वासुदेव मण्डल, गेनालाल मण्डल, सत्यनारायण मण्डललगायत्का व्यक्तिहरूले कुटपिट गरी घाइते बनाए।

जगतपुर गाविस-५ का ३५ वर्षीय बुधसेन चौधरी, ४० वर्षीय जिविस सदस्य मानपुर चौधरीसमेतलाई ०५६ जेठ ३ गते कन्चनपुर मतदान केन्द्रमा धाँधली भैरहेकोबारे बुझ्न जाँदा कन्चनपुर गाविस-६ का गाविस उपाध्यक्ष रामभरोसी गुप्ता, सोही गाविसका शिक्षक वैजनाथ गुप्ता, प्रमोद गुप्तालगायत्का व्यक्तिहरूले मरणासन्न हुनेगरी कुटपिट गरे।

दौलतपुर गाविस-५ का ४८ वर्षीय रविलाल चौधरीलाई ०५६ जेठ १० गते राप्रपाको तर्फबाट उम्मेद्वार रहेका गोविन्द न्यौपानेका कार्यकर्ताहरूले आफूले भनेको ठाउँमा भोट नदिएको आरोपमा कुटपिट गरे। प्रहरीले उल्टै पीडितलाई गिरफ्तार गरेकोमा रिहा गरिएको छ।

राजविराज नपा-४ स्थित माविका शिक्षक कुलानन्द झालाई ०५६ जेठ १७ गते परीक्षा संचालन भइरहेको बेला असम्बन्धित मान्छे भनी हलभित्र पस्न नदिएका कारण सोही ठाउँका २० वर्षीय घनश्याम सिंह र राजविराज-१ बस्ने १८ वर्षीय युवराज भुजेलले कुटपिट गरे।

सेनाद्वारा कुटपिट गरी यातना दिइएका पीडितहरू

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१०	७	३	१०				
गोलीद्वारा हत्या	१	१		१				
गालीद्वारा घाइते	१	५		५	२	३	१	४
गिरफ्तारी र यातना					६	१४	१	१५
कुटपिट	२२	३५	६	४१	१	१७	१	१८
भेला र संगठित हुने अधिकार					१	३		३
सरूवा/घटुवा/पक्षपात आदि	१							
स्वतन्त्र र निष्पक्ष चुनाव					२	१		१
धार्मिक स्वतन्त्रता	१	१		१				
वलात्कार	१		१	१				
वलात्कार प्रयास	१		१	१				
बहुविवाह	१		१	१				
महिला भएकै कारण यातना	२		२	२	२		११	११
गर्भपतन	१							
आतंक	२							
जम्मा	४४	४९	१४	६३	१४	३८	१४	५२
लाश फेला	२	१	१	२				
आत्महत्या	२०	११	९	२०				
चोरी/डकैती	४	१३	२	१५				
दुर्घटनाहरू/विपत्तिहरू	५१	५२२	२२	५४४				

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

फकिरा गाविस-७ का ३८ वर्षीय तसीर मिया, अवुल रजाक, लाल अहमदलाई ०५६ जेठ ३ गते आमनिर्वाचनको क्रममा क्षेत्र नं. ३ अन्तर्गतको फकिरा वुथमा भइरहेको चुनावमा लाइनमा वसेको वेला अनियमितता गर्न लागेको भनी प्रहरीले हवाई फायर गर्दा गोली लागी घाइते भए। विहान ११ वजेदेखि मतदान गर्न कोही पनि नआएकाले सोही समयमा मतदान कार्य वन्द गरिएको थियो।

धार्मिक स्वतन्त्रता

फत्तेपुर गाविस-३ का नारायण मन्दिरका पुजारी ५५ वर्षीय कृष्ण गुरागाईलाई ०५६ कात्तिक २१ गते सोही ठाउँका टेकप्रसाद ढुंगानाले आफ्नी पत्नीलाई वैष्णव गराउन लागेको आरोपमा कुटपिट गरे। पीडकलाई २ हजार ५ सय रूपैयाँ जरिवाना गराई मिलापत्र गराइयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

सप्तरी जिल्ला अदालतमा दुनियावादी देवानी २ हजार ३०, सरकारवादी फौजदारी १ सय ३०, दुनियावादी फौजदारी ६ सय ९२, निर्वाचनसम्वन्धी ५ गरी जम्मा २ हजार ८ सय ६४ मुद्दा फस्र्यौट हुन वाँकी छन्। यस वर्ष कुल १ हजार २६ मुद्दा दर्ता भएकोमा ७ सय ५८ फस्र्यौट भए। गत वर्षको जिम्मेवारी सरेका मुद्दा २ हजार ५ सय ९६ थिए।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष जिल्ला सुकुम्वासी समस्या समाधान आयोगमा १५ हजार ३ सय ९ वटा निवेदन दर्ता भएकोमा २ सय ३७ सुकुम्वासीहरूलाई ३५ विगाह, ८ कट्ठा, ३ धुर जग्गा तथा ७ सय ५४ अव्यवस्थित वसोवासअन्तर्गत १ सय ४ विगाह, ५ कट्ठा, १५ धुर जग्गा वितरण गरियो।

यस वर्ष दलित छात्रवृत्तिअन्तर्गत १ हजार २ सय विद्यार्थीहरूलाई २ सय ५० रूपैयाँका दरले छात्रवृत्ति वाँडिएको र शैक्षिक सत्र ०५६/५७ को वाँकी रहेको कुरा जिल्ला शिक्षा कार्यालयले जनायो।

जेष्ठ नागरिक २ हजार ९ सय ८, असहाय विधवा ४ हजार २ सय ६३ र अपांग ४७ गरी कुल ७ हजार २ सय ५ रहेका छन्। गत आर्थिक वर्षमा २७ लाख १६ हजार ३ सय ५० का दरले ३ किस्ता ८१ लाख ४९ हजार २ सय ५० रूपैयाँ निकाशा भएको र नपुग रकम ३३ लाख ५४ हजार ४ सय निकाशा हुन वाँकी रहेको, गत आर्थिक वर्षसम्म लगभग ८० लाख रकम नपुग रहेको र हालसम्मको रेकर्डअनुसार १ करोड ४७ लाख ८ हजार ४ सय हुनुपर्नेमा ३ लाख निकाशा भइआएको सप्तरी जिविसले जनाएको छ।

महिला अधिकार

वरमझिया गाविस-८ सुब्वा टोलकी ४ वर्षीय एक वालिकालाई ०५५ फागुन २३ गते सोही ठाउँका १७ वर्षीय कान्छो विश्वकर्माले एक रूपैयाँ दिएर वलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

उदयपुर जिल्ला वेल्टार गाविस-४ की २० वर्षीय एक युवतीलाई ०५६ असार १६ गते रामपुर मतहनिया गाविस-८ का हरिनारायण मण्डलले फकाई विवाह गर्छु भनी राजविराजस्थित होटलमा राखी यौन सम्पर्क राख्न खोज्दा प्रहरीले गिरफ्तार गरे।

यस जिल्लामा यस वर्ष एक जनाले वहुविवाह गरेको जानकारीमा आयो। एक महिलाले गर्भ पतन गराएको र महिला भएकै कारणले दिइने अमानवीय व्यवहारका ४ घटनामा १३ जना महिला पीडित भएको जानकारीमा आयो।

पिप्राप्रूर्व गाविस-९ की १९ वर्षीय एक महिलालाई ०५६ असार १६ गते कोशी टप्पु वन्यजन्तु आरक्षभित्र घाँस काट्न

गएको अवस्थामा सैनिकहरूले यौन दुर्व्यवहार गरे। सामाजिक लाजका कारण पीडितले कतै उजुरी दिइनन्।

कमलपुर गाविस-४ का शान्ति चौधरीलगायत्का १० जना महिलालाई ०५६ असोज १७ गते कोशी टप्पु वन्यजन्तु आरक्ष सुरक्षा गर्न बसेका सैनिकहरूले गिरफ्तार गरी रातभरि विभिन्न दुर्व्यवहार गर्नुका साथै नाचगान गर्न लगाई भोलिपल्ट ७ सय रूपैयाँ जरिवाना गरेर छाडे।

दिधवा गाविस-४ की वडासदस्य ५० वर्षीय मुसहनिया सुतिहारलाई ०५६ कात्तिक ८ गते सोही ठाउँका महिनारायण यादव, नथुनी यादवलगायत्का व्यक्तिहरूले बोक्सी भएको आरोपमा दिसा खुवाए। पीडकलाई कुनै कारवाही भएन।

आर्थिक अधिकार

राजविराज औद्योगिक क्षेत्रका कर्मचारीहरूले ०५६ साउन १५ गतेदेखि विभिन्न माग राखी कालो पट्टी बाँधी आन्दोलनमा उत्रिए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

सगरमाथा यातायात व्यवसायी संघ, प्रधान कार्यालय राजविराजमा स्थानीय बस व्यवसायीहरूले अल्टिमेटम दिएको समयभित्र आफ्नो ५ सूत्रीय माग पूरा नभएका कारण ०५५ चैत २५ गते तालाबन्दी गरी धर्ना बसे। पछि केही माग पूरा गरी धर्ना तथा ताला तोडियो।

मैथली साहित्य परिषद, राजविराजले ०५६ असार ४ गते मैथली भाषालाई नगर भाषा नबनाउनू, बनाउन नदिनू भन्ने सर्वोच्च अदालतको आदेशको विरूद्ध जुलुस तथा विरोध सभा गऱ्यो।

महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनद्वारा राखिएका विभिन्न मागहरू पूरा नभएकोमा युनियनले ०५६ भदौ १ गते क्याम्पस प्रमुख र क्याम्पस प्रशासनको कोठामा तालाबन्दी गरी विरोध जनायो।

नेपाल शिक्षक संघले आफ्ना ९ सूत्रीय स्मरणसहित ०५६ भदौ २१ गते जिल्ला शिक्षा अधिकारीसमक्ष एक स्मरणपत्र बुझायो।

अतिरिक्त जानकारीहरु

राजविराज नपा-१ स्थित बस स्ट्याण्डमा ०५६ पुस १५ गते काकडभिट्टातर्फ जान लागेको ना.अ.न. २००३ नं. को बसमुनि घरेलु बम पड्क्यो। अगाडिको चक्कामुनि राखिएको बम भने विष्फोट नभएकाले प्रहरी बोलाई बुझाइयो।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइवीका कारणले भएका कुटपिटका १५ घटनामा २४ पुरूष र ५ महिला पीडित भए। ११ पुरूष र ९ महिलाले आत्महत्या गरे। ट्राफिक दुर्घटनाका १९ वटा घटनामा २६ पुरूष र ४ महिलाको मृत्यु भयो। डुबेर ९ जनाको र करेन्ट लागेर ४ जनाको मृत्यु भयो। आगलागीका ५ घटनामा ३ जनाको मृत्यु भयो। पर्खाल भत्केर १ जना र मिल दुर्घटनामा १ जनाको मृत्यु भयो।

१.१२ सिराहा

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

महेशपुर पतारी गाविसस्थित अस्थायी प्रहरी चौकीमा ज्वाइँ भेट्न भनी आएका ३१ वर्षीय भूपाल थापालाई ०५५ चैत २८ गते माओवादीहरूले गोली हानी हत्या गरे। उनी ज्वाइँ भेट्न आएका वेला माओवादीहरूले चौकीमाथि आक्रमण गरेकाले उनलाई प्रहरी ठानी हत्या गरेका थिए। त्यसैगरी प्रहरी हवल्दार ४९ वर्षीय गोपीलाल लिम्बूलाई पीडकहरूले गोली प्रहार गरी घाइते बनाए। उनी लहान अस्पतालमा उपचार गरी फर्किएका छन्।

मिर्चैया गाविस-२ स्थित बजारको एक चिया पसलमा इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रहरी हवल्दार ३३ वर्षीय ब्रह्मदेव यादवलाई ०५६ साउन १९ गते अज्ञात व्यक्तिहरूले गोली हानी हत्या गरे। सोही घटनामा मिर्चैया गाविस-१ का ३ वर्षीय बालक मधुप्रसाद साहको खुट्टामा गोली लागी घाइते भए। पीडकहरू माओवादी भएको आशंका गरिएको छ।

मझौलिया गाविस-१ स्थित मझाउका ४५ वर्षीय धनिकलाल मण्डल र २५ वर्षीय महेशकुमार मण्डललाई ०५६ भाद्र १३ गते मोटरसाइकलद्वारा सिराहाबाट घरतिर फर्किरहेको वेला बाटोमा ६-७ जना अज्ञात व्यक्तिहरूले हत्या गरी माओवादसम्बन्धी नारा लगाइ फरार भए। हत्यामा संलग्न भएको आशंकामा चन्द्रअयोध्यापुरका विष्णुदेव यादव र फुल्काहाका लोकनाथ यादवलाई प्रहरीले गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखेको छ।

विष्णुपुरकट्टी गाविस-१ स्थित शिशौघारी नर्सरीमा ०५६ पुस १६ गते राति एक जना अज्ञात व्यक्तिलाई प्रहरीले गोली हानी हत्या गरे। पीडितलाई माओवादीको आशंकामा हत्या गरिएको अनुमान गरिएको छ। पीडितको बारेमा केही थाहा हुन सकेको छैन। प्रहरीले भने कसैलाई पनि नमारेको बतायो।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ८ घटनामा ९ जनाको हत्या भयो। जसमा २ जना २-२ वर्षीय बालिका र एक जना ५ वर्षीय बालक पनि रहे। हत्या हुनेमा बालिकासमेत ४ महिला रहेका छन्। जसमध्ये -

इनर्वा गाविस-३ का ५ वर्षीय पप्पु यादव र उनकै बहिनी २ वर्षीय प्रियन्का यादवलाई ०५६ भाद्र १९ गते घाँटी रेटेर हत्या गरियो। हत्यापछि पीडितहरूकी आमा २५ वर्षीय भुटनीदेवी यादव बेपत्ता भएकी हुँदा उक्त हत्या भुटनदेवीले नै गरेको अनुमान गरिएको छ।

जेल र बन्दीहरु

यस जिल्लाको जेल "घ" श्रेणीको हो। १ सय ५० जना क्षमता भएको यस जेलमा कैद तोकिएका ८४ पुरूष र ३ महिला गरी जम्मा ८७ जना तथा कैद नतोकिएका १ सय २९ पुरूष र २ जना महिला गरी जम्मा १ सय ३१ जना बन्दीहरू रहेका छन्। यसरी यस जेलमा २१८ जना बन्दीहरू रहेका छन्। यसबाहेक १ बालक र १ बालिका आश्रितका रूपमा रहेका छन्। यस वर्ष यो जेलमा ३० जना बन्दीहरू थपिए। जेलको भौतिक अवस्था ठीकै रहेको छ। बन्दीहरूको शिक्षा र स्वास्थ्यका लागि १ जना प्रावि स्तरको शिक्षक र १ जना स्वास्थ्य सहायकको व्यवस्था गरिएको छ। पानीको लागि ट्युबवेल र धारोको व्यवस्था छ। जेलमा पत्रपत्रिका पढ्न नपाइने र सीपमूलक कामहरू पनि केही नपाइने हुनाले समय बिताउन गाह्रो परिरहेको बन्दीहरू बताउँछन्।



जनसंख्या	: ४६०७४६
साक्षरता प्रतिशत	: २९
महिला साक्षरता प्रतिशत	: १३.३
क्षेत्रफल (वर्ग कि.मी.)	: ११८८
गाविस/नपा संख्या	: १०६/२
निर्वाचन क्षेत्र	: ५
विद्यालय	: ३४९
क्याम्पस/उच्च मावि	: २/२
अस्पताल/स्वास्थ्य चौकी	: २/११२
टेलिफोन लाइन	: १०९३
मोटर सडक (कि.मी.)	: १४४
प्रहरी कार्यालय संख्या	: २२
हुलाक संख्या	: १०३

बेपत्ता पारिएको

उदयपुर जिल्ला भलायाडाँडा गाविस-९ मैनटारका अन्दाजी २५ वर्षीय तुलसी राईलाई माओवादीको आरोपमा ०५५ माघ ९ गते जिरो माइल भन्ने ठाउँबाट प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई हत्या गरेको आशंका गरिएको छ।

मिर्चैया गाविस-६ का रामप्रताप साहलाई माओवादीको आरोपमा ०५६ पुस १६ गते साँझ ७ बजेतिर प्रहरीले घरवाट गिरफ्तार गरी बेपत्ता पारे। पीडितको बारेमा केही थाहा हुन सकेको छैन। पीडितको हत्या गरिएको आशंका गरिएको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

धनगढी गाविसका मानबहादुर लामालाई ०५५ माघ १४ गते केही अज्ञात व्यक्तिहरूले सोही गाविस-७ स्थित बगैंचामा लगी आँपको रूखमा बाँधेर धारिलो हतियार प्रहार गरी हत्या गर्ने प्रयास गरे। पीडकहरूले माओवादसम्बन्धी नारा लगाएर भागेको पीडित बताउँछन्।

वस्तीपुर गाविस-६ का २५ वर्षीय कमल यादवलाई ०५५ चैत ९ गते बेलुका ९ बजेतिर शिशवनी गाविस नजिक सडकमा २ जना अज्ञात व्यक्तिहरूले राजनीतिक प्रतिशोधका कारण कुटपिट तथा छुरी प्रहार गरी सख्त घाइते बनाए। पीडित उपचारपश्चात् घर फर्किएका छन्।

महेशबारी इलाका प्रहरी कार्यालयका सई मेघबहादुर नेपालीलाई ०५६ असोज ५ गते राति ११ बजेतिर सिराहाका प्रमुख जिल्ला अधिकारी हिरामणि भण्डारीले पैसा खाई गिट्टी, बालुवा भारततर्फ निकासा गराएको आरोपमा कार्यालयमै कुटपिट गरे। पीडितले प्रमुख जिल्ला अधिकारी त्यतिबेला मदिरा सेवन गरी आएर कुटपिट गरेको भनी छानबिनका लागि इलाका प्रहरी कार्यालय लहानमा निवेदन दिए।

भवानीपुर कालावंजर गाविस-७ का रामनारायण यादवलाई ०५६ असोज १५ गते राति घरमा सुतिरहेको अवस्थामा केही अज्ञात व्यक्तिहरूले झ्यालबाट भालाले हिर्काइ घाइते बनाए।

कर्जन्हा गाविस-१ का ४० वर्षीय रामबाबु कुँवरलाई ०५६ मंसिर ७ गते सोही गाविसका मोहन परियार, सिकिन्दर पासमान, नन्दु पासमान, दुखिन्दर पासमान, विश्वनाथ पासमान र सुनर पासमानलगायत्का व्यक्तिहरूले कुटपिट गरी सख्त घाइते बनाए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

लालपुर गाविसका उपाध्यक्ष योगेन्द्र सिंहको घरमा ०५६ भदौ २७ गते प्रहरीले विनापूर्जी छापा मारे। पीडितको घरका सदस्यहरूको हस्ताक्षर मिलाउन छापा मारिएको प्रहरीले जनायो।

आफ्नै आमाद्वारा हत्या गरिएको शंका गरिएका दुई बालबालिका

सिराहा कारागारको महिला कक्ष

सुगम र निष्पक्ष न्यायिक अधिकार

सिराहा जिल्ला अदालतमा २ वर्षसम्म नछिनिएका मुद्दाहरू १ सय २५, १ वर्षसम्म नछिनिएका ३ सय १३ र ६ महिनासम्म नछिनिएका मुद्दाहरू २ सय ३६ वटा रहेका छन्। २ वर्षसम्म नछिनिएका मुद्दाहरूमध्ये जग्गासम्वन्धी ९२, लेनदेन २, अंशवण्डा २२, किर्ते ठगी २, लुटपिट १, गाली वेइज्जती १, कुटपिट ४ र ज्यानसम्वन्धी १ रहेका छन्। त्यसैगरी १ वर्षसम्म नछिनिएका मुद्दाहरूमध्ये जग्गासम्वन्धी १ सय १, लेनदेन ५२, अंशवण्डासम्वन्धी १ सय १०, किर्ते ठगी ७, लुटपिट ६, कुटपिट २५, ज्यानसम्वन्धी ८, चोरी डाँका ३ र लागू औषधसम्वन्धी २ वटा रहेका छन्। ६ महिनासम्म नछिनिएका मुद्दाहरूमा जग्गासम्वन्धी १ सय २४, लेनदेनसम्वन्धी ५१, अंशवण्डा ९९, किर्ते ठगी ९, लुटपिट ७, गाली वेइज्जती २, जीउ मास्ने/वेच्ने १ र लागू औषधसम्वन्धी ४ वटा रहेका छन्।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	६	४	४	८				
गोलीद्वारा हत्या	४	५		५	१	१		१
गोलीद्वारा घाइते	३	३		३				
वेपत्ता पारिएको					२	२		२
कुटपिट	९	९	१	१०	१	१		१
धम्की	१	१		१				
मौलिक अधिकार					१	१		१
भेला र संगठित हुने अधिकार	२		२	२				
वहुविवाह	२		२	२				
पारिवारिक हिंसा	१		१	१				
वाल अधिकार	१	१		१				
अमानवीय व्यवहार	१	१		१				
जम्मा	३१	२४	१०	३४	५	५		५
आत्महत्या	१६	६	१०	१६				
दुर्घटनाहरू/विपत्तिहरू	१३	१३	३	१६				

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष ७ हजार १ सय १० जना जेष्ठ नागरिक, असहाय विधवा र अपांगहरूलाई गरी जम्मा १ करोड २ लाख ५८ हजार ८ सय रूपैयाँ वितरण गरियो। आगलागी र बाढी/पहिरोबाट १ हजार ३ घर परिवार पीडित भएकोमा जिल्ला प्रशासन कार्यालयबाट पीडितहरूलाई ६ लाख चौतीस हजार रूपैयाँ वरावरको रकम राहतस्वरूप वितरण गरियो।

महिला अधिकार

यस वर्ष यो जिल्लामा २ जनाले वहुविवाह गरेको तथा पारिवारिक हिंसाको एउटा घटनामा एक जना महिला पीडित भएको जानकारी प्राप्त भयो।

विष्णुपुरकट्टी गाविस-७ की गुलावदेवी यादवलाई ०५६ साउन २६ गते घरमा पति नभएको अवस्थामा उनकै ससुरा, जेठाजु र देवरहरू मिली कुटपिट गरे। पीडकहरूलाई ०५६ साउन २९ गते गाउँमा जातीयरूपमा वैठक वसी सामाजिकरूपले दण्ड सुनाएपछि पीडक र पीडितबीच मेलमिलाप भयो।

वालअधिकार (बालबालिकाउपरको अत्याचार)

व्रम्हानगोछोरी गाविस-५ का ७ वर्षीय दुर्गानन्द चौधरीलाई ०५६ जेठ २४ गते गाढा गाविस-४ का भरत शर्मा र महनौर गाविस-९ का धनीरूपाल गडेरीले अपहरण गरे। पीडितका वावु मसिलाल्ले लगेको २५ हजार रूपैयाँ नदिएका कारण वालक अपहरण गरेको पीडकहरूले वनाएका छन्। पीडितलाई भोलिपल्ट भारतवाट फर्काएर ल्याइएको थियो। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

असनपुर गाविस-३ का १७ वर्षीय दिलिपकुमार सिंहलाई एक महिलासँग अनुचित कार्य गरेको आरोपमा ०५६ पुस १२ गते राति ११ वजेतिर सोही ठाउँका योगेन्द्र महतो, रामकुमार महतो र राजेन्द्र महतोले शरीरमा मट्टितेल खन्याई आगो सल्काए। पीडित अस्पतालमा भर्ना भए भने पीडकहरू फरार छन्।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जे.एस. मुररका क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनले ०५६ भदौ २९ गते लहान नगरपालिकाले क्याम्पसलाई आर्थिक सहयोग दिनुपर्ने माग राखी वजार वन्द कार्यक्रम आयोजना गर्‍यो। वजार वन्दका क्रममा सो दिन साँझ विद्यार्थी र व्यापारीवीच सामान्य झडप भएको थियो। सोही माग अघि सार्दै ०५६ असोज २ गतेदेखि लहान नपामा तालावन्दी गरिएकोमा डलाका प्रहरी कार्यालयको पहलमा असोज ५ गते ताला खोलियो।

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइवीका कारण भएका कुटपिटका ६ घटनामा ५ पुरुष र १ महिला गरी ६ जना पीडित भए। सवारी दुर्घटनावाट ८ जना पुरुष र २ जना महिलाको मृत्यु भयो। ७ जना पुरुष र १० जना महिला गरी १७ जनाले आत्महत्या गरे। पानीमा डुवेर ४ जना, आगलागीवाट १ जना र करेन्ट लागेर १ जनाको मृत्यु भयो।

१.१३ उदयपुर



जनसंख्या	: २२१२५६
साक्षरता प्रतिशत	: ३८
महिला साक्षरता प्रतिशत	: २१.४
क्षेत्रफल (वर्ग कि.मी.)	: २०६३
गाविस/नपा संख्या	: ४४/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३३१
क्याम्पस/उच्च मावि	: १/३
अस्पताल/स्वास्थ्य चौकी	: १/४५
टेलिफोन लाइन	: २१४
मोटर सडक (कि.मी.)	: २५०
प्रहरी कार्यालय संख्या	: २२
हुलाक संख्या	: ४७

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

सिन्धुपाल्चोक जिल्ला साँगाचोक गाविस-४ का अन्दाजी ३३ वर्षीय वसन्त श्रेष्ठलाई माओवादी भएको आरोपमा ०५५ पुस २७ गते तावाश्री गाविस-१ शिखरपुरमा प्रहरीले गोली हानी हत्या गरे। घटनाको फोटो खिच्न प्रहरीले दिएनन्। पीडितको लास प्रहरीहरूले नै दबाए।

खोटाङ जिल्ला चिउरीडाँडा गाविस-६ दोवेलाका ३१ वर्षीय ठूलकुमार श्रेष्ठ र सिन्धुली जिल्ला महादेवस्थान गाविसका अन्दाजी ३० वर्षीय चतुरमान योन्जनलाई माओवादीको आरोपमा ०५५ पुस २७ गते तावाश्री गाविस-१ शिखरपुरबाट प्रहरीले गिरफ्तार गरी सोही गाविसको बाहुनीटारमा लगी गोली हानेर हत्या गरे। पीडितहरूलाई टाउको र छातीमा गोली हानिएको थियो। पीडितहरूको दाहसंस्कार प्रहरीहरूले नै गरे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका २ घटनामा २ जनाको हत्या भयो, जसमा १ जना महिला थिइन्।

वेलटार गाविस-९ की ५४ वर्षीय शिवसरी राईलाई ०५६ मंसिर १६ गते उनकै पति ५६ वर्षीय टेकबहादुर राईले मादक पदार्थ सेवन गरी विवाद हुँदा साउने गाविस-३ स्थित बाटोमा हत्या गरी लास कोशीमा फालिदिए। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

५० जना वन्दी क्षमता भएको उदयपुर जेलमा ४५ जना बन्दीहरू रहेका छन्। जसमध्ये कैद नतोकिएका २ महिला र १८ पुरूष तथा कैद तोकिएका २५ जना पुरूष रहेका छन्। यसबाहेक १ जना आश्रित नावालक पनि रहेका छन्। ६ महिनाअघिदेखि कैद नतोकिएका ५ जना पुरूष छन्। यस वर्ष यो जेलमा ५३ जनासम्म बन्दीहरू पुगेका थिए। यस वर्ष ८८ जना थप जेल परेकोमा ९३ जना छुटे। १३ जना बन्दीहरूको कैद तोकियो भने ३ जना आममाफीमा परी छुटे। जेलको बाहिरी आवरण राम्रै देखिए पनि भित्र सरसफाई गरिएको छैन। जेल जीर्ण अवस्थामा पुगिसकेको छ। महिला कक्षका अभावका कारण एउटा झ्यालविनाको सुरुङ जस्तै कोठामा महिला बन्दीहरू राखिन्छ। जेलभित्र स्वच्छ हावाको अभाव छ। साँघुरो कम्पाउण्डभित्र टोपी बुन्ने तानहरू टाँगिएको भए पनि टोपी बेच्ने वजार छैन। जेलभित्र जिविस र नगरपालिकाको पहलमा टिभी, क्यारेमबोर्ड, वाल्टी जस्ता सामाग्रीहरू उपलब्ध गराइएको छ। जेलमा पानीको व्यवस्था र चर्पीको व्यवस्थापनमा भने सुधार भएको छ।

गिरफ्तारी र यातना

पोखरी गाविस-६ की २० वर्षीय तीर्थकुमारी सुयल र पहलमान रोकालगायत् ६० जनालाई ०५५ माघ ९ गते गाविससम्बन्धी विषयलाई लिएर दुई गाउँबीच भएको विवादका कारण उत्पन्न झगडामा प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये तीर्थकुमारी र पहलमानलाई प्रहरीलाई हातपात गर्न खोजेको आरोपमा यातना दिई सार्वजनिक मुद्दा लगाएर धरौटी तारेखमा रिहा गरियो।

त्रियुगा नपा-७ मोतिगडाका ३७ वर्षीय दानीप्रसाद चौधरीलाई माओवादीको संरक्षण गरेको आरोपमा ०५५ माघ ११ गते प्रहरीले गिरफ्तार गरी ८ घण्टासम्म चिसो भुइँमा राखेर यातना दिए। उनलाई पटक पटक ज्यानमार्ने धम्की दिइएकोमा हाल रिहा गरिएको छ।

रामपुर ठोक्सिला गाविस-२ स्थित स्वास्थ्य चौकीका कर्मचारीहरू राजकिशोर शाह, वीरेन्द्र दास र सोही ठाउँका अशोक कटवाल, छविन्द्र खड्का र कृष्णप्रसाद भट्टराईसमेत ६ जनालाई ०५५ माघ २६ गते प्रहरीले तास खेलेको आरोपमा गिरफ्तार गरेकोमा १ रात शारीरिक यातना दिई रिहा गरियो। यस घटनाको विरूद्ध स्थानीय वासिन्दाहरूले संगठितरूपमा विरोध जनाए।

खोटाङ जिल्ला देवीस्थान गाविस-८ का ४२ वर्षीय नरबहादुर महतलाई चोरी गरेको आरोपमा ०५५ फागुन १० गते प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितलाई १ महिना १५ दिनसम्म हिरासतमा राखियो। मुद्दा चलिरहेको छ।

रूपाटार गाविस-९ राजदहका २७ वर्षीय भीमबहादुर खड्का र सोही वडाका वडाध्यक्ष नारायण पोखरेललाई माओवादीको आरोपमा ०५५ फागुन १३ गते प्रहरीले गिरफ्तार गरी सख्त शारीरिक यातना दिए। पीडितहरूले चौकी इन्चार्जलाई १०/१० हजार रूपैयाँ तिरेपछि सफाई पाए। प्रहरीले भने पैसा नलिएको जनायो।

कटारी गाविस-४ का १७ वर्षीय प्रल्हाद श्रेष्ठलाई चित्रालयमा प्रहरीसँग विवाद गरी हातपातसमेत गरेको आरोपमा ०५५ फागुन १० गते प्रहरीले गिरफ्तार गरी यातना दिए। प्रहरी इन्स्पेक्टर दिपेश लोहनी स्वयंले कुटपिट गरे। यस घटनाको विरोधमा स्थानीय वासिन्दाहरूले २ दिनसम्म वजार वन्द गरेपछि प्रहरी इन्स्पेक्टरले माफी मागे र घटना साम्य भयो।

दाङ जिल्ला घर भई योजना साप्ताहिकको हिसाब मिलानमा गाईघाट आएका पत्रकार २६ वर्षीय अम्मरवहादुर

बुढालाई माओवादीको आरोपमा ०५५ चैत २६ गते गाईघाट बजारबाट प्रहरीले गिरफ्तार गरी निर्मम शारीरिक यातना दिए। पीडितलाई ०५६ भदौसम्म हिरासतमा राखी दाङ जिल्लामा सरूवा गरियो।

धनुषा जिल्ला तुलसी गाविस-३ का ३१ वर्षीय दिलबहादुर खड्का, ताप्लेजुङ जिल्ला फुङलिङ गाविस-५ का ५३ वर्षीय काजी श्रेष्ठ, सर्लाही जिल्ला लालबन्दी गाविस-१ का ४३ वर्षीय गमबहादुर बुढाथोकी, काठमाण्डौ जिल्ला गोकर्ण गाविस-८ का ३३ वर्षीय रामलाल श्रेष्ठ र दोलखा जिल्ला चरिकोटका अनुपम श्रेष्ठ भन्ने महवीर मल्लिकलाई किर्ते जालसाज गरी हिँडेको अवस्थामा ०५६ असार २५ गते कटारी बजारबाट प्रहरीले गिरफ्तार गरी ७ दिनसम्म शारीरिक यातना दिए। पीडितहरूलाई ७ दिनपछि मात्र अदालत पुऱ्याइएकोमा धरौटीमा रिहा गरिएको छ।

त्रिवेणी गाविस-३ का ३४ वर्षीय भुवनहरि बरालबाई डकैती गरेको आरोपमा ०५६ भदौ १२ गते बिहान ४ बजेतिर प्रहरीले गिरफ्तार गरी हिरासतमा ३ दिनसम्म पैतालामा पोलिथिनको पाइपले हिर्काएर यातना दिए। अदालतले सुजनहरि बरालको ठाउँमा भुवनहरि बराललाई नपक्रिनू भनेर छाड्ने आदेश दिएपछि पनि पीडितलाई ३ दिनसम्म हिरासतमा राखेर रिहा गरियो।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	१	१	२				
गोलीद्वारा हत्या					२	३		३
गिरफ्तारी र यातना					१०	२०	१	२१
बेपत्ता पारिएको					१	१		१
कुटपिट	१५	१७	३	२०	४	६	३	९
धम्की	२	२		२				
मौलिक अधिकार	१	९		९				
भेला र संगठित हुने अधिकार	२	१	१	२				
स्वतन्त्र र निष्पक्ष चुनाव	१	८		८				
राजनीतिक स्वतन्त्रता		१		१				
सरूवा/घटुवा/पक्षपात आदि	३	१८		१८	१	१		१
धार्मिक स्वतन्त्रता	१							
महिला किनबेच	३		३	३				
बलात्कार	२		२	२				
बलात्कार प्रयास	२		२	२				
बहुविवाह	२		२	२				
गर्भपतन	३		१	१	१		१	१
पारिवारिक हिंसा	३		३	३				
बाल अधिकार	३	८		८				
आर्थिक अधिकार	१	१		१				
अमानवीय व्यवहार	१	२		२				
जम्मा	४६	६८	१८	८६	१९	३१	५	३६
आत्महत्या	१८	१४	४	१८				
दुर्घटनाहरू/विपत्तिहरू	५	९	५	१४				

सप्तरी जिल्ला घोघनपुर गाविस-५ जमुवा घर भई सुन्दरपुर गाविसस्थित शिवाई बजारमा औषधी पसल गरी बस्ने ३३ वर्षीय बद्रीनारायण चौधरीलाई ०४८ सालमा जीउ मास्ने/बेच्ने अपराध गरेको आरोपमा ०५६ मंसिर २१ गते प्रहरीले गिरफ्तार गरी दुई दिनसम्म पोलिथिनको पाइपले कुटपिट गर्ने, पैतालामा पत्तीले चिरेर चुक, अमिलो पदार्थ, एसिडयुक्त तरल पदार्थ लगाउने जस्ता यातना दिई हाल पुर्पक्षका लागि थुनामा राखिएको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

पंचावती गाविस-४ दनुवारबेशीका ६२ वर्षीय भवानीप्रसाद ढुंगानालाई ०५५ पुस २६ गते माओवादीहरूले ६० हजार रूपैयाँ नदिए ज्यानमार्ने धम्की दिँदै २४ सय रूपैयाँ लुटे। पीडितलाई त्योभन्दा पहिले माओवादीलाई भात खुवाएको भनी प्रहरीले गिरफ्तार गरेर रिहा गरेको थियो।

त्रियुगा नपा-७ मोतिगडा माविका प्रधानाध्यापक सत्यनारायण गुप्तालाई ०५५ चैत ८ गते स्पष्टीकरण सोधेको भनी सोही विद्यालयका शिक्षक ३८ वर्षीय ईश्वरीप्रसाद गौतमले कुटपिट गरे। प्रधानाध्यापक सत्यनारायणले विद्यार्थीहरू लगाएर पीडकलाई विद्यालयबाट लखेटे।

कृषि विकास कार्यालयका कर्मचारी तथा त्रिवेणी गाविस-६ गुराँसे माविको मतदान केन्द्रमा मतदानका लागि खटिएका मतदान अधिकृत ४६ वर्षीय भरतप्रसाद शर्मा, ५२ वर्षीय श्यामसुन्दर तिवारी, ४५ वर्षीय विष्णु भट्टराई र ३६ वर्षीय वृषबहादुर मगरलाई ०५६ जेठ २ गते बेलुका निर्वाचन सुरक्षाका लागि खटिएका प्रहरी असई प्रेमबहादुर तामाङलगायत्का प्रहरीहरूले कुटपिट गरे।

रौता गाविस-४ नामन्ताका १९ वर्षीय प्रेमबहादुर मगर र सोही गाविस-९ मुर्कुचीका १९ वर्षीय गोविन्दबहादुर कार्कीलाई ०५६ जेठ ३ गते मतदान गर्न जाँदा चुनावको दिन भोट मागेको आरोपमा सोही गाविस-९ मुर्कुचीका २१ वर्षीय ध्रुव लामा, १९ वर्षीय प्रकाश मगर, २२ वर्षीय रूद्रबहादुर खड्का र २६ वर्षीय विक्रम आलेले कुटपिट गरी घाइते बनाए। पीडितहरूले प्रहरीसमक्ष दिएको उजुरी दर्ता गरिएन। गाविसले मिलापत्र गराएको छ।

जिल्ला वन कार्यालयका लेखापाल राजेन्द्रप्रसाद शाहलाई ०५६ साउन ३ गते त्रियुगा नपा-२ का रामचन्द्र गुप्ता र प्रकाश गुप्ताले अफिसको काम नगरिदिएको तथा धरौटी रकम फिर्ता

नदिएका कारण कुटपिट गरे। पीडकहरुविरूद्ध सार्वजनिक अपराध ऐनअन्तर्गत मुद्दा चलाइएको छ।

रामपुर ठोक्सिला गाविस-८ गलेनीका गणेशबहादुर कार्की र प्रमिला कार्कीलाई ०५६ भदौ ६ गते वनपालेहरूले हुलहुज्जत गरी वन सुरक्षाकर्मीलाई कुटपिट गरेको आरोपमा कुटपिट गर्नुका साथै २ राउण्ड हवाइफायरसमेत गरे। पीडितहरूलाई सार्वजनिक अपराध ऐनअन्तर्गत मुद्दा चलाइएको छ।

सुन्दरपुर गाविस-५ खोरियाटोलकी ३५ वर्षीय वेदमाया धमला र उनकै छोरी १० वर्षीय जानुका धमलालाई ०५६ असोज २७ गते सोही ठाउँ घर भई काठमाण्डौं जिल्लास्थित गोरखबहादुर गणमा कार्यरत् सैनिक रत्नप्रसाद आचार्यले कुटपिट गरी हात, घाँटी र पेटमा छुरी प्रहार गरी सख्त घाइते बनाए। पीडकविरूद्ध मुद्दा दर्ता गरिएको भएता पनि कारवाही भएको छैन।

त्रियुगा नपा-२ स्थित प्रहरी पोष्ट गाईघाटका इन्चार्ज ४१ वर्षीय असई रामचन्द्र के.सी.लाई ०५६ मंसिर २२ गते डिएसपी मोहनराज जोशीले रात्रीको वेला सुतेको आरोपमा जिल्ला प्रहरी कार्यालयमा लगी कुटपिट गरे। पीडितले जागिर जाने डरले मुद्दा दिएनन्।

बाँसबोटे गाविस-६ का २८ वर्षीय डम्मरविक्रम राईलाई राजनीतिक रिसइवीका कारण ०५६ पुस ३ गते सोही ठाउँका ४० वर्षीय कमरबहादुर राई र डिकबहादुर राईले टाउकोमा लाठी प्रहार गरी सख्त घाइते बनाए। पीडितको टाउकोमा गहिरो चोट परेका कारण ५ वटा टाँका लगाए। पीडितले पीडकहरूविरूद्ध मुद्दा दिएकोमा दर्ता गरिएन।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकपा (एमाले) को तर्फबाट आमनिर्वाचनमा उम्मेदवार रहेका जगन्नाथ खतिवडालाई ०५६ वैशाख ८ गते रौता गाविसका २६ वर्षीय विक्रम आलेलगायत्का व्यक्तिहरूले सूर्य चिन्हमा मत नमाग्न चेतावनी दिँदै रौता गाविस-९ स्थित नेकपा (एमाले) को पार्टी कार्यालय तोडफोड गरे। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरी १५ दिन हिरासतमा राखेर छाडे। विक्रमविरूद्ध सार्वजनिक अपराध ऐनअन्तर्गत मुद्दा चलाइएको छ।

नेपाली कांग्रेसका जिल्ला नेताहरू मनोज वस्नेत, केशव वस्नेत, अर्जुन खड्का, संजीव थापा, मृगाधन राई, जीवराज ढुंगाना र अभिमन्यू सेढाईंलगायत् ९ जनालाई ०५६ जेठ ६ गते सोही पार्टीका समर्थकहरूले आफ्नो पार्टीका उम्मेदवारको पक्षमा मत नमागी स्वतन्त्र बसेको आरोपमा कारवाहीको माग राख्दै ६ वर्ष कारवाही गर्न जिल्ला सभापति नारायणबहादुर कार्कीसमक्ष माग गरे। पीडितहरूलाई कारवाहीको सिफारिस गरी केन्द्रमा पठाइएको छ भने कारवाहीको घोषणा भएको छैन।

त्रियुगा नपा-१४ को मतदान केन्द्रमा ०५६ जेठ ३ गतेको निर्वाचनमा नेकाँका कार्यकर्ताहरूले कब्जा गरी अन्य पार्टीका कार्यकर्ताहरूलाई मतदान प्रतिनिधि बस्न नदिई आफ्नो पार्टीको पक्षमा एकलौटी मतदान गर्न मतदाताहरूलाई दवाव दिए।

आमनिर्वाचन ०५६ जेठ ३ गतेको मतदानमा जिल्लाका १० हजार मानिसहरू मतदाता नामावलीमा नाम नभएका कारण मतदानबाट वञ्चित भए। मतदान केन्द्रमा व्यापक हेरफेर भएको हुँदा पनि धेरै मानिसहरू मतदान गर्न जान सकेनन्।

धार्मिक स्वतन्त्रता

त्रियुगा नपा-७ स्थित मोतिगडाको राम जानकी मन्दिरमा दर्शन गर्न गएका भक्तजनहरूलाई ०५६ जेठ ७ गतेदेखि २२ गतेसम्म मन्दिर संचालक समितिका सदस्य वैएलाल चौधरीले प्रवेश गर्न रोक लगाए। भक्तजनहरूले मन्दिरको फलफूल खाई मासेको कारण ताल्चा लगाएको कुरा वैएलालले बताए। स्थानीय जनप्रतिनिधि, राजनीतिज्ञ र प्रशासनिक पहलमा ताल्चा खोलियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष उदयपुर जिल्ला अदालतमा ६ सय २८ थान मुद्दाहरू छन्। जसमध्ये ३ सय ९६ थान गत वर्षदेखि जिम्मेवारी सरेर आएका हुन् भने २ सय ३२ यस वर्षका हुन्। ती मुद्दाहरूमा दुनियावादी देवानी ३ सय ७१, दुनियावादी फौजदारी १ सय २१, संक्षिप्त कार्यविधि ऐनअन्तर्गत २६, विशेष अदालत ऐनअन्तर्गत ४०, ठाडो फौजदारी २ र सरकारवादी फौजदारीतर्फ ६७ थान मुद्दाहरू रहेका छन्। यस वर्ष जिल्ला अदालतबाट ४ सय ३० थान मुद्दाहरू फर्स्योट भए, जसमध्ये न्यूनतम वैशाखमा ३ र अधिकतम असारमा १ सय थान फर्स्योट भए। वैशाखमा न्यायाधीशलाई निर्वाचन अधिकृत तोकिएका कारण कम फर्स्योट भएका हुन्। २ वर्ष वा सो भन्दा वढीका २ सय ६२ थान मुद्दाहरू रहेका छन्। त्यस्तै १ वर्ष वा सो भन्दा अघिका ५७ वटा र ६ महिनाभन्दा पहिलेका २ सय १० थान छन्। प्रमाण संकलनमा समय लाग्ने हुँदा मुद्दा फर्स्योट गर्न ढिलाई हुने गरेको जिल्ला अदालतले जनायो।

जिल्ला प्रशासन कार्यालयमा जम्मा ४९ थान मुद्दाहरू रहेकोमा ४२ सार्वजनिक अपराध ऐनअन्तर्गतका छन्। ती ४२ थानमध्ये १६ थान यस वर्ष दर्ता भएका हुन् र २६ थान जिम्मेवारी सरेर आएका हुन्। जिल्ला प्रशासन कार्यालयबाट १० र वन कार्यालयबाट २० थान फर्स्योट भए। जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारीको सरुवा र राजनीतिक दवावका कारण मुद्दा हेर्न र फर्स्योट गर्न वाधा परेको देखिन्छ।

जिल्ला वन कार्यालयमा यस वर्ष ८५ थान मुद्दाहरू रहेका छन्। जसमध्ये ४५ थान गत वर्षदेखि जिम्मेवारी सरेर आएका हुन् र ४० थान यस वर्षका हुन्।

सरुवा, घटुवा र पक्षपात आदि

हडिया गाविस अधेरी घर भई भुटार गाविसमा प्राविधिक सहायक पदमा कार्यरत् २४ वर्षीय महेशकुमार कार्कीलाई ०५५ पुसबाट लागू हुने गरी ०५५ पुस १७ को गाविसको बैठकले घटुवा गऱ्यो। पीडितलाई बैदार सरह भनी ३ हजार रूपैयाँ तलब दिँदै आएकोमा २ हजार रूपैयाँमा झारिएको छ तर काममा कुनै परिवर्तन गरिएको छैन।

यस वर्ष यो जिल्लामा राजनीतिक आस्थाका आधारमा व्यापकरूपमा शिक्षक र कर्मचारीहरूको सरूवा गरियो। उदयपुर सिमेन्ट उद्योगका विभागीय प्रमुख र कर्मचारीहरूलाई पनि आस्थाका आधारमा व्यापक आन्तरिक सरूवा गरियो। यस उद्योगका कर्मचारीहरूलाई ८ वर्षअघिदेखि बढुवाको अवसर दिइएको छैन।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष ०५६ कात्तिक १ देखि ३ गतेसम्म परेको अविरल वर्षाका कारण बाढी/पहिरोमा परी धेरै मानिसहरू सुकुम्वासी भएका छन्। यिनीहरूको तथ्यांक प्राप्त भएको छैन तर पुराना र यस वर्ष थपिएका गरी करिब २० हजार मानिस सुकुम्वासी भएको अनुमान गरिएको छ।

महिला अधिकार

भलायाडाँडा गाविस-९ मडनटारकी १९ वर्षीय चन्द्रमाया परियारलाई ०५३ कात्तिक ५ गते सोही ठाउँकी चन्द्रमाया विश्वकर्मा, टीकामाया विश्वकर्मा र सिराहा जिल्ला जमदह गाविस-६ का दिनेश विश्वकर्माले भारतको दिल्ली लगेर ५० हजार रूपैयाँमा बिक्री गरेकोमा फर्कन सफल भइन्। पीडितले ०५५ फागुन २० गते पीडकविरूद्ध उजुरी हालेकोमा पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ। पीडितका अनुसार भलायाडाँडा गाविस-९ की सीता परियारलाई जे.पी. रोड दिल्लीको कोठी नं. ६४ मा पीडकहरूले पहिले नै बेचेकोमा उनी फर्केकी छैनन्। दिल्लीका नेपालीहरू र प्रहरीको सहयोगमा चन्द्रमाया नेपाल फर्कन सफल भएकी हुन्।

त्रिवेणी गाविस-७ खोक्साकी १५ वर्षीय बालिका रीता कट्वाललाई ०५६ वैशाख २४ गते स्थानीय महिलाहरू र नातेदारहरूले फकाइ-फुल्याई सोही ठाउँका २२ वर्षीय नवराज कार्कीसँग दोश्रो विवाह गराइदिए। रीताको विवाह ०५५ वैशाख १९ गते सुनसरी जिल्ला धरानका अर्जुन थापासँग भएको थियो। पीडितलाई विवाहपछि बम्बई लगेकोमा नवराज पटक पटक फर्कँदा पनि रीता फर्केकी छैनन्। पीडितलाई बिक्री गरेको आशंका गरिएको छ।

त्रियुगा नपा-२ गाईघाटकी १४ वर्षीय शोभा वि.क.लाई ०५६ मंसिर २३ गते सप्तरी जिल्ला घर भई त्रियुगा नपा-२ स्थित साइकल ग्यारेजमा काम गर्ने २४ वर्षीय सुरेश विश्वकर्माले विवाह गर्छु भनी फकाएर बिक्री गर्ने उद्देश्यले भारततिर लगे। त्रियुगा नपा-७ मोतिगडाकी २४ वर्षीय विमला भन्ने धनकुमारी पोखरेललाई ०४८ सालमा सप्तरी जिल्ला घोघनपुर गाविस-५ का बद्रिनारायण चौधरीसमेतले भारतमा लगी बिक्री गरेको भनी पीडितले ०५६ पुस ५ गते जिल्ला अदालतमा मुद्दा दायर गरिन्। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ भने पीडिक काठमाण्डौमा छिन्।

भलायाडाँडा गाविस-३ की २२ वर्षीय एक महिलालाई ०५५ माघ १ गते रौता गाविस-९ मुर्कुचीका अन्दाजी २५ वर्षीय मोहन मगरलगायत्का व्यक्तिहरूले १ हजार ५ सय रूपैयाँ दिएर यौन सम्पर्क राख्न प्रस्ताव गरेपछि सो नमानेका कारण राजाबासको जंगलमा लगी सामूहिक बलात्कार गरे। पीडकहरूले पीडितलाई ५ हजार रूपैयाँसहित लुगा कपडा किनिदिएपछि दुवै पक्षबीच मिलापत्र भयो।

त्रिवेणी गाविस-६ गराँसकी ३२ वर्षीय एक महिलालाई ०५६ असार २५ गते मिर्चैयाको एक लजमा बास बसेको बेला सोही ठाउँका ३७ वर्षीय अरूण श्रेष्ठले बलात्कार गर्ने प्रयास गरे। स्थानीय महिलाहरूको समूहले अरूणलाई माफी मगाएर ५ सय ५१ रूपैयाँ जरिवाना गराए।

खाबु गाविस-३ की १५ वर्षीय एक युवतीलाई ०५६ कात्तिक ११ गते सोही ठाउँका १८ वर्षीय महावीर भन्ने गोविन्द कटवालले प्रेम प्रस्ताव राख्दा अपमान गरेको आरोपमा बलात्कार गर्ने प्रयास गरे। पीडकविरूद्ध सार्वजनिक अपराध ऐनअन्तर्गत मुद्दा चलाइएको छ।

त्रियुगा नपा-१ बोक्सेकी ७ वर्षीय एक बालिकालाई ०५६ मंसिर १६ देखि २४ गतेसम्म सोही ठाउँका राजन भन्ने हेमप्रसाद खतिवडाले फकाई-फुल्याई कटारी लगी बलात्कार गरे। बलात्कारका कारण पीडितको गुप्तांग र मलद्वार फाटेको छ। पीडकले पीडितलाई गाला र शरीरका अन्य भागमा टोकेर थिलथिलो पाऱ्यो। पीडितको उपचार स्थानीय अस्पतालमा भयो भने पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

यस वर्ष यो जिल्लामा २ जनाले बहुविवाह गरेको जानकारीमा आयो। पारिवारिक हिंसाका ३ घटनामा ३ महिला पीडित भए। ४ वटा गर्भ पतनको घटना जानकारीमा आयो। जसमध्ये -

भलायाडाँडा गाविस-८ अमबोटेकी २७ वर्षीय चरिमाया तामाङलाई ०५५ फागुन २२ गते उनकै पति ३१ वर्षीय जसबहादुर तामाङले रक्सी बेचेको निहुँमा सख्त घाइते हुनेगरी कुटपिट गर्नुका साथै डुम्रे गाविसका परपुरूषसँग अनैतिक यौन सम्पर्क राखेको आरोप लगाई घरबाट निकाले। पीडितलाई महिला पुनर्स्थापना केन्द्र र प्रहरीको सहयोगमा पुनर्स्थापना गरिए पनि घरमा राम्रोसँग बस्न दिइएको छैन।

त्रियुगा नपा-१७ गैरनकी २० वर्षीय जीवनीदेवी शाहलाई ०५६ भदौ ५ गते उनकै पति २२ वर्षीय राजकुमार शाह र सासू, ससूरासमेतले दाइजो नल्याएको र घरायसी काम पनि राम्रोसँग गर्न नजानेको आरोपमा सख्त कुटपिट गरी घरबाट निकाल्ने धम्की दिनुका साथै जीवनभर नागरिकता पनि नबनाइदिने धम्की

दिए। स्थानीय महिलाहरू भेला भई पीडकहरूलाई आइन्दा यस्तो कार्य नगर्न चेतावनी दिए।

पोखरी गाविस–६ की २० वर्षीय तीर्थकुमारी सुयललाई ०५५ माघ ९ गते प्रहरीले कुटपिट गरेका कारण उनको गर्भ नै पतन भयो। गाविस भवन सार्ने कुरामा विवाद भएपछि प्रहरीले धेरै जनालाई कुटपिट गरेका थिए।

बालअधिकार (बालबालिकाउपरको अत्याचार)

यस जिल्लाका अधिकांश बालबालिकाहरू घरायसी काम गर्ने, भारी बोक्ने र गाईवस्तु चराउने काम गर्दछन्। त्यसमा पनि पहाडी भेगका ३४ गाविसका १० वर्षभन्दा माथिका ६० प्रतिशत केटाकेटीहरू भारी बोकेर जीविकोपार्जन गर्छन्।

त्रियुगा नपा–३ गाईघाटका १४ वर्षीय लेलु सदा, १३ वर्षीय राजकुमार सदा, १४ वर्षीय फुलेश्वर सदा, १६ वर्षीय महेन्द्र सदा, १७ वर्षीय फूलेश्वर सदा र १६ वर्षीय जोगी सदालाई ०५५ माघ १० गते भारतीय नागरिक सन्यनारायण विन्दा र रामसागर विन्दाले अपहरण गरी लगेकोमा ०५५ माघ ६ गते फिर्ता गरियो।

त्रियुगा नपा–११ का १ वर्ष ८ महिनाका सरोज विश्वकर्मालाई ०५६ जेठ १२ गते उनकै आमा २० वर्षीय शान्ताकुमारी विश्वकर्माले कोही नभएको घरमा एक्लै छाडेर बेपत्ता भइन्। पीडितलाई ३ दिनसम्म घरमा एक्लै रोएको देखेपछि गाउँलेहरूले फेला पारेपछि सोही नपा–१ स्थित मावलीमा हजुरआमाले पालेकी छिन्।

पोखरी गाविस–१ सल्लेका १४ वर्षीय श्यामकुमार सुयल कक्षा ४ मा पढ्दापढ्दै मंसिरसम्म पनि पाठ्यपुस्तक नपाएका कारण ०५६ मंसिर ४ गतेदेखि पढाइ छाडेर भारी बोक्न थालेका छन्।

आर्थिक अधिकार

बेल्टार गाविस–८ सुगारेका ३२ वर्षीय श्रीप्रसाद मगरलाई कल्भर्ट, जाली, नालीको काम लगाई ठेकेदार तारा चौधरीले रू. १६ हजार ज्याला दिएनन्। पीडितले ४८ हजार रूपैयाँ पाउनुपर्नेमा ३१ हजार मात्र पाए।

लाफगाउँ गाविस–१ का ४५ वर्षीय वीरबहादुर विश्वकर्मालगायत् १७ जना विश्वकर्मा थरका व्यक्तिहरूले बाली (ज्याला) नबढाएको भनी ०५५ चैत १ गतेदेखि १५ गतेसम्म आरन हड्ताल गरी चैनेदी बहिष्कार गरे। त्यसैगरी आँपचौर पोखरीमा पनि ०५५ चैत ७ देखि १५ गतेसम्म आरन बहिष्कार गरे। प्रतिवर्ष १२ पाथी जिन्सी ज्याला दिने शर्तमा स्थानीय बासिन्दासँग सम्झौता भएपछि मात्र आरन चलाउन थाले।

मानवअधिकारसम्बन्धी अन्य सवालहरु

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूतसमेत

त्रियुगा नपा–९ का खड्गप्रसाद खतिवडा र नेत्रबहादुर थापालाई भ्रष्टाचार गरेको आरोपमा ०५६ असार ३२ गते स्थानीय जनताले कुटपिट गरी मोसो दलेर जलजले बजार घुमाए। पीडितहरूले बाटो निर्माणका लागि ल्याइएको १ हजार १ सय ७८ कि.ग्रा. चामल खाएको ठहर गरी असूल गरियो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

कटारी गाविस–४ कटारी बजारका १७ वर्षीय प्रल्हाद श्रेष्ठलाई ०५५ फागुन १० गते प्रहरीले सामान्य विषयमा गिरफ्तार गरी यातना दिएका कारण कटारीवासीले २ दिन बजार बन्द गरे। प्रहरी इन्स्पेक्टर र प्रमुख जिल्ला अधिकारीले स्थानीय बासिन्दासँग माफी मागेपछि घटना सामान्य भयो।

अतिरिक्त जानकारीहरु

खोटाङ जिल्ला चिसापानी गाविस घर भई त्रियुगा नपा–१ बोक्सेमा डेरा गरी बस्ने २५ वर्षीय कमला कार्कीलाई उनकै पति ४७ वर्षीय कमल कार्कीले कुटपिट गर्ने र गर्भिणी भएको अवस्थामा पनि हेरचाह नगरेका कारण ०५६ भदौ २३ गते विष सेवन गरी आत्महत्या गरिन्। पीडित ८ महिनाकी गर्भिणी थिइन्।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइबीका कारणले भएका कुटपिटका ११ घटनामा १२ पुरूष र ३ महिला गरी १५ जना पीडित भए। १४ जना पुरुष र ४ जना महिलाले आत्महत्या गरे। डुबेर ३ जना र करेन्ट लागेर १ जना पीडित भए। ०५६ कात्तिक १ गतेदेखि ३ गतेसम्म परेको अविरल वर्षापछि कात्तिक ३ गते आएको बाढी पहिरोमा परी १० जनाको मृत्यु भयो। बाढी पहिरोले २९ वटा गाविस प्रभावित भएकोमा बाराहा गाविसलाई ठूलो असर पर्‍यो। दशौं हजार बिगाहाको बालीनाली पूर्णतः नोक्सान भयो भने सयौं पशुपंक्षीहरू मरे। समग्रमा अरबौं रूपैयाँ बराबरको क्षति भयो। ४ हजार ५ सय ६१ परिवार प्रभावित भए। ९४ वटा खानेपानी योजना र २ सय ६२ वटा सिंचाई कुलोहरू ध्वस्त भए। ५२ वटा गोरेटो बाटो, एउटा गाविस भवन र ६ वटा विद्यालय भवन भत्किए।

१.१४ खोटाङ

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या / गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ७ घटनामा ७ जना पुरूषको हत्या भयो। जसमध्ये -

जल्पा गाविस-३ का ३९ वर्षीय भीमबहादुर तामाङलाई चरित्र नराम्रो भएको आरोपमा ०५५ चैत २८ गते उनकै पत्नी २२ वर्षीय विष्णुमाया आचार्य (तामाङ) ले खुकुरी प्रहार गरी हत्या गरिन्। पीडक पुर्पक्षका लागि थुनामा छिन्।

जनसंख्या	: २१५९६५
साक्षरता प्रतिशत	: ३९.९
महिला साक्षरता प्रतिशत	: २३.३
क्षेत्रफल (वर्ग कि.मी.)	: १५९१
गाविस/नपा संख्या	: ७६/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३६७
क्याम्पस/उच्च मावि	: १/६
अस्पताल/स्वास्थ्य चौकी	: १/७६
टेलिफोन लाइन	: २०१
मोटर सडक (कि.मी.)	: ०
प्रहरी कार्यालय संख्या	: २१
हुलाक संख्या	: ७६

जेल र बन्दीहरु

कुल ३० जनाको क्षमता भएको खोटाङ जेलमा प्रायः क्षमताभन्दा बढी बन्दीहरू राखिन्छ। यहाँ २९ पुरुष र ६ महिला गरी ३५ जना बन्दीहरू रहेका छन्। जसमध्ये कैद फैसला भएका १७ पुरुष र ३ महिला गरी २० जना तथा कैद फैसला नभएका १२ पुरूष र ३ महिला गरी १५ जना छन्। बन्दीहरूमध्ये १५ देखि ४५ वर्षसम्मका ३४ जना र ४५ वर्षभन्दा माथिका १ जना छन्। बन्दीहरूले जेलभित्र झोला, टोपी बुनी आयआर्जन गरेको पाइन्छ। रेडियो, टिभी, पत्रपत्रिकाको सुविधा छ। तर, पानी र चर्पीको असुविधा रहेको बन्दीहरू बताउँछन्। गलैंचा बुन्ने सुविधा हुनुपर्ने र पढ्न लेख्न चाहना हुने बन्दीहरूलाई जेलभित्रैबाट परीक्षा दिन पाउने व्यवस्था मिलाइनुपर्ने बन्दीहरूको माग छ। जेल सदरमुकामबाट ५ कि.मी टाढा भएकोले यहाँ तयार गरिएका सामानहरू बिक्री गर्न र आवश्यक सामान खरीद गर्न जान असुविधा भएको, बन्दीहरूलाई अदालत लान/ल्याउन असुविधा भएको र पियनको कमी भएको कुरा जेल प्रशासन र सुरक्षाकर्मीहरूले बताए। जेलरका लागि निवास हुनुपर्ने, खानेपानी र चर्पीको व्यवस्था हुनुपर्ने, बन्दीहरूको लागि थप भवनको व्यवस्था हुनुपर्ने धारणा जेलरको छ।

गिरफ्तारी र यातना

बाँझे च्यानडाँडा गाविस-३ का ३० वर्षीय ज्ञानबहादुर राई र २५ वर्षीय गोपाल बस्नेतलाई ०५६ असार २३ गते जिल्ला प्रहरी कार्यालयले सामान्य विवादमा गिरफ्तार गरेकामा विभिन्न यातना दिई ज्ञानबहादुरलाई ४ दिनपछि रिहा गरे भने गोपाललाई २५ दिन थुनामा राखेर २८ हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

खाल्ले गाविस-१ का २२ वर्षीय केशरमान चाम्लिङ र बतासे गाविस-५ का चर्च विकलाई ०५६ असार २८ गते खाद्य संस्थानका कर्मचारीको जाहेरीमा किर्ते कुपन बनाइ चामल खरीद गरेको आरोपमा प्रहरीले पटक पटक गरी २६ दिन थुनेर निर्मम यातना दिए। पछि कुपन किर्ते नगरेको ठहर भएकाले पीडितहरूलाई रिहा गरियो।

कुभिण्डे गाविस-२ का २५ वर्षीय एकराज निरौला र मधेशा गाविस-६ झकनझोडा सुनसरीका ४३ वर्षीय युवराज पोखरेललाई ०५६ भदौ ९ गते विनाकारण प्रहरीले गिरफ्तार गरी २१ दिनसम्म थुनामा राखेर धरौटी लिई तारेखमा छोडे। पीडितमध्ये एकराजलाई हिरासतमा यातना दिइएको थियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

मात्तिम गाविस-२ का नेकाँ कार्यकर्ता अम्बिका राई र राजबहादुर सुनामलाई ०५६ जेठ ५ गते विजय जुलुसमा गएर फर्कँदै गर्दा विकास राईलगायत्का व्यक्तिहरूले कुटपिट गरे। पीडकहरूलाई जिल्ला प्रशासन कार्यालयले धरौटी लिइ रिहा गरेको छ।

डिकुवा गाविस-९ मुड्जुका तीर्थबहादुर खत्रीलाई ०५६ जेठ ५ गते बाटोमा हिँडिरहेको अवस्थामा सोही गाविस-६ का जशराज राई, देवेन्द्र राई, दिनेश राई र मानबहादुर राईले चुनावमा अर्को पार्टीको एजेन्ट बसेको आरोपमा कुटपिट गरे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सुङ्देल गाविसका नेकपा (एमाले) का कार्यकर्ताहरूलाई ०५६ जेठ ३ गते चन्द्रबहादुर राईलगायत्का व्यक्तिहरूले च्यार्से खोलाको साँघुरो बाटोमा बसी ढुंगा प्रहार गरी मत खसाल्न जान दिएनन्। बाक्सिला गाविसमा बसेका सैनिकहरूको सहयोगले उनीहरूले मत खसाल्न पाएका थिए।

खोटाङ कारागारको अग्र भाग

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	७	७		७				
गिरफ्तारी र यातना					३	६		६
कुटपिट	१३	१५	६	२१				
भेला र संगठित हुने अधिकार	२		२	२				
स्वतन्त्र र निष्पक्ष चुनाव	१							
वलात्कार	३		३	३				
वलात्कार प्रयास	१		१	१				
वहुविवाह	१		१	१				
पारिवारीक हिंसा	१		१	१				
महिला भएकै कारण यातना	१		१	१				
जम्मा	३०	२२	१५	३७	३	६		६
आत्महत्या	२४	११	१३	२४				
चोरी/डकैती	२							
दुर्घटनाहरू/विपत्तिहरू	५	४	४	८				

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष दुनियावादी देवानी १६, सरकारवादी ११ र दुनियावादी फौजदारी ४२ थान मुद्दाहरू रहेका छन्। २ वर्षसम्म फस्र्यौट नभएका मुद्दाहरूमा ८ थान देवानी र २ थान सरकारवादी रहेका छन्। १ वर्षसम्म फस्र्यौट नभएकामा ६५ थान देवानी, १ सय १७ दुनियावादी फौजदारी र २४ थान सरकारवादी मुद्दाहरू छन्। त्यसैगरी ६ महिनासम्म फस्र्यौट नभएका मुद्दाहरूमा यस वर्ष परेका सवै मुद्दाहरू रहेको पाइयो।

जिल्ला प्रशासन कार्यालयमा ६ थान सार्वजनिक अपराधसम्वन्धी मुद्दाहरू परेकोमा सवै बाँकी छन्। जिल्ला प्रहरी कार्यालयमा यस वर्ष कर्तव्य ज्यान ६ थान परेकोमा १ बाँकी, जवर्जस्ती करणी ३ मध्ये ३ वटै बाँकी, फुटकर ज्यानसम्वन्धी २ थानमा १ थान बाँकी रहेका छन् भने चोरीमा ६ मध्ये सवै फस्र्यौट भए। त्यसैगरी ज्यानमार्ने उद्योगअन्तर्गत ३ थानमा सवै फस्र्यौट भए भने आत्महत्या ३४, भवितव्य ज्यान ११, जवर्जस्ती करणी १, किर्ते १, नागरिकता प्रमाणपत्रसम्वन्धी १ र गर्भ पतन १ परेकोमा सवै बाँकी रहेका छन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सुकुम्वासी समस्या समाधान आयोगले यस जिल्लामा २ सय ५० भन्दा बढी परिवारहरू सुकुम्वासी भएको जनायो। अशक्त भत्ता निकासा हुन ढिलाई भएका कारण १ वर्षसम्मको भत्ता एकै पटक वितरण गरेको पाइयो।

महिला अधिकार

वाकाचोल गाविस-४ की १५ वर्षीय इलादेवी घिमिरेलाई ०५४ माघ २५ गते सोही ठाउँका छत्रवहादुर राई, सुखमायाँ राई, सीता राईसमेतले भारत दार्जिलिङ घर वनाउने गणेश राईको साथ लगाई वेचविखन गरेको अनुमान गरिएको छ। छत्रवहादुरलाई प्रहरीले भिकाई इलालाई दाखिला गर्नुपर्‍यो भनेकोमा ल्याउँछु भनी २ पटक दाखिला गराउने कागज गरेता पनि दाखिला गरेका छैनन्। पीडकलाई कारवाही गर्न ढिलाई गरिएको छ।

वुङ्पा गाविस-८ की ९ वर्षीय एक वालिकालाई ०५६ वैशाख १८ गते सोही ठाउँका १८ वर्षीय दिलवहादुर विश्वकर्माले सिस्नो टिपेर फर्कदै गर्दा लडाएर वलात्कार गर्ने प्रयास गरे। पीडितकी आमाले देखी ढुंगाले हानेपछि पीडक भागेको थियो। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

अर्खौले गाविस-८ की १२ वर्षीय वालिकालाई ०५६ असार ७ गतेदेखि साउन ५ गतेसम्म आफ्नै वावु ४३ वर्षीय मानवहादुर राईले धम्क्याइ पटक पटक वलात्कार गरे। पत्नीले यौन सम्पर्क गर्न नमानेपछि छोरीलाई जवर्जस्ती गरेको पीडकले वताएका छन्। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

दुर्छिम गाविस-२ रातमाटेकी २५ वर्षीय एक महिलालाई ०५६ कातिक २७ गते सोही गाविसका २२ वर्षीय भैरव राईले हिँडिरहेको वेला वलात्कार गरे। प्रहरीले पीडकलाई गिरफ्तार गरी कारवाही गरिरहेको छ।

फेदी गाविस-८ की एक युवतीलाई ०५६ पुस २ गते माक्पा गाविस-२ घर भई जिविसमा कार्यरत् सवओभरसियर धनकुमार राईले मादक पदार्थ सेवन गरी वलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

यस वर्ष यो जिल्लामा एक जनाले वहुविवाह गरेको जानकारीमा आयो। एउटा पारिवारिक हिंसाको घटनामा एक महिला पीडित भइन्।

दिक्तेल गाविस-५ डाँडागाउँकी ३२ वर्षीय सुनहिरा राईलाई ०५६ असार २२ गते ५४ वर्षीय धमिनी धनशोभा राईले वोक्सी भएको आरोप लगाई देब्रे कान चुड्याइदिइन्। पीडकले पीडितको सम्पूर्ण उपचार खर्च वेहोर्ने शर्तमा दुवै पक्षबीच मिलापत्र भयो।

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइवीका कारणले भएका कुटपिटका ११ घटनामा १७ जना पीडित भए, जसमा ४ जना महिला थिए। चोरी/डकैतीका २ वटा घटनामा लाखौंको धनमाल लुटियो। ११ जना पुरुष र १३ जना महिलाले आत्महत्या गरे। ८ जनाको खोलामा डुवेर र भीरबाट लडेर मृत्यु भयो।

१.१५ ओखलढुंगा

जनसंख्या	: १३९४५७
साक्षरता प्रतिशत	: ३८.६
महिला साक्षरता प्रतिशत	: २२.८
क्षेत्रफल (वर्ग कि.मी.)	: १०७४
गाविस/नपा संख्या	: ५६/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३०७
क्याम्पस/उच्च मावि	: १/३
अस्पताल/स्वास्थ्य चौकी	: २/५४
टेलिफोन लाइन	: ३०८
मोटर सडक (कि.मी.)	: ०
प्रहरी कार्यालय संख्या	: १४
हुलाक संख्या	: ५६

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

प्राप्चा गाविस-४ का ६१ वर्षीय भिलबहादुर कार्कीलाई ०५६ असार २६ गते २०/२२ जनाको अज्ञात समूहले खुकुरी चुप्पी प्रयोग गरी हत्या गरे। हत्यामा संलग्न भएको आरोपमा प्रहरीले कटुन्जे गाविस-१ का भक्तलाल गिरी, सोही गाविस-६ का तीर्थ दाहाल र उदयपुर ताराघाटका अर्जुन गुरूङलाई गिरफ्तार गरेकोमा तीर्थ दाहाललाई १५ दिन हिरासतमा राखी रिहा गरियो भने अर्जुनलाई शान्तिसुरक्षा ऐनअन्तर्गत २ महिना थुनामा राखी रिहा गरियो। भक्तलाललाई थुनामा राखिएकोमा ३ महिना नपुग्दै सर्वोच्च अदालतले छाड्ने आदेश दियो। पीडकहरू माओवादी भएको आशंका गरिएको छ।

ठूलाछाप गाविस-७ का ४९ वर्षीय टीकाप्रसाद भट्टराईलाई ०५६ साउन १३ गते अज्ञात व्यक्तिहरूले धारिलो हतियारले घाँटी रेटेर हत्या गरे। पीडकहरू माओवादी भएको आशंका गरिएको छ।

ठूलाछाप गाविस-७ का ४४ वर्षीय ढकमाया भट्टराईलाई ०५६ साउन १३ गते अज्ञात व्यक्तिले गोली हानी घाइते बनाए। पीडकहरू माओवादी भएको आशंका गरिएको छ।

सोलुखुम्बु जिल्ला पंचन गाविसका २५ वर्षीय सोमप्रसाद पराजुलीलाई माओवादीको आरोपमा ०५६ भदौ ५ गते पोकली गाविस-८ मा प्रहरीले गोली हानी हत्या गरे। पीडितलाई सनाखतसमेत नगराई मट्टितेल प्रयोग गरी प्रहरीले नै अनुहार बिगारी फालिदिए।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका २ घटनामा २ जना पुरूषको हत्या भयो।

जेल र बन्दीहरु

"ङ" श्रेणीको ओखलढुंगा जेलको बन्दी क्षमता ५० जनाको हो। यहाँ ४० जना पुरूष र २ जना महिला गरी ४२ जना बन्दीहरू रहेका छन्, जसमध्ये ४० जना पुरूष र २ जना महिला छन्। यसबाहेक १ जना आश्रित नाबालक पनि छ। जेलमा महिला र पुरूषका लागि २ वटा कोठाहरू छन्। २५ जना क्षमता भएको पुरूष कोठामा क्षमताभन्दा बढी बन्दीहरू रहन्छन्। तसर्थ निकै साँघुरो हुने गर्दछ। बन्दीहरूका लागि खेलकुदका सामाग्री नगन्य छन्। बन्दीहरूले टोपी बुन्नका लागि तान थाप्ने ठाउँ पनि पाएका छैनन्।

गिरफ्तारी र यातना

पोकली गाविस-२ का ६८ वर्षीय शेषराज गौतम र ३६ वर्षीय केशव गौतमलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५५ माघ २ गते घरमा सुतिरहेको बेला प्रहरीले घर खानतलासी गरी गिरफ्तार गरे। शेषराजलाई बुझ्नु छ भनी जिल्ला प्रहरी कार्यालयमा पठाइ केही दिनपछि छोडियो भने केशवलाई दिनदिनै हाजिर हुनुपर्ने शर्तमा रिहा गरियो।

गाम्नाङ्टार गाविस-३ का ४८ वर्षीय शिक्षक रामचन्द्र भट्टराईलाई माओवादीको आरोपमा ०५५ फागुन २९ गते प्रहरीले गिरफ्तार गरी १५ दिनपछि रिहा गरियो।

कटुन्जे गाविसका अध्यक्ष ३५ वर्षीय टंकलाल गिरीलाई आतंककारी गतिविधिमा संलग्न भएको आरोपमा ०५६ वैशाख २२ गते गस्तीमा हिँडेका नन्दबक्स गुल्मका शाही नेपाली सेनाका सिपाहीहरूले गिरफ्तार गरी हर्कपुरस्थित क्याम्पमा लगी सोधपुछपश्चात् रिहा गरियो।

हर्कपुर गाविसका एकबहादुर खतिवडालाई ०५६ जेठ २ गते प्रहरीले विनापूर्जी गिरफ्तार गरी हिरासतमा ८ दिनसम्म यातना दिएर झुटा विवरण दिई नागरिकता लिनुका साथै मुद्दा चलाए। पीडितलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

फूलबारी गाविसका २४ वर्षीय मोहन लुइँटेल र विलन्दू गाविसका २२ वर्षीय दीपक पोखरेललाई निर्वाचन विथोल्ने प्रयास गरेको आरोपमा ०५६ जेठ ३ गते प्रहरीले गिरफ्तार गरी निर्मम यातना दिई सार्वजनिक अपराधअन्तर्गत मुद्दा चलाए। पीडकलाई एक महिनापछि धरौटीमा रिहा गरियो।

भदौरे गाविसका अध्यक्ष ३० वर्षीय छविलाल कार्कीसमेत ३ जनालाई राजनीतिक प्रतिशोधका कारण ०५६ जेठ २१ र २२ गते प्रहरीले गिरफ्तार गरी सार्वजनिक अपराधअन्तर्गत मुद्दा चलाए।

कटुन्जे गाविस-१ का २२ वर्षीय योग्यराज गिरीलाई माओवादीको आरोपमा ०५६ असार २८ गते प्रहरीले गिरफ्तार





अज्ञात व्यक्तिहरुले घाँटी रेटेर हत्या गरेका टीकाप्रसाद भट्टराई तथा गोलीबाट घाइते ढकमाया भट्टराई

ओखलढुङ्गा जेलका पुरुष बन्दीहरु

गरी हिरासतमा अमानवीय ढंगले यातना दिए। पीडितलाई मासिक तारेखमा रहने गरी रिहा गरिएकोमा ३ महिनापछि तारेख फुकुवा गरियो।

कटुन्जे गाविस-६ का ३२ वर्षीय तीर्थ दाहाललाई माओवादी भएको आरोपमा ०५६ असार २८ गते प्रहरीले गिरफ्तार गरी ०५६ साउन १९ गते रिहा गरे।

कटुन्जे गाविसका ५२ वर्षीय भक्तलाल गिरी र उदयपुर जिल्ला तारघाटका ४५ वर्षीय अर्जुन गुरुलाई ०५६ असार २८ गते प्रहरीले विनापूर्जी गिरफ्तार गरे। पीडितहरूलाई रिहा गरिएको छ।

पात्ले गाविसका ५२ वर्षीय लाप्साङ शेर्पालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५६ साउन ८ गते प्रहरीले विनापूर्जी गिरफ्तार गरी यातनासमेत दिए। पीडितलाई सार्वजनिक अपराध ऐनअन्तर्गत मुद्दा दायर गरी धरौटी लिई तारेखमा रिहा गरियो।

कटुन्जे गाविसका शिक्षक ३३ वर्षीय रत्न अधिकारी र २८ वर्षीय टेकबहादुर सुनुवारलाई माओवादी भई झिलबहादुरको हत्यामा संलग्न भएको आशंकामा ०५६ साउन ९ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई सार्वजनिक अपराधअन्तर्गत मुद्दा चलाई धरौटी लिएर तारेखमा रिहा गरिएको छ। सोही आरोपमा वरूणेश्वर गाविसका शिक्षकहरू मधुसुदन दाहाल र युवराज घिमिरे, प्राप्चा गाविसका शिक्षक घनश्याम दाहाल र माधव पोखरेललाई ०५६ साउन १० गते विना पूर्जी गिरफ्तार गरेकोमा रिहा गरिएको छ।

कुन्तादेवी गाविस-२ का शिक्षक ३४ वर्षीय रत्न धमला, २८ वर्षीय थिरप्रसाद धमला र १७ वर्षीय हरि फुयाँललाई माओवादीको आरोपमा ०५६ साउन १३ गते प्रहरीले गिरफ्तार गरी साउन १९ गते रिहा गरे।

कुन्तादेवी गाविसका ४२ वर्षीय उद्धवप्रसाद धमला, ४० वर्षीय केशवप्रसाद धमला, ३६ वर्षीय कुलप्रसाद धमला, २० वर्षीय अर्जुन धमला, २० वर्षीय यदुनाथ धमला र ३० वर्षीय यदुनाथ धमलालाई ०५६ साउन १३ गते प्रहरीले विना पूर्जी गिरफ्तार गरी यातनासमेत दिएर १५ दिने तारेखमा रिहा गरे।

ठूलाछाप गाविस-५ का २९ वर्षीय शेरबहादुर कटवाल र २२ वर्षीय भूमिनन्द भट्टराईलाई माओवादी भई टीकाप्रसाद भट्टराईको हत्यामा संलग्न भएको आरोपमा ०५६ साउन १४ गते प्रहरीले विना पूर्जी गिरफ्तार गरी साउन २१ गते रिहा गरे।

ठूलाछाप गाविस-७ का टीकामणि सुवेदी र सोही ठाउँका ऋषिराम भट्टराईलाई ०५६ साउन १६ गते प्रहरीले गिरफ्तार गरी अमानवीय ढंगले यातना दिए। पीडितमाथि कर्तव्य ज्यान मुद्दा लगाई जिल्ला अदालतको आदेशबमोजिम धरौटीमा रिहा गरियो। पीडितहरूलाई पुनः ०५६ मंसिर ८ गते गिरफ्तार गरी आगजनी मुद्दा लगाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

ठूलाछाप गाविस-७ की ४० वर्षीय लक्ष्मी सुवेदी र सोही गाविस-५ की ५६ वर्षीय विष्णुमाया भट्टराईलाई ०५६ साउन १९ गते प्रहरीले विनापूर्जी गिरफ्तार गरी साउन २१ गते रिहा गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

पोकली गाविस-१ का २२ वर्षीय कल्याणराज गौतम र २८ वर्षीय केशर गौतमलाई माओवादीको पर्चा छरेको आरोपमा ०५५ माघ ११ गते प्रहरीले ज्यानमार्ने धम्की दिए।

कटुन्जे गाविसका ४० वर्षीय तेजप्रसाद दाहालसमेत ३ जनालाई राजनीतिक रिसइवीका कारण ०५५ माघ १७ गते कुन्तादेवी गाविसका काजिमान तामाङ, अमृत गिरी, रामबहादुर कार्की र दयाराम धमलासमेतका व्यक्तिहरूले कुटपिट गरे।

माधवपुर गाविस-४ का ३३ वर्षीय डुक्रमध्वज अधिकारीलाई राजनीतिक प्रतिशोधका कारण ०५५ चैत १८ गते मानेभञ्ज्याङ गाविस-६ का २५ वर्षीय शुद्धराज राई र २८ वर्षीय चहलसिंह राईले कुटपिट गरी ४ वटा दाँतसमेत भाँचिदिए।

ओखलढुंगा गाविस-५ का २४ वर्षीय सुनिल राजभण्डारीलगायत्का व्यक्तिहरूलाई ०५६ वैशाख २२ गते चुनावी कार्यक्रममा गइरहेका बेला नेकाँका उम्मेदवार गोपाल राईलगायत्का व्यक्तिहरूको एक समूहले कुटपिट गरे। अधेरी नारायणस्थान-९ का ३२ वर्षीय चन्द्रवीर राई, दुर्गाराज राई, श्रीपुर गाविस-३ का उमेशराज भट्टलाई पुर्पक्षका लागि थुनामा राखिएको छ। १० जना पीडकहरू फरार छन्। पीडकहरू विरूद्धको मुद्दा मन्त्रीमण्डलको आदेशबाट फिर्ता लिइएको छ।

केतुके गाविसस्थित कालिका प्राविका शिक्षक भरत कटवाललाई ०५६ जेठ १४ गते परीक्षा चलिरहेको बेला उत्तर नभनिदिएको निहुँमा २७ वर्षीय बहादुर राईसमेतका व्यक्तिहरूले कुटपिट गरे। प्रहरीले पीडकहरूलाई आइन्दा यस्तो काम नगर्ने भनी कागज गराई छाड्यो।

पोकली गाविस-१ का ४२ वर्षीय लक्ष्मीप्रसाद गौतमलाई घरमा माओवादी पत्रिका राखेको आरोपमा ०५६ असार १० गते गस्तीमा गएको प्रहरी टोलीले मरणासन्न हुनेगरी कुटपिट गरे।

प्राप्चा गाविसका ३३ वर्षीय दण्ड दाहाललाई ०५६ असार २६ गते अज्ञात व्यक्तिहरूले कुटपिट गरे। पीडकहरू माओवादी भएको आशंका गरिएको छ।

मौलिक अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन अदालतको मुकाम रहेता पनि मुद्दा दर्ता र फैसला हुन नसक्नु र राजविराजमा नै जानुपर्ने हुँदा जिल्लामै पुनरावेदन बेन्च वा सर्किट हुनुपर्ने माग यहाँका जनताको छ। जिल्ला अदालतमा देवानी १ सय ७५ थान मुद्दाहरूमध्ये ५३ फर्स्यौट भई १ सय २२ बाँकी छन्। त्यस्तै दुनियावादी फौज्दारीमा ३ सय ९ मध्ये १ सय २४ थान फर्स्यौट भई १ सय ८५ बाँकी रहेका छन्। सरकारवादी रहेका मुद्दा १७ थानमा ४ थान फर्स्यौट भई १३ थान बाँकी छन्।

जिल्ला प्रशासन कार्यालयमा १ सयभन्दा बढी निवेदनमाथि सुनुवाई भैसकेको र २२ थान सार्वजनिक अपराध एवं हातहतियारसम्बन्धी मुद्दा चलिरहेका छन् भने २ थान मुद्दा फर्स्यौट भएका छन्।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	४		४				
गोलीद्वारा हत्या					१	१		१
गोलीद्वारा घाइते	१		१	१				
गिरफ्तारी र यातना					१६	३४	२	३६
कुटपिट	११	२६		२६	१	१		१
धम्की					१	२		२
मौलिक अधिकार	१							
पारिवारीक हिंसा	१		२	२				
बहुविवाह	४		५	५				
महिला भएकै कारण दिइने या	४		४	४	१		१	१
अमानवीय व्यवहार	३	३	२	५				
जम्मा	२९	३३	१४	४७	२०	३८	३	४१
आत्महत्या	१८	७	११	१८				
दुर्घटनाहरू/विपत्तिहरू	८	३	५	८				

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सुकुम्बासी समस्या समाधान आयोग विघटन भई सम्पूर्ण फाइलहरू त्यत्तिकै रहेको छ र काम हुन सकेको छैन।

यस जिल्लामा विशेष भत्ताअनुरूप ३ हजार ८ सय ६१ जनाले भत्ता पाइरहेका छन्। जसमा १ हजार ७ सय ७७ जेष्ठ नागरिक, २ हजार ३४ असहाय विधवा र ५० जना अशक्त रहेका छन्। नागरिकता र जग्गा नभएका कतिपय वृद्धहरूले भने यस्तो भत्ता पाउन सकेका छैनन्। तसर्थ गाविसको सिफारिसमा भत्ता पाउनुपर्ने उनीहरूको माग छ।

महिला अधिकार

यस जिल्लामा यो वर्ष ४ जनाले बहुविवाह गरेको जानकारीमा आयो। पारिवारिक हिंसाको एक घटनामा एक महिला पीडित भइन्। महिला भएकै कारणले दिइने अमानवीय व्यवहारका ५ वटा घटनामा ५ जना महिला पीडित भए।

तलुवा गाविसकी २८ वर्षीय सीता निरौलालाई ०५६ मंसिर १४ गते उनकै पति तथा सासूले कुटपिट गरी खानसमेत दिएनन्। सो कुरा बाहिर बताएमा पीडितलाई मार्ने धम्कीसमेत दिए।

यसम गाविस-९ की २७ वर्षीय देउकुमारी कटवाललाई ०५५ माघ २६ गते बोक्सीको आरोपमा आफ्नै ससुरा यज्ञबहादुर कटवाल, कुलबहादुर कटवाल, झाँक्री पूर्णबहादुर तामाङसमेत मिलेर डोकोभित्र हाली कुटपिट गरे।

फूलबारी गाविस-५ की २० वर्षीय किमला थापालाई घोरास्वोरी प्रहरी चौकीका प्रहरी जवान भीमबहादुर कार्कीले यौन सम्पर्क गर्दै आएकोमा गर्भ रहेको थाहा पाएपछि उनलाई स्वीकार्नुपर्ने डरले ०५६ साउन २५ गते जागीर नै छाडेर बेपत्ता भए। पीडितले नाता कायम गराइपाउन मुद्दा दायर गरेकी छिन्।

वाक्सा गाविसकी ३० वर्षीय कुमारी कार्कीलाई ०५६ असोज १४ गते अवैध गर्भधारण गरेको भनी सोही ठाउँका व्यक्तिहरूले सामाजिक बेइज्जती गरे। तर पीडितले गर्भधारण गरेको पाइएन।

मानवअधिकारसम्बन्धी अन्य सवालहरु

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूतसमेत

सिंहदेवी गाविसका ७० वर्षीय ज्ञानबहादुर खड्कालाई ०५५ फागुन २० गते विनाकारण खड्का परिवारका दाजुभाइ मिली धर्म कार्य, पितृ कार्यमा समावेश हुन नपाउने भनी समाज बहिष्कार गर्ने निर्णय गरे।

गाम्नाङटार गाविस-४ का ४० वर्षीय बाबुराम भट्टराई र उनकै बहिनी २२ वर्षीय राधादेवी भट्टराईलाई दाजु-बहिनीबीच यौन सम्बन्ध कायम भई गर्भधारण गरेको भनी ०५६ कात्तिक २ गते भट्टराई समाजले गाउँबाट निकालिदिए। पीडितहरू गाउँ छाडेर अन्यत्र गएका छन्।

च्यानम गाविसका श्यामबहादुर विश्वकर्मा र देवकुमारी विश्वकर्मालाई हाडनाता विवाह गरेको भनी ०५६ कात्तिक ७ गते विश्वकर्मा समाजले समाजबाटै बहिष्कार गरे।

अतिरिक्त जानकारीहरु

यस वर्ष व्यक्तिगत रिसइवीका कारण भएका कुटपिटका ६ वटा घटनामा १६ जना पुरुष पीडित भए। ७ जना पुरुष र ११ जना महिलाले आत्महत्या गरे। १ नाबालकको आगलागीमा परी मृत्यु भयो।

१.१८ सोलुखुम्बु



जनसंख्या : ९७२००
साक्षरता प्रतिशत : ३८.५
महिला साक्षरता प्रतिशत : २१.३
क्षेत्रफल (वर्ग कि.मी.) : ३३१२
गाविस/नपा संख्या : ३४/०
निर्वाचन क्षेत्र : १
विद्यालय : ३१३
क्याम्पस/उच्च मावि : १/३
अस्पताल/स्वास्थ्य चौकी : ३/३५
टेलिफोन लाइन : २००
मोटर सडक (कि.मी.) : ०
प्रहरी कार्यालय संख्या : १६
हुलाक संख्या : ३४

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ५ घटनामा ५ जनाको हत्या भयो। हत्या हुनेमा ३ जना महिला थिए। जसमध्ये -

केरुङ गाविसका ४६ वर्षीय पुटी शेर्पालाई ०५६ साउन ५ गते आफ्नै पति पेमनिमा शेर्पाले कुटपिट गरी घाइते बनाएकामा उपचार हुँदाहुँदै मृत्यु भयो। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

यस जिल्लाको जेल "घ" श्रेणीको हो। २५ जनाको क्षमता रहेको यस जेलमा १४ जना पुरुष र ७ जना महिला गरी २१ जना बन्दीहरू रहेका छन्। जेलभित्र भुइँमा काठ विच्छ्याइएको छ। पानी तथा शौचालयको व्यवस्था ठीकै छ। विद्युत्को सुविधा हुनुका साथै टिभीको पनि व्यवस्था छ। जेलमा कहिलेकाहीं क्षमताभन्दा बढी बन्दीहरू हुने भएकाले सुत्ने/बस्ने समस्या हुने गर्दछ। जेल जीर्ण अवस्थामा रहेको हुँदा सुधार गर्नुपर्ने धारणा जेलरको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

सोताङ गाविसका २८ वर्षीय टेकमान राईलाई ०५६ वैशाख १० गते सोही गाविसमा चुनाव प्रचारमा हिँडेको अवस्थामा शम्भु केसीलगायत्का व्यक्तिहरूले कुटपिट गरी दाहिने हात नै भाँचिदिए। पीडकहरूलाई कुनै कारवाही भएन।

चौरीखर्क गाविसका अध्यक्ष ३५ वर्षीय पेनुरी शेर्पालाई राजनीतिक प्रतिशोधका कारण ०५६ वैशाख १४ गते ट्रेकिङबाट फर्केका काठमाण्डौ जिल्ला चक्रपथ बस्ने देवु सुनुवार र सोलु खरीखोलाका नुरूजाङ्बु शेर्पाले कुटपिट गरी दाहिने खुट्टा नै भाँचिदिए। पीडकहरूलाई धरौटीमा छाडिएको छ।

सोताङ गाविसका अमिरकाजी बस्नेत, लोकबहादुर विक, डुफकुमार बस्नेत र लक्ष्मण राईलाई राजनीतिक प्रतिशोधका कारण ०५६ वैशाख ३१ गते सुकवीर तामाङ र ध्रुव कार्कीलगायत्का व्यक्तिहरूले कुटपिट गरे। पीडितहरूको उजुरी प्रहरी कार्यालयले लिएन।

सल्लेरी गाविस-६ का ३६ वर्षीय सार्की शेर्पालाई राजनीतिक प्रतिशोधका कारण ०५६ जेठ ४ गते सोही गाविसका डिमा शेर्पालगायत्का व्यक्तिहरूले कुटपिट गरी सख्त घाइते बनाए। पीडकहरू फरार छन्।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सोताङ गाविसका नेकपा (एमाले) समर्थक मतदाताहरूलाई ०५६ जेठ ३ गतेको आमनिर्वाचनमा नेकाँका ४०-५० जना कार्यकर्ताहरूले बुथ कब्जा गरी मतदानबाट वञ्चित गरे। सो कुराको बारेमा विवाद हुँदा सुरक्षाका लागि खटिएका प्रहरीसमेतले पीडकहरूलाई सहयोग पुऱ्याए। सोही घटनामा सोताङ गाविसका २८ वर्षीय लघुधन राई गोली लागी घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको अदालतमा ०५६ चैतसम्म देवानीतर्फ १ सयं ६६ मुद्दा रहेकोमा ८२ फर्स्योट भई ८४ बाँकी र फौजदारीतर्फ २ सय ६२ मुद्दा रहेकोमा १ सय ६१ फर्स्योट भई १ सय १ वटा बाँकी रहे।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	५	२	३	५				
कुटपिट	८	११		११				
भेला र संगठित हुने अधिकार	१	१		१	१			
जम्मा	१४	१४	३	१७	१			
आत्महत्या	५	३	२	५				
दुर्घटनाहरू/विपत्तिहरू	१३	१०	४	१४				

अतिरिक्त जानकारी

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइवीका कारणले भएका कुटपिटका ४ घटनामा ४ जना पुरुष पीडित भए। ३ पुरुष र २ महिलाले आत्महत्या गरे।



मध्यमाञ्चल

- २.१ धनुषा
- २.२ महोत्तरी
- २.३ सर्लाही
- २.४ सिन्धुली
- २.५ रामेछाप
- २.६ दोलखा
- २.७ रौतहट
- २.८ बारा
- २.९ पर्सा
- २.१० चितवन
- २.११ मकवानपुर
- २.१२ ललितपुर
- २.१३ काभ्रे
- २.१४ भक्तपुर
- २.१५ काठमाडौं
- २.१६ धादिङ
- २.१७ सिन्धुपाल्चोक
- २.१८ नुवाकोट
- २.१९ रसुवा

२.१ धनुषा

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या / गोली

बालावास्वर गाविस-२ का ५० वर्षीय सूर्यनाथ यादवलाई ०५५ फागुन २८ गते सिराहा जिल्लाबाट फर्किरहेको अवस्थामा चोहरा कोयलपुर गाविस-४ मा आइपुगेपछि माओवादीहरूले गोली प्रहार गरी खुकुरीले घाँटीमा प्रहार गरी हत्या गरे।

बहेडा बेला गाविस-७ की ५० वर्षीय रामरतिदेवी यादवलाई ०५६ वैशाख २७ गते जिल्ला विकास समितिका पूर्व सभापति रामसरोज यादवको नेतृत्वमा गएका रामलक्ष्मण यादव, रामबाबु यादवलगायत्का १७/१८ जनाको समूहले बाँसको लठ्ठीले मुखमा घोची हत्या गरे। पीडितको घरमा रहेको राप्रपाको झण्डा निकाल्न पीडक पक्षले दबाब दिँदा राजनीतिक रीसइवीका कारण सो घटना भएको थियो। पीडकहरूलाई कुनै कारबाही भएन।

जनसंख्या	: ५४३६७२
साक्षरता प्रतिशत	: ३१.१
महिला साक्षरता प्रतिशत	: १६.१
क्षेत्रफल (वर्ग कि.मी.)	: ११८०
गाविस/नपा संख्या	: १०१/१
निर्वाचन क्षेत्र	: ५
विद्यालय	: ३८०
क्याम्पस/उच्च मावि	: ४/१२
अस्पताल/स्वास्थ्य चौकी	: ४/१०२
टेलिफोन लाइन	: ३९००
मोटर सडक (कि.मी.)	: १७०
प्रहरी कार्यालय संख्या	: ३६
हुलाक संख्या	: ७९

माची झिटकैया गाविस-१ का १५ वर्षीय वृजमोहन यादवको ०५६ जेठ ३ गते मतदान केन्द्रमा भएको विवादमा गोली चल्दा लाग्न गई मृत्यु भयो।

माची झिटकैया गाविस-६ का २० वर्षीय अरविन्दकुमार यादवलाई राजनीतिक प्रतिशोधका कारण ०५६ जेठ २० गते सोही गाविस-१ का पशुपति यादवलगायत्का ७-८ जना व्यक्तिहरूले गोली हानी हत्या गरे। पीडकहरूमाथि कुनै कारवाही भएन।

माओवादीद्वारा हत्या गरिएका सूर्यनाथ यादव

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका १८ घटनामा ५ वर्षीय एक बालिकासहित १८ जनाको हत्या भयो। हत्या हुनेहरूमा ५ जना महिला थिए। जसमध्ये-

अंदुपट्टी कटरैत गाविस-१ की ५ वर्षीय अन्जुलाकुमारी यादवलाई ०५६ भदौ २१ गते ठेरा कचुरी गाविस-२ का ३२ वर्षीय रामपुकार यादवले सुतेको ठाउँबाट उठाएर लगी बलात्कार गरी गुप्तांगमा लठ्ठी कोचेर हत्या गरे।

मुथही पटेर्वा गाविस-९ का ४३ वर्षीय विसुनदेव राय अमातलाई ०५६ कात्तिक २२ गते धाराको विषयलाई लिएर विवाद हुँदा सोही ठाउँका जितन राय अमातलगायत्का १० जनाले कुटपिट गरेकोमा उपचार गर्दागर्दै मृत्यु भयो। जितनलाई गिरफ्तार गरियो भने अन्य फरार छन्।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

सवैला गाविस-५ का ३५ वर्षीय पल्टु दास, मखनाहाका विपैत यादव र सवैलाका रामकिशुन साहलाई माओवादीको आरोपमा ०५५ माघ २९ गते बजारमा पहरा गर्न बसिरहेको बेला प्रहरीले कुटपिट गरे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

संसदीय निर्वाचन ०५६ को पहिलो चरणको निर्वाचनमा यस जिल्लाको क्षेत्र नं. १ को २ वटा मतदान केन्द्र सिंगयाही मरान र माची झिटकैयामा मतदान स्थगित भयो। सोही क्रममा विवाद भई गोली चल्दा एक जनाको हत्यासमेत भयो। दोस्रो चरणको मतदान ०५६ असार ८ गते भएको थियो, उक्त चुनावमा ४ वर्षीय बालिकासमेतले मतदान गरेका थिए।

धार्मिक स्वतन्त्रता

विश्व हिन्दू महासंघले क्रिश्चियन धर्म प्रचार गरेको विरोधमा हस्ताक्षर अभियान संचालन गरेको छ। यस क्रममा विभिन्न चोक, बजार आदि ठाउँमा ब्यानर टाँगी हस्ताक्षर संकलन गर्ने कार्य भइरहेको छ।

गोली हानी हत्या गरिएका वृजमोहन यादव

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१४	९	५	१४				
गोलीद्वारा हत्या	६	६		६				
बलात्कारपछि हत्या	१		१	१				
गोलीद्वारा घाइते/हवाइ फायर	१	१		१				
हवाइ फायर					१			
कुटपिट	८	१५	२	१७	१	३		३
बलात्कार	४		४	४				
बलात्कार प्रयास	२		२	२				
जम्मा	३६	३१	१४	४५	२	३		३
लाश फेला	१	१		१				
आत्महत्या	२५	११	१४	२५				
चोरी/डकैती	४	४	१	५				
दुर्घटनाहरू/विपत्तिहरू	२८	१९	९	२८				

बालकले समेत मतदान गरे

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यहाँको जिल्ला अदालतमा परेका मुद्दाहरू क्रमशः देवानी १ हजार ६ सय १०, सरकारवादी फौजदारी ८२ र दुनियावादी फौजदारी ३ सय १५ गरी २ हजार ७ थान मुद्दा छन्। जसमा देवानीतर्फ १ हजार ३ सय १४, सरकारवादी ४ र दुनियावादी ३ सय ४७ थान गरी १ हजार ७ सय ४५ थान फर्स्यौट भए। देवानी, सरकारवादी फौजदारी र दुनियावादी फौजदारी गरी १ हजार ५ सय २० थान मुद्दा सरी आएकोसमेत समावेश भई मुद्दा फर्स्यौट भएको देखिएकाले अदालतमा यस वर्ष परेका २ हजार ७ समेत ३ हजार ५ सय २७ थान मुद्दामा १ सय ७२ थान फर्स्यौट हुन बाँकी छन्। समयमै न्याय नपाउँदा आफूहरू अन्यायमा पर्नुपरेको यस जिल्लाका पीडित वासिन्दा गुनासो गर्छन्।

सरुवा, घटुवा र पक्षपात आदि

जनकपुर चुरोट कारखाना लिमिटेडका कालेश्वर महतो, उपेन्द्र दास र परीक्षण यादवलाई ०५६ असोजमा राजनीतिक पूर्वाग्रहका कारण व्यवस्थापनले दुर्गम क्षेत्रमा सरूवा गऱ्यो।



गोली हानी हत्या गरिएका अरविन्दकुमार यादव

महिला अधिकार

भारत सिलगुडीकी १६ वर्षीय एक युवतीलाई ०५५ माघ २२ गते २८ वर्षीय कमलेस सिंहले जागिर लगाइदिने बहानामा जनकपुर नपा-२ मा ल्याइ बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरे।

रघुनाथपुर गाविस-४ की ८ वर्षीय एक बालिकालाई ०५५ फागुन २८ गते सोही ठाउँका १७ वर्षीय भुलुर सरवरियाले बलात्कार गरे। उक्त घटना गाउँमै मिलाइयो।

बरिमझिया गाविस-२ की ४० वर्षीय एक महिलालाई ०५६ जेठ २६ गते सोही ठाउँका ३७ वर्षीय आस मोहम्मदले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई गाविसले माफी मगाएर रिहा गरे।

जनकपुर नपा-१ की ८ वर्षीय एक बालिकालाई ०५६ साउन ४ गते सोही ठाउँका १४ वर्षीय गुफा अस्तरले २ रूपैयाँ दिने लोभ देखाएर बलात्कार गर्ने प्रयास गरे। पीडकलाई जुत्ताको माला लगाइ टोल घुमाएर छाडियो।

सबैला गाविस-३ की २५ वर्षीय उषादेवी जैसवाललाई ०५६ साउन ११ गते सोही ठाउँका ३५ वर्षीय लक्ष्मी मण्डल र ३० वर्षीय फूलचन्द राउतले बलात्कार गरे। पीडकलाई थुक चाट्न लगाइ एक जनाबाट १८ हजार र अर्कोबाट १३ हजार पीडित पक्षलाई दिलाई मिलाइयो।

जनकपुर नपा-२ की १५ वर्षीय एक बालिकालाई ०५६ कात्तिक ३ गते सोही नपा-१६ का २२ वर्षीय दीपेन्द्र मण्डल, २२ वर्षीय सन्तोष झालगायतका ६ जनाले सामूहिक बलात्कार गरे। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

आर्थिक अधिकार

जनकपुर चुरोट कारखाना लिमिटेडका मजदूर नेता युसुफ याफीलाई कर्मचारीको हकहितबारे आवाज उठाएको आरोपमा व्यवस्थापनले हाजिर हुन दिएन। सोही विषयलाई लिएर

लिमिटेडको नेपाल स्वतन्त्र मजदूर युनियनले ०५६ पुस ७ गते एक विज्ञप्ति प्रकाशित गरी उक्त कार्यको भर्त्सना गर्‍यो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

राप्रपा चन्दले ०५६ पुस ७ गते एक प्रेस विज्ञप्ति निकाली जनकपुर चुरोट कारखाना लिमिटेडमा भएका अनियमितताको विरोध गरेबापत मजदूर नेता युसुफ साफीमाथि गरिएको पूर्वाग्रही कारबाहीको भर्त्सना गर्‍यो।

अतिरिक्त जानकारीहरु

बरमझिया गाविस-१ की २० वर्षीय पवित्रीदेवी ठाकुरले ०५५ पुस २३ गते घरमा झैझगडा भइरहने गरेका कारण आफू र डेढ वर्षीय छोरा दीपेश ठाकुरलाई मट्टितेल खन्याइ आगो लगाउँदा दुवै जनाको मृत्यु भयो।

यस वर्ष यो जिल्लामा भएका कुटपिटका ८ वटा घटनामा १५ पुरूष र २ महिला गरी १७ जना पीडित भए। ११ पुरूष र १४ महिलाले आत्महत्या गरे। २८ वटा दुर्घटना र विपत्तिका घटनामा १९ पुरुष र ९ महिला पीडित भए।

२.२ महोत्तरी

जनसंख्या	४४०१४६
साक्षरता प्रतिशत	२६.४
महिला साक्षरता प्रतिशत	१३.९
क्षेत्रफल (वर्ग किमी)	१००२
गाविस/नपा संख्या	७६/१
निर्वाचन क्षेत्र	४
विद्यालय	२२६
क्याम्पस/उच्च मावि	२/०
अस्पताल/ स्वास्थ्य चौकी	१/७८
टेलिफोन लाइन	३५४
मोटर सडक (किमी)	१८२
प्रहरी कार्यालय संख्या	४६
हुलाक संख्या	७४

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या / गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ५ वटा घटनामा ४ महिलासहित ५ जनाको हत्या भयो। जसमध्ये -

विजलपुरा गाविस-३ मा २६ वर्षीय फूलकुमारी राउतलाई ०५६ वैशाख २८ गते आफ्नै पति ३० वर्षीय रामलक्षित राउतले परपुरूषसँग अनुचित सम्बन्ध राखेको आशंकामा धारिलो हतियारले घाँटी काटी हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

धिरापुर गाविस-४ की १९ वर्षीय विन्दुकुमारी देवीलाई पर्याप्त दाइजो नल्याएको आरोपमा ०५६ असोज २० गते आफ्नै सासू ४० वर्षीय सुशीलादेवीले खानामा विष मिसाएर खुवाइ हत्या गरिन्। पीडितकै पति प्रदीपकुमार राय, देवर कुलदीप राय र परिवारका सबै सदस्यको मिलेमतोमा उक्त घटना भएको थियो। पीडकहरूलाई थुनामा राखिएको छ।

जेल र बन्दीहरु

१ सय २५ जना बन्दी क्षमता रहेको जलेश्वर जेलमा १ सय ३३ बन्दी रहेका छन्। ७७ पुरूष र ३ महिला थुनुवाका रूपमा उक्त जेलमा रहेका छन्। कैद तोकिएका बन्दीहरूमा ५३ जना पुरूष रहेका छन्। गहिरो ठाउँमा अवस्थित यो जेल साह्रै जीर्ण छ, पानी परेका बेला २ फिट पानीमा डुबेर बस्न बन्दी थुनुवाहरू बाध्य हुन्छन्। चैत र कात्तिकमा मात्र लुगाफाटो वितरण गरिने हुँदा बीचमा आउने बन्दी थुनुवाहरू यस सुविधाबाट वञ्चित हुनुपर्ने बाध्यता पनि यहाँ छ। यस जेलमा प्राथमिक उपचार हुन्छ भने टेलिभिजन, रेडियो आदिको व्यवस्था पनि छ।

गिरफ्तारी र यातना

गौशाला गाविस-२ की ३९ वर्षीय सेक सतारलाई ०५६ जेठ १९ गते राति प्रहरी असई सैनीलाल मण्डलले विना कारण बन्दूकको कुन्जा र लाठीले कुटपिट गरे। पीडितको हात भाँचिएकाले अस्पतालमा उपचार गराउनुपरेको थियो भने पीडकलाई कारबाहीस्वरूप सरूवा गरियो।

खयरमारा गाविस-४ का २४ वर्षीय पप्पु कर्ण, सिन्धुली जिल्ला कमलामाई नपा-६ का २२ वर्षीय मनिष कार्की, सोही ठाउँका २४ वर्षीय बुद्धकुमार श्रेष्ठ, सर्लाही जिल्ला लालबन्दी गाविस-५ का ३१ वर्षीय प्रकाश खड्का, सोही गाविस-१ का १९ वर्षीय मनोज घिमिरे, पर्सा जिल्ला वीरगन्ज नपा-१८ का २७ वर्षीय प्रमोदकुमार घिमिरे र धनुषा जिल्ला सहरवा गाविस-४ का ३५ वर्षीय अनिल झालाई माओवादीको आशंकामा ०५६ भदौ २१ गते साथीको घरमा जाँदै गरेको अवस्थामा खयरमारा गाविस-४ बाट प्रहरीले गिरफ्तार गरी निर्मम यातना दिए। पीडितहरूलाई एक हप्तापछि रिहा गरियो।

प्रहरीको कुटपिटबाट घाइते सेक सतार

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	५	१	४	५				
गोलीद्वारा घाइते/हवाइ फायर	१	१		१				
गिरफ्तारी र यातना					१	७		७
कुटपिट	१८	२१	२	२३	१	१		१
धम्की	१	१		१				
बेपत्ता पारिएको					१	१		१
बलात्कार	१		१	१				
महिला भएकै कारण यातना	४		४	४				
आर्थिक अधिकार	२	६		६				
जम्मा	३३	३०	११	४१	३	९		९
आत्महत्या	१०	८	२	१०				
दुर्घटनाहरू/विपत्तिहरू	१२	९	३	१२				

बेपत्ता पारिएको

खयरभारा गाविस-१ का २४ वर्षीय सोमबहादुर विश्वकर्मालाई ०५५ चैत २८ गते माओवादी गतिविधिमा संलग्न भएको आरोपमा प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे। तर प्रहरीले पीडितलाई गिरफ्तार नै नगरेको बनाएको छ। पीडितको हत्या गरिएको आशंका गरिएको छ।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

निर्वाचन क्षेत्र नं. २ अन्तर्गत पर्ने वदिया वन्चौरी गाविसका मतदाताहरूले निष्पक्ष चुनावको माग गरेका कारण ०५६ जेठ ३ गतेको राष्ट्रिय मतदानबाट वञ्चित हुनुपर्‍यो। करिव ४ हजार २ सय मतदाता रहेका उक्त गाविसमा पुनः निर्वाचन नगराउँदा उनीहरूले चुन्ने र चुनिने अधिकारबाट वञ्चित हुनुपर्‍यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यहाँको जिल्ला अदालतमा सरकारवादी मुद्दा ९ थान परे, जसमा ५१ थान फर्स्यौट हुन सके। देवानीतर्फ १ हजार ७ सय ३५ थान मुद्दा परेकामा ९ सय ३ फर्स्यौट भएको छ। दुनियावादी फौजदारीतर्फ ६ सय ३८ थान मुद्दा परेकामा ३ सय ५८ थान फर्स्यौट भएको छ। यहाँको जिल्ला अदालतमा २ वर्ष पुरानो मुद्दाको संख्या अझै पनि ३२ रहेको छ भने मुद्दाको चाप बढेको अनुपातमा न्याय सम्पादन गर्ने व्यक्ति कमी भएकाले समयमै न्याय पाउन नसकेको गुनासो पीडितहरूको छ।

महिला अधिकार

मटिहानी गाविस-८ की १४ वर्षीय एक लाटी बालिकालाई ०५६ असार १० गते घरमा कोही नभएका बेला सोही ठाउँका २१ वर्षीय इन्तिफाक नदाफले बलात्कार गरे। पीडकलाई केही जरिवाना गरी मिलापत्र गराइयो।

महिला भएकै कारणले दिइने अमानवीय व्यवहारका ४ घटनामा ४ जना महिला पीडित भए। जसमध्ये –

जलेश्वर नपा-३ की ३६ वर्षीय रीतादेवी राउतलाई ०५५ चैत २२ गते राति आफ्नै पति अन्दाजी ४० वर्षीय इन्दल राउतले रक्सी सेवन गरी आएको अवस्थामा सँगै सुत्न नमानेपछि भान्छा कोठामा लगी मट्टितेल खन्याएर आगो लगाइदिए। पीडितलाई जलेश्वर अस्पतालमा उपचार गरियो। पीडकलाई धरौटीमा रिहा गरिएको छ।

बैरिया लक्ष्मिनिया गाविस-७ की ३६ वर्षीय आशारानी साह र उनकै पति ४५ वर्षीय शिवनन्दन साहलाई बोक्सीको आरोपमा ०५५ फागुन ७ गते सोही ठाउँका ४१ वर्षीय देवन साह सुडीलगायत्का व्यक्तिहरूले कुटपिट गरी सख्त घाइते बनाए। पीडकहरूमाथि कुनै कारवाही भएन।

बलवा गाविस-७ का ४१ वर्षीय सुनैना देवीलाई ०५६ भदौ २२ गते बोक्सीको आरोपमा सोही ठाउँका २८ वर्षीय जिनस यादवलगायत्का व्यक्तिले कुटपिट गरी मल-मूत्र खुवाउने प्रयास गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि पीडकहरूमाथि कारवाही भएन।

आर्थिक अधिकार

बनौटा गाविस-७ का ५२ वर्षीय काली मण्डललाई ०५६ साउन १६ गते माछा मासु विक्री गरेको आरोपमा सोही ठाउँका ४९ वर्षीय विन्देश्वर मण्डलले कुटपिट गरे। पीडितले कारवाहीका लागि जिल्ला प्रहरी कार्यालय र प्रशासनमा उजुरी दिए पनि पीडकमाथि कुनै कारबाही भएन।

एकरहा गाविस-५ का ४१ वर्षीय तंनु मण्डल, ४० वर्षीय मुनिफ नदाफ, ४५ वर्षीय मुनेश्वर पासमान, इसराइन नदाफ, हविव नदावलगायत्का मजदूरहरूले ०५६ भदौ १८ गते उचित श्रम र उचित ज्याला निर्धारण नभएसम्म काम नगर्ने भनी सम्पूर्ण मजदूरहरू संगठित भएर बसेको अवस्थामा सोही ठाउँका मुकेश पाण्डेय र अविनास पाण्डेयले तर्साउनका लागि ४ राउण्ड हवाई फायर गरी तनावको स्थिति सिर्जना गरे।

अतिरिक्त जानकारीहरु

व्यक्तिगत रिसइवीको कारणले भएका कुटपिटका १८ वटा घटनामा २१ पुरूष र २ महिला गरी २३ जना पीडित भए। ८ जना पुरूष र २ जना महिलाले आत्महत्या गरे। सवारी दुर्घटनामा ८ जना पुरूष र १ जना महिलाको मृत्यु भयो। आगलागीबाट १ जना महिला र १ जना पुरूषको मृत्यु भयो। डुबेर १ जना महिलाको मृत्यु भयो।

२.३ सर्लाही



जनसंख्या	४९२७८९
साक्षरता प्रतिशत	२६.३
महिला साक्षरता प्रतिशत	१३.५
क्षेत्रफल (वर्ग किमी)	१२५९
गाविस/नपा संख्या	९९/1
निर्वाचन क्षेत्र	५
विद्यालय	३८३
क्याम्पस/उच्च मावि	२/५
अस्पताल/ स्वास्थ्य चौकी	१/९६
टेलिफोन लाइन	३५८
मोटर सडक (किमी)	११५
प्रहरी कार्यालय संख्या	३५
हुलाक संख्या	८९

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

पत्थरकोट गाविस-४ मा दुई अज्ञात व्यक्तिहरूलाई ०५५ फागुन ४ गते प्रहरीले गोली हानी हत्या गरे। पीडितहरू माओवादी भएको अनुमान गरिएको छ।

परवानीपुर गाविस-२ का पदमबहादुर विश्वकर्मालाई ०५५ फागुन ६ गते प्रहरीले गोली हानी हत्या गरे। घरमा बसेका बेला प्रहरी आएको देखेपछि त्यत्तिकै डरले दौडिएका पदमबहादुरलाई प्रहरीले माओवादीको आशंकामा गोली प्रहार गरेका थिए।

हजारिया गाविस-३ स्थित एकादशी खोलामा गस्तीमा हिंडेका प्रहरी ओमकुमार कार्कीलाई ०५६ वैशाख १९ गते माओवादीहरूले आक्रमण गरी हत्या गरे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ४ घटनामा २ जना महिलासहित ५ जनाको हत्या भयो। जसमध्ये -

लक्ष्मीपुर सुखचैना गाविस-९ का ४० वर्षीय लक्ष्मी चौधरी र उनकै पत्नी ३८ वर्षीय चन्दादेवी चौधरीलाई ०५६ साउन १५ गते अज्ञात व्यक्तिहरूले हत्या गरे। लासको प्रकृति हेर्दा चन्दादेवीलाई बलात्कार गरी हत्या गरिएको र बलात्कार गर्न सजिलो होस् भनी उनका पतिको हत्या गरेको अनुमान गरिएको छ।

गौरीशंकर गाविस-९ की १९ वर्षीय जैसलादेवी महतोलाई दाइजो कम ल्याएका कारण ०५६ साउन १८ गते आफ्नै पति २८ वर्षीय ब्रह्मदेव महतोले हत्या गरी घरको धुरीमा झुण्ड्याइदिए। ब्रह्मदेव र उनका दाजु रामेश्वरलाई प्रहरीले थुनामा राखी कारबाही चलाएको छ।

जेल र बन्दीहरु

१ सय जनाको क्षमता भएको सर्लाही जेलमा ३८ जना थुनुवा र २३ जना बन्दी गरी ६१ जना रहेका छन्। जसमा थुनुवातर्फ २ र बन्दीतर्फ १ गरी ३ जना महिला पनि छन्। जीर्ण अवस्थामा रहेको यस जेलमा बाहिर एउटा र भित्र चार वटा गरी ५ वटा चर्पीको व्यवस्था छ। यहाँका बन्दी तथा थुनुवाहरूलाई प्रतिदिन ७ सय ग्राम चामल र १५ रूपैयाँ दिइन्छ। वर्षमा २ जोर लगाउने कपडा र २ वर्षमा एक पटक सुत्ने ओछ्यान दिइन्छ। सामान्य बिरामी पर्दा उपचार हुन्छ। पुरूषतर्फ क्यारेमबोर्ड, लुडो, टिभी जस्ता मनोरञ्जनका साधन छन् भने महिलातर्फ केही पनि छैन। पत्रपत्रिकाको व्यवस्था छ। दिनभरि कुनै काम नहुँदा त्यत्तिकै बस्नुपरेकाले उद्योग व्यवसाय भए दिन कटाउन सजिलो हुने र आय आर्जन पनि हुने धारणा उनीहरूको छ।

गिरफ्तारी र यातना

मलंगवा नपाबाट ३३ वर्षीय लक्ष्मीदेवी कोइराला, २८ वर्षीय शैलेश कोइराला, २२ वर्षीय सुभद्रा कार्की र ३५ वर्षीय रीतादेवी पाण्डेलाई माओवादीको आरोपमा प्रहरीले गिरफ्तार गरी ०५५ माघ १८ गतेदेखि फागुन ७ गतेसम्म बेपत्ता पारेकोमा हाल रिहा गरेको छ।

परवानीपुर गाविस-६ तीनघरेका श्रीमान घलान र वीरबहादुर मोक्तानलाई माओवादीको आरोपमा ०५५ माघ १९ गते प्रहरीले गिरफ्तार गरी पटक पटक बेहोस हुनेगरी यातना दिए। उनीहरूलाई ३५ दिनपछि रिहा गरियो।

हजारिया गाविस-९ का सन्तवीर कुसुवार र सोही गाविस-५ का रामबहादुर कुसुवारलाई माओवादी भएको आरोपमा ०५५ फागुन ४ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई रिहा गरिएको छ।

हजारिया गाविस-१ का सीताराम कुसुवार, ज्ञानबहादुर कुसुवार, सुखाडी पण्डित र खड्गबहादुर बस्नेतलाई ०५६ वैशाख २० गते एक प्रहरीलाई माओवादीहरूले हत्या गरेको सम्बन्धमा बुझ्न भनी गिरफ्तार गरी प्रहरीले सख्त यातना दिए।

हजारिया गाविस-३ स्थित एकादशी खोलामा ०५६ वैशाख १९ गते प्रहरी ओमकुमार कार्कीलाई माओवादीहरूले हत्या गरेको घटनाको छानविन गर्ने बहानामा करिब २ सय जनालाई प्रहरीले गिरफ्तार गरी यातना दिए।

ढुंगेखोला गाविस-४ मिलनचोकका कमलबहादुर थापालाई ०५६ साउन १० गते चन्दा बटुल्दै हिंडेका बेला प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितलाई सिन्धुली जेलमा राखिएको छ।

गस्तीमा हिंडेका बेला माओवादीहरूले हत्या गरेका प्रहरी ओमकुमार कार्कीको लास

यातना पीडित सीताराम कुसुवार

नारायणखोला गाविस-६ का पदमबहादुर स्याङ्तानलाई माओवादी भएको आरोपमा ०५६ भदौ १२ गते प्रहरीले गिरफ्तार गरी यातना दिएर भदौ ३० गते रिहा गरे।

हरिवन गाविस-१ का बलराम वराल र एकबहादुर गुर्माछाने, स्यानी राना, राधा राई, देवी राई, रामविश्वास मण्डल, श्याम कर्ण र कृष्णनन्दन ठाकुरलाई माओवादीको आरोपमा ०५६ असोज १७ गते प्रहरीले गिरफ्तार गरे। बलराम र एकबहादुरलाई ३ दिनपछि र अन्यलाई भोलिपल्ट रिहा गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

पत्थरकोट गाविस-४ का खड्काबहादुर भण्डारी र उनका भाइ कान्छाबहादुर भण्डारीलाई ०५५ फागुन १२ गते प्रहरीहरूले विना कारण सख्त हुनेगरी कुटपिट गरे।

सेखैना गाविस-३ का विन्देश्वर रायलाई ०५६ जेठ १६ गते आफूले भनेको ठाउँमा भोट नहालेको भनी रामविश्वास रायले कुटपिट गरे।

पत्थरकोट गाविस-९ की सरू चौलागाईं र रीता चौलागाईंलाई माओवादीको आरोपमा ०५६ भदौ ६ गते गस्तीमा गएका प्रहरीहरूले कुटपिट गर्नुका साथै घर खानतलासी पनि गरे।

मौलिक अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा यो वर्ष कर्तव्य ज्यान ३२, जवर्जस्ती करणी ४, चोरी २२, हातहतियार खजाना ३०, जीउ मास्ने/बेच्ने ४, सार्वजनिक अपराध २, लागूऔषध ११, सवारी ज्यान ३०, डाँका ३१, निर्वाचन १ जस्ता विभिन्न शीर्षकमा गरी २० थान मुद्दा दर्ता भए। जसमध्ये ९५ थान फर्स्यौट हुन सके।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

भारतीय सिमानासँग जोडिएको यस जिल्लामा सुकुम्बासी समस्या दिन/प्रतिदिन कठिन बन्दै गएको पाइन्छ। चन्द्रनगर, कर्मोइया, राजघाट, बलरा आदि गाविसमा करिब एक डेढ सय घर/परिवार सुकुम्बासी रहेका देखिन्छ। हरिवन गाविस-६ मा जग्गाधनी पूर्जा र घर पाएर बसेका सुकुम्बासीहरू पनि आयआर्जनको केही व्यवस्था नभएकाले बाँच्न कठिन भयो भनी घरमा ताल्चा लगाएर पुरानै वस्ती र काम पाउने ठाउँहरूमा गएका देखिन्छ।

महिला अधिकार

ढुंग्रेखोला गाविस-१ का १८ वर्षीय मनमाया गुर्माछाने र १७ वर्षीय मिठुदेवी गुर्माछानेलाई ०५६ असार ९ गते महोत्तरी खयरमाराका ३२ वर्षीय प्रदीपकुमार आलेले विक्रि गर्ने उद्देश्यले भारततर्फ लग्दै गर्दा पीडितहरू भाग्न सफल भए। पीडक आलेलाई थुनामा राखिएको छ।

वरहथवा गाविस-९ की प्रमिला माझीलाई ०५६ असोज ५ गते सोही ठाउँका भिखारी पासवानले बिक्री गरे। इलाका प्रहरी कार्यालय वरहथवामा पीडकलाई कारबाहीका लागि उजुरी दिइएकामा उजुरी दर्ता गरिएन। पीडक फरार छ।

ढुंग्रेखोला गाविस-३ की २१ वर्षीय एक महिलालाई ०५५ पुस २८ गते सोही गाविसका ३० वर्षीय सरोज पाखिनले बलात्कार गरे। पीडक फरार छ।

ढुंग्रेखोला गाविस-१ की १७ वर्षीय एक महिलालाई ०५५ माघ ७ गते बारीमा घाँस काटिरहेको बेला २ जना अज्ञात व्यक्तिले बलात्कार गरे।

हजारिया गाविस-१ की १७ वर्षीय एक महिलालाई ०५६ जेठ २५ गते एक अज्ञात व्यक्तिले बलात्कार गरे।

मलंगवा नपा-८ की २४ वर्षीय एक युवतीलाई ०५६ साउन २० गते सोही ठाउँका २२ वर्षीय रवीन जोशीले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेको छ।

हरिवन गाविस-९ की २० वर्षीय एक युवतीलाई ०५६ भाद्र ३ गते सोही गाविस-६ का रोमबहादुर उप्रेतीले बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरे।

लालबन्दी गाविस-१ की एक महिलालाई ०५६ भदौ २८ गते सोही ठाउँका पुष्प कोइरालाले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई थुनामा राखिएको छ।

जब्दी गाविस-४ की २७ वर्षीय एक महिलालाई ०५६ मंसिर १६ गते सोही गाविस-२ का अरविन्द चौधरी, धर्मेन्द्र चौधरी र जीवन चौधरीले मुख थुनेर बलात्कार गरे।

नोकेल्वा गाविस-७ की ३५ वर्षीय एक महिलालाई ०५६ पुस ५ गते सोही गाविसका उपाध्यक्ष राजकुमार रायले बलात्कार गरे। देवरसँग भएको झगडाका कारण न्याय माग्न गएकी उनलाई कुरा सुन्ने निहुँमा एकान्तमा लगेर बलात्कार गरिएको थियो। पीडक थुनामा छ।

यस जिल्लामा यो वर्ष ३ जनाले बहुविवाह गरेको घटना जानकारीमा आयो। पारिवारिक हिंसाका २ घटनामा २ महिला पीडित भए। महिला भएकै कारणले दिइने अमानवीय व्यवहारका १ घटनामा १ जना जना महिला पीडित भएको जानकारीमा आयो। तीन जनाको गर्भपतन भयो। जसमध्ये २ जनालाई आफ्नै पतिले कुटपिट गरेका कारण गर्भ पतन भएको थियो।

कर्मैया गाविस-४ की ३३ वर्षीय शान्तिकृष्ण ढकाललाई ०५६ वैशाख १० गते आफ्नै पति ३५ वर्षीय उज्ज्वल ढकालले कुटपिट गरी घरबाटै निकालिदिए। पीडित २ नाबालक छोरीसहित विचल्ली परेकी छिन्। उजुरी दिँदा पनि प्रहरीले

पीडकलाई कारबाही नगरेको गुनासो पीडितको छ।

कमैया गाविस-७ की २१ वर्षीय सरिता भण्डारीलाई ०५६ असार २० गते आफ्नै पति ३३ वर्षीय भुवनराज भण्डारीले नराम्री भएको आरोपमा घाइते हुनेगरी पिटे। ३ छोराछोरीकी आमा सरितालाई पतिले बारम्बार कुट्दै आएको उनी बताउँछिन्।

भक्तिपुर गाविस-७ की उषादेवी महतोलाई ०५६ भदौ १५ गते सीतामाढीका वीरेन्द्र सिंह र २ अज्ञात व्यक्तिले गोली हानी घाइते बनाए। आफ्नो पति वीरेन्द्रले तिलक कम भयो भनी सधैं कुटपिट गर्ने गरेका कारण उनी अर्कै केटासँग विवाह गरेर गएपछि उक्त आक्रमण गरिएको थियो। पीडकहरू फरार छन्।

भवानीपुर गाविस-६ की ४० वर्षीय मकुरधनदेवीलाई ०५६ असोज २२ गते बोक्सीको आरोपमा अर्जुन राय, शुभकरण राय, सीतादेवी राय, रामेश्वर रायलगायत्का व्यक्तिहरूले मान्छेको दिशा खुवाए। अर्जुन र शुभकरणलाई प्रहरीले गिरफ्तार गरी थुनामा राखेको छ।

मलंगवा नपा-५ की २५ वर्षीय सविता श्रेष्ठलाई ०५६ पुस १३ गते आफ्नै पति ३५ वर्षीय माधव श्रेष्ठले कुटपिट गरेका कारण उनको ८ महिनाको गर्भ पतन भयो।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	५	४	२	६				
गोलीद्वारा हत्या					२	३		३
गोलीद्वारा घाइते/हवाइ फायर	१		१	१				
गिरफ्तारी र यातना					८	१०	५	१५
कुटपिट	१५	१८	१	१९	२	२	२	४
भूमिहीन/सुकुम्बासी समस्या	१							
महिला किनबेच	२		३	३				
बलात्कार	६		६	६				
बलात्कार प्रयास	२		२	२				
बहुविवाह	३		३	३				
गर्भपतन	३		३	३				
पारिवारिक हिंसा	२		२	२				
महिला भएकै कारण यातना	२		३	३				
बाल अधिकार	१	१		१				
अपहरण	१		१	१				
जम्मा	४४	२३	२७	५०	१२	१५	७	२२
आत्महत्या	३	३		३				
चोरी/डकैती	१	१		१				
दुर्घटनाहरू/विपत्तिहरू	२	२	३	५				

बालअधिकार (बालबालिकाउपरको अत्याचार)

पिपरिया गाविस-७ की ७ वर्षीय संगिना ठाकुरलाई ०५६ असार १७ गते दिउँसो पिकारी गाविस-२ स्थित जनता प्राथमिक विद्यालयमा ट्युसन पढ्न गएका बेला अज्ञात व्यक्तिहरूले अपहरण गरी लगेकामा पत्ता लाग्न सकेको छैन।

आर्थिक अधिकार

यस जिल्लामा रहेको उखु मिलमा करिब १५ सय मजदुरहरूले काम गर्छन्। उनीहरू सबै सिजनल भएकाले तलब बढाउने र कामको समय घटाउने विषयमा बेलाबेलामा मजदूर र व्यवस्थापनबीच विवाद चल्दै आएको देखिन्छ। यसैगरी उखुको मूल्य बढाउने विषयलाई लिएर उखु कृषक र मिल व्यवस्थापनबीच पनि बेला बेलामा विवादहरू सिर्जना भएको पाइन्छ। किसानहरू संगठितरूपमा आउने र मागहरू राख्ने एवं विरोधहरू गर्ने क्रम यहाँका लागि सामान्य भैसकेको पाइन्छ।

अन्य अमानवीय व्यवहार   जातीय छुवाछूतसमेत

राजघाट गाविस-६ की तुलसा कुसुवारलाई ६ वर्षपहिले हजारिया गाविस-३ का यज्ञबहादुर विष्टले बलात्कार गरेपछि रहेको गर्भबाट जन्मिएको छोरो ५ वर्ष भइसक्दा पनि उसले यज्ञको छोराको मान्यता पाउन सकेको छैन। यज्ञको मृत्यु भएकाले छोराको जन्म दर्ता गराउन गाविस पुगेकी तुलसालाई गाविस अध्यक्ष सुशील विष्टले घोक्र्याउँदै बाहिर निकाले। सुशील यज्ञका छोरा हुन्।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

माओवादी भएको अभियोगमा ०५५ माघ १८ गते गिरफ्तार गरिएका व्यक्तिहरूलाई प्रहरीले बेपत्ता पारेपछि ०५५ माघ २५ गते मानव अधिकारवादी संस्था जनजागृति युवा समाजले विरोध सभाको आयोजना गरी विरोध जनायो।

०५६ असोज १७ गते एमाले समर्थक व्यक्तिहरू र सामान्य व्यक्तिहरूलाई माओवादीको आरोप लगाई प्रहरीले गिरफ्तार गरेपछि नेकपा एमालेले प्रहरी कार्यालयअगाडि विरोध सभाको आयोजना गर्नुका साथै भोलिपल्ट धर्ना पनि दिई विरोध जनायो।

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा १५ वटा व्यक्तिगत कुटपिटका घटना भए, जसमा १८ पुरुष र १ महिला गरी १९ व्यक्ति पीडित भए। ३ वटा आत्महत्याको घटना भयो, २ वटा दुर्घटना र एउटा डकैतीको घटना भयो।

२.४ सिन्धुली

जनसंख्या	: २२३९००
साक्षरता प्रतिशत	: ३२.६
महिला साक्षरता प्रतिशत	: १७.४
क्षेत्रफल (वर्ग किमी)	: २४९१
गाविस/नपा संख्या	: ५३/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ३६५
क्याम्पस /उच्च मावि	: २/८
अस्पताल/ स्वास्थ्य चौकी	: १/५४
टेलिफोन लाइन	: १५०
मोटर सडक (किमी)	: ४५
प्रहरी कार्यालय संख्या	: २५
हुलाक संख्या	: ५५

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

इलाका प्रहरी कार्यालय वस्तीपुरमा कार्यरत् प्रहरी निरीक्षक पूर्णचन्द्र जोशीलाई ०५५ पुस १९ गते सदरमुकामतर्फ आउँदै गर्दा भद्रकाली गाविस-६ को सिम्ले खोलामा माओवादीहरूले गोली हानी घाइते बनाए। पीडितलाई काठमाडौं ल्याई उपचार गरियो।

महादेवस्थान गाविस-४ का ७ कक्षाका विद्यार्थी १३ वर्षीय राजकुमार माझीलाई माओवादीलाई मान्छे चिनाएको आरोपमा ०५५ पुस २३ गते दंगा प्रहरीले जंगलमा लगी गोली हानी हत्या गरे। लासलाई पोष्टमार्टम नगरी प्रहरीले नै जंगलमा गाडिदिए।

सर्लाही जिल्ला परवानीपुर गाविस-२ का ३८ वर्षीय पद्मबहादुर विश्वकर्मा र भद्रकाली गाविस-६ का ३२ वर्षीय पूर्णबहादुर बम्जनलाई माओवादीको आरोपमा ०५५ फागुन ६ गते भद्रकाली गाविस-६ पर्ने खेतमा काम गरिरहेको बेला दंगा प्रहरीले गोली हानी हत्या गरे। पीडितहरूको लास पोष्टमार्टम नै नगरी प्रहरीले जंगलमा लगी ढुंगाले छोपिदिएका थिए।

क्यानेश्वर गाविस-९ स्थित एक घरमा बसिरहेका माओवादी कार्यकर्ताहरू छोगो तामाङ, भुवन कुँवर, चन्द्रबहादुर माझी र सीता तामाङलाई ०५५ फागुन २७ गते प्रहरीले गोली हानी हत्या गरे। पीडितहरूको लास प्रहरीले आफैं खाडल खनी गाडेका थिए।

सिर्थौली गाविस-९ स्थित एक घरमा बसिरहेका माओवादी कार्यकर्ताहरू लालबहादुर विश्वकर्मा, गंगा माझी, मेनुका अधिकारी (गौतम), रवि माझी र शेरबहादुर घिसिङलाई ०५५ चैत ६ गते प्रहरीले गोली हानी हत्या गर्‍यो। प्रहरीले यस घटनालाई भिडन्त बताएको छ।

प्रहरीले गोली हानी हत्या गरेका ऋद्धिप्रसाद गौतम

मझुवा गाविस-६ डुडेका २५ वर्षीय अकर सापकोटालाई ०५५ चैत ११ गते प्रहरीले सोधेको कुराको जवाफ नदिएको आरोपमा प्रहरीले कुटपिट गरे। सोही कुटपिटका कारण ०५५ चैत १७ गते उनको मृत्यु भयो। उनी बोल्न नसक्ने लाटो व्यक्ति थिए।

पोखरी गाविस-९ को कपासे भन्ने जंगलमा भद्रकाली गाविस-४ का ३६ वर्षीय ऋद्धिप्रसाद गौतमलाई ०५५ चैत १८ गते प्रहरीले माओवादी भएको आरोपमा गोली हानी हत्या गरे। यस घटनालाई प्रहरीले भिडन्त बताएको छ।

क्यानेश्वर गाविस-२ की २६ वर्षीय साइलीमायाँ वललाई सुराकी गरेको आरोपमा ०५५ चैत २३ गते माओवादीहरूले गोली हानी हत्या गरे।

नेत्रकाली गाविस-५ स्थित कालीखोलाको एक गोठमा बसेको अवस्थामा कपिलाकोट गाविसका २५ वर्षीय प्रकाश गोले, चेतन तामाङ र कल्पना माझीलाई माओवादी भएको आरोपमा ०५६ वैशाख १२ गते प्रहरीले गोली हानी हत्या गरे। पीडितहरूको लास पोष्टमार्टम नगरी प्रहरी आफैंले सोही ठाउँमा गाडिदिए।

यन्त्रराज घिमिरे

डुडभञ्ज्याङ गाविसको विर्तटार भन्ने स्थानमा माओवादी कार्यकर्ता कमलामाई नपा-१७ का २१ वर्षीय सन्तोष भन्ने यन्त्रराज घिमिरेलाई ०५६ वैशाख १६ गते दंगा प्रहरीले गोली हानी हत्या गरे। स्कूलको भित्तामा चुनाव बहिष्कारको नारा लेख्दै गरेको बेला उनलाई गोली हानिएको थियो। पीडितको लास पोष्टमार्टम नगरी सोही ठाउँमा फालियो।

रानीचुरी गाविस-५ का पृथ्वीबहादुर माझीलाई ०५५ वैशाख १७ गते सोही गाविस-९ को धमिलेमा निर्वाचन बहिष्कारको पोष्टर टाँस्दै हिंडेको अवस्थामा प्रहरीले गोली हानी हत्या गरे। यस घटनालाई प्रहरीले दोहोरो भिडन्त बताएको छ। पोष्टमार्टम नै नगरी लासलाई प्रहरीले सोही ठाउँमा फाले।

तामाजोर गाविस-९ का ३५ वर्षीय दौलतसिंह वम्जनको ०५६ जेठ १९ गते वीर अस्पतालमा उपचार गर्दा गर्दै मृत्यु भयो। पीडितलाई ०५५ कात्तिक १२ गते कमलामाई नपा-६ स्थित धुराबजारमा हिंडिरहेको बेला माओवादीहरूले गोली हानी घाइते बनाएका थिए।

प्रहरीले गोली हानी हत्या गरेकी मेनुका अधिकारी

तीनकन्या गाविस-८ का ४९ वर्षीय खम्बसिंह गुरुङ, शीतलपाटी गाविस-९ खाल्टेका शम्भु थापा, मरिणका किशोर नेपाली र प्रकृति मगरलाई ०५६ असार २६ गते रतनचुरा गाविस-८ स्थित एक घरमा बसिरहेको अवस्थामा प्रहरीले गोली हानी हत्या गरे। पीडितहरू माओवादी कार्यकर्ता

थिए। प्रहरीले उनीहरूको लासलाई पोष्टमार्टम नगरी स्थानीय गाउँलेहरूलाई सोही ठाउँमा गाड्न लगाए।

तीनकन्या गाविस-२ कालीमाटीका नेपाली कांग्रेसका सक्रिय कार्यकर्ता ५५ वर्षीय तेजबहादुर भुजेललाई जासुसी गरेको आरोपमा ०५६ साउन २७ गते घरमै बसिरहेको बेला माओवादीहरूले गोली हानी हत्या गरे।

यस जिल्लामा यो वर्ष व्यक्तिगत कारणले भएका ७ वटा घटनामा २ महिलासहित ७ जनाको हत्या भयो। हत्या हुनेमा एघार दिनकी बालिका पनि थिइन्। जसमध्ये -

पुरानो झाँगाझोली गाविस-९ की ११ दिनकी स्वइककुमारी थापालाई ०५५ चैत २९ गते आफ्नै आमा २० वर्षीय जया थापाले सोही ठाउँको भोटेखोरिया जंगलमा लगी घाँटी थिचेर हत्या गरिन्। आफ्नै मामा कृष्णबहादुर थापासँग उनको अवैध सम्बन्ध रही गर्भ रहेपछि २३ वर्षीय नरबहादुर थापालाई केही रकम दिएर जिम्मा लगाइएकोमा जिम्मा लगाइएको ४१ दिनपछि उक्त शिशुको जन्म भएको थियो। जयालाई ०५६ असार २ गतेबाट पुर्पक्षका लागि थुनामा राखिएको छ भने कृष्ण र नरबहादुरलाई तारेखमा छाडिएको छ।

जेल र बन्दीहरु

२५ जनाको क्षमता भएको सिन्धुली कारागारमा १० पुरूष र १ महिला गरी ११ जना कैद तोकिएका बन्दी रहेका छन् भने ४२ पुरूष र ९ महिला गरी ५१ जना थुनुवा रहेका छन्। "ग" श्रेणीको यस जेलमा क्षमताभन्दा बढी बन्दी राखिएका कारण विभिन्न समस्याहरू सिर्जना भएका छन्। हरेक सुविधा कटौती गर्नुपर्ने बाध्यताले सबै बन्दी थुनुवा मर्कामा परेका छन्। अर्जुनबहादुर थापा, गणेशकुमार खत्री र युद्धसिंह कुँवरलाई राजनीतिक बन्दीको रूपमा राखी क श्रेणीको सिदा दिएर राखिएको छ। यस जेलमा नाबालक छैनन् भने ३० जना माओवादी आन्दोलनसँग सम्बन्धित व्यक्ति छन्।

पत्रपत्रिकाको व्यवस्था छैन, पिउने पानीको अभाव छ, पुरूषका लागि ६ र महिलाका लागि २ वटा कोठाको व्यवस्था छ, महिलातर्फको भान्सा र चर्पीमा पानी चुहिन्छ। महिला बन्दीहरूलाई दिनमा २ घन्टामात्र बाहिर कम्पाउण्डमा घुमफिरका

कारागार शाखा सिन्धुलीमा रहेका पुरुष बन्दीहरु

माओवादीद्वारा गोली र खुकुरी प्रहार गरी हत्या गरिएका तेजबहादुर भुजेल

लागि निस्कन दिइन्छ। काठाहरू साह्रै चिसा छन्, चर्पी र भान्सा नजिकै भएकाले दुर्गन्ध खपिनसक्नु हुन्छ। बन्दीहरूलाई हप्ताको २ दिनमात्र भेटघाट गर्न दिइन्छ। पुरूषले टोपी र मुढा बनाउने काम गर्ने गरेका छन् भने कच्चा पदार्थ र बजारको अभावमा यो व्यवसाय फस्टाउन सकेको छैन। बन्दीहरूलाई प्रतिदिन ७०० ग्रामको दरले न्युन स्तरको भारतीय सुपरफाइन चामल दिने गरिन्छ। राजनीतिक बन्दीहरूलाई २० रूपैयाँको दरले र अन्यलाई १५ रूपैयाँको दरले १५/१५ दिनमा पैसा दिने गरिएको छ। ६-६ महिनामा लगाउने कपडा दिइने गरेको छ।

जेलको बारेमा केही बोलेमा बन्दी भाँडेको आरोपमा जेलरले अफिसमा लगेर यातना दिने गरेको गुनासो पीडितहरूको छ। भित्र लेखिएका रचना, चिठी आदि पनि जफत गर्ने, मानव अधिकार वर्ष पुस्तकसमेत पढ्न नदिने, बिरामी पर्दा उपचार हुन कठिन पर्ने जस्ता गुनासा बन्दीहरूको छ। जेलर नगेन्द्रराज पोखरेल क्षमताभन्दा बढी बन्दी भएकाले समस्या बढेको र खानेपानीको अभाव रहेको तथा महिला बन्दी गृह नभएकाले यी कुराहरूमा सुधार गर्नुपर्ने धारणा व्यक्त गर्नुहुन्छ।

पुरानो झागाझोली गाविस-६ नागेडाँडाका ३० वर्षीय मिनकुमार दाहालको ०५६ असार ३० गते राति प्रहरी हिरासतमै रहेका बेला वीर अस्पतालमा उपचार गराउँदै गर्दा मृत्यु भयो। उनलाई ०५५ असोज ११ गते गिरफ्तार गरी निर्मम यातना दिएर हातहतियार, खरखजाना, आगजनीलगायत्का ११ मुद्दा प्रहरीले लगाएको थियो। उनलाई सिन्धुली अस्पतालले वीर अस्पताल लैजान अनुरोध गरेको २ महिनापछि मात्र लगिएको थियो।



थुनुवा अवस्थामा अस्पतालमा मृत्यु भएका मीनकुमार दाहाल

घटनाको प्रकार	गैरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	७	५	२	७				
गोलीद्वारा हत्या	३	२	१	३	९	१८	४	२२
एमबुसमा परी मृत्यु	१	२		२				
गोलीद्वारा घाइते/हवाइ फायर	१	१		१				
हिरासतमा मृत्यु					१	१		१
गिरफ्तारी र यातना					२६	४६	७	५३
कुटपिट	८	१३		१३	९	४१	११	५२
धम्की					२	७		७
बेपत्ता पारिएको					२	३		३
मौलिक अधिकार					१	१६		१६
भूमिहीन/सुकुम्बासी समस्या					१			
बलात्कार	१		१	१				
बहुविवाह	१		१	१				
महिला भएकै कारण यातना	३		३	३				
बाल अधिकार	१	२	२	४				
जातीय छुवाछूत	१	१	१	२				
आतंक	१	१	१	२				
जम्मा	२८	२७	१२	३९	५१	१३२	२२	१५४
आत्महत्या	१४	३	११	१४				
दुर्घटनाहरू/विपत्तिहरू	४	३	१	४				

र मिनप्रसाद देवकोटालाई माओवादीको आरोपमा ०५५ पुस २३ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई रातभरि जंगल र खोला घुमाएर यातना दिइएको थियो। पीडितहरू राष्ट्रिय जनमोर्चाका कार्यकर्ता हुन्। अन्यलाई सोही दिन रिहा गरियो भने जगतलाई ०५५ माघ २ गते रिहा गरियो।

झाँगाझोली रातमाटा गाविस-२ बोहोरेटारका ५५ वर्षीय बाबुकाजी शाक्य, मुरली अछामी, मरिचबहादुर विक, धनबहादुर श्रेष्ठ र हरिप्रसाद चौलागाईंलाई ०५५ पुस २५ गते रातमाटाका प्रहरीले माओवादीलाई सहयोग गरेको आरोपमा गिरफ्तार गरेर १० दिनसम्म निर्मम यातना दिइ रिहा गरे। उनीहरूलाई दिनभर यातना दिने र रातभर छाडिने गरेको थियो।

झाँगाझोली गाविस-२ बोहोरेटारकी १७ वर्षीय बुद्धलक्ष्मी शाक्य र उनकी बहिनी १३ वर्षीय सुन्दरी शाक्यलाई ०५५ माघ २३ गते विद्यालयमा अध्ययन गरिरहेका बेला प्रहरीले माओवादीलाई सहयोग गरेको आरोपमा गिरफ्तार गरे। उनीहरूलाई दैनिक तारेखमा सोही दिन बेलुका रिहा गरियो।

गिरफ्तारी र यातना

कमलामाई नपा-९ ढुंग्रेबासकी ४३ वर्षीय सावित्रा श्रेष्ठलाई ०५५ पुस १९ गते माओवादीको आरोपमा प्रहरीले कार्यालयबाटै गिरफ्तार गरे। उनलाई ३ दिनपछि रिहा गरियो।

अमले गाविस-३ का करिब ६० वर्षीय लक्ष्मीप्रसाद देवकोटा, रामप्रसाद गौतम, छविलाल देवकोटा र माधवप्रसाद गौतमलाई ०५५ पुस १९ गते माओवादीको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई एघार दिनपछि रिहा गरे।

महादेवस्थान गाविस-४ का अखिल नेपाल युवा लिगका केन्द्रीय सचिव ३३ वर्षीय गणेश बुढाथोकी, संजमो नेपालका जिल्ला अध्यक्ष ४३ वर्षीय रामकुमार पौडेल, १९ वर्षीय विना राई र १७ वर्षीय सावित्रा राईलाई ०५५ पुस २० गते झोलामा जनएकता साप्ताहिक र डायरी भेटेको बहानामा प्रहरीले गिरफ्तार गरी निर्मम यातना दिएर बेलुकी रिहा गरियो।

महादेवस्थान गाविस-४ का २१ वर्षीय राजनकुमार लामासहित ३ जनालाई माओवादीको आरोपमा ०५५ पुस २१ गते प्रहरीले गिरफ्तार गरी २३ गते रिहा गरे।

कमलामाई नपा-५ का शिक्षक २८ वर्षीय मोहन गौतमलाई ०५५ पुस २३ गते जलकन्या गाविस-८ स्थित कोठाबाट माओवादीको भाड भएको र दाजु घरमा आउँदा प्रहरीलाई खबर नगरेको भनी प्रहरीले पक्रेर निर्मम यातना दिई दिनभर गाउँमा गस्ती गराएर २४ गते रिहा गरे।

अमले गाविस-३ का ३२ वर्षीय जगत देवकोटा, डिल्लीप्रसाद देवकोटा, षडानन्द देवकोटा, ढकप्रसाद देवकोटा

पुरानो झाँगाझोली गाविस-६ खहरेगाउँका ५५ वर्षीय फटकबहादुर दाहाल र उनका छोरा १३ वर्षीय जीवन दाहाललाई ०५५ माघ २५ गते प्रहरीले माओवादीलाई सहयोग गरेको भनी गिरफ्तार गर्‍यो। फटकबहादुरलाई ०५५ माघ २९ गते छाडिएकोमा पुनः ०५५ फागुन २ गते गिरफ्तार गरी फागुन १० गते रिहा गरियो। जीवन हत्कडीसहित भागेकामा अहिलेसम्म बेपत्ता छन् भने फटक प्रहरीको डरले गाउँ छाडेर अन्यत्रै बसेका छन्।

सिन्धुलीस्थित नेपाल बार एसोसिएसनका सचिव विश्वप्रकाश भण्डारीलाई ०५५ चैत २३ गते माओवादीलाई सहयोग गरेको आरोपमा प्रहरीले गिरफ्तार गर्‍यो। उनलाई शान्ति सुरक्षा मुद्दामा सिन्धुलीबाट रौतहट हुँदै वीरगन्ज कारागारमा राखिएकोमा ०५६ असार २१ गते रिहा गरियो।

रानीचुरी गाविस-४ बेसारेबाट सर्लाही नारायणखोला गाविसका करिब १७ वर्षीय इन्दु तामाङलाई ०५६ वैशाख १७ गते माओवादी भएको आरोपमा प्रहरीले गिरफ्तार गर्‍यो। उनलाई प्रहरीमा जागिर लगाइदिने प्रलोभनमा जिल्ला प्रहरी कार्यालयमा प्रहरी निगरानीमा राखिएकोमा ०५६ भदौ २० गते रिहा गरियो।

कमलामाई नपा-१४ काउछेकी अनेमसंघ क्रान्तिकारीकी जिल्ला अध्यक्ष दुर्गा घिमिरेलगायत्का ४ जनालाई ०५६ वैशाख ८ गते माओवादी भएको आरोपमा प्रहरीले गिरफ्तार गर्‍यो।

अन्य ३ जनालाई वैशाख १० गते र दुर्गालाई थुनामा यातना दिएर जेठ ४ गते दैनिक तारेखमा रिहा गरियो।

रतनचुरा गाविस–८ ठाडीखोलाका गोविन्द थापालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५६ असार २७ गते प्रहरीले गिरफ्तार गरी ९ दिनपछि दैनिक तारेखमा रिहा गर्‍यो। उनलाई थुनामा यातना पनि दिइएको थियो।

बासेश्वर गाविस–३ बलेनीका ३२ वर्षीय ढुकुरे भन्ने ढुण्डीराज सार्की र डम्बरबहादुर सार्कीलाई ०५६ साउन ८ गते माओवादीको आरोपमा प्रहरीले गिरफ्तार गरे। सार्कीलाई ०५६ मंसिर २ गते तारेखमा रिहा गरियो भने डम्बरबहादुरलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

तीनकन्या गाविस–८ का ३० वर्षीय रितबहादुर गुरुङलाई काठमाडौं जान लाग्दा सिन्धुली सदरमुकामबाट र सोही गाविस–९ का २७ वर्षीय कुलबहादुर विश्वकर्मालाई आफ्नै घरबाट ०५६ साउन २९ गते हत्या गरेको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ०५६ भदौ ३० गतेबाट पुर्पक्षका लागि थुनामा राखिएको छ। ०५६ साउन २७ गते सोही ठाउँका तेजबहादुर भुजेललाई माओवादीहरूले हत्या गरेका थिए। यसै घटनालाई लिएर उनीहरूलाई गिरफ्तार गरिएको थियो।

कमलामाई नपा–६ धुराबजारका राष्ट्रिय जनमोर्चाका सदस्य २८ वर्षीय तेजु विश्वकर्मालाई माओवादीको आरोपमा ०५६ भदौ ३ गते घरमा बसिरहेको बेला प्रहरीले गिरफ्तार गरी १५ गते तारेखमा रिहा गरे। उनलाई हिरासतमा यातना पनि दिइएको थियो।

कमलामाई नपा–५ सांगवालेका ४१ वर्षीय प्रतिमान बम्जनलाई ०५६ भदौ २२ गते विद्यालयबाट घर फर्कंदै गर्दा कमलामाई नपा–५ बाट माओवादीको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितलाई एक महिना हिरासतमा राखी ०५६ असोज १९ गते तारेखमा रिहा गरियो।

पुरानो झाँगाझोली गाविस–६ टारीगाउँका ४० वर्षीय बेनीबहादुर राईलाई ०५६ भदौ २३ गते बारी जोतिरहेको बेला माओवादीलाई सघाएको आरोपमा प्रहरीले गिरफ्तार गरी भोलिपल्ट तारेखमा रिहा गरे।

अमले गाविसका २१ वर्षीय एकराज गौतम र पुरानो झाँगाझोली गाविस–३ का वासुदेव आचार्यलाई ०५६ भदौ २५ गते माओवादी भएको आरोपमा प्रहरीले गिरफ्तार गर्‍यो। वासुदेवलाई २७ गते र एकराजलाई २८ गते रिहा गरियो।

शान्तेश्वरी गाविस–२ का श्याम कर्माचार्यलाई ०५६ भदौ २५ गते माओवादीको आरोपमा प्रहरीले गिरफ्तार गरी २८ गते रिहा गरे।

कमलामाई नपा–९ ढुंग्रेवासका ४३ वर्षीय सावित्रा श्रेष्ठ, उनका छोरा १६ वर्षीय प्रभाकर श्रेष्ठ, १६ वर्षीय निराजन श्रेष्ठ र ३० वर्षीय निर्मला श्रेष्ठलाई ०५६ असोज १७ गते माओवादी गतिविधिमा संलग्न भएको आरोपमा प्रहरीले गिरफ्तार गर्‍यो। प्रभाकर र निराजनलाई २० गते तथा सावित्रा र निर्मलालाई २१ गते रिहा गरियो।

कमलामाई नपा–४ मधुटारका २१ वर्षीय कपुर महतलाई माओवादी भएको आरोपमा ०५६ असोज १७ गते प्रहरीले सुतिरहेको बेला गिरफ्तार गरे। पीडितलाई १३ दिनसम्म हिरासतमा राखी असोज २९ गते दैनिक तारेखमा रिहा गरियो।

कमलामाई नपा–४ गैंयाटारका ४५ वर्षीय गोविन्द गिरीलाई ०५६ असोज १८ गते माओवादीलाई सेल्टर दिएको आरोपमा प्रहरीले गिरफ्तार गरे। उनलाई दुई दिनपछि रिहा गरिएको थियो।

शिनलपाटी गाविस–९ खाल्टेका ४५ वर्षीय हरिबहादुर थापालाई ०५६ कात्तिक ६ गते आफ्नो घरमा बसिरहेको बेला माओवादीलाई सहयोग गरेको आरोपमा रातमाटाबाट गएका प्रहरीले गिरफ्तार गरी यातना पनि दिए। उनलाई भोलिपल्ट गाविस अध्यक्ष शेरबहादुर दर्लामीको जमानीमा रिहा गरियो।

क्यानेश्वर गाविस–२ का ५० वर्षीय आउने आले र कल्पवृक्ष गाविस–८ का २८ वर्षीय महेन्द्र थापालाई ०५६ मंसिर २६ गते माओवादीको आरोपमा प्रहरीले गिरफ्तार गर्‍यो। पीडितहरूसँग २४ हजार रूपैयाँ धरौटी मागिएकोमा दिन नसकेकाले थुनामा राखिएको छ। उनीहरूलाई बन्दूकसहित गिरफ्तार गरिएको प्रहरीले जनाएको छ।

क्यानेश्वर गाविस–२ का हरिबहादुर थापा, खड्गबहादुर मगर र कल्पवृक्ष गाविस–३ का तीर्थबहादुर बम्जनलाई ०५६ मंसिर २५ गते प्रहरीले माओवादीको आरोपमा गिरफ्तार गरे। तीर्थलाई मंसिर २८ गते र अन्य २ जनालाई मंसिर २९ गते रिहा गरियो।

बेपत्ता पारिएको

पुरानो झाँगाझोली गाविस–६ खहरेगाउँका १३ वर्षीय जीवन दाहाललाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५५ माघ २५ गते प्रहरीले गिरफ्तार गरेकोमा बेपत्ता पारेको छ।

तीनकन्या गाविस–९ किरातेका ३५ वर्षीय शमशेरबहादुर विश्वकर्मा र २७ वर्षीय डिल्लीबहादुर विश्वकर्मालाई माओवादीहरूलाई बन्दूक बनाएर दिएको आरोपमा ०५६ वैशाख १२ गते दंगा प्रहरीले गिरफ्तार गरी बेपत्ता पारेका छन्।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

महादेवस्थान गाविस–५ का वडा अध्यक्ष ७० वर्षीय गोरेबहादुर श्रेष्ठलाई ०५५ पुस १९ गते माओवादीहरूले आक्रमण गरी दुवै खुट्टा र बायाँ हात काटिदिए।

जलकन्या गाविस–२ टारीका ६५ वर्षीय तीर्थलाल फुयाँललगायत्का ४ जनालाई ०५५ पुस २३ गते माओवादी पालेको आरोपमा प्रहरीले कुटपिट गरे।

अमले गाविस–३ का चिरञ्जीवी देवकोटालगायत्का ३० जनालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५५ पुस २० देखि माघ ६ गतेसम्म प्रहरीले कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

पुरानो झाँगाझोली गाविस-६ की १८ वर्षीय ममिताकुमारी दाहाललाई माओवादीको आरोपमा ०५५ फागुन ११ गते प्रहरीले कुटपिट गरे। पीडितलाई माओवादीलाई घरमा बस्न दिएमा मारिदिने धम्की पनि प्रहरीले दिए।

जरायोटार गाविस-३ मझुवाका नेपाली कांग्रेसका कार्यकर्ता ४८ वर्षीय लालबहादुर कार्कीलाई ०५५ फागुन १८ गते माओवादीहरूले कुटपिट गरे।

पुरानो झाँगाझोली गाविस-७ का २९ वर्षीय भीमसेन थापालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५५ चैत ८ गतेदेखि ४ दिनसम्म प्रहरीले कुटपिट गरे। उनलाई दैनिक तारेखमा राखिएको र एक दिन चौकीमा राखी यातना पनि दिइयो।

तीनकन्या गाविस-८ रानीखोलाका ३५ वर्षीय शमशेरबहादुर रानालाई ०५५ चैत २७ गते सहयोग नगरेको आरोपमा माओवादीहरूले कुटपिट गरे।

कमलामाई नपा-६ रातमाटाका १७ वर्षीय उद्धव कार्कीलाई ०५६ जेठ ५ गते मत परिणाम सुन्न भनी बसेका बेला कमलामाई नपा-६ हाटेचौरमा प्रहरीले कुटपिट गरे। पीडितको उपचार अस्पतालमा लगेर गरियो। सोही दिन प्रहरीले सयौं जनालाई कुटपिट गरेको थियो।

खोलागाउँ गाविस-९ का २३ वर्षीय गोविन्द पहाडीलाई ०५६ असार १४ गते माओवादीविरुद्ध जासुसी गरेको आरोपमा माओवादीहरूले धारिलो हतियारले कुटपिट गरी घाइते बनाए। उनलाई काठमाडौं लगेर उपचार गरियो।

पुरानो झाँगाझोली गाविस-४ परेवाडाँडाका २९ वर्षीय बुना दाहाल, ३१ वर्षीय विमला दाहाल, ३१ वर्षीय कमला दाहाललाई ०५६ साउन २७ गते बिहान धारामा पानी लिन गएको बेला माओवादी पालेको आरोपमा दंगा प्रहरीले कुटपिट गरी मार्ने धम्कीसमेत दिए।

पुरानो झाँगाझोली गाविस-६ खहरेगाउँका ५२ वर्षीय लीलानाथ दाहाल र उनके छोरा ३० वर्षीय उद्धवराज दाहाललाई माओवादीलाई सघाएको आरोपमा ०५६ भदौ २३ गते दंगा प्रहरीले कुटपिट गरे।

हर्षाही गाविसस्थित रेन्जपोष्टमा कार्यरत् सशस्त्र वन रक्षक तथा वनपाले रामनारायण साह, रामअवतार मण्डल र मीनबहादुर भुजेललाई ०५६ असोज २ गते गस्ती गर्दै जाँदा स्थानीय बासिन्दाहरूको एक जत्थाले कुटपिट गरी घाइते बनाए। हर्षाही गाविस अध्यक्ष रामअवतार अधिकारी (दनुवार) लगायत्का गाउँलेमाथि सार्वजनिक मुद्दा दर्ता गराइएको छ।

भीमखोरी गाविस-९ काभ्रेका ३० वर्षीय ज्ञानेन्द्र रायमाझीलगायत् झागाझोली रातमाटा गाविसका २५ जनालाई ०५६ मंसिर २३ गते र विभिन्न अरू मितिमा माओवादी नियन्त्रण गर्न भनी राखिएका दंगा प्रहरीले खान नदिएको झोकमा कुटपिट गरे।

पुरानो झागाझोली गाविस-४ रामटारका ३० वर्षीय दिनेश भट्टराईलाई ०५६ पुस १६ गते काठमाडौंबाट घरतर्फ जाँदै गर्दा रातमाटा चौकीका प्रहरीले बोलाउँदा नआएको भनी कुटपिट गरे। उनलाई भोलिपल्ट पूर्व गाविस अध्यक्षको जमानीमा रिहा गरियो।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कुशेश्वर गाविस-९ मालांगाका ३५ वर्षीय कृष्णबहादुर विश्वकर्मा, सोही गाविसका अध्यक्ष उद्धव कोइराला, एमाले जिल्ला कमिटी सदस्य कौशल कोइराला, जीतबहादुर परियार, कुशेश्वर गाविस-१ का राजन रायमाझीलाई ०५६ जेठ ३ गते कुशेश्वर दुम्जाको मतदान केन्द्रबाट विनाकारण प्रहरीले गिरफ्तार गरे। सोही ठाउँका रत्नबहादुर पुलामी, मदन मग्राती, गोकुल मग्राती, मानबहादुर मोक्तान, कपिल सुनुवार, शम्भुबहादुर दोङ, अजिरमान घिसिङलगायत् १६ जनालाई मतदान केन्द्रमा सुरक्षा दिन भनी गएका प्रहरीले विनाकारण मतदान केन्द्रमा कुटपिट गरे। उक्त मतदान केन्द्रमा संजमोका प्रतिनिधि विनोद कोइराला र शिव मग्रातीलाई काभ्रे र रामेछापबाट गएका नेपाली कांग्रेसका कार्यकर्ताहरूले फर्जी मत हाल्न नपाएपछि बुथमा नै हातपात गरे। मतदाता फर्काएको भनी सो केन्द्रमा गएका प्रहरी निरीक्षक ईश्वर थापा भन्ने किशोरी यादवले संजमोका प्रतिनिधिलाई पेस्तोल तेर्साएर धम्की दिई मतदान केन्द्रबाट लखेटे। सो मतदान केन्द्रमा आउने मतदाताहरूलाई बिहान ८ बजेदेखि काभ्रे जिल्लाको भीमखोरी गाविसका टीकाराम रायमाझी र अशोक रायमाझीको नेतृत्वमा आएको ३२ जनाको समूहले बाटोमा बसी तर्साएर भगाए। सोही मतदान केन्द्रमा कुशेश्वर माविका ५ जना विद्यार्थीहरूलाई प्रहरीले कुटपिट गर्दा एक जनाको हात भाँचियो।

झागाझोली रातमाटा गाविसको मतदान केन्द्रमा मतदान भइरहेको बेला सशंक प्रधानलाई ०५६ जेठ ३ गते दोहोर्‍याएर मत हाल्न नदिएको झोकमा सरोज ताम्राकारलगायत्का व्यक्तिहरूले ढुंगाले हानी टाउको फुटाइदिए।

यस जिल्लामा केही पत्रपत्रिकामाथि रोक लगाइएको छ। पढ्नका लागि किनेर ल्याएको पत्रिका पनि प्रहरीद्वारा खोसिने गरेको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष देवानी मुद्दा अघिल्लो वर्षबाट सरेर आएकासमेत १ सय ७ थान दर्ता भएकामा ३७ थान फर्स्योट भई ७० थान बाँकी रहे। त्यस्तै फौजदारी दुनियावादीमा ६७ थान मुद्दा दर्ता भएकामा २२ थान फर्स्योट भई ४५ थान मुद्दा बाँकी रहे भने फौजदारी सरकारवादीमा ४३ थान मुद्दा दर्ता भएकोमा ८ थान फर्स्योट भई ३५ थान किनारा लाग्न बाँकी छन्। ४ वर्ष नाघेका २ वटा सरकारवादी मुद्दा अदालतमा विचाराधीन अवस्थामा छन्। २ वर्षअघिका २२ थान र १ वर्षअघिका ४७ थान मुद्दा फर्स्योट हुन बाँकी रहेको छ।

यस वर्ष जिल्ला प्रशासन कार्यालयमा जिम्मेवारी सरेर आएकासमेत हातहतियार स्वरस्वजानामा १५ थान र केही सार्वजनिक अपराधमा १२ थान मुद्दा दर्ता भए। जसमा सार्वजनिक अपराधका ७ वटा र हातहतियार स्वरस्वजानाका ४ वटा गरी जम्मा ११ थान मुद्दा फैसला भए। यस कार्यालयमा ३ वर्षअघिदेखिका मुद्दा पनि फैसला हुन बाँकी रहेको छ। मालपोत कार्यालयमा यस वर्ष विभिन्न शीर्षकमा २ सय ६२ थान मुद्दा दर्ता भएकोमा २ सय १० थान फैसला भएको छ। त्यसैगरी जिल्ला प्रशासन कार्यालयमा अघिल्लो वर्षका जिम्मेवारी सरेर आएकासमेत १३ प्रकारका ५८ थान मुद्दा दर्ता भएकोमा ३३ थान मात्र फर्स्यौट हुन सक्यो। जिल्ला वन कार्यालयमा ०५० सालदेखि सरेर आएका १८ मुद्दा र यस वर्षको १ समेत १९ मुद्दा भएकोमा कुनै पनि मुद्दा फर्स्यौट हुन सकेनन्। भूमिसुधार कार्यालयमा गत वर्षको जिम्मेवारी सरेर आएका १४ समेत २१ थान मुद्दा दर्ता भएकोमा ४ थान मात्र फर्स्यौट हुन सक्यो।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

कमलाखोज क्षेत्रका गाविसहरू हर्षाही, टाडी, सिर्थौली, रानीबासलगायत्का गाउँहरूमा ०२५ सालदेखि बसोबास गर्दै आएका सुकुम्बासीहरूलाई ०५६ भदौ १५ देखि १९ गतेसम्म वन कार्यालय र प्रहरीले अभद्र व्यवहार गर्दै उनीहरूको २ सय १३ घरमा आगो लगाइदिए। बाँकी ५ सय ४४ घर तुरुन्तै भत्काउने आदेश पनि उनीहरूले दिए। पीडितहरूलाई सिन्धुली रेडक्रसले राहत सामाग्री वितरण गरेको थियो।

यस जिल्लाको हर्षाही गाविसका ४ सय २५ घर, सिर्थौली गाविसका ७५ घर, टाडी गाविसका १ सय ५० घर र रानीवास गाविसका १ सय ७ घरहरू अहिले घरविहीन अवस्थामा छन्। मरिण र कमला खोलाले जमिन कटान गरेकाले धेरै घरपरिवार सुकुम्बासी बन्न बाध्य भएका छन्। ०५५ पुस २७ र २८ गते कमलामाई नपाको वडा नं. १६ र १७ मा ३ सय ५० थान लालपूर्जा वितरण गरिएको थियो। ०५५ माघ १ गते सुकुम्बासी आयोग विघटन भएकाले पूर्जा बाँडिने क्रम रोकियो।

यस जिल्लामा ४ हजार ९ सय २४ जनाले असहाय, वृद्ध भत्ता पाएका छन्। दलित छात्रवृत्ति ८ सय ८०, महिला छात्रवृत्ति ६ सय, स्थानीय छात्रवृत्ति १ सय ९२, जेहेन्दार छात्रवृत्ति ४८ र उत्पीडित उपेक्षित छात्रवृत्ति ४ जनाले जिल्ला शिक्षा समितिमार्फत् पाएका छन्।

महिला अधिकार

निपाने गाविस-३ कालापानीकी १७ वर्षीय एक युवतीलाई ०५६ असार ३१ गते घाँस काट्न गएको बेला दोर्पा गाविस-५ खोटाङका २६ वर्षीय रवीन्द्र विश्वकर्माले बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा ०५६ साउन २७ गते अदालतले साधारण तारेखमा छाड्ने आदेश दियो।

यस वर्ष यो जिल्लामा एक जनाले बहुविवाह गरेको जानकारीमा आयो। पारिवारिक हिंसाको एक घटनामा एक महिला आफ्नै बुहारीहरूद्वारा पीडित भइन्।

सरकारी तवरबाट आगो लगाइएको सिर्थौली गाविसको सुकुम्बासी बस्ती

कमलामाइ नपा-७ का वडाध्यक्ष विनाद खड्काल ०५६ असार ५ गते वितिजोर गाविसकी १९ वर्षीय शारदा कार्कीसँग दोस्रो विवाह गरे। उनीहरूबीच अवैध यौन सम्बन्ध रहँदै आएकोमा शारदा गर्भवती भएपछि विनोदले उनलाई स्वीकारेका थिए। नेकपा (एमाले) नगर कमिटीका अध्यक्षसमेत रहेका उनलाई पार्टीले ३ वर्षका लागि कारबाही गरेको छ। अवैध सम्बन्धका कारण उनलाई स्वीकार्न बाध्य भएका विनोदले ०५६ मंसिर १५ गते घरबाटै शारदालाई निकालिदिएका छन्। पीडित अहिले अर्काको घरमा शरण लिएर बसेकी छिन्।

कमलामाई नपा-९ की ६७ वर्षीय नन्दकुमारी अधिकारीलाई ०५५ चैत २२ गते आफ्नै दुई बुहारीहरूले बोक्सीको आरोपमा गालीगलौज गरे। बुहारीको बाख्रो मरेकामा सासूले बोक्सी मन्त्र लगाएर मारी भनी उनीहरूले गालीगलौज गरेका थिए।

कमलामाई नपा-५ साङ्वालेका लक्ष्मण सार्कीकी पत्नी ४० वर्षीय मिठू सार्कीलाई ०५६ जेठ २१ गते सोही नपा ढकालगाउँका रामु दाहालले काठमाडौं जाउँ भनी फकाएर लगी मार्ने उद्देश्यले भीरबाट खसालिदिए। उनीहरूबीच अवैध यौन सम्बन्ध रहेको र अहिले मिठू गर्भवती भएकाले पीडकले त्यसो गरेका थिए। मुद्दा नै दर्ता नभएका कारण पीडकलाई कुनै कारबाही भएन।

बालअधिकार (बालबालिकाउपरको अत्याचार)

जलकन्या गाविस-५ का २ बालिका र २ बालकलाई ०५६ जेठ ३० गते काठमाडौं कपन गाविस-३ का ३४ वर्षीय सानुकुमार श्रेष्ठले काठमाडौं हेर्न जाउँ भनी फकाएर अपहरण गर्ने प्रयास गरे। पीडकलाई सोही दिन गिरफ्तार गरी भोलिपल्ट रिहा गरियो।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

पुरानो झाँगाझोली गाविस-६ नागेडाँडाका २० वर्षीय निताइ भन्ने कृष्णबहादुर रम्तेल र सोही ठाउँकी १६ वर्षीय विमला सापकोटाले ०५६ असोज १७ गते अन्तरजातीय विवाह गरे। तल्लो जातिसँग विवाह गरेको भनी विमलालाई गाउँलेहरूले

बहिष्कार गरे भने रम्नेललाई गाउँ छाडेर जान धम्की दिए। उनीहरू दुवै जना गाउँ छाडेर जान बाध्य भए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

संयुक्त जनमोर्चा नेपालका रामकुमार पौडेल, मालेका कमलजंग राई, राजमोका ढकप्रसाद देवकोटा र मार्क्सवादीका कमलप्रसाद घिमिरेले ०५५ पुस ३० गते संयुक्तरूपमा एक प्रेस विज्ञप्ति प्रकाशित गरी माओवादी नियन्त्रण गर्ने बहानामा सर्वसाधारण तथा आत्मसमर्पण गरेर बसेकाहरूमाथि गरिएको हत्या, गिरफ्तारी, यातना आदिको विरोध गर्दै उक्त समस्या समाधानका लागि राजनीतिक उपाय खोज्न माग गरे।

नेकपा माले, जनकपुर अंचल व्युरोले ०५५ माघ १० गते एक प्रेस विज्ञप्ति प्रकाशित गरी जिल्ला विकास समितिका सभापति रमेश कार्कीलाई प्रहरीले गिरफ्तार गरेकोमा विरोध र भर्त्सना गर्‍यो।

नेकपा एमालेले ०५६ भदौ २१ गते एक प्रेस विज्ञप्ति प्रकाशित गरी सरकारले ०२७ सालदेखि बसोबास गर्दै आएका सिर्थौली, हर्षाही र टाडी गाविसका सुकुम्बासी बस्तीहरूमा आगो लगाई ८ हजार जनतालाई उठिबास लगाएकोमा उक्त कार्यप्रति घृणा र भर्त्सना गर्दै विस्थापित परिवारलाई क्षतिपूर्तिको माग गर्‍यो।

तीनकन्या गाविसका नेका कार्यकर्ता तेजबहादुर भुजेलला ई माओवादीहरूले हत्या गरेकोमा घोर निन्दा गर्दै नेपाल तरुण दल र नेपाली कांग्रेस सिन्धुलीले ०५६ भदौ १ गते छुट्टाछुट्टै विज्ञप्ति प्रकाशित गरे।

अतिरिक्त जानकारीहरु

भीमेश्वर गाविस-४ भोटेछापका माओवादी कार्यकर्ताहरू २२ वर्षीय सुभाष राई र पुरानो भ्ाँगाभोली गाविस-६ नागेडाँडाका २४ वर्षीय देवीप्रसाद दाहालको ०५६ वैशाख १६ गते महादेवस्थान गाविसमा एम्बुसमा परी मृत्यु भयो। उनीहरू प्रहरीलाई मार्न भनेर एम्बुस राख्दै गर्दा उक्त दुर्घटना भएको थियो। उनीहरूको लास माओवादीहरूले नै लगेका थिए।

यस वर्ष यो जिल्लामा ११ जना महिला र ३ जना पुरूष गरी जम्मा १४ जनाले आत्महत्या गरे। कुटपिटका २ वटा घटना भए। खोलाले बगाएर २ जना र पोखरीमा डुबेर एक जनाको मृत्यु भयो। ठगीको एउटा घटना जानकारीमा आयो भने आगलागीबाट २ घर नष्ट भए। रूखले किचेर १ जनाको मृत्यु भयो।

२.५ रामेछाप



जनसंख्या	: १८८०६४
साक्षरता प्रतिशत	: २९.५
महिला साक्षरता प्रतिशत	: १२.७
क्षेत्रफल (वर्ग किमी)	: १५४६
गाविस/नपा संख्या	: ५५/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३९८
क्याम्पस/उच्च मावि	: ०/५
अस्पताल/ स्वास्थ्य चौकी	: १/५४
टेलिफोन लाइन	: ४३
मोटर सडक (किमी)	: २
प्रहरी कार्यालय संख्या	: १८
हुलाक संख्या	: ५५

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

बेताली गाविस-३ का रमेश बस्नेतको घरमा काम गर्ने २१ वर्षीय कुमार तामाङ ०५५ चैत ९ गते सोही घरमा भएको विष्फोटनमा परी घाइते भए। उनले ढोकाको छेउमा नयाँ वस्तु देखेर समाउँदा उक्त बम विष्फोट हुन गई बायाँ हातका ३ वटा औंला चुँडिनुका साथै शरीरका अन्य भागमा पनि चोट लाग्यो। उक्त बम माओवादीले राखेका आशंका गरिएको छ।

लखनपुर गाविस-२ का ६६ वर्षीय हरिप्रसाद गौतमलाई ०५६ वैशाख २८ गते माओवादीहरूले गोली हानी मरणासन्न बनाए। पीडितलाई ३ वटा गोली लागेपछि उनकी पत्नी र छोरालाई पनि कुटपिट गरेका थिए। माओवादीहरूले यसअघि ०५५ पुस २० गते पनि पीडितहरूको घरमा जिलेटिन विष्फोट गराएका थिए।

निल्पुङ गाविस-८ का ६५ वर्षीय भुवनसिंह बोहोराको घरमा ०५६ जेठ १२ गते माओवादीहरू लुकेको थाहा पाएपछि प्रहरीले १८ राउण्ड गोली प्रहार गरे। माओवादीहरू सुरक्षित तवरबाट भाग्न सफल भए। प्रहरीले छापा मार्दा भरूवा बन्दूक २ थान, कटुवा पेस्तोल १ थान, हातेबम २ थान र अन्य हतियार फेला परे।

पुराना गाउँ गाविस-६ का ३८ वर्षीय हरि भन्ने टुनाराम गिरी र ४२ वर्षीय इन्दुलाल गिरीलाई ०५६ असार २९ गते टुनारामको घरमा बसिरहेका बेला अज्ञात व्यक्तिहरूले गोली हानेकामा टुनारामको कोखो छेडी इन्द्रको गोडासमेत गोलीले छेड्यो। पीडकहरू माओवादी भएको शंका गरिएको छ।

पुराना गाउँ गाविस-६ का हरि भन्ने ३८ वर्षीय टुनाराज गिरी र ४२ वर्षीय इन्दुलाललाई ०५६ असार २९ गते माओवादीहरूले गोली प्रहार घाइते बनाए। गोलीले टुनाराजको कोख नै छेडिएको थियो।

यस जिल्लामा यो वर्ष व्यक्तिगत कारणले भएका ३ घटनामा २ महिलासहित ३ जनाको हत्या भयो। जसमध्ये -

पकरबास गाविस-९ की २१ वर्षीय सीता कार्कीलाई ०५६ साउन १८ गते आफ्नै सासु हिरामाया कार्कीले घरमै कुटपिट गरेर हत्या गरिन्। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

०३१ सालमा निर्माण गरिएको रामेछाप जेल २५ जना बन्दी अट्न सक्ने क्षमताको जेल हो। यस जेलमा अहिले १ महिला थुनुवाका रूपमा तथा ४ महिला बन्दीका रूपमा छन् भने थुनुवातर्फ ६ जना पुरूष र बन्दीतर्फ ९ जना पुरूष रहेका छन्। २ वटा महिला कक्ष र एउटा पुरूष कक्ष रहेको जेलमा कम्पाउण्ड भने एउटै छ। महिलाहरूलाई २४ मध्ये २ घन्टा मात्र कम्पाउण्डमा निस्किन दिइन्छ। बाँकी २२ घन्टा उनीहरू साँघुरो कोठामा नै थुनिएर बस्न बाध्य हुन्छन्। जेल र अदालत रहेको स्थानबीचको दूरी ४ कोष भएकाले अदालत हाजिर हुन जानुपर्दा निकै कठिनाई हुने गरेको गुनासो पीडितहरूको छ।

यस जेलका २१ जना थुनुवा तथा बन्दी पुरूषहरूले ०५५ चैत २ देखि ४ गतेसम्म स्तरीय चामल उपलब्ध गराइनुपर्ने, पुस्तकालयको व्यवस्थालगायत्का ७ सूत्रीय माग राखी आमरण अनसन बसे। प्रजिअले मागहरू पूरा गर्ने आश्वासन दिएपछि अनसन तोडिएको थियो।

गिरफ्तारी र यातना



विष्णुप्रसाद गौतम

लखनपुर गाविसस्थित कालिका प्रस्तावित माविका प्रधानाध्यापक ४० वर्षीय विष्णुप्रसाद गौतमलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५५ पुस २१ गते प्रहरीले विद्यालयबाटै गिरफ्तार गरी अभद्र व्यवहार गरेर भोलिपल्ट रिहा गरे।

लखनपुर गाविस-२ मा पसल गरी बस्ने २८ वर्षीय टीकाप्रसाद गौतम र सोही ठाउँका ४५ वर्षीय लोकनाथ गौतम तथा ३० वर्षीय केदार बस्नेतलाई माओवादीलाई सघाएको आरोपमा ०५५ पुस २१ गते प्रहरीले गिरफ्तार गरी कुटपिट गरी भोलिपल्ट रिहा गरे। कुटपिटका कारण टीकाप्रसादको दाहिने हात भाँच्चियो।

जिल्ला अदालत रामेछापमा कार्यरत् भई मन्थली बजारमा होटलसमेत चलाइ बस्ने ३५ वर्षीय मेघबहादुर कटुवाललाई ०५५ चैत ९ गते होटल ढिलोसम्म खोलेको आरोपमा खाना खाइरहेको बेला प्रहरीले लछारपछार गरी गिरफ्तार गरे। उनकी पत्नीलाई पनि प्रहरीले जथाभावी गाली गरेका थिए। पीडितलाई भोलिपल्ट रिहा गरे।

टोकरपुर गाविस-२ का १९ वर्षीय रमेश पाठकलाई नेपाली कांग्रेसको विपक्षमा रहेको आरोपमा ०५६ वैशाख १७ गते इलाका प्रहरी कार्यालयका हवल्दार मिनबहादुर चित्रकारले गिरफ्तार गरे। उनलाई भोलिपल्ट रिहा गरियो।



रामेछाप कारागार र बन्दीहरू

तिल्पुङ गाविसका अध्यक्ष ४० वर्षीय सम्बरबहादुर बोहोरालाई माओवादीको संरक्षण गरेको आरोपमा ०५६ जेठ १३ गते प्रहरीले गिरफ्तार गरी १७ गते रिहा गरे।

सुनारपानी गाविसका पूर्व गाविस अध्यक्ष एवं नेकपा (माले) का जिल्ला कमिटी सदस्य रामबहादुर कार्कीलाई ०५६ जेठ २४ गते प्रमुख जिल्ला अधिकारी शंकरप्रसाद कोइरालासँग भनाभन गरेका कारण जनाई प्रहरीले गिरफ्तार गरेकोमा सोही दिन बेलुकी रिहा गरियो।

मन्थली गाविस-५ का १७ वर्षीय गोविन्द श्रेष्ठलाई ०५६ जेठ ३० गते रक्सी माग्दा नदिएको आरोपमा जिप्रका मन्थलीका प्रहरी यज्ञ केसीले गिरफ्तार गरे। सो गिरफ्तारीको विरोध गर्दा १८ वर्षीय कुमार श्रेष्ठलगायत्का अन्य तीन जनालाई पनि प्रहरीले असार १ गते गिरफ्तार गरे। उनीहरूलाई कागज गराइ रिहा गरिएको थियो।

दिमीपोखरी गाविस-१ आलमपुरका ३० वर्षीय नन्दलाल थापालाई प्रहरीको बन्दूक खोस्न आएको आरोपमा ०५६ साउन १५ गते प्रहरीले गिरफ्तार गरी कुटपिट गरेर भोलिपल्ट रिहा गरे।

टोकरपुर गाविस-८ की ३५ वर्षीय भीमकुमारी कँडेललाई ०५६ भदौ २५ गते प्रहरीले गिरफ्तार गरी रातको ९ बजे रिहा गरे।

टोकरपुर गाविस-६ का २० वर्षीय सूर्यबहादुर थापा मगरलगायत्का १७ जनालाई ०५६ कात्तिक २८ गते प्रगतिशील युवा क्लबको बैठकमा सहभागी भएर फर्कँदै गर्दा प्रहरीले गिरफ्तार गरी माओवादी भनेर ज्यानमार्ने धम्की दियो। उनीहरूलाई भोलिपल्ट रिहा गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

बेताली गाविस घर भई साना उद्योग विकास समिति मन्थलीमा सहायक प्रशिक्षिकाको रूपमा कार्यरत् २२ वर्षीय विष्णुमायाँ बस्नेतलाई माओवादी भएको आरोपमा ०५५ माघ २२ गते प्रहरीले अश्लील गाली गरी ज्यानमार्ने धम्की दिए।

टोकरपुरमा कार्यरत् रौतहटका प्रहरी जवान २२ वर्षीय सोमनाथलाई ०५५ माघ २८ गते टोकरपुर गाविस-८ का २१ वर्षीय मेघबहादुर थापा मगरले विना कारण कुटपिट गरे। पीडकलाई धरौटीमा छाडिएको छ।

लखनपुर गाविस-१ का ६० वर्षीय झम्कप्रसाद गौतमलाई ०५५ चैत १० गते गोठमा सुतिरहेको बेला माओवादीहरूले चौंरी खोलामा लगी मरणासन्न हुने गरी कुटपिट गरे। पीडकहरूले

कुटपिटबाट घाइते जिविस सदस्य जगनाथ दाहाल

झम्कप्रसादका छोरा-बुहारी सुतेको घरमा बाहिरबाट ताला पनि लगाइदिएका थिए।

चिसापानी गाविसका शिक्षक ३८ वर्षीय भोला श्रेष्ठ र ३२ वर्षीय भक्तबहादुर श्रेष्ठलाई ०५५ चैत २३ गते राजनीतिक विवाद हुँदा कमल चौलागाईंले नेतृत्व गरेको एक समूहले कुटपिट गरे।

टोकरपुर गाविस-२ की ३२ वर्षीय शान्ता विश्वकर्मालाई ०५६ वैशाख १७ गते आफूले भनेको पार्टीलाई समर्थन नगरेको आरोपमा इलाका प्रहरी कार्यालयका प्रहरी हवल्दार मिनबहादुर चित्रकारले चुल्हामा समातेर लाठी प्रहार गर्नुका साथै घर बमले उडाइदिने धम्की पनि दिए।

रामेछाप जिविसका सदस्य ३५ वर्षीय जगनाथ दाहाललाई ०५६ वैशाख १८ गते बिजुलीकोट गाविसको भृंगेश्वर निमावि नजिकै सुवास महतलगायत्का व्यक्तिहरूले राजनीतिक पूर्वाग्रहका कारण कुटपिट गरी २५ हजार रूपैयाँ लुटे। पीडितले जिल्ला अदालतमा हालेको मुद्दा विचाराधीन छ।

रामेछाप गाविस-३ का नेकाँका कार्यकर्ता ओमश्री न्यौपाने, मोहनबहादुर कार्की र ज्योति घिमिरे ०५६ वैशाख २० गते नेकपा (एमाले) र नेपाली कांग्रेसका कार्यकर्ताहरूबीच झडप हुँदा घाइते भए।

खनियापानी गाविसस्थित बाल प्रस्तावित माध्यमिक विद्यालयका शिक्षक २२ वर्षीय नारायणप्रसाद प्याकुरेललाई ०५६ वैशाख २१ गते राजनीतिक प्रतिशोधका कारण सोही गाविसका ३० वर्षीय रोजबहादुर योञ्जनलगायत्का व्यक्तिहरूले विद्यालयका प्रधानाध्यापक दीर्घबहादुर श्रेष्ठसमेतको मिलेमतोमा विद्यालयभित्रै कुटपिट गरे। दीर्घबहादुरलाई कागज गराएर रिहा गरियो भने अन्य फरार छन्।

गेलु गाविस-८ का पूर्व सैनिक ६० वर्षीय शेरगम्भीरमान सिंह अधिकारीको घरमा ०५६ जेठ ११ गते केही अज्ञात व्यक्तिहरूले धम्की दिई भरूवा बन्दूक एक र तरवार एक थान लुटेर लगे। पीडकहरू माओवादी भएको अनुमान गरिएको छ।



कुटपिटबाट पीडित नारायण प्याकुरेल

स्विम्ति गाविस-१ स्थित नेपाल बैंक लिमिटेडका मेनेजर ३५ वर्षीय गोपाल गर्तौला र बैंकका गार्डहरूलाई ०५६ जेठ २१ गते माओवादीहरूले बन्धक बनाइ धम्क्याएर करिब साडे १६ लाख रूपैयाँ नगद र करिब १७ लाख बराबरको सुनचाँदी, ३ थान राइफल, १ सय ५० थान गोलीसमेत लुटेर लगे।

वाम्ती गाविस-५ का ६० वर्षीय नोर्बु शेपालाई ०५६ असार १४ गते आफूलाई माओवादी बताउने ८/१० जनाले डर त्रास देखाई हातपातसमेत गरी १२ हजार रूपैयाँ, ४ किलो चाँदी र २ थान लालपूर्जा लुटेर लगे।

टोकरपुर गाविसका अध्यक्ष ३५ वर्षीय पूर्णबहादुर थापा मगरलाई ०५६ कात्तिक २८ गते प्रहरीले गिरफ्तार गरी लगेका व्यक्तिका बारेमा बुझ्न जाँदा माओवादीको आरोप लगाइ प्रहरीले मार्ने धम्की दियो।

टोकरपुर गाविस-६ का सूर्यबहादुर थापा मगरलाई ०५६ कात्तिक २८ गते सोही ठाउँका २१ वर्षीय सानु थापा मगरलगायत्का व्यक्तिहरूले राजनीतिक पूर्वाग्रहका कारण कुटपिट गरी टाउको फोरिदिए। प्रहरीले पीडकलाई कारबाही नगरी पीडितलाई नै गिरफ्तार गरी कागज गराइ रिहा गरे।

वाम्ती गाविस-६ का हिक्मतबहादुर कार्कीलाई ०५६ मंसिर २७ गते ८ जना नकावधारीहरू घरमा गई मार्ने धम्की देखाई ५० हजार रूपैयाँ नगद, १० तोला सुन तथा ३ तोला चाँदीका गहना र ४ थान खुकुरी लुटेर लगे।

बेपत्ता पारिएको

प्रिति गाविस-९ का पदमबहादुर सार्कीलाई ०५६ कात्तिक ८ गते प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे। दाजु लीलाबहादुर र पदमलाई सँगै गिरफ्तार गरिएकोमा सोही गाविसको वनचरे भन्ने जंगलमा पुगेपछि लीलालाई केही प्रहरीले अगाडि लगी पदमलाई केही प्रहरीका साथ पछाडि नै छाडिएको थियो। लीलालाई भोलिपल्ट रिहा गरियो तर पदमलाई भने भाग्यो भनेर प्रहरीले बेपत्ता पारे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मन्थलीमा होटल गरी बस्ने २५ वर्षीय शम्भुकुमार पौडेललाई ०५५ फागुन २८ गते डडुवा गाउँ विकास समितिका उपाध्यक्ष प्रेमकुमार लामालगायत्का २० जना जति राजनीतिक पार्टीका कार्यकर्ताहरूले आफ्नो समर्थन नगरेको आरोपमा धम्क्याई होटल तोडफोडसमेत गरे। पीडकहरूमध्ये केहीलाई गिरफ्तार गरी ३ हजार रूपैयाँ क्षतिपूर्ति दिलाएर भोलिपल्ट रिहा गरियो।

टोकरपुर गाविस-९ गाल्पामा भएको नेकपा (माले) को आमसभामा भाग लिएर फर्केका ५५ वर्षीय मोहनकुमार नगरकोटीसमेतका २७ जनालाई आमसभा सुन्न गएको आरोपमा ०५६ वैशाख १६ गते प्रहरीले डोरीले बाँधी यातना दिए। उनीहरूलाई भोलिपल्ट छाडिएको थियो।

नेकपा (माले) का केन्द्रीय सदस्य कमलप्रसाद चौलागाईं ०५६ वैशाख १७ गते चुनावी प्रचारको क्रममा टोकरपुरबाट गौश्वार जान लाग्दा बाटोमा विपक्षीहरूले ढुंगा प्रहार गरे।

कुमुकास्थली गाविसका अध्यक्ष ३३ वर्षीय चित्रबहादुर कार्कीलाई ०५६ वैशाख २० गते लीलाधर सुनुवारको नेतृत्वमा नेकाँ पक्षधरहरूले घेराबन्दी गरी मतदान गर्नबाट वञ्चित गराए।


चित्रबहादुर कार्की

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यहाँको जिल्ला अदालतमा २ सय ३५ थान मुद्दा दर्ता भए। जसमा सरकारवादी फौजदारी मुद्दा १३ थान, दुनियावादी फौजदारी १ सय १९, संक्षिप्त फौजदारी १९ थान, देवानी ८३ र संक्षिप्त देवानी १ थान रहेका छन्। यस वर्ष अदालतबाट १ सय ८० थान मुद्दा फर्स्यौट भए। अदालतमा १ वर्ष नाघेका सरकारवादी मुद्दा ६ थान, फौजदारी २० थान, संक्षिप्त फौजदारी १ र देवानी मुद्दा २५ थान रहेका छन्। त्यस्तै २ वर्ष नाघेको १ मुद्दा अदालतले बोलाएको बेला पीडित महिला उपस्थित नभएकाले छिनिन सकेको छैन।

सरुवा, घटुवा र पक्षपात आदि

खनियापानी गाविसस्थित बाल प्रस्तावित माविमा कार्यरत् शिक्षकहरू २४ वर्षीय जयकुमार साह र २५ वर्षीय परमेश्वर साहलाई ०५६ जेठ १७ गते बसेको विद्यालय संचालक समितिको बैठकले राजनीतिक दूरासय राखी अवकाश दिने निर्णय गर्‍यो। उक्त बैठकले अस्थायी कोटाअन्तर्गत कार्यरत् शिक्षक २२ वर्षीय नारायणप्रसाद प्याकुरेललाई म्याद थप नगर्न जिल्ला शिक्षा कार्यालयमा सिफारिस पनि गर्‍यो।

महिला अधिकार

गेलु गाविस-१ की १८ वर्षीय एक महिलालाई ०५५ फागुन २५ गते देवीटार बजारबाट फर्किरहेको बेला सोही गाविसका २५ वर्षीय गणेशबहादुर बुढाथोकीले ख्विम्ति गाविसमा पर्ने अम्बास भन्ने ठाउँमा बलात्कार गर्ने प्रयास गरे।

भलुवाजोर गाविस-१ की ५ वर्षीय एक बालिकालाई ०५६ असोज २१ गते सोही ठाउँका १५ वर्षीय चिरन्जीवी घिमिरेले मोही खान आउ दिन्छु भनेर घरमा बोलाइ बलात्कार गरे। पीडक फरार छ।

यस वर्ष यो जिल्लामा बहुविवाहका ४ वटा घटना भए। महिला भएकै कारणले दिइने अमानवीय व्यवहारका ३ घटनामा ३ महिला पीडित भए। जसमध्ये –

मन्थली गाविस-४ स्थित मन्थली भज्ज्याङमा होटल गरी बस्ने १६ वर्षीय भगवती केसीलाई ०५६ असार १३ गते राति सुतिरहेको बेला प्रहरी जवान राजन राईले ढोका खोल्न भनेकोमा उनले नखोलेपछि गाली गरी धम्की दिए। पीडकलाई कुनै कारबाही भएन।

बालअधिकार (बालबालिकाउपरको अत्याचार)

गेलु गाविस-५ स्थित शारदा प्रस्तावित माविमा ५ कक्षामा अध्ययनरत् १० वर्षीय महेश्वर चौहानलाई शिक्षकलाई गाली गरेको आरोपमा ०५६ जेठ १९ गते प्रधानाध्यापक लक्ष्मीश्वर मण्डल र शिक्षकहरू श्यामनन्दन साह तथा शेरबहादुर केसीले दराजमा थुन्ने, हात गोडा बाँधेर कुट्ने जस्ता यातना दिए। पीडकलाई शिक्षा कार्यालयले स्पष्टीकरण लियो।

मानव अधिकारसम्बन्धी अन्य सवालहरु

दासत्व, कमैया, बाँधा र हलिया आदि

सुकाजोर गाविसस्थित विर्तार्टारका हायूहरूलाई त्यहाँका मालिकहरूले बाँधा मजदूरसरह काम लगाउने गरेका छन्। उनीहरूलाई घर बनाएर बस्न सानो टुक्रा जग्गा दिइएको हुन्छ। उनीहरू साहूको जमिन कमाउँछन् र बाली बुझाउँछन्। यो उनीहरूको पुस्तौंदेखि चलिआएको परम्परा भइसकेको छ। यहाँ हलिया प्रथा पनि यथावत् छ।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

नामाडी गाविसका २५ वर्षीय रामबहादुर कार्कीलाई लाटो भएको भनी चालू शैक्षिक सत्रमा भर्नुपर्ने एसएलसी रजिष्ट्रेसन फाराम, १ कक्षादेखि अध्ययन गर्दै आएको विद्यालय कमलादेवी

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	१	२	३				
बम प्रहारबाट घाइते	१	१		१				
बम प्रहार	२							
गोलीद्वारा घाइते/हवाइ फायर	२	३		३	१			
जेल					१			
गिरफ्तारी र यातना					१३	३६	३	३९
कुटपिट	१४	१८	३	२१				
धम्की	७	७		७	३	२	२	४
बेपत्ता पारिएको					१	१		१
भेला र संगठित हुने अधिकार	१	१		१				
स्वतन्त्र र निष्पक्ष चुनाव	१	१		१				
सरूवा/घटुवा/पक्षपात आदि	१	१		१				
बलात्कार	१		१	१				
बलात्कार प्रयास	१		१	१				
बहुविवाह	४		४	४				
महिला भएकै कारण यातना	२		२	२	१		१	१
बाल अधिकार	१	१		१				
अमानवीय व्यवहार	१	२		२				
जम्मा	४२	३६	१३	४९	२०	३९	६	४५
आत्महत्या	६	३	३	६				
दुर्घटनाहरू/विपत्तिहरू	१	१		१				

माविले भरिदिएन। जसले गर्दा उनी एसएलसी परीक्षा दिनबाट वञ्चित भए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

मन्थलीका होटल व्यवसायीहरूले आठ बजेपछि होटल खोल्नेहरूलाई प्रहरीले दुर्व्यवहार गरेको विरोधमा ०५५ चैत १ गते बजार बन्द कार्यक्रमको आयोजना गरे।

नेकपा (एमाले) रामेछापले ०५६ वैशाख २१ गते एक विज्ञप्ति प्रकाशित गरी आमनिर्वाचनको क्रममा सो पार्टीका जिल्ला कमिटी सदस्य एवं जिविस सदस्य जगनाथ दाहाललगायत्का व्यक्तिहरूमाथि नेपाली कांग्रेसका कार्यकर्ताहरूले गरेको अमानवीय कार्यको भर्त्सना गऱ्यो। आइन्दा यस्तो कार्य नदोहोऱ्याउन पनि सो पार्टीले आग्रह गऱ्यो।

भीमेश्वर रूद्र मावि चिसापानीका ३ सय ७१ जना विद्यार्थीले ०५६ भदौ ७ गते पठनपाठनमा प्रतिकूल असर पर्ने गरी प्रधानाध्यापक वसिर मोहसिनलाई सरूवा गरेको विरोधमा जिल्ला शिक्षा कार्यालयमा विरोधपत्र दिए। उनीहरूले अन्य विरोधका कार्यक्रम पनि संचालन गरेका थिए।

अतिरिक्त जानकारीहरु

मन्थलीस्थित मालपोत कार्यालयको पेटीमा ०५६ असोज ५ गतेतिर अज्ञात व्यक्तिहरूले छाडेर गएको पाइप बम राति १२.३० बजेतिर विष्फोट भयो। उक्त स्थानमा माओवादी समर्थक पर्चाहरू पनि फेला परेका थिए।

यस वर्ष व्यक्तिगतरूपमा भएका ४ वटा कुटपिटका घटनाहरू जानकारीमा आए। जसमा एक महिलासहित ५ जना पीडित भए। यस वर्ष यस जिल्लामा दुर्घटनामा परी १ नागरिकको मृत्यु भयो भने ३ जना महिला र ३ पुरूषले आत्महत्या गरेको जानकारीमा आयो।

२.६ दोलखा



जनसंख्या	: १७३८३६
साक्षरता प्रतिशत	: ३७.८
महिला साक्षरता प्रतिशत	: २१.५
क्षेत्रफल (वर्ग किमी)	: २१९१
गाविस/नपा संख्या	: ५१/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३५८
क्याम्पस/उच्च मावि	: १/२
अस्पताल/ स्वास्थ्य चौकी	: २/४९
टेलिफोन लाइन	: १७८
मोटर सडक (किमी)	: १०९
प्रहरी कार्यालय संख्या	: १७
हुलाक संख्या	: ५२

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

फस्कु गाविस-४ का ४३ वर्षीय भरत भन्ने चक्रबहादुर बुढाथोकीलाई ०५५ माघ १ गते राति घरभित्र खाना बनाइरहेको बेला २०-२२ जना माओवादीहरूले बाहिर बोलाई खुकुरी प्रहार गरी हत्या गरे।

भीमेश्वर नपा-३ का हिमाल हाइड्रोका चौकिदार मित्रमान तामाङलाई ०५६ भदौ २६ गते ड्युटीमा बसिरहेको अवस्थामा माओवादीहरूले उक्त स्थानबाट ३ घण्टा टाढा पवटी गाविसको दियालो खर्कको जंगलमा पुऱ्याइ रूखमा झुण्ड्याएर हत्या गरे।

मेलुङ गाविसस्थित राष्ट्रिय वाणिज्य बैंकको शाखा कार्यालयमा प्रहरी पुष्पराज न्यौपाने र २ जना माओवादीहरूको ०५६ मंसिर १५ गते दोहोरो भिडन्त हुँदा गोली लागी मृत्यु भयो। उक्त कार्यालय र प्रहरी चौकीमा करिव ४ सय जना माओवादीहरूले आक्रमण गर्दा उक्त भिडन्त भएको थियो।

यस जिल्लामा यो वर्ष व्यक्तिगत कारणले भएका ६ घटनामा ५ जना पुरूष र १ महिलाको हत्या भयो। जसमध्ये -

श्यामा गाविस-४ की ६२ वर्षीय पासाङ्लामु शेर्पालाई ०५६ जेठ २६ गते आफूलाई बोक्सो भनेको आरोपमा जिरी गाविस-९ का २४ वर्षीय शिवबहादुर खत्रीले घाँटीमा खुकुरी प्रहार गरी हत्या गरे। पीडकलाई गिरफ्तार गरियो।

जेल र बन्दीहरु

१९६५ सालमा निर्माण भएको दोलखा जेलमा ३८ जना पुरूष र २ जना महिलासहित ४० जना रहेका छन्। जसमा मुद्दा फैसला भएका १८ जना पुरूष र १ जना महिला तथा थुनुवामा २० जना पुरूष र १ जना महिला रहेका छन्। टिनको छाना र ढुंगा माटोको गाह्रो भएको यो जेलमा पानी पर्दा सबै पानी भित्रै छिर्ने गर्छ। यसैले जेलभित्र सधैं ढुसी परिरहन्छ र सधैं गन्ध आइरहनु यस जेलको विशेषता हो। कोठा चार फिटभन्दा कम चौडाइका भएका कारण खुट्टा पसारेर कोही पनि सुत्न सक्दैन। भवन सम्पूर्णरूपमा चर्किएका कारण कुनै पनि बेला भत्कन सक्ने डरले बन्दीहरू जतिसुकै बेला पनि त्रस्त रहने गरेका छन्। जेल प्रांगण सानो भएकाले उद्योग व्यवसाय गर्न चाहनेलाई सो अवसर उपलब्ध हुन नसकेको गुनासो बन्दीहरूको छ।

माओवादीद्वारा हत्या गरिएका भरत भन्ने चक्रबहादुर बुढाथोकी

गिरफ्तारी र यातना

नाम्दु गाविस-५ का ६० वर्षीय निलप्रसाद ढुंगेललाई माओवादी भएको आरोपमा ०५५ माघ २९ गते प्रहरीले घर खानतलासी लिइ गिरफ्तार गरे। उनलाई एक दिन मैनापोखरी चौकी र एक दिन डिएसपी कार्यालयमा राखी रिहा गरियो।

भीमेश्वर नपा-१० का ३५ वर्षीय पहलमान बुर्लाकोटीलाई ०५६ भदौ ७ गते प्रहरीले गिरफ्तार गरी ७ दिनपछि रिहा गरियो।

घ्याङ सुकठोकर गाविस-६ का २५ वर्षीय गोपीलाल तामाङलाई ०५६ भदौ ७ गते प्रहरीले गिरफ्तार गरी ७ दिनपछि रिहा गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जफे गाविस-१ का २१ वर्षीय रामबहादुर भण्डारीलाई ०५६ जेठ २६ गते सोही ठाउँका १७ वर्षीय सीता मोक्तानले साँध सारेको रिसमा खुकुरीले प्रहार गर्दा बायाँ कान छिनाइदियो। पीडकलाई ५ हजार रूपैयाँ जरिवाना गराई प्रहरीले मिलापत्र गरायो।

घ्याङ सुकठोकर गाविसका ५० वर्षीय दीर्घलाल लामा तामाङलाई ०५६ भदौ ४ गते राति ८ बजेतिर माओवादीहरूले आक्रमण गरी सख्त घाइते बनाए।

झ्याकु गाविस-२ का ३२ वर्षीय कमलराज खत्रीलाई ०५६ असोज ९ गते बहिनीलाई माओवादी बन्न पठाएको आरोपमा दंगा प्रहरीले कुटपिट गरी पुरै जीउ सुन्नाइदिए। सोही ठाउँका रामकृष्ण बुढाथोकीलगायत्का अन्य २ जनालाई पनि माओवादीहरू नचिनाइएदिएको आरोपमा प्रहरीले कुटपिट गरे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

०५६ वैशाख २० गते सम्पन्न आमनिर्वाचनमा भीमेश्वर नपा-५, गैरीमुदी, मूर्गे, झुले, जफे, डाँडाखर्क, मुसाफेदा जस्ता गाविसहरूमा मतदानलाई प्रभावित पार्ने कार्य भए। विशेष गरेर सत्तापक्षद्वारा यी केन्द्रका मतदातालाई धम्क्याउने र आफ्नो पक्षमा मतदान गर्न प्रेरित गर्ने कार्यहरू भए। मालु गाविसमा एमालेले र मुसाफेदी गाविसमा नेपाली कांग्रेसले बुथ कब्जा गरी एकलौटी मतदान गराए। मतदानस्थलमा गरिएको व्यवस्थापनको लापरबाहीका कारण मत कसलाई दिएको भन्ने बाहिरैबाट देखिन्थ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा ३ वर्षदेखि नछिनिएका फौजदारी ४, देवानी २७, २ वर्ष नाघेका फौजदारी, देवानी ७३ र एक वर्ष नाघेका फौजदारी १, देवानी १ सय ३० तथा संक्षिप्त कार्यविधिअन्तरगत ६ महिना नाघेका १८ मुद्दाहरू छन्। मुद्दाको चापलाई घटाउन हाल एक अस्थायी न्यायाधीश थप गरी दुई वटा इजलास खडा गरिएको छ। न्याय सम्पादनका क्रममा पवित्रता कायम हुन नसकेका गुनासाहरू यदाकदा सुनिने गरेका छन्। यो अदालतमा ६ सय १५ थान मुद्दा रहेका छन्। अर्धन्यायिक निकाय जिल्ला प्रशासन कार्यालयमा १ वर्ष नाघेका ५ र ६ महिना नाघेका ६ वटा मुद्दा र एउटा सार्वजनिक अपराधसँग सम्बन्धित मुद्दा रहेको छ।



प्रहरीले कुटपिट गरी घाइते बनाएका कमलराज खत्री

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लाको सुकुम्बासी समस्या समाधान आयोगमा २ सय ८३ जनाले सुकुम्बासीहरूले जग्गा पाउन निवेदन दिएका छन्, तर आयोग निष्क्रिय रहेको छ। भूमिहीनहरू हली गोठालाका रूपमा जीवन बिताइरहेका पाइन्छ। ०५६ साउनदेखि पुससम्म २२ लाख ७२ हजार २१० रूपैयाँ वृद्ध, असहाय भत्ता जिविसले गाविसहरूमा निकासा गरेको छ। यस जिल्लामा ८० जनाको क्षमता भएको एक गौरीशंकर बाल गृह नामक अनाथालय छ, जसमा ३ बालिका र २६ बालक रहेका छन्। अनाथहरूलाई प्रारम्भिक शिक्षा र खानपिन तथा बसोबास स्वयं अनाथालयले बेहोर्दै आएको छ।

महिला अधिकार

गैरमुदी गाविस-१ की १८ वर्षीय एक महिलालाई ०५६ जेठ २७ गते जिल्ला प्रहरी कार्यालय दोलखामा कार्यरत् प्रहरी असई राकेशकुमार सिंहले बलात्कार गरे। माओवादीका सम्बन्धमा सोध्न भनी बोलाएर पीडकले रातिको ३ बजे हल्ला गरे मारिदिन्छु भनी बलात्कार गरेका थिए। पीडकलाई नोकरीबाट निलम्बन गरी कारबाही गरिँदै रहेको बताइएको छ।

चटिकोट कारागारको अग्र भाग

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	८	७	१	८				
गोलीद्वारा हत्या	१	१		१	१	२		२
गिरफ्तारी र यातना					३	३		३
कुटपिट	३	३		३	१	१		१
बलात्कार					१		१	१
जम्मा	१२	११	१	१२	६	६	१	७
आत्महत्या	१५	४	११	१५				
दुर्घटनाहरू/विपत्तिहरू	५	५	१	६				

बालअधिकार (बालबालिकाउपरको अत्याचार)

झ्याकु गाविस-२ का ८ वर्षीय दीपक सुनुवार र ११ वर्षीय दिनेश पाठकलाई ०५६ असोज ९ गते गस्तीमा गएको ३५-३६ जनाको प्रहरी टोलीले कुटपिट गऱ्यो। उनीहरूले फोटो देखाएर यो कसको भनी सोधेकोमा पीडितहरूले थाहा छैन भनेका कारण प्रहरीले कुटपिट गरेका थिए।

आर्थिक अधिकार

यस जिल्लामा खरिढुंगा म्याग्नेसाइट उद्योग, खिम्ती हाइड्रो पावर, विगु ढुंगा खानी र स्थानीय नेपाली कागज उद्योग र चिज उद्योगसमेतमा गरी करिब ३ हजार ५ सय मजदूर कार्यरत् छन्। यी सबै उद्योग निजी भएका कारण अधिकार खोज्दा जागिर जाने डरले कसैले पनि सही आवाज उठाउन सकेका छैनन्।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेकपा (एमाले) जिल्ला कमिटीले ०५६ वैशाख १५ गते एक प्रेस विज्ञप्ति प्रकाशित गरी आमनिर्वाचन ०५६ को सन्दर्भमा नेकाका नेता भीमबहादुर तामाङको निर्देशनमा नेकपा (एमाले) का कार्यकर्तामाथि सांघातिक आक्रमण गरिएको बताउँदै उक्त कार्यको भर्त्सना गऱ्यो।

अतिरिक्त जानकारीहरु

बराङ गाविस-५ की २७ वर्षीय उद्धवकुमारी मगर ०५५ पुस २३ गते सुत्केरी हुन नसकेपछि सोही ठाउँकी ७२ वर्षीय चन्द्रकुमारी ठकुरीले हात हाली बच्चा तान्दा बच्चाको हात मात्र आयो भने उद्धवकुमारीको मृत्यु भयो। चन्द्रकुमारी फरार छिन्।

यो वर्ष यस जिल्लामा ३ पुरूष र ११ महिला तथा १ बालकसहित १५ जनाले आत्महत्या गरे। २ जनाको किचेर र ४ जनाको भवितव्यमा परेर मृत्यु भयो।

२.७ रौतहट

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

विसुनपूर्वा मानपुर गाविस-२ का ३२ वर्षीय भोजेन्द्र मुखिया विनलाई ०५६ वैशाख २० गते आमनिर्वाचनको बेला प्रहरीले गोली हानी हत्या गरे। बुथ कब्जा गर्न लागेको बेला प्रहरीले रोक्न खोजेपछि भएको दोहोरो भिडन्तमा प्रहरीले गोली हान्दा विनलाई लागेको थियो।

गम्हरिया पर्सा गाविस-७ का ३५ वर्षीय समिम मिया र ४५ वर्षीय समसुल मियालाई ०५६ मंसिर २३ गतेको उपनिर्वाचनमा मतदान गर्न जाँदा प्रहरीले गोली हानी हत्या गरे। प्रहरी र नेकाँका कार्यकर्ताको मिलेमतोमा मतदान केन्द्र कब्जा गरिएपछि त्यसको प्रतिवाद गर्दा उनीहरूलाई हत्या गरिएको थियो।

नर्कटिया गाविस-२ का ५० वर्षीय गनी महमदलाई ०५६ वैशाख २२ गते राजनीतिक विवाद हुँदा सोही गाविसका ३६ वर्षीय शेषभोला महमदले गोली हानी हत्या गरे। पीडक फरार रहेका छन्।

नर्कटिया गाविस-२ का २० वर्षीय रामेश्वर यादवलाई ०५६ वैशाख २० गते सोही गाविसका अध्यक्ष सीताराम गिरी र रामचन्द्र गिरीले चुनावी विवादका कारण आँखा भिकिदिएर हत्या गरे। पीडितले उजुर गर्न जाँदा चुनावी घटना भनी प्रहरीले कारबाहीतर्फ चासो देखाएन।

सन्तपुर (म) गाविस-६ का ४२ वर्षीय दिनकर सहनीलाई ०५६ मंसिर २३ गते सोही गाउँका ३५ वर्षीय रामपुकार तेलीले मतदान गर्न गइरहेको बेला गोली हानी घाइते बनाए। पीडकलाई कुनै कारवाही भएन।

जिगडिया गाविस-६ का २५ वर्षीय पाचु साह बनिया र शेष सहिदलाई ०५६ वैशाख २० गते सोही ठाउँका शेष गुल्जारले निर्वाचनमा मत हाल्न जाँदा बम हानी घाइते बनाए। प्रशासनले पीडकलाई कुनै कारबाही गरेन।

पिप्रा पोखरिया गाविस-३ का २५ वर्षीय खोभारी राउत कुर्मीलाई ०५६ वैशाख २० गते सोही ठाउँका नवीन यादवले बुथ कब्जा गर्ने क्रममा गोली हानी घाइते बनाए।

भुन्खुनुवा गाविस-३ का २० वर्षीय रामनाथराय यादवलाई ०५६ वैशाख २० गते सोही ठाउँका ठगाराय यादवले मतदानको विषयमा विवाद हुँदा बम हानी घाइते बनाए।

पिप्रा पोखरिया गाविस-३ का ५५ वर्षीय राम रायलाई ०५६ वैशाख २० गते सोही ठाउँका नवीनराय यादवले मतदान गर्न बसेको बेला गोली हानी घाइते बनाए।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ११ घटनामा २ जना महिलासहित ११ जनाको हत्या भयो। ७

जनालाई गोली प्रहार गरी घाइते बनाए। जसमध्ये –

गेंडहीगुढी गाविस–७ की ५५ वर्षीय सुनियादेवी यादवलाई ०५६ वैशाख १ गते आफ्नै छोरा २५ वर्षीय रामबाबु यादवले छुरा प्रहार गरी हत्या गरे। काकासँग जग्गाको बारेमा झगडा गर्दै रहेको बेला आमाले झगडा नगर भनेकाले रामबाबुले रिसले आमालाई नै छुरी हानेका थिए। पीडकलाई प्रहरीले गिरफ्तार गरेको छ।

जिगडवा गाविस–४ की २५ वर्षीय रहमतुन शेषनीलाई दाइजो कम ल्याएको आरोपमा ०५६ जेठ २५ गते आफ्नै पति ३० वर्षीय शेष नथुनी र ससुरा शेष सफिकले घाँटी थिची हत्या गरे। शेष सफिकलाई प्रहरीले गिरफ्तार गरेको छ।

वरियारपुर गाविस–९ इनर्वाका ५५ वर्षीय पल्टन कुम्हार पण्डितलाई ०५६ असार ३ गते आफ्नै छोरा २२ वर्षीय मिठु पण्डितले अंश नदिएका कारण मिठाइमा विष मिलाएर खुवाइ हत्या गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी थुनामा राखेको छ।

जेल र बन्दीहरु

यस जिल्लामा रहेको गौर जेल करिब ६६ वर्ष पुरानो भएको र मर्मत सुधार पनि नभएकाले जीर्ण बनेको छ। ७५ जनाको क्षमता भएको यस जेलमा ५५ जना थुनुवा र १४ जना बन्दी तथा १ जना नाबालक गरी ७० जना रहेका छन्। जसमध्ये थुनुवामा ४९ जना पुरूषमध्ये एक जना १५ वर्षभन्दा कम उमेरका छन् र ५ जना महिला छन् भने १४ जना कैद तोकिएका बन्दीहरू छन्। यसबाहेक एक जना नाबालक आश्रित पनि यस जेलमा छन्। यस जेलमा पुरूषका लागि १६ र महिलाका लागि ३ वटा कोठाहरू छन्। यस जेलका बन्दीहरूलाई ओढ्ने ओछ्याउने २ वर्षमा र लुगा कपडा वर्षमा २ पटक दिइने गरिएको छ। बिरामी पर्दा सि.अ.हे.व.ले उपचार गर्ने गरेका छन्। यस जेलमा बिजुली पंखा, टेलिभिजन माननीय सांसद माधवकुमार नेपालले दिएको बन्दीहरू बताउँछन्। टेलिफोन गर्ने, पत्रपत्रिका पढ्ने केही व्यवस्था यहाँ छैन। यस जेलमा सार्वजनिक बिदाबाहेक सधैं बन्दीहरूसँग भेटघाट गर्न दिइन्छ।

गिरफ्तारी र यातना

सखुवा धमौरा गाविस–८ कमलपट्टीका २६ वर्षीय हृदय हजरा र ४० वर्षीय बद्री हजरालाई ०५६ साउन १४ गते प्रहरीले गिरफ्तार गरी ३ दिनपछि रिहा गरे।

जनसंख्या	: ४१४००५
साक्षरता प्रतिशत	: २५
महिला साक्षरता प्रतिशत	: १३.१
क्षेत्रफल (वर्ग किमी)	: ११२६
गाविस/नपा संख्या	: ९६/१
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: २२४
क्याम्पस/उच्च मावि	: ५/५
अस्पताल/ स्वास्थ्य चौकी	: १/२३
टेलिफोन लाइन	: ५४०
मोटर सडक (किमी)	: १२०
प्रहरी कार्यालय संख्या	: ३९
हुलाक संख्या	: ६५

गम्हरिया पर्सा गाविस–७ लक्ष्मीपुरका ४५ वर्षीय शेष तवारकलाई ०५६ मंसिर १३ गते राति घरमा सुतिरहेको बेला प्रहरीले विना कारण गिरफ्तार गरी ४ दिनसम्म हिरासतमा राखे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

धरहरी गाविस–४ का २१ वर्षीय लक्ष्मीनारायण साहलाई आफ्नो पार्टीलाई समर्थन नगरेको आरोपमा ०५५ माघ १९ गते सोही गाविसका अध्यक्ष कपिलदेव यादवले कुटपिट गरे। पीडकमाथि कुनै कारबाही भएन।

विश्रामपुर गाविस–९ का २५ वर्षीय तुलसी राउतलाई ०५५ चैत २० गते सोही ठाउँका २५ वर्षीय सिकिन्दर राउत कुर्मीले चुनावी पोष्टर टाँसेको आरोपमा कुटपिट गरी आँखा नै फुटाइदिए।

जिगडिया गाविस–१ का ३० वर्षीय गोजिन्दर ठाकुरलाई ०५६ वैशाख २० गते नेपाली कांग्रेसलाई भोट नदिएको भनी सोही गाउँका साली महमदले कुटपिट गरी घाइते बनाए। पीडित गौर अस्पतालमा उपचार गरी घर फर्किए।

गौर नपा–१३ का ३० वर्षीय शशिकला देवी र ४५ वर्षीय सरस्वती देवीलाई ०५६ वैशाख २० गते सोही ठाउँका ललन सिंहले आफूले भनेको उम्मेदवारलाई भोट नहालेको आरोपमा कुटपिट गरे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

संग्रामपुरको मतदान केन्द्रमा सिराहाका सांसद धर्मनाथ साहलाई ०५६ मंसिर २३ गतेको उपनिर्वाचनमा सबैले मत दिन पाउनुपर्छ, त्यसका लागि व्यवस्था मिलाइयोस् भनी आग्रह गर्दा डिएसपी रामप्रसाद श्रेष्ठले कुटपिट गरी घाइते बनाए।

गम्हरिया पर्सा गाविस–७ का ७० वर्षीय शेष ऐलुन, २८ वर्षीय शेष सरोज, ३० वर्षीय शेष जाजुल, ६० वर्षीय रामप्रवेश सिंह र सलाम मियालाई ०५६ मंसिर २३ गतेको उपनिर्वाचनमा मतदान गर्न गइरहेका बेला प्रहरीले गोली चलाई घाइते समेत बनाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा यस वर्ष ७ सय ९२ थान मुद्दा दर्ता भए। यसमध्ये ५ सय ७८ थान देवानी, १ सय ८१ थान फौजदारी र ३३ थान सरकारवादी रहेका छन्। गत २ वर्षदेखि छिनिन नसकेका सरकारवादी १२ थान, फौजदारी २४ थान र

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	९	७	२	९				
गोलीद्वारा हत्या	४	४		४	२	३		३
बम प्रहारबाट घाइतें	१	२		२				
गोलीद्वारा घाइते/हवाइ फायर	५	१०		१०	१	६		६
गिरफ्तारी र यातना					२	३		३
कुटपिट	१९	१८	४	२२	२	२		२
स्वतन्त्र र निष्पक्ष चुनाव	४	४		४				
महिला किनबेच	१		१	१				
बहुविवाह	१		१	१				
जम्मा	४४	४५	८	५३	७	१४		१४
आत्महत्या	६	१	५	६				
चोरी/डकैती	२	२		२				
दुर्घटनाहरू/विपत्तिहरू	३	१०	३	१३				

देवानी ८० थान तथा निर्वाचनसम्बन्धी १ थान गरी १ सय १७ थान मुद्दा छन्। एक वर्षदेखि छिनिन नसकेका मुद्दाहरूमा देवानी ५ सय २८, फौजदारी १ सय २१ र सरकारवादी २१ थान मुद्दा छन्। यस वर्ष जिल्ला अदालतले फैसला गरेका मुद्दाहरूमा सरकारवादी १६ थान, देवानी ६ सय ४४ थान र फौजदारी १ सय ५४ थान गरी ८ सय १४ थान छन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लाको वागमती र बकैया नदीबाट कटान भई सुकुम्बासी भएका मानिसहरूलाई सुकुम्बासी आयोगले ताइवानी सरकारको सहयोगमा बनेका घर ०५२ सालमा सन्तपुर (म) र पौराई गाविसहरूमा वितरण गरेको र जग्गा घडेरीसमेत वितरण भएकामा पछि आयोगले अर्कैको नाममा सोही जग्गा दर्ता गरिदिनाले करिब १ सय परिवार पुनः सुकुम्बासी हुन पुगेका छन्। यस जिल्लाका प्रायः सबै गाविस र नगरमा गरी करिब १० हजार सुकुम्बासी रहेका छन्।

महिला अधिकार

पथराबुधराम गाविस-७ की १५ वर्षीय सुनरमति कुमारीलाई ०५६ वैशाख ३० गते सोही ठाउँका ३० वर्षीय शुभनारायण साहले फिल्म देखाउने लोभ देखाइ भारतको सीतामढीमा लगेर बिक्री गरे। पीडित १५ दिनपछि भागेर आई उजुर गरेपछि पीडकलाई प्रहरीले गिरफ्तार गरे।

यस वर्ष यो जिल्लामा एक जनाले बहुविवाह गरेको जानकारी प्राप्त भयो।

बालअधिकार (बालबालिकाउपरको अत्याचार)

यस जिल्लाका मुख्य बजारहरू चन्द्रनिगाहपुर, गरूडा र गौर बजारका करिब २० वटा होटलहरूमा करिब ५० जना बालकहरूलाई काममा लगाइने गरिएको छ। काम लगाएवापत खान मात्र दिइन्छ। कसैकसैले काम लगाएवापत पढाइदिने गरेका छन्।

आर्थिक अधिकार

गरूडास्थित श्रीराम सुगर मिल्समा कार्यरत् २५ वर्षीय खोभारी सहनीलाई ०५६ असोज २ गते राजनीतिक प्रतिशोधका कारण व्यवस्थापन पक्षले निष्काशन गऱ्यो। सम्पूर्ण मजदूरहरूले हडताल गरेपछि उनलाई पुनर्बहाली गरिएको थियो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

उपनिर्वाचन ०५६ मा सरकार र नेपाली कांग्रेसको मिलेमतोमा गम्हरिया पर्साका समिम मिया र समसुल मियालाई गोली हानी हत्या गरेको विरोधमा नेकपा (एमाले) ले ०५६ मंसिर २४ गते प्रेस विज्ञप्ति जारी गऱ्यो।

नेकपा (एमाले) जिल्ला कमिटीले उपनिर्वाचन २०५६ मा सरकार र नेपाली कांग्रेसले ११ वटा मतदान केन्द्र कब्जा गरेको विरोधमा ०५६ मंसिर २५ गते रौतहट बन्द कार्यक्रमको आयोजना गऱ्यो।

अतिरिक्त जानकारीहरु

यस वर्ष यस जिल्लामा ६ जना व्यक्तिले आत्महत्या गरे। जसमा ५ जना महिला थिए। ३ वटा सवारी दुर्घटनामा १० पुरूष र ३ महिलाको मृत्यु भयो। २ वटा डाँकासम्बन्धी घटना भए। व्यक्तिगत कुटपिटका घटनाहरू १७ वटा भए, जसमा २१ जना पुरूष र १ जना महिला पीडित भए।

२.८ बारा



जनसंख्या	४१५७१८
साक्षरता प्रतिशत	३०.३
महिला साक्षरता प्रतिशत	१६
क्षेत्रफल (वर्ग किमी)	११९०
गाविस/नपा संख्या	९८/१
निर्वाचन क्षेत्र	४
विद्यालय	३९६
क्याम्पस/उच्च मावि	१/३
अस्पताल/ स्वास्थ्य चौकी	१/१६२
टेलिफोन लाइन	९१०
मोटर सडक (किमी)	११५
प्रहरी कार्यालय संख्या	४१
हुलाक संख्या	७३

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

यस जिल्लामा यो वर्ष व्यक्तिगत कारणले भएका १० घटनामा १० जना पुरूषको हत्या भयो। जसमध्ये -

पिप्रा सिमरा गाविस-६ का शिक्षक ४२ वर्षीय भोला चौधरीलाई ०५६ असार ५ गते सोही ठाउँका कुलबहादुर थापा र श्याम पाठकले कुटपिट गरेकोमा उपचारका लागि अस्पताल लग्दालग्दै मृत्यु भयो। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

उमजन गाविस-३ का ५६ वर्षीय रघुनाथ यादवलाई ०५६ असार २० गते सोही गाविसका देशबन्धु चौधरी, वीरेन्द्र चौधरी, वृज चौधरीलगायतृका व्यक्तिहरूले मठको सम्पत्ति हात पार्ने उद्देश्यले हत्या गरे। पीडित रामजानकी मन्दिरका अध्यक्ष तथा पुजारी थिए। पीडकहरूलाई अदालतले साधारण तारेखमा छाड्ने आदेश दियो।

हरैया गाविस-५ का १ वर्षीय बालक सुमन चौधरीलाई ०५६ वैशाख १६ गते आफ्नै आमा शान्ति चौधरीले छुरी हानेर हत्या गरिन्। पीडकको मानसिक स्थिति ठीक थिएन। उनलाई गिरफ्तार गरी पुर्पक्षका लागि वीरगन्ज कारागारमा राखिएको छ।

डुमरवाना गाविस-४ का ३५ वर्षीय यादव सिटौलालाई ०५६ कात्तिक १६ गते आफूलाई बलात्कार गर्ने प्रयास गरेको आरोपमा सोही गाविसकी ४० वर्षीय इन्दिरा थिङ र उनकै जेठाजु ४२ वर्षीय वीरबहादुर थिङले हत्या गरे। पीडकहरूमध्ये वीरबहादुर अदालतको आदेशबाट साधारण तारेखमा छुटेका छन् भने इन्दिरालाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

गिरफ्तारी र यातना

डुमरवाना गाविस-८ का २५ वर्षीय शालिग्राम बजगाईंलाई माओवादीलाई समर्थन गरेको आरोपमा ०५५ माघ २४ गते प्रहरीले गिरफ्तार गरे। उनलाई बेपत्ता पार्ने उद्देश्यले प्रहरीले लुकाएकोमा बन्दी प्रत्यक्षीकरणको रिटपछि अदालतको आदेशमा रिहा गरियो।

निजगढ गाविस-२ का साहित्यकार एवं मानव अधिकार कार्यकर्ता २८ वर्षीय पुण्य गौतमलाई माओवादी समर्थक भएको आरोपमा ०५६ वैशाख ३ गते प्रहरीले गिरफ्तार गरी यातना दिए। यातनाका कारण उनको हात खुट्टा चल्न सकेको छैन।

छातापिप्रा गाविसका अध्यक्ष ३५ वर्षीय भुदेव चौधरीलगायतृका १० जनालाई ०५६ जेठ ५ गते बसको ठक्करले मृत्यु भएका व्यक्तिलाई क्षतिपूर्तिको व्यवस्था होस् भनी माग गरेको आरोपमा प्रहरीले गिरफ्तार गरी यातनासमेत दिए। पीडितहरूलाई जिल्ला प्रशासन कार्यालयले जनही ७३ हजार रूपैयाँ धरौटी लिइ तारेखमा रिहा गरे।

पिप्रावसतपुर गाविस-५ का ३५ वर्षीय दामोदर थारू, ३० वर्षीय सेन्थुर चौधरीलगायतृका ५ जनालाई ०५६ असार २८ गते सोही गाविसका अध्यक्ष देवदत बच्छारको घरमा डाँका गरेको अभियोगमा प्रहरीले गैरकानूनीरूपमा गिरफ्तार गरी सख्त यातना दियो। उनीहरूलाई १ लाख ७५ हजार रूपैयाँ बिगोसमेत दाबी गरी प्रहरीले मुद्दा चलाई तारेखमा रिहा गरिएको छ।

कवहीगोठ गाविस-६ का १८ वर्षीय हिरालाल पासवानलाई घरायसी झगडाको विषयलाई लिएर ०५६ भदौ १३ गते प्रहरीले गिरफ्तार गरी दाहिने कानको जाली फुट्ने गरी यातना दिए।

फेटा गाविस-८ का ४० वर्षीय हासीमिया अन्सारीलाई ०५६ साउन २३ गते सुन चोरी गरेको आरोपमा प्रहरीले गिरफ्तार गरेकोमा अदालतसमक्ष पेश नगरी धेरै दिनसम्म नङमा पिन घोच्ने, कोर्राले हिर्काउने जस्ता सख्त यातना दिए। पीडितको पक्षमा पुनरावेदन अदालत हेटौंडामा बन्दी प्रत्यक्षीकरणको रीट पनि दर्ता गरिएको थियो।

हरैया गाविस-७ का २८ वर्षीय देवेन्द्र पराजुलीलाई माओवादी गतिविधिमा लागेको आरोपमा ०५६ कात्तिक १० गते प्रहरीले गिरफ्तार गरे। स्थानीय मानवअधिकारवादीहरूको व्यापक दबाबका कारण २४ दिनपछि उनलाई गिरफ्तार पूर्जी दिइएको थियो। पीडितलाई डाँका मुद्दा चलाई पुर्पक्षमा राखिएको छ।

कुटपिट गरी हत्या गरिएका भोला चौधरी

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

बडकी फूलबरिया गाविस-८ का ३४ वर्षीय परमानन्द साह तेलीलाई ०५५ माघ १० गते राति खलिहानमा धान रूङ्न बसेको बेला अज्ञात व्यक्तिहरूले अपहरण गरेकोमा छोडिएको छ।

निजगढ गाविस-८ का ३८ वर्षीय देवबहादुर वाइबा र सोही गाविस-५ का २७ वर्षीय रामप्रसाद दाहाललाई ०५६ वैशाख १७ गते नेकपा (माले) का केन्द्रीय नेता सीपी मैनालीसँग प्रश्न सोधेको आरोपमा सोही गाविस-२ का

कुटपिट गरी बेहोस पारिएका गाविस अध्यक्ष राजेन्द्र साह कानू

राजु चौलागाईलगायत्का व्यक्तिहरूले कुटपिट गरे। वाइवाको दुई वटा दाँत नै झरेको थियो भने दाहाल बेहोस भएका थिए।

डुमरवाना गाविस-४ का ३५ वर्षीय बालकृष्ण मैनालीलाई सुराकी गरेको आरोपमा ०५६ वैशाख २७ गते माओवादीहरूले मोसो दलेर हात खुट्टा बाँधी कुटपिट गरे।

भतौडा गाविस-९ का ५० वर्षीय कपिलदेव भेडिहरलाई ०५६ साउन ९ गते लमजुङ जिल्लामा कार्यरत् प्रहरीहरूले कुटपिट गरी ३० हजार रूपैयाँ लुटे। पीडकहरूलाई स्थानीय बासिन्दाहरूको दबावमा गिरफ्तार गरियो।

गन्जभवानीपुर गाविसका अध्यक्ष ४८ वर्षीय हृदय जैसवाललाई ०५६ साउन १० गते राजनीतिक विवादका कारण सोही ठाउँका मिश्रीलाल साहसहितको एक समूहले गाविस कार्यालयमा बसिरहेकै बेला कुटपिट गऱ्यो। पीडकहरूलाई कारबाही भएन।

पटेर्वा गाविसका अध्यक्ष ३८ वर्षीय राजेन्द्र साह कानूलाई राजनीतिक प्रतिशोधका कारण ०५६ साउन १५ गते सोही गाविसका ३५ वर्षीय जमुना साहलगायत्का २५ जना जतिको समूहले कुटपिट गरी बेहोस बनाए।

इनरवा सिरा गाविस-५ का २८ वर्षीय पत्रकार वीरेन्द्र साहलाई ०५६ असोज १४ गते आफ्नो विरूद्धमा समाचार छापेको भनी कलैया नपा-६ का नासिर हुसेन र प्रस्टोका गाविस-६ का लोकेश सिंहलगायत्का ४ जनाले कुटपिट गरे। पीडकहरूलाई २ घण्टा थुनेर रिहा गरियो।

मतपत्रको पूरै ठेलीमा छाप लगाई मतपेटिकामा खसाल्न खोज्दा पर्यवेक्षकहरूले रोक्न खोज्दै गरेको

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कवडी गाविस वरपरको जंगलमा ०५६ वैशाख २० गते माओवादीहरूले २ घन्टासम्म गोली पड्काई मतदाताहरूलाई चुनाव बहिष्कार गर्न र मत हाल्न नजान चेतावनी दिए।

क्षेत्र नं. १ को अमृतगन्ज गाविसको २३ र २४ नं. मतदान केन्द्रमा सद्भावना पार्टीका कार्यकर्ताले मतपत्र लुटेका कारण चुनाव स्थगित भएको थियो। यी मतदान केन्द्रमा एउटा घरमा भएका सबै मतदाताको मत एकै व्यक्तिले दिन पाउने सहमति पनि भएको थियो। क्षेत्र नं. ३ को पिप्राढी गाविसको मतदान केन्द्रभन्दा करिव ५० मिटर दक्षिण एक खेतमा नेकाका कार्यकर्ताहरूले बम पड्काउँदा मतदान नै स्थगित भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा दुई वर्षभित्र २ हजार ४१ थान मुद्दा दर्ता भए। तीमध्ये ८ सय ८७ थान मुद्दा फर्स्यौट हुन सक्यो भने १ हजार ७४ थान मुद्दा छिनिन सकेनन्। दुई वर्षअघिका मुद्दा १ सय ४ थान रहेकामा ६४ थान मुद्दा फर्स्यौट भए भने ४० थान छिनिन सकेनन्। जिल्ला प्रहरी कार्यालयमा खुन डाँका ४, ज्यानमार्ने उद्योग १०, आत्महत्या ९, जवर्जस्ती करणी ४, जवर्जस्ती करणी उद्योग २, सार्वजनिक अपराध ५१, जीउ मास्ने/बेच्ने २, कर्तव्य ज्यान ९ र डाँकासम्बन्धी मुद्दा १९ थान दर्ता भए।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

फत्तेपुर गाविस-९ का सुकुम्बासीहरू तुलसी चौधरी, रामलाल चौधरी, छविलाल चौधरी, महेश चौधरी र सुखल माझीले कमाइआएको करिब एक बिगाहा जमिन ०५५ फागुन १६ गते सोही ठाउँका तिलकप्रसाद रिमालले भूमिसुधार कार्यालयको मिलेमतोमा आफ्नो नाममा दर्ता गराए।

निजगढ गाविस-४ को आवादी जग्गामा बसोबास गर्दै आएका ४८ वर्षीय अकलबहादुर माझीलगायत्का २५ घरपरिवारलाई ०५६ असार १० गते मालपोत कार्यालयले छाडेर जान धम्कीसहितको पत्र दियो। उनीहरूले प्रतिकठ्ठा ५ सय रूपैयाँ दिन नसकेकाले आफूहरूले जग्गा छाड्नुपर्ने धम्की दिइएको गुनासो गरेका छन्।

महिला अधिकार

कलैया नपा-६ डेरा गरी बस्ने १४ वर्षीय एक बालिकालाई ०५६ जेठ १८ गते सोही नपा-७ का २७ वर्षीय प्रभु साह यादव र मनोज कुशवाहाले फकाई बेच्ने उद्देश्यले भारत लगेकामा जेठ २९ गते सीतामाडीमा भेटियो। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

वसतपुर गाविस-१ की १४ वर्षीय तान्जिना खातुनलाई ०५६ जेठ २६ गते आफन्तको घरमा लगिदिने बहाना बनाई सोही ठाउँका महमुद गनी, ननकी खातुनलगायत्का व्यक्तिहरूले दिल्लीमा लगी बेश्यालयमा बेच्न लाग्दा भारतीय प्रहरीले गिरफ्तार गरे। पीडकहरूलाई जीउ मास्ने/बेच्ने मुद्दाअन्तर्गत कारबाही चलाइएको छ।

धर्मनगर गाविस-२ की १९ वर्षीय एक महिलालाई ०५५ चैत ३ गते छारे रोगको उपचार गरिदिने बहानामा सोही ठाउँका झाँक्री रामाज़ महतोले बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरे। पीडकले यसअघि पनि उपचारको बहानामा दुई महिलालाई बलात्कार गरिसकेको थियो।

रतनपुरी गाविस-९ स्थित दिदीको घरमा बस्ने १४ वर्षीय एक बालिकालाई सोही ठाउँका २५ वर्षीय कञ्चनलाल कुवारले गाई चराउन गएको बेला बलात्कार गरे।

अमरपट्टी गाविस-९ की ६ वर्षीय एक बालिकालाई ०५६ जेठ २४ गते सोही ठाउँका १९ वर्षीय अशिकलालप्रसाद यादवले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि वीरगन्ज जेलमा राखिएको छ।

पिप्रा सिमरा गाविस-६ की ३२ वर्षीय एक महिलालाई ०५६ असार ५ गते आफ्नै पतिको हत्या सम्बन्धमा प्रहरी कार्यालयमा उजुरी दिन साथीको रूपमा सँगै गएका सोही गाविस-४ का २७ वर्षीय हृदय कुर्मीले हातपात गरी बलात्कार गर्ने प्रयास गरे। पीडकलाई २८ हजार रूपैयाँ धरौटी लिई तारेखमा रिहा गरियो।

निजगढ गाविस-६ की २१ वर्षीय एक महिलालाई ०५६ असार १० गते खेतबाट घर फर्कन लागेका बेला सोही गाविस-४ का १९ वर्षीय भन्टा चौधरीले १० रूपैयाँको नोट देखाइ बलात्कार गर्ने प्रयास गरे। पीडकलाई ४ दिनपछि प्रहरीले गिरफ्तार गरे।

निजगढ गाविस-८ की १४ वर्षीय एक बालिकालाई ०५६ भदौ ७ गते मन्दिरमा दर्शन गर्न जाँदा सोही गाविसका २० वर्षीय सुकदेव भण्डारीले बलात्कार गरे। पीडक फरार छ।

भरतगन्ज सिंगौल गाविस-७ की ११ वर्षीय एक बालिकालाई ०५६ असोज २४ गते सोही गाविसका ६८ वर्षीय विशेश्वरप्रसाद पुडासैनीले बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरे।

यस वर्ष यो जिल्लामा दुई जनाले बहुविवाह गरे। पारिवारिक हिंसाका १ घटनामा १ महिला पीडित भए। एउटा गर्भ पतनको घटना जानकारीमा आयो। जसमध्ये –

घटनाको प्रकार	गैह्रराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	९	९		९				
गोलीद्वारा हत्या	१	१		१				
गोलीद्वारा घाइते/हवाइ फायर	३	३		३				
गिरफ्तारी र यातना					६	२०		२०
कुटपिट	६	८		८	१	१		१
बेपत्ता पारिएको								
स्वतन्त्र र निष्पक्ष चुनाव	२							
भूमिहीन/सुकुम्बासी समस्या	१	५		५	१			
महिला किनबेच	२		२	२				
बलात्कार	५		५	५				
बलात्कार प्रयास	२		२	२				
बहुविवाह	२		२	२				
गर्भपतन	१		१	१				
पारिवारिक हिंसा	१		१	१				
आर्थिक अधिकार	२	१०	३३	४३				
आतंक	२	२		२				
अपहरण	१	१		१				
जम्मा	४१	३९	४६	८५	९	२१		२१
लाश फेला	१	१		१				
आत्महत्या	९	३	६	९				
चोरी/डकैती	१०	१०		१०				
दुर्घटनाहरू/विपत्तिहरू	१९	१६	२	१९				

भरतगन्ज सिंगौल गाविस-७ का ४५ वर्षीय हरिबहादुर थापाले आफ्नै बुहारी १९ वर्षीय जुना थापासँग अनुचित यौन सम्पर्क राखेको खुल्न आएपछि ०५६ असार १५ गते बुहारीसँग बहुविवाह गरे। जुना र हरिलाई प्रहरीले गिरफ्तार गरेकामा पछि रिहा गरे।

जीतपुर गाविस-३ की १८ वर्षीय एक महिलालाई ०५५ फागुन २० गते सिमरा गाविस-५ स्थित नेपाल बोर्डस लिमिटेडमा कार्यरत् जेपी सिंहले अवैध यौन सम्बन्ध राखी रहन गएको गर्भ १ लाख रूपैयाँ दिएर पतन गर्न लगाए। पीडकलाई कुनै कारबाही भएन।

बालअधिकार (बालबालिकाउपरको अत्याचार)

जिल्ला सदरमुकाम कलैया बजारमा १४ वर्षमुनिका थुप्रै बालबालिका काममा लागेका भेटिन्छन्। यिनीहरूलाई ४–५ महिनासम्म १ सय रूपैयाँ र त्यसपछि क्रमशः ५०–६० रूपैयाँ बढाइ दिने गरिन्छ। यिनीहरू बिहान ५ बजेदेखि बेलुका १० बजेसम्म काम गर्न बाध्य पारिन्छन्। कलैयाबाहेक पथलैया, जीतपुर, पर्सौनी बजारमा पनि बालमजदूरहरू होटल, पसलहरूमा काम गरेको देखिन्छ।

आर्थिक अधिकार

छातापिप्रा गाविस-१ स्थित त्रिवेणी टेक्सटायलमा कार्यरत् वासुदेव बच्छार, मदन साह, रामबालक महतो, वीरेन्द्र महतो, रामलाल महतोलगायत्का १० जनालाई ०५५ फागुन २ गते टेक्सटायलबाट हटाइयो। ३ वर्षदेखि कार्यरत् उनीहरूलाई स्थायी गरियोस् भन्दा राजनीति गरेको आरोपमा निकालिएको थियो।

पिपरा सिमरा गाविस-६ स्थित एनबी गार्मेन्टका अस्थायी महिला मजदुरहरू २१ वर्षीय दुर्गा श्रेष्ठ, २५ वर्षीय मिरा भट्टलगायत्का ३३ महिला मजदुरलाई ०५६ कात्तिक १६ गते विना कारण गार्मेन्टले निकाल्यो। २४० दिन काम गरिसकेका मजदुरहरूलाई स्थायी गर्नुपर्नेमा नगरी निकालेकाले उनीहरू धर्नामा बसे।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेकपा एमाले जिल्ला कमिटीले ०५६ जेठ १२ गते छातापिपरा गाविस-१ का सुखराम महतोको वीरगन्ज-लहान चल्ने यात्रुवाहक बस से.अ. ख ३४४ ले ठक्कर लाग्दा मृत्यु भएपछि क्षतिपूर्ति माग गर्दा दर्जनौं व्यक्तिहरूलाई गोली प्रहार गरी घाइते बनाएकोमा प्रमुख जिल्ला अधिकारी ध्रुवराज वाग्लेविरूद्ध विरोध जनायो।

अतिरिक्त जानकारीहरु

छातापिपरा गाविस-९ का २६ वर्षीय रूपनारायण महतोलाई ०५६ जेठ ८ गते अज्ञात व्यक्तिहरुले बन्दूकको छर्राले हानी घाइते बनाए।

यस जिल्लामा यो वर्ष ९ वटा गम्भीर प्रकृतिका व्यक्तिगत कुटपिटका घटना भएको जानकारीमा आए, जसमा १६ पुरूष पीडित भए। ३ जना पुरुष र ६ जना महिलाले आत्महत्या गरे। आगलागीका २ वटा घटनामा १० जना पीडित भए।

२.९ पर्सा



जनसंख्या	: ३७२५२४
साक्षरता प्रतिशत	: ३३.४
महिला साक्षरता प्रतिशत	: १८.१
क्षेत्रफल (वर्ग किमी)	: १३५३
गाविस/नपा संख्या	: ८२/१
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: २७१
क्याम्पस/उच्च मावि	: ३/२
अस्पताल/ स्वास्थ्य चौकी	: २/७२
टेलिफोन लाइन	: ५९५९
मोटर सडक (किमी)	: १७९
प्रहरी कार्यालय संख्या	: ३७
हुलाक संख्या	: १०२

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या गोली

पर्सा वन्यजन्तु आरक्षभित्रबाट गाँजा तस्करी गर्ने अन्दाजी ४३ वर्षीय एक अज्ञात व्यक्तिलाई ०५६ साउन २४ गते पोष्टका सैनिकले आफूसँग मुठभेड गर्न आएको भनी गोली हानेर हत्या गरे।

बसडिलवा गाविस-८ का मनोज महतोलाई ०५६ कात्तिक १३ गते प्रहरीले गोली हानी घाइते बनाए। अपहरण भएको एउटा बच्चा उक्त स्थानस्थित खलिल मियाको घरमा छ भन्ने सुराकीको आधारमा प्रहरी त्यहाँ पुगेका थिए, त्यहाँ उक्त बच्चा नभेटिएपछि प्रहरीले खलिलका छोरा इस्लामलाई गिरफ्तार गरे। त्यही कारण गाउँले र प्रहरीबीच भिडन्त हुँदा प्रहरीले गोली चलाएका थिए।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका १० घटनामा १२ जना पुरुषको हत्या भयो। जसमध्ये -

निर्मलवस्ती गाविस-३ का ५६ वर्षीय चन्द्रबहादुर श्रेष्ठलाई ०५६ साउन २७ गते बेलुका ९.३० बजेतिर अज्ञात डाँकाहरूले खेतमा पानी लगाउन गइरहेका बेला गोली हानी हत्या गरे।

जेल र बन्दीहरु

१५ सय जना बन्दी क्षमताको वीरगन्ज जेलमा १ सय ७७ जना पुरूष र ८ महिला गरी १८५ जना थुनुवा रहेका छन् भने ३ सय पुरूष र १३ जना महिला गरी ३ सय १३ जना कैद तोकिएका बन्दी छन्। यस जेलमा ६ जना माओवादी गतिविधिसँग सम्बन्धित व्यक्तिहरू पनि छन्। जेलभित्र कीटनाशक औषधी र सरसफाइको उचित व्यवस्था छैन। वर्षामा पानी चुहिने यस जेलमा वायरिङ पुरानो भएको हुँदा विद्युत् सेवा भरपर्दो छैन। पुस्तक र खेल सामाग्रीको अभाव छ। उपचारका लागि उचित व्यवस्था छैन। यस वर्ष ६५ वर्षीय बेनीमाधव चौधरी, ४५ वर्षीय हिरामान सिंह र ४० वर्षीय मेघराज सोनारको टिवी र दमको रोगका कारण मृत्यु भयो।

वीरगन्ज कारागारका बन्दीहरूले चौकीदार र नाइकेहरूको अत्याचारविरूद्ध ०५६ साउन १७ गते विद्रोह गर्दा भिडन्त भई राजेन्द्र यादव, ताहिर हुसेन, रामाधार सहनी र कली साहलगायत् घाइते भए। चौकीदार र नाइकेहरूलाई प्रहरीले सुरक्षाका लागि छुट्टै कोठामा थुनेका थिए।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	७	८		८				
गोलीद्वारा हत्या	३	४		४	१	१		१
गोलीद्वारा घाइते/हवाइ फायर	५	६		६	१	१		१
हिरासतमा मृत्यु					३	३		३
गिरफ्तारी र यातना					२	३	१	४
कुटपिट	८	८	२	१०				
बेपत्ता पारिएको					१	१		१
महिला किनबेच	३		५	५				
बलात्कार	४		४	४				
बलात्कार प्रयास	१		१	१				
अमानवीय व्यवहार	१		१	१				
अपहरण	५	६		६				
जम्मा	३७	३२	१३	४५	८	९	१	१०
आत्महत्या	१९	५	१४	१९				
चोरी/डकैती	१	१		१				

वीरगन्ज जेलमा बन्दी रहेका सुन्दर वि.क. ०५६ मंसिर ७ गते प्रहरी हवल्दार रामबहादुर थापासँग मुढा बन्ने चोया किन्न भनी निस्किएकामा फिर्ता भएका छैनन्। यस घटनाका सम्बन्धमा प्रहरी हवल्दारमाथि कारबाही गरियो भने सुन्दरको अत्तोपत्तो छैन।

गिरफ्तारी र यातना

वीरगन्ज उमनपाबाट प्रकाशित हुने प्रतीक दैनिकका सहायक सम्पादक २२ वर्षीय श्याम बन्जरालाई ०५६ जेठ २१ गते ठाकुरराम क्याम्पसमा भएको आगलागीको समाचार संकलन गर्न गएको बेला प्रहरीले गिरफ्तार गरी ७ दिनसम्म हिरासतमा राखेकोमा २ हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

सिन्धुली जिल्ला कमलामाई नपाका कल्पना सुवेदी र इन्द्रप्रसाद ढुंल तथा सोही जिल्ला महादेवस्थान गाविस-४ का ४६ वर्षीय युद्धसिंह कुँवरलाई ०५६ असोज ७ गते पर्सा जिल्ला अदालतले रिहा गर्ने आदेश दिएपछि फेरि अदालत हाताभित्रबाट पर्सा जिल्ला प्रहरी कार्यालयका प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई सार्वजनिक सुरक्षा ऐन अन्तरगत ०५५ फागुन ३० गतेदेखि वीरगञ्ज जेलमा हिरासतमा राखिएको थियो।

बेपत्ता पारिएको

वीरगन्ज उमनपा-१९ का २४ वर्षीय महम्मद सलिम मिया ०५६ भदौ १० गते प्रहरीले अदालतमा बलात्कारसम्बन्धी अभियोगको बयान गराउन लगेदेखि बेपत्ता भएका छन्। उनको पत्तो लाग्न सकेको छैन।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

घोडदौडा पिपरा गाविसका अध्यक्ष ३८ वर्षीय राजेन्द्रप्रसाद चौहानलाई ०५५ पुस २३ गते केही अज्ञात व्यक्तिहरूले पंचायती गर्नुछ भनी अपहरण गरेर लगे। उनलाई ०५५ माघ ६ गते प्रहरीले भारतको मैनाटाहार थानाको बस्टा भन्ने गाउँको अविव मियाको घरबाट मुक्त गराई फिर्ता ल्याए।

महुअन गाविस-३ का ३० वर्षीय ठाकुर गिरीलाई ०५६ वैशाख ३ गते राजनीतिक प्रतिशोधका कारण नेकाँका कार्यकर्ताहरूले कुटपिट गरे।

लंगडी गाविस-८ का ३८ वर्षीय मुनिलाल साह कानु र १८ वर्षीय रामाशीष साहलाई ०५६ जेठ ८ गते द्वारिका साह कानु, सुरेश साह कानुलगायत्का व्यक्तिहरूले राजनीतिक प्रतिशोधका कारण कुटपिट गरे। पीडकउपर उजुरी गरिएकोमा राजनीतिक दबाबले पीडितहरूलाई नै मुद्दा लगाइएको छ।

चोर्नी गाविस-९ टेढाका गाविस अध्यक्ष ४१ वर्षीय अनवर आलमलाई ०५६ जेठ २४ गते राति १ बजे डाँकाहरूले घरभित्र प्रवेश गरी रडले टाउकोमा हिर्काइ घाइते बनाए। पीडितको टाउकोमा ३५ टाँका लगाउनुपरेको थियो।

विरञ्चिवर्वा गाविस-४ की ३५ वर्षीय गयसवानी खातुनलाई ०५६ साउन १२ गते अमरिका खातुन, पर्वत ठाकुरलगायत्का व्यक्तिहरूले राजनीतिक प्रतिशोधका कारण कुटपिट गरे।

सिर्सिया खलवाटोला गाविस-३ का ११ वर्षीय करिमन साह तुरहालाई ०५६ असोज २३ गते अज्ञात व्यक्तिहरूले घरबाट अपहरण गरी लगे। पीडितलाई १७ दिनपछि प्रहरीले भारतबाट फिर्ता ल्यायो।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

०५६ वैशाख २० गते भएको पहिलो चरणको निर्वाचनमा क्षेत्र नं. १ अन्तर्गतको हरपतगन्ज, क्षेत्र नं. २ को झौवागुठी, क्षेत्र नं. ३ को सुगौली र क्षेत्र नं. ४ को मसिहानी केन्द्रमा नेकाँका कार्यकर्ताहरूले एकलौटीरूपमा मतदान केन्द्र कब्जा गरेकाले जनताले स्वेच्छाले मतदान गर्न पाएनन्। ती ठाउँहरूमा पीडकहरूले हवाई फायरिङ गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको अदालतमा २ हजार ८ सय ७८ वटा मुद्दा रहेकोमा यस वर्ष १ हजार २ सय ६० वटा मुद्दा फर्स्यौट भए र १ हजार ६ सय १८ वटा बाँकी रहेका छन्। अदालतमा ३ वर्षभन्दा अधिका २५, २ वर्षभन्दा अधिका ७६ वटा मुद्दा


कल्पना सुवेदी

रहेका छन्। त्यसैगरी १ वर्षअघिका ५ सय २३, ६ महिना अघिका ५ सय ३ वटा र ६ महिना यनाका ४ सय ९१ वटा मुद्दाहरू रहेका छन्।

सरुवा, घटुवा र पक्षपात आदि

वीरगञ्ज उमनपा-७ लोहारपट्टी चौकमा ०५६ असार ३० गते आफ्नो ड्युटीमा बसेका ट्राफिक सुरेशप्रसाद यादवले ट्राफिक नियम विपरित मोटर साइकलमा गैरहेका मनक रौनियारलाई रोकी कानूनी कारवाही गर्न खोज्दा मनकले सुरेशप्रसादलाई हातपात गरे। तत्पश्चात् सुरेशप्रसादले जिल्ला ट्राफिक कार्यालयमा उजुरी गरे। जिल्ला ट्राफिकले जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गराउँदा कुनै कारवाही नभएपछि ०५६ साउन २ गते ट्राफिक प्रहरीहरू ड्युटीमा गएनन्। यसै विषयलाई लिएर प्रहरी प्रधान कार्यालयले प्रहरी निरीक्षक पूजा सिंह, सई ज्योति श्रेष्ठ, सई सुमन कार्की, असई कमल गुरुङ लगायत् १४ जना प्रहरीहरूलाई २४ घण्टाभित्र केन्द्रीय कार्यालयमा हाजिर हुने सूचना गरी सरूवा गर्‍यो।

महिला अधिकार

सिन्धुपाल्चोक जिल्ला गुम्सी भदौरेकी १८ वर्षीय विना लामा, १७ वर्षीय सन्जुमाया लामा र स्याउलेकी १७ वर्षीय निर्मला लामालाई भारततर्फ विक्री गर्न लैजाँदै गरेको अवस्थामा ०५५ माघ १९ गते वीरगन्ज उमनपा-२ स्थित इनर्वा प्रहरी चौकीले राम केसी र राधा परियारलाई गिरफ्तार गर्‍यो। पीडकहरूलाई मुद्दा चलाइएको छ।

कास्की जिल्ला पोखरा नैनीतालकी १५ वर्षीय अर्चना श्रेष्ठलाई ०५६ असोज ९ गते किशोर कुर्मीले फकाएर बेच्नका लागि भारत लैजाँदै गर्दा वीरगन्ज उमनपा-१ इनरूवा चेकपोष्टबाट माइती नेपालका कार्यकर्ताले समाती प्रहरीमा बुझाए। पीडकउपर कानूनी कारवाही भइरहेको छ।

चितवन जिल्ला भरतपुर नपा-४ की १२ वर्षीय राधिका रेग्मीलाई ०५६ मंसिर १९ गते कमल पुरीले भारततर्फ विक्री गर्न लैजाँदै गरेको अवस्थामा वीरगन्ज उमनपा-१ इनरूवा चेकपोष्टबाट माइती नेपालका स्वयमसेविकाले समाती प्रहरीमा बुझाए। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

वीरगन्ज उमनपा-३ की १६ वर्षीय एक महिलालाई ०५५ माघ २८ गते आफ्नै बाबु ४१ वर्षीय कृष्णबहादुर श्रेष्ठले बलात्कार गर्ने प्रयास गरे। अनुचित कार्य गर्न नमानेपछि बाबुले मट्टितेल खन्याएर आगो लगाई हत्या गर्ने कोसिससमेत गरेको थियो। पीडकलाई केही दिन थुनामा राखेर रिहा गरियो।

वीरगन्ज उमनपा-३ स्थित नारायणी उपक्षेत्रीय अस्पतालमा उपचारका लागि भर्ना भएकी ३० वर्षीय एक महिलालाई ०५६ वैशाख २६ गते राति सोही उमनपा-२ का कबिर हजराले बलात्कार गर्ने प्रयास गरे। कुरूवाहरूले पीडकलाई पक्रेर प्रहरीलाई बुझाएका थिए।

वीरगन्ज उमनपा-६ की ७ वर्षीय एक बालिकालाई ०५६ जेठ २ गते राति २ बजे पिसाव फेर्न निस्किएको बेला सोही ठाउँका विकास लामाले बलात्कार गरे। पीडकलाई जबरजस्ती करणीसम्बन्धी मुद्दा चलाइएको छ।

वीरगन्ज उमनपा-६ की एक महिलालाई ०५६ भदौ ६ गते समिया अन्सारी र समिम अन्सारीले घरबाट जबर्जस्ती उठाएर रानीघाटमा लगेर बलात्कार गरे। प्रहरीले समियालाई गिरफ्तार गरी कारबाही गरे भने अर्को पीडक फरार छ।

वीरगन्ज उमनपा-१९ की १३ वर्षीय एक बालिकालाई ०५६ भदौ १० गते महमद सलिम मियाले अपहरण गरी बलात्कार गर्‍यो। पीडकलाई कानूनी कारवाही भइरहेको छ।

आर्थिक अधिकार

श्री ५ को सरकारले कृषि औंजार कारखाना निजीकरण गरेपछि त्यहाँ कार्यरत् करिब ४ सय कर्मचारीहरू विचल्लीमा परेका छन्। कारखानाले ७ महिनासम्म तलब पनि नदिएपछि ०५६ असोज महिनाभरि नै कर्मचारीहरूले विरोध कार्यक्रमहरू संचालन गरेका थिए।

नारायणी सिचाईका ३ सय २३ जना कर्मचारीले २ महिनादेखि तलब नपाएपछि ०५६ असार २२ गतेदेखि डेढ महिनासम्म कार्यालयमा तालाबन्दी गरे।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

वीरगन्ज उमनपा-७ की ५२ वर्षीय विनादेवी शर्मालाई ०५५ चैत १ गतेदेखि आफ्नै छोरा २५ वर्षीय राजकुमार शर्माले आमासँग भएको सम्पत्ति तुरून्तै नदिएका कारण थुनेर कसैलाई भेट्न दिएनन्। पीडितले जिल्ला प्रशासन कार्यालयमा शान्ति सुरक्षाका लागि निवेदन दिएकी छिन्।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

हाम्रो समाज जागरण संस्थाका सचिव निर्मल देवकोटाले एक प्रेस विज्ञप्ति प्रकाशित गरी विरञ्चिवर्वा गाविस-४ की ३५ वर्षीय गर्भवती महिला जयसवानी खातुनलाई ०५४ साउन १२ गते राजनीतिक प्रतिशोधका कारण कुटपिट गरी मरणासन्न बनाइँदा पनि पीडकहरूमाथि कुनै कारबाही नहुनु खेदजनक भएको उल्लेख गर्दै तत्काल पीडकहरूमाथि कारवाही गर्न माग गर्नुभयो।

नेपाल स्वतन्त्र मजदूर युनियनका नेता दिनेश राईले ०५६ साउन १३ गते एक प्रेस विज्ञप्ति जारी गर्दै सरकारद्वारा तयार गरिएको श्रम ऐन कलकारखाना र औद्योगिक संस्थानमा कार्यान्वयन गर्न माग गर्नुभयो। साथै मजदूरसँग सम्बन्धित ११ सूत्रीय माग २१ दिनभित्र पूरा नगरे आन्दोलनमा उत्रने चेतावनीसमेत उक्त विज्ञप्तिमार्फत् दिइयो।

अतिरिक्त जानकारीहरु

तारा गण गुल्मका २७ जना सैनिकलाई ०५६ वैशाख ३० गतेदेखि सैनिक हिरासतमा राखी कारबाही भइरहेकोमा ०५६ साउन २१ गतेदेखि २ वर्ष ९ महिनाको जेल सजाय तोकी वीरगन्ज जेलमा लगिएको छ। यी सैनिकहरूलाई पर्सा वन्यजन्तु

आरक्षणमा कार्यरत् हुँदा गैरसैनिकसँग मिलेर लागू औषध गाँजाको कारोबार गरेको आरोप लगाइएको थियो।

वीरगन्ज उमनपामा कार्यरत् अशोककुमार कर्णको ०५५ फागुन २६ गते नारायणी उपक्षेत्रीय अस्पतालका डाक्टर मनोज गुप्ताको हेलचेक्र्याइँका कारण मृत्यु भयो। उपचारका लागि पुगेका अशोकलाई गुप्ताले सलाइन चढाइ एक इन्जेक्सन दिएपछि उनका अंगहरू चल्न छाडेका थिए। पछि सिनियर डाक्टर श्यामसुन्दर दासले बिरामीलाई दिइएको प्रेस्क्रिप्सन मागेर च्यातिदिएका थिए।

यो जिल्लामा यस वर्ष तीन जनाको थुनामा मृत्यु भयो। व्यक्तिगत कुटपिटका ४ घटनामा ४ पुरूष र १ महिला पीडित भए। धार्मिक हिंसाको १ घटनामा ९ जना पीडित भए।

२.१० चितवन



जनसंख्या	: ३५४४८८
साक्षरता प्रतिशत	: ५५.७
महिला साक्षरता प्रतिशत	: ४३
क्षेत्रफल (वर्ग किमी)	: २२१८
गाविस/नपा संख्या	: ३६/२
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: ३७७
क्याम्पस/उच्च मावि	: ८/१०
अस्पताल/ स्वास्थ्य चौकी	: ६/४७
टेलिफोन लाइन	: ४४२०
मोटर सडक (किमी)	: ५१०
प्रहरी कार्यालय संख्या	: २६
हुलाक संख्या	: ४२

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या / गोली

भरतपुर नपा-११ का ११ वर्षीय विष्णु गिरीलाई ०५६ साउन १४ गते जमडी माईटोल नजिकैको जंगलमा शाही सेनाका जवानहरूले तारो हान्दा गोली उछिट्टिएर पिँडुलामा लाग्यो। पीडितको भरतपुर अस्पतालमा उपचार भयो।

यस वर्ष यस जिल्लामा व्यक्तिगत रिसइवीका कारण भएका ६ घटनामा एक महिलासहित ६ जनाको हत्या भयो। जसमध्ये -

पशुपतिप्रसाद गण भरतपुर ब्यारेकका हवल्दार मेजर विनोदबाबु कट्टेललाई ०५६ पुस ४ गते अयोध्यापुरी गाविस-६ का ध्रुव पौडेल क्षेत्री, भरतपुर नपा-१० का जुटबहादुर लामा, गोपी परियार, विनय लामा र सञ्जय शेर्पाले चिर्पट र ढुंगाले टाउकोमा प्रहार गरी घाइते बनाएकामा अस्पतालमा उपचार गराउँदा गराउँदै भोलिपल्ट मृत्यु भयो। गोपी, ध्रुव र शंकरलाई भाग्दै गरेको बेला प्रहरीले पुस ९ गते गिरफ्तार गऱ्यो भने विनय, सञ्जय र जीवन फरार छन्। गिरफ्तारीमा परेकाहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

रत्ननगर नपाकी ९ वर्षीय बालिका निरू कुमालको स्थानीय श्याम सेढाईको खेतमा ०५६ असार ४ गते करेन्ट लागेर मृत्यु भयो। स्थानीय हर्कबहादुर कुमाल, उनकै छोरा किने कुमाल र बुद्धिमाया कुमालले जंगली जनावर रोक्ने निहुँ बनाएर करेन्ट लगाई निरूलाई मारेको भनी पीडित पक्षबाट जाहेरी परेकाले प्रहरीले हर्कबहादुरलाई थुनामा राखी अनुसन्धान गर्दै रहेको छ। किने फरार छ।

जेल र बन्दीहरु

७५ जनाको क्षमता भएको यहाँको जेलमा १६४ जना बन्दी, थुनुवा रहेका छन्। जसमध्ये पुरूषतर्फ कैद तोकिएका ३० र नतोकिएका १०१ जना रहेका छन् भने महिलातर्फ कैद तोकिएका २ र नतोकिएका १६ जना छन्। ८ बालिका र ६ बालक गरी १४ नाबालक यस जेलमा छन्। यहाँका बन्दीहरूलाई अध्ययनका लागि पुस्तकालय र मनोरञ्जनका लागि टेलिभिजनको व्यवस्था गरिएको छ। ट्वाइलेट र पानीको खासै समस्या यस जेलमा छैन। भवन सानो भएर तथा क्षमताभन्दा बढी बन्दी राख्नाले उब्जिएको समस्याबाहेक खासै ठूलो गुनासो यहाँका बन्दीहरूको छैन। जेलर हेमराज पाण्डे जेलका लागि नयाँ भवन बनाउन आफूले आग्रह गरेको तर त्यो कार्यान्वयन नभइरहेकाले आफूलाई दुःख लागेको बताउनुहुन्छ। महिला कक्षमा जाडोमा घाम देख्न उभिनै पर्ने र गर्मीमा हावा नछिर्ने समस्या कायमै छ।

यस वर्ष प्रहरी हिरासतबाट २ बन्दीहरू भाग्न सफल भए। माओवादी भएको आशंकामा गिरफ्तार गरिएकी नवलपरासी गैंडाकोटकी तारा कुमाल जिल्ला प्रहरी कार्यालयको हिरासतबाट ०५५ चैत २५ गते बिहान ४ बजे ट्वाइलेट गर्ने निहुँमा हत्कडीसहित भागिन्। त्यसैगरी जीउ मास्ने/बेच्ने मुद्दाअन्तर्गत गिरफ्तार परेका रामनारायण राजपुत ०५६ असोज २५ गते भरतपुर अस्पतालबाट ट्वाइलेट जाने निहुँमा भागे।

गिरफ्तारी र यातना

पटिहानी गाविस-१ का ५० वर्षीय टेकनाथ तिमिल्सिना र भरतपुर नपा-१० का वाम तथा देशभक्त मंच, चितवनका सचिव ४५ वर्षीय दण्डपाणी पौडेललाई माओवादी भएको आरोपमा ०५५ माघ ५ गते प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई कसैसँग पनि भेट गर्न नदिई माघ १२ गते रिहा गरियो।

शारदानगर गाविसका ५० वर्षीय खुशीराम पाखिन र मंगलपुर गाविसका २५ वर्षीय शारदा श्रेष्ठलाई माओवादी कलाकार भएको आरोपमा ०५५ माघ १० गते प्रहरीले गिरफ्तार गरी तीन दिनपछि जमानीमा रिहा गरे।

भरतपुर नपा-६ का ४६ वर्षीय भूमिश्वर कँडेललगायत्का ३ जनालाई ०५५ फागुन २४ गते अनेमसंघ (क्रान्तिकारी) द्वारा

आयोजित अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस कार्यक्रममा भाग लिएको आरोपमा प्रहरीले गिरफ्तार गरे। अदालतको आदेशले उनीहरूलाई २९ गते रिहा गरियो।

रत्ननगर नपा-३ का २२ वर्षीय कञ्चन खनालगायत्का ८ जनालाई निर्वाचन बहिष्कार गर्ने अभियानमा लागेको आरोपमा ०५६ वैशाख १५ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये ६ जनालाई वैशाख २३ गते रिहा गरियो भने कञ्चन र ईश्वरी खनाललाई अदालतको आदेशले जेठ ९ गते रिहा गरियो।

चैनपुर गाविस-२ का १४ वर्षीय योगेन्द्र डल्लाकोटीलाई ०५६ वैशाख १७ गते पिठुवा गाविस-३ डुम्रिचोकबाट प्रहरीले गिरफ्तार गरी कुटपिट गरे। पीडितका बाबु संजमोसँग सम्बद्ध भएकामा सोही ठाउँमा भएको बम विष्फोटको घटनामा संलग्न भएको आरोपमा योगेन्द्रलाई गिरफ्तार गरी यातना दिइएको थियो। पीडितलाई वैशाख १९ गते रिहा गरियो।

भण्डारा गाविस-५ का भोला सेढाई, चैनपुर गाविस-२ का सुस्मिता खनाल र अम्बिका अधिकारीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५६ भदौ ३ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई राज्यविरूद्धको अपराधअन्तर्गत तारेखमा राखी अनुसन्धान भइरहेको प्रहरीले बतायो।

बेपत्ता पारिएको



फणीन्द्र सिम्खडा

पिठुवा गाविस-७ का ३४ वर्षीय फणीन्द्र सिम्खडालाई ०५५ फागुन ३ गते भरतपुर नपास्थित नारायणी नदीको पुल नजिकै नुहाउँदै गर्दा प्रहरीले गिरफ्तार गरी बेपत्ता पारेको छ। जिल्ला प्रहरी कार्यालयले उनलाई गिरफ्तार नगरेको बताएको छ भने अदालतको बयानमा हिरासतमा सँगै बस्नेहरूले उनलाई गिरफ्तार गरी यातना दिइएको र आफूहरूसँगै बसेको जनाएका छन्।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

कृषि तथा पशु विज्ञान अध्ययन संस्थान रामपुरमा ०५६ साउन १७ गते भर्ना भएका बी.एस्सी. एजी. प्रथम वर्षका विद्यार्थी सुन्दर गुरूङको भर्ना नेविसंघका कार्यकर्ताहरू दिवस अधिकारीसहितको एक हुलले डिन डा. दुर्गादत्त ढकाललाई धम्की दिई रद्द गरायो। उनीहरूले डिनलाई राजीनामासमेत लेख्न वाध्य पारे। पीडितलाई अदालतले मुद्दाको किनारा नलागुन्जेल पढ्न दिने आदेश दिए पनि पढ्न दिइएन।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

०५६ वैशाख १९ गते बेलुका नेकपा (एमाले) की उम्मेद्वार सीता पौडेल मतदाता र कार्यकर्ता भेटघाट गर्दै रत्ननगर नपा-११ स्थित सुकुम्बासी टोलमा पुगेका बेला प्रचार समय सकिसकेको आरोपमा नेकाँका कार्यकर्ताले भेटघाट गर्न नदिई शिशी र धारिलो हतियारले प्रहार गरे। उक्त घटनामा सोही नपा-९ का राजु डंगोल र बाबुराम श्रेष्ठ घाइते भए। पिपले गाविसको एउटा चुनाव प्रचार कार्यक्रममा नेकाँका कार्यकर्ता रामेश्वर वली नेकाँ-एमाले कार्यकर्ता झडपमा परी गम्भीर घाइते भए।

आमनिर्वाचन बहिष्कारको आव्हान गर्दै जुलुस, कोणसभा र माइकिङ गर्दा ०५६ वैशाख २५ गते विभिन्न स्थानबाट प्रहरीले ३ महिला र १७ जना पुरूषलाई गिरफ्तार गरे। यस वर्ष विभिन्न ६ वटा घटनामा महिला ६ र पुरूष २५ गरी ३१ जनालाई प्रहरीले गिरफ्तार गरेर शान्तिपूर्णरूपले गतिविधि गर्न पाउने अधिकारबाट वञ्चित गरायो। ०५६ सालको आमनिर्वाचनका क्रममा शिवनगर गाविसमा नेकपा (एमाले) का प्रतिनिधि धीरेन्द्र पोखरेललाई नेकाँका कार्यकर्ताहरूले कुटपिट गरी घाइते पारेपछि नेकाँका नेता मुक्तिलाल चुकेको गाडीमा अस्पताल ल्याइएको थियो। त्यसपछि उक्त मतदान केन्द्रमा नेकाँ पक्षीयहरूले एकलौटी मतदान गराएका थिए।

गुन्जनगर गाविस, भरतपुर नपा-१०, गीतानगर गाविस-१, शिवनगर गाविस-१ को बुथमा नेपाली काँग्रेस पक्षकाले एकलौटी मतदान गरेको भनी नेकपा (एमाले) ले ती केन्द्रहरूको मतदान वदर गरी पुनः मतदानका लागि निर्वाचन आयोगमा निवेदन दर्ता गराएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यहाँको जिल्ला अदालतमा ७ सय ६२ थान मुद्दा दर्ता भएकामा ४ सय २२ थान फर्स्यौट भए। गत वर्षका ३ सय ४२ थान मुद्दा सरिआएकोसमेत गरी ६ सय २ थान मुद्दा फर्स्यौट हुन बाँकी छन्। साधारण देवानीमा ३ सय ९०, साधारण फौजदारीमा ९६, सरकारवादी फौजदारीमा १ सय ४८ र विशेष अदालत फौजदारीमा ५८ थान मुद्दाहरू परे। यस वर्ष उपरोक्त शीर्षकका साधारण देवानीको २ सय ४५, साधारण फौजदारीको ४३, सरकारवादी फौजदारीको ३३ र विशेष अदालत फौजदारीको २२ थान मुद्दाहरू फैसला भए। यहाँको जिल्ला अदालतमा २ वर्ष नाघेका २० वटा र एक वर्ष नाघेका १६९ थान मुद्दाहरू रहेका छन्।

जिल्ला प्रशासन कार्यालयमा यस वर्ष विभिन्न शीर्षकमा ५२ थान मुद्दा दर्ता भए। गत वर्षको ३० वटा मुद्दा पनि सरेर आए। यस वर्ष ५९ थान मुद्दा फैसला हुन सक्यो।

सरुवा, घटुवा र पक्षपात आदि

रत्ननगर नपाका कर्मचारी राजेन्द्र डंगोललाई ०५६ मंसिर २१ गतेदेखि नपाका प्रमुख नारायण वनले नेकपा (माले) को पक्षमा मतदान नगरेको आरोपमा जागिरबाट निष्काशन गरे।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

०५० सालको बाढीबाट प्रभावित भई वीरेन्द्र क्याम्पसको जग्गामा राखिएका झण्डै २ सय सुकुम्बासी र

बाढीपीडितहरूलाई स्थानीय प्रशासनको सहयोगमा क्याम्पस प्रशासनले हटाउँदा उनीहरूको विचल्ली भएको छ।

महिला अधिकार

धादिङ जिल्ला बेनिघाट घर भई भरतपुर नपा बस्ने १६ वर्षीय फूलमाया परियारलाई ०५५ माघ १३ गते सोही ठाउँ बस्ने ३० वर्षीय विनु तामाङ र मकवानपुर जिल्ला कुलेखानीकी शर्मिला तामाङले बम्बै लगी बिक्री गरे। पीडकहरूलाई ०५६ जेठ ९ गते गिरफ्तार गरी थुनामा राखियो।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	६	५	१	६				
गोलीद्वारा घाइते					१	१		१
गिरफ्तारी र यातना					६	१४	५	१९
कुटपिट	४	१४		१४				
वेपत्ता पारिएको					१	१		१
महिला किनबेच	६		६	६				
बलात्कार	४		४	४				
बलात्कार प्रयास								
बहुविवाह	२		२	२				
पारिवारीक हिंसा	१		१	१				
अमानवीय व्यवहार	१	१		१				
जम्मा	२४	२०	१४	३४	८	१६	५	२१
लाश फेला	२	१	१	२				
आत्महत्या	१८	११	७	१८				
चोरी/डकैती	८	८		८				
दुर्घटनाहरू/विपत्तिहरू	१९	३३	१५	४८				

भरतपुर नपा-२ बस्ने पोखरा उमनपाकी २६ वर्षीय लक्ष्मी ढकाललाई ०५५ फागुन २२ गते सोही ठाउँका ४५ वर्षीय रामनारायण राजपुत र ४१ वर्षीय शोभा राजपुतले भारतमा लगी बिक्री गरे। माइती नेपालको सहयोगमा उद्धार गरिएपछि उनले दिएको उजुरीका आधारमा प्रहरीले पीडकहरूलाई गिरफ्तार गरेको छ। रामनारायणलाई ०५६ असोज २८ गते उपचार गराउन भरतपुर अस्पताल लैजाँदा फरार भए।

भरतपुर नपा-९ की हिरामाया वि.क. लाई ०५५ चैत १ गते सोही नपा-१० का तुलबहादुर बिक, पार्वती रिजालसहितका ८ जनाले बम्बै लगी ४० हजार रूपैयाँमा बिक्री गरे। पीडकहरूलाई चैत १६ गते गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखियो।

जगतपुर गाविस-१ की १२ वर्षीय एक बालिकालाई ०५६ असार ८ गते सोही ठाउँका युवकला बुढाथोकी, कृष्णबहादुर बुढाथोकी, लक्ष्मण लामिछाने र नुवाकोट जिल्ला थानसिङ गाविस-४ का कुमार घर्तीले भारत लगी बिक्री गर्ने प्रयास गरे। स्थानीय गाउँलेहरूले थाहा पाई उजुरी गरेपछि कुमार र युवकला गिरफ्तार भएका छन् भने अन्यको खोजी भइरहेको छ।

वीरेन्द्रनगर गाविस-२ की १७ वर्षीय एक महिलालाई ०५६ भदौ २३ गते दाङ जिल्लाका २८ वर्षीय ज्ञानेन्द्र गिरीले भारतमा लगी बिक्री गर्ने उद्देश्यले चुइगम खुवाई लठ्याएर लग्दै गर्दा काकडभिट्टा पुगेपछि होसमा आइ भाग्न सफल भइन्। पीडकलाई २५ हजार रूपैयाँ धरौटी लिइ छाडिएकोमा पुनः गिरफ्तार गरी थुनामै राखिएको छ।

भण्डारा गाविस-८ की १९ वर्षीय एक महिलालाई ०५६ भदौ २७ गते रत्ननगर नपा-६ का कृष्णबहादुर दर्जी र बुद्धिमाया दर्जीले बिक्री गर्न भारततिर लैजाँदै गर्दा एक भारतीय नागरिकले माइती नेपालको काकडभिट्टास्थित आवधिक गृहमा बुझाइदिए। पीडकहरूलाई थुनामा राखिएको छ।

भरतपुर नपा-१ की ६ वर्षीय एक बालिकालाई ०५६ वैशाख ६ गते सोही स्थान बस्ने ३० वर्षीय जेमन्त राईले बलात्कार गरे। पीडकलाई अदालतले ४ वर्षको कैद सजाय तोकेको छ।

भरतपुर नपा-१२ बस्ने १४ वर्षीय एक बालिकालाई ०५६ वैशाख २४ गते सोही ठाउँका जयप्रकाश गिरीले बलात्कार गरे।

कठार गाविस-१ की ८ वर्षीय एक बालिकालाई ०५६ जेठ ७ गते सोही ठाउँका गोकुल राईले बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरे।

खैरहनी गाविस-४ की १३ वर्षीय एक लाटी बालिकालाई ०५६ भदौ १८ गते चैनपुर गाविस-७ का २० वर्षीय भोजबहादुर थापाले बालिकाकै घरमा बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेको छ।

यस वर्ष यो जिल्लामा दुई जनाले बहुविवाह गरेको तथा पारिवारिक हिंसाको १ घटनामा एक महिला पीडित भएको जानकारीमा आयो। जसमध्ये -

भरतपुर नपा-१३ नारायणपुरकी २२ वर्षीय ईश्वरी राणा (भट्टराई) लाई ५ महिनाको गर्भ पतन गराउन नमानेको आरोपमा ०५६ जेठ २० गते आफ्नै पति २५ वर्षीय प्रल्हाद राणाले छुरी प्रहार गरी घाइते बनाए। पीडक फरार छ।

बालअधिकार (बालबालिकाउपरको अत्याचार)

यस जिल्लामा करिब २ सय जति सडक बालबालिका रहेका छन्। विशेषगरी चेपाङ वस्ती भएको ठाउँमा बालबालिकाहरू आफ्नो अधिकारबाट वञ्चित छन्। तराइको आदिवासीका रूपमा रहेका थारू र दराई जातिका बालबालिका निकै पिछडिएको अवस्थामा छन्।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

रामपुर क्याम्पसमा नेविसंघका विद्यार्थीहरूबाट भएको कुटपिटको विरोध र सुन्दर गुरूङको भर्नाका लागि चार

अखिलहरूको नेतृत्वमा ०५६ साउन १९ गते दोषीमाथि कारबाही गर्न माग गर्दै ५ सूत्रीय मागसहितको ज्ञापनपत्र प्रमुख जिल्ला अधिकारीसमक्ष पेश गरियो। यस सम्बन्धमा अन्य विरोध कार्यक्रमहरू पनि आयोजना गरिएको थियो।

नेपाल विद्यार्थी संघ, चितवनले सरस्वती बहुमुखी क्याम्पस स्ववियु सभापति सन्देश अधिकारीलाई अनेरास्ववियु समर्थक विद्यार्थीहरूले कुटपिट गरेको विरोधमा ०५६ मंसिर २० गते भरतपुरमा आधा घन्टा चक्काजाम गरे।

अतिरिक्त जानकारीहरु

कुमरोज गाविस-४ सिम्रेनीका एक वृद्ध जोगी कान्छा कुमाललाई सोही स्थानमा बिरामी भई बसेको बूढो गैंडा मरेको विषयमा अनुसन्धान गर्न भनी राष्ट्रिय निकुञ्ज प्रशासनले ०५६ मंसिर १५ गते हिरासतमा लिएकोमा ३ दिनपछि ट्वाइलेटमा झुण्डिई मरेको अवस्थामा कान्छालाई भेटियो। निकुञ्ज प्रशासनले आत्महत्या गरेको बताएको छ भने गाविस र वफर जोनका प्रतिनिधिले आत्महत्याप्रति शंका व्यक्त गरी पोष्टमार्टम गर्नुपर्ने बताएका कारण लासलाई पोष्टमार्टमका लागि काठमाडौं लगियो।

यस जिल्लामा यस वर्ष १४ वटा कुटपिटका घटना जानकारीमा आए, जसमा १४ जना पुरूष पीडित भए। ११ पुरूष र ७ महिलाले आत्महत्या गरे, जसमा शिक्षक र नाबालकदेखि ७० वर्षे वृद्धसमेत रहेका छन्। ३३ पुरूष र १५ महिलाको दुर्घटनामा परेर मृत्यु भयो। दुई वटा अज्ञात लास फेला पर्‍यो।

२.११ मकवानपुर

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या/गोली

हाँडिखोला गाविस-७ का २८ वर्षीय रामबहादुर लोलाई ०५६ जेठ १६ गते पर्सा वन्यजन्तु आरक्षका सैनिकहरूले आरक्षभित्र शिकार खेल्न गएका कारण गोली हानी हत्या गरे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका १२ घटनामा ५ जना महिला सहित १२ जनाको हत्या भयो। अज्ञात व्यक्तिहरूले हानेको गोलीबाट ४ जना पुरूष घाइते भए। जसमध्ये -

हेटौंडा नपा-१० स्थित समिल रोडमा गर्भपतन गराउन आएकी चितवन माडी गाविस-४ की २४ वर्षीय भागिरथी रानाभाटको ०५५ माघ २० गते मृत्यु भयो। डा. आरके सिंहले गर्भ पतन गराउन खोज्दा उनको पेटबाट आन्द्राभुँडी नै चुँडिन जाँदा मृत्यु भएको थियो। सिंहलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

पालुङ गाविस-९ की २० वर्षीय कान्छीमाया योञ्जनलाई ०५५ फागुन १३ गते सौता सुन्दरीमाया योञ्जनले टाउकोमा खुर्पा प्रहार गरी हत्या गरिन्। पीडक पुर्पक्षका लागि थुनामा छिन्।

छुरी प्रहार गरी हत्या गरिएका प्रहरी जवान गोविन्द पौडेल

बसामाडी गाविस-३ की १६ वर्षीय विना छुमीलाई ०५६ असार ७ गते आफ्नै पति धावासाङ छुमीले कुटपिट गरी हत्या गरे। पीडकलाई धरौटीमा रिहा गरिएको छ।

खैराङ गाविसस्थित कान्द्राङ चौकीका प्रहरी २५ वर्षीय गोविन्दप्रसाद पौडेललाई ०५६ असोज ६ गते शिवकुमार थिङ, बुद्धलाल थिङ, शारदाकुमार थिङ र पदमलाल थिङले छुरी प्रहार गरी हत्या गरे। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

यस जिल्लाको भीमफेदीमा अवस्थित "घ" श्रेणीको जेल ४१ जना बन्दी क्षमता भएको जेल हो। यस जेलमा १ सय ७ जना थुनुवा छन्, जसमा ९९ पुरूष छन् भने १ महिलासहित ४ जना बन्दी छन्। नाबालक नभएको यस जेलमा "ख" श्रेणीको सिदा दिइने गरिएको छ। राजनीतिक बन्दी यहाँ छैनन्। चर्पी, पानी आदिको राम्रो व्यवस्था भएको यस जेलमा गुटबन्दी छैन। प्रत्येक दुई वर्षमा सुकुल, मण्डी दिइने गरिएको यस जेलमा ६/६ महिनामा लगाउने कपडा पनि दिइन्छ र दैनिक १५ रूपैयाँका दरले १५/१५ दिनमा रकम पनि दिइन्छ।

यहाँ सामान्य रोगको उपचार स्थानीय चौकीबाटै गरिन्छ र आवश्यक भए बाहिर पनि लगिन्छ। टेलिभिजन र रेडियोको व्यवस्था भएको यस जेलमा शनिबार र बिदाको दिनबाहेक अन्य दिन बन्दीसँग भेटघाट गर्न दिइन्छ। जेलरको निर्देशनमा हत्कडी र नेल लगाई यातना दिइने बन्दीहरू बताउँछन्।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

मकवानपुरगढीको धरमपानीमा रहेको प्लान इन्टरनेशनल, मकवानपुर शाखा कार्यालयका कर्मचारीहरूलाई ०५६ चैत १५ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिई क्यामेरा, कम्प्युटर, डेक, टिभी आदि लुटेर लगे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा तीन वर्षभन्दा बढी समयदेखि छिनिन नसकेको एउटा मात्र मुद्दा रहेको छ। दुई वर्षसम्म नछिनिएका मुद्दाहरू २१ थान रहेका छन्, जसमा दुनियावादी देवानी ८, फौजदारी दुनियावादी ६ थान छन् भने सरकारवादी फौजदारी ७ थान छन्। एक वर्षसम्म नछिनिएका मुद्दा २ सय १२ थान रहेका छन्। त्यसैगरी ६ महिनासम्म नछिनिएका मुद्दाको संख्या भने ३ सय ५ थान रहेका छन्।

जिल्ला प्रशासन कार्यालयमा २ वर्षसम्म नछिनिएका मुद्दाको संख्या ७ थान छ, एक वर्षसम्म नछिनिएका २८ थान र सार्वजनिक अपराधका मुद्दा रहेका छन्। त्यसरी नै जिल्ला वन कार्यालयमा एक वर्ष नछिनिएका मुद्दाको संख्या ७ रहेको छ भने ६ महिनासम्म नछिनिएका मुद्दाको संख्या ९ रहेको छ।



जनसंख्या	: ३१४५९९
साक्षरता प्रतिशत	: ३८.३
महिला साक्षरता प्रतिशत	: २४.५
क्षेत्रफल (वर्ग किमी)	: २४२६
गाविस/नपा संख्या	: ४३/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ३८०
क्याम्पस/उच्च मावि	: ३/-
अस्पताल/ स्वास्थ्य चौकी	: १/४५
टेलिफोन लाइन	: २०००
मोटर सडक (किमी)	: ३०५
प्रहरी कार्यालय संख्या	: २९
हुलाक संख्या	: ४८

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा परम्परादेखि नै बस्दै आएका सुकुम्बासीहरूको संख्या करिब २ हजार ५ सय छ। हेटौंडा नपा-११ को राप्ती खोलाको बगरमा छाप्रो बनाइ बस्ने सुकुम्बासीको संख्या करिव ६ सय रहेको छ। गत वर्षामा आएको बाढीले सुकुम्बासीहरूका १६ वटा झुप्राहरू बगाएर लगेको थियो। ०३९ सालमा आएको बाढीले घरबारविहीन भएका सुकुम्बासीहरू मनहरि लोथरको सडक दायाँ बायाँ छाप्राहरू हालेर बसेका छन्।

राज्यका तर्फबाट दिइँदै आएको वृद्ध तथा असहाय भत्ता सम्बन्धितहरूले विगत ६ महिनादेखि पाउन सकेका छैनन्। अन्तर्राष्ट्रिय वृद्ध वर्षको अवसरमा जिल्लाका १ सय २६ जना वृद्धहरूलाई सम्मान गरियो।

महिला अधिकार

राक्सिराङ गाविस-४ की १७ वर्षीय मैया प्रजा र सोही गाविस-५ की १८ वर्षीय सुन्तली विकलाई ०५५ फागुन १७ गते हेटौंडा नपा-११ की सुभद्रा परियारले जागिर खुवाइदिने भनी फुक्याएर बिक्री गर्ने उद्देश्यले बम्बईतर्फ लगिरहेका बेला प्रहरीले गिरफ्तार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

हाँडिखोला गाविस-३ की १४ वर्षीय एक बालिकालाई ०५६ जेठ १ गते आफन्तको घरमा जाने भनी फुक्याएर हटिया गाविस-३ की ३० वर्षीय सीता वि.क. ले बेच्न बम्बईतर्फ लगिरहेका बेला उनी भागेर आउन सफल भइन्। पीडकलाई प्रहरीले गिरफ्तार गरे।

मनहरि गाविस-४ की कविता प्रजालाई ०५६ जेठ १८ गते हेटौंडा नपा-११ की पार्वती परियारले फिल्म हेर्न जाऔं भनी लगेर बेहोस हुने औषधी खुवाई बम्बई लगेर बिक्री गरिन्। पीडकलाई प्रहरीले गिरफ्तार गरेको छ। पीडित ६ महिनापछि भागेर आउन सफल भइन्।

चुरियामाई गाविस-४ की १७ वर्षीय संगिता लामालाई ०५६ साउन १० गते नामटार गाविस-२ का नवराज परियारले घुम्न जाऔं भनी फकाएर बेच्ने उद्देश्यले बम्बई लग्दै गर्दा हेटौंडा बजारबाट प्रहरीले गिरफ्तार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

फापरबारी गाविस-७ की १६ वर्षीय कल्पनामायालाई ०५६ कात्तिक ४ गते सोही ठाउँका आफ्नै दिदी भिनाजु चमेलीमाया लामा र वीरेन्द्र मण्डलले भारतको बम्बईमा लगी बिक्री गरे। पीडकहरूलाई गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

सरिखेत गाविस-४ का १७ वर्षीय सरिता वि.क. र १६ वर्षीय माइली प्रजालाई ०५६ मसिर ३ गते पदमपोखरी गाविसका भीमबहादुर मोक्तानले फकाएर बेच्ने उद्देश्यले लग्दै गर्दा हेटौंडा बसपार्कबाट प्रहरीले गिरफ्तार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी थुनामा राखिएको छ।

छतिवन गाविस-८ की १८ वर्षीय सावित्री थिङलाई ०५६ मसिर ५ गते पदमपोखरी गाविसका कमल लोप्चनले मामाघर पुऱ्याइदिन्छु भनेर भारतको बम्बईमा लगी बिक्री गरे। पीडकलाई थुनामा राखिएको छ।

बसामाडी गाविस-१ की १६ वर्षीय मुना थिङलाई ०५६ मसिर २४ गते सोही ठाउँका राधा लामा र मैना रिजालले प्रलोभनमा पारी बेच्ने उद्देश्यले बम्बईतर्फ लाँदै गर्दा अभिभावकहरूले फेला पारे। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

हटिया गाविस-७ की ४ वर्षीय एक बालिकालाई ०५६ वैशाख २६ गते सोही गाविसका १३ वर्षीय राजीव परियारले बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

मनहरि गाविसकी ४ वर्षीय एक बालिकालाई ०५६ जेठ १७ गते सोही गाविसका २० वर्षीय दोर्जे लामाले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

मकवानपुरगढी गाविस-३ स्थित चण्डिका माविको कक्षा ६ र ७ मा पढ्ने क्रमशः १३ र १६ वर्षीय विद्यार्थीहरूलाई ०५६ जेठ १९ गते सोही विद्यालयका शिक्षकद्वय रामबाबु यादव र

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	११	६	५	११				
गोलीद्वारा हत्या	१	१		१	१	१		१
गोलीद्वारा घाइते/हवाइ फायर	२	४		४				
कुटपिट	१		१	१				
धम्की	२	५		५				
महिला किनबेच	८		९	९				
बलात्कार	४		५	५				
बलात्कार प्रयास	२		२	२				
बहुविवाह	१		१	१				
गर्भपतन	१		१	१				
पारिवारीक हिंसा	३		३	३				
आर्थिक अधिकार					१			
जातीय छुवाछूत	१	१		१				
जम्मा	३७	१७	२७	४४	२	१		१
आत्महत्या	६२	२७	३५	६२				
चोरी/डकैती	१	१		१				
दुर्घटनाहरू/विपत्तिहरू	१६	१४	१२	२६				

पर्सनप्रसाद यादवले प्रश्नपत्र देखाइदिन्छु भनी बोलाएर बलात्कार गरे। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

चुरेमाई गाविस-४ की १७ वर्षीय एक युवतीलाई ०५६ कात्तिक २ गते सोही ठाउँका २२ वर्षीय कुमार लामाले बलात्कार गर्ने प्रयास गरे। पीडक फरार छ।

भीमफेदी गाविस-८ जुरीखेतकी १४ वर्षीय एक बालिकालाई ०५६ मंसिर १९ गते सोही ठाउँका राजकुमार लामा, संजय पोडे मानकाजी थापा, कोक्टेन लामा र राजेन्द्र लामाले बलात्कार गरे। राजकुमार र संजयलाई प्रहरीले गिरफ्तार गरे भने अरू पीडक फरार छन्।

यस वर्ष यो जिल्लामा एक जनाले बहुविवाह गरेको जानकारी प्राप्त भयो। पारिवारिक हिंसाका ३ घटनामा ३ महिला पीडित भए। गर्भ पतन गराउन खोज्ने एक महिलाको रक्तस्रावका कारण मृत्यु भयो। जसमध्ये -

सरिखेत गाविस-४ की ३६ वर्षीय हिरामाया थापालाई ०५६ साउन १४ गते रक्सी नखाउ भनेर अनुरोध गर्दा आफ्नै पति दलबहादुर थापाले कुटपिट गरी घाइते बनाए।

पालुङ गाविस-४ की ३८ वर्षीय गीता थापाको ०५५ माघ २२ गते स्थानीय स्वास्थ्य केन्द्रमा गर्भपतन गराउन खोज्दा रक्तस्राव भएर मृत्यु भयो।

बालअधिकार
(बालबालिकाउपरको अत्याचार)

यस जिल्लाका विभिन्न होटल, भट्टी, गाडी मर्मत गर्ने ठाउँ आदिमा गरेर करिब ५ सय बाल मजदूर भएको अनुमान छ। करिब ७० जना सडक बालबालिका पनि यस जिल्लामा छन्।

आर्थिक अधिकार

हेटौंडा औद्योगिक क्षेत्रभित्र रहेका बहुराष्ट्रिय कम्पनीका उद्योगहरू कोलगेट पाल्मोलिम र कोडाक नेपालले त्यहाँ कार्यरत् मजदूरहरूलाई युनियन गठन गर्न दिएका छैनन्। अन्य उद्योगहरूमा यो समस्या देखिएको छैन। विभिन्न संगठित संस्थाहरूमा श्रम ऐनअन्तर्गत मजदूर एवं कामदार भर्ना नगरी ठेक्का प्रथाअन्तर्गत काम लगाउने गर्नाले मजदूरहरूको सामाजिक सुरक्षा र वृत्ति विकासमा अवरोध देखिएको छ।

हेटौंडा कपडा उद्योग र छाला उद्योगका मजदूरहरूले उद्योग बन्द भएका कारण भदौ, असोज, कात्तिक, मंसिर र पुस महिनाको तलब भत्ता पाएनन्।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

डाँडाखर्क गाविस-४ का रामबहादुर मोक्तानले सोही ठाउँकी सुन्दरी विकसँग प्रेम विवाह गरेपछि तल्लो जातकी केटीसँग विवाह गरेको भनी रामबहादुरका घरपरिवारले छोरा-बुहारीलाई ०५६ असार २५ गतेदेखि घरभित्र पस्न दिएनन्।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

हेटौंडा कपडा उद्योग आर्थिक अभावका कारण ०५६ भदौ ८ गतेदेखि बन्द भएकाले संचालन गर्न माग गर्दै उद्योगका मजदूर एवं कर्मचारीहरूले ०५६ भदौ १६ गते जुलुस र १७ गते चक्काजाम कार्यक्रम गरी विरोध प्रदर्शन गरे।

अतिरिक्त जानकारीहरु

दुर्घटनामा परेर २१ जनाको मृत्यु भयो। पहिरोमा परेर २ जनाको, खोला र कुवामा डुबेर ३ जनाको मृत्यु भयो। ३५ महिला र २७ पुरुषले आत्महत्या गरे।

२.१२ ललितपुर

जनसंख्या	: २५७०८६
साक्षरता प्रतिशत	: ६३.८
महिला साक्षरता प्रतिशत	: ४९.१
क्षेत्रफल (वर्ग किमी)	: ३८५
गाविस/नपा संख्या	: ४१/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ३९५
क्याम्पस/उच्च मावि	: ७/१३
अस्पताल/ स्वास्थ्य चौकी	: ४/३५
टेलिफोन लाइन	: २५०००
मोटर सडक (किमी)	: ३४९
प्रहरी कार्यालय संख्या	: २६
हुलाक संख्या	: ४६

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

भट्टेडाँडा गाविसस्थित प्रहरी चौकीमा कार्यरत् ३४ वर्षीय प्रहरी हवल्दार यज्ञबहादुर गुरूङ र २५ वर्षीय प्रहरी जवान रामप्रसाद ढुंगानालाई ०५५ पुस १८ गते चौकीमा माओवादीहरूले गोली हानी हत्या गरे।

रामेछाप जिल्ला लखनपुरका २५ वर्षीय रमेश ढुंगेललाई माओवादीहरूले आर्थिक हिनामिना र सुराकी गरेको आरोपमा ०५६ भदौ २१ गतेतिर पाटनमा हत्या गरे। पीडित नेकपा माओवादीका सोलु-ओखलढुंगाका उप-सेक्रेटरी थिए।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ९ घटनामा २ जना महिलासहित ९ जनाको हत्या भयो। महिलामध्ये एक जना १ महिनाकी बालिका पनि थिइन्। जसमध्ये -

ललितपुर उमनपा धोवीघाटकी ४३ वर्षीय मीरा राना मगरलाई ०५५ फागुन १ गते आफ्नै पति गोपाल राना मगरले सुतिरहेका बेला शरीरमा मट्टितेल खनाई जलाएर हत्या गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा अदालतको आदेशबमोजिम थुनामा राखिएको छ।

दलचौकी गाविस-१ की एक महिनाकी एक बालिकालाई ०५६ मंसिर ९ गते सोही गाविसको सिस्नोबारीमा लगेर आफ्नै आमा २१ वर्षीय पिकुली थोकरले धारिलो हतियारले हिर्काइ हत्या गरिन्। पीडकलाई तारेखमा रिहा गरिएको छ।

जेल र बन्दीहरु

यस जिल्लाको नख्खुमा रहेको जेलको क्षमता १ सय ५० जनाको हो। यस जेलमा १ सय ८८ जना बन्दी रहेका छन्। बन्दीमध्ये कैद तोकिएका १ सय ४ जना र नतोकिएका ८४ जना छन्। यस जेलमा २ जना बालक आश्रितका रूपमा रहेका छन् भने महिला बन्दी छैनन्। १५ देखि ४५ वर्षसम्मका कैद तोकिएका १ सय र कैद नतोकिएका ५ गरी जम्मा १ सय ५८ रहेका छन्। त्यस्तै ४५ वर्षभन्दा माथिका बन्दीमध्ये २० जना कैद तोकिएका र १० जना कैद नतोकिएका गरी जम्मा ३० जना रहेका छन्। सरकारले राजनीतिक बन्दी भनेर घोषणा नगरे पनि यस जेलमा माओवादी गतिविधिमा संलग्न भएको आरोपमा गिरफ्तार गरिएका १६ जनालाई हातहतियार तथा खरखजाना, सार्वजनिक, ज्यानमार्ने उद्योग आदि मुद्दा लगाई राखिएको छ।

राजनीतिक बन्दीहरू राखिने गरिएको चर्चित नख्खु जेलको भौतिक स्थिति ठीकै छ। भित्र १४ र बाहिर ३ गरी १७ वटा चर्पी रहेको यस जेलमा बन्दी बन्दीबीचको सम्बन्ध राम्रै छ। यहाँका बन्दीहरूलाई दैनिक ७०० ग्राम चामल र १५ रूपैयाँ दिइने गरिन्छ। प्रत्येक दुई वर्षमा एक पटक सिरक डसना दिइन्छ भने ६-६ महिनामा मौसमअनुसारको तयारी वा कोरा कपडा दिइन्छ। सामान्य उपचारको व्यवस्था जेलभित्रै छ भने गम्भीर उपचारका लागि अस्पताल लगिने गरिएको छ। प्रत्येक बिहीबार डाक्टरद्वारा र अन्य बेला कम्पाउण्डरद्वारा जँचाउने प्रक्रिया छ। प्रत्येक ६ महिनामा उडुस उपियाँका लागि औषधी वितरण गरिन्छ। सीआरसी भन्ने संस्थाले टेलिभिजन दिएको छ। स्कूल जान चाहनेलाई जाने व्यवस्था छ भने जेलभित्रै विशेष कक्षा पनि संचालन गरिएको छ। मैनबत्ती बनाउने तालिम बन्दीहरूलाई दिइएको छ। पत्रपत्रिका र चिठीपत्रको सुविधा भएको यस जेलमा फोनको सुविधा खासै छैन। यातना नदिइएको बन्दीहरू बताउँछन्। अनुशासन भंग गर्नेलाई सबै जना मिलेर गोलघरमा राख्छन् र पछि सबैको रोहबरमा छाडिने गरिएको छ।

गिरफ्तारी र यातना

कालेश्वर गाविस-७ का ३७ वर्षीय राजेश वाइबालाई माओवादी भएको आरोपमा ०५५ पुस २१ गते प्रहरीले घरबाटै गिरफ्तार गरे। पीडित टिबी रोगबाट ग्रस्त भएका कारण धरौटीमा रिहा गरिएको छ।

कालेश्वर गाविस घर भई चापागाउँ गाविस-२ बस्ने ४० वर्षीय गंगाराज गोले, २७ वर्षीय रामकुमार स्याङतान, इकुडोल गाविस-८ का ४३ वर्षीय आश्विनकुमार दाहाल र ३९ वर्षीय नेत्रबहादुर दर्लामीलाई माओवादी गतिविधिमा लागेको आरोपमा ०५५ पुस २२ गते प्रहरीले गिरफ्तार गरी ज्यानमार्ने

नख्खु जेलको अगाडिको भाग

उद्योगलगायत्का विभिन्न मुद्दा लगाएर गंगाराज र नेत्रबहादुरलाई जनही ५ हजार रूपैयाँ धरौटीमा रिहा गरिएको छ भने अन्यलाई थुनामा राखिएको छ।

लुभु गाविस-१ स्थित प्रारम्भ फेसन प्रालिमा कार्यरत मजदूरहरू काभ्रे जिल्ला भैंसेपाटीका १९ वर्षीय साजन बुढाथोकी, पाटनका २३ वर्षीय श्यामबालक सिंह र पाटन सुन्धाराका २० वर्षीय श्याम श्रेष्ठलाई कारखानाको मेनेजरलाई कुटपिट गरेको आरोपमा ०५५ पुस २७ गते प्रहरीले गिरफ्तार गरी सख्त यातना दिएर रिहा गरे।

चापागाउँ गाविस-२ की ३० वर्षीय भक्तिमाया गोलेलाई ०५५ माघ २० गते प्रहरीले माओवादी भएको आरोपमा गिरफ्तार गरे। पीडितलाई तारेखमा रिहा गरिएको छ।

सुरेश आले मगर

नेपाल प्रगतिशील प्राध्यापक संघका केन्द्रीय सल्लाहकार सुरेश आले मगर र नेवाः खलका पूर्व अध्यक्ष पवनमान श्रेष्ठलाई माओवादीको आरोपमा ०५५ चैत १७ गते जनजाति संघको बैठकमा भाग लिइरहेको अवस्थामा पाटनबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ०५६ वैशाख २६ गते, असार ३० गते र असोज २१ गते सर्वोच्च अदालतले छाड्ने आदेश दिए पनि पुनः अदालतअगाडिबाटै प्रहरीले गिरफ्तार गरेकोमा यस वर्षको अन्त्यसम्म पनि पीडितलाई थुनामै राखिएको छ।

मकवानपुर जिल्ला घर भई पाटनमा डेरा गरी बस्ने १५ वर्षीय राजकुमार कार्की, खोकनाका १९ वर्षीय किरण डंगोल, १६ वर्षीय सिद्धिराज महर्जन, भक्तपुर जिल्लाका कृष्ण खड्गी, २२ वर्षीय राधाकृष्ण श्रेष्ठ, पाटनका २० वर्षीय निलेन्द्र वज्राचार्य, १८ वर्षीय अमित राज, २१ वर्षीय उज्ज्वल र शान्त शाक्यलगायत्का ५७ जनालाई ०५६ भदौ ३० गते नेवा खलःद्वारा आयोजित उपत्यका बन्दको क्रममा पाटनबाट प्रहरीले गिरफ्तार गरी ३-४ दिनपछि रिहा गरे।

बेपत्ता पारिएको

डण्डु तिवारी

रामेछाप जिल्ला लखनपुर गाविस-३ का ३० वर्षीय डण्डु तिवारीलाई माओवादीको आरोपमा ०५५ माघ २० गते उपचारार्थ काठमाडौं आएको अवस्थामा पाटनढोकाबाट प्रहरीले गिरफ्तार गरेकोमा बेपत्ता पारेको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

सुनाकोठी गाविसका प्रकाश महर्जन, हरिभक्त महर्जन, कृष्णभक्त महर्जन, राजु महर्जन, धर्म महर्जन र चन्द्र महर्जनलाई ०५५ चैत २९ गते प्रहरीले माओवादीको आरोप लगाउँदै गिरफ्तार गर्ने धम्की दिए। प्रहरीले धम्की दिँदै उनीहरूको घर खानतलासी गरी गाउँ नै आतंकित बनाए।

धार्मिक स्वतन्त्रता

ललितपुरस्थित नेपाल राष्ट्रिय मण्डली संगतिले प्रहरीद्वारा क्रिश्चियनहरूको हुलिया लिने, चर्चहरूको विवरण लिने जस्ता कार्य गरी धार्मिक विभेद खडा गरिएको भनी आपत्ति जनायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला अदालत गरी २ वटा अदालतहरू छन्। जिल्ला अदालतमा जिम्मेवारी सरिआएका र यस वर्ष दर्ता हुन आएका मुद्दाको संख्या जम्मा १ हजार ४ सय ३१ थान रहेको छ। जसमध्ये देवानीमा जिम्मेवारी सरिआएको ७ सय ३५ र यो वर्ष दर्ता हुन आएका २ सय १२ गरी जम्मा ९ सय ४७ थान रहेका छन्। १ हजार ४ सय ३१ थान मुद्दामध्ये ३ सय १० थान मात्र फर्स्यौट हुन सकी १ हजार १ सय ८३ थान मुद्दा छिनिन बाँकी रहे। जिल्ला अदालतमा थुनुवासम्बन्धी मुद्दा ६९ थान रहेका छन् भने दुई वर्षसम्म फर्स्यौट हुन नसकेका मुद्दाको संख्या २ सय ४८ थान रहेको छ।

पुनरावेदन अदालतमा यस वर्ष जिम्मेवारी सरिआएका र यसै वर्ष दर्ता भएका विभिन्न शीर्षकअन्तर्गतका गरी जम्मा ३ हजार ८ सय थान मुद्दा रहेकामा ५ सय १० थानबाहेक अरू मुद्दा फर्स्यौट भएको छ। जिल्ला प्रहरी कार्यालयमा यस वर्ष विभिन्न शीर्षकमा १ सय ९४ थान मुद्दा दर्ता भए।

सरुवा, घटुवा र पक्षपात आदि

ललितपुर उमनपा हरिहरभवनस्थित आपूर्ति मन्त्रालयमा सो मन्त्रालयअन्तर्गत टि.सी.एन. मा लामो समयदेखि कार्यरत ९ सय ५४ जना कर्मचारीलाई अहिलेसम्म स्थायी नगरिएको तथा ३/४ महिनादेखि पारिश्रमिक नदिइएको जनाउँदै ०५६ भदौ २० देखि २५ गतेसम्म सम्पूर्ण कर्मचारीले मन्त्रालय घेराउ गर्ने, जुलुस प्रदर्शन गर्ने जस्ता विरोध कार्यक्रमहरू सम्पन्न गरे।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा एक वर्षअगाडि गठन भएको सुकुम्बासी समस्या समाधान आयोग केही काम नै नगरी विघटन भयो। यस जिल्लामा ४ हजार २ सय ६३ जना वृद्ध, २ हजार ७ सय ५ जना असहाय विधवा र ५० जना अपांगलाई भत्ता वितरण गरियो। मन्त्रालयबाट रकम निकासा नभएका कारण असोजदेखिको भत्ता भने वितरण भएको छैन।

महिला अधिकार

सिन्धुपाल्चोक जिल्ला स्याउले गाविस-७ की १७ वर्षीय निरमाया लामा, रामेछाप जिल्ला गुन्सीभदौरे गाविस-२ की १६ वर्षीय सन्जुमाया लामा र सोही स्थानकी १७ वर्षीय विना लामालाई ०५५ माघ १८ गते चितवन जिल्ला रत्ननगर नपा-१ टाँडी घर भई कुपन्डोल पुल्चोक बस्ने कृष्ण परियार, राधिका

प्रहरीले हत्या गरेका प्रदीप गौतम

आरोपमा ०५६ मंसिर ८ गते पोखरीचौरी गाविस-९ बाट प्रहरीले समातेर भुनेढुंगामा लगी गोली हानी हत्या गरे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ४ घटनामा ४ जनाको हत्या भयो। हत्या हुनेमा २ महिला थिए भने तीमध्ये एक जना ४ वर्षकी बालिका पनि थिइन्। जसमध्ये -

चापाखोरी गाविस-२ की ४ वर्षीय सुनमाया लामालाई ०५५ माघ १ गते छिमेकी गणेशबहादुर मोक्तान, मानबहादुर लामा, प्रेमबहादुर लामा, ज्ञानबहादुर लामा र साहिँली लामाले धारिलो हतियार प्रयोग गरी हत्या गरे। पीडितका बाबु कामीसिं लामा काठमाण्डौ गएको अवस्थामा उनकी आमा पेमा लामा, दिदी १२ वर्षीय फूलमाया लामा र दाजु ८ वर्षीय शंखबुद्ध लामालाई समेत हत्या गर्ने उद्देश्यले पीडकहरूले आक्रमण गरेका थिए। साहिँलीलाई तारेखमा छाडिएको छ भने अन्यलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

पनौती नपा-१० सुन्थानकी ६२ वर्षीय कान्छीमाया थापालाई ०५६ असोज २६ गते बेलुकी ९.३० बजे आफ्नै पति बलराम थापा र छोरा विदुर थापाले धान बेचेको निहुँमा कुटपिट गरी घाँटीमा डोरीले बाँधी हत्या गरेर बारीमा फ्याँकेको अवस्थामा प्रहरीले फेला पार्‍यो। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

सदरमुकाम धुलिखेलमा रहेको जेलको बन्दी क्षमता ४५ जनाको हो। ३४ जना कैदी र पुर्पक्ष तथा उपचारका लागि ४५ जना गरी यस जेलमा ७९ जना बन्दी राखिएको छ। ३ रोपनी ८ आना ३ पैसा क्षेत्रफल भएको यस जेलमा २ रोपनी ८ आना क्षेत्रफल मात्र बन्दीहरूले प्रयोग गर्छन्। जेल प्रशासनले जेललाई ३ भागमा विभाजन गरी दक्षिणतर्फ गम्भीर स्थितिका पागल राख्ने गरेको छ भने एकातिर अन्य बन्दी राखिन्छ। यस जेलमा महिला तथा नाबालक छैनन्। जेलभित्र सानो पुस्तकालय, टिभी, रेडियो, क्यारेमबोर्ड र पत्रपत्रिकाको सुविधा उपलब्ध छ। यहाँका बन्दीहरू बिरामी पर्दा डाक्टरको सिफारिसमा औषधी खरीद गरी ल्याइदिने र गम्भीर अवस्थामा अस्पताल लाने व्यवस्था छ। यस जेललाई बजारभन्दा बाहिर सार्नुपर्ने र कारागारभित्र प्राथमिक विद्यालय, घरेलु उद्योग र सानो खेल मैदानको आवश्यकता रहेको जेलर ध्रुवप्रसाद ढोडारी बताउनुहुन्छ। जेलको बाहिरी अवस्था राम्रो भए पनि भित्र नराम्रो रहेको धारणा प्रमुख जिल्ला अधिकारी रामप्रसाद खतिवडाको छ।

गिरफ्तारी र यातना

महादेवस्थान गाविस-८ की ३५ वर्षीय भवानी सापकोटालाई ०५६ साउन ३१ गते प्रहरीहरूको एक समूहले पति भएको ठाउँ नबताइदिएको आरोपमा कुटपिट गरी गोबरग्यासको खाडलमा हाली पुर्न लागेकोमा स्थानीय वासिन्दाले पुर्नबाट रोके। सोही कारण पीडित अशक्त बनेकी छिन्।

बेपत्ता पारिएको

बालुवा गाविस-८ का १५ वर्षीय बद्री पाठक र अर्जुन सापकोटालाई माओवादीको आरोपमा ०५६ असार ५ गते प्रहरीले सोही गाविसबाट गिरफ्तार गरी लगेकोमा बेपत्ता पारिएको छ। तर प्रहरीबाट भने उनीहरूका बारेमा आफूलाई केही थाहा नभएको बताइयो।


बलराम सापकोटा

पाँचखाल गाविस-९ का नेकपा (एमाले) को तर्फबाट निर्वाचित गाविस उपाध्यक्ष ३० वर्षीय बलराम सापकोटालाई ०५६ मंसिर १४ गते साँझ ८ बजे माओवादीहरूले अपहरण गरी बेपत्ता बनाएका छन्।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

महादेवस्थान गाविस-८ कुन्तास्थित कृषि विकास बैंक उपशाखा कार्यालयका कर्मचारीहरूलाई ०५६ जेठ १३ गते राति माओवादीहरूले धम्क्याई करिब ९८ हजार रूपैयाँ लुटे।

मादनकुँडारी गाविसका ज्ञानु लामालाई ०५६ असार १२ गते माओवादीहरूले आक्रमण गरी सख्त घाइते बनाए। पीडितलाई हेलिकप्टरद्वारा काठमाडौं ल्याई उपचार गरियो।

पोखरीचौरी गाविस-७ स्थित जागृति माविका विद्यार्थीहरूलाई ०५६ असोज ५ गते बेलुका ४ बजे विद्यालय छुट्ने समयमा माओवादीहरूले विद्यालय घेरा हाली धम्की दिएर सबै विद्यार्थीहरूलाई तुषारे भन्ने स्थानमा लगी आमसभामा सहभागी हुन बाध्य पारे। रात परेपछि उनीहरूलाई मशाल बोक्न पनि लगाइयो। त्यही कारण प्रहरीले पीडितहरूलाई बारम्बार दुःख दिइरहेको छ।

बूढाखानी गाविस-७ स्थित भुवनेश्वरी प्राविका शिक्षक २७ वर्षीय चेतबहादुर किङरिङलाई ०५६ असोज २३ गते प्रहरीहरूले कुटपिट गरी अशक्त बनाए। सोही दिन प्रहरीहरूले गैरिबिसौना गाविस-९ का ५६ वर्षीय भेषनाथ डोटेल र सिपालीचिलाउने गाविसका रामबहादुर श्रेष्ठलगायत्का व्यक्तिहरूलाई पनि कुटपिट गरेका थिए।

ढुंखर्क गाविस-८ का अन्दाजी ३० वर्षीय रामप्रसाद तिमल्सिनालाई ०५६ असोज २७ गते बेलुकी साढे नौ बजेतिर प्रहरीले अर्काको बारीबाट मकै भाँची पोलिदिन नमानेका कारण मुक्का हानी दाँत नै झारिदिए। गाउँलेहरूले पीडकलाई घेरा हालेपछि पीडकले आफूले जाँड खाएको सुरमा त्यसो गरेको भनी माफी मागे।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	६	४	२	६				
गोलीद्वारा हत्या	८	१०		१०	५	११	५	१६
गोलीद्वारा घाइते	१	१		१				
गिरफ्तारी र यातना					१		१	१
कुटपिट	६	८		८	५	१३	२	१५
धम्की	१							
वेपत्ता पारिएको	१	१		१	१	२		२
स्वतन्त्र र निष्पक्ष चुनाव	१	१		१				
महिला किनवेच	१		२	२				
वलात्कार	१		१	१				
वलात्कार प्रयास	१		१	१				
वहुविवाह	२		२	२				
गर्भपतन	१		१	१				
महिला भएकै कारण यातना	२		२	२				
आतंक	२	१		१				
जम्मा	३४	२६	११	३७	१२	२६	८	३४
लाश फेला	१	१		१				
आत्महत्या	४८	२७	२१	४८				
चोरी/डकैती	१	१		१				
दुर्घटनाहरू/विपत्तिहरू	३१	३१	१३	४४				

कानपुर गाविस-४ का वीरमान लामा, संग्राम लामा तथा सूर्यलाल, रामभक्त, रामकुमार र गमचन्द्र श्रेष्ठलाई ०५६ मंसिर १७ गते प्रहरीले विनाकारण कुटपिट गरे।

सर्स्युखर्क गाविस-१ स्थित जनचेतना माविका शिक्षकद्वय गणेशलाल श्रेष्ठ र खगेन्द्र त्रिपाठीलाई ०५६ पुस १५ गते सोही ठाउँका चित्र तामाङ र माइला तामाङले विद्यालय हाताभित्रै कुटपिट गरे। स्थानीय व्यक्तिहरूले पीडकहरूलाई क्षतिपूर्ति तिर्ने शर्तमा माफी दिने निर्णय गरे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

होक्से गाविस-६ का ४३ वर्षीय गोपाल वजगाईलाई ०५६ वैशाख २० गते मतदानको दिन एउटै व्यक्ति तीन तीन पटक मतदान गर्न आएपछि त्यसको विरोध गर्दा तरुण दलको डेसमा रहेका व्यक्तिहरूले खुकुरी प्रहार गरी घाइते वनाए। पीडितको धुलिखेल अस्पतालमा उपचार गरियो। प्रहरीले स्थिति नियन्त्रण गर्न हवाई फायरिङ गरेको थियो।

यस जिल्लामा प्रथम चरणमा वैशाख २० गते सम्पन्न ०५६ सालको आमनिर्वाचन निष्पक्षपूर्वक सम्पन्न हुन नसकेको जनधारणा रहेको छ। कात्तिके देउराली, खरेलथोक, वालुवा, होक्से, पलान्चोक र पनौती नपा-११ स्थित मतदान केन्द्रहरू नेपाली काँग्रेसका कार्यकर्ताहरूद्वारा एकलौटीरूपमा कब्जा गरी मतदान गरेको नियोकको रिपोर्टमा उल्लेख गरिएको छ।

धार्मिक स्वतन्त्रता

आयुर्वेदिक संघ वनेपाद्वारा पचासौं वर्षअगाडिदेखि मनाइआएको धन्वन्तरी पूजाका प्रतीक धन्वन्तरी मूर्ति, पूजा सामाग्री र आयुर्वेदिक सामान वनेपा नगरपालिकाले तालावन्दी गरिदिएकाले यस वर्षको पूजा वैद्यहरूले सडकमै गर्नुपर्‍यो। नगरपालिकाले आयुर्वेदिक संघ रहेको वनेपा हेल्थ सेन्टरलाई वडा कार्यालयमा परिणत गरी प्रहरीको सहायतामा हेल्थ सेन्टर वरिपरि रोपिएका ८० प्रकारका जडिवूटीलाई घाँसपात भनी उखेलेर फ्याँकिदिएकोमा नगरपालिकाविरूद्ध खेद व्यक्त गर्दै परम्परा र मान्यतालाई संरक्षण गर्न उनीहरूले अनुरोध पनि गरे तर यसतर्फ नगरपालिकाले कुनै चासो देखाएन।

विभिन्न संघ/संस्था खोली सुनियोजित ढंगवाट धर्म परिवर्तन गराएको जिकिर गर्दै अधिवक्ता जगन्नाथ मिश्रले आड्रा नेपाललगायत् २ वटा संस्थाविरूद्ध ०५६ पुस १६ गते सर्वोच्च अदालतमा मुद्दा दर्ता गर्नुभयो। रिट निवेदनमा शिक्षण संस्था, स्वास्थ्य, वाल विकास र महिला विकासमा सहयोग गर्ने नाममा उक्त अन्तर्राष्ट्रिय संस्थाले जवर्जस्ती धर्म परिवर्तन गराउन लगाएको उल्लेख छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यहाँको जिल्ला अदालतमा देवानी २ सय ४९ थान, दुनियावादी फौजदारी १ सय ११ थान र सरकारवादी फौजदारी २८ थान मुद्दाहरू ०५५ पुसदेखि ०५६ मंसिरसम्म दर्ता भए। देवानी २ सय ६२ थान, दुनियावादी फौजदारी १ सय १० थान र सरकारवादी फौजदारी ३३ थान गरी ४ सय ५ थान मुद्दा फैसला भए। यस अदालतमा अंश र जग्गासम्वन्धी मुद्दाहरू धेरै पर्ने गरेको देखिन्छ। अदालतमा २ वर्ष नाघेका मुद्दाहरूको लगत १ सय २६ थान देखिन्छ भने त्यसमध्ये ५४ थान फर्स्यौट भएको पाइन्छ। एक वर्ष नाघेका तर २ वर्ष नपुगेका ३ सय २१ थान मुद्दा रहेका छन्। एक वर्षभित्रको २ सय ८० थान मुद्दाहरूसमेत गरी ०५६ पुस मसान्तसम्ममा ६ सय ७३ थान मुद्दाहरू चालू अवस्थामा छन्। दक्ष जनशक्तिको अभाव, भौतिक साधनको अभाव, कमजोर प्रहरी अनुसन्धान, वकिल वकिलवीच टकराव जस्ता कारणले मुद्दा फर्स्यौटमा ढिलाई हुने गरेको देखिन्छ।

जिल्ला प्रहरी कार्यालयमा आत्महत्या ४८, चोरी ३, केही सार्वजनिक अपराधसम्वन्धी ४१, ज्यानमार्ने उद्योग २, कर्तव्य ज्यान १३, भवितव्य ज्यान १८, सवारी ज्यान ४, प्रकार नखुलेको ज्यान ६, जवर्जस्ती करणी उद्योग २, किर्ते २, डाँका २, अंगभंग १, जिउ मास्ने/वेच्ने १, सरकारी सम्पत्ति नष्ट १,

जवर्जस्ती करणी १, बहुविवाह १ र खुनडाँका १ गरी जम्मा १ सय ४७ थान मुद्दा चालू अवस्थामा रहेका छन्।

सरुवा, घटुवा र पक्षपात आदि

जैसीथोक गाविस-९ स्थित चण्डेनी माविका प्रधानाध्यापक विष्णुप्रसाद न्यौपानेले सोही विद्यालयमा अध्यापन गराउने शिक्षकहरू शालिकराम श्रेष्ठ, रामखेलौना साह, उद्धव खनाल र ताराकुमार श्रेष्ठमाथि सत्ताको आडमा ज्यादति गरेको भनी ०५६ मंसिरमा शिक्षक शालिकराम श्रेष्ठले राजीनामा गरे। प्रधानाध्यापकको उक्त व्यवहारको विरोध गर्दै ०५६ मंसिर ३० गते विद्यालयका विद्यार्थी र अभिभावकले उनको राजीनामा मागेका थिए।

साल्मेचाकल गाविस-६ स्थित नेत्रज्योति प्राथमिक विद्यालयका शिक्षक लालबाबु यादव सरुवा भई १० महिनादेखि स्वयमसेवीरूपमा अध्यापन गराइरहेकी शिक्षिका कर्णकुमारी कार्कीलाई विद्यालयले नियुक्ति गरेकोमा ०५६ पुस ६ गते विद्यालयले नियुक्ति नै नदिएको नेत्रबहादुर बललाई सोही मितिबाट अस्थायी नियुक्ति समर्थन गरेको पत्र जिल्ला शिक्षा कार्यालयले पठायो। नेत्रबहादुरलाई हाजिर नगराए कोटा नै रद्द गरिदिने धम्की शिक्षा कार्यालयले दिएको बनाइयो।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

बल्थली गाविस-५ स्थित सार्वजनिक जग्गामा गाविसको विरोधका बावजुद पनि स्थानीय कान्छामान तामाङले घर बनाएर बस्दै आएकोमा ०५६ पुस १ गते गाविसको निर्णयअनुसार गाउँलेहरूले उनको घर भत्काइदिए। उक्त घर बनेपछि गाविसले छाना हाल्न रोकेकोमा जिल्ला प्रशासनको अनुमतिले उक्त काम सम्पन्न भएको थियो। यही विषयलाई लिएर अहिले १५ जनालाई डाँका मुद्दा लगाइएको छ।

महिला अधिकार

फूलबारी गाविस-१ का १४ वर्षीय धनमायाँ तामाङ र १५ वर्षीय सञ्चमायाँ तामाङलाई ०५६ जेठ ६ गते जागिर लगाइदिने बहानामा फकाइ लगेर शंखुपाटीचौर गाविस-९ की गंगालक्ष्मी नगरकोटी, सन्तमायाँ नगरकोटीलगायत्का ७ जनाले भारतको दिल्लीमा लगी ४० हजार रूपैयाँमा बिक्री गरे। पीडकहरूमध्ये रूपा विश्वकर्मालाई साधारण तारेखमा रिहा गरिएको छ भने गंगालक्ष्मी, सन्तमाया, सञ्जय तामाङ र सोमबहादुर परियारलाई पुर्पक्षका लागि थुनामा राखिएको छ। नवराज र हर्कबहादुर विश्वकर्मा फरार छन्।

रामेछाप जिल्ला चिसापानी गाविस-९ घर भई पनौती नपा-१ सुब्बागाउँमा बस्ने डेढ वर्षीय एक बालिकालाई ०५६ वैशाख ५ गते रामेछाप जिल्ला पुरानोगाउँ गाविस-७ घर भएका ३७ वर्षीय कमल गिरीले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई अदालतको आदेशमा धरौटीमा रिहा गरिएको छ।

मादनकुँडारी गाविस-५ की एक १४ वर्षीय बालिकालाई ०५६ साउन ९ गते सोही ठाउँका सनकबहादुर भन्ने राजकुमार पाठकले बलात्कार गरे। पीडकले जबरजस्ती सिन्दूर हाल्न खोजेकोमा उनले सिन्दूर नै पोखिदिएपछि बलात्कार गरी पत्नी बनाइछाड्छु भनेर घर लान खोजिएको थियो। पीडितका परिवारले देखेपछि ऊ फरार भएको छ।

यस वर्ष यो जिल्लामा २ जनाले बहुविवाह गरेको जानकारीमा आयो। एक जना महिला अवैध गर्भ पतन गराउन एसिड प्रयोग गर्दा मृत्यु भयो।

ठूलोपर्सेल गाविस-१ की ३८ वर्षीय विधवा कृष्णामाया सिंजालीको गर्भ तुहाउन ०५५ फागुन १७ गते मेटासिड सेवन गर्दा फागुन २० गते मृत्यु भयो। मृतकसंग अवैध यौन सम्पर्क राख्ने शिक्षक अच्युतप्रसाद न्यौपानेलाई विष ख्वाइ मारेको आरोपमा २० वर्षका लगि कैद तोकिएको छ।

विर्ता देउराली गाविस-६ की १७ वर्षीय यशोधा कँडेललाई सोही गाविस-२ का शिक्षक २३ वर्षीय प्रमोदचन्द्र पन्तले एसएलसी पास गराइदिने आश्वासन दिएर अनुचित कार्य गरेको कुरा पीडितले ०५६ मंसिर ११ गते सार्वजनिक गरिन्। समाजले यशोधालाई प्रमोदको जिम्मा लगाएकोमा प्रमोद फरार भएका छन्। पीडितले मुद्दा दिएकी छिन्।

आर्थिक अधिकार

बनेपा-सिन्धुली-बर्दिबास सडकमा धुलिखेलदेखि नेपालथोकसम्म चालू रहेको निर्माण कार्यमा काभ्रे जिल्लाका आठ प्रतिशत मात्र कामदार राखेको तर अन्य ठूला आयोजनाहरूमा सम्बन्धित जिल्लाका अधिकांश कामदारहरूलाई महत्व दिएको जिकिर गर्दै ०५६ मंसिर १ गते प्रमुख जिल्ला अधिकारीसमक्ष निर्माण कार्यमा संलग्न कामदारहरूले ज्ञापनपत्र बुझाए। उनीहरूले ५० प्रतिशत स्थानीय कामदार राख्न अनुरोध गरेका छन्। यस विषयमा सम्बन्धित निकायले कुनै चासो नदेखाएको गुनासो पीडितहरूको छ।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

अनेकोट गाविस-१ मा ०५५ चैत ५ गते भएको हत्याको विषयलाई लिएर नेकपा (एमाले) का स्थानीय नेता विदुर सापकोटासहित ३ जनाले सुराकी गरेको आरोप लगाइएकाले उनीहरूले त्यस्तो कार्य नगरेको भनी नेकपा (एमाले), काभ्रेले ०५५ चैत ८ गते एक विज्ञप्ति प्रकाशित गर्‍यो।

काभ्रे जिल्ला खेलकुद विकास समिति र नेपाल विद्यार्थी संघले ०५५ चैत १५ गते छुट्टाछुट्टै प्रेस वक्तव्य प्रकाशित गरी निशान्तराज गिरीको हत्याको छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरे।

नेकपा (एमाले) जिल्ला कमिटीले ०५६ मंसिर १३ गते एक विज्ञप्ति प्रकाशित गरी माझीफेदा गाविस-१ का प्रदीप गौतमलाई विनाकारण प्रहरीले हत्या गरेकोमा विरोध जनायो।

नेकपा (एमाले) जिल्ला कमिटीले ०५६ मंसिर २८ गते एक विज्ञप्ति प्रकाशित गरी पार्टीका १२ नं. इलाका कमिटीका सदस्य बलराम सापकोटालाई अपहरण गरिएकोमा सकुशल फिर्ता गर्न अनुरोध गऱ्यो। एमालेको १२ नं. इलाका कमिटी, पाँचखाल गाउँ कमिटी र पाँचखाल गाविसले ०५६ मंसिर २२ गते छुट्टाछुट्टै विज्ञप्ति प्रकाशित गरी एक कम्युनिष्ट पार्टीको सदस्यलाई अर्को कम्युनिष्ट पार्टीले अपहरण गर्नु राम्रो नभएको बताउँदै छिटै छोडिदिन माग गरे।

नेकपा (एमाले) जिल्ला कमिटीले ०५६ पुस ४ गते एक वक्तव्य प्रकाशित गरी वल्थली गाविसमा भएको घटनाका दोषीहरूलाई कारवाही गर्न अनुरोध गऱ्यो।

अतिरिक्त जानकारीहरु

नेकपा (माओवादी) द्वारा अनेकोटमा प्रहरीद्वारा गरिएको सामूहिक हत्याको विरूद्ध ०५५ चैत २४ गते काभ्रे, सिन्धुपाल्चोक र सिन्धुली जिल्ला वन्दको आह्वान गरे। सोही क्रममा उनीहरूले वनेपास्थित आड्डा नेपालको भवनमा पड्काएको जिलेटिनबाट १ लाख बराबरको क्षति भयो।

पनौती नपा-३ का ११ वर्षीय राजेश काफ्लेको ०५६ असोज २० गते नेपाल टेलिभिजनबाट प्रसारण गरिएको हिजोआजका कुरामा देखाइएको आत्महत्याको दृश्य नक्कल गरी झुण्डिएर मरेको प्रहरीले बतायो। उनी परिवारका एकमात्र छोरा थिए।

यस वर्ष यो जिल्लामा डुबेर २, झुण्डिएर ३४, विष खाएर १२ गरी ४८ जनाले आत्महत्या गरे। जसमा २१ जना महिला छन्।

२.१४ भक्तपुर



जनसंख्या	: १७२९५२
साक्षरता प्रतिशत	: ६०.३
महिला साक्षरता प्रतिशत	: ४३.३
क्षेत्रफल (वर्ग किमी)	: ११९
गाविस/नपा संख्या	: १६/२
निर्वाचन क्षेत्र	: २
विद्यालय	: २७०
क्याम्पस/उच्च मावि	: ८/३
अस्पताल/ स्वास्थ्य चौकी	: २/२१
टेलिफोन लाइन	: ४९००
मोटर सडक (किमी)	: ११९
प्रहरी कार्यालय संख्या	: १६
हुलाक संख्या	: २२

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या गोली

मध्यपुर ठिमी नपा-१३ स्थित अरनिको राजमार्गमा नेपाल भाषा संघर्ष समितिको आयोजनामा ०५६ भदौ ३० गते भएको नेपाल वन्द कार्यक्रममा प्रहरीले २ राउण्ड हवाई फायर गऱ्यो। तर खासै क्षति भने भएन।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ६ घटनामा ४ महिलासहित ६ जनाको हत्या भयो।

नगरकोट गाविस-४ की ९ वर्षीय आशामाया तामाङलाई ०५६ वैशाख १८ गते सोही गाविसका ३५ वर्षीय रामसिं तामाङले बलात्कार गरी हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

भक्तपुर नपा-१४ की ३६ वर्षीय दयालक्ष्मी तुल्सी ०५६ असार २८ गते कमलविनायकस्थित खरिपाटी सैनिक व्यारेक नजिकै आफ्नो खेतमा मृत अवस्थामा फेला परिन्। पीडिनको लासको प्रकृति हेर्दा हत्या गरिएको अनुमान गरिएको छ। प्रहरी प्रशासन मौन छ।

गिरफ्तारी र यातना

भक्तपुर नगरपालिका र मध्यपुर नगरपालिकाको विभिन्न स्थानबाट मिलन श्रेष्ठ, चन्द्रबहादुर गोसाईलगायत् १९ जनालाई ०५५ फागुन २१ गते नेवाः खलःको पोष्टर टाँसेको आरोपमा प्रहरीले गिरफ्तार गरी ४ दिनसम्म थुनामा राखे।

मध्यपुर नपा-७ निकुसेराबाट भक्तपुर डेरा गरी बस्ने ३० वर्षीय मालबहादुर केसीलाई माओवादी भएको आरोपमा ०५५ चैत १० गते प्रहरीले गिरफ्तार गरी ४ दिनसम्म थुनामा राखी रिहा गरे।

नगरकोट गाविस-३ का २८ वर्षीय शम्भु भन्ने दीपक विश्वकर्मालाई माओवादीको आरोपमा ०५६ वैशाख ८ गते प्रहरीले गिरफ्तार गरी ६ दिनसम्म थुनामा राखे। पीडित नेकपा (एमाले) का गाविस परिषद् सदस्य हुन्।

मध्यपुर ठिमी नपा-१७ स्थित शिक्षा क्याम्पसमा अनेरास्ववियु (क्रान्तिकारी) भक्तपुर जिल्ला समितिको छैटौं जिल्ला सम्मेलन भइरहेको स्थलबाट किरण केसीलगायत्का ५ जनालाई ०५६ पुस ९ गते प्रहरीले गिरफ्तार गरी २ दिनपछि रिहा गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

कटुन्जे गाविस-८ का २५ वर्षीय केदार टेउजालाई ०५५ माघ २४ गते सूर्यविनायकस्थित भैरवी दल गणका ११ जना सैनिकले कुटपिट गरे। पीडकहरूलाई प्रहरीले कारवाही गर्न अस्वीकार गऱ्यो।

मध्यपुर ठिमी नपा-१७ स्थित शिक्षा क्याम्पस सानो ठिमीमा अखिल पक्षका रामहरि रूपाखेतीसहितका ९ जनालाई राजनीतिक प्रतिशोधका कारण ०५५ फागुन १४ गते नेपाली कांग्रेसका कार्यकर्ता दीर्घमान श्रेष्ठलगायत्का व्यक्तिहरूले कुटपिट गरे।

बागेश्वरी गाविस-९ का ३७ वर्षीय केदारबहादुर गुरुङलाई ०५५ चैत ४ गते १७ नं. वाहिनीमा दरवन्दी भई

भक्तपुर खरीपाटी सैनिक शिक्षालयमा तालिमरत् सैनिक कर्मचारी ३२ वर्षीय सहकुल गुरूङले कुटपिट गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरे।

सिपाडोल गाविस-४ का ३५ वर्षीय गाविस उपाध्यक्ष शम्भु थापालाई राजनीतिक रीसइवीका कारण ०५६ वैशाख १ गते सोही गाविस-३ का वडाध्यक्ष महेन्द्र थापाले कुटपिट गरे। पीडकमाथि कुनै कारवाही भएन।

भक्तपुर नपा-१५ का ३० वर्षीय चन्द्रलाल शिल्पकार, २६ वर्षीय गणेश स्वर्बुजा र २४ वर्षीय सुशील बाटीलाई ०५६ साउन ५ गते घरनजिकैको पाटीमा बसिरहेका बेला प्रहरीले कुटपिट गरे। पीडकहरूले मदिरा सेवन गरी आफूहरूलाई विनाकारण कुटपिट गरेको कुरा पीडितहरूले बताए।

भक्तपुर नपा-१ का ३० वर्षीय मिनीबस चालक प्रकाश शाहीलाई ०५६ साउन ८ गते नगरकोटबाट भक्तपुर आउँदै गर्दा बाटोमा नगरकोट ब्यारेकका केही सैनिकहरूले कुटपिट गरे।

सैनिकद्वारा कुटपिट भएका केदार देउजा

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेपाल भाषा संघर्ष समितिको आयोजनामा ०५६ भदौ ३० गते उपत्यका बन्द कार्यक्रमको सिलसिलामा मध्यपुर ठिमी नपा-१३ र १४ को सडकमा प्रहरीले आन्दोलनकारी जुलुसमाथि लाठी प्रहार गर्दा कृष्णबहादुर धजूलगायत्का १३ जना घाइते भए।

मध्यपुर ठिमी नपा-१७ स्थित शिक्षा क्याम्पसमा अनेरास्ववियु (क्रान्तिकारी) भक्तपुर जिल्ला समितिको छैटौं जिल्ला सम्मेलन भइरहेको स्थलमा ०५६ पुस ९ गते प्रहरीले हस्तक्षेप गरेपछि उक्त सम्मेलन आदर्श मावि लायकूमा सम्पन्न भएको थियो।

धार्मिक स्वतन्त्रता

भक्तपुर नपा-११ मा ०५६ वैशाख ५ गते भैरवको रथ तान्दा भएको विवादमा भक्तपुर नपा-१२ का २६ वर्षीय विष्णुभक्त धेमसूलगायत् प्रहरीसमेत ४१ जना घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यहाँको जिल्ला अदालतमा ४८४ थान मुद्दा दर्ता भएकामा ४७३ थान फर्स्यौट भयो। जिल्ला प्रहरी कार्यालयमा विभिन्न शीर्षकमा गरी १३३ थान निवेदन दर्ता भए।

महिला अधिकार

ताथली गाविस-६ की २६ वर्षीय श्रीमती मञ्जू बस्नेतलाई ०५५ पुस २२ गते आफ्नै भतिजो पर्ने २३ वर्षीय श्री बस्नेतलगायत्का ३ जनाले भारतमा लगी बिक्री गरे। पीडित काठमाडौं आउन सफल भई ०५६ वैशाख २८ गते प्रहरीमा उजुर गरिन्। उजुरीका आधारमा प्रहरीले चितपोल गाविस-२ की ४० वर्षीय खलबले भन्ने श्रीमती रिता खड्का र नेपाल राष्ट्रिय अनुसन्धान विभाग, भक्तपुरका कर्मचारी प्रभुराम देउजालाई गिरफ्तार गरी केही दिन थुनामा राखेर रिहा गरे। श्री बस्नेत फरार छन्।

छालिङ गाविस-४ की १३ वर्षीय एक बालिकालाई ०५५ चैत २० गते भक्तपुर नपा-३ का २६ वर्षीय जगदीश उलकले ३ जना पीडकको मिलेमतोमा ३ दिनसम्म कोठामा थुनेर बलात्कार गरे। जगदीशलाई बिरामी भनेर वीर अस्पतालले नक्कली कागज बनाइदिएका आधारमा जिल्ला अदालतले तारेखमा छाडेको छ। अन्य पीडकलाई पनि तारेखमा छाडिएको छ।

चितपोल गाविस-९ की १६ वर्षीय एक युवतीलाई ०५६ वैशाख २ गते ताँथली गाविस-५ का ईश्वर खत्रीले जिस्क्याएर हातपात गर्ने प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी कारबाही चलाएर रिहा गरे।

मध्यपुर ठिमी नपा-६ की ९ वर्षीय एक अशक्त बालिकालाई ०५६ साउन २४ गते सोही नपा-१ डेरा गरी बस्ने ३२ वर्षीय रमेश पोडेले बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी मुद्दा चलाइरहेको छ।

भक्तपुर नपा-४ कमलविनायककी एक १५ वर्षीय बालिकालाई ०५६ भदौ १० गते भक्तपुर घुम्न आएका २० वर्षीय लालबहादुर भन्ने खन्द्रे तामाङले बलात्कार गरे। पीडकलाई गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

गुण्डू गाविस-२ की १२ वर्षीय एक बालिकालाई ०५६ असोज २ गते सोही गाविस-१ का २० वर्षीय कृष्ण तामाङले बलात्कार गरे। पीडकलाई गिरफ्तार गरी कारबाही चलाइएको छ।

हत्या गरी फालिएकी दयालक्ष्मी तुलसी

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	६	२	४	६				
लाठी चार्ज					१	१३		१३
गिरफ्तारी र यातना					४	२६		२६
हवाइ फायर					१			
कुटपिट	२५	२९	८	३७	४	६		६
महिला किनबेच	१		१	१				
बलात्कार	५		५	५				
बलात्कार प्रयास	१		१	१				
बहुविवाह	२		२	२				
पारिवारीक हिंसा	३		३	३				
महिला भएकै कारण यातना	४		४	४				
जातीय छुवाछूत	१	१		१				
अमानवीय व्यवहार	१	१	१	२				
जम्मा	४९	३३	२९	६२	१०	४५		४५
लाश फेला	३	३		३				
आत्महत्या	३६	२१	१५	३६				
चोरी/डकैती	१		१	१				
दुर्घटनाहरू/विपत्तिहरू	४०	३७	७	४४				

भक्तपुर नपा–३ की १९ वर्षीय एक महिलालाई ०५५ मंसिर २२ गते विहान क्याम्पस जान लाग्दा भक्तपुर नपा–११ का २३ वर्षीय अनिल लिवी र राजन भेलेले वाटोवाटै अपहरण गरेर २ दिनसम्म थुनी वलात्कार गरे। पीडकहरूलाई ०५६ कात्तिक १८ गते प्रहरीले गिरफ्तार गरी २५ दिनसम्म थुनामा राखी रिहा गरियो।

यस वर्ष यो जिल्लामा २ जनाले बहुविवाह गरेको तथा पारिवारिक हिंसाका ३ घटनामा ३ महिला पीडित भए भने महिला भएकै कारणले दिइने अमानवीय व्यवहारको ४ घटनामा ४ महिला पीडित भएको जानकारीमा आयो।

सुडाल गाविस–३ की २६ वर्षीय सुभद्रा खत्रीलाई ०५६ जेठ ८ गते आफ्नै पति ३० वर्षीय राजु खत्रीले दाजुभाइ पर्ने एक जना छिमेकीसँग सँगै बसेर चिया खाएको आरोपमा कुटपिट गरे। पीडकलाई प्रहरीले पक्री कारवाही चलाई रिहा गरे।

सिपाडोल गाविस–१ डेरा गरी बस्ने २२ वर्षीय श्रीमती सरिता लामालाई ०५६ असार १६ गते आफ्नै पति २९ वर्षीय टंकबहादुर लामाले मट्टितेल खन्याई आगो लगाउने प्रयास गरे। पति सधैं पैसा मागिरहने र त्यो दिन आफूले नदिएका कारण मार्ने प्रयास गरेको जानकारी पीडितले दिएकी छिन्। पीडकलाई प्रहरीले गिरफ्तार गरी मुद्दा चलाएको छ।

बालअधिकार (बालबालिकाउपरको अत्याचार)

यस जिल्लाका चिया पसल, होटल आदिमा बालमजदुरी गर्नेको संख्या करिव २५० रहेको छ। इँटा उद्योगमा ५० जना जति बालबालिका काम गरिरहेका पाइन्छन् भने गलैंचा उद्योगमा पनि बालमजदुरी रहेको भेटिन्छ। उनीहरू शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकताबाट समेत वञ्चित छन्।

आर्थिक अधिकार

यस जिल्लाको जगातीमा रहेको चीन सरकारद्वारा स्थापित इँटा टायल कारखानालाई निजीकरण गरिएपछि त्यहाँ कार्यरत् कारखाना मजदुरहरूलाई समयमा पारिश्रमिक नदिइने, चित्त नबुझेको कुरा गरे सेवावाटै हटाइदिने जस्ता धम्की दिइने गरेको गुनासो मजदूरहरूले गरेका छन्। यसवाहेक यस जिल्लामा धेरैको संख्यामा रहेका इँटा भट्टाहरूमा काम गर्नेहरूलाई धेरै समय काममा घोटाउने, वेलामा पैसा नदिने, चाडवाडमा पनि रोक्ने जस्ता क्रियाकलाप भएका गुनासो वारम्वार चर्चामा आउने गर्छन्।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

भक्तपुर नपा–१२ का २१ वर्षीय राजेश लोहलाले ०५५ चैत ६ गते काठमाडौं महानगरपालिका–१६ बालाजुकी २० वर्षीय विद्या श्रेष्ठसँग प्रेमविवाह गरेकोमा जात नमिलेको भनी केटीको माइती पक्षले एक सातापछि प्रहरीद्वारा धम्क्याई केटासँग छुटाएर लगे।

भौखेल गाविस–६ का २५ वर्षीय धर्मेन्द्र थापाले ०५६ साउन २० गते काभ्रे, वनेपा नपा–१ की २० वर्षीय स्वस्तिका कायस्थसँग प्रेमविवाह गरेकामा माइती पक्षवाट जात नमिलेको भनी सम्वन्ध विच्छेद गर्न ०५६ कात्तिक १५ गते जिल्ला अदालतमा फिरादपत्र दर्ता गराए।

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा भएको ६० वटा दुर्घटनामा १२ जनाको मृत्यु भयो। आगलागीका ६२ घटना भए। ३ वटा वेवारिसे लास फेला पर्‍यो। २१ जना पुरुष र १५ जना महिलाले आत्महत्या गरे। व्यक्तिगत रिसइवीका कारणले भएका कुटपिटका २३ घटनामा ८ महिला र १९ पुरुष गरी २७ जना पीडित भए।

२.१५ काठमाडौं



जनसंख्या	: ६७५३४१
साक्षरता प्रतिशत	: ७०
महिला साक्षरता प्रतिशत	: ५७.३
क्षेत्रफल (वर्ग किमी)	: ३९५
गाविस/नपा संख्या	: ५७/२
निर्वाचन क्षेत्र	: ७
विद्यालय	: ६९०
क्याम्पस/उच्च मावि	: १८/८१
अस्पताल/स्वस्थ्य चौकी	: १०/६५
टेलिफोन लाइन	: ११५३२७
मोटर सडक (किमी)	: ४४५
प्रहरी कार्यालय संख्या	: ४२
हुलाक संख्या	: ७१

सम्मानितरुपले बाँच्न पाउने अधिकारः

हत्या / गोली

कामनपा-२७ लगनटोलका नेपाली काँग्रेस र नेकपा (एमाले) का कार्यकर्ताबीच चुनावको परिणामलाई लिएर झगडा हुँदा ०५६ जेठ ६ गते नेपाली काँग्रेसका कार्यकर्ता ३२ वर्षीय वामकृष्ण पोडे क्षेत्रीको मृत्यु भयो। उक्त घटनाका सम्बन्धमा प्रहरीले ४ जनालाई गिरफ्तार गरी अनुसन्धान गरिरहेको छ।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका १३ घटनामा १४ जनाको हत्या भयो। जसमा ६ जना महिला थिए। महिलामध्ये एक जना ७३ वर्षीय वृद्ध र एक ४ वर्षीय बालिका थिइन्। हत्या हुने पुरूषमा एक जना सैनिक, एक जना ६ महिनाको बालक र एक जना ३ वर्षीय बालक पनि थिए। जसमध्ये -

नवलपरासी घर भई १६ नम्बर बाहिनीमा कार्यरत् सैनिक नायक ३५ वर्षीय भीमबहादुर कँडेललाई ०५६ भदौ २७ गते राति कामनपा-३१ स्थित टुँडिखेलको बीचमा अज्ञात व्यक्तिहरूले फलामको रडले हिर्काएर खुकुरी प्रहार गरी हत्या गरे।

झापा जिल्ला घर भई कीर्तिपुर नपा-९ पांगामा डेरा गरी बस्ने २४ वर्षीय शान्ति थापा (महर्जन) र उनकै छोरी ४ वर्षीय कुसुम थापा ०५६ असोज ८ गते आफ्नै कोठामा हत्या गरेको अवस्थामा फेला परे। कोठाबाहिर ताल्चा लगाइएको थियो। पीडितलाई पति नभएको मौका पारी बलात्कार गरी हत्या गरेको बताइएको छ।

कामनपा-३५ कोटेश्वरका ३ वर्षीय एक बालकलाई ०५६ कात्तिक १३ गते आफ्नै आमा २४ वर्षीय सुनीता श्रेष्ठले मट्टितेल खन्याएर आगो लगाई हत्या गरिन्। पीडकले छोराको हत्यापछि आफ्नो शरीरमा पनि आगो लगाई आत्महत्या गरिन्।

चाल्नाखेल गाविस-९ का २४ वर्षीय उर्मीला ठकुरीलाई चिया नपकाएको निहुँमा ०५६ पुस १५ गते आफ्नै पति कृष्णबहादुर ठकुरीले मट्टितेल खन्याई आगो लगाइदिएपछि उपचार गर्दागर्दै पुस १६ गते मृत्यु भयो। पीडक फरार छ।

जेल र बन्दीहरु

केन्द्रीय कारागार, भद्रबन्दी गृह र चारखाल डिल्लीबजारमा रहेको सदर खोर गरी यस जिल्लामा ३ वटा जेल रहेका छन्। केन्द्रीय कारगारको निर्माण वि.सं. १९७१ सालमा भएको हो भने भद्रबन्दी गृह र महिला कारागारको भवन निर्माण पनि राणाकालमै भएकाले सबै भवनहरू जीर्ण अवस्थामा छन्। कारागार भवनहरूको मर्मत तथा सम्भार बेलैमा नगर्ने हो भने कुनै पनि दिन यी भवनहरू भत्कने अवस्थामा देखिन्छन्।

राणाकालीन प्रधानमन्त्री श्री ३ चन्द्रशमशेर राणाको कार्यकालमा निर्मित महिला कारागारमा दुईवटा भवनहरू छन्। ज्यादै पुराना भएकाले जतिखेर पनि भत्किन सक्ने अवस्थामा छन्। वर्षातको समयमा प्रायः सबै कोठाहरूमा पानी चुहिने समस्या छ। सुरूखायाममा पानीको समस्या हुने महिला कारगारमा चर्पीको व्यवस्था भए पनि यो पर्याप्त नभएको गुनासो बन्दीहरूको छ। कारागार प्रशासन पनि महिला कारागार भवन जीर्ण र पुरानो भए पनि आवश्यक मात्रामा बजेट निकासा नहुने र नयाँ भवनको व्यवस्था नभएकाले तिनै जीर्ण राणाकालीन भवनमा बन्दीहरूलाई राख्नुपर्ने बाध्यता भएको बताउँछ।

दुई भवनमा गरी १६ कोठा भएको महिला कारागारमा एक कोठामा टि.भी. राखिएको छ भने अर्को एक कोठा सिलाई कटाई तालिमको लागि छुट्याइएको छ। जसमा पुराना बिग्रिएका सिलाई मेसिनहरू छन्। १४ वटा कोठामा कैद तोकिएका ४१ जना र कैद नतोकिएको ४२ जना थुनुवा बन्दीलगायत् बालिकासहित ६ जना बालक र ६ जना बालिका गरी १२ जना नाबालक रहेका छन्। ८३ जना बन्दी र १२ जना नाबालक भएको यस कारागारमा एक कोठामा ६ जनाभन्दा बढी बस्नुपर्ने बाध्यता छ।

माओवादीको आरोपमा विभिन्न जिल्लाका जेलबाट ल्याइएका सत्य पहाडीलगायत् १० जना महिला बन्दीहरूले पत्रपत्रिका पढ्न तथा सामूहिक रूपमा बस्न पाउनु पर्ने जस्ता माग राखी ०५६ मंसिर २४ गतेदेखि आमरण अनसनमा बसेकामा केही दिनपछि जेल प्रशासनसंग माग पूरा गर्ने सहमति भएपछि अनसन तोडिएको थियो।

बलात्कार गरी हत्या गरिएकी शान्ति थापा (महर्जन)

जेल प्रशासनबाट बन्दीहरूलाई दैनिक १५ रूपैयाँ र ७०० ग्राम चामल दिइने गरेको छ भने नाबालकहरूलाई दैनिक ५ रूपैयाँ पचास पैसा र २५० ग्राम चामल दिइन्छ। क श्रेणीका बन्दीहरू भनेर केही सीमित बन्दीहरूलाई पोखरेलीका नाममा मन्सुली चामल दिइन्छ तर ख श्रेणीका प्रायः सबै बन्दीहरूलाई मोटा चामल दिने गरेको बन्दीहरू नै बताउँछन्।

महिला कारागार

खेलकुद तथा प्रौढ कक्षाको व्यवस्था नभए पनि घरेलु तथा साना उद्योग तालिम शाखाबाट एक जना प्रशिक्षक आई सिलाई कटाई तालिम भने दिइने व्यवस्था भएको यस जेलमा एक वर्षदेखि उक्त कार्यसमेत हुन सकेको छैन। बन्दीका अनुसार हाल ती सिलाई मेसिनहरू पनि बिग्रिएर काम नलाग्ने अवस्थामा पुगिसकेका छन्। दुईवटा टि.भी. र दुई वटै रेडियोको व्यवस्था विभिन्न संघ संस्थाहरुद्वारा यस जेलमा भएको छ।

बन्दीहरूको स्वास्थ्य जाँच कारागारले खटाएका स्वास्थ्य सहायक कार्यकर्ताले नियमितरूपमा गर्ने गरेका छन् भने यहाँ उपचार हुन नसक्ने रोग लागेमा आवश्यकता हेरी अस्पतालहरूमा लाने व्यवस्था छ। वर्षमा एक पल्ट उपियाँ, उडुस र मच्छर मार्न मेटासिड छर्कने गरेको बताउँदै झुल भने आफैंले व्यवस्था गर्नुपरेको बन्दीहरूको गुनासो छ। बन्दीहरु तथा जेल प्रशासन कसैबाट पनि अमानवीय व्यवहार नहुने गरेको र सबैसँग बन्दीहरूको राम्रो सम्बन्ध रहेको बन्दीहरूको भनाई छ।

भद्रबन्दी गृहमा एउटा निम्न माध्यामिक विद्यालय र पुस्तकालय, केही खेलकुदका सामानहरू पनि उपलब्ध छन्। केन्द्रीय कारगारमा एउटा माध्यामिक विद्यालयका साथै पुस्तकालय तथा खेलकुदका सामानहरू उपलब्ध गराइएको छ। केन्द्रीय कारागारको हाताभित्र कपडा बुन्ने र धागो कात्ने कारखाना छन्। जसले गर्दा केही बन्दीहरूले काम गरी आर्थिक आयआर्जन गर्ने मौका पनि पाएका छन्। तर पारिश्रमिक भने न्यून रहेको गुनासो बन्दीहरूको छ। महिला कारागारमा पुस्तकालय तथा खेलकुदका सामानको सुविधा उपलब्ध छैन। सिलाई कटाईको तालिम भने बेलाबेलामा दिने गरे तापनि आवश्यकताअनुसार सिलाई मेसिनहरू नहुँदा सिलाई कटाईको काम भने सुचारूरूपले चलेको पाईदैन। चारखाल अड्डामा रहेको सदर खोर जेल पनि पुरानो र जीर्ण नै छ। पुरुष तथा महिला बन्दी राखिने यस कारागारका भवनहरूमा पानी चुहिने समस्या पनि छ। कैदीहरूलाई समय समयमा एन.जी.ओ.बाट विभिन्न किसिमका तालिमहरू दिने गरिएको छ।

यस जिल्लाका सबै जेलहरूमा सिधा "क" र "ख" श्रेणीको दिइने गरेको छ। कैदीहरूलाई प्रत्येक दिन खाने कुरामा ७०० ग्राम मन्सुली चामल र "क" श्रेणीलाई रू. २० र "ख" श्रेणीलाई रू. १५ नगद दिइने गरेको छ। साथै प्रत्येक कैदीलाई गर्मी याममा ४.५ मिटरको र जाडो याममा ५.५ मीटरको तयारी लुगा वर्षको दुई पटक दिइन्छ भने महिलालाई साडी, चोलो र पछ्यौरा दिइने गरेको छ। प्रत्येक कैदीले दुई वर्षमा तयारी सिरक, डसना, तन्ना र सुकुल १/१ थान दिइँदै आएको छ।

भौतिक सुविधाहरूको पनि केही व्यवस्था गरेको पाइन्छ। त्यस्तै रेडियो, टेलिभिजन तथा पत्रपत्रिका पढ्ने, फोनका साथै चिठीपत्र आदन प्रदान गर्ने व्यवस्था पनि सबै कारागारमा रहेको छ। कैदीहरुको एक आपसमा तथा सुरक्षाकर्मीहरूका बीचमा पनि राम्रो सम्बन्ध रहेको पाइयो।

केन्द्रीय कारागारमा जम्मा बन्दी संख्या ६ सय ५० जना रहेको छ भने थुनुवा (कैद फैसला नभएका) पुरूषहरूको संख्या १ सय ८५ रहेको छ। बन्दी (कैद फैसला भएका) पुरूषहरूको संख्या ४ सय ६५ जना छ। यस जेलमा नाबालकको संख्या १२ रहेको छ, जुन अभिभावकहरूसँगै जेल बस्न बाध्य छन्।

यसैगरी भद्रबन्दी गृहमा जम्मा कैदीको संख्या ४१८ रहेको छ, जसमा थुनुवा (कैद फैसला नभएका) पुरुषहरूको संख्या १ सय ४९ रहेको छ भने बन्दी (कैद फैसला भएका) पुरूषहरूकको संख्या २ सय ६९ जना रहेको छ। यस जेलमा नाबालकको संख्या भने २ जना मात्र रहेको छ, यिनीहरू पनि अभिभावकहरूकै कारण जेल बस्न बाध्य भएका हुन्।

यस वर्ष केन्द्रीय कारागार र भद्रबन्दी गृहमा रहेका महमद अतिम मियाको ०५५ फागुन ४ गते, चुम्वा कार्कीको ०५६ वैशाख ७ गते, कुलबहादुर रानाको ०५६ जेठ २ गते, मिनकुमार दाहालको ०५६ असार २५ गते, सोना मगरको ०५६ भदौ १६ गते, रेकबहादुर घलेको ०५६ असोज १४ गते थुनामै रहेको अवस्थामा मृत्यु भयो।

चारखाल अड्डामा रहेको सदर खोर जेलको बन्दी क्षमता १ सय ५० मात्रै भए पनि यहाँ २ सय ७७ जना बन्दी रहेका छन्। प्रायः यहाँ थुनुवाहरूको बाहुल्य रहने गरेको छ। यहाँ पुरुष थुनुवा २ सय ८ र महिला थुनुवा को संख्या १३ गरी जम्मा थुनुवा संख्या २ सय २१ रहेको छ भने बन्दीहरुमा पुरुषको संख्या ४६ र महिलाको संख्या १० गरी जम्मा ५६ मात्र रहेको छ। यहाँ नाबालक छैन।

जेलमा कुनै सीपमूलक तथा आयमूलक कामको व्यवस्था नभएकाले दैनिक जीवन बिताउन निकै पट्यार लाग्दो भएको गुनासो बन्दीहरू व्यक्त गर्दछन्। अपराध स्वीकार गर्दा पनि समयमै मुद्दाको फैसला नभएको तथा पुर्पक्षका लागि ल्याएर पनि लामो समयसम्म थुनामा बस्नुपर्ने बाध्यता रहेको, समयमा न्याय नपाएको, अदालतले समयमा फैसला नदिएको, पुनरावेदन दिएका कारण भुक्तानी भएको कैद सजायभन्दा पनि बढी समयसम्म बन्दी रहनुपरेको जस्ता गुनासा अधिकांश बन्दीहरूको छ।

गिरफ्तारी र यातना

कामनपा-३१ बागबजारस्थित जनादेश साप्तहिक पत्रिका, इन्द्रेणी अफसेट प्रेस र सिर्जनशील कम्प्युटर कार्यालयमा ०५५ पुस २१ गते प्रहरीले छापा मारी पत्रकार तथा जनादेश साप्ताहिकका सल्लाहकार शक्ति लम्साल, हिमालय टाइम्सका अशोक सुवेदी, जनादेशका वितरक धनबहादुर मगर, भ्याली न्युजका हरि अधिकारी, सूर्य मगर, महिमा साप्ताहिकका सम्पादन सहयोगी रेवती सापकोटा, इन्द्रेणी अफसेट प्रेसका मालिक ज्ञानेन्द्र मानन्धर, एकाउण्टेण्ट मदनमुनि बज्राचार्य, रमेश महर्जन, शेस्वर महर्जन, तुल्सी महर्जन, राजेन्द्र शाक्य र धीरज महर्जन सहित १३ जनालाई गिरफ्तार गरे। गिरफ्तार परेका व्यक्तिहरूलाई प्रहरीले छानबिन गर्दै रहेको भन्दै पटक पटक गरेर छोडे। प्रहरीले जफत गरेका सामानमध्ये कम्प्युटर र प्रिन्टरबाहेक अरू फिर्ता गरेन।

अखिल नेपाल मजदुर ट्रेड युनियनको सम्मेलनबाट मजदुर नेता वाबुराम गौतम, पिताम्वर गिरी, बद्रीप्रसाद वजान्डे रामहरि थापा र बुद्धि लामालाई माओवादीलाई सघाएको आरोपमा ०५५ माघ १६ गते प्रहरीले गिरफ्तार गरे।

गोरखा चिनाम-३ का अन्दाजी २७ वर्षीय देवीबहादुर थापालाई माओवादीको नाममा चन्दा उठाएको आरोपमा ०५५ फागुन ३ गते कामनपा-३१ पुतलीसडकबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई काठमाडौं जिल्ला प्रहरी कार्यालयबाट गोरखा चलान गरेको जानकारी प्रहरीले दिएको छ।

जोरपाटी गाविस-७ बाट अन्दाजी ३० वर्षीय कमल तिमिल्सिनालाई माओवादीको नाममा चन्दा उठाएको आरोपमा ०५५ फागुन ३ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई सार्वजनिक अपराध ऐनअन्तर्गत मुद्दा दायर गरी थुनामा राखिएको छ।

प्रगतिशील साहित्यकार डा. ऋषिराज बराल, व्यापारी दीपक महर्जन र त्रिचन्द्र क्याम्पसका लेक्चर रामहरि श्रेष्ठलाई माओवादीलाई सघाएको आरोपमा ०५५ फागुन ७ गते प्रहरीले गिरफ्तार गरे। बराललाई एक दिन जि.प्र.का. मा राखेर रिहा गरियो भने दीपक र रामहरिलाई जि.प्र.का. हनुमानढोकामा केही दिन राखी मुद्दा चलाउन चितवन लगेको जानकारी प्रहरीले दियो।

कामनपा-३१ रामशाहपथबाट राष्ट्रिय जनआन्दोलन संयोजन समितिको पत्रकार सम्मेलनमा भाग लिइरहनुभएका भक्तबहादुर श्रेष्ठ र शक्ति लम्साललाई ०५५ चैत ६ गते प्रहरीले गिरफ्तार गरी भोलिपल्ट छाडिदियो।

ज्वाला साप्ताहिकको कार्यालयमा छापा मारी सोही पत्रिकाका सम्पादक/प्रकाशक चुनबहादुर गुरूङ, व्यवस्थापक डण्डबहादुर गुरूङ र जनआव्हान साप्ताहिकका संवाददाता दीपक खनाललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५५ चैत १८ गते प्रहरीले गिरफ्तार गरे। प्रहरीले ज्वाला साप्ताहिकको कार्यालयमा रहेका कागजात र सामानहरू पनि जफत गरेको थियो।

इन्द्रेणी अफसेट प्रेसका मालिक ज्ञानेन्द्र मानन्धरलाई प्रहरीले गिरफ्तार गर्दै

जनआव्हान साप्ताहिकका प्रकाशक तथा सम्पादक भीमप्रकाश शर्मा, सोही साप्ताहिकका कार्यकारी सम्पादक ओम शर्मा र फोटो पत्रकार अरूणदत्त पन्तलाई माओवादीलाई सघाएको आरोपमा ०५५ चैत २२ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई नख्खु जेलमा राखी रिहा गरियो।

जनअधिकार सरोकार अभियानका केन्द्रीय सचिव, वार एसोसिएसनका सदस्य तथा अधिवक्ता ३२ वर्षीय खिमलाल देवकोटालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५६ वैशाख २ गते कामनपा-३१ बागबजारस्थित ल फर्मबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई सो अवधिमा कसैसँग पनि भेट गर्न दिइएन भनं सर्वोच्च अदालतको आदेशपछि रिहा भए।

कामनपा-५ विशालनगरका ३६ वर्षीय पुष्कर दाहाललाई ०५६ वैशाख २ गते प्रहरीले गिरफ्तार गरे। महिमा साप्ताहिकका सम्पादक महेश्वर दाहालको घरमा प्रहरीले छापा मार्दा महेश्वर घरमा फेला नपरेपछि उनकै दाजु पुष्करलाई प्रहरीले गिरफ्तार गरेको थियो। पीडितलाई केही दिनपछि रिहा गरियो।

धुम्वाराहीकी १४ वर्षीय प्रगति राई र २० वर्षीय मधु पौडेललाई माओवादी भएको आशंकामा ०५६ वैशाख ६ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा यातना दिइयो। अदालतको आदेशमा पीडितहरू रिहा भए।

जनादेश साप्ताहिकका सम्पादक ४२ वर्षीय कृष्ण सेनलाई ०५६ वैशाख ६ गते सुन्धाराबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई शान्ति सुरक्षा ऐनअन्तर्गत मुद्दा लगाई थुनामा राखियो। बन्दी प्रत्यक्षीकरणको रिट परे पनि पीडितलाई रिहा गरिएन।

कामनपा-३१ बागबजारस्थित जनादेश साप्ताहिकका व्यवस्थापक ३१ वर्षीय धनबहादुर मगरलाई ०५६ साउन २३ गते प्रहरीले गिरफ्तार गरेकोमा रिहा गरिएको छ। प्रहरीले पीडितलाई पटक/पटक गिरफ्तार गरी थुनामा राख्दै छाड्दै गर्ने गरेको छ।





गोरेबहादुर पुर्कोटी र पाल्साङ लामा

वेपत्ता पारिएका कमला शर्मा, नवीन गौतम, मिलन नेपाली र दण्डपाणी न्यौपाने

बेपत्ता पारिएको

सिन्धुपाल्चोक जिल्ला सिरूवारी-२ घर भई काठमाडौं बस्ने २६ वर्षीय गोरेबहादुर पुर्कोटी र काभ्रे जिल्ला होक्से-५ घर भई काठमाडौं बस्ने २७ वर्षीय पाल्साङ लामालाई ०५६ जेठ २ गते प्रहरीले कामनपा-३१ बागबजारबाट प्रहरीले गिरफ्तार गरेकोमा वेपत्ता पारिएको छ।

काभ्रे जिल्ला पोखरीचौरी-७ वाँफ्रो घर भई काठमाडौं टेबहाल बस्ने ३२ वर्षीया कमला शर्मा र उनकै भाइ २४ वर्षीय नवीन गौतम, धापासीका ३१ वर्षीय मिलन नेपाली र तनहुँ जिल्ला छिपछिपे-९ घर भई कामनपा-१४ कलंकी बस्ने ५३ वर्षीय दण्डपाणी न्यौपानेलाई ०५६ जेठ ७ गते कामनपा-११ सुन्धाराबाट प्रहरीले गिरफ्तार गरेकामा बेपत्ता पारिएको छ।

काभ्रे जिल्लाका अन्दाजी ३५ वर्षीय दीनानाथ गौतमलाई माओवादीको आरोपमा ०५६ साउन २५ गते कामनपाबाट प्रहरीले गिरफ्तार गरेकोमा बेपत्ता पारिएको छ।

नेपाल राष्ट्रिय शिक्षक संगठनका पूर्व महासचिव ४८ वर्षीय विष्णुपुकार श्रेष्ठलाई ०५६ भदौ १७ गते कामनपा-१४ कलंकीबाट प्रहरीले गिरफ्तार गरेकोमा बेपत्ता पारिएको छ। पीडितलाई सतुंगलबाट कलंकीतर्फ आउँदै गर्दा १७ गते साँझ सिभिल ड्रेसका प्रहरीद्वारा वा.अ.च ६९८१ को मारूती जिप्सी गाडीमा राखेर गिरफ्तार गरिएकोमा महाराजगन्जस्थित प्रहरी तालिम केन्द्रमा पुऱ्याइएको पारिवारिक नातेदारहरूले बताए पनि उनीबारे एकिन जानकारी हुन सकेको छैन। पीडिततर्फबाट सर्वोच्च अदालतमा दिएको रिट निवेदनउपर अदालतबाट कारण देखाउ आदेश जारी हुँदा प्रहरी प्रशासनले गिरफ्तार नै नगरिएको जवाफ दिएको थियो। वा.अ.च ६९८१ को मारूती जिप्सी भने डा. राजकुमार अग्रवालको रहेको थाहा भएको छ।

अखिल नेपाल ट्रेड युनियन महासंघका पूर्व अध्यक्ष तथा माओवादीका केन्द्रीय नेता दिनेश शर्मालाई ०५६ मंसिर १८ गते कामनपा-१५ स्थित वनस्थलीमा बाटोमा हिँडिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरेकोमा बेपत्ता पारिएको छ।

वेपत्ता पारिएका विष्णुपुकार श्रेष्ठ

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

नेपाल नाई संघका महासचिव अनिरूद्रप्रसाद ठाकुरलाई ०५६ भदौ १ गते कामनपा-३३ ज्ञानेश्वरबाट प्रहरी जवान पूर्ण गुरूङलगायत्का व्यक्तिहरूले सिभिल पोशाकमा घरबाट नाई संघ सम्बन्धमा मुद्दा छ भनी डिएसपी कार्यालयमा लाने वहानामा ट्याक्सीमा राखी गोंगबूस्थित रेखा गेष्ट हाउसमा लगी पेस्तोल देखाई रू. ५० हजार साँझसम्म बुझाउन नल्याए ज्यानमार्ने धम्की दिए। पीडितले सोहखुट्टे प्रहरी चौकीमा उजुरी गर्दा उजुरी लिइएन।

दरवारमार्गस्थित वडा प्रहरी कार्यालयका प्रहरी जवान परशुराम डंगोललाई ०५६ कात्तिक २६ गते शाहज्यादा पारसविक्रम शाहले कुटपिट गरी घाइते बनाए। विकास थापाले चलाएको गाडीले मोटरसाइकललाई ठक्कर दिएर भागेपछि विकास थापालाई वडा प्रहरी कार्यालयमा ल्याएर थुनामा राखिएको थियो। विकास थापालाई छुटाउन गएका पारसले प्रहरी जवान डंगोललाई रगताम्मे हुनेगरी कुटपिट गरी विकासलाई जवरजस्ती वडा प्रहरी कार्यालयबाट लिएर गएका थिए।

मौलिक अधिकार

अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेवाः खलः ले ०५५ फागुन २१ गते आयोजना गरेको उपत्यका बन्दका क्रममा १३४ जना व्यक्तिहरूलाई फागुन २० र २१ गते प्रहरीले गिरफ्तार गरे। बन्दका आयोजकहरूले २१ गते दिउँसो जुलुस निकाल्न लाग्दा प्रहरी हस्तक्षेपका कारण सफल हुन सकेन। गिरफ्तारीमा परेकाहरूलाई प्रहरीले एक दिन हिरासतमा राखेर रिहा गरे।

मानवअधिकार तथा शान्ति समाजका अध्यक्ष कृष्ण पहाडी, इन्सेकका अध्यक्ष सुशील प्याकुरेल, इन्हुरेड इन्टरनेशनलका गोपालकृष्ण सिवाकोटी, डा. राजेश गौतमलगायत्का २९ जनालाई ०५६ साउन २५ गते मानवअधिकार आयोग तत्काल गठनको माग राख्दै विरोध प्रदर्शन कार्यक्रम गरिरहेको अवस्थामा कामनपा-३१ पुतलीसडकस्थित पद्मोदय हाइस्कूल अगाडिबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई सोही दिन रिहा गरियो।

भाषिक अधिकार संयुक्त संघर्ष समिति र नेपाल भाषा संघर्ष समितिले संयुक्तरूपमा आयोजना गरेको ०५६ भदौ ३० गतेको उपत्यका बन्दको क्रममा पूर्व सांसद पद्मरत्न तुलाधरलाई मैतिदेवीबाट तथा अन्य २६ प्रदर्शनकारीहरूलाई विभिन्न स्थानबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई सोही दिन बेलुका रिहा गरियो।

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनद्वारा ०५६ असोज ६ गते सांसद पेन्सन र आतंककारी नियन्त्रण विधेयकविरूद्ध आयोजित विरोध कार्यक्रममा प्रहरीले लाठीचार्ज गरी विद्यार्थीहरूलाई गिरफ्तार गरे। लाठीचार्जबाट युनियनका महासचिव राजेन्द्र राईलगायत्का व्यक्तिहरू घाइते भएका थिए। गिरफ्तार गरिएकाहरूलाई सोही दिन राति रिहा गरियो।

नेकपा (माओवादी) को आव्हानमा ०५६ असोज २० गते भएको नेपाल बन्दको कार्यक्रममा काठमाडौंका विभिन्न ठाउँबाट २२ जनालाई प्रहरीले गिरफ्तार गरे। यस बन्दलाई सफल पार्न एक दिनअघिदेखि नै बन्द समर्थकहरूले विभिन्न ठाउँमा बम विष्फोट गराएर आतंकित पार्ने काम गरे भने प्रहरीले पनि सर्वसाधारण जनतालाई गिरफ्तार गरी दुःख दिएको थियो।

स्युचाटारमा फोहोरमैला थुपार्न ल्यान्डफिल साइट बनाउने सरकारी निर्णयको विरोध प्रदर्शनमा उत्रिएका गाविस अध्यक्ष सुन्दर थापा, उपाध्यक्ष गुणबहादुर लामालगायत्का २९ जनालाई ०५६ पुस ५ गते प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखे। पीडितहरूलाई पटक पटक गरी रिहा गरियो।

नौ वाम समूहले महंगी र राज्य आतंकको विरोध गर्दै ०५६ पुस १६ गते आयोजना गरेको आधा घण्टे चक्का जाम कार्यक्रममा सहभागी संजमोका अध्यक्ष अमिक शेरचनलगायत्का प्रदर्शनकारीहरूलाई कामनपा-३० भोटाहिटीबाट प्रहरीले गिरफ्तार गरे। उक्त विरोध प्रदर्शनमा प्रहरीले सामान्य लाठीचार्ज गर्दा केही व्यक्तिलाई चोटपटक लागेको थियो। पीडितहरूलाई प्रहरीले सोही दिन रिहा गरे।

घटनाको प्रकार	गैह्रराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१४	९	६	१५				
गिरफ्तारी र यातना					२२	१५४	१२	१६६
कुटपिट	२२	२७	१	२८				
धम्की	१		१	१	१	१		१
वेपत्ता पारिएको					५	८	१	९
मौलिक अधिकार					१			
भोक हडताल	२							
सरूवा/घटुवा/पक्षपात आदि					१	१		१
महिला किनबेच	३		८	८				
बलात्कार	२		२	२	१		१	१
गर्भपतन	२	१		१				
पारिवारीक हिंसा	३	३	३	६				
महिला भएकै कारण यातना	३		४	४				
बाल अधिकार	९	११	४	१५				
आर्थिक अधिकार	२	१५		१५	१			
आतंक	३	१		१				
अपहरण	२	१	१	२				
जम्मा	६६	६८	३०	९८	३२	१६४	१४	१७८
लाश फेला	४२	३४	८	४२				
आत्महत्या	५३	२४	२९	५३				
चोरी/डकैती	१७	१५	१	१६				
दुर्घटनाहरू/विपत्तिहरू	५८	४९	२२	७१				

सुगम र निष्पक्ष न्यायिक अधिकार

यो वर्ष जिल्ला अदालतमा देवानीतर्फ १ हजार ३ सय ९७, सरकारवादी फौजदारीतर्फ २ सय ५१ गरी कुल १ हजार ६ सय ४८ वटा मुद्दाहरू परे। यस वर्ष परेका र विगत १२ वर्षदेखि सर्दै आएका मुद्दाहरूमा देवानीतर्फ १ हजार ५ सय ९५ वटा मुद्दा फर्स्योट भए भने सरकारवादी फौजदारीतर्फ २ सय १७ र फौजदारी २ सय ५७ गरी जम्मा २ हजार ६९ वटा मुद्दाहरू जिल्ला अदालतबाट फर्स्योट भए।

सरुवा, घटुवा र पक्षपात अदि

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक देवीप्रसाद बास्तोलालाई ०५६ जेठ २८ गते श्री ५ को सरकाले नियुक्त गरेको अवधि भुक्तान नहुँदै अवकाश दिएको छ। पीडितलाई ०५५ असार १ गते दुई वर्षका लागि कार्यकारी निर्देशकको पदमा नियुक्त गरिएको थियो।

भूमिहीन/सुकुम्बासी समस्या र अशक्त भत्ता आदि

काठमाडौ जिल्लामा ४५ हजार "भूमिहीन सुकुम्बासीहरू हौं" भन्नेहरूको संख्या रहेको छ। यस जिल्लाका सबै क्षेत्रमा सुकुम्बासीहरूको बसोबास रहे पनि ग्रामीण क्षेत्रमा बस्नेहरूको संख्या न्यून नै छ। काठमाडौ महानगरपालिका क्षेत्रभित्र ५४ वटा सुकुम्बासी बस्तीहरू रहेका छन्। यी वस्तीहरू वाग्मती, विष्णुमती, धोवीखोला आदिका किनार तथा पर्ति जग्गाहरूमा छन्। महानगरपालिका वरिपरिका गाविसहरूमा पनि करिब दुई दर्जनको हाराहारीमा सुकुम्बासीहरूको बस्ती रहेको छ। तर यी सबै सुकुम्बासीहरू वास्तविक सुकुम्बासी नभई राजधानी बाहिरका यहाँ आइ बसोबास गरी जग्गा पाउने आशमा बसेकाहरूकै बाहुल्यता रहेको छ। यसरी बसोबास गर्नेहरूमा भारतीय नागरिकहरूको संख्या पनि निकै छ।

काठमाडौंका विभिन्न ठाउँमा बसोबास गर्दै आएका सुकुम्वासीहरूले आ-आफ्नो बसोबास गरेको स्थानको सुरक्षा र भू-स्वामित्वका लागि जग्गाधनी प्रमाणपूर्जा पाउनुपर्ने माग राख्दै ०५५ माघ १ गते विरोध ऱ्याली र सभाको आयोजना गरे। सुकुम्वासी केन्दीय तदर्थ समितिको आव्हानमा भएको उक्त विरोध सभामा काठमाडौंमा बसोबास गर्दै आएका ६६ टोलका सुकुम्वासीहरूको सहभागिता थियो।

महिला अधिकार

लमजुङ जिल्लाकी १७ वर्षीय मण्डली कामीलगायत् ४ जनालाई विक्री गर्ने उद्देश्यले कामनपा-११ स्थित लुम्बिनी गेष्ट हाउसमा राखिरहेको अवस्थामा ०५६ साउन २२ गते रामेछाप जिल्ला प्रिति गाविस-८ का कवि कार्की र लमजुङ जिल्ला गिलोङ गाविस-२ की कान्ति गुरुङलाई प्रहरीले गिरफ्तार गरे। कार्की र गुरुङले यसअघि पनि ४ जनालाई प्रतिव्यक्ति १० हजार रूपैयाँमा विक्री गरिसकेको वताए। पीडितहरूलाई माइती नेपालले संरक्षण दिइरहेको छ।

कामनपा-१३ टंकेश्वर टेकूकी एक २७ वर्षीय महिलालाई ०५६ असार १७ गते आफ्नै पति राजेश डंगोलले साथीद्वारा बलात्कार गर्न लगायो। पीडितका अनुसार असार १७ गते वेलुका पति साथी लिएर डेरामा आई साथी लगाई जवरजस्ती आफूलाई नाङ्गो पारी वलात्कार गर्न लगायो। त्यसपछि पति र उक्त व्यक्तिले कोठा वाहिरवाट ताल्चा लगाइ गएका थिए। भोलिपल्ट छिमेकीहरूले ढोका खोलिदिएपछि माइती नेपालको सहयोगमा प्रहरीमा उजुर गरिएको थियो। पीडक राजेश डंगोललाई प्रहरीले गिरफ्तार गरी थुनामा राखेको छ, साथी भने फरार छ। पीडित महिलाका क्रमशः ४ र ५ वर्षीय छोरी र छोरा छन्।

कीर्तिपुर भत्केपाटी घर भई कीर्तिपुरकै नयाँबजारमा घरायसी काम गर्न बसेकी एक १२ वर्षीय वालिकालाई ०५६ असार ३१ गते राति चक्कु देखाई ज्यानमार्ने धम्की दिएर ३२ वर्षीय राजु थापाले बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरे। पीडितले विहान उक्त घटना पीडककी पत्नीलाई वताएपछि घरवाट निकालिदिएकी थिइन्। पीडितलाई सिविनमा राखिएको छ।

गोंगबुस्थित नयाँ बसपार्क नजिक चौरमा एक युवतीलाई ०५६ साउन २२ गते शाही नेपाली सेनाका जवानहरू २८ वर्षीय कृष्णबहादुर खड्का, २६ वर्षीय जीतवहादुर थापा र ३२ वर्षीय नरवहादुर थापाले बलात्कार गरे। बलात्कारपछि वेहोस भएकी पीडितलाई प्रसूति गृहमा लगी उपचार गरिएको थियो। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरे भने सेनाको आन्तरिक प्रशासनले पनि विभागीय कारवाही अगाडि वढाएको जनाएको छ।

यस वर्ष यो जिल्लामा वहुविवाहको १८ वटा घटना प्रहरीमा दर्ता भए भने मानाचामलसम्वन्धी ११ वटा मुद्दा जिल्ला अदालतमा दर्ता गरिएको छ। पारिवारिक हिंसाका २ घटनामा २ महिला र ४ वालवालिका पीडित भएको जानकारीमा आयो।

वूढानीलकण्ठ गाविसकी ३८ वर्षीय पार्वती पौडेल एक वर्षदेखि पारिवारिक हिंसाका कारण घर छोडी चार छोराछोरीसहित ललितपुर जिल्लाको डुकुछापमा वसेकी छिन्। पतिले अर्की पत्नी ल्याएपछि आफूसहित छोराछोरीलाई समेत कुटपिट गर्नुका साथै खान पनि नदिई हेला गरेपछि पार्वती घर छोड्न वाध्य भएकी थिइन। एक वर्षअघि नै अंश मुद्दा दायर गरेकी पार्वतीको मुद्दा टुंगो लाग्न सकेको छैन।

कामनपा-३ महाराजगन्जस्थित शिक्षण अस्पतालमा शंकरदेव क्याम्पसकी २० वर्षीय एक छात्रालाई ०५५ माघ २६ गते सोही अस्पतालका हाड जोर्नी विभागका डाक्टर विनयलाल श्रेष्ठले उपचार गर्ने क्रममा यौन दुर्व्यवहार गरे। खुट्टा दुखेको देखाउन गएकी युवतीलाई शरीरका अन्य भागमा छामछुम पार्नुका साथै पेन्टीसमेत तान्न थालेपछि युवती चिच्याएर रोएकी थिइन्। डाक्टरलाई माफी मगाई रिहा गरियो। पीडितले मेडिकल काउन्सिलमा समेत उजुरी गरिन्।

कामनपा-५ हाँडीगाउँस्थित ३० वर्षीय इन्दिरा थापाको घरमा ०५६ असोज १२ गते राति श्रम, आवास तथा भौतिक योजना मन्त्री वलवहादुर के.सी.ले दुर्व्यवहार गरी घरको झ्याल ढोका तथा टीभीसमेत तोडफोड गरे। पीडकले मध्यरातमा थापाको घरमा तोडफोड गरी कुटपिट गरेपछि इन्दिरा र उनको छोरा रोएको आवाज सुनेर छिमेकीहरूले थाहा पाई हो-हल्ला गरेपछि मन्त्री त्यस ठाउँबाट भागेका थिए।

वाल अधिकार (वालवालिकाउपरको अत्याचार)

कामनपा-६ वौद्धस्थित गोमागोविन्द उनी धागो कारखानावाट ०५५ फागुन ४ गते १६ जना वालवालिकालाई प्रहरीले उद्धार गरे। १२ देखि १५ वर्ष उमेरका ती वालवालिकाहरूलाई कारखाना संचालकले कारखाना वाहिर निस्कन नदिने, थोरै पैसा मात्र भुक्तानी दिने र उपचारको व्यवस्थासमेत नगराउने गरेको पीडितहरूले वताए। पीडकहरू गोविन्द सापकोटा र गोमा सापकोटालाई प्रहरीले थुनामा राखी कारवाही गरिरहेको छ।

धादिङ जिल्ला नौविसे गाविस-४ कानाकोट घर भई कामनपा-३३ कमलपोखरीमा वस्ने ८ वर्षीय सपना पाण्डेलाई ०५५ फागुन २८ गते वेलुका ५ वजेतिर पर्सा जिल्ला वीरगन्ज वजार जितपुर चोकको २० वर्षीय आरति गुरुङ र भारत फिरोदावाद जिल्ला आगरा घर भई वीरगन्ज नपा-१९ मा डेरा गरी वस्ने २५ वर्षीय रजनीदेवी वनियाले आइसक्रिम खुवाउने वहानामा कमलपोखरीवाट अपहरण गरी विक्री गर्ने प्रयास गरे। पीडकहरूले ५०/५० हजार रूपैयाँ पाउने लोभमा एक जना सरदारसँग वालिकालाई विक्री गर्न भारततर्फ लाँदै गर्दा वीरगन्जमा गिरफ्तार परे। पीडकहरूलाई जीउ/मास्ने वेच्ने अपराधअन्तर्गत १०/१० वर्षको कारावास सजाय तोकिएको छ। पीडित आफ्ना वावु-आमासँगै छिन।

कामनपा-२८ झोछेंमा डेरा गरी वस्ने भारतीय नागरिक महोम्मद अरिफको २ वर्षीय छोरा वकार अरिफलाई ०५६ वैशाख २५ गते भारतको मजफुर घर हुने २० वर्षीय राधा अली, रामकोटका २५ वर्षीय दीपक गोतामे, १८ वर्षीय राज मोहम्मद, भारतको दिल्ली घर भएका १६ वर्षीय मनवीर खान, वारा जिल्लाका १७ वर्षीय समुद्धिन खान, मोहत्तरी जिल्लाका मुमताज महोम्मद र १७ वर्षीय असफर अली गरी सात जनाले अपहरण गरे। घरमा खेलिरहेको वालकलाई अपहरणकारीहरूले लगेको केही समयपछि छ लाख रूपैयाँ माग गर्दै प्रहरीलाई खवर गरेमा

बालकको हत्या गर्ने धम्की पत्र लेखेका थिए। वैशाख ३१ गते प्रहरीले पीडकहरूलाई गिरफ्तार गरेको थियो।

काठमाडौंमा विगत १३ वर्षदेखि गैरसरकारी संस्थामा कार्य गर्दै आएका फ्रेञ्च नागरिक ४८ वर्षीय जिन ज्याकोस हायले बालकहरूमाथि अप्राकृतिक यौन सम्पर्क गरेको अभियोगमा ०५६ जेठ २ गते प्रहरीले गिरफ्तार गर्‍यो।

कामनपा-२९ ठमेलस्थित एक होटलबाट ब्रिटिस नागरिक क्रिष्टोफर आर फ्रसर डोनकिन्सलाई ०५६ जेठ ३ गते बालकहरूसँग अप्राकृतिक यौन व्यवहार गरिरहेकै अवस्थामा प्रहरीले गिरफ्तार गरेको छ। काठमाडौंको चण्डोलमा स्टार लाइट चिल्ड्रेन्स होम नामक संस्था खोली बसेका पीडकलाई प्रहरीले अनुसन्धान गरिरहेको छ। पीडकले चार बालकहरू साथमा राखी अप्राकृतिक यौन सम्पर्क गर्दै आएको थियो।

कामनपा-१३ सिविन (बाल सरोकार केन्द्र) बाट ब्रिटिस नागरिक क्रिष्टोफर आर फासर जेन किनलेको यौन दुराचारबाट पीडित भई उद्धार गरिएका तीन बालक केशव परियार, उमेश पंगाली र रामकुमार सेन्चुरीलाई ०५६ जेठ ८ गते अपहरण गरियो। उक्त अपहरणमा संलग्न अष्ट्रेलियन नागरिक राहदानी नं. ०६२०६०५ की होली रिड टिविका र राजकुमार के.सी.लाई प्रहरीले पोखराबाट ०५६ जेठ ११ गते गिरफ्तार गरी काठमाडौं ल्यायो। पीडकहरू स्टार लाइट चिल्ड्रेन होममा कार्यरत् शिक्षिका र कामदार हुन्। उक्त संस्था यसअघि पनि यौन दुराचारमा संलग्न रहेको थियो।

जोरपाटी-७ का ३ र डेढ वर्षीय दुई बालिकालाई ०५६ जेठ १५ गते सोही ठाउँ बस्ने १५ वर्षीय चन्द्रराज गुरूङले अनुचित कार्य (यौन दुर्व्यवहार) गरेकाले प्रहरीले गिरफ्तार गरेको छ। पीडितहरूको उपचार वीर अस्पतालमा गरिएको थियो।

कामनपा-५ हाँडीगाउँ बस्ने ७ वर्षीय मनीषा थापालाई ०५६ जेठ २२ गते सीमा के.सी.ले कुटपिट गरी यातना दिइरहेको अवस्थामा प्रहरीले बाल मजदुर सरोकार केन्द्र (सिविन) र कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) को सहयोगमा उद्धार गरेको छ। पीडककै घरमा गत १ वर्षदेखि काम गर्दै आएकी बालिका मनीषाको शरीरभरिलगायत् अनुहार र हातमा समेत निल डाम र डामिएको खत प्रशस्त थिए। प्रहरी प्रधान कार्यालयमा कार्यरत् प्रहरी नायव निरीक्षकको घरमा काम गर्ने बालिकालाई यसभन्दा पहिले पनि शारीरिक र मानसिक यातना दिइएको बालिकाले बताइन। प्रहरी नायव निरीक्षककी पत्नी सीमाले सधैंजसो पिट्ने, आइरन तथा पन्यूँ तताएर हात, गालामा डाम्ने र कहिलेकाहीं हात पछाडि बाँधेर सिस्नुपानी पनि लगाउने गरेको गुनासो पीडितको छ। पीडितलाई सिविनमा राखिएको छ। पीडकलाई प्रहरीले एक रात हनुमान ढोकामा थुनामा राखी जमानीमा छाडेको छ। प्रहरी नायव निरीक्षक रोशन के.सी.ले माफी मागी उचित क्षतिपूर्ति बालिकालाई दिने भएका छन्।

कामनपा-३३ कुमारी हल नजिकै महिना पुगी जन्मिएको एक नवजात शिशुलाई ०५६ जेठ २२ गते फोहर फाल्ने ठाउँमा फालेको अवस्थामा जिउँदै फेला पारियो। बालकलाई स्थानीय वासिन्दा तथा प्रहरीको सहयोगमा कान्ति बाल अस्पतालमा लगी उपचार भइरहेको छ। पीडक पत्ता लाग्न सकेको छैन।

कामनपा-९ गौशाला बस्ने अन्दाजी २२ वर्षीय मंनुका भन्ने महिलाले ०५६ जेठ २४ गते अन्दाजी ११ दिनको नवजात छोरालाई कान्ति बाल अस्पतालमा उपचारका लागि भर्ना गरी भागिन्। शिशुको उपचार भइरहेको छ भने पीडकको पनि खोजी भइरहेको छ।

कामनपा-१५ स्वयम्भुमा घरायसी काम गर्ने बुटवलकी १३ वर्षीय बालिका पूजालाई ०५६ असार ९ गते चोरीको आरोपमा मालिक्नी विलुफुर डोल्मा शेर्पाले गहना चोरेको आरोपमा निलडाम हुने गरी कुटी घाइते बनाइन्। पीडितको सिविनले उद्वार गर्‍यो भने पीडकलाई प्रहरीले गिरफ्तार गरी कारवाही गरिरहेको छ।

कामनपा-३२ स्थित अनामनगरमा ६ वर्षीय ववित‍ा नाम गरेकी एक सुस्त मनस्थितिकी बालिकालाई ०५६ असार १० गते अपरिचित महिलाले सोही ठाउँमा तरकारी व्यापार गर्ने बालकुमारी अर्याललाई एक छिन हेर्न लगाएर बेवारिसे अवस्थामा छोडिन। उक्त बालिकालाई वडा प्रहरी कार्यालय सिंहदरवारमा बुझाएपछि बेवारिसे भन्दै कान्ति बाल अस्पतालमा राखिएको छ।

धापासी-१ स्थित सरस्वतीको मन्दिर नजिक झाडीमा भर्खर जन्मिएको नवजात शिशु ०५६ असार ३० गते फेला पर्‍यो। प्लाष्टिकमा पोको पारेर फालिएको उक्त नवजात शिशु जिउँदै भएकाले कान्ति बाल अस्पतालमा उपचारका लागि लगियो। प्रहरीले यस सम्बन्धमा छानविन गरिरहेको बताएको छ।

कामनपा-१० स्थित परी डान्स रेष्टुराँबाट मकवानपुर सिस्नेरी-२ की एक १४ वर्षीय बालिका सम्झना थापालाई ०५६ साउन २७ गते राति मध्यरातमा ५० रूपैयाँ दिएर उक्त रेष्टुराँबाट मालिकले निकालिदिए। बालिकालाई रेष्टुराँ मालिकले भनेको नमानेको आरोपमा निकालिएको पीडित बालिकाको आरोप छ। उनलाई ग्राहकले जे भन्यो त्यो मान्नुपर्ने र छोटा छोटा लुगा लगाउनुपर्ने भनेकोमा सो गर्न नमान्दा उक्त घटना भएको थियो। पीडितलाई सिविनले राखेको छ भने पीडकलाई प्रहरीले कारबाही गरी रिहा गरे।

आर्थिक अधिकार

जोरपाटीस्थित नोर्खेल कार्पेटमा कार्यरत् मजदूरहरूले ०५६ साउन १५ गते व्यवस्थापनसँग आफ्ना मागहरू पुरा नभएकोमा विरोध जनाएका छन्। महंगीको अनुपातमा गलैंचा बुनाईको दरमा वृद्धि हुनुपर्ने, राम्रो गुणस्तर र गाह्रो गलैंचा बुनाइमा दोव्वर रकम दिनुपर्ने, निश्चित मापदण्डअनुसार गलैंचाको स्तर निर्धारण गर्नुपर्ने माग असार महिनामा व्यवस्थापनसँग राखेको र व्यवस्थापनले साउन १ गतेदेखि उक्त मागहरू पूरा गर्ने आश्वासन दिएको थियो। तर दुई हप्ता वितिसक्दा पनि व्यवस्थापनले वेवास्ता गरेकाले मजदूरहरूले उक्त विरोध जनाएका थिए। यसका साथै गलैंचा नापक पेमा लामाले

मानवअधिकार आयोग गठन गर्नुपर्ने माग राख्दै विभिन्न मानवअधिकारवादी कार्यकर्ताहरू अनसनमा

मजदूरलाइ कुट्न धम्की दिन तथा "ए" ग्रेडका गलैंचालाइ "सी" ग्रेडको गलैंचा भनी मजदूरहरूको शोषण गर्ने गरेकोमा पनि मजदूरहरूले विरोध गरेका थिए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि:

प्रहरीद्वारा गिरफ्तार गरी बेपत्ता पारिएका पीडितहरूका आफन्तले ०५६ साउन ३१ गते एक पत्रकार सम्मेलन गरी आफन्तहरूको बारेमा मानव अधिकारवादी संस्था तथा सर्वसाधारणमा जानकारी गराई श्री ५ को सरकारलाई जानकारी दिन दबाब सिर्जना गर्न अनुरोध गरे।

अनेरास्ववियुका अध्यक्ष रूपनारायण श्रेष्ठ, अनेरास्ववियु (क्रान्तिकारी) का अध्यक्ष कृष्णध्वज खड्का, अनेरास्ववियु (क्रान्तिकारी) का सचिव जीवन गौतम र अनेरास्ववियु छैटौंका सचिव रमेश घिमिरेले ०५६ भदौ ७ गते एक प्रस विज्ञप्ति प्रकाशित गरी विद्यार्थीहरूले उठाएका मागहरूलाई संसद अधिवेशनमा उठाइदिन प्रतिनिधिसभा र राष्ट्रिय सभाका सांसदहरूलाई अपिल गरे।

कामनपा-३१ स्थित भद्रकालीमा विभिन्न मानवअधिकारवादी कार्यकर्ताहरूले ०५६ भदौ २३ गते बिहान ८:३० बजेदेखि २४ घण्टे अनसन बसे। मानव अधिकार आयोग गठन हुनुपर्ने, हिंसा र आतंक बन्द हुनुपर्ने, जनतालाई मानव अधिकारको प्रत्याभूति दिनुपर्नेलगायत्का मागहरू मानव अधिकारवादीहरूले राखेका थिए। अनसन बस्ने ३२ जना मानव अधिकारवादी कार्यकर्ताहरूमा नेमाधि संघका कपिल श्रेष्ठ, इन्सेकका सुशील प्याकुरेल, शान्ति समाजका कृष्ण पहाडीलगायत्का व्यक्तिहरू हुनुहुन्थ्यो।

नेकपा माओवादीको आव्हानमा भएको ०५६ असोज २० गतेको नेपाल बन्दको कार्यक्रममा गिरफ्तार गरिएका सर्वसाधारणको रिहाईको माग गर्दै इन्सेकले एक विज्ञप्ति प्रकाशित गऱ्यो। उक्त विज्ञप्तिमा बन्द आयोजक कार्यकर्ताहरूले आफूखुसी चलाइएका सवारी साधनमा ढुंगा प्रहार गरिएका सामान्य घटनाबाहेक नेपाल बन्द शान्तिपूर्ण रहेको उल्लेख गरिएको थियो।

मानव अधिकार तथा शान्ति समाजका अध्यक्ष कृष्ण पहाडी ०५६ मंसिर २३ गतेदेखि मानव अधिकार आयोग तत्काल गठन गर्नुपर्ने माग राखी आमरण अनसनमा बसे। ५ दिनपछि सरकारी प्रतिनिधिहरूसँगको आयोग गठन गर्ने सहमतिमा अनसन तोडियो।

अतिरिक्त जानकारी

कामनपा-३४ सिनामंगलस्थित गृहसचिव पदमप्रसाद पोखरेलको घरमा ०५५ फागुन १८ गते बम विष्फोटन हुँदा एउटा गाडी र मोटरसाइकल आगोले जलेर क्षतिग्रस्त भए। उक्त बम विस्फोटनका कारण घरको झ्यालका शिशाहरू फुटेका थिए।

कामनपा-१३ कुलेश्वरस्थित ४ नं. कर कार्यालयमा ०५६ वैशाख २ गते माओवादीहरूले बम प्रहार गरे। कार्यालय खुलेपछि बिहान १० बजे पेट्रोल बम विष्फोट भएको थियो। त्यसपछि उक्त ठाउँबाट केही व्यक्तिहरूले माओवाद जिन्दावाद भन्ने नारा लगाउँदै पर्चा छरेर त्यहाँबाट भागेका थिए। प्रहरीले पीडक फेला पार्न सकेको छैन।

कामनपा धर्मपथस्थित गोरखापत्र संस्थानमा ०५६ वैशाख ६ गते बिहान करिब २ बजे बम विस्फोटन हुँदा गोरखापत्र दैनिकको सम्पादन कक्षका ३ वटा कोठाहरूमा क्षति पुगेको थियो। मध्य राति भएको उक्त विष्फोटनले शौचालयको भित्तामा प्वाल पार्नुका साथै प्रधान सम्पादक तथा नायव प्रधान सम्पादकको कार्यकक्षमा पनि असर पारेको थियो। विष्फोटनबाट नजिकै रहेको नेपाल बैंक लिमिटेडको झ्यालका शिशाहरूसमेत फुटेका थिए।

कीर्तिपुरस्थित नयाँ बजारमा ०५६ वैशाख ८ गते बिहान माओवादी कार्यकर्ताहरूले पेट्रोल बम प्रहार गर्दा प्रहरी बिट क्षतिग्रस्त भयो। प्रहरी ड्यूटीमा नभएको मौका पारी केही व्यक्तिहरूले माओवाद जिन्दावाद भन्ने नारा लगाउँदै पेट्रोल बम प्रहार गरेर भागेका थिए।

काठमाडौं जिल्ला प्रहरी कार्यालयमा यस वर्ष २३ वटा हत्याका, भवितव्यमा परी मृत्यु हुनेरू १९२ जना र १ गर्भ पतनका घटना दर्ता भएका छन्। यसैगरी आत्महत्या गर्नेहरूमा ७० जना, विष सेवन गर्ने, आगोले जल्ने १२ जना, डुबेर मर्ने ८ जना, झुण्डिएर मर्ने ९७ जना र औजार प्रयोग गरी मर्ने २ जना छन्। सवारी दुर्घटनामा ८६ जनाको मृत्यु भयो भने १७ जना सख्त घाइते भए। बलात्कारका ११ वटा घटना र बलात्कार प्रयासका ३ वटा घटना प्रहरीमा दर्ता भएका छन्। देहव्यापारका ४६ वटा र चोरीका १२० वटा घटना पनि प्रहरीमा दर्ता गरिए।

२.१६ धादिङ

जनसंख्या	२७८०६८
साक्षरता प्रतिशत	३३.३
महिला साक्षरता प्रतिशत	१९
क्षेत्रफल (वर्ग किमी)	१९२६
गाविस/नपा संख्या	५०/०
निर्वाचन क्षेत्र	३
विद्यालय	४७७
क्याम्पस/उच्च मावि	१/३
अस्पताल/ स्वास्थ्य चौकी	१/५२
टेलिफोन लाइन	१८४
मोटर सडक (किमी)	२८५
प्रहरी कार्यालय संख्या	१७
हुलाक संख्या	५०

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

निलकण्ठ गाविस-५ जुरेथुमका १७ वर्षीय पूर्णबहादुर गुरूङलाई ०५५ फागुन १ गते जिल्ला प्रहरी कार्यालयअगाडि माओवादीहरूले हातेबम पड्काएपछि प्रहरीले गिरफ्तार गरेकोमा फागुन १२ गते कुरिनटार नजिकै त्रिशूली नदीमा हत्या गरी लासलाई बोराभित्र कोचेर राखेको अवस्थामा फेला पर्‍यो। पीडितलाई प्रहरीले गिरफ्तार गरी निर्मम यातना दिनुका साथै नाकमुनी गोली हानी लिंगसमेत काटेर हत्या गरिएको थियो। पीडितको खल्तीमा प्रहरीले मात्र प्रयोग गर्ने एउटा केप र ५ मी.मी. व्यासको गोलीसमेत राखिएको थियो। घटनाको वास्तविकता पत्ता लगाउन श्री ५ को सरकारले प्रहरी अतिरिक्त महानिरीक्षक प्रदीपशमशेर जबरा र गृह मन्त्रालयका उपसचिव रामबहादुर खड्का रहेको एक आयोग गठन गर्‍यो। तर आयोगले प्रतिवेदन दिएको छैन।

फूलखर्क गाविसस्थित प्रहरी चौकीका असई ३५ वर्षीय अम्बरबहादुर थापा र प्रहरी जवान २७ वर्षीय ज्वारीलाल विजुक्छेलाई ०५५ चैत ५ गते राति माओवादीहरूले चौकीमा आक्रमण गरी गोली प्रहार गरी घाइते बनाए। प्रहरी जवान २७ वर्षीय प्रेमबहादुर गुरूङलाई खुकुरी प्रहार गरी घाइते बनाए। पीडकहरूले पीडितको साथमा रहेको बन्दूक पनि खोसेर लगे।

सेमजोङ गाविस-८ का ४५ वर्षीय धनबहादुर तामाङलाई ०५५ चैत २९ गते प्रहरीले गिरफ्तार गरी यातना दिई हत्या गरे। पीडित गिरफ्तार गर्ने समयमा आउँको बिरामी भएको र प्रहरीले अत्यधिक कुटपिट गरेकाले धादिङबेशी लग्दालग्दै कटुन्जे गाविस-७ बानेचौरमा मृत्यु भएको थियो।

सलाङ गाविस-५ का २२ वर्षीय राजेश राउत र सोही गाविस-१ का २३ वर्षीय झकबहादुर थापाको ०५६ वैशाख २० गते गाविस भवनमा मतदान भैरहेको अवस्थामा प्रहरीले गोली हान्दा मृत्यु भयो। नेकपा (एमाले) र नेकाँ पक्षधरहरूबीच दोहोरो भिडन्त हुँदा प्रहरीले हवाइ फायर गर्दासमेत स्थिति साम्य हुन नसकेपछि गोली चलाउँदा पीडितहरूको मृत्यु भएको थियो।

यस वर्ष यस जिल्लामा भएका व्यक्तिगत रिसइवीका ४ घटनामा २ महिलासहित ४ जनाको हत्या भयो। जसमध्ये –

मुरलीभञ्ज्याङ गाविस-९ की ६५ वर्षीय सेती गुरूङलाई ०५६ असार २७ गते बिहान १० बजेतिर उनकै छोरा २२ वर्षीय टोपबहादुर गुरूङले वृद्धभत्ता वापत बुझेको रूपैयाँ नदिएको आरोपमा नजिकैको बारीमा घाँस काट्न गएको अवस्थामा हत्या गरी त्यहीं खाल्डो खनेर पुरे। पीडितको लाश स्यालले खाल्डोबाट निकालेपछि मुरलीभञ्ज्याङको च्यानडाँडामा ०५६ साउन ३ गते फेला पर्‍यो। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

नलाङ गाविस-२ की ४० वर्षीय कृष्णकुमारी सार्कीलाई ०५६ कात्तिक २७ गते आफ्नै पति ४५ वर्षीय दलबहादुर सार्कीले हँसिया प्रहार गरी हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

२५ जनाको क्षमता भएको धादिङ जेलमा कैदी र बन्दी गरी ३१ जना रहेका छन्। तीमध्ये ३ जना पुरूष थुनुवा तथा बन्दीहरूमा २६ जना पुरूष र २ जना महिला रहेका छन्। जीर्ण अवस्थामा रहेको प्रष्ट देखिने यस जेलमा सबैभन्दा बढी लागूऔषधसँग सम्बन्धित व्यक्ति छन्। ०५६ भदौ ३ गते जेलको गाह्रो फुटाएर २ जना कैदी भागे। सुत्ने कोठा चिसोले कठ्याङिग्रएको छ भने पातलो ओड्नेले जाडोमा सात्तो नै उडाउने बन्दीहरू बताउँछन्। "पत्रपत्रिका पढ्न पाइन्न, चिठीपत्र जेलरले खोलेर पढेपछि मात्र दिन्छन्"– एक बन्दी गुनासो गर्छन्। नाम्लो बुन्नेभन्दा अरू काम जेलभित्र छैन।

गिरफ्तारी र यातना

दार्खा गाविसका आइतराम तामाङ, कुम्पुर गाविसका बुद्धबहादुर घले, निलकण्ठ गाविस-५ का २० वर्षीय ईश्वरकुमार श्रेष्ठ, सोही ठाउँका अन्दाजी ४० वर्षीय पूर्णबहादुर ढुंगाना र चक्रबहादुर भण्डारीलाई ०५५ फागुन १ गते राति जिल्ला प्रहरी कार्यालयअगाडि माओवादीहरूले बम पड्काएपछि प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई सामान्य सोधपुछ गरी भोलिपल्ट रिहा गरियो।



धादिङ जिल्ला कारागार

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	२	२	४				
गोलीद्वारा हत्या					२	३		३
यातनाले मृत्यु					१	१		१
गोलीद्वारा घाइते	१	३		३				
बम प्रहार	२							
गिरफ्तारी र यातना					२	६		६
कुटपिट	६	८	१	९	३	१७		१७
धम्की	७	५	३	८				
बहुविवाह	२		२	२				
गर्भपतन	२							
महिला भएकै कारण यातना					१		२	२
जातीय छुवाछूत	१	५		५				
अमानवीय व्यवहार	१	१	१	२				
अपहरण	१		१	१				
जम्मा	२७	२४	१०	३४	९	२७	२	२९
आत्महत्या	१४	८	६	१४				
चोरी/डकैती	२	५	१	६				
दुर्घटनाहरू/विपत्तिहरू	१७	३१	२२	५३				

वैंरनी गाविस-८ गल्छीका २२ वर्षीय दिलिपकुमार श्रेष्ठलाई सैनिकलाई कुटपिट गरेको आरोपमा ०५६ मंसिर १५ गते दिउँसो प्रहरीले विनापूर्जी गिरफ्तार गरे। पीडितलाई सामान्य यातना दिई सोही दिन राति रिहा गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

कल्लेरी गाविस-१ का २५ वर्षीय प्रेमबहादुर दर्लामी मगरलाई राजनीतिक प्रतिशोधका कारण ०५५ फागुन ४ गते कल्लेरी गाविस-२ सुनटारको आमसभावाट घर फर्कन लाग्दा सोही गाविस-३ का कुमार सिं, रामकृष्ण सूर्यवंशी, हरिबहादुर सूर्यवंशी र सानो भोजबहादुर मल्लले कुटपिट गरी मर्‍यो भनेर फाले।

कल्लेरी गाविस-३ का मंगलकुमार खतिवडा र सोही गाविस-२ का जगन्नाथ नेपाललाई ०५६ वैशाख २ गते कल्लेरी गाविसअन्तर्गत सरस्वती निमावि डुम्रिचौरमा चुनावी प्रचार-प्रसारका लागि भेला भएको अवस्थामा सोही गाविसका हरिबहादुर मल्ल ठकुरी, खन्तरे भन्ने होमबहादुर सूर्यवंशीलगायत्का २०/२२ जनाको समूहले खुकुरी, छुरी, फलामको छड, लाठी आदि प्रहार गरी मरणासन्न हुनेगरी कुटपिट गरे। पीडित जगन्नाथलाई पीडकहरूले मर्‍यो भनी फालेका थिए। उनको उपचार काठमाण्डौमा भयो। पीडकहरूमध्ये हरिबहादुर मल्ललाई प्रहरीले गिरफ्तार गरेकोमा धरौटीमा रिहा गरिएको छ।

साङ्कोप गाविस-७ मधुवनका ३४ वर्षीय टंकबहादुर गुरूङलाई ०५६ वैशाख ११ गते दिउँसो आफ्नै खेतमा धान गोडिरहेको अवस्थामा सोही गाविस-८ का पंचकन्या प्रावि मधुवनका शिक्षक हरिबहादुर गुरूङले आफूले भनेको पार्टीमा प्रवेश नगरेको आरोपमा कुटपिट गरे।

कुम्पुर गाविस-१ की ६० वर्षीय मोहमाया घलेलाई भिन्न राजनीतिक आस्था राखेको आरोपमा ०५६ वैशाख १९ गते आफ्नै घरको काम गरिरहेको अवस्थामा सोही ठाउँका पंचे श्रेष्ठले मरणासन्न हुनेगरी कुटपिट गरे। पीडकमाथि कुनै कारवाही भएन।

जिविस सदस्य वासु तिमिल्सिना, नेकाँ जिल्ला कार्यसमितिका सदस्य तथा आगिनचोक गाविसका अध्यक्ष राजेन्द्रवहादुर शाह र नेविसंघ जिल्ला अध्यक्ष तिलक रूवालीलाई ०५६ वैशाख २७ गते आमनिर्वाचनको लागि वैशाख २० गते फूलखर्क गाविसमा जाँदै गर्दा सल्यानकोट गाविस-७ भञ्ज्याङ्मा राप्रपाका कार्यकर्ताहरूले कुटपिट गरी सख्त घाइते वनाए। पीडितहरूलाई सोही दिन काठमाण्डौं लगी उपचार गरियो।

सलाङ गाविस-७ दारिमटारका टोकनाथ सिलवाललाई राजनीतिक रिसइवीका कारण ०५६ वैशाख २८ गते वेनीघाट गाविस-९ सलाङघाटमा सोही ठाउँका २३ वर्षीय कृष्णकुमार सिलवाल, १९ वर्षीय रमेश त्रिपाठी र सोही गाविस-८ का २१ वर्षीय नवराज लामाले कुटपिट गरे।

मैदी गाविस-२ अमराईका कृष्ण केसीलाई राजनीतिक प्रतिशोधका कारण ०५६ जेठ ५ गते राति सोही ठाउँका शमशेर ठकुरी, कांसे तिवारीलगायत्का व्यक्तिहरूको समूहले आक्रमण गरी घर तोडफोड गरे। पीडकलाई कुनै कारवाही भएन।

जिविस सभापति ४५ वर्षीय खेमप्रसाद लोहनीलाई ०५६ असार २४ गते दिउँसो जिविस भवन हाताभित्र टेण्डरको विषयलाई लिएर धादिङवेंशीका गंगा श्रेष्ठ, राजकुमार श्रेष्ठ र टंकलाल श्रेष्ठद्वारा ल्याइएका व्यक्तिहरूले गाली वेइज्जती गर्दै ज्यानमार्ने धम्की दिए।

नलाङ गाविसको वैरेनी भन्ने स्थानमा ना.अ.ख. १२९० नं. को गुरूङ ट्राभल्सका कन्डक्टरलाई धेरै यात्रु चढाएको आरोपमा ०५६ साउन ३० गते प्रहरीले गाला नै सुन्निने गरी कुटपिट गरे। उनले अन्य तीन यात्रुलाई पनि किन यसरी चढेको भनी कुटपिट गरेका थिए।

कल्लेरी गाविस-४ केउरिनीटारस्थित साना किसान सहकारी संस्था लि. मा कार्यरत् विष्णुप्रसाद पौडेललगायत् ५ जना कर्मचारीहरूलाई ०५६ मंसिर ८ गते राति माओवादीहरूले कार्यालयमा आक्रमण गरी कागजपत्र जलाएको र नगद रूपैयाँ लुटेको घटनालाई लिएर प्रहरीले जिल्ला प्रशासन कार्यालयमा

वोलाई मरणासन्न हुनेगरी कुटपिट गरे। कुटपिटका कारण विष्णुप्रसादलाई अस्पतालमा लगी उपचार गर्नुपरेको थियो।

जि.टि.जेड. अन्तर्गत पि.एच.सि.पी. कार्यक्रमका ४ जना र गाविस महासंघ धादिङका अध्यक्ष खेमबहादुर पाठक धुवाकोट गाविसको स्वास्थ्य चौकीमा तालिम संचालन गर्न भनी गएको अवस्थामा तालिम खर्चको लागि लगेको ३६ हजार रूपैयाँ ०५६ मंसिर ११ गते माओवादीहरूले धम्क्याएर लुटे।

वैरेनी गाविस-८ मछेडी खोलाका २२ वर्षीय शेरबहादुर लोप्चन, १९ वर्षीय केशव लामिछाने, २८ वर्षीय टेकबहादुर थिङ, २१ वर्षीय कुमार थिङ, २२ वर्षीय रामकुमार खतिवडालगायत्का व्यक्तिहरूलाई ०५६ पुस ८ गते सोही ठाउँका दुर्गाबहादुर मगरको घरमा काठमाडौं-पोखराको ा.अ.ख. ६२१ नं. को वसले ठक्कर दिँदा सो घरका ५ जना सख्त घाइते भएकाले त्यसको क्षतिपूर्तिको माग राख्दै पृथ्वी राजमार्ग वन्द गराउँदा प्रहरीले लाठीचार्ज र कुटपिट गरी घाइते वनाए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

यस जिल्लामा ०५६ वैशाख २० गते भएको चुनावमा क्षेत्र नं. १ का धुवाकोट, लापा, तिप्लिङ, झार्लाङ र सेर्तुङ गाविसमा राप्रपाका कार्यकर्ताहरूले मतदान केन्द्र कब्जा गरी एकलौटी मतदान गरे। नेकाँको तर्फवाट कब्जा गरिएका मतदान केन्द्रहरूमा गुम्दी, आगिनचोक, दार्खा र सत्यवती रहेका छन्। राप्रपाले मतदान केन्द्र कब्जा गरेको फूलखर्क गाविसमा पुनः मतदान गराइयो भने अन्य स्थानहरूमा गराइएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा ३ वर्षअघिका ३ थान मुद्दा छिनिन वाँकी छ। तीमध्ये लिखत वदरसम्वन्धी २ थान र अंशसम्बन्धी एक थान रहेका छन्। यसैगरी २ वर्षभन्दा अगाडिको छिनिन बाँकी मुद्दामा १७ थान रहेका छन् जसमा अंशसम्वन्धी ५ थान रहेका छन्। १ वर्षभित्रका छिनिन वाँकी मुद्दाको संख्या यस जिल्ला अदालतमा १ सय ४१ थान रहेका छन्। जसमा अंशसम्बन्धी ४५ थान, लुटपिट ७ थान, कर्तव्य ज्यानसम्वन्धी ५ थान रहेका छन्।

ढोला गाविस-२ घर भई सीमभञ्ज्याङ मावि मैदीमा शिक्षक रहेका प्रेमकुमार सिम्खडा, मैदी गाविस-२ घर भई अमराई प्राविका शिक्षक कृष्ण के.सी., मैदी गाविस-२ का भरत अर्याल, केदार अर्याल र शरण अर्याललाई राजनीतिक प्रतिशोधका कारण ढोला गाविसका अध्यक्ष नरेन्द्र शाहले माओवादी भई आफूलाई कुटपिट गरेको भन्ने झुटो उजुरी दिएको आधारमा ०५६ असार ३२ र साउन २ गते जिल्ला प्रशासन कार्यालयले मुद्दा लगायो।

महिला अधिकार

यस वर्ष यो जिल्लामा २ जनाले वहुविवाह गरेको तथा २ जनाले गर्भपतन गरेको घटना जानकारीमा आयो। महिला भएकै कारणले दिइने अमानवीय व्यवहारको एउटा घटनामा सैनिकहरूले महिलामाथि हातपात गरे। जसमध्ये -

वैरेनी गाविस-८ गल्छीवजारकी २७ वर्षीय ईश्वरी अमगाई र ७१ वर्षीय बलमायाँ अमगाईलाई ०५६ मंसिर ११ गते रक्सी सेवन गरी आएका नं. ६ वाहिनीका नाम थाहा हुन नसकेका २ जना सैनिकहरूले अपशव्दहरू प्रयोग गरी पसलमा भएका सामानहरू फालिदिए। पीडकहरूले बलमायाँलाई हातपातसमेत गरे। पछि स्थानीय व्यक्तिहरू पीडितको मद्दतका लागि आएपछि पीडकहरू भागे।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

मैदी गाविस-१ का राजु वि.क., वनराज वि.क., मरीचमान वि.क. र सोही गाविस-८ का विकास परियारलाई ०५६ वैशाख १४ गते नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजको आह्वानमा ढोला गाविस-७ को मण्डली माई मन्दिर प्रवेश गर्ने कार्यक्रममा सहभागी भएको अवस्थामा सोही मन्दिर नजिकै १०/१२ जना नेकाँ समर्थकहरूले कुटपिट गरी सख्त घाइते वनाए। पीडकहरूले राजु वि.क.सँग रहेको एक हजार रूपैयाँ, उनको र उनका वावु आमाको नागरिकता र सवारी चालक अनुमतिपत्रसमेत लगे। त्यसैगरी ज्यामरूङ गाविस-७ का रमावहादुर वस्याललाई सोही दिन उक्त मन्दिरको हाताभित्र पीडकहरूले कुटपिट गरी गम्भीर घाइते वनाए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

निलकण्ठ गाविस-५ का पूर्णबहादुर गुरुङलाई प्रहरीले गिरफ्तार गरी हत्या गरेको अवस्थामा लास फेला परेको घटनाको उचित छानविन र दोषीमाथि कारवाहीको माग गर्दै राजकुमार श्रेष्ठको अध्यक्षतामा विभिन्न राजनीतिक पार्टीहरू, उद्योग वाणिज्य संघ, स्थानीय गाविसका प्रतिनिधिहरूसमेत रहेको एक नागरिक दवाव समूह गठन भयो। सो समूहले ०५५ फागुन १८ गते गृहमन्त्री समक्ष तीन सूत्रीय माग पेश गर्‍यो। ती मागहरूलाई वेवास्ता गरेको जनाउँदै सो समूहको आयोजनामा ०५५ फागुन २८ गते लालटिन जुलुस, चैत २ गते धादिङवेशी वजार वन्द र चैत ७ गते धादिङवेशी वजार, यातायात र केही विद्यालयहरू वन्द गरिए।

जिविस कार्यालयमा ०५६ जेठ २४ गते भएको घटनालाई लिएर ०५६ जेठ २७ गते नेकपा (एमाले) जिल्ला कमिटीले एक प्रेस विज्ञप्ति प्रकाशित गर्दै अमानवीय र उदण्ड जत्थावाट भएको व्यवहारप्रति घोर भर्त्सना गर्‍यो।

अतिरिक्त जानकारीहरु

कल्लेरी गाविस-४ केउरीनीटारस्थित साना किसान

सहकारी संस्था लि. मा ०५६ मंसिर ८ गते राति माओवादीहरूको १८/२० जनाको समूहले आक्रमण गरी त्यहाँ भएका कागजपत्रहरू जलाउनुका साथै नगद रू. १ लाख ४८ हजार र ५ सय वटा जति लालपूर्जाहरू लुटेर लगे।

धुषा गाविस-१ मा पर्ने पृथ्वी राजमार्गमा यु.पी. १३ सी १४८५ नं. को दशपांग्रे ट्रकमाथि ०५६ असोज १४ गते माओवादीहरूले ३ वटा पेट्रोल बम प्रहार गरी नष्ट गरे। सो ट्रकमा भएका टेलिभिजनहरू, कपडाहरू, रेफ्रिजेरेटरहरू, स्याम्पोहरू आदि सामानहरू पनि जलेका थिए। ती सामानहरूको मूल्य एक करोड पचास लाख वरावर भएको जनाइएको छ।

नेपाल बन्दको सिलसिलामा ०५६ असोज २० गते बेनिघाट गाविसको विशालटार भन्ने ठाउँको पृथ्वी राजमार्गमा प्रहरी गस्तीमाथि माओवादीहरूले बम प्रहार गरे। एउटा बम गाडीभित्र पर्दा पनि पड्किएन भने एउटा सडकको छेउमा गएर पड्कियो। प्रहरीहरूले हवाई फायर गरे। बम प्रहार गर्नेहरू फेला परेनन्।

व्यक्तिगत रिसइवीको कारणले भएका कुटपिटका ३ वटा घटनामा ३ जना पुरूष र २ जना महिला गरी जम्मा ५ जना पीडित भए। सवारी दुर्घटनामा परी ७ जना महिला, १४ जना पुरूष, एक जना १३ वर्षीय बालिका र ३ बालकको मृत्यु भयो। पहिरोका कारण १३ जना पुरूष र ५ जना महिला तथा २ जना वच्चाको मृत्यु भयो। खोलाले वगाएर ८ जना महिला र १ जना पुरूषको मृत्यु भयो। गाडीले ठक्कर दिई घर भत्कँदा ४ जना पुरूष र १ जना महिला सख्त घाइते भए। विष सेवनबाट ५ जना, झुण्डिएर ६ जना, हामफालेर १ जना र लागू औषध सेवनबाट १ जनाको मृत्यु भएको छ। आफैंले आगो लगाएर १ जनाको मृत्यु भयो। ८ पुरूष र ६ महिला गरी १४ जनाले आत्महत्या गरे।

पिडा गाविस-१ बेल्खुकी ६९ वर्षीय धनकुमारी पौडेललाई ०५६ साउन १८ गते एक अपरिचित महिलाले फ्रुटी खुवाई बेहोस पारेर नगद रू. १ लाख र ६ तोला सुन लुटे। २ दिनपछि होस खुलेको कुरा पीडित बताउँछिन्। पीडक फेला पर्न सकेको छैन।

२.१७ सिन्धुपाल्चोक

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या / गोली

भोटेचौर गाविस-३ का वडाध्यक्ष ४७ वर्षीय डिल्लीप्रसाद चौलागाईंलाई सुराकी गरेको आरोपमा ०५५ माघ १८ गते माओवादीहरूले आफ्नै घरमा गोली हानी हत्या गरे।

भोटेचौर गाविस-३ का २२ वर्षीय पदमप्रसाद चौलागाईंलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५५ फागुन २१ गते बिहान सिन्धुकोट गाविस-२ स्थित चिहानघारीको जंगलमा प्रहरीले गोली हानी हत्या गरे।

राम्चे गाविस-४ का गाविस उपाध्यक्ष ४५ वर्षीय गंगाबहादुर सुवेदीलाई सुराकी गरेको आरोपमा ०५६ जेठ १२ गते राति आफ्नै घरमा माओवादीहरूले गोली प्रहार गरे। पीडितलाई भोलिपल्ट उपचारार्थ काठमाण्डौ पुऱ्याइएकोमा मृत्यु भयो।

पिस्कर गाविस-८ का ६५ वर्षीय देवीजंग पाण्डेलाई ०५६ असोज ५ गते दिउँसो माओवादीहरूले आफ्नै घर नजिकैको बारीको कान्लामा लगी खुकुरी प्रहार गरी हत्या गरे। पीडितलाई शरीरको विभिन्न भागमा खुकुरी प्रहार गरी बेहोस बनाएकोमा उपचारार्थ वाह्रविसेतर्फ ल्याउँदा ल्याउँदै घटनास्थलभन्दा ५ सय मिटर जतिको दूरीमा मृत्यु भएको थियो।



जनसंख्या	:	२६११२५
साक्षरता प्रतिशत	:	२९.३
महिला साक्षरता प्रतिशत	:	१४.५
क्षेत्रफल (वर्ग किमी)	:	२५४२
गाविस/नपा संख्या	:	७९/०
निर्वाचन क्षेत्र	:	३
विद्यालय	:	४७४
क्याम्पस/उच्च मावि	:	०/४
अस्पताल/ स्वास्थ्य चौकी	:	१/७९
टेलिफोन लाइन	:	१८०
मोटर सडक (किमी)	:	१७७
प्रहरी कार्यालय संख्या	:	२१
हुलाक संख्या	:	७९

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक ३५ वर्षीय चन्द्र कुवँर खार्पुङ ०५६ मंसिर ९ गते मांखा गाविस-७ मा माओवादीसँगको दोहोरो भिडन्तमा प्रहरीतर्फबाट नै चलाइएको गोली लागी घाइते भए। पीडितलाई उपचारार्थ काठमाडौं लगियो। कृष्णप्रसाद आचार्यले हाते बम फालेपछि तितरवितर हुँदा प्रहरीले आत्तिएर चलाएको गोली प्रहरीलाई नै लाग्न पुगेको कुरा खुल्न आयो। उक्त ठाउँस्थित लक्ष्मी आचार्यको घरमा भूमिगत माओवादी कार्यकर्ताको घर भनेर प्रहरीले छापा मार्न खोज्दा भित्रबाट बम विष्फोट गराई माओवादीहरू भाग्न सफल भएका थिए।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ६ घटनामा ८ जनाको हत्या भयो। जसमा ३ महिला थिए। महिलामध्ये एक जना ५ वर्षीय बालिका थिइन्। जसमध्ये -

तामाराङ गाविस-२ की ५७ वर्षीय सानुकान्छी तामाङलाई बोक्सीको आरोपमा ०५६ जेठ २८ गते उनकै भतिजा २५ वर्षीय धनबहादुर तामाङले सोही ठाउँको टावर खोल्सास्थित जंगलमा लगी खुकुरी प्रहार गरी हत्या गरे। पीडकलाई ०५६ असार २२ गतेको आदेशअनुसार पुर्पक्षका लागि थुनामा राखिएको छ।

पाङ्ग्रेटार गाविस-४ की ३६ वर्षीय तुलसीमाया तिमिल्सिना, उनकै छोरा १४ वर्षीय सुरेश तिमिल्सिना र छोरी ५

वर्षीय अप्सरा तिमिल्सिनालाई ०५६ भदौ ९ गते वीर भगाउने नाममा साही ठाउँका धामी ५३ वर्षीय खड्गबहादुर खत्रीले कोदालोको पासाले हानी हत्या गरे। पीडक, उनकी पत्नी र छिमेकीलाई जिल्ला अदालतको आदेशले पुर्पक्षका निम्ति थुनामा राखिएको छ।

जेल र बन्दीहरु

वि.सं. १९८४ मा निर्मित सिन्धुपाल्चोक जेलको क्षमता ३५ जनाको रहेको छ। यस जेलमा ५८ जना बन्दी छन्, जसमध्ये महिला ६ जना तथा आश्रित बालबालिका ३ जना रहेका छन्। बन्दीहरूमध्ये ४८ जना कैद नतोकिएका र १० जना कैद तोकिएका छन्। यस जेलमा माओवादी गतिविधिसँग सम्बन्धित १० पुरूष र २ महिला बन्दी रहेका छन्। जेलभित्र ६-६ महिनामा लगाउने एकसरो कपडा दिइन्छ भने ओढ्ने ओछ्याउने २-२ वर्षमा दिइन्छ। बन्दीहरूलाई सामान्य उपचार यहीं हुने र अन्य उपचारचाहिँ अवस्था हेरी जेल सरूवा गरेर गरिने गरेको जेलर बताउनुहुन्छ। जेलभित्र कान्तिपुर र हिमालय टाइम्सबाहेक अन्य पत्रिका पढ्न नदिने गरेको गुनासो बन्दीहरूको रहेको छ। जेलभित्र पुस्तकालय भए पनि २-४ वटा मात्र किताव भएको र पढ्ने सामाग्री खासै नभएको गुनासो बन्दीहरूको छ।

गिरफ्तारी र यातना

इर्खु गाविस-१ नूनडाँडाका ६६ वर्षीय नन्दबहादुर खड्कालाई माओवादीको आरोपमा ०५५ पुस २४ गते चौताराबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई सामान्य यातना दिई ०५५ माघ २५ गते रिहा गरियो।

भोटेचौर गाविस-३ का २६ वर्षीय ओमप्रसाद धिताल र २५ वर्षीय विन्दा थापालाई माओवादीको आरोपमा ०५५ फागुन ४ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई शान्ति सुरक्षा ऐनअन्तर्गत ०५५ फागुन ५ गतेदेखि नजरबन्दमा राखी ०५६ वैशाख २८ गते रिहा गरियो।

फुल्पिङकट्टी गाविस-८ का वडाध्यक्ष ४९ वर्षीय सुकमान थामी, गाती गाविस-९ का ६१ वर्षीय भीमबहादुर शाक्य र ३७ वर्षीय भैरव श्रेष्ठलाई ०५६ जेठ १ गते भोट माग्न आएको आरोपमा तातोपानी गाविस-३ बाट प्रहरीले गिरफ्तार गरी डोरीले बाँधेर गाउँ घुमाए। पीडितहरूलाई भोटेकोशी आयोजनाको खोकुन्डोलस्थित अस्थायी प्रहरी चौकीमा राखी जेठ २ गते साँझ छोडियो।

भोटेचौर गाविस-३ का २५ वर्षीय विन्दा थापालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५६ जेठ ६ गते इर्खु गाविसबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई शान्ति सुरक्षा ऐनअन्तर्गत थुनामा राखियो।

इर्खु गाविस-७ का २३ वर्षीय गणेश श्रेष्ठलाई माओवादीलाई समर्थन गरेको आरोपमा ०५६ साउन १८ गते चौतारास्थित मालपोत कार्यालयको प्रांगणबाट प्रहरीले विनापूर्जी गिरफ्तार गरे। पीडितलाई सामान्य यातना दिई रिहा गरियो।



सिन्धुपाल्चोक कारागार

इर्खु गाविस-७ चिलाउन वाइवाटालका ४९ वर्षीय भीमबहादुर तामाङलाई माओवादीको आरोपमा ०५६ भदौ ९ गते प्रहरीले गिरफ्तार गरे। पीडितको घरबाट माओवादीहरूले छोडेर गएको एक थान हाते बम, दूरविन, बन्दूक, खुकुरी आदि बरामद गरे। पीडित पुर्पक्षका लागि थुनामा रहेका छन्।

पिस्कर गाविस-८ का ४० वर्षीय सुन्दर थामी र २० वर्षीय विन्दा भण्डारीलाई माओवादीहरूको संरक्षण गरेको आरोपमा ०५६ असोज ७ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई कागज गराई रिहा गरियो।

सानो सिरूवारी गाविस-७ का ४० वर्षीय रूद्रप्रसाद घोरासैनेलाई माओवादीको पर्चा, पोष्टरिङ गरेको आरोपमा ०५६ असोज ९ गते बिहान आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई असोज १२ गते रिहा गरियो।

पिस्कर गाविस-९ का ४२ वर्षीय टेकबहादुर थामीलाई माओवादीको आरोपमा ०५६ असोज १९ गते बाऱ्हबिसे बजारमा घरायसी सामानहरू किन्न गएको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई कागज गराई रिहा गरियो।

पिस्कर गाविस-६ का २८ वर्षीय मानबहादुर थामीलाई माओवादीको आरोपमा ०५६ कार्तिक ८ गते प्रहरीले विना पूर्जी गिरफ्तार गरे। पीडितलाई कागज गराई रिहा गरियो।

मांखा गाविस-७ का ३३ वर्षीय लक्ष्मी आचार्यलाई माओवादीको आरोपमा ०५६ मंसिर ९ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई सामान्य सोधपुछ गरी रिहा गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

इचोक गाविस-८ पातिङस्थित मानप्डाँडा प्राथमिक विद्यालयका प्रधानाध्यापक सोही गाविस-७ का ३७ वर्षीय टेकबहादुर खड्का र शिक्षक सोही गाविस-६ का ३६ वर्षीय मंगलदास श्रेष्ठलाई आफ्नो पार्टीमा प्रवेश गर्न इन्कार गरेको आरोपमा ०५५ चैत २५ गते गाविस अध्यक्ष अमरबहादुर पण्डित, ज्ञानबहादुर पण्डितलगायत्का व्यक्तिहरूले गालीगलौज र हातपात गर्नुका साथै जागिर खाडदिने धम्की दिए।

इचोक गाविस-२ की ३१ वर्षीय काइँली तामाङलाई आफ्नो पार्टीमा प्रवेश गर्न इन्कार गरेको आरोपमा ०५५ चैत २७

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	८	६	४	१०				
गोलीद्वारा हत्या	२	२		२	१	१		१
गोलीद्वारा घाइते/हवाइ फायर	१	१		१				
बम प्रहार	२							
गिरफ्तारी र यातना					१२	१३	४	१७
कुटपिट	८	११	४	१५				
स्वतन्त्र र निष्पक्ष चुनाव	३							
महिला किनबेच	४		७	७				
जातीय छुवाछूत	१	२		२				
जम्मा	२९	२२	१५	३७	१३	१४	४	१८
आत्महत्या	१६	१३	३	१६				
दुर्घटनाहरू/विपत्तिहरू	१०	११	१	१२				

गते सोही ठाउँका फुर्वा तामाङ, देवन तामाङ, सार्की तामाङलगायत्का व्यक्तिहरूले कुटपिट गरे। पीडकहरूमाथि कुनै कारवाही भएन।

बराम्ची गाविस ढाडेस्थित साना किसान विकास आयोजनाका प्रमुख ४५ वर्षीय माधव सुवेदी र एक कार्यालय सहायकलाई ०५६ असोज ५ गते बेलुका ८ बजेतिर माओवादीहरूले कुटपिट गरी ३५ हजार रुपैयाँ लुटे। पीडकहरूले सो कार्यालयका महत्वपूर्ण कागजपत्रहरू जलाइदिए।

भोटसिपा गाविस-४ का गाविस उपाध्यक्ष ३१ वर्षीय विष्णु मैनाली, सोही ठाउँका परे तामाङ, गोकुल मैनाली र श्याम मैनालीलाई राजनीतिक प्रतिशोधका कारण सोही ठाउँका ४० वर्षीय विकास लामालगायत् करिब ४० जनाको समूहले गाविस कार्यालयबाट घरतर्फ आउँदै गरेको अवस्थामा बाटोमा मरणासन्न हुनेगरी कुटपिट गरे। पीडकहरूमध्ये विकास लामालाई ०५६ कार्तिक ६ गते प्रहरीले गिरफ्तार गरी माफी मगाएर दुवै पक्षबीच मिलापत्र गराए।

सानोसिरूबारी गाविस-७ का वडाध्यक्ष ३६ वर्षीय सूर्यमान तामाङलाई राजनीतिक प्रतिशोधका कारण ०५६ कार्तिक २२ गते सोही गाविस-८ का गाविस अध्यक्ष ४६ वर्षीय सिननारायण तामाङ र सोही ठाउँका ३० वर्षीय पंचे तामाङले कुटपिट गरे। पीडकमाथि कुनै कारवाही भएन तर गाउँलेसामु माफी मागेकाले घटना सेलायो।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

तातोपानी गाविसको मतदान केन्द्रमा ०५६ वैशाख २० गते सम्पन्न आमनिर्वाचनमा नेपाली कांग्रेसका कार्यकर्ताहरूले एकलौटी कब्जा गरी मतदानमा उपस्थित भएका मतदाताहरूको नाममा पनि फर्जी मत हाल्ने काम गरे। उक्त केन्द्रमा मतदान कार्य अनियमित र धाँधलीपूर्ण भएको ठहर गर्दै निर्वाचन आयोगले त्यसलाई रद्द गरी पुनः मतदान गरायो।

फुल्पिङकट्टी गाविसको मतदान केन्द्रमा ०५६ वैशाख २० गते नेपाली कांग्रेसबाहेक अन्य पार्टीका मतदान प्रतिनिधिहरूलाई बस्नसमेत नदिइ एकलौटी मतदान गरियो। त्यस कार्यको विरोधमा नेकपा (एमाले), राप्रपा र नेमकिपाका प्रतिनिधिहरूले मतदान स्थगित गर्न निवेदन दर्ता गर्न गएकोमा मतदान अधिकृतले निवेदन दर्ता गर्नसमेत अस्वीकार गरे।

तातोपानी गाविसको मतदान केन्द्रमा ०५६ वैशाख २० गते नेपाली कांग्रेसका कार्यकर्ताद्वारा बुथ कब्जा गरी एकलौटी मत हाल्ने कार्य भयो। उक्त मतदान रद्द गरी ०५६ जेठ ३ पुनः मतदान भयो।

बाह्रबीसे गाविसस्थित मतदान केन्द्रमा ०५६ वैशाख २० गते नेपाली कांग्रेसका कार्यकर्ताहरूले सो गाविस-८ र ९ का अधिकांश मतदाताहरूको नाममा आफूखुशी मतदान गरे। विपक्षी पार्टीका मतदान प्रतिनिधि, कार्यकर्ता र समर्थकहरूलाई हातपात गरे। पीडितहरूले मतदान अधिकृतसमक्ष आफ्नो असहमति जाहेर गर्दै मतदान केन्द्र छोडेर हिँडे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा फौजदारी अपराधसँग सम्बन्धित ५२ थान मुद्दा दर्ता भएकोमा ६ थानमात्र फर्स्योट हुन सके। कर्तव्य ज्यानसम्बन्धी ८ थान मुद्दा दर्ता भएकामा यस वर्ष योसम्बन्धी एउटा पनि मुद्दा किनारा लाग्न सकेन। त्यसैगरी ज्यानमार्ने उद्योगसम्बन्धी ३ थान मुद्दा दर्ता भएकामा कुनै पनि फर्स्योट भएनन्। जीउ मास्ने/बेच्नेसम्बन्धी ६ थान मुद्दा दर्ता भएकामा कुनै पनि फर्स्योट भएनन्। जारीसम्बन्धी २ थान मुद्दा दर्ता भएकोमा १ थान फर्स्योट भयो। चोरीसम्बन्धी ५ थान दर्ता भएकोमा १ थान मात्र फर्स्योट भयो भने कुटपिटसम्बन्धी २३ थान मुद्दा दर्ता भएकामा ३ थान मात्र फर्स्योट हुन सके।

भूमिसुधार कार्यालयमा मोहियानी हकसम्बन्धी परेका ४१ थान निवेदनमा ७ थान मात्र किनारा लाग्ने सके। त्यसैगरी जिल्ला प्रशासन कार्यालमा सार्वजनिक अपराधसम्बन्धी ११ थान मुद्दा दर्ता भएकामा ४ वटामात्र फर्स्योट भए। हातहतियार खरखजानासम्बन्धी मुद्दा ३ थान दर्ता भएकामा १ थान फर्स्योट भयो। विष्फोटक पदार्थसम्बन्धी १ थान मुद्दा दर्ता भयो।

सरुवा, घटुवा र पक्षपात आदि

सानोसिरूबारी गाविसस्थित सिद्धिगणेश प्रस्तावित माविका विद्यार्थीहरू मुक्तिनाथ दुलाल, भीमप्रसाद दुलाल र ताराप्रसाद दुलाललाई राजनीतिक प्रतिशोधका कारण सोही माविका

प्रधानाध्यापक नारायण श्रेष्ठले एस.एल.सी. को प्रयोगात्मक विषयमा पाएको अंकलाई घटाएर परीक्षा नियन्त्रण कार्यालयमा पठाए। पीडितहरूले दश कक्षाको प्रयोगात्मक विषयमा २३ अंक प्राप्त गरेकोमा सो कुरा टेस्ट परीक्षाको मार्कसिटमा पनि भएको तर एसएलसीको मार्कसिटमा १३ मात्र उल्लेख गरिएको थियो। विद्यालयको सूचना च्यातेबापतको कार्वाहीअनुरूप त्यसो गरिएको प्रधानाध्यापकले बताए। ०५६ साउन २९ गते विद्यालय व्यवस्थापन समितिको बैठकमा प्रधानाध्यापकले माफी मागेपछि त्रिपक्षीय सम्झौता गरी समस्या समाधान गरियो।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सिरूबारी, जलवीरे, सानो सिरूबारी, भीमटार आदि गाविसमा गरी अन्दाजी २३ घर सुकुम्बासी रहेको पाइन्छ। ती सुकुम्बासीहरूले सुकुम्बासी समाधान आयोगमा निवेदन दिए पनि जग्गा उपलब्ध हुन सकेको छैन।

महिला अधिकार

थकनी गाविस-९ की २१ वर्षीय लोकमाया तामाङनीलाई ०५६ जेठ १ गते सोही ठाउँका १९ वर्षीय सुवन तामाङ (ब्लोन) ले ललाई फकाई बिक्रीका लागि बम्बईतर्फ लग्ने प्रयास गरे। पीडकलाई जेठ २२ गते गिरफ्तार गरी असार १० गतेदेखि पुर्पक्षको लागि थुनामा राखिएको छ। पीडकलाई सो कार्यका लागि प्रेरित गर्ने सोही ठाउँका ३३ वर्षीय आशबहादुर तामाङ र ३५ वर्षीय वीरजीत तामाङ फरार छन्।

माहांकाल गाविस-३ की २० वर्षीय साहिंली तामाङ र १७ वर्षीय सिरसानी तामाङलाई ०५६ कात्तिक १० गते सोही ठाउँका २९ वर्षीय पोटे तामाङ र २४ वर्षीय वीरबहादुर तामाङले बिक्री गर्ने उद्देश्यले ललाई फकाई काठमाण्डौ पुऱ्याए र थकनी गाविसका म्लाङ्गाई तामाङको सहयोगमा भारतको बम्बईमा पुऱ्याई ३० हजार रूपैयाँमा बिक्री गरे। पीडकहरूलाई अदालतको आदेशबमोजिम पुर्पक्षका लागि थुनामा राखिएको छ।

माहांकाल गाविस-५ की १८ वर्षीय लक्ष्मी तामाङ र १९ वर्षीय छलमाया तामाङलाई सोही ठाउँका १५ वर्षीय दावा तामाङ र २० वर्षीय सानु तामाङले बिक्री गर्ने उद्देश्यले काठमाण्डौतर्फ लैजाँदै गर्दा ०५६ मंसिर १५ गते नुवाकोट जिल्लाको समुद्रटार प्रहरी चौकीले गिरफ्तार गरी अड्डासार गर्दै सिन्धुपाल्चोक जिप्रकामा बुझायो। लक्ष्मी र छलमायालाई उनीहरूका बाबुहरूले बुझेका छन् भने पीडकहरूलाई थुनामा राखिएको छ।

वाडेगाउँ गाविस-६ की १२ वर्षीय चखली वि.क. र उनकै दिदी १७ वर्षीय पविता वि.क.लाई करिब १ वर्षअघि आफ्नै बाबु ३६ वर्षीय रेशम वि.क.को मिलेमतोमा सोही ठाउँका झिल्के तामाङ र योग्पा तामाङले विदेशमा लगी बिक्री गरे। पीडकहरू बिक्री गरेर फर्कँदा ०५६ मंसिर १९ गते स्थानीय महिला दबाब समूहले रेशमलाई समाई प्रहरीसमक्ष बुझाए। रेशमलाई पुर्पक्षका लागि थुनामा राखिएको छ भने अन्य दुई जना फरार छन्।

आर्थिक अधिकार

कामका लागि खाद्यान्न कार्यक्रमअन्तर्गत ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रमद्वारा संचालन भएको चौतारा-मेलम्ची मोटरबाटोको कुन्चोक र पिपलडाँडा खण्डमा प्राविधिकहरूको मनोमानीपूर्ण कामका कारण कामदारहरूले निर्धारित ज्याला पाएनन्। त्यसपछि कामदार र जिविस सदस्य सोम सापकोटाको दबाबबाट केही राहत दिलाउने कार्य भयो।

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूतसमेत

मोटेनाम्लाङ गाविस-६ का वडाध्यक्ष ४२ वर्षीय वेलबहादुर सुनार र २२ वर्षीय ईश्वरी सुनारलाई ०५६ जेठ १५ गते होटलमा खाजा खाएर भाँडा नमाझेका कारण होटलवाला रेशमबहादुर गुरूङले जबर्जस्ती भाँडा माझ्न लगाए। पीडितहरूले त्यसको प्रतिवाद गर्न खोज्दा पीडकले उल्टै कुटपिट गरे। पछि पीडितहरूलाई तिपेनी प्रहरी चौकीका असई इन्द्रबहादुर त्रिपाठीले गिरफ्तार गरी निर्मम यातना दिनुका साथै ४० हजार रूपैयाँ जरिवाना गरे। स्थानीय बुद्धिजीवी र दलित नेताहरूले उक्त कार्यप्रति कडा प्रतिवाद गर्दै जरिवाना फिर्ता गराए।

अतिरिक्त जानकारीहरु

यस जिल्लामा यस वर्ष व्यक्तिगत रिसइवीका कारण भएका कुटपिटका ३ वटा घटनामा १ जना पुरूष र ३ जना महिला गरी ४ जना पीडित भए। १३ जना पुरूष र ३ जना महिलाले आत्महत्या गरे। दुर्घटनाका १० घटनामा ११ पुरूष र १ महिला पीडित भए। रूखबाट लडेर १ जना पुरूषको र भीरबाट लडेर १ जना पुरूषको मृत्यु भयो। सवारी दुर्घटनामा ५ जना पुरूषको मृत्यु भयो। एक जना महिलाको साइकलको ठक्करबाट मृत्यु भयो। विद्युत्को टावरबाट खसेर १ जना पुरूषको मृत्यु भयो। डुबेर १ जना बालकसहित ३ जना पुरूषको मृत्यु भयो।

२.१८ नुवाकोट

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ८ घटनामा ४ महिलासहित ८ जनाको हत्या भयो। महिलामध्ये एक जना ७४ वर्षीय वृद्ध थिइन्। जसमध्ये-

जिलिङ गाविस-३ का २५ वर्षीय चन्द्रमान श्रेष्ठलाई ०५६ वैशाख १६ गते सोही गाविस-१ काँसिटार पुछारमा रक्सी सेवन गरी घरतर्फ आउँदै गर्दा खड्गभञ्ज्याङ गाविस-९ कुमालटारका इन्द्रबहादुर राई, जिलिङ गाविस-१ का हरिबहादुर अधिकारी, दुर्गादाश श्रेष्ठ, सोविता अधिकारी र रामप्रसाद अधिकारीले अनारी (गुप्ताङ्ग) निमोठेर हत्या गरी घरको ओच्छ्यानमै ल्याएर राखिदिए। पीडक इन्द्रबहादुर र चन्द्रमानले काँसिटारकी एक जना महिलालाई मन पराएको र त्यही विषयमा दुई जनाबीच रिस रहेको थियो। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको थियो।

खानीगाउँ गाविस-६ सुन्दरीटारका ३६ वर्षीय भीमप्रसाद ढकाललाई आर्थिक लेनदेनको विषयलाई लिएर ०५६ वैशाख १९ गते सोही ठाउँका विष्णुबहादुर घले, उनकै पत्नी वुधलक्ष्मी घले, रोजबहादुर नेपाली, उदयबहादुर घले र रामकृष्ण राईले कुटपिट गरी हत्या गरे। सो घटनालाई आत्महत्या गरेको भन्ने देखाउन पीडकहरूले लासमा विष छर्किदिएर विषको बोतल पनि सँगै राखी गाउँमाथिको खोल्सामा फ्याँकिदिएका थिए। पीडकहरूमध्ये वुधलक्ष्मीलाई २० हजार रूपैयाँ धरौटी लिई तारेखमा रिहा गरिएको छ भने अन्यलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।



नुवाकोट कारागार

जनसंख्या	:	२४५२६०
साक्षरता प्रतिशत	:	३१.७
महिला साक्षरता प्रतिशत	:	१८.५
क्षेत्रफल (वर्ग किमी)	:	११२१
गाविस/नपा संख्या	:	६१/१
निर्वाचन क्षेत्र	:	३
विद्यालय	:	४३२
क्याम्पस/उच्च मावि	:	१/२
अस्पताल/ स्वास्थ्य चौकी	:	१/७३
टेलिफोन लाइन	:	७५०
मोटर सडक (किमी)	:	१७४
प्रहरी कार्यालय संख्या	:	१७
हुलाक संख्या	:	६४

जेल र बन्दीहरु

"घ" श्रेणीको नुवाकोट जेल राणाकालमै बनेको जेल हो। सदरमुकामबाट ६ किलोमिटरको दूरीमा अवस्थित यस जेलले बन्दीहरूलाई समस्या पारेको छ। अदालतमा बन्दीहरूलाई हाजिर गराउन ल्याउनुपर्दा जंगलको अप्ठेरो बाटो हुँदै ल्याउनुपर्ने कारणले समस्या रहेको जेलर माधवप्रसाद खनाल बताउनुहुन्छ। झण्डै एक रोपनी क्षेत्रफलमा निर्मित यस जेलको दुई तलामध्ये माथिल्लो तलामा सुरक्षाकर्मी र कर्मचारी बस्छन् भने तल्लो तलामा पालोमा बस्ने सुरक्षाकर्मी र बन्दीहरू बस्छन्। बन्दीहरूलाई दुई वटा कोठामा राख्ने गरिन्छ। ५० जनाको क्षमता भएको यस जेलमा मुस्किलले ३० जना अट्न सक्ने स्थिति रहेको जेलर नै बताउनुहुन्छ। पुरुष कोठामा काठको लामो फलेक राखिएको छ, जसमा बन्दीहरू सुत्ने गर्छन्। महिला बन्दीहरू बस्ने कोठाको स्थिति भने साह्रै दयनीय छ। बेलुका ६ बजेदेखि भोलिपल्ट बिहान ६ बजेसम्म महिला कोठातर्फको मूल ढोका बन्द हुने हुँदा दिशा पिशावसमेत भित्रै गर्नुपर्ने बाध्यता छ।

जेलमा विदुर नगरपालिकाले एउटा टिभी र इन्सेकले एउटा रेडियो उपलब्ध गराएको भए पनि बेलुका सात बजेपछि सुरक्षाकर्मीहरूले टिभी बन्द गराइदिने भएकाले कार्यक्रम हेर्न नपाएको गुनासो पीडितहरूको छ। बन्दीहरूलाई दैनिक ७ सय ग्राम चामल र १५ रूपैयाँ दिने गरिएको छ। तर चामल कहिलेकाहीँ कुहिएको हुने गुनासो पनि उनीहरूको छ। यस जेलमा विभिन्न मुद्दाअन्तर्गत परेका ३० जना रहेका छन्। जसमा ३ जना महिला छन्। ३० मध्ये कैदी ३ र बाँकी थुनुवा छन्। कैदीहरूको चाप बढेका बेला शौचालयको समस्या पर्ने गरेको बन्दीहरू बताउँछन्। हिउँदमा खानेपानीको समस्याले पिरोल्ने र महिनौंसम्म नुहाउन नपाइने गुनासो पनि उनीहरूको छ। आफ्नै श्रीमान्को हत्या गरेका कारण जेल परेकी कल्याणपुर-७ की नोर्बुसाङ तामाङले आफूलाई २० वर्षको कैद सजाय सुनेपछि आत्महत्या गर्ने प्रयास गरेकी थिइन तर अरूले सम्झाएर उनलाई मर्नबाट रोके। यस जेलमा एक जना ४ वर्षीय बालिका आश्रितको रूपमा रहेकी छिन्।

गिरफ्तारी र यातना

अ.ने.रा.स्व.वि.यु. (क्रान्तिकारी) का जिल्ला कमिटी सदस्य वसन्त भेटवाललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५६ मंसिर १७ गते प्रहरीले गिरफ्तार गरे। उनलाई शारीरिक र मानसिक यातना पनि दिइएको थियो।

अ.ने.रा.स्व.वि.यु. (क्रान्तिकारी) को जिल्ला सम्मेलन आयोजक कमिटीका संयोजक रवि बोगटीलाई माओवादी गतिविधिमा लागेको आरोपमा ०५६ मंसिर २० गते प्रहरीले क्याम्पस हाताभित्रैबाट गिरफ्तार गरे।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	८	४	४	८				
गिरफ्तारी र यातना					२	२		२
कुटपिट	८	७	३	१०				
मौलिक अधिकार	१							
सरुवा/घटुवा/पक्षपात आदि					१	१		१
महिला किनबेच	५		१०	१०				
बलात्कार	२		२	२				
बलात्कार प्रयास	२		८	८				
गर्भपतन	२	१	१	२				
पारिवारिक हिंसा	१		१	१				
महिला भएकै कारण यातना	१		१	१				
जातीय छुवाछूत	१	१		१				
जम्मा	३१	१३	३०	४३	३	३		३
आत्महत्या	२६	१०	१६	२६				
दुर्घटनाहरू/विपत्तिहरू	१९	१५	५	२०				

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

समुद्रटार प्रहरी चौकीका असई ३४ वर्षीय पाण्डव अधिकारीलाई रूखसम्बन्धी विषयमा एकपक्षीयरूपमा फैसला गरेको आरोपमा ०५५ फागुन १० गते राउतबेंशी गाविस-९ का शोभितमान तामाङ, माइला तामाङ, साइँला तामाङ र टोकमान तामाङले कुटपिट गरे। पीडकहरूलाई सार्वजनिक ऐनअन्तर्गत मुद्दा दायर गरिएकोमा फरार छन्।

विदुर नपा-४ बट्टार घर भई नुवाकोट आदर्श बहुमुखी क्याम्पसका स्ववियु सभापति रहेका २५ वर्षीय श्रीराम श्रेष्ठलाई ०५६ जेठ ४ गते विदुरबाट मोटरसाइकलमा बट्टारतर्फ आउँदै गर्दा केही अपरिचित व्यक्तिहरूले चुनावमा अन्य पार्टीलाई भोट दिएको आरोपमा कुटपिट गरी सख्त घाइते बनाए।

दाङसिङ गाविस-४ का ५५ वर्षीय चन्द्रबहादुर तामाङ र उनकै भाइ ५० वर्षीय लालबहादुर तामाङलाई राजनीतिक रिसइबीका कारण ०५६ जेठ ८ गते घरमै बसिरहेको अवस्थामा सोही ठाउँका लालबहादुर तामाङ र शंखे तामाङले मरणासन्न हुनेगरी कुटपिट गरे। पीडकहरूलाई कुनै कारवाही भएन।

तुप्चे गाविस-१ गैराघर घर भई रसुवा जिल्ला ठूलोगाउँ स्वास्थ्य चौकीमा कार्यरत् २२ वर्षीय बैकुण्ठ अधिकारीलाई ०५६ साउन १९ गते घरतर्फ फर्कंदै गरेको अवस्थामा रसुवा र नुवाकोटको सिमानामा पर्ने अँधेरी खोलामा २५/२६ जनाको अज्ञात समूहले कुटपिट गरी सख्त घाइते बनाए। पीडकहरू माओवादी भएको आशंका गरिएको छ।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कविलास गाविसको राष्ट्रिय निमावि मतदान केन्द्रमा ०५६ वैशाख २० गते भएको निर्वाचनमा नेपाली कांग्रेसका कार्यकर्ताहरूले एकपक्षीयरूपमा मतदान गरेको कारण जनाई नेकपा (एमाले), माले, राप्रपाले निर्वाचन बहिष्कार गरे। ती पार्टीहरूका उम्मेदवारहरूले संयुक्तरूपमा ०५६ वैशाख २१ गते निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दर्ता गराए। तर निर्वाचन आयोगले यो मतदानलाई नै सदर गऱ्यो। यसबाट करिब ६५० मतदाता पीडित भए।

धार्मिक स्वतन्त्रता

यस जिल्लामा ६३.७४ प्रतिशत हिन्दू, ३५.८४ प्रतिशत बौद्ध र ०.१३ प्रतिशत इश्लाम, १.०२ प्रतिशत जैन, ०.१२ प्रतिशत क्रिश्चियन तथा ०.११ प्रतिशत अन्य धर्मावलम्बी रहेका छन्। तर दुर्गम गाउँहरूमा एकदमै तीव्ररूपमा धर्म परिवर्तनको लहर चलेकाले यो तथ्यांकमा निकै हेरफेर भइसकेको छ। रकम र रोजगारीको प्रलोभनमा परी विशेषगरी तामाङ समुदायका व्यक्तिहरूलाई क्रिश्चियन धर्मतर्फ आकर्षित गराउने गरेको पाइन्छ। सामाजिक सेवाका नाममा प्रवेश गरेका मिसनहरूले तुप्चे, देउराली, साल्मे, भाल्चे, बुङताङ, किम्ताङलगायत्का तामाङहरूको बाहुल्यता रहेका ठाउँहरूमा करोडौं लगानी गरी चर्च खडा गरेका पाइन्छ। यसरी लोभमा परेर धर्म परिवर्तन गरेका व्यक्तिहरूबीच पानी बाराबारको स्थिति रहेको छ। यसले समाजमा विखण्डन भित्र्याएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यहाँको जिल्ला अदालतमा साधारण देवानी ९७, साधारण फौजदारी ६, सरकारवादी फौजदारी २८ र संक्षिप्त फौजदारी ११ गरी कुल २ सय २ थान मुद्दाहरू दर्ता भए। सोही अवधिमा अघिल्लो वर्षको जिम्मेवारी सरिआएको समेत १ सय ८३ थान मुद्दा फैसला भयो भने यसै वर्ष दर्ता भएकामध्ये ७८ थान मुद्दा फैसला भयो। जिल्ला अदालतमा ३ वर्ष पुरानो मुद्दाहरू छिनिन बाँकी छैनन्। २ वर्ष पुराना मुद्दा ११ थान छिनिन बाँकी छन्। आव ०५५/५६ सम्मको जिम्मेवारी सरिआएका मुद्दाको संख्या २८३ रहेकोमा ८० थान मुद्दाहरू फर्स्यौट भइसकेका छन्।

जिल्ला प्रशासन कार्यालयमा यस वर्ष ११ थान सार्वजनिक मुद्दाहरू दर्ता भएकामा एउटा मात्र फर्स्यौट हुन सक्यो। सोही

अवधिमा जिम्मेवारी सरिआएका सार्वजनिक मुद्दाहरू १४ थान फर्स्यौट भए भने ०५५/५६ को जिम्मेवारी सरिआएका मुद्दाको संख्या २६ थान रहेको छ।

सरुवा, घटुवा र पक्षपात आदि

जिल्ला विकास समितिअन्तर्गत संचालित सहभागितात्मक जिल्ला विकास कार्यक्रममा उप-टोलीनेता पदमा कार्यरत् ३० वर्षीय ठाकुरप्रसाद पुडासैनीलाई राजनीतिक आस्थाका कारण ०५६ जेठ १ गतेबाट लागू हुनेगरी सेवाबाट हटाइयो। आफू जिविस सभापतिले भनेको राजनीतिक पार्टीमा नलागेकाले निष्कासन गरेको पीडितले बताएका छन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष यो जिल्लामा सुकुम्बासी समस्या समाधान आयोग गठन नहुनाले सुकुम्बासीको रूपमा आवेदन दिएका १ हजार ७ सय ५० र अव्यवस्थित बसोबासीको रूपमा आवेदन दिएका १ हजार ३ सय २१ जनाको कुनै पनि टुंगो लाग्न सकेन। ०५६ साउनबाट वृद्ध, असहायहरूका लागि सरकारद्वारा थप गरिएको रू. ५० समेत १ सय ५० रूपैयाँ सम्बन्धितहरूले पाउन सकेका छैनन्।

महिला अधिकार

थान्सिङ गाविस-५ की १८ वर्षीय शारदा बागदाशलाई ०५५ पुस २० गते खरानीटारका राजन नेपाली, अनु नेपाली, जानु लामा र अमृत सुनुवारले भारतको बम्बईस्थित पुना वेश्यालयमा बिक्री गरे। पीडित तीन महिनापछि त्यहाँबाट भागेर आउन सफल भइन्। पीडितले जिप्रकामा उजुरी दिएकी छिन् भने पीडकहरू फरार छन्।

घ्याङ्फेदी गाविस-३ की १५ वर्षीय कान्छीमाया तामाङ र १६ वर्षीय राममायाँ तामाङलाई बिक्री गर्ने उद्देश्यले ०५६ जेठ २ गते सोही गाविस-८ का मंगल तामाङ, सोही गाविस-३ का प्रेमबहादुर तामाङ, कान्छा तामाङ र प्रेमबहादुर तामाङले ललाई फकाई लग्दै गरेको अवस्थामा सिन्धुपाल्चोक जिल्लाको मेलम्चीबाट प्रहरीले गिरफ्तार गरे। पीडकहरूमध्ये मंगल तामाङ र प्रेमबहादुर तामाङलाई पुर्पक्षका लागि थुनामा राखिएको छ भने अन्य फरार छन्।

रालुकादेवी गाविस-३ चिलाउनेकी १८ वर्षीय माइली तामाङ, १५ वर्षीय शान्तिमाया तामाङ, १५ वर्षीय कान्छी तामाङ र १५ वर्षीय मनमाया तामाङलाई जागिर खोजी दिने बहानामा लगेर बिक्री गर्ने उद्देश्यले मकवानपुर जिल्ला छतिवन गाविस-३ का शुकबहादुर थिङ, नुवाकोट जिल्ला शिखरबेंशी गाविस-४ का राजु लामा, मानबहादुर तामाङ र स्याङ्तान भन्ने राजेन्द्र तामाङले ०५६ जेठ १० गते बम्बैतिर लैजान थालिरहेको अवस्थामा सिन्धुपाल्चोक जिल्ला मेलम्चीबाट प्रहरीले गिरफ्तार गरे। पीडक र पीडितहरूलाई प्रहरीले नुवाकोट पठाएकोमा पीडितहरू छुटेका छन् भने पीडकहरूमध्ये राजेन्द्र फरार रहेको छ। अन्य तीन जनालाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

सुन्दरादेवी गाविस-८ की १९ वर्षीय साहिली तामाङ र १८ सेती तामाङलाई बिक्री गर्ने उद्देश्यले ०५६ जेठ १० गते रालुकादेवी गाविसका प्रेमबहादुर तामाङ, शम्भु तामाङ, शिखरबेंशी गाविस-२ का शेरबहादुर तामाङ र विष्णु थिङले बम्बैतर्फ लैजाँदै गरेको अवस्थामा पीडितहरूका पतिहरूले बट्टार बजारमा फेला पारे। पीडकहरू पुर्पक्षका लाथि थुनामा छन्।

कविलास गाविसकी थापा थरकी एक महिलालाई ०५६ असोज ६ गते सत्तार घर भई काठमाण्डौं जिल्ला धुम्बाराही बस्ने राजन परियार र बलराम परियारले भारतको पुनामा लगी बिक्री गरे। पीडित त्यहाँबाट फर्कन सफल भइन्। पीडकहरूमध्ये बलराम परियारलाई प्रहरीले गिरफ्तार गरे।

चारघरे गाविस-६ भदुवारकी ११ वर्षीय एक बालिकालाई ०५६ वैशाख ३ गते राति घरमा कोही नभएको मौका छोपी सोही ठाउँका उनके भिनाजु नाता पर्ने ५४ वर्षीय वीरबहादुर तामाङले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

थानसिङ गाविस-५ की साढे तीन वर्षीय एक बालिकालाई ०५६ साउन १० गते दिउँसो घरमा कोही नभएको अवस्थामा सोही ठाउँका उनके मामा नाता पर्ने २६ वर्षीय राजेन्द्र गौतमले बलात्कार गरे। पीडकलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

थान्सिङ गाविस-२ की १६ वर्षीय एक महिलालाई ०५६ मंसिर ११ गते सोही ठाउँका दीपककुमार पन्तले घाँस काट्न खेतमा गइरहेको अवस्थामा एकान्त स्थान पारेर बलात्कार गर्ने प्रयास गरे।

कल्याणपुर गाविसस्थित अजिंगरे माविको कक्षा १० मा अध्ययनरत् सात जना छात्राहरूलाई ०५६ मंसिर १२ गते पढेर घरतर्फ जाँदै गर्दा सोही गाविस-९ का शशीजंग मल्ल, प्रदीप शाही र काठमाडौं घर बताउने नरेशजंग मल्लले किताब फ्याँकिदिई बलात्कार गर्ने प्रयास गरे।

यस वर्ष यो जिल्लामा पारिवारिक हिंसाको एक घटनामा एक महिला पीडित भइन्। दुई जनाको गर्भ पतन भयो। जसमध्ये एउटा गर्भ कुटपिटका कारण पतन भएको थियो। जसमध्ये -

हल्लेकालिका गाविस-४ की ३२ वर्षीय कान्छी राईलाई ०५५ माघ ५ गते सोही ठाउँका नरबहादुर राई र उनकी पत्नी कान्छी राईले आपसी विवादका कारण कुटपिट गर्दा सात महिनाको गर्भ पतन भयो। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरेकोमा अदालतको आदेशबमोजिम क्रमशः २ हजार र १ हजार ५ सय रूपैयाँ धरौटीमा रिहा गरियो।

मानवअधिकार सम्बन्धी अन्य सवालहरु

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

मदानपुर गाविस-२ का ६ वर्षीय बालक रमेश विश्वकर्मालाई ०५६ कात्तिक ३० गते सोही ठाउँका ३३ वर्षीय राजु लोहनीले घरभित्र पसेको आरोपमा लछारपछार र कुटपिट

गरे। पीडित पक्षले उजुरी दिए पनि पीडकलाई कुनै कारबाही भएन।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

स्वानीगाउँ गाविस-६ का भीमप्रसाद ढकाललाई ०५६ वैशाख १९ गते हत्या गरिएको घटनाका दोषी पत्ता लगाई कारबाही गर्न स्वानीगाउँ गाविसका सम्पूर्ण राजनीतिक दल, गाविसलगायत् समाजसेवीहरूले संयुक्त प्रेस विज्ञप्ति जारी गरे।

मदानपुर गाविस-२ का ६ वर्षीय दलित बालक रमेश विश्वकर्मालाई कुटपिट गरिएको घटनाको विरोधमा नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजले विश्व मानव अधिकार दिवसको अवसरमा ०५६ मसिर २४ गते दाङमैमा विरोधसभाको आयोजना गर्‍यो।

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइवीको कारणले भएका कुटपिटका ४ वटा घटनामा २ जना पुरूष र २ जना महिला गरी ४ जना पीडित भए। १० जना पुरुष र १६ जना महिलाले आत्महत्या गरे। करेन्ट लागेर १ जना पुरूषको मृत्यु भयो। लडेर ४ जना पुरूषको मृत्यु भयो। डुबेर १ जना पुरूषको मृत्यु भयो। सवारी दुर्घटनामा ५ जना पुरूषको मृत्यु भयो।

२.१९ रसुवा

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

लामटाङ गाविसमा लाग्ने एक मेलामा सुरक्षा गर्न गएका प्रहरी टोलीमाथि ०५६ साउन ३ गते स्थानीय व्यक्तिहरूले ढुंगामुढा गरे। सो मेलामा सुरक्षा गर्न गएका प्रहरीलाई स्थानीय राजनीतिक पार्टीका कार्यकर्ताले आ-आफ्नो अनुकूलमा बसोबासको व्यवस्था गरेको भए पनि प्रहरीहरू ती ठाउँमा नबसेकाले दुवैतर्फबाट आक्रमण भएको थियो। यस घटनामा प्रहरीले १४ राउण्ड गोलीसमेत चलाएको थियो। प्रहरीले यस घटनामा ६२ जनामाथि मुद्दा चलाएकोमा ४० जनालाई गिरफ्तार गरी १९ दिनपछि जनही ५ सय रूपैयाँ जरिवाना गरेर रिहा गरियो।

जेल र बन्दीहरु

यो वर्ष रसुवा जेलमा विभिन्न समयमा केही व्यक्ति ल्याइने र जाने क्रम जारी रह्यो। वर्षको अन्त्यमा आइपुग्दा एक चेलिबेटी बेचविखन र एक नक्कली माओवादीका नाममा गिरफ्तार परेका व्यक्ति पुर्पक्षका लागि राखिएका छन्। यस जेलमा सामान्यरूपमा २-३ जनाभन्दा बढी बन्दीहरू रहँदैनन्। जेलका लागि २० जना सुरक्षाकर्मीको दरवन्दीमा ६ जना र प्रशासनतर्फ ८ जना र कर्मचारीतर्फको दरवन्दीमा ४ जना भने खटिएका छन्। यो जेल भवन सोही जिल्लास्थित जिल्ला प्रहरी कार्यालयका प्रहरीहरूको निवासस्थलका रूपमा रहेको छ।

जनसंख्या	: ३६७६८
साक्षरता प्रतिशत	: २४.२
महिला साक्षरता प्रतिशत	: ११.३
क्षेत्रफल (वर्ग किमी)	: १५४४
गाविस/नपा संख्या	: १८/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: ९४
क्याम्पस/उच्च मावि	: ०/१
अस्पताल/ स्वास्थ्य चौकी	: १/२८
टेलिफोन लाइन	: १७०
मोटर सडक (किमी)	: १२०
प्रहरी कार्यालय संख्या	: १०
हुलाक संख्या	: १८

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

घैबुङ गाविस-५ का २८ वर्षीय शिक्षक रेमकुमार पौडेललगायत्का ३ जनालाई ०५५ चैत १४ गते आमनिर्वाचन ०५६ को विषयमा भएको विवादका कारण मीनबहादुर आचार्यसमेतका स्थानीय १८ जनाको समूहले कुटपिट गरे। पीडकमध्ये प्रहरीले ६ जनालाई गिरफ्तार गरी जनही ५ सय रूपैयाँ धरौटी लिएर १५ दिनपछि रिहा गरे।

मौलिक अधिकार

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला सरकारी वकिलको कार्यालयका अनुसार यो वर्ष सो कार्यालयमा एक हातहतियार तथा खरखजाना, तीन केही सार्वजनिक अपराध, एक चोरी र एक जीउ मास्ने/बेच्नेसम्बन्धी मुद्दा दर्ता भएकोमा ४ थानको फैसला भई २ थान बाँकी रहेको छ। त्यस्तै यसै कार्यालयमा गत वर्षदेखिका अन्य तीनवटा मुद्दा फैसला हुन बाँकी रहेका छन्।

रसुवा जेल

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हवाइ फायर					१			
कुटपिट	१	३		३				
महिला किनबेच	१		३	३				
जम्मा	२	३	३	६	१			
आत्महत्या	२		२	२				
चोरी/डकैती	८							
दुर्घटनाहरू/विपत्तिहरू	५	४	१	५				

त्यसैगरी जिल्ला अदालतबाट प्राप्त जानकारीअनुसार यो वर्ष अदालतमा ९ वटा नयाँ मुद्दा दर्ता भएका थिए भने गत वर्षदेखिका ८ थान बाँकी थिए। त्यसरी दर्ता भएका मुद्दामा यो वर्षका ६ थान फैसला भए भने गत वर्षदेखिका समेत ११ थान मुद्दा फैसला हुन बाँकी छन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लाको कुल क्षेत्रफलमध्ये २८.६० प्रतिशत मात्र आवादि क्षेत्र रहेको छ। कुल जनसंख्याको अनुपातमा प्रतिव्यक्ति ४ रोपनी ८ आना आवादि भूमि पर्ने भए पनि जिल्लामा ३ सय परिवार भूमिहीन सुकुम्वासी रहेको जिल्ला विकास समितिले जनाएको छ।

महिला अधिकार

धुन्चे गाविसका दुई जना १३ वर्षीय, एक जना १४ वर्षीय र अर्को एक जना १५ वर्षीय बालिकालाई ०५६ कात्तिक २९ गते सुनसरी जिल्ला धरान नगरपालिका-१३ घर बताउने २६ वर्षीय किरण गुरूङले राम्रो काम लगाइदिने प्रलोभनमा काठमाडौं ल्याउँदै गरेको अवस्थामा प्रहरीले कालिकास्थान गाविसबाट गिरफ्तार गऱ्यो। पीडितहरूलाई सम्वन्धित अभिभावकहरूकहाँ बुझाइएको छ भने पीडकलाई थुनामा राखिएको छ।

यस जिल्लाको जिल्ला प्रहरी कार्यालयको सूचना पार्टीमा फरार अभियुक्तको नाममा ८ जना चेलिबेटी बेचविखनसम्बन्धी घटनाका दोषी भएको र उनीहरू विगत ३-४ वर्षदेखि फरार रहेको जनाइएको छ।

अतिरिक्त जानकारीहरु

यो वर्ष यो जिल्लामा आगलागीमा परेर एक १० वर्षीय बालिका र एक ८ वर्षीय बालकको मृत्यु भयो। दुई महिलाले आत्महत्या गरे। लेक लागेर ३ जनाको मृत्यु भयो। लेक लागेर मृत्यु हुनेमा १ जना अष्ट्रेलियन नागरिक पनि परे। चोरीका ८ घटनामध्ये ६ वटा नक्कली माओवादीका नाममा भएका थिए। त्यसरी भएका दुई वटा चोरीका घटनामा एउटा हाँकु गाविसस्थित एक गुम्बाबाट ४० केजी तौलको धेरै वर्ष पुरानो मानिएको २ लाख ५० हजार रूपैयाँ मूल्य तोकिएको घन्ट थियो भने अन्य एक घटनामा धुन्चे गाविसस्थित एक पसलबाट केही सामान चोरी भएको थियो।

माओवादीका नाममा लहरेपौवा गाविसका विभिन्न वडाहरूमा ०५६ असार १ गतेदेखि असोज २४ गतेसम्म ६ पटक गरेर विभिन्न व्यक्तिहरूको लाखौं रूपैयाँ बराबरको धनमाल चोरी र डकैती भएको थियो। तर त्यसरी लुट्नेहरूमाथि माओवादीहरूले नै ०५६ कात्तिकको दोस्रो हप्तामा जनकारबाही गरी माफी मगाएको समाचार सार्वजनिक भएपछि त्यस्ता कार्य रोकिएको थियो।

पश्चिमाञ्चल

३.१ तनहुँ

३.२ गोरखा

३.३ लमजुङ

३.४ स्याङ्जा

३.५ कास्की

३.६ मनाङ

३.७ नवलपरासी

३.८ रूपन्देही

३.९ पाल्पा

३.१० कपिलवस्तु

३.११ अर्घाखाँची

३.१२ गुल्मी

३.१३ वाग्लुङ

३.१४ पर्वत

३.१५ म्याग्दी

३.१६ मुस्ताङ

३.१ तनहुँ

जनसंख्या	२६८०७३
साक्षरता प्रतिशत	५२.८
महिला साक्षरता प्रतिशत	३८.८
क्षेत्रफल (वर्ग कि.मी.)	१५४६
गाविस/नपा संख्या	४५/१
निर्वाचन क्षेत्र	३
विद्यालय	५१३
क्याम्पस/उच्च मावि	३/५
अस्पताल/स्वास्थ्य चौकी	१/५०
टेलिफोन लाइन	५५८
मोटर सडक (कि.मी.)	४१३
प्रहरी कार्यालय संख्या	२५
हुलाक संख्या	५२

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या / गोली

रिसिङ रानीपोखरी गाविसका अध्यक्ष ४८ वर्षीय सरस्वतीकृष्ण श्रेष्ठलाई सुराकी गरेको आरोपमा ०५५ फागुन २४ गते दिउँसो २ बजे ना.अ.च. १०४४ नम्बरको भ्यानमा खैरेनीटारदेखि भिमादतर्फ गइरहेको अवस्थामा माओवादीहरूले खैरेनीटार गाविस-९ म्याग्दे खोलाको दोभानमा गोली र खुकुरी प्रहार गरी हत्या गरे।

भानु गाविस-६ का नेपाली कांग्रेस जिल्ला कार्यसमितिका सदस्य ३८ वर्षीय होमराज लोहनीलाई सुराकी गरेको आरोपमा ०५६ साउन २० गते लु.अ.ख १४९ नम्बरको ट्रकमा चढी मुग्लिनदेखि डुम्रेतर्फ गइरहेको अवस्थामा बन्दिपुर गाविस-८ याम्पा फाँटमा माओवादीहरूले ट्रकबाट निकाली गोली र खुकुरी प्रहार गरी हत्या गरे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका २ घटनामा २ जना पुरूषको हत्या भयो।

जेल र बन्दीहरु

०२७ सालमा निर्माण गरिएको २५ जना बन्दीहरू राख्न सक्ने क्षमता रहेको दमौली जेलमा प्रायः क्षमताभन्दा बढी बन्दीहरू राख्ने गरेको पाइन्छ। यस जेलमा पुरूष बन्दी गृह मात्र भएकाले २५ जना बन्दी र २३ जना थुनुवा गरी जम्मा ४८ जना राखिएको छ। यस जेलमा ज्यान मुद्दामा ६ बन्दी, १० थुनुवा, जवरजस्ती करणी मुद्दामा ४ बन्दी, नकवजनी चोरी मुद्दामा २ बन्दी, ज्यानमार्ने उद्योग मुद्दामा १ बन्दी र २ थुनुवा, डाँका मुद्दामा ३ बन्दी, हातहतियार खरखजना मुद्दामा ६, जीउ मास्ने/बेच्ने मुद्दामा ४ बन्दी, चौपाया चोरी मुद्दामा २ बन्दी, चोरी मुद्दामा १ बन्दी, लागू औषध मुद्दामा १ थुनुवा, रहजनी चोरी मुद्दामा १ बन्दी, सार्वजनिक अपराध मुद्दामा २ थुनुवा, सवारी ज्यान मुद्दामा २ थुनुवा र आगलागी मुद्दामा १ बन्दी गरी जम्मा २८ जना रहेका छन्।

यस जेलमा रहेका बन्दीलाई शान्ति सुरक्षामा दखल पुऱ्याएको आरोप लगाई बेलाबेलामा शारीरिक र मानसिक यातना दिनुका साथै हातहतियार खरखजनाको झुटा मुद्दा पनि लगाइने गरेको बन्दीहरू बताउँछन्। जेलको भौतिक अवस्था जीर्ण रहेको छ।

गिरफ्तारी र यातना

खैरेनीटार गाविस-६ जाम्दीका शिक्षकद्वय २८ वर्षीय नैनदत्त अधिकारी र ४२ वर्षीय प्रेमबहादुर थापालाई माओवादीको आरोपमा ०५५ पुस २४ गते प्रहरीले घरबाटै गिरफ्तार गरेकोमा सात दिनपछि रिहा गरियो।

मनपाङ गाविस-८ घर भई श्री प्रभा प्रा.वि. का प्रधानाध्यापक ४५ वर्षीय मुक्तिनाथ मस्राङ्गीलाई माओवादीको आरोपमा ०५५ माघ १३ गते प्रहरीले घरबाटै गिरफ्तार गरेकोमा ०५५ माघ २० गते जिल्ला प्रहरी कार्यालयबाट तारेखमा रिहा गरियो।

वरभन्ज्याङ गाविस-१ का ३२ वर्षीय दिलिप जि.सी. र २६ वर्षीय परशुराम भण्डारीलाई माओवादीको आरोपमा ०५५ फागुन १८ गते खेतमा काम गरिरहेकै अवस्थामा प्रहरीले गिरफ्तार गरी एक हप्तापछि तारेखमा रिहा गरियो।

कोटदरवार गाविस-५ का ५९ वर्षीय माधवप्रसाद श्रेष्ठ र उनका छोरा २३ वर्षीय विनोद श्रेष्ठलाई ०५५ फागुन २५ गते काठमाडौं सोह्रखुट्टेबाट प्रहरीले विना पूर्जी गिरफ्तार गरे। पीडित माधवलाई जिल्ला प्रहरी कार्यालय दमौलीमा १३ दिन र विनोदलाई दुलेगौडा इलाका प्रहरी कार्यालय र दमौलीमा गरी ४२ दिनसम्म हिरासतमा राखी तारेखमा रिहा गरिएको छ।

श्याम्घा गाविस-४ का २४ वर्षीय केशव गौलीलाई ०५६ वैशाख १७ गते माओवादीको आरोपमा रिस्ती गाविस सोतीबेंशीका होमनाथ अधिकारीको घरबाट प्रहरीले गिरफ्तार गरी बन्दूकको नालले हिर्काउनुका साथै हातका औंलामा करेन्ट लगाएर यातना दिए। पीडितलाई हातहतियार खरखजना मुद्दाअन्तरगत थुनामा राखिएको छ।

माओवादीद्वारा हत्या गरिएका गाविस अध्यक्ष सरस्वतीकृष्ण श्रेष्ठ

आक्रमणबाट घाइते दण्डपाणी गौतम

व्यास नपा-८ का ४४ वर्षीय राजेन्द्रकेशरी न्यौपानेलाई ०५६ वैशाख २४ गते माओवादीको आरोपमा जिल्ला अदालत परिसरबाट प्रहरीले गिरफ्तार गरे। पीडित यसभन्दा अगाडि दुई पटकसम्म गिरफ्तार भएका थिए। पीडितलाई हातहतियार खरखजना मुद्दाअन्तरगत थुनामा राखिएको छ।

माझकोट गाविस-८ घर भई नवलपरासी जिल्ला त्रिवेणी गाविस-७ रानीनगरमा पसल गर्ने २८ वर्षीय चन्द्रबहादुर थापालाई ०५६ पुस ८ गते माओवादीको आरोपमा पसलबाटै प्रहरीले गिरफ्तार गरे। पीडितलाई सोही दिन बेलटारी प्रहरी चौकीमा लगी १५ मिनेट राखी जिल्ला प्रहरी कार्यालय नवलपरासी हिरासतमा ७ दिन र इलाका प्रहरी कार्यालय गैंडाकोटमा १ दिन राखी ०५६ पुस १६ गते जिल्ला प्रहरी कार्यालय दमौलीमा ल्याई हिरासतमा राखेको छ। पीडितलाई आँखा, मुखमा पट्टी बाँधी जंगलमा लैजाने र शारीरिक तथा मानसिक यातना दिने गरियो।

बेपत्ता पारिएको

नेपाल बार एसोसिएसन गोरखाका अध्यक्ष ३५ वर्षीय राजेन्द्र ढकाललाई माओवादीको आरोपमा ०५५ पुस २४ गते खैरेनीटार गाविस-६ जाम्दी खोलामा नुहाइरहेको अवस्थामा स-शस्त्र प्रहरीले गिरफ्तार गरी इलाका प्रहरी कार्यालय दुलेगौंडा लगी बेपत्ता पारिएको छ।

माझकोट गाविस-७ का २५ वर्षीय कामराज थापा, स्याङ्जा जिल्ला क्याक्मी गाविस-४ का टीकाराम आले र नवलपरासी प्रगतिनगरका-३ का कृष्णप्रसाद श्रेष्ठलाई माओवादीको आरोपमा ०५५ पुस ३० गते रिसिङ रानीपोखरी गाविस-८ पल्टाङबाट प्रहरीले गिरफ्तार गरी बेपत्ता पारिएको छ।

किहुँ गाविस-२ का १९ वर्षीय मालती लम्साल, खैरेनिटार गाविस-८ का ३१ वर्षीय श्रीराम घिमिरे र मिर्लुङ गाविस-१ का २३ वर्षीय नारायण पण्डितलाई माओवादीको आरोपमा ०५६ वैशाख १ गते वरभञ्ज्याङ गाविस-१ नागनागिनीबाट प्रहरीले गिरफ्तार गरी बेपत्ता पारिएको छ।

मदीमाया आले

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

साफुङ भगवतीपुर गाविस-७ घर भई श्री सरस्वती मा.वि. व्यवस्थापन समितिका अध्यक्ष ५३ वर्षीय प्रेमलाल श्रेष्ठलाई ०५५ माघ १८ गते विद्यालयमा हाजिर गर्न नदिएको आरोपमा सोही ठाउँका २८ वर्षीय सुशील श्रेष्ठले कुटपिट गरे। पीडकलाई जिल्ला अदालतमा कुटपिटसम्बन्धी मुद्दा चलाइएको छ।

केशवटार गाविस-७ की ४५ वर्षीय मदीमाया आलेलाई ०५५ माघ २२ गते राति ८ बजे सोही गाउँका ३९ वर्षीय तुलबहादुर गौतम, ३७ वर्षीय सुरबहादुर गौतम र रेशम गौतमले नक्कली माओवादी बनी मुखमा नकाव लगाएर गहना लुटी भरूवा बन्दूक फायर गर्दै ज्यानमार्ने धम्की दिए।

भीमाद गाविस-२ का ३० वर्षीय बलराम पराजुलीको ०५६ वैशाख २० गते श्री पोखरीछाप प्रा.वि.को मतदान केन्द्रमा राजनीतिक कार्यकर्ताबीच भिडन्त हुँदा दाहिने खुट्टा भाँचियो।

नेकपा (एमाले) क्षेत्र नं. १ का उम्मेद्वार ४१ वर्षीय एकबहादुर राना, भानु गाविस-९ का २१ वर्षीय हरि वाग्ले, दीपक पन्तलगायत्का व्यक्तिहरूलाई ०५६ वैशाख २० गते नेपाली कांग्रेसका कार्यकर्ता अर्जुनबहादुर परियार, राजन रानाभाटलगायत्का २५-३० जनाले कुटपिट गरे।

श्री सरस्वती मा.वि. स्रोत केन्द्रका वि.नि. तोयानाथ लम्साल, सोही विद्यालयका प्रधानाध्यापक परशुराम गुरूङ र शिक्षक राजकुमार श्रेष्ठलाई ०५६ जेठ १० गते छुटेको परीक्षा नदिलाएको आरोपमा सोही विद्यालयका कक्षा ८ मा अध्ययनरत् विद्यार्थी तमानसिं थापा, दुर्गाबहादुर थापा, बलबहादुर थापा, नरबहादुर थापा, मनबहादुर थापालगायत्का २०-२२ जनाको समूहले कुटपिट गरे। पीडकहरूलाई कुनै कारबाही गरिएको छैन।

फिरफिरे गाविस-४ का ५६ वर्षीय दण्डपाणी गौतमलाई ०५६ जेठ २७ गते सोही ठाउँका चन्द्रबहादुर उचैंको घरमा बसिरहेको अवस्थामा केही व्यक्तिहरूले सुकुम्बासी आयोगबाट जग्गा दर्ता गरेको आरोपमा कुटपिट गरे।

भीमाद गाविस-७ का ३९ वर्षीय नारायणप्रसाद खनाललाई ०५६ असार २ गते निर्वाचन बदर गराउन भूमिका खेलेको आरोपमा भीमाद गाविस-१ का उपेन्द्र आले, सोमराज सुवेदी, विष्णुकुमार श्रेष्ठ र हिरा थापाले कुटपिट गरी घाइते बनाए।

भानु गाविसका अध्यक्ष ४० वर्षीय ऋषिराम पन्तलाई ०५६ भदौ १७ गते सोही ठाउँका २५ वर्षीय सन्तबहादुर घर्तीलगायत्का ५-६ जनाले ज्यानमार्ने धम्की दिए। पीडितले उजुरी दिंदा पनि कुनै कारबाही भएन।



प्रहरीद्वारा बेपत्ता पारिएका कामराज थापा, श्रीराम घिमिरे, सरस्वती अधिकारी, मालती लम्साल र कल्पना पन्त

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

आमनिर्वाचनअन्तर्गत ०५६ वैशाख २० गते भएको मतदानमा रूपाकोट केन्द्र, भानु गाविसको स्वहरे केन्द्र, चोक चिसापानी केन्द्र, ढोरफिर्दीको श्री गाउँ फर्कोदय मा.वि. केन्द्र, भीमादको श्री जनज्योति उच्च मा.वि. केन्द्र, भीमाद पोखरीछाप प्रा.वि. केन्द्र र मनपाङ केन्द्रमा शान्तिपूर्ण निर्वाचन नभएको भनी पुनः निर्वाचनको माग गरियो। उक्त मागबमोजिम पोखरीछाप प्रा.वि. केन्द्र र मनपाङ केन्द्रमा पुनः निर्वाचन गरियो भने अन्यमा गरिएन।

घटनाको प्रकार	गैह्रराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	२		२				
गोलीद्वारा हत्या	२	२		२				
गिरफ्तारी र यातना					७	११		११
कुटपिट	८	१०		१०				
धम्की	४	८	२	१०				
बेपत्ता पारिएको					३	७		७
बलात्कार	१		१	१				
बहुविवाह	१		१	१				
अमानवीय व्यवहार	२	२		२				
जम्मा	२०	२४	४	२८	१०	१८		१८
लाश फेला	३	३		३				
आत्महत्या	३		३	३				
दुर्घटनाहरू/विपत्तिहरू	८	१८	९	२७				

सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा आव ०५५/५६ मा देवानी दुनियावादी मुद्दामा लगत १७६ थान रहेकामा फर्स्यौट ५३ थान भई १२३ थान बाँकी रहेका छन्। फौजदारी लगत १२४ थानमा ५१ थान फर्स्यौट भए। त्यसैगरी आ.व. ०५६/५७ मा देवानी दुनियावादीमा लगत ९९ थानमा ९ थानमात्र फर्स्यौट हुन सके। फौजदारी ९४ थानमध्ये १८ थान फर्स्यौट भए।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा विशेषगरी देवघाट, ढोरफिर्दी र भानुमति गाविसमा सुकुम्बासी समस्या रहेको पाइन्छ। ती गाविसहरूमा वितरण गरिएको जग्गाधनी पूर्जा न्यायसंगत नभएको भनी मन्त्रिपरिषद्को निर्णयद्वारा केही पूर्जा बदरसमेत गरिएको थियो। यस जिल्लामा ३ हजार ८ सय ४२ जना वृद्ध रहेका छन्। उनीहरूलाई नियमितरूपमा भत्ता वितरण गरिएको छ। विधवा भत्ता ४ हजार ४८ जनालाई वितरण गरिंदै आएको छ। ५० जना अपांगलाई पनि अशक्त भत्ता वितरण गरिंदै आएको छ।

महिला अधिकार

दुलेगौडा गाविस-६ की १४ वर्षीय एक बालिकालाई ०५५ फागुन १६ गते सोही ठाउँका २४ वर्षीय चित्रबहादुर भण्डारीले जंगलमा लगी बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी जिल्ला अदालतमा पेश गरेकोमा ०५५ चैत १२ गते पुर्पक्षका लागि थुनामा राखिएको छ।

यस जिल्लामा यो वर्ष एक जनाले बहुविवाह गरेको जानकारीमा आयो।

बालअधिकार (बालबालिका उपरको अत्याचार)

यस जिल्लामा होटल र घरेलु क्षेत्रमा कार्यरत बाल मजदूरहरूलाई खान र बस्न दिएर बिहान ६ बजेदेखि बेलुका १० बजेसम्म काममा लगाइन्छ भने केही ठाउँमा २ सयदेखि ६ सयसम्म मासिक ज्याला दिने गरेको पाइन्छ। कामको दौरानमा केही गल्ती भएमा साहूले गाली गरी आफूलाई दिने रकमबाटै त्यसको क्षति कटाउने गरेको गुनासो पीडितहरूको छ।

यस जिल्लाको कोटा गाविस-२ कालीकाटारका भुजेल थरका ५५ जना बालबालिकाहरूले विद्यालयको मुखसम्म देख्न पाएका छैनन्। गरिबीका कारण लगाउने कपडाको अभावमा उनीहरू जुनबेला पनि निर्वस्त्र देखिन्छन्।

मानवअधिकार सम्बन्धी अन्य सवालहरु

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

दुलेगौडा गाविस-८ बेलचौताराका ६७ वर्षीय डम्बरबहादुर थापालाई ०५६ साउन १८ गते दुलेगौडा बजारको जग्गा बदर गरी चलन चलाई पाउँ भनी मुद्दा दिएको आरोपमा सोही गाविस-९ का ५० वर्षीय केशरबहादुर थापा, हर्ष थापा, हरिप्रसाद पोखरेल, गोविन्द वि.क., विना सुनार र खड्कबहादुर सुनारलगायत् ५०-६० जनाको एक समूहले मोसो लगाउने, जुत्ताको माला लगाउने, मुखमा थुक्ने र अपशब्द प्रयोग गरी अमानवीय व्यवहार गरे। पीडकहरूलाई कुनै कारबाही भएन।

नेपाल रेडक्रस सोसाइटीको भवन निर्माण एवं असहाय महिलाहरूको सहयोगका लागि ०५५ पुस १३ गतेदेखि २३ गतेसम्म दमौली वीपी वनवाटिका नजिकैको चौरमा देवी भागवत पुराण लगाइएको थियो। उक्त अवसरमा दलित जातिका मानिसलाई पूजा गर्न रोक लगाइयो। दलित संघको आयोजनामा विरोध कार्यक्रम गरिएपछि पूजा गर्न र प्रसाद चढाउन दिइयो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

मनपाङ गाविस-८ का ३२ वर्षीय राममाया नेपालीलाई ०५५ कार्तिक २७ गते उनकै घर नजिकको चिलाउनीको रूखमा भुण्डिएको अवस्थामा फेला परेकोमा उनका पति सुनबहादुर

राममाया नेपालीको हत्याको सिलसिलामा निकालिएको जुलुस

नपालील हत्या गरी झुण्डाएका हुन सक्ने आशंका गरी ०५५ माघ १० गते स्थानीय व्यक्तिहरूको एक समूहले छानबिनको माग गर्दै कारवाही गरिपाउँ भनी जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाए।

रूपाकोट गाविसको मतदान केन्द्रमा आमनिर्वाचन ०५६ को पर्यवेक्षण गर्न राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) केन्द्रबाट खटिएका गणेश भण्डारी र राजेन्द्र ढकाललाई नेपाली कांग्रेसका कार्यकर्ताले कुटपिट गरी क्यामरासमेत फुटाइदिए पछि सो घटनाको विरोध गर्दै नियोक जिल्ला कार्यसमितिले ०५६ वैशाख २४ गते खेद प्रस्ताव पारित गर्‍यो।

नेपाल एकीकृत ग्रामीण विकास केन्द्रको आयोजनामा २०५६ भदौ २४ गते मानव अधिकार आयोग गठन गर, शान्ति सुरक्षा कायम गर, हत्या हिंसा बन्द गर भन्ने नारा लगाउँदै नगर परिक्रमा गरी प्रमुख जिल्ला अधिकारीमार्फत् प्रधानमन्त्रीलाई एक ज्ञापनपत्र बुझाइयो। उक्त जुलुसमा विभिन्न मानव अधिकारवादी संस्थाका प्रतिनिधिहरूले भाग लिएका थिए।

अतिरिक्त जानकारीहरु

यो वर्ष यस जिल्लामा ट्राफिक दुर्घनामा परी ६ महिला र ९ पुरूष, आगलागीबाट १ महिला, पहिरोमा परी ३ पुरूष, पानीमा डुबेर २ महिला, खोलाले बगाएर ४ पुरूष, करेण्ट लागेर २ पुरूषको मृत्यु भयो। सनाखत हुन नसकेको पुरूषको ३ वटा बेवारिसे लाश भेटियो। यस वर्ष व्यक्तिगत रीसइवीका कारण भएका २ कुटपिटका घटनामा २ जना पुरूष पीडित भए।

३.२ गोरखा

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या / गोली

केराबारी गाविस-५ का ३५ वर्षीय पुष्पराज रेग्मीलाई सुराकी गरेको आरोपमा ०५५ माघ ११ गते बेलुका घरमा बसिरहेको अवस्थामा माओवादीहरूले गोली हानी हत्या गरे।

बक्राङ गाविस-६ का ४१ वर्षीय रामबहादुर अर्याल, बगुवा गाविस-४ का ३६ वर्षीय हरिश्चन्द्र श्रेष्ठ र देउराली गाविस-१ का २१ वर्षीय विपना नहर्कीलाई माओवादीको आरोपमा ०५६ वैशाख ८ गते बक्राङ गाविस-६ पुरानो गाउँमा प्रहरीले गोली हानी हत्या गरे। सोही घटनामा घाइते भएका देउराली गाविस-९ का २४ वर्षीय रामकुमार नर्गुना र बक्राङ गाविस-५ का संजीव

रामबहादुर अर्याल, हरिश्चन्द्र श्रेष्ठ र विपना नहर्कीलाई प्रहरीले गोली हानी हत्या गरी जलाइएको ठाउँ

अर्यालमध्ये रामकुमारको ०५६ वैशाख १५ गते मृत्यु भयो।

धैरूङ गाविस-५ अधेरीमा ०५६ वैशाख १८ गते बेलुका ९ बजे माओवादी र प्रहरीबीच भएको भिडन्तमा प्रहरीको गोलीबाट माओवादी कार्यकर्ता २५ वर्षीय राजु थापाको मृत्यु भयो।

ताकुकोट गाविस-१ पाल्खुमा ०५६ जेठ ८ गते राति १:३० बजेतिर माओवादी र प्रहरीबीच भएको करिब ३ घण्टाको दोहोरो भिडन्तमा वगुवा गाविस-४ रिठ्ठेपानीका २८ वर्षीय शिव श्रेष्ठको प्रहरीको गोलीबाट मृत्यु भयो भने माओवादीको गोलीबाट लमजुङ जिल्ला सीमपानीका प्रहरी हवल्दार ३८ वर्षीय भरत भुजेल, गोरखा जिल्ला बुङकोट गाविसका प्रहरी हवल्दार ३६ वर्षीय चेतबहादुर थापा, गुल्मी जिल्ला सिमीचौरका प्रहरी जवान २७ वर्षीय नेत्रबहादुर कुँवर, तनहुँ जिल्ला वसन्तपुरका २९ वर्षीय वीरबहादुर पुलामी, रूपन्देही जिल्ला टिकौलीगढका २६ वर्षीय शेरबहादुर यादवको घटनास्थलमा मृत्यु भयो र ठेगाना नखुलेका नरेन्द्र चौधरी र रामचन्द्र भण्डारी घाइते भए।

पृथ्वीनारायण नपा-११ सेउलीका २२ वर्षीय सीताराम खनाललाई ०५६ असार १३ गते माओवादीको आरोपमा प्रहरीले भिरकोट गाविस-३ सेराफाँटमा गोली हानी हत्या गरे।

जिल्ला प्रहरी कार्यालय गोरखामा कार्यरत् स्याङ्जाका ३४ वर्षीय प्रहरी हवल्दार खेमबहादुर कार्कीलाई ०५६ साउन २४ गते राति पृथ्वीनारायण नपा-५ डण्डीडाँडामा अज्ञात व्यक्तिहरूले गोली हानी हत्या गरे।

आँपपीपल गाविस-७ का माओवादी वैकल्पिक पोलिटव्यूरो सदस्य ४६ वर्षीय सुरेश वाग्ले र छोप्राक गाविस-३ का माओवादी प्लाटुन कमाण्डर २७ वर्षीय भीमसेन पोखरेललाई

०५६ भदौ २३ गते गाँख्रु गाविस-२ उपल्लो गाँख्रुमा प्रहरीले गोली हानी हत्या गरे। उनीहरूलाई आफ्नो कब्जामा लिइसकेपछि प्रहरीले गोली हानी हत्या गरेको माओवादीहरूको दाबी रहेको छ।

छोप्राक गाविस-५ स्थित प्रहरी चौकीमा कार्यरत् प्रहरी हवल्दार कृष्णबहादुर थापा र प्रहरी जवान वेगबहादुर घर्ती ०५६ असोज ६ गते हुलाक कार्यालयमा माओवादीहरूद्वारा टाँगिएको तुल झिक्न जाँदा तुलसँगै राखिएको बम विष्फोटनमा परी घाइते भए।

बक्राङ गाविस-५ पुरानागाउँका नेपाल तरूण दल, गाउँ इकाई समिति तथा नेपाल रेडक्रस सोसाइटीका सदस्य २६ वर्षीय कृष्णप्रसाद अर्याललाई ०५६ असोज १४ गते विहान ९ बजे माओवादीहरूले खुकुरी प्रहार गरी हत्या गरे।

बोलाङ प्रहरी चौकीमा कार्यरत् इन्सपेक्टर पशुपतिनाथ डोटेल तथा प्रहरी जवानहरू मेघनाथ पौड्याल र रामबहादुर थापा ०५५ असोज २० गते अस्राङ गाविस-५ घुम्ती कुइनोटेमा माओवादीद्वारा बिछ्याइएको पाइप बम विष्फोटनमा परी घाइते भए। पीडितहरूलाई उपचारार्थ काठमाण्डौस्थित वीरेन्द्र प्रहरी अस्पतालमा पुऱ्याइयो।

हर्मी गाविस-८ का २३ वर्षीय कृष्णप्रसाद ढकाललाई माओवादी भएको आरोपमा ०५६ मंसिर २० गते प्रहरीले च्याङ्ली गाविस-५ जुडी खोलामा गोली हानी हत्या गरे।

तान्द्राङ गाविस-३ मा माओवादीहरूले बिच्छ्याइराखेको एम्बुसमा परी प्रहरी हवल्दार ३४ वर्षीय रामबहादुर पुन र प्रहरी जवान २७ वर्षीय लक्ष्मण दर्लामीको ०५६ पुस ५ गते घटनास्थलमै मृत्यु भयो भने अन्य तीन घाइते प्रहरीहरूलाई उपचारका लागि काठमाडौं लगियो।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ३ घटनामा १ महिला र २ पुरूषको हत्या भयो।

जनसंख्या	: २५२५२४
साक्षरता प्रतिशत	: ४२.६
महिला साक्षरता प्रतिशत	: ३०.२
क्षेत्रफल (वर्ग कि.मी.)	: ३६१०
गाविस/नपा संख्या	: ६५/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ३९३
क्याम्पस/उच्च मावि	: ३/३
अस्पताल/स्वास्थ्य चौकी	: २/७२
टेलिफोन लाइन	: ३००
मोटर सडक (कि.मी.)	: २४
प्रहरी कार्यालय संख्या	: २५
हुलाक संख्या	: ६७

जेल र बन्दीहरु

वि.सं. ०४८ सालमा निर्माण गरिएको "घ" श्रेणीको यस जेलको कुल बन्दी क्षमता ५५ रहेको छ। यस जेलमा थुनुवातर्फ २१ पुरूष र २ महिला, बन्दीतर्फ १२ पुरूष र १ महिला गरी जम्मा ३६ रहेका छन् भने आस्थाका बन्दी पनि रहेका छन्।

यस जेलको भौतिक अवस्था ठीकै रहे तापनि सफा पानीको असुविधाका कारण बन्दी थुनुवाहरू बिरामी परेको बताउँछन्। यस वर्ष बन्दी थुनुवाहरूले जेल प्रशासनसँग शिक्षा, मनोरञ्जन, सूचना तथा संचार, गास, बास, कपास, स्थानीय र राष्ट्रिय गरी ३७ सूत्रीय माग राखी ०५६ पुस १७ गतेदेखि ५ छाक सिदा बहिष्कार गरे। जेल प्रशासन र बन्दीबीच वार्ता भई बन्दी थुनुवाहरूले १५ दिनको अल्टिमेटम दिएका थिए। सो अवधिमा पनि माग पूरा नभए जेलभित्र सशक्त आन्दोलन गर्ने बन्दी थुनुवाहरूले बताए।

गिरफ्तारी र यातना

तनहुँ जिल्ला घर भई गोरखा क्याम्पसमा प्राध्यापनरत् ४२ वर्षीय रामकृष्ण तिवारीलाई माओवादी गतिविधिमा संलग्न भई श्यामसुन्दर श्रेष्ठको हत्या गरेको आरोपमा ०५५ पुस २६ गते प्रहरीले गिरफ्तार गरेकोमा थुनामा राखिएको छ।

बोलाङ गाविस-१ का २७ वर्षीय श्याम पाण्डे, ६२ वर्षीय पुन्नाख्वर गोतामे, ६१ वर्षीय रणमाया गोतामे, ५५ वर्षीय यदुनाथ गोतामे, ६० वर्षीय दुर्गाप्रसाद गोतामे र २२ वर्षीय मीना पाण्डेलाई माओवादीको संरक्षण गरेको आरोपमा ०५६ जेठ २७ गते बेलुका प्रहरीले घरमा गई कुटपिट गर्नुका साथै १६ वर्षीय भरत गोतामे र १७ वर्षीय टीकाराम गोतामेलाई गिरफ्तार गरी यातना दिए।

बोलाङ गाविस-१ नारायणपुरका २४ वर्षीय मुक्ति पाण्डेलाई माओवादी भएको आरोपमा ०५६ जेठ २९ गते प्रहरीले विना पूर्जी घरबाट गिरफ्तार गरी चौकीमा लगेर यातना दिइ ३० गते जिल्ला प्रहरी कार्यालयमा लगिएकोमा ०५६ असार १ गते तारेखमा रिहा गरियो।

घ्यालचोक गाविस-५ घ्यालचोकटारका ३५ वर्षीय शिवप्रसाद रेग्मी, ३३ वर्षीय रामप्रसाद रेग्मी, ३५ वर्षीय श्यामप्रसाद रेग्मी र ४५ वर्षीय पूर्णबहादुर दमैलाई माओवादी गतिविधिमा संलग्न भई सोही ठाउँमा रहेको साना किसान आयोजनाको कार्यालयमा आगो लगाएको आरोपमा ०५६ साउन

गोरखा कारागार

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	३	१	४				
गोलीद्वारा हत्या	४	९		९	६	९	१	१०
गोलीद्वारा घाइते/हवाइ फायर	१	२		२				
बम प्रहारबाट घाइते	२	५		५				
बम प्रहार	१							
गिरफ्तारी र यातना					७	१८	५	२३
कुटपिट	२	३		३	१	१		१
बेपत्ता पारिएको					४	५	१	६
बलात्कार	२		२	२				
पारिवारिक हिंसा	२		२	२				
जम्मा	१८	२२	५	२७	१८	३३	७	४०
लाश फेला	१	१		१				
आत्महत्या	१०	६	४	१०				
दुर्घटनाहरू/विपत्तिहरू	१३	२०	८	२८				

१४ गते बेलुका प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई तारेखमा रिहा गरिएको छ।

बोलाङ गाविस-४ खोरियापानीका ३१ वर्षीय नारायण श्रेष्ठलाई माओवादीलाई सूचना दिएको आरोपमा ०५६ साउन १५ गते बेलुका ९ बजे घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी चौकीमा ल्याएर यातना दिई १६ गते जिल्ला प्रहरी कार्यालयमा लगी ४ दिनसम्म हिरासतमा राखे। पीडितहरू १९ गते तारेखमा रिहा भए।

घ्याल्चोक गाविस-५ का ३५ वर्षीय शिवप्रसाद रेग्मी, सोही गाविस-४ का २५ वर्षीय दीपक निर्मिल्सिना, सोही गाविस-९ का ६५ वर्षीय तेजबहादुर भुजेल र सोही गाविस-८ का ३५ वर्षीय रामप्रसाद रेग्मीलाई माओवादीलाई संरक्षण दिएको आरोपमा ०५६ भदौ ३ गते प्रहरीले गिरफ्तार गरी ४ दिनसम्म हिरासतमा राखेकोमा तारेखमा रिहा गरिएको छ।

बगुवा गाविस-४ की २३ वर्षीय हरिमाया श्रेष्ठ, ५२ वर्षीय काइँली श्रेष्ठ, ३५ वर्षीय सुकुमार श्रेष्ठ र सौरपानी गाविस-१ की ३६ वर्षीय गीता ढकाललाई माओवादी भएको आरोपमा ०५६ भदौ ९ गते दिउँसो बगुवा गाविस-४ रिठ्ठेपानीबाट प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितहरूमध्ये हरिमाया, काइँली र सुकुमारलाई रिहा गरियो भने गीतालाई हातहतियार खरखजाना मुद्दा लगाइ थुनामा राखिएको छ।

बेपत्ता पारिएको

च्याङ्ली आलेबरकी अनेमसंघ (क्रान्तिकारी) की पूर्व जिल्ला सदस्य तथा जनजाति कार्यकर्ता २३ वर्षीय पम्फा कुमाललाई ०५५ फागुनमा जनजाति संघको कार्यक्रम गरिरहेको अवस्थामा ताक्लुङबाट प्रहरीले गिरफ्तार गरेर चौकीमा लगी यातना दिएकामा त्यसपछि बेपत्ता पारिएको छ।

बगुवा गाविस-७ लामाचौरका २६ वर्षीय सञ्जय ढकाल र श्रीनाथकोट गाविस-२ का २१ वर्षीय कुमार ढकाललाई ०५५ फागुन ११ गते छोप्राक गाविस-२ थुम्कीबाट प्रहरीले गिरफ्तार गरी एक दिन चौकीमा राखेर यातना दिएकामा त्यहीँबाट बेपत्ता पारिएको छ।

गाईखुर गाविस घिमिरेथोकका २० वर्षीय रामबहादुर घिमिरेलाई ०५५ फागुन १४ गते बक्राङ गाविस-५ पुरानो गाउँबाट प्रहरीले गिरफ्तार गरेकामा बेपत्ता पारिएको छ।

स्वोल्लाङ गाविस बेलवासका २१ वर्षीय राजु गुरुङ र बुङकोट गाविस खाब्दी गाउँका १९ वर्षीय लीला खनाललाई ०५६ कात्तिक ९ गते लमजुङको दुराडाँडा गाविस देउतापानीबाट प्रहरीले गिरफ्तार गरेकामा बेपत्ता पारिएको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

आँपपीपल गाविस-५ का ६५ वर्षीय भोजराज मरहट्ठाको घरमा ०५५ चैत १२ गते नकाब लगाएका अज्ञात व्यक्तिहरूले सुन र पैसा लुट्नुका साथै सोही ठाउँका ६० वर्षीय पद्मबहादुर थापालाई प्रतिक्रियावादीको आरोपमा कुटपिट गरे।

स्वोल्लाङ गाविस-२ का २३ वर्षीय गोविन्द न्यौपाने र २४ वर्षीय यदु ओस्तीलाई ०५६ असार ११ गते राति ९ बजे घरमा बसिरहेको अवस्थामा १५-१६ जना अज्ञात व्यक्तिहरूको समूहले डोरीले बाँधेर पाइप र छडले हानी मरणासन्न हुने गरी कुटपिट गरे।

सल्यान जिल्ला घर भई महेन्द्र प्रकृति संरक्षण कोष, सिर्दिबासमा कार्यरत् ४५ वर्षीय श्रीलाल बनलाई ०५६ भदौ १२ गते सीमा प्रहरी चौकीमा कार्यरत् असई नरेन्द्र जिसी र हवल्दार रामप्रसाद लामिछानेले मादक पदार्थ सेवन गरी चौकीमा लगेर यातना दिई भोलिपल्ट गाउँलेको दवावमा छोडिदिए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

दुवुङ गाविसमा ०५६ वैशाख ७ गते नेकपा (माले) द्वारा आयोजित चुनावी आमसभामा माओवादीको पक्षमा भाषण गरेको आरोप लगाई प्रहरीले सभा विथोली सुरेन्द्र थापासहित तीन जनालाई गिरफ्तार गरे। पीडितहरूलाई चौकीमा कागज गराई भोलिपल्ट रिहा गरियो।

०५६ वैशाख २० गते भएको आमनिर्वाचनमा यस जिल्लाको क्षेत्र नं. १ अन्तरगत बुङकोट केन्द्र, फुजेल केन्द्र र ताङलीचोक मतदान केन्द्रमा नेपाली कांग्रेसद्वारा एकलौटीरूपमा मतदान केन्द्र कब्जा गरिएको र अन्य पार्टीका एजेन्टहरूलाई

केन्द्रबाट खेद्ने, कुद्ने गरेकोमा नेकपा (एमाले), राप्रपालगायत्का अन्य पार्टीहरूले पुनः निर्वाचनको माग गर्दै जिल्ला निर्वाचन कार्यालयमा निवेदन दर्ता गराएका थिए।

यस जिल्लामा विगत दुई वर्षदेखि जनादेश, महिमा, ज्वाला साप्ताहिक जस्ता पत्रिका पढ्न, बेचबिखन गर्न र वितरण गर्न रोक लगाइएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको जिल्ला अदालतमा तीन वर्षदेखिका मुद्दा नरहेको पाइयो भने दुई वर्षसम्मका खासै मुद्दाहरू पनि छैनन्। एक वर्ष अवधिका मुद्दाहरूमा सरकारवादी २६, फौजदारी १५, जग्गासम्बन्धी (देवानी) ७, विशेष अदालत फौजदारी ४ र संक्षिप्त फौजदारी ५ वटा रहेका छन् भने ६ महिना अवधिका सरकारवादी ११, फौजदारी १८, जग्गासम्बन्धी (देवानी) ३१, विशेष अदालत फौजदारी ३ र संक्षिप्त फौजदारी ७ वटा रहेका छन्।

महिला अधिकार

पृथ्वीनारायण नपा-१ की १४ वर्षीय एक बालिकालाई ०५५ पुस १९ गते सोही नपाका रामबहादुर नेपालीले मादक पदार्थ सेवन गरी मुखमा रूमाल कोची कसैलाई भनेमा मार्ने धम्की दिएर बलात्कार गरे। पीडकलाई प्रहरीले ०५५ पुस २८ गते गिरफ्तार गरी थुनामा राखिएको छ।

गाईखुर गाविस-३ की ९ वर्षीय एक बालिकालाई ०५५ चैत १३ गते च्याङ्ली गाविसका ४७ वर्षीय बलबहादुर कँडेलले जंगलमा लगी बलात्कार गरे। पीडकलाई प्रहरीले २१ दिनपछि काठमाडौंको सिंहदरबार परिसरमा गिरफ्तार गरी थुनामा राखिएको छ।

यस वर्ष यो जिल्लामा पारिवारिक हिंसाका २ घटनामा २ जना महिला पीडित भए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

क्याम्पसमा आगो लगाइएको घटनाको भर्त्सना गर्दै नेकपा (एमाले) जिल्ला कमिटीले ०५६ साउन ३० गते एक विज्ञप्ति प्रकाशित गरी उक्त घटनाका दोषीहरूलाई कारबाही गर्न माग गऱ्यो।

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा ६ पुरूष र ४ महिलाले आत्महत्या गरे। ट्राफिक दुर्घटनामा ३ पुरूषको मृत्यु भएको छ भने पानीमा डुबेर २ वटा घटनामा ३ पुरूष, रूखबाट लडेर १ पुरूष, विपत्तिका ४ वटा घटनामा ९ पुरूष, ६ महिला, ४ बालक र २ बालिकाको मृत्यु भयो। एउटा बेवारिसे लास फेला पऱ्यो।

३.३ लमजुङ

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या / गोली

जीता गाविस-५ का देवराज पौडेल र सूर्यपाल गाविस-५ का शिक्षक कृष्णबहादुर बस्नेतलाई ०५६ असार ३ गते तान्द्राङ टक्सार गाविसको सोती पसल बजारमा रातको समयमा दंगा प्रहरीले गोली प्रहार गरे। घटनास्थलमा रगतका दागहरू भेटिएका कारण पीडितहरूलाई हत्या गरी बेपत्ता पारिएको अनुमान गरिएको छ।

भोटेओडार गाविसमा रहेको प्रहरी चौकीका प्रहरी हवल्दार भक्तबहादुर गुरूङलाई ०५६ साउन ७ गते गोली हानी हत्या गरियो। उक्त घटनामा गिरफ्तार गरिएका शिव खनालले लमजुङ कारागारबाट दिएको जानकारीअनुसार भोटेओडार गाविस-८ की सत्यकला अधिकारीलाई प्रहरीद्वारा प्रहार गरिएको गोली सत्यकलाको शरीरको बाहिरी भागमा ठक्कर खाएर प्रहरीलाई लाग्न पुगी मृत्यु भएको हो। तर प्रहरी भने माओवादीले गोली हानेर हत्या गरेको बताउँछन्।

भोटेओडार गाविस-८ की सत्यकला अधिकारीलाई ०५६ साउन ७ गते माओवादी र प्रहरीको भिडन्तमा तार्कु गाविसको गहते जंगलमा प्रहरीले गोली हानी घाइते बनाए। पीडितलाई थुनामा राखिएको छ।

परेवाडाँडा गाविसको जंगलमा २ महिलालाई माओवादीको आरोपमा ०५६ साउन ८ गते प्रहरीले गोली हानी हत्या गरे। पीडितहरू गोरखा च्याङलिङ गाविस घर भएकी अनेमसंघ (क्रान्तिकारी) लमजुङका सदस्य चिजा कुमाल र तनहुँ रिस्ती गाविस घर भएकी चिजा वि.क. भएको अनुमान गरिएको छ।

इसानेश्वर गाविसका नेपाली कांग्रेसका महासमिति तथा जिल्ला कार्यसमिति सदस्य मोहनसिं घिमिरेलाई माओवादीहरूले सुराकी गरेको आरोपमा ०५६ कात्तिक ५ गते दिउँसो स्थानीय रामबजारमा गोली र खुकुरी प्रहारी गरी हत्या गरे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ३ घटनामा २ महिलासहित ३ जनाको हत्या भयो। जसमध्ये -

खुदी गाविस-१ तरापुकी २० वर्षीय देउमाया भण्डारीलाई ०५५ माघ ७ गते सोही गाविसका जंगबहादुर भण्डारी, लीलाबहादुर भण्डारी र इन्द्रबहादुर थापालगायत्का ४ जनाले केही महिना पहिलादेखि यौन सम्बन्ध कायम गर्दै आएकामा ५-७ महिनाको गर्भ भएपछि पतन गराउन भनी बोलाएर पुनः सामूहिक बलात्कार गरी हत्या गरे। देउमायालाई निर्मम तरिकाबाट पेट चिरेर गुप्तांग काटेर, आँखा फोरेर मर्स्याङ्दी नदीको किनारामा फालिएको अवस्थामा फेला पारिएको थियो।

पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

हिलेटक्सार गाविस-३ की ६२ वर्षीय मंगली कमिनीलाई ०५५ माघ १३ गते सोही गाविसका कर्णबहादुर गुरूङले आफ्नो भैंसीलाई बाक्सी लगाई दूध नदिने पारेको आरोपमा बाख्रा चराउन जंगलमा गएको बेला बन्चरो प्रहार गरी हत्या गरे। पीडकलाई थुनामा राखिएको छ।

जनसंख्या	:	१५३६९७
साक्षरता प्रतिशत	:	४८.७
महिला साक्षरता प्रतिशत	:	३४
क्षेत्रफल (वर्ग कि.मी.)	:	१६९२
गाविस/नपा संख्या	:	६१/०
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	३९७
क्याम्पस/उच्च मावि	:	३/६
अस्पताल/स्वास्थ्य चौकी	:	१/७०
टेलिफोन लाइन	:	२२४
मोटर सडक (कि.मी.)	:	८४
प्रहरी कार्यालय संख्या	:	११
हुलाक संख्या	:	६१

जेल र बन्दीहरु

यस जिल्लामा अवस्थित "घ" श्रेणीको जेलमा २५ जना बन्दी राख्न सक्ने क्षमता रहेको छ। यहाँ ५ जना महिलासहित ३७ जना जेल जीवन बिताइरहेका छन्। जेलमा क्षमताभन्दा बढी बन्दी रहेकाले सुत्ने ठाउँको समस्या परेको, खाँदिएर सुत्नुपर्दा रोगहरू सर्ने सम्भावना भएको र सुविधाहरूमा पनि कटौती गर्नुपर्नाले समस्या भएको बन्दीहरूको गुनासो छ। जेलमा भित्र र बाहिर गरी ५ चर्पी, २ धारा र जिल्ला विकास समिति लमजुङको सहयोगमा महिला र पुरूषहरूलाई एक एक वटा टेलिभिजनको व्यवस्था गरिएको छ। बन्दी थुनुवाले पत्रपत्रिकाहरूको अध्ययन गर्न पाएका छैनन्। ज्यानमार्ने उद्योगमा जेल परेका छविलाल भुपाल अर्धपागल अवस्थामा रहेकाले बेलाबेलामा अरूलाई पिट्ने, झगडा गर्ने, नबोल्ने आदि कार्य गर्नाले अन्य बन्दीहरूलाई समस्या परेको छ।

गत वर्षदेखि यस जेलमा रहनुभएका भोटेओडार गाविस-८ का चन्द्रकान्त अधिकारीलाई ०५६ वैशाख २ गते अदालतले जेल मुक्त गर्ने आदेश दिए तापनि अदालतको ढोकाबाट प्रहरीले पुनः गिरफ्तार गरी बेपत्ता पारेर काठमाडौं जेल सारेको जानकारी दिइयो। पीडितलाई ०५६ कात्तिक ८ गते पाल्पा कारागारमा निवारक नजरबन्दमा राखी पुनः ६ महिनाका लागि म्याद थप गरी थुनामा राखिएको छ।

गिरफ्तारी र यातना

लमजुङ कारागारमा थुनामा रहेका नेपाल राष्ट्रिय शिक्षक संगठनका केन्द्रीय प्रतिनिधि वासुदेव शर्मा अधिकारीलाई जिल्ला अदालतले छाड्ने आदेश दिएकोमा पुनः ०५६ असार २१ गते अदालतको ढोकाबाट गिरफ्तार गरी निवारक नजरबन्दमा राखियो। पीडितलाई रिहा गरिएको छ।

भोटेओडार गाविसबाट अखिल नेपाल किसान संघ २००७ को लमजुङका सदस्य कास्की थुम्की गाविस-५ का शिव खनाल र प्रहरीद्वारा गोली हानी घाइते बनाइएकी सत्यकला अधिकारीलाई ०५६ साउन ७ गते भोटेओडारमा हत्या गरिएका प्रहरी हवल्दारको घटना सम्बन्धमा गिरफ्तार गरिएकोमा दुवै जनालाई एउटै भाँडामा पिसाब फेर्न लगाउने, कुटपिट गर्ने जस्ता यातना दिइयो। प्रहरीले उनीहरूलाई तार्कु गाविसको जंगलबाट गिरफ्तार गरेको बताएको छ।

दूधपोखरी गाविसका मोदनाथ न्यौपाने, श्रीभञ्ज्याङ गाविसका मायानाथ बाग्लेलगायत्का व्यक्तिहरूलाई माओवादी भएको आरोपमा ०५६ साउन २८ गते प्रहरीले गिरफ्तार गरे।

इशानेश्वर गाविसका शिक्षक श्रीकान्त अधिकारी, कास्की थुम्की गाविस-५ की पार्वती खनाल र भोर्लेटार गाविसका महेन्द्र पौडेललाई माओवादी भएको आरोपमा ०५६ कात्तिक ७ गते प्रहरीले गिरफ्तार गरे।

बिचौर गाविसका एमाले नजिक रहेको अनेरास्ववियु जिल्ला समितिका सहसचिव लोकविलास दवाडी, महेश्वर धिताल, देवप्रसाद न्यौपाने, दीपकराज गिरी, विष्णुप्रसाद न्यौपाने, शम्शेरबहादुर गुरूङ र दूधपोखरी गाविसका ठाडँलो सार्कीलगायत्का व्यक्तिहरूलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५६ कात्तिक २३ गते प्रहरीले गिरफ्तार गरेकोमा रिहा गरिएको छ।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	१	१	२				
गोलीद्वारा हत्या	२	२		२	२	२	२	४
बलात्कारपछि हत्या	१		१	१				
गोलीद्वारा घाइते					१		१	१
गिरफ्तारी र यातना					८	१६	२	१८
कुटपिट	१०	१४	२	१६				
बलात्कार	२		२	२				
बहुविवाह	१		१	१				
गर्भपतन	२							
जातीय छुवाछूत	१							
जम्मा	२१	१७	७	२४	११	१८	५	२३
आत्महत्या	१२	५	७	१२				
दुर्घटनाहरू/विपत्तिहरू	२	१	१	२				

कास्की जिल्ला थुम्की गाविस-५ स्थित सरस्वति प्राविका शिक्षक नवराज खनाललाई ०५६ कात्तिक ९ गते लमजुङबाट गएको प्रहरी टोलीले गिरफ्तार गरेकामा तारेखमा रिहा गरियो। ०५६ मंसिर १ गते तारेख लिन प्रहरी कार्यालय गएका बेला उनलाई पुनः गिरफ्तार गरी शान्ति सुरक्षा खलल गरेको भनेर मंसिर १२ गतेबाट निवारक नजरबन्दअन्तर्गत थुनामा राखियो।

बिचौर गाविस-६ का शिक्षक देवीप्रसाद न्यौपानेलाई ०५६ मंसिर १२ गते विष्फोटक पदार्थ ओसारपसार गरेको झुटा मुद्दा लगाई थुनामा राखिएको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

खुदी गाविस-९ का राज घलेलाई ०५६ भदौ २८ गते धेर्मु गाविसका उपाध्यक्ष गमबहादुर गुरूङ, मोती गुरूङ, आसबहादुर गुरूङलगायत्का व्यक्तिहरूले ताघ्रङ गाविसको छापडाँडामा मेला हेर्न गएको बेला कुटपिट गरी सख्त घाइते बनाए। पीडकहरूलाई ज्यानमार्ने उद्योगअन्तरगत मुद्दा चलाइएकोमा फरार छन्।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सुन्दरबजार गाविसका अध्यक्षसहितको एक समूहलाई ०५६ वैशाख १० गते सोही गाविसस्थित बजारमा चुनाव प्रचार गरिरहेको अवस्थामा नेविसंघका जिल्ला अध्यक्ष टकबहादुर गुरूङ, सुरज खनाललगायत्को एक समूहले प्रचार विथोल्नुका साथै धारिलो हतियारले आक्रमण गर्दा दोहोरो भिडन्त भयो। भिडन्तमा दुवै पक्षका व्यक्ति घाइते भए।

आमनिर्वाचनका लागि नेकपा (एमाले) का उम्मेदवार पृथ्वी सुब्बा गरूङ् क्षेत्र नं. २ का कार्यकर्ता तिलकराज पाण्डेसमेतको टोलीलाई ०५६ वैशाख १६ गते समीभञ्ज्याङ गाविसको भञ्ज्याङमा चुनाव प्रचार अभियानमा लागिरहेको अवस्थामा नेपाली काँग्रेसका कार्यकर्ता श्रीकान्त अधिकारीसहितको समूहले कुटपिट गरी घाइते बनाए।

आम निर्वाचनको क्रममा ०५६ वैशाख २० गते सदरमुकाम बेंशीशहरमा मतपेटिका ल्याउने क्रममा नेपाली काँग्रेसका कार्यकर्ताहरूले प्रहरीको गाडीमा ढुङ्गामुढा गरेपछि प्रहरीले लाठिचार्ज गर्दा राजकुमार घिमिरेलगायत्का १७/१८ जना घाइते भए। यस घटनाले रातभर नै बजार तनावग्रस्त रह्यो। त्यसैक्रममा ०५६ वैशाख २१ गते बिहान पुनः दोहोरो भिडन्त हुँदा नेपाली काँग्रेसका श्रीकान्त घिमिरेलगायत्का व्यक्तिहरू घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लास्थित जिल्ला अदालतमा दुनियावादी ६१, संक्षिप्त ९, सरकारवादी १७, दुनियावादी देवानी ३७ गरी ११४ थान मुद्दा रहेका छन्। जिल्ला प्रहरी कार्यालमा कर्तव्य ज्यान ८, भवितव्य ज्यान ३, ज्यानमार्ने उद्योग ३, सवारी ज्यान २, बहुविवाह १, केही सार्वजनिक अधिकार ७, जवरजस्ती करणी २ जस्ता विभिन्न शीर्षकमा गरी ४९ निवेदन दर्ता भए। जिल्ला प्रशासन कार्यालयमा हातहतियार तथा खरखजाना ५, केही सार्वजनिक अपराध ५ र विष्फोटक पदार्थ २ गरी १२ मुद्दा रहेका छन्।

महिला अधिकार

रम्घा गाविस-६ की ११ वर्षीय एक बालिकालाई ०५५ फागुन ३ गते रूकुम, राखी गाविस-२ का जगबहादुर रोका मगरले कुल्ली काम गर्ने गरेको ठाउँमै बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

मोहरियाकोट गाविस-६ साततलेकी ६ वर्षीय एक बालिकालाई ०५६ भदौ १८ गते सोही ठाउँका २६ वर्षीय हेमबहादुर थापाले बलात्कार गरे। पीडित उपचारपछि फर्केकी छिन् भने पीडकलाई थुनामा राखिएको छ।

यस वर्ष यो जिल्लामा एक जनाले बहुविवाह गरेको जानकारीमा आयो। दुई महिलाले अवैध यौन सम्पर्कद्वारा रहेको गर्भ पतन गराए। जसमध्ये -

चक्रतीर्थ गाविसकी एक महिलालाई ०५६ पुस १० गते राति सोही गाविसस्थित प्रहरी चौकीका स.इ. कृष्णबहादुर थापाले हातपात गर्न खोजे।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

गाउँशहर गाविसमा रहेको कालिकाको मन्दिरमा ०५५ चैत ११ गते चैते दशैंका दिन नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजको आयोजनामा पञ्चबली चढाउन लगिएकोमा ठूला जातका भनिनेहरू र पुजारीले दलितहरूले ल्याएको पञ्चबली चढाउन नदिई पूजा गर्नसमेत प्रतिबन्ध लगाए। उक्त ठाउँमा पुगेका सहायक प्रमुख जिल्ला अधिकारी दुर्गादत्त पौडेलले समेत दलित जातिले अन्य जातिले सरह पूजा पाठ गर्न नमिल्ने बताए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

गाउँशहर गाविसमा रहेको कालिकाको मन्दिरमा ०५५ चैत ११ गते पूजा गर्न नदिइएको विरोधमा दलितहरूले प्रशासनिक दमन, बाहुनवाद आदिको विरोध गर्दै नारा जुलुस गरे।

चक्रतीर्थ गाविसकी एक महिलालाई ०५६ पुस १० गते सोही गाविसस्थित प्रहरी चौकीका स.इ. कृष्णबहादुर थापाले राति हातपात गर्न खोजेकाले पुस ११ गते स्थानीय जनताले पीडकलाई मोसो र जुत्ताको माला लगाई बजार परिक्रमा गराइ छाडे।

अतिरिक्त जानकारीहरु

यस जिल्लामा यस वर्ष १२ जनाले आत्महत्या गरे। दुई जनाको सवारी दुर्घटनामा परी मृत्यु भयो। बाढी-पहिरोका घटनाबाट १०० जनाभन्दा बढी प्रभावित भए। व्यक्तिगत रिसइवीका कारणले ९ वटा कुटपिटका घटना भए।

३.४ स्याङ्जा

जनसंख्या	: २९३५२६
साक्षरता प्रतिशत	: ५२.६
महिला साक्षरता प्रतिशत	: ३८.३
क्षेत्रफल (वर्ग कि.मी.)	: ११६४
गाविस/नपा संख्या	: ६०/२
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ५५२
क्याम्पस/उच्च मावि	: २/८
अस्पताल/स्वास्थ्य चौकी	: १/६८
टेलिफोन लाइन	: २४६
मोटर सडक (कि.मी.)	: ९५
प्रहरी कार्यालय संख्या	: १८
हुलाक संख्या	: ६६

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या / गोली

पुनलीवजार नपा-११ का मानसिक अवस्था ठीक नभएका २६ वर्षीय खिमवहादुर विश्वकर्मालाई ०५६ कात्तिक ६ गते सोही नपा-९ का आशिष के.सी. को घरको माथिल्लो तलाको कोठामा लुकेको अवस्थामा प्रहरीले गोली हानी हत्या गरे। सोही दिन पीडितले आशीष के.सी. लाई हँसिया प्रहार गरी हत्या गरेका थिए भने अन्य ६ जनालाई घाइते बनाएका थिए।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका १० घटनामा १२ जनाको हत्या भयो, जसमा ५ महिला र एक १३ वर्षीय वालिका पनि थिइन्। जसमध्ये -

मनकामना गाविस-४ का ६२ वर्षीय मुक्तवहादुर के.सी. लाई ०५५ पुस २७ गते राति ९ वजेतिर उनकै छोरा ३० वर्षीय देववहादुर के.सी. ले अंश नदिएको आरोपमा कुटपिट गरी हत्या गरे। पीडकलाई थुनामा राखिएको छ।

मनकामना गाविस-५ की २७ वर्षीय सुशीला थापा, उनका डेढ वर्षीय छोरीहरू प्रतिमा थापा र पुष्पा थापालाई ०५६ जेठ २० गते विहान ७ वजेतिर उनकै पति र वावु ३० वर्षीय जंगवहादुर थापाले आफ्नै घरको कोठाभित्र खुकुरी प्रहार गरी हत्या गरे। त्यसपछि पीडकले आफैं घाँटी सेरी आत्महत्या गरे।

जेल र बन्दीहरु

यस जिल्लामा ३५ जना बन्दी क्षमता भएको "ङ" श्रेणीको जेल छ। यहाँ १४ जना कैद नतोकिएका र १९ जना कैद तोकिएका गरी कुल ३३ जना पुरूष वन्दीहरू मात्र रहेका छन्। जेलमा नावालक र महिला वन्दी छैनन्। तारा भूसाल र चित्तल सिंह राना राजनीतिक बन्दीका रूपमा रहेका छन्।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जगत्रदेवी गाविस-५ का १८ वर्षीय उदय थापालाई ०५६ वैशाख २० गते साँझ सोही गाविस-८ का २६ वर्षीय जनक श्रेष्ठ, २४ वर्षीय महेन्द्र श्रेष्ठ र २२ वर्षीय राजेन्द्र श्रेष्ठलगायत्का व्यक्तिहरूले चुनावी रिसइवीका कारण गल्याङ वजारमा हिँडिरहेको अवस्थामा खुकुरी प्रहार गरी सख्त घाइते वनाए। पीडितको टाउकोमा १० वटा टाँका लगाउनुपर्‍यो।

विर्घा गाविस-५ का ३९ वर्षीय दुर्गाप्रसाद पाण्डेलाई ०५६ वैशाख २० गते दिउँसो सोही ठाउँका २७ वर्षीय विष्णुवहादुर थापा, सोही गाविस-३ का ५५ वर्षीय तुल्सीराम पाण्डे, १८ वर्षीय मोहन पाण्डे, प्रहरी हवल्दार र एकजना प्रहरी जवानसमेतका करिब १ सय जनाको समूहले मतदान केन्द्रमा धाँधली भयो भनेका कारण प्रहरी चौकीको माथिल्लो तलामा लगी कुटपिट गरे।

शाँखर गाविस-१ का २४ वर्षीय किशोर विक्रम मल्ल र सोही गाविस-८ का २८ वर्षीय रामचद्र भट्टराईलाई राजनीतिक रिसइवीका कारण ०५६ वैशाख २० गते साँझ सेख्वाम गाविस-१ का २३ वर्षीय विष्णुबहादुर चन्द, शाँखर गाविस-६ र ७ का तीर्थराज अधिकारी र कृष्णवहादुर थापा, सोही गाविस-८ का कृष्णप्रसाद पोखेल, शंकरप्रसाद भट्टराईलगायत्का ५०/६० जनाको समूहले शाँखर मतदान केन्द्रमा मरणासन्न हुने गरी कुटपिट गरे। पीडितलाई उपचारार्थ काठमाण्डौं पुर्‍याइयो। पीडकहरूविरूद्ध ज्यानमार्ने उद्योगअन्तर्गत मुद्दा चलिरहेको छ।

रत्नपुर गाविस-७ की ४७ वर्षीय गेमा तिवारीलाई फरक राजनीतिक विचार राखेको कारण ०५६ वैशाख २० गते साँझ सोही गाविस-६ का ४२ वर्षीय टेकवहादुर थापा, २५ वर्षीय धनवहादुर थापा, सोही गाविस-४ का ४५ वर्षीय हुमबहादुर श्रेष्ठ, सोही गाविस-५ का २६ वर्षीय ऋषि भट्टराई, २८ वर्षीय गोपाल भट्टराई र गाविस अध्यक्ष वद्रिप्रसाद भट्टराईलगायत् करिव १ सय जनाको समूहले सोही गाविस-८ मा कुटपिट तथा गालीगलौज गरे।

पुनलीवजार नपा-१० का २७ वर्षीय दोववहादुर कार्कीलाई फरक राजनीतिक आस्था भएका कारण ०५६ जेठ ९ गते वेलुका वाटोमा हिँडिरहेको अवस्थामा सोही ठाउँका दुर्गावहादुर रोका, मिनबहादुर गोदार, तारावहादुर रोका र भीमवहादुर रोकालगायत्का व्यक्तिहरूले कुटपिट गरी दाहिने हात काटिदिए।

जिल्ला अदालतमा कार्यरत् ४० वर्षीय मणिरत्न रिजाललाई साक्षी वोलाउन वेवास्ता गरेको आरोपमा ०५६ जेठ १२ गते दिउँसो पुनलीवजार नपा-७ का मोतीप्रसाद पोखेलले कुटपिट गरी ३ वटा दाँत भाँचिदिए। पीडकलाई २० दिनसम्म थुनामा राखी रिहा गरियो।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

आमनिर्वाचनको क्रममा ०५६ वैशाख २० गते भएको निर्वाचनमा क्षेत्र नं. ३ का विर्घा, पकवादी, सेख्वाम, श्रीकृष्णगण्डकी, निवुवाखर्क, पेलाकोट र सिर्सेकोट गाविसका मतदाताहरूले स्वच्छ ढंगबाट मतदान गर्न पाएनन्। आ-आफ्नो

वर्चस्व अनुसारका राजनीतिक पार्टीहरूले मतदान केन्द्र कब्जा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको अदालतमा सरकारवादी फौजदारी १ सय ७७ वटामध्ये १ सयवटा फर्स्यौट हुन बाँकी छन्, जसमध्ये २ वर्षसम्म फर्स्यौट नभएका १ र १ वर्षसम्म फर्स्यौट नभएका १० वटा छन्। साधारण देवानीतर्फ १ सय ८० वटा दर्ता भएकोमा ५३ वटा मात्र फर्स्यौट भए।

जिल्ला प्रशासन कार्यालयमा ३४ वटा मुद्दा दर्ता भए, जसमा १० वटा फैसला भई २४ वटा बाँकी छन्।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१०	६	६	१२				
गोलीद्वारा हत्या					१	१		१
कुटपिट	१५	२१	४	२५				
महिला किनबेच	१		२	२				
महिला भएकै कारण यातना	१		१	१				
अमानवीय व्यवहार	१	१		१				
जम्मा	२८	२८	१३	४१	१	१		१
आत्महत्या	२६	१२	१४	२६				
चोरी/डकैती	६							
दुर्घटनाहरू/विपत्तिहरू	२	१	१	२				

सरुवा, घटुवा र पक्षपात आदि

काजीमान हरिटिका माविका शिक्षक डिल्लीराज कोइरालालाई ०५६ मंसिरमा सार्वजनिक मावि मालुङ्गामा सरूवा गरिएकोमा लगत्तै ५-७ दिनभित्र जनप्रदिप मावि चिलाउनेबासमा सरूवा गरियो। त्यस्तै कालिका माविका शिक्षक टोवबहादुर कार्कीलाई पनि आस्थाका आधारमा जीवनज्योति मावि मनकामनामा सरूवा गरियो।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्षको अन्त्यसम्ममा जग्गा प्राप्त गरी पाउँ भनी निवेदन दिनेहरू २ हजार २ सय पुगेकोमा पहिलो पटक ८ जना र दोश्रो पटक १ सय ७९ जनाले जग्गाधनी प्रमाण पूर्जा पाइसकेका छन्। सबैलाई चापकोट गाविसमा जग्गा वितरण गरियो।

महिला अधिकार

वालिङ नपा-८ की १६ वर्षीय शान्ति भन्ने लेखमाया वि.क. र १४ वर्षीय मुना गन्धर्वलाई ०५६ साउन ५ गते झापा जिल्ला बेलडाँगी भूटानी शरणार्थी क्याम्प घर भई वालिङ नपा-८ मा काम गर्ने २५ वर्षीय विवेक लामा र उनकै साथी कास्की जिल्लाका राजन खड्काले विवाह गर्ने भनी भगाएर बिक्री गर्ने उद्देश्यले भारततर्फ लग्दै गरेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडकहरूमध्ये विवेकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ भने राजन फरार छ।

यस वर्ष यो जिल्लामा महिला भएकै कारणले दिइने अमानवीय व्यवहारको एउटा घटनामा एकजना महिला पीडित भएको जानकारीमा आयो।

आर्थिक अधिकार

कालीगण्डकी ए जलविद्युत परियोजनाका उपकरण ०५६ साउन महिनामा बाढीले बगाएपछि प्रमुख निर्माण कम्पनी इम्प्रेजीलो एस.पी.ए.ले सम्बन्धित मजदूरहरूको पारिश्रमिकबाट ती उपकरण बराबरको रकम रू. १ लाख १७ हजार कटौती गरेको कारण ०५६ साउन २४ गतेदेखि मजदूरहरूले आन्दोलन शुरू गरे। ०५६ भदौ ६ गते मजदूर र व्यवस्थापन पक्षबीच नेपाल विद्युत प्राधिकरण, स्थानीय प्रहरी, प्रशासन, राजनीतिक दलका प्रतिनिधिको उपस्थितिमा वार्ता भई सहमति भयो। एस.पी.ए.ले कटौती गरेको रकम फिर्ता गर्ने, मजदूरहरूको सल्लाहबेगर रकम कटौती गर्न नपाइने, पूर्व मागहरू र सम्झौताअनुसार प्रतिवेदन तयार गर्न समिति गठन गर्ने जस्ता सहमतिमा कार्य चालू भयो।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

आरूखर्क गाविस-७ का ४३ वर्षीय दाताराम पौडेललाई ०५५ फागुन ११ गते दिउँसो सोही गाविस-७ की ३७ वर्षीय दिलकुमारी पौडेललगायत् त्यहाँको समाजले जग्गा आफ्नो नाममा दर्ता गरेको आरोपमा मोसो दली स्याङ्जा बजार ल्याउन भनी फेदीखोलासम्म ल्याए। फेदीखोलासम्म ल्याएपछि गाविस अध्यक्षले सम्झाएर त्यहीँबाट फर्काए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

कालीगण्डकी ए जलविद्युत परियोजनाका मजदूरहरूलाई अवकाश दिएकाले पुनर्वहालीको माग गर्दै ०५५ फागुन २६ देखि ०५५ चैत ३ गतेसम्म मजदूरहरूले हड्ताल गरे। त्यसैगरी ०५६ भदौ ८ गते साँझ सिफा प्लान्टमा ३५० नं. को सिफा मिक्चर गाडी सफा गर्न भनी गाडीभित्र पसेका २२ वर्षीय दिनेश भट्टराईको मिक्चर मेसिन चल्नाले मृत्यु भएको घटनालाई लिएर क्षतिपूर्तिको माग गरी ३ दिनसम्म मजदूरहरूले हड्ताल गरे।

मानवअधिकार शिक्षा एवं विकास केन्द्रले ०५६ कात्तिक ६ गते पुतलीबजार नपा-९ मा भएको घटनालाई लिएर ०५६ कात्तिक ८ गते एक प्रेस विज्ञप्ति प्रकाशित गर्‍यो।

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइबीका कारण भएका कुटपिटका ९ वटा घटनामा १५ पुरुष र ३ महिला पीडित भए। चोरीका ६, आत्महत्याका २६ वटा घटना भए। दुर्घटनाबाट १ जनाको र डुबेर १ जनाको मृत्यु भयो।

३.५ कास्की

जनसंख्या	: २९२९४५
साक्षरता प्रतिशत	: ५८.१
महिला साक्षरता प्रतिशत	: ४४.५
क्षेत्रफल (वर्ग कि.मी.)	: २०१७
गाविस/नपा संख्या	: ४३/२
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४८६
क्याम्पस/उच्च मावि	: ८/-
अस्पताल/स्वास्थ्य चौकी	: २/४०
टेलिफोन लाइन	: ९९३९
मोटर सडक (कि.मी.)	: २००
प्रहरी कार्यालय संख्या	: ३३
हुलाक संख्या	: ५२

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या / गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ११ घटनामा ५ महिलासहित ११ जनाको हत्या भयो। एक जना ९३ वर्षीय वृद्ध महिलाको पनि हत्या भयो। जसमध्ये -

पोखरा उमनपा-१३ कुँडहरकी अमरसिंह माविमा अध्ययनरत् ७ वर्षीय पुनम गुरूङलाई ०५५ फागुन ५ गते विद्यालय गइरहेको अवस्थामा अमरसिंह चोकबाट सोही ठाउँका १८ वर्षीय अर्जुन नेपाली, २१ वर्षीय मनराज नेपाली, १८ वर्षीय कुमार श्रेष्ठ, १७ वर्षीय पवनकुमार श्रेष्ठ र सोही उमनपा-१५ का २९ वर्षीय श्याम परियारले अपहरण गरी सामूहिक बलात्कारपश्चात् हत्या गरे। पीडितको लास २ दिनपछि सोही उमनपा-१२ स्थित एक नहरमा फेला पर्‍यो। पीडकहरूलाई थुनामा राखिएको छ।

भरतपोखरी गाविस-९ घर भई लेखनाथ नपा-६ स्थित माइतीमा बसी सोही ठाउँको तरुण प्राविमा शिक्षण गर्ने २२ वर्षीय विद्यालक्ष्मी आचार्यलाई ०५६ साउन ८ गते घरमा गएको अवस्थामा उनके पति २९ वर्षीय तेजनारायण आचार्य, सासू ६० वर्षीय चन्द्रकला आचार्यले अर्को विवाह गर्ने उद्देश्यले विष सेवन गराई हत्या गरे। पीडकहरूलाई थुनामा राखिएको छ।

जेल र बन्दीहरु

कुल ६० जना क्षमता भएको कास्की जेल "ग" श्रेणीको हो। यस जेलमा १७ महिला र १ सय ७ पुरुष गरी १ सय २४ जना बन्दीहरू छन्। यसबाहेक २ जना आश्रित नाबालकहरू पनि रहेका छन्। बन्दीहरूमध्ये कैद फैसला नभएका ८५ पुरुष र १० महिला गरी ९५ जना तथा कैद फैसला भएका २२ पुरुष र ७ महिला गरी २९ जना छन्। यस जेलको जग्गा १९ रोपनी भए पनि ६ रोपनीमात्र प्रयोगमा ल्याइएको छ। बाँकी जग्गा गाई भैंसी चर्ने ठाउँ बनेको छ। जेलमा खानेपानी, चर्पीलगायत्का भौतिक समस्याहरू छन्। प्रक्रिया पूरा भएका मुद्दाहरू समयमा फैसला नहुनुलाई टड्कारो समस्याका रूपमा बन्दीहरू उल्लेख गर्छन्। मनोरन्जनका सामानहरू न्यून भएको बन्दीहरूको गुनासो छ।

गिरफ्तारी र यातना

पोखरा उमनपा-८ का अ.ने.रा.स्व.वि.यू. (क्रान्तिकारी) का जिल्ला अध्यक्ष २५ वर्षीय विजय ढकाललाई ०५६ वैशाख २१ गते हेम्जा मिलनचोकस्थित गौरीशंकर माविमा आयोजित सभामा बोल्दै गर्दा प्रहरीले गिरफ्तार गरी ५१ दिनसम्म थुनामा राखी रिहा गरियो।

लेखनाथ नपा-४ राखीका २८ वर्षीय भरत तिम्सिना र २२ वर्षीय चन्द्रज्योति ढुंगानालाई माओवादी भएको आशंकामा ०५६ साउन २७ गते पोखराको अमरसिंह चोकबाट प्रहरीले गिरफ्तार गरी सोही दिन साँझ रिहा गरे।

पोखरा उमनपा-१२ की २८ वर्षीय खेमकुमारी बुढाथोकी, सोही उमनपा-४ की ३६ वर्षीय संगिता अधिकारी, सोही उमनपा-९ की १९ वर्षीय तेजकुमारी पौडेल, सोही उमनपा-१० की १५ वर्षीय अम्बिका शर्मा, आर्वा गाविस-२ का ३५ वर्षीय चमनलाल बराल र लमजुङ जिल्ला घर भई बाराही मावि मालेपाटनमा कक्षा ८ मा अध्ययनरत् १५ वर्षीय सुनिल वि.क.लाई ०५६ जेठ २२ गते अनेमसंघ (क्रान्तिकारी) कास्कीको जिल्ला अधिवेशनको पोष्टर टाँस्दै गरेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई जनही ५ हजार रूपैयाँ धरौटी लिई तारेखमा रिहा गरियो।

पुम्दीभुम्दी गाविस-१ का २६ वर्षीय खगराज बराललाई माओवादीको आरोपमा ०५६ असार २० गते आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरी असार २५ गते रिहा गरे।

अखिल नेपाल ट्रेड युनियन महासंघका जिल्ला अध्यक्ष ४५ वर्षीय चमनलाल बराल र सदस्य ३० वर्षीय जीतबहादुर थापालाई माओवादीको आशंकामा ०५६ मंसिर १४ गते पोखराको महेन्द्रपुलमा चन्दा संकलन गरिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ०५६ पुस २६ गते एक हजार रूपैयाँ धरौटी राखी तारेखमा रिहा गरियो।

सामूहिक बलात्कारपछि हत्या गरिएकी ७ वर्षीय बालिका पुनम गुरुङ

रोल्पा जिल्ला घर भई पोखरा उमनपा-८ चिप्लेढुंगामा बस्ने पत्रकार २८ वर्षीय चेतलाल कुवँर र तनहुँ जिल्ला रूपाकोट घर भई क्षेत्रीय आवास कार्यालय पोखरामा कार्यरत् ३१ वर्षीय जगदीश मिश्रलाई ०५६ मंसिर २६ गते अनेरास्ववियु (क्रान्तिकारी) को जिल्ला अधिवेशनको समाचार संकलनका लागि गएको अवस्थामा पृथ्वीनारायण क्याम्पस परिसरबाट प्रहरीले गिरफ्तार गरी २ दिनपछि रिहा गरे। अन्य करिव १ सय जनालाई पनि प्रहरीले गिरफ्तार गरेकोमा सोही दिन साँझ रिहा गरिएको थियो।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१०	६	४	१०				
बलात्कारपछि हत्या	१		१	१				
बम प्रहार	१							
गिरफ्तारी र यातना					७	२७	४	३१
लाठी चार्ज					१	२		२
कुटपिट	३९	३८	९	४७				
भेला र संगठित हुने अधिकार	१	११		११	२	१३	१७	३०
भूमिहीन/सुकुम्बासी समस्या	१							
महिला किनबेच	२		२	२				
बलात्कार	२		२	२				
बलात्कार प्रयास	२		२	२				
बहुविवाह	६		६	६				
गर्भपतन	७							
पारिवारिक हिंसा	१		१	१				
महिला भएकै कारण यातना	१		१	१				
बाल अधिकार	१		१	१				
जम्मा	७५	५५	२९	८४	१०	४२	२१	६३
लाश फेला	५	५		५				
आत्महत्या	३०	१२	१८	३०				
चोरी/डकैती	८	८		८				
दुर्घटनाहरू/विपत्तिहरू	५४	३९	१५	५४				

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

पृथ्वीनारायण बहुमुखी क्याम्पसमा ०५५ फागुन १४ गते स्ववियू निर्वाचन भइरहेको अवस्थामा हुल हुज्जत र कुटपिट हुँदा सोही क्याम्पसका विद्यार्थीहरू सोभियत ढकाल, शम्भु कँडेल, सुवासचन्द्र वास्तोला, निलबहादुर गुरूङ, राजेन्द्र तिमिल्सिना, गजेन्द्र कार्की, निरज के.सी., डम्बर रोकाया, सुरेश भुषाल, प्रकाश गुरूङ र होम गुरूङ सामान्य घाइते भए।

माझठाना गाविस-९ का ३५ वर्षीय लीलाकृष्ण भुर्तेल, ३१ वर्षीय विष्णुप्रसाद भुर्तेल र ३० वर्षीय मित्रलाल सापकोटालाई ०५६ वैशाख १८ गते सोही ठाउँमा चुनाव प्रचारको लागि हिंडिरहेको अवस्थामा नेकाँ समर्थकहरूले कुटपिट गरे। पीडकहरूलाई कुनै कारवाही भएन।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

तिब्बतीयन नागरिकहरूले ०५५ फागुन २६ गते पोखराको वैदामबाट निकालेको शान्तिपूर्ण जुलुशलाई विरौटामा प्रहरीले व्यवधान खडा गरेकोमा घेरा तोडी अगाडि बढी पुनरावेदन अदालतनेर आइपुगेपछि प्रहरीले अश्रुग्याँस प्रहार गर्नुका साथै १५ जनालाई गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

धिताल गाविस-१ का ३० वर्षीय लेखनाथ अधिकारी र ढिकुरपोखरी गाविस-४ का २८ वर्षीय भोजराज अधिकारीलाई ०५६ वैशाख २१ गते आम निर्वाचनको सन्दर्भमा कब्जा गरिएका मतपेटिकाहरू ल्याउँदै गर्दा विरोध भएकाले प्रहरीहरूले लाठीचार्ज गरी घाइते बनाए।

लेखनाथ नपा-५ की ३५ वर्षीय विद्या लामिछाने, १९ वर्षीय माधुरी बराल, लामाचौर गाविस-१ की ३४ वर्षीय बालकुमारी गौतमलगायत्का ३५ जनालाई ०५६ जेठ २८ गते चिप्लेढुङ्गाबाट र्‍यालीसहित अनेमसंघको जिल्ला अधिवेशनस्थल वगर जान लाग्दा प्रहरीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

अ.ने.रा.स्व.वि.यू. (क्रान्तिकारी) को जिल्ला अधिवेशनका अवसरमा ०५६ मंसिर २६ गते पृथ्वीनारायण बहुमुखी क्याम्पसमा नवआगन्तुक विद्यार्थीहरूको लागि स्वागत कार्यक्रम हुँदै गर्दा प्रहरीले हस्तक्षेप गरी विद्यार्थीहरूलाई तितरवितर पारे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

कास्की जिल्ला अदालतमा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएकासमेत गरी देवानी ९ सय ६६ वटा मुद्दामा ४ सय ३४ फर्स्यौट भई ५ सय ३२ बाँकी रहे। फौजदारीका ६ सय ९३ मा ३ सय ८४ फर्स्यौट भई ३ सय ९ बाँकी छन्। यस वर्ष देवानी २ सय ४० दर्ता भएकोमा १५ फर्स्यौट भई २ सय २५ बाँकी रहे। त्यसैगरी फौजदारी २ सय १९ दर्ता भएकोमा ५३ फर्स्यौट भई १ सय ६६ बाँकी रहे।

जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराधका १ सय ६ वटा मुद्दा फर्स्यौट भए भने ८० वटा बाँकी रहे।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

पोखरा उमनपा-१३ कुँडहरमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने भनी सरकारले अधिग्रहण गरेको जमिनमा सुकुम्बासीहरूले अतिक्रमण गरी बस्न लागेकोमा ०५६ जेठ २५

गते सोही उमनपा-१४, १५ र १८ का जनताले सुकुम्वासीहरूलाई हटाउन खोज्दा विवाद भई भिडन्त भयो। जसमा दुवैतर्फ गरी १५ जनाजति घाइते भए।

महिला अधिकार

पोखरा उमनपा-५ की २५ वर्षीय वुद्धिमाया नेपालीलाई विगत ४ वर्षअगाडि ३ जना अज्ञात व्यक्तिहरूले ललाई फकाई विवाह गर्ने वहानामा वम्वई पुऱ्याई विक्री गरेकोमा ०५५ माघ १० गते घर फर्किइन्। पीडितले कारवाहीतर्फ चासो देखाइनन्।

पोखरा उमनपा-१८ छिनेडाँडाकी १६ वर्षीय सम्भना श्रेष्ठलाई ०५६ असोज १८ गते पर्सा जिल्ला वीरगन्जका २५ वर्षीय जयकिशोर रावल कुर्मीले विक्री गर्ने उद्देश्यले भारत पुऱ्याए। तर, पीडित उम्किन सफल भई घर फर्किन्। पीडकविरूद्ध वीरगन्जमा मुद्दा चलाइएको छ।

सुनसरी जिल्ला धरान चक्रलाइनकी २६ वर्षीय एक महिलालाई फकाएर मादक पदार्थ सेवन गर्न लगाई स्याङ्जा जिल्ला पुतलीबजार घर भई न्यूरोडमा पसल गरी बस्ने २७ वर्षीय प्रेमकुमारी थापाले आफ्नो पसलमा आउने ग्राहकहरूद्वारा जबर्जस्ती बलात्कार गराई वेश्यावृत्तिमा संलग्न हुन वाध्य पारिन्। पीडित ०५५ पुस १६ गते त्यहाँवाट उम्कन सफल भइन्। पीडकलाई ०५५ माघ १८ गते गिरफ्तार गरी थुनामा राखिएको छ।

ढिकुरपोखरी गाविस-४ की ३० वर्षीय एक महिलालाई ०५५ चैत ११ गते धादिङ जिल्ला घर भई सोही ठाउँ वस्ने ३३ वर्षीय कृष्णबहादुर थापाले वलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

तनहुँ जिल्ला घर भई हिमालय आँखा अस्पताल घारीपाटन पोखरामा उपचार गर्न आएकी २८ वर्षीय एक युवतीलाई ०५६ असोज १ गते राति १ वजेतिर स्याङ्जा जिल्ला सिर्सिकोट गाविस-३ का २५ वर्षीय मनराम गुरूङले वलात्कार गर्ने प्रयास गरे।

पोखरा उमनपा-५ मालेपाटनकी २ वर्षीय एक वालिकालाई ०५६ असोज २९ गते दाङसिङ गाविस-४ का २२ वर्षीय शशीराम परियारले पीडितकै घरमा बलात्कार गर्ने प्रयास गरे। पीडकलाई थुनामा राखिएको छ।

पोखरा उमनपा-१० रामबजारकी ७ वर्षीय एक वालिकालाई ०५६ कात्तिक ६ गते उनकै काका २२ वर्षीय लक्ष्मण थापाले आफ्नै घरको कोठामा लगी बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

यस वर्ष यो जिल्लामा ६ जनाले बहुविवाह गरेको जानकारीमा आयो। पारिवारिक हिंसाको एउटा घटनामा एकजा महिलालाई उनकै पतिले दश घण्टासम्म हात खुट्टा बाँधी लडाएर राखे। ७ महिलाले गर्भ पतन गराएको पाइयो।

बालअधिकार (बालबालिका उपरको अत्याचार)

लेखनाथ नपा-३ वुडिवजारकी त्रिवेणी पव्लिक स्कूलमा कक्षा ३ मा अध्ययनरत् १० वर्षीय बालिका विद्या वञ्जारालाई ०५५ फागुन २८ गते सोही स्कूलका प्रिन्सिपल २७ वर्षीय कमल रानाभाटले केरा चोरी गरेको आरोपमा कुटपिट गरी हात बाँधेर पंखामा झुण्ड्याए। पीडकलाई कुनै कारवाही भएन।

आर्थिक अधिकार

पोखरा फूलबारीस्थित मणिपाल कलेजमा कार्यरत् ६७ जना कर्मचारीहरूले कर्मचारी युनियन खोल्न लागेको विषयलाई लिएर ०५५ असार ३१ गते कलेज व्यवस्थापन समितिले सो कार्यको विरूद्ध पुनरावेदन अदालत पोखरामा दिएको रिट निवेदन उपर ०५६ जेठ २३ गते भएको सुनुवाईमा उजुरीलाई गलत ठहऱ्याई निवेदन खारेज गरियो। अदालतको यस कार्यलाई ट्रेड युनियनसँग सम्वद्ध सवै संस्थाहरूले स्वागत गर्दै मणिपाल कलेजको व्यापक विरोध गरे।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

पोखरा उमनपा-१० रामवजार घर भई ललितपुर जिल्ला कुपण्डोल बस्ने ४३ वर्षीय इन्द्रकुमारी गुरूङलाई ०५५ पुस २२ गते जिल्ला प्रशासन कार्यालयले कार्यालय हाताबाट गिरफ्तार गरी ९ दिनसम्म थुनामा राखेको विषयलाई लिएर ०५५ फागुन १० गते पीडितले एक पत्रकार सम्मेलन आयोजना गरी विरोध जनाइन्।

पृथ्वीनारायण बहुमुखी क्याम्पसका स्ववियू सचिव हुमबहादुर गुरूङ, सहसचिव पुण्यज्योति ढुंगाना तथा छात्रा छुमा शेरचनमाथि ०५५ माघ १९ गते स्ववियू कार्यालयमा अनेरास्ववियूको एक समूहले हातपात गरेको घटनालाई लिएर सोही दिन दिलिपविक्रम शाहीले एक प्रेस विज्ञप्ति प्रकाशित गरी विरोध जनाए।

पोखराबाट प्रकाशित हुने पश्चिमाञ्चल साप्ताहिकको ०५६ असार ५ गते प्रकाशित "न्यायाधीशलाई भ्रष्टाचारको आरोप" शीर्षकको समाचारलाई लिएर अदालतको अपहेलना भएको भनी जिल्ला अदालतमा मुद्दा दर्ता भई वयान दिने आदेश भएअनुसार ०५६ असार २१ गते पत्रिकाका प्रकाशक ईश्वर भट्टराई, सम्पादक हरिप्रसाद पाण्डे र कार्यकारी सम्पादक शिव लम्साल वयान दिन अदालतमा उपस्थित भएको अवस्थामा समय नभएको जनाई थुनामा पठाएकोमा नेपाल पत्रकार महासंघ कास्कीले सोही दिन वक्तव्य प्रकाशित गरी दुःख व्यक्त गऱ्यो।

पोखरा उमनपा-८ वगालेटोलका अधिवक्ता ३५ वर्षीय कमल अर्याललाई ०५६ साउन १६ गते जिल्ला अदालतबाट वहस गरेर फर्कंदै गर्दा अदालत परिसरभित्रै अज्ञात व्यक्तिहरूले हातपात गरेको विषयलाई लिएर ४५ जना कानून व्यवसायीहरूले साउन १९ गते प्रेस विज्ञप्ति प्रकाशित गरी विरोध जनाए।

स्याङ्जा जिल्ला टक्सार घर भई पोखरा उमनपा-१५ ढुङ्गेसाँघु बस्ने २४ वर्षीय गोपाल पौडेललाई ०५६ पुस ५ गते पोखराको मणिपाल अस्पतालमा अप्रेशन गर्दा डाक्टर निलम चार्ल्सले दाहिने मृगौलाको अप्रेशन गर्नुपर्नेमा देब्रे मृगौलाको गरेको घटनालाई लिएर नेपाल औषधी व्यवसायी संघ, गण्डकी अंचल शाखाले ०५६ पुस १५ गते एक प्रेस विज्ञप्ति प्रकाशित गरी विरोध जनायो।

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा १८ महिला र १२ पुरुष गरी ३० जनाले आत्महत्या गरे। ट्राफिक दुर्घटना, लडेर, डुबेर तथा विपत्तिका ५४ वटा घटनामा १५ जना महिला र ३९ जना पुरूषको मृत्यु भयो। आतंकको एउटा घटना भयो भने गम्भीर प्रकृतिका चोरीका ८ वटा घटना भए। जंगली जनावरद्वारा १ जनाको हत्या भयो। ५ वटा लास फेला परे। व्यक्तिगत रिसइवीका कारणले ३७ वटा कुटपिटका घटना भए।

३.६ मनाङ

जनसंख्या : ५३६२
साक्षरता प्रतिशत : ४७.१
महिला साक्षरता प्रतिशत : २३
क्षेत्रफल (वर्ग कि.मी.) : २२४६
गाविस/नपा संख्या : १२/०
निर्वाचन क्षेत्र : १
विद्यालय : २९
क्याम्पस/उच्च मावि : ०/२
अस्पताल/स्वास्थ्य चौकी : १/१३
टेलिफोन लाइन : १५
मोटर सडक (कि.मी.) : ०
प्रहरी कार्यालय संख्या : ७
हुलाक संख्या : ११

सम्मानितरुपले बाँच्ने अधिकार

जेल र बन्दीहरु

जिल्ला सदरमुकाम चामेमा रहेको जेलमा विगत चार वर्षदेखि एक जना पनि बन्दी, थुनुवा नपरेको जेलर पदम लामिछाने बताउनुहुन्छ। जेललाई जिल्ला प्रहरी कार्यालयका एक प्रहरीले आफ्नो आवासको रूपमा प्रयोग गरेका छन्।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

नार गाविस-७ का ग्याल्छेन गुरूङलाई ०५६ वैशाख ७ गते मनाङ गाविसका अन्दाजी ३० वर्षीय दीपक घलेले चुनावको विषयमा विवाद हुँदा कुटपिट गरे।

थोचेस्थित प्रकाशज्योति उच्च माविका प्रधानाध्यापक देवीलाल श्रेष्ठसँग ०५६ कात्तिक २१ को तिहारका बेला धारापानी गाविसका अध्यक्ष छिरिङ घ्याल्पोले जुवा खेल्दा आफूले पैसा हारेपछि धम्क्याएर उनीसँग भएको रकम लुटे। पीडकलाई कारबाही भएन।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

यस जिल्लामा ०५६ वैशाख २० गते हुनुपर्ने संसदीय निर्वाचन एक जनाबाहेक अरूको मनोनयन दाखिला नभएकोले निर्विरोध भयो। नेकपा एमालेका उम्मेदवार भीम गुरूङलाई नेपाली कांग्रेसका सांसद पदका उम्मेदवार पाल्टेन गुरूङ र उनका कार्यकर्ताले विभिन्न तवरले धम्क्याएर मनोनयन दर्ता गर्ने बेला उपस्थित हुन नसक्ने अवस्थाको सिर्जना गराए। पीडकहरूले अन्य व्यक्तिलाई पनि धम्क्याएर र विभिन्न प्रलोभनमा फसाएर मनोनयन दर्ता गर्नबाटै वञ्चित गराए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा यस वर्ष जम्मा एक थान मुद्दा दर्ता भयो। सम्बन्ध विच्छेदसम्बन्धी उक्त मुद्दामा उजुरकर्ता महिलाले माग गरेको सम्बन्ध विच्छेद गर्न पाउने पक्षमा फैसला भयो।

सरुवा, घटुवा र पक्षपात आदि

मनाङका विभिन्न विद्यालयमा पढाउने प्राथमिक विद्यालयका २४ जना र निम्नमाध्यमिक विद्यालयका ५ जना शिक्षकहरूलाई ०५६ भदौ १० गते जिल्ला शिक्षा कार्यालयले पक्षपातपूर्ण सरूवा गऱ्यो।

आर्थिक अधिकार

यस जिल्लामा भरियाहरूले आपसी समझदारीअनुसार १०-११ सयदेखि सामान र तौल हेरेर २०-२२ सयसम्म लिने गरेको पाइन्छ। कहिलेकाहीं मालिकले तोकिएको ज्याला नदिएका घटना पनि सुन्नमा आउँछन् तर पछि फेरि काम नपाइने डरले पीडितहरू प्रकाशमा ल्याउन चाहँदैनन्।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
कुटपिट	१	१		१				
धम्की	१	१		१				
स्वतन्त्र र निष्पक्ष चुनाव	१	१		१				
पारिवारिक हिंसा	१		१	१				
जम्मा	४	३	१	४				
आत्महत्या	२	२		२				
दुर्घटनाहरू/विपत्तिहरू	६	६		६				

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेपाल शिक्षक संघ समर्थक शिक्षकहरूले ०५६ साउन २४ गते जिल्ला शिक्षा कार्यालयमा ताला लगाए। प्राविका शिक्षकहरूको बढुवामा संघ समर्थक शिक्षकहरू पास भएनन् भन्ने आरोपमा उनीहरूले प्रमुख जिल्ला अधिकारीको सहयोगमा जिल्ला शिक्षा कार्यालयमा ताला बन्द गरेका थिए। ताला बन्द भएपछि जिल्ला प्रशासन कार्यालयमा हाजिर हुन गएका कर्मचारीहरूलाई प्रमुख जिल्ला अधिकारीले हाजिर हुन दिएनन् र शान्ति सुरक्षाका लागि आग्रह गरेकोमा त्यसको समेत वास्ता गरेनन्।

अतिरिक्त जानकारीहरु

यस वर्ष यस जिल्लामा भवितव्यमा परेर ५ जनाको मृत्यु भयो। २ जनाले आत्महत्या गरे। प्रमुख जिल्ला अधिकारी भगवान श्रेष्ठको मनाङ गाविसमा गएको वेला लेक लागेर मृत्यु भयो।

३.७ नवलपरासी

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या / गोली

दोलखा जिल्ला भीमेश्वर नपा-१० घर भई ना.अ.नं. २२०२ को ट्रकका खलासी २० वर्षीय शुकबहादुर तामाङ, मकवानपुर जिल्ला मनहरी गाविसका २३ वर्षीय हरिबहादुर लामा र सिन्धुपाल्चोक जिल्लाका २२ वर्षीय दिनेश थापालाई चोरी गरेको आरोपमा ०५६ साउन १९ गते नवलपरासी जिल्लाको दुम्कीबास प्रहरी चौकीले गिरफ्तार गरी ८ घण्टासम्म निर्मम यातना दियो। त्यसपछि पीडितहरूलाई इलाका प्रहरी कार्यालय नवलपुर कावासोतीमा पुऱ्याई प्रहरी निरीक्षक धीरजप्रताप सिंहसमेतका प्रहरीहरूले पालैपालो गरी निर्मम यातना दिए। पीडितहरूलाई खुट्टा बाँधेर मट्टितेल खन्याई आगो लगाइयो। स्वास्थ्य स्थिति गम्भीर भएपछि दबाबका कारण पीडितहरूलाई काली गण्डकी अस्पतालमा उपचारार्थ लगियो। तीमध्ये शुकबहादुरलाई उपचारार्थ काठमाडौं ल्याइएकोमा साउन ३० गते वीर अस्पतालमा मृत्यु भयो। अन्य दुई जनाको शारीरिक स्थिति नाजुक रहेको छ।

रतनपुर गाविस-८ देउराली प्राविका प्रधानाध्यापक २९ वर्षीय खेमराज पोखरेललाई ०५६ पुस १६ गते घरमा खाना खाइरहेको अवस्थामा माओवादीहरूले सुराकीको आरोपमा बाहिर ल्याई हातखुट्टा बाँधी निर्ममतापूर्वक हत्या गरे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका १३ घटनामा २ महिलासहित १३ जनाको हत्या भयो। जसमध्ये -

अर्घौट गाविस-२ की २० वर्षीय मञ्जु पाण्डेलाई ०५५ माघ ७ गते उनकै पति गणेश पाण्डेले दाइजो कम ल्याएको आरोपमा हत्या गरे। पीडकलाई ०५६ कात्तिक १३ गते अदालतले निर्दोष प्रमाणित गऱ्यो।

जेल र बन्दीहरु

"घ" श्रेणीको यस जिल्लाको जेलको क्षमता ३५ जनाको हो। यस जेलमा ५७ जना पुरूष र ४ जना महिला गरी कुल ६१ जना बन्दीहरू छन्। बन्दीहरूमध्ये कैद फैसला नभएका ४५ र कैद फैसला भएका १६ जना छन्। महिलाहरूमध्ये २ जना कैद फैसला भएका र २ जना नभएका छन्। यस जेलमा कहिलेकाहीं १ सयदेखि १ सय ५ जनासम्म बन्दीहरू पुग्ने गर्दछन्। महिलाहरूका लागि १ र पुरूषहरूका लागि ३ वटा कोठाहरू छन्। जेल अत्यन्त जीर्ण भएकोले चारैतिरबाट पानी चुहिने गर्दछ। जेलका दलिनहरू मक्किएर कतिबेला भाँचिने हुन् भन्ने त्रास भैरहने गरेको बन्दीहरू बताउँछन्। जेलको भौतिक अवस्था नै सबैभन्दा प्रमुख समस्या रहेको कुरा जेलर बालचन्द्र आचार्यले बताए। यस जेलमा यस वर्ष १ सय ५२ जना बन्दीहरू आए भने १ सय २६ जना छुटे।

गिरफ्तारी र यातना

देवचुली गाविस-८ का नरभूपाल भुसाललाई माओवादी भएको आरोपमा ०५५ माघ २२ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई पुनरावेदन अदालतको आदेशबमोजिम ०५५ चैत १० गते रिहा गरियो।

प्रहरी हिरासतमा दिएको यातनाले मृत्यु भएका शुकबहादुर तामाङ र यातनाबाट क्षतविक्षत उनको खुट्टा

जहदा गाविस-६ का २८ वर्षीय चिरञ्जीवी खनाललाई माओवादीको आरोपमा ०५६ वैशाख ३ गते प्रहरीले गिरफ्तार गरी वैशाख ११ गते रिहा गरे।

प्रगतिनगर गाविस-७ का सत्यनारायण भुसाललाई माओवादी भएको आरोपमा ०५६ वैशाख ४ गते कावासोती प्रहरीले गिरफ्तार गरी वैशाख ११ गते रिहा गरे।

देवचुली गाविस-८ का २१ वर्षीय ताराप्रसाद भुसाल, प्रगतिनगर गाविस-९ का ३५ वर्षीय चित्तलसिंह राना, तनहुँ जिल्ला अरूणोदय गाविस घर भई प्रगतिनगर गाविस-३ बस्ने २० वर्षीय प्रतिभा सुनार र सोही ठाउँका कृष्णप्रसाद श्रेष्ठलाई माओवादी भएको आरोपमा ०५६ वैशाख ९ र १० गते प्रगतिनगर गाविस-३ बाट प्रहरीले गिरफ्तार गरेकोमा हिरासतमा यातना दिई हातहतियार खरखजाना मुद्दा लगाइयो। पीडितहरूमध्ये कृष्णप्रसादलाई १ हजार रूपैयाँ धरौटीमा रिहा गरियो भने अन्यलाई पुनरावेदन अदालतको आदेशबमोजिम जिल्ला प्रशासनमा ल्याई ०५६ असार २० गते सोही ठाउँबाट पुनः गिरफ्तार गरी पर्वत हुँदै स्याङ्जा जिल्लामा पुऱ्याइयो।

माकर गाविस-१ की १९ वर्षीय ख्मिा रिजाल र दाउन्नेदेवी गाविस-७ का भीमसेन थापा मगरलाई माओवादी गतिविधिअनुसार चन्दा संकलन गरिरहेको अवस्थामा ०५६ जेठ ३ गते वर्दघाट बजारबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई पुनरावेदन अदालतको आदेशबमोजिम ०५६ असार ११ गते रिहा गरियो।

माकर गाविस-४ का गणेश शर्मालाई राजनीतिक गतिविधिमा संलग्न भएको आरोपमा ०५६ जेठ २० गते प्रहरीले गिरफ्तार गरे।

अर्घाखाँची जिल्ला अर्घा गाविस-५ का रामबहादुर खड्का र सोही गाविस-२ का रामबहादुर रायमाझीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५६ जेठ १२ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई शान्तिसुरक्षा ऐनअन्तर्गत थुनामा राखिएकोमा ०५६ असार ३० गते पुनरावेदन अदालतको आदेशबमोजिम रिहा गरियो।

तनहुँ जिल्ला घर भई त्रिवेणी सुस्ता गाविस-६ मा कुखुरापालन तथा कटिङ व्यवसाय गरी बस्ने चन्द्रबहादुर थापालाई ०५६ पुस ६ गते प्रहरीले गिरफ्तार गरी तनहुँ पुऱ्याए। पीडितलाई तनहुँमा थुनामा राखिएको छ।

जनसंख्या	: ४३६२१७
साक्षरता प्रतिशत	: ४१.२
महिला साक्षरता प्रतिशत	: २५.८
क्षेत्रफल (वर्ग कि.मी.)	: २१६२.२
गाविस/नपा संख्या	: ७३/१
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: ४६७
क्याम्पस/उच्च मावि	: ३/५
अस्पताल/स्वास्थ्य चौकी	: १/७६
टेलिफोन लाइन	: ८८८
मोटर सडक (कि.मी.)	: ११८२.७
प्रहरी कार्यालय संख्या	: ३३
हुलाक संख्या	: ७०

बेपत्ता पारिएको

प्रगतिनगर गाविस-३ की १३ वर्षीय जानकी रानाभाट, १५ वर्षीय टीका रानाभाट, रूचाङ गाविस-९ का १८ वर्षीय धरम पराजुली, तनहुँ जिल्ला घर भई प्रगतिनगर गाविस-३ मा बस्ने रामचन्द्र मिश्रलाई माओवादीको आरोपमा ०५५ पुस २९ गते रतनपुर गाविस-६ आहालेबाट प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

आमनिर्वाचनको क्रममा ०५६ जेठ ३ गते भारतीपुर गाविसको अनौली प्रावि मतदान केन्द्रमा अन्य राजनीतिक पार्टीका कार्यकर्ताहरू तथा एजेन्टहरूलाई लखेटी नेकाँका कार्यकर्ताहरूले एकलौटीरूपमा मतदान गरे। त्यसैगरी गाविस अध्यक्ष भुपाल रानालाई कुटपिट गरी घाइते बनाए। डाँडाफेरी गाविस निमावि मतदान केन्द्रमा पनि नेकाँका कार्यकर्ताहरूले एकलौटी मतदान गरे। बुलिङ्टार र रजहर गाविसमा पनि धाँधली गरे र गाविस अध्यक्ष शिवहरि अधिकारीलाई कुटपिट गरे।

धार्मिक स्वतन्त्रता

शिवमन्दिर कोइलापानी भन्ने ठाउँका जनतालाई गुल्मी जिल्ला घर भई कपिलवस्तु जिल्ला वीरपुर गाविस-९ मा डेरा गरी बस्ने ५० वर्षीय चन्द्रबहादुर श्रीसले ०५६ असार १५ गते बाइबल किताब वितरण गरी हिन्दू धर्मको खिल्ली उडाउनुका साथै धर्म परिवर्तन गर्न दबाब दिए। पीडकलाई प्रहरीले गिरफ्तार गरी आइन्दा यस्तो नगर्ने शर्तमा अर्को दिन रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यहाँको जिल्ला अदालतमा देवानी ७ सय ३४ र फौजदारी २ सय २२ गरी १ हजार ५६ वटा मुद्दाहरू रहे। यस वर्ष फौजदारी ३ सय ९ र

माओवादीद्वारा हत्या गरिएका खेमराज पोखरेल

नवलपरासी कारागारका पुरुष बन्दीहरु

दवानी ५ सय ७० गरी जम्मा ८ सय ७९ वटा मुद्दा दर्ता गए भने फौजदारी ३ सय ७ र देवानी ५ सय ३ गरी ८ सय १० वटा फर्स्यौट भए।

जिल्ला प्रशासन कार्यालयमा ३४ वटा मुद्दाहरू दर्ता भए भने ३९ वटा फर्स्यौट भए।

जिल्ला प्रहरी कार्यालयमा कर्तव्य ज्यान २०, कुटपिट ३१, सवारी दुर्घटना ५३, आत्महत्या ७८, भवितव्य ३८, बलात्कार ५, बलात्कार प्रयास ३, भवितव्य ३८, लास फेला परेको १०, बहुविवाह ५, सवारी साधनद्वारा अङ्गभङ्ग ५, गैरकानूनी हातहतियार ७, लागूऔषधी ४, डाँका ५, नकावजनी चोरी ३, खोटा चलन १ गरी जम्मा ५८ वटा मुद्दा दर्ता भएको र अधिकांश मुद्दा फर्स्यौट भए।

महिला अधिकार

पञ्चनगर गाविस-२ की २५ वर्षीय रूपा वि.क.लाई ०४७ भदौ महिनामा उनकै पति कालु वि.क.ले भारतको बम्बईमा लगी बिक्री गरेकोमा ०५५ फागुन ४ गते नेपाल फर्किन सफल भइन्। पीडितले उजुरी गरेपछि पीडकलाई थुनामा राखिएको छ।

जहदा गाविस-५ की १३ वर्षीय एक बालिकालाई ०५६ जेठ ३ गते सोही ठाउँका अन्दाजी ४० वर्षीय भरतबुचा मगर र २७ वर्षीय रमिता पुन मगरले भारततर्फ बिक्री गर्न लैजाँदा लैजाँदै रूपन्देही जिल्ला बुटवल इलाका प्रहरीको सक्रियतामा फर्काइयो। पीडकमाथि कारवाही भएन।

दाउन्नेदेवी गाविस-७ की २३ वर्षीय एक महिलालाई ०५५ चैत १३ गते सोही ठाउँका १९ वर्षीय वृष गुरूङ, १८ वर्षीय रूविन लामा, १९ वर्षीय नुनराज गुरूङ र २२ वर्षीय अमर थापालगायत् ५ जनाले बलात्कार गरे। पीडकहरूलाई थुनामा राखिएको छ।

पिठौली गाविस-५ की २९ वर्षीय एक महिलालाई ०५५ चैत १७ गते सोही ठाउँका ३५ वर्षीय कृष्णप्रसाद श्रेष्ठले बलात्कार गर्ने प्रयास गरी घटनास्थलबाट फरार भए।

पिठौली गाविस-५ का ५/५ वर्षीय दुई बालिकालाई ०५५ चैत २७ गते सोही ठाउँका ४० वर्षीय चुरामणि गोसाईले बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

नयाँ बेलाहानी गाविस-४ की १४ वर्षीय एक बालिकालाई ०५६ वैशाख ९ गते सोही ठाउँका १७ वर्षीय विन्दु कुमालले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई ०५६ जेठ १८ गते तारेखमा रिहा गरियो।

धुर्कोट गाविस-२ की १५ वर्षीय एक युवतीलाई ०५६ जेठ २६ गते घरमा एक्लै भएको अवस्थामा उनकै जेठा बाबुको छोरा २६ वर्षीय भिरबहादुर वि.क.ले बलात्कार गरे। पीडक फरार छ।

रामग्राम नपा-५ की ६ वर्षीय एक बालिकालाई ०५६ जेठ २८ गते सोही ठाउँका २७ वर्षीय मगरू काहारले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई ०५६ असार ३ गते तारेखमा रिहा गरियो।

रामग्राम नपा-२ की १४ वर्षीय एक बालिकालाई ०५६ साउन १० गते सोही ठाउँका २७ वर्षीय नथइ वास्फोरले बलात्कार गरे। पीडकलाई सामान्य सोधपुछपछि रिहा गरियो।

त्रिवेणी सुस्ता गाविस-८ की २० वर्षीय एक महिलालाई ०५६ मंसिर ३ गते सोही गाविस-७ को केउलेनी भन्ने जंगलमा सोही ठाउँका हेमबहादुर थापाले बलात्कार गरे। पीडकलाई गिरफ्तार गरिएकोमा अदालतमा मुद्दा चलिरहेको छ।

सनई गाविस-७ की १३ वर्षीय एक बालिकालाई ०५६ मंसिर ४ गते राति सोही ठाउँका २४ वर्षीय सुदामा कर्माचार्यले बलात्कार गर्ने प्रयास गरे। पीडक फरार रहेको छ।

यस वर्ष यो जिल्लामा ५ जनाले बहुविवाह गरेको जानकारीमा आयो। एक जनाले अवैध यौन सम्पर्कद्वारा रहन गएको गर्भ पतन गराइन्।

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूतसमेत

वडहरा डुवौलिया गाविस-४ का २० वर्षीय बालमुकुन्द प्रजापतिलाई ०५६ मंसिर १३ गते घरमा सुतिरहेको अवस्थामा सोही ठाउँका छोटेलाल थारूले मुख र शरीरमा तेजाब खन्याइदिए। पीडितलाई औषधी उपचार गरियो भने पीडक फरार छ।

रजहर गाविस-६ की ४५ वर्षीय नरमाया सुनारलाई अछूत जाति भई सार्वजनिक धाराको पानी भरेको आरोपमा ०५५ माघ १६ गते सोही ठाउँकी चन्द्रकला सापकोटाले कुटपिट गरिन्। पीडित पक्षबाट अदालतमा मुद्दा दायर गरिएको छ।

आर्थिक अधिकार

रामग्राम नपा परासीमा गत ०५६ पुस महिनामा उचित पारिश्रमिक नपाएको कारण पल्लेदारहरूले माग राख्दै दिनभरि नै काम बन्द गरे। साहू र पल्लेदारहरूबीच वार्ता भएपछि उचित पारिश्रमिक दिने शर्तमा मिलापत्र भयो।

अतिरिक्त जानकारीहरु

यस वर्ष व्यक्तिगत रिसइवीका कारणले भएका कुटपिटका २३ वटा घटनामा २६ जना पीडित भए। ३९ पुरूष र ३६ महिलाले आत्महत्या गरे। एघार लास फेला पऱ्यो। धम्कीका २ वटा घटना भए। बाढी पहिरोबाट १ सय ३ घर नष्ट भए।

त्यसैगरी नारायणी गाविस-४ का १ सय ६८ घर भत्किए भने ६ सय ४ परिवार प्रभावित भए। पिठौली गाविस-८ मा ७४ घरका ६ सय ३२ परिवार जमुनिया गाविस-८ का ८४ घरका ७ सय ८० परिवार प्रभावित भए। रूपौलिया गाविस-१, २ र ७ का १ सय घरका ७ सय ५० परिवार, रामपुर खडौना गाविस-७, ८, ९ का २ सय २ घरका १ हजार ३ सय ५३ तथा रामपुरवा-१, २, ५ र ६ का २ सय १६ का १ हजार ८ सय ३ परिवारसमेतका घर, बालीनाली र जग्गा डुबे। साथै ७ हजार ५३ परिवार प्रभावित भए।

१ सय २ आगलागीका घटनाहरू भए। आगलागीका घटनाहरूमध्ये एउटामा एकै परिवारका ४ जना बालबालिकाको मृत्यु भयो।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१४	१२	२	१४				
यातनाले मृत्यु					१	१		१
गिरफ्तारी र यातना					८	१३	१	१४
हवाइ फायर	१							
कुटपिट	२३	२५	१	२६				
धम्की	२	४		४				
बेपत्ता पारिएको					१	२	२	४
महिला किनबेच	२		२	२				
बलात्कार	५		६	६				
बलात्कार प्रयास	४		४	४				
बहुविवाह	६		६	६				
गर्भपतन	१							
आर्थिक अधिकार	१	१		१				
जातीय छुवाछूत	२	१	१	२				
अमानवीय व्यवहार	१	१		१				
जम्मा	६२	४४	२२	६६	१०	१६	३	१९
लाश फेला	११	८	३	११				
आत्महत्या	७५	३९	३६	७५				
चोरी/डकैती	३	९		९				
दुर्घटनाहरू/विपत्तिहरू	५८	४७	२३	७०				

३.८ रूपन्देही

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या / गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका २० घटनामा ५ जना महिलासहित २० जनाको हत्या भयो। हत्या हुनेहरूमा एक जना सैनिक पनि थिए। जिल्ला प्रहरी कार्यालयमा आफ्नो कामले गएका ३ जना सोही कार्यालयको कम्पाउण्डमा प्रहरीले गोली अनलोड गर्दा पड्केर घाइते भए। जसमध्ये -

बुटवल नपा-३ का ५० वर्षीय छोटेलाल कानू बानियाँलाई ०५५ माघ २३ गते सोही गाविस-४ का ३१ वर्षीय भिखारीप्रसाद कोइरीले आफ्नी छोरीलाई उनको छोराले भगाएको आरोपमा कुटपिट गरी हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

दूधराक्ष गाविस-५ की ३२ वर्षीय मरसली दमाईलाई ०५६ वैशाख १८ गते उनकै पति ४४ वर्षीय दिलबहादुर दमाईले रक्सी लिन पठाउँदा आफै खाई भनी चिम्टाले हानी हत्या गरे। पीडकलाई थुनामा राखिएको छ।

मधौलीया गाविस-७ की १७ वर्षीय जमुना थापालाई ०५६ साउन १३ गते उनकै पति १८ वर्षीय पर्शुराम थारूले कुरा काटेको आरोपमा हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

वि.सं. १९९० मा बनेको यस जिल्लाको जेल "ख" श्रेणीमा पर्दछ। ६० जना क्षमता भएको यो जेलमा कैद फैसला भएका ५२ र कैद फैसला नभएका १ सय १६ गरी कुल १ सय ६८ जना बन्दीहरू रहेका छन्। जेललाई २ भागमा विभाजित गरिएको छ। एक भागमा पानीको समस्या भएकोले समाधानका लागि विभिन्न निकायसँग बन्दीहरूले अनुरोध गरेका छन्। बन्दीहरूले आफै रेडियो, टिभी किनेको भए पनि सरकारी सुविधा भने छैन। बन्दीहरूलाई हप्तामा ३ दिन भेट गर्न दिइन्छ। डाँकाको आरोपमा जेल परेका द्रोण डि.सी. आफू राजनीतिक बन्दी भएको बताउँछन्।

गिरफ्तारी र यातना

वोदवार गाविस-३ का ४७ वर्षीय विनोद उपाध्यायलाई ०५५ पुस २५ गते छोटकीरामनगर गाविस-९ का ५० वर्षीय रामलखन यादवसमेतले विद्यालय जाँदै गरेको अवस्थामा माओवादी भएको आरोपमा कुटपिट गरी खुट्टासमेत भाँचिदिएर

प्रहरीसमक्ष बुझाए। पीडितविरूद्ध प्रहरीले माओवादीको आरोपमा मुद्दा चलाएकोमा पुनरावेदन अदालतको आदेशमा रिहा गरियो।

पर्रोहा गाविस-९ का २८ वर्षीय द्रोणबहादुर जि.सी. र कपिलवस्तु जिल्ला बाणगंगा गाविस-१ का २३ वर्षीय जंगबहादुर रेश्मी मगरलाई ०५५ माघ ४ गते चन्दा असूल गरेको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई अदालतको आदेशबमोजिम ०५५ माघ १५ गते रिहा गरियो। उनलाई पुनः ०५६ असोज १२ गते डाँका गरेको आरोपमा ०५६ कात्तिक ९ गते प्रहरीले गिरफ्तार गरेकोमा अदालतको आदेशमा थुनामा राखिएको छ। आफूले डाँका नगरेको र राजनीतिक कारणले झुटा मुद्दा लगाई फसाएको पीडित बताउँछन्।

पर्रोहा गाविस-३ की १५ वर्षीय भगवती भण्डारी, बुटवल नपा-९ की १५ वर्षीय शान्ता पाण्डे, सेमलारकी २० वर्षीय चन्द्रकला पौडेल, सूर्यपुराका १६ वर्षीय दामोदर पन्थी, इन्द्रबहादुर पुन, लीलामणि बन्जाडे, सरोज खनाललाई ०५५ माघ १६ गते अखिल नेपाल महिला संघ (क्रान्तिकारी) को जिल्ला सम्मेलनमा भाग लिएको आरोपमा प्रहरीले गिरफ्तार गरी सार्वजनिक मुद्दा लगाए। पीडितहरूलाई ०५५ माघ २२ गते जनही ५ सय रूपैयाँ धरौटी लिई तारेखमा रिहा गरियो।

गोरखा जिल्ला गाईखुर गाविस-७ का भुवनबहादुर सुनारलाई ०५५ फागुन ४ गते सिद्धार्थनगर नपा-१२ बाट अदालतको रोहवरमा जेल मुक्त गरेकोमा प्रहरीले पुनः गिरफ्तार गरे। पीडितलाई माओवादीको आरोपमा गोरखाबाट रूपन्देही जेलमा सरूवा गरिएको थियो।

बुटवल नपा-८ का ५० वर्षीय इन्द्रबहादुर भण्डारीलाई ०५६ असार १८ गते जिल्ला प्रशासन कार्यालयमा तारेख लिन गएको बेला त्यहाँ राखिएको कुर्सीमा बसेको आरोपमा प्रमुख जिल्ला अधिकारीले ४ दिनसम्म थुनामा राखे।



बिना कारण थुनामा राखिएका इन्द्रबहादुर भण्डारी

जनवादी साँस्कृतिक मोर्चा संग्रामी परिवारका जिल्ला अध्यक्ष भरत रेग्मीलाई ०५६ कात्तिक ११ गते चन्दा असूल गरेको आरोपमा बुटवल नपा-८ बाट प्रहरीले गिरफ्तार गरे। बन्दी प्रत्यक्षीकरणको रीट उपर सुनुवाई भइरहेको छ।

जनसंख्या	: ५२२१५०
साक्षरता प्रतिशत	: ४०.२
महिला साक्षरता प्रतिशत	: २५.१
क्षेत्रफल (वर्ग कि.मी.)	: १३६०
गाविस/नपा संख्या	: ६९/२
निर्वाचन क्षेत्र	: ५
विद्यालय	: २७२
क्याम्पस/उच्च मावि	: ७/-
अस्पताल/स्वास्थ्य चौकी	: ४/७९
टेलिफोन लाइन	: ९०००
मोटर सडक (कि.मी.)	: ५८६.५
प्रहरी कार्यालय संख्या	: ४५
हुलाक संख्या	: ५३

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

मोरङ जिल्ला घर भई सिद्धार्थनगर नपा-१ पक्लीहवा कृषि क्याम्पसमा प्राध्यापनरत् ३० वर्षीय हरि अर्याललाई ०५५ चैत १५ गते विद्यार्थीहरूले कुटपिट गरे। कुटपिटका कारण बायाँ कान काम नलाग्ने भएको कुरा पीडितले बताए।

बुटवल नपास्थित लुम्बिनी अञ्चल अस्पतालमा कार्यरत् डा. चन्द्रकान्त शर्मालाई ०५६ असार ३१ गते राति सोही अस्पतालको आकस्मिक कक्षमा बुटवल नपा-८ का गुड्डु भन्ने व्यक्तिले ढिला आएकोले बिरामीको मृत्यु भयो भन्ने आरोपमा कुटपिट गरे। घटनापश्चात् ३ दिनसम्म सेवा बन्द भयो र पीडकलाई कारवाही गर्ने शर्तमा सेवा संचालन भयो।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सिद्धार्थनगर नपा-३ का २७ वर्षीय राजु गुरूङलाई ०५६ वैशाख १ गते चुनावका पोष्टर टाँस्दै गरेको अवस्थामा सोही नपा-६ का २१ वर्षीय अनिल गुरूङले कुटपिट गरी छुरी हाने।

आमनिर्वाचनको क्रममा ०५६ जेठ ३ गते क्षेत्र नं. ३ को बुटवलस्थित सिद्धार्थ होटलमा नेकाँ र नेकपा (एमाले) का कार्यकर्ताहरूबीच विवाद भएकोमा सोही विषयलाई लिएर नेकाँ समर्थकहरूले सोही ठाउँको होटल न्यू इराका मालिक माधव नेपालको घरमा च्यानल गेट तोड्नुका साथै भित्र रहेका २ वटा गाडी बाहिर ल्याएर जलाए। सो घटनाका सम्बन्धमा नेकपा (एमाले) का तर्फबाट सरकार समक्ष क्षतिपूर्तिको माग गरियो।

आमनिर्वाचन ०५६ को सिलसिलामा क्षेत्र नं. २ को मणिग्राममा उम्मेदवार घनश्याम भूसालको नाममा अनुमति प्राप्त गाडी चुनावका बाकस ल्याउने सिलसिलामा हेर्दै हिँडिरहेको बेला नेकाँका समर्थकहरूले गाडी जलाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत वर्षसमेतका बाँकी मुद्दाहरू गरी २ हजार ७ सय ७ रहेका छन्। तीन वर्षअघिदेखिका २ सय ९५ मुद्दा छिनिन बाँकी छन्। जिल्ला प्रशासन कार्यालयका विभिन्न किसिमका १ सय ९० वटा मुद्दाहरू गत वर्षदेखिका छिनिन बाँकी रहेका छन्। जिल्ला प्रहरी कार्यालयमा यस वर्ष सबैखाले गरी ४ सय ३१ वटा मुद्दाहरू दर्ता भए।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष सुकुम्बासी समस्या समाधान आयोगसमक्ष ५ हजार सुकुम्बासीहरूले जग्गा प्राप्त गर्नका लागि निवेदन दर्ता

गराए। उक्त आयोगले २ हजार ५ सय जनालाई जग्गाधनी पूर्जा दिने निर्णय गर्‍यो भने ३ सय सुकुम्बासीहरूलाई लालपूर्जा वितरण गर्‍यो।

यस जिल्लाका नगरपालिकाहरूमा आफ्नो श्रोतबाट २५ प्रतिशत थप गरी लगातार भत्ता वितरण गरिएको छ भने ग्रामीण क्षेत्रमा ६ महिनादेखि भत्ता वितरण गरिएको छैन। स्थानीय रूपमा निकासा नआएका कारण भत्ता वितरण गर्न नसकिएको कुरा स्थानीय निकायका सचिवहरूले बताए।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१९	१४	५	१९				
गोलीद्वारा हत्या	१	१		१				
गोलीद्वारा घाइते/हवाइ फायर					१	३		३
गिरफ्तारी र यातना					६	१०	३	१३
कुटपिट	१०	१३	१	१४	१	१		१
महिला किनबेच	५		८	८				
बलात्कार	८		८	८				
बलात्कार प्रयास	२		२	२				
बहुविवाह	२		३	२				
गर्भपतन	१							
पारिवारिक हिंसा	१		१	१				
जम्मा	४९	२८	२७	५५	८	१४	३	१७
लाश फेला	१४	१३	१	१४				
आत्महत्या	६६	३९	२७	६६				
चोरी/डकैती	८	६	२	८				
दुर्घटनाहरू/विपत्तिहरू	६१	५४	८	६२				

महिला अधिकार

तनहुँ जिल्ला जामुने गाविस-९ की १६ वर्षीय सीता थापा क्षेत्रीलाई ०५६ वैशाख ३१ गते सिन्धुपाल्चोक जिल्ला जलजले गाविस-८ का १९ वर्षीय राजकुमार बस्नेत, सोही जिल्ला इचोक गाविस-८ का ३१ वर्षीय लोक्टे तामाङ र सिद्धार्थनगर नपा-१ का २८ वर्षीय हरि तामाङले भारततर्फ बिक्री गर्न लैजाँदै गर्दा सिद्धार्थनगर नपा-१ वेलहिया प्रहरी चौकीले गिरफ्तार गरे। पीडित आफ्नो घर फर्केकी छन् भने पीडकहरूलाई थुनामा राखिएको छ।

काठमाण्डौ जिल्ला कामनपा-२० की १० वर्षीय कुमारी दर्जी, सोही मनपा-१३ की १५ वर्षीय सोनी परियार र १६ वर्षीय सुशीला परियारलाई ०५६ असार २१ गते नुवाकोट जिल्ला सुनस्वानी गाविस-९ का १९ वर्षीय जीवन परियार, ३७ वर्षीय सुनिता परियार र थानापति गाविस-२ का ३२ वर्षीय सोनाम भन्ने कान्छा तामाङले फकाई भारततर्फ बिक्री गर्न लैजाँदै गर्दा सिद्धार्थनगर नपा-१ वेलहिया प्रहरी चौकीका प्रहरीले गिरफ्तार गरे। पीडितहरू घर फर्किए भने पीडकहरूलाई थुनामा राखिएको छ।

तनहुँ जिल्ला व्यास नपा-११ की २१ वर्षीय लक्ष्मी श्रेष्ठलाई ०५६ भदौ ८ गते काठमाण्डौ जिल्ला घर भई नौतुनामा डेरा गरी बस्ने २६ वर्षीय कुमार के.सी. लगायत्का व्यक्तिहरूले भारततर्फ बिक्री गर्न लैजाँदै गर्दा प्रहरीले गिरफ्तार गरे। पीडकलाई थुनामा राखिएको छ।

स्याङ्जा जिल्ला पुतलीबजार नपा-७ की १७ वर्षीय तिला भुसाललाई ०५६ असोज १९ गते आँखा उपचार गर्न आएको अवस्थामा सिद्धार्थनगर नपा-३ का १८ वर्षीय सुनिल जयसवालले फकाई भारततर्फ बिक्री गर्न लैजाँदै गर्दा प्रहरीले गिरफ्तार गरे। पीडकलाई थुनामा राखिएको छ।

झापा जिल्ला अर्जुनधारा गाविस-१ की १८ वर्षीय सरीता राई र उदयपुर जिल्ला देउराली गाविस-४ की १८ वर्षीय गीता लामालाई ०५६ पुस ११ गते काठमाण्डौ जिल्लाका २७ वर्षीय कान्छा लामाले भारतमा बिक्री गर्न लैजाँदा लैजाँदै प्रहरीले गिरफ्तार गरे। पीडकलाई थुनामा राखिएको छ।

बुटवल नपा-४ की ३५ वर्षीय एक महिलालाई ०५५ माघ १ गते सोही ठाउँका ३५ वर्षीय कृष्णबहादुर मगरले बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

मझगवा गाविस-९ की १३ वर्षीय एक बालिकालाई ०५५ माघ २४ गते सोही ठाउँका १९ वर्षीय मोतीलाल धोवीले बलात्कार गरे। पीडक फरार छ।

तेनुहवा गाविस-६ की २२ वर्षीय एक युवतीलाई ०५६ असार ६ गते भगवारपुर गाविस-४ का ४५ वर्षीय सुरेन्द्र श्रीवास्तवले बलात्कार गर्ने प्रयास गरे। पीडक फरार छ।

खुदावगर गाविस-७ की ७ वर्षीय एक बालिकालाई ०५६ असार ९ गते भारत घर भई मागी हिँड्ने ४० वर्षीय शेर अली फकिरले बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

केरवानी गाविस-४ की १२ वर्षीय एक बालिकालाई ०५६ साउन ३ गते सोही ठाउँका २२ वर्षीय भोरे गुरूङले बलात्कार गर्ने प्रयास गरे। पीडक फरार रहेको छ।

करहिया गाविस-८ की ९ वर्षीय एक बालिकालाई ०५६ साउन ३० गते सोही ठाउँका ४० वर्षीय गोविन्द थापा मगरले बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

कुटपिटबाट पीडित हरि अर्याल

सिद्धार्थनगर नपा-८ की १४ वर्षीय एक बालिकालाई ०५६ भदौ १५ गते सोही ठाउँका २२ वर्षीय बद्रीविशाल कोइरीले बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

बुटवल नपा-१३ की एक बालिकालाई ०५६ असोज २३ गते सोही ठाउँका ६० वर्षीय प्रेमबहादुर सिंहले बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

देवदह गाविस-५ की ६ वर्षीय एक बालिकालाई ०५६ कात्तिक २४ गते सोही ठाउँका १६ वर्षीय दूधबहादुर नेपालीले बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

पजरकट्टी गाविस-६ की ७ वर्षीय एक बालिकालाई ०५६ पुस १३ गते सोही ठाउँका २१ वर्षीय वीरेन्द्र यादवले बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

यस वर्ष यो जिल्लामा दुई जनाले बहुविवाह गरेको जानकारीमा आयो। पारिवारिक हिंसाको एक घटनामा एक महिला पीडित भइन्। गर्भ पतन गराएको १ घटना जानकारीमा आयो। जसमध्ये -

हाटीवनगाई गाविस-४ की ३० वर्षीय लक्ष्मी काफ्लेलाई ०५६ कात्तिकदेखि उनकै पति हरि काफ्लेले खानलाउन समेत नदिई घरबाट निकाले। पीडकले ३ वर्षअगाडि दोश्रो विवाह गरेका थिए।

आर्थिक अधिकार

यस जिल्लामा ३ हजार ४ सय ८५ वटा साना-ठूला उद्योगहरू दर्ता भए पनि १ हजार ६ सय ३६ वटा मात्र संचालन भएका छन्। यी उद्योगहरूमा २७ हजार जति मजदूरहरूले काम गर्दछन्।

बुटवल नपा-५ स्थित बुटवल प्लाइउड फ्याक्ट्रीमा कार्यरत मजदूरहरूले ०५६ कात्तिक १ गतेदेखि उद्योग बन्द भएका कारण संचालनका लागि ३ दिनसम्म कालो पट्टी बाँधी विरोध गरे। फ्याक्ट्री बन्द नै छ।

अन्य अमानवीय व्यवहार / जातीय छुवाछूतसमेत

सिक्टहन गाविस प्रगतिनगरस्थित एक मन्दिरमा तल्लो जातिका भनिने मानिसहरूलाई प्रवेश गर्नबाट रोकी ताल्चा लगाएकोमा तल्लो जातिका भनिनेहरूले आफूहरू मन्दिरमा प्रवेश गर्न पाउनुपर्ने माग राखे। माथिल्लो जातिका र तल्लो जातिका भनिनेहरूबीच यस विषयलाई लिएर विवाद भएपछि प्रवेशमा कुनै रोक नलाग्ने गरी विवादको अन्त्य गरियो।

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा ३९ पुरूष र २७ महिला गरी ६६ जनाले आत्महत्या गरे। सवारी दुर्घटनाबाट ५३ जनाको मृत्यु भयो, जसमध्ये ४९ पुरूष र ४ महिला थिए। १३ पुरूष र १ महिला गरी १४ जनाको लास फेला पर्‍यो।

३.९ पाल्पा

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ३ घटनामा एक महिलासहित ३ जनाको हत्या भयो। जसमध्ये -

ताहुँ गाविस-४ स्थित आरकीगेह्रामा १७ वर्षीय देउकुमारी सूर्यवंशीलाई ०५६ जेठ १४ गते राति ९ बजे अरू केटातर्फ आँखा लगाई भन्ने आरोपमा आफ्नै पति १८ वर्षीय तिलकबहादुर सूर्यवंशीले घाँटी थिची हत्या गरे। पीडित गर्भवती थिइन्। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

वि.सं. १९८३ सालमा निर्माण गरिएको पाल्पा जेलको क्षमता ३५० जनाको रहेको छ। यस जेलमा १७४ वन्दी रहेका छन्। जसमध्ये १३ जना पुरूष र १४ जना महिला कैद नतोकिएका छन्। १३१ पुरूष र ११ महिला कैद तोकिएका छन्। ९ जना बालक र २ जना बालिका यस जेलमा आश्रितका रूपमा रहेका छन्। यस जेलमा बत्ती र पानीको व्यवस्था ठीकै छ। १ जना हे.अ., १ जना अ.हे.अ. को व्यवस्था रहेको यस जेलमा निमावि स्तरको एक विद्यालय पनि रहेको छ। कार्यालयद्वारा संचालित घरेलु तानहरू यहाँ भए पनि केही बिग्रन गई केही मात्र चालू अवस्थामा छन्। उत्पादन गरेका कपडाले राम्रो बजार नपाएको गुनासो बन्दीहरूको छ। जेलभित्र २ थान टीभी, एक पुस्तकालय, इन्सेकद्वारा प्रदान गरिएको १ थान रेडियोका साथै पत्रपत्रिकाको व्यवस्था पनि गरिएको छ। नगरपालिकाद्वारा निर्माण गरिएको बजारको ढल जेलमाथि ल्याई निर्माण छाडिएकाले फोहोर पानी जेलभित्र पसेको गुनासो बन्दीहरूको छ। यस जेलमा ८१ वर्षीय वृद्ध धनीराम विक ५ वर्षदेखि कैदीको रूपमा रहँदै आएका छन्।

गिरफ्तारी र यातना

खानीगाउँ गाविसका उपाध्यक्ष हरिप्रसाद पाठकलाई ०५६ जेठ ३ गतेको निर्वाचनमा खानीखाउँ मतदान केन्द्रमा बुथ क्याप्चर गर्न मतदातालाई उक्साएको आरोपमा प्रहरीले ०५६ जेठ २१ गते गिरफ्तार गरे। पीडितलाई सार्वजनिक मुद्दा लगाई तारेखमा छाडिएको छ। आफूलाई राजनीतिक आस्थाको कारण पूर्वाग्रह राखेर उक्त आरोप लगाई गिरफ्तार गरिएको पीडितले बताए।

तानसेन नपाका सडक बालकहरू १३ वर्षीय राजु दर्जी, १० वर्षीय कृष्ण नेपाली, ७ वर्षीय रामु दर्जी, ६ वर्षीय कृष्णबहादुर नेपाली र १० वर्षीय वीरबहादुर नेपालीलाई ५० रूपैयाँ चोरी गरेको आरोपमा ०५६ भदौ ३२ गते प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको प्रांगणमा लगेर रगत वान्ता गरून्जेल लाठीले कुटपिट गरे। प्रहरीले यातना नदिएको वताए भने पीडितहरूले रूँदै आफूहरूलाई कुटपिट गरेको कुरा वताए।

दर्लमडाँडा गाविस-४ का २७ वर्षीय केवलबहादुर गाहा मगरलाई ०५६ असोज १४ गते तानसेन नारायणस्थानबाट प्रहरीले जनजाति महासंघको जिल्ला अध्यक्ष भएको आरोपमा बोराले पुरै शरीर छोपी अफिम तस्करी गरेको भन्दै गिरफ्तार गरी बेपत्ता पारे। ०५६ मंसिर १ गते राज्यविरूद्धको अपराध गरेको आरोप लगाई कपिलवस्तुको तिलौराकोटबाट गिरफ्तार गरेको देखाइ पीडितलाई थुनामा राखेको बुझिएको छ।

जनसंख्या	: २३६३१३
साक्षरता प्रतिशत	: ५१
महिला साक्षरता प्रतिशत	: ३६.५
क्षेत्रफल (वर्ग कि.मी.)	: १३७३
गाविस/नपा संख्या	: ६५/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४००
क्याम्पस/उच्च मावि	: ४/६
अस्पताल/स्वास्थ्य चौकी	: ६/६३
टेलिफोन लाइन	: ६७८
मोटर सडक (कि.मी.)	: २८२
प्रहरी कार्यालय संख्या	: ८
हुलाक संख्या	: ६६

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

त्रिभुवन बहुमुखी क्याम्पसमा ०५५ फागुन १४ गते भएको स्ववियु निर्वाचनमा नेविसंघ समर्थकहरूले धाँधली गरी एकपक्षीय मतदान गरेको आरोप अन्य विद्यार्थी संगठनहरूले लगाए।

स्थानीय जनचेतना साप्ताहिकका सम्पादक जगदीश भट्टराईलाई ०५६ साउन २७ गते ७ दिन कैद गर्ने र ५ सय रूपैयाँ जरिवाना गर्ने फैसला गरियो। उक्त पत्रिकाको वर्ष ४ अंक ४ मा न्यायालयका विरूद्ध लेखेको भनी उक्त फैसला गरिएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतवाट ३८६ थान मुद्दामध्ये ९२ थान मुद्दा फैसला भई २९४ थान छिनिन बाँकी छन्। लेनदेन, अंश, जग्गासम्बन्धी २१५ थान मुद्दामा ६८ थान फैसला भई १४७ थान बाँकी छन्। कर्तव्य ज्यान, जीउ मास्ने/बेच्ने, लागू औषधसम्बन्धी ८४ थानमा १५ थान फैसला भई ६९ थान बाँकी रहेका छन्। करकाप, गाली बेइज्जति, जालसाँजी जस्ता दुनियावादी फौजदारी मुद्दा ८७ थानमा ८ थान मात्र फैसला हुन सके। त्यसैगरी जिल्ला प्रशासन कार्यालयमा १७ थान सार्वजनिक मुद्दामध्ये ३ थानमात्र फैसला हुन सक्यो। ३ वर्षभन्दा बढी समयदेखिको मुद्दा एउटा फैसला हुन बाँकी छ भने २ वर्षदेखिका ६ थान मुद्दा फैसला हुन बाँकी छन्। यस वर्ष ९ थान दर्ता भएकामा २ थान मात्र फैसला हुन सक्यो। जिल्ला प्रहरी कार्यालयमा कर्तव्य ज्यान ४, ज्यानमार्ने उद्योग ४, सवारी ज्यान १७, जवर्जस्ती करणी ३, चन्दा संकलन १, बहुविवाह १, भवितव्य ९ र आत्महत्याका २४ घटना दर्ता भए।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

तेल्घा गाविसका ३१ वर्षीय मोहनलाल गैरे, गुल्मी जिल्ला घर भई त्रिभुवन बहुमुखी क्याम्पसमा अध्ययनरत् २५ वर्षीय अर्जुन आचार्यलगायत्का व्यक्तिहरूलाई ०५५ फागुन १४ गते स्ववियु निर्वाचनको बेला नेविसंघ समर्थक अजय श्रेष्ठको नेतृत्वमा गएको एक समूहले कुटपिट गरी मरणासन्न तुल्यायो। पीडितहरूलाई मिसन अस्पताल पाल्पामा भर्ना गरी उपचार गराउनुपरेको थियो। पीडकहरूलाई कुनै कारबाही भएन।

बराङ्दी गाविस-१ का ४८ वर्षीय डोलराम घिमिरे र ३२ वर्षीय अर्को एक जनालाई ०५६ जेठ ३ गते घिमिरेडाँडामा नेपाल शिक्षक संघका सदस्य जीवन घिमिरे र पुरूषोत्तम घिमिरेले कुटपिट गरी देब्रे हात नै भाँचिदिए। निर्वाचनका बेला विपक्षलाई प्रहार गर्न मन्दिरको तरवार चोरेर लुकाएको कुरा सार्वजनिक गरिदिएको रिसमा आफूहरूमाथि आक्रमण गरिएको पीडितहरूले बताए। जिल्ला अदालतमा मुद्दा चलिरहेको छ।

भैरवस्थान गाविसका अध्यक्ष दुर्गाप्रसाद खनाललाई ०५६ असार २१ गते जिल्ला प्रशासन कार्यालयले हाजिर हुन बोलाएअनुरूप गएको अवस्थामा नेकाँका जिल्ला सभापति राजनप्रसाद पन्त, भैरव जनता माविका शिक्षक वसन्त श्रीनाथलगायत्का २४ जनाको समूहले धम्की दिए।



पाल्पा जेल

त्रिभुवन बहुमुखी क्याम्पसको स्ववियु निर्वाचनमा कुटपिटबाट घाइते

थुनामा रहेका शेरबहादुर सारूको मुद्दामा थुनामा रहेको मिति ०५५ भदौ ७ गतेदेखिको एक वर्षको कैद फैसला भई ०५६ भदौ ६ गते छुटकारा पाउनुपर्नेमा जिल्ला अदालत पाल्पाको पत्र ०५६ भदौ २३ मा दर्ता भई सोही दिन जेल मुक्त गरियो। उनी फैसलामा तोकिएभन्दा १६ दिन बढी जेल बस्नुपर्‍यो।

सरुवा, घटुवा र पक्षपात आदि

जिल्ला शिक्षा कार्यालयले ०५६ साउन २९ गते बन्दीपोखरा गाविस-२ स्थित गार्गी प्राविका प्रधानाध्यापक गणेश घिमिरेलाई घटुवा गरी सरूवा गरियो।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लाको तानसेन नपा-१३, कसेनी, रामपुर र दर्छा गाविसहरूमा सुकुम्बासी समस्या जटिल रहेको पाइन्छ। ०५५ को अन्तमा कार्यरत् सुकुम्बासी समस्या समाधान आयोगको काम पक्षपातपूर्ण रहेकाले जिल्ला विकास समितिका प्रतिनिधि नुरराज बस्याललगायत्ले विरोध गरेका कारण लालपूर्जा वितरण हुनबाट रोकियो। पुनः सुकुम्बासी समस्या समाधान आयोग गठन भएको छ।



शिक्षकद्वारा यातना दिइएका बालक मनोजकुमार रेश्मी

महिला अधिकार

मदनपोखरा गाविस-६ की २१ वर्षीय एक महिला र तानसेन नपा-१४ पक्लुहवाकी १७ वर्षीय महिलालाई ०५४ फागुन १३ गते २४ वर्षीय कल्पना गिरी र तुलसी सोमै मगरले फकाई बम्बै पुर्‍याएकोमा उनीहरू घर फर्किन सफल भए। पीडकहरूलाई कारबाही भएको छैन।

तानसेन नपा-१४ की १६ वर्षीय एक युवतीलाई ०५५ वैशाख ३ गते बिक्री गर्ने उद्देश्यले बम्बै पुर्‍याइएकोमा तीन दिनपछि त्यहाँका प्रहरीको सहायताले उनी घरमा आउन सफल भइन्।

चिदिपानी गाविस-७ बुद्धिकोट कामीगाउँकी ७ वर्षीय एक बालिकालाई ०५६ साउन ८ गते सोही स्थानका १६ वर्षीय मोहन विकले बलात्कार गरे।

बन्दीपोखरा गाविस-२ ठाडोखोलामा ५ वर्षीय एक बालिकालाई ०५६ कात्तिक २५ गते सोही ठाउँका गोविन्दबहादुर ठडराईले बलात्कार गरे। पीडक थुनामा छ।

यस वर्ष यो जिल्लामा एक जनाले बहुविवाह गरेको जानकारीमा आयो। महिला भएकै कारणले दिइने अमानवीय व्यवहारको एउटा घटनामा एक जना महिला पीडित भइन्। जसमध्ये -

वराङ्दी गाविस-८ की ३८ वर्षीय सुमित्रा बस्याललाई ०५६ साउन ३ गते आमा समूहका सदस्यहरूलाई गाली गरेको आरोपमा समूहका २१ जनाले नाँगै बनाए। पीडकहरूविरूद्ध उजुरी दिँदा पनि कारबाही भएको छैन।

बालअधिकार (बालबालिकाउपरको अत्याचार)

खानीगाउँ प्राविमा कक्षा ३ मा अध्ययनरत् १० वर्षीय मनोजकुमार रेश्मी मगरलाई ०५६ साउन ३० र ३१ गते दुई एकान दुईको दुना नजानेको आरोपमा सोही विद्यालयका शिक्षक मदनकुमार रेश्मीले हात, घुँडा र कुइनाले टेकी विद्यालय परिक्रमा गर्न लगाए। भोलिपल्ट फेरि सिस्नो र पानीले हिर्काए। पीडितलाई सरकारी अस्पतालमा ५ दिन उपचार गर्दा पनि निको नभएपछि मिसन अस्पतालमा १० दिन उपचार गर्नुपरेको थियो। पीडकलाई कुनै कारबाही भएन। इन्सेक, पश्चिमाञ्चल क्षेत्रीय कार्यालयले पीडितलाई उपचार गर्न ३ हजार रूपैयाँ सहयोग गर्‍यो।

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूतसमेत

सिद्धेश्वर गाविस-४ का डोलाराम कँडेलले जाली तमसुक बनाएर आफ्नै छिमेकी स्व. मोतिलाल वुढाथोकीको घर जग्गा हड्पने प्रयास गरे। मोतिलाल र उनको नाबालिका छोरीले ०५६ जेठ ८ गते ऋण लिएको कीर्ते तमसुक वनाई मोतिकी पत्नीलाई कि ऋण तिर कि घर जग्गा छोड भनी पीडकले धम्की दिए। गाविसमा छानविन हुँदा तमसुकको मिति र मोतिलालको मृत्यु भएको मिति एकै दिन भएको पोल खुलेपछि उक्त कार्य कीर्ते भएको ठहर गाविसले गर्‍यो। पीडकलाई कुनै कारबाही भएन।

स्वानीगाउँ गाविस सदस्य वीरबहादुर नेपालीको अध्यक्षतामा चण्डीस्थान मन्दिर निर्माण समिति बनाई गाविसले बजेटको व्यवस्थासमेत गरेकोमा अछुतलाई मन्दिर बनाउन दिनुहुँदैन भनी विरोध गरेकाले वीरबहादुरकै नाममा देवी गौतमलाई सही गराई रकम झिकेर निर्माण कार्य सम्पन्न गरियो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

स्वानीगाउँ प्राविका विद्यार्थी मनोजकुमार रेश्मीलाई शिक्षक मदनकुमार रेश्मीले अमानवीय यातना दिएको सम्बन्धमा जिल्ला बाल कल्याण समिति, बार एसोसिएसन, अनेरास्ववियु लगायतका संगठनले विभिन्न मितिमा प्रेस वक्तव्य निकाली विरोध जनाए।

सुकुम्बासी समस्या समाधान आयोगका जिल्ला अध्यक्ष ठाकुरचन्द्र विप्रले ०५५/०५६ मा एकतर्फी ढंगले सुकुम्बासीलाई हटाई अन्यलाई जग्गा उपलब्ध हुन सक्ने गरी गरिएको निर्णय नेकपा (एमाले) जिल्ला कमिटीको आह्वानमा भएको विरोधका कारण रद्द भयो।

घटनाको प्रकार	गैह्रराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	२	१	३				
गिरफ्तारी र यातना					३	७		७
कुटपिट	३	७		७				
धम्की	३	२	१	३	१	४		४
सरूवा/घटुवा/पक्षपात आदि	१	१		१				
महिला किनबेच	१		१	१				
बलात्कार	२		२	२				
बहुविवाह	१		१	१				
महिला भएकै कारण यातना	१		१	१				
बाल अधिकार	१	१		१				
जम्मा	१६	१३	७	२०	४	११		११
आत्महत्या	१५	८	७	१५				
चोरी/डकैती	२	२		२				
दुर्घटनाहरू/विपत्तिहरू	९	२०	८	२८				

अतिरिक्त जानकारीहरु

यस वर्ष यस जिल्लामा भएका सवारी दुर्घटनाका ९ घटनामा ११ पुरुष र ६ महिला गरी १७ जनाको मृत्यु भयो। झुण्डिएर १५ जनाले आत्महत्या गरे। आगोबाट २ जनाको मृत्यु भयो। भवितव्य गोलीबाट १, पहिरोमा परी ३ पुरूष, २ महिला र १ बालकको मृत्यु भयो। अन्य भवितव्यबाट २ पुरूषको मृत्यु भयो।

३.१० कपिलवस्तु

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

दोहनी गाविस-२ का १८ वर्षीय हरिनारायण यादवको ०५५ फागुन १२ गते कपिलवस्तु नपा-१ मा प्रहरीको गोलीद्वारा हत्या भयो। सोही दिन कपिलवस्तु नपा-२ मा १४ वर्षीय छाँगुर पासीलाई चालक शिवनारायाण चौधरीले ट्रकले कुल्च्याई हत्या गरेपछि आक्रोशित जनसमूहले ट्रक तोडफोड गर्न तम्सिँदा स्थिति नियन्त्रणमा लिन प्रहरीले अन्धाधुन्ध गोली चलाउँदा उक्त घटना भएको थियो। त्यही घटनामा महराजगन्ज गाविस-१ का २२ वर्षीय राजेशकुमार पाण्डे गोली लागेर घाइते भएका थिए। शिवनारायणलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ८ घटनामा २ महिलासहित ८ जनाको हत्या भयो। जसमध्ये -

वाणगंगा गाविस-९ की २२ वर्षीय गोमा घिमिरेलाई ०५६ मंसिर ८ गते कपिलवस्तु नपा-४ मा उदयपुर प्रहरी चौकीका असई कुलबहादुर कार्की र रूपन्देही जिल्ला पडसरी गाविस-१ का राजन भट्टराईले आफूहरूसँग विवाह गर्न नमानेका कारण विष खुवाई हत्या गरे। विषको प्रभावबाट पीडितको ५ दिनपछि मृत्यु भएको थियो। पीडकहरू पुर्पक्षका लागि थुनामा छन्।

निम्लिहवा गाविस-७ की २४ वर्षीय फूलमति थरूनीलाई ०५६ साउन २७ गते सोही ठाउँका ३३ वर्षीय घौताल भन्ने सूर्यनारायण चौधरीसमेत ४-५ जनाले सामूहिक बलात्कार गरी हत्या गरे। पीडक फरार छन्।

लवनी गाविस-४ का ३१ वर्षीय अमिरे चमारलाई ०५६ मंसिर २३ गते राति विठुवा गाविस-३ का ३३ वर्षीय रामजीत पासीले गडासाले घाँटीमा प्रहार गरी हत्या गरे। उक्त दिन कामबाट राति अबेर घरमा आउँदा चमार आफ्नी पत्नीसँग सुतेको देखेपछि पासीले रिस खप्न नसकेर हिर्काएको थियो। पीडक पुर्पक्षका लागि थुनामा छ।

जेल र बन्दीहरु

राणाकालमा निर्मित ङ श्रेणीको कपिलवस्तु जेल अत्यन्त जीर्ण र नाजुक अवस्थामा छ। १०० जना क्षमताको यस जेलमा ५ महिलासहित ४९ जना थुनुवा र २८ पुरूष बन्दी गरी ७७ जना बन्दी रहेका छन्। खेलकुद, पत्रपत्रिका र सीपमूलक आयमूलक तालिमको कुनै व्यवस्था नभएको यस जेलमा बन्दीहरूको मुख्य समस्याको रूपमा खाली हात दिनभर बस्नुपर्ने

नै रहेको छ। इन्सेकद्वारा वितरित रेडियो २ थान र टीभी रहेको यस जेलमा खेलकुदका सामान भने छैनन्। स्वास्थ्य उपचारका लागि नजिकको अस्पतालमा लाने गरिएको भए तापनि स्वास्थ्य र सरसफाइको अवस्था नाजुक रहेको देखिन्छ। महिला बन्दीगृहमा खुला शौचालयले गर्दा आफूहरू लाज सहेरै चर्पी प्रयोग गर्नुपर्ने बाध्यतामा रहेको पीडितहरू बताउँछन्।

जनसंख्या	३७१७७८
साक्षरता प्रतिशत	३०.८
महिला साक्षरता प्रतिशत	१५.९
क्षेत्रफल (वर्ग कि.मी.)	१७३८
गाविस/नपा संख्या	७७/१
निर्वाचन क्षेत्र	४
विद्यालय	२६३
क्याम्पस/उच्च मावि	२/१
अस्पताल/स्वास्थ्य चौकी	२/७६
टेलिफोन लाइन	१०८२
मोटर सडक (कि.मी.)	२०५
प्रहरी कार्यालय संख्या	३२
हुलाक संख्या	६७

गिरफ्तारी र यातना

शिवगढी गाविस-७ की २८ वर्षीय पम्फा शाहलाई माओवादीको आरोपमा ०५५ फागुन २२ गते चन्द्रौटाबाट प्रहरीले गिरफ्तार गर्‍यो। बन्दी प्रत्यक्षीकरणको रीट परेकोमा पुनरावेदन अदालतको आदेशमा ९ दिनपछि पीडितलाई रिहा गरियो।

चनई गाविस-५ की १६ वर्षीय उमा पाण्डेलाई माओवादीको आरोपमा ०५६ वैशाख ९ गते सोही ठाउँमा बाख्रा चराइरहेको बेला प्रहरीले गिरफ्तार गर्‍यो। पीडितलाई डाँका मुद्दा लगाइएकोमा अदालतको आदेशमा तारेखमा रिहा गरियो।

बुहठी गाविस-५ का २७ वर्षीय रूद्र बन्जाडे र उनकी बहिनी २० वर्षीय जनी बन्जाडेलाई माओवादीको आरोपमा ०५६ वैशाख ३० गते प्रहरीले गिरफ्तार गरी २० दिनसम्म बेपत्ता पारियो। पीडितहरूलाई झुटो हातहतियार मुद्दामा डेढ वर्ष कैद फैसला भएकोमा पुनरावेदन अदालतको आदेशबाट तारेखमा छाड्ने आदेश भयो। चार महिनाको जेल जीवनबाट छुट्नेबित्तिकै कात्तिक ८ गते पुनः उनीहरूलाई गिरफ्तार गरी १३ दिनपछि मुद्दा फिर्ता लिएर सामूहिक समझदारीमा छाडियो। पीडितहरूलाई हिरासतमा यातना पनि दिइएको थियो।

मोतिपुर गाविस-१ का ४१ वर्षीय ललितप्रसाद पौडेल, २४ वर्षीय राजकुमार क्षेत्रीलगायत् ५ जनालाई माओवादीको आरोपमा ०५६ जेठ १ गते राति सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई भोलिपल्ट सर्वदलीय दबावका कारण रिहा गरियो।

वाणगंगा गाविस-१ का ४४ वर्षीय जवी भन्ने जंगबहादुर शाह र गजेहडा गाविस-१ का ५९ वर्षीय काशीराम पौडेललाई माओवादी भएको आरोपमा ०५६ असार २० गते प्रहरीले गिरफ्तार गरे। पीडितहरू २ दिनपछि रिहा भए।

बुहठी गाविस-१ का ३५ वर्षीय युवराज भुषाल, उनकी बहिनी २५ वर्षीय कमला भुषाल, सोही ठाउँका १९ वर्षीय भानबहादुर ठकुरी, उनकी बहिनी गीता ठकुरी र ३४ वर्षीय गोपाल चौधरीलाई माओवादी भएको आरोपमा ०५६ भदौ ७ गते राति प्रहरीले गिरफ्तार गरे। अन्य पीडितलाई भोलिपल्ट तथा गोपाललाई अदालतको आदेशबमोजिम ०५६ पुस २१ गते रिहा गरियो।

वाणगंगा गाविस-१ का जवी भन्ने जंगबहादुर शाहलाई माओवादीको आरोपमा ०५६ असोज १५ गते प्रहरीले घरैबाट गिरफ्तार गरेर ५ दिनपछि रिहा गरे।

राजपुर गाविस-३ का २० वर्षीय जीतबहादुर थापा, शिवगढी गाविस-४ का ३२ वर्षीय लेखर थारू, १९ वर्षीय लालसिंह घर्ती र वरकलपुर गाविस-६ का २० वर्षीय रोशन भण्डारीलाई ०५६ पुस ११ गते शिवगढी गाविसमा माओ दिवस मनाइरहेका बेला प्रहरीले गिरफ्तार गरी साधारण तारेखमा रिहा गरे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

बुटवलबाट कपिलवस्तुतर्फ आइरहेको वा.अ.फ ५९७२ नं. को एम्बुलेन्समाथि ०५६ वैशाख ९ गते वाणगंगा गाविस-७

प्रहरीको गोलीद्वारा हत्या गरिएका हरिनारायण यादव

सामूहिक बलात्कारपछि हत्या गरिएकी फूलमती थरुनी

स्थित राजमार्गमा माओवादीहरूले बम प्रहार गरे। उक्त बम प्रहारबाट एम्बुलेन्समा बिरामी लिन गएका मोतिपुर गाविस-७ का ५२ वर्षीय रामबहादुर श्रेष्ठ, बुटवल नपा-६ का २८ वर्षीय विमलप्रसाद चुके र नवलपरासी रामनगर गाविसका ३० वर्षीय चालक राम गम्भीर घाइते भए।

वाणगंगा गाविस-१ का ३४ वर्षीय धर्मराज घिमिरेलाई ०५६ जेठ ८ गते विजय जुलुसमा भाग लिन तौलिहवा जान लाग्दा सोही गाविस-७ को ४ नं. चोकमा जम्मा भएका गजेहडा गाविस-७ का २० वर्षीय गणेश क्षेत्रीलगायत्का व्यक्तिहरूले ढुंगा, वियरको सिसी आदिले प्रहार गरी मरणासन्न तुल्याए। पीडितको मोटरसाइकल पनि तोडफोड गरिदिए। पीडकहरूलाई कारबाही भएन।

बुहठी गाविस-७ का नेपाली कांग्रेस महासमिति सदस्य ५५ वर्षीय टेकराज घिमिरेलाई ०५६ भदौ ७ गते राति १०-१२ जना नकावधारी माओवादीहरूले आक्रमण गरी हात भाँचिदिए। पीडकहरूले आफूले भनेअनुसार नगरे ज्यानमार्ने धम्की पनि दिए।

तिलौराकोट गाविस-३ का २३ वर्षीय रिक्सा चालक तुल्सीराम चौहानलाई ०५६ भदौ २५ गते रिक्साले बाटो छेकी गफ गरेको आरोपमा कपिलवस्तुमा कार्यरत् प्रहरीहरू २९ वर्षीय गुठाइ भन्ने गंगाराम पाण्डे र २७ वर्षीय शिवकुमार यादवले कुटपिट गरे। पीडितलाई उपचार खर्च पीडकहरूबाट असूल गरियो भने गंगाराम त्यहाँबाट सरूवा भए।

नेपालगन्जबाट नारायणगढतर्फ गइरहेको ८२२३ नं. को टोयोटा कारमाथि ०५६ असोज १९ गते कपिलवस्तुको वरकलपुर गाविस-६ स्थित राजमार्गमा माओवादीहरूले पेट्रोल बम प्रहार गर्दा त्यसमा रहेका ४ यात्रुमध्ये चितवनका नारायणबहादुर क्षेत्री घाइते भए। कार जलेर क्षतिग्रस्त भयो।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

आमनिर्वाचन ०५६ को सिलसिलामा ०५६ जेठ ३ गते पटना र चनइ गाविसस्थित मतदान केन्द्रहरूमा अज्ञात व्यक्तिद्वारा मतपेटिकामा विष्फोटक पदार्थ खसालिएका कारण उक्त स्थानहरूमा मतदान हुन सकेन। सोही दिन धरमपानी गाविसमा रहेको मतदान केन्द्रमा मतदान अधिकृतको सही नभएको मतपत्र फेला परेपछि मतदान स्थगित भयो।

मोतिपुर गाविस-५ का ११ वर्षीय बालक नवीन रायमाझीले ०५६ जेठ ३ गतेको आमनिर्वाचनमा मतदान गरे। उनी जस्तै २ दर्जनभन्दा बढी बालकहरूले पनि मतदान गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको अदालतमा गत वर्ष जिम्मेवारी सरेर आएका देवानी १ हजार ५ सय ३६ र फौजदारी ५ सय ५३ मुद्दा रहेका छन्। यो वर्ष देवानी ८ सय ५ र फौजदारी ३ सय ४२ थान मुद्दा दर्ता भए। यो वर्ष देवानी १ हजार २ सय ८४ र फौजदारी १ सय २ थान मुद्दा दर्ता भए। २ वा सोभन्दा बढी वर्षदेखि नछिनिएका देवानी ४ सय ३२ र फौजदारी १ सय ४१ थान मुद्दा रहेका छन् भने २ वर्ष पुगेका देवानी १ हजार ८ र फौजदारी ४ सय १३ थान मुद्दा छिनिन बाँकी छन्। यस वर्ष जिल्ला प्रहरी कार्यालयमा १ सय ९२ थान मुद्दा दर्ता भएकामा ९६ जिल्ला अदालत र ३८ जिल्ला प्रशासनमा पेश गरियो भने ५८ थान मुद्दा अनुसन्धानमा रहेका छन्।

माओवादीले बम प्रहार गरी घाइते बनाइएका विमलप्रसाद चुके

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा सुकुम्बासी तथा अव्यवस्थित तवरले बसोबास गर्नेहरूको संख्या अत्यधिक रहेको छ। महेन्द्रकोट, खुरहरिया, शिवगढी, पत्थरदेहिया, गुगौली, चनई, धनकौली, गजेहडा, वरकलपुर, तिलौराकोट आदि गाविसमा धेरै मात्रामा सुकुम्बासीहरू रहेका छन्।

महिला अधिकार

तिलौराकोट गाविस-५ की १५ वर्षीय एक बालिकालाई ०५५ मंसिर ९ गते सोही ठाउँका ३९ वर्षीय राममिलन अहिर र सोही गाविस-७ का ३५ वर्षीय मनिराम अहिरले २० हजार भारूमा बिक्री गरे। पीडित ०५६ भदौमा फर्किइन् र पीडकहरूविरूद्ध उजुरी गरिन्। मनिराम धरौटीमा छुटेको छ भने राममिलन फरार छ।

जिल्ला प्रहरी कार्यालयमा कार्यरत् २६ वर्षीय एक महिलालाई ०५६ असार ५ गते कृष्णनगर गाविस-२ मा सोही ठाउँका शम्भु धोवी, मन्डुले धोवीसहित ५ जनाले बलात्कार गरे। शम्भु र मन्डुलेलाई जनही १२ हजार धरौटीमा रिहा गरियो भने अन्य पीडक फरार छन्।

गजहेडा गाविस-१ की ९ वर्षीय बालिकालाई ०५६ साउन २८ गते सोही ठाउँका १५ वर्षीय एक युवकले

बालकले समेत आमनिर्वाचनमा मतदान गर्दै

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	७	६	१	७				
गोलीद्वारा हत्या	१	१		१	१	१		१
बलात्कारपछि हत्या	१		१	१				
गोलीद्वारा घाइते/हवाइ फायर					२	१		१
बम प्रहारबाट घाइते	२	४		४				
लाठी चार्ज					१	२		२
गिरफ्तारी र यातना					८	१७	५	२२
कुटपिट	१६	२४	१	२५	१	१		१
धम्की	१	५		५				
महिला किनबेच	१		१	१				
बलात्कार	२		२	२				
बलात्कार प्रयास	२		२	२				
बहुविवाह	२		२	२				
गर्भपतन	१							
महिला भएकै कारण यातना	१		१	१				
जातीय छुवाछूत	१	१	१	२				
जम्मा	३८	४१	१२	५३	१३	२२	५	२७
लाश फेला	३	३		३				
आत्महत्या	३३	१९	१४	३३				
चोरी/डकैती	४	३	१	४				
दुर्घटनाहरू/विपत्तिहरू	१२	२१	१२	३३				

बलात्कार गरे। बालबालिकाबीचको घटना भनी गाउँमै मिलाइयो।

थुन्हिया गाविस–८ की १९ वर्षीय एक युवतीलाई ०५६ भदौ १८ गते घाँस काट्न गएको बेला चनई गाविस–६ का २० वर्षीय बब्बु मुसलमान र १८ वर्षीय रामअचल बरईले बलात्कार गरे। उनीहरूले सोही ठाउँकी एक १२ वर्षीय बालिकालाई पनि बलात्कार गर्ने प्रयास गरेका थिए। पीडकहरू फरार छन्।

शिवगढी गाविस–५ की ५ वर्षीय एक बालिकालाई ०५६ कात्तिक १८ गते सोही ठाउँका १९ वर्षीय भगनदेव थारूले सोही गाविस–२ स्थित जंगलमा बाख्रा चराउन गएको अवस्थामा मिठाई खान जाउँ भनी बलात्कार गर्ने प्रयास गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जमिन्दारले गोरु लान नदिएकोले आफैं गोरु बनेर खेत जोत्दै

यस वर्ष यो जिल्लामा २ जनाले बहुविवाह गरेको घटना जानकारीमा आयो। गर्भपतनको एउटा घटना जानकारीमा आयो। जसमध्ये –

वीरपुर गाविस–६ की २८ वर्षीय यमकुमारी थापालाई ०५६ असोज १८ गते राति शिवपुर गाविस–४ का २७ वर्षीय सूर्यनारायण थारूले सुतेको ठाउँमा गई हातपात गरे। भोलिपल्ट गाउँलेहरूले पीडकलाई डोरीले बाँधी कुटपिट गरेर छाडिदिए।

आर्थिक अधिकार

यस जिल्लामा ०५६ मंसिर मसान्तसम्म ८० प्रकारका २ हजारभन्दा बढी उद्योगहरू दर्ता भइसकेका छन्। उक्त उद्योगहरूमा १४ हजारभन्दा बढी मजदूरहरू अस्थायी, स्थायी र ज्यालादारीका रूपमा कार्यरत् छन्। कतिपय उद्योगहरू दर्ता भए पनि नवीकरण हुन नसकेको स्थिति छ। मजदूर संगठनहरूको अभाव बेला बेलामा खड्किने गरेको पाइन्छ।

मानवअधिकारसम्बन्धी अन्य सवालहरु (दासत्व, कमैया, बाँधा, हलिया आदि)

शिवपुर गाविस–४ का २४ वर्षीय कल्लु थारू, हरिनारायण थारूलगायत्का २० परिवारका ३०० किसानहरूलाई ०५६ असार २७ गते सोही ठाउँका जमिन्दार ५० वर्षीय अकवाल अहमद खाँले खेतमा गोरू लान नदिई आक्रमण गराउन खोजे। वरिपरि पीडकको खेत र बीचमा पीडितहरूको खेत भएका कारण पीडकले त्यसो गरेपछि पीडितहरू आफैं गोरू बनी खेत जोत्न बाध्य भएका थिए। पीडकले धान काट्नेलाई पनि ज्यानमार्ने धम्की दिएका थिए।

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूतसमेत

धनकौली गाविस–९ का १८ वर्षीय रामलाल केवटले सोही ठाउँकी १८ वर्षीय शान्ति लोहारलाई प्रेम विवाह गरी ०५५ माघ २२ गते घरमा ल्याएकोमा उनका बाबु मदन केवट, आमा तथा नातेदारहरूले अन्तरजातीय विवाह गरेको भनी केटीलाई घरमा पस्न नदिई माइततर्फ लखेटिदिए। केटालाई घरमा थुनेर राखे। पीडितहरूलाई गाउँलेसमेतले नराम्रो व्यवहार गरे। पीडितहरू ०५५ माघ २७ गते गाउँ नै छाडेर हिँडे।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

०५५ फागुन १२ गते कपिलवस्तु नपा–१ मा भएको घटनामा ट्रकले किचेर १ जना र प्रहरीको गोलीबाट १ जनाको हत्या भएको विरोधमा ०५५ फागुन १३ गते तौलिहवा बजार पूर्ण बन्द रह्यो। सोही दिन एमाले, माले, राप्रपा र सद्भावना पार्टीले संयुक्तरूपमा हत्यारालाई कारबाही गरिनुपर्ने, छानबिन आयोग

गठन गर्नुपर्नेलगायत्का माग राखी जिल्ला प्रशासन कार्यालयमार्फत् गृहमन्त्रीलाई ज्ञापनपत्र दिए। उक्त घटनालाई लिएर राष्ट्रिय जनमोर्चा र नेपाली कांग्रेसले पनि विरोध जनाएका थिए।

वाणगंगा गाविस-१ का धर्म घिमिरेलाई ०५६ जेठ ८ गते कुटपिट गरी मरणासन्न बनाएको विरोधमा सोही दिन स्थानीय जनताले ६ घन्टासम्म चक्काजाम गरे। पीडकहरूलाई २४ घन्टाभित्र कारबाही गर्ने लिखित प्रतिबद्धता प्रहरी निरीक्षकबाट गरिएपछि जाम तोडिएको थियो।

मानव अधिकार तथा कानूनी शिक्षा सेवा केन्द्रद्वारा ०५६ भदौ २५ गते मौन जुलुसको आयोजना गरी जिल्ला प्रशासन कार्यालयमार्फत् प्रधानमन्त्रीको कार्यालयमा मानव अधिकार आयोगको गठन, हत्या रोक्ने जस्ता मागका साथ ज्ञापनपत्र प्रस्तुत गऱ्यो।

जिविस उपसभापतिको रहस्यात्मक मृत्युका सम्बन्धमा छानबिन गरी सत्यतथ्य पत्ता लगाउन आयोग गठनको माग गर्दै ०५६ जेठ २६ गते राष्ट्रिय जनमोर्चाले जिल्ला प्रशासनमार्फत् गृह मन्त्रालयमा ज्ञापनपत्र दियो।

रिक्सा चालक तुल्सीराम चौहानलाई दुई जना प्रहरीले कुटपिट गरेको विषयलाई लिएर तौलिहवाका रिक्साचालकहरूले ०५६ भदौ २५ गते जिल्ला प्रशासन कार्यालयअगाडि डेढ घन्टासम्म धर्ना दिए। पीडकहरूलाई कारबाही गर्ने आश्वासनपछि घेराउ तोडिएको थियो।

रिक्सा चालकलाई प्रहरीले कुटपिट गरेको कारण जिल्ला प्रशासन कार्यालयअगाडि धर्ना

अतिरिक्त जानकारीहरु

वरकलपुर गाविस-६ का नाथु थारूको घरमा ०५६ चैत ६ गते भएको आगलागीबाट श्रीमती २८ वर्षीय फूलमती थरूनी, ६ वर्षीय छोरी सीमा, नातिनीहरू १ वर्षीय मनिषा, १ वर्षीय शोभा गरी एकै घरका ५ परिवारको मृत्यु भयो।

यस वर्ष यस जिल्लामा व्यक्तिगत रीसइवीका कारण भएका कुटपिटका १४ घटनामा २२ पुरूष र १ महिला गरी २३ जना पीडित भए। १९ पुरुष र १४ महिलाले आत्महत्या गरे। १७ दुर्घटनामा १९ पुरूष र ६ महिलाको मृत्यु भयो। ३ वटा विपत्तिका घटनामा २ पुरूष र ६ महिलाको मृत्यु भयो। ३ पुरुषको लास फेला पऱ्यो। ४ वटा चोरीका घटनामा ३ पुरुष र १ महिला गरी ४ जना पीडित भए।

३.११ अर्घाखाँची

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

धादिङ जिल्ला धुषा गाविस-२ का २१ वर्षीय रामहरि थपलियालाई ०५५ चैत २४ गते सिमलपानी गाविस-५ स्थित प्रहरी चौकीमा माओवादीद्वारा आक्रमण गरिंदा प्रहरीले गोली हानी हत्या गरे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ४ घटनामा २ महिला र २ पुरूषको हत्या भयो। जसमध्ये -

सन्धिखर्क गाविस-३ रोकाहाटोलकी २५ वर्षीय वसन्ता खत्रीलाई ०५६ मंसिर १० गते आफ्नै पति विकास क्षेत्री र ससुरा लालबहादुर क्षेत्रीले दाइजो कम ल्याएको आरोपमा हत्या गरे। लालबहादुर धरौटीमा रिहा भएका छन् भने विकासलाई थुनामै राखिएको छ।

गिरफ्तारी र यातना

अर्घा गाविस-२ खाणका रामबहादुर रायमाझी, सोही गाविस-५ का रामबहादुर खड्का र सन्धिखर्क गाविस-७ का कंबी भुषाललाई माओवादीको आरोपमा ०५६ वैशाख २७ गते सन्धिखर्क गाविस-९ चुत्रावेसी बजारबाट प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितहरूमध्ये कंबी भुषाललाई ४८ घण्टापछि तथा अन्यलाई ३ महिनापछि रिहा गरियो।

अर्घा गाविस-४ फलेपतका पूर्व गाविस अध्यक्ष ४५ वर्षीय रामबहादुर रायमाझीलाई माओवादीको आरोपमा ०५६ असार ६ गते प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरे।

नुवाकोट गाविस-९ सलिन्धाराका ३५ वर्षीय भीमबहादुर ओलीलाई माओवादी भएको आशंकामा ०५६ कात्तिक ८ गते प्रहरीले गिरफ्तार गरेकोमा पीडितलाई भोलिपल्ट रिहा गरियो।

सन्धिखर्क गाविस-६ का अनेरास्ववियु (छैटौं) का केन्द्रीय उपाध्यक्ष सुभाष बन्जाडे, जिल्ला अध्यक्ष नरबहादुर मुखिया, सचिव झविन्द्र भुषाल र खुमानन्द भुषाललाई गृहमन्त्रीको पुतला जलाएको आरोपमा ०५६ मंसिर १३ गते प्रहरीले लाठीचार्ज गरी गिरफ्तार गरेकोमा सोही दिन रिहा गरियो।

छत्रगञ्ज गाविस-५ का २७ वर्षीय प्रेमराज आचार्य, ३० वर्षीय वीरवल के.सी., २८ वर्षीय कैलाश श्रेष्ठ, सोही गाविस-४ का भरत सेन र नारायण रायमाझीलाई विद्यालय तोडफोड गरेको आरोपमा ०५६ मंसिर १६ गते प्रहरीले गिरफ्तार

गरी यातना दिए। पीडितलाई ०५६ पुस ८ गते रिहा गरियो।

गुल्मी वडा गाविस-५ का १८ वर्षीय विष्णु गन्धर्वलाई माओवादीको आरोपमा ०५६ पुस १० गते अर्घा गाविस-१ बाट प्रहरीले गिरफ्तार गरेकोमा ४ दिनपछि रिहा गरे।

जुकेना गाविसका अध्यक्ष तिलकबहादुर भाट क्षेत्री, नेकपा (एमाले) गाउँ कमिटी सदस्यद्वय चन्द्रमणि पौडेल र मानबहादुर भाट क्षेत्रीलाई स्थानीय निर्वाचनमा भएको घटनाको विषयलाई आधार बनाई ०५६ पुस १६ गते गिरफ्तार गरी शारीरिक तथा मानसिक यातना दिएर थुनामा राखिएको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

अर्घातोप गाविस-३ चिदिपानीका ५५ वर्षीय पिताम्बर बन्जाडे (कोडे) लाई ०५६ साउन ४ गते राति जाली फटाहा भएको आरोपमा २०-२५ जना माओवादीहरूले खुकुरी प्रहार गरी सख्त घाइते बनाए।

वाङ्ला गाविसका अध्यक्ष ऋषव अधिकारीलाई ०५६ कात्तिक ८ गते सोही गाविस-८ का दुर्गा भुषालसहितका ५-६ जनाले कुटपिट गरे। प्रहरीले सोही ठाउँका ३६ वर्षीय नेत्रप्रसाद अधिकारी र ३२ वर्षीय कृष्णबहादुर अधिकारीलाई गिरफ्तार गरेकोमा जनही १२ हजार धरौटी लिई तारेखमा रिहा गरिएको छ।

सन्धिखर्क गाविस-६ का ४५ वर्षीय यमबहादुर बराललाई ०५६ असार ६ गते नातेदारलाई भेटघाट गर्न गएको अवस्थामा केरुंगा गाविसस्थित प्रहरी चौकीका प्रहरीले निर्मम तवरले कुटपिट गरे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

वल्कोट गाविस-४ सानाबारीका गाविस उपाध्यक्ष ४१ वर्षीय ध्रुव पाण्डेलाई ०५६ जेठ १ गते तरुण दलका कार्यकर्ताले कुटपिट गरी संसदीय निर्वाचनमा मतदान गर्नबाट वञ्चित गराए।

छत्रगन्ज गाविसस्थित सार्वजनिक माविमा रहेको मतदान केन्द्रमा मतदान गर्न गएका रूमलाल पाण्डे, गोविन्द रायमाझी, वीरबहादुर केसी, चोपलाल पाण्डे, पदम सेन, नवराज रायमाझी, टेकबहादुर शाही, गंगाबहादुर केसीलगायतका व्यक्तिहरूलाई ०५६ जेठ ३ गते तरुण दलका कार्यकर्ताले आक्रमण गरी मतदान गर्न दिएनन्।

जनसंख्या	: १८०८८४
साक्षरता प्रतिशत	: ४७.४
महिला साक्षरता प्रतिशत	: ३२
क्षेत्रफल (वर्ग कि.मी.)	: ११९३
गाविस/नपा संख्या	: ४२/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३६७
क्याम्पस/उच्च मावि	: २/५
अस्पताल/स्वास्थ्य चौकी	: १/४२
टेलिफोन लाइन	: २१४
मोटर सडक (कि.मी.)	: ६८
प्रहरी कार्यालय संख्या	: १२
हुलाक संख्या	: ४२

यस जिल्लामा ०५६ जेठ ३ गते भएको संसदीय चुनावमा वाङ्ला, वल्कोट, चिदिका, केरुंगा, छत्रगन्ज आदि गाविसमा सत्तारूढ दल नेपाली कांग्रेसका कार्यकर्ताले बुथ कब्जा गरी एकलौटी मतदान गरे।

पोखराथोक गाविसस्थित मतदान केन्द्रमा ०५६ जेठ ३ गते आमनिर्वाचनको क्रममा नेपाली कांग्रेसका कार्यकर्ताहरूद्वारा बुथ कब्जा गरी मतदान गरे। निर्वाचन आयोगद्वारा सो केन्द्रको मतदान स्थगित गरी ०५६ जेठ ६ गते पुनः निर्वाचन गराइयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

अर्घाखाँची जिल्ला अदालतमा गत वर्षका बाँकी देवानी मुद्दा १०३ र यस वर्षका ७७ गरी जम्मा १८० देवानी मुद्दामध्ये गत वर्षका ३७ र यस वर्षका ३ गरी ४० मुद्दा फर्स्योट भए। दुनियावादी फौजदारीतर्फ गत वर्षका ५८ र यस वर्षका ३५ गरी ९३ थान मुद्दामध्ये गत वर्षका १८ र यस वर्षका ३ गरी २१ थान मात्र फर्स्योट हुन सके। हातहतियारसम्बन्धी १ थान मुद्दा छ। बिगो भराउने गत वर्षको ४९ र यस वर्षका ३ गरी ५२ थान, अंश छुटाउने गत वर्षको ८ र यस वर्षको १ गरी ९ थान मुद्दा पनि यहाँ रहेका छन्। समग्रमा यस अदालतमा २१२ थान मुद्दा फर्स्योट हुन बाँकी छन् भने यस अदालतमा दुई वर्ष नाघेका मुद्दा एउटा पनि बाँकी छैन।

जिल्ला प्रशासन कार्यालयमा विभिन्न शीर्षकका गरी १३ थान मुद्दामध्ये ७ थान फर्स्योट भए। भ्रष्टाचारका ४ थान मुद्दा अनुसन्धान कार्य पूरा भई अदालत पठाइएको छ। अनुसन्धान पूरा हुन बाँकी मुद्दा एक थान रहेको छ। त्यसैगरी जिल्ला प्रहरी कार्यालयमा दर्ता भएका २५ थान मुद्दामध्ये ११ थान फर्स्योट हुन सके।

महिला अधिकार

यस वर्ष यो जिल्लामा पारिवारिक हिंसाको एउटा घटनामा एक महिलालाई उनकै ससुराले कुटपिट गरी घाइते बनाए।

बालअधिकार (बालबालिकाउपरको अत्याचार)

ठाडा गाविस-७ की ९ दिनकी एक बालिकालाई ०५६ साउन १९ गते आफ्नै आमा सेती नेपालीले सोही गाविस-५ भेडा मारेको जंगलमा सडक किनारमा फाली हिँडेको अवस्थामा स्थानीय बासिन्दाले फेला पारे। प्रहरीले पीडकलाई गिरफ्तार गरी बालिका जिम्मा लगाएर धरौटीमा रिहा गरेको छ।

अर्घा रजस्थली मावि अर्घाका ७ कक्षामा पढ्ने विद्यार्थी १३ वर्षीय हरि आचार्यलाई ०५६ असोज २ गते सोही विद्यालयका शिक्षक शिवबहादुर जिसीले कुटपिट गरी हात भाँचिदिए।

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूतसमेत

वागी गाविसका महेन्द्र चौहानलाई ०५६ साउन २४ गते सन्धिखर्क गाविस-६ का चमबहादुर बरालले छोरीलाई घरको काम गर्न नपठाइदिएको आरोपमा २४ घन्टासम्म कुखुराको खोरमा थुने। स्थानीय युवाहरूको सक्रियतामा पीडितलाई छुटाइएको थियो।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	२	२	४				
गोलीद्वारा हत्या					१	१		१
गिरफ्तारी र यातना					६	१८		१८
कुटपिट	३	३		३	१	१		१
स्वतन्त्र र निष्पक्ष चुनाव	२	८	४	१२				
पारिवारीक हिंसा	१		१	१				
बाल अधिकार	१	१		१				
अमानवीय व्यवहार	१	१		१				
जम्मा	१२	१५	७	२२	९	२०		२०
लाश फेला	१	१		१				
आत्महत्या	९	५	४	९				
चोरी/डकैती	१४	१३	१	१४				
दुर्घटनाहरू/विपत्तिहरू	७	६	२	८				

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

मानव अधिकार आयोगको गठन, हत्याको श्रृंखला बन्द र बेपत्ता पारिएकाहरूको खोजविनको माग राख्दै प्रकाश सचेतन समूह (प्राग) ले ०५६ भदौ २३ गते मौन जुलुसको आयोजना गरी प्रमुख जिल्ला अधिकारीमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझायो।

अतिरिक्त जानकारीहरु

यस वर्ष यस जिल्लामा ५ पुरूष र ४ महिला गरी ९ जनाले आत्महत्या गरे। आगलागीमा परेर ६ जनाको मृत्यु भयो। सवारी दुर्घटनामा ४ पुरुष पीडित भए। चोरीबाट १४ जना पीडित भए। पहिरोमा पुरिएर २ जनाको मृत्यु भयो। बेवारिसे एउटा लास फेला पर्‍यो। खोलाले बगाएर एक जनाको मृत्यु भयो।

३.१२ गुल्मी

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ८ वटा घटनामा ३ महिलासहित ९ जनाको हत्या भयो। जसमध्ये -

वाग्लुङ जिल्ला दर्लिङ गाविस-३ खहरेका २६ वर्षीय दीपेन्द्रबहादुर बुढाथोकी मगरलाई ०५५ फागुन १२ गते नेटा गाविस-२ वर्गती भन्ने ठाउँमा आफ्नै पत्नी पार्वती आचार्य, पार्वतीकी दिदी दुर्गा गौतम र सोही ठाउँका बाबुराम पौड्यालले खुकुरी प्रहार गरी हत्या गरे। पार्वती र दीपेन्द्रले अन्तरजातीय विवाह गरेकोमा पार्वतीका माइतीले उक्त विवाह नस्वीकारेपछि पार्वतीकै सक्रियतामा उक्त घटना भएको थियो। पीडकहरूलाई थुनामा राखिएको छ।

जेल र बन्दीहरु

अत्यन्त जीर्ण अवस्थामा रहेको यहाँको जेल २५ जना बन्दी क्षमताको जेल हो। २१ पुरूष तथा ५ महिला थुनुवा र ८ पुरूष तथा ५ महिला बन्दी गरी यस जेलमा ३९ जना छन् भने २ नाबालकसमेत ४१ जना रहेका छन्। यस जेलमा रहेका धेरै बन्दी कर्तव्य ज्यान र बाल अपराधसँग सम्बन्धित छन्। १ जनालाई २ वर्षदेखि माओवादी गतिविधिमा संलग्न भएको आशंकामा डाँका चोरी मुद्दा लगाई राखिएको छ। ५ वटा चर्पीको व्यवस्था भएको यस जेलमा खानेपानीको समस्या भने चर्को छ। बन्दीहरूलाई मनोरञ्जनका लागि जिल्ला विकास समितिले २ वटा टेलिभिजन दिएको छ, इन्सेकले एउटा रेडियो दिएको छ भने अन्य खेलकुदका सामाग्री विभिन्न संघ/संस्थाले दिएका छन्।

गिरफ्तारी र यातना

वामीटक्सार गाविस-२ का २२ वर्षीय राजु के.सी., १९ वर्षीय दिनबहादुर के.सी. र २३ वर्षीय एकराज फुल्लेलाई ०५५ पुस २७ गते प्रहरीले विनाकारण गिरफ्तार गरे। पीडितहरूलाई १२ दिन हिरासतमा राखी रिहा गरियो।

हराचौर गाविस-१ का १८ वर्षीय हिम्मत वलाल, तम्घास-४ का शिव पन्थी, धरम विक र जिल्ला भू-संरक्षण कार्यालयका कर्मचारी प्रकाश लम्सालालाई ०५६ वैशाख १५ गते प्रहरीले गिरफ्तार गरे। प्रकाश, धरम र शिवलाई सोधपुछपछि छाडियो भने हिम्मतलाई माओवादीको आशंकामा सार्वजनिक मुद्दा लगाई जेल पठाएकोमा रिहा गरिएको छ।

नेकपा (एमाले) का जिल्ला सचिव ३३ वर्षीय बोमबहादुर खड्कालाई ०५६ वैशाख २४ गते पार्टी कार्यालयबाटै प्रहरीले गिरफ्तार गरी बन्दूकको कुन्दा र मुक्काले हिर्काउँदै जिल्ला प्रहरी कार्यालय पुर्‍याए। स्थानीय जनताले तत्कालै विरोध गरी

प्रहरी कार्यालय घेरेपछि उनलाई रिहा गरिएको थियो।

तम्घास गाविस-४ वसपार्कका ४० वर्षीय विष्णुवहादुर जोगी कुँवरलाई ०५६ भदौ ९ गते प्रमुख जिल्ला अधिकारीको पियनलाई मासु उधारो नदिएका कारण प्रहरीले गिरफ्तार गरी १ दिन हिरासतमा राखेर रिहा गरियो।

तम्घास गाविस-६ का २८ वर्षीय गिरीप्रसाद पाण्डेलाई ०५६ जेठ २८ गते प्रहरीले गिरफ्तार गरी निर्मम यातना दिए। उनलाई प्रहरीले गाडीमा राखेर जंगलमा पुऱ्याई आफ्नी फुपू डिली वन्जाडेको हत्या गरेको कुरा स्वीकार नगरे ज्यानमार्ने धम्की दिइयो। आफूले भुटा अभियोग स्वीकार नगरेको कुरा पुर्पक्षका लागि थुनामा रहेका गिरीप्रसाद वताउँछन्।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

धुर्कोट रजस्थल गाविस-६ का ७७ वर्षीय इन्द्रलाल श्रेष्ठलाई ०५५ पुस २१ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिएर धनमाल लुटे।

जनसंख्या	: २६६३३१
साक्षरता प्रतिशत	: ४८.७
महिला साक्षरता प्रतिशत	: ३३
क्षेत्रफल (वर्ग कि.मी.)	: ११४९
गाविस/नपा संख्या	: ७९/०
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४४८
क्याम्पस/उच्च मावि	: २/९
अस्पताल/स्वास्थ्य चौकी	: १/८४
टेलिफोन लाइन	: १८४
मोटर सडक (कि.मी.)	: ७४
प्रहरी कार्यालय संख्या	: १५
हुलाक संख्या	: ६१

पीपलधारा गाविसस्थित साना किसान विकास परियोजनाका प्रमुख ३५ वर्षीय सुरेन्द्रप्रसाद वन्जाडे, सोही कार्यालयका कर्मचारी हरि थापालगायत्का ४ जनालाई माओवादीहरूको एक समूहले ज्यानमार्ने धम्की दिएर कार्यालयमा आगो लगाए।

हस्तीचौर गाविस-८ का ४० वर्षीय वावुराम कुँवर क्षेत्रीलाई ०५५ फागुन २ गते पनाहाघाट होटलमा वसिरहेको अवस्थामा २०-२२ जना माओवादीले आक्रमण गरी दाहिने हात भाँचिदिए।

दर्लामचौर गाविस-१ नयाँपोख्रामा दोहोली गाविस-३ का २६ वर्षीय गगन विष्ट, २७ वर्षीय विष्णु वस्नेत र खड्क जिसीलाई राजनीतिक रिसइवीका कारण ०५६ वैशाख १८ गते वस्नु गाविसका खिमानन्द भण्डारीलगायत्का १० जनाले तरवार प्रहार गरी सख्त घाइते वनाए।

जिल्ला विकास समितिका सभापति ४१ वर्षीय कोशल पोखरेल र तम्घास गाविस-१ का ३७ वर्षीय शिव श्रेष्ठलाई ०५६ जेठ २ गते दरवार देवीस्थानका ३३ वर्षीय रणवहादुर वस्नेतलगायत् २-३ सय जनाको जमातले गाडीबाट जवर्जस्ती तानेर कुटपिट गरे। पीडकहरूलाई कारवाही भएन।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जैसीथांक गाविस-५ का ५४ वर्षीय टंकप्रसाद पोखरेल, ४७ वर्षीय ठाकुरप्रसाद पोखरेल, ३१ वर्षीय डिल्लीराज पोखरेल र नयाँ गाउँ गाविस-८ का नरिश्वर गुरुङलाई ०५६ वैशाख १६ गते एमालेका कार्यकर्ताहरूले मालेमा लागेको आरोप लगाई कुटपिट गरे।

पिपधारा गाविस-५ का ३२ वर्षीय चन्द्रवहादुर विक, ५० वर्षीय ज्ञानबहादुर केसी, ५२ वर्षीय छविलाल खनाल र ४३ वर्षीय लालवहादुर केसीलाई ०५६ जेठ ३ गते सोही गाविसका अध्यक्ष कृष्णमुरारि जिसीको नेतृत्वमा रहेको समूहले विपक्ष भएका कारण कुटपिट गरी मतदान गर्न दिएनन्।

हस्तीचौर गाविस-४ का ३५ वर्षीय जगत केसी, ३६ वर्षीय टंक घिमिरे, रामलाल खनाल र ओमबहादुर कुँवरलाई ०५६ जेठ ३ गते सोही गाविसका अध्यक्ष नरेन्द्र घिमिरेको नेतृत्वमा रहेको टोलीले मतदान केन्द्रबाट धपाई मतदान प्रतिनिधि हुनबाट वञ्चित गराए।

दरवार देवीस्थान गाविस-३ का मतदान प्रतिनिधिहरू २७ वर्षीय देवीराम अर्याल, ३० वर्षीय गोकर्ण अर्याल, २५ वर्षीय रामवहादुर वस्नेत र गोविन्द महतरालाई ०५६ जेठ ३ गते सोही ठाउँका ३३ वर्षीय रणवहादुर वस्नेत, खुमलाल अर्याललगायत्का व्यक्तिहरूले मतदान केन्द्रमा जान दिएनन्।

जुमुङ गाविस-३ की ३२ वर्षीय राधिका गौतमलाई एमालेको विजय जुलुसमा गएको आरोपमा ०५६ जेठ २५ गते सोही ठाउँका सूर्यवहादुर राकसकोटीलगायत्का व्यक्तिहरूले कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा यस वर्ष देवानीतर्फ १८२ थान मुद्दा दर्ता भएकामा ७४ थान फर्स्यौट हुन सके। संक्षिप्त देवानीतर्फ १० थान मुद्दा दर्ता भएकोमा ३ थान मात्र फर्स्यौट हुन सके। दुनियावादी मुद्दा ५७ दर्ता भएकोमा २२ थान मात्र फर्स्यौट हुन सक्यो। त्यसैगरी संक्षिप्त फौजदारीतर्फ १८ थान मुद्दा दर्ता भएकोमा ९ थान फैसला भएका छन्। विशेष अदालत फौजदारीतर्फ ३८ थान मुद्दा दर्ता भएकामा १३ थान मात्र फर्स्यौट हुन सके। यस अदालतमा तीन वर्षभन्दा वढी समयदेखि नछिनिएको मुद्दा १ थान रहेको छ भने २ वर्षदेखि नछिनिएको मुद्दाको संख्या २२ रहेको छ। १ वर्षसम्म छिनिन नसकेको मुद्दा संख्या भने २३८ थान रहेको छ। यो वर्ष जिल्ला प्रशासन कार्यालयमा ३० थान मुद्दा दर्ता भएकोमा जम्मा १३ थान फर्स्यौट भए। जिल्ला प्रहरी कार्यालयमा ९४ मुद्दा दर्ता भएकामा ४५ थान मात्र किनारा लाग्न सके।

महिला अधिकार

यस वर्ष यो जिल्लामा २ जनाले बहुविवाह गरेको, २ महिलाले गर्भ पतन गराएको र पारिवारिक हिंसाको १ घटना जानकारी प्राप्त भयो। जसमध्ये -

हुंगा गाविस-४ की ३८ वर्षीय राधादेवी भण्डारीलाई ०५६ जेठ १८ गते आफ्नै पति ३७ वर्षीय हुमनाथ भण्डारीले रक्सी खाएर कुटपिट गरी गुप्तांगमा टर्च लाइट घुसारी यातना दिए। पीडकले पटक पटक यातना दिने र उल्टै घरबाट निकालिदिने धम्की दिएकाले पीडित माइतमै छिन्। उनी सम्बन्ध विच्छेद गर्ने तयारीमा छिन्।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	८	६	३	९				
गिरफ्तारी र यातना					५	१०		१०
कुटपिट	७	१३	३	१६				
धम्की	४	८		८				
स्वतन्त्र र निष्पक्ष चुनाव	३	१३		१३				
बहुविवाह	२		२	२				
गर्भपतन	२							
पारिवारीक हिंसा	१		१	१				
वाल अधिकार	१	१		१				
जम्मा	२८	४१	९	५०	५	१०		१०
लाश फेला	१	१		१				
आत्महत्या	१२	५	७	१२				
दुर्घटनाहरू/विपत्तिहरू	१४	१४	३	१७				

बालअधिकार (बालबालिकाउपरको अत्याचार)

वीरबास गाविस-८ की २४ वर्षीय खिमकला पल्ली मगरले अवैध सम्बन्धबाट रहेको गर्भबाट ०५६ असार ६ गते छोरा जन्माई जिउँदै अवस्थामा जंगलमा लगेर फ्याँकिन्। पीडकलाई गिरफ्तार गरी थुनामा राखिएको छ भने बच्चा पनि आमासँगै छ।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

दर्लामचौर गाविस-१ नयाँपोखरामा दोहोली गाविस-३ का २६ वर्षीय गगन बिष्ट, २७ वर्षीय विष्णु बस्नेत र खड्क जिसीलाई ०५६ वैशाख १८ गते वस्तु गाविसका खिमानन्द भण्डारीलगायत्का १० जनाले तरबार प्रहार गरी घाइते बनाएको हुँदा पीडकहरूलाई कारबाहीको माग गर्दै नेकपा (एमाले) ले ०५६ वैशाख २० गते तम्घास बजारमा जुलुस निकाली उक्त कार्यको विरोध गर्‍यो।

नेकपा एमाले गुल्मीका सचिव बोमबहादुर खड्कालाई प्रहरीले विनाकारण गिरफ्तार गरेपछि ०५६ वैशाख २४ गते तम्घास बजारमा जुलुस निस्की उक्त कार्यप्रति विरोध जनायो।

अतिरिक्त जानकारीहरु

यो वर्ष यस जिल्लामा आगलागीबाट ४ जना पुरूष र १ महिला गरी ५ जना पीडित भए। व्यक्तिगत कुटपिटका घटनामा ६ पुरुष र १ महिला पीडित भए, त्यसैगरी ५ पुरुष र ७ महिलाले आत्महत्या गरे। १ जनाको बेवारिसे लास फेला पर्‍यो।

३.१३ बाग्लुङ

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

ग्वालिचौर गाविसस्थित प्रहरी चौकीका हवल्दार कृष्णप्रसाद सापकोटा र ईश्वरबहादुर कार्कीलाई ०५५ चैत २७ गते राति माओवादीहरूले दुई पक्षबीच भिडन्त हुँदा गोली हानी हत्या गरे। उक्त घटनामा प्रहरी असई नवराज नेपाल, हवल्दार भरतलाल गुरूङ, प्रहरी जवान शिवराज उपाध्याय, पर्वत जिल्ला घर भएकी इन्द्र जिसी र बालिका रेखा कार्की पनि माओवादीको गोलीद्वारा घाइते भए।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ६ वटा घटनामा ६ जना पुरूषको हत्या भयो। जसमध्ये -

मालिका गाविस-६ चनौटेका २९ वर्षीय टेकबहादुर कुँवरलाई ०५५ फागुन २ गते राति अज्ञात व्यक्तिको सहयोगमा आफ्नै पत्नी २७ वर्षीय डल्ली भन्ने चन्द्रकला कुँवरले हत्या गरिन्। पीडकलाई अदालतले १२ वर्षको कैद सजाय सुनाएपछि पीडक ३ घन्टासम्म मूर्छा परेकी थिइन्।

विहु गाविस-१ का १८ वर्षीय राजु विकलाई ०५५ चैत २० गते वाग्लुङ नपा-४ सुन्डाँडामा म्याग्दी रत्नेचौर गाविस-१ का सँगै पढ्न बसेका १८ वर्षीय सुजनकुमार सुनारले आफूभन्दा बढी पढेको इवीका कारण हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

२५ जनाको बन्दी क्षमता रहेको "च" श्रेणीको वाग्लुङ कारागारमा ५२ जना बन्दी रहेका छन्। जसमा ६ नाबालक पनि रहेका छन्। नाबालकमा ४ बालिका रहेका छन्। १८ पुरूष र ३ महिला दोष प्रमाणित बन्दी तथा १९ पुरूष र ६ महिला थुनुवा रहेका छन्। बन्दीहरूलाई महिला र पुरूषबीच घुलमिल हुन नदिइ राखिन्छ। बन्दीका आफन्तलाई दैनिक भेटघाट गर्न दिइने यस जेलमा पत्रपत्रिका तथा जिविसबाट उपलब्ध गराइएको टीभी

१ थान पनि रहेको छ। रेडियो र पुस्तकको पनि व्यवस्था गरिएको छ। ५ वटा चर्पी भएको यस जेलमा ५ वटै धारा रहेका छन्। दैनिक ७ सय ग्राम चामल तथा १५ रूपैयाँले खान धौ धौ परेको गुनासो बन्दीहरूको रहेको छ। यातना नदिइने यस जेलमा गोप्य बन्दी गृह छैन भने बन्दीहरूले वर्षभरि कुनै विरोध कार्यक्रम संचालन गर्नुपरेन। सामान्य उपचार जेलमै गरिने र जटिल भएमात्र बाहिर पठाइने गरेको जेल प्रशासनले बताएको छ।

जनसंख्या	: २३२४८६
साक्षरता प्रतिशत	: ४३.२
महिला साक्षरता प्रतिशत	: २७.४
क्षेत्रफल (वर्ग कि.मी.)	: १७८४
गाविस/नपा संख्या	: ५९/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४६५
क्याम्पस/उच्च मावि	: ३/३
अस्पताल/स्वास्थ्य चौकी	: १/६९
टेलिफोन लाइन	: २९८
मोटर सडक (कि.मी.)	: ५०
प्रहरी कार्यालय संख्या	: २२
हुलाक संख्या	: ६२

गिरफ्तारी र यातना

मल्म गाविस-८ का स्वास्थ्यकर्मी ५६ वर्षीय दुर्गाबहादुर थापालाई माओवादीलाई औषधी गरेको र हरिचौर गाविस-२ का ५९ वर्षीय पूर्णबहादुर रानालाई माओवादीलाई ट्रेनिङ दिएको आरोपमा ०५६ वैशाख २ गते प्रहरीले गिरफ्तार गरे। वैशाख १२ गते पुनरावेदन अदालतबाट छाड्ने आदेश दिइएपछि पूर्णबहादुर बस्नेत र हिराबहादुर रानाले बुझेको कागज गराई प्रहरीले पीडितहरूलाई बेपत्ता पारे र १ महिनापछि म्याग्दी जिल्ला प्रशासन कार्यालयबाट सार्वजनिक मुद्दा लगाई जनही २८ हजार रूपैयाँ धरौटी लिई रिहा गरियो। पीडितहरूलाई यातना पनि दिइएको थियो।

बोहोरा गाउँ गाविस-५ का १८ वर्षीय जनकप्रसाद रेग्मीलाई माओवादीको आशंकामा ०५६ वैशाख ६ गते प्रहरीले गिरफ्तार गरे। उनलाई जेठ ९ गते १० हजार रूपैयाँ माग गरिएकोमा राख्न नसकेकाले जेल पठाइयो र ६ महिनापछि रिहा गरियो।

बाग्लुङ नपा-५ का बद्रीप्रसाद शर्मा र हरिचौर गाविस-३ का पूर्णबहादुर बस्नेतलगायत्का २२ जनालाई हिरासतबाट बेपत्ता पारिएका दुर्गाबहादुर थापा र पूर्णबहादुर रानाको खोजी तथा रिहाईको माग गर्दै एमाले, माले, मसाल र धौलागिरी जनवादी मञ्चद्वारा आयोजित विरोध कार्यक्रममा सहभागी भएको अवस्थामा ०५६ वैशाख २५ गते प्रहरीले गिरफ्तार गरे। उनीहरूमध्ये २० जनालाई २६ गते रिहा गरियो भने २ जनालाई सार्वजनिक मुद्दा लगाइएकोमा अदालतले जेठ ११ गते छाड्ने आदेश दिएअनुसार रिहा गरिएकोमा पछि सार्वजनिक अपराधमा तारेख दिइयो।

कुटपिटबाट घाइते दीपेन्द्र थापा

वाग्लुङ नपा-२ की धनकुमारी गौतम र सोही नपा-८ का वडाध्यक्ष खिमराज सापकोटासहित १० जनालाई ०५६ जेठ ३ गते राति चुनावका गुण्डा राखेको आरोपमा प्रहरीले गिरफ्तार गरे। धनकुमारी र वडाध्यक्षलाई भोलिपल्ट तथा अन्यलाई जेठ १० गते रिहा गरियो।

वाग्लुङ नपा-५ का १९ वर्षीय अमृत पन्तलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५६ भदौ २२ गते प्रहरीले गिरफ्तार गरी सार्वजनिक मुद्दा चलाए। पीडितलाई १० हजार रूपैयाँ धरौटी लिई असोज ७ गते रिहा गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

तग्राम गाविस-३ का २३ वर्षीय भीमबहादुर जोस्मी मगरलाई राजनीतिक प्रतिशोधका कारण ०५५ माघ २ गते बिहान संक्रान्ति मेलामा मुक्ति प्राविको हाताभित्र सोही गाविस-३ का नरेन्द्र पुनलगायत्का व्यक्तिले कुटपिट गरे। पीडकलाई तारेखमा रिहा गरिएको छ।

रायडाँडा गाविस-८ का ३४ वर्षीय ठुमनाथ शर्मालाई एमालेको पक्षमा मत मागेको आरोपमा सोही गाविस-६ का २८ वर्षीय धनबहादुर केसीलगायत्का १०-१२ जनाले कुटपिट गर्नुका साथै पुनः मत माग्न हिँडे ज्यानमार्ने धम्की पनि दिए।

सल्यान गाविस-३ का २६ वर्षीय चित्रबहादुर केसी र ४६ वर्षीय थानेश्वर पौडेललाई ०५६ वैशाख ३ गते चुनाव प्रचारको सिलसिलामा विवाद हुँदा सोही गाविस-७ का हरिराम अग्रेजालगायत्का व्यक्तिहरूले कुटपिट गरे। थानेश्वरलाई गण्डकी अस्पतालमा उपचार गरियो।

धम्जा गाविस-१ र ४ का दीपबहादुर घर्ती र हिराबहादुर केसीलाई ०५६ जेठ ३ गते नेकपा (माले) को विपक्षमा मत मागेको आरोपमा धम्जा गाविस-१ र ८ का भक्तबहादुर काउचा र गोपाल खड्का, वाग्लुङ नपा-३ का बाबुलाल शाक्य र योगेश अधिकारीलगायत् ८-१० जनाले रक्ताम्य हुनेगरी कुटपिट गरे।

पैयुथन्थाप गाविस-७ का गाविस अध्यक्ष २८ वर्षीय टीकाबहादुर थापा र १९ वर्षीय दीपेन्द्र थापालाई राजनीतिक रिसइवीका कारण ०५६ जेठ ९ गते बाग्लुङ बजारबाट घरतर्फ गइरहेको अवस्थामा सोही गाविस-५ स्थित रूम्टा भन्ने स्थानमा

सोही गाविस-३ का इन्द्रबहादुर क्षेत्रीले धारिलो हतियारले प्रहार गरी मरणासन्न तुल्याए। पीडकहरूलाई कुनै कारबाही भएन। पीडितहरूको उपचार काठमाडौंमा भयो।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	६	६		६				
गोलीद्वारा हत्या	१	२		२				
गोलीद्वारा घाइते/हवाइ फायर	१	३	२	५				
गिरफ्तारी र यातना					५	७	१	८
कुटपिट	१०	१९	२	२१				
महिला किनबेच	१		२	२				
बलात्कार	१		१	१				
बहुविवाह	२		२	२				
पारिवारीक हिंसा	१		१	१				
बाल अधिकार	१	१		१				
जम्मा	२४	३१	१०	४१	५	७	१	८
लाश फेला	२	२		२				
आत्महत्या	१४	९	५	१४				
दुर्घटनाहरू/विपत्तिहरू	८	९	२	११				

सुगम र निष्पक्ष न्यायिक अधिकार

वाग्लुङ जिल्ला अदालतमा यस वर्ष ४३६ थान मुद्दा रहेका छन्। जसमध्ये दुनियावादी देवानी २८८, दुनियावादी फौजदारी १०९ र सरकारी फौजदारी ३९ थान रहेका छन्। २ वर्ष नाघेका मुद्दाको संख्या २८ थान रहेका छन् भने थुनुवा रहेका २० थान मुद्दा पनि यहाँ छन्। गत वर्ष जिम्मेवारी सरेका २५२ थान मुद्दा र यस वर्ष परेका मुद्दासमेत गरी जम्मा ३५६ थान मुद्दा छिनिए, जसमा दुनियावादी देवानी २४१, दुनियावादी फौजदारी १०१ र सरकारवादी फौजदारी १४ थान रहेका छन्।

महिला अधिकार

भकुण्डे गाविस-५ की ३५ वर्षीय हरिकला किसान र १७ वर्षीय सरस्वती किसानलाई ०५५ फागुन ८ गते रूपन्देही जिल्ला बर्गौली गाविस-८ घर भई बाग्लुङ बस्ने २३ वर्षीय मुस्ताफा फकिरले बिक्री गर्ने उद्देश्यले भारततर्फ लैजाँदै गर्दा प्रहरी चौकी सुनौलीले गिरफ्तार गरे। पीडकलाई थुनामा राखिएको छ।

राजकुत गाविस खक्सेनीकी २२ वर्षीय एक युवतीलाई ०५६ भदौ १४ गते पिडाल्ने मकैबारीमा घाँस काट्न गएका बेला सोही ठाउँका ३१ वर्षीय नन्दप्रसाद श्रेष्ठले बलात्कार गरे। पीडक फरार छ।

यस वर्ष यो जिल्लामा पारिवारिक हिंसाको एउटा घटनामा देवरले भाउजूलाई कुटपिट गरी हात भाँचिदिए। २ जनाले बहुविवाह गरेको जानकारीमा आयो। जसमध्ये -

लेखानी गाविस-७ की ४८ वर्षीय पार्वती छन्त्याललाई ०५६ भदौ १७ गते बिहान आफ्नै देवर ४० वर्षीय नन्दलाल छन्त्यालले आमाको जिउनीमा घाँस काटेको निहुँमा कुटपिट गरी बायाँ हात नै भाँचिदिए। पीडितले अंगभंग कुटपिटमा मुद्दा हालेपछि पीडकलाई तारेखमा रिहा गरिएको छ।

बालअधिकार (बालबालिकाउपरको अत्याचार)

विगत १ वर्षदेखि धौलागिरी सामुदायिक स्रोत विकास केन्द्रले बालश्रम शोषण मुक्त बाग्लुङ नगरपालिका घोषित गरी ९ महिने बाल कक्षा तथा ७ महिने बालश्रमिकहरूका लागि सीपमूलक प्लम्बिङ, सिकर्मी तथा सिलाई कटाई तालिम संचालन गरेको थियो।

सिगान गाविस-७ का ७ वर्षीय छविलाल खत्रीलाई ०५६ वैशाख १० गते बाग्लुङ नपा-११ की ३५ वर्षीय हेमकुमारी सुनारले माइती नेपालमा लान्छु भनेर नवलपरासी जिल्ला माकर गाविस-४ की ५२ वर्षीय पूर्णकुमारी विकसँग काठमाडौं लगी बच्चा माग्यो भनी बेपत्ता पारे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

आर्थिक अधिकार

यस जिल्लामा ग्रामीण पूर्वाधार विकास कार्यक्रमअन्तर्गत निर्माणाधीन मोटरबाटोमा व्यापक भ्रष्टाचार भएको, परियोजनाको लक्ष्य उद्देश्यविपरीत ठेक्का प्रणाली अप्रत्यक्षरूपमा गराई पुरुष कामदार र महिला कामदारलाई बराबर ज्याला नदिएको, ठेकेदारहरूले श्रमिकहरूलाई उचित पारिश्रमिक नदिएको, केही ठेकेदारले ज्याला नै नदिई भागेको गुनासोहरू पीडितहरूले गरेका छन्।

मानवअधिकारसम्बन्धी अन्य सवालहरु (दासत्व, कमैया, बाँधा, हलिया आदि)

यस जिल्लामा अप्रत्यक्ष दासत्व प्रथा तमान र राजकुत गाविसमा अझै विद्यमान छ। धेरै समयअघिदेखि यी गाविसहरूमा धनीहरूकहाँ काम गरिदिएर जीवन धान्नेको संख्या धेरै छ। परम्परादेखि चलिआएको मजुरिया र सियोडोबमा केही रकम र अन्न लिई वर्षौंसम्म हलो जोत्ने हलिया प्रथा यहाँ रहेको पाइन्छ।

बेपत्ता पारिएका छविलाल खत्री

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

पूर्णबहादुर राना र दुर्गबहादुर थापालाई प्रहरीले वेपत्ता पारेको विरोधमा नेकपा एमाले, माले, मसाल र धौलागिरी जनवादी मंचले संयुक्त संघर्ष समिति वनाइ रिंहाईको माग गरी प्रेस विज्ञप्ति प्रकाशित गर्नुका साथै ०५६ वैशाख २६ गते बाग्लुङ वजार बन्दको आयोजना पनि गरे।

पाला गाविस-१ का १८ वर्षीय काले रोकाको ०५६ वैशाख २८ गते हत्या गरिएकोमा ०५६ असार ७ गते सरकारी पक्षवाटै अपराधी उम्काउन खोजिएको आरोप लगाउँदै विरोध जुलुस निकाल्ने, अदालत परिसरभित्रै नारा लगाउने जस्ता कार्य भयो। उक्त विरोध कार्यक्रममा प्रहरीले लाठीचार्ज गरेको थियो।

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा आगलागीका ३ घटनामा २ जंगल र १ निजी घर प्रभावित भए। पहिरोमा पुरिएर ४ जनाको मृत्यु भयो। झाडापखालाले ८ जनाको मृत्यु भयो। करेन्ट लागेर १ महिलाको मृत्यु भयो। १४ जनाले आत्महत्या गरे। तीमध्ये झुण्डिएर ८ जनाले, हाम्फालेर ५ जनाले र विष खाएर १ जनाले आत्महत्या गरे, जसमा ६ महिला थिए।

३.१४ पर्वत

जनसंख्या	:	१४३५४७
साक्षरता प्रतिशत	:	५२.१
महिला साक्षरता प्रतिशत	:	३८.३
क्षेत्रफल (वर्ग कि.मी.)	:	४९४
गाविस/नपा संख्या	:	५५/०
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	२९६
क्याम्पस/उच्च मावि	:	३/७
अस्पताल/स्वास्थ्य चौकी	:	२/५३
टेलिफोन लाइन	:	१८४
मोटर सडक (कि.मी.)	:	३८
प्रहरी कार्यालय संख्या	:	८
हुलाक संख्या	:	४४

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

देवीस्थान गाविस-५ की ७८ वर्षीय झुमा पन्तको ०५६ जेठ ३ गते सोही गाविसको मतदान केन्द्रमा भएको हुलदंगामा प्रहरीको गोली लागी मृत्यु भयो।

पाङ गाविस-९ का वडा अध्यक्ष तथा नेकाँका कार्यकर्ता ५८ वर्षीय बलवहादुर सुवेदीलाई ०५६ साउन २३ गते राति १४-१५ जना माओवादीहरूले पाखुरा तथा घाँटीमा खुकुरी प्रहार गरी हत्या गरे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ५ वटा घटनामा ५ जना पुरूषको हत्या भयो। हत्या हुनेमा एक जना सैनिक र एक जना नवजात शिशु पनि थिए। जसमध्ये -

वर्राचौर गाविस-८ मा एक नवजात शिशुलाई ०५६ जेठ २० गते सोही ठाउँका ५१ वर्षीय रूपनारायण पौडेल र १९ वर्षीय वेनुका पौडेलले घाँटी थिची हत्या गरे। ससुरा र बुहारीबीचको अवैध सम्बन्धका कारण जन्मेको उक्त बच्चालाई समाजको अवगालबाट वच्न उनीहरूले हत्या गरेका थिए। पीडकहरू पुर्पक्षका लागि थुनामा रहेका छन्।

जेल र बन्दीहरु

"च" श्रेणीको पर्वत जेल २५ जना बन्दी क्षमता भएको जेल हो। यस जेलमा नाबालक छैनन् भने २६ पुरूष र १ महिला गरी २७ जना थुनुवा तथा २ पुरूष बन्दी रहेका छन्। यस जेलमा रहेका थुनुवा राजु गुरूङ आफूलाई आस्थाको बन्दी बताउँछन्। यस जेलमा ७ वटा चर्पी छन् भने ५ वटा धारा रहेको छ। दैनिक ७०० ग्राम चामल तथा १५ रूपैयाँ बन्दीहरूलाई दिइन्छ भने गर्मीमा कट्टू र कुर्था तथा जाडोमा दौरा सुरूवाल गरी वर्षमा २ पटक दिने गरिएको बन्दीहरूले बताएका छन्। सामान्य बिरामी हुँदा यहीं उपचार गरिन्छ। साताको एक पटक जचाउने व्यवस्था पनि यहाँ छ। यहाँ उपचार नभए मात्र वाहिर पठाउने गरिएको छ। रेडियो र टीभी रहेको यस जेलमा बन्दीहरूले आफ्नै प्रयाससमा मुढा र नाम्लो बन्ने गरेका छन्।



पर्वत जिल्ला कारागार

बन्दी २८ वर्षीय ओमप्रकाश दर्जीलाई झाडावान्ता लागेर अस्पनाल लगिएकोमा उपचार गर्दागर्दै ०५६ असार २६ गते मृत्यु भयो।

गिरफ्तारी र यातना

हुवास गाविस-४ का २५ वर्षीय पूर्णप्रसाद डुम्रेलाई माओवादी भएको आरोपमा ०५५ पुस ३० गते टकलाक गाविसको लामागरावाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई १० हजार रूपैयाँ धरौटी लिई रिहा गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

कार्कीनेटा गाविस-५ मा स्याङ्जा विचारीचौतारा गाविस-३ का ४१ वर्षीय गुमानसिंह जिटीलाई ०५६ जेठ २३ गते सोही ठाउँका कृष्णप्रसाद शर्मा, रूद्रमणि शर्मालगायत्का व्यक्तिहरूले अरू जिल्लाको मान्छे आफ्नो ठाउँमा चुनाव प्रचार गर्न आएको भनी कुटपिट गरेर सख्त घाइते बनाए। पीडकलाई हाजिर जमानीमा रिहा गरियो।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	६	६		६				
गोलीद्वारा हत्या					१		१	१
गिरफ्तारी र यातना					१	२	१	३
कुटपिट	४	५		५				
बाल अधिकार	१	१		१				
अमानवीय व्यवहार	१							
जम्मा	१२	१२		१२	२	२	२	४
लाश फेला	१	१		१				
आत्महत्या	८	३	५	८				
चोरी/डकैती	३	३	१	४				
दुर्घटनाहरू/विपत्तिहरू	६	४	२	६				

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

निर्वाचन क्षेत्र नं. १ अन्तर्गत पर्ने शिवालय, वाजुङ, पाङ, स्वुर्कोट, देउपुर, शालिजा, माझफाँट, चुवा र पिपलटारी मतदान केन्द्रहरूमा नेपाली कांग्रेसले बुथ कब्जा गरेकाले आफूले चाहेको उम्मेदवारलाई मत दिनबाट मतदाताहरू वञ्चित भएको जनाउँदै नेकाँबाहेक अन्य राजनीतिक पार्टीहरूले विरोध जनाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा ३ वर्ष पुगेका वा ३ वर्ष नाघेका छिनिन बाँकी मुद्दा रहेका छैनन्। २ वर्षसम्म नछिनिएका विभिन्न शीर्षकका मुद्दाको संख्या १६ थान रहेको छ। त्यसैगरी १ वर्षसम्म नछिनिएका मुद्दाको संख्या साधारण ४२, सरकारवादी फौजदारी १ र दुनियावादी फौजदारी ९ गरी ५२ थान रहेका छन्। ६ महिनादेखिका मुद्दा साधारण ६७, सरकारवादी फौजदारी ६, दुनियावादी १७, संक्षिप्त १, संक्षिप्त देवानी ३ गरी ९४ थान रहेका छन्। मालपोत कार्यालयमा ६ थान मुद्दा परेकामा २ थान फर्स्यौट हुन सक्यो। जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराध १० र हातहतियार २ गरी १२ थान फौजदारी मुद्दा फर्स्यौट हुन बाँकी छ। वन कार्यालयमा ४ थान मुद्दा दर्ता भए।

बालअधिकार (बालबालिकाउपरको अत्याचार)

धाइरिङ गाविस-४ मा सोही गाविस-५ का १० वर्षीय बालक यम गिरीलाई ०५६ कात्तिक ४ गते सुनसरी पंचकन्या गाविस-३ का ३५ वर्षीय लोकराज आचार्यले फकाएर बिक्री गर्ने उद्देश्यले लैजाँदै गर्दा प्रहरीले गिरफ्तार गरे। पीडकलाई जिल्ला प्रशासन कार्यालयले मागेको ४ हजार रूपैयाँ धरौटी राख्न नसकेकाले थुनामा राखिएको छ।

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूतसमेत

कार्कीनेटा बजारमा रहेको मन्दिरमा दलित जनविकासको नेतृत्वमा आयोजित एक कार्यक्रमअन्तर्गत ०५५ चैत १० गते हजारौं दलितहरूले मन्दिर प्रवेश गरे।

अतिरिक्त जानकारीहरु

यो वर्ष यस जिल्लामा माओवादी समूहको बममा परी १ घटना भयो। सवारी दुर्घटनाका ५ घटना भए। ८ जनाले आत्महत्या गरे। चोरी डकैतीका ३ वटा घटना प्रकाशमा आयो। १ लास फेला पर्‍यो। दुर्घटना र विपत्तिका ६ वटा घटना भए।

३.१५ म्याग्दी

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

अथुंगे गाविस-१ बेनी बजारमा प्रहरी हवल्दार बलबहादुर कार्कीलाई ०५६ जेठ २ गते राप्रपा र नेकाँबीच भएको झगडा साम्य नभएपछि स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले गोली चलाउँदा लागी मृत्यु भयो।

सिंगा गाविस-५ तातोपानीमा माओवादीद्वारा झुण्ड्याइएको ब्यानर झिक्न लाग्दा ०५६ असोज ७ गते ब्यानरसँगै रहेको बम पड्की प्रहरी जवान ओमप्रकाश कुँवर घाइते भए।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ४ घटनामा १ महिलासहित ४ जनाको हत्या भयो। हत्या हुने महिला ७० वर्षीय वृद्ध थिइन् भने एक जना विदेशी पुरुष पनि थिए। जसमध्ये -

शिख गाविस-१ घोरपानीको जंगलमा लक्जेम्बर्गका नागरिक २९ वर्षीय स्टुम अलायन हेरिटीलाई ०५६ भदौ १८ गते आफ्नै भरिया बनेर गएका रामेछाप, पलाती गाविस-४ का १८ वर्षीय महेश थापाले आर्थिक लोभका कारण हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

यस जिल्लामा २५ जना बन्दी क्षमताको एक जेल रहेको छ। ख श्रेणीको उक्त जेलमा ६ पुरूष र २ महिला कैद नतोकिएका र १९ पुरुष र २ महिला थुनुवा बन्दी रहेका छन्। पुरूष र महिला दुवै वार्डमा टीभीको व्यवस्था रहेको छ। क्यारेम बोर्ड, भलिबल, चेस आदि उपलब्ध रहेको उक्त जेलमा रेडियो र टेपरिकर्डरको पनि व्यवस्था छ। घरेलुले टोपी, स्वेटर, मुढा, नाम्ला आदि बुन्ने तालिम दिने गरेको छ।

गिरफ्तारी र यातना

अथुंगे गाविस-१ का सुभाष श्रेष्ठ र सिंगा तातोपानी घर भएका धवलागिरी मावि सिंगाका शिक्षक नरबहादुर बिसीलाई माओवादी भई कृषि विकास बैंकमा बम विष्फोट गराएको आरोपमा ०५५ फागुन ७ गते प्रहरीले गिरफ्तार गरे। आरोप प्रमाणित नभएकाले पीडितहरूलाई रिहा गरिएको छ।

भकुन्डे गाविसका १९ वर्षीय लालबहादुर किसानलाई ०५५ फागुन १४ गते म्याग्दी बहुमुखी क्याम्पस स्ववियु सदस्य पदमा उम्मेदवारी दिई फर्कंदै गरेका बेला अखिल क्रान्तिकारीको विद्यार्थी भएको आरोपमा प्रहरीले गिरफ्तार गरिएकोमा धरौटीमा रिहा गरियो।



जनसंख्या	:	१००५५२
साक्षरता प्रतिशत	:	४३.३
महिला साक्षरता प्रतिशत	:	२७.३
क्षेत्रफल (वर्ग कि.मी.)	:	२२९७
गाविस/नपा संख्या	:	४०/०
निर्वाचन क्षेत्र	:	१
विद्यालय	:	२०६
क्याम्पस/उच्च मावि	:	१/१
अस्पताल/स्वास्थ्य चौकी	:	१/४२
टेलिफोन लाइन	:	२३१
मोटर सडक (कि.मी.)	:	१६
प्रहरी कार्यालय संख्या	:	८
हुलाक संख्या	:	४०

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

देवीस्थान गाविस-६ का १९ वर्षीय बमबहादुर फगामीलाई ०५६ वैशाख १६ गते नेकाको चुनावी कार्यक्रम गर्ने विषयमा विवाद हुँदा नेकाँका कार्यकर्ताहरूले कुटपिट गरे। पीडितले उपचारपछि मिलापत्र गरे।

रत्नेचौर गाविसको मतदानमा खटिएका प्रहरीहरू २६ वर्षीय बालकृष्ण शर्मा र ५० वर्षीय तापनारायण तिवारीलाई ०५६ जेठ ३ गते बाग्लुङ जिल्ला हरिचौर गाविसका ४२ वर्षीय पूर्णबहादुर राना र मल्म गाविस ५२ वर्षीय दुर्गबहादुर क्षेत्रीले बाटोमा कुटपिट गरे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

दाना गाविसमा ०५५ चैत १८ गते नेकपा (माले) को चुनावी कार्यक्रममा नेकपा (एमाले) का कार्यकर्ताले विवाद झिकेका कारण झडप भयो। झडपमा परी ७० वर्षीय कृष्ण पुन र ओमकुमारी पुन घाइते भए।

दग्नाम गाविस-७ का खिमबहादुर थापालाई ०५६ जेठ ३ गतेको आम निर्वाचनमा मतदान प्रतिनिधि बस्न गएको अवस्थामा सोही गाविसका खमवीर पुनलगायतका व्यक्तिहरूले कुटपिट गरी प्रतिनिधि बस्न दिएनन्। उनीहरूले वडा नं. ७, ८ र ९ का जनतालाई मतदानबाट समेत वञ्चित गराए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा १ सय १४ थान मुद्दा दर्ता भए। जसमा दुनियावादी फौजदारी ४०, दुनियावादी देवानी ६२ र सरकारवादी १० थान रहेका छन्। यो अदालतमा अघिल्लो वर्षका फौजदारी ४७, देवानी २५ र सरकारवादी १० थान मुद्दा छिनिन बाँकी रहेका थिए। पुराना र नयाँ गरी १९७ थान मुद्दामध्ये फौजदारी २०, देवानी ३२ र सरकारवादी ५ थान मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

घटनाको प्रकार	गैहरराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	३	१	४				
गोलीद्वारा हत्या					१	१		१
बम प्रहारबाट घाइते	१	१		१				
बम प्रहार	३							
गिरफ्तारी र यातना					२	३		३
कुटपिट	४	५		५				
धम्की	२	२		२				
मौलिक अधिकार	२	२	१	३				
बलात्कार प्रयास	१		१	१				
बहुविवाह	३		३	३				
महिला भएकै कारण यातना	१		२	२				
जम्मा	२१	१३	८	२१	३	४		४
लाश फेला	२	२		२				
आत्महत्या	९	४	५	९				
चोरी/डकैती	२		२	२				
दुर्घटनाहरू/विपत्तिहरू	६	३	३	६				

महिला अधिकार

अथुंगे गाविस-१ बेनी काली पुलमा होटल व्यवसाय गर्ने मुस्ताङ जिल्ला छुसाङ गाविस-५ की २० वर्षीय एक युवतीलाई ०५६ कात्तिक १० गते अथुंगे गाविस-२ का १८ वर्षीय उत्तम केंसीले बलात्कार गर्ने प्रयास गरे। प्रयास सफल नभएका कारण उनले पीडितलाई छुरा प्रहार गरी घाइते बनाए। पीडक फरार छ।

यस वर्ष यो जिल्लामा ३ जनाले बहुविवाह गरेको तथा महिला भएकै कारणले दिइने अमानवीय व्यवहारको एउटा घटनामा २ जना महिला पीडित भएको जानकारीमा आयो। जसमध्ये -

अथुंगे गाविस-३ की विष्णु राउत र सिंगा गाविस-३ की पवित्रा केंसीलाई देहव्यापारमा लगाउन खोजेको भनी सोही गाविस बेनीकी सरस्वती कार्कीविरूद्ध ०५५ फागुन २५ गते विष्णु र पवित्राले उजुरी गरे। सरस्वतीलाई पुनरावेदन अदालत बाग्लुङले सफाइ दियो।

अतिरिक्त जानकारीहरु

यस वर्ष यस जिल्लामा चोरीको २ घटना जानकारीमा आयो। आगलागीको १ घटना जानकारीमा आयो। दुर्घटनाका ६ घटना भए। २ वटा लास फेला पर्‍यो। ९ जनाले विविध कारणले आत्महत्या गरे।

३.१६ मुस्ताङ

सम्मानितरुपले बाँच्ने अधिकार

जेल र बन्दीहरु

"घ" श्रेणीको मुस्ताङ जेल १० जना बन्दी क्षमताको जेल हो। यस जेलमा २ बन्दी रहेका छन्। नाबालक र महिला यस जेलमा छैनन्। ख श्रेणीको सिधा दिइने यस जेलको भौतिक अवस्था नाजुक रहेको छ। बन्दीहरूलाई लगाउने लुगा वर्षको २ जोर दिइन्छ भने ओढ्ने ओछ्याउने २ वर्षमा एक पटक दिइने गरेको छ। दैनिक १५ रूपैयाँ र ७०० ग्राम चामल बन्दीहरूलाई दिइने जेलर बद्री थापा बताउनुहुन्छ। उडुस उपियाँ मार्ने व्यवस्था नभएको यस जेलमा स्वच्छ पानी र उज्यालोको प्रबन्ध भए पनि मनोरञ्जनका साधन भने छैनन्। तालिम उद्योग आदिको व्यवस्था छैन। साताको एक पटक बन्दीहरूलाई आफन्तसँग भेट गर्न दिइन्छ। कानूनी सुरक्षा पनि यस जेलमा छैन।

जनसंख्या	: १४२९२
साक्षरता प्रतिशत	: ४५.४
महिला साक्षरता प्रतिशत	: ३१.४
क्षेत्रफल (वर्ग कि.मी.)	: ३५७३
गाविस/नपा संख्या	: १६/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: ६७
क्याम्पस/उच्च मावि	: ०/०
अस्पताल/स्वास्थ्य चौकी	: १/१८
टेलिफोन लाइन	: १५
मोटर सडक (कि.मी.)	: ०
प्रहरी कार्यालय संख्या	: १३
हुलाक संख्या	: १६

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

मार्फास्थित इलाका हुलाक कार्यालयमा कार्यरत् सन्तोष पौडेललाई ०५६ कार्तिक २४ गते सांसद रोमी गौचनले चिठी च्यातेर ल्याएको आरोपमा कुटपिट गरी घाइते बनाए। जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए पनि पीडकउपर कारबाही भएन।

सुगम, निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यो जिल्लाको अदालतमा लेनदेनसम्बन्धी एउटा मुद्दा दर्ता भयो। माथिल्लो मुस्ताङमा मुस्ताङे राजाबाट मुद्दाहरू छिनिने र अन्य गाउँमा पनि स्थानीय ठालुहरूव्दारा मुद्दाको स्थानीयरूपमै छिनोफानो हुने भएकाले मुद्दा मामिलाहरू खासै अदालतसम्म आइपुग्दैनन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सुकुम्बासी समस्या समाधान आयोग नभएका कारण आफूहरूले जग्गा पाउन कठिनाई परिरहेको गुनासो सुकुम्बासीहरूको छ। सरकारद्वारा वितरण हुने वृद्ध, असहाय भत्ता माथिल्लो मुस्ताङका ४ गाविसका जनताले अझै पाएका छैनन्। करिब २५ जना वृद्धहरूले यस्तो भत्ताबाट वञ्चित हुनुपरेकोमा दुःखेसो गरेका छन्।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
कुटपिट	३	३		३				
बहुविवाह	१		१	१				
जम्मा	४	३	१	४				
चोरी/डकैती	१		१	१				
दुर्घटनाहरू/विपत्तिहरू	४	३	१	४				

अतिरिक्त जानकारीहरु

यस जिल्लामा यो वर्ष जानकारीमा आएका कुटपिटका ३ घटनामा ३ जना पुरूष पीडित भए। विपत्तिका ४ घटनामा ४ जना पीडित भए। एउटा चोरीको घटनामा १ महिला भइन्।

मध्यपश्चिमाञ्चल

४.१ दाङ
४.२ प्युठान
४.३ रोल्पा
४.४ सल्यान
४.५ रूकुम
४.६ बाँके
४.७ वर्दिया
४.८ सुर्खेत
४.९ जाजरकोट
४.१० दैलेख
४.११ डोल्पा
४.१२ जुम्ला
४.१३ कालिकोट
४.१४ मुगु
४.१५ हुम्ला

४.१ दाङ

जनसंख्या	३५४४१३
साक्षरता प्रतिशत	४०.६
महिला साक्षरता प्रतिशत	२४.९
क्षेत्रफल (वर्ग कि.मी.)	२९५५
गाविस/नपा संख्या	३९/२
निर्वाचन क्षेत्र	४
विद्यालय	५३७
क्याम्पस/उच्च मावि	४/४
अस्पताल/स्वास्थ्य चौकी	३/४५
टेलिफोन लाइन	१७१४
मोटर सडक (कि.मी.)	२९३
प्रहरी कार्यालय संख्या	२४
हुलाक संख्या	५०

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

सुर्खेत जिल्ला मालारानी गाविस-७ घर भई इलाका प्रहरी कार्यालय कमिरेचौरमा कार्यरत् प्रहरी जवान ३२ वर्षीय विष्णुकुमार ढकाललाई ०५५ माघ ६ गते लोहारपानी गाविस-७ झेल्नेटामा दोहोरो भिडन्त हुँदा माओवादीका कार्यकर्ताहरूले गोली हानी हत्या गरे। सोही घटनामा वैतडी जिल्ला घर भई इलाका प्रहरी कार्यालय लमहीमा कार्यरत् प्रहरी जवान २६ वर्षीय देवबहादुर बोहोरा र गुल्मी जिल्ला घर भई इलाका प्रहरी कार्यालय कमिरेचौरमा कार्यरत् प्रहरी जवान २४ वर्षीय चक्रबहादुर के. सी. पनि गोली लागी घाइते भए।

हाँसिपुर गाविस-२ का ५१ वर्षीय होमबहादुर घर्ती र २६ वर्षीय यादव स्वैकलालाई माओवादीको आरोपमा ०५५ माघ ९ गते प्रहरीले गिरफ्तार गरी माघ ११ गते सोही ठाउँको लेवासेको जंगलमा लगी गोली हानी हत्या गरे। पीडितहरूको लाश उनका परिवारलाई समेत दिइएन।

हाँसिपुर गाविस-२ का २५ वर्षीय लोकबहादुर घर्ती थापालाई माओवादीको आरोपमा ०५५ माघ १० गते प्रहरीले गिरफ्तार गरी माघ १२ गते सोही गाविस लामास्वोलाको जंगलमा लगी हत्या गरे।

पवननगर गाविस-८ का असई ३९ वर्षीय वेदप्रसाद भुसाल, रोल्पा जिल्ला लिवाङ गाविस-८ का प्रहरी हवल्दार ३३ वर्षीय विर्स्वराम थापा तथा प्रहरी जवानहरू वर्दिया जिल्ला वग्नाहा गाविस-८ का २७ वर्षीय रोमैया चौधरी, सल्यान जिल्ला लेस्वपोस्वरा गाविस-५ का २८ वर्षीय तिलकराम वली, दार्चुला जिल्ला शंकपुर गाविस-१ का २८ वर्षीय करसिंह धामी, दाङ जिल्ला सौडियार गाविस-२ का २५ वर्षीय दुर्गाप्रसाद आचार्य र प्युठान जिल्ला धर्मावती गाविस-९ का २९ वर्षीय वीरबहादुर एम.सी.लाई ०५५ फागुन १९ गते राति नेकपा (माओवादी) का कार्यकर्ताहरूले शान्तिनगर गाविस चिराघाटस्थित प्रहरी चौकीमा आक्रमण गरी गोली हानी हत्या गरे। हत्यापछि माओवादीहरूले चौकीभित्र प्रवेश गरी सबै कागजपत्रहरूमा आगो लगाए।

रोल्पा जिल्ला मिरूल गाविसका अन्दाजी ३० वर्षीय ढाटु बुढालाई ०५५ फागुन १९ गते राति शान्तिनगर गाविसस्थित प्रहरी चौकीमा माओवादी र प्रहरीबीच दोहोरो भिडन्त हुँदा प्रहरीले गोली हानी हत्या गरे।

पुरन्धारा गाविस-२ का ३८ वर्षीय ज्ञानबहादुर सुवेदीलाई सुराकी गरेको आरोपमा ०५६ कात्तिक ११ गते राति माओवादीका कार्यकर्ताहरूले गोली प्रहार गरी घाइते बनाए।

सुनसरी जिल्ला प्रकाशपुर गाविस-५ घर भई जिल्ला प्रहरी कार्यालय दाङमा कार्यरत् प्रहरी जवान २१ वर्षीय अमित दर्जी र झापा जिल्ला बाहुनडाँगी गाविस-२ घर भई सोही कार्यालयमा कार्यरत् २५ वर्षीय दलबहादुर धिमाललाई ०५६ कात्तिक २२ गते हाँसिपुर गाविसको जंगलमा गस्ती प्रहरीले माओवादी भन्ने ठानी गोली हानी हत्या गरे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ८ वटा घटनामा ५ जना पुरूष र ३ जना महिलाको हत्या भयो। जसमध्ये -

ढिकपुर गाविस-६ का ५१ वर्षीय गणेश रैदासलाई ०५५ पुस २५ गते उनकै छोरी १७ वर्षीय भिमा रैदासले बञ्चरो प्रहार गरी हत्या गरिन्। पीडितले रक्सी सेवन गरी बलात्कार गर्ने आसयले आएको बेला बञ्चरो प्रहार गर्दा मृत्यु भएको कुरा पीडकले बताइन्। पीडक भिमा र उनकी आमा सावित्रा रैदासलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

विजौरी गाविस-१ की २ वर्षीय लक्ष्मी घिमिरेलाई ०५६ भदौ ५ गते उनकै पिता २० वर्षीय मेघराज घिमिरेले रक्सी सेवन गरी घर नजिकैको कुवामा फाली हत्या गरे। पीडक फरार छ।

जेल र बन्दीहरु

यस जिल्लामा २ वटा जेल रहेका छन्। त्रिभुवननगर नपा-१० घोराहीमा अवस्थित जेलको निर्माण समयमा २५ जना रहन सक्ने भनी बनाइएको भए पनि ४५ जना रहन सक्ने क्षमताको भन्ने गरेको पाइन्छ। यस जेलको भौतिक अवस्था त्यति राम्रो छैन। यस जेलमा ४३ जना पुरूष बन्दीहरू छन्। कैद तोकिएका २५ जना र नतोकिएका १८ जना रहेका छन्।

घोराही जेलमा थुनुवामा रहेका २५ वर्षीय कुमार थापालाई चोरी गरेको आरोपमा ०५६ जेठ २२ गते सोही जेलमा रहेका २२ वर्षीय पारस वादी, नारायण वादी, तुकमान गाइने र प्रेमबहादुर दमाईले कुटपिट गरे। पीडितलाई ३ दिनसम्म अस्पतालमा भर्ना गरी उपचार गरियो।

अर्को जेल अर्थात् तुल्सीपुर जेलको क्षमता १ सय जनाको छ। भौतिक अवस्था ठीकै रहेको यस जेलमा ७२ पुरूष, ९ महिला र ३ नाबालक गरी ८४ जना बन्दीहरू रहेका छन्।

गिरफ्तारी र यातना

हाँसिपुर गाविस-७ का ४४ वर्षीय खिमान सिंह गाहा, १९ वर्षीय लुमा गाहा र डम्बरबहादुर दर्लामीलाई माओवादी भएको आरोपमा ०५५ माघ ८ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई बोलाएको समयमा प्रहरी कार्यालयमा हाजिर हुनेगरी रिहा गरियो।

पुरन्धारा गाविस-३ का ३३ वर्षीय टोपबहादुर बस्नेत र ५३ वर्षीय टेकबहादुर वलीलगायत् ८ जनालाई माओवादी भएको आरोपमा ०५५ माघ ११ गते प्रहरीले गिरफ्तार गरे। तर पीडितहरूले आफूहरू माओवादी नभएको बताए। पीडितहरूमध्ये टेकबहादुरलाई गिरफ्तार गर्ने अवस्थामा र हिरासतमा पनि प्रहरीद्वारा यातना दिइयो। सबैलाई ९ दिनभित्र रिहा गरियो।

हेकुली गाविस-५ का २३ वर्षीय आशाराम चौधरी र ३० वर्षीय मोतीराम गिरीलाई माओवादी क्रियाकलापमा संलग्न भएको आरोपमा ०५५ माघ २२ गते घरबाटै प्रहरीले गिरफ्तार गरे। दुवैलाई रिहा गरिएको छ।

पुरन्धारा गाविस-८ का ४० वर्षीय ठगबहादुर वली र ४७ वर्षीय चुर्णबहादुर विकलाई माओवादीको संरक्षण गरेको आरोपमा ०५५ फागुन १६ गते प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितहरूलाई फागुन २२ गते रिहा गरियो।

पवननगर गाविस-३ का १७ वर्षीय सेवकराम आचार्यलाई माओवादीको आरोपमा ०५५ फागुन १६ गते तुल्सीपुर नपा-५ बाट प्रहरीले गिरफ्तार गरी चैत ८ गते इलाका प्रहरी कार्यालयबाट रिहा गरियो। पीडितलाई बेपत्ता पारिएको चर्चा हुन थालेपछि पीडितको बारेमा जति फोन आउँथ्यो, उत्तिकै प्लाष्टिकको पाइपले पैताला, तिघ्रामा यातना दिइएको उनले बताए। रिहा भएको केही दिनसम्म यातनाको कारणले पीडित राम्रोसँग हिंड्न पनि सकेका थिएनन्।

तुल्सीपुर नपा-६ गाइडरका लक्ष्मण चौधरी, हस्तबहादुर नेपाली र रामकृष्ण चौधरीलाई ०५५ फागुन १७ गते घरमै बसिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी कुटपिट गरे।

माओवादीको आरोपमा यातना दिइएका सेवकराम आचार्य र श्रीप्रसाद चौधरी

पीडितहरूलाई दुई दिनपछि रिहा गरियो। यातनाका कारण रामकृष्णलाई उपचारार्थ महेन्द्र अस्पतालमा भर्ना गरिएको थियो।

रामपुर गाविस-६ का २५ वर्षीय भोजु चौधरी, ४० वर्षीय पैजु चौधरी, ३२ वर्षीय छेदुराम चौधरी, ३६ वर्षीय गुरीलाल चौधरी, ३९ वर्षीय वीरबहादुर नेपाली, ३५ वर्षीय गोकुल नेपाली, ४१ वर्षीय गिरीराज अधिकारी र २२ वर्षीय सच्चु चौधरीलाई माओवादीको आरोपमा ०५५ फागुन २५ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ०५५ फागुन २७ गते रिहा गरियो।

सिसहनिया गाविस-९ का ३५ वर्षीय देवीप्रसाद चौधरी र १९ वर्षीय श्रीप्रसाद चौधरीलाई माओवादीको आरोपमा ०५५ चैत १ गते राति प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितहरूलाई चैत २ गते रिहा गरियो।

धर्ना गाविस-६ का २८ वर्षीय सन्तोष थापा, ढिकपुर गाविस-७ का ३५ वर्षीय लोकबहादुर भण्डारी, ३३ वर्षीय प्रेमबहादुर भण्डारी र २६ वर्षीय पदमबहादुर भण्डारीलाई ०५६ असार २० गते मलका लागि कृषि सामग्री संस्थानको गोदाममा गएको बेला प्रहरीले अन्धाधुन्ध लाठीचार्ज गरी घाइते बनाए।

त्रिभुवननगर नपा-११ का २९ वर्षीय मधुसुधन वैद्य, सोनपुर गाविस-८ का ४३ वर्षीय शोभाकर आचार्य, लक्ष्मीपुर गाविसका ६० वर्षीय कुलराज अधिकारी, नेकपा (एमाले) रूकुम जिल्ला कमिटीका सदस्य नन्दलाल शर्मालगायत् ९ जनालाई माओवादी भएको आरोपमा ०५६ असोज १८ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई २१ गते रिहा गरियो।

हाँसीपुर गाविस-२ का ४४ वर्षीय टेकबहादुर कार्कीलाई माओवादीको आरोपमा ०५६ कात्तिक २२ गते बिहान प्रहरीले गिरफ्तार गरे। पीडितलाई ०५६ पुस १ गते २८ हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

बाघमारे गाविस-५ का ४० वर्षीय पूर्णबहादुर वलीलाई माओवादीको आरोपमा ०५६ मंसिर १७ गते प्रहरीले गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

हाँसिपुर गाविस-४ का २५ वर्षीय अमरबहादुर बुढा र पुरन्धारा गाविस-८ का ४१ वर्षीय मानबहादुर टोमटालाई ०५६ मंसिर २९ गते खुनडाँकाको आरोपमा प्रहरीले गिरफ्तार गरेकोमा पुस ३० गते तारेखमा रिहा गरियो तर तुरून्तै हातहतियार खरखजानाको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितलाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ती आरोपहरू लगाइएको थियो।

सौडियार गाविस-३ की १७ वर्षीय कृष्णा चौधरी, सोही गाविसका लोहारू चौधरी, १८ वर्षीय सीता चौधरी र लक्ष्मीपुर गाविस बन्जारीकी लक्ष्मी चौधरीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५६ पुस १५ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा राखियो।

बेपत्ता पारिएको

पुरन्धारा गाविस-८ हुरमका ६१ वर्षीय नरबहादुर खड्कालाई माओवादीको संरक्षण गरेको आरोपमा ०५५ फागुन

१२ गते राति आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितको अवस्थाको बारेमा केही थाहा हुन सकेको छैन। पीडितलाई हत्या गरेको आशंका गरिएको छ।

नाम, ठेगाना थाहा हुन नसकेका अन्दाजी ३०/३२ वर्षीय २ जना व्यक्तिहरूलाई ०५६ पुस १४ गते बिहान विजौरी गाविस-५ शहीदचोक नजिकबाट प्रहरीले गिरफ्तार गरेकोमा हालसम्म कुनै जानकारी दिइएको छैन। जिल्ला प्रहरी कार्यालयमा सम्पर्क गर्दा "हामीलाई जानकारी छैन" भन्ने जवाफ दिइयो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

धनौरी गाविस-५ का २० वर्षीय मदन के.सी. लाई ०५५ फागुन ९ गते राति नेकपा (माओवादी) का ५/७ जना कार्यकर्ताहरूले कुटपिट गर्नुका साथै सुन, कपडा आदि सामाग्रीहरू लुटे।

सतवरिया गाविस-६ का २९ वर्षीय छविलाल चौधरीलाई ०५५ चैत ११ गते प्रहरीले नेकांको प्रचार प्रसार नगरेमा ज्यानमार्ने धम्की दिए।

तुल्सीपुर नपा-५ का ३७ वर्षीय जीवन के.सी.लाई राजनीतिक प्रतिशोधका कारण ०५६ वैशाख १ गते नेकपा (माले) का कार्यकर्ताहरूले कुटपिट गर्नुका साथै नेकपा (एमाले) को कार्यालयमा तोडफोड गरे।

तुलसीपुर नपा-८ का ३७ वर्षीय नेकपा (माले) समर्थित प्रायुसंघका जिल्ला सदस्य मेघराज भुसाललाई नेकपा (एमाले) का जि.क. सदस्यको घरमा ढुङ्गामुढा गरेको आरोपमा ०५६ वैशाख १ गते नेकपा (एमाले) का केही कार्यकर्ताहरूले कुटपिट गरे।

मानपुर गाविस-६ का ३६ वर्षीय रेशमबहादुर डाँगी, विजौरी गाविस-१ का २८ वर्षीय मनोजजंग राना, सोही गाविस-३ का २४ वर्षीय मोतीलाल घर्ती, नारायणपुर गाविस-१ का २२ वर्षीय उमंग अधिकारी, सोही गाविस-३ का १८ वर्षीय मनोज न्यौपाने र त्रिभुवननगर नपा-११ का ४३ वर्षीय हरिबहादुर के.सी. लाई राजनीतिक प्रतिशोधका कारण ०५६ वैशाख १२ गते नेकपा (माले) का २०-२२ जना कार्यकर्ताहरूले माले पार्टी कार्यालयमा ल्याई सख्त घाइते हुने गरी कुटपिट गरे। पीडकहरूमध्ये मेघराज भुसाललाई प्रहरीले गिरफ्तार गरेकोमा वैशाख १९ गते तारेखमा रिहा गरियो।

पुरन्धारा गाविस-९ गंगटेका ३२ वर्षीय मंगलसिंह कामीलाई राजनीतिक प्रतिशोधका कारण ०५६ जेठ १८ गते नेकाँका कार्यकर्ताहरू अमलाल कवर, कर्णबहादुर राना, पोखरसिंह बुढाथोकी र गणेश डाँगीले घरबाट बाहिर बोलाई बाँधेर प्रहरीकहाँ जाने भनी जेठ २३ गतेसम्म ज्यानमार्ने धम्की दिँदै पीडकहरूकै घरमा राखे। पीडितलाई ६ हजार रूपैयाँ तिर्छु भन्ने कागज गराई रिहा गरिएको थियो

मानपुर गाविस-२ की ३८ वर्षीय जुगरी चौधरी, बर्दिया जिल्ला घर भई राप्ती गुल्ममा कार्यरत् प्रहरी जवानहरू मोहन चौधरी र २१ वर्षीय महेश ढकालसमेत ६ जनालाई ०५६ असार २४ गते कृषि सामग्री संस्थानको हाताभित्र केही अज्ञात व्यक्तिहरूले कुटपिट गरी सख्त घाइते बनाए।

कुटपिटबाट घाइते रेशमबहादुर डाँगी

सैघा गाविस-७ का २८ वर्षीय दीपेन्द्र थापालाई ०५६ भदौ १७ गते सोही गाविस-६ का २५ वर्षीय दलबहादुर पुन, देवराज जैसी, सोही गाविस-७ का टीकाराम रोकालगायत् ५ जना व्यक्तिहरूले माओवादीको नाममा पाँच हजार रूपैयाँ नदिए कुटपिट गर्ने धम्की दिए। पीडकहरूमध्ये ४ जनालाई प्रहरीले गिरफ्तार गरे।

विजौरी गाविस-४ का २८ वर्षीय नेवबहादुर बस्नेतलाई ०५६ कात्तिक ३ गते मानपुर गाविस-१ स्थित आफ्नो ससुरालीबाट विजयादशमीको टीका लगाई घर फर्किरहेको अवस्थामा हेमन्तपुर प्रहरी चौकीका प्रहरी जवानहरू पदमबहादुर थापा र जयबहादुर कामीले कुटपिट गरे। पीडकहरूलाई विभागीय कारवाही हुँदै गरेको जानकारी जिल्ला प्रहरी कार्यालयबाट दिइयो।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

आमनिर्वाचनको क्रममा ०५६ वैशाख २० गते क्षेत्र नं. २-४ का केही मतदान केन्द्रमा छाप लगाउने स्थान पूर्णरूपमा गोप्य हुन नसकेको पाइयो। कार्डवोर्ड खुल्ला रूपमा राखिए तापनि त्यसबाट गोप्यता कायम हुन नसकेको पाइएको कुरा "नियोक" ले जनायो।

क्षेत्र नं. १ मा सतवरिया निमावि, अमिलिया, बेला, सालमौरी, राजपुर मतदान केन्द्रमा एकलौटी मतदान भएको पाइयो। नेकाँका कार्यकर्ताहरूले ती मतदान केन्द्रमा अन्य पार्टीका कार्यकर्ताहरूलाई धम्क्याई मतदान केन्द्र छाड्न विवश बनाए।

लालमटिया गाविसको मावि मौरीघाट मतदान केन्द्रको वुथ नं. ३ को चैलाही गाविस मतदान केन्द्र र गंगापरस्पुर गाविसको प्रावि चैनपुर केन्द्रमा दिउँसो १ बजेदेखि अनियमित प्रकृया अपनाई मतदान भएको पाइयो। एक भन्दा बढी मत खसाल्ने र अर्काको नामको मत खसाल्ने प्रकृयाको लिखित विरोध गर्दा पनि त्यसतर्फ उचित कारवाही नगरिएको र अनियमित मतदान भैरहेको जनाउँदै नेकांबाहेक अन्य पार्टी प्रतिनिधिहरूले मतदान केन्द्र छाडे।

निर्वाचनको दिन गैर पत्रकारहरूलाई पनि पत्रकार भनी गाडी चलाउने अनुमति पत्र दिइयो। त्यसरी अनुमति दिइएका

घटनाको प्रकार	गैह्रराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	९	१२	३	१५				
गोलीद्वारा हत्या	१	१		१	४	६		६
गोलीद्वारा घाइते/हवाइ फायर	२	३		३				
बम प्रहार	१	१		१				
लाठी चार्ज					१	४		४
गिरफ्तारी र यातना					१३	४१	७	४८
कुटपिट	१२	१५	३	१८	१	१		१
धम्की	६	६		६	१	१		१
वेपत्ता पारिएको					२	३		३
भूमिहीन/सुकुम्बासी समस्या	१	१		१				
महिला किनबेच	१		१	१				
बलात्कार	२		२	२				
बलात्कार प्रयास	१		१	१				
गर्भपतन					१		१	१
पारिवारिक हिंसा	१		१	१				
महिला भएकै कारण यातना					२		२	२
बाल अधिकार	१	१		१				
आतंक	१	१		१				
जम्मा	३९	४१	११	५२	२५	५६	१०	६६
लाश फेला	४	२	२	४				
आत्महत्या	२३	१२	११	२३				
चोरी/डकैती	१		१	१				
दुर्घटनाहरू/विपत्तिहरू	१२	९	३	१२				

गाडीहरूबाट नेकाँका कार्यकर्ता तथा मतदाताहरूलाई ओसारपसार गरिएको आरोप अन्य पार्टीहरूले लगाए।

क्षेत्र नं. १ मा धाँधलीपूर्ण गतिविधिहरू भएको जनाउँदै नेकाँबाहेकका सम्पूर्ण पार्टीहरूले सो क्षेत्रको मतगणना बहिस्कार गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालतमा यस वर्ष २ सय मुद्दा दर्ता भए, जसमध्ये ६६ मुद्दा फर्स्यौट भई १ सय ३४ बाँकी रहे। ती मुद्दामध्ये दुनियावादी फौजदारी ३८ वटा दर्ता भएकोमा ११ फर्स्यौट भई २७ बाँकी रहे भने सरकारवादी फौजदारी ५४ वटामध्ये १५ फर्स्यौट भई ३९ बाँकी रहे। त्यसैगरी विविध देवानीमा २४ वटा दर्ता भएकोमा ८ फर्स्यौट भई १६ बाँकी, दुनियावादी देवानी ७९ मध्ये ३० फर्स्यौट भए। विविध फौजदारीमा २ र प्रत्यक्षीकरणमा १ वटा मुद्दा दर्ता भएकोमा सबै फैसला भए। तर मुल्तवीमा १ वटा परेकोमा बाँकी नै छ। यस अदालतमा २ वर्ष नाघेका मुद्दाहरूको संख्या २५ रहेको छ।

जिल्ला अदालतमा ३ वर्ष वा सोभन्दा बढी समयदेखि नछिनिएका १ मुद्दा छ भने २ वर्षदेखि नछिनिएका १९ वटा मुद्दाहरू रहेका छन्। सरकारवादी फौजदारी २ वटा मुद्दाहरू दर्ता भएकोमा २६ वटा फैसला भई ५६ वटा बाँकी, देवानी २ सय ९३ वटामध्ये २ वटा फैसला भई २ सय ११ बाँकी, विशेष अदालतसम्बन्धी २४ वटामध्ये १ वटा फैसला भई ६ बाँकी, सामान्य फौजदारी ८३ वटामा २५ फैसला भई ५८ बाँकी र विशेष फौजदारी ३० वटामध्ये १८ फैसला भई १२ वटा बाँकी रहेका छन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

हलवार गाविस-२ का ४६ वर्षीय धनबहादुर चौधरीलाई ०५६ भदौ १ गते सोही ठाउँका ७५ वर्षीय जागेश्वर उपाध्यायले आफ्नो जग्गा खाइदिएको आरोपमा जिल्ला अदालतमा उजुरी दिए। पीडितले ०५२ जेठ ३१ गते श्री ५ को सरकार सुकुम्बासी समस्या समाधान आयोगको प्रकृया पूरा गरी १ कट्ठा ८ धुर जग्गा पाएका थिए।

महिला अधिकार

चैलाही गाविस-९ की १४ वर्षीय शान्ति चौधरीलाई ०५६ साउन २५ गते सोही ठाउँका ३२ वर्षीय शेरबहादुर चौधरीले बेचबिस्वन गरेको आरोपमा प्रहरीले शेरबहादुरलाई गिरफ्तार गर्‍यो। पीडकलाई प्रहरीको नजरमा रहने गरी रिहा गरिएको छ।

तुल्सीपुर नपा-५ की १४ वर्षीय दुई बालिकालाई ०५५ फागुन ७ गते त्रिभुवननगर नगरपालिका-१० का १९ वर्षीय सन्तोष पन्त र सुनिल श्रेष्ठले टरिगाउँ गाविसको कपडादेवी नर्सरीमा छुरी, चैन आदि देखाई बलात्कार गरे। पीडकहरू फरार छन्।

पुरन्धारा गाविस-३ की ९ वर्षीय एक बालिकालाई ०५६ असार २ गते सोही ठाउँका १८ वर्षीय मनोज वि.क.ले आफ्नै घरमा बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

बेला गाविस-८ की १३ वर्षीय एक बालिकालाई ०५६ साउन १६ गते सोही ठाउँका १९ वर्षीय सोनुवा वि.क.ले बलात्कार गर्ने प्रयास गर्‍यो। पीडक फरार छ।

यस वर्ष यो जिल्लामा पारिवारिक हिंसाको एउटा घटनामा एक महिला तथा महिला भएकै कारणले दिइने अन्य अमानवीय व्यवहारका २ वटा घटनामा २ जना महिला पीडित भएको जानकारीमा आए। कुटपिटका कारण एउटा गर्भपतन भयो। जसमध्ये –

दैलेख जिल्ला सरस्वती गाविस-७ घर भई त्रिभुवननगर नपा-१० मा बस्ने २५ वर्षीय नीतु रावललाई ०५६ साउन ३१ गते उनकै पति २८ वर्षीय भीम रावल, उनकै सौता र प्रहरी जवान २७ वर्षीय कमल डाँगीले कुटपिट गरेका कारण भदौ ३ गते गर्भपतन भयो।

गोवर्डिहा गाविस-१ की २२ वर्षीय शान्ति सापकोटालाई अवैध सन्तान जन्माएको आरोपमा ०५६ भदौ १ गते उनकै पति २६ वर्षीय माधव सापकोटाले कुटपिट गर्नुका साथै अपमानित व्यवहार गरे। पीडित माइतीमा बसेकी छिन्।

बालअधिकार (बालबालिका उपरको अत्याचार)

त्रिभुवननगर नपा-११ का ५ वर्षीय वावेल पौडेललाई ०५६ भदौ १ गते सोही ठाउँका अन्दाजी ३९ वर्षीय भोजराज देवकोटाले आफ्नो बच्चालाई पानी छ्यापेको आरोपमा बेहोस हुनेगरी कुटपिट गरी डोरीले बाँधेर खम्बामा उभ्याइदिए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

तुल्सीपुर नपा-५ की १४ वर्षीय दुई बालिकालाई ०५५ फागुन ७ गते त्रिभुवननगर नगरपालिका-१० का १९ वर्षीय सन्तोष पन्त र सुनिल श्रेष्ठले बलात्कार गरेको विषयलाई लिएर मुक्ति समाजले घोराहीमा एक पत्रकार सम्मेलन गरी दोषीमाथि कारवाहीको माग गऱ्यो।

अतिरिक्त जानकारीहरु

तुल्सीपुर नपा-५ का सांसद गेहेन्द्र गिरीको घरमा ०५६ असोज १८ गते साँझ अज्ञात व्यक्तिहरूले बम प्रहार गरी क्षति पुऱ्याए। पीडकहरू माओवादी भएको आशंका गरिएको छ।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइवीका कारणले भएका कुटपिटका ८ वटा घटनामा ७ जना पुरुष र १ जना महिला पीडित भए। ११ जना महिला र १२ जना पुरूषले आत्महत्या गरे। आगलागीका ५ वटा घटनाहरू भए। दुर्घटनाका ७ वटा घटना भए जसमा १२ जनाको मृत्यु भयो।

४.२ प्युठान

जनसंख्या	: १७५४६९
साक्षरता प्रतिशत	: ३४.८
महिला साक्षरता प्रतिशत	: १७.४
क्षेत्रफल (वर्ग कि.मी.)	: १३०९
गाविस/नपा संख्या	: ४९/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: २७३
क्याम्पस/उच्च मावि	: १/१
अस्पताल/स्वास्थ्य चौकी	: १/५२
टेलिफोन लाइन	: १९०
मोटर सडक (कि.मी.)	: ११५
प्रहरी कार्यालय संख्या	: १८
हुलाक संख्या	: ५०

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ३ वटा घटनामा ३ जना पुरुषको हत्या भयो। जसमध्ये -

धर्मवती गाविस-१ बाघदुला मालुङका राजेन्द्रकुमार जि.सी.लाई ०५६ मंसिर १७ गते स्याउलीवाङ गाविस-९ का नरबहादुर पुन र टीकाबहादुर गुरूङले आपसमा झैझगडा हुँदा छुरी प्रहार र कुटपिट गरी हत्या गरे। पीडकहरूले पीडितसँग भएको दुई हजार रूपैयाँसमेत लुटेर लगे। पीडक नरबहादुरलाई पुर्पक्षको लागि थुनामा राखिएको छ भने टीकाबहादुर फरार छ।

जेल र बन्दीहरु

यस जिल्लाको जेलको क्षमता २५ जना हो। यहाँ २६ जना बन्दीहरू रहेका छन् जसमध्ये १३ बन्दी र १३ थुनुवा रहेका छन्। निकै जीर्ण अवस्थामा रहेको यस जेलको यस वर्ष मर्मत सुधार गरियो। बन्दीहरूलाई हप्तामा दुई पटक भेट्न पाइने व्यवस्था छ। बन्दीहरूका लाथि टिभी र रेडियोको व्यवस्था छ। धाराको पानी, बिजुली, पत्रपत्रिकाको पनि व्यवस्था छ। बन्दीहरूलाई स्व श्रेणीको सिदा उपलब्ध गराइन्छ। दैनिक १५ रूपैयाँका दरले हरेक १०/१० दिनमा बन्दीहरूलाई दिइन्छ। स्वास्थ्य उपचारको व्यवस्था भने त्यति राम्रो छैन। निकै बिरामी भैसकेपछि प्राथमिक स्वास्थ्य कार्यालयमा लगिन्छ र त्यहाँ उपचार हुन नसकेपछि मात्र जिल्ला अस्पतालमा लगिन्छ।

गिरफ्तारी र यातना

खुङ गाविस-४ का ४८ वर्षीय ग्यामुराम क्षेत्री र सोही गाविस-२ का ३० वर्षीय बाबुराम बिष्टलाई ०५५ फागुन १९ गते प्रहरीले माओवादीको आरोपमा गिरफ्तार गरी फागुन २४ गते तारेखमा रिहा गरे। पीडितहरू नेकपा (मसाल) समर्थित व्यक्तिहरू हुन्।

बेपत्ता पारिएको

उदयपुरकोट गाविस-३ का ६२ वर्षीय दिनु पुन (धवाली) लाई ०५६ भदौ ७ गते प्रहरीले घरबाटै गिरफ्तार गरेकोमा हालसम्म बेपत्ता पारिएको छ। पीडित आँखा कम देख्ने भएकाले प्रहरीले बेपत्ता पारेकोमा छिमेकीहरू आश्चर्य व्यक्त गर्दछन्।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३		३				
गिरफ्तारी र यातना					१	२		२
कुटपिट	९	१६	३	१९				
धम्की	१	१		१				
बेपत्ता पारिएको					१	१		१
बलात्कार	१		१	१				
बलात्कार प्रयास	१		१	१				
गर्भपतन	२		२	२				
महिला भएकै कारण यातना	१		१	१				
जम्मा	१८	२०	८	२८	२	३		३
लाश फेला	१	१		१				
आत्महत्या	१५	११	४	१५				
दुर्घटनाहरू/विपत्तिहरू	१८	२२	३	२५				

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

मर्कावाङ गाविस अध्यक्ष ४० वर्षीय मानबहादुर वली र ३६ वर्षीय प्रहरी हवल्दार प्रेमबहादुर पुनलाई ०५५ चैत ४ गते दिउँसो १ बजे दारवाक्वाडी गाविस-३ बेलुवा भन्ने चौतारामा बसमा बसी आइरहेको अवस्थामा बसभित्रै दुई जना अज्ञात व्यक्तिहरूले खुकुरी प्रहार गरी घाइते बनाए। पीडितहरू चुनाव प्रचार प्रसारको क्रममा देवीस्थानतर्फ गइरहेका थिए। गाविस अध्यक्ष वलीलाई उपचारका लागि काठमाडौं लगिएको थियो।

विजयनगर गाविस-२ दैले सिमलका ३६ वर्षीय ताराबहादुर परियारलाई ०५५ चैत ११ गते सोही ठाउँका ३४ वर्षीय डम्बरबहादुर खत्रीले आफूले भनेको पार्टीको चुनाव चिन्हमा भोट नहाल्ने जनाएपछि कुटपिट गरे। पीडकले उल्टै विजुवार प्रहरी चौकीमा निवेदन दिई केश फारम गरेकोमा प्रहरीले आफ्नै गाविसमा मिलेमतो गर्ने सल्लाह दिएका थिए।

मरनठाना गाविस-६ का ४४ वर्षीय मानध्वज गिरीलाई ०५६ वैशाख १९ गते सोही गाविसका ४६ वर्षीय मोहन गिरी लगायत् १० जना व्यक्तिहरूले राजनीतिक प्रतिशोधका कारण कुटपिट गरे।

मरनठाना गाविस-३ का २२ वर्षीय रामबहादुर बस्नेत र ४८ वर्षीय भीमबहादुर बस्नेतलाई फरक पार्टीको चुनाव प्रचार गरेको आरोपमा ०५६ वैशाख २६ गते सोही गाविसका ५१ वर्षीय रिमबहादुर बस्नेत र २१ वर्षीय मनबहादुर बस्नेतलगायत् ७ जनाले सख्त घाइते हुनेगरी कुटपिट गरे।

प्युठान कारागारका पुरुष बन्दीहरू

बाङ्गेमरोठ गाविस-३ बाङ्गेका ३८ वर्षीय रेशमबहादुर जि.सी.लाई राजनीतिक रिसइवीका कारण ०५६ जेठ ४ गते साँझ गाउँबाट घरतर्फ आइरहेको बेला ४-५ जना अज्ञात व्यक्तिहरूले कुटपिट गरी बायाँ हात भाँचिदिए। पीडकहरू मसालका कार्यकर्ता हुनसक्ने पीडितले बताए।

ओखरकोट गाविस-८ का ४७ वर्षीय हरिप्रसाद पोखे्रलला‌ई ०५६ जेठ ५ गते आफ्नो कार्यकर्ता गिरफ्तार परेको थाहा पाई प्रहरी चौकीमा गएर फर्किरहेको अवस्थामा एक्कासि अज्ञात व्यक्तिहरूले पछाडिबाट हिर्काई बेहोश बनाए। पीडितलाई उपचारका लागि काठमाडौं लगिएको थियो। पीडितका अनुसार ती व्यक्तिहरू मसाल समर्थित हुन सक्छन्।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

क्षेत्र नं. २ अन्तर्गतको विजुवार गाविसमा ०५६ वैशाख २० गते आमनिर्वाचनको क्रममा नेकांका कार्यकर्ताहरूले होहल्ला गर्दा १ घण्टा चुनाव स्थगित भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा १ सय ४४ थान मुद्दाहरू रहेका छन्। त्यसमध्ये अघिल्लो सालबाट जिम्मेवारी सरेर आएका देवानी ५४ र फौजदारी २४ तथा यस वर्षका देवानी ३६ र फौजदारी ३० रहेका छन्।

महिला अधिकार

तिराम गाविस-१ की १२ वर्षीय एक बालिकालाई ०५५ चैत १ गते आफ्नै बुबा ४९ वर्षीय मतबहादुर वि.क.ले बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ। पीडित बालिकालाई चैत १७ गते प्युठान जिल्ला अस्पताल ल्याई उपचार गरिएपछि हाल घरमै छन्।

मर्कावाङ गाविस-३ की २२ वर्षीय शारदा पौडेललाई ०५६ असार ६ गते साँझ घरमा खाना पकाइरहेको बेला सोही ठाउँका ३३ वर्षीय चिन्ताबहादुर खत्रीले घरभित्र पसी बलात्कार गर्ने प्रयास गरे। पीडित चिच्याएर कराएपछि पीडितका भाइ आएका कारण पीडक भागेको थियो। पीडितले निवेदन दिएपछि पीडकलाई असार ८ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा राखेकोमा ६ दिनपछि रिहा गरियो।

यस वर्ष यो जिल्लामा महिला भएकै कारणले यातना दिइएको एउटा घटनामा एक जना महिला पीडित भएको तथा गर्भपतनको दुईवटा घटना जानकारीमा आयो। जसमध्ये -

मरनठाना गाविस-७ का ४५ वर्षीय सन्तकुमारी सुनार्नीलाई ०५५ माघ १८ गते स्वलङ्गा गाविस-५ का आफ्नै जेठाजु ५५ वर्षीय दलबहादुर कामीले बोक्सीको आरोप लगाई बेहोस हुने गरी कुटपिट गरे। पीडक दलबहादुरको भैंसी बिरामी भई मरेको र धामी ल्याई हेराउँदा आफ्नै घरधुरीभित्रको मानिसले गर्दा हो भनेकाले पीडक दलबहादुरले भाइ-बुहारीलाई कुटपिट गरी मरणासन्न अवस्थामा पुऱ्याए। दुवै पक्षबीच ०५६ माघ २० गते जिल्ला प्रहरी कार्यालयमा मिलापत्र भयो।

अतिरिक्त जानकारीहरु

यो वर्ष यस जिल्लामा व्यक्तिगत रिसइबीका कारण भएका कुटपिटका ३ वटा घटनामा ८ जना पुरूष र २ जना महिला पीडित भए। आत्महत्याका १५ वटा घटना भए जसमा ११ जना पुरूष र ४ जना महिला पीडित भए। एक पुरूषको लास फेला पऱ्यो। त्यस्तै सवारी दुर्घटनाका ५ वटा घटनामा ७ जना पुरूष र ३ जना बालकको मृत्यु भयो भने खोलाले बगाएर ४ जना पुरूषको मृत्यु भयो। जंगली जनावरको आक्रमणबाट ४ जना बालक र २ जना बालिकाको मृत्यु भयो। आगलागीका २ वटा घटनामा ४ जनाको मृत्यु हुनुको साथै २८ वटा घरगोठ तथा २३ लाख ७५ हजार मूल्य बराबरको धनमाल क्षति भयो।

४.३ रोल्पा

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

जेलवाङ गाविस-७ पिउलीका ३१ वर्षीय कर्णबहादुर पुनलाई माओवादी भएको आरोपमा ०५५ पुस २६ गते बेलुका ७ बजेतिर आफ्नो घरमा बसिरहेको अवस्थामा प्रहरीले गोली हानी हत्या गरे।

जंकोट गाविस-७ नम्लीका २६ वर्षीय जयबहादुर पुन, सोही गाविस-५ वङवाङका ३२ वर्षीय अम्मरबहादुर पुन र २८ वर्षीय जिते पुनलाई माओवादी भएको आरोपमा ०५५ माघ १ गते प्रहरीले गिरफ्तार गरी जंकोट गाविस-३ खुमसयको खोल्सामा लगी गोली हानी हत्या गरे।

होमा गाविस-७ चुत्रेगातिनाका ५५ वर्षीय गर्भे बुढालाई चन्दा नदिएको आरोपमा ०५५ माघ ११ गते माओवादीहरूले गोली प्रहार गरी घाइते बनाए। पीडितसँग पीडकहरूले बन्दूक तेर्स्याई सहयोग माग्दा पीडितले बन्दूक खोसेको र दुवैपक्षबीच भिडन्त भएको थियो।

हार्जङ गाविस-४ हार्जङका १६ वर्षीय पाण्डे पुनलाई माओवादी भएको आरोपमा ०५५ माघ १४ गते गाउँलेहरूले गिरफ्तार गरी प्रहरीलाई बुझाएकोमा माघ १८ गते गुम्चाल गाविसको घोप्टेचौरको जंगलमा लगी प्रहरीले हत्या गरे। पीडितको लाश परिवारलाई नदिई पोष्टमार्टम नै नगरिकन प्रहरीले घटनास्थलमा गाडेका थिए।

लिवाङ गाविस-६ कामीडेराका ४ वर्षीय लाटा सुनार र ९ वर्षीय शान्ति सुनारको ०५५ फागुन ३ गते जिल्ला प्रशासन कार्यालय पछाडि खेल्न गएको अवस्थामा बम विष्फोटनमा परी मृत्यु भयो। सोही ठाउँका ३ वर्षीय चित्रबहादुर सुनार र ४ वर्षीय काली सुनार घाइते भए। घाइतेहरूलाई उपचारका लागि नेपालगंज लगिएको थियो। सो बम माओवादीहरूले राखेको आशंका गरिएको छ।

सिर्प गाविस-५ गोठेचौरका ५० वर्षीय तिलबहादुर के.सी. र उनकै छोरी ७ वर्षीय कल्पना के.सी.लाई फटाहा भएको आरोपमा ०५५ फागुन ४ गते माओवादीहरूले गोली हानी घाइते बनाए। पीडितको घरमा माओवादीहरूले आगो लगाई बम विष्फोटन गराउँदा घर सखाप भयो। पीडितहरूलाई उपचारार्थ काठमाण्डौ लगिएको थियो।

जेलवाङ गाविस-४ कोरवाङका रजबहादुर घर्ती र सुरै बुढालाई माओवादी भएको आरोपमा ०५५ फागुन १९ गते हार्जङ गाविसका जनताले लखेटी सोही गाविस-३ बाछा चराउने भीरनेर कुटपिट गरी हत्या गरे। पीडितहरूको लास पोष्टमार्टम नै नगरी फालियो।

हार्जङ गाविस-३ हार्जङका ५५ वर्षीय अमृत गिरी, ६० वर्षीय पुस्ते गिरी, ५३ वर्षीय ढाटे पुन, १५ वर्षीय चैत पुन, ५० वर्षीय तिर्खे गिरी, ४६ वर्षीय मनबहादुर गिरी, ४६ वर्षीय ऐमन पुन र सोही गाविस-१ का वेगम पुनलाई प्रहरीसँग मिलेर माओवादीहरूलाई हत्या गर्न सहयोग गरेको आरोपमा ०५५ फागुन २७ गते सोही गाविस-३ हार्जङका कमरा रोकाको घरमा

बम विष्फोटनमा परी मृत्यु भएका ४ वर्षीय लाटा सुनार र ९ वर्षीय शान्ति सुनार

भेला भई बसीरहेको अवस्थामा माओवादीहरूले आगो लगाएर तथा गोली प्रहार गरी हत्या गरे। यसका साथै सोही गाविस-१ का वडा सदस्य ४६ वर्षीय हस्ते गिरी, वडा नं. ३ का वडा सदस्य गोपाल गिरी र ४० वर्षीय शमशेर गिरीलाई गोली प्रहार गरी घाइते बनाए। पीडितहरूलाई उपचारार्थ नेपालगंज लगिएको थियो।

कुरेली गाविस-४ तराङ मगरबोटका २२ वर्षीय पृथ्वी बुढालाई माओवादीको आरोपमा ०५५ चैत १ गते आफ्नो घरमा बसेको अवस्थामा प्रहरीले गिरफ्तार गरी सोही गाविसको कुरेली छहरा खोलामा लगी गोली हानी हत्या गरे।

नुवागाउँ गाविस-१ वाकुलका ६३ वर्षीय चन्द्रलाल पुनलाई माओवादीको आरोपमा ०५५ चैत ६ गते बिहान ५.३० बजेतिर प्रहरीले गिरफ्तार गरी इलाका प्रहरी कार्यालय होलेरीमा लग्ने क्रममा सोही गाउँको ठारलेखको जंगलमा गोली हानी हत्या गरे।

खुमेल गाविस-२ कुनापानीका सोही गाविसको अतिरिक्त हुलाकमा कार्यरत २७ वर्षीय गणेश के.सी. लाई माओवादीको आरोपमा ०५५ चैत ६ गते सोही गाविस-१ लामपाटा भन्ने ठाउँबाट घर फर्कन लाग्दा प्रहरीले गोली हानी हत्या गरे। पीडितको लास सोही ठाउँमा फालियो।

तेवाङ गाविस-८ घरेलीका १८ वर्षीय निमा घर्तीलाई माओवादी भएको आरोपमा ०५५ चैत ८ गते राति १२ बजे घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी सोही गाविस-८ दहखोलाको जंगलमा लगी गोली हानी हत्या गरे। पीडितको लास प्रहरीले बेपत्ता पारे।

जेलवाङ प्रहरी चौकीका प्रहरी जवान चन्द्रबहादुर थापाको ०५५ चैत १९ गते राति माओवादीहरूले चौकीमा आक्रमण गरी आगो लगाउँदा मृत्यु भयो। आगोले चौकी ध्वस्त भयो।

गजुल गाविस-१ दलङघाका १७ वर्षीय रेगबहादुर थापा, १६ वर्षीय छलि थापा र सोही गाविस-२ की १६ वर्षीय तेजकुमारी महरालाई माओवादी भएको आरोपमा ०५५ चैत २७ गते बिहान प्रहरीले गिरफ्तार गरी गजुल खोला र खुमेल खोलाको दोभाननेर गोली हानी हत्या गरे। पीडितको लास सोही ठाउँमा फालिएको थियो।





माओवादीहरूले हत्या गरेका वडाध्यक्ष इमान सुनार र गणेश केसी

जनसंख्या	: १७९६२१
साक्षरता प्रतिशत	: २९.८
महिला साक्षरता प्रतिशत	: १०.२
क्षेत्रफल (वर्ग कि.मी.)	: १८७९
गाविस/नपा संख्या	: ५१/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: २६६
क्याम्पस/उच्च मावि	: १/०
अस्पताल/स्वास्थ्य चौकी	: १/५५
टेलिफोन लाइन	: १७
मोटर सडक (कि.मी.)	: ३०
प्रहरी कार्यालय संख्या	: ३२
हुलाक संख्या	: ५१

इलाका प्रहरी कार्यालय थवाङका प्रहरी जवान परमानन्द भट्ट उक्त प्रहरी कार्यालयमा आउने पानी बन्द भएकोले पाइप बनाउन मुहानमा गएको अवस्थामा ०५६ वैशाख ५ गते मुहानको नजिकै माओवादीहरूले राखेको एम्बुसमा परी घटनास्थलमै मृत्यु भयो।

प्रथम चरणको आमनिर्वाचन सम्पन्न गराउन जुगारबाट गैरीगाउँ निर्वाचन केन्द्रतर्फ गइरहेको अवस्थामा ०५६ वैशाख १९ गते बिहान ८ बजेतिर गैरीगाउँ गाविस-४ दर्वैनेर माओवादीहरूले राखेको एम्बुसमा परी प्रहरी जवानहरू गोरखबहादुर मोहरा र दलबहादुर नेगीको मृत्यु भयो। एम्बुसमा परी प्रहरीहरू धर्मानन्द शाह, विश्वेश्वर शाह, प्रल्हाद थापा, दिलबहादुर चौधरी, कृष्ण अधिकारी र पूर्णानन्द भट्ट घाइते भए। घाइतेहरूलाई उपचारार्थ नेपालगंज लगिएको थियो।

गैरीगाउँ गाविस-४ दर्बैका १६ वर्षीय दुर्गा के.सी. लाई माओवादी भएको आरोपमा ०५६ वैशाख १९ गते प्रहरीले घरभित्रबाट आँगनमा ल्याई गोली हानी हत्या गरे। पीडितको लास पोष्टमार्टम नै नगरी गाड्न लगाइयो।

पाल्पा जिल्ला घर भई शाही नेपाली सेनामा कार्यरत २१ वर्षीय बमबहादुर कार्की र लमजुङ जिल्ला घर भई शाही नेपाली सेनामा कार्यरत २२ वर्षीय नत्थबहादुर कुमाललाई ०५६ वैशाख २४ गते राति २० गते सम्पन्न आम निर्वाचनको मतपेटिकाको सुरक्षाको लागि घर्तिगाउँ गाविस-२ गैरागाउँ तरिवाङ खोलाका ओमबहादुर घर्तीको घरमा बसिरहेको अवस्थामा केही अज्ञात व्यक्तिहरूले गोली हानी हत्या गरे।

जेलवाङ गाविस-८ रूलवाङका वडाध्यक्ष ६० वर्षीय इमान सुनारलाई आमनिर्वाचनमा मतदान गर्न गएको आरोमपा ०५६ वैशाख २६ गते बेलुका घरमा खाना खाइरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरी हत्या गरे।

राँक गाविस-२ गोर्जलेका २५ वर्षीय प्रेमबहादुर वली र २६ वर्षीय नरसिं वलीलाई माओवादी भएको आरोपमा ०५६ जेठ २ गते बिहान प्रहरीले गिरफ्तार गरी सोही गाविस-४ विचौरनेर लगी हत्या गरे। पीडितहरूको लास पोष्टमार्टम नगरी तथा परिवारलाई जानकारी नदिइ प्रहरीले नै गाडेका थिए।

प्युठान जिल्ला खैरा गाविस घर भई खुङग्री प्रहरी चौकीमा कार्यरत् प्रहरी जवान ३२ वर्षीय वेगम बस्नेतको लाश ०५६ जेठ ३ गते बिहान खुङग्री गाविस-२ लाल्टिवाङको मर्किना भन्ने

ठाउँमा फेला पऱ्यो। पीडितलाई कसले हत्या गरेको हो भन्नेबारे थाहा हुन सकेको छैन।

होमा गाविस-२ हाङवाङका १५ वर्षीय मंगल बुढा, सोही गाविस-९ रिसवाङका १९ वर्षीय सुन्दर घर्ती, भावाङ गाविस-७ उपल्लो सरूवाका २७ वर्षीय दिपेन्द्र घर्ती, १५ वर्षीय कुमारी घर्ती, २० वर्षी देउमति वि.क., १७ वर्षीय दुर्गासिं घर्ती, सोही गाविस-२ दहवाङकी १७ वर्षीय दुर्गी बाँठा (घर्ती), कोर्चावाङ गाविस-४ घापाका १९ वर्षीय दिलकुमार बुढा, सोही गाविस-३ उपल्लो घापाका २० वर्षीय सुकबहादुर घर्ती, २३ वर्षीय लालबहादुर सार्की र कोटगाउँ गाविस-१ माडीचौरका २० वर्षीय गोविन्द घर्तीलाई माओवादी भएको आरोपमा ०५६ असार ८ गते भावाङ गाविस-५ वाग्माको एउटा घरमा बसिरहेको अवस्थामा प्रहरीले गोली हानी हत्या गरे। उनीहरूको लासको पोष्टमार्टम गरिएन र परिवारलाई पनि दिइएन। प्रहरीले पीडितहरूको अनुहार नचिनिने गरी जलाएर लास घटनास्थलको नजिक एउटा खाडलमा हाली गाडेका थिए।

कोटगाउँ गाविस-६ रिमसकका ३८ वर्षीय भानसिं दमाईलाई माओवादी भएको आरोपमा ०५६ असार २९ गते प्रहरीले गिरफ्तार गरी सोही गाउँको परेमा खोलानेर गोली हानी हत्या गरे। पीडितको लास पोष्टमार्टम गरिएन र परिवारलाई जानकारी नदिई प्रहरीले घटनास्थलमै फालेका थिए।

मिभिङ गाविस-९ कोइरालखर्कका ३० वर्षीय चन्द्रबहादुर बिष्टलाई माओवादी भएको आरोपमा ०५६ असार ३१ गते घरमै बसीरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी नजिकैको जंगलमा लगी गोली हानी हत्या गरे। पीडितको लासको पोष्टमार्टम नै नगरी अनुहार नचिनिने गरी जलाएर फालिएको थियो।

धवाङ गाविस-३ पेवाका माओवादी साँस्कृतिक टोलीका १८ वर्षीय हर्कबहादुर रोकालाई ०५६ साउन ७ गते सोही गाविस-९ भुमवलीडेराका कुलबहादुर वलीको घरमा खाना खान बसेको अवस्थामा प्रहरीले गोली हानी हत्या गरे। सोही घटनामा प्रहरी हवल्दार प्रेमबहादुर महरालाई प्रहरीले चलाएको गोली लाग्न गई मृत्यु भयो। पीडित हर्कबहादुरको लास मुखमा अलिअलि जलाएर पोष्टमार्टम नगरी तथा परिवारलाई थाहै नदिई प्रहरीले गाडे भने प्रेमबहादुरलाई नेपालगंज लगियो।

बूढागाउँ गाविस-१ राङवाङका ३४ वर्षीय लल्के भन्ने ललित घर्तीलाई माओवादीको आरोपमा ०५६ भदौ १६ गते सीमपानी भन्ने ठाउँमा चामल लिन जाँदा सोही गाविस-७ चक्रिखोलानेर प्रहरीले गोली हानी हत्या गरे। प्रहरीले परिवारलाई थाहै नदिई लासलाई घटनास्थलमै छोडेका थिए।

फगाम गाविस-२ राङ्डेराका ३८ वर्षीय कमरा घर्तीलाई माओवादी भएको आरोपमा ०५६ भदौ १६ गते गोठबाट घरतर्फ आइरहेको अवस्थामा सोही ठाउँको खन्नेधाराबाट प्रहरीले गिरफ्तार गरी सोही गाविस-३ को पोजाधारानेर लगी गोली हानी हत्या गरी लासलाई घटनास्थलमै छोडेका थिए।

फगाम गाविस-७ ढारेगौराका २२ वर्षीय धनबहादुर घर्तीलाई माओवादी भएको आरोपमा ०५६ भदौ १६ गते आफ्नो घरको बार्दलीमा बसेको अवस्थामा प्रहरीले गोली हानी खसालेर हत्या गरे। प्रहरीले लास मकै बारीमा लगेर फालेका थिए।

प्रहरीद्वारा हत्या गरिएका सुकबहादुर घर्ती

जैमाकसला गाविस-२ मावाङकी १६ वर्षीय निलमति पुनलाई माओवादीको आरोपमा ०५६ भदौ २६ गते दिउँसो १ बजेतिर स्यूरी गाविस-२ मा गएको बेला प्रहरीले गोली हानी हत्या गरे। पीडितको लाश घटनास्थलमै छोडिएको थियो।

पाखापानी गाविस-७ मुर्चुलाकी २६ वर्षीय गंगा के.सी.लाई माओवादी भएको आरोपमा ०५६ भदौ २७ गते सोही गाविस-२ पैयाबोटस्थित माइतीघरबाट प्रहरीले गिरफ्तार गरी नजिकैको खोल्सामा लगी गोली हानी हत्या गरे। पीडितको लास सोही खोल्सामा फालिएको थियो।

प्रहरीद्वारा हत्या गरिएका दिलकुमार बुढा

जेलवाङ गाविस-९ खिउवाङका ३५ वर्षीय चन्द्रबहादुर बुढालाई माओवादी भएको आरोपमा ०५६ भदौ २७ गते आफ्नो घरमा बसिरहेको अवस्थामा प्रहरीले बाहिर ल्याई गोली हानी हत्या गरे।

जेलवाङ गाविस-९ खिउवाङका ३५ वर्षीय बहादुर बुढालाई माओवादी भएको आरोपमा ०५६ भदौ २७ गते बिहान आफ्नो घरमा बसिरहेको अवस्थामा प्रहरीले बाहिर ल्याई गोली हानी हत्या गरे।

जेलवाङ गाविस-९ खिउवाङ, सिरूवाङका ३५ वर्षीय चन्द्रबहादुर बुढा र ३८ वर्षीय बहादुरे बुढालाई माओवादी भएको आरोपमा ०५६ भदौ २९ गते बिहान ९ बजेतिर आ-आफ्नो घरबाट प्रहरीले गिरफ्तार गरी खिउवाङ खोलानेर लगी गोली हानी हत्या गरे। पीडितहरूको लाश घटनास्थलमै छोडिएको थियो।

पाखापानी गाविस-४ घरेलीका ३६ वर्षीय गंगाराम वलीलाई माओवादी भएको आरोपमा ०५६ भदौ ३० गते घरमै बसिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी घरदेखि केही पर रहेको घरेली जंगलमा लगी गोली हानी हत्या गरे। पीडितको लास घटनास्थलमै छोडिएको थियो।

हार्जङमा हत्या गरिएका तिर्थ गिरी

पाखापानी गाविस-४ उधिनढुङ्गाका ३५ वर्षीय वेदप्रसाद वलीलाई माओवादी भएको आरोपमा ०५६ भदौ ३० गते सोही वडा महानेटाका वागसिं वलीको घरबाट प्रहरीले गिरफ्तार गरी केही परको जंगलमा लगी गोली

हानी हत्या गरे। पीडितको लास सोही ठाउँमा फालिएको थियो।

होमा गाविस-२ गोलवाङका २५ वर्षीय निमबहादुर घर्तीलाई माओवादी भएको आरोपमा ०५६ असोज ९ गते आफ्नो घरको नजिकै काम गरिरहेको अवस्थामा प्रहरीले गोली हानी घाइते बनाए। गोली लागेर पीडितको हात भाँचियो।

पाछावाङ गाविस-४ का ५५ वर्षीय रम्मावहादुर वलीलाई गाउँको फटाहा भएको आरोपमा ०५६ असोज ९ गते राति माओवादीहरूले अपहरण गरी लगेर हत्या गरे। पीडकहरूले लासलाई सोही गाउँका कृष्णवहादुर वलीको घरमा लगी फालेका थिए।

मिरूल गाविस-४ टुट्का ५० वर्षीय रामवहादुर बुढालाई माओवादीको आरोपमा ०५६ कात्तिक ९ गते बिरामी भएको अवस्थामा प्रहरीले गिरफ्तार गरी सोही गाविस-६ पर्जाको जंगलमा लगी गोली हानी हत्या गरे। पीडितको लास घटनास्थलमै फालेका थिए।

पारवापानी गाविस-८ पोखरगाडाँडाका ३२ वर्षीय इन्द्रबहादुर खत्रीलाई माओवादी भएको आरोपमा ०५६ कात्तिक ८ गते बिहान ८ बजेतिर सोही ठाउँको डलसिङ्गे जंगलनेर प्रहरीले गोली हानी हत्या गरे। पीडितको लाश घटनास्थलमै छोडेका थिए।

सेरम गाविस-१ कामीडेराका २५ वर्षीय माघे भन्ने दिलबहादुर वि.क.लाई माओवादी भएको आरोपमा ०५६ कात्तिक २५ गते सोही गाउँको कुना भन्ने ठाउँमा प्रहरीले गोली हानी हत्या गरे।

जेलवाङ गाविस-८ रूलवाङका ३५ वर्षीय रणसिं कामी, ३६ वर्षीय फर्कलाल पुन र फगाम गाविस-९ धुंसीका २८ वर्षीय चाम् वि.क. लाई माओवादी भएको आरोपमा ०५६ कात्तिक २५ गते बिहान ८ बजेतिर रणसिंको घरबाट प्रहरीले गिरफ्तार गरी जेलवाङ गाविस-८ र ९ को बीचमा पर्ने झाँक्री खोलानेर लगी गोली हानी हत्या गरे। पीडितहरूको लाश घटनास्थलमै छोडिएको थियो।

सेरम गाविस-२ सेरमका ११ वर्षीय गोविर पुनलाई माओवादी भएको आरोपमा ०५६ कात्तिक २५ गते बिहान सोही गाविस-१ भिउधाराको जंगलमा प्रहरीले गोली हानी हत्या गरे। पीडितको लास घटनास्थलमै छोडेका थिए।

उवा गाविस-४ पुसवाङका २४ वर्षीय जलक रोकालाई माओवादी भएको आरोपमा ०५६ मंसिर १८ गते बिहान ७ बजे प्रहरीले गिरफ्तार गरी लग्ने क्रममा सोही गाउँको जंगलमा लगी गोली हानी हत्या गरे। हत्यापछि घरमा जानकारी नै नदिई पीडितको लास घटनास्थलमै छोडेका थिए।



प्रहरीद्वारा गोली हानी हत्या गरिएका आशबहादुर झाँक्री र अनिता बुढा

उवा गाविस-४ नराङगीका २० वर्षीय कमारा घर्तीलाई माओवादी भएको आरोपमा ०५६ मंसिर २४ गते प्रहरीले सोही गाउँमा गोली हानी हत्या गरे।

गजुल गाविस-७ क्वालीगाउँका २२ वर्षीय इन्द्रबहादुर खत्रीलाई माओवादी भएको आरोपमा ०५६ मंसिर २८ गते सारलीवाङ स्थित ससुराली घरमा गएको अवस्थामा प्रहरीले गिरफ्तार गरी गोली हानी हत्या गरे।

रूकुम जिल्ला शोभा गाविस-९ भडवाङका २१ वर्षीय हरी बुढा, सोही जिल्ला महत गाविस गुनामका शक्ति वि.क., शोभा गाविस-८ खोपिचारका २१ वर्षीय सपना शाह, रोल्पा जिल्ला मिरूल गाविस-५ विसौना ढाडपुका २८ वर्षीय आशबहादुर झाँक्री, राङकोट गाविस-९ जुमाराङसीका १९ वर्षीय अनिता बुढा, जंकोट गाविस-१ माडिचौरका २२ वर्षीय वले पुन, थवाङ गाविस-७ कोइजवाङकी १९ वर्षीय चामसरी बुढा, राक गाविस-९ राँकका २४ वर्षीय गगन वि.क., पाछावाङ गाविस-६ का दलराज बुढा, उवा गाविसका जयधन रोका र गोरखा प्लाटुन सदस्य विवेकलाई ०५६ मंसिर २८ गते इरिवाङ गाविस-३ सुकिदहमा रहेको माओवादीद्वारा संचालित तालिम केन्द्रमा प्रहरीले गोली हानी हत्या गरे। पीडितहरूको लाश प्रहरीले सोही स्थानमा छोडेका थिए।

पाछावाङ गाविस-८ सिजारखोलाका २२ वर्षीय नन्दबहादुर बुढा, उनकै पत्नी र बहिनी ज्वाइँ, सोही ठाउँका १९ वर्षीय हस्तबहादुर रोका र उनकी पत्नी २० वर्षीय थुमकली रोकालाई माओवादी भएको आरोपमा ०५६ पुस ६ गते सोही ठाउँको टाटेभीरमा सेउला काट्न गएको अवस्थामा प्रहरीले गोली हानी हत्या गरे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ३ वटा घटनामा ३ जना पुरूषको हत्या भयो। जसमा -

पारवापानी गाविस-३ सिम्नेखर्कका ३८ वर्षीय बलबहादुर मल्ल ०५५ माघ २४ गते घरबाट हिँडेकोमा माघ २७ गते सोही गाउँको सिम्ताराधारीको जंगलमा लास फेला पर्‍यो। उनको हत्या गरेको आशंकामा गिरफ्तार परेका सल्यान जिल्ला वाफुखोला गाविस-९ हाडिचौरका ३५ वर्षीय काशीराम वली, लालसिं वली र दलबहादुर वलीलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

करेटी गाविस-६ करेटीका ३८ वर्षीय नरबहादुर घर्तीलाई ०५६ भदौ ३१ गते बेलुका ६ बजेतिर उनकै भाइ २२ वर्षीय नन्नु घर्ती, सोही गाउँका ३२ वर्षीय केशरबहादुर बुढा र ३२ वर्षीय पूर्णबहादुर बुढाले बाँधेर कुटपिट गरेकोमा भदौ ३२ गते मृत्यु भयो। पीडितको मानसिक अवस्था ठीक नभएको र उनले गोठमा आगो लगाउन खोज्दा कुटपिट गरिएको थियो। पीडकहरूमध्ये नन्नु घर्ती, केशरबहादुर बुढा र पूर्णबहादुर बुढालाई पुर्पक्षका लागि थुनामा राखिएको छ भने पीडितको भाइ बुहारी २२ वर्षीय नीर्थमाली घर्तीलाई पच्चीस हजार रूपैयाँ धरौटीमा रिहा गरिएको छ।

जेलवाङ गाविस-८ रूलवाङका ५८ वर्षीय चनवीर पुनको ०५६ असोज ८ गते बेलुका हत्या भयो। पीडितलाई पुरानो रिसइवीका कारण सोही ठाउँका पूर्णबहादुर पुन, रामन पुन, जिरे

पुन, विगदल पुन, सुगिलाल पुन, हस्ते पुन, प्रसाद पुन र जोखे पुनले कुटपिट गरी हत्या गरेका हुन् भनी ०५६ असोज २६ गते आशबहादुर बुढाले प्रहरीमा जाहेरी दिए। तर उनीहरूमाथि कुनै कारवाही भएन।

जेल र बन्दीहरु

यस जिल्लाको जेल "घ" श्रेणीको हो। यसको कुल क्षमता ५० जनाको छ। यस जेलमा ८९ जना बन्दीहरू रहेका छन्। त्यसमध्ये कैद ननोकिएका ७३ पुरूष र ७ महिला गरी ८० जना तथा कैद तोकिएका ७ पुरूष र २ महिला गरी ९ जना रहेका छन्। यी बाहेक २ जना बालक र १ जना बालिका आश्रित रूपमा रहेका छन्। क्षमताभन्दा बढी बन्दीहरू राखिएकाले एउटा कोठामा १२ जनासम्म बस्नुपर्ने अवस्था छ। दिउँसो प्राङ्गणमा बस्दा पनि कोचाकोच गर्नुपर्दछ। महिला र पुरूष बन्दी गृह एउटै भएकोले महिलाहरूलाई राति कोठामा ताला लगाएर राखिन्छ जसले गर्दा दिशापिसाब पनि कोठामै गर्नुपर्ने बाध्यता रहेको छ। जेलभित्र ३ वटा मात्र चर्पी भएकाले जुनसुकै बेला पनि भीड लाग्नुपर्ने स्थिति छ। गर्मी महिनामा साँघुरो ठाउँमा धेरै बन्दीहरू बस्नुपर्ने, चर्पीको खाल्डो भरिएर दिशापिसाब बाहिर गएकोले गर्दा लामखुट्टे आदिले सताउने र जेल बाहिर बगेको दिशापिसाबले गर्दा वरिपरिका मानिसहरूलाई पनि दूषित बनाउने गरेको छ। बन्दीहरू बिरामी परेमा दाङ, बाँके, बर्दिया आदि जिल्लामा स्थानान्तरण गर्नुपर्ने बाध्यता छ तर पनि यस वर्ष औषधी उपचारका लागि बन्दीहरूले अनुरोध गर्दा पनि कसैलाई स्थानान्तरण नगरिएको बन्दीहरूको गुनासो छ। जेलमा बन्दीहरूको निम्ति इन्सेकले दिएको एउटा रेडियो बाहेक टिभी, पत्रपत्रिका आदिको व्यवस्था छैन। जेलको भौतिक अवस्था पनि जीर्ण छ।

माओवादी भएको आरोपमा गिरफ्तार गरी विभिन्न मुद्दाहरू लगाई थुनुवाका रूपमा राखिएका राजबन्दीहरूको संख्या यस जेलमा ६२ रहेको छ।

गिरफ्तारी र यातना

भावाङ गाविस-४ भ्रौवाङका ४६ वर्षीय मालबहादुर खत्रीलाई माओवादी भएको आरोपमा ०५५ माघ १ गते बिहान सोही गाविस-४ धाङस्थित आफ्नो गोठमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी भावाङ प्रहरी चौकीमा लगी यातना दिई सख्त घाइते बनाए। पीडितलाई माघ ९ गते उनकी पत्नीलाई खाली कागजमा सही छाप गर्न लगाई जिम्मेवारीमा रिहा गरियो।

रोल्पा जिल्ला डरिवाङ गाविस-४ चावाङ घर भई दाङ जिल्लास्थित महेन्द्र बहुमुखी क्याम्पसमा अध्ययनरत् १९ वर्षीय प्रकाश गिरीलाई माओवादीको आरोपमा ०५५ माघ २९ गते प्रहरीले गिरफ्तार गर्‍यो। पीडितलाई अर्को दिन नेपालगंजमा लगी केही दिन राखेर पुनः दाङ ल्याइयो र ०५५ फागुन १६ गते रोल्पामा लगियो। पीडितलाई विनापूर्जी गिरफ्तार गरी ३८ दिनसम्म मानसिक र शारीरिक यातना दिएर ०५५ चैत ७ गते पन्ध्र दिने तारेखमा रिहा गरियो।

कोटगाउँ गाविस-६ दार्बोटका १९ वर्षीय प्रेमकुमार घर्तीलाई माओवादी भएको आरोपमा ०५६ जेठ ११ गते लिवाङ गाविस-५ काभ्रेखर्कका हरि आचार्यको घरमा बसेको समयमा प्रहरीले कुटपिट गरी गिरफ्तार गरे। पीडितलाई नेकपा (एमाले), नेकाँ र राप्रपाका प्रतिनिधिहरूको जिम्मेवारीमा जेठ १६ गते १५ दिने तारेखमा रिहा गरियो।

कोटगाउँ गाविस-६ दार्वोटका २० वर्षीय राजकुमार घर्तीलाई माओवादीको आरोपमा ०५६ जेठ ११ गते बेलुका नागरिकता बनाउन सदरमुकाम गएको अवस्थामा लिवाङ गाविस-५ कोभ्रेखर्कस्थित प्रेमकुमार घर्तीको डेराबाट प्रहरीले कुटपिट गरी गिरफ्तार गर्‍यो। पीडितलाई जिल्ला प्रहरी कार्यालय लगी जेठ १३ गते रिहा गरियो।

घोडागाउँ गाविस-१ घोडागाउँका उच्च मावि लिवाङका शिक्षक ३२ वर्षीय मधुसुधन पोखेललाई ०५६ साउन १२ गते बिहान आफ्नो डेरामा ट्युसन पढाइरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी जिप्रकामा लगेर ३ पुस्ते नामावली, घर परिवारको सबै विवरण, सबै औंलाको छाप लगाएर राख्नुका साथै हुलिया र ६ पोज फोटो खिचेर मानसिक यातना दिए। पीडितलाई सोही दिन दिउँसो १ बजे रिहा गरियो।

लिवाङ गाविस-४ फल्लेधाराका उच्च माविका प्रधानाध्यापक ५२ वर्षीय केशवराज श्रेष्ठलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५६ साउन १५ गते जिप्रकामा बोलाएर सबै औंला र पन्जाको छाप लगाएर र ३ पोज फोटो खिचेर मानसिक यातना दिए। पीडितलाई ३ घण्टापछि रिहा गरियो।

लिवाङ गाविस-४ लाखुरीधाराका १८ वर्षीय विनप श्रेष्ठ, सोही गाविस-५ थलिवाङका ३५ वर्षीय तुल्सीराम घर्ती, होमा गाविस-१ कर्तमका १८ जयप्रकाश के.सी., राङसी गाविस-४ जंलाखोलाका २० वर्षीय बसन्त घर्ती, १९ वर्षीय पुष्पलाल घर्ती, जंकोट गाविस-३ जंकोटका १५ वर्षीय मानदेव पुन, मिरूल गाविसका २१ वर्षीय पूर्णबहादुर बुढा र १८ वर्षीय असबहादुर घर्तीलाई माओवादी भई प्रहरीलाई एम्बुस थापेको आरोपमा ०५६ साउन २६ गते प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा लगेर यातना दिए। पीडितहरूलाई साउन ३१ गते रिहा गरियो।

खुमेल गाविस-३ वेदधाराका फगाम उपस्वास्थ्य चौकीमा कार्यरत २८ वर्षीय बालाराम रोकालाई माओवादी भएको आरोपमा ०५६ भदौ १५ गते फगाम उपस्वास्थ्य चौकीबाट आफ्नो घरतर्फ आइरहेको अवस्थामा गजुल गाविस-१ दलङगाठाटीबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई १ वर्षसम्म नआउने गरी भारत जाने भनेर भदौ २४ गते रिहा गरिएकोमा ०५६ पुस २ गते फर्केर आएका छन्।

मसिना गाविस-६ जवाङका ९ वर्षीय २९ वर्षीय घनश्याम घर्तीलाई माओवादी भएको आरोपमा ०५६ भदौ ३१ गते सोही गाविस-७ घुन्टी खोलाको गोठमा बसेको अवस्थामा प्रहरीले गिरफ्तार गरी इलाका प्रहरी कार्यालय होलेरीमा लगे। पीडितलाई असोज ७ गते रिहा गरियो।

प्रहरीद्वारा बेपत्ता पारिएका मनीराम रोका

गजुल गाविस–२ किमचौरकी ४२ वर्षीय वागमति थापा र उनकै छोरी २२ वर्षीय दिव्यज्योति थापालाई माओवादीको आरोपमा ०५६ कात्तिक १ गते घरबाट प्रहरीले गिरफ्तार गरी प्रहरी चौकी गजुलकोटमा लगी सख्त घाइते हुनेगरी यातना दिए। पीडितहरूलाई कात्तिक १९ गते रिहा गरियो।

लिवाङ गाविस–८ तिम्लीखर्कका २७ वर्षीय लीलाप्रसाद घलेलाई माओवादी भएको आरोपमा ०५६ मंसिर १ गते प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा यातना दिए। यातनाका कारण घाइते भएका पीडितलाई मंसीर ६ गते रिहा गरियो।

लिवाङ गाविस–४ थलवाङका ४३ वर्षीय दिलबहादुर बुढालाई माओवादी भएको आरोपमा ०५६ मंसीर २ गते सोही गाउँको मूलपानी भन्ने ठाउँबाट प्रहरीले गिरफ्तार गरी विना पूर्जी १४ दिनसम्म थुनामा राखी मंसिर १६ गते छोडे।

फगाम गाविस–५ हाङडुङका ५२ वर्षीय बलबहादुर पुनलाई माओवादीको आरोपमा ०५६ मंसिर २७ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई विनापूर्जी ६ दिनसम्म जिल्ला प्रहरी कार्यालयमा राखी ०५६ पुस ३ गते रिहा गरियो।

बेपत्ता पारिएको

तेवाङ गाविस–२ तेवाङका ४५ वर्षीय वुधे कामीलाई सुराकी गरेको आरोपमा ०५५ माघ ११ गते सोही गाविस–१ चद्दरको जंगलबाट माओवादीहरूले अपहरण गरी बेपत्ता पारे।

जेलवाङ गाविस–२ ऐसेलुखर्कका रध रोकालाई माओवादी भएको आरोपमा ०५५ माघ २४ गते घरमा बसिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी जेलवाङ प्रहरी चौकीमा लगे र सोही प्रहरी चौकीबाट बेपत्ता पारे। पीडितको हत्या भएको आशंका गरिएको छ।

जंकोट गाविस–१ माडिचौरका १५ वर्षीय कुलप्रसाद बुढा र होमा गाविस–२ गोलवाङका १६ वर्षीय मनलाल घर्तीलाई माओवादी भएको आरोपमा ०५५ फागुन ९ गते बिहान जंकोट गाविस–३ जंकोटबाट प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितको हत्या भएको आशंका गरिएको छ।

राङसी गाविस–१ झ्यापखोलाका ४५ वर्षीय मनराज डाँगीलाई माओवादीको आरोपमा ०५५ फागुन १८ गते सोही गाविस–१ रकेको गोठमा गएको बेला प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितको बारेमा कुनै जानकारी दिइएको छैन। उनको हत्या भएको आशंका गरिएको छ।

नुवागाउँ गाविस–६ ह्याङका २० वर्षीय मिना वि.क.लाई माओवादी भएको आरोपमा ०५५ फागुन २१ गते राति २ बजेतिर सोही गाउँस्थित आफ्ना मामाको घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितको हत्या भएको आशंका गरिएको छ।

खुमेल गाविस–३ वेदधाराका २३ वर्षीय मनीराम रोकालाई माओवादी भएको आरोपमा ०५६ भदौ ९ गते औषधी किन्न सुलिचौर गएको अवस्थामा प्रहरीले गिरफ्तार गरेकोमा बेपत्ता पारेका छन्।

पाछावाङ गाविस–२ सल्लाबोटका २२ वर्षीय जंगबहादुर वि.क.लाई माओवादी भएको आरोपमा ०५६ भदौ ११ गते इरिवाङ गाविस–९ बागमाराबाट प्रहरीले गिरफ्तार गरी प्रहरी चौकी पाछावाङमा लगेकोमा बेपत्ता पारिएको छ। पीडितको हत्या भएको आशंका गरिएको छ।

जिनावाङ गाविस–३ कुण्पानीका ३१ वर्षीय दुर्गाप्रसाद वलीलाई माओवादी भएको आरोपमा ०५६ भदौ २० गते विहान ४ बजेतिर आफ्नै घरमा बसीरहेको अवस्थामा प्रहरीले घरबाट बाहिर ल्याई गोली हानी घाइते बनाए। पीडितलाई सुकावडार प्रहरी चौकीमा लगेकोमा बेपत्ता पारिएको छ। पीडितको हत्या भैसकेको आशंका गरिएको छ।

गाम गाविस–४ भित्री गाम हारबङका २७ वर्षीय तेमन घर्तीलाई ०५६ कात्तिक १५ गते राति ९ बजेतिर आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरेकोमा बेपत्ता पारिएको छ।

जैमाकसला गाविस–६ डाँकरका ४९ वर्षीय भाजु बुढाथोकीलाई राजनीतिक प्रतिशोधका कारण ०५६ कात्तिक २३ गते आफ्नो घरमा बसिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरी बेपत्ता पारे। पीडितको बारेमा कुनै जानकारी दिइएको छैन।

मिरूल गाविस–७ माफ्रगाउँका ३२ वर्षीय श्यामप्रसाद बुढालाई माओवादी भएको आरोपमा ०५६ मंसिर ५ गते राङकोट गाविस–७ बाट प्रहरीले गिरफ्तार गरी प्रहरी चौकी पाछावाङमा लगेकोमा बेपत्ता पारेका छन्। पीडितको हत्या गरिएको आशंका गरिएको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

गैरीगाउँ गाविस–१ वजिवाङका वडाध्यक्ष ३५ वर्षीय डम्मरबहादुर डाँगीलाई जिविसको निर्वाचनमा मतदान गरेको आरोपमा ०५५ माघ ५ गते सोही गाविस–२ हारिमखोलाको गोठमा बसिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरी घाइते बनाए। पीडितलाई उपचारार्थ नेपालगंज लगियो।

गैरीगाउँ गाविस–१ वजिवाङका वडासदस्य भीमबहादुर डाँगीलाई जिविसको निर्वाचनमा मतदान गरेको आरोपमा ०५५ माघ ५ गते बेलुका आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले खुट्टामा वेलना लगाएर कुटपिट गरे।

घोडागाउँ गाविस–१ घोडागाउँका ५६ वर्षीय दामोदर पोखरेललाई आफूहरूले भनेको नमानेको आरोपमा ०५५ माघ ८ गते माओवादीहरूले डोरीले बाँधी कुटपिट गरी सख्त घाइते बनाए।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१०	१२	१	१३				
गोलीद्वारा हत्या	४	१२		१२	३४	५३	१३	६६
गोलीद्वारा घाइते/हवाइ फायर	३	५	१	६	१	१		१
बम प्रहारबाट घाइते	२	७	१	८				
गिरफ्तारी र यातना					१३	१९	२	२१
कुटपिट	१५	२०		२०	८	१४		१४
धम्की	६	७		७	२	२		२
वेपत्ता पारिएको	३	३		३	८	८	१	९
बलात्कार					१		१	१
बहुविवाह	३		३	३				
जम्मा	४६	६६	६	७२	६७	९७	१७	११४
आत्महत्या	५	३	२	५				
दुर्घटनाहरू/विपत्तिहरू	१३							

वडाचौर गाविस-४ वलालेका वडाध्यक्ष ५० वर्षीय तिलक बिष्टलाई जिविसको निर्वाचनमा मतदान गरेको आरोपमा ०५५ माघ १० गते बेलुका सोही गाविस-४ उल्फुस्थित आफ्नो गोठमा बसेको समयमा माओवादी कार्यकर्ताहरूले कुटपिट गरी सख्त घाइते बनाए। पीडितलाई उपचारार्थ काठमाण्डौ लगिएको थियो।

बुढागाउँ गाविस-६ छोपका प्राविलामपुतली चौरका शिक्षक ३२ वर्षीय बलसिं डाँगीलाई जिविसको चुनावमा नेकपा (एमाले) को पक्षमा प्रचार प्रसार गरेको आरोपमा ०५५ माघ १२ गते सोही गाविस-१ सीमपानी बजारमा कुटपिट गरी सख्त घाइते बनाए।

बुढागाउँ गाविस-३ लिङढुङका २५ वर्षीय विष्णुप्रसाद वलीलाई जिविसको चुनावमा नेकपा (एमाले) को पक्षमा प्रचार प्रसार गरेको आरोपमा ०५५ माघ १३ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरी सख्त घाइते बनाए।

हार्जङ गाविस-१ हार्जङका ५५ वर्षीय जंगे पुन र ३२ वर्षीय दमबहादुर पुनलाई प्रहरीसँग मिलेर माओवादीहरूलाई हत्या गर्न सहयोग गरेको आरोपमा ०५५ फागुन २७ गते माओवादीहरूले अपहरण गरी बेपत्ता पारेकोमा केही दिनपछि छोडे।

धवाङ गाविस-१ वाम्लाका ४५ वर्षीय तुलबहादुर डाँगीलाई राप्रपाको प्रचार गरेको आरोपमा ०५६ वैशाख ३ गते सोही ठाउँको कर्चेखोलानेर माओवादीहरूले कुटपिट गरे।

गैरीगाउँ गाविस-६ काउले पोखराका गाविसका प्राविधिक सहायक २९ वर्षीय इन्द्रबहादुर पुन, सोही ठाउँका २६ वर्षीय इन्द्रकुमार वली, ५५ वर्षीय गनबहादुर खत्री, ४३ वर्षीय रविलाल खत्री र ४० वर्षीय मनबहादुर बुढालाई गाविस भवनभित्र बम राखेको आरोपमा ०५६ वैशाख १९ गते प्रहरीले कुटपिट गरी घाइते बनाए।

गजुल गाविस-४ पानीपोखरीका मावि गजुलका शिक्षक ४० वर्षीय राजेश सुवेदी र ४७ वर्षीय शालिकराम सुवेदीलाई माओवादी भएको र विद्यालयमा राष्ट्रिय गान गाउन नलगाएको आरोपमा ०५६ वैशाख १९ गते सोही गाविस-६ कोटको छेडनानेर प्रहरीले कुटपिट गरी सख्त घाइते बनाए। पीडितहरूमध्ये राजेशलाई उपचारार्थ काठमाण्डौ लगिएको थियो।

राँक गाविस गोर्जले खोलाका ४५ वर्षीय गोलीलाल वलीलाई आमनिर्वाचनमा मतदान गरेको आरोपमा ०५६ वैशाख २१ गते आफ्नो घरमा बसिरहेको अवस्थामा माओवादीका कार्यकर्ताहरूले कुटपिट गरे।

राँक गाविस-२ गोर्जलेका ४८ वर्षीय सर्पे राना, ५० वर्षीय तुलबहादुर खड्का र ४२ वर्षीय मणिराम खड्कालाई आमनिर्वाचनमा मतदान गरेको आरोपमा ०५६ वैशाख २२ गते बेलुका माओवादीहरूले सोही गाउँका तिलबहादुर वलीको गोठको आँगनमा लगी कुटपिट गरे।

राँक गाविस-६ पूर्णगाउँका ५० वर्षीय नरबहादुर वली, ४० वर्षीय डण्डवीर भण्डारी र १८ वर्षीय रूपलाल वलीलाई मतदान कार्यमा भाग लिएको आरोपमा ०५६ वैशाख २२ गते बेलुका माओवादीहरूले आ-आफ्नो घरबाट ताप्लाबजारमा लगी कुटपिट गरे।

राँक गाविस-६ ताप्लाबजारका ६० वर्षी तिर्खु वलीलाई निर्वाचन डोर र प्रहरीलाई खानका लागि चामल, दाल दिएको आरोपमा ०५६ वैशाख २२ गते माओवादीहरूले कुटपिट गरे।

राँक गाविस-३ वुर्सेछेडाका २८ वर्षीय लालबहादुर वली, ३५ वर्षीय शिवबहादुर वली र सोही वडा वाङ्गेसालका वडाध्यक्ष सार्के रानालाई आमनिर्वाचनमा प्रचारप्रसार गरेको र मतदान गरेको आरोपमा ०५६ वैशाख २२ गते माओवादीहरूले सोही ठाउँको बजारमा लगी कुटपिट गरे।

राँक गाविस-२ गोर्जलेका ५० वर्षीय तुलबहादुर खड्का र ४२ वर्षीय मणिराम खड्कालाई गाउँको फटाहा भएको तथा चुनावमा प्रचारप्रसार र मतदान गरेको आरोपमा ०५६ वैशाख २२ गते बेलुका ७ बजे घरमै बसिरहेको अवस्थामा माओवादीहरूले समातेर सोही ठाउँका तिलबहादुर वलीको गोठको आँगनमा लगेर कुटपिट गरे।

तेवाङ गाविस-८ डाङझाँक्रीका ४१ वर्षीय बेगमबहादुर रोकालाई गाउँको फटाहा भएको र प्रहरी चौकी राख्न घर दिएको आरोपमा ०५६ वैशाख २६ गते राति माओवादीहरूले २ वटा घरमा आगो लगाइदिए।

होमा गाविस-७ का गाविस उपाध्यक्ष ३५ वर्षीय उविराज पुनको घरमा प्रहरी चौकी बसेको र सो चौकी फिर्ता गरेको

अवस्थामा ०५६ वैशाख ३१ गते राति त्यसरी प्रहरी चौकीलाई घर दिएको आरोप लगाई माओवादीहरूले आगो लगाए।

फगाम गाविस-४ धारथोकका ५० वर्षीय कुलबहादुर पुनलाई माओवादीको आरोपमा ०५६ भदौ १६ गते बिहान घरमा बसिरहेको अवस्थामा प्रहरीले कुटपिट गरी घाइते बनाए।

फगाम गाविस-४ धारथोकका ३७ वर्षीय विनबहादुर घर्तीलाई माओवादी भएको आरोपमा ०५६ भदौ १६ गते बिहान घरमा कोही नभएको अवस्थामा प्रहरीले आगो लगाइ सखाप पारिदिए। पीडित नेकपा (एमाले) को तर्फबाट गाविस अध्यक्षको उम्मेदवार भई पराजित भएका थिए।

फगाम गाविस-७ ढारेगौराका ३० वर्षीय धनबहादुर घर्तीलाई माओवादी भएको आरोपमा ०५६ भदौ १६ गते घरमा कोही नभएको अवस्थामा प्रहरीले आगो लगाए।

रौतहट जिल्ला बसविटी गाविस-४ जिङ्गडिया घर भई गजुल हेल्थपोष्टमा कार्यरत अहेव ३० वर्षीय मोनिम आलमलाई प्रहरीसँग मिलेर माओवादीहरूको सुराकी गरेको आरोपमा ०५६ भदौ २८ गते आफ्नो डेरामा बसिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरी बेपत्ता पारेकोमा ०५६ मंसिर १९ गते छोडे।

जिनावाङ गाविस-७ घोरानेटाका मावि नाउलीका शिक्षक ३९ वर्षीय जनकराज वलीलाई आफूहरूले भनेको नमानेको आरोपमा ०५६ असोज १८ गते माओवादीहरूले कुटपिट गरी सख्त घाइते बनाए।

प्युठान जिल्ला तिराम गाविस तिमिले घर भई मावि गजुलमा शिक्षक रहेका ३० वर्षीय थानेश्वर अधिकारीलाई माओवादीको आरोपमा ०५६ असोज २१ गते दिउँसो विद्यालय संचालन भैरहेको अवस्थामा विद्यालयको हाताभित्र प्रहरीले कुटपिट गरी सख्त घाइते बनाए।

गाम गाविस-४ भित्री गाम हारबङका ३२ वर्षीय दल घर्तीलाई ०५६ कात्तिक २० गते राति १० बजेतिर माओवादीहरूले अपहरण गरेकोमा कात्तिक २८ गते सोही गाउँबाट छोडिदिए।

सेरम गाविस-१ कामीडेराका ४२ वर्षीय तेजमान वि.क. लाई माओवादी भएको आरोपमा ०५६ कात्तिक २५ गते आफ्नो घरमा बसिरहेको अवस्थामा प्रहरीले कुटपिट गरे।

सेरम गाविस-१ कामीडेराका ४५ वर्षीय चन्द्रवीर वि.क. लाई माओवादी भएको आरोपमा ०५६ कात्तिक २५ गते सोही ठाउँको सिलाथापननेर घाँस काटिरहेको अवस्थामा प्रहरीले कुटपिट गरी घाइते बनाए।

खुङग्री गाविस-५ खुङग्रीका २३ वर्षीय डोमु गिरीलाई सुराकी गरेको आरोपमा ०५६ मंसिर १ गते बिहान ११ बजे कुखुरा खोज्न घोडागाउँमा गएको अवस्थामा माओवादीहरूले अपहरण गरे। पीडितलाई २० दिनपछि ०५६ मंसिर २० गते घोडागाउँमा ल्याएर छोडिदिए।

सेरम गाविस-१ कामीडेराका ११ वर्षीय पूर्णसिं वि.क.लाई माओवादीको आरोपमा ०५६ कात्तिक २५ गते बारी जोतिरहेको अवस्थामा प्रहरीले कुटपिट गरी घाइते बनाए।

घोडागाउँ गाविस-२ घोडागाउँका ३२ वर्षीय खेते थापालाई माओवादीको आरोपमा ०५६ मंसिर ११ गते दिउँसो साही गाउँको थापा खोरिया भन्ने ठाउँमा गाई चराउन गएको अवस्थामा प्रहरीले कुटपिट गरी सख्त घाइते बनाए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

रोल्पा जिल्लामा यस वर्ष २०५५ माघ ३ गते सम्पन्न जि.वि.स. को निर्वाचन ने.क.पा. माओवादीहरूको वहिस्कार गर्ने नीति भएकाले र केही मतदाताहरूलाई माओवादीहरूले अपहरण गरी लगेकाले निर्वाचनमा मतदान गर्नबाट वञ्चित भए।

०५६ वैशाख २० गतेको आमनिर्वाचनमा उम्मेद्वारहरूलाई प्रहरीले सुरक्षा दिन नसकेका कारण उम्मेद्वारहरू गाउँमा प्रचार प्रसार गर्न जान पाएनन्, सदरमुकाम र प्रहरी चौकी भएको ठाउँमा मात्र प्रहरीको निगरानीमा प्रचार प्रसार गरे। शान्ति सुरक्षाको समस्या भएको बताएर निर्वाचन आयोगले तोकिएको ठाउँमा मतदान केन्द्र नराखी सूचना विना अन्यत्र राखेका थिए। मतदान केन्द्र अन्यत्र राखेता पनि मुचुल्का बनाउँदा भने निर्वाचन आयोगले तोकिदिएएकै मतदान केन्द्रमा मतदान गरेको झुटो मुचुल्का बनाइयो। जिल्लाको धेरैजसो मतदान केन्द्रमा मतदान गर्ने ठाउँ गोप्य नभई प्रहरीले प्रष्ट देखिने गरी राखिएको थियो। माओवादीहरूले केही मतदान केन्द्रहरूको चारैतिर बन्दूक पड्काएर मतदाताहरूलाई मतदान केन्द्रमा जान अवरोध खडा गरे भने आफ्नो बाहुल्य भएको ठाउँमा बुथ कब्जा गरी फर्जी मत हाल्नाले जनता मत हाल्ने अधिकारबाट वञ्चित भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको अदालतमा ३ वर्षसम्म नछिनिएका सरकारवादी २६, देवानी ९ गरी जम्मा ३५ तथा २ वर्षसम्म नछिनिएका सरकारवादी १९, देवानी ७ गरी जम्मा २६ रहेका छन्। त्यसैगरी १ वर्षसम्म नछिनिएका सरकारवादी ११, देवानी ९, संक्षिप्त फौजदारी २ गरी जम्मा २९ छन् भने ६ महिनासम्म नछिनिएका सरकारवादी १, देवानी १६, साधारण फौजदारी ७, संक्षिप्त फौजदारी ५ र विशेष फौजदारी १ गरी जम्मा ३० रहेका छन्। यस वर्ष सरकारवादी मुद्दा ९, देवानी मुद्दा २३, साधारण फौजदारी ११, संक्षिप्त फौजदारी १२ र विशेष फौजदारी १ गरी जम्मा ५४ वटा मुद्दा दर्ता भए। आमनिर्वाचनका लागि ४ महिनासम्म जिल्ला न्यायाधीश काजमा रहेको र जिल्लामा न्यायाधीश कम बस्ने भएकाले मुद्दाहरू फर्स्यौट हुन धेरै बाँकी रहेका छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दाहरू १ सय १३ वटा रहेका छन्।

जिल्ला प्रशासन कार्यालयमा ४ वर्षभन्दा बढी समयदेखि नछिनिएका सार्वजनिक अपराध ९, ४ वर्षसम्म नछिनिएका

सार्वजनिक अपराध १०, ३ वर्ष वा सोभन्दा बढी समयदेखि नछिनिएका सार्वजनिक अपराध १२, हातहतियार खरखजाना ६, विष्फोटक पदार्थ ६ वटा, २ वर्ष वा सो भन्दा बढी समयदेखि नछिनिएका सार्वजनिक अपराध ६, हातहतियार खरखजाना ४ वटा र ६ महिनासम्म नछिनिएका सार्वजनिक अपराध २, हातहतियार खरखजाना १ गरी कुल सार्वजनिक अपराध ४०, हातहतियार खरखजाना १५, विष्फोटक पदार्थ ६, आवश्यक वस्तु संरक्षण १ गरी जम्मा ६२ वटा मुद्दाहरू छन्। जिल्ला प्रशासन कार्यालयमा यस वर्ष हातहतियार खरखजाना १ र सार्वजनिक अपराध १ गरी जम्मा २ थान मुद्दा दर्ता भए।

जिल्ला वन कार्यालयमा ५ वर्षसम्म नछिनिएका सरकारी वनमा रूख काट्यो भन्ने १ वटा, २ वर्षसम्म नछिनिएको सरकारी जग्गा आवाद गर्‍यो भन्ने १ वटा र सरकारी वनमा रूख काटी जग्गा आवाद गर्‍यो भन्ने १ वटा गरी जम्मा ३ वटा मुद्दाहरू रहेका छन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा सुकुम्बासी समस्या समाधान आयोग २ पटक गठन भएता पनि १ जनाले पनि जग्गा पाएका छैनन्। जेष्ठ नागरिक भत्ता पाउने ४ सय ९१ पुरूष र ३ सय २७ महिला गरी जम्मा ८ सय १८, विधवा भत्ता १ हजार ६ सय २६ जनालाई र अपाङ्ग भत्ता ५० जनालाई वितरण गरिएको जिविसले जनायो।

महिला अधिकार

कोर्चावाङ गाविस- धापाकी १७ वर्षीय एक युवतीलाई ०५६ भदौ २८ गते कोटगाउँ गाविस-६ दार्बोट भन्ने ठाउँनेर गैरीगाउँबाट कोटगाउँतिर गैरहेका प्रहरीहरूमध्ये २ जनाले बलात्कार गरे।

यस वर्ष यो जिल्लामा बहुविवाहका ३ वटा घटना जानकारीमा आए।

बालअधिकार (बालबालिका उपरको अत्याचार)

जिल्ला सदरमुकाम लिवाङमा १४ वर्षमुनिका १० जना बालबालिकाहरू होटलमा काम गरेको पाइन्छ।

यस वर्ष ११ वर्षीय एक बालकलाई माओवादीको आरोपमा प्रहरीले गोली हानी हत्या गरे भने माओवादीहरूले राखेको बम विष्फोटनमा परी ४ वर्षीय १ जना बालक र ९ वर्षीय १ जना बालिका गरी २ जना नाबालकहरूको मृत्यु भयो।

आर्थिक अधिकार

राष्ट्रिय योजना आयोगबाट आर्थिक वर्ष २०५५/५६ मा संचालित उवा गुराँसे घोरेटो बाटो निर्माणका लागि छुट्याइएको रकमबाट जिविस उपसभापति दलवीर पुनले ११ हजार, जिविस सदस्यहरू जयधन पुनले ५ हजार ३ सय, प्रेमबहादुर बुढाथोकीले ६ हजार ३ सय र सूर्यबहादुर बिष्टले २५ हजार, ओभरसियर देवराज आचार्यले १५ हजार, स. ओभरसियर करूण श्रेष्ठले १५ हजार, योजना फाँटका खरिदार सुवर्ण श्रेष्ठले २ हजार, मिभिङ गाविसका कार्यवाहक अध्यक्ष वृखबहादुर बिष्टले ११ हजार, सोही गाविसका सचिव भक्तबहादुर बिष्टले १ हजार ३ सय ५०, बाटो निर्माण उपभोक्ता समितिका अध्यक्ष भीमसेन रोकाले २५ हजार तथा मिभिङ गाविस निवासी तुकमान बिष्टले २ हजार ५ सय, वलीराम बिष्टले १० हजार र पदमबहादुर बिष्टले ३ हजार रूपैयाँ काम नगरेर खाएको भन्ने उजुरी जिल्ला प्रशासन कार्यालयमा परेपछि सो सम्बन्धमा छानविन गरी ०५६ साउन १२ गते हरेकबाट उनीहरूले लिएको रकममा २० प्रतिशत थप जरिवाना गरी जिल्ला प्रशासन कार्यालयले असूली गर्‍यो। रकम लिने १२ जनामध्ये पदमबहादुर बिष्टबाट अपाङ्ग भएका कारण जरिवाना रकम लिइएन। त्यसरी लिइएको रकम जरिवानासहित जिल्ला बालकल्याण समितिको कोषमा जम्मा गरियो। उनीहरूले १ लाख ३२ हजार ४ सय ५० रूपैयाँ खाएकोमा २५ हजार ८ सय ९० रूपैयाँ जरिवानासहित कुल १ लाख ५८ हजार ३ सय ४० रूपैयाँ असूली गरियो।

अतिरिक्त जानकारीहरु

इरिवाङ गाविस-३ नाफेका ६५ वर्षीय श्यामलाल बुढा, सोही गाउँका ६० वर्षीय हिराबहादुर बुढा, ५६ वर्षीय वीरबहादुर थापा र २२ वर्षीय पुने बुढाको घरमा माओवादी बसेको आरोपमा ०५६ मंसिर २८ गते प्रहरीले आगो लगाई सखाप बनाए।

आम निर्वाचनको क्रममा ०५६ वैशाख २० गतेको चुनाव सम्पन्न गरी अन्य क्षेत्रमा चुनाव गराउन सम्पूर्ण प्रहरीहरू गएको अवस्थामा ९ वटा चौकीमा माओवादीहरूले आगो लगाई ध्वस्त पारे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइवीको कारणले भएका कुटपिटका घटनामा ३ जना पुरूष पीडित भए। यस वर्ष ३ जना पुरूष र २ जना महिला गरी ५ जनाले आत्महत्या गरे। ४ वटा घर पहिरोका कारण क्षति भएको पाइयो भने ९ वटा घरमा आगलागी भयो।

४.४ सल्यान

जनसंख्या	१८१७८५
साक्षरता प्रतिशत	३२.८
महिला साक्षरता प्रतिशत	१३.१
क्षेत्रफल (वर्ग कि.मी.)	१४६२
गाविस/नपा संख्या	४७/०
निर्वाचन क्षेत्र	२
विद्यालय	२९१
क्याम्पस/उच्च मावि	१/२
अस्पताल/स्वास्थ्य चौकी	१/४६
टेलिफोन लाइन	३६
मोटर सडक (कि.मी.)	१२०
प्रहरी कार्यालय संख्या	११
हुलाक संख्या	४८

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

सिद्धेश्वरी गाविस-४ भाङ्गाचौरमा ०५५ पुस २१ गते नेकपा (माओवादी) का २ जना महिला कार्यकर्ताहरूलाई प्रहरीले गोली हानी हत्या गरे। पीडितहरूको नाम, ठेगाना खुल्न सकेको छैन। पीडितहरूको लाश प्रहरीले मट्टितेल खन्याई आगो लगाएर खाल्डोमा गाडेका थिए।

वडागाउँ गाविस-७ गगनेरीका गाविस उपाध्यक्ष ४२ वर्षीय हरसिंह नेपालीलाई ०५५ फागुन ११ गते साँझ घरमा खाना खाइरहेको समयमा नेकपा (माओवादी) का कार्यकर्ताहरूले घरमा आई समातेर नजिकको स्कूलमा लगी कुटपिट तथा खुकुरी प्रहार गरी हत्या गरे। पीडितको लाश घर नजिकै ल्याई छोडिदिएका थिए।

कोटमौला गाविस-१ खत्रीगाउँका शिक्षक ४५ वर्षीय राजेन्द्र के.सी.लाई थारमारे गाविसको जनकल्याण मा.वि.बाट घर गइरहेको समयमा ०५५ चैत ३ गते नेकपा (माओवादी) का कार्यकर्ताहरूले खुकुरी प्रहार गरी हत्या गरे।

हिवल्चा गाविस-७ मदानाका ३२ वर्षीय भू.पू. उपाध्यक्ष रगबहादुर बुढाथोकीलाई ०५५ चैत २५ गते दिउँसो १ बजे लक्ष्मीपुर गाविस-६ ढुङ्गेकटेरीमा पानी मिल उद्घाटन गर्न गएको अवस्थामा ४०/५० जना गाउँलेको बीचमा २ जना नेकपा (माओवादी) का कार्यकर्ताहरूले खुकुरी प्रहार गरी हत्या गरे।

कजेरी गाविस-१ वारघार्ने जङ्गलमा ०५६ वैशाख १० गते थारमारे गाविसबाट श्रीनगर चौकीतर्फ आइरहेको बा.अ.ख. ३९४९ नं. को जीप माओवादीले थापेको एम्बुसमा परी दुर्घटना हुँदा प्रहरी जवान इन्द्रबहादुर बि.सी. को घटनास्थलमै मृत्यु भयो भने अन्य केही घाइते भए।



माओवादीहरूद्वारा हत्या गरिएका राजेन्द्र केसी

बाँफुखोला गाविसको मतदान केन्द्रमा मतदान गराउन मतदान अधिकृत तथा प्रहरीहरू ०५६ वैशाख १९ गते गइरहेको अवस्थामा मतदान केन्द्र नजिकै प्रहरी जवान ३७ वर्षीय चुडामणि आलेलाई माओवादीहरूले खुकुरीले घाँटी सेरी हत्या गरे भने अर्का प्रहरी जवान तुनबहादुर गुरूङको एम्बुसमा परी मृत्यु भयो। पीडकहरूले मतपेटिका तथा पेस्तोल र राइफलसमेत लुटेर लगे।

चाँदे करन्जी गाविस-३ खारवनमा ०५६ वैशाख २० गते सम्पन्न भएको आमनिर्वाचनलाई बहिष्कार गराउने भनी आएका दुई जना माओवादी कार्यकर्ताहरूलाई सोही दिन साँझ सोही ठाउँका स्थानीय गाउँलेहरूले कुटपिट गरी हत्या गरे। स्थानीय गाउँलेहरूलाई ती माओवादीहरूले किन भोट खसाल्न गएको भनी सोध्दा गाउँलेहरूले भोट खसाल्न नगए प्रहरीले मार्ने धम्की दिएकाले भोट खसाल्न गएको भनी वादविवाद हुँदा उक्त घटना भएको थियो।

पर्सा जिल्ला वीरगञ्ज उमनपा-१२ घर भई एक गाडीमा कण्डक्टर रहेका २८ वर्षीय रणधीर सिंहलाई ०५६ वैशाख २२ गते निर्वाचनको सिलसिलामा प्रहरीहरूले गाडी रिजर्भ गरी सल्यान जिल्लाको धनवाङ गाविस-३ कपुरकोट पुग्दा प्रहरीहरू आपसमा झगडा गरी गोली चलाउँदा गोली लागी मृत्यु भयो।

गर्पा गाविस-८ कालपात्लाका २३ वर्षीय सीताराम मल्ललाई ०५६ वैशाख २३ गते दिउँसो नेकपा (माओवादी) का कार्यकर्ताहरूले निर्वाचनमा भाग लिएको र सुराकी गरेको आरोपमा बञ्चरोले प्रहार गरी हत्या गरे। पीडित मल्ल नेपाली कांग्रेसका सक्रिय कार्यकर्ता थिए।

सिद्धेश्वरी गाविस-७ फलाँटेका २२ वर्षीय कुलबहादुर रेउले, ३० वर्षीय आइतु रेउले र ३५ वर्षीय पुनाराम रेउलेलाई ०५६ जेठ १५ गते माओवादीहरूले साँझ खाना खाइरहेको समयमा घरमा आई कुटपिट गरी मरणासन्न अवस्थामा पुऱ्याए। पीडितहरूले चुनावको दिन भोट खसाल्न नदिए मार्ने धम्की दिएको आरोपमा माओवादीहरूले कुटपिट गरेकोमा कुलबहादुरको उपचार गराउँदा गराउँदै २५ दिनपछि मृत्यु भयो। अन्य पीडितहरू उपचार गरी घर फर्किए।

कोटवारा गाविस-५ नयाँगाउँका २५ वर्षीय डम्बरजङ्ग चन्दलाई माओवादीको आरोपमा ०५६ असोज ३ गते दिउँसो रोल्पा पास्वापानी प्रहरी चौकीबाट आएको प्रहरी गस्तीले गोली हानी हत्या गरे।

थारमारे गाविस-७ रातपहराका १८ वर्षीय एकराज भण्डारीलाई ०५६ कात्तिक १४ गते सोही गाविस-५ खरीबोटमा आफ्नो कार्यक्रम गरिराखेको अवस्थामा प्रहरीले गिरफ्तार गरी गोली हानी हत्या गरे।

छार्माकोट गाविस-६ का २९ वर्षीय सूर्यविक्रम राणालगायत् ३ जनालाई माओवादीको आरोपमा ०५६ मंसिर ६ गते बाँफकाँडा गाविस-९ काकखोलामा प्रहरीले गोली हानी

हत्या गरे। साथै अन्य तीन जनालाई अपहरण गरी लगे। हत्या गरिएका अन्य २ जना र बेपत्ता पारिएका ३ जना पीडितहरूको नाम, ठेगाना खुल्न सकेको छैन।

थारमारे गाविस-६ रारेचौरका २६ वर्षीय टुल्कबहादुर डी.सी.लाई माओवादी गतिविधिमा लागेको आरोपमा ०५६ मंसिर २६ गते घरबाट प्रहरीले गिरफ्तार गरी गोली हानी हत्या गरे।

कोटमौला गाविस-९ का १९ वर्षीय सुरेन्द्रप्रकाश ओली र २२ वर्षीय प्रेमकुमार ओलीलाई माओवादीको आरोपमा ०५६ पुस २ गते सोही गाविसको मौरीघारे जंगलमा प्रहरीले गोली हानी हत्या गरे।

थारमारे गाविस-४ वागचौरमा ०५५ माघ २९ गते नेकपा (माओवादी) द्वारा टाँगिएको व्यानर निकाल्न जाने क्रममा त्यहाँ राखिएको बम विस्फोट भई प्रहरी जवान पदमबहादुर खत्री घाइते भए।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणबाट भएका ७ वटा हत्याका घटनामा २ पुरूष र ६ महिला गरी ८ जना पीडित भए। पीडितहरूमध्ये १ जना ५ वर्षीय बालक थिए। २ जना महिलालाई आफ्नै पतिले हत्या गरे। जसमध्ये -

जिमाली गाविस-४ हिलेकी ३२ वर्षीय रती डाँगीलाई ०५५ फागुन २३ गते राती सुतिरहेको समयमा सोही ठाउँकी उनकै देवरानी १९ वर्षीय चन्द्रकला डाँगीले घरको झ्यालबाट भित्र पसी खुकुरीले हानी हत्या गरिन्। पीडक चन्द्रकलालाई अदालतको फैसलाअनुरूप दाङ जिल्लाको तुल्सिपुर जेल चलान गरिएको छ।

कुपिन्डेदह गाविस-८ स्वाँराकी ४५ वर्षीय खुइवीकुमारी खड्कालाई ०५६ असार २७ गते आफ्नै छोरा १९ वर्षीय यगेन्द्रबहादुर खड्काले तास खेल्ने पैसा नदिएको निहुँमा गर्धनमा खुकुरी प्रहार गरी हत्या गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी १० वर्षका लागि कारागारमा राखिएको छ।

जेल र बन्दीहरु

करिब साढे तीन शताब्दी पहिले सल्यानी राजाले बनाएको घर भत्केर बचेको भागमा नै यस जेल रहेको छ। "घ" श्रेणीको यस जेलको बन्दी क्षमता २० जना हो। हाल यहाँ कैद नतोकिएका ९ जना पुरूष र कैद तोकिएका १७ जना गरी २६ जना बन्दीहरू रहेका छन्। जेलमा वर्षायाममा पानी चुहिने गर्दछ। बन्दीहरूको साधारण औषधी उपचार बाहेक अन्य उपचार गर्नुपरेमा अस्पताल भएको अन्यत्र जिल्लामा सरूवा मिलाउनुपर्ने वाध्यता रहेको छ। बन्दीहरूका लागि २ वटा धाराहरू रहेको भए पनि कहिले आउने त कहिले नआउमे भएकोले भरपर्दो छैन। बन्दीहरूलाई "ख" श्रेणीको सिदा दिइन्छ।

गिरफ्तारी र यातना

थारमारे गाविस-४ थारमारेका सितेरियो करौंत खेलाडी २७ वर्षीय गणेश घर्तीलाई ०५५ फागुन ४ गते साँझ माओवादीको

आफ्नै देवरानीद्वारा खुकुरीले काटी हत्या गरिएकी रति डाँगी

आशंकामा खलंगा बसपार्कबाट प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा लगी सोधपुछ गरी सोही दिन छोडिदिए।

माल्नेटा डाँडागाउँ गाविस-२ घर्तीगाउँका वडाध्यक्ष ४५ वर्षीय मोहनलाल खड्कालाई माओवादी लुकाएको र भगाएको आरोपमा ०५५ फागुन १० गते प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय ल्याए। पीडितले आफू माओवादी गतिविधिमा नलागेको बताए भने आइन्दा यस्तो नगर्ने चेतावनीसहित उनलाई रिहा गरियो।

कजेरी गाविस-१ वारघार्नेमा ०५६ वैशाख १० गते एम्बुसमा परी एक जना प्रहरीको मृत्यु भएपछि तुलबहादुर थापा, काली थापा, टेकबहादुर चलाउने, यज्ञबहादुर बुढाथोकीलगायत् १६ जनालाई घटनास्थलदेखि केही तल शारदाखोलामा माछा मार्न लागिरहेको अवस्थामा गिरफ्तार गरी श्रीनगर प्रहरी चौकीमा रातभर राखी भोलिपल्ट डिएसपी कार्यालय पठाएको थियो भने वैशाख १४ गते रिहा गरिएको थियो। पीडितहरूलाई हिरासतमा शारीरिक यातना दिइयो।

बाँपुखोला गाविस-७ का शिक्षक ३० वर्षीय जयप्रकाश बस्नेत र सोही ठाउँका शिक्षक धनबहादुर ओलीलाई ०५६ जेठ २६ गते माओवादी क्रियाकलापमा संलग्न रहेको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितद्वय खलङ्गा गाविस-५ वालमन्दिरमा नेपाल राष्ट्रिय शिक्षक संगठनको चौथो जिल्ला अधिवेशनमा भाग लिन आएका थिए र अधिवेशन हलदेखि बाहिर निस्की आफ्नो साथीको डेरातिर लागिरहेको समयमा प्रहरीले गिरफ्तार गरेको थियो उनीहरूलाई रिहा गरिएको छैन।

बडागाउँ गाविस-४ का ३२ वर्षीय कुलबहादुर खत्रीलाई ०५६ असार २ गते भल्चौर गाविस-१ फारूलाचौरतर्फ गइरहेको समयमा भल्चौर गाविस-४ चम्पाटाकुरामा प्रहरीले माओवादीको आशंकामा गिरफ्तार गरी निर्मम यातना दिइ सोही दिन रिहा गरे।

कोटमौला गाविस-७ का २४ वर्षीय भरत डाँगीलाई ०५६ असार ३ गते थारमारे इलाका प्रहरी कार्यालयबाट गएका प्रहरीले नेकपा (माओवादी) को आशंकामा घरमा बसिरहेको समयमा गिरफ्तार गरी इलाका प्रहरी कार्यालय थारमारे ल्याएकोमा असार १० गते रिहा गरियो।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१४	११	५	१६	१		१	१
गोलीद्वारा हत्या					७	९	२	११
बम प्रहारबाट घाइते	१	१		१				
गिरफ्तारी र यातना					६	२२		२२
कुटपिट	९	१३	१	१४				
धम्की	३	३		३	१	४		४
वेपत्ता पारिएको					२	२		२
स्वतन्त्र र निष्पक्ष चुनाव	१	२		२	१			
बलात्कार प्रयास	१		४	४				
बहुविवाह	१		१	१				
पारिवारिक हिंसा	१		१	१				
जम्मा	३१	३०	१२	४२	१८	३७	३	४०
दुर्घटनाहरू/विपत्तिहरू	७	४०	१३	५३				

बेपत्ता पारिएको

कजेरी गाविस–३ का १७ वर्षीय ज्ञानबहादुर नेपालीलाई माओवादीको आरोपमा ०५५ फागुन २९ गते आफ्नो घरबाट दार्माकोटस्थित मामाको घर गइरहेको समयमा सिद्धेश्वरी गाविस–५ कुइयफोल गाउँबाट प्रहरीले गिरफ्तार गरे। प्रहरीहरू पीडितसँगै पीडितको घरमा आएर खानतलासी गर्दा २ वटा खाली बन्दूकसहित उनलाई अनुसन्धानको लागि डिएसपी कार्यालयमा बुझाए। पीडितको बारेमा केही थाहा हुन सकेको छैन।

थारमारे गाविस–७ रातपहराका २१ वर्षीय विजय भण्डारीलाई ०५६ साउन १३ गते एस.एल.सी. उत्तीर्ण गरेको प्रमाणपत्र लिन विद्यालयतर्फ गइरहेको अवस्थामा थारमारे इलाका प्रहरी कार्यालयले माओवादी भएको आशंकामा गिरफ्तार गरी बेपत्ता पारे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

कोटमौला गाविस–८ का वडाध्यक्ष २८ वर्षीय नेत्रप्रकाश ओलीलाई वडाध्यक्ष भएको र एमालेको कार्यकर्ता भएको आरोपमा ०५५ माघ २८ गते राति माओवादीहरूले कुटपिट गरी घाइते बनाउनुका साथै धनसम्पत्तिसमेत लुटेर लगे। पीडितलाई कोटमौला स्वास्थ्य चौकीमा औषधी उपचार गराइयो।

सिद्धेश्वरी गाविस–२ खानीगाउँका २० वर्षीय मनवीर बस्नेतलाई ०५५ फागुन ४ गते राति १० बजे नेकपा (माओवादी) को ४०/४५ जनाको हतियारसहितको जत्थाले नेकपा (एमाले) को सक्रिय कार्यकर्ता भएको र माओवादी जनयुद्धको विरोधमा लागेको आरोपमा कुटपिट गरी सख्त घाइते बनाए।

घोजरीपिपल गाविस–६ डुराखोलाका ३३ वर्षीय शिक्षक गणेश बि.सी.लाई ०५५ फागुन ४ गते साँझ माओवादीहरूले एमालेको कार्यकर्ता भई चुनावमा सहयोग गरेको आरोपमा कुटपिट गरी सख्त घाइते बनाए। पीडितको काठमाडौं स्थित वीर अस्पतालमा उपचार गरिएको थियो।

सिद्धेश्वरी गाविस–८ डाँडाकटेरीका गाविस उपाध्यक्ष ४२ वर्षीय डम्बरबहादुर बोहरालाई ०५५ फागुन ७ गते प्रजातन्त्र दिवसको दिन सोही वडामा पर्ने हिमालय प्रा.वि.को हाताबाट गोप्य सल्लाह गर्ने भनेर स्कूलबाट अलि तल एक जना गाउँलेको गोठभित्र लगी चुनावमा सक्रिय भूमिका निभाएको आरोपमा ११ जना माओवादीहरूले कुटपिट गरी घाइते बनाए।

शिवरथ गाविस–८ बाङ्गेलाँखुरीका ३४ वर्षीय कृतिबहादुर बस्नेतलाई घरमा प्रहरी चौकी राखेको आरोपमा सो चौकी त्यहाँबाट गैसकेपछि ०५६ वैशाख २२ गते ५/६ सय जनाको माओवादी छापामार जत्थाले ज्यानमार्ने धम्की दिनुका साथै घरमा बम विष्फोट गरे। त्यतिले पनि घर केही नभएको देखेपछि माओवादीहरूले घरका भित्ता, तला र छानामा मट्टितेल छरेर आगो लगाइदिए। पीडित घरमै व्यापार गरी बसेका छन्।

भल्चौर गाविस–१ भारुलाचौरका ६० वर्षीय मैतु खत्रीको घरबाट प्रहरी चौकी उठाएपछि ०५६ वैशाख २२ गते माओवादीहरूले घरमा आगो लगाई जलाइदिए।

माल्नेटा डाँडागाउँ गाविस–६ का ३६ वर्षीय डिल्लीबहादुर भण्डारी, सोही गाविस–७ का २५ वर्षीय वीरबहादुर ओली, २६ वर्षीय गोपाल के.सी. र २८ वर्षीय थलराज बिष्टलाई आम निर्वाचनमा सक्रिय भई जनतालाई भोट खसाल्न लगाएको आरोपमा ०५६ वैशाख २७ गते राति माओवादीहरूले च्याउला खोलामा लगी शारीरिक यातना दिई आइन्दा यस्तो क्रियाकलाप गरेमा ज्यानमार्ने धम्की दिए। पीडितहरू भारत गएका छन्।

बामे गाविस–६ पोखराका ४५ वर्षीय धनवीर पुनलाई नेपाल राष्ट्रिय जनता प्रा.वि.को भवनको लागि दार (काठ) काट्न लगाई जङ्गल मासेको, आमनिर्वाचनमा भाग लिएको आरोपमा ०५६ जेठ १८ गते माओवादीहरूले घरमा बसिरहेको समयमा कुटपिट गरे।

कोटमौला गाविस–९ चारटोलका ३५ वर्षीय वेतप्रसाद ओली, टेकबहादुर डाँगी र गौरीलाल ओलीलाई सुराकी गरेको आरोपमा ०५६ पुस ९ गते माओवादीहरूले कुटपिट गरी सख्त घाइते बनाए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बामे गाविसको मतदान केन्द्रमा ०५६ वैशाख २० गते खटिएका अधिकृत चित्तबहादुर डाँगी र प्रहरी टोली मतदान

केन्द्र वामेको लाघाट जानुपर्नेमा नगएर राईरा भन्ने ठाउँमा ११ बजेदेखि १ बजेसम्म मानिस बोलाई मत खसाल्न लगाएर हिंडे। स्थानीय गाउँलेहरू लाघाट मतदान केन्द्रमा मत खसाल्न नपाइकनै फर्कनुपरेको थियो। सो गाविसमा जम्मा मतदाता संख्या २ हजार ३ सय भएकोमा जम्मा ३ सय ३८ मात्र मत खसेको थियो। मतदान अधिकृत तोकेको ठाउँमा नगएका कारण गाउँलेहरूले मत खसाल्न पाएनन्।

निर्वाचन क्षेत्र नं. १ का सिद्धेश्वरी, वामेलगायत् २३ वटै गाविस र क्षेत्र नं. २ का दमाचौर, लेखपोखरालगायत् केही गाविसहरूमा ०५६ वैशाख १९ गतेदेखि २० गते बिहान १० बजेसम्म माओवादीहरूले मतदाताहरूलाई मतदानवाट वञ्चित गराउन गोला बारूद गरेका थिए र मतदाताहरू मतदान गर्न नरोकिएपछि नाङ्गो खुकुरीसमेत देखाई तनाव उत्पन्न गरे। त्यस्तै गरी सिद्धेश्वरी गाविस-८ का वडाध्यक्ष धनीराम बोहरा र उपाध्यक्ष डम्बरबहादुर बोहरालाई धरपकड गरी मतदान गर्नबाट वञ्चित गरिएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा पुराना १ सय ९३ र यस वर्ष दर्ता भएका १ सय ३५ गरी कुल ३ सय २८ वटा मुद्दाहरूमध्ये १ सय ३५ वटा फर्स्यौट भए।

महिला अधिकार

त्रिवेणी गाविस-८ शंखमुल डेरा गरी बसेका सोही गाविस-६ सिम्खका कक्षा ९ तथा १० मा अध्ययन गर्ने १५ वर्षका ४ जना युवतीलाई ०५६ भदौ ७ गते राति भिम्पेकोरावाङ गाविस-८ का ३१ वर्षीय खिमबहादुर थापा, २० वर्षीय प्रकाश रावत र ३० वर्षीय डिल्लीबहादुर बुढाथोकीले बलात्कार गर्ने प्रयास गरे। पीडितहरूले हो-हल्ला गरेपछि पीडकहरू त्यहाँबाट भागे। भोलिपल्ट पीडितहरूले प्रहरीमा उजुरी गरेपश्चात पीडकहरूलाई गिरफ्तार गरी मिलापत्र गराइयो।

यस वर्ष यो जिल्लामा बहुविवाहको एउटा घटना जानकारीमा आयो। पारिवारिक हिंसाको एक घटनामा एक महिला पीडित भइन्।

अतिरिक्त जानकारीहरु

स्वइकोट गाविस-१ कइनकाँडाका ६५ वर्षीय हस्तबहादुर बुढाथोकीको घरमा ०५५ माघ २९ गते राति प्रहरी प्रशासन बसाउने घर भएको आरोपमा अज्ञात व्यक्तिहरूले आगो लगाएकाले ३ लाख बराबरको क्षति भएको छ।

माल्नेटा डाँडागाउँ गाविस-४ चौरगाउँमा पर्ने श्री त्रि.ज.मा.वि.मा भइरहेको टेस्ट परीक्षाको ०५५ फागुन ४ गते कपी चोरी भएको र फागुन ९ गते राति अज्ञात व्यक्तिहरूद्वारा आगो लगाइएकाले कागजात, टेबुल, बेञ्च जली क्षति भयो।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइबीका कारण भएका कुटपिटका २ वटा घटनामा १ जना पुरूष र १ जना महिला पीडित भए। सवारी दुर्घटनाको १ घटनामा २४ जना पुरूष र १० जना महिलाको मृत्यु भयो भने खोलाले बगाएर १ जना महिलाको मृत्यु भयो। ०५६ साउन २६ गते गएको बाढी पहिरोका कारण कोटवार गाविसका किसानहरूको १ लाख ५० हजार रूपैयाँ बराबरको धनमाल क्षति हुन पुगे। विषालु जङ्गली च्याउ खानाले एकै परिवारका पति, पत्नी तथा छोरा र छोरी गरी ४ जनाको उपचार गर्दागर्दै मृत्यु भएको छ। आगलागीसम्बन्धी एक घटनामा ४० हजार रूपैयाँ बराबरको धनसम्पत्ति क्षति भयो भने अर्को घटनामा ७० हजार रूपैयाँ बराबरको धनसम्पत्ति क्षति भएको छ।

४.५ रुकुम

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

साँख गाविस-१ का ७० वर्षीय शेरबहादुर महतलाई शोषण गरेको आरोपमा ०५५ पुस २३ गते माओवादी कार्यकर्ताहरूले घरमा आई अपहरण गरी पुस २४ गते बिहान सोही गाविस-३ पोखरी भन्ने ठाउँमा खुकुरी प्रहार गरी हत्या गरे।

प्वाङ गाविस-२ किंदाका १८ वर्षीय कर्णबहादुर खड्कालाई माओवादीको कार्यकर्ता भएको आरोपमा ०५५ पुस १९ गते सोही गाविस-८ मोराबाङस्थित आफ्नो घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी सोही गाविस-९ मा पर्ने बाहुले खोलामा लगी गोली हानी हत्या गरे।

विजयश्वरी गाविस-१ का नेकां जिल्ला अध्यक्ष तथा भूपू जिविस सभापति ५० वर्षीय हरिभक्त ओलीलाई ०५५ माघ १ गते सोही गाविस-३ मा पर्ने बाटोमा हिंडिरहेको अवस्थामा माओवादीहरूले खुकुरी प्रहार गरी हत्या गरे।

विजयश्वरी गाविस-२ का २२ वर्षीय शेरबहादुर डाँगीलाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०५५ माघ २ गते प्रहरीले गिरफ्तार गरी ५ दिनपछि विजयश्वरी लेखमा गोली हानी हत्या गरे।

विजयश्वरी गाविस मनकोटका ४१ वर्षीय कालीराम डाँगी लगायत् नाम थाहा हुन नसकेका अन्य ३ जना व्यक्तिहरूलाई माओवादीको आरोपमा ०५५ माघ १३ गते प्रहरीले हत्या गरे।

अर्मा गाविस-९ काँडाका ३५ वर्षीय शेरबहादुर खड्कालाई फरक राजनीतिक विचार राखेको आरोपमा ०५५ माघ २१ गते साँझ घरमै बसिरहेको अवस्थामा माओवादीहरूले खुकुरी प्रहार गरी हत्या गरे। पीडित नेकपा (एमाले) इलाका कमिटीका सदस्य थिए।

चुन्वाङ गाविस-९ का ३५ वर्षीय आशाराम बुढा, सोही गाविस-३ का २५ वर्षीय कलासिंह दमाई, सोही गाविस-६ का

२७ वर्षीय प्रवासी घर्ती र शोभा गाविस-४ का २० वर्षीय डम्बरबहादुर खड्कालाई माओवादीको आरोपमा ०५५ माघ २८ गते चुन्वाङ गाविस-६ मा पर्ने भुस्नागाडे जंगलमा बसिरहेको अवस्थामा गोली हानी हत्या गरे।

मुरू गाविस-४ का ३३ वर्षीय भीमबहादुर रावललाई माओवादीको आरोपमा ०५५ फागुन २ गते स्कूलबाट फर्किरहेको अवस्थामा प्रहरीले गोली हानी हत्या गरे।

विजयश्वरी गाविस-३ का नेकपा (एमाले) जिल्ला सचिव तथा आम निर्वाचन ०५६ को लागि क्षेत्र नं. २ का उम्मेद्वार ३९ वर्षीय यदु गौतमलाई ०५५ फागुन २१ गते गरायला गाविस-७ को बाटोमा माओवादीहरूले खुकुरी प्रहार गरी हत्या गरे।

गरायला गाविस-३ का ३० वर्षीय कर्णबहादुर वि.क., उनकै पत्नी २८ वर्षीय कवली वि.क. र छिवाङ गाविस-४ नुवागाउँका २१ वर्षीय धर्मजीत वलीलाई माओवादीको आरोपमा ०५५ फागुन २७ गते कर्णबहादुरको घरमा बसिरहेको अवस्थामा प्रहरीले गोली हानी हत्या गरे।

चुनवाङ गाविस-२ का ३७ वर्षीय श्यामबहादुर पुनलाई माओवादीको आरोपमा ०५५ चैत ७ गते आफ्नै घरमा बसिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी नजिकैको जंगलमा लगी गोली हानी हत्या गरे।

मुरू गाविसका २८ वर्षीय पलबहादुर खड्का र ढाकाडाम गाविसका २३ वर्षीय भरत वलीलाई माओवादीको आशंकामा ०५५ चैत ७ गते प्रहरीले गोली हानी हत्या गरे।

पोखरा गाविसमा चुनाव गराउन गइरहेको अवस्थामा प्रहरी जवानहरू २८ वर्षीय गंगादत्त पन्त, २५ वर्षीय राजेन्द्रबहादुर सिंह र २९ वर्षीय बुद्ध नगरकोटीको ०५६ वैशाख १३ गते सोही गाविस-३ मा पर्ने बांजेरी पुल नजिकैको बाटोमा माओवादीहरूले राखेको एम्बुसमा परी मृत्यु भयो। पीडितहरूमध्ये गंगादत्तको घटनास्थलमै र अन्य दुई जनाको भेरी अञ्चल अस्पताल नेपालगंजमा मृत्यु भएको थियो।

चुन्वाङ गाविस-६ का ३१ वर्षीय जीतबहादुर पुनलाई पचास हजार रूपैयाँ चन्दा दिन नसकेको आरोपमा ०५६ जेठ २ गते सोही ठाउँको भ्र्याँकुखोरिया भन्ने जंगलमा माओवादीहरूले खुकुरीले घाँटी रेटेर हत्या गरे।

हुकाम गाविस-३ फूलवाङका ३२ वर्षीय खुइले घर्ती र २९ वर्षीय लाटो घर्तीलाई माओवादीको आरोपमा ०५६ असार १८ गते मकै गोडिरहेको बेला प्रहरीले गोली हानी हत्या गरे।

जनसंख्या	:	१५५५५४
साक्षरता प्रतिशत	:	३०.७
महिला साक्षरता प्रतिशत	:	११
क्षेत्रफल (वर्ग कि.मी.)	:	२८७७
गाविस/नपा संख्या	:	४३/०
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	२४३
क्याम्पस/उच्च मावि	:	१/३
अस्पताल/स्वास्थ्य चौकी	:	१/४२
टेलिफोन लाइन	:	२२
मोटर सडक (कि.मी.)	:	०
प्रहरी कार्यालय संख्या	:	१८
हुलाक संख्या	:	४३

चुन्वाङ गाविस-६ का ६८ वर्षीय नदीराम पुनलाई चुनावमा सक्रिय रहेको र आर्थिक सहयोग नगरेको आरोपमा ०५६ असार २१ गते घर नजिकैको टाटेपाखा भन्ने ठाउँमा लगेर खुकुरी प्रहार गरी हत्या गरे।

पिपल गाविस-७ का २७ वर्षीय कृष्णबहादुर नाथ, २५ वर्षीय सन्तबहादुर नाथ, २२ वर्षीय खलबहादुर नाथ र १९ वर्षीय कलिराम नाथलाई माओवादीको आरोपमा ०५६ साउन ६ गते प्रहरीले आ-आफ्नो घरबाट गिरफ्तार गरी नजिकैको जंगलमा लगी निर्मम यातना दिएर गोली हानी हत्या गरे।

मुरू गाविस-४ का गाविस उपाध्यक्ष ६३ वर्षीय कृपाराम वलीलाई सुराकी गरेको आरोपमा ०५६ साउन १४ गते माओवादीहरूले सोही ठाउँको मौलागारे भन्ने ठाउँमा लगी खुकुरी प्रहार गरी हत्या गरे।

पिपल गाविस-७ का ४१ वर्षीय काशु नाथलाई भनेजति आर्थिक सहयोग नगरेको आरोपमा ०५६ साउन २३ गते माओवादीहरूले सोही गाविस-९ छिब्रखोलामा खुकुरी प्रहार गरी हत्या गरे।

पिपल गाविस-२ लागिमका ५२ वर्षीय रिठ्ठे कामीलाई माओवादी भएको र उनीहरूको निम्ति बन्दूक बनाएको आरोपमा ०५६ भदौ १६ गते प्रहरीले घरबाट बाहिर निकाली गोली हानी हत्या गरे।

हुकाम गाविस-१ का ४१ वर्षीय मल घर्ती र ३२ वर्षीय पूर्णबहादुर घर्तीलाई माओवादी भएको आशंकामा ०५६ भदौ १६ गते प्रहरीले गिरफ्तार गरी नजिकैको जंगलमा लगी गोली हानी हत्या गरे।

चुन्वाङ गाविस-६ का ४३ वर्षीय गोपी दमाईलाई माओवादीको आशंकामा ०५६ भदौ १० गते सोही गाविस-८ सिमचौरको जंगलमा प्रहरीले गोली हानी हत्या गरे।

माओवादीहरूद्वारा हत्या गरिएका यदु गौतम

पेउघा गाविस-५ ठारीखोलाका २१ वर्षीय भीमबहादुर खड्कालाई माओवादीको आशंकामा ०५६ भदौ २६ गते प्रहरीले गोली हानी हत्या गरे।

रूँघा गाविस-५ बाँदरपानीका २७ वर्षीय मनकला पुनलाई माओवादीलाई खाना खुवाएको आरोपमा ०५६ भदौ २७ गते प्रहरीले आफ्नै घरमा गोली हानी हत्या गरे।

खोलागाउँ गाविस-१ का ५० वर्षीय डबलबहादुर बुढा, १७ वर्षीय देउमती पुन र कोटजहारी गाविस-८ गुर्तालगाउँका २६ वर्षीय रूक्मिणा मल्ललाई माओवादीको आशंकामा ०५६ भदौ २८ गते खोलागाउँ गाविस-१ स्यालाकोटमा प्रहरीले गोली हानी हत्या गरे।

रन्मामैकोट गाविसकी वरमाया वि.क.लाई माओवादीको आरोपमा ०५६ असोज २ गते कोल गाविसको ओग्मामा प्रहरीले गोली हानी हत्या गरे।

महत गाविस-१ महतगाउँस्थित इलाका प्रहरी चौकीका प्रनानि ३९ वर्षीय भोगेन्द्र कार्की, ३७ वर्षीय प्रहरी हवल्दार चन्द्रबहादुर थापा तथा प्रहरी जवानहरू २४ वर्षीय शशीराम रावल, २३ वर्षीय आशामान वि.क., २३ वर्षीय शोभाराम चन्द, २२ वर्षीय एकबहादुर कुमाल र नेपाली काँग्रेस महासमितिका पूर्व सदस्य ६० वर्षीय पूर्णबहादुर बुढालाई ०५६ असोज ५ गते माओवादीहरूले गोली हानी हत्या गरे।

महत गाविसका ३० वर्षीय नरेन्द्र बुढा र २९ वर्षीय मृगसिं कामीलाई माओवादीको आरोपमा ०५६ असोज ६ गते इलाका प्रहरी कार्यालय नजिकै प्रहरीले गोली हानी हत्या गरे।

शोभा गाविस-८ फिङरीका ३० वर्षीय भीमबहादुर वलीलाई माओवादी भएको आशंकामा ०५६ असोज ८ गते सामुदायिक वन उपभोक्ता समितिको बैठकमा भाग लिइरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी सोही गाविस-२ मा पर्ने निगालपानी जंगलमा लगी गोली हानी हत्या गरे।

मैकोट गाविस-३ का ३२ वर्षीय खड्कबहादुर बुढालाई माओवादीको आरोपमा ०५६ असोज १४ गते अस्केर जंगलमा प्रहरीले गोली हानी हत्या गरे। त्यसैगरी सोही ठाउँका ३० वर्षीय धर्मबहादुर पुन मगर, २८ वर्षीय सार्की पुन मगर र २१ वर्षीय लोवन कामीलाई गोली प्रहार गरी सख्त घाइते बनाए।

महत गाविस-२ का ३९ वर्षीय मनबहादुर रोका, ५४ वर्षीय टीकासिंह बुढा, २९ वर्षीय नरजित वि.क., ३७ वर्षीय धनवीर वि.क., २८ वर्षीय थामी बुढा, २६ वर्षीय दिलमाया बुढा र २६ वर्षीय धाँती वि.क.लाई माओवादीको आशंकामा ०५६ कात्तिक ७ गते इलाका प्रहरी कार्यालय महत नजिकै प्रहरीले गोली हानी हत्या गरे।

पुर्तिमकाँडा गाविस खागलकी २८ वर्षीय पवित्रा वि.एम.लगायत् नाम थाहा नभएका अन्य ३ जनालाई माओवादीको आशंकामा ०५६ कात्तिक २९ गते प्रहरीले गोली हानी हत्या गरे।

महत गाविसमा ०५६ मंसिर १ गते दुई जना अज्ञात व्यक्तिहरूलाई माओवादीको आरोपमा प्रहरीले गोली हानी हत्या गरे।

पुर्तिमकाँडा गाविसको पक्रैयामा ०५६ मंसिर ७ गते नाम, ठेगाना थाहा हुन नसकेका दुई जना व्यक्तिलाई माओवादीको आरोपमा प्रहरीले गोली हानी हत्या गरे।

माओवादीद्वारा हत्या गरिएका पूर्णबहादुर बुढा

पुर्तिमकाँडा गाविस खागलका २९ वर्षीय ईश्वरबहादुर बुढालाई माओवादीको आरोपमा ०५६ मंसिर ७ गते खागलमा प्रहरीले गोली हानी हत्या गरे।

रन्मामैकोट गाविस-३ का ३२ वर्षीय छायराज बुढा, २६ वर्षीय बलिराम बुढा, २४ वर्षीय कुमारी बुढा र २५ वर्षीय टिकी घर्तीलाई ०५६ मंसिर ७ गते हतियार सहित घरभित्र रहेको भनी प्रहरीले गोली हानी हत्या गरे।

तकसेरा गाविस-२ का ५१ वर्षीय कृष्णबहादुर बुढालाई माओवादीको आरोपमा ०५६ मंसिर २८ गते प्रहरीले गोली हानी हत्या गरे। पीडित एमालेका संगठित सदस्य तथा पूर्व गाविस अध्यक्ष थिए।

तकसेरा गाविस-६ खारा र सोही गाविसको घुम्लीवाङमा ०५६ पुस ४ र ८ गते आठ जना अज्ञात व्यक्तिहरूलाई माओवादीको आरोपमा प्रहरीले गोली हानी हत्या गरे।

नुवाकोट गाविसका ३६ वर्षीय चन्द्रप्रसाद वली र २३ वर्षीय यमुना शर्मालाई माओवादीको आरोपमा ०५६ पुस ६ गते सोही गाविसको जंगलमा प्रहरीले गोली हानी हत्या गरे।

शोभा गाविस-३ घर भई पोखरा गाविसको सचिवमा कार्यरत् ३३ वर्षीय हरिजंग शाह, शोभा गाविस-३ का जिल्ला स्वास्थ्य कार्यालयमा कार्यरत ग्रामीण स्वास्थ्य कार्यकर्ता ४४ वर्षीय बलबहादुर थापा, जाङ गाविस-६ खराङ घर भई जिल्ला स्वास्थ्य कार्यालयमा कार्यरत ४८ वर्षीय रणबहादुर मल्ल र खाद्य संस्थानमा कार्यरत् ४५ वर्षीय कृष्णप्रसाद गुरागाईं ०५६ वैशाख १८ गते सिस्ने गाविसमा मतदानको लागि जान लागेको अवस्थामा सिस्ने गाविस-२ मा पर्ने टुटे खोला र राम्री खोलाको बीचमा पर्ने जंगलमा माओवादीहरूले राखेको एम्बुसमा परी घाइते भए।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका २ वटा घटनामा एक जना पुरूष र एक जना ९ वर्षीय बालिकाको हत्या भयो। जसमा -

नुवाकोट गाविस-२ लिउरंबारीका ४१ वर्षीय मानसिंह वि.क.लाई ०५६ जेठ ६ गते राम्रो व्यवहार नगरेको आरोपमा उनकै पत्नी ३८ वर्षीय खली वि.क.ले सुतिरहेको अवस्थामा बञ्चरो प्रहार गरिन्। पीडितलाई जेठ १० गते



माओवादीद्वारा हत्या गरिएका हरिभक्त ओली



रुकुम कारागारका पुरुष तथा महिला बन्दीहरू

उपचारार्थ खलंगा लैजाँदा लैजाँदै मृत्यु भयो। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

बाँफीकोट गाविस-१ की ९ वर्षीय ओइली वि.क.लाई ०५६ जेठ २४ गते बगैंचामा आरू खान लागेको अवस्थामा सोही ठाउँकी चन्द्रकली वि.क.ले ढुङ्गाले हिर्काउँदा मृत्यु भयो। पीडकलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

यस जिल्लाको जेल "घ" श्रेणीको हो। १५ जना बन्दी क्षमता भएको यस जेलमा ४३ जना बन्दीहरू रहेका छन्। ती मध्ये ३५ जना कैद नतोकिएका र ८ जना कैद तोकिएका छन्। यसबाहेक १ जना नाबालक पनि आश्रितका रूपमा रहेको छ। धेरैजसो कैद नतोकिएका बन्दीहरू माओवादीको आरोपमा विभिन्न मुद्दामा थुनामा परेका छन्। लोकेन्द्र बिष्ट, गणेशमान पुन र राजकुमार बिष्ट अदालतबाट छुटकारा पाएर पनि शान्ति सुरक्षाअन्तर्गत जेलमा रहेका छन्। जेलभित्र कपडा बुन्ने ४ वटा तानहरू रहेका छन्। बन्दीहरूलाई ६/६ महिनामा कपडा र २/२ वर्षमा विस्तारा उपलब्ध गराइन्छ। जेलभित्र आफैले किनेर पत्रपत्रिकाहरू पढ्न पाइन्छ। जेलमा रहेको इन्सेक रेडियो श्रोता क्लबका रचना र सुझावहरू केन्द्रमा पठाउन समेत जेल प्रशासनले रोक लगाएको गुनासो बन्दीहरूको छ।

गिरफ्तारी र यातना

कोटजहारी गाविस-२ का २२ वर्षीय नरेश न्यौपाने, सोही गाविस-७ का २० वर्षीय डिल्लीवहादुर मल्ल र नाम थाहा हुन नसकेको एक जना व्यक्तिलाई माओवादीको आरोपमा ०५५ माघ १२ गते प्रहरीले गिरफ्तार गरी निर्मम यातना दिए। पीडितहरूलाई ०५५ फागुन १९ गते रिहा गरियो।

पेउघा गाविस-९ टोड्केका ४६ वर्षीय केशरबहादुर खड्का, ४२ वर्षीय पत्रबहादुर वली र सोही गाविस-१ लामपाटाका २३ वर्षीय तुलाराम खत्रीलाई माओवादीको आशंकामा ०५६ साउन २६ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई शारीरिक यातना समेत दिए। पीडितलाई ९ दिनपछि तारेखमा रिहा गरियो।

प्वाङ गाविस-२ किंदाका २० वर्षीय परशुराम खड्का, सोही गाविस-४ आरिवाङका २४ वर्षीय धनबहादुर के.सी. र मैकोट गाविस-८ अर्जलका ३५ वर्षीय नन्दप्रसाद पुनलाई ०५६ भदौ १ गते माओवादीको आशंकामा प्रहरीले गिरफ्तार गरी निर्मम यातना दिए। पीडितहरूमध्ये परशुरामलाई १५ दिनपछि, धनबहादुरलाई १३ दिनपछि र नन्दप्रसाद पुनलाई १८ दिनपछि रिहा गरियो।

साँख गाविस-८ झुल्खेतका २४ वर्षीय अजय बोहोरालाई माओवादी भएको आरोपमा ०५६ भदौ २३ गते प्रहरीले गिरफ्तार गरी ११ दिनपछि तारेखमा छोडे।

मुरू गाविस-७ मलपोखरी ठारीखोलाका २८ वर्षीय खड्कबहादुर वलीलाई माओवादी भएको आरोपमा ०५६ भदौ २५ गते जिल्ला प्रहरी कार्यालयमा तारेखमा आएको बेला प्रहरीले गिरफ्तार गरे। पीडितलाई १७ दिनपछि तारेखमा रिहा गरियो।

मुरू गाविस-५ का ६० वर्षीय गोपु खड्का, ४० वर्षीय धनबहादुर खड्का, ३२ वर्षीय मस्तबहादुर डाँगी, ३० वर्षीय मोहन डाँगी र २१ वर्षीय भीमबहादुर वलीलाई ०५६ भदौ २५ गते माओवादीको आशंकामा प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितहरूलाई हाल रिहा गरिएको छ।

साँख गाविस-९ भण्डारीकाँडाका १७ वर्षीय शेरबहादुर वि.क. र भलाक्चा गाविस-८ सिव्रीका २३ वर्षीय कविराम वि.क.लाई माओवादीको आरोपमा ०५६ भदौ २६ गते शेरबहादुरको घरबाट प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितलाई ११ दिनपछि रिहा गरियो।

मुरू गाविसस्थित मुरू माध्यमिक विद्यालयमा अध्ययनरत देवी ओली, कमला ओली, दिल्लीबहादुर पुन, भुपेन्द्र बुढा र रमेश बुढालाई माओवादीको आशंकामा ०५६ वैशाख ७ गते प्रवेशिका परीक्षा दिइरहेको अवस्थामा परीक्षा कोठाबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरू सबैलाई ४ दिनपछि रिहा गरियो।

बेपत्ता पारिएको

सिस्ने गाविस-२ का ५५ वर्षीय बलवीर बुढालाई राजनीतिक प्रतिशोधका कारण ०५६ असार ३ गते प्वाङ र सिस्नेको सिमानामा पर्ने छिङरीखोलाबाट माओवादीहरूले अपहरण गरे। पीडितको बारेमा केही थाहा हुन सकेको छैन।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

काँडा गाविस-७ डालीवाङका गाविस उपाध्यक्ष ३५ वर्षीय डिलबहादुर बुढालाई राजनीतिक प्रतिशोधका कारण ०५५ माघ १८ गते माओवादीहरूले घरबाट बाहिर निकाली जंगलको नजिकै बाटोमा लगेर सख्त घाइते हुनेगरी कुटपिट गरे। आफूसँग रहेको ६ सय रूपैयाँसमेत माओवादीहरूले लगेको पीडितले बताए।

प्वाङ गाविस-२ का १७ वर्षीय दीपेन्द्र खड्का, १७ वर्षीय रमेश बोहोरा, सोही गाविस-३ का २० वर्षीय कमल खड्का र

पोखरा गाविस-९ का १८ वर्षीय तेजेन्द्र के.सी.लाई सुराकी गरेको आरोपमा ०५५ फागुन २ गते माओवादीहरूले हिमालय मावि नायगाडको कक्षा कोठामा लगी कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्की दिए।

प्वाङ गाविस-४ आरिवाङका शिक्षक २३ वर्षीय उमेश के.सी.लाई सुराकी गरेको आरोपमा ०५५ फागुन ३ गते माओवादीहरूले हिमालय मावि नायगाड प्वाङको कक्षा कोठामा लगी कुटपिट गरे। पीडित उपचारका लागि एक महिनासम्म खलंगामा बसेका थिए।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	११	१२	१	१३	१	१		१
गोलीद्वारा हत्या	१	७		७	२८	५६	१२	६८
बम प्रहारबाट घाइते	१	४		४				
गिरफ्तारी र यातना					८	२१	२	२३
कुटपिट	१५	२६	१०	३६	२	१८		१८
धम्की	१०	१५	२	१७				
वेपत्ता पारिएको	१	१		१				
बलात्कार	१		१	१				
बाल अधिकार	१		१	१				
जम्मा	४१	६५	१५	८०	३९	९६	१४	११०
आत्महत्या	५	४	१	५				
चोरी/डकैती	१	१		१				
दुर्घटनाहरू/विपत्तिहरू	३	३	१	३				

आठबीसकोट गाविस-३ डाँडागाउँका भीमसेन पुन, सोही गाविस-४ बाँकेका दलबहादुर पुन, खोलागाउँ गाविसका खिमबहादुर राना र विजयश्वरी गाविसका शिव लामिछानेलाई ०५६ वैशाख ६ गते नेकपा (एमाले) को चुनाव प्रचार प्रसारको सिलसिलामा उम्मेद्वार तीर्था गौतमका साथ हिँडिरहेको अवस्थामा आठबीसकोट गाविसबाट प्रहरीको पोशाकमा आएका माओवादीहरूले अपहरण गरेकोमा ३ जना लाई वैशाख ८ गते र खिमबहादुरलाई वैशाख ११ गते मुक्त गरिदिए। पीडितहरू सोही गाविसस्थित राडीखेतमा जनसभामा भाग लिन जुलुससहित गइरहेका थिए।

खारा गाविस-२ का शिक्षक २५ वर्षीय मोहन वलीलाई मतदानमा भाग लिएको आरोपमा ०५६ वैशाख २० गते माओवादीहरूले घरबाट नजिकैको सल्लेडाडाँमा लगी निर्मम ढंगले कुटपिट गरे।

सिम्ली गाविस-२ का गाविस उपाध्यक्ष ३८ वर्षीय इन्द्रे वलीलाई नेकपा (एमाले) भएर चुनाव जितेको आरोपमा ०५६ जेठ ७ गते आफ्नो घर नजिकै हिँडिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरे। पीडित असार १६ गते विजयश्वरी गाविसको मल्यासिम भन्ने लेकबाट भाग्न सफल भए।

सिस्ने गाविस-८ सिस्नेका गाविस अध्यक्ष २५ वर्षीय नन्दराम बुढालाई ०५६ जेठ १२ गते सोही गाविस-६ पाखापानीमा माओवादीहरूले कुटपिट गरे। गाविस अध्यक्ष पदबाट राजिनामा नदिए ज्यानमार्ने धम्की दिनुका साथै दुई हजार पाँच सय रूपैयाँ लगेको पीडितले बताए।

घेत्मा गाविस-६ माझगाउँका २० वर्षीय सुरजकुमार परियार र सोही गाविस-२ का २४ वर्षीय खिमबहादुर पुनलाई चुनावमा भाग लिएको आरोपमा ०५६ जेठ १४ गते माओवादीहरूले घरबाट सोही गाविस-६ को एउटा गोठमा लगी निर्मम ढंगले कुटपिट गरे। माओवादीहरूले सुरजबाट एक हजार रूपैयाँ र खिमबहादुरबाट पाँच सय रूपैयाँ लुटेर लगेको पीडितहरू बताउँछन्।

खोलागाउँ गाविस-२ का २६ वर्षीय शिक्षक डिलबहादुर वली र सोही गाविस-१ स्यालाकोटका गाविस अध्यक्ष ४५ वर्षीय कृष्णलाल शर्मालाई चुनावमा भाग लिएको र प्रहरी चौकी स्थापना गरेको आरोपमा ०५६ जेठ २२ गते माओवादीहरूले स्यालाकोट जंगलमा पर्ने एउटा गोठमा लगेर निर्मम ढंगले कुटपिट गरे। तीन महिनाभित्र एक लाख पचास हजार रूपैयाँ नदिए ज्यानमार्ने धम्की दिएको कुरा कृष्णलालले बताए।

राङसी गाविस-६ नाखाका २३ वर्षीय चित्रबहादुर पुन, सोही गाविस-७ का गाविस उपाध्यक्ष ४२ वर्षीय चखे पुन, २८ वर्षीय धनबहादुर पुन, २६ वर्षीय ढोटे बुढा, ३२ वर्षीय गञ्जे बुढा, सोही गाविस-८ का हर्कमान वि.क. र सोही गावस-९ का २१ वर्षीय वसन्त पुनलाई फरक राजनीतिक विचार राखेको आरोपमा ०५६ असार ५ गते माओवादीहरूले कुटपिट गरे।

साँखे गाविस-३ देविथानका २० वर्षीय शालिकराम पाण्डेलाई चुनावमा एजेण्ट बसेको आरोपमा ०५६ असार १६ गते माओवादीहरूले चौतारी भन्ने ठाउँमा लगी कुटपिट गरे।

झुला गाविस-७ गारावाङका २८ वर्षीय प्रजीत बुढालाई फरक पार्टीमा सम्बद्ध भएको आरोपमा ०५६ साउन २ गते घरमै बसिरहेको अवस्थामा माओवादीहरूले खुकुरी प्रहार गरी गम्भीर रूपमा घाइते बनाए।



माओवादीहरूले अपहरण गरी बेपत्ता पारेका घलवीर बुढा

भलाक्चा गाविस-९ ल्वहँका सोही गाविसका उपाध्यक्ष ५६ वर्षीय मोतिराम पुनलाई ०५६ साउन १० गते माओवादीहरूले सोही गाविस-१ खालचौरबाट अपहरण गरी सात दिनपछि छोडिदिए।

रन्मामैकोट गाविस-२ का ४२ वर्षीय वाणे कामी, सोही ठाउँका शिक्षक २९ वर्षीय विष्णु पुन, सोही गाविस-४ की २१ वर्षीय चिलिमाया पुन र २० वर्षीय अपार

पुनलाई भिन्न राजनीतिक विचार राखेको आरोपमा ०५६ साउन १३ गते माओवादीहरूले अपहरण गरे। पीडितहरूमध्ये चिलिमाया र अपारलाई १० दिनपछि, विष्णुलाई १५ दिनपछि र वाणेलाई ३ महिनापछि मुक्त गरे।

चुन्वाङ गाविस-२ का वडासदस्य २८ वर्षीय चुडामणि सुनारलाई चुनावमा सक्रिय रहेको आरोपमा ०५६ साउन १६ गते माओवादीहरूले घरमै आई डोरीले बाँधेर अपहरण गरेकोमा ५ दिनपछि भाग्न सफल भए।

काँडा गाविस-७ का ५३ वर्षीय अमबहादुर बुढालाई ०५६ साउन २२ गते आफूहरूले भनेबमोजिम चन्दा दिन नसकेको आरोपमा माओवादीका कार्यकर्ताहरूले कुटपिट गरे। आफूसँग रहेको छ हजार रूपैयाँ पनि माओवादीहरूले लुटेर लगेको पीडितले वताए।

छिवाङ गाविस-३ का २७ वर्षीय दिलमाया विटालुलाई ०५६ साउन २५ गते माओवादीहरूले कुटपिट गरे। पीडकहरूले पीडितको बाबुलाई खोज्दै आएको वेला नभेट्टाएपछि उनलाई कुटपिट गरेका थिए।

घेत्मा गाविस-१ का ५८ वर्षीय कर्ण पुन, सोही गाविस-३ का ५५ वर्षीय लोतु मल्ल, सोही गाविस-८ का ६२ वर्षीय झ्याले कामी र ५३ वर्षीय परे कामीलाई चुनावमा सक्रिय भएको आरोपमा ०५६ साउन २६ गते माओवादीहरूले कुटपिट गरे।

राङसी गाविस-४ की १८ वर्षीय रूपी घर्ती, १८ वर्षीय कमेनी घर्ती, १७ वर्षीय ठकैकुमारी बुढा, सोही गाविस-३ की ३२ वर्षीय रामकुमारी रोका, २१ वर्षीय नरकुमारी बुढा, सोही गाविस-२ की २५ वर्षीय पुनिमाया बुढा, ३० वर्षीय धनराखी बुढा, सोही गाविस-१ की २३ वर्षीय धनसाँची बुढा र १५ वर्षीय मूली बुढालाई आफ्नो पार्टीमा नलागेको आरोपमा ०५६ साउन २६ गते सोही गाविस-४ पानीचौरमा माओवादीहरूले कुटपिट गरे।

स्यालापाखा गाविस-६ का वडा सदस्य ४५ वर्षीय वीरबहादुर नाथलाई ०५६ भदौ ५ गते माओवादीहरूले घरबाट निकाली निर्ममरूपले कुटपिट गर्नुका साथै वडा सदस्य पदवाट राजिनामा नदिए ज्यानमार्ने धम्कीसमेत दिए।

शोभा गाविस-५ बाहुनडेरा खाल्टाबोट घर भई काँडा गाविस-७ डालिवाङ प्राविमा शिक्षक रहेका ३३ वर्षीय मोहनबहादुर खत्रीलाई भनेबमोजिम चन्दा नदिएको आरोपमा ०५६ भदौ १३ गते काँडा गाविस-७ मा माओवादीहरूले कुटपिट गरी एउटा हात भाँचिदिए।


माओवादीहरूले कुटपिट गरी घाइते बनाएका कृष्णलाल शर्मा

पेउघा गाविस-१ लामपाटाका ३२ वर्षीय पहलबहादुर वलीलाई चुनावमा एजेण्ट वसेको र नेकपा (एमाले) को समर्थक भएको कारण ०५६ भदौ १३ गते माओवादीहरूले घरबाट अपहरण गरी सात दिनपछि मुक्त गरे।

पेउघा गाविस-१ लामपाटाका ३२ वर्षीय पहलबहादुर वलीलाई ०५६ भदौ २३ गते माओवादीहरूले अपहरण गरी पाँच दिनपछि मुक्त गरे।

शोभा गाविस-८ का ३५ वर्षीय तालसिंह बुढा, ५४ वर्षीय पृथ्वीबहादुर शाही, ५० वर्षीय बलिराम खड्का र ५५ वर्षीय तुलबहादुर वलीलाई माओवादी भएको आरोपमा ०५६ असोज ८ गते वन उपभोक्ता समूहको बैठक बसिरहेको अवस्थामा प्रहरीले कुटपिट गरे।

महत गाविस-१ स्थित प्रहरी चौकीका डिएसपी ३३ वर्षीय ठूले राईलाई ०५६ असोज ५ गते माओवादीहरूले अपहरण गरी बेपत्ता पारेकोमा ०५६ पुस ४ गते मुक्त गरे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

चौखावाङ गाविसमा निर्वाचनको दिन ०५६ वैशाख २० गते माओवादी र प्रहरीबीच व्यापक भिडन्त भयो तर कसैलाई केही भएन। माओवादीको आतंकमय वातावरणका कारण धेरैजसो मतदाताहरू मताधिकारबाट वञ्चित रहे। प्वाङ, भलाक्चा, साँखलगायत्का गाविसमा मतदाताहरूलाई माओवादीहरूले ढुङ्गामुढा गरे।

आमनिर्वाचनका क्रममा ०५६ वैशाख २० गते क्षेत्र नं. १ को हुकाम गाविसमा नेकाँका कार्यकर्ता वीरबहादुर पुन र तकसेरा गाविसका दुर्गा बुढाको नेतृत्वमा बुथ क्याप्चर गरेर मतदाताहरूलाई आफ्नो पार्टीको पक्षमा मतदान गर्न लगाइयो। कतिपय मतदाताहरू मताधिकारबाट वञ्चित रहे।

पोखरा गाविस-१ का २८ वर्षीय मित्रलाल के.सी., २३ वर्षीय डिलबहादुर के.सी., १८ वर्षीय सुदीप के.सी., सोही गाविस-६ का ५७ वर्षीय लालबहादुर बुढा, २२ वर्षीय हिमलाल खड्का, २१ वर्षीय दलबहादुर खड्का, सोही गाविस-९ का २८ वर्षीय भक्तराज शर्मा, सोही गाविस-५ का १८ वर्षीय अमरबहादुर खड्का, सोही गाविस-६ का १६ वर्षीय वसन्त घर्ती, ३३ वर्षीय नरवहादुर बुढा, शोभा गाविस-२ का ४६ वर्षीय कृष्णबहादुर के.सी., ४२ वर्षीय चेतकुमार थापा, सोही गाविस-३ का मानबहादुर बुढा र पोखरा गाविस-४ का ४० वर्षीय भीमबहादुर खड्कालाई माओवादी भएको आरोपमा ०५६ असोज १० गते स्यालापाखा भलखोलामा खाना खाइरहेको अवस्थामा प्रहरीले २ राउण्ड हवाई फायर गर्नुका साथै बाहिर निकाली लाइन लगाएर कुटपिट गरे। आफूहरू नेकपा (एमाले) समर्थक कार्यकर्ता तथा शिक्षकहरू रहेको र खलंगामा आमसभामा जाँदै गर्दा प्रहरीले कुटपिट गरेको पीडितहरूले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा विभिन्न शीर्षकका एउटा देवानी र ३८ वटा फौजदारी मुद्दाहरू रहेका छन्। जसमा ३ वर्षभन्दा माथिका ४ वटा ज्यानमार्ने उद्योग र देवानी ६ वटा छन्। २ वर्षभन्दा

माथिका ७ वटा ज्यानमार्ने उद्योग, ४७ वटा देवानी मुद्दाहरू छन्। १ वर्षसम्म नछिनेका ज्यानमार्ने उद्योग २ र देवानी १६ वटा छन्। ६ महिनासम्म नछिनिएका ज्यानमार्ने उद्योग २, देवानी १२ र जबर्जस्ती करणी १ वटा छन्। यो वर्ष जम्मा ९४ वटा मुद्दाहरू दर्ता भएका थिए।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यो जिल्लामा प्रायः दलितहरू सुकुम्बासी छन्। माओवादी प्रभावित जिल्ला भएकोले प्रायः गाविसका कर्मचारीहरू सदरमुकाममै बस्दछन्। तसर्थ वृद्ध भत्ताको लागि वृद्धहरू सदरमुकाममै पुग्नुपर्ने वाध्यता छ।

महिला अधिकार

स्वलंगा गाविस-२ की २३ वर्षीय महिलालाई ०५६ भदौ १ गते साँझ सोही वडाको घ्यूस्वोलाको नजिकै बाटोमा सोही गाविस-३ का २० वर्षीय सुमन मल्ल र निश्चल मल्लले हतियार देखाई बलात्कार गरे भने सुधन श्रेष्ठले बलात्कार गर्ने प्रयास गरे। पीडकहरूमध्ये निश्चल फरार छ, सुमन र सुधनलाई प्रहरीले गिरफ्तार गरेकोमा सुधनलाई रिहा गरियो भने सुमनलाई थुनामा राखिएको छ।

महिला भएकै कारणले दिइने अमानवीय व्यवहारको एउटा घटना जानकारीमा आयो। जसमा -

खोलागाउँ गाविस-८ सानाखोलाकी १५ वर्षीय लीला वि.क. लाई ०५६ असोज १७ गते विद्यालयबाट घर फर्किरहेको अवस्थामा सोही ठाउँका १८ वर्षीय नरबहादुर वि.क.ले ४० वर्षीय ग्वामे टमटो, ३३ वर्षीय डिल्लीबहादुर कामी र २१ वर्षीय देउरूपी कामीको सहयोगमा विवाह गर्ने भनी जबर्जस्ती घरमा पुऱ्याए। पीडित तीन दिनपछि भागेर आफ्नो घरमा आइपुगिन्। पीडकमाथि कुनै कारवाही भएन। पीडितको बाबु र पीडकहरूले मिलापत्र गरे।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

विजयश्वरी गाविस-१ का हरिभक्त वलीलाई माओवादीहरूले गरेको हत्याको विरोधमा ०५५ माघ ६ गते विरोध सभा सम्पन्न भयो।

विजयश्वरी गाविस-३ का यदु गौतमलाई माओवादीहरूले गरेको हत्याको विरोधमा ०५५ फागुन २२ गते मुसिकोट खलंगामा र चैत ३ गते विजयश्वरीमा विरोध सभाहरू सम्पन्न भए।

मुरू गाविस-४ का कृपाराम वलीलाई माओवादीहरूले गरेको हत्याको विरोधमा ०५६ साउन १५ गते विरोध सभा सम्पन्न भयो।

महत गाविस-१ का पूर्णबहादुर बुढाको माओवादीद्वारा भएको हत्याको विरोधमा ०५६ असोज ८ गते विरोध सभा सम्पन्न भयो।

अतिरिक्त जानकारीहरु

एक जना माओवादी कार्यकर्ताको आफैंलेबोकेको बम विष्फोट हुँदा मृत्यु भयो। व्यक्तिगत रिसइवीको कारण भएका कुटपिटको एउटा घटनामा एक जना पुरुष पीडित भए। ५ जनाले आत्महत्या गरे, जसमा १ जना १३ वर्षीय बालक पनि थिए। चोरी डकैतीको १ घटना भयो। पहिरोले पुरिएर १ जना महिलाको मृत्यु भयो।

४.६ बाँके

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ८ वटा घटनामा ७ जना पुरूष र २ जना महिलाको हत्या भयो। यीमध्ये एउटा घटनामा नेपालका भैंसी चोरी तस्करी गर्ने भारतीय व्यक्तिको प्रहरीसँगको दोहोरो भिडन्तमा मृत्यु भयो भने २ जना प्रहरी घाइते भए। जसमध्ये -

नेपालगञ्ज नपा-१३ भृकुटीनगरका ५० वर्षीय श्यामसिंह क्षेत्रीलाई ०५५ माघ १४ गते उनकै छोराहरू १८ वर्षीय दिवाकर क्षेत्री र २२ वर्षीय पुष्कर क्षेत्रीले बञ्चरो प्रहार गरी हत्या गरे। पीडितले रक्सी सेवन गरी आतंक मच्चाएकाले हत्या भएको थियो। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

नेपालगञ्ज नपा-३ का ७० वर्षीय कोइली भुजवनी र उनकै नातिनी १२ वर्षीय सालु भुजवनीलाई ०५६ असार ५ गते राति अज्ञात व्यक्तिहरूले छुरा प्रहार गरी हत्या गरे।

चितवन जिल्ला चनौली गाविस-६ घर भई बनकटुवास्थित कृषि सेवा केन्द्रमा कार्यरत् जेटिए ३४ वर्षीय कृष्णमुरारि घिमिरेलाई ०५६ असोज १६ गते बनकटुवा गाविस-९ लालपुरस्थित आफ्नै कोठामा अज्ञात व्यक्तिले हत्या गरे।

बैजापुर गाविस-५ का ५० वर्षीय विष्णुप्रसाद योगीलाई ०५६ पुस १ गते सोही ठाउँका ४० वर्षीय श्याम वि.क.ले देउता चढेको भनी बन्चरो प्रहार गरी हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

राणाकालमा निर्मित बाँके जेलको बन्दी क्षमता २ सय जना हो। यस जेलमा १ सय ६२ जना पुरूष र ९ जना महिला गरी १७१ जना बन्दीहरू रहेका छन्। यसबाहेक २ जना आश्रित बालबालिकाहरू रहेका छन्। जेल वर्षातको समयमा चुहिने भएकाले बस्नसमेत गाह्रो हुने बन्दीहरू बताउँछन्। बन्दीहरूलाई आयमूलक सीप सिकाइएको छैन। हालैमात्र घरेलु कार्यालयले आर्टसुसम्बन्धी तालिम दिएको छ। महिलाहरूको

लागि "साथी" नामक संस्थाले एउटा टिभी दिएको छ। पुरूषतर्फ इन्सेकले एउटा रेडियो दिएको छ। बन्दीहरूको चिठी आयो भने खोलेर पढेर मात्र दिइने गरेको बन्दीहरू बताउँछन्। सार्वजनिक विदाको दिनबाहेक अन्य दिन बन्दीहरूलाई भेट्न दिइन्छ।

जनसंख्या	: २८५६०४
साक्षरता प्रतिशत	: ३४.६
महिला साक्षरता प्रतिशत	: २१.९
क्षेत्रफल (वर्ग कि.मी.)	: २३३७
गाविस/नपा संख्या	: ४६/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: २२५
क्याम्पस/उच्च मावि	: २/६
अस्पताल/स्वास्थ्य चौकी	: ३/३६
टेलिफोन लाइन	: २८९०
मोटर सडक (कि.मी.)	: २९०
प्रहरी कार्यालय संख्या	: ३६
हुलाक संख्या	: ४५

गिरफ्तारी र यातना

फत्तेपुर गाविस–८ का ४५ वर्षीय मानबहादुर घर्ती र सोही गाविस–७ की ४० वर्षीय जयसरा घर्तीलाई माओवादीको आशंकामा ०५५ माघ १० गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई जिप्रकामा ल्याई निर्मम यातना दिइयो। पीडितहरूलाई रिहा गरिएको छ।

फत्तेपुर गाविस–८ का २० वर्षीय माइते घर्ती, १९ वर्षीय भुवनेश्वर थारू, ३५ वर्षीय प्रेमबहादुर घर्ती, ५० वर्षीय लछु पुन, ५५ वर्षीय मनु पुन, ३५ वर्षीय बेमन पुन र ५५ वर्षीय भूमिसरा पुनलाई माओवादीको आशंकामा ०५५ माघ १७ गते प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितहरूलाई तारेखमा छाडिएको छ।

वागेश्वरी गाविस–१ धौलागिरीका ३४ वर्षीय रूद्रबहादुर रानाभाटलाई माओवादी गतिविधिमा संलग्न भएका कारण ०५५ माघ २५ गते राति घरमा बसिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितलाई २/३ दिनसम्म जिल्ला प्रहरी कार्यालयमा राखी रिहा गरियो।

वागेश्वरी गाविस–१ धौलागिरीका २८ वर्षीय कुसुम रानाभाटलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५५ माघ २५ गते राति नेपालगञ्ज क्याम्पस रोडस्थित डेराबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई २/३ दिनपछि रिहा गरियो।

यातना पीडित सन्नी केसी

वागेश्वरी गाविस–१ धौलागिरीका २५ वर्षीय देवबहादुर कुवँर र बैजापुर गाविस–३ का १७ वर्षीय लौतन चौधरीलाई माओवादीको आशंकामा ०५५ माघ २५ गते कम्दी गाविसबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई कोहलपुरस्थित इलाका प्रहरी कार्यालयमा ल्याई निर्मम यातना दिइयो। पीडितहरूलाई २१ हजार रूपैयाँ धरौटीमा रिहा गरिएको छ।

वागेश्वरी गाविस–१ धौलागिरीका ५३ वर्षीय बमबहादुर रानाभाट, ४१ वर्षीय उजेली रानाभाट र २३ नेत्रबहादुर रानाभाटलाई माओवादीको आरोपमा ०५५ माघ २५ गते बेलुका घरमा बसिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ११ हजार रूपैयाँ धरौटीमा रिहा गरिएको छ।

कोहलपुर गाविस–१ डाइभरटोलका ४५ वर्षीय रामचन्द्र देवकोटालाई माओवादीको आरोपमा ०५५ चैत २० गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई ०५६ वैशाख २८ गते ११ हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

वागेश्वरी गाविस–१ धौलागिरीका २१ वर्षीय डम्बरबहादुर रानाभाट र बर्दिया जिल्लाका २१ वर्षीय राजकुमार चौधरीलाई माओवादीको आरोपमा ०५५ चैत २३ गते बेलुका ८ बजेतिर वागेश्वरी गाविसको "क" गाउँ जाने बाटोबाट धनौली इलाका प्रहरी कार्यालयका प्रहरीले गिरफ्तार गरी १ महिनासम्म बेपत्ता पारे। पीडितहरूमध्ये डम्बरबहादुरलाई थुनामा राखिएको छ भने राजकुमारलाई बर्दिया लगी छाडिएको छ।

बर्दिया जिल्ला मोतिपुर गाविस–७ का २० वर्षीय त्रिभुवन गिरी, २० वर्षीय कृष्ण चौधरी र २० वर्षीय रूपलाल चौधरीलाई माओवादी भएको आरोपमा ०५५ चैत २५ गते नेपालगञ्ज नपा–११ घस्यानटोलस्थित डेराबाट प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई शरीरमा पत्तिले चिरी खुर्सानी र अमिलो हाली यातना दिइयो। पीडितहरूलाई ०५६ असोज ६ गते २१ हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

प्युठान जिल्ला मारसिङ गाविस–५ का २२ वर्षीय डिलबहादुर रोकालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५५ चैत २५ गते राति नेपालगञ्ज नपा त्रिभुवन चोकस्थित साथीको कोठामा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई करिब डेढ महिनासम्म प्रहरी तालिम केन्द्रमा र पच्चीस दिन कोहलपुर प्रहरी कार्यालयमा राखी यातना दिएर थुनामै राखिएको छ।

नेपालगञ्ज नपा–८ गगनगञ्जका १५ वर्षीय सन्नी के.सी. लाई ०५६ असार ७ गते झगडा गरेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। उनलाई गिरफ्तार गर्दाको अवस्थामा र प्रहरी

कार्यालयमा लगी निर्मम ढंगले यातना दिए। पीडितलाई भोलिपल्ट रिहा गरियो।

नेपालगञ्ज नपा-१३ का ६५ वर्षीय माधव ज्ञवाली, चिसापानी गाविस-५ का २३ वर्षीय प्रेमबहादुर बुढा, वागेश्वरी गाविस-१ का ३१ वर्षीय वीरबहादुर वली र चिसापानी गाविस-४ का ३१ वर्षीय नरबहादुर चन्दलाई वन अतिक्रमण गरेको आरोपमा ०५६ कात्तिक १६ गते नौबस्ताको पितमारी भन्ने ठाउँबाट इलाका वन कार्यालयका सुरक्षाकर्मीहरूले गिरफ्तार गरी प्रेमबहादुरलाई यातना दिए। पीडितहरूलाई ३/४ दिन जिल्ला वन कार्यालयको हिरासतमा राखी रिहा गरियो।

बेपत्ता पारिएको

फत्तेपुर गाविस-८ का मानबहादुर घर्तीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५५ माघ १५ गते आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरेकोमा बेपत्ता पारिएको छ।

महादेवपुरी गाविस-२ गजापुरका १५ वर्षीय पवित्रा वली र फत्तेपुर गाविस-८ का २१ वर्षीय जुनकुमारी घर्तीमगरलाई माओवादीको आरोपमा ०५५ माघ २५ गते वागेश्वरी गाविस-१ वाट प्रहरीले गिरफ्तार गरेकोमा बेपत्ता पारिएको छ।

बर्दिया जिल्ला मोहम्मदपुर गाविसका अन्दाजी २१ वर्षीय कृष्ण चौधरी र सोही जिल्ला पाताभार गाविसका अन्दाजी २२ वर्षीय सिताराम चौधरीलाई ०५५ चैत २३ गते नेपालगंजबाट प्रहरीले गिरफ्तार गरेकोमा बेपत्ता पारिएको छ।

कोहलपुर गाविस-४ का २५ वर्षीय जगवीर पुन र १५ वर्षीय प्रेमबहादुर वि.क.लाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५५ चैत २५ गते प्रहरीले गिरफ्तार गरेकोमा बेपत्ता पारिएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा रहेको पुनरावेदन अदालतमा ०५६ साउन १ गतेदेखि पुस मसान्तसम्म अगाडिको जिम्मेवारी सरेर आएका र नयाँ दर्ता भएका गरी सरकारवादी देवानी मुद्दा ४ वटा भएकोमा सबै फर्स्यौट भए भने दुनियावादी देवानी ४ सय ४४ वटामध्ये २ सय ९७ फर्स्यौट भई २ सय २७ बाँकी रहे। त्यसैगरी सरकारवादी फौजदारी २ सय २४ मध्ये ७५ फर्स्यौट भई ४९ वाँकी, दुनियावादी फौजदारी १ सय ७१ मध्ये ७५ फर्स्यौट भई ९६ बाँकी, साधक १ मध्ये १ फर्स्यौट भई १ वाँकी र वन्दी प्रत्यक्षीकरणसम्बन्धी १४ वटामध्ये १३ फर्स्यौट भई १ बाँकी रहे। त्यसैगरी विविध देवानी १ सय ५३ वटामध्ये ९७ फर्स्यौट भई ५६ वाँकी र विविध फौजदारी १६ मध्ये ५ फर्स्यौट भई ११ वाँकी रहे। यसरी कुल ९ सय २८ मुद्दामध्ये ४ सय ८७ फर्स्यौट भई ४ सय ४१ वाँकी रहे।

बाँके जिल्ला अदालतमा दुनियाँवादी देवानी ९ सय ४६ वटामध्ये ५ सयवटा फर्स्यौट भई ४ सय ४६ बाँकी, दुनियाँवादी फौजदारी ३ सय ६६ वटामध्ये १ सय ५८ फर्स्यौट भई २ सय ८ बाँकी, सरकारवादी फौजदारी १ सय ५ वटामध्ये ६० वटा फर्स्यौट भई ४५ वटा वाँकी रहेका छन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि



प्रहरीले पक्राउ गरी बेपत्ता पारेका प्रेमबहादुर विक.

यस जिल्लामा सुकुम्बासी समस्या समाधान आयोग सबै सरकारको पालामा गठन भए पनि खासै काम भएको छैन। बाँके जिल्लामा यसको कार्यालय खोलिएको छैन। सुकुम्बासी समस्या समाधान जस्ताको त्यस्तै छ।

वनकटुवा गाविस-९ लालपुरका २९ वर्षीय चन्द्रवीर कामी, चिसापानी गाविस-५ का ३० वर्षीय पूर्णबहादुर नेपाली र ४६ वर्षीय कर्णबहादुर नेपालीलाई वन फडानी गरी सुकुम्बासी बसालेको आरोपमा ०५६ साउन २३ गते नौबस्ता गाविस-२ पितमारीबाट इलाका वन कार्यालयले गिरफ्तार गर्‍यो। पीडितहरू रूख नै नभएको ठाउँमा पहिलेदेखि नै बस्दै आएका थिए। पीडितहरूलाई जिल्ला वन कार्यालयमार्फत् कारागार शाखा नेपालगंजमा थुनामा राखिएको छ।

महिला अधिकार

बर्दिया जिल्ला सोरहवा गाविस-१ घर भई हाल नेपालगंज नपास्थित एक मःमः पसलमा कार्यरत १६ वर्षीय एक युवतीलाई ०५६ भदौ ३१ गते राति नेपालगंज नपाका आठ जना अज्ञात युवकहरूले कारकादा गाविस भुजुवागाउँको धानबारीमा लगी बलात्कार गरे। पीडितलाई अर्को दिन बेहोस अवस्थामा प्रहरीले फेला पारी उपचारार्थ नेपालगंज अस्पतालमा पुर्‍याए। पीडकहरू भनी गिरफ्तार गरिएकाहरूलाई अनुसन्धानपछि रिहा गरियो।

रनियापुर गाविस-१ की १६ वर्षीय एक युवतीलाई ०५६ कात्तिक १५ गते पुरैना गाविस-७ का ३० वर्षीय सुलागत तुल्ला खाँले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

वसुदेवपुर गाविस-६ की २५ वर्षीय एक महिलालाई ०५६ कात्तिक २८ गते राति पिसाब फेर्न बाहिर निस्केको अवस्थामा सोही ठाउँका छल्ली वारीले धम्क्याई बलात्कार गरे। पीडक फरार छ।

बहुविवाह सम्बन्धी एक घटना जानकारीमा आयो भने महिला भएकै कारणले दिइने अमानवीय व्यवहारको घटनामा एक महिला पीडित भइन्। जसमध्ये -

राधापुर गाविस-५ की १६ वर्षीय एक युवतीलाई विवाह गर्छु भनी ०५६ जेठ १६ गते बर्दिया जिल्ला जमुनी गाविस-३ घर भई प्रहरी चौकी राधापुरमा कार्यरत् प्रहरी जवान २४ वर्षीय ठाकुरसिंह गुरूङले दुई दिनसम्म होटलमा राखी यौन सम्पर्क गरेर त्यत्तिकै छोडिदिए। पीडकलाई कुनै कारवाही भएन।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	७	६	२	८				
गोलीद्वारा हत्या	१	१		१	१	१		१
गिरफ्तारी र यातना					१३	२९	२	३१
कुटपिट	१		१	१	१	१		१
वेपत्ता पारिएको					४	५	२	७
बलात्कार	३		३	३				
बहुविवाह	१		१	१				
महिला भएकै कारण यातना					१		१	१
बाल अधिकार	१		१	१				
जम्मा	१४	७	८	१५	२०	३६	५	४१
लाश फेला	१	१		१				
आत्महत्या	२५	१३	१२	२५				
दुर्घटनाहरू/विपत्तिहरू	२८	१९	४	२३				

बालअधिकार (बालबालिका उपरको अत्याचार)

वैजापुर गाविस-६ की ८ वर्षीय सुक्बिमा थारूलाई ०५६ असार २ गते बाबु घरमा नभएको अवस्थामा आमालाई ललाई फकाई शहरमा काममा लगाइदिने प्रलोभनमा मानबहादुर थारू र मनबस्वा थारूले घरबाट लगे।

सर्वहारा सुकुम्बासी मोर्चाद्वारा जिल्ला वन कार्यालयअगाडि गरिएको विरोध कार्यक्रम

मानवअधिकार सम्बन्धी अन्य सवालहरु

दासत्व, कमैया, बाँधा र हलिया आदि

यस जिल्लामा कमैया प्रथा रहेको छ। भूमिसुधार कार्यालयका अनुसार यस जिल्लामा ६ हजार ८ सय ४६ जना कमैया रहेका छन्, जसमा २ हजार ३ सय ३० पुरूष, १ हजार ५ सय ७५ महिला, १ हजार ५ सय ४६ बालक र १ हजार ३ सय ९५ बालिका रहेका छन्।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

सर्वहारा सुकुम्वासी मोर्चा, बाँकेले ०५६ भदौ १३ गते देखि १५ गतेसम्म विभिन्न १० सूत्रीय मागहरू राखी जिल्ला वन कार्यालय अगाडि धर्ना दिए।

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइवीका कारण भएका कुटपिटका एउटा घटनामा १ जना पुरूष पीडित भए। सवारी दुर्घटनामा १६ जना पुरूष २ जना महिला तथा ३ जना नाबालकको मृत्यु भयो। १३ जना पुरूष र १२ जना महिलाले आत्महत्या गरे। डुबेर ४ जना नाबालकको मृत्यु भयो भने घरवाट लडी १ जना पुरूषको मृत्यु भयो। करेन्ट लागी १ जना पुरूषको मृत्यु भयो। इन्सेफलाइटिस रोगबाट ५६ जनाको मृत्यु भयो।

४.७ बर्दिया

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

बदालपुर गाविस-१ का २५ वर्षीय शारदाप्रसाद चौधरीलाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०५५ माघ १३ गते सोही गाविस-२ का डम्बरबहादुर चौधरीको गोठमा सात/आठ जना बसेर कुराकानी गरिरहेको अवस्थामा प्रहरीले गोली हानी हत्या गरे। पीडितको लास प्रहरीहरूले नै जलाए। सोही घटनामा दोहोरो भिडन्त हुँदा प्रहरी निरीक्षक दीर्घबहादुर बोहोरा घाइते भए।

बाँके जिल्ला वैजापुर गाविस-३ कुम्भरका ४३ वर्षीय ढाकाराम पाठकलाई माओवादीको आरोपमा ०५६ वैशाख ४ गते मगरगाडी गाविस-३ धोवियामा आउँदै गर्दा प्रहरीले गिरफ्तार गरी धोवियागाउँ नजिकैको जंगलमा गोली हानी हत्या गरे। पीडितको लासलाई वैशाख ६ गते विहान प्रहरीहरूले नै बबई नदीमा लगी दाहसंस्कार गरे।

पशुपतिनगर गाविस-३ पथरैयाकी माओवादी कार्यकर्ता २३ वर्षीय जुना चौधरीको ०५६ जेठ ७ गते राति स्वैरीचन्दनपुर गाविस-६ का ६० वर्षीय युवराज उपाध्यायसँगको दोहोरो गोली हानाहानमा गोली लागी मृत्यु भयो। पीडितको लास उनकै साथीहरूले लगी दाहसंस्कार गरे।

नेउलापुर गाविस-४ का ३५ वर्षीय रूपलाल चौधरी र २४ वर्षीय बालकुमार चौधरीलाई ०५६ भदौ २ गते राति शिवपुर गाविस-६ फाँटामा शिकार खेल्न आएको आरोपमा शाही नेपाली सेनाका सैनिकले गोली हानी हत्या गरे।

राष्ट्रिय निकुञ्जभित्र पर्ने रातामाटामा ०५६ असोज ७ गते शिकार खेल्न आएका एक जनालाई सैनिकले गोली हानी हत्या गरे। पीडितको सनाखत हुन सकेन।

ठाकुरद्वारा गाविस-७ वन्तरियाका २७ वर्षीय साखुराम चौधरी र सूर्यपटुवा गाविस-४ का २६ वर्षीय टेकनाथ योगी (थारू) लाई माओवादीको आशंकामा ०५६ मंसिर ६ गते राति घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी सूर्यपटुवा गाविस-४ डल्लास्थित जंगलमा गोली हानी हत्या गरे। पीडितहरूको लास प्रहरीले नै जलाए।

कैलाली जिल्लाका ५३ वर्षीय भुवनेश्वर पण्डित र पशुपतिनगर गाविस-३ की २० वर्षीय आशा चौधरीलाई माओवादीको आशंकामा ०५६ पुस ७ गते राति नयाँगाउँ गाविस-१ बाट प्रहरीले गिरफ्तार गरी गाउँबाट केही पर लगी गोली हानी हत्या गरे। पीडितको लास प्रहरीहरूले नै जलाए।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ३ वटा घटनामा १ जना डेढ वर्षीय बालक र २ जना महिलाको हत्या भयो। जसमध्ये -

पाताभार गाविस-२ का ३२ वर्षीय दुर्गा लोहारलाई ०५६ पुस ६ गते नयाँगाउँ गाविस-५ का २८ वर्षीय कृष्ण लोहारले धामी गर्न जाँदा मन्तर फेरिदिएको आशंकामा धाँटीमा चक्कुले हिर्काएकोमा पीडितको उपचार गर्दागर्दै मृत्यु भयो। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा हिरासतभित्रै झुण्डिएर आत्महत्या गरे।

जनसंख्या	: २९०३१३
साक्षरता प्रतिशत	: २९.९
महिला साक्षरता प्रतिशत	: १७.२
क्षेत्रफल (वर्ग कि.मी.)	: २०२५
गाविस/नपा संख्या	: ३१/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: २२९
क्याम्पस/उच्च मावि	: १/३
अस्पताल/स्वास्थ्य चौकी	: १/३५
टेलिफोन लाइन	: ३८९
मोटर सडक (कि.मी.)	: ७२.५
प्रहरी कार्यालय संख्या	: २७
हुलाक संख्या	: ३४

जेल र बन्दीहरु

यस जिल्लाको जेल ०३३ सालमा बनेको हो। "ग" श्रेणीको यो जेलको कूल बन्दी क्षमता १०० जना हो। यहाँ ८७ जना बन्दीहरू रहेका छन्। जसमध्ये कैद तोकिएका ४५ जना र नतोकिएका ३८ जना गरी ८३ जना पुरूष तथा कैद तोकिएका ३ र नतोकिएका १ गरी ४ जना महिला बन्दीहरू रहेका छन्। जेलमा पुरूषहरूका लागि ८ र महिलाहरूका लागि १ वटा गरी ८ वटा चर्पीहरू रहेका छन्। खानेपानीका लागि पुरूषतर्फ ३ र महिलातर्फ १ गरी ४ वटा धाराहरू रहेका छन्। तर, पानी स्वच्छ नभएको कुरा बन्दीहरू बताउँछन्। बन्दीहरूका लागि दिइने दैनिक ७०० ग्राम चामल र १५ रूपैयाँ कम भएको गुनासो उनीहरूको छ। जेलमा हालसालै जिल्ला शिक्षा कार्यालयबाट एउटा प्रौढ कक्षा संचालन गर्न थालिएको छ। इन्सेकले एउटा रेडियो र मानवअधिकारसम्बन्धी प्रकाशनहरू उपलब्ध गराएको छ। व्यक्तिगत लगानीबाट तान लगाई ढाकाको टोपी बुन्ने मेसिन राखी कपडाहरू सिलाउने गरेको बन्दीहरू बताउँछन्। बन्दीहरूको मनोरञ्जनका लागि पुरूषतर्फ एउटा र महिलातर्फ एउटा टिभी जिविसले उपलब्ध गराएको छ। बन्दीहरूको उपचार प्रायः स्वास्थ्य सहायकबाट नै गरिन्छ र त्यहाँ उपचार नभए अन्यत्र लगिन्छ। बन्दीहरूलाई भेट्नका लागि सार्वजनिक बिदाबाहेकका दिनमा दिइन्छ। लगाउने कपडा बर्षमा २ पटक र विस्तरा २ वर्षमा १ पटक दिइने गरिन्छ। सिमेन्टको चिसो भुइँमा विस्तरा लगाई सुत्नुपर्ने भएकाले साह्रै गाह्रो भएको र खाटको व्यवस्था गरिनुपर्ने बन्दीहरू बताउँछन्।

गिरफ्तारी र यातना

दौलतपुर गाविस-३ का ३५ वर्षीय जगदीश चौधरी र १८ वर्षीय पुनराम थारूलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५५ माघ ६ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ०५५ फागुन २६ गते जनही २४ हजार रूपैयाँ धरौटीमा छाडियो।

मानपुर टपरा गाविस-९ श्रीपुरका २५ वर्षीय मानबहादुर थारूलाई माओवादीको आरोपमा ०५५ माघ ६ गते राति घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरेकोमा ०५५ माघ १२ गते तारेखमा रिहा गरियो।

पशुपतिनगर गाविस-८ की १८ वर्षीय रत्नीकुमारी चौधरी र बदालपुर गाविस-१ का २७ वर्षीय शिवप्रसाद चौधरीलाई माओवादीको आशंकामा ०५५ माघ १३ गते बदालपुर गाविस-२ बाट प्रहरीले गिरफ्तार गरी बेपत्ता पारेकोमा ०५५ फागुन २८ गतेबाट १० किलो १० ग्राम चरेस भारततिर लैजाँदै गरेको आरोप लगाई थुनामा राखिएको छ।

प्रहरीले गोली हानी हत्या गरेका शरदप्रसाद चौधरी र टेकनाथ योगी

मगरगाडी गाविस–३ धोवियाका २५ वर्षीय निरज चौधरी र २८ वर्षीय हलिराम चौधरीलाई प्रहरी र अज्ञात व्यक्तिको झगडा हुँदा समावेश भएको आरोपमा ०५५ माघ २५ गते राति घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ०५५ माघ २६ गते जमानी तारेखमा रिहा गरियो।

धधवार गाविस–६ खैरेनीका २६ वर्षीय नरबहादुर थारूलाई माओवादी भएको आशंकामा ०५५ माघ २५ गते राति घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरेकोमा ०५५ माघ २६ गते तारेखमा रिहा गरियो।

बानियाभार गाविस–९ का २३ वर्षीय रामजनम चौधरी र उनकी पत्नी १९ वर्षीय निर्मला चौधरीलाई माओवादीको आशंकामा ०५५ माघ २६ गते प्रहरीले गिरफ्तार गरेकोमा ०५५ फागुन ३ गते रिहा गरियो।

बानियाभार गाविस–९ भैसाखानेका २३ वर्षीय धर्म चौधरी, २७ वर्षीय राजकुमार चौधरी, १६ वर्षीय चिनकन चौधरी र १८ वर्षीय डिविया चौधरीलाई माओवादीको आरोपमा ०५५ फागुन १ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये चिनकन र डिवियालाई भोलिपल्ट रिहा गरियो भने धर्म र राजकुमारलाई निर्मम यातना दिइ केही दिनपछि रिहा गरियो।

शिवपुर गाविस–९ का ३९ वर्षीय खुसीराम थारूलाई माओवादीको आशंकामा ०५५ फागुन २७ गते गुलरियास्थित जिल्ला प्रहरी कार्यालयअगाडि बस चढ्न लागेको अवस्थामा प्रहरीले गिरफ्तार गरी ३ दिनपछि जमानीमा छोडे। पीडित थारू कल्याण समितिको उदयपुरमा हुने भेलामा जाँदै थिए।

मगरगाडि गाविस–३ का ४२ वर्षीय हनुमान थारू र ३३ वर्षीय सुनिस थारूलाई ०५५ फागुन ३ गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीलाई खान र बस्न दिएको आरोपमा प्रहरीले गिरफ्तार गरी इलाका प्रहरी कार्यालय बानियाभारमा निर्मम यातना दिए। पीडितहरूलाई जिल्ला अदालतको आदेशमा फागुन २८ गते जनही २४ हजार रूपैयाँ जरिवाना लिई तारेखमा रिहा गरियो।

गुलरिया नपा–७ तुलापुरका २५ वर्षीय मेघराज सिग्देललाई माओवादीको आशंकामा ०५५ फागुन ३० गते प्रहरीले गिरफ्तार गरेकोमा सामान्य सोधपुछपश्चात् सोही दिन साँझ रिहा गरियो।

गुलरिया नपा–२ का १८ वर्षीय गजेन्द्रप्रसाद चौधरी, २५ वर्षीय इन्द्रकुमार चौधरी, २० वर्षीय विजयकुमार चौधरी, २४ वर्षीय छविलाल थारू, २१ वर्षीय गोपिलाल थारू, २० वर्षीय अनबहादुर थारू र १६ वर्षीय परशुराम थारूलाई माओवादी भएको आशंकामा ०५५ फागुन ३० गते राति घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई हातहतियार खरखजानासम्बन्धी मुद्दा लगाई जनही ३३ हजार रूपैयाँ जरिवाना तथा महिनामा एक पटक तारेखमा आउने गरी ०५६ वैशाख ३० गते रिहा गरियो।

गुलरिया नपा–१ का ३२ वर्षीय नरबहादुर वि.क.लाई माओवादीको आशंकामा ०५५ चैत २३ गते बिहान प्रहरीले गिरफ्तार गरे। पीडितलाई रिहा गरिएको छ।

मोतिपुर गाविस–७ का २२ वर्षीय जनकु चौधरी, १८ वर्षीय मानबहादुर चौधरी, १६ वर्षीय चुन्कु चौधरी, २५ वर्षीय लौटन चौधरी, ३० वर्षीय राजाराम चौधरी, २५ वर्षीय रामु चौधरी, १८ वर्षीय सितरानी चौधरी र १८ वर्षीय फूलमती चौधरीलाई माओवादीको आशंकामा ०५५ चैत २४ गते दिउँसो प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई हिरासतमा लाठीले पैतालामा हिकाई चैत २८ गते रिहा गरियो।

मोतिपुर गाविस–७ सतरियाका १५ वर्षीय गोविन्दकुमार चौधरी, ११ वर्षीय बाधुलाल थारू, १६ वर्षीय बाहारू थारू र १५ वर्षीय पृथ्वीकुमार चौधरीलाई माओवादीको आशंकामा ०५५ चैत २६ गते प्रहरीले गिरफ्तार गरे। पृथ्वीकुमार र बाहारूलाई यातना दिइयो र सबैलाई चैत २८ गते रिहा गरियो।

मगरागाडी गाविस–३ धोवियाकी ३६ वर्षीय सुगौनी चौधरीलाई माओवादीको संरक्षण गरेको आरोपमा ०५६ वैशाख ४ गते प्रहरीले गिरफ्तार गरी इलाका प्रहरी कार्यालय रामपुर बनियाभारमा राखी ०५६ वैशाख ५ गते रिहा गरियो।

मगरगाडी गाविस–३ धोवियाका ३८ वर्षीय घनश्याम चौधरीलाई माओवादीको आरोपमा ०५६ वैशाख ६ गते गुलरियास्थित रेडक्रस सोसाइटीको कार्यालयबाट प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा लाठीले हिर्काउने, पाइपले पैतालामा हिर्काउने जस्ता यातना दिइयो। पीडितलाई हातहतियार ओसारपसारको मुद्दा लगाइएकोमा ०५६ वैशाख ३१ गते १० हजार रूपैयाँ धरौटीमा रिहा गरियो। पीडितको उपचार सिभिक्टले गर्‍यो।

कैलाली जिल्ला टीकापुर गाविस–७ का ६३ वर्षीय टंकबहादुर बुढा मगर र भारत बहराइचका ७५ वर्षीय मिठाइलाल बर्मालाई छिटो सुतेको आरोपमा ०५६ जेठ ११ गते राति ११ बजेतिर खैरीचन्दनपुर गाविस–९ कोठियाघाटमा प्रहरीले पानीमा डुबाउँदै कुटपिट गरे। पीडितहरूलाई गुलरिया हिरासतमा राखी भोलिपल्ट रिहा गरियो।

कालिका गाविस–९ का ४१ वर्षीय सियाराम गोडिया, ३५ वर्षीय गोपाल गोडिया र ३० वर्षीय कृष्णहरि गोडियालाई चोरी गरेको आरोपमा ०५६ साउन २ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा यातना दिए। पीडितहरूलाई प्रमाण फेला नपारेपछि साउन ११ गते गाविस अध्यक्षको रोहवरमा रिहा गरियो।

मोतिपुर गाविस–८ का २४ वर्षीय हरिहर भण्डारी र बेलवा गाविस–१ का २० वर्षीय यज्ञबहादुर रावललाई माओवादीको आशंकामा ०५६ साउन १९ गते दिउँसो बाँसगढी बजारबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई क्रमशः ०५६ भदौ १ र ८ गते तारेखमा रिहा गरियो।

सूर्यपटुवा गाविस–४ का २८ वर्षीय भिन्सु चौधरी, ४५ वर्षीय कुम्भकर्ण चौधरी, ३७ वर्षीय टीकाराम चौधरी, २१ वर्षीय बिन्द्रा थारू, ३० वर्षीय छिना थारू र सोही गाविस–३ का ६५ वर्षीय धनेश्वर उपाध्यायलाई माओवादीको आशंकामा ०५६ मंसिर ६ गते राति घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी हिरासतमा कसैलाई पनि भेट्न नदिई खुट्टामा बेलन

लगाउने, पैतालामा लाठीले हिर्काउने जस्ता यातना दिए। पीडितहरूलाई मंसिर ११, १३, २८ र पुस १६ गते गरी सबैलाई तारेखमा रहने गरी रिहा गरियो।

दौलतपुर गाविस-१ का २५ वर्षीय दयाशंकर थारूलाई माओवादीको आशंकामा ०५६ पुस ८ गते प्रहरीले गिरफ्तार गरेकोमा पुस १५ गते रिहा गरियो।

दौलतपुर गाविस-३ का ३५ वर्षीय जगदीश चौधरी र १८ वर्षीय पुनराम थारूलाई माओवादीको आशंकामा ०५६ पुस ११ गते इलाका प्रहरी कार्यालयले बोलाएपछि कार्यालयमा जाँदा प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय ल्याए। पीडितहरूलाई पुस १५ गते रिहा गरियो।

बेपत्ता पारिएको

सूर्यपटुवा गाविस-४ का ४५ वर्षीय वेदप्रसाद चौधरीलाई माओवादीको आशंकामा ०५६ भदौ ८ गते शिवपुर गाविस-३ बाट प्रहरीले गिरफ्तार गरेकोमा बेपत्ता पारेका छन्।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

बदालपुर गाविस-१ का २० वर्षीय बुद्धिराम थारू, ३३ वर्षीय फक्कुलाल थारू, २८ वर्षीय दयाशंकर थारू, २४ वर्षीय पल्टी थारू र ६० वर्षीय माघी थारूलाई माओवादीको संरक्षण गरेको आरोपमा ०५५ माघ १३ गते राति घरमा सुतिरहेको अवस्थामा प्रहरीले कुटपिट गर्नुको साथै ज्यानमार्ने धम्की दिए।

मगरगाडी गाविस-२ जयनगर इलाका प्रहरी कार्यालयका प्रहरी ३० वर्षीय लक्ष्मण बिष्टलाई ०५५ माघ १९ गते सोही गाविस-३ धोवियामा केही अज्ञात व्यक्तिहरूले कुटपिट गरे।

मगरगाडी गाविस-३ धोवियाका ४५ वर्षीय हरि भुसाल र २८ वर्षीय लेखनाथ भुसाललाई ०५५ चैत १३ गते तारा चिन्ह नजिकै सूर्य चिन्ह बनाएको आरोपमा सोही गाविस-२ का २७ वर्षीय कमल भुसालले कुटपिट गरे।

मनाउ गाविस-३ का ३७ वर्षीय टीकालाल चौधरीलाई ०५६ वैशाख १९ गते सूर्यको मतपत्र बाँड्दै हिँडेको बेला सोही ठाउँका २५ वर्षीय मोहनविक्रम अर्याललगायत्का व्यक्तिहरूको समूहले कुटपिट गरे।

राजापुर गाविस-१ का ३५ वर्षीय नारायण पराजुलीलाई ०५६ जेठ ११ गते कैलाली जिल्लाको लम्कीबाट ट्याक्टरमा सामान लिएर आउँदै गर्दा राजापुरमा प्रहरीले कुटपिट गरे।

जमुनी गाविस-३ का ३२ वर्षीय सोम खड्कालाई ०५६ भदौ २९ गते प्रवेशिका परीक्षा चलिरहेको अवस्थामा विद्यालयको बाटो हिँड्न पाइन्छ कि पाइँदैन भनी सोध्दा प्रहरीले बुट र बन्दूकको कुन्दाले हिर्काए।

सूर्यपटुवा गाविस-४ डल्लाका ४५ वर्षीय चक्रबहादुर स्वाँरलाई ०५६ मंसिर ५ गते साँझ माओवादीहरूको समूहले धम्की दिई घरमा रहेको बन्दूक लुटेर लगे।

वानियाभार गाविस-९ का ४० वर्षीय नारायण चौधरीलाई ०५६ मंसिर १७ गते साँझ केही अज्ञात व्यक्तिहरूको समूहले कुटपिट गरी घाइते बनाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष वर्दिया जिल्ला अदालतमा ५ सय ५३ वटा मुद्दाहरू फर्स्योट हुन बाँकी छन्। जसमध्ये १ सय ९४ यस वर्षका छन् भने ३ सय ५९ वटा गत वर्षदेखि जिम्मेवारी सरेर आएका छन्। अदालतमा ३ वर्षदेखि फर्स्योट नभएका मुद्दा छैनन्। २ वर्षदेखि फर्स्योट नभएका ८०, १ वर्षदेखिका २ सय ७९ र ६ महिनादेखिका १ सय ९४ वटा मुद्दाहरू छन्। यस वर्ष २ सय ३७ वटा मुद्दा फर्स्योट भए।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

नेपाल अधिराज्यकै सबैभन्दा बढी सुकुम्बासी रहेको जिल्ला भनेर यस जिल्लालाई भनिन्छ। थारू जातिको बढी बसोबास भएको हुनाले सुकुम्बासी पनि बढी थारू जातिकै छन्। सुकुम्बासी समस्या समाधान हुन सकेको छैन। गत साल विघटन भएको सुकुम्बासी समस्या समाधान आयोग यस वर्ष भर्खरै गठन भएको छ। गत सालमा आयोगले केही सुकुम्बासीहरूलाई पूर्जा वितरण गरी अव्यवस्थित बसोबासलाई व्यवस्थित गरेको छ। जग्गा-जमिन भएकाहरूलाई पनि सुकुम्बासीको नाममा जग्गा वितरण गरिएको जनगुनासो छ।

महिला अधिकार

गुलरिया नपा-६ वालापुरकी २८ वर्षीय एक महिलालाई ०५५ माघ २२ गते राति घरमा सुतिरहेको अवस्थामा सोही ठाउँका ३० वर्षीय भागीराम थारूले बलात्कार गरे। पीडितले आफू बलात्कृत हुँदा आफ्नो पति तथा गाउँलेहरू कसैलाई पनि भनिनन्। तसर्थ गाउँलेहरूले पीडक र पीडित दुवैको गल्ती हो भनी दुवैलाई १/१ हजार रूपैयाँ जरिवाना गराए।

पशुपतिनगर गाविस-७ हरिपुरकी १६ वर्षीय एक युवतीलाई नौरङ्गाबाट घरतर्फ फर्किरहेको अवस्थामा ०५६ वैशाख १० गते मनाउ प्रहरी चौकीका दुई जना प्रहरीहरूले रक्सी सेवन गरी बलात्कार गर्ने प्रयास गर्नुका साथै पीडितसँगै रहेका मोहनलाल थारू र रामबहादुर थारूलाई त्यसको प्रतिवाद गर्दा कुटपिट गरे। प्रहरीहरूले चौकीमा माफी मागे।

माओवादीहरूलाई संरक्षण दिएको आरोपमा प्रहरीले कुटपिट गरी धम्क्याएका बदालपुर १ का पीडितहरू

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	२	१	३				
गोलीद्वारा हत्या	१		१	१	६	८	१	९
गिरफ्तारी र यातना					२१	५२	६	५८
कुटपिट	९	९	१	१०	४	७		७
धम्की	१	१		१	२	६	२	८
वेपत्ता पारिएको					१	१		१
बलात्कार	३		३	३				
बलात्कार प्रयास					१		१	१
बहुविवाह	२		२	२				
गर्भपतन	१		१	१				
पारिवारीक हिंसा	१		१	१				
महिला भएकै कारण यातना	२		२	२				
आर्थिक अधिकार	१	४		४				
जम्मा	२४	१६	१२	२८	३५	७४	१०	८४
लाश फेला	१	१		१				
आत्महत्या	१३	९	४	१३				
चोरी/डकैती	१	१		१				
दुर्घटनाहरू/विपत्तिहरू	७	६	१	७				

पदनाहा गाविस-२ की १४ वर्षीय एक बालिकालाई ०५६ जेठ ४ गते पानी लिएर हिँडिरहेको अवस्थामा सोही ठाउँका २७ वर्षीय लालबहादुर थारूले पानी पिउने निहुँमा बोलाई बलात्कार गरे। पीडकलाई चार हजार रूपैयाँ जरिवाना गरियो।

बानियाभार गाविस-५ की १७ वर्षीय एक युवतीलाई ०५६ कात्तिक ७ गते बबई नदीमा पिकनिक खाएर घर फर्कंदै गरेको अवस्थामा जोगीगाउँ नजिकैको जंगलमा बगनाहा गाविस बरगदहाका १८ वर्षीय सुशील पौडेल, २० वर्षीय हर्कबहादुर साउन, १७ वर्षीय सुरज अधिकारी, १८ वर्षीय नयाँ साउन र २० वर्षीय मङ्गल साउनले सामूहिक बलात्कार गरे।

यस वर्ष यो जिल्लामा पारिवारिक हिंसाका १ वटा घटनामा १ जना महिला पीडित भएको तथा बहुविवाहका २ वटा घटना भएको जानकारीमा आयो। महिला भएकै कारणले दिइने अमानवीय व्यवहारका २ वटा घटनामा २ जना महिला पीडित भए। गर्भपतनको एउटा घटना भयो। जसमध्ये –

पदनाहा गाविस-२ बैरियाकी २० वर्षीय कल्मी चौधरीलाई ०५५ पुस १७ गते माइतबाट फर्केर घर आउँदा उनकै पति १६ वर्षीय राधेश्याम थारूले जन्मेको बच्चा मेरो होइन भनी घरभित्र पस्न दिएनन्। पीडकले त्यसअघि पीडितसँग शारीरिक सम्पर्क राखी गर्भ रहेको कुरा स्वीकारेका थिए र केही दिन माइतमा बसी घर आउने सल्लाहका साथ माइतमा पठाएका थिए र माइतमै बच्चा जन्मिएको थियो। पीडित आफ्नो माइतीमै बसेकी छिन्।

मनाउ गाविस-७ बेलाभरियाकी १६ वर्षीय मंगली चौधरीलाई ०५६ साउन ७ गते सोही ठाउँका २० वर्षीय बंफुप्रसाद थारूले विवाह गर्ने भनी फकाएर यौन सम्पर्क राखेकोमा गर्भ रहन गएकाले ०५६ असोजदेखि पीडक भागेका छन्।

आर्थिक अधिकार

मनाउ गाविस-३ का ४५ वर्षीय बाधुराम थारू, ४५ वर्षीय कान्छो थारू, २० वर्षीय भागीराम थारू र २४ वर्षीय लालबहादुर थारूलाई ०५६ जेठ २४ गते राँगा चराउन गएको अवस्थामा एउटा राँगो हराएकाले सोही ठाउँका ६२ वर्षीय विष्णुबहादुर प्रधानले चार/चार हजार रूपैयाँका दरले सोह्र हजार रूपैयाँ मागे। पीडितहरूले पैसा तत्काल दिन नसक्दा खेतमा लगाएको तोरी पाएनन्। गाविस अध्यक्षले दुवै पक्षलाई सम्झाई बुझाई कुरा मिलाए। बाधुरामबाहेक अन्य तीन जना पीडकको घरमा कमैया बसिरहेका छन्।

मानवअधिकार सम्बन्धी अन्य सवालहरु

दासत्व, कमैया, बाँधा र हलिया आदि

भूमिसुधार कार्यालयका अनुसार यस जिल्लामा कमैयाको घर संख्या ५ हजार ३७ रहेको छ।

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूतसमेत

डंउढाकला गाविस-३ की १६ वर्षीय बालकुमारी न्यौपानेलाई ०५६ असार २६ गते सोही ठाउँका १८ वर्षीय प्रकाश चौधरीसँग विवाह गरेकाले तल्लो जातिसँग विवाह गरेको भनी माइतीले घरमा पस्न दिएनन्।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

राजापुर गाविस-१ का ३५ वर्षीय नारायण पराजुलीलाई ०५६ जेठ ११ गते प्रहरीले कुटपिट गरेको घटनालाई लिएर राजापुर बजार व्यवस्थापन समितिले ३ दिनसम्म बजार बन्द गर्‍यो। पीडकलाई कारबाही गर्ने शर्तमा प्रहरी र व्यापारीहरूबीच सम्झौता भई बजार नियमितरूपले खुल्यो।

अतिरिक्त जानकारीहरु

यस वर्ष ९ जना पुरुष र ४ जना महिलाले आत्महत्या गरे। एक जना पुरुषको लास फेला पर्‍यो। व्यक्तिगत रिसइवीका कारण भएका कुटपिटका ५ वटा घटनामा ४ जना पुरुष र १ जना महिला पीडित भए। जंगली जनावरको आक्रमणबाट १ जना पुरुषको मृत्यु भयो। डुबेर १ जना पुरुषको मृत्यु भयो। दुर्घटनामा १ जना पुरुषको मृत्यु भयो।

४.८ सुर्खेत

जनसंख्या	: २२५७६८
साक्षरता प्रतिशत	: ४२.८
महिला साक्षरता प्रतिशत	: २४.४
क्षेत्रफल (वर्ग कि.मी.)	: २४५१
गाविस/नपा संख्या	: ५०/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४००
क्याम्पस/उच्च मावि	: २/४
अस्पताल/स्वास्थ्य चौकी	: १/५१
टेलिफोन लाइन	: १११९
मोटर सडक (कि.मी.)	: २३०
प्रहरी कार्यालय संख्या	: १५
हुलाक संख्या	: ५०

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या / गोली

दाङ जिल्लाका २३ वर्षीय रामबहादुर पुनलाई ०५६ वैशाख १३ गते रामघाट गाविस-७ र ८ को बीचमा पर्ने ठाउँमा माओवादी र प्रहरीबीच भिडन्त हुँदा प्रहरीले गोली हानी हत्या गरे। सो भिडन्तमा प्रहरी जवान वीरेन्द्र श्रेष्ठलाई माओवादीहरूले गोली हानी घाइते बनाए।

साटाखानी गाविस-३ का ३५ वर्षीय किशोर भन्ने बुद्धि चपाईं, रोल्पा जिल्लाका किरण भन्ने वास्तविक नाम थाहा हुन नसकेका एक जना र रूकुम जिल्लाका चेतन भन्ने वास्तविक नाम थाहा हुन नसकेका एकजनालाई ०५६ असार २८ गते आवलचिङ् गाविस-४ स्थित प्रहरी चौकीमा माओवादी र प्रहरीबीच दोहोरो भिडन्त हुँदा प्रहरीले गोली हानी हत्या गरे। सोही घटनामा दाङ जिल्ला घर भई जिल्ला प्रहरी कार्यालयमा कार्यरत् प्रहरी जवान ३४ वर्षीय भीमबहादुर थापालाई माओवादीहरूले गोली हानी हत्या गरे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ५ वटा घटनामा एक जना ७ वर्षीय बालक र एक जना ४ वर्षीय बालिकासहित ५ जना पुरूष र ३ जना महिला गरी ८ जनाको हत्या भयो। जसमध्ये –

गढी गाविस-४ की २१ वर्षीय कमला दर्लामीलाई ०५६ असोज १८ गते राति सुतिरहेको अवस्थामा उनकै पति २४ वर्षीय कुलबहादुर दर्लामीले मादक पदार्थ सेवन गरी खुकुरी प्रहार गरी हत्या गरे। पीडकलाई थुनामा राखिएको छ।

गुमी गाविस-७ का ५७ वर्षीय लालबहादुर पुन, उनकै पत्नी ३७ वर्षीय रैमति पुन, छोरा ७ वर्षीय युवराज पुन र छोरी ४ वर्षीय पूर्णकली पुनलाई ०५६ कात्तिक २ गते अज्ञात व्यक्तिहरूले बञ्चरो प्रहार गरी हत्या गरे।

जेल र बन्दीहरु

"घ" श्रेणीको सुर्खेत जेलको क्षमता २५ जनाको हो। यस जेलमा कैद तोकिएका २० र कैद नतोकिएका २० गरी ४० जना बन्दीहरू रहेका छन्। जसमध्ये ४ जना महिला र १ जना आश्रित नाबालक छन्। जेलमा महिलाहरूका लागि १ र पुरूषहरूका लागि ३ वटा कोठाहरू छन्। जेलभित्र २ वटा चर्पी छन्। बन्दीहरूले पालैपालो चर्पी सफा गर्नुपर्ने प्रबन्ध मिलाइएको छ। वर्षायाममा छानोबाट पानी चुहिने गरेको बन्दीहरू बताउँछन्। उपियाँ, उड्डुस मार्ने व्यवस्था नमिलाइएको गुनासो उनीहरूको छ। जेलमा सीपमूलक तालिमको व्यवस्था हुनुपर्ने बन्दीहरूको माग छ। जेलको कुल जग्गा १९ कट्ठा भएता पनि आधाजसोमा जेल रहेको र आधाजसो स्थानीय वासिन्दाहरूले अतिक्रमण गरेको जेलर बताउँछन्।

गिरफ्तारी र यातना

वीरेन्द्रनगर नपा-७ की २४ वर्षीय सीता नेपालीलाई ०५६ वैशाख १६ गते निर्वाचन बहिस्कार गरौं भन्ने पर्चा वितरण गरिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरेकोमा भोलिपल्ट रिहा गरियो।

मेहेलकुना गाविस-२ का १९ वर्षीय उदीराम डाँगीलाई माओवादीको आशंकामा ०५६ साउन १६ गते सोही गाविस-४ मा पत्रिकाको रकम उठाउन लागिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई छिन्चु इलाका प्रहरी कार्यालय हुँदै जिप्रकामा ल्याई सामान्य सोधपुछ गरी साप्ताहिकरूपमा तारेखमा रहने गरी साउन २१ गते रिहा गरियो।

वीरेन्द्रनगर नपा-९ का ५० वर्षीय कर्णबहादुर नेपाली, २६ वर्षीय ज्ञानबहादुर नेपाली, २१ वर्षीय भीमबहादुर नेपाली, १७ वर्षीय चन्द्रमणि नेपाली र १५ वर्षीय भक्तबहादुर नेपालीलाई माओवादीहरूलाई आश्रय दिएको आरोपमा ०५६ असोज ५ गते राति घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई एक दिनपछि रिहा गरियो।

वीरेन्द्रनगर नपा-३ का १६ वर्षीय विन्दु नेपालीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५६ असोज १६ गते बेलुका ५ बजेतिर वड्डीचौरबाट घरतर्फ आउँदै गर्दा वीरेन्द्रनगर नपा-१ बाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई कसैसँग भेटघाट गर्न दिइएको छैन।

बेपत्ता पारिएको

जाजरकोट जिल्ला खलंगा गाविस-८ का २५ वर्षीय गमानसिं राना, १७ वर्षीय लीला राना, २९ वर्षीय प्रेमबहादुर रसाइली र २२ वर्षीय सत्या पहाडीलाई ०५५ चैत १ गते नेपालगंजतर्फ जाने क्रममा माओवादी भएको आशंकामा राकम गाविस-३ नजिकैबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये सत्या पहाडीलाई जाजरकोट पुऱ्याइएको थियो भने ०५६ भदौदेखि केन्द्रीय कारागारमा राखिएको छ भने अन्य पीडितका बारेमा पत्ता लाग्न सकेको छैन।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	५	५	३	८				
गोलीद्वारा हत्या	१	१		१	२	४		४
गोलीद्वारा घाइते/हवाइ फायर	१	१		१				
गिरफ्तारी र यातना					४	७	१	८
कुटपिट	२	२		२				
धम्की	१	१		१				
बेपत्ता पारिएको					१	२	२	४
महिला किनबेच	१		१	१				
बलात्कार	४		४	४				
बलात्कार प्रयास	१		१	१				
महिला भएकै कारण यातना	१		१	१				
जम्मा	१७	१०	१०	२०	७	१३	३	१६
आत्महत्या	४	१	३	४				
दुर्घटनाहरू/विपत्तिहरू	३	४		४				

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

पाम्का गाविस-४ का ४३ वर्षीय कर्णबहादुर पुनलाई सुराकी गरेको आरोपमा ०५५ माघ १ गते राति आफ्नो घरमा सुतिरहेको अवस्थामा माओवादी कार्यकर्ताहरूले खुकुरी प्रहार गरी घाइते बनाए। पीडितको उपचार काठमाण्डौमा भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यहाँको जिल्ला अदालतमा दुनियावादी साधारण देवानी मुद्दा १ सय २ वटा परेकोमा १७ वटा फर्स्यौट भए। त्यसैगरी दुनियावादी संक्षिप्त देवानी ६ वटामध्ये २ वटा, विशेष अदालत ऐनअन्तर्गत ३५ मध्ये ८, दुनियावादी संक्षिप्त फौजदारी ४९ मध्ये ३०, दुनियावादी साधारण फौजदारी ४५ मध्ये ८ र सरकारवादी फौजदारी ४२ मध्ये ६ वटा फर्स्यौट भए। यसरी कुल २ सय ७९ वटा मुद्दामध्ये ७१ वटा फर्स्यौट भई २ सय ८ वटा बाँकी रहे। २ वर्षसम्म फर्स्यौट नभएका ३ वटा देवानी मुद्दा छन् भने १ वर्षसम्म फर्स्यौट नभएका दुनियावादी साधारण फौजदारी १० र सरकारवादी फौजदारी ७ गरी १७ वटा छन्। ६ महिनासम्म फर्स्यौट नभएका मुद्दाहरूमा विशेष अदालत ऐनअन्तर्गतका ५ वटा रहेका छन्।

जिल्ला प्रशासन कार्यालयमा यस वर्ष सार्वजनिक अपराधअन्तर्गत २४ वटा मुद्दा दर्ता भएकोमा ११ फर्स्यौट भई १३ बाँकी, अवैध हातहतियारअन्तर्गत २ वटा र कालो बजारसम्बन्धी १ वटा मुद्दा दर्ता भए।

महिला अधिकार

वीरेन्द्रनगर नपा-६ की २२ वर्षीय सीमा परविन डगकीलाई ०५५ माघ ९ गते भारत घर भई सोही ठाउँमा बस्ने ६५ वर्षीय मोहम्मद जार अन्सारी, ५५ वर्षीय अब्दुल करिम अन्सारी, ४५ वर्षीय मोहमद हनिफ, ५० वर्षीय अब्दुल अमिद कोरेसी र ६० वर्षीय गोवे कोरेसीले नेपालगंजमा डद हेर्न जाने भनी फकाएर भारतको बाबागंजमा लगी बिक्री गरे। पीडितले थाहा पाई त्यहाँबाट भागेर घर फर्किन् र कानूनी कारवाहीका लागि जाहेरी दिइन्।

वीरेन्द्रनगर नपा-५ चिसापानीकी २२ वर्षीय एक महिलालाई ०५५ पुस २१ गते आफ्नै घरमा सुतिरहेको अवस्थामा सोही ठाउँका २४ वर्षीय टेकबहादुर सिंजालीले मुख थुनी नजिकैको खोलामा लगी बलात्कार गरे। पीडक फरार छ।

वीरेन्द्रनगर नपा-२ की २५ वर्षीय एक महिलालाई ०५५ माघ १९ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा सोही ठाउँका १८ वर्षीय नरेश्वर अधिकारीले मुख थुनी बलात्कार गरे। पीडक फरार छ।

वीरेन्द्रनगर नपा-२ तीनकुनेकी ३१ वर्षीय एक महिलालाई ०५५ माघ १९ गते राति आफ्नो घरमा एक्लै सुतिरहेको अवस्थामा सोही ठाउँका २३ वर्षीय ललितबहादुर थापा क्षेत्रीले बलात्कार गरे।

नेटा गाविस-९ की ३१ वर्षीय एक महिलालाई ०५६ वैशाख ६ गते राति घरमा सुतिरहेको अवस्थामा सोही ठाउँका ४१ वर्षीय झकबहादुर दमाई र ३५ वर्षीय बमबहादुर दमाईले मुख थुनी बलात्कार गरे। पीडकविरूद्ध उजुरी दिँदा प्रहरी प्रशासनबाट वास्ता नगरेको पीडितले बताइन्।

वीरेन्द्रनगर नपा-२ की २० वर्षीय एक युवतीलाई ०५६ असोज २ गते अदालतमा जान लागेको समयमा सोही नपा-८ का ३० वर्षीय राजु शर्माले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई गिरफ्तार गरिए पनि मानसिक स्थिति ठीक नरहेको भनी कारवाही नगरी रिहा गरियो।

यस वर्ष यो जिल्लामा महिला भएकै कारणले दिइने अमानवीय व्यवहारका एउटा घटनामा एक जना महिला पीडित भएको जानकारीमा आयो। जसमा –

गुठु गाविस-६ की ४७ वर्षीय थ्युरीदेवी देवकोटालाई ०५६ असार १५ गते राति १२ बजेतिर सोही ठाउँका ३१ वर्षीय देउचे कामी, ४१ वर्षीय करनसिं कामी र ३६ वर्षीय मनी कामीले घरमै गई बोक्सीको आरोपमा कुटपिट गरे। पीडकहरूविरूद्ध उजुरी दिँदा कुनै सुनुवाई नै नभएको पीडितले बताइन्।

अतिरिक्त जानकारीहरु

यस वर्ष व्यक्तिगत कुटपिटको एउटा घटनामा एक जना पुरुष पीडित भएको जानकारीमा आयो। व्यक्तिगत रिसइवीको कारणले घरमा आगो लगाएको एउटा घटना भयो। १ जना पुरुष र ३ जना महिलाले आत्महत्या गरे। सवारी दुर्घटनाका २ वटा घटनामा १ जना नाबालकको मृत्यु भयो भने २ जना पुरुष घाइते भए। १ जना पुरुषको डुबेर मृत्यु भयो।

४.९ जाजरकोट

जनसंख्या	: ११३९५८
साक्षरता प्रतिशत	: २४.४
महिला साक्षरता प्रतिशत	: ८.५
क्षेत्रफल (वर्ग कि.मी.)	: २२३०
गाविस/नपा संख्या	: ३०/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: २३३
क्याम्पस/उच्च मावि	: १/१
अस्पताल/स्वास्थ्य चौकी	: १/३१
टेलिफोन लाइन	: १८
मोटर सडक (कि.मी.)	: १०७
प्रहरी कार्यालय संख्या	: १६
हुलाक संख्या	: २७

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या/गोली

सक्ला गाविस-८ की ३० वर्षीय यमकुमारी शाहीलाई सुराकी गरेको आरोपमा ०५५ पुस ३० गते राति घरमै सुतिरहेको अवस्थामा माओवादीहरूले घरबाट बाहिर निकाली नजिकैको खेतमा लगेर घाँटी सेरी हत्या गरे।

खलंगा गाविस-९ कालेगाउँका २३ वर्षीय चन्द्रबहादुर बस्नेतलाई ०५५ माघ १२ गते माओवादीहरूले धारिलो हतियार प्रहार गरी हत्या गरे।

अर्छानी गाविस-७ का ३३ वर्षीय तेजबहादुर शाहीलाई राजनीतिक प्रतिशोधका कारण ०५५ माघ १८ गते बिहान घरमै बसिरहेको अवस्थामा माओवादीका कार्यकर्ताहरूले करेसाबारीतर्फ लगी धारिलो हतियार प्रहार गरी हत्या गरे।

खलंगा गाविस-८ रिम्नाका ३२ वर्षीय कुन्तबहादुर खड्का र उनकै पत्नी ३० वर्षीय मनसरा खड्कालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५५ माघ १८ गते साँझ सक्ला गाविस-४ सुवास्थित एक घरमा खाना खाइरहेको अवस्थामा प्रहरीले हत्कडी लगाएर घरबाहिर ल्याई गोली हानी हत्या गरे।

साल्मा गाविस-७ मजेरीका ३० वर्षीय कमारा खत्री, ३१ वर्षीय लालबहादुर कठायत र २८ वर्षीय कमारा खड्कालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५५ माघ २२ गते प्रहरीले गिरफ्तार गरी जेल चलान गर्ने निहुँमा झाप्रा गाविस र पुन्मा गाविसको बीचमा पर्ने मछाइना जंगलमा गोली हानी हत्या गरे।

ढिमे गाविस-५ ढिमेका १८ वर्षीय जयबहादुर सिंह, २४ वर्षीय रामबहादुर सिंह र २२ वर्षीय मनसुर सिंहलाई माओवादी भएको आरोपमा ०५५ फागुन ९ गते प्रहरीले गिरफ्तार गरी सोही ठाउँको नाउलीखेतमा लगी गोली हानी हत्या गरे।

खलंगा गाविस-८ मैदेका २३ वर्षीय स्यानलौजो कामी र सोही गाविस-९ रावतगाउँका ३२ वर्षीय खिमबहादुर कामीलाई माओवादी भएको आशंकामा ०५५ चैत १३ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी उब्ज्यालेखको खोलामा लगी गोली हानी हत्या गरे। पीडितहरूको लास ५ दिनपछि खोलामा आफन्तहरूले फेला पारेका थिए।

डाँडागाउँ गाविस-३ चिउरीका २९ वर्षीय उदय वि.क.लाई फरक राजनीतिक आस्था राखेको आरोपमा ०५६ जेठ ७ गते राति घरमै सुतिरहेको अवस्थामा माओवादीहरूले सोही गाविसको चिसा भन्ने ठाउँमा लगी धारिलो हतियारले गर्धन रेटी हत्या गरे। पीडितको लास जेठ ८ गते गाउँलेहरूले सोही ठाउँमा फेला पारेका थिए।

दाङ जिल्ला घर भई लहँ गाविस-१ स्थित प्रहरी चौकीमा कार्यरत् २८ वर्षीय असई विष्णुबहादुर थापा, पर्वत जिल्ला घर भएका प्रहरी हवल्दार ३३ वर्षीय रामप्रसाद श्रेष्ठ, रूकुम जिल्लाका प्रहरी जवान २५ वर्षीय मानबहादुर गिरी, सुर्खेत जिल्ला घर भएका प्रहरी जवान २७ वर्षीय रोशनकुमार न्यौपाने तथा लहँ गाविस-१ का ३६ वर्षीय हरिबहादुर रावल, ३० वर्षीय इन्द्रबहादुर मल्ल, २८ वर्षीय अर्जुन मल्ल र २७ वर्षीय केशव मल्ललाई ०५६ जेठ ३१ गते राति माओवादीहरूले गोली हानी हत्या गरे। त्यसैगरी अन्य ६ जना प्रहरी जवानहरूलाई गोली हानी घाइते बनाए। पीडकहरूले दुई थान पेस्तोल, अठार थान राइफल र एक हजार थान गोली लुटे। घाइतेहरूलाई उपचारार्थ हेलिकप्टरद्वारा नेपालगंज लगियो।

खलंगा गाविस-५ पोर्खाका ४६ वर्षीय धुइरो कामी भन्ने बलबहादुर नेपालीलाई माओवादीहरूलाई सहयोग गरेको आरोपमा ०५६ असार ११ गते राति घरमै सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी हिरासतमा निर्मम यातना दिए र असार १४ गते राति ढिमे गाविस-१ पाँचकटिया जंगलमा लगी गोली हानी हत्या गरे। पीडितको लास आफन्तहरूलाई दिइएन।

जत्तिपुर गाविस-७ कुस्ताका २८ वर्षीय खिमबहादुर बस्नेत, २६ वर्षीय लोकेन्द्र बस्नेत, २५ वर्षीय गोपाल बस्नेत, २१ वर्षीय कालो बस्नेत र ४५ वर्षीय चनरे सार्कीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५६ असार १५ गते बिहान ५ बजेतिर घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी

प्रहरीले गोली हानी हत्या गरेका कालो बस्नेत, चनरे सार्की र गोपाल बस्नेत

माओवादीहरूद्वारा हत्या गरिएका उदय विक.

गोली हानी हत्या गरे। पीडितहरूमध्य खिमबहादुरलाई भेरी नदीको किनारमा गोली हानी हत्या गरेर नदीमा फ्यॉंकिदिए भने अन्यलाई सोही गाविस-६ मैनचउर खुदारवोला भन्ने ठाउँमा लगी गोली हानी हत्या गरेका थिए।

जत्तिपुर गाविस-१ बाहुनगाउँका २९ वर्षीय इन्द्रलाल आचार्यलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५६ असार १५ गते सोही गाविस-७ कुस्तरा भन्ने ठाउँमा प्रहरीले गिरफ्तार गरी गोली हानी हत्या गरे। हत्या पश्चात् पीडितको लास भेरी नदीमा फ्यॉंकिदिए।

पुन्मा गाविस-५ छिप्रेनाका ४४ वर्षीय नन्दवीर घर्ती र सोही वडा ईश्वरका २२ वर्षीय भद्रबहादुर तिरूवालाई माओवादीको आशंकामा ०५६ असार ३१ गते बिहान घट्टमा गहुँ पिँधिरहेको अवस्थामा प्रहरीले बाहिर खेतमा ल्याई गोली हानी हत्या गरे। पीडितहरूको लास त्यसै छोडिदिएका थिए।

नायकवाडा गाविस-२ जिरीका ५१ वर्षीय नरबहादुर रावतलाई राजनीतिक प्रतिशोधका कारण ०५६ साउन १६ गते घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले सोही गाविसको कुम्दासीमा भन्ने जंगलमा लगी धारिलो हतियारले घाँटी रेटी हत्या गरे। पीडितको लास १७ गतेसम्म जंगलमै रहेकोमा १८ गते गाउँलेहरू जाँदा बेपत्ता पारिएको थियो।

रौतहट जिल्ला राजापुर घर भई जत्तिपुर गाविस-१ स्थित इलाका प्रहरी कार्यालयमा कार्यरत् प्रहरी जवान २४ वर्षीय इन्तियाज अहमदलाई ०५६ असोज ५ गते राति माओवादीहरूले गोली हानी हत्या गरे। माओवादी र प्रहरीबीच दोहोरो भिडन्त हुँदा १२ जना प्रहरीहरू घाइते भए। पीडितको लासलाई हेलिकप्टरबाट घरमा लगियो भने घाइतेहरूलाई उपचारार्थ नेपालगंज लगियो।

माओवादीहरूद्वारा हत्या गरिएका अर्जुन मल्ल र इन्द्रबहादुर मल्ल

सल्यान जिल्ला घर भई जिल्ला प्रहरी कार्यालय जाजरकोटमा कार्यरत प्रहरी जवान तिलक पुन ०५६ असोज ५ गते राति खलंगा गाविस-१ बल्लेजुरमा माओवादीद्वारा विच्छ्याइएको विष्फोटक पदार्थमा परी घाइते भए।

खलंगा गाविस-८ घोयल्टाका ३८ वर्षीय टकवीर कामीलाई ०५६ कात्तिक २५ गाउँमा केही व्यक्तिहरू मदिरा सेवन गरी नाचगान गरिरहेको अवस्थामा प्रहरी पुगेपछि डरले भाग्दा माओवादीको आशंकामा प्रहरीले गोली हानी घाइते बनाएकोमा गिरफ्तार गरी गाउँभन्दा केही टाढा लगी गोली हानी हत्या गरे।

लहँ गाविस-८ का ४९ वर्षीय गगनबहादुर शाहीलाई माओवादीको आरोपमा ०५६ मंसिर १९ गते टालेगाउँ गाविस-३ डेब्रे भन्ने ठाउँमा प्रहरीले गोली हानी हत्या गरे।

पजारू गाविस-९ टीकाचौरका ४५ वर्षीय शंकर बुढा, ४० वर्षीय चिर्ति बुढा, सोही गाविस-९ पैरामका ४२ वर्षीय पठे रोकाय, पैंक गाविस-९ चाल्नका २५ वर्षीय पृथ्वीबहादुर घर्तीलाई माओवादीको आरोपमा ०५६ मंसिर २४ गते बिहान आ-आफ्नो घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी सोही ठाउँमा गोली हानी हत्या गरे। पीडितहरूको लास प्रहरीहरूले नै जलाए।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएको एउटा घटनामा एक जना पुरूषको हत्या भयो। जसमा -

डाँडागाउँ गाविस-३ चिउरीका ४५ वर्षीय हिरे चदारालाई जग्गासम्बन्धी विवादका कारण ०५६ असोज २१ गते उनकै भाइहरू मोते चदारा र चन्द्रवीर चदाराले हँसिया प्रहार गरी हत्या गरे। पीडकहरू फरार छन्।

जेल र बन्दीहरु

कुल २५ जना क्षमता भएको यहाँको जेल "घ" श्रेणीको हो। यहाँ कैद नतोकिएका २ जना महिलासहित ११ जना र कैद तोकिएका ९ जना गरी कुल २० जना बन्दीहरू रहेका छन्। यसवाहेक १ जना आश्रित नाबालक पनि रहेको छ। जेलको बाहिरी कम्पाउण्ड भएता पनि सुरक्षाको कारणले दिनमा २ घण्टा महिला र पुरूषलाई पालैपालो छोडिन्छ। यस जेलका बन्दीहरूले ६ महिनाअघिदेखि कुनै पनि पत्रपत्रिकाहरू पढ्न नपाएको गुनासो पोख्दछन्।

जिल्ला कारागारमा माओवादी "जनयुद्ध" को सिलसिलामा गिरफ्तार गरेका सहदेवजंग शाह, शिवप्रसाद शर्मा, भरत शर्मा, अनाखर आचार्य, सत्या पहाडीलगायत् २७ जना बन्दीहरूले आफूहरू राजनीतिक बन्दी भएकोले "क" श्रेणीको सिदा पाउनुपर्छ भन्ने माग राख्दै ०५६ जेठ ५ गतेदेखि ४ दिनसम्म सिदा त्याग र नारावाजी गरे।

गिरफ्तारी र यातना

साल्मा गाविस-७ मजेरीका २३ वर्षीय नन्दलाल शर्मा, २५ वर्षीय वीरसिंह खड्का र २६ वर्षीय दीपबहादुर बुढालाई माओवादीहरूलाई सहयोग गरेको आरोपमा ०५५ माघ ११ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा निर्मम यातना दिए। पीडितहरूलाई हात, खुट्टाका नङमा पीन कोच्ने, बुटले पेटमा हिर्काउने, पाइपको लाठीले हिर्काउने, नाङ्गो पारी शरीरमा सिस्नो पानी लगाउने जस्ता यातना दिइयो। यातनाका कारण पीडित नन्दलालको दायाँ हात भाँचियो। पीडितहरूलाई ०५५ चैत ५ गते जनही पाँच हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

खलंगा गाविस-९ कालेगाउँका लेकबहादुर नेपालीलाई माओवादीको आरोपमा प्रत्येक हप्ताको तारेख भएकाले ०५५ माघ ११ गते जिल्ला प्रहरी कार्यालयमा हाजिर हुन गएको अवस्थामा प्रहरीले गिरफ्तार गरी पैतालामा पिट्ने, नाङ्गो बनाई सिस्नोपानी लगाउने, जिब्रोमा सिस्नो लगाउने जस्ता यातना दिए। पीडितलाई माओवादीद्वारा खलंगा गाविस-९ मा चन्द्रबहादुर बस्नेतको हत्या गरेको घटनामा संलग्न भएको आरोपमा पुर्पक्षका लागि थुनामा राखिएको छ।

खलंगा गाविस-९ कोलचौरका ७२ वर्षीय केशरे कामीलाई माओवादीको संरक्षण गरेको आरोपमा ०५५ फागुन २० गते प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितलाई प्रत्येक महिनाको १ दिन जिल्ला प्रहरी कार्यालयमा हाजिर हुनेगरी फागुन ३० गते तारेखमा रिहा गरियो।

खलंगा गाविस-८ मैदेकी २७ वर्षीय विर्मी राना, ४० वर्षीय जुना राना, ३० वर्षीय ढकं रानाा, २८ वर्षीय देउमा राना र ४० वर्षीय मोति रानालाई माओवादीहरूको संरक्षण गरेको आरोपमा ०५५ चैत २६ गते आ-आफ्नो घरबाट प्रहरीले गिरफ्तार गरी हिरासतमा सर्वस्त्र नाङ्गो बनाई सिस्नो पानी लगाउने, पैतालामा पिट्ने, समयमा पानी पिउन नदिने जस्ता यातना दिए। पीडितहरूलाई एक महिनासम्म थुनामा राखी रिहा गरियो।

खलंगा गाविस-१ शान्ति चौतारका ३७ वर्षीय भरत के.सी. लाई माओवादी भएको आरोपमा ०५६ जेठ २ गते प्रहरीले गिरफ्तार गरी बेहोस हुनेगरी यातना दिए। पीडितको हात खुट्टामा पिन कोच्ने, हातमा ब्लेडले काटी नून खुर्सानी राख्ने, प्लाष्टिकको डोरीले घाँटी बाँध्ने जस्ता यातना दिइएको थियो। पीडितलाई जेठ ३ गते साँझ रिहा गरियो।

लहँ गाविस-४ लहँका २१ वर्षीय चन्द्रबहादुर रावललाई माओवादी गतिविधिमा संलग्न भई ०५६ जेठ ३१ गते सोही गाविसमा प्रहरीमाथि आक्रमण गरेको आरोपमा ०५६ असार १७ गते प्रहरीले गिरफ्तार गरी मरणासन्न हुनेगरी यातना दिए। पीडितलाई असार २१ गते रिहा गरियो र जिल्ला अस्पतालमा उपचार भयो।

खलंगा गाविस-५ पोर्खाका ४६ वर्षीय सप्पले कामी, ३२ वर्षीय कलौटो कामी, ३० वर्षीय इन्द्रबहादुर पुन, २८ वर्षीय रनबहादुर कामी, २० वर्षीय वीरबहादुर पुन, १९ वर्षीय चाम्रो कामी र २६ वर्षीय कालो कामीलाई ०५६ असार १३ गते इलाका प्रहरी कार्यालय पाँचकटियाले बोलाएकाले त्यहाँ गएको अवस्थामा माओवादी भएको आरोपमा प्रहरीले गिरफ्तार गरी निर्मम यातना दिई असार १४ गते छोडे। पीडितहरूको उपचार बाहुनथान हेल्थपोष्टमा भयो।



माओवादीहरूद्वारा हत्या गरिएका तेजबहादुर शाही

जत्तिपुर गाविस-७ का नेकपा (एमाले) बाट निर्वाचित वडाध्यक्ष ४८ वर्षीय चन्द्रबहादुर बस्नेत र सोही गाविस-७ का राप्रपाबाट निर्वाचित वडासदस्य ३४ वर्षीय गणेश आर.सी. लाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५६ असार १५ गते आ-आफ्नो घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी हिरासतमा यातना दिए। पीडितहरूलाई असार १८ गतेदेखि शान्ति सुरक्षा ऐनअन्तर्गत थुनामा राखिएकोमा भदौमा रिहा गरियो।

खलंगा गाविसका उपाध्यक्ष २४ वर्षीय कमानसिंह खड्कालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५६ असार १७ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा राखी यातना दिए। पीडितलाई प्रत्येक तीन दिनमा जिल्ला प्रहरी कार्यालयमा हाजिर हुनेगरी असार १९ गते रिहा गरियो।

दह गाविसका अध्यक्ष ४४ वर्षीय दलबहादुर थापा, उपाध्यक्ष ४७ वर्षीय रूपबहादुर बस्नेत, सोही गाविस-७ का २४ वर्षीय रामबहादुर शाही, २२ वर्षीय जनकबहादुर शाही, २६ वर्षीय कर्णबहादुर बस्नेत र २९ वर्षीय अमरबहादुर शाहीलाई माओवादीको आरोपमा ०५६ असार १८ गते राति खलंगा गाविस-१ स्थित बस्नेत होटलबाट प्रहरीले गिरफ्तार गरी हिरासतमा यातना दिए। पीडितहरूलाई असार २० गते रिहा गरियो र जिल्ला अस्पतालमा उपचार भयो।

खलंगा गाविस-८ मैदेका २१ वर्षीय आइते राना, लहँ गाविस-३ का ३४ वर्षीय लक्ष्मी रावल र डाँडागाउँ गाविस-३ चिउरीका ३९ वर्षीय सितले दमाईलाई माओवादीको आशंकामा ०५६ असार ३० गते प्रहरीले गिरफ्तार गरी हिरासतमा यातना दिए। पीडितहरूलाई साउन १६ गतेदेखि शान्ति सुरक्षा





प्रहरीले गिरफ्तार गरी यातना दिइएका खलंगा गाविस उपाध्यक्ष कमानसिंह खड्का, दह गाविसका अध्यक्ष र उपाध्यक्ष दलबहादुर थापा तथा रूपबहादुर बस्नेत

माओवादीहरूद्वारा अपहरण गरी बेपत्ता पारिएका आङते राना तथा प्रहरीद्वारा बेपत्ता पारिएका भीमबहादुर वली

ऐनअन्तर्गत थुनामा राखिएकोमा ०५६ कात्तिक १६ गते रिहा गरियो।

खलंगा गाविस-५ पोर्खाका वडासदस्य ३२ वर्षीय नरबहादुर खत्री, १८ वर्षीय धर्मराज वली, २३ वर्षीय पूर्णबहादुर कामी, २५ वर्षीय अमरबहादुर वली र २६ वर्षीय हरसिंह पुनलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५६ असार ३२ गते प्रहरीले गिरफ्तार गरी निर्मम यातना दिए। पीडितहरूलाई लगातार यातना दिई साउन ५ गते प्रत्येक हप्ता जिल्ला प्रहरी कार्यालयमा हाजिर हुनेगरी तारेखमा रिहा गरियो।

डाँडागाउँ गाविस-९ का रा.ज.सा. मंच जिल्ला कमिटी सदस्य १८ वर्षीय महेन्द्रबहादुर बुढालाई माओवादीको आरोपमा ०५६ साउन २३ गते घरतर्फ गइरहेको अवस्थामा लहँ गाविस-६ बाट प्रहरीले गिरफ्तार गरी कुटपिट गरे। पीडितलाई सोही दिन बेलुका सात बजेतिर रिहा गरियो।

बेपत्ता पारिएको

खलंगा गाविस-५ पोर्खाका १९ वर्षीय कालीबहादुर वि.क. र २० वर्षीय भीमबहादुर वलीलाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०५५ पुस १७ गते घरबाटै प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय चलान गर्ने बहानामा बीच बाटोबाटै बेपत्ता पारे। पीडितहरूको बारेमा कुनै जानकारी दिइएको छैन।

खलंगा गाविस-५ पोर्खाका २० वर्षीय मकदुल कामीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५५ पुस १७ गते घरमै बसिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे। प्रहरी प्रशासनबाट पीडितलाई गिरफ्तार नै नगरिएको बताइयो।

खलंगा गाविस-९ कालेगाउँका २१ वर्षीय विष्णु बटालालाई माओवादी भएको आशंकामा प्रहरीले गिरफ्तार गरेकोमा ०५५ पुस १८ गतेदेखि जिल्ला प्रहरी कार्यालयको हिरासतबाट बेपत्ता पारियो। पीडितलाई ३ दिनअघि गिरफ्तार गरिएको थियो। पीडितको बारेमा कुनै जानकारी दिइएको छैन।

खलंगा गाविस-६ गाँरापानीका २१ वर्षीय मानबहादुर कार्कीलाई माओवादीलाई आर्थिक सहयोग गरेको आरोपमा ०५५ पुस २८ गते घरमै बसिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी बेपत्ता पारेका छन्।

खलंगा गाविस-८ पिपेका वडासदस्य ३१ वर्षीय आङते रानालाई राजनीतिक प्रतिशोधका कारण ०५६ जेठ ६ गते माओवादीहरूले अपहरण गरी बेपत्ता पारेका छन्।

कोर्त्ताङ गाविस-६ नेटाका २६ वर्षीय केसे बस्नेत र १८ वर्षीय कर्णबहादुर बस्नेतलाई ०५६ असोज २३ गते प्रहरीले गिरफ्तार गरी गर्स्वाकोट इलाका प्रहरी कार्यालय लगेकोमा बेपत्ता पारे।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

सीमा गाविस-५ का नेकपा (माले) को तर्फबाट आम निर्वाचनका लागि क्षेत्र नं. २ का उम्मेदवार ३१ वर्षीय शेरबहादुर शाहीलाई ०५६ वैशाख ८ गते बिहान चुनावको प्रचारका सिलसिलामा हिँडिरहेको अवस्थामा कोर्त्ताङ गाविस-३ मेसुबाट माओवादीहरूले अपहरण गरेकोमा तीन दिनपछि सोही ठाउँमा ल्याई छोडिदिए।

खलंगा गाविस-२ घर भई आमनिर्वाचनका लागि क्षेत्र नं. २ का उम्मेदवार रहेका ४१ वर्षीय दीपकजंग शाह, सोही ठाउँका ३३ वर्षीय विजय शाह, २९ वर्षीय ऋषव कार्की, भजवोट गाविस-२ का ३९ वर्षीय सर्पे रावत, पुन्मा गाविस-५ का ३७ वर्षीय हरिजंग शाहलगायत् १५ जनालाई ०५६ वैशाख ११ गते मजकोट गाविस-२ मजकोटमा चुनाव प्रचार गरिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गर्नुका साथै प्रचार प्रसार कार्य बन्द गर्न बाध्य बनाए।

नायकवाडा गाविसका अध्यक्ष अजवीर सिंह, रोकायागाउँ गाविसका अध्यक्ष भीमबहादुर सिंह र जिविस सदस्य विष्णु पुनलाई ०५६ वैशाख १२ गते रोकायागाउँ गाविस-१ मा नेकपा (एमाले) को चुनाव प्रचार प्रसारको सिलसिलामा हिँडिरहेको अवस्थामा माओवादीको आरोपमा प्रहरीले मरणासन्न हुनेगरी कुटपिट गरे। पीडितहरू जिल्ला अस्पतालमा उपचार गरी वैशाख १८ गते आ-आफ्नो घर फर्किए।

आम निर्वाचनको सिलसिलामा खलंगा गाविस-२ अन्तर्गत त्रि.उ.मा.वि. को एक नं. बुथमा ०५६ वैशाख २० गते बिहान प्रहरीले अश्रुग्याँस प्रहार गर्दा सोही गाविस-३ की वडासदस्य ४३ वर्षीय विष्णु शाही घाइते भइन्। पीडितलाई जिल्ला अस्पतालमा उपचार गरियो।

खलंगा गाविस-५ पोर्खाका ५४ वर्षीय कविराम वलीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५६ असार ३१ गते खेतमा काम गरिरहेको अवस्थामा प्रहरीले कुटपिट गरी बेहोस बनाए। पीडितको उपचार स्थानीय हेल्थपोष्टमा गरियो।

डाँडागाउँ गाविस-२ का वडासदस्य ४९ वर्षीय रन्जीत नेपालीलाई राजनीतिक प्रतिशोधका कारण ०५६ साउन १ गते सोही ठाउँका रत्नबहादुर पुन, जिते परियार लगायत् ६ जनाले पुरै मुख छोपेर माओवादीको नाममा घरभन्दा एक कि.मी जति टाढाको जंगलमा लगी कुटपिट गरे।

सक्ला गाविस-२ सीमाका ४५ वर्षीय उज्ज्वलबहादुर सिंहलाई राजनीतिक प्रतिशोधका कारण ०५६ साउन ९ गते माओवादीहरूले खुकुरी प्रहार गरी घाइते बनाए। पीडितको उपचार सक्ला हेल्थपोष्टमा भयो।

जिविस सदस्य तथा नेकपा (एमाले) जिल्ला पार्षद् ३५ वर्षीय विष्णुकुमार पुनलाई राजनीतिक प्रतिशोधका कारण चन्दा दिन इन्कार गरेको आरोपमा ०५६ साउन १८ गते

माओवादीहरूले घरबाट अपहरण गरेकोमा गाउँलेहरूको दबावका कारण सोही दिन राति १ बजे छोडे। माओवादीहरूले पीडितलाई यसअघि पनि विभिन्न समयमा ज्यानमार्ने धम्की दिँदै बीस हजार रूपैयाँ माग गर्दै आएका थिए।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	६	५	१	६				
गोलीद्वारा हत्या	२	९		९	११	२४	१	२५
बम प्रहारबाट घाइते	१	१		१				
जेल					१			
गिरफ्तारी र यातना					१३	३३	५	३८
कुटपिट	४	४		४	२	४		४
धम्की	७	७		७				
वेपत्ता पारिएको	१	१		१	५	७		७
स्वतन्त्र र निष्पक्ष चुनाव					१		१	१
राजनीतिक स्वतन्त्रता	१	१		१				
पक्षपात	१							
बहुविवाह	६		६	६				
जारी	२	२	२	४				
पारिवारीक हिंसा	२		२	२				
महिला भएकै कारण यातना	२		२	२				
जातीय छुवाछूत	२	२	१	३				
जम्मा	३७	३२	१४	४६	३३	६८	७	७५
आत्महत्या	१		१	१				
दुर्घटनाहरू/विपत्तिहरू	२	१५	१०	२५				

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष जम्मा ६५ वटा मुद्दाहरू परेकोमा २९ फर्स्यौट भई ३६ बाँकी रहे। ती मुद्दाहरूमध्ये विशेष अदालतसम्बन्धी १० वटामा ५ फर्स्यौट भई ५ बाँकी, साधारण देवानी १४ वटामा ३ फर्स्यौट भई ११ बाँकी, दुनियावादी फौजदारी २१ वटामा १५ फर्स्यौट भई ६ बाँकी, सरकारवादी फौजदारी ७ वटामा १ फर्स्यौट भई ६ बाँकी र संक्षिप्त फौजदारी १३ वटामा ५ फर्स्यौट भई ८ बाँकी रहे।

सख्वा, घटुवा र पक्षपात आदि

जिल्ला वन कार्यालयका अधिकृत ४२ वर्षीय खेमराज चापागाईंले ०५६ साउन २५ गते रामबहादुर रावत, हिमलाल पुन, धनबहादुर शाही, रत्नबहादुर मल्ल, धर्मबहादुर सिंह र बाबुराम पौडेलबाट प्रतिव्यक्ति ३० हजार देखि ५० हजार रूपैयाँसम्म घूस लिई पक्षपातपूर्ण तरिकाले वनपालेमा नियुक्ति गरी सोही दिन राति कार्यालय छोडी भागे।

जिविस सचिव शारदाप्रसाद पौडेलले ०५६ भदौ २३ गते कुनै सार्वजनिक सूचना प्रकाशित नगरी पक्षपातपूर्ण तरिकाले जयप्रकाश मण्डल र जितेन्द्रप्रसाद शाहलाई ओभरसियर पदमा अस्थायी नियुक्ति दिए।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा जेष्ठ नागरिकको रूपमा २ सय १६, विधवा ७ सय ३२ र अपाङ्ग २ सय ९६ रहेका छन्। उनीहरूले ०५५ पुसदेखि भत्ता पाएका छैनन्। श्री ५ को सरकारले उक्त रकम निकासा नगरिदिएको जानकारी जिविसद्वारा दिइयो।

महिला अधिकार

यस वर्ष यो जिल्लामा पारिवारिक हिंसाको २, जारीको २ र बहुविवाहका ६ वटा घटना जानकारीमा आए। महिला भएकै कारणले दिइने अमानवीय व्यवहारका २ घटनामा २ जना महिला पीडित भएको जानकारी प्राप्त भयो। जसमध्ये -

खलंगा गाविस-३ बाहुनबाराका २४ वर्षीय नरेन्द्र शाहले घरमा दुई पत्नी हुँदाहुँदै ०५६ साउन २६ गते डाँडागाउँ गाविस-२ पारीकरूवाकी पवित्रा थापासँग तेश्रो विवाह गरे।

मानवअधिकार सम्बन्धी अन्य सवालहरु

दासत्व, कमैया, बाँधा र हलिया आदि

खगेनकोट गाविस-३ का ३६ वर्षीय नरसिं कामी र ३८ वर्षीय नरतमे कामी विगत दुई दशकदेखि हलिया जीवन बिताइरहेका छन्।

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूतसमेत

जुङ्गाथापाचौर गाविसका अध्यक्ष ३९ वर्षीय भीमबहादुर नेपाली लगायत् दलित जातिका अन्य मानिसहरूलाई ०५६ असार ६ गते सोही गाविस-६ बुर्दास्थित जोगीदेउ मन्दिरमा मानिने पर्वमा प्रवेश गर्न पुजारी तथा माथिल्लो जातका भनिनेहरूले प्रतिवन्ध लगाए।

खलंगा गाविस-२ स्यालाकी १७ वर्षीय रन्जना शाह र सोही ठाउँका २० वर्षीय बलबहादुर वि.क.लाई ०५६ असार ९ गते अन्तरजातीय विवाह गरेवापत माथिल्लो जातका भनिने व्यक्तिहरूले सामाजिक अपमान गरे। रन्जनाको माइतीपक्ष र माथिल्लो जातका भनिनेहरूले आफ्नो अपमान गरेको बताई पीडितहरूलाई ज्यानमार्ने धम्की दिनुका साथै गाउँको बाटो हिड्न नदिने, धाराको पानी खान र छुन नदिने, सामाजिक कार्यबाट अलग्याउने जस्ता व्यवहार गरे।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

साल्मा गाविस-७ मजेरीका कमारा खड्का, कमारा खत्री र लालबहादुर कठायतलाई प्रहरीद्वारा हत्या गरिएको, आफ्नो पार्टीका सदस्य तथा शुभचिन्तकहरूलाई कुटपिट तथा धरपकड

गरिएको विरोधमा ०५५ फागुन ५ गते नेकपा (एमाले) जिल्ला कमिटीले एक प्रेस विज्ञप्ति प्रकाशित गर्‍यो।

जिविस सदस्य तथा नेकपा (एमाले) का जिल्ला पार्षद् विष्णु पुनलाई ०५६ साउन १८ गते माओवादीहरूले अपहरण गरेको विरोधमा नेकपा (एमाले) जिल्ला कमिटीले ०५६ साउन २७ गते एक प्रेस विज्ञप्ति प्रकाशित गर्‍यो।

अतिरिक्त जानकारीहरु

खलंगा गाविस–८ रिम्नास्थित अस्थायी प्रहरी चौकीमा ०५६ वैशाख २५ गते राति ९ बजेतिर माओवादीहरूले आगो लगाए। सो चौकीका सम्पूर्ण प्रहरीहरू आमनिर्वाचनको सिलसिलामा अन्यत्र जिल्लामा खटिइ गएका थिए।

जत्तिपुर गाविस–१ बाहुनगाउँस्थित प्रहरी चौकीमा ०५६ वैशाख २७ गते माओवादीहरूले आगो लगाई टेबुल कुर्ची, खटिया, खाना पकाउने सामान आदि नष्ट पारे। सो बखतमा त्यस चौकीका सबै प्रहरी आमनिर्वाचनका लागि अन्यत्र जिल्लामा खटिई गएका थिए।

गर्वाकोट गाविस–१ स्थित डलाका प्रहरी चौकीमा सम्पूर्ण प्रहरीहरू चुनावको सिलसिलामा बाहिर गएको मौका पारी ०५६ जेठ ३ गते माओवादीहरूले आगो लगाई नष्ट पारे।

पजारू गाविस–७ डाँडागाउँस्थित प्रहरी चौकीमा सम्पूर्ण प्रहरीहरू दोश्रो चरणको चुनावको लागि अन्यत्र गएको अवस्थामा ०५६ जेठ ४ गते राति माओवादीहरूले आगो लगाई नष्ट पारे।

दह गाविस–१ र २ का ७८ जना व्यक्तिहरू माओवादी गतिविधिका कारण भएको दोहोरो हिंसाबाट पीडित भएकाले सुर्खेत जिल्लामा आन्तरिक शरणार्थीको रूपमा गए।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइवीका कारण भएका कुटपिटको २ वटा घटनामा २ जना पुरुष पीडित भएको सार्वजनिक जानकारीमा आयो। १ जना महिलाले आत्महत्या गरिन्। महामारी रोग इन्फ्लुयन्जाका कारण ३ जना पुरुष, १२ जना महिला र ८ जना नाबालक गरी २३ जनाको मृत्यु भयो।

४.१० दैलेख

जनसंख्या	: १८७४००
साक्षरता प्रतिशत	: ३१.४
महिला साक्षरता प्रतिशत	: १३.३
क्षेत्रफल (वर्ग कि.मी.)	: १५०२
गाविस/नपा संख्या	: ५५/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३२०
क्याम्पस/उच्च मावि	: १/३
अस्पताल/स्वास्थ्य चौकी	: १/५९
टेलिफोन लाइन	: १३१
मोटर सडक (कि.मी.)	: ६३
प्रहरी कार्यालय संख्या	: १०
हुलाक संख्या	: ५६

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या/गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएको एउटा घटनामा एक जना पुरुषको हत्या भयो। जसमा –

मालिका गाविस–९ का ३० वर्षीय नन्दे दमाईलाई ०५६ असार २० गते बिहान ४ बजेतिर ससुरालीमा पत्नी लिन गएको अवस्थामा मदिरा सेवन गरी भनाभन हुँदा सांही गाविस–३ का ६० वर्षीय मनवीरे दमाई, ३० वर्षीय वीरे दमाई, ५३ वर्षीय देउचने दमाई र २५ वर्षीय खड्गे दमाईले कुटपिट गरी हत्या गरे र आफ्नै घरको धुरीमा झुण्ड्याइदिए। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

यस जिल्लाको जेल "च" श्रेणीको हो। १६ जना बन्दी क्षमता भएको यस जेलमा २१ जना बन्दीहरू रहेका छन्। जसमध्ये १३ जना कैद तोकिएका र ८ जना नतोकिएका छन्। कैद तोकिएकाहरूमध्ये १२ पुरुष र १ महिला तथा नतोकिएकाहरू सबै पुरुष छन्। जेलको भौतिक अवस्था ज्यादै जीर्ण छ। वर्षा याममा छानाबाट पानी चुहिने र हिउँदमा बन्दीहरूले घाम ताप्न समेत नमिल्ने अवस्था छ। जेलभित्र २ वटा मात्र कोठाहरू रहेकाले पुरुष बन्दीहरूलाई ठाउँको अभाव छ। भित्री भाग ज्यादै फोहर भएकोले वर्षाको समयमा लामखुट्टेले सताउने र चर्पीको दुर्गन्धले बस्नै नसकिने अवस्था छ। बन्दीहरूको सामान्य उपचार अहेबद्वारा गरिन्छ भने ज्यादै बिरामी भएमा अस्पताल लगिन्छ। औषधी उपचारको अभावले गर्दा बन्दी टिलवीर तिरुवाको कमलपित्त रोगबाट ०५६ कात्तिक २३ गते जिल्ला अस्पतालमा मृत्यु भयो। जेलभित्र खेलकुदका सामाग्री छैनन्। पत्रपत्रिकामा कान्तिपुर दैनिकमात्र उपलब्ध गराइन्छ। समयमा बिस्तरा र कपडा नपाएको र कुनै पनि सीपमूलक कार्यक्रम संचालन नगरिएको गुनासो बन्दीहरूको छ।

गिरफ्तारी र यातना

नारायण नपा–१ नयाँबजारका ३४ वर्षीय मानवीर थापालाई ०५५ माघ १ गते बेलुका आफ्नै घरमा टी.भी. हेरिरहेको समयमा प्रहरी आई फोटो खिच्न डि.एस.पी. साहेबले बोलाउनुभएको छ भनी जबरजस्ती प्रहरी कार्यालय लगे। प्रहरी

कार्यालयमा डिलबहादुर रानालाई चिन्छस् कि चिन्दैनस् भनी वयान लिई ३ घण्टापछि छोडे।

दुल्लु गाविस-१ का ४३ वर्षीय जङ्गबहादुर शाही र नारायण नपा-५ का ३५ वर्षीय डिलबहादुर रानालाई ०५५ माघ १ गते राष्ट्रिय वाणिज्य बैंक दुल्लु शाखाबाट हराएको बाह्र बोरको बन्दूक लुटी लगेको आशंकामा प्रहरीले गिरफ्तार गरी हिरासतमा यातना दिए। पीडितहरूलाई जनही ६ हजार रूपैयाँका दरले जरिवाना लिई ०५५ माघ ८ गते रिहा गरियो।

कालिकोट जिल्ला फोइमहादेव गाविस-३ का १८ वर्षीय अकलबहादुर अधिकारीलगायत् ३ जनालाई ०५५ माघ ६ गते सामान बोकी ल्याएको भरियाले आफूलाई दिनभरि काम लगाएर रातभरि कुटपिट गरेको भन्ने मौखिक जाहेरी इलाका प्रहरी कार्यालय दुल्लुमा गरेपछि प्रहरीले गिरफ्तार गरी कुटपिटसमेत गरे।

सात्तला गाविस-२ का शिक्षक २८ वर्षीय वीरबहादुर थापालाई ०५५ माघ २६ गते माओवादी भएको आशंकामा प्रहरीले गिरफ्तार गरी हिरासतमा राखेकोमा ०५५ माघ २८ गते रिहा गरियो।

कालिका गाविस-४ का २८ वर्षीय गंगाराम बस्नेतलाई ०५५ फागुन ३ गते माओवादी भएको आशंकामा घरबाटै प्रहरीले गिरफ्तार गरेकोमा ०५५ फागुन ५ गते रिहा गरियो।

नारायण नपा-१ की ४० वर्षीय विष्णु खत्रीलाई ०५६ चैत २६ गते प्रहरीले गिरफ्तार गरे। गस्ती प्रहरीले मिलन रेष्टुरेण्ट अगाडि विष्णुका पतिलाई गिरफ्तार गरी लगेकाले गिरफ्तार गर्नुको कारणबारे जानकारी लिन प्रहरी कार्यालयमा गएको अवस्थामा गिरफ्तार गरिएको थियो। विष्णुलाई ०५५ चैत २८ गते रिहा गरियो।

नारायण नपा-९ का ३२ वर्षीय खगीराम वि.क.लाई ०५६ बैशाख १७ गते विहान आफ्नै पसलमा काम गरिरहेको अवस्थामा प्रहरीले विनाकारण गिरफ्तार गरे। पीडितलाई प्रहरी आई डिएसपी साहेबले बोलाउनुभएको छ भनेर लगी हिरासतमा राखिएको थियो। डिएसपीले भनेको पार्टीमा भोट हाल्नुपर्ने धम्की दिई ०५६ वैशाख २० गते पीडितलाई रिहा गरियो।

अवलपराजुल गाविस-४ का शिक्षक ३२ वर्षीय जयप्रकाश मल्ललाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५६ साउन ६ गते प्रहरीले गिरफ्तार गरे। उनलाई तारेखमा रिहा गरिएको छ।

कुसापानी गाविसका अहेव २५ वर्षीय विद्यासागर मैनाली र पियन ३२ वर्षीय कर्ण सापकोटालाई माओवादीको आशंकामा ०५६ असोज १६ गते प्रहरीले गिरफ्तार गरेकोमा भोलिपल्ट रिहा गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

नारायण नपा-१ का शिक्षक ३० वर्षीय नारायण श्रेष्ठलाई ०५५ फागुन २५ गते दिउँसो विद्यालयमा नियमित उपस्थित नभएको आरोपमा अज्ञात व्यक्तिहरूले खरिगैरा गाविस-८ को रातापानी विद्यालय हाताभित्रै प्लाष्टिकको डोरीले बाँधी खुकुरी र बन्दूक देखाउँदै कुटपिट गरेकोमा ३ दिन अस्पतालमा राखी उपचार गरियो। अज्ञात व्यक्तिहरूले फेरि पनि विद्यालयमा नियमित उपस्थित नभएमा ज्यानमार्ने समेत धम्की दिए।

विद्यालयमा नियमित उपस्थित नभएको आरोपमा माओवादीहरूद्वारा कुटपिट गरिएका नारायण श्रेष्ठ

भैरीकालिका थुम गाविस-५ का पिसिओ संचालक ५८ वर्षीय नन्दबहादुर शाहीलाई टेलिफोनको महसुल बढी लिएको आरोपमा ०५५ चैत १२ गते डाडीमाडी बजारमा अज्ञात व्यक्तिहरूले कुटपिट गरे।

वडाखोला गाविस-५ का ४५ वर्षीय पूर्णबहादुर बिष्ट, ४० वर्षीय रङ्गबहादुर रावत, ३० वर्षीय प्रेमबहादुर खड्का र २१ वर्षीय भक्तबहादुर बिष्टलाई ०५६ वैशाख ३१ गते बेलुका ६ बजे नेपाली कांग्रेसका कार्यकर्ताहरूले राजनीतिक रिसइवीका कारण रावतकोट गविस-६ जलजलेमा कुटपिट गरे। घटनाका सम्बन्धमा जाहेरी दिंदा दर्ता गरिएन। पीडितहरूमध्ये पूर्णबहादुर बिष्टलाई उपचारका लागि लखनउ लगिएको थियो।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

आमनिर्वाचनको क्रममा क्षेत्र नं. १ को कारिकाध र अवलपराजुल मतदान केन्द्रमा ०५६ वैशाख २० गते फर्जी मत खसाल्न खोजेको कारणले गर्दा मतदान केन्द्रमा राजनीतिक पार्टीहरूका प्रतिनिधिहरूबीच विवाद हुँदा वातावरण अशान्त भयो। फलस्वरूप धेरै मतदाताहरूले मत खसाल्न पाएनन्। ती केन्द्रहरूमा सो दिन मतदान स्थगित भई पुनः मतदान भयो।

धार्मिक स्वतन्त्रता

बर्दिया जिल्ला कालिका गाविस-५ घर भई नारायण नपा-१ भगवती टोल बस्ने ३० वर्षीय विर्षबहादुर वयलकोटीलाई ०५५ पुस २४ गते इसाई धर्म प्रचार गरेको आरोपमा सोही ठाउँका जगवीर सार्कीको घरबाट प्रहरीले गिरफ्तार गरी ३ दिनपछि छोडे। उनलाई पैसा बाँडी धर्म परिवर्तन गराएको आरोप लगाइएको थियो तर आफूले पैसा नबाँडेको विर्षबहादुरले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

दैलेख जिल्ला अदालतमा यस वर्ष कुल मुद्दा संख्या २ सय ९० रहे। जसमा देवानी १००, सरकारवादी २३, दुनियावादी

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१		१				
गिरफ्तारी र यातना					९	१०	१	११
कुटपिट	५	८		८				
बलात्कार	२		२	२				
बहुविवाह	५		५	५				
पारिवारीक हिंसा	१		१	१				
जम्मा	१४	९	८	१७	९	१०	१	११
आत्महत्या	१७	६	११	१७				
दुर्घटनाहरू/विपत्तिहरू	४	३	२	५				

फौजदारी १ सय १३, संक्षिप्त फौजदारी ३२ र विविध ३ वटा थिए। तीमध्ये फैसला हुन बाँकी मुद्दाहरू देवानी ७३, फौजदारी ६८, संक्षिप्त फौजदारी २२ र विविध १ गरी १ सय ८१ वटा रहेका छन्। यस्ता मुद्दाहरूमध्ये ज्यानसम्बन्धी मुद्दाहरू ३ वर्षभन्दा बढी समयसम्म रहने गर्दछन् भने २ वर्षसम्म रहने मुद्दाहरूमा जग्गा सम्बन्धी मुद्दाहरू रहेका छन्। १ वर्षसम्म नछिनिने मुद्दाहरूमा बहुविवाह, जारी, कुटपिट आदि रहेका छन्।

अर्धन्यायिक निकायतर्फ हेर्ने हो भने फैसलाहरू उल्टिने गरेका छन्। यी निकायहरूबाट हुने फैसलाबाट जनता असन्तुष्ट छन्। यस वर्ष अर्धन्यायिक निकाय प्रहरीतर्फ जम्मा ५२ वटा मुद्दाहरू दर्ता भए। जसमध्ये कर्तव्य ज्यान २, ज्यानमार्ने उद्योग २, झुण्डी आत्महत्या १७, जबर्जस्ती करणी २, आगलागी मृत्यु २, सार्वजनिक अपराध १५, बहुविवाह ४, ठगी १, फुटकर ज्यान २, सवारी ज्यान ३, हातहतियार खरखजाना १ र गौवध १ रहे।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा सुकुम्बासी समस्या समाधान आयोग गठन भएदेखि ४ सय ३० वटा निवेदनहरू पर्न आए पनि वास्तविक सुकुम्बासी पहिचान १ सय ३० वटा मात्र भएको छ। ८७ वटा निवेदन जाँचबुझ गर्न बाँकी रहेता पनि लामो समयसम्म सुकुम्बासी समस्या समाधान आयोगको कार्यालय नरहनाले ती निवेदनहरूमाथि कुनै कारवाही भएको छैन। वृद्ध, अशक्त, अपाङ्ग भत्ता गत वर्षसम्मको पाएना पनि साउनदेखि यता पाएका छैनन्।

महिला अधिकार

रावतकोट गाविस-५ की एक महिलालाई ०५५ फागुन २३ गते सोही गाविस-६ को गुमपानी जंगलमा असुरो लिन गएको अवस्थामा सोही गाविस-७ का २३ वर्षीय यज्ञबहादुर कार्कीले बलात्कार गरे। हाल यस सम्बन्धी मुद्दा अदालतमा चलिरहेको छ भने पीडक फरार छ।

तोली गाविस-७ की ९ वर्षीय एक बालिकालाई ०५६ असार २५ गते मकै पिँधन घट्ट गएको बेला सोही ठाउँका ६० वर्षीय कविराम जैसीले घट्टमै बलात्कार गरे। अहिले पालो छैन राति पिँधिदिउँला भनी पीडितलाई ललाई फकाई घट्टमै बसाली राति बलात्कार गरिएको थियो। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा नारायण नपा-६ काँडाचौरबाट फरार भयो।

यस वर्ष यो जिल्लामा पारिवारिक हिंसा र बहुविवाहका ६ वटा घटना जानकारीमा आए। जसमध्ये -

सिगौडी गाविस-५ की १७ वर्षीय नामा योगीलाई ०५५ फागुन ३० गते नराम्री भई भनी उनका पति २४ वर्षीय ध्रुवनाथ योगीले कुटपिट गरी गहना खोसी घरबाट निकालिदिए। पीडकले पीडितलाई एक वर्षअगाडि फकाई फुल्याई विवाह गरेको थियो तर ६ महिनापछि पीडितलाई बारम्बार कुटपिट गर्दै आएको थियो।

आर्थिक अधिकार

यस जिल्लामा पेशागत ट्रेड युनियनहरू छैनन् तापनि घरेलु शाखाको तथ्यांकअनुसार ४ सय २८ उद्योग दर्ता भएको र यस वर्ष ७७ वटा उद्योग नवीकरण भएका छन्। उक्त शाखाका अनुसार उक्त उद्योगमा ५ सय जना जतिले रोजगार पाएका छन्।

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइबीका कारण भएका कुटपिटका २ वटा घटनामा २ जना पुरूष पीडित भए। आत्महत्याका १७ वटा घटना भए, जसमा ६ जना पुरूष र ११ जना महिला पीडित भए। त्यस्तै सवारी दुर्घटनाका ३ वटा घटनामा २ जना पुरूष र १ जना महिलाको मृत्यु भयो। आगलागीको घटनामा १ पुरूष र १ महिलाको मृत्यु भयो।

४.११ डोल्पा



जनसंख्या	: २५०१३
साक्षरता प्रतिशत	: २५.८
महिला साक्षरता प्रतिशत	: ९.४
क्षेत्रफल (वर्ग कि.मी.)	: ७८८९
गाविस/नपा संख्या	: २३/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: ११४
क्याम्पस/उच्च मावि	: ०/१
अस्पताल/स्वास्थ्य चौकी	: १/२४
टेलिफोन लाइन	: १
मोटर सडक (कि.मी.)	: ०
प्रहरी कार्यालय संख्या	: १३
हुलाक संख्या	: २३

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

करवगार्ड प्रहरी चौकीमा कार्यरत् प्रहरी जवानहरू दैलेख जिल्ला सल्लेरी घर भएका लोकराज गुरूङ, सोही जिल्ला चौराहा गाविसका धर्मबहादुर चन्द र प्युठान जिल्ला दाखाक्वाडी गाविसका गोविन्दबहादुर खड्काको ०५५ माघ १७ गते बिहान जिल्ला प्रहरी कार्यालयतर्फ जाँदै गर्दा लाहाँ गाविसको सिउरेनीमा माओवादीहरूद्वारा राखिएको एम्बुसमा परी मृत्यु भयो। त्यसैगरी प्रहरी हवल्दार वेगम के.सी. तथा प्रहरी जवानहरू मानबहादुर बस्नेत र खगेन्द्र थापा सख्त घाइते भए।

सुँ गाविसको सुँपानी नजिकैको पाखामा ०५५ चैत २३ गते माओवादीहरूले भरूवा बन्दूक पड्काएर नारासहित राँके जुलुश गर्नुका साथै जुलुशको अन्त्यमा एक विष्फोटक पदार्थ विष्फोट गराए। यसका साथै त्रिपुराकोट प्रहरी चौकीका प्रहरीहरूले पनि राइफल फायरिङ गरे।

लिकु गाविस-४ का गाविस अध्यक्ष ४३ वर्षीय ज्योति पहाडीलाई गाविस अध्यक्ष पदबाट राजिनामा देउ भनी ०५६ वैशाख २९ गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले धम्कीस्वरूप बाहिर एक पटक र घरभित्र तीनपटक गोली चलाए। पीडकहरूले दुई थान भरूवा बन्दूक, एउटा खुकुरी र २५ हजार एक सय पचास रूपैयाँसमेत लगे।

तनहुँ जिल्ला घर भएका प्रहरी हवल्दार ३१ वर्षीय टोलमान श्रेष्ठ, प्युठान जिल्ला घर भएका प्रहरी जवान २६ वर्षीय गिरबहादुर बस्नेत र वैतडी जिल्ला घर भएका प्रहरी जवान २७ वर्षीय धर्मनाथ योगीलाई ०५६ कात्तिक १६ गते राति शहरतारा प्रहरी चौकीमा माओवादीहरूले आक्रमण गरी गोली हानी हत्या गरे। पीडकहरूले सो प्रहरी चौकीबाट ९ थान राइफल, १ थान पेस्तोल र प्रहरीको पोशाक लुटेर लग्नुका साथै १२ जना प्रहरीहरूलाई कोठामा थुनी बाहिरबाट ताल्चा लगाए।

लाहाँ गाविस-८ फुलचिङ्गमा ०५६ कात्तिक १९ गते बिहान नाम, ठेगाना थाहा हुन नसकेको एक जना व्यक्तिलाई माओवादीको आरोपमा प्रहरीले गिरफ्तार गरी साही दिन साँझ त्रिवेणी प्रहरी चौकीतर्फ लैजाँदालैजाँदै साङ्ले भन्ने ठाउँमा हत्या गरे। प्रहरीले दोहोरो भिडन्तमा मारिएको जनायो।

जेल र बन्दीहरु

यस जिल्लाको जेल "घ" श्रेणीको हो। कुल २५ जनाको क्षमता भएको यस जेलमा १५ जना कैद फैसला भएका र ६ जना फैसला नभएका गरी २१ जना बन्दीहरू रहेका छन्। २० जना क्षमता भएको पुरूष कक्षमा एउटै कोठा छ। खाटको व्यवस्था नभएकाले बन्दीहरू चिसो सिमेन्टमा सुत्न वाध्य छन्। २१ जना बन्दीहरूका लागि राति दिशा, पिसाव गर्नका लागि एउटा मात्र बाल्टी राखिएको छ, त्यो कहिले भरिएर पोखिने र खुल्ला भएको कारण गन्ध आउने बन्दीहरू बताउँछन्। चर्पीमा फिनेलको व्यवस्था नहुँदा टाउकै दुखाउने गरी गन्ध आउने कुरा बन्दीहरू बताउँछन्। तर यसको मर्मत गरिएको छ। बन्दीहरूका लागि "ख" श्रेणीमा सिदा दिइन्छ। बन्दीहरूले यसअगाडि गर्दै आएका सुइटर, मोजा आदि बुन्ने कामसमेत वन्द गरिएको छ। बन्दीहरूका लागि खेलकुदका सामान छैनन्। सुरक्षाकर्मी र बन्दीहरूबीच विवाद हुँदा सुरक्षाकर्मीहरू हतियारसहित भित्र पस्ने गरेकाले बन्दीहरू असुरक्षित महसुस गर्दछन्। पटक पटक बन्दी र सुरक्षाकर्मीबीच विवाद हुने गरेको पाइन्छ।

यस जेलमा रहेका २० जना बन्दी र २ जना थुनुवाहरूले विभिन्न ७ सूत्रीय मागहरू राखी ०५६ असार १६ र १७ गते सिदा बहिष्कार गरे। असार २० गतेसम्म माग पूरा गरिदिने सम्झौता भएकोमा उक्त मितिसम्म पूरा नभएपछि ०५६ असार २१ गते एक घण्टासम्म जेलभित्र नाराबाजी गरे।

गिरफ्तारी र यातना

सुँ गाविस-७ का शिक्षक ३६ वर्षीय ज्योति बुढालाई माओवादीको आरोपमा ०५५ माघ २० गते आफ्नै घरमा बसिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई ८/९

डोल्पा कारागारका पुरूष बन्दीहरु

यातना पीडित काली चलाउने

दिनसम्म जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी हातहतियार खरखजाना सम्बन्धी मुद्दा लगाई धरौटी र तारेखमा रिहा गरियो।

लाहाँ गाविस-८ फुलचिङ्गकी १९ वर्षीय काली चलाउनेलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५५ माघ २१ गते दुनैवाट प्रहरीले गिरफ्तार गरी हिरासतमा निर्मम यातना दिए। यातनाके कारणले पीडितको दिशा, पिसाबबाट रगत निस्कने र हिँड्न नसक्ने अवस्था भयो। पीडितलाई माघ २३ गते जिविस सभापतिको जमानीमा छोडी उपचार भयो। उनी जिल्ला प्रहरी कार्यालयमा तारेखमा रहेकी छिन्।

दुनै गाविस-७ का २९ वर्षीय पूर्णबहादुर गुरूङलाई माओवादीको आशंकामा ०५६ कात्तिक २९ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई शान्ति सुरक्षा ऐनअन्तर्गत थुनामा राखियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

सर्मी गाविस-३ का ३१ वर्षीय हरिचन्द्र बुढालाई ०५५ पुस ३० गते आफ्नो घरमा झैंझगडा भएको अवस्थामा प्रहरी जवान कमल रानाले कुटपिट गर्नुका साथै माओवादीको आरोप लगाउँदै ज्यानमार्ने धम्की दिए।

रूकुम जिल्ला गोताम गाविस-९ घर भई त्रिवेणीमा पसल गर्दै आएका ४९ वर्षीय रविलाल बुढा, उनके छोरी १९ वर्षीय आइतु बुढा र छोरा १४ वर्षीय वाघवहादुर बुढालाई ०५६ वैशाख १ गते प्रसंग रोकायासहितका प्रहरीहरूले कुटपिट गरी ज्यानमार्ने धम्की दिए। पीडकहरूले पीडित आइतु बाटोमा हिँडिरहेको वेला जिस्कन खोज्दा इन्कार गरेपछि घरमै गएर कुटपिट तथा धम्की दिएका थिए।

बाँके जिल्ला घर भई नेपाल दूर संचार संस्थानको डोल्पा कार्यालयमा कार्यरत् २९ वर्षीय लोकबहादुर थापालाई ०५६ वैशाख १३ गते राति कार्यालयको एक कोठामा सुतिरहेको अवस्थामा प्रहरीले कुटपिट गरे।



प्रहरीले कुटपिट तथा धम्की दिएका देवनारायण पौडेल र धनबहादुर रोकाया

दुनै गाविस-१ का ३६ वर्षीय देवराज पौडेल, ४० वर्षीय पदमप्रसाद पौडेल, जिल्ला अदालतका कर्मचारी ३८ वर्षीय देवनारायण पौडेल, दुनैस्थित उच्च माविका प्रधानाध्यापक ४१ वर्षीय गंगाप्रसाद उपाध्याय र जिल्ला भवन कार्यालयका ३२ वर्षीय अंगतकुमार हमाललाई ०५६ असार १७ गते साँझ प्रहरीले होटलहरूमा गई राइफल तेर्स्याउँदै ज्यानमार्ने धम्की दिए।

दुनै गाविस-१ दुनैबजार घर भई जिल्ला अदालतमा कार्यरत ४७ वर्षीय कालीबहादुर के.सी. लाई ०५६ साउन २३ गते दिउँसो आफ्नो कार्यालयमा बसिरहेको वेला प्रहरीले कुटपिट गरे।

लिकु गाविस-४ का शिक्षक ३२ वर्षीय मानप्रसाद पहाडीलाई ०५६ भदौ ८ गते दुनै गाविस-१ को झोलुङ्गे पुलमा खसी लिएर आउँदै गरेको वेला प्रहरी जवान कृष्ण खड्काले रक्सी सेवन गरी विनाकारण कुटपिट गरे। पीडकमाथि कारवाही भएन।

लिकु गाविस-२ चुँगाउँका २६ वर्षीय गोर्खबहादुर बोहोरा, २९ वर्षीय गंगबहादुर धरला र २४ वर्षीय लल रोकायालाई ०५६ कात्तिक ३ गते सोही गाविस-४ लिकु गाउँतिर गइरहेको बेला रक्सी सेवन गरेका प्रहरीहरूले कुटपिट गर्नुका साथै २ राउण्ड हवाई फायर समेत गरे। घाइतेहरूलाई उपचारार्थ २ हजार ५ सय रूपैयाँ दिलाई गाविस अध्यक्ष र प्रहरीहरूको रोहवरमा भोलिपल्ट मिलापत्र भयो।

दुनै गाविस-८ का ४३ वर्षीय धनबहादुर रोकाया, ३७ वर्षीय देवबहादुर रोकाया, ३४ वर्षीय सिही वि.क., ३८ वर्षीय चन्दबहादुर रोकाया, सोही गाविस-४ का १९ वर्षीय शैलेन्द्र हमाल, सोही गाविस-३ का २९ वर्षीय वीरबहादुर रोकाया, जिल्ला अदालतमा कार्यरत् ३९ वर्षीय देवनारायण पौडेल र दुनै गाविस-१ का ३१ वर्षीय जयबहादुर भण्डारीलाई ०५६ कात्तिक २२ गते राति ८:१५ वजेतिर ढोका बन्द नगरेको आरोपमा प्रहरीले घरभित्र गई कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्की दिए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जिविस सभापति ३४ वर्षीय शिवानन्द बुढा लगायत् शहरतारा गाविस-१, २, ३ र ४ का क्रमशः ताछिन, कोला र गुम्वातारा गाउँका ५ सय २३ जनाभन्दा बढी मतदाताहरूलाई ०५६ वैशाख २० गते बिहान सोही गाविसको मतदान केन्द्रमा गइरहेको अवस्थामा स्वतन्त्र उम्मेद्वार कर्णबहादुर बुढा पक्षधरका केही व्यक्तिहरूले बाटोमा ढुङ्गामुढा गरी जान दिएनन्।

दुनै गाविस-१ का ३५ वर्षीय रामअवतार गुप्ता, कालिका गाविस-९ का २९ वर्षीय हरिबहादुर वोहोरा र जुफाल गाविसका ३७ वर्षीय उदिदविक्रम शाहीलाई ०५६ जेठ ५ गते नेकपा (एमाले) का उम्मेद्वारहरूको विजय जुलुसमा सहभागी भएको अवस्थामा स्वतन्त्र उम्मेद्वार कर्णबहादुर बुढा पक्षधरका व्यक्तिहरूले जुलुसमाथि खुर्सानीको धुलो, खरानी, थोत्रा जुत्ता, बोतल, ढुङ्गा आदिले प्रहार गरी घाइते वनाए। त्यसैगरी जुलुसले

गरेको ढुङ्गामुढाबाट दुनै गाविस-१ का ४५ वर्षीय टेकबहादुर भ्राँक्री घाइते भए। स्थिति नियन्त्रण गर्ने नाममा सैनिक परिचालन गरी पीडित पक्षका व्यक्तिहरूलाई नै कुटपिट गरिएको पीडितहरूले गुनासो गरे।

घटनाको प्रकार	गैहृराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	५		५				
गोलीद्वारा हत्या					१	१		१
बम प्रहार	३							
जेल					२			
गिरफ्तारी र यातना					३	२	१	३
कुटपिट	७	९		९	७	१७	१	१८
धम्की	२	१		१	१	५		५
भेला र संगठित हुने अधिकार	१	४		४				
स्वतन्त्र र निष्पक्ष चुनाव	१	३		३				
बहुविवाह	३		३	३				
महिला भएकै कारण यातना	१		१	१				
जम्मा	२०	२२	४	२६	१४	२५	२	२७
दुर्घटनाहरू/विपत्तिहरू	७	३१	२३	५४				

सुगम र निष्पक्ष न्यायिक अधिकार

डोल्पा जिल्ला अदालतमा यो वर्ष दुनियावादी देवानी १६, सरकारवादी फौजदारी २ र दुनियावादी फौजदारी १२ गरी जम्मा ३० वटा मुद्दा दर्ता भए। गत सालका जिम्मेवारी सरेर आएका २१ गरी जम्मा ५१ मुद्दाहरूमध्ये दुनियावादी देवानी ९, सरकारवादी फौजदारी २ र दुनियावादी फौजदारी ८ गरी जम्मा १९ मुद्दा फर्स्योट भए। दुनियावादी देवानी २२, सरकारवादी फौजदारी ३ र दुनियावादी फौजदारी ६ गरी जम्मा ३१ वटा मुद्दा फैसला हुन बाँकी छन्। यस जिल्ला अदालतमा न्यायाधीशहरू बिदा र काजमा लामो समयसम्म बसिदिँदा मुद्दा फैसला हुनमा ढिलाई हुने गरेको पाइन्छ। तसर्थ यस अदालतमा दुई वर्ष नाघेको मुद्दा ०५४ मंसिर १२ गते दायर भएको डाँकाचोरी मुद्दा फैसला भएको छैन। त्यस्तै फैसला हुन नसकी १ वर्ष नाघेका ६ वटा मुद्दाहरू छन्। ६ महिना नाघेका मुद्दाहरू १५ वटा छन्।

अर्धन्यायिक निकाय जिल्ला प्रशासनमा यस वर्ष सार्वजनिक अपराधको एउटा मुद्दा दर्ता भयो भने सार्वजनिक अपराधका ३ वटा मुद्दाहरू फैसला भए। डोल्पा जिल्ला प्रशासन कार्यालयमा फैसला हुन बाँकी २ वर्ष नाघेको एउटा, १ वर्ष नाघेको २ वटा गरी जम्मा ३ वटा मुद्दाहरू फैसला हुन बाँकी छन्।

महिला अधिकार

यस वर्ष यो जिल्लामा बहुविवाहका ३ वटा घटना तथा महिला भएकै कारणले दिइने अमानवीय व्यवहारका एउटा घटनामा एक जना महिला पीडित भएको जानकारीमा आयो।

अतिरिक्त जानकारीहरु

जुफाल गाविस-१ एयरपोर्ट नजिकैको डाँडामा ०५६ मंसिर २५ गते राति ८ बजेतिर माओवादीहरूले एउटा विष्फोटक पदार्थ विष्फोट गराउनुका साथै भरूवा बन्दूक पड्काए। तत्पश्चात् विमानस्थलका सुरक्षा गार्डहरूले ३/४ राउण्ड हवाई फायर गरे।

नर्कु गाविसको इलगाउँस्थित प्रहरी चौकीमा ०५६ जेठ १४ गते प्रहरीहरू नभएको मौका पारी माओवादीहरूले विष्फोटक पदार्थद्वारा आगो लगाई ध्वस्त पारे।

लिकु गाविस-४ को जंगलमा ०५६ कात्तिक १४ गते राति १० बजेतिर माओवादीहरूले विष्फोटक पदार्थ विष्फोट गरे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइवीका कारण भएका व्यक्तिगत कुटपिटका ६ वटा घटनामा ८ जना पुरूष र २ जना महिला पीडित भए। रूघाखोकी र भाइरल इन्फ्लुयन्जाको महामारीका कारण ४८ जनाको मृत्यु भयो, जसमा २२ पुरूष, १८ महिला र ८ बालबालिका थिए। नदीमा डुबेर १ पुरूष र १ जना महिलाको मृत्यु भयो। लेक लागेर १ जना महिला, च्याउका कारण १ जना पुरूष र विष सेवनद्वारा १ जना बालकको मृत्यु भयो। एक जना घोडा चढ्ने मानिसले मनपरी घोडा दौडाउँदा १ जना भरिया मजदूरलाई चोटपटक लाग्यो।

४.१२ जुम्ला

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

मालिकाठाटा गाविस-९ का ३५ वर्षीय मुन्या बुढा र २५ वर्षीय तुला बुढालाई माओवादीको आरोपमा ०५५ माघ ९ गते प्रहरीले गोली हानी हत्या गरे। हत्यापछि गाउँलेहरूलाई जबर्जस्ती धम्क्याई मुचुल्का गर्न लगाएर लास त्यहीं छोडेर प्रहरीहरू गएका थिए।

तातोपानी गाविस-१ का २८ वर्षीय हरिभक्त सार्की र कालिकोट जिल्ला छाप्रे गाविस-४ ओर्खाभिट्टा गाउँका २४ वर्षीय दले नेपालीलाई ०५६ वैशाख १८ गते राति माओवादीको आशंकामा प्रहरीले गोली हानी हत्या गरे। तातोपानी मतदान केन्द्रको सुरक्षाका लागि खटिएका प्रहरी र माओवादीहरूबीच दोहोरो भिडन्त भएको थियो र पीडितहरू जुम्ला बजारबाट रेडियो बनाई फर्किरहेको अवस्थामा प्रहरीले गोली हानी हत्या गरेको थियो। प्रहरीले लास कसैलाई पनि नदिई मुचुल्का उठाई

बेवारिसे लास भनी गाविसमा बुझाए। पछि लास आफन्तहरूले बुझिलिएका थिए।

हाँकु गाविस-४ को ढ्यौलापानी गाउँबाट ०५६ मंसिर २० गते प्रहरीले एकजना अज्ञात व्यक्तिलाई माओवादीको आशंकामा गिरफ्तार गरी हिया खोलाको जंगलमा लगी गोली हानी हत्या गरे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएको एउटा घटनामा २ जना पुरूषको हत्या भयो। अर्को एउटा घटनामा अनुचित यौन सम्बन्धका कारण जन्मिएको बच्चालाई हत्या गरियो। जसमध्ये -

पटमारा गाविस-१ का चन्द्रबहादुर थापा र मुगु जिल्ला डोल्फु गाविस-४ का गाविस अध्यक्ष ३२ वर्षीय छेपाङ्ग सुङ्ग लामालाई ०५५ चैत १६ गते चन्द्रबहादुर थापाकी पत्नी झिलु थापाले नास्तामा विष मिलाएर खान दिएकाले दुवैको मृत्यु भयो। आफ्नो पति पागल भएकोले नास्तामा विष मिलाएर खुवाएको पीडक बताउँछिन्। पीडकलाई प्रहरीले गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

जनसंख्या	:	७५९६४
साक्षरता प्रतिशत	:	२६.३
महिला साक्षरता प्रतिशत	:	८.२
क्षेत्रफल (वर्ग कि.मी.)	:	२५३१
गाविस/नपा संख्या	:	३०/०
निर्वाचन क्षेत्र	:	१
विद्यालय	:	१२३
क्याम्पस/उच्च मावि	:	१/०
अस्पताल/स्वास्थ्य चौकी	:	१/३८
टेलिफोन लाइन	:	८०
मोटर सडक (कि.मी.)	:	०
प्रहरी कार्यालय संख्या	:	१२
हुलाक संख्या	:	३१

जेल र बन्दीहरु

जिल्ला सदरमुकाम खलंगाबाट करिब आधा घण्टाको पैदल यात्रा गरेपछि आउने महत गाविसको राहदेउ जिउलाको तल्लो कुनामा रहेको जुम्ला जेल २०२० सालमा बनेको हो। यस जेलको क्षमता ६० जनाको छ। यहाँ ४ जना पुरुष र २ जना महिला गरी ६ जना बन्दी तथा १ जना आश्रित नाबालक रहेका छन्। जेलको अवस्था जीर्ण छ। यस जेलमा प्रहरी बस्ने बाहेक अन्य ४ वटा कोठाहरू रहेका छन्। बन्दीहरूका लागि खाना र न्यानो कपडाको उचित व्यवस्था नभएको बन्दीहरू बताउँछन्। पत्रपत्रिका, रेडियो, टिभी आदिको व्यवस्था छैन। सीपमूलक तालिम तथा अन्य सचेतन कक्षाहरूको व्यवस्था छैन। महिनाको १ पटक मात्र बन्दीहरूको स्वास्थ्य परीक्षण गरिन्छ। महिनाको एकपटक प्रशासन कार्यालयबाट जेलको निरीक्षण गरिन्छ।

प्रहरीले गोली हानी हत्या गरेका दले नेपाली र हरिभक्त सार्की

गिरफ्तारी र यातना

तलिउम गाविस-२ का १८ वर्षीय गगन रावल र २२ वर्षीय रामबहादुर रावललाई ०५५ माघ २७ गते राति जन्त गएर फर्किरहेको समयमा लाम्रा गाविसमा गस्ती प्रहरीले माओवादीको आशंकामा गिरफ्तार गरे। पीडितहरूलाई भोलिपल्ट गाविस अध्यक्षको जमानीमा रिहा गरियो।

लाम्रा गाविस-१ का भू.पू. गाविस अध्यक्ष ३१ वर्षीय गुम्बबहादुर डाँगी, ४५ वर्षीय धनवीर डाँगी र तातोपानी गाविस-६ का ३० वर्षीय काशीराम बुढालाई ०५५ फागुन ११ गते राती डोल्पाबाट जुम्ला घरमा आउँदा गुठीचौर गाविसको मुनीसाँगुमा वास बसेको अवस्थामा प्रहरीले गिरफ्तार गरी रातभरि यातना दिए। पीडितहरूलाई भोलिपल्ट बिहान रिहा गरियो।

हाँकु गाविस-१ का ३५ वर्षीय हरिबहादुर खत्री, ५० वर्षीय कृष्णलाल उपाध्याय, सोही गाविस-२ का ३२ वर्षीय हिमराज गिरी, ३० वर्षीय हरिभक्त नेपाली, ३५ वर्षीय धनपति कामी, सोही गाविस-३ का ५० वर्षीय असोजे कामी, २८ वर्षीय लालचन्द्र कामी र सोही गाविस-४ का २९ वर्षीय कन्न कामीलाई माओवादीको आरोपमा ०५५ फागुन १४ गते प्रहरीले गिरफ्तार गरे। पीडितका पक्षबाट फागुन १६ गते अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट परेपछि फागुन १९ गते पीडितहरूमध्ये ७ जनालाई रिहा गरियो भने हरिबहादुर खत्रीलाई घरबाट बन्दूक बरामद भएको कारण जनाइ छोडिएन।

महाबै पातरखोला गाविस-६ का ३५ वर्षीय कात्तिके सार्की, बिर्खबहादुर शाही र कालिकोट जिल्ला घर भई सोही गाविसको प्राविमा शिक्षक रहेका कालीबहादुर शाहीलाई माओवादीको आशंकामा ०५५ चैत २७ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई हिरासतमा निर्मम यातना दिई ०५६ वैशाख ९ गते रिहा गरियो।

ऋणमोक्ष मा.वि. डिल्लीचौरका शिक्षक २६ वर्षीय जगतबहादुर शाहीलाई माओवादीको आरोपमा ०५६ वैशाख २ गते एस.एल.सी. परीक्षाको सिलसिलामा जुम्ला बजारमा आएको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा शारीरिक यातना दिएर भोलिपल्ट रिहा गरियो।

जाजरकोट जिल्ला नायकवाडा गाविस-३ घर भई जुम्ला जिल्लाको ऋणमोक्ष मा.वि. डिल्लीचौरमा अध्ययनरत विद्यार्थी २० वर्षीय रविलाल कार्कीलाई माओवादीको आरोपमा ०५६ वैशाख ९ गते एस.एल.सी. परीक्षा दिएर फर्किरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा यातना दिई २ दिनपछि जमानीका साथ हाजिरी हुने गरी रिहा गरियो।

चन्दननाथ गाविस-७ का २२ वर्षीय उपेन्द्र चौलागाईंलाई ०५६ कात्तिक २५ गते निजामती कर्मचारी संघको मिटिङमा गइरहेको अवस्थामा जुम्ला बजारमा डि.एस.पी.ले समातेर एक लात हानी प्रहरीलाई जिम्मा लगाई थुनामा राख्ने आदेश दिए। प्रहरीले पीडितलाई कुटपिट गर्दै प्रहरी कार्यालय लगी ४ घण्टापछि छोडिदिए।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	४	१	५				
गोलीद्वारा हत्या					२	४		४
गिरफ्तारी र यातना					८	२०		२०
कुटपिट	१३	१९	१	२०	५	७		७
धम्की	२	३		३	२	४		४
स्वतन्त्र र निष्पक्ष चुनाव	१							
पक्षपात					१			
बहुविवाह	१		१	१				
जारी	५	५	५	१०				
महिला भएकै कारण यातना	१		१	१				
बाल अधिकार	१		१	१				
जम्मा	२७	३१	१०	४१	१८	३५		३५
लाश फेला	२	१	१	२				
चोरी/डकैती	१	१		१				
दुर्घटनाहरू/विपत्तिहरू	३	४	३	७				

हाकु गाविस-८ का २९ वर्षीय सर्पबहादुर नेपालीलाई ०५६ कात्तिक २५ गते दिउँसो चन्दनाथ गाविसको कृष्णमन्दिर टोलमा दोकानभित्र बसिरहेको अवस्थामा अघोषित कर्फ्यु तोडेको आरोपमा प्रहरीले दोकानबाट बाहिर निकाली कुटपिट गर्दै जिल्ला प्रहरी कार्यालयमा लगी अर्को दिन छोडे। कुटपिटका कारण पीडितको गालाबाट रगत आउनुको साथै शरीरमा निलडाम भएको थियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

नानोपानी गाविस-४ का ४० वर्षीय सुन बुढा र सोही गाविस-५ का ४० वर्षीय वलवीर महतलाई चन्दा दिन नमानेको आरोपमा ०५५ माघ ५ गते माओवादीहरूले कुटपिट गरी सख्त घाइते बनाए। पीडितहरूको उपचार नेपालगञ्जमा भयो।

नानोपानी गाविस-१ राकाँका ६५ वर्षीय तुलाराम कठायतलाई ०५५ फागुन २४ गते चार-पाँचजना अपरिचित व्यक्तिहरू आई एक्कासि कुटपिट गरी बायाँ खुट्टामा छिनाले प्वाल पारी २१ हजार रूपैयाँसमेत लुटेर लगे। पीडितलाई उपचारको लागि जुम्ला अस्पताल पुर्‍याइएको थियो।

वड्की गाविस-६ का जुङ्ग बुढालाई जनतालाई दुःख दिएको र शोषण गरेको आरोपमा ०५५ चैत १३ गते १५/२० जनाको माओवादीहरूले कुटपिट गरी घरमा भएको सुन, चाँदी र नगद पैसासमेत लुटेर लगे।

महत गाविस-१ का ३७ वर्षीय पेमा आङ्छाक लामालाई ०५६ जेठ ७ गते व्यक्तिगत झगडाका सम्बन्धमा जाहेरी लेख्वाउन वकिलको कार्यालयमा बसेको अवस्थामा गस्ती प्रहरी टोलीका प्रमुख हवल्दार भरत खड्काले बाहिर ल्याई कुटपिट गरे।

लाम्रा गाविस-१ घर भई जुम्ला जिल्ला अदालतमा कार्यरत् ३२ वर्षीय नरवहादुर डाँगीलाई ०५६ असार २१ गते राति सिभिल ड्रेसमा आएका प्रहरी जवानले कुटपिट गरी पेस्तोल देखाई ज्यानमार्ने धम्की दिए।

महत गाविस-६ का २३ वर्षीय हरिकृष्ण महत, १९ वर्षीय जयराम महत र २० वर्षीय राजेन्द्र बानिकोटेलाई ०५६ साउन ९ गते बिरामी लिएर अस्पताल गइरहेको अवस्थामा गस्ती प्रहरीले भेटी कुटपिट गरे। पीडितहरू पुनः अस्पतालबाट फर्किंदा अस्पतालको चिठी देखाउँदा पनि कान समाती उठबस गर्न लगाई कुटपिटसमेत गरी रिहा गरियो।

कार्तिकस्वामी गाविस-४ का २५ वर्षीय नरबहादुर घर्तीलाई ०५६ साउन १३ गते प्रहरीले हातपात गरी विमान सुरक्षा कार्यालयमा २ घण्टासम्म कोठामा थुनी राखे। विमानस्थल सुरक्षा गार्डबाट खाद्य संस्थानमा शान्ति सुरक्षा गर्न खटिएका प्रहरी जवान प्रेमबहादुर कुँवरलगायत् ३ जनाले खाद्यान्न निकाल्दा लाइनमा बसेका मानिसहरूलाई पालो नदिई अरूलाई चामल निकाली दिएपछि त्यस्तो गर्नु भएन भन्दा पीडितलाई कुटपिट गरिएको थियो।

जुम्ला बहुमुखी क्याम्पसनेर होटल गरी बस्ने ४० वर्षीय विर्खबहादुर थापालाई ०५६ मंसिर २२ गते आफ्नो गाउँका पाहुनालाई खाना खुवाइरहेको अवस्थामा प्रहरीले कुटपिट गरे। प्रहरीले गाउँबाट आएका पाहुनासँग रहेको २० हजार रुपैयाँ पनि लगेको कुरा पीडतले बताए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

आमनिर्वाचनको क्रममा ०५६ वैशाख २० गते चन्दननाथ गाविसको चन्दनाथ मावि मतदान केन्द्रमा नेकाका उम्मेदवार

दिनवन्धु श्रेष्ठ र स्वतन्त्र उम्मेद्वार ललितजंग शाहीबीच सामान्य भिडन्त भयो। भीडलाई नियन्त्रण गर्न प्रहरीले लाठीचार्ज गरे।

आमनिर्वाचनको क्रममा ०५६ वैशाख २० गते वोतामालिकामा ५ वर्षीय बालकले समेत मतदान गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यहाँको जिल्ला अदालतमा २ सय ८० वटा मुद्दाहरू परे, जसमा दुनियावादी देवानी १ सय २०, फौजदारी १०, विशेष अदालतसम्बन्धी १०, सरकारवादी देवानी ८० र विविध ६० वटा थिए।

यस जिल्लामा खाद्यान्नको समस्या भएका कारण जनतामा खाद्य संस्थानको मुख्य ताक्नुपर्ने वाध्यता रहेको छ। यहाँका केही मानिसहरूले ०५५ फागुन ९ गते जिल्ला प्रशासन कार्यालयमा चामलको कुपन लिन बिहानदेखि बेलुकासम्म लाइनमा बस्दा पनि एक के.जी. चामलको समेत कुपन पाएनन्। यहाँका साधारण मानिसहरू चामल, नून, गहुँ आदिको कुपन सजिलै नपाएको गुनासो गर्दछन्।

सरुवा, घटुवा र पक्षपात आदि

कालिकोट जिविसका सह-लेखापाल पूर्णवहादुर महतलाई ०५६ साउन ७ गते जुम्लामा सरूवा गरिएकोमा १७ दिनपछि सोही पदका लागि जुम्लाका पहिलेका सह-लेखापाल मणिकृष्ण आचार्यलाई स्थानीय विकास मन्त्रालयले सरूवा गऱ्यो। पछि जिविसले सरूवाको समर्थन नजनाएपछि १७ दिनको फरक पारी मणिकृष्णलाई पुरानो ठाउँ कालिकोटमा नै फिर्ता गरिएको छ। पूर्णवहादुर र मणिकृष्ण आ-आफ्नै कार्यक्षेत्र क्रमशः जुम्ला र कालिकोटमा कार्यरत् छन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा सुकुम्बासी समस्या समाधान आयोगले खासै काम गरेको देखिँदैन। सुकुम्बासीहरूले दिएको निवेदनमा कुनै कार्वाही भएको छैन। ६ महिनादेखि यता कसैले पनि वृद्ध भत्ता पाएका छैनन्।

महिला अधिकार

यस वर्ष यो जिल्लामा जारीका ५ वटा र बहुविवाहको एउटा घटना जानकारीमा आए। महिला भएकै कारणले दिइने अमानवीय व्यवहारको एउटा घटनामा एक जना महिला पीडित भइन्।

बालअधिकार (बालबालिका उपरको अत्याचार)

महत गाविस-३ की १३ वर्षीय काली सुनारलाई ०५५ माघ २८ गते घट्ट मिलमा गएको अवस्थामा चन्दनाथ गाविस-९ का १७ वर्षीय हन्या सुनारले विवाह गर्ने उद्देश्यले हातपात गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी थुनामा राखिएको छ।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जिविस सभापति र उपसभापतिले विगतदेखि चामलको कुपन बाँड्दै आएकोमा ०५६ जेठ १० गतेबाट सिडिओले मात्र चामल बाँड्न पाउने भन्ने पत्र प्राप्त भएपछि उपसभापति तथा कार्यवाहक सभापतिलगायत्का व्यक्तिहरूले खाद्य संस्थानमा तालाबन्दी गर्नुका साथै सर्वसाधारणको जानकारीको लागि प्रेस विज्ञप्ति प्रकाशित गरे। त्यसैगरी एक जुलुसले सिडिओ कार्यालयमा धर्ना दियो।

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइबीका कारण भएका कुटपिटका ११ वटा घटनामा १७ जना पुरूष र १ जना महिला पीडित भए। डुबेर १ जनाको मृत्यु भयो भने खानीमा पुरिएर १ जनाको मृत्यु भयो। आगलागीको एउटा घटनामा ५० हजार रूपैयाँ जतिको क्षति भयो। चोरीको एउटा घटना भयो। भाइरल इन्फ्लुएन्जा कीटाणु (रूघा, खोकी) ले ०५५ फागुन १ गतेदेखि ०५६ वैशाख ३० गतेसम्ममा २०२ जनाको मृत्यु भयो।

नेकोन एयरको हवाइजहाज ०५५ माघ ३ गते दुर्घटना हुँदा चालकसमेत गरी २ जना पुरूष र ३ जना महिलाको मृत्यु भयो भने हवाइजहाजका क्याप्टेनसमेत ५ जना पुरूष र १ जना महिला घाइते भएकाले उपचारको लागि काठमाडौं लगिएको थियो।

४.१३ कालिकोट

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

लालु गाविस-१ का ३५ वर्षीय वीरेन्द्रवहादुर शाहीलाई सुराकी गरेको आरोपमा ०५५ माघ ५ गते विहान ८ बजेतिर वौरी भन्ने खोलामा माओवादीहरूले खुकुरी प्रहार गरी हत्या गरे।

मुम्रा गाविसस्थित प्रहरी चौकीका प्रहरी जवान २५ वर्षीय भुपुनारायण चौधरी र सोही गाविस घर भई चौकीमा भान्सेका रूपमा कार्यरत् ३० वर्षीय कृपाराम धामीलाई ०५५ चैत १० गते राति माओवादीहरूले वम र गोली प्रहार गरी हत्या गरे। दोहोरो भिडन्त हुँदा प्रहरीतर्फ असई होमवहादुर बुढा, हवल्दार खड्कसिं मतवाला र प्रहरी जवान लालबहादुर सुनुवार सख्त घाइते भए। घाइतेहरूलाई उपचारार्थ नेपालगंज लगियो। यसका साथै माओवादीतर्फ ३ जनाको मृत्यु भएको गाउँलेहरूले बताए तर उनीहरूको नाम थाहा हुन सकेन।

मेहलभुण्डी गाविसमा ०५६ वैशाख १८ गते राति माओवादीहरूले जुलुस गरिरहेको अवस्थामा दोहोरो भिडन्त हुँदा एक जना अज्ञात व्यक्तिलाई प्रहरीले गोली हानी हत्या गरे।

सिपखाना गाविस-८ का २९ वर्षीय उदय गिरीलाई ०५६ वैशाख १८ गते राति सिउना गाविसको मतदान केन्द्रमा माओवादीहरूसँगको दोहोरो भिडन्तमा प्रहरीले गोली हानी हत्या

गरे। सो मतदान केन्द्रमा माओवादीहरू नाराका साथ आएको र मतदान केन्द्रमा बम प्रहार गरेपछि दोहोरो भिडन्त भएको गाउँलेहरूले बताए।

चिलखाया गाविसस्थित इलाका प्रहरी कार्यालय पात्मघाटमा कार्यरत् प्रहरी जवान २३ वर्षीय कृष्णराज जोशीलाई ०५६ जेठ २८ गते राति माओवादीहरूले चौकीमा आक्रमण गरी गोली हानी हत्या गरे।

थिर्पु गाविस-६ पारौटीका ५० वर्षीय भैरवबहादुर बमलाई ०५६ असार २ गते राति माओवादीहरूले घरबाट निकाली सोही ठाउँको अन्य एक व्यक्तिको गोठभित्र लगी कुटपिट गरी हत्या गरे। पीडितको लास खेतमा लगी फालेका थिए।

फुकोट गाविस-१ का २४ वर्षीय प्रहरी जवान लालबहादुर वोगटी र थिर्पु गाविस-८ का प्रहरी जवान २३ वर्षीय दन्त विश्वकर्मालाई ०५६ असार २९ गते राति नानीकोट गाविसको सर्साले भन्ने ठाउँमा माओवादीहरूले खुकुरी प्रहार गरी हत्या गरे।

चितवन जिल्ला भरतपुर नपा-१० घर भई जिल्ला प्रहरी कार्यालय कालिकोटमा कार्यरत् डिएसपी ३५ वर्षीय कैलाशकुमार क्षेत्रीलाई ०५६ साउन २८ गते दिउँसो रकु गाविसको लुसाको अँधेरीखोलामा माओवादीहरूले एम्बुस प्रहार गरी हत्या गरे। साथै रूकुम जिल्ला घर भएका प्रहरी जवान २५ वर्षीय जयबहादुर सियानको एउटा हात चुँडिएर भुइँमा खस्यो र सख्त घाइते भए।

नानीकोट गाविस-८ का कर्णाली प्रावि तिखातीका प्रधानाध्यापक ३७ वर्षीय रणबहादुर शाहीलाई माओवादीको आरोपमा ०५६ साउन ३१ गते दिउँसो ४ बजेतिर नानीकोट र फुकोट गाविसको माथि महाराकाधको सापकाटिया भन्ने लेकमा प्रहरीले गोली हानी हत्या गरे।

फुकोट गाविस-३ का ३६ वर्षीय खड्के वोगटी, २१ वर्षीय रम वोगटी र नानीकोट गाविस-९ तिखातीका करिब ३४ वर्षीय जसबहादुर शाहीलाई सुराकी गरेको आरोपमा ०५६ असोज २७ गते राति माओवादीहरूले जंगलमा लगी हत्या गरे।

मेहलभुण्डी गाविस-४ का ३० वर्षीय शिवराज बमलाई सुराकी गरेको आरोपमा ०५६ कात्तिक १० गते राति माओवादीहरूले गोली हानी हत्या गरे।

जनसंख्या	: ८८८०५
साक्षरता प्रतिशत	: २०.५
महिला साक्षरता प्रतिशत	: ४.७
क्षेत्रफल (वर्ग कि.मी.)	: १७४१
गाविस/नपा संख्या	: ३०/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: १४९
क्याम्पस/उच्च मावि	: ०/१
अस्पताल/स्वास्थ्य चौकी	: १/३२
टेलिफोन लाइन	: ५२
मोटर सडक (कि.मी.)	: ०
प्रहरी कार्यालय संख्या	: ११
हुलाक संख्या	: ३०

जेल र बन्दीहरु

कालिकोट जेलको बन्दी क्षमता २५ जनाको हो। यस जेलमा सन् १९९९ को जनवरीदेखि जुनसम्म कैद नतोकिएका २० पुरूष र १ महिला गरी २१ जना रहेका थिए भने १ जना पुरूष छुटेर गए। जुनदेखि डिसेम्बरसम्म कैद नतोकिएका बन्दीहरू ५ जना थपिए। यसरी कुल २५ जनामध्ये २४ पुरूष र १ महिला रहेका छन्। यस वर्ष ८ जना थुनामा परे भने ६ जना बन्दीहरू छुटेर गए। यस जेलमा खानेपानी, चर्पी आदिको समस्या रहेको बन्दीहरूको गुनासो छ। जिल्ला अदालतमा बयान छिटो लिइँदैन। मुद्दाको लागि व्यक्तिगत वकिलको अभाव रहेको बन्दी नाइके मनीचन्द्र चौलागाईं बताउँछन्।

गिरफ्तारी र यातना

लालु गाविस-६ का ३८ वर्षीय गर्जे सार्की र ४० वर्षीय सर्जन सार्कीलाई माओवादी गतिविधिमा संलग्न भई सोही ठाउँका वीरेन्द्रबहादुर शाहीको हत्या गरेको आरोपमा ०५५ माघ ६ गते प्रहरीले गिरफ्तार गरी निर्मम यातना दिए। पीडितहरूलाई ०५५ माघ ११ गते धरौटी तारेखमा रिहा गरियो।

लालु गाविस-२ का मावि लालुका प्रधानाध्यापक ३५ वर्षीय धिरबहादुर बिष्टलगायत् १५ जनालाई माओवादीको आरोपमा ०५६ असार ८ गते दिउँसो प्रहरीले घरबाट गिरफ्तार गरी प्रहरी चौकीमा निर्मम यातना दिई सोही दिन बेलुका छोडे। पीडितहरूमध्ये धीरबहादुरलाई उपचारार्थ काठमाण्डौ लगियो भने अन्यको स्थिति सामान्य छ।

लालु गाविस-५ का २७ वर्षीय पृथ्वीबहादुर बोहोरालाई माओवादीको आरोपमा ०५६ असार ९ गते दिउँसो बारीमा काम गरिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी प्रहरी चौकीमा निर्मम यातना दिएर सोही दिन बेलुका रिहा गरियो।

लालु गाविस-९ का २५ वर्षीय नरेशकुमार बिष्ट, ३० वर्षीय वीरबहादुर बिष्ट, ३० वर्षीय एवन बिष्ट र १८ वर्षीय

कालीकोट कारागारका बन्दीहरू

नमराज बिष्टलाई माओवादीको आरोपमा ०५६ असार ९ गते दिउँसो घरबाट प्रहरीले गिरफ्तार गरी दिनभरि यातना दिएर सोही दिन बेलुका रिहा गरियो।

लालु गाविस-९ का ३५ वर्षीय गोहांडे कामीलाई माओवादीको आरोपमा ०५६ असार १० गते घर नजिकै बारीमा काम गरिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी चौकीमा ४ घण्टासम्म यातना दिई रिहा गरियो।

गेला गाविस-८ का ३३ वर्षीय राजेन्द्रबहादुर थापालाई ०५६ असार १४ गते दिउँसो जिल्ला प्रशासन कार्यालयमा चामलको कुपन ल्याउन भित्र जाँदा प्रहरीले कुटपिट गरे। पीडितलाई १ घण्टासम्म हिरासतमा राखी रिहा गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

सुकाटिया गाविस-७ का २८ वर्षीय कृष्णप्रसाद आचार्य, स्युना गाविसका २५ वर्षीय अम्मल शाही र भर्ता गाविसका खडानन्द चौलागाईंलाई आफ्नो पार्टीका विरूद्ध झुटा र अनावश्यक आरोपहरू लगाएको आरोपमा ०५५ चैत २९ गते भर्ता गाविसको वडासैनमा जजराज शाही, धनबहादुर शाही, जयबहादुर शाही दुर्गबहादुर शाहीलगायत्का व्यक्तिहरूले कुटपिट गरे।

जिविस उपसभापति ४५ वर्षीय तुलाराज बिष्ट, नेकपा (एमाले) जिल्ला पार्टी कार्यालयका सचिव २७ वर्षीय कुर्मराज शाही र अनेमसंघकी २० वर्षीय रेखाकुमारी सिंहलाई राजनीतिक प्रतिशोधका कारण ०५६ वैशाख १ गते पार्टी कार्यालयमा काम गरिरहेको अवस्थामा नेकपा (माले) का जिल्ला कार्यालय सचिव रत्नप्रसाद बराल, अम्मल शाही, शनेस शाही, कालीबहादुर शाहीलगायत्का व्यक्तिहरूले सडकबाट धम्की दिंदै ढुङ्गामुढा तथा दाउरा प्रहार गरे। पीडकहरूमध्ये तीन जनालाई एक रात थुनामा राखी रिहा गरियो।

रूप्सा गाविस-५ का ३७ वर्षीय रामबहादुर सहकारीलाई चुनाव प्रचार गरेको आरोपमा ०५६ वैशाख १७ गते राति घरमा बसिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरे।

प्रहरीको कुटपिटबाट पीडित विर्षबहादुर शाही

लालु गाविस-१ का ४१ वर्षीय दानबहादुर शाहीलाई चुनाव प्रचार प्रसार गरेको आरोपमा ०५६ वैशाख २४ गते राति घरमा बसिरहेको अवस्थामा माओवादीहरूले मरणासन्न हुनेगरी कुटपिट गरे। पीडितलाई उपचारार्थ काठमाण्डौ लगियो।

कोटवाडा गाविस-१ का ३५ वर्षीय धनराज बिष्टलाई चुनाव प्रचार प्रसार कार्यमा संलग्न भएको आरोपमा ०५६ वैशाख २९ गते राति घरमा बसिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरी एउटा खुट्टासमेत भाँचिदिए। पीडितलाई उपचारार्थ नेपालगंज लगियो।

जिल्ला कारागार शाखाका जेलर ३८ वर्षीय कृष्णभक्त न्यौपानेलाई ०५६ जेठ १८ गते राति सोही कारागार शाखाको नजिक कोठामा बसिरहेको अवस्थामा प्रहरी जवानहरू खिमबहादुर रावत र डोलबहादुर घर्तीले ढुङ्गामुढा प्रहार गर्दै ज्यानमार्ने धम्की दिए। भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि खिमबहादुरलाई जिप्रकामा र डोलबहादुरलाई थिर्पु प्रहरी चौकीमा सरूवा गरियो।

चिलखाया गाविसस्थित इलाका प्रहरी कार्यालय पात्मघाटमा कार्यरत असईद्वय २८ वर्षीय कुलबहादुर विष्ट र ३२ वर्षीय नरवहादुर कार्की, प्रहरी हवल्दार २९ वर्षीय कृष्णबहादुर जि.सी. र प्रहरी जवान २५ वर्षीय सुन्दरसिंह ठगुन्नालगायत् अन्य १५ जनालाई ०५६ जेठ २८ गते राति माओवादीहरूले चौकीमा आक्रमण गरी कुटपिट गरे।

मुग्रा गाविस-३ का २८ वर्षीय कृपाराम शर्मालाई राजनीतिक प्रतिशोधका कारण ०५६ असार १७ गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्की दिए।

कोटवाडा गाविस-१ का मावि कोटवाडाका शिक्षक ४५ वर्षीय लोकबहादुर बिष्टलाई ०५६ असोज २३ गते साँझ सुराकी गरेको आरोपमा माओवादीहरूले कुटपिट गरी हातखुट्टा भाँचिदिए। पीडितलाई उपचारार्थ भोलिपल्ट हेलिकप्टरबाट नेपालगंज लगियो।

नानीकोट गाविसका कालिका प्रावि बोलुगाउँका प्रधानाध्यापक ५२ वर्षीय सर्पराज शाहीलाई माओवादीको आरोपमा ०५६ साउन ३१ गते दिउँसो ४ बजेतिर नानीकोट र फुकोट गाविसको माथि माहाराकान्धको सापकाटिया भन्ने लेकमा प्रहरीले निर्मम ढंगले कुटपिट गरी घाइते बनाए।

बढीमालिका मावि रास्कोटका शिक्षकहरू ४३ वर्षीय सिंहराज शाही र ४२ वर्षीय नवराज शर्मालाई ०५६ कात्तिक ३ गते विजयादशमीको दिन रास्कोटबाट माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई रिहा गरिएको छ।

बढीमालिका मावि रास्कोटका शिक्षकहरू ३७ वर्षीय जसीनाथ योगी र ३५ वर्षीय प्रभुलाल न्यौपानेलाई ०५६ कात्तिक ७ गते माओवादीहरूले अपहरण गरी सोही दिन छोडिदिए।

थिर्पु गाविस-८ का ३८ वर्षीय वडाध्यक्ष अम्म धामी र ४० वर्षीय वडासदस्य भक्त धामीलाई ०५६ मंसिर ११ गते राति ११ बजेतिर घरमा बसिरहेको अवस्थामा केही माओवादीहरूले कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

मेहलझुण्डी गाविस-८ का २१ वर्षीय विर्षबहादुर शाहीलाई ०५६ मंसिर १२ गते जिल्ला सदरमुकाम वजारमा हिंडिरहेको अवस्थामा विनाकारण प्रहरीले कुटपिट गरे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

आमनिर्वाचन ०५६ को क्रममा खासगरी माओवादी क्रियाकलापले गर्दा कुनै पनि राजनीतिक दलले गाउँ गाउँमा गएर संगठन निर्माण गर्ने, प्रचार, प्रसार गर्ने, सभा जुलुस गर्ने मौका पाएनन्। निर्वाचनमा प्रायः गरेर सदरमुकाममा नै वसेर प्रचार गरेको भेटियो।

०५६ वैशाख २० गते निर्वाचन हुन नदिने हेतुले माओवादीहरूले गोली फायरिङ, नारा जुलुससमेत गरे। पाखा, ओदानकु, छाप्रे आदि मतदान केन्द्रहरूदेखि केही टाढा भीरहरूबाट फायरिङ गरिएको थियो।

मालकोट गाविसमा जनतालाई मत हाल्न नजाने भनी प्रचार गरेवापत ४ जनाले १ सय १७ मत खसाले। सिउना मतदान केन्द्र माओवादीले कब्जा गर्न खोज्दा प्रहरीसँग भिडन्तसमेत भयो।

स्वतन्त्र उम्मेद्वार मानबहादुर बम पक्षधर कार्यकर्ताहरूले खिन र धौलागोह गाविसमा आफ्ना २/४ जना एजेन्ट राखी एकलौटी मतदान गरेर जनतालाई मतदान गर्ने अधिकारबाट वञ्चित गरे। भर्ना मतदान केन्द्रमा एक व्यक्तिले अर्को व्यक्तिको नाममा मत हाल्ने कार्य गरेको पाइयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको अदालतमा गत असारसम्मको जानकारीअनुसार २ सय ६ वटा मुद्दाहरू दर्ता भए। जसमध्ये देवानी १ सय ४३, सरकारवादी फौजदारी १७ र दुनियावादी फौजारी ४६ थिए। २ वर्षसम्म नछिनिएका जग्गासम्बन्धी देवानी मुद्दा ७१ वटा रहे। असारदेखि पुससम्म दुनियावादी फौजदारी ५, देवानी ३ र सरकारवादी फौजदारी २ वटा दर्ता भए।

यसैगरी जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक ३, हातहतियार खरखजानासम्बन्धी १ र भ्रष्टाचारसम्बन्धी २ वटा मुद्दाहरू दर्ता भए।

भौगोलिक समस्या र चेतनाको कमीले गर्दा यहाँका जनता आफूमाथि आइपरेका अन्याय अत्याचारविरूद्ध निवेदन दिन प्रायः न्यायालयमा आउने चलन कमै छ। यस्ता खालका घटनाहरू भएमा गाउँमै समाज बसेर मिलापत्र गर्ने, ठूलाठालुहरूले घूस खाने प्रचलन छ। त्यसैगरी देवी देवताको मन्दिरमा गएर दुईपक्षबीचमा मिलापत्र गर्ने, ठूलाबडा रिसाएपछि डरले निवेदन दिन सम्बन्धित निकाय जान नसकी चूप लागेर बस्नुपर्ने साना जातिको अवस्था छ। अहिले माओवादी र प्रहरी दुवैपक्षको गतिविधिले गर्दा जनता दोहोरो मारमा परेका छन्।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	५	८		८				
गोलीद्वारा हत्या	२	३		३	४	४		४
गोलीद्वारा घाइते/हवाइ फायर					१	१		१
गिरफ्तारी र यातना					७	२५		२५
कुटपिट	९	१५		१५	२	२		२
धम्की	४	७	१	८	१	१		१
वहुविवाह	२		२	२				
जम्मा	२२	३३	३	३६	१५	३३		३३
लाश फेला	१	१		१				
आत्महत्या	१	१		१				
चोरी/डकैती	५	५		५				
दुर्घटनाहरू/विपत्तिहरू	८	९		९				

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा एक जना सुकुम्बासीले पनि जग्गाधनी प्रमाण पुर्जा पाएका छैनन्। आयोग भने गठन गरिएको छ। वृद्धहरूले समयमा वृद्धभत्ता पाउन सकेका छैनन्। धेरैजसो गाविसमा पाए पनि पूरा नपाउने गरेको अवस्था छ।

महिला अधिकार

यस वर्ष यो जिल्लामा बहुविवाहका २ वटा घटना जानकारीमा आए।

बालअधिकार (बालबालिका उपरको अत्याचार)

सदरमुकाममा रहेको लाकेन्द्र होटलमा काम गर्ने बालमजदूर १२ वर्षीय धनिराम बूढालाई ०५६ मंसिर ८ गते राति चोरीको आरोपमा प्रहरीले गिरफ्तार गरी हिरासतमा रातभर यातना दिए। पीडितलाई अर्को दिन रिहा गरियो।

यस जिल्लामा बालविवाह गर्ने चलन पनि कायम छ।

अतिरिक्त जानकारीहरु

जिल्ला प्रहरी कार्यालयका एक जना २५ वर्षीय प्रहरी जवानको ०५६ कात्तिक ३ गते आफूसँग रहेको राइफल पड्की मृत्यु भयो।

भर्ता, पाखा, फुकोट, चिलखाया, दाहाँ, फोइ, स्युना र मेहलझुण्डी गाविसमा रूघाखोकीको महामारी भाइरल इन्फ्लुएन्जाका कारण ०५५ माघ १ गतेदेखि चैत १ गतेसम्मको अवधिमा क्रमशः ३३, २३, २३, १५, ९, १९, ४ र २ गरी १ सय २८ जनाको मृत्यु भयो। पछि वैशाखसम्म यो संख्या बढेर १७२ जनाको मृत्यु भयो। डुबेर ४ जना पुरूषको मृत्यु भयो। आगलागीका २ वटा घटना भए, जसमा १ जनाको मृत्यु भयो। बाढी पहिरोबाट १ जना पुरूषको मृत्यु भयो। ५ वटा चोरीको घटना भए। ढुङ्गाले च्यापेर १ जनाको मृत्यु भयो। १ जनाको लास फेला पर्‍यो।

४.१४ मुगु

जनसंख्या	: ३६३६४
साक्षरता प्रतिशत	: २१.८
महिला साक्षरता प्रतिशत	: ५.९
क्षेत्रफल (वर्ग कि.मी.)	: ३५३५
गाविस/नपा संख्या	: २४/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: १२०
क्याम्पस/उच्च मावि	: ०/१
अस्पताल/स्वास्थ्य चौकी	: १/२७
टेलिफोन लाइन	: १
मोटर सडक (कि.मी.)	: ०
प्रहरी कार्यालय संख्या	: १०
हुलाक संख्या	: २६

सम्मानितरुपले बाँच्ने अधिकार

जेल र बन्दीहरु

"ङ" श्रेणीको मुगु जेल यस वर्ष खाली रह्यो। आफ्नो जग्गा भए पनि भाडामा लिई चलाइएको जेल जीर्ण अवस्थामा रहेको छ। जेलमा वन्दीहरूका लागि ४ वटा, सुरक्षाकर्मीका लागि ४ वटा, कार्यालय प्रयोजनका लागि १ र कार्यालयको स्टोरका लागि १ गरी कुल १० वटा कोठा रहेको भएता पनि वस्नलायक भने एउटै पनि छैनन्।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

श्रीनगर गाविस-३ का २४ वर्षीय राजवहादुर शाही र ३१ वर्षीय लक्ष्मणकुमार यादवलाई ०५५ फागुन ४ गते सोही ठाउँका २९ वर्षीय देवु रावलको अगुवाईमा १६ जनाको समूहले सार्वजनिक स्थलमा गालीगलौज गर्नुका साथै कुटपिट गरे।

श्रीकोट गाविसमा गस्ती गरिरहेका प्रहरीहरूलाई ०५५ फागुन १८ गते सोही गाविस-२ का राजवहादुर शाहीसमेतका ५ जनाले कुटपिट गरे।

जिमा गाविस-५ का ४१ वर्षीय लोकवहादुर शाहीलाई राजनीतिक प्रतिशोधका कारण ०५६ वैशाख १३ गते सोही ठाउँका ३६ वर्षीय टोपवहादुर शाहीसमेत ४ जनाले चुनावको सिलसिलामा कुटपिट गरी मरणासन्न वनाए।

धैनकोट गाविस-३ का ४४ वर्षीय जयाप्रसाद जैसीलाई ०५६ वैशाख १४ गते चुनाव प्रचारको सिलसिलामा सोही गाविस-६ का ३४ वर्षीय हरिवहादुर मल्लको अगुवाईमा ५ जनाको समूहले मरणासन्न हुनेगरी कुटपिट गरे।

धैनकोट गाविस-६ का ३७ वर्षीय रामजंग शाहीको पसलमा ०५६ वैशाख १८ गते सोही गाविस-५ का विष्णुवहादुर मल्लको अगुवाईमा ७-८ जनाको समूहले राजनीतिक प्रतिशोधका कारण तोडफोड गरी सामानहरू लुटेर लग्नुका साथै ज्यानमार्ने धम्की दिए।

श्रीनगर गाविस-१ का ३० वर्षीय लक्ष्मी शाहीलाई राजनीतिक प्रतिशोधका कारण ०५६ वैशाख २१ गते सोही गाविस-२ का ३५ वर्षीय लालसिं नेपालीलगायत्का व्यक्तिहरुले कुटपिट गरे।

नाथर्पु गाविस-३ का ३८ वर्षीय चन्द्रवहादुर शाहीलाई राजनीतिक प्रतिशोधका कारण ०५६ वैशाख २१ गते कार्कीवाडा गाविस-८ का २८ वर्षीय राजवहादुर विटालुको अगुवाईमा ३ जनाले कुटपिट गरे।

श्रीनगर गाविस-२ का ३० वर्षीय मनसुर नेपालीलाई चुनावी प्रतिशोधका कारण ०५६ वैशाख २२ गते सोही गाविस-५ का ३१ वर्षीय ऐनवहादुर हमालले कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा कतिपय मुद्दाहरू २ वर्षसम्म फर्स्योट भएका छैनन्। दुर्गम जिल्ला भएकाले न्यायाधीश र सरकारी वकिल प्रायः नवस्ने भएका कारण यस्तो भएको जनगुनासो छ।

यस वर्ष जिल्ला अदालतमा देवानी मुद्दा १ सय १२ मध्ये १४ फर्स्योट भई ९८ वाँकी, सरकारवादी फौजदारी ८ मध्ये ३ फर्स्योट भई ५ वाँकी र दुनियावादी फौजदारी ५३ मध्ये १० फर्स्योट भई ४३ वाँकी रहे।

यस वर्ष मात्र सरकारवादी फौजदारी ६ वटामध्ये ५ फर्स्योट भई १ वाँकी, दुनियावादी फौजदारी ३९ मध्ये २३ फर्स्योट भई १६ वाँकी र दुनियावादी देवानी ८० मध्ये ३० फर्स्योट भई ५० थान छिनिन वाँकी रहे।

महिला अधिकार

यस वर्ष यो जिल्लामा गर्भपतनको एउटा घटना जानकारीमा आयो। जसमा -

पिना गाविस-९ की २९ वर्षीय पम्फा शाहीलाई ०५६ साउन २० गते सोही गाविस-३ का विर्षबहादुर रावलको अगुवाईमा ४-५ जनाले गाईवस्तुले वाली खाइदिएको विषयलाई लिएर कुटपिट गर्दा गर्भपतन भयो। जिल्ला अदालतमा यससम्वन्धी मुद्दा पेश गरिएको छ।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
कुटपिट	८	९		९				
धम्की	१	१		१				
गर्भपतन	१		१	१				
आर्थिक अधिकार	१							
अमानवीय व्यवहार	१	१		१				
जम्मा	१२	११	१	१२				
चोरी/डकैती	१	१		१				

आर्थिक अधिकार

धैनकोट गाविसका अध्यक्ष ४२ वर्षीय कर्णबहादुर थापाले ०५६ जेठ १ गते गाविसको १ लाख ४० हजार रूपैयाँ हिनामिना गरेको जयबहादुर शाहीले बताए। यस सम्वन्धमा जाहेरी दिएको र मुद्दा चलिरहेको जानकारीमा आयो।

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूतसमेत

जिमा गाविस-१ सिपगाउँका ३३ वर्षीय धनरूप कामीलाई ०५६ साउन २५ गते सोही ठाउँकी लालकला रावल बिरामी भएकोले मन्तर गरी निको पारिदिएमा पाँच हजार रूपैयाँ दिने आश्वासनमा सोही ठाउँका विर्खसिंह कार्की, लालीबहादुर कार्की, वसन्त बुमीलगायत् ६ जनाले लालकलाको घरमा बोलाई जबर्जस्ती लालकलाको पेटमा धनरूपको हात राख्न लगाए। पछि तल्लो जातिको मानिसले छुन नहुने जनाउँदै जबर्जस्ती करणी गरेको आरोप लगाएर धनरूपबाट ८ हजार रूपैयाँ जरिवाना गरी उनलाई भारत भाग्न वाध्य बनाए। जिल्ला प्रशासन कार्यालयमा पीडितकी पत्नी मथुरा कामी र मानवअधिकार कार्यकर्ताले उजुरी दिएपछि पीडकहरूबाट ८ हजार रूपैयाँ असूल भयो। धनरूप कामी अझै घर फर्किएका छैनन्।

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइवीका कारणले भएका कुटपिटका १ घटनामा १ जना पुरूषलाई मरणासन्न हुनेगरी छुरी प्रहार गरियो। मिलीचौर भन्ने स्थानमा इटालियन टोलीद्वारा वनस्पति अनुसन्धानको लागि जडान गरिएको उपकरण ०५६ साउन १८ गते चोरी भयो।

४.१५ हुम्ला

जनसंख्या	: ३४३८३
साक्षरता प्रतिशत	: २०.९
महिला साक्षरता प्रतिशत	: ४.८
क्षेत्रफल (वर्ग कि.मी.)	: ५६५५
गाविस/नपा संख्या	: २७/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: १०५
क्याम्पस/उच्च मावि	: ०/१
अस्पताल/स्वास्थ्य चौकी	: १/२६
टेलिफोन लाइन	: १
मोटर सडक (कि.मी.)	: ०
प्रहरी कार्यालय संख्या	: ११
हुलाक संख्या	: २८

सम्मानितरुपले बाँच्ने अधिकार

जेल र बन्दीहरु

यस जिल्लाको जेल "घ" श्रेणीको हो। ९ जनाको बन्दी क्षमता भएको यस जेलमा यो वर्ष २ जना पुरूष थुनामा रहेकोमा १ जना छुटी १ जना मात्र रहेका छन्। जेलमा चर्पी १ र धारो १ वटा रहेको छ। बन्दीहरूलाई जेलमा पस्नासाथ विस्तरा, लुगाफाटो दिइन्छ। बन्दीहरूलाई दैनिक ७०० ग्राम चामल र १५ रूपैयाँ दिइन्छ। बिरामीको अवस्था हेरेर जेल कर्मचारीबाट बिरामीको औषधी गरिन्छ। जेलभित्र बिरामीको स्याहार गर्ने कर्मचारी छन्। बिरामीलाई अस्पताल लगिँदैन तर महिनाको १ पटक जेलभित्रै डाक्टर बोलाउने गरिन्छ। उडुस, उपियाँ, जुम्रा आदि मार्ने प्रबन्ध छ। तर पंखा, रेडियो, टेलिभिजन, फोन, पत्रपत्रिका आदिको प्रबन्ध छैन। बन्दीहरूलाई भेट गर्न हप्ताको एक पटक मात्र दिइन्छ।

गिरफ्तारी र यातना

रोडीकोट गाविस-२ का ४९ वर्षीय जोगवीर रोकाया, १६ वर्षीय सुनाम ऐडी, बराई गाविस-५ का १५ वर्षीय जीवन ऐडी, रोडीकोट गाविस-५ राहदेवका अन्दाजी २० वर्षीय भुगे कामी, सोही गाविस-५ राहदेवका २२ वर्षीय अंगबहादुर छायाललाई माओवादीको आरोपमा ०५६ कात्तिक १४ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये जोगवीर रोकायालाई ३८ हजार २ सय ५० रूपैयाँ धरौटीमा र अन्यलाई सामान्य रूपमा रिहा गरियो।

लाली गाविस-९ प्युसका ४० वर्षीय जनकबहादुर शाही, १७ वर्षीय गहुँगोरा शाही र सोही गाविस-७ का १८ वर्षीय कुलवीर शाहीलाई माओवादीको आरोपमा ०५६ कात्तिक २५ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई केही सुझावसहित रिहा गरिएको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

रोडीकोट गाविस-४ का २६ वर्षीय तिलबहादुर शाही र २५ वर्षीय वलीचन्द्र जैसीलाई राजनीतिक प्रतिशोधका कारण ०५६ जेठ ३ गते निर्वाचनको मतगणना भैरहेको अवस्थामा सिमीकोट गाविसका जयपति रोकायालगायत् ४/५ जनाले कुटपिट गरी टर्च, छाता तथा पैसा राख्ने व्यागसमेत लुटे। त्यसैगरी लाली गाविसका ३१ वर्षीय छत्र बुढाको ३ थान पुलिक र १ थान तुथाको माला लुटेर लगे।

प्रतिनिधिसभाका सांसद ३३ वर्षीय गोरखबहादुर वोगटी, पूर्व सांसद ४२ वर्षीय छक्कबहादुर लामा, रोडीकोट गाविसका ३५ वर्षीय वृषबहादुर शाही, श्रीनगर गाविसका २५ वर्षीय दलबहादुर कडेरा, सायाँ गाविसका दल रावललगायत्का व्यक्तिहरूलाई ०५६ जेठ ४ गते बेलुकी आमनिर्वाचनको विजय जुलुसमा हिँडिरहेको अवस्थामा र राति बास बसेको ठाउँ र पार्टी कार्यालयमा वरगाउँ गाविसका

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
गिरफ्तारी र यातना					२	८		८
कुटपिट	३	१०		१०				
धम्की	३	६		६				
जारी	१	१	१	२				
जातीय छुवाछूत	१	१	१	२				
जम्मा	८	१८	२	२०	२	८		८
आत्महत्या	४		४	४				
चोरी/डकैती	४	९		९				
दुर्घटनाहरू/विपत्तिहरू	१४	२१	२	२३				

रामबहादुर लामा, सिमीकोट गाविस वुराउसे गाउँका लोतेई लामा, लुकुम लामा, लालबहादुर लामालगायत्का व्यक्तिहरूको समूहले अपशब्द प्रयोग गरी गालीगलौज गर्नुको साथै ज्यानमार्ने धम्की दिए।

गोठी गाविस-३ का २९ वर्षीय नरी वुढा, २८ वर्षीय शुरवीर बुढा र ३५ वर्षीय भीमबहादुर बुढालाई आफ्नो पक्षको उम्मेद्वारलाई भोट नदिएको आरोपमा ०५६ जेठ ४ गते सोही गाविस-५ का गाविस अध्यक्ष गजेन्द्रबहादुर शाही, सोही गाविस-९ का वनरक्षक नरेन्द्रबहादुर शाही, सोही गाविसका सचिव अमरजंग शाहीलगायत्का व्यक्तिहरूले कुटपिट गरे।

श्रीमष्टा गाविस-२ पालीका ३० वर्षीय पुनिमल बुढा, सर्किदेउ गाविस-६ उनापानीका ३५ वर्षीय रामबहादुर कार्की, बराई गाविस-४ का ४८ वर्षीय मकवीर ऐडी र रोडीकोट गाविस-५ का २३ वर्षीय मेघजन शाहीलाई ०५६ असार ४ गते साँयाँ गाविसस्थित हिमज्योति मावि सर्केगाउँमा रहेको खाद्य डिपोमा खाद्य पदार्थ लिन गएको अवस्थामा गोठी गाविस-२ का वर्षबहादुर शाही, सोही गाविस-६ का मानबहादुर शाही, महेन्द्र शाही र पारसमणि शाहीले राजनीतिक पूर्वाग्रहका कारण कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

सिमिकोट गाविसका ४३ वर्षीय जयबहादुर रोकाया, खार्पुनाथ गाविसका २९ वर्षीय लोकजंग शाही, सोही गाविस याङचुका शुरवीर शाही र सिमिकोट गाविसका ३१ वर्षीय रामबहादुर लामालाई शोषक भएको आरोपमा ०५६ कात्तिक २४ गते नेकपा (माओवादी) को जिल्ला कमिटीले क्रमशः ९० हजार, ४० हजार, ९५ हजार र ९० हजार रूपैयाँ आर्थिक सहयोग गर्नुपर्ने व्यहोराको धम्कीपत्र पठायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा देवानी मुद्दाहरू ३५ वटा छन्। त्यसमध्ये ७ वटा फैसला भए भने २८ वटा बाँकी छन्। त्यसैगरी फौजदारीतर्फ यस वर्ष २१ र अघिल्लो वर्षबाट जिम्मेवारी सरिआएका १२ वटा गरी जम्मा ३३ वटामध्ये ८ वटा फैसला भई २५ वटा बाँकी रहे। सधैं जाडो, यातायातको समस्या आदिले गर्दा समयमा न्यायाधीश नपुग्ने भएकाले समयमै मुद्दा फैसला नहुने गरेका छन्।

भौगोलिक विकटता, अशिक्षा आदिले गर्दा अन्यायको विरूद्ध पीडितहरू न्यायिक निकायसमक्ष न्याय माग्न जाने चलन त्यति छैन। त्यस्ता घटनाहरू भएमा देवी देवता हेराई, धामी, झाँक्री बसी, भेटी चढाई मिलापत्र गर्ने प्रचलन अझैसम्म कायमै छ।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा २७ वटा गाविसका कुल ४ सय ४८ जना व्यक्तिहरूले आफू सुकुम्बासी भएकाले बसोबासको लागि जग्गा उपलब्ध गराइपाउँ भनी गाविस कार्यालयको सिफारिशसहित जिल्ला सुकुम्बासी समस्या समाधान आयोगमा निवेदन दिएका छन्। सुकुम्बासी भएकाले खान लाउन धौ धौ परेका कारण कतिपय विदेशिन बाध्य छन्।

हुम्ला चैर गाविस-५ का ४५ वर्षीय विशे नेपाली सुकुम्बासी भएकै कारण २ छोरा, १ छोरी र पत्नीसहित ०५६ कात्तिक २४ गते भारततर्फ लागे।

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूतसमेत

श्रीनगर गाविस-५ का २५ वर्षीय वर्षे रोकाया र सोही ठाउँकी २२ वर्षीय गोरीकला पार्कीले ०५६ कात्तिक १७ गते अन्तरजातीय विवाह गरेकोले वर्षे रोकायालाई तल्लो जातिको मान्छे भइस्, तेरो हातको पानी नै पिउँदैनौं भनी घर र समाजले घृणा गर्दा विवाद भई भारततिर जान बाध्य भए।

अतिरिक्त जानकारीहरु

साँया गाविस-७ की ३० वर्षीय गिता सिं ०५६ साउन ११ गते महिनावारी भएको अवस्थामा उनकै ४ महिनाकी छोरीसहित घर नजिकै रहेको गोठमा सुतेको बेला राति उक्त गोठमा आगलागी हुन गई दुवै जनाको मृत्यु भयो। यसबाहेक आगलागीका अन्य ४ वटा घटना भए।

रूखबाट लडेर १ जना पुरूषको मृत्यु भयो। भीरबाट खसेर १ जनाको मृत्यु भयो। बाढी पहिरोको घटना एउटा भयो। ४ जना महिलाले आत्महत्या गरे। चोरी/डकैतीको २ वटा घटना भयो। नक्कली माओवादी बनी चोरी/डकैती गरेको एउटा घटना भयो। व्यक्तिगत रिसइवीको कारणले आफूलाई माओवादी भएको बताउँदै जग्गामा रहेको गहुँ, जौं फडानी गरिएको एउटा घटना जानकारीमा आयो।



सुदूरपश्चिमाञ्चल

५.१ कैलाली

५.२ अछाम

५.३ डोटी

५.४ बाजुरा

५.५ बभ्fाङ

५.६ कञ्चनपुर

५.७ डडेलधुरा

५.८ वैतडी

५.९ दार्चुला

५.१ कैलाली

जनसंख्या	: ४१७८९१
साक्षरता प्रतिशत	: ३१.२
महिला साक्षरता प्रतिशत	: १५.७
क्षेत्रफल (वर्ग कि.मी.)	: ३२३५
गाविस/नपा संख्या	: ४२/२
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: ६००
क्याम्पस/उच्च मावि	: ३/४
अस्पताल/स्वास्थ्य चौकी	: २/४९
टेलिफोन लाइन	: २५३६
मोटर सडक (कि.मी.)	: २३७.४
प्रहरी कार्यालय संख्या	: २९
हुलाक संख्या	: ५७

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या/गोली

वलिया गाविस-४ कौवापुरका नेपाल तरूण दलका जिल्ला सदस्य तथा नेकाँका सक्रिय कार्यकर्ता ३० वर्षीय लोकराज ढकाललाई ०५५ माघ ४ गते राति घरमा सुतिरहेको अवस्थामा ३०/३५ जना जति माओवादीहरूले खुकुरी प्रहार गरी हत्या गरे।

डडेलधुरा जिल्लाका ३० वर्षीय छविराज बोहरालाई माओवादीको आरोपमा ०५६ साउन २३ गते राति नारायणपुर गाविस-६ बन्दरपुरमा प्रहरीले गोली हानी हत्या गरे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ५ वटा घटनामा ४ जना पुरूष र १ जना महिला गरी ५ जनाको हत्या भयो। जसमध्ये –

पहलमानपुर गाविस-२ का ३ वर्षीय हरि अधिकारीलाई ०५६ वैशाख १४ गते उनकै बाबु वेदनिधि अधिकारीले पारिवारिक झगडाका कारण खानामा विष मिलाई खुवाएर हत्या गरे। पीडकलाई अदालतको आदेश बमोजिम ०५६ वैशाख २८ गतेदेखि पुर्पक्षका लागि थुनामा राखिएको छ।

मालाखेती गाविस-८ तेघरीकी १७ वर्षीय लाटीदेवी दमाईलाई ०५६ साउन २५ गते उनकै पति २३ वर्षीय टीका दमाईले मदिरा सेवन गरी शारीरिक सम्पर्क गर्न खोज्दा नदिएपछि आवेगमा आई गुप्ताङ्गभित्र हात हाली आन्द्रा भुँडी निकालेर हत्या गरे। पीडकलाई ०५६ भदौ ६ गतेदेखि पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

वि.सं. १९९७ मा निर्मित कैलाली जेल "घ" श्रेणीको हो। यसको कूल क्षमता ७५ जनाको छ। हाल यहाँ १ सय ३ जना पुरूष र १२ जना महिला गरी १ सय १५ जना बन्दीहरू रहेका छन्। यसबाहेक एउटा वालक र एउटी बालिका आश्रित रूपमा रहेका छन्। बन्दीहरूमध्ये कैद तोकिएका ६० जना पुरूष र ७ जना महिला गरी ६७ जना तथा कैद नतोकिएका ४३ जना पुरूष र ५ जना महिला गरी ४८ जना रहेका छन्। यस वर्ष १ सय २८ जना बन्दीहरू जेलमा आए भने १३ जना कैद तोकिएका र ८८ जना कैद नतोकिएका गरी १ सय १ जना बन्दीहरू छुटे। जेलमा पुरूषहरूका लागि २ र महिलाहरूका लागि १ गरी ३ वटा कोठाहरू रहेका छन्। भवन पुरानो भएकाले पर्खाल चर्किएको छ। बन्दीहरूका लागि भान्सा कोठा छैन। क्षमता भन्दा बढी बन्दीहरू भएका कारण सुत्न, बस्न ज्यादै कठिनाई भैरहेको छ। संख्याको अनुपातमा चर्पीको व्यवस्था छैन। भएका चर्पीहरूमा ढोकाको व्यवस्था हुन सकेको छैन। बन्दीहरूका लागि आयमूलक तालिमको कुनै व्यवस्था छैन। खेलकुदको सामानमा क्यारेमबोर्ड बाहेक अरू छैन। केही साप्ताहिक पत्रिकाहरू पढ्नका लागि मगाउँदा प्रशासनको स्वीकृति लिनुपर्ने कुरा बन्दीहरू वताउँछन्। जेलमा डाक्टरको दरबन्दी भए पनि दरबन्दी अनुसार सेवा उपलब्ध छैन।

गिरफ्तारी र यातना

चुहा गाविस-९ चैनपुरका ३८ वर्षीय शिक्षक प्रताप थापा, उनकै भाइ २२ वर्षीय लक्ष्मण थापा, ३५ वर्षीय मोतीसरादेवी ओली, ४० वर्षीय सरूदेवी बिष्ट, १८ वर्षीय शान्तिदेवी भण्डारी, वलिया गाविस-३ का चन्दसिंह वोगटी र १८ वर्षीय राजु वोगटीलाई माओवादी गतिविधिमा संलग्न भई लोकराज ढकालको हत्यामा सामेल भएको आरोपमा ०५५ माघ ६ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूमाथि ज्यानसम्बन्धी मुद्दा लगाइएकोमा अदालतको आदेशबमोजिम साधारण तारेखमा रिहा गरियो।

अछाम जिल्ला कुइका गाविस-६ का २४ वर्षीय रामप्रसाद तिमिल्सिना र वर्दिया जिल्ला गोला गाविस-१ का ३० वर्षीय तिलक शर्मा चालिसेलाई ०५५ माघ २१ गते बसमा अछामको साँफेबगरतर्फ गैरहेको अवस्थामा माओवादीको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई हिरासतमा निर्मम यातना दिई हाल राज्य विरूद्ध अपराधसम्बन्धी मुद्दामा पुर्पक्षका लागि थुनामा राखिएको छ।

टीकापुर नपा-६ का शिक्षक ५२ वर्षीय यज्ञमूर्ति अर्याल, सोही ठाउँका ३० वर्षीय विष्णुप्रसाद कोइराला र ६० वर्षीय मेघराज आचार्यलाई माओवादीको आरोपमा ०५५ माघ २६ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा कडा शारीरिक यातना दिए। पीडितहरूलाई राज्यविरूद्धको अपराध सम्बन्धी मुद्दा चलाई ०५५ फागुन २४ गते धरौटी जमानीमा रिहा गरियो। पीडित मेघराज आचार्यलाई प्रहरीले पुनः गिरफ्तार गरी शान्ति सुरक्षासम्बन्धी मुद्दामा थुनामा राखिएको छ।



माओवादीद्वारा हत्या गरिएका लोकराज ढकाल

चुहा गाविस-९ चैनपुर घर भई वलिया गाविस-३ स्थित प्राविका शिक्षक ३८ वर्षीय प्रताप थापालाई ०५५ चैत २१ गते



वन कार्यालयको हिरासतमा आठ जना अट्ने कोठामा २१ जना बन्दी

ज्यानसम्बन्धी मुद्दामा अदालतमा हाजिर भई जेलमा रहेका आफन्तहरूलाई भेट गर्न जेलमा गएको अवस्थामा माओवादीको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितलाई डाँका चोरीसम्बन्धी मुद्दा लगाई पुर्पक्षका लागि थुनामा राखिएकोमा अदालतको आदेशबमोजिम ०५६ असोज २ गते तारेखमा रिहा गरियो।

टीकापुर नपा कार्यालयमा कार्यरत सोही नपा-९ का ४० वर्षीय भिख्खु चौधरीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५६ वैशाख ११ गते प्रहरीले गिरफ्तार गरेकोमा रिहा गरिएको छ।

वलिया गाविस-६ चौटीका २० वर्षीय नगी वडुवाललाई माओवादी क्रियाकलापमा संलग्न भएको आरोपमा ०५६ वैशाख २८ गते प्रहरीले गिरफ्तार गरी ३ दिनपछि तारेखमा रिहा गरे।

उर्मा गाविस-७ का २९ वर्षीय रामभरोसे चौधरी, सोही ठाउँका ३२ वर्षीय पतिराम चौधरी, ३४ वर्षीय चक्र चौधरी, २९ वर्षीय कृष्णबहादुर धामी र २१ वर्षीय तिलवहादुर भूललाई वन अतिक्रमण गरेको आरोपमा ०५६ जेठ २१ गते वन सुरक्षा गस्तीले गिरफ्तार गरी हिरासतमा यातना दिए। सबैलाई रिहा गरिएको छ।

डडेलधुरा जिल्ला आलीताल गाविस-२ का ५१ वर्षीय वासुदेव जैसी, कैलाली जिल्ला चौमाला गाविस-४ का ५० वर्षीय गाँजले राजी, ५५ वर्षीय मोती राजी, ५५ वर्षीय शिवलाल राजी र ४५ वर्षीय सुब्बा राजीलाई ०५६ असार २४ गते वन अतिक्रमण गरेको आरोपमा वन सुरक्षाकर्मीहरूले गिरफ्तार गरी जिल्ला वन कार्यालयको हिरासतमा नाङ्गै पारी यातना दिए।

टीकापुर नपा-८ का शिक्षक २५ वर्षीय चित्रबहादुर चौधरी, सोही ठाउँका २८ वर्षीय प्रेम चौधरी, केदार चौधरी, चन्द्र भण्डारी, सोही नपा-२ का वरेलाल चौधरी, नारायणपुर गाविस-९ का सुखबहादुर सावद र मुनुवा गाविस-९ का ३० वर्षीय गोबरधन चौधरीलाई माओवादीको आरोपमा ०५६ साउन २४ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये केहीलाई अर्को दिन रिहा गरियो भने केदार र प्रेमलाई केही दिन हिरासतमा राखी रिहा गरियो। चित्रबहादुरलाई ०५६ भदौ २ गतेदेखि शान्ति सुरक्षा सम्बन्धी मुद्दामा पुर्पक्षका लागि थुनामा राखिएको छ।

थापापुर गाविस-३ का ५१ वर्षीय कुलराज ज्ञवालीलाई माओवादीको आरोपमा ०५६ साउन २८ गते घरबाटै प्रहरीले गिरफ्तार गरे। पीडितलाई शान्ति सुरक्षासम्बन्धी मुद्दा लगाई ०५६ भदौ २ गतेदेखि थुनामा राखिएको छ।

वौनिया गाविस-१ का ३० वर्षीय मोतिराम कठरिया र राजकुमार कठरियालाई माओवादीको आरोपमा ०५६ साउन ३१ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये राजकुमारलाई भदौ ८ गते रिहा गरियो भने मोतिरामलाई आत्मसमर्पण गरेको कागज बनाई रिहा गरियो।

मुनुवा गाविस-९ का मुनुवा पशु केन्द्रका इन्चार्ज ४८ वर्षीय प्रेमलाल श्रेष्ठलाई माओवादी भएको आरोपमा ०५६ भदौ १ गते प्रहरीले घरबाट इलाका प्रहरी कार्यालय टीकापुरमा बोलाई गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालयले कागज गराई भदौ ७ गते रिहा गर्‍यो।

टीकापुर गाविस-९ की रूपाकुमारी चौधरीलाई माओवादीको आरोपमा ०५६ भदौ १५ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई डाँका चोरी मुद्दा लगाई ०५६ असोज ६ गतेदेखि थुनामा राखिएको छ।

पवेरा गाविस-८ का सीताराम चौधरीलाई माओवादीको आरोपमा ०५६ भदौ २५ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई डाँका चोरी मुद्दामा अदालतको आदेशबमोजिम ०५६ असोज ६ गतेदेखि थुनामा राखिएको छ।

जानकीनगर गाविस-९ का २६ वर्षीय रगबहादुर रोकाय, सोही गाविस-८ का फूलराम चौधरी र सोही गाविस-६ का टंकप्रसाद चौधरीलाई माओवादीको आरोपमा ०५६ असोज ६ गते प्रहरीले गिरफ्तार गरी ३ दिनपछि तारेखमा रिहा गरे।

टीकापुर नपा-९ का ३२ वर्षीय शेखर शर्मा, ३० वर्षीय विष्णुप्रसाद कोइराला र टीकापुर मालपोत कार्यालयमा कार्यरत चन्द्रसिंह वोगटीलाई माओवादी क्रियाकलापमा संलग्न भएको आरोपमा ०५६ असोज ६ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ११ दिनसम्म हिरासतमा राखी ०५६ असोज १७ गते तारेखमा रिहा गरियो।

वसौटी गाविस-५ का १८ वर्षीय पतिराम चौधरी र १९ वर्षीय भागीदास चौधरीलाई माओवादीको आरोपमा ०५६ कात्तिक २५ गते घरबाटै प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये भागीदासलाई तारेखमा रिहा गरियो भने पतिरामलाई शान्ति सुरक्षा ऐनअन्तर्गत ०५६ मसिर ३ गतेदेखि पुर्पक्षका लागि थुनामा राखिएको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

साँडेपानी गाविस-२ का नेकाँका सक्रिय सदस्य २९ वर्षीय एकेन्द्रबहादुर विष्टलाई राजनीतिक विवादका कारण ०५६ जेठ ३ गते साँझ सुख्खावजारमा ३०/३५ जना राप्रपाका कार्यकर्ताहरूले कुटपिट गरे।

धनगढी नपा-३ का २४ वर्षीय विष्णुप्रसाद शर्मा, ४० वर्षीय मोती चौधरी, ३८ वर्षीय मोती चौधरी, २७ वर्षीय शंकरप्रसाद चौधरी, ३० वर्षीय रामप्रसाद चौधरी र २५ वर्षीय हिउटा चौधरीलाई ०५६ असार २१ गते त्रिनगर प्रहरी चौकीका असई नैनबहादुर सावदले कार्यालयमा बोलाई ज्यानमार्ने धम्की दिई कुटपिट गरे। असार १९ गते राति सोही प्रहरी चौकीका प्रहरी जवान तिलकबहादुर चन्दले मदिरा सेवन गरी निवस्त्र भई गाउँमा आतंक मच्चाएका कारण गाउँलेहरूले समाति सम्बन्धित

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	६	५	१	६				
गोलीद्वारा हत्या					१		१	१
गिरफ्तारी र यातना					१८	४३	४	४७
कुटपिट	४	५	१	६				
धम्की	३	७		७	३	१३	२	१५
भेला र संगठित हुने अधिकार	१	१		१				
महिला किनबेच	२		२	२				
बलात्कार	३		३	३	१		१	१
बलात्कार प्रयास	१		१	१				
बहुविवाह	१		१	१				
गर्भपतन	२		२	२				
पारिवारीक हिंसा	१		१	१				
महिला भएकै कारण यातना	१		१	१				
बाल अधिकार	३	२	१	३				
जम्मा	२८	२०	१४	३४	२३	५६	८	६४
लाश फेला	२	२		२				
आत्महत्या	८६	४२	४४	८६				
चोरी/डकैती	१५	१४	१	१५				
दुर्घटनाहरू/विपत्तिहरू	४१	३२	९	४१				

कार्यालयमा कार्वाहीका लागि उजुरी दिएकाले पीडितहरूलाई कुटपिट गरिएको थियो।

दरख गाविस-१ कृतिपुरका तेजबहादुर मल्ललाई ०५६ साउन १७ गते राति २०/२५ जना माओवादीहरूले हातहतियार देखाई ज्यानमार्ने धम्की दिई १ थान चाँदीको माला, ३ थान हतियार पास बुक र केही कागजपत्रहरू लुटेर लगे।

धनगढी नपा-७ वेलीगाउँका ३५ वर्षीय घम्मा राना, ४० वर्षीय भद्र राना, २६ वर्षीय रामकुमार चौधरी, २८ वर्षीय विपदीपा राना र १८ वर्षीय वाँस्मति रानालाई ०५६ साउन २६ गते राति उर्मास्थित कनरी चौकीका प्रहरी जवान ३० वर्षीय प्रेमबहादुर भण्डारीलगायत् ७/८ जना प्रहरीहरूको समूहले ज्यानमार्ने धम्की दिँदै कुटपिट गरे। पीडकहरूलाई कारवाही भएन।

धनगढी नपा-८ जालीका ठगराम चौधरीलाई ०५६ भदौ १६ गते राति १४/१५ जना माओवादीहरूले हतियार देखाउँदै ज्यानमार्ने धम्की दिँदै २ थान हतियारसहित करिव ४५ हजार रूपैयाँ बराबरको धनमाल लुटेर लगे।

हसुलियास्थित वसन्ता वन रेन्जर पोष्टका रेन्जर तथा नेपाल रेन्जर संघका केन्द्रीय उपाध्यक्ष ५४ वर्षीय भुवन चन्द, सोही पोष्टका ३५ वर्षीय हवल्दार पदमबहादुर वोगटी र सशस्त्र वन रक्षक ३५ वर्षीय जयराम चौधरीलाई ०५६ असोज ५ गते साँझ ३०/३५ जना अज्ञात व्यक्तिहरूको समूहले हतियार देखाई कुटपिट गर्दै हतियार माग गरे। पीडितहरूले हतियार नभएको बताउँदा कार्यालयमा मट्टितेल छर्किई आगोसमेत लगाए र एउटा रेडियो र केही लगाउने कपडा लुटे। पीडकहरू माओवादी भएको आशंका गरिएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा सरकारवादी फौजदारी ५५, दुनियावादी फौजदारी १ सय ६ र दुनियावादी देवानी ३ सय ३९ गरी ५ सय मुद्दा दर्ता भए, जसमध्ये सरकारवादी फौजदारी २३, दुनियावादी फौजदारी १३ र दुनियावादी देवानी ७३ गरी १ सय ९ फर्स्यौट भई ३ सय ९१ विचाराधीन अवस्थामा रहेका छन्। एक वर्षदेखि फैसला हुन बाँकी सरकारवादी फौजदारी १५, दुनियावादी फौजदारी २५ र दुनियावादी देवानी ६७ गरी १ सय ७ रहेका छन्।

जिल्ला प्रशासन कार्यालयमा यस वर्ष जम्मा २० वटा मुद्दा दर्ता भए, जसमा साधारण अपराध ११ मध्ये ३ फर्स्यौट, हातहतियारसम्बन्धी ८ वटा दर्ता भई ३ फर्स्यौट र चोरी १ वटा परी सो फर्स्यौट भई जम्मा १३ वटा बाँकी रहे।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

रतनपुर गाविस-४, ७, ८ र ९ का २७ वर्षीय लवरू थारू, ३६ वर्षीय लक्ष्मी चौधरी, २८ वर्षीय रामबहादुर चौधरी, ३० वर्षीय रामविलाश चौधरीलगायत् ६८ जना सुकुम्बासीहरूले ०२९ सालदेखि सुकुम्बासीको रूपमा जोतखन गर्दै आएको जग्गा सुकुम्बासी समस्या समाधान आयोगले ०५५ सालमा बाढीपीडितको नाममा पूर्वाग्रही भई अन्यत्रका ४६ जना व्यक्तिको नाममा नापी गराई जग्गा वितरण गरेपछि वास्तविक सुकुम्बासीहरू घरबारविहीन भएकाले ०५६ मंसिर २६ गते उक्त निर्णयको विरोध गर्दै जिल्ला प्रशासन कार्यालयमा एक ज्ञापन पत्र बुझाए।

महिला अधिकार

धनगढी नपा-१ की १५ वर्षीय एक बालिकालाई ०५५ पुस १७ गते सोही ठाउँका दिपेन्द्र भट्ट, सुरेन्द्र भट्ट र भगवती भट्टले ललाई फकाई भारत लगी बिक्री गर्ने प्रयास गरे। पीडकहरूबीच पैसाको विषयलाई लिएर विवाद हुँदा पीडितले थाहा पाई पीडकहरू विरूद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। पीडकहरूलाई ०५६ असोज ९ गते अदालतले तारेखमा छोड्यो।

बाँके जिल्ला बैवापुर गाविस-८ की २२ वर्षीय विमलीदेवी बाँधीलाई ०५५ साउन १३ गते वलिया गाविस-५ का ३० वर्षीय फिरू राना, २२ वर्षीय कोकिला वाँधी, २८ वर्षीय ज्ञानु रानाले भारतको बम्बै लगी ५० हजार रूपैयाँमा विक्री गरेकोमा पीडित नेपाल फर्कन सफल भई ०५६ असार ३ गते पीडकहरूविरूद्ध

जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको उजुरीपश्चात् प्रहरीले ०५६ असार १२ गते पीडकहरूमध्ये ज्ञानु र कोकिलालाई गिरफ्तार गरी तारेखमा रिहा गरे भने मुख्य पीडक फिरू राना फरार छ।

रतनपुर गाविस–७ की २७ वर्षीय एक महिलालाई ०५६ चैत १७ गते सोही गाविस रामपुरस्थित प्रहरी चौकीका असई भीमबहादुर चन्दसहित चार जना प्रहरीले घरबाट गिरफ्तार गरेर प्रहरी चौकीमा लगी बलात्कार गरे। पीडकहरूमाथि कुनै कारवाही भएन।

धनगढी नपा–१२ जुगेडाकी ७ वर्षीय एक बालिकालाई ०५६ साउन २० गते सोही नपाका ३० वर्षीय सुनिलकुमार मिश्रले त्रिनगर माविपछाडि लगी बलात्कार गर्ने प्रयास गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

उर्मा गाविस–३ कनरीकी ९ वर्षीय एक बालिकालाई ०५६ साउन २१, २२ र २३ गते उनकै सहोदर काका २७ वर्षीय भीमबहादुर रोकायले धम्की दिँदै बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

चौमाला गाविस–६ की १८ वर्षीय एक युवतीलाई ०५६ असोज २० गते सोही गाविसका २७ वर्षीय गणेशबहादुर दिवाकोटीले आफ्नै मिलमा आएको बेला मिलभित्रै बलात्कार गरे। पीडक फरार छ।

प्रतापपुर गाविस–४ की १२ वर्षीय आँखा नदेख्ने एक बालिकालाई ०५६ कात्तिक ५ गते सोही गाविसका ध्वजबहादुर बमले घरमा आई घरभित्रै बलात्कार गरे। पीडक फरार छ।

यस वर्ष यो जिल्लामा पारिवारिक हिंसाको एउटा र बहुविवाहको एउटा घटना जानकारीमा आए। महिला भएकै कारणले दिइने अमानवीय व्यवहारका एउटा घटनामा एक जना महिला पीडित भइन्। गर्भपतनका २ वटा घटना भए। जसमध्ये –

धनगढी नपा–३ बोडाँडीकी पदमा गिरीलाई ०५६ जेठ ३१ गते उनकै पति ३२ वर्षीय ध्रुवराज गिरीले ज्यानमार्ने धम्की दिई कुटपिट गरे। कुटपिटकै कारण पीडित बोल्न, खान नसक्ने स्थिति भई उपचार गर्नुपरेको थियो। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा रिहा गरिएको छ।

धनगढी नपा–७ की १६ वर्षीय सीताकुमारी चौधरीसँग मसुरिया मरूदिउवा गाउँका शिक्षक २६ वर्षीय भीमबहादुर देउवाले विवाह गर्ने भनी फकाएर अनुचित सम्बन्ध राखेकोमा बच्ची जन्मेपछि स्वीकार गरेनन्। पीडितले कारवाहीका लागि उजुरी गरे पनि ०५६ भदौ १५ गतेसम्म पीडकमाथि कुनै कारवाही नहुँदा बच्चालाई माइतीमै राख्न बाध्य छिन्।

बलिया गाविस–१ की २१ वर्षीय मदन भण्डारीलाई ०५६ मंसिर २३ गते सोही ठाउँका १९ वर्षीय प्रकाश थापाले बाटो सम्बन्धी विवादलाई लिएर कुटपिट गर्दा गर्भमा रहेको ८ महिनाको बच्चाको मृत्यु भयो। पीडितलाई ३ दिनपछि नेपालगंज अस्पतालमा लगी गर्भपतन गराउनु परेको थियो र ९ दिनसम्म उनको उपचार भयो। पीडकलाई प्रहरीले गिरफ्तार गरी ३ दिनपछि रिहा गरे।

बालअधिकार (बालबालिका उपरको अत्याचार)

उदासीपुर गाविस–४ की ३५ वर्षीय पुलियादेवी चौधरीले चौमाला गाविस–१ का २५ वर्षीय छोटेलाल चौधरीसँगको अवैध यौन सम्बन्धका कारण गर्भ रहन गई ०५५ माघ २७ गते जन्मेको बच्चा बेवारिसे अवस्थामा छोडेका कारण बच्चाको मृत्यु भयो। पुलियादेवीलाई पुर्पक्षका लागि थुनामा राखिएको छ भने छोटेलालले स्वीकार नगरेका कारण कुनै कारवाही चलाइएको छैन।

मुनुवा गाविस–२ कञ्चनपुरकी ११ वर्षीय आरती चौधरीलाई ०५६ जेठ १५ गते उनका मालिक/मालिक्नी ललितपुर उपमनपा–२ कुपण्डोल घर भई धनगढी नपा–५ हसनपुर बस्ने ३५ वर्षीय शेरजंग राणा र उनकै पत्नी २२ वर्षीय बिन्दु राणाले काम गर्न नसक्दा अमानवीय ढंगले कुटपिट गरी सख्त घाइते बनाए। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरेकोमा ०५६ असार २६ गते २/२ हजार रूपैयाँ धरौटी जमानीमा रिहा गरियो भने पीडितलाई प्रहरीको सक्रियतामा उनको घरमा पठाइयो।

आर्थिक अधिकार

बलिया गाविस–८ का ९ वर्षीय सितालाल चौधरीले आफ्नो बाबुको अंशवापत पाउनु पर्ने ५ विगाहा ७ कट्ठा १० धुर जग्गा ०५६ भदौ २३ गते सोही गाविस–५ का पूर्व गाविस अध्यक्ष बलरामसिंह राठौर, सोही गाविसका चन्द्रप्रकाश सिंह राठौर, चुडामणी भण्डारी, हुर्मन चलाउने, दलबहादुर के.सी. र कर्णबहादुर बमले स्थानीय व्यक्तिहरूसहित टीकापुर मालपोत कार्यालयका प्रमुखसहितको मिलेमतोमा ललाई फकाई बाँडफाँड गरी आ–आफ्नो नाममा गराए। स्थानीय बुद्धिजीवी, राजनीतिक पार्टीहरूको सर्वदलीय समिति गठन गरी घटनाको बारेमा जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए पनि कुनै कारवाही भएको छैन।

अतिरिक्त जानकारीहरु

फूलबारी गाविस–२ स्थित ग्रामीण विकास बैंक कार्यालयमा ०५५ चैत १२ गते राति अज्ञात व्यक्तिहरूको एक समूहले तोडफोड गरी आगो लगाए। उक्त समूह माओवादी भएको आशंका गरिएको छ।

जनकीनगर गाविस–२ वडरियास्थित साना किसान बैंक कार्यालयमा ०५६ असोज ५ गते राति माओवादीहरूको एक समूहले तोडफोड गरी आगो लगाउनुका साथै साना किसानका लालपूर्जा र केही कागजात लुटे।

यस वर्ष व्यक्तिगत रिसइबीको कारणले भएका कुटपिटका ५ वटा घटनामा ४ जना पुरूष र १ जना महिला पीडित भए। चोरी डकैतीका १५ वटा घटना भए। दुर्घटना तथा विपत्तिका ४१ वटा घटनामा ३२ पुरूष र ९ महिला पीडित भए। ४२ पुरूष र ४४ महिला गरी ८६ जनाले आत्महत्या गरे। दुई पुरूषको बेवारिसे लास फेला पऱ्यो।

५.२ अछाम

जनसंख्या	: १९८१८८
साक्षरता प्रतिशत	: २५
महिला साक्षरता प्रतिशत	: ५.१
क्षेत्रफल (वर्ग कि.मी.)	: १६८०
गाविस/नपा संख्या	: ७५/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३२९
क्याम्पस/उच्च मावि	: २/३
अस्पताल/स्वास्थ्य चौकी	: २/७५
टेलिफोन लाइन	: १२६
मोटर सडक (कि.मी.)	: १८०
प्रहरी कार्यालय संख्या	: १५
हुलाक संख्या	: ६२

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

कालिकोट जिल्ला कोटवाडा गाविस-२ का २५ वर्षीय पंखबहादुर बिष्ट, २१ वर्षीय टेकबहादुर बिष्ट, २० वर्षीय गंगाबहादुर बिष्ट, सोही गाविस-१ का २१ वर्षीय कम्भरबहादुर बिष्ट र सोही गाविस-४ का २२ वर्षीय अम्मरबहादुर बिष्टलाई ०५५ माघ २५ गते बेलुका बारला गाविसको नैनेलमाण्डुमा बास बसिरहेको अवस्थामा माओवादीको आरोपमा प्रहरीले गोली हानी हत्या गरे। पीडितहरूको लास प्रहरीले कर्णाली नदीमा फालेकोमा आफन्तहरूले झिकेका थिए।

कालेकाँडा गाविस-५ का करिब २८ वर्षीय नौराज भाटलाई माओवादीको आरोपमा ०५६ असोज १० गते राति सोही गाविस-१ को चिल्तडा बजारबाट प्रहरीले गिरफ्तार गरी हत्या गरे। पीडितको लास ७ दिनपछि बारला गाविसको सिमाना ओदालतडामा कर्णाली नदीको छेउमा फेला पऱ्यो। तर प्रहरी प्रशासनले एकजना अपरिचित माओवादीको हत्या भएको र नौराज भाटको विषयमा थाहा नभएको बतायो।

कालिकोट जिल्ला मालकोट गाविस-३ का अन्दाजी ४९ वर्षीय टेकबहादुर शाहीलाई सुराकी गरेको आरोपमा ०५६ असोज १० गते साँझ कालेकाँडा गाविस-१ को चिल्तडा बजारमा बसेर रेडियो सुनिरहेको अवस्थामा माओवादीहरूले खुकुरी प्रहार गरी हत्या गरे।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ३ वटा घटनामा ४ जना पुरूषको हत्या भयो। जसमध्ये -

कालिका गाविस-१ का ३६ वर्षीय अम्मरे कडारालाई घर बनाउँदा ढोका बनाउने कुरामा विवाद हुँदा ०५५ फागुन ५ गते सोही गाविस-२ का ३० वर्षीय मिनबहादुर रावलले गर्धनमा बञ्चरो प्रहार गरी हत्या गरे। पीडक भागी भारत गएको छ।

जेल र बन्दीहरु

"घ" श्रेणीको अछाम जेलको बन्दी क्षमता २५ जनाको हो। यस वर्षको अन्तिमसम्ममा यहाँ २२ जना पुरूष र ६ जना महिला गरी २८ जना बन्दीहरू रहेका छन्। यसबाहेक १ जना आश्रित नाबालक पनि रहेको छ। बन्दीहरूमध्ये डाँकाचोरीमा ९, कर्तव्य ज्यानमा १२, ज्यानमार्ने उद्योगमा ३, जबर्जस्ती करणीमा २, शिशु हत्यामा १ र गर्भपतनमा १ जना रहेका छन्। बन्दीहरूमध्ये १० जना पुरूष र १ जना महिला गरी ११ जना कैद नतोकिएका तथा १२ जना पुरूष र ५ जना महिला गरी १७ जना कैद तोकिएका बन्दीहरू रहेका छन्। जेलको भौतिक सुविधामा खासै सुधार भएको छैन। यस जेलमा सबैभन्दा मुख्य समस्याको रूपमा खानेपानी रहेको छ। स्वच्छ खानेपानी नभएको खाली पाइप मात्र छ, त्यो पनि नियमित रूपमा पानी नआउने गरेको बन्दीहरू बताउँछन्।

गिरफ्तारी र यातना

ठाँटी गाविस-५ का २९ वर्षीय दाने नेपालीलाई ०५६ भदौ १ गते राति भारतको दिल्लीबाट नोकरी गरिआएको बेला सिद्धेश्वर गाविसको साँफेबगर हाट बजारमा एक होटलमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। प्रहरीले आफूसँग रहेको ४० हजार रूपैयाँ पनि लुटेको पीडितले बताए। पीडितले जिप्रकामा उजुरी दिए पनि पीडकलाई कुनै कारवाही भएको छैन।

बाब्ला गाविस-३ का ३३ वर्षीय मैपति वटालालाई ०५६ भदौ २३ गते भारतबाट आइरहेको अवस्थामा भारतबाट रूपैयाँ चोरी गरी ल्याएको आरोपमा दुनी गाविसको चौखुट्टेबाट प्रहरीले गिरफ्तार गरी साँफे प्रहरी चौकीमा ल्याई निर्मम यातना दिए। पीडितलाई २ दिनपछि रिहा गरियो।

बयाला गाविस-९ का ४२ वर्षीय दिलबहादुर बूढालाई ०५६ असोज २२ गते राति कमलबजारको हवाई कार्यालयमा चौकीदारी गरिरहेको बेला प्रहरीले गिरफ्तार गरी चौकीमा लगेर निर्मम यातना दिए। पीडितले आफ्नो कार्यालयमा चौकीदारी गरिरहेको बेला प्रहरीलाई नचिनी कार्यालयभित्र आउन नदिएपछि उनलाई रक्सी सेवन गरी गाली गरेको आरोप लगाइएको थियो। कार्यालयका ठेकेदार र स्थानीय जनताको दबाबमा उनलाई सोही राति रिहा गरियो।

बाटुलासैन गाविस-८ का ४८ वर्षीय कृष्ण प्राविका प्रधानाध्यापक हर्कबहादुर बिष्ट, सोही ठाउँका २१ वर्षीय

अछाम जेलका बन्दीहरु

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	५		५				
गोलीद्वारा हत्या					२	६		६
गिरफ्तारी र यातना					४	७		७
कुटपिट	७	१२	१	१३	१	२		२
धम्की	१		३	३				
स्वतन्त्र र निष्पक्ष चुनाव	१	२		२				
बहुविवाह	१		१	१				
गर्भपतन	२		२	२				
पारिवारीक हिंसा	१		१	१				
जम्मा	१७	१९	८	२७	७	१५		१५
आत्महत्या	२	२		२				
दुर्घटनाहरू/विपत्तिहरू	२	२	३	५				

टेकवहादुर विष्ट, १९ वर्षीय लोकवहादुर विष्ट र सोही गाविस-४ का ६० वर्षीय वजिरसिंह कामीलाई माओवादीको आरोपमा ०५६ कात्तिक ७ गते प्रहरीले घरेवाट गिरफ्तार गरी प्रहरी चौकीमा निर्मम यातना दिए। पीडितहरूलाई कात्तिक १३ गते हाजिरी जमानीमा रिहा गरियो।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जाल्पादेवी गाविसका ५१ वर्षीय भूपू सांसद बलवहादुर कुवँर, गाँज्रा गाविस-२ का १९ वर्षीय निरक खड्का र बाव्ला गाविस-३ का २३ वर्षीय प्रेम वटाला ०५६ वैशाख ४ गते नेकपा (एमाले) र नेकाँका कार्यकर्तावीच झडप हुँदा सख्त घाइते भए। प्रहरीले ऋषिदह गाविसका अध्यक्ष कर्णवहादुर बूढालगायत् १०/१२ जनालाई गिरफ्तार गरेकोमा तारेखमा रहने गरी धरौटीमा रिहा गरियो।

मष्टामाण्डौ गाविस-२ का २९ वर्षीय पूर्णवहादुर कुवँर र सोही गाविस-१ का २६ वर्षीय ज्ञानेन्द्र रावललाई राजनीतिक प्रतिशोधका कारण ०५६ वैशाख ५ गते साँफेवगरको वजारमा वसिरहेको अवस्थामा वजिनाथ गाविसका वमवहादुर शाहलगायत्का ४०/५० जनाको समूहले कुटपिट गरे।

लुंग्रा गाविस-६ का ३१ वर्षीय टेकवहादुर खड्का र सोही गाविस-४ का ३५ वर्षीय दलवहादुर खड्कालाई राजनीतिक प्रतिशोधका कारण ०५६ वैशाख ६ गते साँझ सोही गाविस-५ सल्लीकोटमा सोही गाविसका अध्यक्ष ३२ वर्षीय टेकवहादुर खड्कालगायत् ५०/६० जनाको समूहले हतियार प्रहार गरी घाइते वनाए।

वाटुलासैन गाविस-४ का २३ वर्षीय गोरखवहादुर खत्री र ३६ वर्षीय मिनवहादुर खत्रीलाई ०५६ कात्तिक ६ गते राति ८ वजेतिर आफ्नै घरमा वसिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरी सख्त घाइते वनाए। पीडितहरूको उपचार काठमाण्डौमा भयो।

ऋषिदह गाविस-६ का ३१ वर्षीय प्रेम धामी र १६ वर्षीय मन्नाजे धामीलाई ०५६ मंसिर १५ गते क्रमशः भैंसी गोठ र पसलमा वसिरहेको वेला प्रहरीले गोली हान्ने धम्की दिँदै वन्दूकको कुन्दाले कुटपिट गरे। आफूहरूलाई माओवादीको आरोप लगाउँदै आफ्नो पसलवाट प्रहरीले विना पैसा चाउचाउ खाएको मन्नाजेले वताए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

वाव्ला गाविस-३ का २० वर्षीय वीरवहादुर वटाला र २१ वर्षीय अमै वटालालाई ०५६ जेठ ३ गतेको आमनिर्वाचनमा मतदानको लागि लाइनमा वसेको वेला सोही ठाउँका २१ वर्षीय देववहादुर विष्टलगायत् ३०/४० जनाको समूहले कुटपिट गरी मतदान गर्न दिएनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा तीन वर्षे र दुई वर्षे मुद्दा छैनन्। १ वर्षमा नछिनिएको ज्यान मुद्दा एउटा रहेको छ। यस वर्ष दर्ता भएका मुद्दाहरूमा गर्भपतन १, करणी १ तथा डाँकाचोरी ३ रहे। त्यसैगरी सरकारवादी फौजदारी १३ वटामध्ये ४ फर्स्योट भई ९ वाँकी, दुनियावादी फौजदारी १० वटामा ६ फर्स्योट भई ४ वाँकी, गाली वेइज्जती ८ वटामा ५ फर्स्योट भई ३ वाँकी र संक्षिप्त लागत ४ वटामा १ फर्स्योट भई ३ वाँकी रहेका छन्।

महिला अधिकार

यस वर्ष यो जिल्लामा पारिवारिक हिंसाको एउटा घटनामा एकजना महिला पीडित भएको र गर्भपतनका २ वटा घटना भए भने एकजनाले वहुविवाह गरेको घटना जानकारीमा आयो।

अतिरिक्त जानकारीहरु

व्यक्तिगत रिसइवीका कारण भएका कुटपिटका ३ वटा घटनामा ३ पुरुष र १ महिला पीडित भए। २ जना पुरुषले आत्महत्या गरे। दुर्घटनामा २ जना पुरुष र ३ जना महिला गरी ५ जना पीडित भए।

५.३ डोटी



जनसंख्या : १६७१६८
साक्षरता प्रतिशत : २९.९
महिला साक्षरता प्रतिशत : १०.९
क्षेत्रफल (वर्ग कि.मी.) : २०२५
गाविस/नपा संख्या : ५०/१
निर्वाचन क्षेत्र : २
विद्यालय : ३६८
क्याम्पस/उच्च मावि : १/५
अस्पताल/स्वास्थ्य चौकी : १/५१
टेलिफोन लाइन : ५०९
मोटर सडक (कि.मी.) : ११२
प्रहरी कार्यालय संख्या : १२
हुलाक संख्या : ५३

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या/गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ४ वटा घटनामा २ जना पुरूष र २ जना महिला गरी ४ जनाको हत्या भयो। जसमध्ये –

वगलेक गाविस-५ का ३२ वर्षीय धौलीदेवी ठगुन्नालाई अन्य व्यक्तिसँग अनुचित यौन सम्वन्ध कायम गरेको आरोपमा ०५६ भदौ २० गते उनकै पति ४५ वर्षीय स्वले ठगुन्नाले लौरोले हिर्काई हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

वि.सं. १९९६ मा स्थापना भएको "ग" श्रेणीको डोटी जेलको बन्दी क्षमता ४५ जनाको छ। यस वर्षको अन्त्यमा यहाँ २६ जना बन्दी मात्र रहेका छन्। यस जेलमा महिला बन्दी छैनन्। बन्दीहरूमध्ये कैद नतोकिएका ४ जना र कैद तोकिएका २२ जना छन्। जेल एकदमै जीर्ण अवस्थामा रहेकाले एकातर्फ कुनै पनि बेला भत्कन सक्ने खतरा रहेको छ भने अर्कोतर्फ बन्दीहरू भाग्न सक्ने सम्भावना पनि छ। जेलमा डाक्टरको दरवन्दी भए पनि डाक्टर नहुँदा बन्दीहरूको औषधी उपचार जिल्ला अस्पतालमै गर्नु पर्दछ।

गिरफ्तारी र यातना

दीपायल सिलगढी नपा-५ का २७ वर्षीय लालवहादुर भण्डारीलाई ०५६ असोज ३ गते जिल्ला प्रहरी कार्यालयका असई प्रेमबहादुर खड्काले आफूलाई गाली गरेको आरोपमा गिरफ्तार गरी जिप्रकामा कुटपिट गरे। पीडितलाई धरौटीमा रिहा गरियो।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

आम निर्वाचनको क्रममा ०५६ जेठ ३ गते नेकाँका कार्यकर्ताहरूले मतदाताहरूलाई मतदान गर्नबाट वञ्चित गरे। लाटामाण्डौ, गिगोडामाण्डौ र वारवारा गाविसमा वुथ कब्जा गरी मतदातालाई आफ्नो मताधिकार गर्नबाट वञ्चित गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको जिल्ला अदालतमा यस वर्ष ९५ वटा मुद्दा दर्ता भएकोमा ४२ वटा फर्स्योट भई ५३ वटा बाँकी रहे। तीमध्ये दुनियावादी देवानी ७७ वटा दर्ता भएकोमा ३५ वटा फर्स्योट भई ४२ बाँकी, सरकारवादी फौजदारी ३ र दुनियावादी फौजदारी १० गरी १३ वटा दर्ता भएकोमा ३ वटा फर्स्योट भई १० वटा बाँकी रहेका छन्।

त्यसैगरी जिल्ला वन कार्यालयमा वनसम्बन्धी ७ वटा मुद्दा दर्ता भएकोमा ७ वटै फर्स्योट हुन बाँकी छन्।

महिला अधिकार

यस वर्ष यो जिल्लामा महिला भएकै कारणले दिइने अमानवीय व्यवहारका २ वटा घटनामा २ जना महिला पीडित भएको र एउटा गर्भपतनको घटना जानकारीमा आयो।

अतिरिक्त जानकारीहरु

व्यक्तिगत रिसइवीका कारणले भएका कुटपिटका ६ वटा घटनामा ५ जना पुरूष र १ जना महिला गरी ६ जना पीडित भए। आत्महत्याका ६ वटा घटनामा २ जना पुरूष र ४ जना महिला पीडित भए। दुर्घटना/विपत्तिका १० र चोरी/डकैतीका २ वटा घटनाहरू भए।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	२	२	४				
गिरफ्तारी र यातना					१	१		१
कुटपिट	६	५	१	६				
गर्भपतन	१		१	१				
महिला भएकै कारण यातना	२		२	२				
जातीय छुवाछूत	१	१		१				
जम्मा	१४	८	६	१४	१	१		१
आत्महत्या	६	२	४	६				
चोरी/डकैती	२	२		२				
दुर्घटनाहरू/विपत्तिहरू	१०	५	५	१०				

५.४ बाजुरा



जनसंख्या	९२०१०
साक्षरता प्रतिशत	२७.२
महिला साक्षरता प्रतिशत	९.१
क्षेत्रफल (वर्ग कि.मी.)	२१८८
गाविस/नपा संख्या	२७/०
निर्वाचन क्षेत्र	१
विद्यालय	२८१
क्याम्पस/उच्च मावि	०/३
अस्पताल/स्वास्थ्य चौकी	२/२७
टेलिफोन लाइन	७४
मोटर सडक (कि.मी.)	०
प्रहरी कार्यालय संख्या	८
हुलाक संख्या	२७

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या/गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएको एउटा घटनामा एक जना बालिकाको हत्या भयो। जसमा -

साप्पाटा गाविस-९ की २ वर्षीय पाल सिलवाललाई ०५६ असार १० गते सोही ठाउँका ३७ वर्षीय सौरे लुहार, २७ वर्षीय मन लुहार, ३० वर्षीय भैया लुहार र ६५ वर्षीय धनसुर लुहारले लाठीले हिर्काउँदा मृत्यु भयो। गाई गोरूले बाली नष्ट गऱ्यो भन्ने आरोपमा पीडितकी आमालाई हिर्काउन खोज्दा पाललाई लागेको थियो। पीडकहरूमध्ये मन लुहारलाई थुनामा राखिएको छ भने अन्य फरार छन्।

जेल र बन्दीहरु

"घ" श्रेणीको बाजुरा जेलको बन्दी क्षमता २५ जनाको रहेको छ, जसमा १७ जना बन्दीहरू छन्। यस वर्षको अन्त्यमा यो जेलमा कैद तोकिएका ७ जना र कैद नतोकिएका १० जना गरी कुल १७ जना बन्दीहरू रहेका छन्। महिला बन्दी तथा आश्रित नाबालक छैनन्। यो वर्ष थुनामा परेका १३ जनामध्ये ३ जना छुटेका छन्। यो वर्ष कैद तोकिएका २ जना बन्दीहरू रहेका छन्। बन्दीहरूमध्ये १५ देखि ४५ वर्षसम्मका १४ जना र ४५ वर्षभन्दा माथिका ३ जना रहेका छन्। राज्यविरूद्ध अपराध मुद्दाअन्तर्गत २ जना राजनीतिक बन्दीहरू रहेका छन्। जेलको भौतिक अवस्था जीर्ण भैसकेकाले सम्पूर्ण भाग मर्मत गर्नुपर्ने अवस्था छ। बन्दीहरूका लागि ४ वटा चर्पीको व्यवस्था भएकोमा २ वटा भित्र र २ वटा बाहिर छन्। २ वटा धाराको व्यवस्था छ।

गिरफ्तारी र यातना

हुम्ला जिल्ला रोडिकोट गाविस-३ का २० वर्षीय दीपेन्द्र रोकाया र सोही गाविस-२ का ४७ वर्षीय जोगवीर रोकायालाई माओवादीको आरोपमा ०५५ माघ २२ गते बाजुरा जिल्लाको कोल्टी विमानस्थलबाट विमान सुरक्षा गार्डले गिरफ्तार गरी यातना दिए। पीडितहरूलाई ०५५ माघ २७ गते रिहा गरियो।



बाजुरा जेलका पुरुष बन्दीहरु

रूकुम जिल्ला मुरू गाविस-१ धौलावाङ्का ३४ वर्षीय हेमन्तप्रकाश ओली, बाजुरा जिल्ला साप्पाटा गाविस-४ का ३४ वर्षीय मनबहादुर महतरा र बझाङ जिल्ला रानातोला गाविस-४ का १९ वर्षीय लक्ष्मण कठायतलाई माओवादीको आरोपमा ०५५ फागुन ३ गते आटीचौर गाविस थल्यालबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई जिल्ला प्रहरी कार्यालयमा पुऱ्याएपछि यातना दिइयो। लक्ष्मण कठायतलाई अदालतको आदेशबमोजिम रिहा गरिएको छ भने हेमन्तप्रकाश र मनबहादुरलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

जुकोट गाविस-३ का ४० वर्षीय हिक्मतबहादुर शाही र कुल्देवमाण्डौ गाविस-७ सायलका ३६ वर्षीय वलवान थापालाई ०५५ फागुन १२ गते नेकपा (माले) को प्रचार प्रसारमा गएको बेला ब्रम्हतोला गाविस-२ अम्कोटमा राजनीतिक विवादका कारण नेकपा (एमाले) का कार्यकर्ताहरूले कुटपिट गरे।

बाहबिस गाविस-२ का २३ वर्षीय रूद्रराज जैशी (शर्मा) लाई राजनीतिक प्रतिशोधका कारण ०५६ जेठ २ गते चुनाव प्रचारमा हिंडेको बेला सोही गाविसका ४०/४५ जना नेकाँका कार्यकर्ताहरूले कुटपिट गरी सख्त घाइते वनाए।

कुल्देवमाण्डौ गाविस-७ सायलका ३४ वर्षीय लालबहादुर थापा र २१ वर्षीय दानबहादुर थापालाई राजनीतिक प्रतिशोधका कारण ०५६ जेठ २ गते सोही गाविसका नेकाँका कार्यकर्ताहरूले ढुङ्गामुढा गरी कुटपिट गरे।

बाहबिस गाविस-६ का ४० वर्षीय पदमबहादुर थापा, सोही गाविस-८ का ३२ वर्षीय करबहादुर बिष्ट, ४४ वर्षीय कल्लानसिं बिष्ट, ३२ वर्षीय मिनबहादुर बिष्ट र ३८ वर्षीय मन्नामे बिष्टलाई राजनीतिक आस्थाका कारण ०५६ जेठ ३ गते सोही गाविस-५ का सूर्यबहादुर सिंहसमेत ३०/३५ जना व्यक्तिहरूले कुटपिट गरे। पदमबहादुर थापाको खुट्टा भाँचियो भने अन्य पीडितहरू गम्भीर रूपमा घाइते भए। पीडकहरूमाथि कुनै कारवाही भएन।

कैलाशमाण्डौ गाविस-७ पैमाका २५ वर्षीय मनिराम थापालाई राजनीतिक मतभेदका कारण ०५६ जेठ ३ गते सोही गाविस-४ का २२ वर्षीय पदमबहादुर ऐडीलगायत् ६ जनाले कुटपिट गरे।

बाहबिस गाविस-८ का १८ वर्षीय धर्मबहादुर बिष्ट, सोही गाविस-९ का २५ वर्षीय मदनबहादुर के.सी. र २३ वर्षीय

धीरेन्द्रबहादुर के.सी.लाई राजनीतिक प्रतिशोधका कारण ०५६ जेठ ३ गते सोही गाविसको त्रिशक्ति मावि मतदान केन्द्र नजिकैको खेतमा झडप हुँदा नेकपा (एमाले) का २०/२५ जना कार्यकर्ताहरूले कुटपिट गरी घाइते बनाए।

मानाकोट गाविस-८ का १८ वर्षीय वीरेन्द्रबहादुर रोकाया, सोही गाविस-९ का २० वर्षीय जयबहादुर रोकाया र सोही गाविस-४ का ३५ वर्षीय धनबहादुर रोकायालाई राजनीतिक प्रतिशोधका कारण ०५६ जेठ १० गते सोही गाविस-४ का ३२ वर्षीय ज्ञानबहादुर रोकायालगायत्का नेकपा (माले) का कार्यकर्ताहरूले कुटपिट गरे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

आमनिर्वाचनको क्रममा ०५६ जेठ ३ गते केही आतंक, कुटपिटका घटनाहरू भए। राजनीतिक समूह र व्यक्तिबाट मतदानमा वञ्चित गर्ने, मतपत्रमा अन्य व्यक्तिहरूले छाप लगाइदिने जस्ता क्रियाकलापहरू पनि भए।

आम निर्वाचनमा ०५६ जेठ ३ गते बाहबिस गाविसको त्रिशक्ति मतदान केन्द्र, कैलाशमाण्डौ, गुदुखाती, जयवागेश्वरी, जुगाढा र कोटिला गाविसमा नेकपा (एमाले) का मतदाताहरूलाई नेकाँका कार्यकर्ताहरूले मतदानबाट वञ्चित गरे। जगन्नाथ गाविसमा नेकपा (माले) समर्थकहरूलाई नेकाँका कार्यकर्ताहरूले मतदान गर्न दिएनन्। जुकोट, साप्पाटा र गोत्रीमा नेकपा (एमाले) र नेकाँका मतदाताहरूलाई नेकपा (माले) का कार्यकर्ताहरूको समूहले मतदान गर्न नदिई कुनै ठाउँमा अरूको मतपत्रमा छापसमेत आफूले लगाए। ब्रम्हतोला गाविसमा नेकाँ र नेकपा (माले) का केही मतदाताहरूलाई नेकपा (एमाले) का कार्यकर्ताहरूले मतदानबाट वञ्चित गराए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष बाजुरा जिल्ला अदालतमा कुल ५० वटा मुद्दाहरू दर्ता भए, जसमध्ये देवानी २१, सरकारवादी फौजदारी, दुनियावादी फौजदारी २१ रहे। अघिल्लो वर्ष फर्स्यौट हुन बाँकी ३९ मुद्दाहरू समेत गरी कुल ९ वटा मुद्दाहरू यस अदालतमा रहेका छन्। जसमध्ये ४२ वटा मुद्दाहरू फर्स्यौट भए। फर्स्यौट भएका मुद्दाहरूमा देवानी २२, दुनियावादी फौजदारी १८ र सरकारवादी फौजदारी २ वटा छन्। यस वर्ष फर्स्यौट हुन बाँकी मुद्दाहरू ४७ वटा रहेका छन्।

जिल्ला प्रशासन कार्यालयमा यो वर्ष ५ वटा मुद्दाहरू दर्ता भएकोमा सार्वजनिक अपराध १, भ्रष्टाचारसम्बन्धी ३, हातहतियार स्वरस्वजानासम्बन्धी १ मुद्दा रहेकोमा सबै मुद्दाहरू फैसला हुन बाँकी छन्।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१		१	१				
गिरफ्तारी र यातना					२	५		५
कुटपिट	९	१९	१	२०				
धम्की	१	१		१				
बलात्कार	१		१	१				
बलात्कार प्रयास	१		१	१				
बहुविवाह	१		१	१				
गर्भपतन	१		१	१				
जम्मा	१५	२०	६	२६	२	५		५
आत्महत्या	२	१	१	२				
चोरी/डकैती	२	२		२				
दुर्घटनाहरू/विपत्तिहरू	५२	१०८	३८	१४६				

जिल्ला प्रहरी कार्यालयमा कुल १२ वटा मुद्दाहरू रहेकोमा हातहतियार स्वरस्वजानासम्बन्धी ३, गर्भपतन १, डाँकाचोरी १, राज्यविरूद्ध अपराध र सजाय ऐनअन्तर्गत १, बहुविवाह १, ज्यानसम्बन्धी १, मवितव्य ज्यान २ र आत्महत्या २ वटा रहे।

महिला अधिकार

बाहबिस गाविस-१ की ३५ वर्षीय एक महिलालाई ०५६ कात्तिक ५ गते सोही गाविस-१ का ४४ वर्षीय हिरे रावत, २८ वर्षीय ख्ड्क रावत, ३० वर्षीय वृक रावत र ३३ वर्षीय सौरे रावतले सामूहिक बलात्कार गर्ने प्रयास गरे।

बूढीगंगा गाविस-२ मनागाउँकी २० वर्षीय एक महिलालाई आफूसँग विवाह नगरी अर्कैसँग गरेको आरोपमा ०५६ कात्तिक ११ गते कैलाशमाण्डौ गाविस-३ का ३२ वर्षीय जयलाल चँदाराले बलात्कार गरे।

यस वर्ष यो जिल्लामा बहुविवाहको एउटा घटना जानकारीमा आयो। असुरक्षित तरिकाले गर्भपतन गराउँदा एक महिलाको मृत्यु भयो।

बालअधिकार (बालबालिका उपरको अत्याचार

बाहबिस गाविस-५ की ३५ वर्षीय मानकला सिंहले अवैध यौन सम्पर्कबाट ०५६ कात्तिक ८ गते जन्मिएको बच्चा ०५६ कात्तिक ११ गते हत्या गरी गायब पारिन्। सोही ठाउँका ३७ वर्षीय बर्ख्बहादुर सिंहले प्रहरीमा उजुरी दिएपछि जाहेरी दर्ता नगरी दुई पक्षबीच मेलमिलाप गरिएको छ।

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइबीको कारणले भएका कुटपिटका २ वटा घटनामा २ जना पुरूष र १ जना महिला पीडित भए। डकैतीका २ वटा घटना भए भने दुर्घटना तथा विपत्तिका ५२ घटनामा १०८ जना पुरूष र ३८ जना महिला पीडित भए, जसमा २ जना महिलाको जंगली जनावरको आक्रमणबाट मृत्यु भएको थियो। १ जना महिला र १ जना पुरूषले आत्महत्या गरे।

५.५ बझाङ



जनसंख्या	: १३९०९२
साक्षरता प्रतिशत	: २७.२
महिला साक्षरता प्रतिशत	: ७.४
क्षेत्रफल (वर्ग कि.मी.)	: ३४२२
गाविस/नपा संख्या	: ४७/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: २४९
क्याम्पस/उच्च मावि	: १/३
अस्पताल/स्वास्थ्य चौकी	: १/४७
टेलिफोन लाइन	: १२५
मोटर सडक (कि.मी.)	: ४०
प्रहरी कार्यालय संख्या	: १२
हुलाक संख्या	: ४७

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ३ वटा घटनामा ५ वर्षीय एक बालिकासहित २ जना महिला र २ जना पुरुषको हत्या भयो। जसमध्ये -

गडराए गाविस-९ का ३५ वर्षीय वेलुदेवी रावत र ५ वर्षीय भुमेश्वरी रावतलाई ०५६ साउन १४ गते राति सोही गाविस-४ का ज्ञानवहादुर चुहानले घरको धनसम्पत्ति लिनका लागि घरमा आगो लगाई हत्या गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जेल र बन्दीहरु

कुल २५ जना क्षमता भएको बझाङ जेलमा कैद तोकिएका ४ र कैद नतोकिएका ४ गरी जम्मा ८ जना पुरुष बन्दीहरू रहेका छन्। त्यसमध्ये १५ देखि ४५ वर्षसम्मका ७ जना र १५ वर्षमुनिका १ जना छन्। महिला बन्दी छैनन्। जेलको अवस्था जीर्ण र अति साँघुरो छ। बन्दीहरूका लागि कुनै खेलकुदको सामान नभएकाले सधैं एक कोठामा बस्नु पर्ने अवस्था छ। वर्षायाममा पानी चुहेर बस्न, सुत्न नै समस्या हुन्छ। गर्मीयाममा उपियाँ, उडुस पनि प्रशस्त लाग्ने गर्छन्। कीटनाशक औषधी उपलब्ध गराइँदैन। धारामा नियमितरूपले पानी नआउनाले समस्या हुने कुरा बन्दीहरू बताउँछन्। आफूहरूलाई मनोरञ्जनका साधनहरू जस्तै क्यारम बोर्ड, ब्याडमिन्टन, भलिबल, टिभी आदि उपलब्ध गराउनु पर्ने माग बन्दीहरूको छ। साथै जेल मर्मत गर्नुपर्ने कुरा पनि उनीहरू उठाउँछन्।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

रिलु गाविस घर भई चैनपुरमा होटल गरी बस्ने बहादुर बोहराको होटलमा भिन्न राजनीतिक पार्टीको कार्यकर्तालाई खाना खुवाएको आरोपमा ०५५ चैत १० गते नेकाँका १ सयजना जतिको समूहले ढुङ्गामुढा प्रहार गरी २० हजार रूपैयाँ बराबरको धनमाल क्षति गरे।

लामातोला गाविस घर भई जिल्ला सदरमुकाम चैनपुरमा होटल गरी बस्ने ४५ वर्षीय धनराज थापालाई भिन्न विचार राख्ने पार्टीको व्यक्तिलाई खाना खुवाएको आरोपमा ०५५ चैत ११ गते नेकाँका कार्यकर्ताहरूले ढुङ्गामुढा गरी सख्त घाइते बनाउनुका साथै होटलको सामानहरू क्षतिग्रस्त बनाए।

व्याँसी गाविस-८ का २५ वर्षीय राजेन्द्रबहादुर सिंहलाई राजनीतिक प्रतिशोधका कारण ०५६ जेठ १ गते हाटबजारबाट नून, चामलको भारी लिई घरमा आउँदा चन्द्रोदय निमाविको चौतारामा बसिरहेको अवस्थामा सोही गाविस-७ का तेजबहादुर सिंह र लेक गाविसका दीपकबहादुर जप्रेलले सख्त घाइते हुने गरी कुटपिट गरे। पीडकहरूमाथि कुनै कारवाही भएन।

व्याँसी गाविस-७ का सुरतबहादुर सिंहलाई राजनीतिक प्रतिशोधका कारण ०५६ जेठ ३ गते सोही गाविस-८ का जयबहादुर सिंह र ऐनबहादुर सिंहले सख्त घाइते हुनगरी कुटपिट गरे।

व्याँसी गाविस-८ का ऐनबहादुर सिंहलाई राजनीतिक प्रतिशोधका कारण ०५६ जेठ ६ गते सोही गाविस-७ का ३५ वर्षीय सुरतबहादुर सिंह, ऐनबहादुर सिंह, राजेन्द्रबहादुर सिंह, जोगी सिंह, विष्णबहादुर सिंहले सख्त घाइते हुनगरी कुटपिट गरे।

व्याँसी गाविस-३ का २३ वर्षीय श्रवण धामीलाई राजनीतिक प्रतिशोधका कारण ०५६ जेठ २० गते सोही गाविसका चक्रबहादुर धामीले खुट्टामा बञ्चरोले प्रहार गरी सख्त घाइते बनाए। पीडकमाथि कुनै कारवाही भएन।

रिलु गाविस-५ का २८ वर्षीय धनबहादुर बोहरालाई राजनीतिक प्रतिशोधका कारण ०५६ भदौ २१ गते सिउरा भन्ने मेलामा देउडा खेलिरहेको अवस्थामा सोही गाविसका रामगिरी रोकाया, धिर्के रोकाया, धर्म रोकाया र जोगगिरी रोकायाले सख्त घाइते हुनेगरी कुटपिट गरे। पीडकहरूविरुद्ध सार्वजनिक अपराधअन्तर्गत मुद्दा चलिरहेको छ।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

आमनिर्वाचनको क्रममा ०५६ जेठ ३ गते क्षेत्र नं. १ का कडेल, दोलीचौर, लुयाटा, चैनपुर, कालुखेती गाविसमा नेकाँका कार्यकर्ताहरूले जनताको हातबाट जबर्जस्ती मतपत्र खोसेर कसैलाई पनि मत खसाल्न नदिई आफैं मत खसाले। मतदान केन्द्रबाट मतदाताहरूलाई लखेटियो। प्रहरी प्रशासनबाट कुनै चासो देखाइएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी मुद्दा १ सय ७८ वटा दर्ता भएकोमा ६९ फस्र्योट भई १ सय ९ बाँकी रहे भने फौजदारी मुद्दा ६५ वटा दर्ता भएकोमा ४० फस्र्योट भई २५ बाँकी रहे।

महिला अधिकार

लेकगाउँ गाविस-५ की १८ वर्षीय एक महिलालाई ०५५ चैत १२ गते राति घरमा सुतिरहेको अवस्थामा उनकै जेठाजु ५५ वर्षीय गोवर्धन धामीले बलात्कार गर्ने प्रयास गरे।

यस वर्ष यो जिल्लामा बहुविवाह र गर्भपतनका १/१ वटा घटना जानकारीमा आए। महिला भएकै कारणले दिइने अमानवीय व्यवहारको एउटा घटनामा १ जना महिला पीडित भइन्।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना संख्या	पीडित संख्या			घटना संख्या	पीडित संख्या		
		पुरुष	महिला	जम्मा		पुरुष	महिला	जम्मा
हत्या	३	२	२	४				
कुटपिट	१३	१६		१६				
धम्की	२	५		५				
बलात्कार प्रयास	१		१	१				
बहुविवाह	१		१	१				
गर्भपतन	१		१	१				
महिला भएकै कारण यातना	१		१	१				
जम्मा	२३	२३	६	२९				
आत्महत्या	४	१	३	४				
चोरी/डकैती	२	२		२				
दुर्घटनाहरू/विपत्तिहरू	१	१		१				

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइवीका कारणवाट भएका कुटपिटका ७ वटा घटनामा १० जना पुरूष पीडित भए। १ जना पुरूष र ३ जना महिलाले आत्महत्या गरे। २ वटा चोरीका घटनामा २५ हजार रूपैयाँ बराबरको धनमाल क्षति भयो। शिक्षा शाखामा कार्यरत १ जना कर्मचारीलाई सेती नदीले बगायो।

५.६ कञ्चनपुर

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या / गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ९ वटा घटनामा एक जना ६ महिनाको शिशुसहित ६ पुरूष र ३ महिला गरी ९ जनाको हत्या भयो। एउटा घटनामा वन्य जन्तु आरक्षभित्र शिकार गर्न गएका एकजना व्यक्ति र सैनिकबीच गोली हानाहान हुँदा दुबैजना घाइते भए। जसमध्ये -

पिपलाडी गाविस-२ का ७० वर्षीय मैनाराम डगौरालाई ०५५ फागुन २२ गते उनकै पत्नी ४२ वर्षीय रामपती डगौरा र सोही ठाउँका भरथरा चौधरीले अण्डकोष च्यापेर हत्या गरे। पीडकहरूवीच अनैतिक यौन सम्बन्ध रहेकोले पीडितको हत्या गरेको थाहा भएको छ। पीडकहरूलाई अदालतको आदेशबमोजिम पुर्पक्षका लागि थुनामा राखिएको छ।

पिपलाडी गाविस-१ की २८ वर्षीय भागरथी गिरीलाई ०५६ भदौ १० गते सोही ठाउँका २७ वर्षीय शिवलाल रानाले बलात्कार गरी खेतमा हँसियाले प्रहार गरी हत्या गरे। पीडकलाई अदालतको आदेशबमोजिम पुर्पक्षका लागि थुनामा राखिएको छ।

जनसंख्या	: २५७९०६
साक्षरता प्रतिशत	: ४४.१
महिला साक्षरता प्रतिशत	: २५.१
क्षेत्रफल (वर्ग कि.मी.)	: १६१०
गाविस/नपा संख्या	: १९/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: २५६
क्याम्पस/उच्च मावि	: ४/५
अस्पताल/स्वास्थ्य चौकी	: १/२१
टेलिफोन लाइन	: २१००
मोटर सडक (कि.मी.)	: १८८.७
प्रहरी कार्यालय संख्या	: २२
हुलाक संख्या	: २३

जेल र बन्दीहरु

यहाँको जेलको बन्दी क्षमता ७५ जनाको छ। यहाँ ७३ जना बन्दीहरू रहेका छन्। त्यसमध्ये कैद नतोकिएका १९ पुरूष र २ महिला गरी २१ जना तथा कैद तोकिएका ४९ पुरूष र ३ महिला गरी ५२ जना रहेका छन्। यसबाहेक १ जना आश्रित बालक पनि रहेका छन्। पिउने पानी हेण्डपम्प चलाउँदा धमिलो आउने गुनासो बन्दीहरूको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

त्रिभुवनवस्ती गाविस-१ का ३५ वर्षीय ओमबहादुर कुवँर, ३१ वर्षीय शमशेर गुरूङ, ३८ वर्षीय सोमराज बराल र ४० वर्षीय खगराज बरालाई ०५६ वैशाख १२ गते आमनिर्वाचनको प्रचारप्रसार गरेर आइरहेको बेला सोही ठाउँका मेघराज कोइराला, श्याम शाही, किशोर श्रेष्ठ, ओम लामिछाने र कृष्ण भट्टलगायत्का व्यक्तिहरूले कुटपिट गरे। प्रहरीले पीडकहरूलाई गिरफ्तार गरी ५ सय रूपैयाँ धरौटीमा छाडेकोमा राजनीतिक दबाबका आधारमा प्रहरीले पीडकहरूको निवेदन बुझी पीडितहरूमाथि नै सार्वजनिक अपराधअन्तर्गत मुद्दा दर्ता गरी १ हजार रूपैयाँ धरौटीमा रिहा गरे।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	९	६	३	९				
गोलीद्वारा घाइते/हवाइ फायर	१	१		१	१	१		१
कुटपिट	२५	३१	५	३६				
बलात्कार	६		६	६				
बलात्कार प्रयास	१		१	१				
वहुविवाह	१		१	१				
महिला भएकै कारण यातना	१		१	१				
आर्थिक अधिकार	१	१		१				
जातीय छुवाछूत	२	२		२				
जम्मा	४७	४१	१७	५८	१	१		१
लाश फेला	४	४		४				
आत्महत्या	६७	३४	३३	६७				
चोरी/डकैती	१९	१७	२	१९				
दुर्घटनाहरू/विपत्तिहरू	३२	२५	७	३२				

कालिका गाविस-४ का २६ वर्षीय अमर तामाङलाई राजनीतिक प्रतिशोधका कारण ०५६ जेठ ६ गते महेन्द्रनगरबाट घरतर्फ गैरहेको अवस्थामा श्रीपुर गाविस-८ को बुटाबारीमा सोही ठाउँका राजेन्द्र विष्ट, दानसिंह विष्ट, भूपेन्द्र विष्ट, पानसिंह विष्ट, जयसिंह विष्ट र दलबहादुर विष्टले मरणासन्न हुनेगरी कुटपिट गरे। पीडितहरूको उपचार सेती अञ्चल अस्पतालमा भयो। पीडकहरूमाथि केही सार्वजनिक अपराधअन्तर्गत मुद्दा चलाई २ हजार ५ सय रूपैयाँ धरौटीमा रिहा गरिएको छ।

देखतभुली गाविस-७ का गाविस अध्यक्ष तनुकलाल चौधरी र उनकी पत्नी केशोदेवी चौधरीलाई राजनीतिक प्रतिशोधका कारण ०५६ असार ५ गते घरमै बसिरहेको अवस्थामा सोही गाविसका केशर रानालगायत् ४ जनाले कुटपिट गरे।

लक्ष्मीपुर गाविस-९ का सोही गाविसका उपाध्यक्ष तथा जबदिया मावि संचालक समितिका अध्यक्ष ३१ वर्षीय तिलक भट्टलाई विद्यालयमा भएको तालाबन्दी खोल्न जाँदा ०५६ मंसिर १ गते सोही ठाउँका विक्रम भण्डारी, किसन पन्त र विशन भण्डारीले कुटपिट गरे। पीडितले इलाका प्रहरी कार्यालय बेलौरीमा मुद्दा दर्ता गराउन जाँदा दर्ता गरिएन।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

आमनिर्वाचनका लागि निर्वाचन क्षेत्र नं. २ का नेकपा (माले) का उम्मेदवार महेन्द्रनगर नपा-४ का ५० वर्षीय भोजराज जोशी, कार्यकर्ताहरू हिरापाल र निरज पन्तलाई ०५६ जेठ ३ गते झलारी कृष्ण माविको मतदान केन्द्रमा निरीक्षण गर्न गएको अवस्थामा सोही गाविसका नेकाँका कार्यकर्ताहरू दलबहादुर ऐर, गोपाल ऐर, नरबहादुर ऐर, पदम ऐरलगायत्का २०/२२ जनाको समूहले लाठी र खुकुरी प्रहार गरी सख्त घाइते बनाए। पीडितहरूलाई उपचारका लागि महाकाली अञ्चल अस्पतालमा लगिएकोमा उपचार हुन नसकी जेठ ४ गते हेलिकप्टरबाट काठमाण्डौं लगियो। नेकाँले निर्वाचनमा धाँधली गरेको आरोप लगाउँदै पीडितहरूले मतदान स्थगित गर्न माग गर्दा आक्रमण भएको थियो। पीडकहरूविरुद्ध मुद्दा दर्ता गरिए पनि कुनै कारवाही भएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा यस वर्ष सरकारवादी फौजदारीतर्फ १ सय १३ मुद्दा रहेकोमा ५० वटा मुद्दा फर्स्यौट भई ६३ बाँकी रहे। दुनियावादी देवानीतर्फ २ सय ६० मुद्दा रहेकोमा ७५ फर्स्यौट भई १ सय ५ बाँकी रहे भने दुनियावादी फौजदारी २ सय ५ रहेकोमा ७७ फर्स्यौट भई १ सय २८ बाँकी रहेका छन्। ३ वर्षदेखिका ६, २ वर्षदेखिका ४६, १ वर्षदेखिका १ सय ६६ र ६ महिनादेखिका १ सय ६८ वटा मुद्दा छिनिन बाँकी रहेका छन्।

भूमिहीन, सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

कृष्णपुर गाविस-१ मा सुकुम्बासीका रूपमा विगत ८-१० वर्षदेखि बसेका ४० घर परिवारलाई ०५६ पुस १२ गते वन कार्यालयले घर भत्काई विचल्लीमा पार्‍यो।

महिला अधिकार

दोधारा गाविस-१ की २५ वर्षीय हिरा सुनारलाई ०५५ चैत २८ गते उनकै पति भारत खटीमा नागरा बस्ने अन्दाजी ३० वर्षीय हेमन्त तिवारीले लगी बेपत्ता पारेका छन्। पीडितका बुवाले हिरा मारिएको हुनसक्ने आशंका व्यक्त गर्दै प्रहरीले निवेदन नै नलिएको गुनासो व्यक्त गरे।

रैकवार विचवा गाविस-६ की १८ वर्षीय एक युवतीलाई सोही गाविस-७ का झिले राना र चुङ्गा रानाले ०५५ फागुन १ गते मुखमा कपडाले बाँधेर घर नजिक रहेको बारीमा लगी बलात्कार गरे। पीडक फरार छ।

महेन्द्रनगर नपा-५ की ७ वर्षीय एक बालिकालाई ०५५ चैत ५ गते सोही ठाउँका १८ वर्षीय सुरेश क्षेत्रीले आफ्नै घरमा बोलाई बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा अदालतले ०५५ चैत २१ गते छाड्ने आदेश दियो।

रामपुर बिलासपुर गाविस-६ की १८ वर्षीय युवतीलाई ०५६ वैशाख २६ गते सोही गाविस-१ का २३ वर्षीय ललित चन्द, १८ वर्षीय गजिसिंह ठगुन्ना र सोही गाविस-३ का रामशरण चौधरीले लालपानी जंगलमा बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी तारेखमा रिहा गरे।

दैजी गाविस-३ की ३५ वर्षीय एक महिलालाई ०५६ वैशाख ३० गते राति सोही ठाउँका ४० वर्षीय लालबहादुर महराले धम्क्याई बलात्कार गरे। पीडकलाई प्रहरीले ०५६ जेठ १ गते गिरफ्तार गरेकोमा राजनीतिक दबाबका कारण २ हजार रूपैयाँ धरौटीमा जेठ १७ गते रिहा गरे।

रामपुर विलासपुर गाविस-६ की २३ वर्षीय एक महिलालाई ०५६ जेठ २७ गते राती महेन्द्रनगर नपा-२ का नेपाल शिक्षक संघका जिल्ला सदस्य तथा नेपाल परिवार नियोजन शाखा अध्यक्ष यज्ञराज भट्टले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई गाउँलेहरूले समाती प्रहरीसमक्ष बुझाएकोमा सोही दिन रिहा गरियो। पीडकले पीडितलाई ७ हजार रूपैयाँ दिएको गाउँलेहरूले बताए।

श्रीपुर गाविस-२ की १६ वर्षीय एक युवतीलाई ०५६ भदौ २५ गते सोही ठाउँका १९ वर्षीय झेली रानाले घरमा कोही नभएको बेला बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा २ हजार ५ सय रूपैयाँ धरौटीमा रिहा गरे।

महेन्द्रनगर नपा-४ स्थित एक होटलमा रहेकी ४ वर्षीय एक बालिकालाई ०५६ पुस १० गते सोही होटलमा कार्यरत उनकै मामा पर्ने ३२ वर्षीय वदलु अहिरले बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी थुनामा राखेको छ। पीडकले पीडितलाई २ वर्षदेखि आफूसँगै राखेको र यौन शोषण गर्दै आएको थाहा भयो।

यस वर्ष यो जिल्लामा बहुविवाहको एक घटना र महिला भएकै कारणले दिइने अमानवीय व्यवहारको एक घटना जानकारीमा आए।

आर्थिक अधिकार

दार्चुला जिल्ला घर भई महेन्द्रनगर नपा-६ बस्ने ३३ वर्षीय डम्बर खड्कालाई सोही ठाउँका दीपा रावलले काममा लगाई पारिश्रमिक दिएनन्। पीडितले ०५६ असार १ गते आफुले पाउनुपर्ने ८१ हजार रूपैयाँ भराइ पाउँ भनी अदालतमा मुद्दा दर्ता गराए।

मानवअधिकार सम्बन्धी अन्य सवालहरु

दासत्व, कमैया, बाँधा र हलिया आदि

यस जिल्लाका प्रायः सबै गाविसहरूमा कमैया प्रथा रहेको छ। अशिक्षा र चेतनाको अभावका कारण थारू समुदायका मान्छेहरू नै कमैयाको रूपमा कार्यरत छन्।

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूतसमेत

सुडा गाविस-२ का तारा रैकाललाई ०५६ असार १० गते सोही ठाउँका टीका जोशीले दलितले बाहुनलाई नमस्कार भन्न नमिल्ने बताउँदै अपहेलित गरे। ताराले टीकालाई नमस्कार गर्दा उक्त व्यवहार गरिएको थियो।

महेन्द्रनगर नपा-१३ का ४३ वर्षीय धौले लुहारलाई ०५६ असार २० गते सोही ठाउँका ३५ वर्षीय रामबहादुर बिष्टले तल्लो जातिको डुम भएर मुख चलाएको भनी प्रहरी चौकीमा निवेदन दिए। पछि पीडितलाई सोही वडाका सदस्य झ्याउरे दमाईले जमानत बसी छुटाए। पीडितले सो विषयलाई लिएर जिप्रकामा निवेदन दिएको तर कुनै सुनुवाई नभएको गुनासो व्यक्त गरे।

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइवीका कारणले भएका कुटपिटका २१ वटा घटनामा २४ पुरूष र ४ महिला गरी २८ जना पीडित भए। ३१ जना पुरूष र ३३ जना महिला गरी ६४ जनाले आत्महत्या गरे। सडक दुर्घटनाका २७ वटा घटना भए। चोरीका १९ वटा घटना भए। पानीमा डुबेर ३ जनाको मृत्यु भयो भने भीरबाट खसेर १ जनाको मृत्यु भयो। ४ जनाको बेवारिसे लास फेला पऱ्यो। आगलागीका २ वटा घटना भए।

५.७ डडेलधुरा

सम्मानितरुपले बाँच्ने अधिकार

जेल र बन्दीहरु

यस जिल्लामा रहेको जेल "घ" श्रेणीको हो। यसको क्षमता १७ जना पुरूष र ८ जना महिला गरी कुल २५ जनाको छ। यस जेलमा १५ जना पुरूष र २ जना महिला गरी कुल १७ जना बन्दीहरू रहेका छन्। बन्दीहरूमध्ये कैद नतोकिएका ४ जना पुरूष तथा कैद तोकिएका ११ जना पुरूष र २ जना महिला छन्। कैद नतोकिएका बन्दीहरूमध्ये १५ वर्षमुनिका १ जना, १५ देखि ४५ वर्षसम्मका २ जना र ४५ वर्षभन्दा माथिका १ जना रहेका छन् भने कैद तोकिएका बन्दीहरू सबै अर्थात् १३ जना १५ देखि ४५ वर्षसम्मका छन्। पुष्कर शर्मा राजनीतिक बन्दीका रूपमा रहेका छन्। यस जेलमा सबैभन्दा प्रमुख समस्याको रूपमा चर्पी र भान्सा कोठा सँगै भएकाले दुर्गन्ध आउने समस्या रहेको बन्दीहरू बताउँछन्। जेलभित्र बन्दीहरूका लागि तालिम र

डडेलधुरा जेलका पुरुष बन्दीहरु

अनौपचारिक शिक्षाको व्यवस्था हुनुपर्ने, टेलिफोन र पत्रपत्रिकाको राम्रो सुविधा हुनुपर्ने, डाक्टरको दरवन्दी हुनुपर्ने, सिदा स्तरीय र वढी हुनुपर्ने, विजुली सुविधाजनक हुनुपर्ने कुरा वन्दीहरूले वताए। २ वर्ष पुगिसक्दा पनि राजनीतिक वन्दीको मुद्दा फैसला नहुनु र १४ वर्षको नावालकलाई पनि जेलमा राखिनुप्रति वन्दीहरूले विरोध जनाए। सरकारवाट प्राप्त सुविधामा कटौती नगरेको जेल सुधारको लागि विभिन्न माध्यमबाट निरन्तर लागिरहेको कुरा जेलरले वताए।

गिरफ्तारी र यातना

मधु सामुदायिक वन उपभोक्ता समिति रूपालका ७ जना पदाधिकारीहरूलाई राजनीतिक पूर्वाग्रहका कारण भारततर्फ काठ विक्री गरेको आरोपमा ०५५ फागुन २० गतेदेखि जिल्ला वन कार्यालयले वारम्वार वोलाई दुःख दियो। तर आरोप प्रमाणित भएन।

अमरगढी नपा-७ का २५ वर्षीय उद्धव भण्डारी, २७ वर्षीय करन सार्की र २६ वर्षीय हर्कबहादुर खड्कालाई ०५६ असोज ६ गते जिविसको गाडीमा आएको अवस्थामा गाडी दुर्घटना भएकाले मदिरा सेवन र ओसारपसार गरेको आरोपमा प्रहरीले गिरफ्तार गरी ११ हजार रूपैयाँका दरले जरिवाना गरी रिहा गरियो। राजनीतिक पूर्वाग्रहले उक्त कारवाही भएको पीडितहरूले वताए।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जोगवुडा गाविस-१ लालढुङ्गाका भूपू गाविस अध्यक्ष भीमबहादुर साउदलाई ०५६ वैशाख २ गते सोही गाविस-६ का इन्द्रवहादुर खडायतले चुनाव प्रचारको समयमा दुई पक्षवीच विवाद हुँदा खुकुरी प्रहार गर्न खोजे तर सवैवाट वचावट भयो। पीडकविरूद्ध मुद्दा चलेकोमा ०५६ कात्तिक १० गते दुवै पक्षवीच कागज गरी आइन्दा त्यस्तो कार्य नगर्ने भनी मिलापत्र भयो।



जनसंख्या	: १०४६४७
साक्षरता प्रतिशत	: ३८.९
महिला साक्षरता प्रतिशत	: १४.४
क्षेत्रफल (वर्ग कि.मी.)	: १५३८
गाविस/नपा संख्या	: २०/१
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २११
क्याम्पस/उच्च मावि	: २/३
अस्पताल/स्वास्थ्य चौकी	: २/२७
टेलिफोन लाइन	: २१५
मोटर सडक (कि.मी.)	: २००
प्रहरी कार्यालय संख्या	: १९
हुलाक संख्या	: ३१

सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतमा देवानी तर्फ ३ वर्षदेखिका १, २ वर्षदेखिका २ र १ वर्षदेखिका ८ वटा तथा यसै वर्षका ३ वटा गरी १४ वटा मुद्दाहरू फर्स्योट हुन वाँकी रहेका छन्। त्यसैगरी दुनियावादी फौजदारीतर्फ २ वर्षदेखिका २ वटा, १ वर्षदेखिका २ वटा र यस वर्षका ६ वटा मुद्दाहरू फर्स्योट हुन वाँकी रहेका छन्। सरकारवादी फौजदारीतर्फ २ वर्षदेखिका ३ वटा, १ वर्षदेखिका ६ वटा र यस वर्षका ५ वटा मुद्दाहरू फर्स्योट हुन वाँकी रहेका छन्। यसरी देवानी १४, दुनियावादी फौजदारी १० र सरकारवादी फौजदारी १४ गरी कुल ३८ वटा मुद्दा फर्स्योट हुन वाँकी छन्। जिल्ला प्रशासन कार्यालयमा भ्रष्टाचार ऐनअन्तर्गत ३ वटा मुद्दाहरू र सार्वजनिक मुद्दा १ वटा फर्स्योट हुन वाँकी छन्।

महिला अधिकार

वेलापुर गाविस-६ खटौटेकी ४० वर्षीय मोतीदेवी भण्डारीलाई ०५५ माघ २ गते सोही ठाउँका भगीसिं कार्कीले फकाई भारतको पंजाव पुऱ्याएकोमा उनके गाउँलेहरूले भेटी आफ्नो जिम्मामा राखी घर खवर गरेपछि पीडितका पति पंजाव गई ल्याए। पीडकलाई ०५५ फागुन ५ गते प्रहरीले गिरफ्तार गरी अदालतको आदेशवमोजिम ५ वर्षका लागि थुनामा राखिएको छ।

रोल्पा जिल्ला अरेश गाविस-६ घर भई अमरगढी नपा-७ पोखरामा मजदूर वावुको साथमा रहेकी ७ वर्षीय एक वालिकालाई ०५५ माघ १४ गते सोही ठाउँका २३ वर्षीय शेरवहादुर भण्डारीले वलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी ०५५ फागुन ११ गते अदालतको आदेशवमोजिम पुर्पक्षका लागि थुनामा राखिएको छ।

शीर्ष गाविस-१ की ८ वर्षीय एक वालिकालाई ०५६ भदौ ९ गते सोही ठाउँका रामवहादुर विष्टले गाई-गोरू चराउन

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
गिरफ्तारी र यातना					२	१०		१०
कुटपिट	८	६	२	८				
मौलिक अधिकार	१	१		१				
महिला किनबेच	१		१	१				
बलात्कार	२		२	२				
जातीय छुवाछूत	१	१	१	२				
जम्मा	१३	८	६	१४	२	१०		१०
आत्महत्या	४	२	२	४				
दुर्घटनाहरू/विपत्तिहरू	५	७		७				

जंगलमा गएको अवस्थामा बलात्कार गरे। पीडकलाई ०५६ भदौ १२ गते प्रहरीले गिरफ्तार गरेकोमा ०५६ असोज ३ गते अदालतको आदेशबाट पुर्पक्षका लागि थुनामा राखिएको छ।

आर्थिक अधिकार

शारदा निम्न माध्यमिक विद्यालय सिराडका प्रधानाध्यापक मदनराज पाण्डेले विद्यालयको रकम हिनामिना गरे भनी वगरकोट गाविस सिराडका टिकेन्द्र बिष्टले ०५५ चैत ७ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। निमाविलाई मावि बनाउन बगरकोट गाविसले १ लाख ९ हजार रूपैयाँ दिएको तथा गाउँलेहरूले चन्दा उठाई ५० हजार रूपैयाँ विद्यालयलाई दिएकोमा ०५५ चैत ४ गते विद्यालयको बैठकमा मदनराजले उक्त रकमको कुनै बिल, भौचर नदेखाई खर्च भएकोसमेत नदेखाएकाले उजुरी दिएको टिकेन्द्र बिष्टले बताए। छानबिन भैरहेको छ।

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूतसमेत

अमरगढी नपा-९ हतर्काका २२ वर्षीय मानसिं सार्की र २० वर्षीय शान्ति भट्टले ०५६ जेठ १३ गते अन्तरजातीय प्रेम विवाह गरेकोमा शान्तिका बाबुले प्रहरीमा उजुरी दिए। प्रहरीले दुवैलाई गिरफ्तार गरेकोमा दुवैको मञ्जुरीले विवाह गरेको बताएपछि छोडिदिए। तर गाउँलेहरूले गाली वेइज्जती र धम्की दिएर सामाजिक बहिष्कार गरेकोले बाहिरिन वाध्य भए।

अतिरिक्त जानकारीहरु

यस वर्ष व्यक्तिगत रिसइवीका कारणले भएका कुटपिटका ८ वटा घटनामा ६ जना पुरूष र २ जना महिला पीडित भए। १ जनाको विजुलीको पोलबाट लडी मृत्यु भयो। डुबेर र सवारी दुर्घटनाका कारण १/१ जनाको मृत्यु भयो। ३ वटा आगलागीका घटना भए। २ जना पुरूष र २ जना महिलाले आत्महत्या गरे।

५.८ वैतडी



जनसंख्या	:	२०७७१६
साक्षरता प्रतिशत	:	३८.५
महिला साक्षरता प्रतिशत	:	१५.१
क्षेत्रफल (वर्ग कि.मी.)	:	१५१९
गाविस/नपा संख्या	:	६२/१
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	३६३
क्याम्पस/उच्च मावि	:	२/५
अस्पताल/स्वास्थ्य चौकी	:	१/८२
टेलिफोन लाइन	:	१५८
मोटर सडक (कि.मी.)	:	१५५
प्रहरी कार्यालय संख्या	:	३१
हुलाक संख्या	:	६८

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या/गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ५ वटा घटनामा २ जना पुरूष र ३ जना महिलाको हत्या भयो। जसमध्ये -

रूद्रेश्वर गाविस-३ की २९ वर्षीय ईश्वरी बोहरालाई ०५६ जेठ १३ गते घरमै बसिरहेको अवस्थामा घरायसी झगडाका कारण उनकै पति ३८ वर्षीय गोविन्दसिंह बोहरा र सौता ३४ वर्षीय कमली बोहराले कुटपिट गरी हत्या गरे। पीडकहरू फरार छन्।

जेल र बन्दीहरु

"घ" श्रेणीको वैतडी जेल ०४० सालमा निर्माण भएको हो। यसको क्षमता १५ जना पुरूष र १० जना महिला गरी २५ जनाको छ। यहाँ १९ जना पुरूष बन्दीहरू रहेका छन्, जसमध्ये १६ जना कैद तोकिएका र ३ जना कैद नतोकिएका छन्। बन्दीहरूमध्ये २ जना १५ देखि ३० वर्षसम्मका र बाँकी १७ जना ३० देखि ४० वर्षसम्मका छन्। बन्दीहरूमध्ये १३ जना ज्यानमार्ने मुद्दामा, २ जना जबर्जस्ती करणीमा, २ जना कर्तव्य ज्यान मुद्दामा, १ जना चोरीमा र १ जना मानसिक स्थिति ठीक नभएका रहेका छन्। बन्दीहरू सामान्य रोगी भए पनि उपचारको व्यवस्था गरेको पाइएको छ। जेलको भौतिक अवस्था राम्रै रहेको छ।

धम्की, ज्यानमार्ने धम्की र कुटपिट

देउलेक गाविस-२ का २९ वर्षीय जयानन्द टेरलाई ०५६ वैशाख ५ गते सोही ठाउँका भरत महरा, गणेश महरा, केशव महरा, गजबहादुर महरा र पदमसिंह महरालगायत्का व्यक्तिहरूले निर्वाचनको विषयमा वादविवाद हुँदा कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्की दिए। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरेकोमा तारेखमा रिहा गरिएको छ।

दशरथ चन्द नपा-४ का २० वर्षीय केशवराम कोलीलाई ०५६ भदौ २२ गते घरमा बसिरहेको अवस्थामा सोही ठाउँका वीरसिंह धामी र प्रहरी हवल्दार तेजबहादुर वि.क.ले रक्सी सेवन गरी कुटपिट गरे।

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

आम निर्वाचन ०५६ मा विभिन्न मतदान केन्द्रहरूमा राजनीतिक पार्टीहरूका कार्यकर्ताबीच सामान्य वादविवाद भए। मतगणनाका क्रममा नाम लेखेका, रूपैयाँ टाँसेका मतपत्रहरू फेला परे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा सामान्यतया धेरै मुद्दाहरू गाउँघरमै मिलाउने चलन छ। जिल्ला अदालतमा ६ महिनादेखिका केही मुद्दाहरू फर्स्यौट हुन बाँकी भएता पनि सोभन्दा बढी समयदेखिका

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	५	२	३	५				
कुटपिट	२	२		२	१	१		१
धम्की	१	१		१				
बलात्कार प्रयास	२		२	२				
जम्मा	१०	५	५	१०	१	१		१
आत्महत्या	७	२	५	७				
दुर्घटनाहरू/विपत्तिहरू	२	१६		१६				

मुद्दाहरू छैनन्। यस वर्ष जिल्ला अदालतमा देवानी ७, दुनियावादी १६, दुनियावादी फौजदारी ११, सरकारवादी फौजदारी ३ र फौजदारी २ गरी जम्मा ३९ मुद्दा दर्ता भएकोमा देवानी १, दुनियावादी २ र दुनियावादी फौजदारी २ गरी ५ वटा फर्स्योट भए।

महिला अधिकार

दशरथ चन्द नपा-४ की २१ वर्षीय एक युवतीलाई ०५५ चैत २१ गते सोही नपाका २३ वर्षीय खड्कसिंह वोहराले बलात्कार गर्ने प्रयासले हातपात गरे। पीडकलाई १ दिन हिरासतमा राखी सम्झाई बुझाई रिहा गरियो।

दशरथ चन्द नपा-४ टमरखोलाकी ३५ वर्षीय एक महिलालाई ०५६ भदौ २१ गते सोही नपाका ३१ वर्षीय तारा नाथ र ३० वर्षीय बहादुर नाथले बलात्कार गर्ने प्रयासले हातपात गरे। पीडकहरूलाई ३ दिन थुनामा राखियो।

मानवअधिकारसम्बन्धी अन्य सवालहरु

दासत्व, कमैया, बाँधा र हलिया आदि

तिजाली गाविस-४ का ३३ वर्षीय गोपाल कामीलाई ०५६ साउन १६ गते सोही ठाउँका धर्मदव जोशीले हलिया भई काम गर्न नमानेको आरोपमा कुटपिट गरे। पीडित गोपाल पीडकको घरमा हलियाको रूपमा रहेकोमा बिरामी भई काम गर्न नसक्ने भएपछि हलिया काम गर्ने भनी आफूले लिएको रकम फिर्ता गर्न जाँदा धर्मदेवले रूपैयाँ बुझेर तमसुक नदिई उल्टै गोपाललाई कुटपिट गरेका थिए।

अतिरिक्त जानकारीहरु

यस वर्ष यो जिल्लामा व्यक्तिगत रिसइवीका कारणले भएका कुटपिटका २ घटनामा २ जना पुरूष पीडित भए। ५ जना महिला र २ जना पुरूषले आत्महत्या गरे। बस दुर्घटनामा १ जनाको मृत्यु भयो भने २४ जना घाइते भए। पहिरोबाट १५/१६ घर भत्किए जसमा ३ जना घाइते भए।

५.९ दार्चुला

सम्मानितरुपले बाँच्ने अधिकार

हत्या गोली

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका ३ वटा घटनामा २ जना पुरुष र १ जना महिला गरी ३ जनाको हत्या भयो। जसमध्ये –

सिनोला गाविस-१ की १६ वर्षीय धन्सरादेवी धामीलाई विवाह गर्न नमानेको आरोपमा बलात्कार गरी ०५६ वैशाख ६ गते सोही गाविस-७ का २० वर्षीय लटे महताले १७ वर्षीय वैशालीदेवी महताको सहयोगमा घाँटी च्यापेर हत्या गरे। पीडकहरूमध्ये वैशालीलाई प्रहरीले गिरफ्तार गरेकोमा ०५६ मंसिरमा तारेखमा रिहा गरिएको छ भने मुख्य पीडक लटे फरार रहेको छ।

जेल र बन्दीहरु

"घ" श्रेणीको दार्चुला जेलमा १५ जना महिला र २५ जना पुरूष बस्न सक्ने छुट्टाछुट्टै बन्दी गृहहरू छन्। पुरूष बन्दीगृहमा ४ र महिला बन्दीगृहमा ३ वटा कोठाहरू रहेका छन्। यहाँ कैद तोकिएका १२ जना र कैद नतोकिएका ४ जना गरी १६ जना बन्दीहरू छन्, जसमध्ये १५ जना पुरूष र १ जना महिला छन्। ती १ जना महिला कैद तोकिएकी हुन्। जेलमा रेडियो, टिभीको व्यवस्था छ।



जनसंख्या	: १०१६८३
साक्षरता प्रतिशत	: ४१.९
महिला साक्षरता प्रतिशत	: १८.५
क्षेत्रफल (वर्ग कि.मी.)	: २३२२
गाविस/नपा संख्या	: ४१/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: ४०७
क्याम्पस/उच्च मावि	: १/४
अस्पताल/स्वास्थ्य चौकी	: १/४२
टेलिफोन लाइन	: १६५
मोटर सडक (कि.मी.)	: ०
प्रहरी कार्यालय संख्या	: १८
हुलाक संख्या	: ४३

मौलिक अधिकार

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

खलंगा गाविस-५ स्थित नेकपा (एमाले) को जिल्ला कार्यालय ०५६ जेठ ७ गते सोही ठाउँका १९ वर्षीय जीवनप्रसाद भट्ट, सोही गाविस-२ का १९ वर्षीय सूर्यप्रकाश वढु, धाप गाविस-२ का ३० वर्षीय धर्मानन्द जोशी, छापरी गाविस-५ का २० वर्षीय हरकसिंह धामी र २५ वर्षीय हरकसिंह वोहराले तोडफोड गरे। पीडकहरूमध्ये धर्मानन्द र हरकसिंह

बोहरालाई प्रहरीले गिरफ्तार गरी ०५६ जेठ १५ गते १० हजार रूपैयाँ धरौटीमा रिहा गरे भने अन्य पीडकहरू फरार रहे।

आम निर्वाचन ०५६ मा आफ्नो नामबाट अर्के व्यक्तिले मतदान गरिदिएकाले डाँडाकोटमा १७, ग्वानीमा २०, बोहरीगाउँमा ५, रिठाचौपातामा ७ जना मतदाताले मतदानबाट वञ्चित हुनुपर्‍यो। खलंगा मतदान स्थलमा विभिन्न राजनीतिक पार्टीका प्रतिनिधिहरूलाई नेकाँका कार्यकर्ताहरूले कुटपिट गरे।

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१		१				
गोलीद्वारा हत्या	१	१		१				
बलात्कारपछि हत्या	१		१	१				
धम्की	१							
बहुविवाह	२		२	२				
जम्मा	६	२	३	५				
आत्महत्या	८	४	४	८				
चोरी/डकैती	२	२		२				
दुर्घटनाहरू/विपत्तिहरू	१२	१२		१२				

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष यहाँको जिल्ला अदालतमा देवानी मुद्दा १२ वटा दर्ता भएकोमा ४ वटा फर्स्यौट भई ८ बाँकी, दुनियावादी २६ वटामध्ये १२ फर्स्यौट भई १४ बाँकी, संक्षिप्त कार्यविधिअन्तर्गतका ५ वटामध्ये १ फर्स्यौट भई ४ बाँकी, विशेष अदालत ऐनअन्तर्गत २० वटामध्ये ११ फर्स्यौट भई ९ बाँकी र सरकारवादी १२ वटामध्ये १ फर्स्यौट भई ११ बाँकी रहेका छन्। यसरी जिल्ला अदालतमा कुल ७५ वटा मुद्दाहरू दर्ता भए, जसमध्ये २९ वटा फर्स्यौट भई ४६ वटा बाँकी रहे। गत वर्ष फर्स्यौट हुन बाँकी २८ वटा मुद्दाहरू फर्स्यौट भएका छन्। १ वर्षभन्दा बढी अवधिका मुद्दाहरू छैनन्।

महिला अधिकार

यस वर्ष यो जिल्लामा बहुविवाहका २ वटा घटना जानकारीमा आए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेकपा (एमाले) जिल्ला कमिटीले आफ्नो कार्यालय तोडफोड गर्ने कार्यमा संलग्न व्यक्तिहरूमाथि कारबाहीको माग गर्दै ०५६ जेठ ८ गते एक प्रेस विज्ञप्ति जारी गर्‍यो। त्यसैगरी सोही माग गर्दै ०५६ साउन १६ गते सिडिओ कार्यालय घेराउ गरियो। उक्त घटनामा केही व्यक्तिले सिडिओमाथि हातपात गरे। त्यसैगरी ०५६ भदौ २५ गते जिल्लाका विभिन्न समस्या र पार्टी कार्यालय तोडफोड गर्नेहरूलाई सिडिओले सफाई दिएको विषयलाई लिएर विरोध कार्यक्रमको आयोजना गरी एक प्रेस विज्ञप्ति प्रकाशित गर्‍यो।

नेपाली काँग्रेस जिल्ला कार्य समितिले ०५६ भदौ १२ गते शिक्षा समितिका अध्यक्षले शिक्षक अनियमित भर्ना गरे भन्ने बहानामा पुनरावेदन अदालत महेन्द्रनगरमा दिएको रिट निवेदनको विरोध गर्दै एक सभाको आयोजना गरी शिक्षकहरूलाई आफ्नो काममा जुट्न आव्हान गर्‍यो।

अतिरिक्त जानकारीहरु

४ जना पुरुष र ४ जना महिलाले आत्महत्या गरे। भीरबाट लडेर ४ जनाको मृत्यु भयो। खोलाले बगाएर २ जनाको मृत्यु भयो। पहिरोमा परी २ जनाको मृत्यु भयो। सर्पको टोकाईले १ जनाको मृत्यु भयो। बाढी-पहिरोबाट ५० लाख रूपैयाँ बराबरको खेतिबाली, जग्गा र घरहरू नष्ट भए। चोरी, डकैतीका २ वटा घटनाहरू भए।

अनुसूची २

मानवअधिकार
उल्लंघन
तथ्याङ्क
१९९९

प्रष्ट्याउनु पर्ने केही कुराहरू

मानवअधिकार उल्लंघनका घटनाहरूको तथ्यांकलाई चार किसिमले प्रस्तुत गरेका छौं। पहिलो, घटनाको प्रकारअनुसार राज्य र गैहराज्यद्वारा गरिएका उल्लंघनका घटना संख्या, तथा पीडित संख्या -- दोश्रो, पीडितको प्रकार र तिनको उमेर समूहका आधारमा पुरूष महिला गरी पीडित संख्या -- तेश्रो, घटनाको प्रकार र महिनाको आधारमा पीडित संख्या -- चौथो, पीडकको प्रकार र उनीहरूवाट पीडित हुनेहरूको संख्या उल्लेख गरेका छौं।

यस्ता तथ्यांकलाई पाँचै विकास क्षेत्रका छुट्टाछुट्टै तथा समग्र नेपालको गरी ६ किसिमले प्रस्तुत गरेका छौं।

राज्यद्वारा भएका हनन भन्नाले प्रहरी, प्रशासन, सैनिक, वन सुरक्षाकर्मी, सरकारी निकायहरू आदिका तर्फवाट भएका उल्लंघनलाई जनाउँछ भने गैहराज्यद्वारा भएका हनन भन्नाले संगठित समूह वा व्यक्तिगत रूपमा भएका उल्लंघनलाई जनाउँछ।

वेपत्ता पारिएको घटनामा सन् १९९९ को अन्त्यसम्ममा पनि पत्ता लाग्न नसकेको पीडितहरूको संख्यालाई मात्र उल्लेख गरेका छौं। तर, केही समय वेपत्ता पारी छाडिएकालाई धम्की, ज्यानमार्ने धम्की र कुटपिट शीर्षकमा तथा थुनामा राखिएकालाई गिरफ्तारी र यातना शीर्षकमा राखेका छौं।

"मौलिक अधिकार", "भेला र संगठित हुने अधिकार" र "स्वतन्त्र र निष्पक्ष चुनाव" आदिलाई कुण्ठित गर्ने क्रममा गरिएका गिरफ्तारी, कुटपिट, धम्की आदिलाई तत्सम्बन्धी शीर्षक अन्तरगत नै राखिएको छ।

गर्भपतनका घटनाहरूमा प्रत्यक्षतः महिला नै पीडित भएकाहरूलाई पीडित संख्यामा उल्लेख गरेका छौं भने महिला पीडित नभएका घटनाहरूमा पीडित संख्या राखिएको छैन।

वेवारिसे लाश फेला परेका घटना, आत्महत्या, चोरी/डकैती, दुर्घटनाहरू/विपत्तिहरू जानकारीका लागि मात्र राखिएको छ। यसलाई जम्मा मानवअधिकार उल्लंघनमा गणना गरिएको छैन।

परिशिष्ट १.१ : नेपाल – घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	४५२	३५५	१३८	४९३	२	१	१	२
गोलीद्वारा हत्या	६२	९३	२	९५	१४५	२४१	४३	२८४
यातनाले मृत्यु					२	२		२
बलात्कारपछि हत्या	६		६	६				
आफ्नै एमबुसमा परी मृत्यु	१	२		२				
गोलीद्वारा घाइते/हवाइ फायर	४२	५८	६	६४	१८	१८	३	२१
बम प्रहारबाट घाइते/बम प्रहार	३०	२८	१	२९				
जेलमा भएको घटना					६	२०		२०
हिरासतमा मृत्यु					४	४		४
गिरफ्तारी र यातना					४१२	१०३७	१०२	११३९
लाठी चार्ज					५	३३		३३
कुटपिट	७८६	९९३	१३६	११२९	७५	१९१	२०	२११
धम्की	११५	१६३	१७	१८०	२४	६०	८	६८
वेपत्ता पारिएको	६	६		६	४८	६४	९	७३
मौलिक अधिकार	६	१२	१	१३	३	१७		१७
भोक हडताल	७	२९	५	३४				
भेला र संगठित हुने अधिकार	२६	३०	९	३९	५	१८	१७	३५
स्वतन्त्र र निष्पक्ष चुनाव	२७	४६	८	५४	२		१	१
सरूवा/घटुवा/पक्षपात आदि	८	२५		२५	६	५		५
राजनीतिक स्वतन्त्रता	६	८	१	९				
निष्पक्ष न्यायिक अधिकार					२	१		१
धार्मिक स्वतन्त्रता	४	३		३				
भूमिहीन/सुकुम्बासी समस्या	३	६		६	४	५		५
महिला किनबेच	७८		११८	११८				
बलात्कार	१४५		१४८	१४८	५		५	५
बलात्कार प्रयास	५५		६८	६८	१		१	१
बहुविवाह	१०५		१०६	१०६				
जारी	८	८	८	१६				
गर्भपतन	५१		२२	२२	२		२	२
पारिवारिक हिंसा	४७	३	४९	५२				
महिला भएकै कारण यातना	४९		५२	५२	८		१८	१८
बाल अधिकार	३४	३६	१३	४९				
आर्थिक अधिकार	१४	४१	३४	७५	२			
जातीय छुवाछूत	२०	२०	८	२८				
आतंक	१३	११	१	१२				
अमानवीय व्यवहार	२४	२४	९	३३	१		१	१
अपहरण	१०	८	३	११				
जम्मा	२२४०	२००८	९६९	२९७७	७८३	१७०७	२३१	१९३८
लाश फेला	१२५	१०५	२०	१२५				
आत्महत्या	१३१७	६८१	६३६	१३१७				
चोरी/डकैती	१९५	१८६	१९	२०५				
दुर्घटनाहरू/विपत्तिहरू	११५०	१७२१	४३८	२१५९				

परिशिष्ट १.२ नेपाल - पीडितको प्रकार र संख्या

पीडितको प्रकार	१५ वर्ष मुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषिसंग सम्बन्धित	३	९	१२	११४३	५६२	१७०५	२३२	५८	२९०	१३७८	६२९	२००७
व्यापारसंग सम्बन्धित				१२५	२६	१५१	२०	८	२८	१४५	३४	१७९
मजदुर	२	१६	१८	२३५	६५	३००	३	२	५	२४०	८३	३२३
कर्मचारी				१०६	५	१११	१०		१०	११६	५	१२१
भूमिहीन तथा सुकुम्बासी				१०		१०	१		१	११		११
कानूनसंग सम्बन्धित				१०		१०	१		१	११		११
सामाजिक कार्यकर्ता				५	५	१०				५	५	१०
साधारण जनता				२४८	९६	३४४	१०	५	१५	२५८	१०१	३५९
अज्ञात				२४		२४				२४		२४
राजनीतिक कार्यकर्ता		१	१	४८५	४४	५२९	५७		५७	५४२	४५	५८७
माओवादी				१४६	४५	१९१	५		५	१५१	४५	१९६
विद्यार्थी	४२	५३	९५	३२३	६६	३८९				३६५	११९	४८४
प्रहरी				१२०	१	१२१	१		१	१२१	१	१२२
शिक्षक				१३१	६	१३७	२०		२०	१५१	६	१५७
वन्दी				२१		२१	२		२	२३		२३
मानवअधिकार कार्यकर्ता				२१	८	२९				२१	८	२९
पत्रकार				३०		३०	१		१	३१		३१
शरणार्थी				१०	३	१३	४		४	१४	३	१७
नाबालक	५७	१०४	१६१							५७	१०४	१६१
नवजात शिशु	२३	९	३२							२३	९	३२
अन्य		१	१	२२	४	२७	३		३	२६	५	३१
जम्मा	१२७	१९३	३२०	३२१६	९३६	४१५२	३७०	७३	४४३	३७१३	१२०२	४९१५

नोट : अन्य अन्तरगत - धार्मिक कार्यकर्ता, डाँका, सैनिक, कमैया, सांसद, स्वास्थ्यसंग सम्बन्धित, शारीरिक तथा मानसिक रूपले अशक्त व्यक्ति, विदेशी, भारतीय नागरिक पर्दछन्।

परिशिष्ट १.३ नेपाल – पीडित हुनेहरुको संख्या घटनाको प्रकार र महिनामा

घटनाको प्रकार	पीडित हुनेहरुको संख्या												
	JAN	FEB	MAR	APR	MAY	JUN	JUL	AUG	SEP	OCT	NOV	DEC	जम्मा
हत्या	४४	४२	३३	२८	५६	४४	४२	३९	३४	४४	५०	३९	४९५
गोलीद्वारा हत्या	२६	२९	४६	२६	३०	३१	२६	२२	४५	२०	३१	४७	३७९
यातनाले मृत्यु				१				१					२
बलात्कारपछि हत्या	१		२	१				१	१				६
आफ्नै एमबुसमा परी मृत्यु				२									२
गोलीद्वारा घाइते/हवाइ फायर	७	११	६	७	१८	१	१४	४	२	८	१	८	८७
बम प्रहारबाट घाइते/बम प्रहार		३	१	३	१२	१			४	५			२९
जेलमा भएको घटना		२०											२०
हिरासतमा मृत्यु						१	१				१	१	४
गिरफ्तारी र यातना	१२१	११०	७५	११०	८६	७६	१००	११३	११२	८५	५७	८२	११३९
लाठी चार्ज		२			२		४		१३			२	२३
कुटपिट	५९	८८	१२०	१२९	२४२	१०९	१०८	११३	११३	७२	८६	१०३	१३४०
धम्की	१७	१८	१८	२९	४५	१९	३४	३३	९	६	१०	१०	२४८
वेपत्ता पारिएको	१७	१३	७	१०	७	३	१	५	३	५	४	४	७९
मौलिक अधिकार				३	२६				१				३०
भोक हडताल			२०	२	१		११						३४
भेला र संगठित हुने अधिकार	१	११	१९	८	१०	१६	१	३	३	२			७४
स्वतन्त्र र निष्पक्ष चुनाव					५५								५५
सरूवा/घटुवा/पक्षपात आदि	१		२१		४	२		२					३०
राजनीतिक स्वतन्त्रता		३	२	२	१							१	९
निष्पक्ष न्यायिक अधिकार										१			१
धार्मिक स्वतन्त्रता				१		१					१		३
भूमिहीन/सुकुम्बासी समस्या		५						६					११
महिला किनबेच	७	१०	८	२	१८	१२	८	१२	७	३	१०	२०	११८
बलात्कार	८	१५	१५	९	१६	१७	१३	१९	१०	१६	६	९	१५३
बलात्कार प्रयास	५	१	७	५	५	१०	३	८	६	५	१२	२	६९
बहुविवाह	१३	५	१२	६	१४	१२	१३	१०	९	५	३	४	१०६
जारी					१०		२					४	१६
गर्भपतन	३	२	१	३	२	१	२	२	३			५	२४
पारिवारिक हिंसा	४	१	३	४	४	९	४	८	५	१	३	६	५२
महिला भएकै कारण यातना	३	८	४	६	४	७	३	५	४	१८	४	४	७०
बाल अधिकार	६	३	१	१	१४	१२	१	५	४	२			४९
आर्थिक अधिकार	१	२५	४	१		१		१	५		३४	३	७५
जातीय छुवाछूत	१	३	१	६	२	७	१	२	१	२	२		२८
आतंक			१	२	१		२			३		३	१२
अमानवीय व्यवहार	३	१	५	२	३		४	६	१	७	१	१	३४
अपहरण	१	१	२		१	१	१	२	१	१			११
जम्मा	३५९	४२९	४३४	४०९	६८७	३९३	३९७	४३३	३९७	३११	३१७	३५९	४९१५

परिशिष्ट १.४ नेपाल - पीडकअनुसार पीडित हुनेहरुको संख्या

पीडकको प्रकार	पीडित हुनेहरुको संख्या											
	१५ वर्ष मुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषिसंग सम्बन्धित	३१	४७	७८	३४१	२७८	६१९	८८	२९	११७	४६०	३५४	८१४
व्यापारसंग सम्बन्धित	१	८	९	८२	६९	१५१	१		१	८४	७७	१६१
साधारण जनता	२६	९०	११६	३४४	२०९	५५३	३५	१९	५४	४०५	३१८	७२३
प्रहरी	१४	४	१८	१५००	१९८	१६९८	११०	९	११९	१६२४	२११	१८३५
शिक्षक	७	१	८	९	२१	३०	४	२	६	२०	२४	४४
विद्यार्थी	६	८	१४	५७	१३	७०	३		३	६६	२१	८७
कर्मचारी				७	१६	२३	३		३	१०	१६	२६
क्याम्पस				१५	५	२०				१५	५	२०
राजनीतिक कार्यकर्ता		१	१	३५२	४१	३९३	२३	२	२५	३७५	४४	४१९
जेलर				२०		२०				२०		२०
वन सुरक्षाकर्मी				१६	१	१७	५		५	२१	१	२२
माओवादी	४	५	९	२९६	१९	३१५	६५		६५	३६५	२४	३८९
सैनिक	१	२	३	२७	१७	४४		१	१	२८	२०	४८
विदेशी	१२		१२	४		४				१६		१६
डाँका				११		११	७	१	८	१८	१	१९
अज्ञात	१२	७	१९	९५	१९	११४	२०	७	२७	१२७	३३	१६०
मजदुर	१०	१६	२६	२७	२५	५२		३	३	३७	४४	८१
अन्य	२	३	५	१५	५	२०	६		६	२३	८	३१
जम्मा	१२६	१९२	३१८	३२१८	९३६	४१५४	३७०	७३	४४३	३७१४	१२०१	४९१५

नोट : अन्य अन्तरगत - सरकारी निकाय, शारीरिक/मानसिकरूपले अशक्त व्यक्ति, कानूनसंग सम्वन्धित, स्वास्थ्यसंग सम्वन्धित, वैंक, वन्दी, प्रजिअ, भूमिहीन तथा सुकुम्वासी, नावालक, भारतीय नागरिक, शरणार्थी पर्दछन्।

परिशिष्ट २.१ पूर्वाञ्चल क्षेत्र - घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१०१	७४	३३	१०७				
गोलीद्वारा हत्या	७	८		८	६	७		७
बलात्कारपछि हत्या	१		१	१				
गोलीद्वारा घाइते/हवाइ फायर	८	९	२	११	४	३	२	५
बम प्रहारबाट घाइते/बम प्रहार	३	१		१				
जेलमा भएको घटना					२	२०		२०
गिरफ्तारी र यातना					७२	१४८	११	१५९
लाठी चार्ज					१	२		२
कुटपिट	२४७	२८६	४८	३३४	८	२६	४	३०
धम्की	२१	४१	४	४५	४	४	२	६
वेपत्ता पारिएको					३	३		३
मौलिक अधिकार	२	९		९	१	१		१
भोक हडताल	५	२९	५	३४				
भेला र संगठित हुने अधिकार	२२	१३	९	२२	३	५		५
स्वतन्त्र र निष्पक्ष चुनाव	६	११	४	१५				
सरूवा/घटुवा/पक्षपात आदि	५	२३		२३	३	३		३
राजनीतिक स्वतन्त्रता	५	७	१	८				
निष्पक्ष न्यायिक अधिकार					२	१		१
धार्मिक स्वतन्त्रता	४	३		३				
भूमिहीन/सुकुम्बासी समस्या	-				२	५		५
महिला किनबेच	२१		३३	३३				
बलात्कार	४७		४८	४८	१		१	१
बलात्कार प्रयास	२०		२४	२४				
बहुविवाह	२७		२८	२८				
गर्भपतन	१४		४	४	१		१	१
पारिवारिक हिंसा	१६		१७	१७				
महिला भएकै कारण यातना	१०		१०	१०	३		१२	१२
बाल अधिकार	८	११	२	१३				
आर्थिक अधिकार	३	४	१	५				
जातीय छुवाछूत	३		२	२				
आतंक	४	५		५				
अमानवीय व्यवहार	११	१३	५	१८				
जम्मा	६२१	५४७	२८१	८२८	११७	२२८	३३	२६१
लाश फेला	१५	११	४	१५				
आत्महत्या	२८४	१६५	११९	२८४				
चोरी/डकैती	२९	३४	३	३७				
दुर्घटनाहरू/विपत्तिहरू	२७८	७५१	८४	८३५				

परिशिष्ट २.२ पूर्वाञ्चल क्षेत्र - पीडितको प्रकार र संख्या

पीडितको प्रकार	१५ वर्ष मुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषिसंग सम्बन्धित		२	२	२४७	१५८	४०५	५१	२४	७५	२९८	१८४	४८२
व्यापारसंग सम्बन्धित				२२	१३	३५	३	३	६	२५	१६	४१
मजदुर	१	४	५	९३	८	१०१		१	१	९४	१३	१०७
कर्मचारी				१६	१	१७	३		३	१९	१	२०
भूमिहीन तथा सुकुम्बासी				५		५				५		५
कानूनसंग सम्बन्धित				४		४	१		१	५		५
साधारण जनता				२५	३१	५६	१	१	२	२६	३२	५८
अज्ञात				६		६				६		६
राजनीतिक कार्यकर्ता				१००	५	१०५	९		९	१०९	५	११४
विद्यार्थी	१३	१४	२७	६९	१५	८४				८२	२९	१११
प्रहरी				१०		१०	१		१	११		११
शिक्षक				२५	२	२७	५		५	३०	२	३२
बन्दी				२०		२०	१		१	२१		२१
पत्रकार				८		८				८		८
नाबालक	१४	३०	४४							१४	३०	४४
नवजात शिशु	७	१	८							७	१	८
अन्य				११	३	१४	२		२	१३	३	१६
जम्मा	३५	५१	८६	६६१	२३६	८९७	७७	२९	१०६	७७३	३१६	१०८९

नोट : अन्य अन्तरगत - सामाजिक कार्यकर्ता, धार्मिक कार्यकर्ता, डाँका, माओवादी, सांसद, स्वास्थ्य कार्यकर्ता, शारीरिक तथा मानसिक रूपले अशक्त व्यक्ति, शरणार्थी पर्दछन्।

परिशिष्ट २.३ पूर्वाञ्चल क्षेत्र – पीडित हुनेहरुको संख्या घटनाको प्रकार र महिनामा

घटनाको प्रकार	पीडित हुनेहरुको संख्या												
	JAN	FEB	MAR	APR	MAY	JUN	JUL	AUG	SEP	OCT	NOV	DEC	जम्मा
हत्या	९	९	८	९	६	५	१०	९	९	८	१२	१२	१०६
गोलीद्वारा हत्या	२		१	२		१		४	२		१	१	१४
बलात्कारपछि हत्या			१										१
गोलीद्वारा घाइते/हवाइ फायर	१	५		१	४		१	२	१			१	१६
बम प्रहारबाट घाइते/बम प्रहार						१							१
जेलमा भएको घटना		२०											२०
गिरफ्तारी र यातना	२०	२०	३	१८	८	८	२८	१६	६	१३	६	६	१५२
लाठी चार्ज												३	३
कुटपिट	९	१५	५४	३३	८७	२१	३१	२६	२८	२१	३४	१८	३६४
धम्की	६	२	३	१	११		३	८	१	३	१	४	४१
विपना पारिएको	२											१	३
मौलिक अधिकार					९				१				१०
लोक हडताल			२०	२	१		११						३४
भेला र संगठित हुने अधिकार	१		३	८	५	१	१	३	३	२			२७
स्वतन्त्र र निष्पक्ष चुनाव					१५								१५
सरुवा/घटुवा/पक्षपात आदि	१		२१		३			१					२६
राजनीतिक स्वतन्त्रता		३	२	१	१							१	८
निष्पक्ष न्यायिक अधिकार										१			१
धार्मिक स्वतन्त्रता				१		१					१		३
भूमिहीन/सुकुम्बासी समस्या								४					४
महिला किनबेच	१	१	४	१	३	३	३	३	१		२	१२	३४
बलात्कार	१	५	५	३	६	६	४	४	४	६	१	४	४९
बलात्कार प्रयास	५	१	४		४	३	१	१	१	२	१	१	२४
बहुविवाह	४	२	६		६		३	२	२	१	१	१	२८
गर्भपतन	१			१			१		१			१	५
पारिवारिक हिंसा	१			२		४	३	६	१	१			१६
महिला भएकै कारण यातना		२				१	१	५		१४	३		२७
बाल अधिकार	६	१	१		३	३		१					१५
आर्थिक अधिकार	१			१								३	५
जातीय छुवाछूत						१			१				२
आतंक							२					३	५
अमानवीय व्यवहार			२		२		४		१	६		१	१६
जम्मा	६३	८४	१३८	८७	१६०	५८	११२	९४	६१	६८	८२	६७	१०८९

परिशिष्ट २.४ पूर्वाञ्चल क्षेत्र – पीडकअनुसार पीडित हुनेहरुको संख्या

पीडकको प्रकार	पीडित हुनेहरुको संख्या											
	१५ वर्ष मुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषिसंग सम्बन्धित	८	८	१६	१०६	८६	१९२	२९	१४	४३	१४३	१०८	२५१
व्यापारसंग सम्बन्धित		१	१	३४	२०	५४				३४	२१	५५
साधारण जनता	१२	२४	३६	१२२	६२	१८४	८	८	१६	१४२	९४	२३६
प्रहरी		१	१	१६६	१३	१७९	१७	२	१९	१८३	१६	१९९
शिक्षक	३		३	२	३	५		१	१	५	४	९
विद्यार्थी		२	२	१२	२	१४	१		१	१३	४	१७
कर्मचारी				१	५	६				१	५	६
राजनीतिक कार्यकर्ता				११५	१०	१२५	९		९	१२४	१०	१३४
जेलर				२०		२०				२०		२०
क्याम्पस				१५	५	२०				१५	५	२०
वन सुरक्षाकर्मी				३	१	४				३	१	४
माओवादी	१	१	२	९	२	११	५		५	१५	३	१८
सैनिक		२	२	१८	१३	३१		१	१	१८	१६	३४
विदेशी	३		३	३		३				६		६
डाँका				५		५		१	१	५	१	६
अज्ञात	४	१	५	१८	५	२३	५	२	७	२७	८	३५
मजदुर	२	८	१०	८	७	१५				१०	१५	२५
अन्य	२	३	५	५	१	६	३		३	१०	४	१४
जम्मा	३५	५१	८६	६६२	२३५	८९७	७७	२९	१०६	७७४	३१५	१०८९

नोट : अन्य अन्तरगत – शारीरिक तथा मानसिक रूपले अशक्त व्यक्ति, नाबालक, सास्थ्यसंग सम्बन्धित, कानूनसंग सम्बन्धित, बन्दी, बैंक, शरणार्थी, प्रजिअ पर्दछन्।

परिशिष्ट ३.१ मध्यमाञ्चल क्षेत्र – घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	१४०	९७	४८	१४५				
गोलीद्वारा हत्या	३०	३३	१	३४	२३	४३	९	५२
यातनाले मृत्यु					१	१		१
बलात्कारपछि हत्या	१		१	१				
आफ्नै एमबुसमा परी मृत्यु	१	२		२				
गोलीद्वारा घाइते/हवाइ फायर	२४	३४	१	३५	७	८		८
बम प्रहारबाट घाइते/बम प्रहार	८	३		३				
जेलमा भएको घटना					१			
हिरासतमा मृत्यु					४	४		४
गिरफ्तारी र यातना					११७	३७३	३८	४११
लाठी चार्ज					१	१३		१३
कुटपिट	१८६	२२२	३४	२५६	२९	८७	१५	१०२
धम्की	२०	१९	४	२३	७	१६	२	१८
बेपत्ता पारिएको	१	१		१	१३	१८	१	१९
मौलिक अधिकार	१				२	१६		१६
भोक हडताल	२							
भेला र संगठित हुने अधिकार	१	१		१				
स्वतन्त्र र निष्पक्ष चुनाव	११	६		६				
सरूवा/घटुवा/पक्षपात आदि	१	१		१	२	२		२
भूमिहीन/सुकुम्बासी समस्या	१	५		५	२			
महिला किनबेच	३९		६२	६२				
बलात्कार	४५		४६	४६	२		२	२
बलात्कार प्रयास	१४		२०	२०				
बहुविवाह	२०		२०	२०				
गर्भपतन	१२		७	७				
पारिवारिक हिंसा	१५	३	१६	१९				
महिला भएकै कारण यातना	२१		२३	२३	२		३	३
बाल अधिकार	१३	१७	६	२३				
आर्थिक अधिकार	६	३१	३३	६४	२			
जातीय छुवाछूत	६	११	१	१२				
आतंक	८	५	१	६				
अमानवीय व्यवहार	६	५	४	९	१		१	१
अपहरण	१०	८	३	११				
जम्मा	६४३	५१४	३३१	८४५	२१६	५८१	७१	६५२
लाश फेला	५०	४१	९	५०				
आत्महत्या	४१०	१९८	२१२	४१०				
चोरी/डकैती	५९	५१	४	५५				
दुर्घटनाहरू/विपत्तिहरू	३१६	३११	१२९	४४०				

परिशिष्ट ३.२ मध्यमाञ्चल क्षेत्र - पीडितको प्रकार र संख्या

पीडितको प्रकार	१५ वर्ष मुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषिसंग सम्बन्धित		३	३	२८४	१६२	४४६	५७	१३	७०	३४१	१७८	५१९
व्यापारसंग सम्बन्धित				३७	६	४३	६	३	९	४३	९	५२
मजदुर		९	९	९१	४४	१३५	१	१	२	९२	५४	१४६
कर्मचारी				३१	३	३४	२		२	३३	३	३६
भूमिहीन तथा सुकुम्बासी				५		५				५		५
मानवअधिकार कार्यकर्ता				२१	८	२९				२१	८	२९
साधारण जनता				१५८	३९	१९७	५	२	७	१६३	४१	२०४
राजनीतिक कार्यकर्ता		१	१	१५३	११	१६४	१३		१३	१६६	१२	१७८
माओवादी				२८	८	३६				२८	८	३६
विद्यार्थी	१४	१६	३०	८९	२८	११७				१०३	४४	१४७
प्रहरी				१७		१७				१७		१७
शिक्षक				२५	१	२६	३		३	२८	१	२९
पत्रकार				१५		१५	१		१	१६		१६
नाबालक	२१	३७	५८	१	१	२				२२	३८	६०
नवजात शिशु	५	२	७							५	२	७
अन्य				१२	३	१५	१		१	१३	३	१६
जम्मा	४०	६८	१०८	९६६	३१५	१२८१	८९	१९	१०८	१०९५	४०२	१४९७

नोट : अन्य अन्तरगत - कानूनसंग सम्बन्धित, सामाजिक कार्यकर्ता, अज्ञात, डाँका, सैनिक, बन्दी, सांसद, विदेशी, भारतीय नागरिक पर्दछन्।

परिशिष्ट ३.३ मध्यमाञ्चल क्षेत्र – पीडित हुनेहरुको संख्या घटनाको प्रकार र महिनामा

घटनाको प्रकार	पीडित हुनेहरुको संख्या												
	JAN	FEB	MAR	APR	MAY	JUN	JUL	AUG	SEP	OCT	NOV	DEC	जम्मा
हत्या	१४	८	५	६	२०	१४	१५	१२	११	१४	१३	११	१४५
गोलीद्वारा हत्या	३	१०	२१	१०	१०	४	८	८	६	२	३	५	८८
यातनाले मृत्यु				१									१
बलात्कारपछि हत्या									१				१
आफ्नै एम्बुसमा परी मृत्यु				२									२
गोलीद्वारा घाइते/हवाइ फायर	३	३	३		६		१०	२		६	१	६	४०
बम प्रहारबाट घाइते/बम प्रहार			१		२								३
हिरासतमा मृत्यु						१	१				१	१	४
गिरफ्तारी र यातना	६०	२५	२६	२८	३२	८	१२	४४	६१	४०	७०	४८	४११
लाठी चार्ज									१३				१३
कुटपिट	७७	३३	२४	२६	२५	९	३३	३३	२८	१२	१६	६४	३९८
धम्की		२	४	१०	२	६	३	१०	१		१	१	४१
बेपत्ता पारिएको		५		३	८	२		१	२	१	१	१	२०
मौलिक अधिकार					१८								१८
भेला र संगठित हुने अधिकार			१										१
स्वतन्त्र र निष्पक्ष चुनाव					६								६
सल्वा/पट्वा/पक्षपात आदि					१	२							३
भूमिहीन/सुकुम्बासी समस्या		५											५
महिला किनबेच	२	६	४		१४	८	९	८	५	३	८	४	६२
बलात्कार	९	५	४	३	६	६	६	८	२	३	१	३	४८
बलात्कार प्रयास			१	२	१	३	१	१	१		९	१	२०
बहुविवाह	१	१	१	१		५	३	१	१	३	१	२	२०
गर्भपतन	१	१	१	१			१					२	६
पारिवारिक हिंसा	२	१	१	१	२	२	२	१			५	५	१९
महिला भएकै कारण यातना	२	९	३	५	२	३		१	३	३	२	२	२६
बाल अधिकार					११	८	१	१	२				२३
आर्थिक अधिकार		२५						१	४		३३		६३
जातीय छुवाछूत			१	५	२		१			२	१		१२
आतंक			१	२	१					२			६
अमानवीय व्यवहार	२		३	२				३					१०
अपहरण	१	१	२		१	१	१	२	१	१			११
जम्मा	११७	१२९	११८	१०८	१६६	८२	९८	१२८	१६४	९२	११३	१८६	१४९६

परिशिष्ट ३.४ मध्यमाञ्चल क्षेत्र - पीडकअनुसार पीडित हुनेहरुको संख्या

पीडकको प्रकार	पीडित हुनेहरुको संख्या											
	१५ वर्ष मुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषिसंग सम्बन्धित	४	४	८	६४	६०	१२४	१८	८	२६	८६	७२	१५८
व्यापारसंग सम्बन्धित	१	३	४	३६	३६	७२	१		१	३८	३९	७७
सरकारी निकाय				३		३	२		२	५		५
साधारण जनता	११	४९	६०	११५	१०६	२२१	१४	७	२१	१४०	१६२	३०२
प्रहरी	३	२	५	५४१	६४	६०५	२६	२	२८	५७०	६८	६३८
शिक्षक	१		१	२	६	८				३	६	९
विद्यार्थी	१	२	३	१८	२	२०				१९	४	२३
कर्मचारी				२	४	६	२		२	४	४	८
राजनीतिक कार्यकर्ता				७०	११	८१	४	१	५	७४	१२	८६
माओवादी				४७	१	४८	१३		१३	६०	१	६१
सैनिक	१		१	५	३	८				६	३	९
विदेशी	९		९	१		१				१०		१०
डाँका				६		६	३		३	९		९
अज्ञात	६	४	१०	४५	११	५६	६	१	७	५७	१६	७३
मजदुर	३	४	७	७	७	१४				१०	११	२१
अन्य				४	४	८				४	४	८
जम्मा	४०	६८	१०८	९६६	३१५	१२८१	८९	१९	१०८	१०९५	४०२	१४९७

नोट : अन्य अन्तरगत - नाबालक, स्वास्थ्यसंग सम्बन्धित, भूमिहीन तथा सुकुम्बासी, भारतीय नागरिक पर्दछन्।

परिशिष्ट ४.१ पश्चिमाञ्चल क्षेत्र – घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	९९	७५	२७	१०२				
गोलीद्वारा हत्या	११	१७		१७	१३	१५	४	१९
यातनाले मृत्यु					१	१		१
बलात्कारपछि हत्या	३		३	३				
गोलीद्वारा घाइते/हवाइ फायर	३	५	१	६	४	४	१	५
बम प्रहारबाट घाइते/बम प्रहार	१०	१०		१०				
गिरफ्तारी र यातना					७४	१५९	२२	१८१
लाठी चार्ज					२	४		४
कुटपिट	१५८	२०४	२२	२२६	४	४		४
धम्की	१७	३०	३	३३	१	४		४
बेपत्ता पारिएको					८	१४	२	१६
मौलिक अधिकार	२	२	१	३				
भेला र संगठित हुने अधिकार	१	११		११	२	१३	१७	३०
स्वतन्त्र र निष्पक्ष चुनाव	६	२२	४	२६				
सरुवा/घटुवा/पक्षपात आदि	१	१		१				
भूमिहीन/सुकुम्बासी समस्या	१							
महिला किनबेच	१३		१८	१८				
बलात्कार	२५		२६	२६				
बलात्कार प्रयास	११		११	११				
बहुविवाह	२७		२६	२६				
गर्भपतन	१४							
पारिवारिक हिंसा	८		८	८				
महिला भएकै कारण यातना	५		६	६				
बाल अधिकार	६	५	१	६				
आर्थिक अधिकार	२	१		१				
जातीय छुवाछूत	४	२	२	४				
अमानवीय व्यवहार	६	५		५				
जम्मा	४३३	३९०	१६२	५५२	१०९	२१८	४७	२६५
लाश फेला	४४	४०	४	४४				
आत्महत्या	३२४	१६८	१५६	३२४				
चोरी/डकैती	५१	४४	८	५२				
दुर्घटनाहरू/विपत्तिहरू	२७०	२६६	९८	३६४				

परिशिष्ट ४.२ पश्चिमाञ्चल क्षेत्र - पीडितको प्रकार र संख्या

पीडितको प्रकार	१५ वर्ष मुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषिसंग सम्बन्धित	१	२	३	१२५	७३	१९८	५१	१६	६७	१७७	९१	२६८
व्यापारसंग सम्बन्धित				३०	५	३५	३	१	४	३३	६	३९
मजदुर		१	१	३२	६	३८				३२	७	३९
कर्मचारी				२०		२०	१		१	२१		२१
साधारण जनता				२७	२०	४७	२	१	३	२९	२१	५०
राजनीतिक कार्यकर्ता				१०५	२४	१२९	११		११	११६	२४	१४०
माओवादी				२७	९	३६	२		२	२९	९	३८
विद्यार्थी	९	१२	२१	५९	८	६७				६८	२०	८८
प्रहरी				३०	१	३१				३०	१	३१
शिक्षक				३३	२	३५	५		५	३८	२	४०
शरणार्थी				९	२	११	४		४	१३	२	१५
नाबालक	११	२०	३१							११	२०	३१
नवजात शिशु	१०	५	१५							१०	५	१५
अन्य				११	१	१२				११	१	१२
जम्मा	३१	४०	७१	४९८	१५१	६४९	७९	१८	९७	६०८	२०९	८१७

नोट : अन्य अन्तरगत - कानूनसंग सम्बन्धित, सामाजिक कार्यकर्ता, सैनिक, स्वास्थ्यसंग सम्बन्धित, पत्रकार, विदेशी, भारतीय नागरिक पर्दछन्।

परिशिष्ट ४.३ पश्चिमाञ्चल क्षेत्र - पीडित हुनेहरुको संख्या घटनाको प्रकार र महिनामा

	पीडित हुनेहरुको संख्या												
घटनाको प्रकार	JAN	FEB	MAR	APR	MAY	JUN	JUL	AUG	SEP	OCT	NOV	DEC	जम्मा
हत्या	९	१३	१	२	१०	१२	८	८	५	१०	१३	११	१०२
गोलीद्वारा हत्या	१	१	१	७	९	४	३	२	३	२		३	३६
यातनाले मृत्यु								१					१
बलात्कारपछि हत्या	१		१					१					३
गोलीद्वारा घाइते/हवाइ फायर		१		५	५		१						१२
बम प्रहारबाट घाइते/बम प्रहार				३					३	४			१०
गिरफ्तारी र यातना	१८	५	४	१३	३९	२१	१६	२०	६	८	१५	१६	१८१
लाठी चार्ज		२			२								४
कुटपिट	१६	१८	८	२६	५५	३४	१३	२१	९	१८	११	२	२३१
धम्की	३	११			१०	४	७		१		१		३७
बेपत्ता पारिएको	८	४		३						२			१७
मौलिक अधिकार				२	१								३
भेला र संगठित हुने अधिकार		११	१५			१५							४१
स्वतन्त्र र निष्पक्ष चुनाव					२६								२६
सरूवा/घटुवा/पक्षपात आदि								१					१
महिला किनबेच	१	३		१	२		५	१	१	१		३	१८
बलात्कार	३	२	२	३		३	२	४	१	२	३	१	२६
बलात्कार प्रयास			१	१		२	१		२	२	२		११
बहुविवाह	६	१		३	६	१	३	५	१			१	२७
पारिवारिक हिंसा			१	१	२	१			२		१		८
महिला भएकै कारण यातना		२	२				१			१			६
बाल अधिकार				१		१		२	१	१			६
आर्थिक अधिकार											१		१
जातीय छुवाछूत	१	२		१									४
अमानवीय व्यवहार	१	१						२			१		५
जम्मा	६८	७७	३६	७२	१६७	९८	६०	६८	३५	५१	४८	३७	८१७

परिशिष्ट ४.४ पश्चिमाञ्चल क्षेत्र - पीडकअनुसार पीडित हुनेहरुको संख्या

पीडकको प्रकार	पीडित हुनेहरुको संख्या											
	१५ वर्ष मुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषिसंग सम्वन्धित	१३	२०	३३	६६	४७	११३	२५	७	३२	१०४	७४	१७८
व्यापारसंग सम्त्रन्धित		१	१	७	१०	१७				७	११	१८
साधारण जनता	२	११	१३	६२	२४	८६	१०	२	१२	७४	३७	१११
प्रहरी	५	१	६	१९५	४३	२३८	१७	३	२०	२१७	४७	२६४
शिक्षक	२	१	३	३	१	४	४	१	५	९	३	१२
विद्यार्थी	३	१	४	२५	३	२८	१		१	२९	४	३३
कर्मचारी				१	२	३				१	२	३
राजनीतिक कार्यकर्ता		१	१	७७	११	८८	६		६	८३	१२	९५
माओवादी		१	१	४०	३	४३	८		८	४८	४	५२
डाँका							४		४	४		४
अज्ञात	१		१	१२	१	१३	३	२	५	१६	३	१९
मजदुर	५	३	८	८	६	१४		३	३	१३	१२	२५
अन्य				२		२	१		१	३		३
जम्मा	३१	४०	७१	४९८	१५१	६४९	७९	१८	९७	६०८	२०९	८१७

नोट : अन्य अन्तरगत - सरकारी निकाय, पंजिअ, भारतीय नागरिक पर्दछन्।

परिशिष्ट ५.१ मध्यपश्चिमाञ्चल क्षेत्र – घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	७९	८६	१८	१०४	२	१	१	२
गोलीद्वारा हत्या	१३	३४	१	३५	१००	१७०	२९	१९९
गोलीद्वारा घाइते/हवाइ फायर	६	९	१	१०	२	२		२
बम प्रहारबाट घाइते/बम प्रहार	९	१४	१	१५				
जेलमा भएको घटना					३			
गिरफ्तारी र यातना					१२१	२९१	२७	३१८
लाठी चार्ज					१	४		४
कुटपिट	१२१	१७५	२०	१९५	३२	७१	१	७२
धम्की	४७	५९	३	६२	१०	२३	२	२५
बेपत्ता पारिएको	५	५		५	३४	२९	५	३४
भेला र संगठित हुने अधिकार	१	४		४				
स्वतन्त्र र निष्पक्ष चुनाव	३	५		५	२		१	१
राजनीतिक स्वतन्त्रता	१	१		१				
सरूवा/घटुवा/पक्षपात आदि	१				१			
भूमिहीन/सुकुम्बासी समस्या	१	१		१				
महिला किनबेच	२		२	२				
बलात्कार	१६		१६	१६	१		१	१
बलात्कार प्रयास	४		७	७	१		१	१
बहुविवाह	२४		२४	२४				
जारी	८	८	८	१६				
गर्भपतन	४		४	४	१		१	१
पारिवारिक हिंसा	६		६	६				
महिला भएकै कारण यातना	८		८	८	३		३	३
बाल अधिकार	४	१	३	४				
आर्थिक अधिकार	२	४		४				
जातीय छुवाछूत	३	३	२	५				
आतंक	१	१		१				
अमानवीय व्यवहार	१	१		१				
जम्मा	३७०	४११	१२४	५३५	३०४	५९१	७२	६६३
लाश फेला	१०	७	३	१०				
आत्महत्या	११३	६०	५३	११३				
चोरी/डकैती	१४	१८	१	१९				
दुर्घटनाहरू/विपत्तिहरू	१२९	१८५	६५	२५०				

परिशिष्ट ५.२ मध्यपश्चिमाञ्चल क्षेत्र – पीडितको प्रकार र संख्या

पीडितको प्रकार	१५ वर्ष मुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृपिसंग सम्वन्धित	१	१	२	३७७	११५	४९२	६१	२	६३	४३९	११८	५५७
व्यापारसंग सम्वन्धित				२३	२	२५	४	१	५	२७	३	३०
मजदुर	१		१	१८	५	२३	१		१	२०	५	२५
कर्मचारी				३१	१	३२	१		१	३२	१	३३
साधारण जनता				३७	४	४१	२	१	३	३९	५	४४
अज्ञात				१५		१५				१५		१५
राजनीतिक कार्यकर्ता				९८	२	१००	२२		२२	१२०	२	१२२
माओवादी				८५	२८	११३	३		३	८८	२८	११६
विद्यार्थी	६	९	१५	८७	१०	९७				९३	१९	११२
प्रहरी				६३		६३				६३		६३
शिक्षक				४१	१	४२	५		५	४६	१	४७
कमैया				४	१	५				४	१	५
पत्रकार				५		५				५		५
नावालक	५	११	१६							५	११	१६
अन्य		१	१	४	१	५	२		२	६	२	८
जम्मा	१३	२२	३५	८८८	१७०	१०५८	१०१	४	१०५	१००२	१९६	११९८

नोट : अन्य अन्तरगत – भूमिहीन तथा सुकुम्वासी, कानूनसंग सम्वन्धित, सामाजिक कार्यकर्ता, धार्मिक कार्यकर्ता, सैनिक, नवजात शिशु पर्दछन्।

परिशिष्ट ५.३ मध्यपश्चिमाञ्चल क्षेत्र - पीडित हुनेहरुको संख्या घटनाको प्रकार र महिनामा

	पीडित हुनेहरुको संख्या												
घटनाको प्रकार	JAN	FEB	MAR	APR	MAY	JUN	JUL	AUG	SEP	OCT	NOV	DEC	जम्मा
हत्या	१०	९	१६	८	१५	६	७	५	६	१२	९	३	१०६
गोलीद्वारा हत्या	१९	१३	२३	६	११	२२	१७	९	३२	१६	२८	३८	२३४
गोलीद्वारा घाइते/हवाइ फायर	३	२	३	१		१			१	१			१२
वम प्रहारबाट घाइते/वम प्रहार		३			१०				१	१			१५
गिरफ्तारी र यातना	३३	४६	३१	५३	६	३५	३१	२०	१७	१९	१४	१३	३१८
लाठी चार्ज							४						४
कुटपिट	९	१८	२१	२७	५७	२२	१९	२३	३०	१४	२०	७	२६७
धम्की	७	३	५	१७	१३	५	१२	९	५	४	७		८७
वेपत्ता पारिएको	७	६	७	४	१	१	१	४	१	२	३	२	३९
भेला र संगठित हुने अधिकार					४								४
स्वतन्त्र र निष्पक्ष चुनाव					६								६
राजनीतिक स्वतन्त्रता				१									१
भूमिहीन/सुकुम्वासी समस्या								१					१
महिला किनबेच	१							१					२
बलात्कार	१	४	२		२	१	१	१	२	२	१		१७
बलात्कार प्रयास				१		१		५	१				८
बहुविवाह	२		४	१	२	४	३	१	५	१	१		२४
जारी					१०		२					४	१६
गर्भपतन				१	१			२	१				५
पारिवारिक हिंसा	१		१					१	२			१	६
महिला भएकै कारण यातना		२			२	३	१	१	१			१	११
वाल अधिकार		१				१		१		१			४
आर्थिक अधिकार			४										४
जातीय छुवाछूत						३					२		५
आतंक										१			१
अमानवीय व्यवहार								१					१
जम्मा	९३	१०७	११७	१२०	१४०	१०५	९८	८५	१०५	७४	८५	६९	११९८

परिशिष्ट ५.४ मध्यपश्चिमाञ्चल क्षेत्र – पीडकअनुसार पीडित हुनेहरुको संख्या

पीडकको प्रकार	पीडित हुनेहरुको संख्या											
	१५ वर्ष मुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषिसंग सम्वन्धित	३	१०	१३	५७	४८	१०५	९		९	६९	५८	१२७
व्यापारसंग सम्वन्धित		१	१	३	१	४				३	२	५
साधारण जनता		६	६	३९	११	५०	१	१	२	४०	१८	५८
नावालक				१		१				१		१
प्रहरी	६		६	५२७	७०	५९७	४४	२	४६	५७७	७२	६४९
शिक्षक	१		१	२	७	९				३	७	१०
विद्यार्थी					५	५	१		१	१	५	६
कर्मचारी				१	४	५	१		१	२	४	६
राजनीतिक कार्यकर्ता				४०	४	४४	२		२	४२	४	४६
वन सुरक्षाकर्मी				५		५	२		२	७		७
माओवादी	२	३	५	१९१	१३	२०४	३८		३८	२३१	१६	२४७
सैनिक				३	१	४				३	१	४
अज्ञात	१	२	३	१७	२	१९	३	१	४	२१	५	२६
मजदुर				२	४	६				२	४	६
जम्मा	१३	२२	३५	८८८	१७०	१०५८	१०१	४	१०५	१००२	१९६	११९८

परिशिष्ट ६.१ सुदूरपश्चिमाञ्चल क्षेत्र - घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैहराज्यद्वारा भएका हनन				राज्यद्वारा भएका हनन			
	घटना	पीडित संख्या			घटना	पीडित संख्या		
	संख्या	पुरुष	महिला	जम्मा	संख्या	पुरुष	महिला	जम्मा
हत्या	३३	३३	१२	३५				
गोलीद्वारा हत्या	१	१		१	३	६	१	७
बलात्कारपछि हत्या	१		१	१				
गोलीद्वारा घाइते/हवाइ फायर	१	१		१	१	१		१
गिरफ्तारी र यातना					३७	६६	४	७०
कुटपिट	७४	९६	११	१०७	३	३		३
धम्की	१०	१४	३	१७	३	१३	२	१५
मौलिक अधिकार	१	१		१				
भेला र संगठित हुने अधिकार	१	१		१				
स्वतन्त्र र निष्पक्ष चुनाव	१	२		२				
महिला किनबेच	३		३	३				
बलात्कार	१२		१२	१२	१		१	१
बलात्कार प्रयास	६		६	६				
बहुविवाह	७		७	७				
गर्भपतन	७		७	७				
पारिवारिक हिंसा	२		३	३				
महिला भएकै कारण यातना	५		५	५				
बाल अधिकार	३	२	१	३				
आर्थिक अधिकार	१	१		१				
जातीय छुवाछूत	४	४	१	५				
जम्मा	१७३	१४६	७१	२१७	३७	८९	८	९७
लाश फेला	६	६		६				
आत्महत्या	१८६	९०	९६	१८६				
चोरी/डकैती	४२	३९	३	४२				
दुर्घटनाहरू/विपत्तिहरू	१५७	१०८	६२	१७०				

परिशिष्ट ६.२ सुदूरपश्चिमाञ्चल क्षेत्र - पीडितको प्रकार र संख्या

पीडितको प्रकार	१५ वर्ष मुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषिसंग सम्वन्धित	१	१	२	११०	५४	१६४	१२	३	१५	१२३	५८	१८१
व्यापारसंग सम्वन्धित				१३		१३	४		४	१७		१७
मजदुर		२	२	११	२	१३	१		१	१२	४	१६
कर्मचारी				८		८	३		३	११		११
सामाजिक कार्यकर्ता				१	१	२				१	१	२
साधारण जनता				१	२	३				१	२	३
राजनीतिक कार्यकर्ता				३०	१	३१	२		२	३२	१	३३
माओवादी				२		२				२		२
विद्यार्थी		२	२	१९	५	२४				१९	७	२६
शिक्षक				७		७	२		२	९		९
नावालक	५	५	१०							५	५	१०
अन्य	१	१	२	२		२				३	१	४
जम्मा	७	११	१८	२०४	६५	२६९	२४	३	२७	२३५	७९	३१४

नोट : अन्य अन्तरगत - कानूनसंग सम्वन्धित, सैनिक, शारीरिक तथा मानसिक रूपले अशक्त व्यक्ति, नवजात शिशु पर्दछन्।

परिशिष्ट ६.३ सुदूरपश्चिमाञ्चल क्षेत्र - पीडित हुनेहरुको संख्या घटनाको प्रकार र महिनामा

घटनाको प्रकार	पीडित हुनेहरुको संख्या												
	JAN	FEB	MAR	APR	MAY	JUN	JUL	AUG	SEP	OCT	NOV	DEC	जम्मा
हत्या	२	३	३	२	४	७	२	४	३		३	२	३५
गोलीद्वारा हत्या		५		१				१	१				८
बलात्कारपछि हत्या				१									१
गोलीद्वारा घाइते/हवाइ फायर							२						२
गिरफ्तारी र यातना		१४	१०	२	१	६	५	१२	१३	५	२		७०
कुटपिट	३	४	३	१६	३०	१३	१०	९	१०	६	४	२	११०
धम्की			५	१	१	३	१०	६	१			५	३२
मौलिक अधिकार				१									१
भेला र संगठित हुने अधिकार					१								१
स्वतन्त्र र निष्पक्ष चुनाव					२								२
महिला किनबेच	२					१							३
बलात्कार	१	१	२		२			२	१	३		१	१३
बलात्कार प्रयास			१	१		१		१	१	१			६
बहुविवाह		१	१	१		२	१	१					७
गर्भपतन	१	१			१	१			१			२	७
पारिवारिक हिंसा						२							२
महिला भएकै कारण यातना	१			१				१		१		१	५
बाल अधिकार		१			१				१				३
आर्थिक अधिकार						१							१
जातीय छुवाछूत						३		२					५
जम्मा	३३	६५	१०२	५१	११०	७५	९५	१११	४९	४२	४१	४२	८१७

परिशिष्ट ६.४ सुदूरपश्चिमाञ्चल क्षेत्र – पीडकअनुसार पीडित हुनेहरुको संख्या

पीडकको प्रकार	पीडित हुनेहरुको संख्या											
	१५ वर्ष मुनि			१५ देखि ४५ वर्ष			४५ वर्षभन्दा माथि			जम्मा		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कृषिसंग सम्वन्धित	३	५	८	४८	३७	८५	७		७	५८	४२	१००
व्यापारसंग सम्वन्धित		२	२	२	२	४				२	४	६
साधारण जनता	१		१	६	६	१२	२	१	३	९	७	१६
प्रहरी				७१	८	७९	६		६	७७	८	८५
शिक्षक					४	४					४	४
विद्यार्थी	२	३	५	२	१	३				४	४	८
कर्मचारी				२	१	३				२	१	३
राजनीतिक कार्यकर्ता				५०	५	५५	२	१	३	५२	६	५८
वन सुरक्षाकर्मी				८		८	३		३	११		११
माओवादी	१		१	९		९	१		१	११		११
सैनिक				१		१				१		१
अज्ञात				३		३	३	१	४	६	१	७
मजदुर		१	१	२	१	३				२	२	४
जम्मा	७	११	१८	२०४	६५	२६९	२४	३	२७	२३५	७९	३१४

परिशिष्ट ७ सन् १९९९ डिसेम्बर महिनासम्मको जेलमा रहेका बन्दीहरुको संख्या

जिल्ला	थुनुवा	बन्दी	पुरुष	महिला	नाबालक	जम्मा
१.१ झापा	२२२	५१	२५८	१६	३	२७७
१.२ इलाम	२८	२५	४८	६	१	५५
१.३ पाँचथर	१६	१७	३२	१	०	३३
१.४ ताप्लेजुङ	१	२०	२०	१	०	२१
१.५ मोरङ	२३१	१९१	३९२	३०	४	४२६
१.६ सुनसरी	जेल छैन					
१.७ धनकुटा	२	१५	१६	०	०	१६
१.८ तेहथुम	१०	२३	२४	९	०	३३
१.९ भोजपुर			३६	२	१	३९
१.१० संखुवासभा	९	३३	३५	७	०	४२
१.११ सप्तरी	३३	३८	६३	८	०	७१
१.१२ सिराहा	१३१	८७	२१३	५	२	२२०
१.१३ उदयपुर	२०	२५	४३	२	१	४६
१.१४ खोटाङ	१५	२०	२९	६	०	३५
१.१५ ओखलढुङ्गा	२४	१८	४०	२	१	४३
१.१६ सोलुखुम्बु			१४	७	०	२१
२.१ धनुषा	जेल छैन					
२.२ महोत्तरी	८०	५३	१३०	३	०	१३३
२.३ सर्लाही	३८	२३	५८	३	०	६१
२.४ सिन्धुली	५१	११	५२	१०	०	६२
२.५ रामेछाप	७	१३	१५	५	०	२०
२.६ दोलखा	२१	१९	३८	२	०	४०
२.७ रौतहट	५५	१४	६४	५	१	७०
२.८ बारा	जेल छैन					
२.९ पर्सा	१८५	३१३	४७७	२१	०	४९८
२.१० चितवन	११७	३२	१३१	१८	१४	१६३
२.११ मकवानपुर	१०७	४	१०२	९	०	१११
२.१२ ललितपुर	८४	१०४	१८८	०	२	१९०
२.१३ काभ्रे	४५	३४	७९	०	०	७९
२.१४ भक्तपुर	जेल छैन					
२.१५ काठमाण्डौ	५९७	८३१	१३२२	१०६	१४	१४४२
२.१६ धादिङ	३	२८	२९	२	०	३१
२.१७ सिन्धुपाल्चोक	४८	१०	४९	६	३	५८
२.१८ नुवाकोट	२७	३	२७	३	१	३१
२.१९ रसुवा	२	०	२	०	०	२
३.१ तनहुँ	२३	२५	४८	०	०	४८
३.२ गोरखा	२३	१३	३३	३	०	३६
३.३ लमजुङ	३१	५	३१	५	२	३८
३.४ स्याङ्जा	१४	१९	३३	०	०	३३
३.५ कास्की	९५	२९	१०७	१७	२	१२६
३.६ मनाङ	०	०	०	०	०	०
३.७ नवलपरासी	४५	१६	५७	४	०	६१

जिल्ला		थुनुवा	बन्दी	पुरुष	महिला	नाबालक	जम्मा
३.८	रूपन्देही	११६	५२	१६७	१	0	१६८
३.९	पाल्पा	३७	१४३	१४४	२५	११	१८०
३.१०	कपिलवस्तु	४९	२८	७२	५	0	७७
३.११	अर्घाखाँची	जेल छैन					
३.१२	गुल्मी	२६	१३	२९	१०	२	४१
३.१३	बाग्लुङ	२५	२१	३७	९	६	५२
३.१४	पर्वत	२७	२	२८	१	0	२९
३.१५	म्याग्दी	८	२१	२५	४	0	२९
३.१६	मुस्ताङ	0	२	२	0	0	२
४.१	दाङ	१८	१०६	११५	९	३	१२७
४.२	प्युठान	१३	१३	२२	४	0	२६
४.३	रोल्पा	८0	९	८0	९	३	९२
४.४	सल्यान	९	१७	२६	0	0	२६
४.५	रूकुम	३४	८	३७	५	१	४३
४.६	बाँके	७१	१00	१६२	९	२	१७३
४.७	बर्दिया	३८	४५	७९	४	0	८३
४.८	सुर्खेत	२0	२0	३५	४	१	४0
४.९	जाजरकोट	११	९	१८	२	१	२१
४.१0	दैलेख	८	१३	२0	१	0	२१
४.११	डोल्पा	६	१५	२१	0	0	२१
४.१२	जुम्ला			४	२	१	७
४.१३	कालिकोट	२५		२४	१	0	२५
४.१४	मुगु	0	0	0	0	0	0
४.१५	हुम्ला	१	0	१	0	0	१
५.१	कैलाली	४८	६७	१0३	१२	२	११७
५.२	अछाम	११	१७	२२	६	१	२९
५.३	डोटी	४	२२	२६	0	0	२६
५.४	बाजुरा	१0	७	१७	0	0	१७
५.५	बझाङ	४	४	८	0	0	८
५.६	कञ्चनपुर	२१	५२	६८	५	१	७४
५.७	डडेलधुरा	४	१३	१५	२	0	१७
५.८	बैतडी	३	१६	१९	0	0	१९
५.९	दार्चुला	४	१२	१५	१	0	१६
	जम्मा	२१६२	३00८	५७७६	४५५	८७	६२१८

द्रष्टव्य : प्राप्त नभएका जानकारीहरूको कोष्ठ खाली राखिएको छ।

अनुसूची ३

सन् १९९९ को मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीका धारणाहरू

३.१ नेपाली काँग्रेस

३.२ नेपाल कम्युनिष्ट पार्टी (एमाले)

३.३ नेपाल कम्युनिष्ट पार्टी (मसाल)

३.४ संयुक्त जनमोर्चा नेपाल

३.५ राष्ट्रिय जनआन्दोलन संयोजन समिति

३.१ नेपाली कांग्रेस

नेपालमा मानवअधिकारको अवस्था (सन् १९९९) सम्बन्धमा नेपाली काँग्रेसको दृष्टिकोण

मानवअधिकारप्रतिको जागरुकता

मानवअधिकार सम्बन्धमा सन् १९९९ (२०५५ पुस-२०५६ पुस) को अवधि धेरै दृष्टिले विशेष चर्चामा रह्यो। यस अवधिमा राजनीतिक क्षेत्रमा मात्रै नभएर अन्य क्षेत्रमा समेत मानवअधिकारको पालना र उल्लंघनका विषयलाई लिएर नागरिक समाजको जागरूकतामा व्यापक वृद्धि भएको छ। मानवअधिकारवादी संगठनहरूले पनि सरकारी निकाय र पदाधिकारीका तर्फबाट हुने मानवअधिकारको उल्लंघनतर्फ मात्र खास ध्यान दिने गर्दैआएकोमा यस वर्ष अन्य क्षेत्रहरूले गरेको उल्लंघनहरूका प्रति पनि विशेष ध्यान दिन र चर्चा गर्न थालेकाले क्रमशः वढी सन्तुलित र न्यायपूर्ण स्थितिको सिर्जना हुँदैआएको छ। यसले मानवअधिकारप्रति नागरिकहरूको चासो मात्रै होइन, मुलुकमा प्रजातान्त्रिक संस्कृतिको विकास हुने प्रक्रियाको संकेत पनि गरेको छ। यस वर्ष (सन् १९९९) को मध्यतिर सम्पन्न तेस्रो आमनिर्वाचनले प्रजातन्त्रको पुनर्स्थापनापछि मुलुकमा भएका विविध क्षेत्रका गतिविधिलाई समीक्षा गर्दै प्राप्त भएका उपलब्धिको जगेर्ना र देखिएका गल्ति-कमजोरीलाई सच्याउने प्रतिवद्धतासमेतलाई जनसमक्ष प्रस्तुत गर्नुपर्ने दायित्व पार्टीहरूका अगाडि उपस्थित गरायो। फलस्वरूप नेपाली कांग्रेसले आफ्नो निर्वाचन घोषणापत्र (२०५६) का माध्यमवाट मुलुक निर्माणको आफ्नो सम्पूर्ण प्रयत्न र प्रतिवद्धतालाई मानव केन्द्रीत विकासको ढाँचामा प्रस्तुत गरेको हो। जसमा नेपाली कांग्रेसले आर्थिक, सामाजिक र अन्य विविध कारणले मुलुकभित्रका पछाडि परेका वर्ग, क्षेत्र र समुदायलाई राष्ट्रिय औसतको हैसियतमा उभ्याउन राज्यले प्रदान गर्ने अवसर र संरक्षणमा समानता एवं न्यायको व्यवहार गर्ने संकल्प गरेको छ। यसबाहेक नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ को उपधारा ३ बमोजिम महिला एवं सामाजिकरूपले पछाडि पारिएका दलित-उपेक्षित समुदाय विशेषलाई अगाडि ल्याउन र नीति निर्माण गर्ने निकाससम्म उनीहरूको पहुँच पुर्‍याउन कानूनी प्रवन्ध गर्ने वाचासमेत गरेको छ। यसबाट नेपाली कांग्रेसले मानवअधिकारको प्रत्याभूतिलाई राजनीतिक अधिकारको बहालीमा मात्र सीमित नराखी वृहत्तर परिप्रेक्षमा विस्तार गर्न खोजेको छ भन्ने पक्ष पनि सबैका समक्ष प्रष्टरूपमा अघि आएको छ। यसै क्रममा मानवअधिकार आयोगको गठन गर्ने विधेयक नेपाली कांग्रेसकै पहल र प्रस्तुतिमा पारित भई ऐन वने पनि ऐनभित्रका प्रावधानलाई लिएर विवाद उत्पन्न भएका कारण आजसम्म गठन हुन नसकेको परिस्थितिलाई ध्यानमा राख्दै नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको २०५६ पुस ९ गते बसेको बैठकले मानवअधिकारवादी संस्थाहरूसँग संवाद गर्दै मानवअधिकार आयोग गठन गर्न सरकारलाई मार्गदर्शन गरेको छ।

प्रजातन्त्रको सुदृढीकरणको प्रक्रियासँगै प्रजातान्त्रिक संस्कृतिको निर्माण हुँदै जाने र मानवअधिकारको पालनाको मात्रामा पनि वढ्दै जाने भएकाले कुनै पनि मुलुकमा मानवअधिकारको पालना सधैं सापेक्षिक विषय वन्न जाने गर्दछ। त्यसैले मानवअधिकारको पालना गराईरहनका लागि निरन्तरको नागरिक जागरूकता अपेक्षित हुन्छ। यसबाट मानवअधिकारको आन्दोलन सधैं चलिरहनुपर्ने विषय हो भन्ने पनि वुझ्न सकिन्छ।

आतंकवादको चपेटामा मानवअधिकार

नेपालमा वितेको चार वर्षदेखि आफूलाई माओवादी भन्नेहरूको कथित जनयुद्धका नाममा भएका हिंसा र आतंकको वातावरणले यस वर्ष (सन् १९९९) मा पनि अनेकौं व्यक्तिहरूको ज्यादै विभत्स र हृदयविदारक ढंगबाट हत्या, अङ्गभङ्ग, कुटपिट, अपहरण र लुटपाट जस्ता मानवअधिकारलाई ठाडो चुनौती दिने कार्यहरू भएका छन्। यस क्रममा आतंकवादीहरूको तारो यस वर्ष पनि अधिकांश नेपाली कांग्रेसका कार्यकर्ता हुने गरेका छन्। जसमा नेपाली कांग्रेसका लोकपिय नेता एवं जिविस, रूकुमका पूर्व सभापति हरिभक्त ओली, जिल्ला कार्यसमिति सदस्य होमराज लोहनी (तनहुँ), गाविस अध्यक्ष सरस्वतीकृष्ण श्रेष्ठ (तनहुँ), तरूण दल जिल्ला समितिका सदस्य लोकराज ढकाल (कैलाली), जिल्ला कार्यसमितिका सदस्य धनिकलाल मण्डल र उहाँका छोरा महेश मण्डल (सिरहा), महासमिति सदस्य मोहन सिंह घिमिरे (लमजुङ), विचौर एकाइ अध्यक्ष ठाकुरप्रसाद न्यौपाने (लमजुङ), जिल्ला समिति सदस्य वीरेन्द्रबहादुर शाही र टेकबहादुर शाही (कालिकोट), गाउँ एकाइ अध्यक्ष हरिबहादुर रावल र सदस्यहरू इन्द्रबहादुर मल्ल, अर्जुन मल्ल, केशवबहादुर रावल (जाजरकोट), बक्राड रेडक्रसका सचिव कृष्णप्रसाद अर्याल (गोरखा), जिल्ला विकास समिति सदस्य नन्दीराम पुन (रूकुम), गाविस अध्यक्ष चिन्दबहादुर चन्द (रूकुम), उज्ज्वलबहादुर सिंह र चन्द्रबहादुर वस्नेत (जाजरकोट), टीकाप्रसाद भट्टराई (ओखलढुङ्गा) जस्ता अनेकौं कार्यकर्ता यसै वर्ष आफूलाई माओवादी भन्नेहरूको आतंकको शिकारमा परी आ)नो वाँच्न पाउने न्यूनतम मानवअधिकार गुमाउन पुगेका छन्। यी सबै व्यक्ति आ-आफ्नो घर गृहस्थी र व्यवसायका क्रममा रहँदा नै केवल वैचारिक आस्थाका कारणले अत्यन्त निर्मम र पासविक हत्यामा परेका हुन्। यो वर्ष यस्तो आक्रमणमा आफ्नो घरमा सुतिरहेका ६६ वर्षीय वृद्ध गोरे श्रेष्ठ (सिन्धुली) र खेलिरहेका २ वर्षको चित्र सुनार, ४ वर्षकी काली सुनार, ४ वर्षको लाटा सुनार र १० वर्षकी शान्ति सुनार (रोल्पा लिवाङ) रहेका छन्। यीमध्ये लाटा सुनार र शान्ति सुनारले ज्यानै गुमाउनुपर्‍यो भने अन्य सबैले गम्भीर ढंगको अपांगतालाई वेहोर्नु परिरहेको छ। वैचारिक मतभेदका आधारमा मान्छेको ज्यान लिनु मानवअधिकारको ठूलो उल्लंघन हो तर

त्योभन्दा पनि हृदयविदारक र भयानक अमानवीय अवस्था भनेको सद्दे मान्छेलाई हिंसाको प्रयोगद्वारा अपाङ्ग बनाउनु हो। एकातिर आफूलाई माओवादी भन्नेहरू अन्तर्राष्ट्रिय युद्ध नियमको कुरा उठाउँछन्, अर्कातिर आफू भने संसारमा सबै प्रकारका युद्धमा प्रतिबन्धित माइनको प्रयोगद्वारा निर्दोष मान्छेको हत्या गरिरहेका छन्। यसै वर्ष रोल्पा हार्जङ गाविसमा कमारा रोकायको घरमा माओवादीहरूले आगो लगाई बाहिर निस्कन नदिई ८ जनाको हत्या गरेका छन्। एमालेको समर्थक रहेकाहरूको उक्त घरमा आगो लगाउँदा बच्चासमेत भित्रै डढेर मर्न बाध्य पारिएको थियो। यी सबै किसिमका घटनाले मान्छेले बाँच्ने अधिकारको हनन हुनाका साथै सुविस्ता र शान्तिसँग जीवनयापन गर्ने र आफ्ना रूचिअनुसारको व्यवसाय गर्ने र विचारहरूमाथि आस्था राख्ने कार्यको समेत नराम्रोसँग उल्लंघन हुन पुगेको छ।

समाचारको एउटा पक्ष यस्तो छ भने अर्को पक्ष पनि विनाशकारी छ। त्यो हो-आतंकवादी गतिविधि हिंसा हत्यालाई नियन्त्रण गर्ने सन्दर्भमा प्रहरी कारवाहीका बीच प्रहरी र आतंक र हिंसामा संलग्न मानिसहरूको पनि मृत्यु हुने, घाइते पर्ने जस्ता घटनाहरू पनि उत्तिकै मात्रामा भएका छन्। यसले पनि मानवअधिकारलाई हिंसा र आतंकको चपेटामा पारेको छ। साथै कतिपय वैधानिकरूपबाट प्रकाशित हुने पत्रिकाहरूले पनि व्यक्ति हत्या र हिंसालाई प्रोत्साहन गर्ने सामग्रीहरू प्रस्तुत गरेर मानवअधिकारालाई खुला अपमान गर्ने परिस्थिति पनि देखिएको छ।

एकातिर आफूलाई माओवादी भन्नेहरूले सुतिरहेका र भिडन्तबाहेक अन्य कार्यमा संलग्न प्रहरीको समेत हत्या गर्ने गरेका छन् भने अर्कातिर हिंसा आतंकमा संलग्न व्यक्तिहरूलाई गिरफ्तार गरेपछि पनि मारेको आरोप प्रहरीमाथि पनि लागेको छ। तर, यसरी प्रहरीले मारे भनी आशंका गरिएका व्यक्तिहरू कोही छुटेका, कोही जेलमा फेला परेका र कोही भारततिर पलायन भएका पनि पत्ता लागेका छन्।

प्रशासनभित्र प्रजातान्त्रिक शैली

मानवअधिकारको संरक्षणमा क्रियाशील रहनुपर्ने राज्यका प्रमुख निकायहरू खासगरी नागरिक प्रशासन र प्रहरी सेवासँग सम्बन्ध निकायहरूमा समेत वैयक्तिक कमजोरी र यदाकदा अवधारणागत समस्याका कारणले पनि मानवअधिकारको संरक्षण हुन नसकेका घटनाहरू चर्चामा आउने गर्दछन्। प्रशासनमा रहेका कतिपय व्यक्तिहरूको लापरवाहीका कारण नागरिकहरूले बेहोर्नुपर्ने पीडा र प्रहरी हिरासतमा रहँदा हुन सक्ने दुर्व्यवहार र यातनाका घटनाहरू पनि बेलाबखत देखा पर्ने गर्दछ। यस्तो अवस्थामा घटनाहरू घट्ने निकायभन्दा माथिल्ला तहले तत्काल छानबिन गरी सम्बद्ध पदाधिकारीमाथि उपयुक्त कारवाही गर्ने परिपाटीलाई नियमित र पूर्वाग्रहरहित पारिनुपर्छ र प्राथमिकताका साथ अनुगमन गरिरहनुपर्छ भन्ने मान्यतामा नेपाली काँग्रेस प्रतिबद्ध र क्रियाशील रहँदै आएको छ। यस क्रममा विगत वर्षहरूदेखि नै प्रहरी सेवामा हिरासत व्यवस्थापन, महिला सेल, प्रहरी अधिकार अनुगमन एकाइ जस्ता विभिन्न एकाइको संचालनद्वारा प्रहरी व्यवहारलाई प्रजातान्त्रिक शैलीमा अभिमुखीकरण गर्ने र अभ्यस्त बनाउने कार्यहरू प्रारम्भ भएका छन्। साथै प्रहरी प्रशिक्षणमा मानवअधिकारको विषय पनि अभिन्नरूपमा राखिएको छ। यसबाहेक नेपाली कांग्रेले सुशासनको आधार नै निष्पक्ष प्रशासनलाई मानेको छ। यस निम्ति नागरिकहरूको हक अधिकारलाई सुनिश्चित र सुव्यवस्थित गर्न सबै प्रकारका प्रशासन सेवालाई उनीहरूको निष्पक्षता, पारदर्शिता र प्रभावकारितामा आघात पुऱ्याउने राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नु आवश्यक छ। साथै नागरिकलाई अनावश्यक प्रशासनिक झण्झट ढिलासुस्ती, झमेला, आर्थिक शोषण आदि हटाउने दिशामा निरन्तर प्रयत्नशील रहनु जरूरी ठान्दछु।

मानवअधिकार : हाम्रो प्रतिबद्धता

निष्कर्षमा मुलुकमा मानवअधिकारको राम्रो ढंगबाट पालनानिम्ति सुरक्षा र शान्तिपूर्ण वातावरण सर्वाधिक महत्वपूर्ण विषय हो। मान्छेहरूमा हुने वैचारिक मतभेद र भिन्न मतलाई चल्न खेल्न दिन र मुलुकभित्र वैकल्पिक चिन्तनको दिशालाई खुला पारिराख्नसमेत सुरक्षा र शान्तिपूर्ण अवस्थालाई कायम राख्न जरूरी छ। आफ्ना विचार र आग्रहलाई मनाउन बल प्रयोग गर्ने पद्धति र शैलीले कहिल्यै मानवअधिकारको सुरक्षा गर्न सकिँदैन। मानवअधिकारको पालना र सुरक्षाका निम्ति ध्यान दिनुपर्ने र जागरूक रहनुपर्नेमा राजनीतिक, सामाजिक र आर्थिकलगायत्का सबै क्षेत्र रहे पनि यतिखेर मानवअधिकार उल्लंघनका घटनाले बढी गम्भीर बनाएको पक्ष भनेको आफूलाई माओवादी भन्नेहरूले चलाएको कथित जनयुद्धका नाममा भएका हत्या, हिंसा र आतंकको वातावरण र त्यसबाट उत्पन्न परिस्थिति नै हो। त्यसैले नेपाली कांग्रेस सबै नागरिकहरूले आत्मसम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्न उनीहरूलाई सर्वप्रथम भय, त्रास र आतंकबाट मुक्ति दिलाउनुपर्छ भन्ने मान्यतामा विश्वास राख्नछ। साथै स्वतन्त्रता र समानतालाई निर्बाध एवं मर्यादित ढंगबाट उपभोग गर्ने अधिकारको बहालीका लागि :

- हिंसा, आतंक र हत्याको परिस्थितिलाई समाप्त पारी भयमुक्त ढंगबाट आफ्नो विचार र धारणा प्रस्तुत गर्ने तथा आफ्नो रूचिअनुसारको व्यवसाय र आस्था राख्ने परिस्थिति कायम गर्न।
- महिलाहरूलाई पैतृक सम्पत्तिमा अधिकार दिलाउने सम्बन्धमा संसदमा प्रस्तुत विधेयक पारित गराउन, सरकारी सेवामा महिलाहरूका लागि निश्चित अनुपात निर्धारण गर्न र महिलाविरूद्ध हुने सबै प्रकारका हिंसा र अपराध रोकथामका लागि कानूनी व्यवस्था गर्न।
- सामाजिकरूपले दलित उपेक्षित वर्गको समग्र विकास एवं राज्यका निकायहरूमा प्रतिनिधित्वका लागि संसदमा विधेयक प्रस्तुत गर्न।

- आदिवासी जनजातिहरूको भाषिक-सांस्कृतिक एवं सामाजिक उत्थानका निम्ति ठोस कार्यक्रमलाई प्रभावकारीरूपमा अघि बढाउन।
- कमैया प्रथाको समाप्तिका साथ उनीहरूको आर्थिक, सामाजिक भविष्यलाई सुनिश्चित गर्ने कार्यक्रमलाई राष्ट्रिय प्राथमिकताभित्र पार्न।
- भ्रष्टाचार निवारणका निम्ति सरकारी सुविधा प्राप्त सबैले हरेक वर्ष सम्पत्तिको विवरण दिनै पर्ने व्यवस्था र स्रोत नखुलेको सम्पत्ति भ्रष्टाचार गरेको ठहऱ्याइ जफत हुने कानून निर्माण गर्न।

नेपाली कांग्रेसको निर्वाचन घोषणापत्र (२०५६) मा व्यक्त गरेको सकंल्प साथ आधारभूत मानवअधिकारप्रति पुनः प्रतिबद्धता प्रकट गर्दछ।

नरहरि आचार्य
केन्द्रीय सदस्य एवं प्रवक्ता

३.२ नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)

मानवअधिकार सम्बन्धमा हाम्रो धारणा

दुनियाँले २१ औं शताब्दीमा पाइला टेक्दासमेत नेपाली समाजमा मानवअधिकारको अवस्था अत्यन्त दुर्बल बन्दै गइरहेको छ। आर्थिक, सामाजिक अधिकारसहितको मानवअधिकारको ग्यारेण्टी हुनु त कता हो कता, नेपाली जनताको भय र सन्त्रास मुक्त भएर विचरण गर्ने अधिकारसमेत अपहरित भएको छ। कथित जनयुद्धका नाममा माओवादीद्वारा र माओवादी नियन्त्रणका नाममा सरकारद्वारा विभिन्न राजनीतिक पार्टीका कार्यकर्ता र निर्दोष जनताको पासविक एवं विभत्स हत्या गर्ने क्रम जारी छ। माओवादीको आक्रमणमा परेर प्रहरीको हत्या हुने र प्रहरीको आक्रमणमा परेर माओवादी मारिने क्रम तीव्र बनिरहेको छ। गत वर्षहरूको तुलनामा मानवअधिकारको स्थिति अरू ज्यादा नाजुक बन्दै गएको छ। सरकारका तर्फबाट शिक्षा, स्वास्थ्य र प्रशासनिक अंगमा गरिएको नाङ्गो हस्तक्षेप र पार्टीकरण, विपक्षी पार्टीका नेता कार्यकर्ताका विरूद्ध गरिएको झुट्टा मुद्दा, यातना, हिंसा र हत्या, प्रहरी पैसा र गुण्डागर्दीको नाङ्गो प्रयोगद्वारा निर्वाचनका प्रति गरिएको उपहास आदिका घटनाले मानवअधिकारको गिर्दो अवस्थालाई जाहेर गरिरहेका छन्। मानवअधिकार सरकारी आक्रमणको शिकार भइरहेको छ। यसलाई सत्ताभित्र र बाहिरका विरोधीहरूले ओगलो लागेको मृगलाई झैं खेदिरहेका छन्, धपाइरहेका छन्। सन् १९९९ का घटनाक्रमहरूले मानवअधिकार सम्बन्धमा हामीबीच यस्तै पीडाजनक अनुभूति छाडेर गएका छन्।

हाम्रो पार्टीले मानवअधिकार आयोग गठन होस् भनेर निरन्तर आवाज उठाउँदै आएको छ। यसनिम्ति सर्वोच्च विधायिकाले विधिसमेत निर्माण गरिसकेको छ। तर आफूलाई मानवअधिकार र प्रजातन्त्रको मसिहा ठान्ने सरकारले मानवअधिकार आयोगको गठनमा प्रदर्शन गरेको उदासिनता रहस्यको विषय बनेको छ। यसले मानवअधिकारप्रति सरकार र सत्तारूढ दल निष्ठावान् छैन भन्ने तथ्यलाई नै उद्घाटित गरिरहेको छ।

हाम्रो पार्टी फेरि पनि बिना विलम्ब मानवअधिकार आयोग गठन गरियोस् भनेर जोडी दिन चाहन्छ। विगतमा सरकारद्वारा बेपत्ता पारिएका नेपाली नागरिकहरूको खोजी गरियोस्, मानवाधिकारलाई कुण्ठित पार्ने कानूनहरूलाई अविलम्ब खारेज गरियोस् र मानवअधिकार अनुकूल बनाइयोस्, यातनाको क्षतिपूर्ति दिने ऐनलाई प्रभावकारी ढंगले कार्यान्वयन गरियोस्, दास प्रथामा आधारित बँधुवा मजदुरहरूलाई आर्थिक अधिकारका साथ मुक्त गरियोस्, छुवाछूतलगायत्का जातीय भेदभावका साथै भाषा, धर्म, संस्कृति, लिङ्ग र क्षेत्रका आधारमा गरिने सबै प्रकारका भेदभावहरूलाई अन्त्य गर्न प्रभावकारी कदम चालियोस्, सम्पत्तिमा महिलाहरूलाई समान हक प्रदान गर्न कानूनी व्यवस्था गरियोस्, बालश्रम शोषणको अन्त्य गर्न कानूनी व्यवस्था गरियोस्, मानवअधिकारवादी संस्था र व्यक्तिहरूका विरूद्ध हुने/गरेका सत्ता संरक्षित ज्यादतीलाई अन्त्य गरियोस्, नेपालद्वारा हस्ताक्षर गरिएका मानवअधिकारसम्बन्धी राष्ट्रसंघीय सन्धि सम्झौताहरूलाई इमान्दारीपूर्वक पालना गरियोस् भन्ने जोडदार माग गर्दछ।

हाम्रो पार्टी वार्ता र सम्वादको माध्यमबाट शान्तिपूर्ण ढंगले माओवादी समस्याको समाधान गर्न प्रभावकारी कदम चालियोस्, सरकार र माओवादी दुवै थरि यसनिम्ति अग्रसर बनून् भन्ने चाहन्छ। राज्य आतंक वा अन्य कुनै समूहको संगठित आतंकले मानवअधिकारलाई कमजोर पार्नेसिवाय अरू कुनै सकारात्मक परिणाम दिन सक्दैन भन्ने कुरामा जोड दिन चाहन्छ। प्रत्यक्ष एवं परोक्षरूपमा सत्ताभित्र र बाहिरबाट भइरहेको मानवअधिकारविरूद्धको आक्रमणलाई रोक्न र मानवअधिकारको स्थितिमा सकारात्मक सुधार ल्याउन मानवअधिकारका पक्षधरहरू, राजनीतिक तथा सामाजिक शक्ति र आम जनता एकाकार भएर अघि बढ्नु वर्तमान समयको माग हो।

हाम्रो मुलुकको मानवाधिकार आन्दोलनमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले महत्वपूर्ण भूमिका निर्वाह गर्दैआएको छ। यो संस्थाद्वारा प्रत्येक वर्ष प्रकाशित गरिने "मानवअधिकार वर्ष पुस्तक" ले देशको मानवअधिकारको स्थितिबारे जानकारी दिने काम मात्र गरेको छैन, यो पुस्तक स्वयम् मानवअधिकार आन्दोलनको निम्ति शक्तिशाली अस्त्र साबित भएको छ। मानवअधिकारनिम्तिको आन्दोलनमा यस संस्थाले निर्वाह गरेको भूमिकाको हार्दिक सराहना गर्दै उत्तरोत्तर प्रगति र सफलताको शुभकामना व्यक्त गर्दछौं।

विष्णुप्रसाद पौडेल
केन्द्रीय सदस्य एवं कार्यालय सचिव

३.३ नेकपा (मसाल)

सन् १९९९ मा देशमा मानवअधिकारको स्थिति र मानवअधिकारसम्बन्धी दृष्टिकोणबारे नेकपा (मसाल)

हाम्रो पार्टीले देशमा मानवअधिकारको बारम्बार भएको उल्लंघन, देशमा विद्यमान नेपाली कांग्रेसको सरकार मातहतका प्रहरी प्रशासनका गतिविधि, विभिन्न राजनीतिक पार्टी वा जनवर्गीय संगठनका कार्यक्रममा सरकारी हस्तक्षेप, स्वयं हाम्रो पार्टी सम्बद्ध कार्यकर्ता वा शुभेच्छुकहरूको पनि विभिन्न पक्षबाट भएका हत्या, उनीहरूको गिरफ्तारी, झुटा मुद्दालगायत्का विभिन्न घटनाहरूलाई गम्भीरतापूर्वक लिएको छ।

हाम्रो पार्टीको के मत रहँदै आएको छ भने देशमा पूर्ण राजनीतिक, आर्थिक स्वतन्त्रता र सच्चा मानवअधिकारको ग्यारेण्टी विद्यमान संसदीय बहुदलीय व्यवस्थाको परिधिभित्र होइन, देशमा जगैबाट उठेको सुकुम्बासी, सर्वहारा, किसान र राष्ट्रिय पूँजीपति वर्गको एकता र आमूल परिवर्तनकारी कम्युनिष्ट पार्टीको पहल र नेतृत्वमा बलपूर्वक गरिने क्रान्ति र त्यसपछि प्राप्त हुने सच्चा जनवादी सत्ता अन्तरगत नै सम्भव छ। हाम्रो पार्टीको यो मान्यताले विगत दश वर्षका बीचमा संसदीय व्यवस्था अन्तरगत भएका हत्या, लूट, राज्य आतंक, सरकार र सत्तामा रहेको पार्टी मूलतः नेपाली कांग्रेसको सरकारको अधिनायकवादी गतिविधिसमेतबाट एक वा अर्कोरूपमा पुष्टि पाउँदै गएको छ। जनताको बलिदानीपूर्ण संघर्षबाट प्राप्त सीमित राजनीतिक अधिकारलाई कुल्चनु, मुलुकको अर्थतन्त्र एवं विकास खोक्रो, पराधीन र कमजोर बन्दै जानु, मुलुकको राष्ट्रियतामा बारम्बार आँच पुर्‍याइरहनु, मुलुकमा भ्रष्टाचार कमिशनतन्त्र, महंगी, बेरोजगारी व्यापक मात्रामा बढ्दै जानु समेतका कारणले यी कुरा अझ व्यवहारतः सिद्ध हुँदै गएका छन् भन्ने हामीलाई लागेको छ। तर त्यसो भन्दाखेरी मुलुकको यो सीमित राजनीतिक स्वतन्त्रतालाई उल्टाउने वा संसदीय बहुदलीय व्यवस्थाका विकृतिलाई तेर्साएर मुलुकमा एक वा अर्को रूपमा राजाको पुनरूत्थानवादी तप्का वा पार्टी पनि मुलुकमा छन् भन्नेबारे पनि हामी सचेत छौं र त्यस किसिमका पुनरूत्थानवादी दरबारिया शक्ति वा ताकतहरूविरूद्ध समेत निर्मम संघर्ष गर्नुपर्दछ भन्ने हाम्रो पार्टीको मान्यता रहीआएको छ। साँच्चै भन्ने हो भने विगतमा राजा वा राजावादी शक्तिहरूको त्यस प्रकारको प्रयत्नको मुलुकमा हाम्रो पार्टीले नै लगातार विरोध गर्दै आएको छ र मुलुक र जनतालाई त्यस्ता कोशिशहरूविरूद्ध सचेत गराउँदै आएको छ। त्यसैले हामीले देश र जनताको हितका निम्ति प्रतिगमनकारी सोचको पनि एकातिर विरोध गरेका छौं भने अर्कोतिर संसदीय बहुदलीय व्यवस्थाभित्र प्रजातन्त्र, मानवअधिकार र कानूनी राजको आवरण लगाएर गरिएका सबै प्रकारका अप्रजातान्त्रिक, जनविरोधी कुकृत्यहरूको पनि विरोध गर्दै आएका छौं। हामी सच्चा प्रजातन्त्र (जनवाद, समाजवाद) का निम्ति निरन्तर संघर्षरत् छौं तापनि विद्यमान व्यवस्था वा त्यससंग सम्बन्धित गतिविधि, हाम्रो पार्टीको तात्कालिकरूपमा जनसंघर्षकै कार्यनीतिअन्तरगत निर्वाचनलाई उपयोग गरेको स्थिति र तत्कालको अवस्थामा संघर्षका सबै प्रकारका वैधानिक/अवैधानिक रूपलाई प्रयोग गर्ने पार्टी नीतिको सन्दर्भमा विभिन्न राजनीतिक पार्टी, हाम्रै पार्टी र जनवर्गीय संगठनका गतिविधिमाथि सरकारद्वारा गरिएको दमन, हस्तक्षेप एव असहिष्णुपूर्ण रवैया र कतिपय अवसरमा कार्यकर्ताहरूमाथि हुने गरेका हत्या, गिरफ्तारी र झुटा मुद्दासमेतबारे पनि हामीले विभिन्न क्षेत्रमा विरोध गर्दै आएका छौं र त्यसबाट ध्यान हटाउने गरेका छैनौं।

मुलुकमा केही वर्षयता चलेको माओवादी जनयुद्ध र त्यसलाई नियन्त्रण गर्ने बहानामा नेपाली कांग्रेसको सरकारले अपनाएको कदम, पुलिस प्रशासनको दमनकारी रवैयाले मुलुक अत्यन्तै गम्भीर अवस्थाबाट गुज्रिरहेको छ। निश्चितरूपले माओवादी पार्टी र त्यसले चलाएको जनयुद्धबारे हाम्रो असहमति छ र हामीले त्यसलाई सच्चा जनयुद्ध नमानेर आतंकवादी कार्वाही नै मानेका छौं। तर पनि माओवादी दबाउने बहानामा माओवादी पार्टी, त्यससंग सम्बद्ध जनसंगठन वा अन्य पार्टी वा संगठनका शान्तिपूर्ण गतिविधि माथिसमेत सरकारले हस्तक्षेप गर्ने, यहाँसम्म कि संविधानले दिएको अधिकार शान्तिपूर्ण भेला सम्मेलनलाई रोक्ने, पक्रने र पक्रिसकेका व्यक्तिहरूलाई मार्ने, दबाउने, लापत्ता पार्ने काम गरेको छ। त्यसको हामीले जोडदार विरोध गरेका छौं। दण्डपाणी न्यौपाने, गोरेबहादुर पुर्कोटी, राजेन्द्र ढकाल, मिलन नेपालीलगायत्का झण्डै चार दर्जन नागरिकहरू सरकारले बेपत्ता पारेको छ। बेपत्ता पारेका मानिसबारे गत भाद्र महिनामा मानवअधिकारवादी नेताहरूले जानकारी माग्दा प्रधानमन्त्री स्वयंले "दे आर अलरेडी किल्ड" (उनीहरू मारीसकिए) भन्नुले कथित प्रजातन्त्र र कानूनी राजको खोक्रोपन नेपालमा प्रष्ट भएको छ। आफैले हिरासतमा लिएका मान्छेलाई कसुर गरेकै भए पनि संविधान र कानूनअनुसार मुद्दा चलाउने वा आवश्यक कार्वाही गर्नुपर्नेमा त्यसो नगरी हत्या गर्नुले जंगली राज मात्र मुलुकमा बचेको प्रष्ट हुन्छ। यस्तो अवस्थामा विशेषगरी सत्तासीनहरूले मानवअधिकारको चर्चा गर्नु हास्यास्पद हुन्छ। अहिले यही स्थिति देशका सामु छ। त्यो बाहेक सरकारले कैयौं नागरिकहरूलाई सुतेको, कामकाज गर्दागर्दैका अवस्थामा घर, खेत, खलिहानमा मारेर "मुठभेडमा मर्‍यो" भन्ने संज्ञा दिनु पनि मानवअधिकारका उल्लंघनका सन्दर्भमा देशमा अहिले नयाँ घटना रहेका छैनन्। यी र यस किसिमका सबै घटनाको हाम्रो पार्टीले भर्त्सना र जोडदार विरोध गर्दै आएको छ र दोषीमाथि कडा कार्वाही गर्ने माग गर्दै आएको छ। माओवादीहरूले आफूले युद्ध चलाएको दावी गरेका छन्, उता सरकार र प्रहरीहरूले शान्ति सुरक्षा कायम गरेको बताएर कैयौं निर्दोष जनताको हत्या गरेका छन्। मुलुकमा कुनै कुरा

सिद्ध गर्न कुनै प्रकारको "युद्ध" कसैले गर्छ र त्यसको विरूद्ध समाधान खोजिन्छ भने त्यो समाधान प्रथमत राजनीतिक हुनुपर्दछ । तर यदि राजनीतिक समाधानमा असफल भएको अवस्थामा वा त्यस्तो सम्वाद नरहेको अवस्थामा युद्धकै पनि आफ्ना नियम हुने गर्छन्। वास्तवमा हाम्रो पार्टीले २०५५ भाद्र ६ गते सरकारसंग हामीसमेत नौ राजनीतिक संगठनले गरेको सम्झौता, जसमा निशस्त्र रहेका, शस्त्रअस्त्र भए पनि समर्पण गरिसकेका व्यक्तिका हकमा कुनै प्रकारको युद्ध नै भए पनि उनीहरूको सुरक्षा सरकारद्वारा गरिनुपर्ने कुरा उठाएको थियो। जसलाई सरकारले स्वीकारेको थियो, त्यो सही थियो भन्ने ठान्दछौं र अहिले पनि उक्त सम्झौता कार्यान्वियनमा नै हाम्रो पार्टी जोड दिन्छ। त्योबाहेक माओवादी निकट वा अरू कुनै पार्टीका शान्तिपूर्ण कार्यक्रममा कथित माओवादी बहानामा बाधा हाल्ने कुराको पनि हाम्रो पार्टीले विरोध गर्दै आएको छ। गत वर्ष नेकपा (मसाल) सम्वद्ध जनसंगठन वा सहायक संगठनका कतिपय कार्यक्रमहरूमा समेत सरकारले हस्तक्षेप गरेको छ, ती कार्यक्रम बिथोल्ने चेष्टा गरेको छ। कैयौं कार्यकर्ताहरूलाई विना कारण पक्राउ गर्ने गरेको छ र कैयौं कार्यकर्ताहरूलाई झुटा मुद्दा लगाउने काम गरेको छ। त्यो सिलसिलामा अनेरास्ववियु (छैटौं) का अध्यक्ष कृष्ण अधिकारी र मेची कोशी क्षेत्रीय कमिटी सदस्य मातृका राईलाई राष्ट्रिय गानप्रति असहमति जनाउँदा (चार विद्यार्थी संगठनको संयुक्त माग त्यो राष्ट्रिय गान खारेजीसम्बन्धी पहिलेदेखि हुँदाहुँदै) धनकुटामा असोज २०, ०५६ मा गिरफ्तार गरी कथित सार्वजनिक मुद्दा चलाएर महिनौंसम्म जेलमा राखियो। ०५६ भदौ २५ गते ३ महिला संगठनले अन्तर्राष्ट्रिय सम्मेलन हल बानेश्वरमा ब्युटी कन्टेस्टको शान्तिपूर्ण विरोध गर्दा ४८ जना महिलाहरूलाई लछारपछार गर्दै भ्यानमा कोचेर गिरफ्तार गरियो। ०५६ भदौ १७ गते काभ्रे बनखुमा मसाल समर्थक सांसद हरि आचार्य एवं अन्य कार्यकर्ताहरूलाई स्ट्राइकिङ्ग फोर्सका प्रहरीले काभ्रेको बनखुमा सांगठनिक कामले गएको परिचय दिंदादिंदै पनि अनावश्यक सोधपुछ गरी अपशव्द प्रयोग गरेका थिए। नौ वाम समूहद्वारा महंगीको विरोधमा ०५६ पुस १६ मा काठमाडौंमा राखिएको शान्तिपूर्ण सडक जाम कार्यक्रममा काठमाडौं रत्नपार्कमा प्रहरीले लाठी चार्ज गरी कैयौंलाई घाइते बनाई ६१ जनालाई पक्राउ गरेको थियो। गत भदौको पहिलो सातामा सिन्धुलीमा नेकपा (मसाल) समर्थक तेजु वि.क. लाई धुरा वजारबाट गिरफ्तार गरी विना कारण प्रहरी हिरासतमा राख्ने र झुटा मुद्दा लगाउने काम गरिएको थियो। हाम्रो पार्टी यस्ता कदमहरूलाई राजनीतिक अधिकार खोस्ने, विपक्षीप्रति प्रतिशोध लिने षडयन्त्र ठान्दछ र त्यसको विरोध गर्दछ। वास्तवमा यी र यस्तै पृष्ठभूमिमा हाम्रो पार्टीले गत असोज ४ गते संसदमा पेश गरिएको "आन्तरिक प्रशासन सम्वन्धी केही नेपाल ऐन संशोधन विधेयक ०५६" को विरोध गरेको हो। किनभने नेपाली कांग्रेसको सरकारले कुनै खास छुट्टै कानून नहुँदाका अवस्थामा त यसरी दमन गर्दछ र प्रतिशोध लिने गर्दछ भने प्रहरी प्रशासनलाई अधिकार बढाउने उक्त विधेयक पारित नै भयो भने झन् कति दुर्गति र राजनीतिक प्रतिशोधहरू मुलुकमा घट्लान्, त्यो सहजै अनुमान गर्न सकिन्छ। त्यसैले यस किसिमको विधेयकको सबै जनपक्षीय शक्तिहरूले विरोध गर्नुपर्दछ।

उपरोक्त प्रकारका काम कारबाहीबाहेक गत वैशाख जेठमा सम्पन्न संसदीय निर्वाचन ०५६ र त्यस प्रसंगमा नेपाली कांग्रेसको सरकारद्वारा गरिएको गुण्डागर्दी, धाँधली र झुटा मुद्दाका बेग्लै श्रृंखलाहरू पनि छन्। जसको चर्चा मानवअधिकार स्थितिको उल्लेख गर्दा अनिवार्यरूपले हुनुपर्ने हुन्छ। वास्तवमा गत संसदीय निर्वाचनमा व्यापक धाँधली, गुण्डागर्दी र सत्ताको दुरूपयोग भएको थियो भन्ने कुरा छिपेको कुरा रहेन। संसदीय निर्वाचन दुई चरणमा गर्ने निर्णय, आचारसंहिताको उल्लंघन गर्ने प्रवृत्ति, निर्वाचनमा पहिले कायम भएका वुथहरू घटाउने कार्य, वुथ क्याप्चर गरेर गुण्डागर्दी गरेर विपक्षी पार्टीका कार्यकर्तालाई मतदान केन्द्रबाट खेद्ने कार्य र उल्टो स्वस्तिक पठाउने सबै हथकण्डा नेपाली कांग्रेसका तर्फबाट गरियो। तराईका धनुषा, रौतहट जस्ता स्थानमा गोली चले। बाग्लुङमा तत्कालीन गृहमन्त्रीले नै मसाललाई टुक्रा पार हाम्रो सरकार छ, केही हुँदैन भन्ने जस्ता घृणित भाषण गरे। बाग्लुङको पैंयू धन्थाप गाविसका अध्यक्ष र मसालका कार्यकर्ता टीका थापालाई कांग्रेस कार्यकर्ताले छियाछिया पारेर काटी अंगभंगसमेत गरे। अर्घाखाँचीका उम्मेदवार, हालका सांसद डिलाराम आचार्यमाथि चुनावका बेला गुण्डागर्दी गर्ने, मार्ने असफल प्रयास गरियो। प्युठानको बाङ्गेसालमा गुण्डागर्दी गर्न चेन छुरी साथ गएका कांग्रेसका बिल्लावालहरूलाई जनताले पक्रेर बुझाउँदा पनि कुनै कारवाही गरिएन। गुल्मीमा पनि कांग्रेसीहरूले ताण्डव नृत्य देखाए। महोत्तरी, रौतहट, धनुषामा ८/१० वर्षका बालबालिकासमेतलाई मतदान गर्न दिइयो। यी यावत् घटनाले मानवअधिकारको गम्भीर उल्लंघन गर्ने काम भएको छ। संसदीय प्रजातन्त्रको मुख्य विशेषता बालिक मताधिकार हो। तर नेपालमा भने यो एक प्रकारको सशक्त प्रतिरोध र हिंसामा परिणत भयो। त्यसको जिम्मेवार पनि नेपाली कांग्रेस नै रहेको छ भन्ने कुरा स्पष्ट भइसकेको छ। नेपाली कांग्रेसले त्यस्तै नाङ्गो प्रवृत्ति मंसिर २३, ०५६ मा भएका झापा-६, मोरङ-१ र रौतहट-४ का उपचुनावमा पुनः देखाएको छ। यी सबै स्थितिले कांग्रेसले प्रजातन्त्रको आवरणमा घोर अप्रजातान्त्रिक अधिनायकवादी शैली अपनाउदै आएको छ भन्ने कुरामा कुनै शंका छैन। कांग्रेसको यस्तो अधिनायकवादी प्रवृत्तिको सबै जनपक्षीय शक्तिले संयुक्त प्रतिकार गर्नु अनिवार्य भइसकेको छ। अन्यथा यो सीमित प्रजातन्त्रलाई पनि कांग्रेसले कहाँ लगेर बुझाउने हो ? कुनै टुङ्गो हुने छैन।

आज निर्वाचन सकिएको कैयौं महिना भइसकेको छ। तर पनि कांग्रेस पक्षधरहरूबाट खडा गरिएका विपक्षी पार्टीका कार्यकर्तामाथिका झुटा मुद्दा यथावत् छन्। प्युठानको ओखरकोटमा राजेन्द्रविक्रम सिंह र देवेन्द्र जि.सी.समेतमाथि निर्वाचनकै प्रसंगमा कथित ज्यान मार्ने उद्योगको झुटा मुद्दा

लगाइएको छ भने भोटमान वि.क.लाइ सार्वजनिक मुद्दा लगाइएको छ। ओमभक्त पण्डित, दण्ड गुरुङ र के.बि. गुरुङ माथि पनि प्रतिशोधपूर्ण मुद्दा लगाइएको छ। कंचनपुरमा मसालका कार्यकर्तामाथि चुनावको मुखमा कैयौं झुटा मुद्दाहरु लगाइएको छ। हाम्रो पार्टीले यस्ता मुद्दा अविलम्ब खारेज गर्न माग गरेको छ र भविष्यमा पनि यस प्रकारका प्रश्नमा लगातार संघर्ष गर्ने सोच बनाएको छ। कांग्रेसको गुण्डागर्दी र नानाशाही जनप्रतिरोधका अगाडि लामो समयसम्म चल्ने छैन भन्ने कुरामा हाम्रो पार्टी विश्वस्त छ।

मुलुकमा गत वर्ष राजनीतिक प्रकृतिबाहेक अन्य पनि विभिन्न प्रकृतिका मानवअधिकार उल्लंघनका घटनाहरु घटेका छन्। नवलपुरमा गत साउनको अन्त्य (०५६/४/३१)मा प्रहरीको चुटाईबाट खलारी शुकबहादुर आलेको हिरासतमा हत्या गरिएको छ। व्यापक विरोधपछि केही प्रहरीहरुलाई निलम्बन गरेको घोषणा गरे पनि हिरासतमा मार्ने प्रहरीलाई खास कुनै सजाय दिने काम सरकारले गरेको छैन। देशका कैयौं भागमा कथित छुवाछूतको भेदभाव देखाएर दलितहरुलाई दण्डित गर्ने काम लगातार भएका छन्। सिन्धुपाल्चोक भोटे नाम्लाङ्गको घटना यस सन्दर्भमा उल्लेखनीय छ। यस किसिमका घटना वास्तवमै अत्यन्त निन्दनीय छन्। दरमा चेलीबेटी बेचबिखन गर्ने कायमा कुनै कमी आएको छैन। यस्ता अपराध संगठित प्रकारले हुँदा पनि अपराधीहरु उम्किरहेका छन्। यसबाहेक सरकारले मानवअधिकार आयोग ऐन जारी गरेको तीन वर्ष बितिसक्दा पनि त्यस्तो आयोग गठन हुन सकेको छैन। यस्तो आलटाले प्रवृत्ति पनि स्वयं मानवअधिकार विरोधी प्रवृत्ति नै हो। प्रवासी नेपालीहरुको असुरक्षा, उनीहरुमाथि खासगरी भारत-नेपाल सीमा नाकाहरुमा गरिने लुटपाट, ठगी उपरसमेत नियन्त्रण नगरेर सरकारले आम गरिबी, अभाव र बेरोजगारले आक्रान्त जनतामाथि आफ्नो उत्तरदायित्व ननिभाउनाले सरकार मानवीय मूल्य र मानवअधिकारप्रति सजग नरहेको प्रष्ट भएको छ।

सन् १९९९ मा मानवअधिकार स्थितिका बारेमा चर्चा गर्दा झापामा हाम्रो पार्टीका कार्यकर्ता का. रुद्र तिमिल्सिनाको हत्या एवं माओवादी एवं अन्य पक्षबाट भएका विभिन्न क्रियाकलापको पनि चर्चा गर्नुपर्ने हुन्छ। माओवादी समूहले जनयुद्धका नाउँमा आफ्ना उग्रवामपन्थी र व्यक्ति हत्याका कार्वाहीहरु देशमा बढाइरहेका छन्। उनीहरुको त्यस प्रकारको कथित कार्वाहीमा कतिपय ठाउँमा सर्वसाधारण जनता, किसान, दलित समुदाय पनि परेका छन्। हाम्रो पार्टी नेकपा (मसाल) ले माओवादी समूहको त्यस्ता क्रियाकलापको भर्त्सना गर्दै आएको छ। हाम्रो पार्टीले पहिले पनि माओवादी समूहले गरेल्याको हार्जङ्ग काण्ड र रुकुमका एमाले सचिव चन्द्र गौतमको हत्या गरेकोमा त्यसको विरोध गरेको थियो। ०५६ मंसिर २० गते झापा शनिश्चरे गाविस-६ अन्तरगत सातावारीस्थित न्यु गिरी टि स्टेटको उत्तर क्षेत्रमा निमम हत्या गरी फालिएको नेकपा (मसाल) र राष्ट्रिय जनमोर्चासम्मनका सदस्य का. रुद्र तिमिल्सिनाको लास फेला पर्यो। त्यसको छानबिनका लागि केही समयअघि राष्ट्रिय जनमोर्चाका केन्द्रीय सल्लाहकार एवं सांसद परि थापाको संयोजकत्वमा केशव नेपाल र ब्रतकुमार राईसमेतको एउटा छानबीन समिति बनेको थियो। लामो अध्ययन र छानबीनपछि उक्त समिति का. रुद्र तिमिल्सिनाको हत्यामा माओवादी पार्टी र नेकपा (माले) का स्थानीय कार्यकर्ताको हात रहेको निष्कर्षमा पुग्यो। हाम्रो पार्टीले माओवादी र स्थानीय माले कार्यकर्ताको यो कार्यको घोर भर्त्सना गरेको छ र उनीहरुको यस्ता कदमको उचित राजनीतिक भण्डाफोर गर्ने निर्णय गरेको छ। साथै का. रुद्र तिमिल्सिनालाई हाम्रो पार्टीले शहीद घोषणा गरेको छ। वास्तवमा माओवादी पार्टीमा व्यक्तिहत्या, आतंक र अराजकतावादी क्रियाकलाप चरमरूपमा बढेर गएको छ। यसको पराकाष्ठाका रूपमा अब उनीहरु आफ्नै पार्टी भित्रका कार्यकर्ताको पनि हत्या गर्ने नीति अपनाउनसमेत थालेका छन्। यस्ता केही घटना सार्वजनिकसमेत भएका छन्। उनीहरुले दुश्मनको एजेन्ट र सुराकीको बिल्ला लगाएर त्यस प्रकारको हत्या गर्ने गरेका छन्। का. रुद्र तिमिल्सिना माओवादी पार्टी छाडेर हाम्रो पार्टीको समर्थक ग्रुपमा रहेपछि उनीहरुलाई असह्य भएको थियो। त्यही पृष्ठभूमिमा नै उनीहरुले स्थानीय मालेका कायकर्तासमेतसंग मिली का. रुद्र तिमिल्सिनाको हत्या गरे। त्यसरी राजनीतिक मतभेद हुँदैमा हत्या गर्ने माओवादी क्रियाकलाप सही मार्क्सवादी लेनिनवादी नभई फासिष्ट र अधिनायकवादी शैली हो भन्ने हाम्रो पार्टीको मान्यता छ। माओवादीहरुले प्युठानको सारी गाविसमा ०५६ पुस १३ गते राष्ट्रिय जनमोर्चाका सक्रिय कार्यकर्ता हिरबहादुर घर्तीलाई माओवादीहरुको सांस्कृतिक कार्यक्रम हेर्न जान ईन्कार गरेपछि हात भाँचिदिएका थिए। त्यसका विरुद्ध रा.ज.मो. प्युठान जिल्ला समितिले माओवादीहरुको जिल्लाव्यापीरूपमा सभा गरी भण्डाफोर गर्ने कार्यक्रम गरेको थियो। त्यो कार्यक्रमलाई हाम्रो पार्टीले समर्थन गरेको थियो। त्यसरी यी सबै परिस्थितिहरुमा हाम्रो पार्टीले माओवादीका गुण्डागर्दी, हत्या, आतंकका नीतिहरुको समेत विरोध र भण्डाफोर गर्दै आएको छ। निश्चय नै माओवादीहरुको विरोध र भण्डाफोर हाम्रो पार्टीले राजनीतिक र मित्र संगठनको दायरा र परिधिभित्र रहेर नै गरेको छ।

अन्त्यमा, हाम्रो पार्टीले देशमा भएका दमन, हत्या, झुटा मुद्दा, राजनीतिक प्रतिशोध लिने मुख्यतः कांग्रेस सरकार एवं प्रहरी प्रशासनको जघन्य क्रियाकलापको तीव्र विरोध गर्दछ। मुलुकमा मानवअधिकारको रक्षाको प्रश्न गम्भीर बनेको वर्तमान परिस्थितिमा सबै वामपन्थी, प्रगतिशील, देशभक्त र जनतान्त्रिक शक्ति, स्वतन्त्र बुद्धिजीवी, मानवअधिकारवादी सबैलाई मानवअधिकार एवं न्याय र निसाफको पक्षमा एकजुट भएर आवाज उठाउन आह्वानसमेत गर्दछ।

नेकपा (मसाल)
केन्द्रीय कार्यालय

३.४ संयुक्त जनमोर्चा नेपाल

अनौपचारिक क्षेत्र सेवा केन्द्रले हरेक वर्ष नेपालमा मानवअधिकारको स्थितिबारे प्रतिवेदन तयार पार्ने गर्दैआएको छ। गत वर्ष कानून तथा न्याय मन्त्रालयले पनि मानवअधिकारको विश्वव्यापी घोषणापत्रको ५० वर्ष पूरा भएको उपलक्ष्यमा "मानवअधिकार वर्ष १९९८" राष्ट्रिय समितिले "अन्तिम प्रतिवेदन" भनी प्रकाशित गरेको छ। उक्त प्रतिवेदनले नेपालमा मानवअधिकारको स्थिति के छ? भन्दा मानवअधिकारबारे कति गोष्ठी भए, कति सेमिनार भए, त्यसको फेहरिस्त जस्तो भएको छ। तसर्थ मानवअधिकारको स्थितिलाई समीक्षा गर्नुभन्दा पहिला मानवअधिकारबारे अवधारणा नै पेश गर्नु उपयुक्त होला

"मानवअधिकार" ले मानव मात्रको अधिकारको संरक्षण वकालत गर्दछ। यसले मानव जातिभित्र पैदा भएका विद्यमान विसंगति, त्यसका कारण र समाधानलाई हेर्दैन। मानव जाति कुन कुन गुण-दोष, न्याय अपराध, शान्ति हिंसा आदिको प्रक्रियाबाट बाँचिरहेको छ, त्यसको समग्र पार्टीले हेर्दैन तर त्यसभित्र उसले मान्छेको "जीउने हक" लाई संरक्षित तथा सुरक्षित पार्नुपर्ने कुरालाई ध्यान दिने गरेको छ। यो समाज अर्थात मानव जाति आर्थिक, सामाजिक, राजनीतिक तथा चिन्तन र संस्कृतिका हिसाबले वर्गमा विभाजित छ। समाजमा सरलढंगले हेर्दा केवल दुईवटा वर्ग मात्र विद्यमान छन्। अत्याचार गर्ने (शोषक) र अत्याचार भोग्ने (शोषित) तर यसको संरचना भने त्यति सजिलोसँग दुई फ्याकमा छैन। खास खास तथा फरक परिस्थितिमा एउटै मान्छेभित्र दुई वटै प्रवृत्ति देखिन्छ। यस अवस्थामा प्रचलित मानवअधिकारको अवधारणाले मान्छेले मान्छेमाथि शोषण गर्ने, अत्याचार गर्ने र त्यसका विरुद्ध संघर्ष गर्ने, त्यसको न्यायिक समाधान खोज्ने काम गर्दैन। वर्गीय समाजमा त वर्गीय मुक्ति र स्वतन्त्रताको विरुद्ध संघर्षमा उत्रनु नै एउटा वर्गले अर्को वर्गको अस्तित्वलाई निरोध गर्नु नै हो। अर्थात प्राकृतिक समानताको स्थितिमा उन्नत र वैज्ञानिक समानता कायम गर्नु हो। यस्तो बेला प्रचलित मानवअधिकारको अवधारणालाई अनुमति नदिन सक्छ। संघर्ष भन्ने बित्तिकै विचारमा संवाद, आलोचना, विरोध प्रदर्शन, हड्ताल, तालाबन्दी अवरोध तथा हिंसात्मक प्रतिवाद पनि हो। समाज वर्गमा बाँडिन्छ भने वर्गीय हितको रक्षाका निम्ति राज्य, कानून त्यसलाई लागू गर्ने निकाय सेना, पुलिस, प्रशासन, न्यायालय स्वाभाविकरूपले श्रृष्टि हुन्छ। वर्गहितको रक्षाका निम्ति ती कुराहरु लागू हुन्छन्। त्यसबेला एउटा वर्गले त्यसलाइ न्यायपूर्ण ठान्छ र अर्कोले त्यसलाई अन्यायपूर्ण ठान्छ। त्यसैले मानवअधिकारको अवधारणा पनि वर्गीय नै हुन्छ। हर किसिमले उत्पीडनमा परेका वर्गीयहरुको निम्ति मानवअधिकारको एउटा मापदण्ड हुन्छ भने शोषणमूलक प्रवृत्ति भएको व्यक्ति, समाजका लागि अर्को मापदण्ड। जस्तो कि चेतनाले अत्यन्तै पछौटे रहेको परम्परावादी चिन्तनले ग्रसित वर्ग व्यवस्थाको मान्यता बोकेका ब्राम्हण पण्डितहरूको गाउँघरमा दलितहरूको प्रवेश निषेध गरिन्छ। त्यसैगरी फरक फरक धर्म संस्कृतिका मान्छेहरूको बीचको समागम वर्जित हुन्छ। त्यस्तै आर्थिक सम्पन्नता र विपन्नताबीचको सामाजिक "मर्यादा" को मापदण्ड पनि फरक फरक गरिएको हुन्छ। यो नीति परिवार, समाज, राष्ट्र र अन्तर्राष्ट्रियसमेत हुने गर्छ। त्यसैले मानवअधिकार पनि सापेक्षिकरूपमा वर्गीय अभिव्यक्तिभन्दा भिन्न हुन सक्दैन र यसको प्रयोग त्यसैगरी भएको छ। आज संसारको सबैभन्दा ठूलो विश्वभरि नै सामाजवादी, दादागिरी मच्चाउने आफूभन्दा साना र कमजोर राष्ट्रमाथि हस्तक्षेप गर्ने, तथाकथित "प्रजातन्त्र" को रक्षाको खातिरदारीका नाममा कमजोर राष्ट्रको आन्तरिक स्वतन्त्रता कुल्चने र दमन गर्ने गरेको अमेरिकी साम्राज्यवादले आफूलाई मानवअधिकारको गडफादर मान्ने गरेको छ। उसले आफ्नो मुलुकभित्र गरेको जातीय (काला र गोरा) विभेद तथा धार्मिक (क्रिस्तानवाद–अमेरिकाको राष्ट्रपति बन्नलाई क्रिश्चिय चाहिने) साम्प्रदायिकतालाई कायम गर्दै मानवअधिकारको विश्वव्यापी "संरक्षक बन्ने गरेको स्थितिले वास्तविक मानवअधिकारको अवधारणालाई विकृत पारेको छ। "मान्छेले मान्छेमाथि गर्ने गरेको शोषण, अत्याचार र विभेदविरुद्धको न्यायिक संघर्ष वास्तविक अर्थमा मानवअधिकार हो।" अहिले जसरी व्याख्या गरिएको छ, त्यो मानवअधिकारको पूँजीवादी व्याख्या हो, यो केही हिस्सामा वस्तुवादीभन्दा आदर्शवादी पनि छ। त्यसैले मानवअधिकारलाई दुई भागमा विभाजन गरिएको छ।

१) श्रमिक, उत्पीडित वर्गको मुक्तिको अधिकार मानवअधिकार
२) सामन्तवादी पूँजीवादी यथास्थितवादको संरक्षण मानवअधिकार

१) आजको अवस्थामा अधिकांश उत्पादन सम्बन्धहरू सामन्त पूँजीपति वर्गको हातमा रहेको छ। यसका सामन्त तथा पूँजीपति वर्गले उत्पादन सम्बन्धको माध्यममा उत्पादक शक्तिलाई चरमरूपमा शोषण गरेको छ। त्यसलाई कायम राखिराख्न र त्यसबाट आर्जित मुनाफाबाट आफ्नो ऐयासी जीवनमा स्वर्गीय आनन्द लिन चाहन्छ। त्यो नभत्कोस् भन्नका लागि राज्यद्वारा संरक्षित गराउन चाहन्छ। त्यसको विरुद्ध मान्छेको स्वाभाविक चेतना हो मुक्तिको चाहना। उत्पीडनका विरुद्ध विशाल जनसमुदायले मुक्ति स्वतन्त्रता चाहना गर्छ। त्यसका लागि विद्रोह गर्छ। आफूमाथिको उत्पीडनको विरुद्ध विद्रोह र संघर्ष गर्दा पुरानो संरचना भत्काउन र नयाँ संरचना स्थापित गर्न उत्पीडन र अत्याचारका विरुद्ध जेसुकै (विचार र चेतना संगत) गर्न पनि तयार हुन्छ, त्यो उसको नैसर्गिक हक हो। त्यहाँ लडाई हुन्छ, युद्ध हुन्छ, उथल-पुथल हुन्छ, हिंसा हुन्छ, मृत्यु हुन्छ, बलिदान हुन्छ अनिमात्र शान्ति र सिर्जना हुन थाल्छ। यो मानव जातिको अनन्य र जन्मसिद्ध अधिकार हो।

यो नै मानवअधिकार हो। आज यो संसारव्यापी अपहेलना र उल्लंघन भएको छ। हाम्रो देश र समाज पनि त्यही गतिमा हिँडिरहेको छ।

२) आफूले उपभोग गरिआएको जति सुकै निर्मम अत्याचारी प्रचलन, परम्परा, शासन सत्ता रहे पनि सहजढंगले त्यसलाई त्याग्न सक्दैन। उसले आफूले गर्दैआएको सबै प्रकारका अत्याचारलाई सहज पार्न कानूनी र परम्पराको कवच दिने गर्छ। त्यसको संरक्षणलाई आफ्नो मानवअधिकारको परिभाषाभित्र पार्छ। त्यो आजको वर्ग समाजका सामन्त पूँजीपति वर्गको चिन्तन हो। त्यसैले उसको संरचना भत्काउने क्रममा हुने विद्रोहलाई उसले अराजक तथा उसको प्रचलित मानवअधिकारको विद्रोह ठान्दछ। ऊ प्रचलित अनिष्ठ परम्परा, कुचक्र र आफ्ना आततायी व्यवहार जो बहुसंख्यक जनताको हितका विपरित छन्, त्यसैलाई राज्य शक्तिको बलमा यथास्थितिमा कायम राख्न चाहन्छ। त्यसविरूद्धको विद्रोह र संघर्षलाई ऊ मानवअधिकारको उल्लंघन ठान्दछ। तथापि यही स्थिति रहन नसक्ने विश्व परिस्थितिले पैदा गरेको विकासवाद प्रक्रिया सँगसँगै त्यस प्रकारका आततायी शक्तिहरू आफ्नै नैतिक बल कमजोर बन्दै गइरहेको अवस्थामा मानवअधिकारको प्रचलित मोडेलमा सिद्धान्ततः स्वीकार गर्न आइपुगेका छन्। व्यवहारमा भने यही कुरो पनि लागू हुन सकेको छैन।

माथि उल्लेखित दुई वटा स्थितिमा मानवअधिकारको वर्तमान अभिव्यक्ति दुवैको समिश्रण जस्तो देखिन्छ। वर्ग समाजमा वर्ग संघर्षको सार्वभौम पक्षलाई अस्वीकार, वर्ग संघर्षको माध्यमबाट प्रतिक्रियावादी मुठिभर वर्गको शोषणमूलक वर्गसत्ताका विरूद्ध गरिने शस्त्र बल संघर्षलाई अस्वीकार, सामन्तवादी तथा पूँजीवादी प्रत्यक्ष शोषणको विरोध, व्यक्ति स्वतन्त्रताको वकालत आदिले मानवअधिकारको अवधारणालाई सामाजिक जनवादी संरचना स्थापित गर्न खोजेको छ।

सामन्तवादी तथा पूँजीवादी शोषण नृशंस दमनको परिस्थिति, साम्राज्यवादी हकका आफ्ना प्रभाव क्षेत्र विस्तारका दौरान भएका अत्याचारलाई नैतिक बन्धनबाट बाँधेर कम गर्न पनि र त्यस्ता गतिविधिको सार्वजनिककरण गर्दै नैतिक चपेटामा पार्न मानवअधिकार आन्दोलनले केही हदसम्म भूमिका खेल्छ।

मुलकको मानवअधिकारको स्थितिलाई आंकलन गर्नुभन्दा अगाडि विश्वका केही मुलुकहरूले व्यहोर्नु परेका साम्राज्यवादी अत्याचारका विषयलाई उजागर गरिदिनु आवश्यक छ।

विश्वव्यापीरुपमा मानवअधिकारको उल्लंघनकर्ता अमेरिकी साम्राज्यवाद प्रमुख रहेको छ। इराकमाथिको दुई-दुई पटकको सैनिक आक्रमण, व्यापारिक तथा आर्थिक नाकाबन्दी, इराकलाई टुक्र्याउन गरिएको अमेरिकी लगानी, त्यसले इराकी नागरिकहरूको जीवनमा परेको प्रतिकूल असर, विश्वका विभिन्न भागका अमेरिकी सैनिक तथा सामरिक युद्धपोतको उपस्थिति, उत्तर कोरियालाई दिँदैआएको धम्की र नाकाबन्दी, क्यूबाको राजनीतिक तथा सामाजिक संरचना भत्काउन गर्दैआएको षडयन्त्र, चीन-ताइवान एकीकरणमा परेको बाधा, प्यालिष्टाइनीहरूका विरूद्ध इजरायलीलाई प्रदान गर्दै आएको सहयोग आदि अमेरिकी साम्राज्यवादका घिनलाग्दा करतुत हुन्। यसले ती मुलुकहरूको जनजीवनमा परेको प्रतिकूल असर, विकास प्रगतिमा परेको बाधा अन्तर्राष्ट्रियरुपमा मानवअधिकारको उल्लंघन विषयवस्तु किन बन्न नसक्ने?

मानवअधिकार भनेको विकासका अवसरहरूको सहज उपलब्धि पनि हो। अझै विश्वमा जाति, वर्ग, लिङ्ग, धर्म संस्कृति परम्परा, क्षेत्रका आधारमा विकास प्रगतिको अवसरहरू प्रदान गर्ने कुरामा पक्षपात विद्यमान छ। एकातिर सामन्त र पूँजीपति वर्गको हातमा रहेको राज्य सत्ताले ती कुराहरू सहज बनाउँदैन भन्ने कुरा यथार्थ छँदैछ।

माथिका परिस्थितिभित्र नेपाली समाज पनि गुज्रिरहेको छ। मुलुकमा विद्यमान प्रतिक्रियावादी राज्य सत्ता त्यसको संरचना, सामन्तवादी तथा पूँजीवादी साम्राज्यवादी शक्तिहरूको दलालीकरण गर्ने राजनीतिक शक्तिहरूको राज्यशक्तिमाथिको हालिमुहालीले राष्ट्र र जनता स्वयम्ले पीडा भोग्नुपरेको छ। कसले कसको अधिकार कति अतिक्रमण गर्‍यो भन्नुभन्दा पहिले नेपाल र नेपालीको अधिकार के के कुरो गर्दा कुण्ठित हुन पुगेको छ भन्ने केलाउनु बेस होला। त्यसका लागि निम्न तीनवटा तत्वलाई आधार बनाउनुपर्छ।

१. राष्ट्रियता २. प्रजातन्त्र ३. जनजीवनका

१. सिङ्गै मुलुकको श्रेष्ठतम् चिन्ता मुलुकको राष्ट्रियताको जगेर्ना हो। सबैले आफूलाई राष्ट्रवादी भन्दा-भन्दै कतिपयले अन्तर्राष्ट्रिय काम गरेका छन्। शोषण दमन, अन्याय, अत्याचार, भ्रष्टाचारको विरूद्धको संघर्ष आजको हाम्रो न्यायपूर्ण समाज कायम गर्ने संघर्षको प्राथमिक कार्य हो, तापनि राष्ट्रियता ज्यादै सम्वेदनशील विषय हुँदैगएको छ। साम्राज्यवादी तथा विस्तारवादी शक्तिका विभिन्न कोणबाट गरिएका अतिक्रमण र हस्तक्षेप तथा त्यसले पारेको नागरिक जीवनमाथिको प्रतिकूल असरले प्रत्यक्ष वा परोक्ष मानवअधिकार कुण्ठित भएको छ। नेपाल जस्तो अविकसित मुलुकमा साम्राज्यवादद्वारा लादिएको भू-मण्डलीकरण, उदारीकरण, निजीकरण, बजारीकरणले नेपालको आफ्नै मौलिकता तथा सार्वभौमिकता त नष्ट हुने नै भयो, पराधीन अर्थतन्त्रले जनतामा अभाव, बेरोजगारी, गरिबी बढ्ने भयो, पूँजीपतिहरूले श्रम र सम्पत्ति लुट्ने भए एकातिर भने अर्कोतिर जनता बेघरबार बन्दै जाने भए। साथै सीमा, अतिक्रमण, सैनिक उपस्थिति, असमान सन्धि, कला साहित्य, शिक्षा संस्कृतिमाथिको अतिक्रमण, उद्योग व्यापारमा हस्तक्षेप, जनसंख्या अतिक्रमण जस्ता क्रियाकलापले नागरिकको दैनिक जीवनमा प्रभाव मात्र होइन, उसले अनिवार्य प्राप्त गर्नुपर्ने अधिकार, सहुलियत सुरक्षासमेतबाट वञ्चित हुनुपर्छ। यसले अग्रगामी चेतना भएको जनताको तप्का आन्दोलनमा उत्रनुपर्ने अनिवार्य हुन आउँछ र त्यो स्थिति हाल मौजुद छ।

२. नेपाल अहिलेसम्म अर्ध औपनिवेसिक र अर्धसामन्ती अवस्थामा रहेको छ। त्यसका लागि विभिन्न आधार छन्। विद्यमान व्यवस्था पूँजीवादी प्रकृतिको छ। पूँजीवादी शासन प्रणाली संसारका र हाम्रो देशका श्रमिक किसान मजदूर, ज्यामी, दलित, उत्पीडित देशभक्त, बुद्धिजीवी, निम्न पूँजीजीवी बहुसंख्यक जनसमुदायको बन्न सक्दैन र सकेको छैन। यति बेलाको मानवअधिकार स्थितिको प्रश्न पनि यसैसँग नितान्तरूपले जोडिएको छ। कुन व्यवस्थाले आधारभूतरूपमा कसको हित गर्ने भन्ने कुरामा त्यो व्यवस्था वा राजनीतिक प्रणाली कति प्रजातान्त्रिक भन्ने जनाउँछ। आज मुलुकअगाडि अनगिन्ति समस्या छन्। भूमिमा किसानहरूमाथि शोषण छ, प्रगतिशील भूमि सुधार भएको छैन। विश्व मापदण्डअनुसार वेतनदेखि जागिर सुरक्षाको प्रश्न गम्भीर। छ। लाखौंको संख्यामा सुकुम्बासी छन्। शिक्षा स्वास्थ्य महंगो भयो र व्यापारिक भयो। नारी अस्मिता बलात्कृत भइरहेको छ। बालअधिकार कुण्ठित भयो। कानूनमा नागरिकहरूप्रति समान व्यवहार छैन। संविधानमै धार्मिक विभेद छ। जाति जनजातिहरू भाषिक साँस्कृतिक तथा सामाजिक अधिकार कुण्ठित रहेको छ। प्रशासन संयन्त्र भ्रष्ट र अनैतिक छ। राजनीतिक भ्रष्टाचार व्याप्त छ। विकासको गति धिमा र अत्यन्तै असमान वितरण रहेको छ। शान्ति सुरक्षा कायम गर्ने निकायमा नै अपराधीहरूको गिरोह रहेको छ। यस्तो स्थितिमा जनताको असन्तुष्टि र आक्रोस् अस्वाभाविक होइन। जनताले “बहुदलीय प्रजातन्त्र” स्वतन्त्रतापूर्वक उपभोग गर्नबाट वञ्चित अवस्थाहरू पनि विद्यमान छन्। आस्थाका अधारमा संगठन र राजनीतिक विचारको प्रचारमा समेत कतिपय अवस्थामा बन्देज लाग्ने गरेको छ। उत्पादन सम्बन्धको पछौटेपनले ग्रामीण क्षेत्रमा रहेको जमिन्दारी प्रथा, जाली-फटाहा, सुदखोर प्रणाली कायमै छ। पुलिस प्रशासनमा भ्रष्टाचार तथा निर्दलीय निरंकुशतावादी पञ्चायती संस्कार, हैकमवाद कायम मात्र हैन, व्याप्त छ। यस्तो स्थितिमा प्रजातन्त्र जनतालाई हैन पार्टी नेतालाई, सुविधा जनतालाई हैन सत्तासीन वर्गलाई, विकास जनतालाई नेता परिवारलाई, अवसर योग्यतालाई होइन नेता-नेता चाकडी र चाप्लुसी भ्रष्टाचारका लागि भइरहेको प्रसंगबाट अलग राखेर मुलुकभित्र मानवअधिकार खोज्न गाह्रो पर्छ। भाषणमा प्रजातन्त्र यथार्थमा निरंकुशतन्त्र बढ्दै गएको र सत्ता प्रतिस्पर्धाको होडबाजीमा प्रतिगमनको खतराले प्राप्त अधिकार पनि कुण्ठित हुन सक्ने मौजुदा स्थितिका गरीब, दरिद्र र संकटपूर्ण नेपाल हाम्रो अगाडि तेर्सिएको छ।

३. यो पनि प्रजातन्त्रको पाटो नै हो। अभिव्यक्ति र संगठन स्वतन्त्रता मात्रै प्रजातन्त्र होइन। नागरिकको बाँच्न पाउने हक पनि प्रजातन्त्र हो। बाँच्नको लागि खानुपर्ने, कमाउनुपर्ने, कमाउनका लागि रोजगारी हुनुपर्ने। पूर्ण बेराजगार र अर्धबेरोजगारको स्थितिले झण्डै आधा जनसंख्यालाई पिरोलिसकेको छ। रोजगार विकासका अवसरहरू औद्योगिकीकरण, कृषि व्यवसायमा आधुनिकता, उद्योग व्यवसायमा संरक्षण, निर्यातमा जोडभन्दा नीतिगतरूपमै बेठीक व्यवस्थापनले तस्करी मौलाएको छ। भाडाका सवारी, भाडाका श्रमिक उत्पादन गर्ने देशको बेइज्जतीले स्वाभिमानलाई मारिदिएको छ।

यी परिस्थितिको जिम्मेवार को हो भन्दा सोझै भन्न सकिन्छ राज्य व्यवस्था र त्यसका संचालकहरू।

माथिका सबै कुराको आधारमा हामीले हाम्रो देशमा मानवअधिकारको स्थितिको कसी लाउन सक्छौं। अभाव, गरिबी, भ्रष्टाचार, बेरोजगारी, राष्ट्रघात, असुरक्षा, अनियमितता, साम्प्रदायिकता, क्षेत्रीयता, ढिलासुस्ती, अपमान, अवसरबाट वञ्चित, अन्यायको स्थितिले जनतामा व्यापक असन्तोष त्यसको कारण आन्दोलन र विद्रोह अनि सत्ताले गर्ने दमन, हत्या, बलात्कार, लुट, यातना आदिले सन् १९९९ आजसम्ममा सबैभन्दा नाजुक मानवअधिकारको स्थिति रहेको वर्ष भएको छ।

यतिबेला मानवअधिकार स्थिति निर्धाणको तीन वटा कारक तत्व रहेका छन् :

१. अनुत्तरदायी सरकार र असक्षम प्रशासन संयन्त्र
२. अपराधिक क्रियाकलाप तथा राजनीतिक प्रतिद्वन्द्विताका कारण उत्पन्न समस्या
३. राज्य शक्तिको दुरूपयोग प्रतिशोधात्मक कारवाही प्रजातान्त्रीकरण प्रक्रियाको अभाव

१. यस अवधिमा लामो कालसम्म सत्तामा बस्ने नेपाली कांग्रेसले मुलुकका समस्या समाधान गर्ने दिशामा कुनै ठोस काम गर्नुभन्दा भ्रष्टाचारमा तल्लीन भयो। रोजगारी तथा विकास अवसरहरूमा पारदर्शी निष्पक्ष र योग्यताको पहिचानभन्दा कांग्रेसी भर्ति केन्द्र खोल्ने र कमिशन बाहुल्य काममा तल्लीन भयो। सन् ९९ को शुरूदेखि २००० आइपुग्दासम्म हरेक वस्तुमा मूल्य वृद्धि भएको तर जनताको आयमा वृद्धि हुने कुनै गुन्जायस रहेन। सामाजिक अपराधको संख्यामा व्यापक वढोत्तरी भएको छ। बलात्कार, काटमार, लुट डकैती, सीमा अपराध, तस्करी, लागू औषध, मानिस तस्करी, ठगी प्रशासनिक क्षमताको न्यूनता तथा भ्रष्ट तथा अपराध प्रवृत्तिका कारणले वृद्धि भइरहेका छन्।

२. अनुत्तरदायी सरकार असक्षम प्रशासनका कारण सामाजिक अपराधहरू बढ्ने गरेका हुन्छन्। मदिरा र जुवा बन्देज गर्ने स्वयम् प्रशासन संयन्त्र त्यसमा डुब्नेले अपराधिक क्रियाकलापले मौलाउने अवसर पाउँछ। सरकार स्वयम्ले निर्वाचन जस्ता राजनीतिक कार्यक्रममा राजनीतिक प्रतिद्वन्द्विका कारण निष्पक्ष र धाँधलीरहित बनाएन, प्रहरी प्रशासन, पैसा तथा गुण्डा दलको प्रयोग भयो। कतिपय स्थानमा गत आमनिर्वाचनमा नागरिकहरूले आफ्नो मताधिकारको प्रयोग गर्न पाएनन्। पुलिस आतंक कायम भयो। सरकारी साधनको दुरूपयोग भयो। बम विष्फोटन भयो। कुटपिट भयो। कतिपय मानिसहरू मारिए पनि। अपराधी गिरोहहरूको प्रयोग भयो।

संसदीय स्वच्छ प्रतिस्पर्धाको नकाब उत्रियो। व्यवस्था सिङ्गैलाई कांग्रेसीकरण गर्ने प्रयत्न भयो। व्यवस्था र कांग्रेसलाई पर्यायवाची बनाउने प्रयत्न भयो। अर्कोतर्फ २०५२ सालदेखि सामाजिक राजनीतिक तथा आर्थिक संरचनाको असन्तुष्टिका कारण नेकपा (माओवादी) ले शुरु गरेको भनिएको जनयुद्धले हिंसाको गति पक्डियो। पुलिस तथा गैर पुलिसको दर्जनौंको संख्यामा हत्या भएको छ। सरकार पनि समस्या "जनयुद्ध" का लागि प्रेरक कारक तत्वको निराकरणभन्दा प्रतिशोधात्मक हत्यामा उत्रियो।

३. केही कालअघि तत्कालीन र वर्तमान प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले नेपाल प्रहरीलाई मानवअधिकारको प्रशिक्षण गोष्ठी भनेर गर्न लगाए र सार्क सम्मेलनमा बंगलादेश गएर फर्किने साथ गोष्ठीको बारेमा भाषण पनि गरे। गोष्ठीपश्चात् प्रहरीद्वारा नागरिक हत्याको श्रृंखला बढेर गयो। कुनै पनि सरकारले ०४६ सालको संविधानले निर्देशित गरेका कुरामा निरंकुश कानूनहरू सच्याउने तथा मानवअधिकार आयोग गठन गर्ने जस्ता कुरा पनि आजसम्म पूरा गर्न न के नागरिकहरूका अधिकार कटौती गर्ने कानूनहरू निर्माण गर्ने बारम्बार प्रयत्न भइरहेका छन्। विगतमा विफल पारिएका प्रयासहरू पटकैपिच्छे नाम फेरेर आतंककारी कानूनहरू ल्याइँदैछन्। यसै वर्ष पनि स्थानीय प्रशासनलाई अधिकार थप गर्ने अदालतले प्राप्त गरेको अधिकार कटौती गर्ने घोर कालो कानून "केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक" संसदमा प्रस्तुत भएर समितिमा बसेको छ। त्यसै गरी सार्वजनिक सूचना प्राप्त गर्ने तथा सूसूचित हुने नागरिकहरूलाई निषेध गर्ने विधेयक ल्याउने प्रयत्न भएका छन्। महिला सम्पत्ति हक थन्केर बसेको छ। सार्वजनिक अपराध ऐन र शान्ति सुरक्षा ऐनको व्यापक दुरूपयोग भएको छ। माओवादी गतिविधिको नियन्त्रणको नाममा प्रहरी यति स्वेच्छाचारी बनेकाले आम नागरिक जीवन प्रहरीका कारण अस्तव्यस्त भएको छ। "माओवादी" ले गरेको गतिविधिका कारण हामी स्वयम् पनि असन्तुष्ट मात्र होइन, उनीहरूको उग्रवामपन्थी अराजकताले त्यो आन्दोलन असफल हुने मात्र हैन, त्यसलाई नसच्याउने हो भने त्यो नै नेपाली कम्युनिष्ट आन्दोलनलाई संहार गर्ने माध्यम पनि बन्नेछ। व्यक्ति हत्या नै क्रान्तिकारी कम्युनिष्ट आन्दोलन होइन। तर त्यस संघर्षलाई नियन्त्रण गर्ने भन्ने नाममा सरकारले राज्य शक्ति पुलिस प्रशासनको ठाडो दुरूपयोग गरेको छ। सरकारले कानूनी दृष्टिमा दोषीलाई कानूनको गिरफ्तारमा राखेर कारवाही गर्ने कुरामा हाम्रो थप भन्नु छैन तर त्यसका विपरित गिरफ्तार गरिसकेकोलाई मार्ने, बेपत्ता पार्ने, बस्तीहरूमा स्वयम् प्रहरीले आगो लगाउने (उदाहरण - रवारा, सिसूत, भलाक्चा), घर गोठ डढाउने आगो लागेपछि घरबाट निस्केका मानिसलाई गोली ठोक्ने गरेर विभत्स हत्याका श्रृंखलाहरू चलाएको छ। नेपालको मूल कानून संविधानले मृत्युदण्डलाई वर्जित गरेको छ। सरकारले कानूनी बाटो छोडेर ठाडो मृत्युदण्डको गैरकानून बाटो पक्रेको छ। सरकारले कानून तोडेपछि जनतालाई कानून तोड्न कुनै गाह्रो पर्दैन। अहिलेसम्म (जनयुद्ध शुरू भएदेखि यता) सरकारी तथ्यांकमा करिब १२०० रहेको छ भने अनौपचारिकरूपमा झण्डै चार हजार मानिसहरू मारिइसकेका छन्। यो श्रृंखला अन्त्य होइन, अझ गहन बनेको छ। मुद्दा मामिलामा फसाउने, धनमाल लुट्ने, चेलीबेटी बलात्कार गर्ने, यातना दिने, आतंकित पार्ने यो प्रक्रिया सामान्य जस्तै भइसकेको छ। उक्त अभियान संलग्न नहोस्, त्यस्ता व्यक्तिलाई पनि त्यसप्रकार कष्ट यातना मात्र होइन, मार्ने काम पनि गरेको। सरकारले "माओवादी" मात्र होइन, अन्धाधुन्द मार्ने, दमन गर्ने अभियानमा संयुक्त जनमोर्चा नेपाल काभ्रे कटुन्जेका नन्दराज तामाङ, नेकपा (माले) तथा (एमाले) का कतिपय कार्यकर्ता, स्वयम् कांग्रेसका सामान्य मतदाता र सामान्य नागरिकलाई मार्ने र दुःख दिने गरेको छ। यसले व्यवस्था र सरकारप्रति अरू आक्रोश थपिँदै गएको छ।

अन्त्यमा, मुलुकमा महँगी बढेको, गरिबी बढेको, बेरोजगारी बढेको, राजनीतिक तथा प्रशासनिक भ्रष्टाचार बढेको, असक्षम प्रशासनिक संयन्त्रले गर्दा असुरक्षा बढेको, मुलुककै सार्वभौमिकतामा संकट बढेको, गैरकानून हत्या बढेको, भ्रष्टाचार बढेकाले सिङ्गै मुलुककै स्थिति विकराल छ। यस अवस्थामा सन्तुलित मानवअधिकार कसरी बहाल हुन सक्छ? विश्वको दृष्टिमा पनि नेपालमा मानवअधिकारको रक्षा कमजोर भएको कुरा दर्ज भएको छ, त्यसको प्रमुख कारकतत्व सत्ता र सरकार नै हो।

लिलामणि पोखेल
महासचिव

३.५ राष्ट्रिय जनआन्दोलन संयोजन समिति

नेपालको मानवअधिकार मृत्यु शैयामा सुतेको छ

जुन देशको सरकारले गर्वका साथ बाह्र सय नागरिकको हत्या गरेको खबर लाज नमानी गर्छ, जुन देशको सरकार आफ्नो कब्जामा लिइसकेको मान्छेलाई पनि प्रचलित कानूनबमोजिम कानूनी कारवाही गर्न छाडेर गोली ठोकेर नागरिकको शिकार गर्छ, जुन देशका नागरिक सरकारी हिरासतबाटै बेपत्ता हुन्छन्, जुन देशका नागरिकहरू आफ्नै करबाट पालित पोषित प्रहरीद्वारा, सरकारद्वारा र सत्तारुढ मान्छेहरूबाट असुरक्षित महसुस गर्छन्, जुन देशमा महिलाहरू सरकारमा आसिन मान्छे वा सरकारद्वारा खटिएका प्रहरी वा गुण्डा दलबाट बलात्कृत हुन्छन्, जुन देशमा सरकार स्वयम् कानून मिच्न उद्धत रहन्छ र जुन देशका शासकहरू नागरिकलाई यातना दिनु उसको अधिकार सम्झन्छ, त्यो देशको मानवअधिकारका बारेमा चर्चा गर्नु, उल्लेख गर्नु र प्रतिक्रिया दिनुको के अर्थ रहला र ? तैपनि मानवअधिकारका क्षेत्रमा के

भइरहेको छ, के हुनुपर्ने थियो भन्नेबारेमा चर्चा परिचर्चा गर्नु कमसेकम सर्वसाधारणको समेत जानकारीका लागि सामयिक नै हुने भएकाले यो छोटो अनुभूति सम्प्रेषण गरिएको छ।

सन् १९९९ मानवअधिकारका दृष्टिले अत्यन्त कष्टकर रह्यो। संसारका कुख्याति कमाएका तानाशाहहरूले पनि लाज बचाएर मात्र दमनचक्र चलाउने गरेको यथार्थ सबैका सामु स्पष्ट नै छ। तर हामीकहाँ भने प्रजातन्त्रका नाममा तानाशाही एवं फासीवादी दमनचक्र चलाइएको छ, जुन अत्यन्त अशोभनीय छ मानवअधिकारका हिसाबले घोर अत्याचारी भएको छ। आफ्ना नागरिकलाई ढुकुर मारेझैं मार्ने सामूहिक गोलीकाण्ड पुलिसले मच्चाउने, मन्त्री स्थलगत निरीक्षण गरेर पुलिसले गोली चलाएको ठीकै रहेछ भनी लाइसेन्स दिने, श्री ५ को सरकार तिनै गोली ठोक्ने पुलिसलाई जाँचबुझ हाकिम बनाउने, १०, १५, २० को संख्यामा सामुहिक हत्याकाण्ड मच्चाउने, लाश पनि नबुझाउने, आशोच बार्न पनि नदिनेसमेतका काम कारवाही भएका छन्, यस्तो स्थितिमा मानवअधिकारको के दुरावस्था होला, कल्पनासम्म पनि गर्न नसकिने अवस्था छ।

राजधानीमै मानिस पक्राउ पर्छन्, समूहका समूह पक्राउ पर्छन् तर सरकार पक्राउ नै नगरेको झुट प्रचार गर्छ, अन्ततः बेपत्ता नै पार्छ। जेलबाट पनि मानिस हराउँछन्। यस्तो गैरजिम्मेवार प्रवृत्ति सरकारमा हावी भएको छ मात्रै होइन, सरकारको दिनचर्या नै बनेको छ। यतिबेला खासगरी यसै वर्ष मात्रै पनि सैयौंको संख्यामा मानिसहरू बेपत्ता पारिएको दुःखद अनुभूति गर्नुपरेको छ।

सरकार स्वयम् आगजनीका घटनाहरू घटाउँदै जान थालेको छ, गाउँका गाउँ आगोले जलाउने, दर्जनौं मानिस आगोमा पोल्ने काम कुनै पनि सद्धे मान्छेले गर्छ भनेर कल्पना पनि गर्न सकिन्न तर हामीकहाँ सरकारले नै सुनियोजित ढंगले गरेको छ।

यातना सरकार संचालन गर्नुको अभिन्न अंग बनेको छ। यातनाकै कारण मानिसको ज्यान लिने, अपांग बनाउने जस्ता काम कारवाही यो अवधिमा विगतको तथ्यांकलाई उछिन्ने गरी नै भए।

नेपाली चेलीहरू बलात्कृत भएका छन्। सामूहिक बलात्कारका शिकार भएका छन्। नाबालिकहरू बलात्कृत भएका छन्। गर्भवती तथा सुत्केरीहरू पनि बलात्कारको मारमा परेका छन्। यस्तो स्थिति भएको छ कि कोही पनि सुरक्षित छैनन् त्यो पनि प्रहरीहरूबाटै भन्नुपर्दा सभ्य समाजको सभ्य नागरिक भन्न पनि लाज लाग्ने अवस्था आएको छ।

सभा सम्मेलन जुलुस धर्ना प्रजातन्त्रका आधारभूत मान्यता मानिन्छ तर हामीकहाँ प्रजातन्त्र भन्न पनि छाडिँदैन, सभा सम्मेलन जुलुस धर्ना प्रदर्शनीलगायत्का कुनै पनि काम-कारवाही गर्न पाइँदैन, यदि त्यो सभा वा जुलुस वा धर्ना सत्तारूढ वा कुनै बेला सत्तारूढ भएको पार्टीको होइन भने यस्तो स्थितिमा संविधानको मौलिक हक विना अर्थको बनेर आएको छ, त्यसको प्रयोग केवल सत्ताको आशीर्वाद पाउनेहरूको मात्र पेवा बनेको छ।

विनापुर्जी गिरफ्तारी गर्ने यहाँको चलन नै भयो, मनोमानी गिरफ्तारीले सीमा नाघिसक्यो, पक्राउ परेको मानिसले पाउनुपर्ने निष्पक्ष अनुसन्धान त टाढाकै विषय भयो, जिउँदो फर्कन सक्यो भने धन्य हुने स्थिति छ भन्नुपर्दा अप्ठ्यारो मान्न पर्दैन।

हामीकहाँ अदालत पनि छ अदालतको आदेश पनि पटक पटक भएका छन्। केही अपवाद बाहेक धेरै हदसम्म अदालत स्वयम्ले पनि सत्ताको प्रभावबाट मुक्त नभएको अदालतमा काम गर्ने न्यायाधीश स्वयम्मा मानवअधिकारको अवधारणा नबुझेका र नागरिकका पक्षमा भन्दा सरकारका पक्षमा वकालत गर्ने गरेको पनि नपाइएको होइन, यदाकदा न्यायाधीश नै भएर गरिएका काम कारवाहीको पालना भएको पाइएको छैन। त्यतिबेला अदालतले पनि मुकदर्शक नै भएर खाली कागजी घोडा दौडाउनेबाहेक अरू प्रभावकारी कदम चालेर जनअधिकारका निम्ति उदाहरण पेश गर्न सकेको कमै पाइएको छ। यस्तो स्थितिमा स्वतन्त्र न्यायपालिका, स्वतन्त्र अनुसन्धान र नागरिक स्वतन्त्रता नितान्त टाढाको कुरा बनेका छन्।

हामीकहाँ देखाउनका लागि कानून संविधान छन्, जसमा प्रजातन्त्र र मानवअधिकार भनिएको छ तर त्यही संविधान र कानून पनि जनताको अधिकारका रक्षाका निम्ति हैन, जनताका अधिकारका विरूद्धमा प्रयोग भएको छ।. मानवअधिकारको अन्तर्राष्ट्रिय प्रतिबद्धतामा पनि फेहरिस्त लामो छ तर व्यवहार शून्य छ। समग्रमा सरकार इमान्दार छैन, उसले नागरिकप्रति अभिभावकीय भूमिका निर्वाह गर्नु त कता हो कता, वक्रदृष्टि राख्ने गर्दछ, यो नै आजको सबभन्दा ठूलो विडम्बना हो। सरकार जनताको विश्वासभन्दा बाहिर छ। यस्तो अवस्थामा जनताको मानवअधिकारको रक्षा कल्पनाभन्दा बाहिरको विषय बनेको छ। खाना र औषधी किन्न छाडेर सरकार पुलिसलाई हतियार खरीद गर्न अरबौं रूपैयाँ दिन तयार छ, जनताको नरसंहारका निम्ति अत्याधुनिक हतियारको खोजीमा राता दिन लागिरहन्छ, यस्तो अवस्थामा मानवअधिकार जीउन नसक्ने प्रष्ट छ, यतिबेला नेपालको मानवअधिकार मृत्यु शैयामा परेको छ।

अनुसूची ४

सन् १९९९ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रका धारणाहरू

४.१ मन्त्रीपरिषद सचिवालय

४.२ गृह मन्त्रालय

४.३ परराष्ट्र मन्त्रालय

४.४ कानून तथा न्याय मन्त्रालय

४.५ श्रम मन्त्रालय

४.६ प्रतिनिधि सभा परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समिति

४.७ प्रहरी प्रधान कार्यालय

४.१ मन्त्री परिषद सचिवालय

मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन सम्बन्धमा

मानवअधिकारको विश्वव्यापी घोषणापत्र सन् १९४८ र सो घोषणापत्र जारी भएपछि जारी भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय लिखतहरूको भावना र मर्मअनुकूल मानव मात्रका आधारभूत मानवअधिकारलाई २०४६ सालको जनआन्दोलनको परिणामस्वरूप नेपाली जनताले प्राप्त गरेको नेपाल अधिराज्यको संविधान २०४७ ले असंशोधनीय संविधानको आधारभूत संरचनाको रूपमा संरक्षण प्रदान गरेको छ। नेपाल अधिराज्यको संविधान २०४७ जारी भएपछि सो संविधान तथा अन्य प्रचलित ऐन कानून एवं नेपाल पक्ष भएका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय लिखतहरूमा उल्लेख भएका मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि नेपालमा धेरै प्रयासहरू हुँदै आएका छन्। नेपालले अन्तर्राष्ट्रिय स्तरमा मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि भए/गरेका प्रयासहरूमा सधैं हातेमालो गरी ऐक्यबद्धता जाहेर गर्दै आइरहेको छ भने राष्ट्रिय स्तरमा पनि यसका लागि विभिन्न प्रयासहरू भएका छन्। हालसम्म नेपाल विभिन्न १६ वटा मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय लिखतहरूको पक्ष हुनु र राष्ट्रिय मानवअधिकार आयोगको स्थापना र गठन गर्न संसदद्वारा मानवअधिकार आयोग ऐन, २०५३ बनाई जारी गरिनु यस्ता प्रयासहरूमध्येका महत्वपूर्ण उदाहरणहरू हुन्।

नेपाल अधिराज्यको संविधान २०४७ तथा अन्य प्रचलित ऐन, कानून र नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय लिखतहरूद्वारा नेपाली नागरिकलाई प्राप्त अधिकारहरूको संरक्षण र सम्बर्द्धनसम्बन्धी कार्य गर्न स्वतन्त्र र सक्षम निकायको रूपमा राष्ट्रिय मानवअधिकार आयोगको स्थापना र गठन गर्ने उद्देश्यबाट अभिप्रेरित भई संसदले २०५३ सालमा मानवअधिकार आयोग ऐन २०५३ बनाएको थियो। सो ऐनबमोजिमको राष्ट्रिय मानवअधिकार आयोग गठन गर्न श्री ५ को सरकारले समय समयमा प्रतिबद्धता जाहेर गर्दै आएको, आयोग गठनका लागि सर्वोच्च अदालतले श्री ५ को सरकारलाई निर्देशनात्मक आदेश जारी गरेको र सम्माननीय प्रधानमन्त्रीज्यूबाट पनि संसदको गत अधिवेशनमा आयोग गठनको प्रक्रिया यथाशीघ्र शुरू गरिने प्रतिबद्धता व्यक्त भइसकेकोसमेत सन्दर्भमा मानवअधिकार आयोग ऐन, २०५३ लाई कार्यान्वयन गरी नेपाली जनताको आधारभूत मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्न राष्ट्रिय मानवअधिकार आयोगलाई सक्रिय बनाउन आवश्यक छ। नेपाली नागरिकको मानवअधिकारको संरक्षण र सम्बर्द्धनको कार्यमा सम्वेदनशील रहँदै राष्ट्रिय मानवअधिकार आयोग गठन गर्न श्री ५ को सरकार दृढ रहेकाले यस प्रयोजनका लागि आवश्यक पूर्वाधारका सम्बन्धमा एक कार्यदलमार्फत् अध्ययन गराई श्री ५ को सरकारले प्रतिवेदन प्राप्त गरिसकेको छ।

मानवअधिकार आयोग ऐन, २०५३ बमोजिम राष्ट्रिय मानवअधिकार आयोगको स्थापना भएपछि तत्कालै सो आयोगले आफ्नो काम शुरू गर्नुपर्ने हुन्छ। सोका लागि तत्काल मानवअधिकार उल्लंघनसम्बन्धी उजुरी दिने र तत्सम्बन्धी कारवाही एवं पीडित पक्षलाई क्षतिपूर्ति दिँदा अपनाउनुपर्ने आधार र कार्यविधिलगायत्का विभिन्न नियमहरू तथा आयोगको संगठनात्मक स्वरूप र कर्मचारी आदि आवश्यक पर्ने हुँदा आयोग स्थापना भएपछि सो आयोगलाई तत्काल विचार गर्न सघाउ पुऱ्याउने उद्देश्यले आयोगको संगठनात्मक स्वरूप, आयोगलाई आवश्यक पर्न सक्ने जनशक्ति र बजेटका सम्बन्धमा अध्ययन गराई श्री ५ को सरकारले उक्त प्रतिवेदन प्रापत गरेको हो। सो प्रतिवेदनमा उपरोक्त कुराहरूका अतिरिक्त आयोगमा रहने अध्यक्ष तथा सदस्यहरूको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरू, मानवअधिकारको उल्लंघनसम्बन्धी उजुरी दिने र तत्सम्बन्धी कारबाही तथा पीडित पक्षलाई क्षतिपूर्ति दिँदा अपनाउनुपर्ने आधार र कार्यविधि, आयोगको आर्थिक व्यवस्थापनसम्बन्धी व्यवस्था र आयोगका कर्मचारीको सेवा, शर्त र सुविधासम्बन्धी नियमहरूको मस्यौदासमेत तयार गरी समावेश गरिएकाले यसबाट आयोग गठन हुनासाथ सो आयोगलाई तत्काल यस सम्बन्धमा विचार गर्न सहज हुनेछ भन्ने श्री ५ को सरकारले आशा लिएको छ।

साथै मानवअधिकार आयोग ऐन, २०५३ बमोजिमको सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा सम्माननीय प्रधान न्यायाधीश र प्रतिनिधि सभामा विपक्षी दलका माननीय नेता सदस्य रहेको, आयोगमा रहने अध्यक्ष तथा सदस्यहरूको नियुक्तिको सिफारिस गर्न व्यवस्थित सिफारिस समितिले बैठक बसी आयोग गठनका लागि प्रक्रिया शुरू गरेको व्यहोरासमेत अनुरोध गर्दै श्री ५ को सरकारद्वारा गठित कार्यदलबाट तयार गरिएको प्रतिवेदन एक प्रति त्यस संस्थाको जानकारीका लागि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा समेत निर्देशानुसार अनुरोध गरिन्छ।

हरिप्रसाद न्यौपाने
सह-सचिव
मन्त्रिपरिषद् सचिवालय

४.२ गृह मन्त्रालय

नेपालमा मानवअधिकारको स्थिति

१. श्री ५ को सरकारले २०४६ सालमा बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनापश्चात् मानवअधिकारको संस्थागत विकास गर्नका लागि सर्वोपरी प्राथमिकता दिएको छ। नेपालले मानवअधिकारको विश्वव्यापी घोषणापत्र (१९४८) लाई सम्मान गर्नुको साथै मानवअधिकारको संरक्षण, सम्वर्द्धन एवं परिपोषण गर्ने सम्बन्धमा एम्नेष्टी इन्टरनेशनल जस्ता मानवअधिकारवादी अन्तर्राष्ट्रिय संस्थाहरूले प्रस्तुत गरेका सुझावहरूलाई मार्गदर्शनको रूपमा लिएको छ। श्री ५ को सरकार हर नागरिकले मानवअधिकारको निर्धक्क उपभोग गर्न पाउने अवस्था प्रत्याभूत गर्न हरदम सम्वेदनशील रहिआएको छ। यस सिलसिलामा सरकारले आफ्नो हर कदमलाई मानवअधिकारको मूलभूत मर्मअनुरूप अगाडि बढाएको छ। मानवअधिकार सम्वर्द्धनका लागि कार्य सम्पादनका क्रममा निर्धारित आचारण अनुशरण गर्न राज्यको विभिन्न संयन्त्रलाई सजग तुल्याएको छ।

२. वर्तमान सरकार कानूनको कार्यान्वयन एवं जनजीवनको सुरक्षाको क्रममा विधिसम्मत परिधिअन्तरगत रहन प्रतिबद्ध छ र तदनुरूप क्रियाशील रहिआएको पनि छ। मानवअधिकार उल्लंघनका जुनसुकै स्वरूपलाई गम्भीरतापूर्वक मूल्यांकन गरी उल्लंघनकर्ता उपर कानूनी कारवाही चलाउनु राज्यको दायित्व भएको तथ्यमा विवाद हुन सक्दैन। सर्वसाधारण जनताको जीउधनको सुरक्षा एवं शान्ति सुव्यवस्थाको आँच पुऱ्याउने गरी हुने क्रियाकलापहरू जुनसुकै र जेसुकै कारणबाट भए पनि मानवअधिकारको पक्षमा हुन नसक्ने कुरामा सरकार दृढ छ। सरकारी पक्षबाट कसैको आधारभूत हक एवं मौलिक स्वतन्त्रता अवरूद्ध हुने गरी कुनै कार्य हुन/गर्न दिइने छैन, दिएको पनि छैन।

३. यसरी श्री ५ को सरकारले जनताको हक, हितको संरक्षण एवं प्रजातान्त्रिक व्यवस्थालाई सुदृढ तुल्याउँदै देशको आर्थिक विकासतर्फ पाइलातर्फ पाइला चलिरहेको अवस्थामा गत २०५२ साल फागुन १ गतेदेखि अधिराज्यका केही जिल्लाहरूमा माओवादीको नामबाट आतंककारीहरूले हिंसा, हत्या र आतंकका क्रियाकलापहरू शुरु गरेका छन्। यस क्रममा आतंककारीहरूले सर्वसाधारण जनताको धनमाल लुट्ने, स्थानीय जनताको घरमा आगो लगाउने तथा तोडफोड गर्ने, सरकारी एवं गैरसरकारी संस्थाको सम्पत्ति लुट्ने, निहत्था एवं निर्दोष व्यक्तिहरू, राजनीतिक दलका कार्यकर्ताहरूमाथि साङ्घातिक आक्रमण गरी अंगभंग एवं हत्या गर्ने, विकास आयोजनाहरूमा काम गर्ने कर्मचारीहरूलाई आवतजावत गर्ने ठाउँमा धरापा थापी हत्या गर्ने, सुरक्षा काममा खटिई गएका प्रहरीको हत्या गर्ने तथा प्रहरी चौकीमा आक्रमण गरी हातहतियार तथा खरखजाना लुट्ने जस्ता कार्यहरू गरी मानवअधिकारको संरक्षण गर्ने सरकारको प्रतिबद्धतासमेतका लागि चुनौती दिनुका साथै जनमानसमा व्यापकरूपमा असुरक्षाको भावना पैदा गरेका छन्।

४. विद्यालयमा विद्यार्थीहरूलाई अध्यापन गराउँदै गरेका शिक्षकहरूलाई कक्षा कोठाबाट बाहिर निकाली निर्ममरूपमा प्रहार गरी हत्या गरिएको छ। जनताको सम्पत्ति लुटिएको छ र फकाई फुल्याई आफ्नो जत्थामा सामेल गराइएका युवतीहरूको शोषण गरिएको छ। तल्लो तहका राजनीतिक कार्यकर्ता, सोझा सिधा गाउँले जनता र निम्न तहका प्रहरी कर्मचारीहरू नै माओवादी जनयुद्धका शिकार भएका छन्। जनयुद्ध प्रभावित क्षेत्रमा नागरिकहरूको स्वतन्त्र आवागमनमा अवरोध पुऱ्याउने र विभिन्न विष्फोटक पदार्थहरू पनि बिछ्याउने गरिएको छ। धरापमा परी सुरक्षा काममा खटिएका प्रहरी सुरक्षाकर्मीहरू र विकास निर्माण काममा खटिएका कर्मचारीको मृत्युसमेत भएको छ। सुरक्षा काममा खटिएका प्रहरी सुरक्षाकर्मीहरू र आतंककारीहरूबीच दोहोरो भिडन्तका घटनामा परी आतंककारीहरू पनि मारिएका छन्।

कथित जनयुद्धको आरम्भ अर्थात् २०५२ साल फागुन १ गतेदेखि आतंककारीहरूको आक्रमणबाट १४६ जना सुरक्षाकर्मीहरू एवं १८९ जना निर्दोष तथा निमुखा नागरिकहरू, आतंककारीहरू र सुरक्षाकर्मीहरूबीचको दोहोरो भिडन्तमा परी ८७६ जना आतंककारीहरू, स्थानीय व्यक्तिहरू र आतंककारीहरूबीच मुठभेड हुँदा २ जना आतंककारीहरूसमेत गरी हालसम्म १२१३ जनाको मृत्यु भएको छ।

५. आतंककारी क्षेत्रमा विदेशी निकायहरूबाट संचालन भइरहेका कार्यक्रमहरू कतिले बन्द गरेका छन् भने कतिले नाम मात्रका लागि कार्यालय संचालन गरिरहेका छन्। विकास क्रियाकलापहरूको संचालनमा अवरोध उत्पन्न हुँदा त्यस क्षेत्रका जनताको जीवन झनै कष्टप्रद हुँदैआएको छ। पिछडिएका जनताको सामाजिक आर्थिकस्तर उकास्न विकास गतिविधि संचालन गर्न पनि बाधा पुगिरहेको छ। आतंककारीहरूको क्रियाकलापबाट हालसम्म रू. १० करोडभन्दा बढी सम्पत्तिको क्षति भएको छ।

६. आतंककारी क्रियाकलाप जारी रहेमा मुलुकका शान्ति सुरक्षामा प्रतिकूल असर पर्नुका साथै सर्वसाधारण जनता संविधान प्रदत्त अधिकारको उपभोग गर्न वञ्चित रहने स्थितिको सिर्जना हुन जाने भएको हुँदा जनताको संविधान प्रदत्त हकको निर्बाध प्रचलनका लागि आतंककारी क्रियाकलाप नियन्त्रण गर्न र जनधन सुरक्षाको भरपर्दो व्यवस्था मिलाउन प्रहरी सुरक्षाकर्मीहरू परिचालन गरिएका छन्। यस क्रममा प्रहरी सुरक्षाकर्मीहरूबाट कसैलाई अनाहकमा दुःख दिने, कारवाहीका सिलसिलामा हिरासतमा राखिएका व्यक्तिहरूलाई यातना दिने र बेपत्ता पार्ने जस्ता कार्यहरू हुन नदिन विशेष सतर्कता अपनाइएको छ।

७. श्री ५ को सरकारले कथित जनयुद्धका समर्थकहरूलाई वार्ताको माध्यमबाट निश्चित निश्कर्षमा पुगी राष्ट्र हितका लागि

समर्पित हुन आव्हान गर्नुका साथै आतंककारी गतिविधि परित्याग गरी संविधानको दायराभित्र आउन चाहने व्यक्तिहरूलाई माफी दिने नीतिसमेत लिएको छ। सरकारले यस प्रकारको सदाशयता देखाए तापनि आतंककारी क्रियाकलापमा संलग्न व्यक्तिहरूले अझै हिंसाका श्रृंखलाहरू चालू राखेकै छन्। अर्कोतिर आतंककारी क्रियाकलापमा संलग्न हुँदैआएका केही व्यक्तिहरूले त्यस प्रकारको क्रियाकलाप परित्याग गरी सामान्य जीवनयापन गर्ने वचनबद्धताका साथै स्थानीय प्रशासनको संरक्षण खोज्ने क्रम पनि जारी रहेको छ।

८. श्री ५ को सरकारले आतंककारी गतिविधिबाट उत्पन्न स्थिति सम्बन्धमा राजनीतिक पार्टीका नेताहरू, विशेषज्ञ र विशिष्ट व्यक्तिहरूसँग पनि छलफल गरी समस्या समाधान गर्नेबारे सुझावसहित प्रतिवेदन पेश गर्न पूर्व प्रधानमन्त्री श्री शेरबहादुर देउवाको संयोजकत्वमा उच्चस्तरीय समिति गठन गरिएको छ। यो समितिको कार्य तदारूकताका साथ भइरहेको छ।

प्रहरी सुरक्षाकर्मीहरूद्वारा कारवाहीको सिलसिलामा कसैमाथि ज्यादति गरेको खबर प्राप्त हुनासाथ तत्काल छानबिन टोली पठाउने गरेको र यसमा दोषी देखिएका प्रहरी सुरक्षाकर्मीहरू उपर कडा कारबाही गरिने गरिएको छ।

९. श्री ५ को सरकारले आतंककारी क्रियाकलापबाट पीडित व्यक्तिहरू र आतंककारी क्रियाकलाप परित्याग गरी सामान्य जीवनयापन गर्न चाहने व्यक्तिहरूलाई सहयोग पुर्‍याउन गणेशमान सिंह शान्ति अभियान कार्यक्रम संचालन गरेको छ।

१०. श्री ५ को सरकारले मानवअधिकार ऐन, २०५३ को तर्जुमा गरी लागू गरिसकेको छ। आयोगको संगठनात्मक स्वरूप, आयोगलाई आवश्यक पर्ने जनशक्तिसमेतका सम्बन्धमा अध्ययन गरी सोको प्रतिवेदन एवं मानवअधिकार आयोग ऐनबमोजिम बनाउनुपर्ने नियमावलीको मस्यौदा पेश गर्न गठित कार्यदलले हालै आफ्नो प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष पेश गरिसकेको छ। राष्ट्रिय मानवअधिकार आयोग गठन गर्ने सम्बन्धमा गृहकार्य भइरहेको छ। साथै, श्री ५ को सरकारले यातनासम्बन्धी क्षतिपूर्ति ऐन पनि बनाइसकेको छ।

११. वर्तमान सरकार नेपाली जनताका संविधान प्रदत्त मौलिक हक र मानवअधिकारका सार्वभौम मूल्यहरूलाई संस्थागतरूपमा प्रतिष्ठापित गर्दै लैजान अत्यन्त सम्वेदनशील रहिआएको छ। संवैधानिक अधिकारको हनन हुन नदिने र मानवअधिकारको संरक्षण गर्ने जस्तो उच्चतम आदर्शको कहिले पनि उपेक्षा हुन नदिन सरकार प्रतिवद्ध रहेको छ। सरकारी पक्षबाट कसैको आधारभूत एवं मौलिक स्वतन्त्रता अवरुद्ध हुने गरी कुनै काम कारबाही हुन नदिन श्री ५ को सरकार सजग छ।

गोपेन्द्रबहादुर पाण्डे
प्रवक्ता

४.३ परराष्ट्र मन्त्रालय

(संयुक्त राष्ट्र संघ महाशाखा)

नेपालको मानवअधिकार स्थितिबारे

नेपालमा मानवअधिकारको अवस्था, मानवअधिकारको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनप्रतिको श्री ५ को सरकारको प्रतिबद्धता एवं विद्यमान संवैधानिक एवं कानूनी प्रावधानहरूबारे अनौपचारिक क्षेत्र सेवा केन्द्रलाई अवगत नै छ।

नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनामा नै मानवअधिकारप्रतिको प्रतिबद्धता व्यक्त गरिएको छ भने संविधानको भाग ३ मा समस्त मानवअधिकार र मौलिक स्वतन्त्रताको प्रत्याभूति गरिएको छ।

यसरी देशको मूल कानूनमा व्यवस्था गरिएका अधिकारहरूको पूर्ण प्रचलन र प्रत्याभूतिका लागि आवश्यक ऐन कानूनहरूको तर्जुमा र लागू गर्ने कार्य भइरहेको छ। मानवअधिकार आयोग ऐन २०५३, यातना सम्बन्धमा क्षतिपूर्ति ऐन २०५३ र मुलुकी ऐनका सम्बन्धित प्रावधानहरूमा आवश्यक संशोधन, परिमार्जन र समायोजन कार्य पनि भएका छन्। श्री ५ को सरकारले निकट भविष्यमा मानवअधिकार आयोगको गठन गर्ने भएको र मानवअधिकार सम्बन्धी कार्य योजना शीघ्र तयार गर्नेतर्फ आवश्यक कारवाही भइरहेको व्यहोरा पनि अवगत गराउन चाहन्छु।

नेपालले मानवअधिकार संरक्षण सम्बन्धमा आफ्नो प्रतिबद्धता अन्तर्राष्ट्रियस्तरमा पनि स्पष्टसँग देखाएको छ। मानवअधिकारसम्बन्धी १६ वटा दस्तावेजहरूलाई अनुमोदन वा सम्मिलन गरी पक्ष हुनुबाट नेपालको यसप्रतिको व्यवहारिक दृष्टिकोण छर्लङ्ग हुन्छ। श्री ५ को सरकार जनताका मौलिक स्वतन्त्रता एवं हकहरू उपभोग एवं प्रचलनमा सदा सजग रहिआएको छ र कुनै पनि प्रकारले कुनै नागरिकले यस्ता हकबाट बन्चित हुन नपरोस् भन्नेतर्फ पूर्णरूपमा सजग रहेको छ।

विगत ५ वर्षदेखि चलिरहेको तथाकथित माओवादी जनयुद्धका कारण अहिलेसम्म आतंककारी, सर्वसाधारण जनता र प्रहरी कर्मचारीसमेत गरी ११४३ जनाको ज्यान व्यर्थमा जानु हामी सबैका लागि अति नै दुःखको विषय भएको छ। जनताको जीउधनको संरक्षण गर्नु, देशको सर्वाङ्गीण विकासको माध्यमबाट जनताको जीवनस्तर उकास्न भरमग्दुर प्रयास गर्नु सरकारको कर्तव्य हो। साथै, संविधान र नियम कानूनले प्रत्याभूति गरेका जनताको मानवअधिकार र मौलिक हकहरूको संरक्षण गर्नु पनि सरकारको दायित्व हो। श्री ५ को सरकार यी कर्तव्य एवं दायित्वप्रति सधैं सचेत र प्रतिवद्ध छ।

साथै नेपालको सीमित स्रोत र साधनसमेतलाई समष्टिरूपमा दृष्टिगत गरी अन्तर्राष्ट्रिय समुदायले नेपालको मानवअधिकारप्रतिको धारणा र व्यवहार व्यावहारिक एवं वस्तुगतरूपमा चित्रण गर्नसमेत नेपालले आव्हान गर्दैआएको व्यहोरा अवगत गराउन चाहन्छु।

श्यामानन्द सुमन
सहसचिव

४.४ कानून तथा न्याय मन्त्रालय

सन् १९९९ मा मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्ने सम्बन्धमा कानून तथा न्याय मन्त्रालयको प्रयासमा भए/गरेका कार्यहरुबारे संक्षिप्त जानकारी

मानवअधिकारको संरक्षण एवं सम्वर्द्धन गर्ने कार्यमा यस मन्त्रालयले विभिन्न प्रकारको आफ्नो भूमिका निर्वाह गरिआएको छ। श्री ५ को सरकारका सम्वद्ध मन्त्रालय एवं निकायहरुबाट यस दिशामा संचालित विभिन्न कार्यक्रमहरूमा यस मन्त्रालयको भूमिका सहयोगीको रूपमा समेत रहेको छ। हाम्रो संविधान एवं कानुनी व्यवस्थाले मानवअधिकारको सुनिश्चितता प्रदान गरेको छ। यस अर्थमा मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्ने कार्यमा कुनै कानूनी अड्चन वा व्यवधान देखिँदैन। देशको संविधान, कानूनले संरक्षण गरेका यस्ता मानवअधिकारको उपभोग, कार्यान्वयन गर्न सम्पूर्ण सरकारी तथा गैरसरकारी निकायको साथै प्रत्येक व्यक्तिको महत्वपूर्ण भूमिका रहेको हुन्छ। यस मन्त्रालयबाट विगत १९९९ को वर्षमा सम्पन्न भएका केही महत्वपूर्ण कुराहरू निम्नानुसार रहेका छन्:

१. नेपाल अधिराज्यको संविधान, २०४७ ले मृत्युदण्डको सजाय हुने गरी कानून नबनाइने व्यवस्था गरेअनुरुप सैनिक ऐन २०१६, कारागार ऐन २०१९, मुलुकी ऐन २०२०, राज्यविरुद्धको अपराध र सजाय ऐन २०४७ र न्याय प्रशासन ऐन २०४८ मा रहेका मृत्युदण्डको सजाय गरिनेसम्बन्धी व्यवस्थाहरूलाई हटाउन "दण्ड सजायसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक २०५५" संसदबाट पारित भै २०५६/१/१६ देखि उक्त ऐन लागू भइसकेको छ।

२. मानवअधिकारको संरक्षण र सम्वर्द्धनको क्षेत्रमा उल्लेखनीय कार्य गर्ने स्वदेशी वा विदेशी व्यक्ति वा संस्थालाई प्रत्येक वर्ष प्रदान गर्ने गरी स्थापना गरिएको मानवअधिकार पुरस्कारको अक्षय कोषमा मानवअधिकार वर्ष सन् १९९८, राष्ट्रिय समिति नेपालको तर्फबाट प्रदान गरिएको एक लाख रूपैयाँ र श्री ५ को सरकारबाट प्रदान गरिएको दश लाख रूपैयाँसमेत गरी एघार लाख रूपैयाँ मानवअधिकार पुरस्कार अक्षय कोषमा जम्मा गरिएको छ।

३. महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि १९७९ को प्रारम्भिक प्रतिवेदन जुन १९९९ मा यस मन्त्रालयका तत्कालीन सचिवको संयोजकत्वमा गएको प्रतिनिधि मण्डलको संयुक्त राष्ट्र संघको सम्वन्धित समितिमा प्रस्तुत गरेको थियो।

४. नेपाल अधिराज्यको संविधान एवं महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको भावनाअनुरूप लैङ्गिक विभेद अन्त्य गर्ने उद्देश्यसहित मुलुकी ऐनको एघारौं संशोधन विधेयक संसदमा प्रस्तुत गरिएको छ।

कोशलचन्द्र सुवेदी, शाखा अधिकृत

४.५ श्रम मन्त्रालय

मानवअधिकारसम्बन्धी श्रम मन्त्रालयको अवधारणा

श्रम मन्त्रालय सदैव श्रमिक वर्गको हक हित रक्षा गरी उनीहरूलाई देशको आर्थिक, सामाजिक विकास कार्यमा योगदान दिलाउन सदैव तत्पर रहँदै आएको छ। यसै पृष्ठभूमिमा राष्ट्रिय श्रमनीति २०५६ प्रारम्भ भै सकेको छ। कृषि क्षेत्रमा कार्यरत कामदारहरुको वेतन व्यवस्थित गर्न हालै श्रम मन्त्रालयबाट कृषि क्षेत्रमा कार्यरत कामदारहरूका लागि न्यूनतम पारिश्रमिक दर निर्धारण गरेको छ।

श्रम ऐन २०४८ र सो को नियमावली २०४९ ले श्रमिक वर्गको हक हित तथा अधिकारलाई सुरक्षित गरेको छ। ट्रेड युनियन ऐन तथा सो ऐनको नियमावली २०४९ द्वारा कामदारहरूको हक हित संरक्षण गर्न संघ गठन गर्ने अधिकार प्रदान गरेको छ।

नेपाल अन्तर्राष्ट्रिय संगठनको सदस्य राष्ट्र सन् १९६६ मा भएपश्चात् उक्त संगठनको मुख्य मानवअधिकार सम्बन्धी ८ वटा महासन्धिहरू मध्ये नेपालले हालसम्म ४ वटा महासन्धिहरू जस्तै : Rights to Organise and Collective Bargaining (Convention No. 98), Equal Remuneration (Convention No. 1000), Discrimination (Employment and Occupation) (Convention No. 111), Minimum Age (Convention No. 198) लाई अनुमोदन गरिसकेको छ। र, बाँकी ४ वटा महासन्धिहरूमध्ये कम्तीमा २ वटा महासन्धिहरू जस्तै : Forced Labour Convention No. 106 / Elimination of the Worst form of Child Labour Convention No. 182 लाई अनुमोदन गर्ने तर्फ कार्वाही भैरहेको छ। श्रम मन्त्रालय मानव कल्याण र आधारभूत मानवअधिकारको संरक्षण तथा सम्वर्द्धनमा विगत वर्षहरूदेखि नै सक्रिय कार्य गर्दै आइरहेको तथ्य पनि सामु छ। श्रमसम्बन्धी ऐन कानूनहरू श्रम ऐन र नियमहरू, ट्रेड यूनियन ऐन, बोनस ऐन तथा औद्योगिक प्रशिक्षार्थी ऐन पनि यस उद्देश्य प्राप्त गर्नेतर्फ अग्रसर भएको पाइन्छ। बालश्रम उन्मूलनका लागि हालै चालू अधिवेशनबाट बालश्रम (निषेध तथा नियमित) गर्ने विधेयक पारित भैसकेको छ। यस विधेयकले अति विकृत रूपमा बालश्रम (Worst Form of Child Labour) लाई उन्मूलन गर्नेतर्फ केन्द्रित रहेको छ।

बेरोजगारीको समस्यालाई समाधान गर्न रोजगारको वृद्धि, आय वितरण प्रणालीमा सुधार, आय आर्जन कार्यलाई वृद्धि गर्ने र अदक्ष जनशक्तिलाई उपयुक्त सीप उपलब्ध गराई विकास कार्यमा सहभागी बनाउने कार्यतर्फ पनि श्रम मन्त्रालयले अंगाल्दै आएको छ। हालसालै देशमा विद्यमान विकराल युवा बेरोजगारको समस्या समाधान गर्न युवा स्वरोजगार कार्यक्रम प्रारम्भ गरिसकेको छ।

४.६ प्रतिनिधिसभा परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समिति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले विगत वर्षहरूमा जस्तै यो वर्ष पनि मुलुकको मानवअधिकारको स्थिति, देखा परेका समस्याहरू र वर्ष १९९९ भरि भएका मानवअधिकारको उल्लंघनका घटनाहरूलाई संकलित गरेर "मानवअधिकार वर्ष पुस्तक २०००" प्रकाशित गर्न लागेकोमा प्रतिनिधिसभा परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समितिको तर्फबाट खुसी व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछौं।

मानवअधिकार वर्ष पुस्तक प्रकाशन गरेर इन्सेकले हाम्रो देशको मानवअधिकार स्थिति, त्यसका सामु रहेका चुनौतीबारे आम जनतालाई सुसूचित गर्न ठूलो भूमिका खेल्दै आएको छ। मानवअधिकारको क्षेत्रमा इन्सेकलगायत् सबै मानवअधिकारवादी संघ संस्थाहरूसँग सहकार्य गर्न प्रतिनिधिसभा परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समिति तत्पर रहेको कुरा पनि व्यक्त गर्न चाहन्छु।

वास्तवमा १९९९ पनि मानवअधिकारको दृष्टिले हाम्रो मुलुकको निम्ति सुखद आशाजनक र सकारात्मक रहन सकेन। विसौं शताब्दीले छोडेर गएका मानवअधिकार उल्लंघनका श्रृंखलाहरू, भयावह गरिवी र त्यसले उब्जाएका त्रासदिहरू, महिला, उत्पीडित जाति र समाजका उपेक्षीत वर्गका दयनीय अवस्थालाई लिएर हिंड्नु परेको तितो यथार्थ हाम्रो सामु छ। यो वर्ष मुलुकमा प्रजातन्त्र स्थापनाका दशौं वर्ष प्रवेशको अवधि पनि थियो तर २०४६ सालको ऐतिहासिक जनआन्दोलन, त्यसका भावनाहरू र नेपाल अधिराज्यको संविधान २०४७ को मर्म अनुरूप राज्य संचालन हुन नसकेको मात्र होइन, संविधानले परिकल्पना गरेको लोक कल्याणकारी राज्यको आदर्श हामीबाट झन् झन् टाढा पुगेको हो कि भन्ने अनुभूति सबैलाई हुन थालेको छ। मुलुकको दयनीय अवस्थाबाट निराश बनेको एउटा समूहको बल प्रयोगद्वारा नै सबै समस्याको समाधान खोज्ने उग्र क्रियाकलाप र त्यसलाई नियन्त्रण गर्ने नाममा राज्यबाट भएका अमर्यादित, गैरकानूनी र असंयमित बल प्रयोगले यो वर्ष पनि सयौं सर्वसाधारण जनता र सुरक्षाकर्मीको ज्यान गुम्न पुगेको छ र मुलुकका कतिपय भूभागमा त सरकारको उपस्थिति नै नरहने स्थिति देखा परेको छ। अपहरण गरिएका, हिरासतबाटै बेपत्ता पारिने, हिरासतमा बर्बर यातना दिने जस्ता अमानवीय क्रियाकलाप राज्य र उग्रवादी समूह दुवैबाट निरन्तर बढीरहेका छन् र प्रतिशोधको कारण गाउँका गाउँ आगो लगाएर सखाप पार्ने जस्ता घटना पनि घटेका छन्।

आतंकको दोहोरो मारमा परेका सबै साधारण जनता आफ्नै मुलुकमा शरणार्थी बन्न विवश भएका छन्। सबै जसो राजनीतिक दलहरू, मानवअधिकारवादी संघ, संस्थाहरू, सिङ्गो राष्ट्र नै एकै स्वरमा मानवअधिकार आयोग बनाउने माग गर्दा पनि त्यो माग अद्यावधी पूरा हुन सकेको छैन। चेलीबेटी बेचविखन, बलात्कार, जातीय उत्पीडन जस्ता नकारात्मक घटनाहरू पनि कम हुन सकेका छैनन्।

यसरी हेर्दा वर्ष १९९९ पनि हाम्रो निम्ति मानवअधिकारका दृष्टिले फलदायी हुन सकेन। यसले हामी सबैलाई गम्भीर बनाउने पर्दछ र सबैले आ-आफ्नो ठाउँबाट भूमिका खेल्नै पर्दछ। यस सन्दर्भमा हाम्रो परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समितिले समितिको तर्फबाट पनि हामीले यो वर्ष मानवअधिकारको क्षेत्रमा केही कामको शुरुवात र निर्णयहरू गरेका छौं। यद्यपि समितिको गठन धेरै ढिलो हुन सक्यो। तर यो साढे तीन महिनाको अवधि भित्र हाम्रो समितिको ०५६/१०/६ को बैठकको निर्णयअनुसार श्री ५ को सरकारलाई मानवअधिकार आयोग अविलम्ब गठन गर्न ध्यान आकर्षण गऱ्यो। त्यस्तै ०५६/१०/२५ गते बसेको बैठकबाट मानवअधिकार सूचना केन्द्र स्थापना गर्नुपर्ने निर्णय गरेको छ। यसैगरी मानवअधिकारको सवालमा विभिन्न मानवअधिकारवादी संघ, संस्थाका बीच समितिकै कार्यकक्षमा "नेपालमा मानवअधिकारको वर्तमान स्थितिका सन्दर्भमा माओवादी समस्या र मानवअधिकार रक्षाको प्रश्न" विषयक एक अन्तरक्रिया कार्यक्रम भएको थियो।

२०५६/११/१९ को बैठकबाट रूकुम, अछाम जिल्लाहरूका घटना र मानवअधिकारको वर्तमान स्थितिको सन्दर्भमा विस्तृत अध्ययन गर्न, प्रतिवेदन पेश गर्न माननीय नवराज सुवेदीको संयोजकत्वमा, मा. पशुपति चौलागाईं, मा. शिवप्रसाद हुमागाईं, मा. नारायणमान विजुक्छें र मा. गोविन्दविक्रम शाहको एक उपसमिति समेत गठन गरिसकेको छ।

अन्तमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बाट प्रकाशित हुन लागेको मानवअधिकार वर्ष पुस्तक प्रकाशनको निरन्तरतासहित सफलताको शुभकामना।

सोमप्रसाद पाण्डेय
सभापति
परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समिति

४.७ प्रहरी प्रधान कार्यालय

मानवअधिकार सम्बन्धमा नेपाल प्रहरीको धारणा

मानवअधिकार सम्बन्धमा जारी भएको विश्वव्यापी घोषणापत्र तथा सम्बन्धित कैयन् अनुबन्धहरूसमेतले मानवअधिकारको विविध क्षेत्रको सम्बन्धमा स्पष्ट पारेकै छन्। नेपाल अधिराज्यको संविधान २०४७ लगायत्का ऐन कानूनमा भएको व्यवस्थाले व्यक्तिका मानवअधिकारको प्रत्याभूति दिएका छन्। हरेक नागरिकका यिनै मानवअधिकारको संरक्षण गरी समाजमा शान्ति सुरक्षा कायम गर्न प्रहरी संगठन सदा दृढ छ। मानवअधिकारप्रति सम्मान गर्दै आफ्ना सम्पूर्ण सदस्यहरूलाई बढीभन्दा बढी व्यवसायिक ज्ञान दिलाएर प्रहरीको तल्लो तहदेखि नै मानवअधिकारको विविध पक्षबारे प्रशिक्षण दिएर वर्तमान अवधारणाहरूबारेमा ज्ञान दिलाउने काम पनि विगत धेरै वर्षअघिदेखि नै संचालित भएका छन्। प्रहरीको कर्तव्यपालनबाट कोही कसैको मानवअधिकार हनन नहोस् र सबैका अधिकार संरक्षित होउन् तथा कानून राज्यको स्थापना होस् भन्ने चाहना र दृढ अठोट हामीले लिएका छौं।

यदाकदा प्रहरी संगठनमाथि मानवअधिकार उल्लंघन भयो भन्ने आक्षेप आउने गरेकोमा यस्ता विषयमा गम्भीर छानबिन गर्ने र दोषीउपर कारवाही गर्ने प्रभावकारी एवं पारदर्शी परिपाटी प्रहरी संगठनबाट अपनाइएको छ। मानवअधिकारको कुरा गर्दा जनताको शान्तिपूर्वक बाँच्न पाउने अधिकारलाई संरक्षण गर्नका लागि प्रहरीले ज्यानको पर्वाह नगरवी कर्तव्यपालनमा अगाडि बढेको तथ्य वर्तमान घटनाक्रमबाट छर्लङ्ग छ।

मानवअधिकार सबैको सरोकारको विषय हो। तसर्थ यसको संरक्षण र सम्वर्द्धनमा समाजका हरेक तहबाट उत्तिकै जिम्मेवारीपूर्ण भूमिका निर्वाह हुनुपर्दछ। यो वर्ष पुस्तकको प्रकाशनले मानवअधिकारप्रतिको जनचासोलाई अझै सुस्पष्ट दिशामा अगाडि बढ्न मद्दत पुऱ्याउनेछ भन्ने विश्वास लिँदै प्रकाशनको सफलताको शुभकामना दिन चाहन्छु।

अच्युतकृष्ण खरेल
प्रहरी महानिरिक्षक

अनुसूची ५

क्रिया/प्रतिक्रिया

मानवअधिकार जन्मसिद्ध अधिकार हो, मानवलाई मानव भएर बाँच्न दिनु नै मानवअधिकारको आधारभूत सिद्धान्त हो। नारी र पुरूष, धनी र गरीबबीच कुनै भेदभाव नगरी सबैले काम गरेमा मात्र मानवअधिकारको रक्षा हुनेछ। नेपाल अधिराज्यको संविधान २०४७ ले मानवअधिकारलाई सर्वोपरी स्थान दिएको छ तर हामी मानवअधिकार उल्लंघन भएका धेरै घटना पढ्ने र सुन्ने गर्दछौं। नेपालका कतिपय ठाउँका जनताको बाँच्न पाउने अधिकारमाथि माओवादी र प्रहरी दुवैबाट ज्यादती भएको छ।

– **ओमभक्त श्रेष्ठ**, *पूर्व प्रधानन्यायाधीश।*
(०५५ चैत २७ गते मानवअधिकार वर्ष पुस्तक १९९९ को विमोचनका अवसरमा प्रमुख अतिथिको रूपमा मन्तव्य व्यक्त गर्दै)

मानवअधिकारवादी संस्था इन्सेकले विगत लामो समयदेखि मानवअधिकार चेतनाको प्रचारप्रसार र पहरेदारी गर्दै अत्यन्त उल्लेखनीय काम गर्दै आएको छ। हालसम्म प्रकाशित मानवअधिकार वर्ष पुस्तकका ग्रन्थहरूले यस संस्थाको गरिमा उच्च राखेका छन्।

– **कपिल श्रेष्ठ**, *अध्यक्ष, नेपाल मानवअधिकार संगठन।*
(०५५ चैत २७ गते मानवअधिकार वर्ष पुस्तक १९९९ को विमोचनका अवसरमा मन्तव्य व्यक्त गर्दै)

आज राजनीतिक, सामाजिक, नागरिक र आर्थिक अधिकारमाथि प्रहार भएको समाचार पढ्न र सुन्नुपर्दा मानवअधिकारको स्थिति खस्कँदै गएको महसूस हुन्छ।

– **दुर्गा घिमिरे**, *अध्यक्ष, एबीसी नेपाल।*
(०५५ चैत २७ गते मानवअधिकार वर्ष पुस्तक १९९९ को विमोचनका अवसरमा मन्तव्य व्यक्त गर्दै)

२०१७ सालदेखिका चर्चित भ्रष्टाचारका नमूनाहरू समावेश गरिएको सो पुस्तकमा नेपालमा राजनीतिक भ्रष्टाचारलाई वर्षको उल्लेख्य घटना र राजनीतिक पार्टीहरूको गठन र विघटनलाई सो वर्षको प्रमुख घटनाको रूपमा चित्रण गरिएको छ। ४ सय ९८ पृष्ठको सो पुस्तकमा नेपालमा धेरै अगाडिदेखि भ्रष्टाचारका घटनाहरू देखा पर्दै आएको उल्लेख गर्दै भनिएको छ – लोटा बोकेर भारतबाट नेपाल भित्रिएको एउटा मारवाडी १० वर्षमै नेपालको अर्थतन्त्रलाई प्रभावित गर्ने व्यापारी र उद्योगपति बन्न पुगेको छ। मासिक २ हजार तलब पाउने खरिदार भन्सारमा नियुक्त भयो भने १ वर्षमै काठमाण्डौमा महंगो घर जग्गा जोड्न सफल भएको पाइएको छ।

– **आजको समाचारपत्र दैनिक**, *(०५५ चैत २८ गते)*



हजुरबुबा, प्रहरी र शिक्षकजस्ता व्यक्तिहरूबाट गरिने बलात्कारमा वृद्धि भएको कुरा वर्ष पुस्तकमा उल्लेख गरिएको छ। त्यस्तै प्रहरीहरू पनि मानवअधिकार उल्लंघनको घटनाबाट पीडित भएको कुरा वर्ष पुस्तकमा उल्लेख गरिएको छ।

– **हिमालय टाइम्स दैनिक** *(०५५ चैत २८ गते)*

इन्सेकले भूमिगत नेपाल कम्यूनिष्ट पार्टी (माओवादी) र राज्यपक्षबाट गत वर्ष ८ सयभन्दा बढी नागरिकको ज्यान गएको जनाएको छ। कसैको कुरकुच्चा काटिदिने, कसैको हातमात्र र कसैको खुट्टामात्र काटिदिने जस्ता विभत्स घटना यसवर्ष माओवादी प्रभावित जिल्लामा देखा परेको कुरा उल्लेख गरेको छ।

– **कान्तिपुर दैनिक** *(०५५ चैत २८ गते)*

इतिहासमै सम्भवतः सबैभन्दा बढी मानवअधिकार उल्लंघनका घटनाहरू घटेका तथ्यहरू अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९९ मा जनाइएको छ। सरकार र माओवादी जनयुद्धका कारण यसपटक हत्या बढेको पाइयो भने व्यक्तिगत तवरबाट गरिने हत्याका घटना पनि यस वर्ष बढी भए।

– **छलफल साप्ताहिक** *(०५५ चैत २८ गते आइतबार)*

नेपालको इतिहासमा नै गत वर्ष गोलीद्वारा धेरै मान्छे मारिएको पहिलो वर्ष हो। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा शनिवार सार्वजनिक गरिएको मानवअधिकार वर्ष पुस्तक १९९९ मा सो कुरा जनाइएको छ। देशभरि रहेका ७३ वटा जेलहरूमध्ये अघिल्लो वर्ष ९० प्रतिशत जेलहरू जीर्ण अवस्थामा रहेकोमा यो वर्ष पनि निर्माण सुधार हुन नसकेको जनाइएको छ।

– **जनएकता साप्ताहिक** *(०५५ चैत २९ गते सोमबार)*

माओवादी तर्फबाट ४ जना महिलाको हत्या भएको भनी वर्ष पुस्तकमा प्रकाशित गरिए तापनि त्यस अवधिमा माओवादीहरूले महिलाको हत्या गरेको कुरालाई आधिकारिकरूपमा बताएका छैनन्। जे होस् मानवअधिकार वर्ष पुस्तकमा समावेश भएको तथ्यांक यही हो। जसलाई छलछाम गर्न आवश्यक छैन। पुस्तक पढ्नेहरू सबैले जान्ने–बुझ्ने यथार्थता यही हो।

– **जनादेश साप्ताहिक** *(०५५ चैत ३० गते मंगलबार)*

मानवअधिकार वर्ष पुस्तक भन्छ ...

मानव अधिकार वर्ष पुस्तक १९९९ विमोचि

मानवअधिकार उल्लंघनबाट सात हजार आठ सय

आठसय मारिए, करोडौं भ्रष्टाचार

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९९ मा सन् १९९८ को वर्ष नेपालको इतिहासमै सबैभन्दा बढी व्यक्ति गोलीद्वारा मारिने वर्षको रूपमा रह्यो भनिएको छ। वर्ष पुस्तकका अनुसार, सरकार र माओवादी जनयुद्धका कारण यो तीव्र रूपमा बढेको पाइयो भने व्यक्तिगत तवरबाट गरिने हत्याका घटना पनि यस वर्ष बढी भए। देश हत्या र आतंकको भुमरीमा फसेको छ, राज्य संचालकहरू शान्ति सुरक्षा कायम गर्न असफल भएका मात्र छैनन्, माओवादी जनयुद्ध दबाउने नाममा हत्या र आतंकको श्रृंखला बढाइरहेका छन्। गैर राज्य र संगठित समूहबाट पनि मानवअधिकार ज्यादतिमा तीव्रता आएको छ।

– **समकालीन साप्ताहिक** *(०५६ वैशाख २ गते बिहीबार)*

यातना र गिरफ्तारीसँग सम्बन्धित घटनाहरू प्रशस्त उल्लेख छैनन्। स्वस्थरूपले जीउन पाउने अधिकारको पक्षमा आवाज उठेको छैन। साथै पश्चिमी छाडा संस्कृतिको विपक्षमा वर्ष पुस्तक बोलेको छैन। वर्ष पुस्तकको प्रतिवेदनमा घटनाहरूको फलोअप भएको देखिँदैन। केही कुराहरूको कमीका बाबजुद पनि मानवअधिकार वर्ष पुस्तकले सकारात्मक भूमिका र सन्देश छोड्न सफल भएको छ।

– **अधिवक्ता केवलबहादुर भण्डारी**, *झापा।*
(०५६ पुस २३ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट)

प्रस्तुत पुस्तकले नेपालको मानवअधिकारसम्बन्धी समग्र पक्षहरूलाई समेट्न सफल भएको छ। पुस्तकलाई शुरुदेखि अन्त्यसम्म हेर्दा छपाईमा केही त्रुटिहरू देखिन्छन्। जस्तो अनुसूची ६ पछि ७ हुनुपर्नेमा ८ र अनुसूची १२ पछि १३ हुनुपर्नेमा अनुसूची ११ उल्लेख्व छ। पुस्तकको उपयोगिताअनुसार बढी प्रति प्रकाशन भए राम्रो हुने थियो। पुस्तकको कतिपय स्थानमा सन्दर्भ सामाग्रीसहित उल्लेख्व भएको छ भने कतिपय स्थानमा उल्लेख्व छैन। फुटनोटको अभावले पाठकलाई रूचि भएको विषयमा थप जानकारी लिन कठिनाई तथा पुस्तकको विश्वसनीयताप्रति शंका गर्ने ठाउँ छाडिदिएको छ। समग्रमा समीक्षा गर्दा प्रस्तुत पुस्तक नेपालको मानवअधिकारका विभिन्न पक्षहरूलाई आफूमा समेट्न सफल भएको छ। प्रस्तुत पुस्तकले नेपालको समग्र स्थितिको ऐनाको काम गरेको छ।

– **अधिवक्ता डि.एन. पराजुली**, *स.प्रा., म.र.ब. क्याम्पस, इलाम।*
(०५६ पुस ५ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट)

मानवका अधिकारहरूको पूर्ण वहालीका लागि संघर्षरत इन्सेक र मानवअधिकारप्रेमी कार्यकर्ताहरू तथा इन्सेक प्रतिनिधिहरूको साह्रै ठूलो मेहनत, परिश्रम र खर्च लगाएर तयार पारिएको मानवअधिकार वर्ष पुस्तकमा राज्यका तीन महत्वपूर्ण अंगहरू, राजनीतिक भ्रष्टाचार, राजनीतिक पार्टीहरूको स्थापना, गठन र विघटन, माओवादी र सरकार, बालबालिका, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारलगायत् देशको समग्र क्षेत्रलाई समेट्ने गरी प्रस्तुत गरिएको छ। वर्ष पुस्तक १९९९ सराहना योग्य भएको कुरालाई स्वीकार्नै पर्दछ।

– **हेमप्रताप सेन**, *कानून अधिकृत, जिल्ला अदालत, पाँचथर।*
(०५६ पुस १२ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट)



समिक्षा गोष्ठी : मोरङ

वर्षको उल्लेख्य "राजनीतिक भ्रष्टाचार" ज्यादै समसामयिक छ तर यति गरेपछि नाम खुलाउनैपर्ने भ्रष्टाचारीहरूको नाम लुकाउन खोज्नु राम्रो भएन। राजनीतिक दलहरूको विभाजनलाई वर्षको उल्लेख्य घटना ठम्याउनु एक

अर्थमा ठीकै भए पनि दलहरूको इतिहास खोतल्नमा फस्नु हुँदैनथ्यो। समग्रमा यो वर्ष पुस्तक घोषणापत्रको ५० औं वर्षगाँठको धङ्धङ्केमा रूमलिए जस्तो लाग्छ। लेखनशैली क्लिष्ट र भद्दा हुनु यसको अर्को कमजोरी हो। कतिपय कमीकमजोरीहरूका बावजुद पनि इन्सेकले मानवअधिकार वर्ष पुस्तक प्रकाशनको काममा निरन्तरता दिइरहेको छ, यो प्रशंसनीय कुरा हो।

– **यज्ञप्रसाद शर्मा**, *सहायक प्राध्यापक तथा पत्रकार, मोरङ्।*
(०५६ पुस ३० गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट)

वर्ष पुस्तक ज्यादै आकर्षक र उपयोगी छ। यसलाई सबैले सजिलैसँग उपलब्ध हुने व्यवस्था भएमा समाजका हरेक क्षेत्रमा कार्यरत व्यक्ति र संघ/संस्थालाई सन्दर्भ सामाग्रीको रूपमा समेत उपयोगी हुनेछ।

– **नवराज उपाध्याय**, *स्थानीय विकास अधिकारी, सुनसरी।*

समग्रमा भन्दा मानवअधिकारको सम्बन्धमा सामान्य जिज्ञासुदेखि लिएर सो सम्बन्धमा गहन अध्ययन गर्ने नागरिकहरू, सरकार सबैका लागि उत्तिकै उपयुक्त हुने गरी प्रस्तुत गरिनु यो पुस्तकको सबल पक्ष हो। यति धेरै विषयवस्तुहरू समेटेर यति ठूलो आकारमा देशभरका मानवअधिकार हननका घटनाहरूलाई समेट्नुपर्दा केही कमी–कमजोरीहरू देखिनु अस्वाभाविक हैन।

– **पुण्यप्रसाद पाठक**, *धनकुटा।*
(मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट)

समग्रमा भन्ने हो भने आफ्नो प्रथम प्रकाशनको रूपलाई क्रमशः परिस्कृत गर्दै आएको सन्दर्भमा मानवअधिकार वर्ष पुस्तक १९९९ ले नेपालको मानवअधिकारको क्षेत्रमा एउटा मात्र दऱ्हो ऐतिहासिक दस्तावेजको रूपमा आफूलाई उभ्याउन सफल भएको छ। कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको मानवअधिकारसम्बन्धी दायित्व, राजनीतिक भ्रष्टाचार, माओवादी र प्रहरीबीचको द्वन्द्वमा सर्वसाधारण जनतामा परेको नकारात्मक असरलाई सटिक ढंगले चित्रण गर्न वर्ष पुस्तक सफल भएको छ।

– **अधिवक्ता सुजितकुमार पोखरेल**, *सप्तरी।*
(०५६ असोज १२ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट)

मानवअधिकार वर्ष पुस्तक १९९९ ज्ञानवर्धक छ। यस पुस्तकले मानवअधिकार आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। यो पुस्तकका विषयवस्तुलाई गाउँ गाउँमा कक्षाको

समिक्षा गोष्ठी : सुनसरी

रूपमा जनतालाई जानकारी गराउनुपर्ने नितान्त आवश्यक ठानेको छु।

– **अधिवक्ता जीवन उपाध्याय**, *सिराहा।*
(०५६ मंसिर १ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट)

वर्ष पुस्तक १९९९ को पृष्ठ २१२ को जिल्ला प्रशासन कार्यालयमा ग्रिनेट फ्याँकिएको घटनालाई ज्यानमार्ने धम्कीको रूपमा मात्र लिएको देखियो। मेरो विचारमा उक्त घटना ज्यान मार्ने धम्की मात्र नभई प्र.जि.अ. को ज्यान मार्ने गम्भीर प्रयास एवं जिल्ला प्रशासन कार्यालय जस्तो महत्वपूर्ण कार्यालयलाई ध्वस्त पार्ने ठूलो असफल घटनाको रूपमा लिनुपर्ने हो।

– **देवनारायण यादव**, *प्रमुख जिल्ला अधिकारी, उदयपुर।*

वास्तवमा कुरा नचपाइ भन्नु पर्दा मानवअधिकार वर्ष पुस्तक १९९९ को सम्पूर्ण सामग्रीहरू सरसर्ति हेर्दा यो गहन खोजपूर्ण रहेको कुरामा विवाद गर्नुपर्ने कुनै कारण देखिँदैन। प्रस्तुत पुस्तकमा इन्सेकले यसअघिका आफ्ना प्रकाशित पुस्तकहरूमा भन्दा अत्याधुनिक एवं परिमार्जित ढंगबाट संकलित तथ्यहरूलाई स्नेहिताकृत गरेको छ।

– **अधिवक्ता शुकराम श्रेष्ठ**, *उदयपुर।*
(०५६ मंसिर ८ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट)

विश्व जगतको आम चासो र समस्त मानवजातिको नैसर्गिक अधिकारका रूपमा स्थापित मानवअधिकार उल्लंघनका विविध घटनाहरू यस वर्ष पुस्तकमा वर्णित छन्। यसबाट आम पाठकहरूले मानवअधिकारका बारेमा थप जानकारी प्राप्त गर्ने र मानवअधिकारको वर्तमान स्थितिका बारेमा विस्तृत ज्ञान हासिल गर्नेमा दुईमत छैन।

– **महेन्द्रप्रसाद पोखरेल**, *तहसिलदार, जिल्ला अदालत, उदयपुर।*

समिक्षा गोष्ठी : सप्तरी

मानवअधिकार वर्ष पुस्तक १९९९ मा सामान्यतः सबै पक्षलाई समेट्ने प्रयास गरिएको छ तापनि मानवअधिकारका कुरा गर्दा जनताले विकासको उपयोग समानुपातिकरूपमा गर्न पाउनुपर्छ भन्ने सम्बन्धमा किताव मौन रहेको पाएँ।

– **मोहनराज जोशी**, *प्रहरी नायव उपरीक्षक, उदयपुर।*

पुस्तकले मानवअधिकार वहालीको सवाल चुनौतीपूर्ण रहेको कुरा पनि ठहर गरेको छ। तथापि चुनौतीपूर्ण कार्यको सामना गर्न अठोट गर्दै प्रकाशन भएको यस वर्ष पुस्तकलाई पूर्ण सफल त नभनौं। यसमा केही कमी-कमजोरी अवश्य छन्।

– **अधिवक्ता मोहन कार्की**, *उदयपुर।*

वर्षभरि घटेका मानवअधिकारको उल्लंघनका घटनाहरूको संकलन र सम्पादन गर्न सक्नु निश्चय पनि सामान्य कुरा होइन। सातौं वर्षको उमेर पार गर्दा यसले आफूलाई परिस्कृत र स्वारिएको रूपमा प्रस्तुत गर्न सफल भएको छ।

– **श्याम भट्टराई,** *श्रेस्तेदार, जिल्ला अदालत, उदयपुर।*

इन्सेकको सक्रियतामा प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९९, मानवअधिकारसँग सम्वद्ध सबै क्षेत्रहरूको बारेमा विश्लेषणात्मक अभिमत दिन सक्षम देखिन्छ। मानवअधिकार जस्तो गहन, सम्वेदनशील र व्यापक क्षेत्रमा इन्सेकले जनसमक्ष प्रस्तुत गरेको मानवअधिकार वर्ष पुस्तकले सबका सबलाई सचेत, सम्वेदनशील र विनयशील बन्न जुन भाववोध गराई ऋण लगाएको छ, यसका लागि इन्सेकलाई धन्यवाद दिनै पर्छ।

– **महेन्दुकुमार खाम्याहाङ**, *प्रशिक्षक, म्याङलुङ क्याम्पस, तेह्रथुम। (०५६ असोज ३ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रवाट)*

मानवअधिकार वर्ष पुस्तक १९९९ ले नेपालमा मानवअधिकारको स्थितिबारे यथार्थ चित्रण गराएर वोधगम्य बनाएको पाइन्छ तापनि सूचना प्रवाहको कमीले हो वा अन्य कारणले, छिमेकी जिल्ला भोजपुरको फालिकोटमा ०५५ मंसिर १० गते माओवादीहरूको समूहले घर घेराउ गरी आक्रमण गर्दा घरवाला टेकबहादुर कार्कीको विभत्स हत्या भएको थियो भने सोही घटनामा माओवादीतर्फको एक जना कार्यकर्तासमेतको मृत्यु भएको थियो तर सो घटना प्रस्तुत पुस्तकमा पाइएन।

– **किरणकुमार शाक्य**, *सहप्राध्यापक, वरूण क्याम्पस, संखुवासभा। (०५६ पुस १५ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट)*

संक्षेपमा भन्नुपर्दा मानवअधिकार वर्ष पुस्तक १९९९ ले भावी पिंढीलाई देशको विगत इतिहास कोट्याउन सहयोग मिल्नेछ भने केही कमी-कमजोरीका बाबजुद पनि मानवअधिकारको इतिहासमा थप खुट्किलो भन्नु कन्जुस्याइँ नहुने देखिन्छ।

– **धनकर्ण श्रेष्ठ**, *सहायक प्राध्यापक, दिक्तेल बहुमुखी क्याम्पस, खोटाङ। (०५६ पुस ८ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट)*

मानवअधिकार वर्ष पुस्तकमा मानवअधिकारसम्बन्धी विभिन्न लेखहरूको अतिरिक्त देशका ७५ वटै जिल्लामा वर्षभरि भएका मानवअधिकारसम्बन्धी गतिविधि समेतलाई उल्लेख गर्ने प्रयास भएबाट यो पुस्तक साह्रै उपयोगी, ज्ञानवर्धक तथा सूचनामूलक भएको विश्वास गरिएको छ।

– **लव बिष्ट**, *प्रहरी नायव उपरीक्षक, खोटाङ।*

हालसम्मका प्रतिवेदनहरूको प्रस्तुतीकरणमा घटनाको यथातथ्य स्वरूपलाई प्रस्तुत गर्ने इन्सेकको कोशिश सराहनीय देखिन्छ। मानवअधिकार हननका घटनाहरूलाई समग्ररूपमा हेर्ने दृष्टिकोणतर्फ इन्सेक उन्मुख हुनुपर्छ।

– **माधवराज शर्मा**, *प्रजिअ, खोटाङ।*

मानवअधिकार वर्ष पुस्तकमा अधिराज्यभरिका मानवअधिकार उल्लंघनसम्बन्धी घटनाहरू, यस वर्षको राष्ट्रको उल्लेख्य घटना, विभिन्न कार्यालय र राजनीतिक पार्टीका क्रिया/प्रतिक्रियाहरूलगायत् महिला अधिकार, बालअधिकारसम्बन्धी कुराहरू ज्यादै सान्दर्भिक पक्ष रहेको पाइयो।

– **कर्ण घले**, *ज़ि.क.स., नेकपा (एमाले), खोटाङ।*

मानवअधिकार वर्ष पुस्तक १९९९ सरसर्ति हेर्दा पनि व्यक्तिको अधिकारको बारेमा छर्लङ्ग पार्नुका साथै ०५१ सालको मध्यावधि निर्वाचनपछि सत्ता पक्ष र विपक्षीहरूबाट खेलिएको घृणित खेल, सांसद खरीद बिक्री, भ्रष्टाचार, अनियमितता जस्ता घृणित घटनाहरूलाई राम्ररी केलाई छर्लङ्ग पारेको भएता पनि केही घटनाहरूलाई हेर्दा वा समीक्षा गर्दा मानवअधिकार वर्ष पुस्तक १९९९ अन्य सालको पुस्तक जस्तै राजनीतिक संकुचित घेराभन्दा माथि उठ्न भने सकेको जस्तो छैन। पुस्तक समग्रमा उपयोगी नै छ।

– **कालुमान गुरुङ**, *जिल्ला सचिव, नेपाली काँग्रेस, खोटाङ।*

यस वर्ष पुस्तकमा मानवअधिकारसँग प्रत्यक्ष सरोकार नभएका घटनाहरूको समेत उल्लेख गरिनुले पुस्तक भद्दा किसिमको बन्न पुगेको मैले महसूस गरेको छु। पुस्तकभित्र केही कमीकमजोरी र छिटफुट त्रुटि रहेको भएता पनि महत्वपूर्ण घटनाहरू श्रृंखलाबद्ध रहेको नेपालको मानवअधिकार उल्लंघनको दस्तावेजको रूपमा स्वीकानुपर्ने कुरामा द्विविधा नरहेको पाइन्छ।

– **अधिवक्ता टुकराज निरौला**, *जनकानूनी सेवा केन्द्र, ओखलढुङ्गा।*
(०५६ पुस ८ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट)

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९९ सरसर्ति हेर्ने मौका मिल्यो। यो पुस्तक ज्ञानबर्धक, खोजमूलक लाग्यो।

– **रामचन्द्र ढकाल**, *प्रहरी नायब उपरीक्षक, ओखलढुङ्गा।*

समष्टि मूल्यांकन गरी भन्नुपर्दा मानवअधिकारको संरक्षण तथा उल्लंघनको लागि जति नै हिस्सेदार राज्यसत्ताका ३ अंगहरूमा कार्यरत उच्च पदस्थ व्यक्तिहरू, राजनीतिक दलहरू, मौजुदा ऐन कानूनहरू, राज्यसत्ताविरूद्धका जिम्मेवार आन्दोलनकर्ता समूहहरू जति जिम्मेवार छन्, त्यति नै संस्थागत मान्यतालाई अंगिकार गरी मुकदर्शक बनेर बस्ने नेपाली जनता पनि जिम्मेवार भएको ठहर यस पुस्तकले गरेको देखिन्छ। मानवअधिकार उल्लंघनका अभिव्यक्ति स्पष्ट गर्न यो पुस्तक पूर्ण सफल देखिएको छ।

– **ईश्वरीप्रसाद रेग्मी**, *सोलुखुम्बु।*
(०५६ पुस १२ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट)

यस पुस्तकमा मानवअधिकारको सम्बन्धमा चर्चा गरिएका हरेक पक्ष अनुकरणीय एवं सराहनीय छ। समाजका विभिन्न पक्षहरूमा भएका मानवअधिकार उल्लंघनका घटनाहरूलाई गैरसरकारी श्रोतलाई ग्राह्य मानी उपलब्ध गराएर वर्ष पुस्तकमा समावेश गरिनु राम्रो हुने देखिन्छ।

– **पुष्पराज खनाल**, *नि. श्रेस्तेदार, उपसचिव जिल्ला अदालत, धनुषा।*

मानवअधिकार वर्ष पुस्तक १९९९ लाई सरसर्ति हेर्दा नेपालमा अझै मानवअधिकारको अवधारणा व्यापक भएको रहेनछ र सत्ता, सरकारमा बसेकाहरूले यसलाई प्रशासन सुरक्षाकर्मीद्वारा उल्लंघन गर्दा रहेछन् भनी प्रष्ट थाहा हुन्छ।

– **शीतल झा**, *सचिव, नेकपा (एमाले) जिल्ला कमिटी, धनुषा।*

इन्सेकले मानवअधिकार उल्लंघनको घटनाको वार्षिक दस्तावेजको रूपमा मानवअधिकार वर्ष पुस्तक प्रकाशित गरेर देशको मानवअधिकारको अवस्थाबारे जानकारी गराउनुका साथै आफ्नो क्षेत्रको काम कारवाहीको पनि समीक्षा गर्न योगदान पुऱ्याउने प्रयास गरेको छ।



समिक्षा गोष्ठी : झापा

– **ललितबहादुर थापा**, *प्रमुख जिल्ला अधिकारी , मकवानपुर।*

प्रहरी क्षेत्रको लागि इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक ज्यादै उपयोगी छ। यसको प्रकाशनले निरन्तरता पाओस्।

– **श्यामकृष्ण कर्माचार्य**, *प्रहरी उपरीक्षक, मकवानपुर।*

इन्सेकको प्रतिबद्धतालाई मानवअधिकार वर्ष पुस्तकले प्रमाणित गरेको छ। यसमा मानवअधिकारका अन्य विविध पक्षहरूको बारेमा समावेश गरिनेछ भन्ने आशा व्यक्त गर्दछु।

– **रघुनाथ खुलाल**, *सचिव, नेकपा (एमाले), मकवानपुर।*

मानवअधिकारवादी संस्थाहरूमा राजनीतिक पूर्वाग्रह बिल्कुलै हुनुहुँदैनथ्यो तर स्थापित पक्षलाई पूर्वाग्रही दृष्टिकोणले हेरेर वर्ष पुस्तक तयार पारेको आभास हुन्छ। जेसुकै भए पनि मानवअधिकारको क्षेत्रमा इन्सेकले आफ्नो श्रोत, साधन र सोचअनुसार मानवअधिकारको सचेतता जगाउन गरिरहेको प्रयास स्तुत्य छ।

– **इन्द्रबहादुर श्रेष्ठ**, *सभापति, नेपाली काँग्रेस, मकवानपुर।*

मानवअधिकार वर्ष पुस्तकले देशको मानवअधिकारको स्थितिका बारेमा जानकारी दिएको छ। यसलाई मानवअधिकार सम्बन्धी दस्तावेजको रूपमा मैले लिएको छु। यसले निरन्तरता पाओस्।

– **आनन्द कठायत**, *सचिव, राप्रपा, मकवानपुर।*

मानवअधिकार वर्ष पुस्तक १९९९ ले मानवअधिकार सम्बन्धी व्यवस्था उल्लेख गर्दै सो क्षेत्रमा राज्यका तीनै अंगबाट भएका क्रियाकलाप र मानवअधिकार उल्लंघनका घटनाहरू समेत प्रकाशन गरी सर्वसाधारण समक्ष ल्याई दिएबाट इन्सेक धन्यवादको पात्र छ।

– **सुष्मालता माथेमा**, *जिल्ला न्यायाधीश, भक्तपुर।*

समिक्षा गोष्ठी : बारा

प्रत्येक वर्ष प्रकाशित हुने मानवअधिकार पुस्तिकामा मानवअधिकार उल्लंघनका घटनाहरूको बारेमा सत्य तथ्यको संगालो प्रकाशित हुन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

– **माधवप्रसाद चालिसे**, *जिल्ला न्यायाधीश, भक्तपुर।*

नेपालको मानवअधिकार स्थितिको यथार्थ स्थितिको दिशाबोध गर्न/गराउन इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९९ ज्यादै नै गहन र महत्वपूर्ण तथा संग्रहणीय लाग्यो। मानवअधिकार हनन गर्न खोज्ने जस्तोसुकै शक्तिलाई पनि खबरदारी गर्न यस पुस्तकले ठूलो भूमिका खेलेको छ।

– **सत्यनारायण प्रजापति**, *अध्यक्ष, राष्ट्रिय जनमोर्चा, जिल्ला समिति भक्तपुर।*

झिनामसिना कमजोरीका बावजुद पुस्तक ज्यादै गहकिलो, ज्ञानवर्धक, सूचनामूलक, चेतनामूलक तथा कर्तव्यबोध गराउने खालको छ भन्दा अत्युक्ति नहोला। धरातलीय स्वरूप हेरी प्रतिनिधिलाई साधन सम्पन्न बनाउन तथा दुई वा सोभन्दा बढी प्रतिनिधि राख्ने व्यवस्था गरेमा राम्रो हुने थियो।

– **रुद्रप्रसाद धिताल**, *निजगढ, बारा।*
(०५६ पुस १२ गते कलैयामा आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट)

वर्ष पुस्तकले लुकेको अपराध र निष्पक्षविहीन अपराधका सम्बन्धमा सतहीरूपमा मात्र उल्लेख गरेको छ, जबकि यी अत्यन्त गहन विषयवस्तु हुन्। समग्रमा भन्दा वर्ष पुस्तकको प्रयास सराहनीय छ।

– **अधिवक्ता रामकृष्ण काफ्ले**, *बारा*
(०५६ पुस १२ गते कलैयामा आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट)

१९९९ को वर्ष पुस्तकले पनि सबै घटनालाई समेटी जनसमक्ष पुऱ्याइदिएर प्रशंसनीय कार्य गरेको छ। स्थानीय प्रशासनलाई मानवअधिकारप्रति सम्वेदनशील भै काम गर्न प्रेरणा प्रदान गरेको छ।

– **स्थानेश्वर देवकोटा**, *प्रजिअ, सर्लाही।*

यस वर्ष पनि अधिराज्यभरि प्रशासक, प्रहरी, सर्वसाधारण र व्यक्तिहरूबाट भएका मानवअधिकार उल्लंघनका घटनाहरू जनसमक्ष ल्याउन मद्दत गरेके छ।

– **पदमप्रसाद कोइराला**, *नासु, जिल्ला प्रशासन कार्यालय, सर्लाही।*

मानवअधिकार वर्ष पुस्तकले मानवअधिकारका सम्बन्धमा चासो राख्ने सचेत व्यक्तिहरूलगायत् अन्य जोसुकैलाई विस्तृत जानकारी प्राप्त गर्न सहयोग पुऱ्याएको तथ्यलाई दृष्टिगत गर्दा यो एउटा सराहनीय कामको रूपमा मान्न सकिन्छ।

– **गोपीचन्द्र भट्टराई**, *स. जिल्ला न्यायाधिवक्ता, सर्लाही।*

यो पुस्तक मानवअधिकार उल्लंघन गर्ने व्यक्तिहरूलाई मानवअधिकारप्रति सचेत हुनका लागि नैतिक दबाबको संगालो पनि हो। यो प्रयास निरन्तर कायम रहोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

– **केशव ढुंगाना**, *सचिव, नेकपा (एमाले), सर्लाही।*

पुस्तकले जनतालाई मानवअधिकारबारे सचेत र सजग बनाउँदै लगेको कुरा भन्दा अतिशयोक्ति नहोला। तर भएका घटना विवरणलाई छोट्याउने भन्दा घटनालाई स्पष्ट र निष्पक्ष ढंगले प्रस्तुत गर्न इन्सेकलाई सफलता मिलोस्।

– **सूर्यप्रसाद श्रेष्ठ**, *प्रहरी नायब उपरिक्षक, सर्लाही।*

राज्य तथा नागरिकद्वारा गरिएका मानवअधिकारको हनन तथा उल्लंघनसम्बन्धी बहुपक्षीय विषयवस्तुहरूको संयोजन तथा संकलन गरी वर्ष पुस्तक १९९९ प्रकाशन गरेको पाइयो।

– **सुरेन्द्रराज पराजुली**, *जिल्ला शिक्षा कार्यालय, सर्लाही।*

प्रहरी र माओवादीद्वारा गरिएका हत्याको जुन प्रसङ्ग उठाइएको छ, त्यो सहज र स्वभाविक देखिन्छ। तर घटनाहरूको जानकारी केही अपुग भएको महसूस मैले गरेको छु।

– **रमेश कार्की**, *सभापति, जिविस सिन्धुली।*

यस पुस्तकमा लेखिएको तथ्य र विश्लेषण मानवअधिकार हननका सम्बन्धमा जनसाधारणले बुझ्न सक्ने गरी प्रस्तुत गरिएको छ। कतिपय घटनामा उल्लेखित तथ्यहरू सरकारी स्तरबाट आधिकारिकरूपमा उल्लेखित तथ्यभन्दा निकै फरक छ।

– **मुकुन्दप्रसाद अधिकारी**, *नि. जिल्ला न्यायाधिवक्ता, सिन्धुली।*

मानवअधिकार वर्ष पुस्तक १९९९ ले जनता र राज्यबीचको सम्बन्धलगायत् नेपाल र नेपालीको आर्थिक, सामाजिक र राजनीतिक स्थितिको उजागर गर्दै हामी कतिसम्म कानूनको शासनको परिधिभित्र छौं भन्ने तथ्यलाई सार्वजनिक गर्ने प्रयास गरेकोमा इन्सेकप्रति आभार व्यक्त गर्दछु।

– **अधिवक्ता कुम्भलाल अधिकारी दनुवार**, *अध्यक्ष, नेपाल बार एसोसिएसन, जिल्ला अदालत इकाई, सिन्धुली।*

मानवअधिकार वर्ष पुस्तकमार्फत् ७५ जिल्लामा भैरहेको सरकारी दमन र हस्तक्षेपलाई सार्वजनिक गर्ने तथा रूढीग्रस्त सोच र परम्परालाई चिरफार गर्ने काम गरेकाले आफ्ना कमीकमजोरी केलाउँदै उत्कृष्ट विश्वसनीयता प्राप्त गर्न सकिने खालको प्रकाशन होस् भन्दै सफलताको लागि शुभकामना व्यक्त गर्दछु।

– **खड्गबहादुर खत्री**, *कार्यालय सचिव, नेकपा (एमाले), सिन्धुली।*

मानवअधिकारसम्बन्धी विभिन्न क्षेत्र र सवालहरूमा रहेका समस्याको समाधान खोज्न र जनसमक्ष प्रकाश पार्न वर्ष पुस्तक १९९९ ले केही उल्लेखनीय कार्य गरेकोमा धन्यवादको भागी भएको छ।

– **टंकमान श्रेष्ठ**, *सिन्धुली*
(०५६ मंसिर २९ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट)

मानवअधिकार वर्ष पुस्तक १९९९ को अध्ययन गर्दा सबै पक्ष नसमेटिएकाले सबै पक्षसँग सरसल्लाह र राय लिएर निकाल्दा एकपक्षीय नहुने हुँदा आगामी अंक निकाल्दा सबै पक्षलाई समेटेर तथ्य घटना निकाल्नका लागि हार्दिक अनुरोध गर्दछु।

– **रंगराज खतिवडा**, *उपसभापति, नेपाली काँग्रेस, सिन्धुली।*

कुन कुन पार्टीका कतिजना सांसदले पासपोर्ट बेचे भन्ने प्रष्ट उल्लेख गरिदिएको भए, कुन पार्टीको नेता वा कार्यकर्ता चेलिबेटी बेचबिखन कार्य वा तस्करी गर्दै गरेको अवस्थामा भेटियो भन्ने स्पष्ट लेखिदिएको भए पुस्तक अझ राम्रो देखिन्थ्यो होला।

– **रामचन्द्र वियोगी**, *अध्यक्ष, नेपाल बार एसोसिएसन, रामेछाप।*
(०५६ पुस ८ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट)

संस्थाले पचहत्तरै जिल्लाका मानवअधिकार उल्लंघनका घटनाहरूको तथ्य, व्यवस्थापिका र न्यायपालिका तथा कार्यपालिकाका वर्षभरि भएका मानवअधिकारसँग सम्बन्धित घटनालाई समेटेर वर्ष पुस्तकभित्र अटाई जनसमक्ष पुऱ्याउन सफल भएको छ। विगतका प्रकाशनभन्दा वर्ष पुस्तक १९९९ अझ परिमार्जित भएर आएको छ।

– **कमलप्रकाश सुनुवार**, *सचिव, नेकपा (एमाले) रामेछाप।*

पुस्तक मानवअधिकार आन्दोलनमा संलग्न व्यक्तिहरूका लागि मात्र नभएर समग्र नेपाली जनताले नै पढ्न योग्य छ। पुस्तक घटना विवरणमा आधारित भएता पनि एउटा अनुसन्धान ग्रन्थ बनेको छ।

– **डा. भीमराज अधिकारी**, *सहप्राध्यापक*
वीरेन्द्र बहुमुखी क्याम्पस, चितवन।
(०५६ पुस ९ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट)

समिक्षा गोष्ठी : रामेछाप

मानवअधिकारवादी संस्थाहरूले सरकारका तर्फबाट भएका घटनाहरू मात्र होइन, अन्य क्षेत्रबाट भएका हिंसात्मक घटनाबारेमा पनि उल्लेख गर्नुपर्छ। सरकारको तर्फबाट प्रत्यक्ष हनन नभएको तर आर्थिक तथा सामजिक कारणले हनन भइरहेका मानवअधिकारको बारेमा खोजी भएको देखिँदैन।

– **महानन्द दाहाल**, *स. जिल्ला सरकारी अधिवक्ता, नुवाकोट*
(०५६ मंसिर २३ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट)

मानवअधिकार वर्ष पुस्तक १९९९ ले मूलतः दुईवटा क्षेत्रलाई समेटेको भेटियो। पहिलो पक्ष आम जनतामा मुलुकको प्रजातन्त्र, त्यसको मर्म र मानवअधिकारको विषयमा हरेक क्षेत्रलाई समेटी ज्ञानको श्रोतको रूपमा यसले आफूलाई उभ्याएको छ भने अर्कोतिर व्यवहारमा जनताले मानवअधिकारको क्षेत्रमा कस्तो अवस्थाबाट गुज्रिनुपरेको छ भन्ने विषयमा ७५ वटै जिल्लामा आधिकारिक प्रतिनिधि राखी सिङ्गो मुलुकको मानवअधिकारको चित्र प्रस्तुत गरिएको छ। यस अर्थमा पनि प्रजातन्त्र र मानवअधिकारप्रति अलिकति पनि चासो राख्नेका लागि यो अत्यन्त भरपर्दो र ज्ञानवर्धक ग्रन्थको रूपमा देखिएको छ।

– **खेमप्रसाद लोहनी**, *सभापति, जिविस, धादिङ्।*

अन्धाधुन्द निर्दोष नागरिकहरूको ज्यान गोलीका पर्राले छेडिरहेका सत्तासारथिहरूलाई यस पुस्तकले "न्याउरी मारी पछुतो" पारेकै होला।

– **बोधनारायण श्रेष्ठ**, *सदस्य, जनअधिकार सरोकार अभियान जिल्ला समिति, धादिङ्।*

वर्ष पुस्तकले हामीलाई जानकारी भएअनुसार कुनै पनि घटनाक्रमहरूको प्रस्तुतिमा आग्रह वा पूर्वाग्रह नराखी घटनाक्रमलाई जनता सामु ल्याएको पाइएको छ। विभिन्न पक्ष वा क्षेत्रहरूबाट भएका मानवअधिकार उल्लंघनका घटनाहरूको

यथार्थ चित्रण मानवअधिकार वर्ष पुस्तकमार्फत् जनसमक्ष ल्याउने इन्सेकलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

– **गुरुप्रसाद वुर्लाकोटी**, *सचिव नेकपा (एमाले) जिल्ला कमिटी, धादिङ।*

समग्रमा भन्नुपर्दा वर्ष पुस्तकले मानवअधिकार वहाली गराउन, त्यससम्बन्धी चेतना जगाउन, राज्य प्रशासनलाई सजग गराएर न्यायका पक्षमा उपलब्धिमूलक कार्य गरेको देखिन्छ।

– **सुवास खतिवडा**, *अध्यक्ष, अनेरास्ववियू जिल्ला कमिटी, धादिङ।*

युद्धको नाममा भएका भिडन्तहरूमा गैर प्रजातान्त्रिक तरिकाले निम्न, निमुखा जनताको हत्याको श्रृंखला वढ्दै गइरहेको अवस्था मानवअधिकार वर्ष पुस्तकमार्फत् जनसमक्ष ल्याउने इन्सेकलाई धन्यवाद दिन चाहन्छु।

– **जेलर**, *कारागार शाखा, धादिङ।*

उल्लेखित वर्ष पुस्तकभित्रका घटनाले नेपालको मानवअधिकार स्थिति भयावह छ भनी देखाउँछ। अदालतको निर्णयप्रति समीक्षा गरिएको छ भने सांसदहरूले गरेका कुकृत्यहरू प्रष्ट छन्। समय सापेक्ष र संग्रहणीय मानवअधिकार वर्ष पुस्तकको आवरण पृष्ठ भ्रष्टाचारसँग सम्वन्धित भएकाले उपयुक्त छ।

– **रमेश अधिकारी**, *कार्यकारी निर्देशक, मानवअधिकार र विकासका लागि सामाजिक सचेतन केन्द्र (सिसाद) धादिङ।*
(०५६ पुस १ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रवाट)

मानवअधिकार उल्लंघनका घटना र अपराधका घटना दुवैलाई एउटै श्रेणीमा राखी मानवअधिकार वर्ष पुस्तकलाई अपराध वर्ष पुस्तकका रूपमा विकसित गर्नुहुन्न। व्यक्तिका अपराधिक क्रियाकलापलाई मानवअधिकारको उल्लंघनको श्रेणीमा गणना गर्न सकिन्न। सचेतकका रूपमा मानवअधिकार एवं सामाजिक न्यायको स्थापनार्थ इन्सेकले १९९२ देखि गर्दै आएको यो प्रयास निश्चय नै प्रशंसायोग्य छ र निरन्तर रहोस्।

– **गोपाल गुरागाई**, *जिल्ला न्यायाधीश, ललितपुर।*

यस वर्ष पुस्तकले न्यायपालिका, व्यवस्थापिका, कार्यपालिका, पार्टीहरूको गठन, विघटन, माओवादी क्रियाकलाप, आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार, वालअधिकार र मानवअधिकार उल्लंघनसम्बन्धी विषयलाई उजागर गर्नुका साथै सामाजिक न्यायका लागि सराहनीय भूमिका खेलेको छ।

– **जिल्ला प्रहरी कार्यालय**, *ललितपुर।*

मानवअधिकार वर्ष पुस्तक १९९९ निकै महत्वपूर्ण पुस्तकको रूपमा पाएँ। यस पुस्तकमा समावेश गरिएका विषयवस्तुहरू मानव जनजीवनका लागि अत्यावश्यक भएको महसूस गरेको छु।

– **मोहनप्रसाद अधिकारी**, *प्रहरी नायव उपरीक्षक, ललितपुर।*

हरेक साल पुस्तक परिमार्जित रूपमा प्रकाशित भइरहेको महसूस गरेको छु। समाजमा देखिएको हिंसा र विकृतिले मानवअधिकारलाई नै चुनौति दिइरहेको परिप्रेक्ष्यमा यस्तो पुस्तकको प्रकाशनले मानवअधिकारको संरक्षण, सम्वर्धन गर्न विशेष योगदान पुऱ्याउने छ। निष्पक्ष, निर्भिक र इमान्दारितालाई मूलमन्त्र ठानेर आगामी प्रकाशनले पाठ्यपुस्तककै स्थान ग्रहण गर्न सकोस् भन्ने शुभकामना।

– **खिलनाथ रेग्मी**, *जिल्ला न्यायाधिवक्ता सरकारी वकिल कार्यालय, काठमाण्डौ।*

सूचना संकलन गर्दा सम्बन्धित निकायसँग सम्पर्क राखी सही विवरण प्रकाशित गर्नुपर्ने महसूस गरेको छु।

– **प्रकाशविक्रम थापा**, *जिल्ला सरकारी वकिलको कार्यालय, रसुवा।*
(०५६ मंसिर २२ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रवाट)

केही सानातिना कमीकमजोरीहरूलाई छाडेर समष्टिगतरूपमा भन्ने हो भने मानवअधिकार वर्ष पुस्तक १९९९ ले अँध्यारो कोठामा रहेको कालो विरालोलाई मैनवत्तीको उज्यालोले छर्लङ्ग्याएझैं नेपालमा मानवअधिकारको वास्तविक स्थिति, सिद्धान्त र व्यवहारलाई अति सरलरूपमा छर्लङ्ग पारेको छ, जुन अति सराहनीय कदम मान्न सकिन्छ।

– **अभिवक्ता मिलन श्रेष्ठ**, *सिन्धुपाल्चोक।*
(०५६ कात्तिक १६ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रवाट)

वर्ष पुस्तकले समाजका हरेक घटना, जसबाट मानवअधिकारको हनन भएका छन्, लाई प्रष्टरूपमा जनमानससमक्ष पुऱ्याउने, सचेत गराउने र मानवअधिकारका लागि सचेत पहरेदारको काम गरेको छ। समाजले आफ्नो समाजलाई समुन्नत वनाउन मानवअधिकारको रक्षा अनिवार्यरूपमा गर्नुपर्छ, सचेत र संगठित हुनुपर्छ भन्ने सन्देश दिएको छ।

– **अधिवक्ता पुण्य खनाल**, *सिन्धुपाल्चोक।*
(०५६ कात्तिक १६ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रवाट)

विशेष गरेर देशका दुर्गम क्षेत्र एवं हक अधिकारको जानकारी कम हुने समुदायहरूमा दविएर रहेकाहरूको

मानवअधिकार उल्लंघनका घटनाहरूलाई अझ बढी केलाई सोको उपचारात्मक प्रकृयाको जानकारी गराउने खालका बुँदागत विषयवस्तुहरू समेत यस पुस्तकमा समावेश हुनु वान्छनीय हुन्छ कि जस्तो मलाई लागेको छ।

– **गुणराज ढुंगेल**, *जिल्ला न्यायाधीश, गुल्मी।*

सरकारी पक्षबाट भए/गरेका कामहरूको बढाइचढाई उल्लेख हुने तर माओवादीहरूको बर्बर हिंसापूर्ण क्रियाकलापको कतिपय ठाउँमा उल्लेख नै नहुनु, भए पनि सामान्य ढंगले लिइनु आदि जस्ता कार्यहरूमा सुधार गर्दै गएमा यस संस्थाले उठान गरेको कार्य प्रभावकारी ढंगबाट अगाडि बढ्दै जानेछ। यस दिशातर्फ इन्सेकले क्रमिक सुधार गर्दै गएको अनुभूति मलाई भएको छ।

– **शिवप्रसाद नेपाल**, *प्रमुख जिल्ला अधिकारी, गुल्मी।*

मानवअधिकार र सामाजिक न्यायका निम्ति कार्यरत इन्सेकले १९९२ देखि मुलुकमा भएका मानवअधिकार उल्लंघनका घटनाहरूलाई संग्रह गरेर मानवअधिकार वर्ष पुस्तक निकाल्दै आएको छ। त्यसैक्रममा प्रकाशित हुने मानवअधिकार वर्ष पुस्तक २००० ले यस वर्ष पनि देशको मानवअधिकार स्थिति सन्तोषजनक नभए पनि सन्तोषजनक गराउनका लागि विशाल पहल गरोस् भन्ने सुझाव दिन चाहन्छौं।

– **जीवन राना**, *अध्यक्ष, राष्ट्रिय जनमोर्चा, गुल्मी।*

नेपालभरको राजनीतिक भ्रष्टाचारलाई वर्षको उल्लेख्य विषय बनाई त्यसैलाई प्रमुख प्राथमिकता दिई मानवअधिकार वर्ष पुस्तक १९९९ प्रकाशित गरेर त्यसको आवरण पृष्ठबाटै सबै कुरा बुझ्न सकिने तुल्याइएको छ। कुनै कुनै ठाउँमा अत्यन्तै साना कुराहरूलाई पनि उद्धृत गरिएको छ। त्यसले गर्दा पुस्तकको स्तर सबै ठाउँमा एकै प्रकारको भएको छैन।

– **शशि पन्थी**, *क्याम्पस प्रमुख, रेसुङ्गा बहुमुखी क्याम्पस तम्घास, गुल्मी।*

सन् १९९२ देखिको थालनीले, भूमिकाकै सातौं पुस्तक भन्ने वाक्यांशले, खोज्दा पाइने १९९२ देखि १९९७ का पुस्तकको अवस्थाले, पुस्तकभित्र रहेका घटनाक्रमको समायावधि (जनवरी १९९८ देखि डिसेम्बर १९९८) ले र पुस्तकको पृष्ठ ४७१ मा १९९७ का समीक्षाका शब्दहरूले यो पुस्तक १९९९ नभई १९९८ भन्ने देखाउँछ।

– **डिल्लीराज आचार्य**, *उपरजिष्ट्रार, पुनरावेदन अदालत, रूपन्देही।*

वर्ष पुस्तकमा धेरै कुरा राम्रो भैकन पनि फोटो र सम्बन्धित घटना, सम्बन्धित ठाउँमा र घटना घट्नुको संक्षिप्त कारण पनि दिन सके सुनमा सुगन्ध हुने थियो।

– **अधिवक्ता टंकप्रसाद न्यौपाने**, *सचिव, नेपाल बार एसोसिएसन जिल्ला अदालत एकाई, स्याङ्जा।*

मानवअधिकार वर्ष पुस्तक १९९९ मा उल्लेख गरिएका घटना विवरण तथ्यांकसहित उल्लेख गरी जनमानसलाई सुसूचित गराउने प्रयास सराहनीय छ।

– **फाँटवाला**, *जिल्ला प्रहरी कार्यालय, स्याङ्जा।*

मुलुकमा घटेका विविध घटना र गतिविधिलाई समेटेर वर्ष पुस्तक प्रकाशन गरी जनतालाई सुसूचित गर्ने जुन काम भएको छ, यो सराहनीय छ। नेटवर्क बढाएर घटना विवरण तथ्यपरक बनाउन ध्यान दिनुपर्ने देखेको छु।

– **प्रेमनारायण पौडेल**, *सचिव, नेकपा (एमाले) स्याङ्जा।*

मानवअधिकार वर्ष पुस्तक प्रकाशन गर्दा जति स्वस्थ र राजनीतिक पूर्वाग्रह नराखी मानवअधिकार उल्लंघनका घटनालाई प्रस्तुत गर्नुपर्ने हो, त्यति नगरी केही राजनीतिक पूर्वाग्रह राखी प्रकाशन गरेको मैले महसूस गरेको छु।

– **तुलसी गिरी**, *नेपाली काँग्रेस १ नं. क्षेत्रीय सभापति, स्याङ्जा।*

समग्ररूपमा यो वर्ष पुस्तक अध्ययन गर्दा यस पुस्तकभित्र नकारात्मक पक्षहरू नै छैन भन्दा अनुपयुक्त नहोला तर घटनाहरूको सम्प्रेषण गर्ने वर्ष पुस्तक प्रतिनिधिहरूको कमजोरी हो वा प्रकाशकको, कतिपय मानवअधिकार उल्लंघनका घटनामा परेका व्यक्तिहरूको नाम, थर, ठेगाना फरक पर्न गएको देखिन्छ।

– **अभिवक्ता के.वी. भुसाल**, *अर्घाखाँची।*
(०५६ भदौ २३ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट)

ग्रामीण तहमा दैनानुदिन घट्ने मानवअधिकार हननका घटनाहरू यस पुस्तकले समेट्न सकेको छैन। हालसम्मको तथ्यांक हेर्दा सदरमुकाममा जानकारी भएका घटनाहरू मात्र वर्ष पुस्तकमा उल्लेख भएको हो कि जस्तो भान हुन्छ। समष्टिमा भन्नुपर्दा इन्सेकले प्रत्येक वर्ष विभिन्न कठिनाईका वावजुद पनि मानवअधिकार उल्लंघनका घटनाहरू खोतलखातल गरी जनसमक्ष ल्याउने कार्य वर्ष पुस्तकमार्फत् गरेको छ, यो प्रशंसनीय छ।

– **रामबहादुर राउत**
उपाध्यक्ष, नेपाल बार एसोसिएसन इकाई, पाल्पा।
(०५६ असोज ५ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट)

देशभरका नागरिकहरूमाथि पर्ने अन्याय, अत्याचार र घट्ने घटनाहरूको यथार्थ विवरण उल्लेख गर्न मानवअधिकार वर्ष पुस्तक सफल रहोस्। जसले आपराधिक क्रियाकलापमा लाग्नेहरूलाई हतोत्साहित गराउन सकोस् र समाजको वास्तविक चित्रण खिच्न यस पुस्तक सफल रहोस् भन्दै

यसलाई निरन्तरता दिनका लागि हर पक्षबाट सहयोग मिलोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

– भीमबहादुर कार्की,
अध्यक्ष, नेपाल राष्ट्रिय शिक्षक संगठन, मनाङ।

मानवअधिकार जस्तो महत्वपूर्ण विषयको यस प्रकाशनले घरेलु हिंसाबाट हुने मानवअधिकार उल्लंघनलाई बाहिर ल्याउन र हतोत्साहित गर्न भूमिका अगाडि बढाउनु पर्दछ।

– शंकरप्रसाद कोइराला, *प्रमुख जिल्ला अधिकारी, मनाङ।*

मानवअधिकारका बारेमा आवाज उठाउने यस्ता कृतिले जेल बन्नुपर्ने जस्ता सामान्य तर मानवअधिकार संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने विषयहरूप्रति पनि ध्यान दओस्, शुभकामना।

– पदम लामिछाने, *जेलर, मनाङ।*

मानवअधिकार वर्ष पुस्तक १९९९ विगतका प्रकाशनको तुलनामा परिस्कृत एवं परिमार्जित छ। समग्रमा भन्नुपर्दा यो पुस्तक सन् १९९८ को वर्षभरिमा देशमा भएका मानवअधिकार उल्लंघनका घटनाहरूको यथार्थ र सजीव चित्रण मात्र नभै मानवअधिकारको अवधारणा, विकास क्रम र यससम्बन्धी आन्दोलन र अभियानको क्षेत्रमा प्रेरक दस्तावेज हो। भाषा सकेसम्म सरल बनाउन सके सर्वसाधारणले बुझ्न सक्ने थिए। पुस्तक महंगो भएका कारणले सर्वसाधारणको पहुँचबाहिर भएकाले यसको उद्देश्यअनुकूल नहोला कि भन्ने पनि लाग्छ।

– अधिवक्ता विवेककुमार पौडेल, *दाङ।*
(०५६ मंसिर १७ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट)

नेपाल अधिराज्यभरका मानवअधिकार उल्लंघन गरिएका घटनाहरूलाई जिल्लास्तरमा संकलन गरी समसामयिक विषयहरूसमेत समावेश गरी प्रकाशित गरिएको पुस्तक मानवअधिकार वर्ष पुस्तक १९९९ को अध्ययनबाट मानवअधिकारसँग सम्बद्ध मानवअधिकारवादी संघ संस्थाहरू "डलरको खेती" गर्ने संस्थाहरू हुन् भन्नेहरूको मुख थुन्न सफल हुनेछ भनी मान्नुपर्दछ।

– प्रकाश ढुंगाना, *जिल्ला न्यायाधिवक्ता*
जिल्ला सरकारी वकील कार्यालय, रोल्पा।
(०५६ पुस २२ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट)

मानवअधिकार वर्ष पुस्तक १९९९ विगतको तुलनामा निष्पक्ष र सत्य छ। वर्ष पुस्तकले राजनैतिक भ्रष्टाचारको इतिहास र वर्तमान बारेमा अत्यन्त विचारोत्तेजक चर्चा गरेको छ तर यो भ्रष्टाचारबाट देशलाई कसरी मुक्त गर्ने भन्नेतर्फ वैज्ञानिक, वैधानिक बाटो के हो भन्नेतर्फ यथेष्ट चर्चा गरेको देखिएन। अर्को कुरा, पुस्तकको पेज नं. ११२ मा ०४९ सालमा रोल्पा सदरमुकाममा कर्मचारीहरूलाई राजनीतिक व्यक्तिसँग कुराकानी गर्न पनि प्रतिबन्ध लगाउने तथा त्यस्तो गरे जिल्ला निष्काशन गर्ने गरिएको थियो भन्ने कुरा अतिरञ्जित छ।

– माधवप्रसाद आचार्य
सभापति, नेपाली काँग्रेस जिल्ला समिति, रोल्पा।

मानवअधिकार वर्ष पुस्तक १९९९ समग्रमा भन्नुपर्दा राम्रो छ। सामान्यतया सानातिना त्रुटिहरू फेला पारी कमजोरी औँल्याउनु पर्ने कुरा उल्लेख गर्न चाहन्छु। पहिलो : चिठीपत्रमा नेपाली काँग्रेसका सभापतिलाई सम्बोधन गर्नुपर्ने र दोश्रो : रोल्पा जिल्ला जेलबाङ गाविसको कार्यालयका सचिव लालबहादुर बुढा मगरलाई ऐ. लुङदुङ गोठमा मल बोकिरहेको बेला मारिएको हुनुपर्ने।

– कृष्णबहादुर घर्ति मगर
सचिव, नेपाली काँग्रेस जिल्ला समिति, रोल्पा।

मानवअधिकार वर्ष पुस्तक १९९९ अध्ययन गर्दा यसले आफ्ना राम्रा परम्परालाई निरन्तरता दिँदै मानवअधिकारको स्थितिलाई छर्लङ्ग्याएको छ। आफूलाई विशुद्ध मानवअधिकारवादी प्रकाशनको रूपमा प्रस्तुत हुनुपर्नेमा घटनाहरूलाई राजनीतिक रङ दिएको पाइन्छ। आगामी दिनहरूमा यस्तो प्रवृत्ति र कमजोरी सच्चाइयोस् भन्ने सुझाव दिन चाहन्छु।

– मानबहादुर बाठा मगर
सचिव, नेकपा (माले) जिल्ला संगठन कमिटी, रोल्पा।

मानवअधिकार वर्ष पुस्तक १९९९ को पेज नं. ३५८ को हरफ १५ को दोश्रो वाक्यप्रति यस कारागारको ध्यानाकर्षण भएको छ। यस कारागारमा थुनामा रहेका कैदी तथा बन्दीहरूलाई सामान्यतया महिनाको एकपटक जिल्ला स्वास्थ्य कार्यालयद्वारा औषधी उपचार गराउने र यस जिल्लामा औषधी उपचार गर्न नसक्ने खालका रोगीहरूलाई विभागीय स्वीकृति लिएर उपचार हुने स्थानमा स्थानान्तर गरिएको छ भने अकस्मात बिरामी हुनेलाई समेत तत्काल स्वास्थ्यकर्मी बोलाएर उपचार गराउने गरिएको छ।

– नेत्रबहादुर बुढाथोकी, *जेलर, सल्यान।*

यहाँ कुन पक्षबाट कति ज्यादति भएका छन्, सबै पक्षका जनतालाई दुःख दिने पक्षको बारेमा लेखेर प्रचारमा ल्याइदिनुपर्छ। पुस्तकमा लेखिएका समाचारहरू धेरै नराम्रा छैनन्, सकारात्मक छन्।

– अधिवक्ता नवराज गौतम
अध्यक्ष, नेपाल बार एसोसिएसन, रुकुम।

वर्ष पुस्तकले देशभरि घटेका मानवअधिकार उल्लंघनका घटनाहरूलाई समेटी मानवअधिकार स्थितिलाई उजागर गरेको छ। मानवअधिकार उल्लंघनका घटनाहरूलाई उजागर गर्नुको अर्थ मानवअधिकारप्रति आम चासो वृद्धि गर्नु हुन जान्छ. जुन भूमिका पुस्तकले गम्भिरसँग गरेको मान्न सकिन्छ। त्यति मात्र नभई मानवअधिकारलाई जनचेतनासँगै जोड्ने अभियानमा पुस्तक गहकिलोरूपमा देखा परेको छ।

– **अधिवक्ता कर्णबहादुर थापा**, *उपप्राध्यापक, बाँके।*
(०५६ पुस ८ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट)

सन् १९९२ देखि प्रत्येक वर्ष मानवअधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आइरहेको संस्था इन्सेकद्वारा यस वर्ष पनि मानवअधिकार वर्ष पुस्तक १९९९ प्रकाशन भएकाले खुशी लागेको छ।

– **जयबहादुर हमाल**, *जेलर, मुगु।*

नेपाल अधिराज्यको संविधान एवं ऐन कानूनहरू पालना गराउने निकायबाट भएका काम कारवाहीहरू एकपक्षीय ढंगले प्रकाशन नगरी सत्य तथ्य घटनामा आधारित खबरहरुलाई मानवअधिकार वर्ष पुस्तकमा बढी भन्दा बढी स्थान दिनुपर्ने मेरो धारणा रहेको छ। साथै आउँदा वर्षहरूमा उक्त पुस्तकले आफ्नो क्षेत्रमा सफलता पाओस् भन्ने शुभकामनासमेत व्यक्त गर्दछु।

– **प्रेमबहादुर चन्द**, *प्रहरी नायव उपरीक्षक, मुगु।*

मानवअधिकार वर्ष पुस्तक १९९९ अध्ययन गर्ने मौका प्राप्त भयो। वर्ष पुस्तक प्रकाशित गरी देशभरि भएका मानवअधिकार विरूद्धका घटनाहरूका बारेमा जानकारी गराउनु आफैमा एउटा उपलब्धि बनेको छ। भविष्यमा प्रकाशन गरिने पुस्तकहरूमा अझ बढी घटना, विविधता आदिलाई समेट्ने प्रयास गरिनुका साथै घटित घटनाहरूको सत्यतालाई उजागर गर्दै इन्सेकप्रति सर्वसाधारणको विश्वास बढाउन इन्सेक सधैं प्रयत्नशील बनोस्।

– **मणिकुमार पोखरेल**, *जेलर, कारागार शाखा, सुर्खेत।*

मानवअधिकार वर्ष पुस्तक १९९९ ले आजको प्रजातान्त्रिक युगमा मानव समाज र व्यक्ति विशेषले प्राप्त गर्ने प्रजातान्त्रिक मूल्य र मान्यतालाई संस्थागत गर्ने दिशा निर्देशन गर्न सहयोग पुऱ्याउने उद्देश्यबाट अभिप्रेरित हुँदै मानवअधिकारको रक्षा एवं उपभोगमा नागरिक समाजकै क्षेत्रमा र राज्य सत्ताको क्षेत्रबाट भए गरेका हत्या, हिंसादेखि मानवअधिकार, प्रजातान्त्रिक एवं नैसर्गिक अधिकारलगायतका क्षेत्रमा भएका विविध घटनाक्रमलाई उजागर गर्दै सिङ्गो राष्ट्र र जनतामात्र हैन, विश्व समुदायलाई नै सुसूचित बनाउने कुरामा ईँटा थप्न सफल रहेको मैले महसूस गरेको छु।

– **ऋषिप्रसाद शर्मा**, *सचिव*
नेकपा (एमाले) जिल्ला कमिटी, सुर्खेत।

यस पुस्तकमा खुलाइएका घटनाहरू केही छुटेका तथा घटनाका सम्बन्धमा के/कस्ता उपचार तथा कानूनी प्रकृया चलिरहेको छ भन्नेबारे र छपाई शुद्धतामा ध्यान दिनुपर्ने देखिन्छ।

– **श्रेस्तेदार**, *जिल्ला अदालत, सुर्खेत।*

पुस्तक तयार पार्दा कता कता राजनीतिक आग्रह र पूर्वाग्रहले निर्देशित गरेजस्तै एकपक्षीय जस्तो भान हुन्छ। अदालतमा विचाराधीन रहेको विषयमा पुस्तकले फैसला गरेझैं अपराधी नै घोषणा गरेको मिलेन कि? पुस्तकले यथास्थितिमा मानवअधिकार उल्लंघनका घटनाको संचार गरेकोमा धन्यवाद छ।

– **अधिवक्ता कृष्णबहादुर हमाल**
लिगल कोअर्डिनेटर, असहाय सेवा केन्द्र, सुर्खेत।

मानवअधिकार उल्लंघनका घटनाहरूलाई इन्सेकले यस पुस्तकमा संहिताबद्ध गर्ने जुन काम गऱ्यो, सो प्रशंसनीय छ। यसबाट राज्यका निकायहरू र नागरिकलाई समेत सचेत पार्ने काम सो संस्थाबाट भएको छ। यसबाट राज्य र मानवअधिकारवादी संस्थाहरूलाई यस विषयमा सुधारतर्फ समन्वयात्मक र सम्मानजनक ढङ्गले अगाडि बढ्न सघाउ पुऱ्याउन सक्छ। इन्सेकको यो अभियान मानवअधिकारप्रति सचेतनता, मानवअधिकारको बहाली र राज्यलाई सतर्क र होसियारी बन्नका लागि अति महत्वपूर्ण कार्य भएको महसूस हुन्छ।

– **अभिवक्ता सोमबहादुर खड्का**, *बर्दिया।*
(०५६ पुस २९ गते गुलरियामा आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रबाट)

यस पुस्तकले मानव जातिका लागि टुकी बाल्ने काम गरेको छ। समाजमा चेतना जगाउन र न्यायको पक्षमा उपलब्धिमूलक बनेको छ। पुस्तक विशुद्ध भावनाबाट प्रेरित हुनुपर्दछ।

– **अधिवक्ता रामेश्वर सुवेदी**
अध्यक्ष, नेपाल बार ऐसिएसन जिल्ला अदालत तथा क्याम्पस प्रमुख, स्वर्गद्वारी क्याम्पस, प्युठान।

नेपाल अधिराज्यको संविधानद्वारा प्रत्याभूत गरिएको मानवअधिकारका साथै नागरिकहरूको मौलिक हक हनन भएका घटनाको सुक्ष्म खोजी गरी समावेश गरिएको मानवअधिकार वर्ष पुस्तक १९९९ लाई ऐतिहासिक संस्थागत विकासको रूपमा लिएको छु।

– **अधिवक्ता मेघराज भट्ट**
अध्यक्ष, नेपाल प्रेस युनियन तथा रासस प्रतिनिधि, प्युठान।

विविध विषयवस्तु र विविध क्षेत्रमा मानवअधिकारको स्थिति एवं गाउँघरमा चेतना जगाउने अन्य घटनाक्रमहरू संगाली तयार पारिएको मानवअधिकार वर्ष पुस्तक १९९९ निकै ज्ञानवर्धक एवं चेतनामूलक भएको अनुभव गर्न सकिन्छ।

– **प्रतापकुमार श्रेष्ठ**, *प्रहरी नायव उपरीक्षक, प्युठान।*

मानवअधिकार वर्ष पुस्तक १९९९ सरसर्ति पढ्दा धेरै प्रभावकारी रहेको पाएँ। घटना विवरणमा तीव्रता बढेकाले यो मुलुकका शासकहरूलाई खवरदारीको प्रश्नचिन्ह संकेत भएको महसूस गरेको छु।

– **राजेन्द्रप्रसाद राजभण्डारी**, *सचिव*
नेकपा (एमाले) गाउँ कमिटी, बिजुवार प्युठान।

इन्सेकले प्रकाशन गरेको मानवअधिकार वर्ष पुस्तक १९९९ ले देशमा भएका हत्या, लुटपिट र बलात्कार जस्ता घटना समेटेको छ। यस्ता घटनाको जानकारीले प्राथमिकताको आधारमा गास, वास, कपास, स्वास्थ्य, शिक्षा र सुरक्षा भनी छैठौं आवश्यकता सुरक्षा मानिएता पनि वर्तमान अवस्थामा सुरक्षालाई पहिलो आवश्यकताका रूपमा नेपाली जनताले मान्नुपर्ने स्थिति देखाउँछ।

– **टीकाराम शर्मा**, *सचिव*
नेकपा (माले), जिल्ला संगठन कमिटी, प्युठान।

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९९ ले मानवअधिकारका क्षेत्रमा भएका विविध खवरहरू विवरणात्मकरूपमा उल्लेख गरेको छ। मानवअधिकारसम्बन्धी कार्यक्रमहरू प्रत्येक जिल्ला सदरमुकाममा भए पनि संचालन गरिएमा सबै लाभान्वित हुने देखिन्छ। समग्रमा पुस्तक उपयोगी लाग्यो।

– **गंगामणि शर्मा**, *जेलर, कारागार शाखा, प्युठान।*

मानवअधिकारको अवस्था र जिम्मेवार पक्षले आ-आफ्नो दायित्व निर्वाह गर्दा मानवअधिकारका आदर्श, मूल्य र मान्यताहरूको रक्षार्थ विशेष चनाखो हुनुपर्ने यस पुस्तकका प्रत्येक पृष्ठको सन्देश भएको मैले ठानेको छु।

– **दीपा घिमिरे**, *नि. महिला विकास अधिकृत*
महिला विकास शाखा, बिजुवार प्युठान।

बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि मानवअधिकारको क्षेत्रमा केही महत्वपूर्ण कामहरू भएका छन् भने कतिपय क्षेत्रमा मानवअधिकार उल्लंघनका गम्भीर घटनासमेत भएको तथ्य उजागर गर्ने काममा मानवअधिकार वर्ष पुस्तक १९९९ ले एक हदसम्म सफलता प्राप्त गरेको छ। यसको भूमिकामा आफ्ना कार्यकर्ता (मानवअधिकारवादी कार्यकर्ता) "सबैको लागि मानवअधिकारको क्षेत्रमा जुटिरहे" भनिएको रहेछ। तर कतिपय क्षेत्रमा त्यस्तो देखिएन। त्यस्तै "सत्ता समीकरणको खेलले एमाले पार्टीमा विभाजन ल्याएको" कुरा उल्लेख गरिएको रहेछ। वास्तवमा एमाले पार्टीमा नीति-विचार र दृष्टिकोणमा आएको भिन्नताकै कारणले विभाजन भएकाले सच्याउन हार्दिक अनुरोध गर्दै यस पुस्तकले सत्य तथ्य उजागर गर्न अझै गहिराइमा पुग्नेछ भन्ने विश्वास लिएको छु।

– **लक्ष्मण ज्ञवाली**
सचिव, नेकपा (माले) जिल्ला कमिटी, बर्दिया।

मानवअधिकार वर्ष पुस्तक १९९९ मा मानवअधिकार उल्लंघन एवं उपयोगका सम्वेदनशील पक्षहरू उद्घाटित भएका छन्। आगामी वर्षमा यस क्षेत्रका थप आयाम र जिम्मेवारीलाई अझ सशक्त र सन्तुलितरूपमा उठाउन र समेट्न सकोस् भन्ने शुभकामनासमेत व्यक्त गर्दछु।

– **हेमन्त रावल**, *श्रेस्तेदार, जिल्ला अदालत, बर्दिया।*

कतिपय घटनालाई सुनि-सुनाईको भरमा मात्र प्रकाशित गर्दा इन्सेकको विश्वसनीयतामा कता कता शंका उत्पन्न भइरहेको हुँदा यस्ता कमी-कमजोरीलाई आगामी दिनमा सुधार गर्दै लगेमा सुनमा सुगन्ध हुने थियो।

– **अधिवक्ता कृष्णप्रसाद सुवेदी**, *गुलरिया, बर्दिया।*

मानवअधिकारको उल्लंघनको घटना संकलन तथा प्रकाशन गरी मानवअधिकारको स्थितिलाई उजागर गर्ने र उल्लंघनकर्तालाई हतोत्साहित पार्दै सामाजिक न्यायलाई संस्थागत गर्न सहयोग पुऱ्याउने काम मानवअधिकार वर्ष पुस्तकले गरेको छ। आगामी दिनमा अनुसूचीहरू नयाँनयाँ विषयमा राख्न सके अझ राम्रो हुने देखिन्छ।

– **सुशील चौधरी**, *समाजसेवी*
कालिका गाविस-३ मयुरवस्ती, बर्दिया।

विभिन्न समस्याका बावजुद पनि मानवअधिकार उल्लंघनका सत्यतथ्य घटना संकलन गरी यसरी एउटा ऐतिहासिक दस्तावेजको रूपमा प्रकाशित गरी जनसमक्ष ल्याएर मानवअधिकारको क्षेत्रमा विशिष्ट योगदान पुगेको छ। यो पुस्तक प्रकाशित हुने समयमा घटनाले अर्कै रूप लिइसकेको हुने सम्भावनालाई मध्यनजर गरी त्यस्ता घटनालाई पुनः अध्ययन, अनुसन्धान गरी प्रकाशित गरेको खण्डमा प्रस्तुत सामाग्रीको स्तरीयता बढ्ने देखिन्छ।

– **बालकृष्ण ओली**, *रासस प्रतिनिधि, बर्दिया।*

मानवअधिकार वर्ष पुस्तक १९९९ लाई सरसर्ति अध्ययन गर्ने हो भने यसबाट नेपालमा मानवअधिकारको वर्तमान अवस्था बोध हुन्छ। वर्तमान नेपालमा मानवका शिक्षा, रोजगारी र बाँच्न पाउने जस्ता अत्यावश्यकीय अधिकारहरूको बहाली भैसकेको र सोको ग्यारेण्टी तथा संरक्षण हुन नसकेको तथ्य यो पुस्तकमा प्रकाशित घटनाहरूबाट पुष्टि हुन्छ।

– **नेकपा (एमाले)**, *जिल्ला कमिटी, बर्दिया।*

मानवअधिकार वर्ष पुस्तक १९९९ ले मानवअधिकारसँग सरोकार राख्ने समूह/संस्थालाई प्रत्यक्ष रूपमा सघाउ पुऱ्याउनका साथै मानवअधिकार बारेमा आमरूपमा जनचेतना अभिवृद्धि गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

– **विनोद खनाल**, *प्रमुख जिल्ला अधिकारी, जाजरकोट।*

देशका विभिन्न स्थानमा भएका महत्वपूर्ण घटना प्रकृति र जनताको राजनीतिक अधिकार लगायत् आर्थिक, सामाजिक एवं साँस्कृतिक अधिकार, समग्रमा सिङ्गै मानवअधिकारको विषयमा यो पुस्तक अझ प्रभावकारी र परिस्कृत भएर आउनेछ भन्ने अर्थमा आशावादी भएको छु।

– **रमेशकुमार सिंह**, *सहायक सचिव, नेपाली काँग्रेस, जाजरकोट।*

वर्ष पुस्तक १९९९ प्रजातन्त्र, मानवअधिकार र राजनीतिक भ्रष्टाचारका विषयमा वस्तुपरक, तथ्यपरक ढंगले गहिरो चित्रण गर्न सफल भएको ठान्दछु।

– **निरजप्रसाद आचार्य**
जिल्ला सदस्य, नेकपा (एमाले), जाजरकोट।

मानवअधिकार हननका घटनाहरू समावेश गरेर प्रकाशित गर्दै आएको यो पुस्तक नियमितरूपमा अध्ययन गर्ने मौका प्रदान गर्नुभएकोमा धन्यवाद दिँदै यस पुस्तकमा प्रकाशित सामाग्रीहरू समग्रमा ठीकै भएता पनि छिटफुटरूपमा तल-माथि हुनु स्वाभाविकै हो।

– **कृष्णविक्रम शाह**, *कार्यालय सचिव, राप्रपा, जाजरकोट।*

मानवअधिकारको चेतना दिँदै राज्यलाई पनि मानवअधिकारको बारेमा सचेत गराई नैतिक दवाव दिन केही हदसम्म सफल प्रस्तुत पुस्तक नेपालमा हाल भैरहेका क्रियाकलापसमेतको जानकारी दिई नेपाल अधिराज्यको संविधान २०४७ बाट प्रदत्त सूचनासम्वन्धी सुसूचित हुने मौलिक हकको उपयोग गर्न/गराउन सफल भएको ठानेको छु।

– **गोरखबहादुर सिंह**, *श्रेस्तेदार, जिल्ला अदालत, जाजरकोट।*

राष्ट्रमा भएका घटनाहरूको समष्टिगत विवरणहरू संकलन गरी आम समुदायबीच स्पष्ट घटना परिचय र विवरण दिनु सराहनीय र मानवअधिकारसम्वन्धी जनचेतना अभिवृद्धि गराउने कार्यमा ठूलो योगदान पुऱ्याउनु भएकाले यस्तो कार्यको हृदयदेखि नै स्वागत गर्दछु।

– **भवानीप्रसाद शर्मा**
परियोजना निर्देशक, यूनाइटेड मिसन टु नेपाल, जाजरकोट।

यो नेपालको सन्दर्भमा ठूलो प्रयास हो। मलाई लाग्दछ, यसका विभिन्न निकायमा काम गर्ने कर्मचारीलाई निकै समस्याहरूको चुनौती हुन्छ। जसको बावजुद पहाडदेखि तराई र पूर्वदेखि पश्चिमसम्मका घटनालाई संयोजन गरी वर्ष पुस्तकका रूपमा हामीसम्म ल्याउनुहुन्छ। यो कदम युगान्तकारी बनोस् – मानवअधिकारको पक्षमा।

– **सागर बुढाथोकी**
प्रकाशक, मासिक "मुहार" निष्पक्ष खवर पत्रिका, जाजरकोट।

जिल्लास्थित इन्सेक प्रतिनिधिहरूले जनसम्पर्क व्यापक बढाउनुपर्छ। सम्बन्धित प्रशासनसँग र जनयुद्धकारी माओवादीहरूसँग पनि परोक्ष/अपरोक्षरूपमा लिखित तथ्यांक पनि लिन सकेमा पूर्ण तथ्यांक प्राप्त गर्न सकिन्छ, नत्र सधैं अपुरो तथ्यांक सार्वजनिक हुने कुरामा कुनै द्विविधा छैन।

– **हरिहरसिंह राठौर**, *कान्तिपुर सम्वाददाता*
रुकुम, रोल्पा, जाजरकोट।

मानवअधिकार उल्लंघनका घटनाहरूको प्रकाशनमा कतै अव्याप्ती र कतै अतिव्याप्ती रहने गरेको भए पनि मानवअधिकार वर्ष पुस्तक सम्बन्धित सबैलाई मानवअधिकार उल्लंघनका घटनाहरूको बारेमा सुसूचित गर्न फलदायी देखिन्छ।

– **रुद्रनाथ बस्याल**, *प्रमुख जिल्ला अधिकारी, डोल्पा।*

प्रस्तुत पुस्तकमा न्यायपालिका, कार्यपालिका, व्यवस्थापिकाको क्षेत्रमा गरिएका मानवअधिकारसम्बन्धी व्यवस्थाका साथै देशभरिका प्रकाशमा नआएका तथा लुकेका घटनाहरू समेत विशेषगरी माओवादी गतिविधिसँग सम्बन्धित घटनालाई पीडित पक्षको फोटोसमेत प्रकाशित गर्न सकेको जस्तो जटिल कार्यको र देशमा व्याप्त भ्रष्टाचारको बारेमा बाहिरी आवरणसमेतमा स्थान दिएकोमा म हृदयदेखि यस पुस्तकको प्रशंसा गर्न चाहन्छु।

– **कमलकुमार आचार्य**, *नि. जिल्ला न्यायाधीश, डोल्पा।*

१९९९ को वर्ष पुस्तकबाट अति सन्तोषजनक र प्रभावित भएको हुँदा कुनै कमी, कमजोरी नभएको र अझ आउँदा वर्षहरूमा यस्तै घटना संकलन गरी यस कार्यालय एवं जनसमक्षमा पुऱ्याइदिनुहुन अनुरोध गरिन्छ।

– **मानदत्त न्यौपाने**, *जेलर, जिल्ला कारागार शाखा, डोल्पा।*

विगत १९९२ देखि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकार सम्वन्धी वार्षिक अंक प्रकाशित गरी निर्वाह गर्दै आएको भूमिका प्रशंसनीय रहेको छ।

– **शत्रुघन सिंह**, *का.मु. जिल्ला न्यायाधिवक्ता, डोल्पा।*

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९९ मा प्रकाशित बुँदाहरू समसामयिक र यथार्थता झल्केको पाइएको छ।

– **श्रीबहादुर शाही**, *पार्टी सचिव*
नेपाली काँग्रेस, जिल्ला कार्य समिति, डोल्पा।

सरसर्ति हेर्दा केही त्रुटि देखिएता पनि अरू ठीकै र समयअनुकूल नै देखिएको छ।

- जीवनबहादुर शाही, *सभापति, जिविस हुम्ला।*

समष्टिगत मूल्यांकन गर्दा यो पुस्तकमा जिल्लाका हरेक क्षेत्र समेटिएको पाइयो। स-साना त्रुटिलाई विशेष ध्यान दिनुपर्ने देखिन्छ।

- जयबहादुर रोकाया, *कान्तिपुर सम्वाददाता, हुम्ला।*

१९९९ मा खासगरी हुम्ला जिल्लामा घटेका घटनाबारेमा उल्लेखित कुराहरू उपयुक्त नै भएता पनि केही मात्रामा घटना र व्यक्तिहरूको बारेमा गल्तीहरू भएको, तथ्यांक समसामयिक र अद्यावधिक नभएको देखिन्छ।

- लालबाबु कवारी, *नि. प्रमुख जिल्ला अधिकारी, हुम्ला।*

१९९९ को वर्ष पुस्तकमा सानातिना कमीकमजोरी देखिएकाले आउँदा वर्ष पुस्तकमा कमीकमजोरी नदोहोरिने आशा गरिन्छ।

- लोकबहादुर हमाल, *कार्यालय सचिव, नेकपा (एमाले) हुम्ला।*

इन्सेकले प्रत्येक वर्ष मानवअधिकार वर्ष पुस्तक प्रकाशन गरेकोमा मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा ठूलो टेवा पुगेको छ।

- डम्बरबहादुर थापा, *का.मु. जिल्ला न्यायाधिवक्ता, हुम्ला।*

यस पुस्तकले नेपाल अधिराज्यका सम्पूर्ण जिल्लाहरूको सामान्य वस्तुस्थितिका सम्बन्धमा प्रकाश पार्ने कोशिश गरेको पाइयो। त्यसको साथै सम्बन्धित जिल्लाको मानवअधिकारको स्थिति, सरकारी निकायहरूबाट भए/गरेका कारवाहीको समालोचना पनि गरेको पाइयो।

- गोपीमान श्रेष्ठ, *प्रहरी निरीक्षक, हुम्ला।*

जे भयो ठीकै भयो, जे छ ठीकै छ, जे हुनेछ ठीकै हुनेछ।

- टक्कबहादुर शाही
जिल्ला कार्यसमिति सदस्य, नेपाली काँग्रेस, हुम्ला।

मानवअधिकार वर्ष पुस्तक १९९९ का सम्बन्धमा यस जिल्लामा भएका घटना, कुराहरूबारे अधिकांश सत्यतथ्य नै रहेको पाइयो, तापनि समसामयिक बनाउन जरूरी हुन्छ।

- राजबहादुर विष्ट, *प्रहरी नायब उपरीक्षक, हुम्ला।*

प्रस्तुत पुस्तकमा राज्य संयन्त्रद्वारा भएको भनिएको मानवअधिकारको हननका घटनाहरूलाई मात्र महत्वका साथ प्रकाशित गरेको पाइयो तर समाजमा विभिन्न व्यक्ति तथा समूहहरूबाट समेत मानवअधिकार हनन गरेका घटनाहरू हुने गर्दछन्। त्यसलाई पुस्तकले विशेष महत्व दिई समेट्न सकेको छैन।

- श्यामप्रसाद मैनाली, *प्रमुख जिल्ला अधिकारी, बाँके।*

मानवअधिकार वर्ष पुस्तक १९९९ ले मुलुकमा भएका मानवअधिकार उल्लंघन एवं घटित घटनाहरूको चित्रण गरिँदा जनतामा मानवअधिकारसम्बन्धी चेतना जागृत हुन सघाउ पुऱ्याउनेछ भन्ने आशा लिन सकिन्छ। पुस्तकमा उल्लेखित मानवअधिकार उल्लंघन गरिएका विवरणमा घटनाहरूको पृष्ठभूमि र जिम्मेवार पक्षसमेतको राय समावेश गरिएको भए अझ बढी राम्रो हुने थियो।

- रमेश अर्याल, *सचिव, जिल्ला कार्य समिति, राप्रपा बाँके।*

इन्सेकले प्रत्येक वर्ष मानवअधिकार वर्ष पुस्तक प्रकाशित गरेर जनतालाई मानवअधिकारको स्थितिप्रति सुसूचित गर्ने काम गरेको छ। मानवअधिकार उल्लंघनका घटनाहरू उल्लेख गर्दा अझ बढी यथार्थपरक हुनु आवश्यक छ।

- हरिप्रसाद अर्याल, *जेलर, कारागार शाखा, बाँके।*

कठिन मेहनत साथ तथ्यांक प्रस्तुत गर्न सफल मानवअधिकार वर्ष पुस्तक १९९९ ले मानवअधिकारको सन्दर्भमा महत्वपूर्ण कार्यहरूलाई उल्लेख गरेको र सूचनामूलक सचेतकको भूमिका निर्वाह गरेको देखियो। मानवअधिकारको एक मात्र दस्तावेजको रूपमा प्रस्तुत यो पुस्तकले देशका सबै क्षेत्र, वर्ग र समूहलाई दायित्वबोध गराई मानवअधिकारको क्षेत्रमा सचेत गराएको छ।

- शालिग्राम रेग्मी, *प्रमुख जिल्ला अधिकारी, कालिकोट।*

मानवअधिकार वर्ष पुस्तक १९९९ ले देशमा घटेका समसामयिक घटनाहरूको तथ्य पत्ता लगाई नकारात्मक पक्षलाई अस्वीकार गरेको छ। सकारात्मक पक्षको प्रशंसा गरेको छ।

- शिवप्रसाद आचार्य
प्रधानाध्यापक, चन्द्रसूर्य निमावि, हाउडी, कालिकोट।

सन् १९९९ मा प्रकाशित भएको मानवअधिकार वर्ष पुस्तकले देशको स्थितिलाई प्रष्ट पारेको छ। यसमा समावेश हुने अनुसन्धानमूलक लेखहरू अरू वृद्धि भई यसमा व्यापकता ल्याउन पूर्ण सफल रहोस् भन्ने कामना गर्दछु।

- बेलकोशा शाही, *अनेमसंघ राष्ट्रिय पार्षद, कालिकोट।*

मानवअधिकार वर्ष पुस्तक १९९९ मा प्रकाशित सामाग्रीबाट प्रशासन, प्रहरीलगायत् संघ, संस्था, व्यक्ति वा समूहलाई मानवअधिकारका क्षेत्रमा आफ्नो दायित्वप्रति समीक्षा गर्ने अवसर प्राप्त हुने अपेक्षा गर्दछु।

- खुमराज पुंजाली, *प्रमुख जिल्ला अधिकारी, अछाम।*

मानवअधिकार वर्ष पुस्तक १९९९ ले पनि मानवअधिकारको उल्लंघनकारी शक्ति राज्य र गैर राज्यद्वारा भएको मानवअधिकारमाथिको प्रहारलाई संकलन गरी प्रकाशित गरी सम्बन्धित पक्षको ध्यानाकर्षण गरेको छ, जो एक प्रशंसनीय, उदाहरणीय कार्यको रूपमा स्थापित भएको छ।

– **अधिवक्ता हेमराज तिमल्सेना,** *अछाम।*

मानवअधिकार वर्ष पुस्तक १९९९ लाई अध्ययन गरेर हेर्दा यसले मानवअधिकारको बारेमा मानिसले मानिस भएको नाताले प्राप्त गर्नुपर्ने अधिकार र त्यसमा हुने गरेका हननहरूलाई छर्लङ्ग्याएको छ, यसमा प्रस्तुत गरिएका विषयहरू सटिक, समयसापेक्ष हुन अझ त्यस्ता विषयहरूको समाधानको बारेमा समेत प्रष्टाएमा सुनमा सुगन्ध हुने थियो कि?

– **रामचन्द्र शाही,** *श्रेस्तेदार, जिल्ला अदालत, बाजुरा।*

मानवअधिकार वर्ष पुस्तकले प्रजातान्त्रिक पद्धतिको आदर्श एवं आचरणअनुसार मूल्यांकन एवं विश्लेषण गर्दै जाओस् भन्ने शुभकामना।

– **अधिवक्ता कविराज पण्डित**
अध्यक्ष, नेपाल तरूण दल, जिल्ला समिति, बाजुरा।

मानवअधिकार वर्ष पुस्तक १९९९ मा परापूर्वकालदेखि नै प्रचलनमा रहेको शोषण, दमन, अन्याय, अत्याचार, भ्रष्टाचार, दासप्रथा र छुवाछूत जस्ता अमानवीय घटनाहरू प्रकाशमा ल्याएर आम जनसमुदायलाई सचेत हुने र सुध्रने मौका दिनु साह्रै महत्वपूर्ण र सराहनीय काम हो।

– **कर्णबहादुर खड्का,** *सचिव, नेकपा (एमाले) बझाङ।*

मानवअधिकारसम्बन्धी घटनाको वास्तविक छानविन राज्यसत्ताबाट समयमा नै न्यायोचित ढंगले हुनुपर्ने आवश्यकतालाई मानवअधिकार वर्ष पुस्तकले दृष्टिगत गरेको छ।

– **गोरखबहादुर धामी,** *प्रमुख, कारागार शाखा, बझाङ।*

यो एउटा अनुसन्धानमूलक तथा घटनापरक समीक्षात्मक कृतिको रूपमा देखा परेको छ। यसमा सामग्री संकलन, सम्पादन, संयोजन र परिमार्जन गरी जनतालाई मानवअधिकारप्रति सचेतना जगाउन प्रयास गरिएको छ। प्रयुक्त सामग्री संरचनाबाट पाठकहरूलाई मानवअधिकारको सम्बन्धमा केही खुराक प्राप्त हुने तथा मानवअधिकार र सामाजिक न्यायका निम्ति यो एउटा कोशेढुङ्गाको रूपमा प्रमाणित भएको कुरामा विश्वस्त हुन सकिन्छ।

– **अधिवक्ता नारायणप्रसाद बेल्वासे,** *डडेल्धुरा।*
(०५६ असोज ८ गते आयोजित मानवअधिकार वर्ष पुस्तक १९९९ को समीक्षा गोष्ठीमा प्रस्तुत समीक्षापत्रबाट)

मानवअधिकार वर्ष पुस्तक १९९९ को समष्टिगतरूपमा मूल्यांकन गर्नुपर्दा विगत वर्षहरूको भन्दा यस पटक इन्सेकले ठूलो मेहनत, लगानीको कारणबाट नेपाल अधिराज्यभरिका विविध घटनाक्रमहरूको एउटा सटिक चित्रण प्रस्तुत गरेको छ। यसले मानवअधिकारको महत्व र चेतना फैलाउने पुनीत कार्य गरेको छ।

– **वीरेन्द्रकुमार वाटाजु,** *जिल्ला न्यायाधीश, दार्चुला।*

अनुसूची ६

वर्ष पुस्तक २००० तयारीका क्रममा संलग्न व्यक्तिहरू

जिल्लागत प्रतिवेदन रुजु

१. गणेश भण्डारी
२. जीवन्त बाग्ले

जिल्ला प्रतिनिधिहरु

१. पूर्वाञ्चल

१.१ झापा - कुमार खड्का
१.२ इलाम - कमल श्रेष्ठ
१.३ पाँचथर - कृष्ण ओझा
१.४ ताप्लेजुङ - चन्द्रप्रकाश भट्टराई
१.५ मोरङ - दिपेन न्यौपाने
१.६ सुनसरी - राम कोइराला
१.७ धनकुटा - रमेशचन्द्र अधिकारी
१.८ तेह्रथुम - डम्वरप्रसाद गुरागाईं/ललित श्रेष्ठ
१.९ भोजपुर - चित्राङ्गत चौलागाईं
१.१० संखुवासभा - सूर्यवहादुर खड्का
१.११ सप्तरी - प्रकाश खतिवडा
१.१२ सिरहा - देवराज पोखरेल
१.१३ उदयपुर - लिलाप्रसाद निरौला
१.१४ खोटाङ - कुमार तिवारी
१.१५ ओखलढुंगा - गुरुवहादुर वस्नेत
१.१६ सोलुखुम्वु - डाकवहादुर नेपाली

२. मध्यमाञ्चल

२.१ धनुषा - रोशनदीप ढकाल
२.२ महोत्तरी - राजेन्द्रप्रसाद कोइराला
२.३ सर्लाही - नारायणी ढुंगाना
२.४ सिन्धुली - आनन्दप्रसाद दाहाल
२.५ रामेछाप - नवराज पथिक
२.६ दोलखा - वालकृष्ण शर्मा
२.७ रौतहट - लक्ष्मणप्रसाद रेग्मी
२.८ वारा - कृष्ण लामा
२.९ पर्सा - प्रेम कार्की
२.१० चितवन - मुकुन्द दाहाल
२.११ मकवानपुर - प्रताप विष्ट
२.१२ ललितपुर - जीवन्त वाग्ले
२.१३ काभ्रेपलान्चोक - भोजराज तिमिल्सिना
२.१४ भक्तपुर - अकुर न्यौपाने
२.१५ काठमाडौं - गणेश भण्डारी
२.१६ धादिङ - सिताराम अधिकारी
२.१७ सिन्धुपाल्चोक - नातिवावु धिताल
२.१८ नुवाकोट - रामचन्द्र भट्ट
२.१९ रसुवा - लेखनाथ भण्डारी

३. पश्चिमाञ्चल

३.१ तनहुँ - प्रेमप्रसाद पौडेल
३.२ गोरखा - रामशरण वानिया
३.३ लमजुङ - युवराज अधिकारी
३.४ स्यांग्जा - महेश पुरी
३.५ कास्की - लक्ष्मीराज पौडेल
३.६ मनाङ - रघुनाथ लामिछाने
३.७ नवलपरासी - नारायण पराजुली
३.८ रूपन्देही - भीष्मराज पन्थी
३.९ पाल्पा - कृष्णप्रसाद वस्याल
३.१० कपिलवस्तु - पृथ्वीराज भूसाल
३.११ अर्घाखाँची - खिमप्रसाद मरासिनी
३.१२ गुल्मी - दिलशोभा पुन
३.१३ वाग्लुङ - गोविन्द गौतम
३.१४ पर्वत - रमेशराज पौडेल
३.१५ म्याग्दी - घनश्याम खड्का
३.१६ मुस्ताङ - दिपक रिजाल

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ - भरतमणि ढकाल
४.२ प्युठान - महेन्द्रप्रसाद श्रेष्ठ
४.३ रोल्पा - घनश्याम आचार्य
४.४ सल्यान - अमृतलाल थापा
४.५ रूकुम - जिवन खड्का/दिलाराम शर्मा
४.६ बाँके - राजकुमार श्रेष्ठ
४.७ वर्दिया - नारायण सुवेदी

४.८ सुर्खेत - राजेन्द्र भारती
४.९ जाजरकोट - राजुकुमार शाक्य
४.१० दैलेख - वालकृष्ण के.सी.
४.११ डोल्पा - विष्णुलाल बूढा
४.१२ जुम्ला - विष्णुबहादुर महत/राजेन्द्र महत
४.१३ कालिकोट - पद्मबहादुर शाही
४.१४ मुगु - कृष्ण लुइँटेल
४.१५ हुम्ला - अंगबहादुर रोकाय

५. सुदूर पश्चिमाञ्चल

५.१ कैलाली - खगेन्द्र धमला
५.२ अछाम - मिनबहादुर कुवँर
५.३ डोटी - लोकेन्द्र जोशी
५.४ वाजुरा - मिनबहादुर विष्ट
५.५ बझाङ - अर्जुनबहादुर सिंह
५.६ कंचनपुर - कृष्णदेव पन्त
५.७ डडेलधुरा - गणेशबहादुर कठायत
५.८ वैतडी - रमेशकान्त वडु
५.९ दार्चुला - गंगादत्त जोशी

क्षेत्रीय कार्यालयमा संलग्न

पूर्वाञ्चल
१. कृष्ण सुवेदी २. गोपाल घिमिरे

मध्यमाञ्चल
१. राजनारायण नेपाली २. रमेश अधिकारी

पश्चिमाञ्चल
१. दीप सिलवाल २. रमेशराज पौडेल

मध्य पश्चिमाञ्चल
१. टंक भट्टराई २. कृष्ण लुइँटेल

सुदूर पश्चिमाञ्चल
१. देवी बाँस्कोटा २. सैलेश शर्मा

फोटो स्रोत
१. वर्ष पुस्तकको आफ्नै संकलन
२. प्रहरी प्रधान कार्यालय

उत्कृष्ट जिल्ला प्रतिनिधिहरू

गत वर्षझैं यस वर्ष पनि सम्पूर्ण प्रतिनिधिमध्येवाट एक जनालाई राष्ट्रिय स्तरको "सर्वोत्कृष्ट सूचना प्रेषक" पुरस्कारले, अन्य चार जनालाई "उत्कृष्ट सूचना प्रेषक" पुरस्कारले र एक जनालाई "सान्त्वना" पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। यसरी छानिँदा सकभर सबै विकास क्षेत्र समेट्ने प्रयास गरिने गरिएको छ। "सर्वोत्कृष्ट सूचना प्रेषक" पुरस्कार प्रशंसापत्रसहित रू. ५०००।-, "उत्कृष्ट सूचना प्रेषक" र "सान्त्वना" पुरस्कार प्रशंसापत्रसहित रू. ३०००।- को रहेको छ।

सर्वोत्कृष्ट
आनन्दप्रसाद दाहाल
कार्यक्षेत्र : सिन्धुली

उत्कृष्ट
कमल श्रेष्ठ
कार्यक्षेत्र : इलाम

उत्कृष्ट
रामशरण वानियाँ
कार्यक्षेत्र : गोरखा

उत्कृष्ट
जीवन खड्का
कार्यक्षेत्र : रुकुम

उत्कृष्ट
अर्जुनबहादुर सिंह
कार्यक्षेत्र : बझाङ

सान्त्वना
विष्णुलाल बूढा
कार्यक्षेत्र : डोल्पा

अनुसूची ७

सन् १९९९ मा राज्य पक्षद्वारा पीडित भएकाहरूको संख्या

\# राज्य पक्षद्वारा पीडित भएकाहरुको संख्या - जम्मा १९३८ जना

माओवादी जनयुद्ध प्रभावित जिल्लाहरु

इन्सेक पुस्तक ८७/२०५६

प्रजातान्त्रिक व्यवस्थाको एउटा प्रमुख विशेषता भनेको वालिग मताधिकारको उपयोगबाट हुने आवधिक निर्वाचन हो। वर्तमान राजनीतिक प्रणालीको प्रमुख आधारको रुपमा रहेको नेपाल अधिराज्यको संविधान २०४७ ले पनि यसलाई प्रत्याभूत गरेको छ। जनताको सार्वभौमसत्ताको प्रतिनिधिका रुपमा प्रत्यक्ष निर्वाचनद्वारा प्रतिनिधि सभा सदस्यहरुको चयन हुने व्यवस्था छ। ०४६ सालको ऐतिहासिक जनआन्दोलनपश्चात् हाम्रो मुलुकमा ०४८, ०५१ र ०५६ मा गरी तीन वटा निर्वाचनहरू सम्पन्न भए। यी आमनिर्वाचनहरू कुनै न कुनै कमी कमजोरीबाट मुक्त रहन सकेनन्। यस्ता कमजोरीहरूका कारण जनतामा प्रजातान्त्रिक व्यवस्थाप्रति नै वितृष्णा उत्पन्न हुने संभावनातर्फ सबैले गंभीर हुनैपर्छ। तसर्थ यसै वर्ष अर्थात् ०५६ मा सम्पन्न आमनिर्वाचन तथा निर्वाचन प्रणालीको समेत विश्लेषण गर्दै यस विषयलाई यस वर्षको उल्लेख्यका रुपमा प्रस्तुत गरिएको छ।

इन्सेक
insec

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार
पत्र मञ्जुषा : २७२६, काठमाडौं
फोन : २७००७०, २७८७७०
फ्याक्स : २७०५५१

ISBN: 99933-26-01-1